Table of Contents

खाली हात कवाज 1

हतियारका साथ कवाज 30

छडिका साथ कवाज 45

से.मु.हतियारको बिशेषता 51

राईफल लेशन- १ 74

राईफल लेशन- २ 78

राईफल लेशन - ३ 82

राईफल लेशन – ४ 83

राईफल लेशन – ५ 86

राईफल लेशन – ६ 88

राईफल लेशन – ७ 93

राईफल लेशन - ८ र ९ 98

राईफल लेशन - १० 101

एल.एम.जी. लेशन 105

एल.एम.जी. लेशन - १ 105

एल.एम.जि. लेशन - २ 110

एल.एम.जि.लेशन - ३ 113

एल.एम.जि.लेशन - ४ 116

एल.एम.जि. लेशन - ५ 120

एल.एम.जि.लेशन - ६ 122

एल.एम.जि.लेशन - ७ 125

एल.एम.जि.लेशन-८ 127

एल.एम.जी. लेशन -९ 130

एल.एम.जी. लेशन - १० 133

९ मि.मि. एस.एम.जि. लेशन-१ 136

९ मि.मि.एस.एम.जी.लेशन -२ 140

९ मि.मि. एस.एम.जी. लेशन - ३ 145

९ मि.मि. ब्राउनिङ्ग पेस्तोल लेशन-१ 151

९ मि.मि. ब्राउनिङ्ग पेस्तोल लेशन - २ 156

२" मोर्टार लेशन - १ 161

२" मोर्टारलेशन -२ 164
२" मोर्टारलेशन - ३ 170
२" मोर्टार लेशन - ४ 174
नं. ३६ हृयाण्ड ग्रिनेड लेशन 177
नं. ३६ हृयाण्ड ग्रिनेड लेशन - १ 178
नं. ३६ हृयाण्ड ग्रिनेड लेशन - २ र ३ 182
प्लाष्टिक ह्याण्ड ग्रिनेड लेशन - १ 184
तार्गेटको बयान र पहिचान 187
शुरुशुरुको देखभाल 189
दिन रातको देखभाल 191
चिज किन देखा पर्छ 194
लुकाउ र छिपाउ 196
खालि हात र हतियारका साथ हर्कत 200
फायरिङ्ग पोजिशनको छनौट 205
फासला अड्कल गर्ने तरिका Judging Distance 207
फायर नियन्त्रण आदेश (Fire Control Order) 210
रेञ्ज कार्डको परिचय र बनाउने तरिका 214
स्टकिङ्ग 215
पत्तिको हतियारको साईटिङ्ग 219
फिल्ड सिग्नल 221
फायर एण्ड मुभ 223
पत्ति फर्मेशन 228
स्काउट र स्काउटमा हुनु पर्ने गुणहरु 233
पत्ति ब्याटल ड्रिल 234
ब्याटल प्रोसिजर 237
से.मु.फर्मेशन 239
से.मु.ब्याटल ड्रिल 241
सेन्ट्रीको काम कर्तब्य 244
नक्सा , कम्पास र सर्भिस प्रोटेक्टरको परिचय 249
कन्भेन्सनल साईन र मिलिटरी सिम्बोल 257
नक्सा सेट गर्नु र आफ्नो पोजिशन पत्ता लगाउनु 267
म्याप-टु ग्राउण्ड र ग्राउण्ड-टु म्याप 272
ओरियनटियरिङ्ग (Pint to Point) 276

नाईट नेभिगेशन :- (NIGHT NAVIGATION) 280
स्याण्ड मोडल (SAND MODEL BRIEF) 285
GPS (Global Positioning Satellite System) 288
सैनिक शब्दावली 309
एडभान्स 314
हमला 320
डिफेन्स (Defence) 322
रेट्रोगेट अप्रेशन (Retrograde) 3245
पट्रोललिङ्ग (Patroling) 3278
(एम्बुस) Ambus 330
रेड (Raid) 334
सैनिक शब्दावली 336
जंगलमा हर्कत 341
तत्कालिन कारबाही ड्रिल (Immediate Action Drill) 348
हार्बोरिङ्ग 350
बिद्रोह तथा प्रतिबिद्रोह 355
गुरिल्ला वारफेयर 357
निजामती प्रशासनलाई मद्वत 362
रोड ओपनिङ तथा कन्भेय प्रोटेक्सन 364
पट्रोल (Patrol) 367
एम्बुस (Ambush) 372
होस्टाईलको क्याम्प तथा हाईड आउट 375
होस्टाईल क्याम्प तथा हाईड आउट रेड (Raid) 376
कर्डन एण्ड सर्च 378
स्वीप 384
(Seach & Destroy) खोज तथा बिनासको कारबाही : 387
सहरी घेरा तथा तलासी 391
रोड ब्लक 394
स्वास्थ्य सेवा र प्राथमिक उपचार 398
सशस्त्र प्रहरी ऐन २०५८ 400
घाईतेलाई पछाडी हटाउने तरिका 406
तलब/ भत्ता/पेन्सन र उपदान सम्बन्धी 409
सशस्त्र प्रहरी नियमावली, २०७२ 413

कानून कार्यान्वयन गर्ने अधिकारीले पालना गर्नुपर्ने आचारसंहिता 417
शक्ति प्रयोगको सिद्धान्त 418
सशस्त्र प्रहरी बल, नेपालमा मानव अधिकार 420
नेपालमा सुचनाको हकको कानूनी व्यवस्था 423
यातना बिरुद्धको क्षतिपुर्ती, ऐन २०५३ 431
मानव अधिकार विश्वव्यापी घोषणा पत्र-1948 433
पक्राउ सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनहरु 436
स्थानिय प्रशासन ऐन, २०२८ 450
लैङ्गिक हिंसा, घरेलु हिंसाका प्रकार र न्यूनिकरणमा स.प्र.बल, नेपाल 453
सशस्त्र प्रहरी गणको बनावट 455
फिल्ड फोर्टिफिकेशन 457
लिडरसिप 459
मोराल एण्ड मोटिभेसन 466
डेमोलेशन (Demolation) 476
भर्वल अर्डर (Verbal Order) 482
आतंकवाद 484
कर्फ्यु 486
(VIP) विशिष्ट ब्यक्तिको सुरक्षा 488
सर्भिलेन्स (निग्रानी) 490
पक्राउ सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनहरु 492
साक्षी र प्रमाण 497
सीमा सुरक्षामा स.प्र.बल, नेपालको तैनाथी भूमिका 499
विपद् व्यवस्थापनमा स.प्र.बल, नेपालको भूमाका 500
Psychological First Aid (PFA) 503

खाली हात कवाज

कवाजको परिचय, महत्व र आवश्यकता

फौजी तालिमको जग नै अनुशासन हो । अनुशासनले फौजीको हौसला राख्न मद्धत गर्दछ । तर्सथ फौजीमा भित्रि मन देखि खुसीसाथ आदेश पालना गर्नपनि बानी बसाल्नु पर्छ,जसले गर्दा फौजीलाई अनुशासनमा राख्न मद्धत पुग्दछ । त्यस्तै अनुशासनमा राख्नको लागी आवश्यक पर्ने व्यक्तिगत कुराहरु मध्ये आत्म गौरव, सरसफाई र स्तरीय पोशाकमा जोड दिइएमा जवानहरुलाई फुर्तिलो बनाउन सकिन्छ । त्यसकारण फौजीमा सबैभन्दा पहिले सिकाउनुपर्ने अनुशासन हो । जुन कवाज तालिमबाट प्राप्त हुन्छ ।

कवाज भनेको अधिकृत तथा जवानहरुले व्यक्तिगत रुपमा वा सामुहिक रुपमा अनुशासित ढङ्गबाट र तरिकाबद्ध भई एक स्थानबाट अर्को स्थानसम्म बिभिन्न रचनाहरुमा खालीहात वा हतियारका साथ गरिने निश्चित हर्कत हो ।

कवाज सुरक्षा फौजको जीवनको अभिन्न अंग हो । कवाजले शारिरीक चुस्ती फुर्तीलो राख्नुका साथै मानसिक बिकास पनि गराउंछ ।

कवाजले आवश्यक पर्ने कवाजहरु संगै अनुशासन, शारीरिक तन्दुरुस्ती, स्तरीय पोशाक, आज्ञाकारीता, शहनशिलता, धैर्य, नेतृत्व, मनोवल र सामुहिक भावनाको बिकास गराउंदछ । लडाईको मैदानमा अनुशासनलाई कायम राख्नको लागी कवाजले साह्रै ठूलो भूमिका खेलेको हुन्छ, जुन ठूला-ठूला युद्धहरुमा समेत प्रमाणित भईसकेको छ । जवानहरुले कवाज सुरु गर्दा सबैभन्दा पहिला सतर्क पोजिशन सिक्दछन् । नचल र सतर्क पोजिशन कवाजको मुख्य सांचो हो । यो पोजिशनमा जवानहरुले बिभिन्न किसिमको काम गर्नुपर्दछ ।

क) बिलकुल चुपचाप संग रहनु ।

ख) शरिरको हर्कत नगरिकन र्सवआदेशको लागी ध्यान दिएर पर्खनु ।

ग) आदेशलाई तुरुन्त चुस्तिका साथ पालना गर्नु ।

कवाजको उत्पत्तिः

फौज भित्र कवाजको शूरुवात जर्मनका मेजर जनरल ड्राउलले सन् १६६६ मा गरेको बुझिन्छ । त्यसपछि दोश्रो विश्वयुद्धको समयमा ब्रिटिस जस्तो लडाकु देशले विजय प्राप्त गर्न नसकेकोले बिभिन्न व्यक्तिहरुको सुझाव र सल्लाहबाट बिचार गर्दा जवानहरुमा एकताको भावना नहुनुको कारणले गर्दा लर्डाईमा पराजित हुदोरहेछ भन्ने कुरालाई मनन् गरि आफ्नो आफ्नो प्रभुत्व जमाउन बेलायतका तत्कालीन मेजर जनरल प्लेसिड हृवीसिस इ.सं. १९५३ (बि.सं. २०१०) मा यो कवाजको नाटक रचेका हुन् । त्यस पश्चात् लर्डाईमा विजय हासिल हुन गएकोले विश्व भरिनै सुरक्षा फौजले यो प्रथा फैलायो । तर्सथ बदलिंदो युग परिवर्तनशिल समय र देशको उन्नतिको कारणले गर्दा हाम्रो देशको सुरक्षा फौजमा पनि बिदेशी प्रशिक्षक झिकाई कवाजको तालिम दिइयो । उनिहरुको सहि निर्देशनमा रहेर सिकेका प्रशिक्षकहरुद्धारा कवाजको महत्वलाई बुझि प्रथम पटक बि.सं. २०१७ सालमा नगरकोट स्थित तत्कालीन शाही नेपाली सैनिक शिक्षालयमा विशेष किसिमको कवाज तालिम संचालन गर्राईएको थियो ।

कवाजको सिद्धान्त

क) पक्का दह्रोपना ख) तालमेल ग) चङ्गोपना घ) स्थिरता ङ) टोलीमा मेलमिलाप

कवाजमा खुट्टा वा गोडाको चाल

क) खुट्टा वा गोडा सिधा अगाडी निकाल्नु

ख) खुट्टा वा गोडाको कवाज तन्काउनु पर्ने हो वा खुम्चाउनु पर्ने हो पाठको नियम अनुसार डिग्री वा इन्चमा ख्याल राखी सहि तरिकाले खेल्ने ।

ग) दुरुस्त कारबाही गर्ने ।

कवाजमा गर्न हुने कुराहरु -

क) हिड्नु ख) अड्नु ग) सलाम गर्नु घ) घुम्नु -फर्किनु) ङ) पङ्तिमा मिल्नु

कवाजमा गर्न नहुने कुराहरु

क) खुम्चिनु

ख) उफ्रिनु वा दौडनु

ग) आंखा घुमाउनु

घ) खुट्टाको एडिहरु जुधाउनु

ङ) गोडालाई घसारेर वा लतारेर हिड्नु

कवाजमा सहयोग पुर्यानु व्यक्ति वा सामानहरु

क) बजाउने व्यक्ति

ख) ढोल तम्बर वा ड्रम

ग) हिडाईको कदम नाप्ने यन्त्र

घ) सतर्क गोडा फाट नाप्ने -मिजर स्टिक)

ङ) कदमको रफ्तार नाप्ने यन्त्र

च) एङ्गल बोर्ड

छ) ब्यान्ड (व्याक पाईपर)

कवाजमा खडा खडी फर्कदा हुने डिग्रीहरु

क) सतर्क पोजिसन (० वा ३६० डिग्री)

ख) आधा दाहिना (४५ डिग्री)

ग) पुरा दाहिना (९० डिग्री)

घ) पुरा पछाडि (१८० डिग्री)

ङ) आधा (३१५ डिग्री)

च) पुरा बायाँ (२७० डिग्री)

सामेली

सामेली भन्नाले कुनैपनि आफ्नो दैनिक कार्य गर्नको लागी पी.टी., परेड, फटिक सम्बन्धि कार्य गर्नको लागी सबैजना एक ठाउंमा भई सतर्क पोजिशनमा बस्नुलाई सामेली भनिन्छ ।

सामेली अर्न्तर्गत निम्न कुराहरु पर्दछन्

क) पंक्ति ख) तांती ग) ड्रेसिङ्ग

घ) अन्तर ङ) फासला च) कभरिङ

कभरिङः- कभरिङ भनेको अगाडी सतर्क पोजिशनमा रहेको जवानको सिधापर्ने गरि पछि नदेखिने गरि उभिनुलाई कभरिङ भनिन्छ ।

फासलाः- फासला भनेको अगाडी पछाडि उभिएको व्यक्ति बिचको ठाडो लाइनको फरकलाइ बुझिन्छ ।अन्तर भनेको कुनैपनि पंक्तिमा उभिएको एक व्यक्ति देखि अर्को व्यक्ति बिचको दाहिना वांया फरकलाई बुझिन्छ ।

ड्रेसिङ्ग :- ड्रेसिङ्ग भनेको पंक्तिमा मिलेर सतर्क पोजिशनमा उभिई आफ्नो दाहिना हात अर्को व्यक्तिको सिधा कुममा पुर्याई टाउको पनि दाहिना फर्काई मिल्ने भन्ने बुझिन्छ ।

तांती :- तांती भन्नाले जवानहरु ठाडो लाइनमा एकपछि अर्को गरि १, २, अथवा ३ लाईनमा एक आपसमा मिलेर बस्नुलाई बुझिन्छ ।

रोलकाल :- रोलकाल भन्नाले सम्पूर्ण जवानहरु एक आपसमा पंक्तिमा मिलि प्रशिक्षक वा जेष्ठ सदस्यसंग आफ्ना दिनमा भएका क्रियाकलापहरु तथा पिरमर्कालाई शेयर गर्नुलाई रोलकाल भनिन्छ ।

नचल, सतर्क, गोडाफाट र बिश्राम

उद्देश्य :- नचल , सतर्क, गोडाफाट र बिश्राम गर्ने तरिका सिकाउनु हो ।

बयान :- कवाज तालिमको शुरुवात नै नचल, सतर्क, गोडाफाट र बिश्रामबाट हुने हुदा यसको महत्व र उपयोगिता बारे जान्नु आवश्यक छ । प्रशिक्षार्थीहरुको अन्यत्र तिर गईरहेको ध्यानलाई आफु तर्फ अकार्षित गराउनको लागि नचल गराईन्छ भने लामो समयसम्म नचल पोजिशनमा मात्र रहन नसकिने भएकोले शरिरलाई केहि आराम दिनको लागी बिश्राम दिन पनि जानेको हुनुपर्दछ ।

नचल र बिश्राम :- जव नचलको आदेश हुन्छ भने शरिरलाई चट्टक्का साथ दह्रो पोजिशनमा तन्काउनु। अव बिश्रामको आदेशमा कम्मरदेखि माथीको भागलाई केहि खुकुलो छाडिदिनु यतिखेर अरु शरिरको हर्कत नगर्नु ।

गिन्तीका साथ.. जव नचलको आदेश हुन्छ भने शरिरलाई चट्टक्का साथ दह्रो पोजिशनमा तन्काउनु र मुखले गिन्ती पुकार्नु १, अव बिश्रामको आदेशमा कम्मरदेखि माथीको भागलाई केहि खुकुलो छाडिदिनु यतिखेर अरु शरिरको हर्कत नगर्नु मुखले गिन्ती पुकार्नु २

बिश्राम पोजिशनमा रहदा ख्याल राख्नुपर्ने कुराहरु

क) एउटा गोडामा मात्र नउभिनु ।

ख) हात हल्लायर गफ नगर्नु ।

ग) आफुखुसी दाहिना बायाँ नहेर्नु ।

घ) निहुरेर नउभिनु ।

ङ) आदेशबिना रुमाल इत्यादिको प्रयोग नगर्नु ।

सतर्क र गोडाफाट :- सुरक्षा फौजको जग कवाज, कवाजको जग अनुशासन र अनुशासनको जग नै सतर्क पोजिशन हो । कवाजको कुनै पनि कारबाही सुरु गर्नुपर्छ भने सतर्क पोजिशनबाटै गरिन्छ । कवाज मैदानमा मिलेपछि, आफुभन्दा माथिको पतिले बोलाउदा वा हाजिर प्रतिवेदन दिनुपर्दा सतर्क भएर दिनुपर्ने हुदा सतर्क हुन जानेको हुनुपर्दछ । तालिम समापन भएपछि वा कवाजको कारबाही समाप्त भएपछि शरिरलाई आराम दिनको लागी गोडा समेत फाट्नुपर्ने हुदा हरेक जवानले सतर्क र गोडा फाट गर्न जानेको हुनुपर्दछ ।

सतर्क

क) प्रशिक्षकले सरासरी दुरुस्त नमुना देखाउनुः- प्रशिक्षकले नमुना दिदा वा कक्षा संचालन गर्दा टोलीलाई आधा गोलाईमा राखि प्रशिक्षक टोलीको सामुन्ने उभिनु ।

ख) आदेश :- टोली सतर्कमा आउला सतर्क ।

ग) गिन्तीको साथ नमुना :- गिन्तीका साथ सतर्कमा आउला गिन्ती १ को आदेशमा वाया गोडालाई चटक साथ अन्दाजी १५ इन्च माथि बाकसको आकारमा उचाल्नु र मुखले गिन्ती पुकार्नु १ , यातिखेर दाहिना गोडालाई जमिनमा खम्वाको रुपमा राख्नु दुबै हातलाई पछाडी क्रस गरेको कम्मरलाई दह्रो राख्नु ,गिन्ती २ को आदेशमा उचालिरहेको बायाँ गोडालाई दाहिना गोडाको ऐडीसंग मिल्ने गरि जमिनमा बजार्नु र दुवै हातलाई सार्ईडमा सेप्नु मुखले गिन्ती पुकार्नु २ ।

सतर्क पोजिशनमा हुनुपर्ने कुराहरु :-

क) दुबै गोडाको एडी ० डिग्री मा बराबर जोडिएको हुनुपर्दछ ।

ख) दुबै गोडाको पन्जा १५/१५ गरि जम्मा ३० डिग्रीमा खोलेको हुनुपर्दछ ।

ग) घुंडाको पाङग्रा माथि तर्फखिचिएको हुनुपर्दछ ।

घ) चाकको पुठा कसिएको हुनुपर्दछ ।

ङ) कम्मर दह्रो पारेको हुनुपर्दछ ।

च) पेट दबेको हुनुपर्दछ ।

छ) छाती फुकेको हुनुपर्दछ ।

ज) दुबै कुम पछाडी केहि तल खिचिएको हुनुपर्दछ ।

झ) दुबै हात सिलाईको भागमा सेपिएको, मुख बन्द गरेको र बुढि औंला जमिनतिर पोइन्ट गरेको हुनुपर्दछ

ञ) चिउडो केही दबेको हुनुपर्दछ ।

ट) गर्धनले र्सटको कठालालाई छोएको हुनुपर्दछ ।

ठ) शरिरको पुरा भार दुबै गोडामा बराबर परेको हुनुपर्दछ ।

ङ) मुख बन्द गरेको हुनुपर्दछ ।

ढ) हाईट अनुसार अगाडी सीधा हेरेको हुनुपर्दछ ।

कवाज सामेली र दाहिना बायाँ मिल

उदेश्यः- कवाज सामेल भएर दाहिना बायाँ मिल्ने तरिका सिकाउनु हो ।

बयानः- कवाज सामेल गर्दा पतिको आदेशअनुसार टोलीलाई १, २, ३, आदि पंक्ति र तातिमा मिलाउन सकिन्छ । सामेल हुदा ३ जना सम्म भएमा १ पक्तीं , ४ देखी ८ सम्म भएमा २ पक्ति, ९ जना देखी से.मु. सम्ममा ३ पक्तिर से.मु. भन्दा माथि भएमा ५ पक्तिमा सामेल गराउनु पर्दछ । साधारणतया कवाज सामेल हुदा , मार्चपास देखाउदा ,बिभिन्न सम्मान कवाजहरुमा र दिक्षान्त समारोह कवाजमा मुख्य अतिथि र दर्शकहरुलाई पंक्तिबद्ध रुपमा मिलि राम्रो कवाज देखाउनको लागि बिभिन्न पंक्तिमा सामेल गर्नुपर्ने हुन्छ ।

३ पंक्तिमा सामेल :- ३ पंक्तिमा सामेल हुनको लागि सबैभन्दा पहिला ३ जवान एक पंक्तिमा उभिनु र बाकि जवानहरु क्रमश दाहिना मिलेको जवानलाई कभर गर्दै बायाँ बायाँ मिल्दै जानर्ुपर्दछ । यसरी ३ पंक्तिमा सामेल हुन्छ । एवंम रितले आवश्यकतानुसार जति पंक्तिमा पनि सामेल गर्न सकिन्छ । यसरी सामेल गर्दा जवानहरुको संख्या कम भएमा टोलीलाई टोली नेता देखि ७ देखि १० कदमको फरकमा र जवानहरुको संख्या बढि भएमा १५ देखि २५ कदमको फरकमा सामेल गर्नुपर्दछ । पंक्ति पंक्ति बिचको दुरीलाई फासला र ब्यक्ति ब्यक्ति बिचको दुरीलाई अन्तर भन्ाि्न्छ । २ पंक्ति भए फासला २ कदम तथा ३ वा ३ भ्ान्दा बढि पंक्ती भए डेढ कदम फासलामा सामेल हुनुपर्दछ ।

दाहिना मिल :-

क) अव दाहिना र बायाँ को ड्रेसिङ र अगाडीको कभर मिलाउन को लागि "दाहिना मिल " भन्ने आदेश हुन्छ । दाहिनाको ३ जवान सिधा हेरेर बस्नु , अरु सबै जवावहरुले दाहिना बायाँ गोडा १५ इन्च माथि पालैपालोसंग उठाईत्यसै ठाउमा हान्ने, दाहिनाको ३ जवान बाहेक बाकी जवानहरुले दाहिना हात मुठि पारेर दाहिना वाला जवानको काधमा राख्नु र टाउकोले दाहिना तर्फ हेर्नु एकसाथ ।

ख) गिन्तीका साथ :- गिन्तीका साथ दाहिना मिल टोली १ को आदेशमा दाहिनाको ३ जवान बाहेक सबैले दाहिना बायाँ गोडा १५ इन्च माथि पालैपालो उठाई एकै स्थानमा हान्नु र मुखले पुकार्नु १ । यतिबेला सतर्क पोजिशनमा रहनु टोली २ को आदेशमा दाहिना हात मुठी पारेर दाहिनावाला जवानको काधमा पर्ने गरि सिधा उठाउने र टाउकोले पुरा दाहिना हेर्ने । टोली ३ को आदेशमा गोडालाई छिटोछिटो हर्कत दिई ठिक फासला कायम राख्ने । त्यसबेला हेर्नुपर्ने कुराहरु दाहिना मिलको कारबाही गरेको दाहिना हात आफ्नो काधको सिधाईमा दाहिनावाला जवानले बायाँ काधमा ठिक फासला कायम गर्ने गरि अड्यायको र आफ्नो दाहिनावाला जवानले पनि दाहिना रहेको जवानलाई केहि मात्रामा देख्न सक्ने गरि अडेको हुनुपर्दछ ।

ग) सिधा हेरको आदेशमा :- हातलाई तल झारि बगलमा सेप्नु टाउकोले सिधा हेर्नु एकसाथ खडाखडिमा दाहिना, बायाँ र पुरा फर्कः

उद्देश्यः- खडाखडिमा दाहिना, बायाँ र पुरा फर्कने तरिका सिकाउनु हो ।

बयानः- जव हामी एउटा ठाउमा खडा भईरहन्छौ र हाम्रो सन्मुख ९० डिग्री दाहिना बायाँ वा १८० डिग्री पछाडि गर्नुपर्ने अवस्था आएमा दाहिना, बायाँ र पुरा फर्कनुपर्ने हुन्छ । यो काम खास गरेर तातिबाट

पंक्तिमा र पंक्तिबाट तातिमा एक ठाउबाट अर्को ठांउमा जानुपदर्ँ दाहिना वा बायाँ फर्केर जानुपर्दछ । त्यस्तै हतियार निरिक्षण गर्दा र ठाउको अभावले त्यसै स्थानमा पुरा फर्काएर टर्न आउट चेक गर्नुपर्दा पुरा फर्काएर गर्नुपर्ने हुदा हरेक जवानले पुरा फर्कन जानेको हुनुपर्दछ ।

दाहिना फर्कनु :-

क) दाहिना फर्कने तरिका प्रशिक्षकले पुरा नमुना देखाउनु ।

ख) आदेश दाहिना मोहडा गर्ला दाहिना फर्क पुरा ९० डिग्रिमा दाहिना फर्केर गोडा हानि बस्नु ।

ग) प्रशिक्षकले गिन्तीका साथ नमुना :- गन्तिका साथ दाहिना फर्कला टोली एक को आदेशमा दाहिना गोडाले इडि र बायाँ गोडाले पंजाको सहायताले पुरा ९० डिग्रीमा दाहिना फर्कनु र गन्ति पुकार्नु १ । यतिवेला दाहिना गोडाको पुरा पैताला जमिनमा टेकेको बायाँ गोडाको इडि केहि माथि उठेको शरिरको बोझ दाहिना गोडामा केहि बढि दुबैहात कम्मरको सार्ईडमा सेपेको, नजरले आफ्नो उचाई अनुसार सिधा हेरेको र दुवै गोडा पुरा तन्केको र शरिर सतर्क हालतमा रहेको होस, टोली २ को आदेशमा पछाडि भएको गोडा अगाडी १५ इन्च माथी चटक्कका साथ उठाउनु र गन्ति पुकार्नु २ । यतिबेला दाहिना गोडा दह्रो टेक्नु कम्मर दह्रो राख्नु र दुबै हात बगलमा नै सेपेको हुनुपर्दछ । बाँकी शरिरको हर्कत नगर्नू । अव टोली ३ को आदेशमा उठाई राखेको बायाँ गोडालाई चटक्कका साथ दाहिना गोडामा मिलाउनु र गन्ति पुकार्नु ३ यतिवेला आफ्नो सन्मुख पुरा दाहिना ९० डिग्री भएको र सतर्क पोजिशनमा हुनुपर्दछ ।

घ) प्रशिक्षार्थीलाई अभ्यास :-

१) गिन्तका साथ लगाउनु । २) सरासरी लगाउनु

३) आफुखुसि सिक्न दिनु । ४) टोली टोलीमा प्रतिस्पर्धा गराउनु ।

बायाँ फर्कनु :-

क) बायाँ फर्कने तरिकाको प्रशिक्षकले पुरा नमुना देखाउनु

ख) आदेश :- बायाँ मोहडा गर्ला बायाँ फर्क सरासरी पुरा ९० डिग्रीमा बायाँ फर्केर गोडा हानेर बस्नु ।

ग) प्रशिक्षकले गिन्तीको साथ नमुनाः- गन्तीका साथ बायाँ फर्कला टोली १ को आदेशमा बायाँ गोडाको एडि र दाहिना गोडाको पन्जाको सहायताले पुरा ९० डिग्रीको कोणमा बायाँ तर्फफर्किनु र गन्ती पुकार्नु १ । यति बेला दाहिना गोडाको एडि केही माथी उठेको बायाँ गोडाको पुरा पैताला जमिनमा टेकेको, शरीरको बोझ बायाँ गोडामा केही बढी होस् । दुवै हात कम्मरको बगलमा सेपेको नजरले आफ्नो उचाई अनुसार सिधा हेरेको र दुवै गोडा पुरा तन्केको हुनुपर्दछ । अब टोली २ को आदेशमा पछाडी भएको दाहिना गोडालाई अगाडी १५ इन्च माथी चटक्कसाथ उठाउनु र गन्ती पुकार्नु २ । यति बेला बायाँ गोडा दह्रो टेक्नु, कम्मर दह्रो राख्नु र दुवै हात बगलमा नै सेपेको र बाँकी शरिरको हर्कत गर्नु हुदैन । अब टोली ३ को आदेशमा उठाई राखेको दाहिना गोडालाई चटक्कसाथ बायाँ गोडाको एडिमा एडि मिल्ने गरी जमिनमा हान्नु र गन्ती पुकार्नु ३ यति बेला पुरा सतर्क पोजिशनमा हुनु पर्दछ ।

घ) प्रशिक्षार्थीलाई अभ्यास :-

१) गिन्तीका साथ लगाउनु २) सरासरी लगाउनु

३) आफु खुसी सिक्न दिनु ४) टोली टोलीमा प्रतिस्पर्धा गराउनु

पुरा फर्किनु :-

क) पुरा फर्कने तरिकाको प्रशिक्षकले पुरा नमुना देखाउनु

ख) आदेश :- पछाडी मोहडा गर्ला, पुरा फर्क, पुरा फर्कदा दाहिना गोडाको एडि र बायाँ गोडाको पन्जाको सहायताले १८० डिग्रीको कोणमा पुरा फर्कनु र गोडा हानी बस्नु । पुरा फर्कदा जहिले पनि दाहिना तर्फाट फर्कनु पर्दछ ।

ग) प्रशिक्षकको गिन्तीका साथ नमुना :- गिन्तीका साथ पुरा फर्कला टोली १ को आदेशमा दाहिना गोडाको एडि र बायाँ गोडाको पन्जाको सहायताले पुरा १८० डिग्रीको कोणमा दाहिनाबाट पुरा पछाडी फर्कनु र गिन्ती पुकार्नु १ यति बेला दुवै गोडा डोरी बाटे जस्तै बटारीएको, दाहिना गोडाको पुरा पैताला जमिनमा टेकेको, बायाँ गोडाको पन्जाले जमिनमा टेकेको तर एडि केही माथी उठेको, शरिरको बोझ दाहिना गोडामा दुवै हात कम्मरको साईडमा सेपेको नजरले आफ्नो उचाई अनुसार सिधा हेरेको र दुवै गोडा पुरा तन्केको हुनुपर्ने छ । अब टोली २ को आदेशमा पछाडी भएको बायाँ गोडालाई अगाडी १५ इन्च माथी चटक्कसाथ उठाउनु र गिन्ती पुकार्नु २ यति बेला दाहिना गोडा दह्रो टेकेको, कम्मर दह्रो राख्नु र दुवै हात बगलमा नै सेपेको हुनु पर्दछ । यति बेला बाँकी शरिरको हर्कत नहोस् । अब टोली ३ को आदेशमा उठाई राखेको बायाँ गोडालाई दाहिना गोडाको एडिमा मिलाउने गरी चटक्कसाथ भुईमा हान्नु र गिन्ती पुकार्नु ३ यति बेला पुरा सतर्क पोजिशनमा हुनु पर्दछ ।

घ) प्रशिक्षार्थीलाई अभ्यास :-

१) गिन्तीका साथ बयान गर्दै लगाउनु

२) सरासरी लगाउनु

३) आफुखुसि सिक्न दिनु

४) टोली टोलीमा प्रतिष्पर्धा गराउनु

५) खडाखडीमा दाहिना बायाँ र पुरा फर्केर नमुना देखाउदा प्रशिक्षार्थीलाई कहिल्यै पनि पछाडी पारेर नदेखाउने ।

सार्ईजिङ्ग पंक्ती खोल र खाप

उद्देश्य :- सार्ईजिङ्ग मिलाउनु, पंक्ती खोल्नु र खाप्नेको तरिका सिकाउनु हो ।

बयान :- यो काम सम्मान गारद, दिक्षान्त समारोह कवाज र सेरेमोनियल कवाजहरुमा मुख्य अतिथि र दर्शकहरुलाई राम्रो र आकर्षित कवाज देखाउनको लागि सार्ईजिङ्ग मिलाउन आबश्यता पर्दछ । सार्ईजिङ्ग मिलाई सकेपछि टर्न आउट निरीक्षण गर्न वा हतियार निरीक्षण गर्न पंक्ती खोलिन्छ । हतियार वा टर्न आउट निरीक्षण भई सकेपछि फेरी पहिलाकै स्थानमा आउनको लागि पंक्ती खाप्नु पर्दछ, त्यसकारण सार्ईजिङ्ग मिलाउन पंक्ती खोल्न र खाप्न जानेको हुनुपर्दछ ।

सार्ईजिङ्ग मिलाउनेको तरिकाः- यस कामको लागि प्रशिक्षकहरुबाट बयानको साथ आदेश र प्रशिक्षार्थीहरुबाट काम गराउनु पर्दछ ।

क) आदेशः- "सार्ईजिङ्गको लागि अग्लो अग्लो दाहिना र होचो होचो बायाँ एक पंक्तीमा सामेल को आदेशमा टोली सतर्क पोजिशनमा छ भने १ कदम अगाडी बढ्नु र सोही अनुसार आ-आफ्नो काध मिलाउनु र जो

अग्लो छ दाहिनातिर जो होचो छ बायाँ तिर एक पंक्तीमा मिल्दै जाने । यसरी उचाई अनुशार १ पंक्तीमा मिलिसकेपछि दाहिनाबाट १,२ गिन्ती गर्न लगाउने, १ भन्ने एक कदम अगाडी र २ भन्नेन एक कदम पछाडी पंक्ती खोल को आदेशमा पंक्ति अगाडी पछाडी खोल्ने । त्यसपछि अगाडी पर्ने टोलीलाई दाहिना र पछाडी पर्ने टोलीलाई बायाँ फर्काउनु यसको लागि आदेश दाहिना बायाँ फर्क त्यस पछि दाहिनाको जवान नचल र अरु तिन पंक्ती बन्नको लागी छिटो हिड को आदेशमा दोस्रो तेस्रो जवान दाहिना जवानको पछाडी मिल्नु, त्यस पछिका जवानहरु अगाडीको ३ जनाको कभर गर्दै क्रमश बायाँ तर्फ हिड्दै जानु । पहिलो लाईनको जवानहरु सिद्धिएपछि दोस्रो लाईनको बायाँ बाट सोही प्रकार मिल्दै जाने । यसरी टोलीको दाहिना बायाँ अग्लो र बिचमा होचो पर्ने गरी ३ लाईन बन्न आउछ । त्यस्तै दाहिना तर्फ अग्लो र बायाँ तर्फ होचो हुने तरिकाले पनि सार्ईजिङ्ग मिलाउन सकिन्छ । यसमा पनि अग्लो अग्लो दाहिना र होचो होचो बायाँ तर्फ हुने गरी १ पंक्तीमा सामेल गर्नु । अब दाहिनाबाट १/२/३ गिन्ती गर्न लगाउनु र दाहिना फर्काउनु । सबभन्दा अगाडीको एक नचल्ने अर्थात दाहिना तर्फ २ बिचमा र ३ अन्तिम पंक्तिमा अर्थात बायाँ क्रमश मिल्दै जानु र बाँकी जवानहरु आ-आपनो नम्बर अनुसार एक पर्ने एकको कभर गर्नु, दुई पर्ने दुईको कभर गर्नु र ३ पर्ने ३ को कभर गरि मिल्नुपर्दछ । यसो गर्नाले अगाडी तर्फ अग्लो र पछाडि तर्फ होचो हुने गरि मिल्नुपर्दछ ।

ख) प्रशिक्षार्थीलाई अभ्यास :- बयानको साथ टोलीबाटै काम देखाउन सकिन्छ । यो काम गिन्तीका साथ गर्न आवश्यक छैन ।

पंक्ती खोल र खाप :- पंक्ति खोलको आदेशमा टोली २ पंक्तिमा भए अघिल्लो पंक्ति १ कदम अगाडी र पछिल्लो पंक्ति १ कदम पछाडि हटी अर्को गोडा सोहि ठाँउमा हान्ने । ३ पक्तिमा भएको खण्डमा अगाडीको पंक्तिको जवानहरुले २ कदम अगाडी र पछिल्लो पंक्तिको जवानहरुले २ कदम पछाडि हटी अर्को गोडा सोहि ठाउमा हानि अड्ने र बिचको पंक्तिले सोही ठाउंमा ३ कदम हान्ने। ५ पंत्ति भएमा पहिलो पंक्तिले ५ कदम अगाडी, दोस्रो पंत्तिले ३ कदम अगाडी र ४ र ५ सोही ठांउमा, तेस्रो पंक्तिले ५ कदम सोही ठाउंमा, चौथो पंत्तिले ३ कदम पछाडी र ४ र ५ साही ठाउंमा तथा आखिरी पंक्तिले ५ कदम पछाडी हान्ने ।

प्रशिक्षकले गिन्तीका साथ नमुना :- गिन्तीका साथ पंक्ति खोल्दा टोली १ को आदेशमा बायाँ गोडालाई १५ इन्च माथि उठाएर १५ इन्च अगाडी भुइमा एकसाथ हान्नु र गिन्ती पुकार्नु १ । यतिबेला बायाँ गोडा पुरा तन्कीएको र दाहिना गोडाकोइडि माथि उठेको होस । टोली २ को आदेशमा पछाडी भएको वा दाहिना गोडालाई उसै मुताविक १५ इन्च माथि उठाएर १५ इन्च अगाडी लगेर हान्नु गिन्ती पुकार्नु २ । यतिखेर दाहिना गोडाको इडिमा इडि बरावर हुनेगरि हान्नु र गिन्ती पुकार्नु ३ । यतिवेला सतर्क पोजिशनमा हुनुपर्दछ । पंक्ति खाप वा पहिलाको ठाउमा आउनको लागि ३ कदम उसैमुताबिक पछाडि हटि सतर्कमा रहनु पर्दछ । पंक्ति खोल्दा र खाप्दा जवानले पुरा कदम लिनुपर्दछ र काम गर्दा भुईमा हेर्नुहुदैन ।

प्रशिक्षार्थीहरुलाई अभ्यास :-

क) गिन्तीका साथ काम गर्दै बयान गर्न लगाउनु ।

ख) सरासरि लगाउनु ।

ग) आफुखुसि सिक्न दिनु ।

घ) टोली टोलीमा प्रतिस्पर्धा गर्न लगाउनु ।

खडाखडिमा आधा दाहिना र बायाँ फर्क

उद्देश्य :- खडाखडिमा आधा दाहिना र बायाँ फर्क तरिका सिकाउनु हो ।

बयान :- शारिरक ब्यायामको कवाजपछि हातको एक्सरसाईज - पुसअप, सिट अप) गर्नको लागि र हतियार निरिक्षण गर्दा ठाउको अभाव भएमा आधा वाया वा आधा दाहिना फर्केर गर्नुपर्ने हुन्छ । त्यसैले आधा दाहिना र आधा वायाँ फर्कने तरिका जान्नुनपर्दछ। प्रशिक्षकको पुरा नमुना

आदेश :- "आधा दाहिना वा आधा वाया फर्क" आधा दाहिना वा आधा वायाँ फर्किने तरिकाको सरासरी नमुना देखाउनु

प्रशिक्षकको गिन्तीका साथ नमुना :-

आधा दाहिना फर्कनु

क) आदेश :- गिन्तीको साथ आधादाहिना मोहडा गर्ला, टोली १ को आदेशमा ४५ डिग्रीको कोणमा आधा दाहिना फर्कनु र गिन्ती पुकार्नु १, टोली २ को आदेशमा बायाँ गोडालाई १५ इन्च माथी उठाईदाहिना गोडाकोईडिमाइडि बराबर हुनेगरि हान्नु र गिन्ती पुकार्नु २

ख) प्रशिक्षार्थीहरुलाई अभ्यास ६ तरिकाबाट

आधा बायाँ फर्कनु ।

क) आदेश :- गिन्तीको साथ आधावाया मोहडा गर्ला,टोली १ को आदेशमा ३१५ डिग्रीको कोणमा आधाबायाँ फर्कनु र गिन्ती पुकार्नू १, टोली २ को आदेशमा दाहिना गोडालाई १५ इन्च माथी उठाई बायाँ गोडा संग इडिमा इडी बराबर हुनेगरि हानि मिलाउनु र गिन्ती पुकार्नू २

ख) प्रशिक्षार्थीहरुलाई अभ्यास :-

१) गिन्तीका साथ बयान गर्दै लगाउनु ।
२) सरासरी लगाउनु ।
३) आफुखुसि सिक्न दिनु ।
४) टोली टोलीमा प्रतिष्पर्धा गराउनु ।

<u>खडाखडिमा दाहिना बायाँ खाप</u>

उदेश्य :-खडाखडिमा दाहिना बायाँ खाप्ने तरिका सिकाउनु हो ।

बयान :- परेडमा सामेल हुदा एक टोलीदेखि अर्को टोली बिचको फासला पुरा गर्न वा मिलाउनको लागि दाहिना वा बायाँ खाप गरिन्छ ।

प्रशिक्षकहरुको खापको पुरा नमुना :-

आदेश :- "दाहिना खाप" सरासरि दाहिना खापको नमुना देखउनु त्यस्तै बायाँ खापको पनि नमुना देखाउनु।

प्रशिक्षकको गिन्तीका साथ नमुना :-

आदेश :- "गिन्तीका साथ एक कदम दाहिना खाप्ला टोली १ मा दाहिना गोडालाई १५ इन्च माथि उचालेर १५ इन्च जमिनमा दाहिना राखिदिनु र बायाँ गोडालाई उसै मुताबिक उचालेर दाहिना गोडा संग इडिमा इडि मिल्नेगरि हान्नु र गिन्ती पुकार्नु १ एवंम रितले २ कदमको आदेशमा २ कदम खाप्नु । तर यसमा गिन्ती ४ हुन्छ तर्सथ जति कदम खाप्न आदेश दिईएको छ गिन्ती त्यसको डवल हुन्छ । बायाँ खाप्ने-सर्ने तरिका पनि उसै मुताबिक हो यसमा बायाँ गोडा १५ इन्च माथि उचालेर १५ इन्च बायाँ "तर्फ जमिनमा राखिदिनु र दाहिना गोडालाई उसै मुताविक उचालेर बायाँ गोडासंग मिलाउनु यसमा पनि आदेशअनुसार जति कदम बायाँ खाप्ने-सर्ने हो) गिन्ती त्यसको डवल हुन्छ । जस्तै ३ कदम बायाँ सरको आदेशमा बायाँ तर्फबायाँ गोडा उठाई१ ,२, ३, ४, ५ र ६ गिन्तीका साथ बायाँ खाप्नुपर्दछ । यदि संख्या नतोकी दाहिना वा बायाँ खापको मात्र आदेश दिईएको छ भने एक पटकमा २४ गिन्ती गरि १२ कदम खाप्नुपर्दछ । यदि १२ कदम भन्दा बढि खाप्नुपर्दछ भने दोस्रो पटक कासन दिनु पर्दछ । यदि १२ कदम भन्दा कम खाप्नु परेमा कदम तोकेर आदेश दिनुपर्दछ ।

दाहिना वा बायाँ खाप्दा ख्याल राख्नुतपर्नेकुराहरु ।

क) शुरुसुरुमा जवानहरुलाई ३ कदम भन्दा बढि खाप्न लगाउनु हुदैन ।

ख) तालिम प्राप्त जवानहरुलाई पनि १२ कदम भन्दा बढि खाप्न लगाउनुहुदैन ।

ग) यदि कदम नतोकि सरासरी खाप्न लगाएमा १२ कदम पुगेपछि आफसे आफ रोकिनु पर्दछ ।

घ) यदि १२ कदम भन्दा बढि खाप्नुपर्ने फासला छ भने टोली पतिले टोलीलाई दाहिना वा बायाँ फर्काएर सो फासला पुरा गर्नूपर्दछ । बयानका साथ प्रशिक्षार्थीहरुलाई अभ्यास गराउनु ।

प्रशिक्षार्थहरुलाई अभ्यास :-

क) गिन्तीका साथ बयान गर्दै लैजाने ।

ख) सरासरी लगाउनु ।

ग) आफुखुसी सिक्न दिनु ।

घ) टोली टोलीमा प्रतिस्पर्धा गराउनु ।

खडाखडिमा छिटो गोडा चाल र अड :

उद्देश्य :- खडाखडिमा दाहीना बायाँ खाप्नेको तरिका सिकाउनु हो ।

बयान :- कुनै शारिरक तालिमको परेडमा सामेल हुदा टोली टोली बिचको फासला मिलाउन अगाडीको कभर दाहिना बायाँको लाइन ड्रेश मिलाउनको लागि खडाखडिमा छिटो गोडाचाल गरिन्छ । यसरी अगाडीको कभर दाहिना बायाँ को लाईन ड्रेश मिलाईसकेपछि अड्न पनि जानेको हुनुपर्दछ ।

प्रशिक्षकको पुरा नमुना :- आदेशः छिटो गोडा चाल सरासरि गोडा चालेर नमुना देखाउनु गिन्ती पुकार्नु १, २, ३ एवंम रितले गोडा चालिरहनु अड्को आदेशमा दाहिना गोडाले चेक हानि १ र २ गिन्तीमा रोकी सतर्क पोशिनमा रहनु पर्दछ ।

प्रशिक्षकको गिन्तीका साथ नमुना

सतर्क पोजिशनमा रहेको बेला गिन्तीका साथ छिटो गोडा चाल्ला गिन्ती १ यो आदेशमा बायाँ गोडालाई १५ इन्च माथि उचालेर त्यसै ठाउमा हान्नु र दाहिना गोडा पनि १५ इन्च माथि उचली राख्नु र मुखले गिन्ती पुकारी राख्नु १ यतिखेर बायाँ गोडा खम्वा मुताबिक जमिनमा टेकेको दाहिना गोडा हावामा र दुबै हात सार्ईडमा सेपेको हुनुपर्दछ । टोली २ मा उचालेको दाहिना गोडा बायाँ गोडामा मिल्ने गरि जमिनमा हान्नु । बायाँ गोडालाई पनि उसै मुताबिक हावामा उचलि राख्नु एकसाथ र गिन्ती पुकार्नु २ एवंम रितले १,२,१ गर्दे गोडा चाल्दै रहनु । यस्को गति ११५ देखि १२० प्रति मिनेट हुनुपर्दछ ।

छिटो गोडा चाल बाट अड्ने तरिका :- गिन्तीका साथ अड्ला टोली चेकको आदेशमा दाहिना गोडालई जमीनमा राखु बायाँ गोडालाई १२ इन्च माथि उचालिराखु र पुकार्नु चेक । टोली १ मा बायाँ गोडा दाहिना गोडामा मिलाउनु । दाहिना गोडा उसै मुताबिक उठाईराखु गिन्ती पुकार्नु १ । टोली २ मा दाहिना गोडा बायाँ गोडमा मिलाउनु र गिन्ती पुकार्नु २ । त्यसबेला सतर्क पोजिशनमा रहनु पर्दछ ।

प्रशिक्षार्थीहरुलाई अभ्यासः-

क) गिन्तीका साथ लगाउनु
ख) सरासरि लगाउनु ।
ग) आफुखुसि सिक्न दिनु ।
घ) टोलीमा प्रतिस्पर्धा गराउनु ।

छिटो हिड गोडा चाल र अड

उदेश्य :-छिटो हिड गोडा चाल र अड्ने तरिका सिकाउनु हो ।

बयान

क) **छिटो हिड :-** अनुशासन लाई कायम राख्दै जव फौजहरु एक ठाउ देखि अर्कोठाउसम्म पुग्नु पर्ने हुन्छ भने छिटो हिड्नु पर्दछ । त्यस्तै दिक्षान्त कवाजको कवाज र मार्चपास आदि परेडमा परेड हेर्ने व्यक्ति वा व्यक्तिहरुलाई छिटो चाल हिडेर कवाज देखाउन पर्ने हुदा हरेकले छिटो हिड्न जानेको हुनुपर्दछ यस बेला कदम को लम्वाई १५ इन्च र कदमको रफ्तार ११५ र १२० कदम हुनुपर्दछ । तर सुरुसुरुको रिक्रुट हरुलाई १४० कदमका रफ्तारमा कायम गर्न उपयुक्त हुन्छ ।

ख) अड्ने तरिका :- छिटो हिडेर अगाडी गई तोकिएको स्थानमा पुगेपछि रोकिन पनि जानेको हुनुपर्दछ ।

प्रशिक्षकको पुरा नमुना

आदेश :-छिटो हिड्ला ,छिटोहिड ,अड्, सरासरी नमुना प्रशिक्षकले देखाउनु ।

प्रशिक्षकले गिन्तीका साथ नमुना :- आदेश :-"गिन्तीको साथ छिटो हिड्ला टोली १" मा सतर्क पोजिशनमा भएको गोडालाई पुरा तन्काएर अगाडी १५ इन्चमा लगेर पञ्जालाई आकास तर्फउडाएर्रर् इडिले हान्नु । दाहिना गोडा पुरा जमिनमा, शरिरको बोझ बढिमात्रामा दाहिना गोडामा, दुवै गोडा कसिएको, दाहिना हात खुकुलो मुठ्ठी बनाई अगाडी कुमको सिधाईमा तन्काएर दिनु बायाँ हातलाई पुरा पछाडि जान दिनु । अरु बाकि पोजिशन सतर्कको अवस्थामा र गिन्ती पुकार्नु १ । अव गिन्ती २ मा बायाँ गोडाको पञ्जा त्यसै ठाउमा टेक्नु पछाडि भएको दाहिना गोडालाई तन्काएर उसै मुताबिक अगाडी १५ इन्चमा लगेर हान्नु ।

बायाँ हात अगाडी र दाहिना हात उसै मुताबिक तन्काएर पुरा पछाडि जान दिनु । अर्थात गोडा र हातको पोजिशन आपसमा बदलि गर्नू र गिन्ती पुकार्नु २ । टोली ३ को आदेशमा उसै मुताबिक बायाँ गोडालाई अगाडी १५ इन्चमा हान्नु हातको बदलि अगाडी पछाडि गर्दै जानु । एवंम रितले बायाँ गोडामा १ दाहिना गोडामा २ गिन्ती पुकार्दै अगाडी बढ्नु पर्दछ । शरिरको माथिल्लो भाग सतर्कमा जस्तो हुनुपर्दछ । जवानहरु हिड्दा हरहमेशा फुर्ति र सानका साथ हिड्ने बानि बसाल्नु पर्दछ ।

छिटो हिड्दा ध्यान दिनुपर्ने कुराहरु :-

क) हात हल्लाउदा अगाडी दुबै हात काधको सिधाईसम्म अर्थात काधको उचाईसम्म र पछाडि जहासम्म जान सक्छ जान दिनुपर्दछ ।

ख) मुठि सतर्कमा झै साधारण ढंगले बन्द गरको हुनुपर्दछ ।

ग) भुईमा कुर्कुच्चाले टेकेर स्वतन्त्रता पूर्वक हिड्नुपर्दछ।

घ) धुडा तन्केको र कम्मर देखि माथि अगाडी पछाडी नझुकेको सिधाई हुनुपर्दछ ।

अगाडी हिड्दा खेरि प्रत्येक जवानले आफ्नो सिधा कुनै १ बस्तुलाई निशाना बनाई आफ्नो उचाईमा हेरेर हिड्नुपर्दछ। यसरी चुनेको बस्तुले सिधा हिड्नमा मद्दत गर्दछ । पंक्तिबद्ध भई एक सिधाईमा मिलेर हिड्नु टोलीमा भएको प्रत्येक जवानको जिम्मेवारी हुन्छ । तथापि हिड्दाखेरि सोझो लैजाने जिम्मेवारि गार्डको हुन्छ ।

अड्ने तरिका :- अड्नेको लागि सरासरिमा दाहिना गोडामा आदेश हुन्छ । गिन्तीको साथ आदेश दि्दा बायाँ गोडा अगाडी र दाहिना गोडा पछाडि हुन्छ ।

आदेश :- गिन्तीको साथ अडला टोली सेपमा पछाडि भएको दाहिना गोडालाई तन्काएर बायाँ गोडाको पञ्जाको सिधाईमा ल्याएर इडि पञ्जा एकसाथ हान्नु । बायाँ हातलाई अगाडी बाट र दाहिना हातलाई पछाडीबाट एकसाथ बगलमा सेप्नु र पुकार्नु सेप । अव टोली १ मा बायाँ गोडालाई १५ इन्च माथि उठाई त्यसै स्थानमा हान्नु र गिन्ती पुकार्नु चेक । त्यसपछि दाहिना र बायाँ गोडा १ २ गिन्तीका साथ एकै स्थानमा हान्नु पर्दछ ।

प्रशिक्षार्थीको लागि अभ्यास :-

क) गिन्तीका साथ लगाउनु

ख) सरासरि लगाउनु ।

ग) आफुखुसि सिक्न दिनु ।

घ) टोलीमा प्रतिस्पर्धा गराउनु ।

गोडा चाल खडाखडिमा हुन्छ । गिन्ती १ मा बायाँ गोडा र गिन्ती २ मा दाहिन गोडा १५ इन्च माथी त्यसै ठाउमा उचालि १,२ गरि गोडा चाल्नु पर्दछ ।

चल्तिमा दाहिना, बायाँ र पुरा फर्क :-

उद्देश्य :- चल्तिमा दाहिना, बायाँ र पुरा फर्कने तरिका सिकाउनु हो ।

क) चल्तिमा दाहिना,बायाँ फर्क :- तातिमा हिडिरहेको बेला पंत्तिमा र पंक्तिमा हिडिरहेको बेला तातिमा हिड्नको लागि चल्तिमा दाहिना र बायाँ फर्क गरिन्छ । त्यस्तै कुनै दिशातिर छिटो हिडिरहेको बेला आफ्नो सन्मुख ९० डिग्री दाहिना वा बायाँ तर्फपार्नु छ भने दाहिना बायाँ फर्क गरिन्छ ।

ख) पुरा फर्क :- जव हामी छिटो हिडेर तोकिएको स्थानमा पुगेपछी फेरि पहिलेकै ठांउमा आउनको लागि वा परेड लिईरहेको बेला ग्राउण्डको अभाव भएको बेला पनि पुरा फर्कनु पर्ने हुन्छ । त्यस्तै कुनै दिशातिर छिटो हिडिरहको बेला आफ्नो सन्मुख १८० डिग्री अर्थात पछाडीतर्फपार्नु छ भने चल्तिमा पुरा फर्क गरिन्छ त्यसैले यो काम हरेक जवानलाई जान्न आवश्यक छ ।

चल्तिमा दाहिना बायाँ फर्क

प्रशिक्षकको पुरा नमुना :- चल्तिमा दाहिना ,बायाँ फर्क)

आदेश :- -छिटो हिडेको बेला) दाहिना फर्क /बायाँ फर्क प्रशिक्षकले सरासरीमा दाहिना र बायाँ फर्कने नमुना देखाउनु ,

प्रशिक्षकको गिन्तीका साथ नमुना :- छिटो हिडिरहेको बेलामा गिन्तीका साथ दाहिना मोहडा गर्ला टोली चेकको आदेश बायाँ गोडामा हुन्छ । दाहिना गोडा उचालि १५ इन्च अगाडीइडि पञ्जा एकसाथ राख्नु दुवै हात अगाडीबाट बगलमा सेप्नु । मुखले पुकार्नु सेप । टोली १ मा बायाँ गोडा १५ इन्च माथि उठाईदाहिना गोडाको बुटको नोकको अगाडी T आकारमा हान्नु मुखले पुकार्नु टोली यतिवेला मुन्टोले दाहिनातर्फेरेको हुनुपर्दछ । टोली २ मा दाहिना गोडालाई अगाडी १५ इन्चमा लगेर हान्नु मुखले पुकार्नु अगाडी । यतिबेला दाहिना हात पछाडि बायाँ हात अगाडी लैजानु। बायाँ फर्कने पनि उसै मुताबिक हुनेछ । केवल फरक यो छ कि बायाँ फर्कन दाहिना गोडामा आदेश हुन्छ र बायाँ गोडामा चेक खानुपर्दछ । दाहिना हात अगाडी बायाँ हात पछाडिबाट एकसाथ सेप्नुपर्दछ । बायाँ गोडाको नोक अगाडी T आकारमा हान्नु बायाँ गोडा १५ इन्च अगाडीइडिले हान्नु दाहिना र बायाँ हातलाई छिटो हिडमा झै कायमा राख्नु । अगाडी गोडा बढि से बढि २४ इन्च सम्म टाढा हान्न सकिन्छ ।

प्रशिक्षार्थीलाई अभ्यास :- प्रशिक्षार्थीलाई यसै कामको अभ्यास गराउनु ।

चल्तिमा पुरा फर्कः- प्रशिक्षकको पुरा नमुना :- आदेश : पुरा फर्क - सरासरीमा नमुना देखाउनु)

प्रशिक्षकको गिन्तीका साथ नमुना :- सरासरी हिडिरहेका बेलामा बायाँ गोडामा पर्ने गरि गिन्तीका साथ पुरा फर्क टोली सेपको आदेश हुन्छ । दाहिना गोडालाई १५ इन्च उचालि अगाडीइडि पञ्जा एकसाथ जमिनमा राख्नु । दुबै हात सर्ाईडमा सेप्नु र मुखले पुकार्नु सेप, टोली १ मा पछाडी भएको बायाँ गोडालाई १५ इन्च उठाईदाहीना गोडाको नोकको अगाडी बायाँ गोडाले T आकारमा हान्नु गिन्ती पुकार्नु १ । यतिवेला शरिर ० डिग्रिमा र बायाँ गोडा ९० डिग्रीमा हुनुपर्दछ । टोली २ मा दाहिना गोडालाई १५ इन्च माथि उठाईबायाँ गोडाको ईडिमाइडि पर्ने गरि L आकारमा हान्नु र गिन्ती पुकार्नु २ । यतिवेला शरिर १३५ डिग्री दाहिना गोडाले १८० डिग्रि कभर गरेको हुनुपर्दछ र मुन्टोले पुरा पछाडी हेर्नु पर्दछ । टोली ३ मा बायाँ गोडालाई १५ इन्च माथि उठाईदाहिना गोडाको ईडिमा इडि पर्ने गरि V आकारले हान्नुयतिबेला सतर्क पोजिशनमा हुनुपर्दछ । टोली ४ मा दाहिना गोडा १५ इन्च अगाडीइडिले टेक्नु बायाँ हात

अगाडी दाहिना हात पछाडि पुरा तन्काएर दिनु र गिन्ती पुकार्नु ४ एकसाथ । अव टोली ५ मा बायाँ गोडा अगाडी बढाई हिडाईको रफ्तार कायम राख्नु ।

प्रशिक्षार्थीहरुलाई अभ्यास ।

क) गिन्तीका साथ लगाउनु ख) सरासरि लगाउनु ।

ग) आफुखुसि सिक्न दिनु । घ) टोलीमा प्रतिस्पर्धा गराउनु ।

<u>पंक्ति छोड , ताँति छोड , तितर बितर , छुट्टी</u>

उद्देश्य :- पंक्ति छोड , ता"ति छोड , तितर बितर , छुट्टी र काम खतमा गरिने कारबाहि बारे सिकाउनु हो।

बयान :-

क) पक्ति छोड तांति छोड :- परेड ग्राउण्डमा टोली सामेल भईरहेको अवस्थामा कुनै जवानलाई पंक्ति छोड्न लगाउनु परेमा उस्को नाम पुकारेर पंक्ति छोड गर्राईन्छ ।त्यस्तै कवाजमा सामेल भएका सम्पूर्ण जवानहरुलाई एकै साथ पंक्ती छोड्न लगाउन पंक्ति छोडको कारबाही गरिन्छ ।

ख) तितर बितर :- परेड ग्राउण्डमा कवाज खेल्दाखेल्दै केहि समय आराम गर्नुपर्यो भने तितर बितर गरिन्छ । यो खासगरि ५ मिनेट देखि १० मिनेट सम्म आराम गर्नको लागि गरिन्छ ।

ग) छुट्टी :- धेरै समयसम्म आराम गर्न परेमा कवाज छुट्ट िगरिन्छ । जस्तै खाना खानको लागि छुट्टी वा केहि समयको लागि छुट्टी गरिन्छ । यो खास १ घण्टादेखि लामो समयसम्मको लागि गरिन्छ ।

प्रशिक्षकको पंक्ती छोड , तांति छोडको पुरा नमुना :-

क) एक जानामात्र भए आदेश :- फलानो नाम पुकार्न पंक्ति छोड एक कदम अगाडी बढ्नु सलाम गर्नू दाहिना फर्कनु १,२,३,४ गिन्तीमा अगाडी बढि सेप पोजिशनमा आउने ५र ६ त्यहि हानि तितर बितर हुने ।

ख) कवाजमा सामेल भएका टोलीको सम्पूर्ण अधिकृत तथा जवानहरुलाई एकैसाथ पंक्ति छोड्न आदेश :-पंक्ति छोड /तांति छोड उक्त आदेशमा एक पंक्तिमा सामेल भएको भए सबै जना एक कदम अगाडी बढ्ने सलाम गर्ने दाहिना र्फकेने १,२,३,४ गिन्तीमा अगाडी बढि ४ मा सेप हानि ५र ६ त्यहि हानि अड्ने र कवाज छोडी जाने । पंक्ति २ मा सामेल भएको भए अगाडीको पंक्ती १ कदम अगाडी र पछिल्लो पंक्ति १ कदम पछाडि हट्ने दुवै पंक्तिका जवानहरुले एकैसाथ सलाम गर्ने दाहिना फर्कने १,२,३,४ गिन्तीमा अगाडी बढि ४ मा सेप हानि ५र ६ त्यही हानि अड्ने दौडेर कवाज छोड्ने । त्यस्तै ३ वा ५ पंक्तिमा सामेल भएको भए बिच पंक्तिले सोही ठाउंमा २ कदम हान्ने ,बिच पंक्ति भन्दा अगाडीको पंक्ति एक कदम अगाडी बढ्ने तथा पछाडिको एक कदम पछाड हट्ने र ३ वा ५ पंक्तिका ब्यक्तिहरुले एकसाथ सलाम गरि दाहिना फर्कने १,२,३,४ गिन्तीमा अगाडी बढि ४ मा सेप हानि ५ र ६ त्यहि हानि अड्ने र कवाज छोडी जाने । कवाज तातिमा भएको अवस्थामा फलाना तांति छोड भन्ने आदेश आएमा बिच तथा दाहिना तातिका जवानहरु एक कदम दाहिना र बायाँ तातिका जवानहरु एक कदम बायाँ खापि सलाम गरि दाहिना फर्कने १,२,३,४ गिन्तीमा अगाडी बढि ४ मा सेप हानि ५,६ हानी अड्ने र दौडेर कवाज छाड्नु पर्दछ ।

प्रशिक्षकको गिन्तीका साथ नमुना :- आदेशः गिन्तीका साथ पंक्ति छोड्ला टोली १ को आदेशमा १ कदम अगाडी बडि अडेर बस्नु । टोली २ मा सलाम गर्नु । र हात झारेर बस्नु । टोली ३ मा दाहिना फर्कर बस्नु । टोली ४ मा १,२,३,४ गिन्तीमा अगाडी बढि ४ मा सेप हानि ५ र ६ त्यहि हानि अड्ने र दौडेर कवाज छाड्नु।

प्रशिक्षकको पुरा नमुना तितर बितर हुनेको तरिका :- आदेश : ५ मिनेट तितर बितर" दाहिना फर्कनु १,२,३,४ गिन्तीमा ४ कदम अगाडी बढि ४ मा सेप हानि ५ र ६ त्यहि हानि अड्ने र दाहिना र्फकेर दौडेर कवाज छोडनु पर्दछ । यसरि सरासरि नमुना दिनुपर्दछ ।

प्रशिक्षकको गिन्तीका साथ नमुना :- आदेश : गिन्तीका साथ तितर बितरमा जाला टोली १ को आदेशमा ९० डिग्रीको एङ्गलमा पुरा दाहिना फर्केर गोडा हानि बस्नु । टोली २ मा बायाँ गोडाले १५ इन्च अगाडीइडिले टेक्नु दाहिना हात अगाडी र बायाँ हात पछाडि पुरा तन्काउनु र गिन्ती पुकार्नु २ । त्यसपछि दाहिना गोडाले १५ इन्च अगाडी टेक्नु दाहिना हात पछाडि बायाँ हात आगडि दिनु र गिन्ती पुकार्नु ३ । तर्तिवारले पुनः बायाँ गोडा अगाडी र गिन्ती पुकार्नु ४ पुनः दाहिना गोडा अगाडी टेक्नु र गिन्ती पुकार्नु ५ । टोली ६ मा दाहिना गोडा अगाडी १५ इन्चमा चेक हान्नु । दुबै हात अगाडी पछाडिबाट सुईङ्ग दिएर सार्ईडमा सेप्नु र मुखले गिन्ती पुकार्नु ६ । अव टोली ७ मा बायाँ गोडालाई १५ इन्च माथी उठाईदाहिना गोडाकोइडीमार् इडी मिलाउनु र गिन्ती पुकार्नु ७ । यतिबेला जाने आदेश हुदैन आफै जानुपर्दछ ।

छुट्टी कवाजको प्रशिक्षकको पुरा नमुना : आदेश : " छुट्टी कवाज देखाउला कवाज छुट्टी" दाहिना फर्कनु नजरले कमाण्डरतिर हेर्दै सलाम गर्नु ४ कदम अगाडी गई ५,६ मा हल्ट हनुर दौडेर जानुपर्दछ ।

प्रशिक्षक गिन्तीका साथ नमुना ।

" गिन्तीका साथ छुट्टी कवाज देखाउला टोली १"दाहिना फर्कनु गोडा हानि बस्नु र गिन्ती पुकार्नु १ टोली २ मा नजरले कमाण्डर तर्फहेदै सलाम गर्नु र गिन्ती पुकार्नु २ । टोली ३ मा हात तल झारी सार्ईडमा सेप्नु नजरले सिधा हेर्नु एकसाथ र गिन्ती पुकार्नु ३ । टोली ४ मा एक कदम अगाडी गई रोकिनु र गिन्ती पुकार्नु ४ । टोली ५ मा फेरि दाहिना फकर्नु गोडा हान्नु र गिन्ती पुकार्नु ५ । त्यसपछि उक्त स्थानलाई छाड्नुपर्दछ । चल्तिमा पनि कारबाहि उसै मुताविक हुनेछ तर बायाँ गोडामा आदेश गरि दाहिना गोडाले चेक हान्दै अड्नु र सरासरि बाकि कारबाहि माथि उल्लेख गरेमुताबिक गर्नुपर्दछ ।

नोट :- सलामको हकदार भएको तिर नजरले हेरि सलाम गरि जानर्ुपर्दछ ।

खडाखडिमा अगाडी सलाम

उद्देश्य :-खडाखडिमा अगाडी सलाम गर्नेको तरिका सिकाउनु हो ।

बयान :- सुरक्षा फौजमा सलाम आफुभन्दा जेष्ठ सदस्यलाई गरिने अभिवादन एवंम् सम्मान हो साथै सलाम गर्नु अनुशासनको एउटा महत्वपूर्ण पक्ष हो । सलाम दुरुस्त र फुर्तिलो हुनुपर्दछ । सलाम नगर्नाले वा लापरबाही तरिकाले गर्दा अपमान , अल्छि , नराम्रो स्वभाव र अनुशासन हिनतालाई देखाउंदछ सलाम गर्न नजान्नेहरुलाई शुरुशुरुमा सलाम सिकाउनु पर्दा खास गरेर सलामको हकदारलाई प्रतिवेदन दिनु वा कुनै आदेश निर्देशन दिनुपरेमा खडाखडिमा अगाडी सलाम गरिन्छ ।

प्रशिक्षकको पुरा नमुना : आदेश :- " अगाडी सलाम गर्ला अगाडी सलाम" मुखले १,२,३.....१ गिन्ती पुकार्नु र सरासरी सलाम गर्ने नमुना दिनु । खडाखडिमा सलाम गर्न सिकाउदा साधारणतया तातिबाट सिकाउनुपर्दछ ।

प्रशिक्षकको गिन्तीका साथ नमुना :- आदेश गिन्तीका साथ अगाडी सलाम गर्दा टोली १ को आदेशमा सतर्क पोजिशनबाट दाहिना हातलाई कुमको लाईनमा पांच औंला मिलाएर पुरा दाहिना तिर पसारी दिनु र गिन्ती पुकार्नु १, अव टोली २ को आदेशमा कुहिना देखि तलको भागलाई मात्र खुम्चाएर हातलाई गोलाई रुपमा टाउको सम्म पुर्याउने र माझि औंला तथा चोर औंलाको ग्यापमा बेरेट क्याप वा पिक्याप को धार पर्ने गरि पांच औंला मिलाएर दाहिना आंखीभौको ठिक माथीको पि.क्यापलाई छोएको तथा कुहिना संग हातले ४५ डिग्रीको कोण बनाएर सलाम गर्नु र गिन्ती पुकार्नु२ । "गिन्तीको साथ हात झार्ला टोली १ मा दाहिना हातलाई चटकका साथ दाहिना छातिको अगाडीबाट जति सक्दो चाडो छोटो काटेर सार्ईडमा ल्याएर सेप्नु र गिन्ती पुकार्नु १ । यतिवेला सतर्क पोजिशनमा हुनुपर्दछ ।

सरासरी सलाम गर्दा माथि बयान गरिएको सम्पूर्ण चाल र समयको ख्याल राख्नुपर्दछ ।

सलाम गर्दा जवानहरुको प्राय बायाँ पट्टी ढल्कने बानी हुन्छ । यसलाई प्रशिक्षकले सुधार्न लगाउनुपर्छ । कुहिना अगाडी ल्याउनु र औलाहरु छरेर राख्नु हुदैन । हातलाई धेरै माथि वा निधारको बिचतिर राख्नु हुदैन ।

सलाम गार्दा नअडिकन सलाम गर्न हात उठाउनु हुदैन र हात नभाच्दै सलामको हकदार संग कुरा गर्न थाल्नु हुदैन ।

पशिक्षार्थीहरुलाई अभ्यास :- ६ तरिकाबाट सिकाउने ।

चल्तिमा दाहिना बायाँ नजर

उद्देश्य :- चल्तिमा दाहिना बायाँ र सिधा नजर गर्ने तरिका सिकाउनु हो ।

बयान :- यो काम ३ जना भन्दा बढि मिलेर हिडेको छ भने टोली कमाण्डरले आफु दाहिना बसेर टालिलाई नियन्त्रण राख्नु पर्ने हुदा सलामीको हकदार दाहिना भए दाहिना नजर र बायाँ भए बायाँ नजर गराउनु पर्दछ । त्यसैले यो काम हरेक जवानले जान्नु आवश्यक छ । जो काम २ फेजमा सिकाईनेछ ।

क) टोली कमाण्डरको काम

ख) टालीको काम

टोली कमाण्डरको काम

प्रशिक्षकको गन्तिका साथ नमुना :-आदेश :"गिन्तीका साथ दाहिना नजर गर्ला टोली चेकको आदेशमा दाहिना गोडाकोइडिमा १५ इन्च अगाडी भुईमा हान्नु दुवै हात सेप्नु र मुखले पुकार्नु चेक टोली १ को आदेशमा बायाँ गोडा अगाडी बढाउनु दाहिना हातले सलाम गर्नु र टाउको दाहिनातर्फमोड्नु एक साथ हुनुपर्दछ । यतिबेला बायाँ हात सेपी राख्नु पर्दछ । टोली २ मा दाहिना गोडा अगाडी बढाउनु यसै गरि अगाडी बढिरहने । गिन्तीको साथ सिधा हर्ला टोली चेकमा दाहिना गोडाकोइडिले १५ इन्च अगाडी हान्नु र मुखले पुकार्नु चेक टोली १ को आदेशमा बायाँ गोडा अगाडी बढाउनु दाहिना हात तल झारि बगलमा सेप्नु र टाउको सिधा गर्नु एकसाथ हुनुपर्दछ । टोली २ मा हिडाईको रफ्तार कायम राख्नु ।

टोली कमाण्डर दाहिना बस्नुको कारण :-

क) टोली नियन्त्रण गर्नका लागि

ख) रोडको सर्साईड बायाँ भएकोले

टोलीको काम :-

प्रशिक्षकको पुरा नमुना :- आदेश :"गिन्तीको साथ दाहिना नजर गर्ला दाहिना नजर सरासरी टोलीले गर्ने काम देखाउनु ।

प्रशिक्षकको गिन्तीको साथ नमुना : - आदेश : "गिन्तीको साथ दाहिना नजर गर्ला दाहिना नजर टोली चेकको आदेशमा "दाहिना गोडाको इडिले १५ इन्च अगाडी हान्नु । यतिबेला हिडिरहेको पोजिशन कायम गर्नु टोली १ को आदेशमा बायाँ गोडा अगाडी उठाउनु टाउको दाहिना तर्फ मोड्नु यतिबेला दुबै हात अगाडी पछाडि नै रहन्छन् । टोली २ मा दाहिना गोडा अगाडी बढाई सरासरी हिड्नु "गिन्तीका साथ सिधा नजर गर्ला" टोली चेकको आदेशमा दाहिना गोडाकोइडिले १५ इन्च अगाडी हान्नु र हर्कत नगर्नु र मुखले पुकार्नु चेक । टोली १ को आदेशमा बायाँ गोडा अगाडी बढाउनु र टाउको सिधाई हेर्नु एकसाथ हुनुपर्दछ । टोली २ मा हिडिरहेको रफ्तार कायम राख्नु । बायाँ नजरको कारबाही पनि दाहिना नजर गरे सरह हुनेछ । तर टाउकोले बायाँ तर्फ हेर्नुपर्दछ ।

प्रशिक्षार्थीहरुलाई अभ्यास :-

क) गिन्तीका साथ लगाउनु

ख) सरासरी लगाउनु ।

ग) आफुखुसि सिक्न दिनु ।

घ) टोलीमा प्रतिस्पर्धा गराउनु ।

नोट :- दाहिना/बायाँ " नजर गराउदा आदेश बायाँ गोडामा नै पार्नुपर्दछ । हातले सलाम टोली पतिले मात्र गर्नुपर्दछ । अरु बांकी टोलीको टाउको मात्र दाहिना वा बायाँ मोड्नुपर्दछ तर सलाम गर्नु पर्दैन ।

अगाडी सलाम

आदेश : - अगाडी सलाम गर्नेको तरिका सिकाउनु हो ।

बयान :- आफुभन्दा जेष्ठ सदस्य वा सलामिको हकदारलाई मौखिक प्रतिबेदन दिदा वा कुनै आदेश निर्देशन लिनु परेमा अगाडी सलाम गरिन्छ । अगाडी सलाम प्रतिवेदन गर्नुभन्दा अगाडी र प्रतिवेदन गरिसकेपछि पनि गरिन्छ । प्रतिबेदन गर्ने बेलामा एक भन्दा बढि सदस्य भएमा जेष्ठ सदस्यले अगाडी सलामको आदेश दिनुपर्दछ ।

प्रशिक्षकको पुरा नमुना :- आदेश : "आगाडि सलाम गर्ला " को आदेशमा दाहिना गोडाले चेक हान्ने , बायाँ गोडा र दाहिना गोडा क्रमश १५ इन्च माथि उचालि त्यहि ठाउमा भुईमा हान्दै रोकिने । १,२,३ र .....१ पुकार्दै दुई पटक सलाम गर्नु पुरा फर्कनु र आफ्नो हिडाईको रफ्तार कायम राख्नु ।

प्रशिक्षकको गिन्तीका साथ नमुना :- आदेश :-छिटो हिड्दा हिड्दै बायाँ गोडा भुईमा टेक्नु र सलामको अन्तीम आदेश दिनु एकसाथ हुनुपर्दछ । आदेश "गिन्तीको साथ अगाडी सलाम गर्ला टोली १ " को आदेशमा दाहिना गोडाले चेक हानि बस्नु र मुखले पुकार्नु चेक । टोली १ मा पहिला बायाँ र पछि

दाहिना खुट्टा १५ इन्च माथि उठाईएउटै स्थानमा हानि अड्नु र मुखले पुकार्नु १ । टोली २ मा दाहिना हातले ५ औला जमाएर सलाम गर्नु र हात झारि बगलमा सेप्नु र मुखले पुकार्नु २ यतिवेला एकमा काम गर्नु २,३ लाई हावामा थाम्नु अर्थात कुनै कारबाही नगर्नु अर्को१ मा काम गर्नु । टोली ३ को आदेशमा फेरि सलाम गरेर बस्नु , टोली ४ मा पुरा फर्की गोडा हानि बस्नु र टोली ५ को ओदेशमा आफ्नो हिडाईको रफ्तार कायम राख्नु ।

प्रशिक्षार्थीहरुलाई नमुना :-

क) गिन्तीका साथ लगाउनु

ख) सरासरी लगाउनु ।

ग) आफुखुसि सिक्न दिनु ।

घ) टोलीमा प्रतिस्पर्धा गराउनु ।

<u>चल्तिमा दाहिना बायाँ " सलाम</u>

उद्देश्य :- चल्तिमा दाहिनाबायाँ सलाम गर्नेको तरिका सिकाउनु हो ।

बयान :- अगाडी तर्फहर्कत - मार्च) गरिरहेको बेलामा दाहिना वा बायाँ तिर सलामिको हकदार भएमा दाहिना वा वाया सलाम गरिन्छ । एक देखि तिन जनासम्म भएमा दाहिना जवानको अपमा सलाम गरि अपमा नै हात झार्नु पर्दछ ।

प्रशिक्षकको पुरा नमुना :- आदेश :"दाहिना" सलाम गर्ला दाहिना" सलाम " टोली चेकमा दाहिना गोडालाई हान्नु र एकमा हातले सलाम गर्नु ,टाउको दाहिना" मोड्नु २,३,४,५ सम्म यथास्थतीमा अगाडी बढ्नु र ६ मा हात तल गर्नु तथा टाउकोले सिधा अगाडी हेर्नु एकसाथ र हिडाईको रफ्तार कायम राख्नु ।

प्रशिक्षकको गिन्तीको साथ नमुना :- छिटो हिड्दा हिड्दै आदेश गिन्तीको साथ दाहिना सलाम गर्ला टोली चेकको आदेशमा दाहिना गोडालाई अगाडी १५ इन्चमार् इडिले चेक हान्नु ,दुबै हातलाई सर्ाईडमा सेप्नु र मुखले पुकार्नु चेक, टोली एक को आदेशमा बायाँ गोडालाई तन्काएर अगाडी १५ इन्चमा लगेर्रर् इडिले हान्नु टाउको पुरा दाहिना मोड्नु । हातले ५ औंला जमाएर सलाम गर्नु र गिन्ती पुकार्नु १ । टोली २ को आदेशमा दाहिना कदम अगाडी बढ्नु र गिन्ती पुकार्नु २ । एवंमरितले ५ कदम सम्म अगाडी बढ्नु । टोली ६ को आदेशमा दाहिना गोडा उसै मुताबिक १५ इन्चमा अगाडीइडिले हान्नु । टाउको सिधा हेर्नु हातलाई झार्नु एक साथ हुनुपर्दछ । टोली ७ मा बायाँ गोडा अगाडी बढाउदै सरासरी हिडाईको रफ्तार कायम राख्नु।

बायाँ सलाम :-बायाँ सलाम पनि बायाँ सलाम मुताबिक हुनेछ । फरक नजरले बायाँ तर्फ हेर्नुपर्दछ । दाहिना र बायाँ सलामको आदेश बायाँ गोडामा हुने छ ।

प्रशिक्षार्थीलाई अभ्यास ।

क) गिन्तीका साथ लगाउनु

ख) सरासरी लगाउनु ।

ग) आफुखुसि सिक्न दिनु ।

घ) टोलीमा प्रतिस्पर्धा गराउनु ।

नोट :- दाहिना बायाँ " सलाम गर्दा सलामको हकदार तिन कदम अगाडी हुदा नै गर्नुपर्दछ । अभ्यासको लागि खडाखडिमा पनि दाहिना वा बायाँ सलाम गर्न सकिन्छ । यस अवस्थामा काम गर्ने तरिका माथी सिकाए मुताबिक नै सलाम गर्दा सलामी लिने अधिकृतको नजरमा नजर मिलाउनु पर्दछ ।

चिट्ठीका साथ अगाडी सलाम

उद्देश्य :- चल्तिमा चिट्ठिको साथ अगाडी सलाम गर्ने तरिका सिकाउनु हो ।

बयान :- जव कुनैपनि लिखित प्रतिवेदन वा त्यस्तै प्रकारको अन्य कागजात आफुभन्दा जेष्ठ व्यक्तिलाई दिनु वा लिनु परेमा चिट्ठिको साथ अगाडी सलाम गारिन्छ ।

प्रशिक्षकको पुरा नमुना :- आदेश : " चिट्ठिको साथ अगाडी सलाम गर्ला अगाडी सलाम " उक्त आदेशमा गर्नुपर्ने कामको प्रशिक्षकले सरासरि नमुना देखाउनु ।

प्रशिक्षकको गिन्तीको साथ नमुना - यो काम गर्नुभन्दा अगाडी टोली छिटो हिड्मा हुन्छ । छिटो हिड्दा हिड्दै आदेश गिन्तीको साथ चिठीको साथ अगाडी सलाम गर्ला टोली १ को आदेशमा दाहिना गोडाले सेप हानि रोकिनु । र मुखले पुकार्नु १ । टोली २ मा सलाम गर्नु हात झार्नु र मुखले पुकार्नू २ टोली ३ मा एक कदम बढ्नु र मुखले पुकार्नु ३ टोली ४ मा दुवै हात दाहिना कम्मर पेटीकोलाईनमा चिठि झिकेकोर् इसारा गर्नु र मुखले पुकार्नु ४ । टोली ५ मा दुबै हातले चिठी दिनु यतिवेला बुढिऔंला भित्रतर्फर ४ औला जमाई दुबै हातको हत्केला आकासतर्फपारी अगाडी तन्काउने र मुखले पुकार्नु ५ । टोली ६ मा दुबै हात बगलमा सेपी सतर्क पोजिशनमा बस्नु र मुखले पुकार्नु ६ ।

अब गिन्तीको साथ वापस जा टोली १ मा एक कदम पछाडि हट्नु र मुखले पुकार्नु १ । टोली २ मा सलाम गर्नु हात तल झार्नु र मुखले पुकार्नु २ टोली ३ मा पुरा फर्कनु गोडा हान्नु र मुखले पुकार्नु ३ । टोली ४ मा अगाडी बढ्नु र सरासरी हिडाईको रफ्तार कायम राख्नु र मुखले पुकार्नु ४

प्रशिक्षार्थीहरुलाई अभ्यास ।

क) गिन्तीका साथ लगाउनु

ख) सरासरी लगाउनु ।

ग) आफुखुसि सिक्न दिनु ।

घ) टोलीमा प्रतिस्पर्धा गराउनु ।

द्रष्टब्य :-चिट्ठीका साथ अगाडी सलाम गर्दा प्रतिवेदन दिने व्यक्ति भन्दा ३ कदम अगाडीनै रोकिनु पर्छ ।

बिना टोपी सलाम गर्नेतरिका :-

बयान : टोपी नभएको बेलामा सलामीको हकदार भेट्दछ भने बिना टोपी पनि सलाम गर्नुपर्ने हुदा यो काम सिक्न आवश्यक पर्दछ ।

क) टोपी नभएको अवस्थामा पहिला रोकिनु सतर्कमा बस्नु छातिलाई पुरा तन्काएर दुबै कुम पछाडी खिच्दै सलाम गर्नु ।

ख) दाहिना या बायाँ सलाम गर्नुपरेमा छाति फुकाउनु दुवै हातलाई सेप्दै जता सलामको हकदार छ उतै टाउको फर्कायर १,२,३,४र५ कदम दाहिना वा बायाँ नजर गर्दै-टाउकोले हेर्दै अगाडी बढ्नु र ६ गिन्तीमा टाउकोले सिधा हेर्नु र आफ्नो हिडाईको रफ्तार कायम राख्नु पर्दछ ।

ग) आफुभन्दा जेष्ठ ब्यक्ति आफ्नो अगाडी भएर जान लागेको छ भने पनि माथी ९ क मा जस्तै सलाम गर्ने ।

घ) यदि जवानहरु बसिरहेको छ भने उठेर ९ को -क) बमोजिम सलाम गर्नुपर्दछ । धेरै जवानहरु भएमा सबभन्दा जेष्ठ ब्यक्ति उठेर सबैलाई सतर्क गार्राई उक्त जेष्ठ ब्यक्तिले मात्र गर्नुपर्दछ ।

अन्य सलाम गर्ने तरिका : दाहिना हातले सलाम गर्ने अवस्था नभएमा :-

१) यदि कुनै दर्ुघटना वा रोगले गर्दा दाहिना हात नभएमा वा दाहिना हातले सलाम गर्न अर्समर्थ भएमा मात्र सतर्कमा बस्ने हिलाइजिंग सलाम नगर्ने।

२) सलामीकोहकदार बाहेकका दर्जालाई सलाम गर्दा टोपी लगाएको अवश्थामा हिलाइजिंग सलाम नगर्ने

३) रिपोर्ट गर्दा आफुभन्दा दाहीना कमाण्डर नभएको खण्डमा जग्गा छोड्नु पदैन ।

निसान सलाम :- सुरक्षा फौजमा निशानको ठूलो महत्व हुन्छ त्यसकारण निसानलाई आत्मियता पर्वक सम्मान गर्न सबैको परम् कर्तब्य हुन्छ निशान देख्रासाथ निशान पट्टी फर्किएर सलाम गरि आदर पर्कट गर्नुपर्दछ । आदरको निशानलाई अर्पण शस्त्र गर्नुपर्दछ । यदि निशान लिएका २ टोली भेटेमा एक आपसमा दाहिना वा बायाँ नजर गर्नुपर्दछ।

प्रशिक्षार्थीहरुलाई अभ्यास ।

क)गिन्तीका साथ लगाउनु ख) सरासरी लगाउनु ।

ग) आफुखुसि सिक्न दिनु । घ) टोलीमा प्रतिस्पर्धागराउनु ।

<u>चल्तिमा दाहिना र बायाँ बन</u>

उदेश्य :-चल्तिमा दाहिना र बायाँ बन्नेको तरिका सिकाउनु हो ।

बयान :- यदि टोलीको मुखमा सुर्यको प्रकाश वा कुनैपनि टलक झलक बस्तु परेमा गाईडलाई नवदलि दिशालाई बदल्नको लागि दाहिना वा बायाँ बन गरिन्छ । यो बयानको साथसाथै आदेश र काम प्रशिक्षार्थीबाट लिन सकिन्छ किनभने यो सुरुमा गरिने कवाज हो ।

<u>गिन्तीका साथ प्रशिक्षार्थीहरुलाई अभ्यास :-</u>

पंक्तिबाट - खडाखडी) दाहिने बन्नु ।

क) खडाखडीमा दाहिने बन्ला, दाहिना बन्" को आदेशमा दाहिना गाईड दाहिना फर्कनु र अन्य तातिका जवानहरु आधा दाहिना फर्कनु ।

ख) "अड्दै अगाडी बढ" को आदेशमा दाहिना गाईड एक कदम अगाडी बढि २ गिन्तीमा अड्ने अरु जवानहरु गाईडलाई दाहिना पार्दै क्रमश बायाँ बायाँ आ-आफ्नो ठाउमा ४,६,८ .....गिन्तीमा अडी दाहिना बन्नु पर्दछ ।

दुई पंक्तीबाट -खडाखडिमा) दाहिना बन्नु ।

क) "खडाखडिमा दाहिना बन्ला दाहिना बन्" को आदेशमा दाहिना गाईड दाहिना फर्कनु र पहिलो पंक्तिको अरु जवानहरु आधा दाहिना फर्कनु तथा दोश्रो पंक्तिका सबै जवानहरु नचलिकन बस्नु ।

ख) "अड्दै अगाडी बढ्" को आदेशमा दाहिना गाईड २ कदमा अगाडी बढि तीन गिन्तीमा अड्ने , दोश्रो पंक्तिको दाहिनावाल ब्यक्ति दाहिना गाईडलाई कभर गर्ने गरि २ कदम अगाढि बढ्ने र तिन गिन्तीमै अड्ने

। अरु पंक्तिका जवानहरुलाई आ आफ्नो गाईडलाई दाहिना पार्दै क्रमश बायाँ दाहिनां आ आफ्नो ठाउमा ५,७,९ .....गिन्तीमा अडि दाहिना बन्नु पर्दछ ।

तीन ताँतिमा (खडाखडि) दाहिना बन्नु ।

क) "खडाखडिमा दाहिना बन्ला,दाहिना बन्" को आदेशमा दाहिना गाईड पुरा दाहिना तर्फफर्कनु र पहिलो र दोस्रो तांतिका अरु जवानहरु आधा दाहिना फर्कनु तथा पछाडीको पंक्तिका सबै जवानहरु नचलिकन बस्नु।

ख) "अड्दै अगाडी बढ" को आदेशमा दाहिना गाईडले तिन कदम अघाडि बढि चार गिन्तमा अड्ने । बिचको गाईडले अगाडी कभर गर्ने गरि र तश्रो गाईडले पनि बिचको गाईडको कभर गर्ने गरि तिन कदम अगाडी बढि चार गिन्तीमा अड्ने । अव अरु सबै जवानहरुले आ आफ्नो गाईडलाई दाहिना दाहिना पार्दे क्रमश बायाँ बायाँ आ आपनो ठाउमा ६,८,१० गिन्तीमा अडि दाहिना बन्नुपर्दछ ।

यो काम पंक्तिमा मात्र हुन्छ । यो काम पुरा भईसकेपछि यसलाई चल्तिमा सरासर गराउनु पर्दछ । सरासरि गर्दा उक्त समस्त चालहरु दुरुस्त हुने गरि गराउन जरुरि हुन्छ । सरासरि गर्दा खडाखडिमा "अगाडी बढ " को आदेशमा सबैले एक दुई गिन्तीमा दुई पटक गोडाचाल गरेको बखत फर्किनु पर्ने आ आफ्नो दिशा तर्फ फर्कि सक्नुपर्छ । बायाँ बन पनि माथिकै सरह हुनेछ तर फरक फरक बायाँ बनमा बायाँ को गाईडले कारबाहि गर्नु र दाहिना र्फकेको बिपरित बायाँ फर्कनु पर्दछ ।

आदेश :- क) खडाखडिमा :१) खडाखडिमा दाहिना/बायाँ दिशा बदल्दा दाहिना /बायाँ दिशा बदल २ अडेर अगाडी बढ "

ख) सरासरीमा १) दाहिना मिल्दै दाहिना दिशा बदल्ला, दाहिना दिशा बदल २) बायाँ मिल्दै बायाँ दिशा बदल्ला

प्रशिक्षार्थीलाई अभ्यास

क) गिन्तीका साथ लगाउनु

ख) सरासरी लगाउनु ।

ग) आफुखुसि सिक्न दिनु ।

घ) टोलीमा प्रतिस्पर्धा गराउनु ।

नोट :- दिशा बदल्दा टोली जति पंक्तीमा सामेल भएको छ गाईड त्यतिनै कदम अगाडी बढी अड्नु पर्दछ । अडेपछि प्रत्येक जवान तथा पंक्तीको बिचमा रहनु पर्ने अन्तर फासला दुरुस्त राख्नु पर्दछ । छिटो हिडाईमा दिशा बदलको काम हुदा गाईडहरुको बाहेक अरु सबैको हात हल्लाई अगाडी बढी गोडा चाल्ने काम गर्नु पर्दछ ।

<u>चल्तिमा दाहिना र बायाँ रचना बन</u>

उद्देश्य :- चल्तिमा दाहिना बायाँ " रचना बन्ने तरिका सिकाउनु हो ।

रचना :- फौजी जवान तथा अधिकृत हरुलाई सामेली गर्ने निश्चत आकार तथा सामेलिको वनावटनै रचना हो । मुख्यतया फौजिलाई ताति तथा पंक्तिमा गरि दुइ तरिकाले सामेल गर्राईन्छ ।

बयान :- साघुरो ठाउबाट खुल्ला मैदान आयोभने तातिबाट पंक्तिमा जानको लागि यो काम गरिन्छ । यसरि दाहिना वा बायाँ " रचना बन्न गाईडको रचना बदलि हुन्छ तर दिशाको बदलि हुदैन । टोलीलाई पंक्तिबाट तातिमा वा तातिबाट पंक्तिमा परिणत गर्दा टोलीको गाईड, रचना तथा दिशा सबै बदलिन्छ । उदाहरणको लागि यदि पंक्तिमा भएको टोलीलाई दाहिना वा बायाँ " फर्कने आदेश दिएमा टोलीको मोहडा दाहिना वा बायाँ " हुनका साथै त्यसको गाईडको पनि बदलि हुन्छ र रचना पनि पंक्तिबाट तातिमा परिणत हुन्छ तर टोलीको दिशामा कुनै अन्तर हुन नदिई त्यसलाई तातिबाट सोझै पंक्तिमा पनि परिणत गर्न सकिन्छ त्यसलाई कवाज खेल्दा रचना बन भन्दछन् । प्रारम्भमा सिकाउदा खडाखडिमा दुई चरण गरेर गिन्तीका साथ सिकाउनु पर्दछ ।

रचना बदल्ने काम १,२,३ वा जतिपनि तातिबाट टोली रहेको अवस्थामा गराउन सकिन्छ । यस कार्यको लागि प्रशिक्षक बाट बयानको साथै आदेश दिएर गरिन्छ । काम प्रशिक्षार्थीहरुबाट गरिन्छ सबै प्रशिक्षार्थीहरुलाई ३ तातिमा सामेल गरि राख्नुपर्दछ ।

गन्तीको साथ प्रशिक्षार्थीहरुलाई अभ्यास :- एक तातिमा "खडाखडि"

क) चरण एक .....एक तातिमा गिन्तीको साथ दाहिना रचना बन्दा, प्रशिक्षकको खडाखडिमा दाहिना रचना बन्ला दाहिना रचना.....बन आदेशमा दाहिना गाईड नचलीकन रहनुपर्दछ भने दाहिना गाईडको अरु पछाडिका जवानहरु आधा दाहिना फर्कनु पर्छ ।

ख) चरण दुई .....अड्दै अगाडी बढ्को आदेशमा सबैले दुई पटक एक दुई गिन्ती गरि गोडा चालि दाहिना गाईड एक कदम अगाडी बढि २ गिन्तीमा अड्ने अरु पछाडिका जवानहरु गाईडको दाहिने दाहिने क्रमश आ आपनो ठाउमा ४,६,८ गिन्तीमा अडि रचना बन्नुपर्दछ ।

दुई तातिमा (खडाखडि)

क) चरण एक .....दुई तातिमा गिन्तीको साथ दाहिना रचना बन्दा प्रशिक्षकको खडाखडिमा दाहिना रचना बन्ला दाहिना रचना .....बन को आदेशमा दाहिना गाईड नचलिकन रहनु पर्दछ भने दाहिना गाईडको आधा दाहिना र बायाँ तातिका सबै जवानहरु पुरा दाहिना एकसाथ फर्कनु पर्दछ ।

ख) चरण २.....अड्दै अगाडी बढ् को आदेशमा सबैले दुई पटक १,२,गिन्ती गरि गोडा चालि दाहिना गाईड र बायाँ तातिको अगाडीको जवान दुबै जना हात नहर्ल्लई दुई कदम अगाडी बढ ३ गिन्तीमा अन्य जवानहरु गाईडको दाहिना दहिना क्रमश ५,७,९ गिन्तीमा आ आफ्नो ठाउमा पुगी अडनु पर्दछ ।

तीन तातिमा (खडाखडि)

क) चरण १.....तिन तातिमा गिन्तीका साथ दाहिना रचना बन्दा प्रशिक्षकको खडाखडिमा दाहिना रचना बन्ला दाहिना रचना .....बन । को आदेशमा दाहिना गाईड अचल रहनु पर्दछ भने दाहिना गाईड को पछाडिका अरु जवानहरु आधा दाहिना तथा बाकि बायाँ पट्टिका दुबै तातिका जवानहरु पुरा दाहिना एक साथ फर्कनु पर्दछ ।

खं) चरण दुई .....अड्दै अगाडी बढ, यो आदेशमा सबै काम दुई तातिको सरह हुन्छ तर गाईडहरु तिन कदम अगाडी बढि ४ गिन्तीमा एकसाथ र अन्य जवानहरु क्रमश गाईडको दाहिना दाहिना क्रमश ६,८,१० गिन्तीमा आ आपनो ठाउमा पुगि अड्नु पर्दछ ।

यो काम साधारणतया तातिमा मात्र हुन्छ । दाहिनातर्फरचना बन्दा सबै काम दाहिना रचना बन्दाकै सरह हुनेछ । तर फरक बायाँ रचना बन्दा बायाँ को गाईडले कारबाहि गर्ने र बायाँ तर्फकाम हुन्छ । यो काम सरासरि गर्दा पनि यहि अनुसार हुनेछ । खडाखडिमा रचना बन्ने काम दुरुस्त भएपछि हर्कति अभ्यासमा सरासरि गर्ने अभ्यास गराउनु पर्दछ ।

शब्दादेश :

क) खडाखडिमा

१) खडाखडिमा दाहिना / बायाँ रचना .....बन्

२) अडेर अगाडी .....बढ्

ख) सरासरी बायाँ मिल्दै रचना बन्ला

१) बायाँ मिल्दै रचना बन्ला , दाहिना रचना बन्

२) दाहिना मिल्दै बायाँ रचना बन्ला बायाँ रचना बन्

नोट : रचना बन्दा टोली जति तातिमा छ गाईड त्यतिनै कदम अगाडी बढि अड्नु पर्दछ । अडेपछि प्रत्येक जवान पंक्तिको नियमित फासला तथा अन्तर कायम राख्नुपर्दछ । यदि सरासरीमा काम गराईएको भए गोडा चालि रहनु पर्दछ ।

दिशा बदल्दा र रचना बन्दा निम्न फरकहरु हुन्छन्.

दिशा बदल्दा	रचना बन्दा
क) पंक्तिबाट दिशा बदलिन्छ	क) रचनामा तातिबाट रचना
ख) दिशा परिवर्तन हुन्छ	ख) दिशा समान रहन्छ
ग)टोलीको बनावट परिवर्तन हुदैन पंक्तिबाट पंक्तिमै जान्छ	ग) टोलीको बनावट रचना बदलिन्छ तातिबाट पंक्तीमा जान्छ ।
घ) दाहिना मिल्दै दाहिना दिशा बदलिन्छ र बायाँ मिल्दै बायाँ दिशा बदलिन्छ	घ) बायाँ मिल्दै दाहिना रचना बन्दछ र दाहिना मिल्दै बायाँ रचना बन्दछ ।

प्रशिक्षार्थीलाई अभ्यास :

क) गिन्तीका साथ लगाउनु

ख) सरासरी लगाउनु ।

ग) आफुखुसि सिक्न दिनु ।

घ) टोलीमा प्रतिस्पर्धा गराउनु ।

चल्तिमा (छिटो हिड्) मा गोडा बदल

उद्देश्य :- चल्तिमा गोडा बदल्नेको तरिका सिकाउनु हो ।

बयान :- समुहमा अगाडी मिलेर हर्कत गरिरहेको अवस्थामा अचानक एक अर्कासंग गोडा मिलेन भने चलाखिका साथा गोडा बदलि समुहसंग मिलाउनको लागि गोडा बदल्नु पर्ने हुदा प्रत्येक सुरक्षा फौजका जवानहरुले यो काम जान्नु अति आवश्यक हुन्छ ।

प्रशिक्षकको पुरा नमुना :- आदेश : अगाडी हर्कत गरिरहेको बेला गोडा बदलको आदेशमा मुखले चेक १,२,१ पुकार्दै गोडा बदलि आफ्नो हिडाईको रफ्तार कायम राख्नुपर्दछ ।

अगाडी हर्कत गरिरहेको बेला :- गिन्तीका साथ गोडा बदल्ला टोली गोडा बदल्ला टोली १ " को आदेश दिईएको छ भने दाहिना गोडालाई अगाडी चेक हान्नु बायाँ गोडालाई अगाडी हावामा देखाउनु र दाहिना हातलाई अगाडी कुमको सिधाईमा तन्काएर दिनु मुखले पुकार्नु चेक टालि एकमा हावामा देखाएको बायाँ गोडालाई त्यसै ठाउमा हानिर् इडि पञ्जा एकसाथ बैठाई राख्नु दुबै हातलाई सार्इडमा सेप्नु गिन्ती पुकार्नु १ । टोली २ को आदेशमा पछाडि भएको दाहिना गोडालाई छोटो तरिका बाट बायाँ गोडाकोइडि मा गिन्ती मिल्ने गरि एक चेक हान्ने बायाँ गोडालाई १५ इन्च माथि हावामा देखाउनु र बायाँ हातलाई पछाडी दाहिना हातलाई अगाडी तन्काउनु एकसाथ गिन्ती पुकार्नु २ । अव टोली तिनमा अगाडी बढ्नुपर्दछपर्दछ । गोडा बदल्न आदेशअनुसार दुबै गोडा बदल्न सकिन्छ ।

नोट :- सिकलाईको तवरमा मात्र गोडाबदल्न आदेश हुन्छ ।

<u>चल्तिमा दाहिना र बायाँ घुम</u>

उदेश्य : -चल्तिमा दाहिना" र बायाँ " घुम गर्ने तरिका सिकानु हो ।

बयान :- तातिमा अगाडी बढिरहेको बेला बिचमा घुम्ती बाटो आयो वा गई रहेको दिशा बदल्नु पर्यो भने दिशा बदलि तातिमा नै जानको लागि दाहिना वा बायाँ घुम्नु पर्दछ । त्यसैले हरेकले यो काम जान्नुपर्दछ ।

दाहिना वाया घुम्दा गाईडहरुले ख्याल राख्नुपर्ने कुराहरु :-

यदि दाहिना वा बायाँ गाईड सहित दाहिनाका तातिका पुरै जवानले १५ इन्च कदम काट्नु पर्दछ । बिचको गाईड र पुरै बिचको जवानले १८ इन्च कदम काटि दाहिना घुम्नु पर्दछ । बायाँ को गाईड र बायाँ को तातिका पुरै जवानले २१ इन्च कदम काट्नु पर्दछ । जस्तै ढोका लगाए जस्तै हुनुपर्दछ । बायाँ घुम्दा पनि त्यसै मुताबिक बायाँ को तातिले क्रमश १८ इन्च को कदम काटि बायाँ घुम्नु पर्दछ ।

प्रशिक्षार्थीहरुलाई अभ्यास गराउनु ।

क) गिन्तीका साथ लगाउनु

ख) सरासरी लगाउनु ।

ग) आफुखुसि सिक्न दिनु ।

घ) टोलीमा प्रतिस्पर्धा गराउनु ।

ढिलो हिड ,गोडा चाल र अड

उदेश्य :-ढिलो हिड ,गोडा चाल र अड्नेको तरिका सिकाउनु हो ।

बयान :-ढिलो हिड : - हिडाई आकर्ष बनाउनको लागि जवानहरुलाई छिटो हिड भन्दा अगाडी ढिलो हिड्न सिकाउनुपर्दछ । यसले दुवै गोडामा शरिरको सन्तुलन राख्न सिकाउछ । जस्तै सेरेमोनियल कवाज , बिभिन्न कवाज प्रतियोगिता र दिक्षान्त कवाज परेडमा मुख्य अतिथिलाई ढिलो चालबाट पनि कवाज देखाउनुपर्ने हुदा हरेकले ढिलो चालमा हिड्न जान्नु पर्दछ ।

प्रशिक्षकको पुरा नमुना : आदेश " ढिलो हिड्ला ढिलो हिड् र अड्ला अड्" ढिलो हिड र अड्नेको तरिका सरासरी नमुना देखाउनु पर्दछ ।

प्रशिक्षकको गिन्तीका साथ नमुना : आदेश : "गिन्तीको साथ ढिलो हिड्ला टोली १ को आदेशमा बायाँ गोडाको पञ्जालाई केहि तोडेर घुडालाई नखुम्चाई १२ इन्च अगाडी चट्ट निकाल्नु , यसबखत गोडाको पञ्जा अलिक बाहिर पट्टी (३ इन्च जति) र भुईतिर मोडेको तर भुईदेखि केहि माथि हुनुपर्दछ । शरिरको माथिल्लो भाग सिधा ठाडो,पाखुरा हरु सतर्कमा जस्तै राम्ररी शरिरमा टासिएको र नजर सिधा आफ्नो उचाईमा अगाडी हुनुपर्दछ । जवानहरुले भुईमा हेर्नु हुदैन । यस अवस्थामा शरिरको पुरा भार दाहिना गोडमा रहन्छ । यसै गरि दाहिना गोडा निकाल्दा शरिरको वजन बायाँ गोडामा रहन्छ । टोली २ मा अगाडी देखाएको गोडालाई १८ इन्च अगाडी इडि पञ्जा एकसाथ भुईमा राख्नु र दाहिना गोडालाई चटक्क छिटो १२ इन्च अगाडी पञ्जा तोडेर घुडालाई नखुम्च्याई हावामा निकाल्नु र गिन्ती पुकार्नु २ । टोली ३ मा अगाडी देखाएको दाहिना गोडालाई १८ इन्चमा इडि पञ्जा एकसाथ हुनेगरि भुईमा राख्नु र बायाँ गोडालाई पहिलेकै जस्तै चटक्कका साथ छिटो १२ इन्च अगाडी हावामा निकाल्नु र गिन्ती पुकार्नु ३ । एवंम रितले अगाडी बढ्नु पर्दछ । ढिलो हिडाईको गति ७० देखि ७५ कदम प्रतिमिनेट हुनुपर्दछ ।

गिन्तीको साथ अड्ने तरिका :- ढिलो हिड्ने कामबाट अडाउनु पर्दा अड्ने आदेश बायाँ गोडा भुईमा टेक्नासाथ सुरुहुन्छ र बायाँ गोडा भुईमा टेक्दा अन्त हुन्छ । टोलीले गिन्ती १ मा बायाँ गोडाले १२ इन्च अगाडी चेक हान्नु र मुखले पुकार्नू १ । टोली २ मा दाहिना गोडा १५ इन्च उचालि बायाँ गोडाकोईडिमाइडि मिल्नेगरि १,२,३ ,१ पुकार्दै भुईमा हान्नु र मुखले पुकार्नू २ । टोली ३ मा बायाँ गोडा सोहि स्थानमा १५ इन्च उचालि दाहिना गोडाको ईडिमा इडि मिल्ने गरि १,२,१,३,१ पुकार्दे भुईमा हान्दै अड्नु र मुखले पुकार्नु ३ । यतिखेर शरिर सतर्क पोजिशनको अवस्थामा हुनुपर्दछ ।

ढिलो चालमा गोडा चाल्ने तरिका : आदेशः"ढिलो चालमा गोडा चाल्ला गोडा चाल" को आदेशमा सरासरि गोडा चालेर नमुना देखाउनु ।

प्रशिक्षकको गिन्तीका साथ नमुना :- प्रशिक्षकले गिन्तीको साथ गोडा चाल्ला टोली १ को आदेशमा बायाँ गोडालाई १५ इन्च माथि उठाईत्यसै ठाउमा हान्नु र मुखले पुकार्नु १ टोली २ मा गिन्ती २,३ मुखले मात्र पुकार्नु कुनै हर्कत नगर्नु । यसरि हावामा २,३ थाम्दै पुनः गिन्ती १ मा दाहिना गोडालाई १५ इन्च माथि उठाईत्यसै स्थानमा हान्नु एवंम् रितले १,२,३,१ पुकार्दै लगातार ठाउकै ठाउमा गोडाचाल्नु पर्दछ ।

शब्दादेश : क) ढिलो .....हिड्
ख) गोडा .....चाल
ग) अगाडी .....बढ

घ) टोली .....अड्

प्रशिक्षार्थीहरुलाई अभ्यास :

क) गिन्तीका साथ बयान गर्दै लगाउनु

ख) सरासरी लगाउनु ।

ग) आफुखुसि सिक्न दिनु ।

घ) टोलीमा प्रतिस्पर्धा गराउनु ।

नोट : ढिलोमा गोडा चाल भन्ने आदेश खडाखडिमानै हुन्छ । गिन्ती १ मा बायाँ र गिन्ती २ मा दाहिना गोडा त्यसै जग्गामा चाल्नर्ुपर्दछ । २,३ गिन्ती सम्म जमिनमा गोडा राख्नु र १,१ गिन्तीमा छिटो गोडा उठाईभुईमा हान्नु पर्दछ ।

<u>ढिलोमा दाहिना बायाँ र पुरा फर्क</u>

उदेश्य : ढिलोमा दाहिना बायाँ र पुरा फर्कने तरिका सिकाउनु हो ।

बयान : सेरेमोनियल कवाज दिक्षान्त परेड कवाज र बिभिन्न प्रतियोगितामा कवाज देखाउदा तातिबाट पंक्तिमा र पंक्ती बाट तातिमा जानको लागि दाहिना बायाँ फर्क गरिन्छ । त्यस्तै ढिलो हिड्दा हिडदै तोकिएको स्थानमा पुगपछि फेरी पहिलेकै ठाउमा आई पुग्नको लागि पुरा फर्कनुपर्दछ । त्यसैले यो काम जान्न आवश्यक छ ।

प्रशिक्षकको पुरा नमुना दाहिना बायाँ फर्कने तरिका :

आदेश ढिलो चालमा मार्च भईरहेको बेला दाहिना मोहडा गर्ला दाहिना फर्क सरासरी नमुना देखाउनु ।

प्रशिक्षकको गिन्तीका साथ नमुना ढिलो चालमा मार्च भईरहेको बेला गिन्तीको साथ दाहिना फर्कला टोली चेकको आदेशमा अगाडी देखाईएको दाहिना गोडालाई १२ इन्च अगाडी भुईमा हान्नु र मुखले पुकार्नु चेक । टोली १ मा बायाँ गोडालाई १५ इन्च माथि उठाईदाहिना गोडाको नोखको अगाडी बायाँ गोडाको पैतालाको बिचमा पर्ने गरि त् आकारले हान्नु र दाहिना गोडा चटक्कका साथ तन्काएर १२ इन्चमा देखाई राख्नु गिन्ती पुकार्नु १ यतिबेला मुन्टोले दाहिना हेरेको हुनुपर्दछ । टोली २ मा अगाडी १२ इन्चमा देखाई राखेको दाहिना गोडा १५ इन्चमा टेक्नुबायाँ गोडा उसै मुताबिक १२ इन्चमा देखाउनु र गिन्ती पुकार्नु २ एवंम रितले बायाँ गोडामा १ र दाहिना गोडमा २ पुकार्दै अगाडी बढ्नुपर्दछपर्दछ ।

ढिलो चालमा बायाँ फर्कने तरिका :- ढिलो चालमा दाहिना फर्कीनलाई बायाँ गोडामा आदेश गरि दाहिना गोडमा अन्त हुन्छ । दाहिना गोडाले आगडी चेक हानि माथि बताए अनुसार दाहिना फर्कनु पर्दछ त्यस्तै ढिलो चालमा बायाँ फर्कनको लागि दाहिना गोडामा आदेश शुरु हुन्छ र बायाँ गोडामा अन्त्य हुन्छ । त्यहि बायाँ गोडाले चेक हान्नु दाहिना गोडाले बायाँ गोडाको नोक अगाडी त् आकारले हान्नु बायाँ गोडा चटक्कका साथ अगाडी १२ इन्चमा गोडा तन्काएर देखाउनु एवंम रितले अगाडी बढ्नुपर्दछपर्दछ ।

ढिलो चालमा पुरा फर्कनेको तरिका प्रशिक्षकको पुरा नमुना :- आदेश "ढिलो हिड्ला ढिलो हिड् " पछाडि मोहडा गर्ला पुरा फर्क " सरासरी नमुना देखाउनु ।

प्रशिक्षकको गिन्तीका साथ नमुना :- ढिलो चालमा अगाडी हर्कत गरिरहको बेला बायाँ गोडामा आदेश सुरु हुन्छ । दाहिना गोडा अगाडी बढ्दा आदेश अन्त्य हुन्छ । गिन्तीका साथ पुरा फर्कला टोली चेक मा

दाहिना गोडालाईर् इडि पञ्जा एकसाथ १२ इन्च अगाडी जमिनमा राखिदिनु र मुखले चेक पुकार्नु पर्दछ । यतिबेला बायाँ गोडाकोइडि केहि उठेको हुनुपर्दछ । अरु हर्कत गर्नुहुदैन टोली १ को आदेशमा बायाँ गोडालाई गोलाकारको रुपमा उठाईदाहिना गोडाको बुटको नोखको अगाडी T आकारले हान्नु र गिन्ती पुकार्नु १ । टोली २ मा दाहिना गोडालाई १५ इन्च माथि उठाईबायाँ गोडाकोइडीमार् इडि पर्ने गरि ९० डिग्री कभर गरि भुईमा हान्नु । गिन्ती पुकार्नु २ यति बेला शरिर १३५ डिग्रिमा दाहिना गोडाले १८० डिग्रि कभर गरेको हुनुपर्दछ । टोली ३ मा बायाँ गोडालाई १५ इन्च माथि उठाईदाहिना गोडाकोइडिमा पर्ने गरि हान्नु । दाहिना गोडा चटक्कका साथ तन्काएर अगाडी १२ इन्चमा देखाउनु र गिन्ती पुकार्नु ३ । टोली ४ मा अगाडी देखाई राखेको दाहिना गोडालाई १८ इन्च अगाडी टेक्नु ,बायाँ गोडालाई १२ इन्च अगाडी देखाई राख्नु र गिन्ती पुकार्नु ४ । यसै गरि बायाँ गोडामा एक र दाहिना गोडामा २ गिन्ती पुकार्दै हिडाईको रफ्तार कायम राख्नु ।

प्रशिक्षार्थीहरुलाई अभ्यास :

क) गिन्तीका साथ बयान गर्दै लगाउनु

ख) सरासरी लगाउनु ।

ग) आफुखुसि सिक्न दिनु ।

घ) टोलीमा प्रतिस्पर्धा गराउनु ।

नोट : तोकिएको डिग्री अनुसार प्रशिक्षार्थीहरुले ठिक पोजिशनमा फर्किन सक्छ कि सक्दैन एकिन गर्नु ।

<u>ढिलो चालमा पंक्ति खोल र खाप</u>

उदेश्य : ढिलो चालमा पंक्ति खोल र खाप गर्ने तरिका सिकाउनु हो ।

बयान : कवाज मिल्दा दाहिना बायाँ को ड्रेसिङ्ग अगाडीको कभर हुने गरि मिल्नुपर्दछ । ड्रेसिङ्ग कभर र बिचको ग्याप मिलाउनको लागि पंक्ति खोल र खाप गरिन्छ । त्यस्तै कवाज खेलाउदा भि.आई.पि.हरुलाई सलामि दिन पनि पंक्ति खोलिन्छ । र सलामी दिईसकेपछि खाप गरिन्छ । त्यस्तै यो काम पनि जान्न आवश्यक छ ।

<u>ढिलो चाल पंक्ति खोल र खाप :</u> आदेश : "छिटोबाट ढिलो हिड्ला ढिलो हिड् " छिटो चालबाट ढिलो चालमा हिडाउनको लागि बायाँ गोडामा आदेश दिनुपर्दछ । यसै कामको सरासरि नमुना दिनु ।

गिन्तीका साथ पंक्ति खोल र खापको नमुना : प्रशिक्षकले गिन्तीका साथ पंक्ति खोल र खापको नमुना देखाउनु।

गिन्तीका साथ पंक्ति खोल र खाप ३ पंक्तिमा ढिलो चालबाट अगाडी हर्कत गरिरहेको पंक्तिलाई पंक्ति खोल भन्ने आदेश हुन्छ भने अगाडीको पंक्तिले हिडाईको रफ्तार कायम राख्ने बिचको पंक्तिले दाहिना गोडाकाले चेक हानि १,२ गिन्ती गरि २ पटक एउटै स्थानमा गोडा चालि अगाडी बढ्नु र पछाडिको पंक्तिले त्यसै स्थानमा दाहिना गोडाले चेक हानि १,२,३,४ हानि ४ पटक गोडा चालि अगाडी बढ्नुपर्दछपर्दछ । पंक्ति खापमा कारबाहि माथिकै सरह हुनेछ तर फरक यो छ कि अगाडीको पंक्तिले १,२,३,४ गिन्ती गरि ४ पटक त्यसै स्थानमा गोडा चालि अगाडी बढ्नु, बिचको पंक्तिले उसै मुताबिक २ पटक गोडा चाल्नु र पछाडिको पंक्तिले सरासर हिडाइ जारि राख्ाु पर्दछ ।

प्रशिक्षार्थीहरुलाई अभ्यास गराउनु

क) गिन्तीका साथ बयान गर्दे लगाउनु

ख) सरासरी लगाउनु ।

ग) आफुखुसि सिक्न दिनु ।

घ) टोलीमा प्रतिस्पर्धा गराउनु ।

<u>ढिलो चालबाट छिटो चाल</u>

उदेश्य :-ढिलो चालबाट छिटो चालमा र छिटो चालबाट ढिलो चालमा बदलि गर्ने तरिका सिकाउनु हो ।

बयान : दिक्षान्त कवाज परेड ,कवाज प्रतियोगिता ,सम्मान ,कवाज देखाउदा छिटो चालबाट ढिलो चालमा र ढिलो चालबाट छिटो चालमा बदलि गर्नुपर्ने हुदा हरेकले बदलि गर्न जानेको हुनुपर्दछ ।

प्रशिक्षकको पुरा नमुना :- आदेश "छिटो बाट ढिलो हिड " छिटो चलाबाट ढिलो चालमा हिडाउनको लागि बायाँ गोडामा आदेश दिनुपर्दछ । यसै कामको सरासरि नमुना दिनु ।

ढिलो चालबाट छिटो चालमा हिड्नु - प्रशिक्षकको पुरा नमुना) आदेश : "ढिलोबाट छिटो हिड्ला " यो आदेश बायाँ गोडा जमिनमा टेक्दा हुन्छ दाहिना गोडा हावामा हुन्छ । अव दाहिना गोडाले चेक हान्नु र बायाँ गोडा चटक्कका साथ अगाडी निकाल्नु साथै बगलमा च्यापिराखेको बायाँ हातलाई पछाडितर्फदाहिनालाई अगाडी सिकाएको तरिकाले निकाली छिटो हिड्नुपर्दछ।

प्रशिक्षकको गिन्तीको साथ नमुना : ढिलो चालमा मार्च भईरहेको बेला गिन्तीको साथ ढिलो चालबाट छिटो चालमा जादा टोली १ मा दाहिना गोडालाई १५ इन्च अगाडी लगेर टेक्नु र बायाँ गोडालाई तन्काएर १५ इन्चमा इडिले हान्नु दाहिना र बायाँ हातलाई अगाडी र पछाडिको स्वीङ्ग दिनु र मुखले पुकार्नु १ । अव टोली २ को आदेशमा दाहिना गोडालाई १५ इन्च अगाडी इडिले हान्नु हातको बदलि गरि स्वीङ्ग दिनु एवंम् रितले एक २ गिन्ती गर्दै हिडाईको रफ्तारलाई कायम राख्नुपर्दछ ।

छिटो चालबाट ढिलो चालमा हिड्नु : छिटो चालमा मार्च भईरहेको बेला गिन्तीको साथ ढिलो चालमा जाला टोली १ मा दाहिना गोडालाई चेक हान्नु हातलाई बगलामा सेप्नु र बायाँ गोडालाई पञ्जा तोडि अगाडी १२ इन्चमा देखाई राख्नु गिन्ती पुकार्नु १ । अव टोली २ मा १२ इन्चमा देखाएको बायाँ गोडालाई १५ इन्चमा लगेर टेक्नु उसै मुताबिक दाहिना गोडाको पञ्जा अगाडी देखाउनु गिन्ती पुकार्नु २ एवंम रितले ढिलो चालको हिडाईको रफ्तार कायम राख्नुनपर्दछ । छिटोबाट ढिलो हिड्नुपर्दा पनि आदेश बायाँ गोडामा नै दिनुपर्दछ ।

प्रशिक्षार्थीहरुलाई अभ्यास गराउनु

क) गिन्तीका साथ बयान गर्दै लगाउनु ख) सरासरी लगाउनु ।

ग) आफुखुसि सिक्न दिनु । घ)टोलीमा प्रतिस्पर्धा गराउनु ।

<u>ढिलो चालमा गोडा बदल</u>

उदेश्य : ढिलो चालमा गोडा बदल्ने तरिका सिकाउनु हो ।

बयान : ढिलो चालबाट कवाज देखाईरहेको अवस्थामा अचानक समुहमा एक अर्कासंग गोडा नमिलेमा चलाखिका साथ गोडा बदलि मिलाउन जान्न पर्दछ ।

प्रशिक्षकको पुरा नमुना : ढिलोमा गोडा बदल : आदेश : "ढिलो चालमा गोडा बदल्दा गोडा बदल " को आदेशमा प्रशिक्षकहरुको सरासरी नमुना देखाउनु ।

प्रशिक्षकको गिन्तीको साथ नमुना : ढिलो चालमा अगाडी हर्कत गरिरहेको अवस्थामा गिन्तीको साथ गोडा बदल्दा टोली १ मा दाहिना गोडा जमिनमा टेक्नु बायाँ गोडालाई १२ इन्च अगाडी हावामा राखिदिनु । टोली २ अगाडी देखाएको बायाँ गोडालाई त्यसै ठाउमा चेक हान्नु र्रर् इडि पञ्जा एकसाथ भुईमा टेक्नु । दाहिना गोडाले बायाँ गोडकोर् ईडिमाइडि मिल्नेगरि हान्नु र बायाँ गोडा नै अगाडी बढाई हिडाईको रफ्तार कायम राख्नु यो काम गर्दा आदेशअनुसार दुबै गोडाले चेक हानि बदल्न सकिन्छ ।

प्रशिक्षार्थीहरुलाई अभ्यास गराउनु

क) गिन्तीका साथ बयान गर्दै लगाउनु

ख) सरासरी लगाउनु ।

ग) आफुखुसि सिक्न दिनु ।

घ) टोलीमा प्रतिस्पर्धा गराउनु ।

नोट : गोडा बदलको आदेश हुदैन् आफ से आफ बदल्नुपर्दछ तर सिक्लाईको तवरमा मात्र आदेश दिई बदलिन्छ ।

निर्देशक सामेल हुने तरिका

उदेश्य : निर्देशक सामेल हुनेको तरिका सिकाउनु हो ।

बयान : बिहान कवाजमा सामेल हुदा गुल्म वा गण हेक्वाले आपनो सेमु वा गुल्म बिचको ग्याप लाई ड्रेसिङ्ग र अगाडीको कभर मिलाउनको लागि निर्देशक सामेल गर्नुपर्दछ ।

प्रशिक्षक वा टोली नेताको काम :- प्रशिक्षक वा टोली नेता आफ्नो टोलीको बिचौबिच १८ कदम अगाडी रोकिई टोली तर्फफर्कनु र आदेश दिनु " दाहिना जवान निर्देशकमा आउला "अब दाहिना जवानहरु मात्र आफ्से आफ नचल हुनु र सतर्क भई गोडा फाट्नु पर्दछ । दोस्रो आदेश " निर्देशक सामेल " दाहिना गाईड सतर्क भई १४ कदम अगाडी बढ्नु र १५ र १६ मा सोहि स्थानमा गोडा चालि अड्नु पर्दछ । त्यसपछि कमाण्डरले निर्देशकलाई बायाँ फर्काउने र आफु पनि बायाँ फर्किई निर्देशक अगाडी गई अड्ने र पोशाक चेक गर्ने। निरिक्षण पश्चात निर्देशकलाई दाहिना फर्काउने र आफु बिचमा गई टोली तर्फ फर्कने पि.टी कवाज नचल आदेशमा सबै जवानहरु नचल पोजिशनमा बस्नु र दाहिनाको तिन जना निर्देशकले गोडा फाट्नु "निर्देशकलाई दाहिना पार्दै तिन तातिमा सामेल " भन्ने आदेशमा निर्देशक सतर्क हुने बाकि जवान सतर्कभई आ आफ्नो गाईडलाई दाहिना पारेर १४ कदम अगाडी आई १५/१६ कदममा हल्ट हुनु। त्यसपछि कमाण्डरको, फासलामा दाहीना मिल भन्ने आदेशमा दाहीनाको३ निर्देशक दाहीना फर्कि ४ कदम अगाडी गई ५,६ सोही ठाउंमा हानी अड्ने र पुरा फर्केर बस्ने। यतिबेला टोली त्यसै ठाउंमा १,२ गोडा हानी दाहीन हेरी बस्ने। अगाडीको पंक्तिले दाहीना हात कुमको लाईनमा दाहीना तर्फ उठाउने। त्यसपछि कमाण्डरले निर्देशक बाहेक टोलीको दाहीनाबाट क्रमैसंग निरिक्षण गर्ने । कमाण्डर आफ्नो अगाडी पुग्दा टोलीले सिधा हर्ने हात झार्ने, दोस्रोमा पुग्दा पुनः पहिलाको जस्तैगरी बस्ने। सोही मुताबिक कमाण्डर

अन्तिम ब्यक्तिमा पुगी निरिक्षण गरिसके पश्चात ४ कदम दाहीना गई बायाँ फर्केर बस्ने। त्यसपछि दाहीनामा भएका ३ निर्देशकले पालैपालो पहिलो पक्ति , दोस्रो पक्ति र अन्तिम पक्ति नजल भनि आदेश दिनेर पहिलो निर्देशकको सिधा हेर भन्ने आदेशमा टोलीले सिधा हर्ने, ३ निर्देशक ४ कदम अगाडी आई ५ र ६ सोही ठाउंमा हानी अड्ने र दाहीना फर्कि बस्ने। कमाण्डर सिधा टोलीको बिचमा गई बिचबाट बायाँ घुमी पहिलाको ठाउंमा गई टोली तर्फ फर्केर बस्ने।

निर्देशक बोलाउदा ध्यान राख्नुपर्ने कुराहरु :

क) पत्तिदेखि गुल्म तहसम्म निर्देशक सामेल भन्ने आदेश गरिन्छ ।

ख) गुल्म देखि गणसम्म निर्देशक जग्गा लि भन्ने आदेश गरिन्छ ।

हतियारका साथ कवाज

परिचय

खालि हातमा होस वा हतियारका साथ, सबै कवाज एउटै हो तापनि प्रमुख अतिथिलाई सेरेमोनियल परेडहरुमा सलामि दिनको लागि ठुला ठुला उत्सवहरु मनाउनु परेमा लडाई जितेर आएपछि , सोक मनाउनु परेमा साथै क्वार्टर गार्डमा प्रमुख अतिथीहरु गएको खण्डमा सलामि दिनको लागि हतियारका साथ कवाजको आवश्यकता पर्दछ ।

सुरक्षा फौजमा हतियारका साथ कवाज प्राय राईफल संग हुन्छ । हतियारका साथ कवाज सिकाउनुभन्दा पहिला जवानहरुलाई आफ्नो हतियारको सुरक्षा र सरसफाईको बारेमा सिकाउनुपर्दछ ।

हतियार हर हमेशा सफा र मौकामा राम्रो काम दिने हालतमा हुनु पर्दछ । सुरक्षा फौजमा सबैभन्दा बिश्वसनिय साथी नै हतियार हो । अत : हतियारलाई दैनिक ,साप्ताहिक ,मासिक ,र गोलि हानि सकेपछि सफाई गर्नुपर्दछ । जति हतियार सफा सुग्घर र सुरक्षित हुन्छ त्यतिनै राम्रो निशाना हान्न सकिन्छ ।

राईफल धातु र काठ बाट बनेको हतियार हुनाले यसलाई राम्रोसंग हिफाजत गरि राख्नुपर्दछ । हतियारलाई आगो पानि र लापरबाहि बाट हुने हानि बाट सुरक्षीत **राख्नुपर्दछ** ।

हतियारका साथ कवाज खेल्दा ध्यान राख्नुपर्ने कुराहरु :

क) राईफलको बट पिलेट जमिनमा नथेचार्नु

ख) म्यागजिनलाई कडा वा नोकदारी चिजले नहान्नु ।

ग) कवाज खेल्दा कुनैपनि स्क्रुलाई ढिला नगर्नू

घ) लामो लामो रुटमार्चमा लर्का सशस्त्रमा नदौडिनु ।

ङ) भारतिय एस.एल आरको क्यारि ह्याण्डल कमजोर भएकोले लर्काशस्त्र कम गर्नु

च) चालवाला पुर्जा कम चालु गर्नु ।

छ) पानी पर्दा बचाउ शस्त्र गर्नु

ज) हतियारलाई सुरक्षीत साथ लियर हिड्नु ।

झ) राईफल एक अर्कालाई दिदा लिदा चेक गरि लिनर्ुपर्दछ ।

ञ) हतियार आफ्नो नम्वरको हो भनि एकिन गर्नु ।

ट) कवाज सुरु हुनुभन्दा पहिला हतियार निरिक्षण गर्नु ।

ठ) हर हमेशा क्यारि ह्याण्डलको बचाउ गर्नु

ड) हतियारको दैनिक सफाई गर्नु ।

ढं) हतियार भुई शस्त्र गर्दा हावाको विपरीत मोजल फर्काउनु ।

राईफल लिने तरिका :

क) अंग शस्त्र

ख) अर्पण शस्त्र

ग) भिर शस्त्र

घ) कांध शस्त्र

ङ) छड्के शस्त्र

मरुवा गाडमा हतियारको काम :

क) उल्टो शस्त्र

ख) बदल शस्त्र

ग) भिर शस्त्र

घ) लर्का शस्त्र

ङ) अर्पण शस्त्र

च) शोक शस्त्र

<u>नचल, सतर्क, गोडाफाट र बिश्राम</u>

उदेश्य : हतियरका साथ नचल , सतर्क गोडाफाट र बिश्राम गर्ने तरिका सिकाउनु हो ।

बयान :- कक्षा वा परेड संचालन भईरहेको बेलामा पशिक्षार्थीहरुले बाहिर गएको ध्यानलाई आफु तर्फ आकर्सित गर्नको लागि नचल गर्राईन्छ बिभिन्न कामको लागि सामेल गर्राई दिक्षान्त कवाजको बेला तथा बिभिन्न प्रतियोगिताहरुमा हतियारसहित गोडा फाट र र्सतक गर्नुपर्ने हुदा गोडा फाट र सतर्क गर्ने तरिका जानेको हुनुपर्दछ । त्यस्तै सुरक्षा फौजमा अनुशासनको बढि महत्व भएकोले आफुभन्दा माथिल्लो कमाण्डरको अगाडी सतर्क हुनुपर्दछ र काम सकिएपछि वा कमाण्डरको आदेश भएपछि गोडाफाट गर्नुपर्दछ । हामीहरु नचल पोजिशनमा मात्र बस्न सकिदैन । काम सकिएपछि केहि क्षणको लागि आराम दिनुपर्दा बिश्राम दिनुपर्दछ यतिवेला प्रशिक्षकले आफ्नो हतियारको सिलीङ्ग उतार्नको साथै प्रशिक्षार्थी टोलीलाई पनि सिलिङ्ग उतार्न लगाउनुको साथै डिलको समयमा परेडमा आउने राईफलको पुर्जाको नाम बताउनु । आखिरिमा कवाजको लागि सिलिङ्ग लगाउने तरिका बताउनु ।

नचल :

यसको लागि आदेश "नचल" हुन्छ मेरो लागि आदेश नचल यतिबेला सम्पूर्ण कारबाहि खालि हात सरह हो तर यसमा हतियार दाहिना हातले फ्रन्ट ह्याण्ड गार्डमा चार औला बाहिरतर्फाट र बुढिऔला भित्रतर्फाट सलामीको रुपमा समाउनु र दाहिना गोडको बुटको सिउनुको लाईनमा राईफलको टो बट राख्ने र ६०

डिग्रिको कोणमा राईफललाई घोक्राउने र दाहिना कुम एक सिधाईमा होस यतिबेला हतियारको पुरा वजन टो बटमा हुनुपर्दछ ।

र्सतक :

क) प्रशिक्षकको सरासरि नमुना : मेरो लागि आदेश " सतर्कमा आउला सतर्क " गोडा फाट्ला गोडा फाट"

ख) प्रशिक्षकका लागि गिन्तीका साथ नमुना : नचल पोजिशनमा बसिरहेको बेला गिन्तीको साथ सतर्कमा आउला टोली १ को आदेशमा केवल बायाँ गोडालाई मात्र बाकसको आकारमा १५ इन्ची माथि उठाईराख्नु र मुखले पुकार्नु १ यतिबेला कुनैपनि शरिरको हर्कत गर्नु हुदैन । टोली २ को आदेशमा १५ इन्च माथि उर्ठाईराखेको बायाँ गोडालाईर् इडिपञ्जा एकसाथ पर्ने गरि दाहिना गोडामा मिलाउनु । दाहिना हातले राईफललाई दाहिना बगलमा सेप्नु र मुखले पुकार्नु २ यति बेला राईफलको फ्रन्ट साईडको ब्राकेटले काखिमुनि छोएको हुनुपर्दछ । र्सतक पोजिशनमा हुनुपर्ने अन्य कुराहरु सबै खालिहात सरह नै हुन्छ ।

सतर्क पोजिशनमा हुनुपर्ने गुणहरु

१) दुबै गोडाकोइडि जोडिएको
२) दुबै गोडाको पञ्जा १५/१५ डिग्रि ३० डिग्रि कभर गरेको
३) घुडाको पांग्रा माथि सुर्केको
४) पुठा कसेको
५) पेट दबेको
६) कम्मर दह्रो
७) छाति फुकेको
८) चिउडी दबेको
९) मुख बन्द गरेको
१०) आखाले उचाईअनुसार सिधा हेरेको
११) दुबै कुम पछाडि र केही तल ।
१२) दाहिना हातले राईफललाई सलामीको रुपमा समातेको ।
१३) हात बगलमा सेपेको ।
१४) राईफलको ब्यारलले काखिमुनि छोएको ।

आदेश

"गोडा फाट " प्रशिक्षकको सरासरी नमुना : मेरो लागि आदेश गोडा फाट्ला गोडा फाट

(प्रशिक्षकको गिन्तीको साथ नमुना) - सतर्कमा बसिरहेको बेला " गिन्तीको साथ गोडा फाट्ला टोली १" को आदेशमा बायाँ गोडालाई १५ इन्च माथि उठाईराख्ने र मुखले पुकार्ने एक यतिबेला अरु शरिरको हर्कत नगर्नु । टोली २ को आदेशमा १५ इन्च माथि उठाई राखेको बायाँ गोडालाई दाहिना गोडाको इडिबाट १५ इन्च बायाँ तर्फईडि पंञ्जा एकसाथ जमिनमा बजार्नु , दाहिना हातले राईफलको मोजल छिटो गरि ६० डिग्रीमा पर्ने गरि अगाडी घोक्राईदिनु र मुखले पुकार्नु २ । यतिबेला दाहिना पाखुरा सिधा तन्केको

र कुहिना देखि माथिको भागलाई शरिरमा सटाएको तथा कुम नझुकाई सिधा हुनुपर्दछ । बायाँ हात बगलमा सेपिएको हुनुपर्दछ । यतिबेला बटलाई सार्नु वा राईफललाई दहिना बायाँ हल्लीन दिनु हुदैन ।

बिश्राम

आदेश " बिश्राम " - -प्रशिक्षकको सरासरी नमुना) जव बिश्रामको आदेश आउछ भने हतियार त्यसै हालतमा राख्ने शरिरको कम्मर भन्दा माथिको भाग मात्र केहि खुकुलो पार्ने

प्रशिक्षार्थीहरुलाई काम ।

क) गिन्तीका साथ बयान गर्दे लगाउनु

ख) सरासरि लगाउनु ।

ग) आफुखुसि सिक्न दिनु ।

घ) टोलीमा प्रतिस्पर्धा गराउनु ।

मिजरिङ्ग स्टिकको प्रयोग गरि कवाजलाई स्तरयुक्त बनाउने ।

निरिक्षणको लागि जांच शस्त्र र शाथ शस्त्र

उदेश्य :-हतियार निरिक्षणको लागि जाच शस्त्र र साथ शस्त्र गर्नेको तरिका सिकाउनु हो ।

बयान :जब कुनैपनि हतियार हात पर्छ भने सुरक्षाको लागी निरीक्षण गर्नुपर्दछ । हतियार निरीक्षण भई सकेपछी चालवाला पर्जा अगाडी गरी साथ श्स्त्र गरेपछी मात्र कक्षा संचालन गर्नुपर्दछ ।

हतियार निरीक्षण गर्नु पर्ने अवस्थाहरु

क. कुनै पनी हतियार हात पर्छ भने ।

ख. कोतबाट हतियार झिक्दा र राख्दा ।

ग. कुनै पनि हतियार कवाज शुरु हुनु भन्दा पहिला र पछी ।

घ. लामो लामो रुट मार्च जादा र आएपछी ।

ङ. फायरिङ्गमा जानु भन्दा पहिला र सकिएपछी ।

च. नाईट मार्चमा जानु भन्दा पहिला र आएपछी ।

छ. एक अर्कोले हतियार लिंदा दिंदा ।

प्रशिक्षकको गिन्तीको साथ नमुना :- सतर्कमा बसिरहेको बेलामा गिन्तीका साथ निरिक्षणको लागि जाचशस्त्र गर्ला टोली १ को आदेशमा दाहिना हातले राईफललाई ६० डिग्रीको एङ्गलमा अगाडी र माथितर्फफालिदिनु माथि गईरहेको राईफललाई बिचैमा बायाँ हातले २ हिस्सा पारि फ्रन्ट ह्याण्ड गार्डको आखिरि भागमा समाउनु दाहिना हातले तिन हिस्सा पारि पेस्तोन ग्रिपममा समाउनु यस बेल चोरि औला टेगर गार्ड बाहिर हुनुपर्दछ बायाँ गोडा १५ इन्च माथि उठाईदाहिना गोडाको इडिको १२ इन्च बायाँ र चार इन्च अगाडी तर्फ ईडि पञ्जा एकसाथ जमिनमा राखिदिनु र मुखले पुकार्नू १ । यतिबेला राईफलको बट र दाहिना हातको कुहिना समान हुनुपर्दछ राईफल ६० डिग्रिको एङ्गलमा हुनुपर्दछ ।

अरु बांकी पोजिशन सतर्क पोजिशन सरह हुनुपर्दछ । टोली २ को आदेशमा फ्रन्ट हृयाण्ड गार्डमा समाति राखेको बायाँ हातले पाच औला जमाई ककिङ्ग हृयाण्डलमा हान्नु र मुखले पुकार्नु २ । टोली ३ को आदेशमा बायाँ हातले ककिङ्ग हृयाण्डललाई खडा पार्नु र मुखले पुकार्नु ३ टोली ४ को आदेशमा बायाँ हातले ककिङ्ग हृयाण्डललाई पुरा आफुतर्फतान्नु र मुखले पुकार्नु ४ । यतिबेला अरु शरिरको हर्कत नगर्नु टोली ५ को आदेशमा बायाँ हातको सईलि औलाले तल तर्फाट होल्डिङ्ग ओपनिङ्ग क्याचलाई माथि तर्फ घचेडिदिनु अर्थात खिचिदिनु र मुखले पुकार्नु ५ । टोली ६ को आदेशमा ककिङ्ग हृयाण्डललाई अगाडी बैठाई दिनु र मुखले पुकार्नु ६ । यतिबेला बायाँ हातको पांच औला जमाएर सलामिको रुपको रुपमा दिनु टोली ७ को आदेशमा दाहिना हातले फ्रन्ट हृयाण्ड गार्डमा तलको तर्फाट तिन हिस्सा पारि समाउनु र मुखले पुकार्नु ७ । आठ गिन्तीमा राईफललाई बायाँ तर्फढल्काई च्याम्बरमा हेर्नु मुखले पुकार्नु ८ गिन्ती ९ मा राईफललाई सिधा पार्नु मुखले पुकार्नु ९ ।

जव हतियार जाच्न प्रशिक्षक अगाडी आउछ भने प्रशिक्षकले ब्यारलमा समाउनु र प्रशिक्षार्थीले दाहिना हातले इजेक्सन वे मा चार औला म्यागजिन तर्फबुढि औला बृजको अगाडी पर्ने गरि एकसाथ राख्नुपर्दछ ताकि ब्यारलको सिधाईमा बुढि औलाको नङ परोस । अव प्रशिक्षकले च्याम्वर चेक गर्न आउछ भने दाहिना हातले पेस्तोन ग्रिप समाउनु बायाँ हात पुरा तन्काएर्रर् इजेक्सन वे अकासतर्फपर्ने गरि तन्काईदिनु यतिबेला दाहिना हातको कुहिना छुटाउनु हुदैन । निरिक्षण भईसकेपछि पहिलाकै पोजिशनमा ल्याउनु । चालवाला पुजा अगाडी गर गिन्तीका साथ चालवाला पुजा अगाडी गर्ला टोली १ को आदेशमा बायाँ हातले ककिङ्ग हृयाण्डलमा समात्नु र मुखले पुकार्नु १ यतिबेला बायाँ हातको औला सलामीको रुपमा हुनपर्दछ । टोली २ को आदेशमा बायाँ हातले ककिङ्ग हृयाण्डललाई पुरा आफु तर्फ तान्ने र मुखले पुकार्नु २ । टोली ३ मा अगाडी छोडि दिने र मुखले पुकार्नु ३ यतिबेला बायाँ हातको औला जमाएर सलामिको रुपमा हुनुपर्दछ । टोली ४ मा बायाँ हातले तलबाट फ्रन्ट हृयाण्ड गार्डमा समाउने र मुखले पुकार्नु चार, टोली ५ मा बायाँ हातको बुढि औलाले सेफ्टी क्याचलाई आर पोजिशनमा लगाउने,दाहिना हातको कलमी औलाले ट्रेगर दवाउने र मुखले पुकार्नु ५ गिन्ती ६ मा आरमा भएको सेफ्टी क्याचलाई एस पोजिशनमा लगाउनु र मुखले पुकार्नु ६ ।

<u>साथ शस्त्र</u>

" गिन्तिका साथ साथ शस्त्र गर्ला टोली १" को आदेशमा पेस्तोन ग्रिपमा समाति राखेको दाहिना हातले बायाँ हात भन्दा माथि फ्रन्ट हृयाण्ड गार्डमा समाउनु । यतिबेला दुबै हात तन्कीएको हुनुपर्दछ। राईफल पहिलेकै पोजिशनमा हुनुपर्दछ । टोली २ मा दाहिना हातले राईफललाई दाहिनातर्फर्साईडमा ल्याउने बायाँ हात कम्मर पेटीको लाईनबाट फोर र्साईडमा समाउने । त्यतिबेला राईफलको बट जमिनबाट केहि माथि अन्दाजी १ देखि र्२र् इन्च माथि हुनुपर्दछ । टोली ३ को आदेशमा बायाँ हात छिटो र छोटो बाटो बायाँ र्साईडमा सेप्नु दाहिना हातले राईफल दाहिना र्साईडमा सेप्नु यतिबेला सतर्क पोजिशनमा आईसक्नु पर्दछ ।

प्रशिक्षार्थीहरुलाई काम :-

क) गिन्तीका साथ बयान गर्दै लगाउनु

ख) सरासरि लगाउनु ।

ग) आफुखुसि सिक्न दिनु ।

घ) टोलीमा प्रतिस्पर्धा गराउनु ।र्

<u>अर्पण शस्त्र र साथ शस्त्र</u>

उदेश्य :-राईफलका साथ साथ शस्त्रबाट अर्पण शस्त्र र अर्पण शस्त्रबाट साथ शस्त्र गर्नेको तरिका सिकाउनु हो ।

बयान :- बिभिन्न परेडहरु गर्नु पर्दा वा सप्रउ देखि राष्ट्रपति सम्मलाई अर्पण शस्त्रबाट सलामी गरिन्छ । अर्पण शस्त्रको काम सकिएपछि साथ शस्त्र गर्नु पर्दछ । त्यसकारण सम्पूर्ण सप्रक हरुले अर्पण शस्त्र र साथ शस्त्र गर्न जानेको हुनु पर्दछ ।

प्रशिक्षकको सरासरी नमुना :- आदेश "अर्पण शस्त्र वा साथ शस्त्र काम गर्नु अर्पण शस्त्र गर्ला अर्पण शस्त्र, साथ शस्त्र गर्ला साथ शस्त्र"

प्रशिक्षकको गिन्तीको साथ नमुना :- सतर्कमा बसिरहेको अबस्थामा आदेश हुन्छ "गिन्तीका साथ अर्पण शस्त्र गर्ला टोली १" को आदेशमा दाहिना हातको राईफललाई ठाडो रुपमा आकाश तर्फफालिदिनु । आकाश तर्फगई रहेको राईफललाई बिचैमा बायाँ हातले २ हिस्सा पारी ४ औला बाहिर तर्फ बुढी औला भित्र पर्ने गरी फ्रन्ट हेन्ड गार्डको आखिरी भागमा समाउनु, दाहिना हातले २ हिस्सा पारी ४ औला बाहिर तर्फाट, बुढी औला भित्र तर्फाट सलामीको रुपमा स्मल अफ दी बटमा सहारा दिनु । मुखले पुकार्नु १ यतिबेला राईफल पुरा सेपेको हुनुपर्ने छ । बायाँ हात कम्मर पेटीको लाईनमा हुनुपर्दछ । टोली २ को आदेशमा दाहिना हातको सहाराबाट राईफललाई पुरा माथी र अगाडी ठाडो रुपमा ल्याउनु, बायाँ हात फ्रन्ट हेण्डगार्डबाट छुट्टयाई ५ औला जमाई बुडी औला र चोर औलाको ग्यापमा ककीङ्क हेण्डललाई पर्ने गरी छ्याप्प हान्नु र मुखले पुकार्नु २ यतिबेला म्याग्जिन नाकको सिधाईमा, बायाँ कुहिना राईफलमा सेपिएको हुनुपर्दछ । टोली ३ को आदेशमा दाहिना हातले राईफललाई केही तल ल्याउनु, बायाँ हात ककिङ्ग हेण्डलबाट छुट्याई अगाडीबाट पाचै औला जमाएर राईफलको फ्रन्ट हेण्डगार्डको तल्लो भागमा ४ औला दाहिना तर्फा बुडी औला खडा हुने गरी हान्नु, दाहिना गोडालाई १५ इन्च माथी अगाडीबाट उठाई बायाँ गोडाको एडिमा दाहिना गोडाको बिचौ बिच –खाल्टो भाग पर्ने गरि T आकारमा मिलाउने गरि जमिनमा हान्नु र मुखले पुकार्नु ३ । यतिबेला राईफल टोपिबाट अन्दाजि चार्रर् इन्च अगाडी छातिबाट छ्र्र् इन्च र कम्मरबाट नौर् इन्च टाढा र टो बट दुई फिलाको सामुन्ने हुनुपर्दछ । दाहिना हातले सलामीको रुपमा स्मल अफ दि बटमा चार औला जमाई हात तन्काएर समाउने । दाहिना हातको मोटो मसल अगाडी तर्फहुनुपर्दछ । र्

अर्पण शस्त्र गरिरहेको बेलामा आदेश हुन्छ , गिन्तीको साथ साथ श्ास्त्र गर्ला टोली १ को आदेशमा स्मल अफ दि बटमा सहारा दिई राखेको दाहिना हातलाई छुटाएर फ्रन्ट ह्याण्ड गार्डमा बायाँ हात भन्दा माथि चार औला अगाडी तर्फाट र बुढि औला भित्र तर्फाट हान्नु दाहिना गोडा १५ इन्च माथी अगाडीबाट उठाईबायाँ गोडाकोईडिमाइडि पर्ने गरि सतर्क पोजिशनमा आउने गरि हान्नु र मुखले पुकार्नु एक । यतिबेला राईफल खस्किनु हुदैन । टोली २ को आदेशमा दाहिना हातले राईफल दाहिना तर्फल्याउनु बायाँ

हातको हरथुन्गाले फ्ल्यास हाईडरमा समाउनु र मुखले पुकार्नु२ यतिबेला राईफल जमिनभन्दा एकर् इन्च माथि हुनुपर्दछ । टोली ३ को आदेशमा बायाँ हात छिटो बायाँ बगलमा सेप्नु । दाहिना हातले राईफल शरिरमा सेपिदिनु र मुखले पुकार्नु ३ यतिबेला सतर्क पोजिशन भएको हुनुपर्दछ ।

प्रशिक्षार्थीलाई काम :-

क) गिन्तीका साथ ख) सरासरी ग) आफुखुसि घ) प्रतिस्पर्धा

<u>लर्का शस्त्र ,बदल शस्त्र र साथ शस्त्र</u>

उदेश्य : लर्का शस्त्र बदल शस्त्र र शाथसस्त्र गर्ने तरिका सिकाउनु हो ।

बयान : - ठुलो ठुलो उत्सवहरुमा नगर परिक्रमा गर्दा लर्का शस्त्र बाट हिड्नुपर्ने हुदा यो काम सिकाईन्छ । त्यस्तै धेरै बेर सम्म एउटै हातमा लर्काशस्त्र गर्न नसकिने हुदा बदलशस्त्र पनि गनुपर्दछ । राईफललाई धेरै बेरसम्म लर्काशस्त्र गर्न कठिनाई पर्ने हुदा साथ शस्त्र पनि गर्नुपर्दछ ।

प्रशिक्षकको गिन्नीको साथ नमुना : आदेश "साथ शस्त्र बाट अंग शस्त्र "" अंग शस्त्र बाट लर्का शस्त्र " लर्काशस्त्र बाट बदल शस्त्र "" बदल शस्त्र बाट बदल शस्त्र " बलशस्त्र बाट शाथसस्त्र "

आदेश दिने तरिका :- " बदल शस्त्र बाट शाथ शस्त्र गर्ला शाथ शस्त्र"

लर्का शस्त्र " सतर्कमा बसिरहेको बेलामा आदेश हुन्छ । गिन्तीको साथ लर्काशस्त्र गर्ला टोली एकको आदेशमा दाहिना हातले राईफललाई ठाडो रुपमा आकाशतर्फफालीदिनु आकाशतर्फगईरहेको राईफललाई बिचैमा बायाँ हातको दुईहिस्सा पारि पेटिको लाईनबाट फ्रन्ट ह्याण्डको आखिरि भागमा समाउनु । दाहिना हातले क्यारि ह्याण्डलामा सलामिको रुपमा सहारा दिनु र मुखले पुकार्नु एक । टोली दुईको आदेशमा दाहिना हातले क्यारि ह्याण्डललाई पुरा पछाडि तानि दिनु टोली तिन को आदेशमा बायाँ हात छिटो तरिका बाट बायाँ बगलमा सेपि दहिना हातले राईफललाई काबु राख्दै तल खसाल्नु र मुखले पुकार्न तिन यतिबेला दाहिना हातको चोरि औला क्यारि ह्याण्डलको बाहिर तर्फाट र बुढि औंला अगाडी तर्फाट समाउने । राईफलजमिनको समानान्तरमा हुनुपर्दछ ।

बदल शस्त्र :- " गिन्तीका साथ बदलशस्त्र गर्ला टोली १" को आदेशमा दाहिना हातले ठिक अगाडी ठाडो रुपमा खडा गर्नु र मुखले पुकार्नु १ यतिबेला दाहिना हातको कुहिना कम्मरमा सेपेको हुनुपर्दछ । टोली २ को आदेशमा बायाँ हातले फ्रन्ट ह्याण्ड गार्डको आखिरि भागमा समाउनु र मुखले पुकार्नु२ । टोली ३ को आदेशमा दाहिना हातले बायाँ हात भ्ान्दा केहि माथी फ्रन्ट ह्याण्ड गार्डमा समाउनु र मुखले पुकार्नु३ । टोली चार को आदेशमा बायाँ हातले क्यारि ह्याण्डलमा समाउनु र अलिकति आफुतर्फखिच्नु र मुखले पुकार्नु चार टोली ५ को आदेशमा दाहिना हात छिटो तरिकाबाट दाहिना बगलमा सेपी बायाँ हातले राईफललाई तल जमिनको समान्नान्तरमा झार्नु र मुखले पुकार्नु पा“च । बायाँ हातबाट साथ शस्त्र गर्न नहुने हुदा बदलशस्त्र गर्नर्ुपर्दछ ।

बदलशस्त्र " गिन्तीको साथ बदलशस्त्र गर्ला टोली एकको आदेशमा बायाँ हातले राईफललाई अगाडी ठाडो रुपमा खडा गर्नु र मुखले पुकार्नु एक । टोली दुईको आदेशमा दाहिना हातले फ्रन्ट ह्याण्ड गार्डको आखिरि भागमा समाउनु र मुखले पुकार्नु दुई । टोली तिनको आदेशमा बायाँ हातले दाहिना हात भन्दा केहि माथि फ्रन्ट ह्याण्ड गार्डमा समाउनु र मुखले पुकार्नु तिन । टोली चारको आदेशमा दाहिना हातले

क्यारि हृयाण्डलामा समाउनु र अलिकति आफुतर्फखिच्नु र मुखले पुकार्नु चार । टोली पा“चको आदेशमा बायाँ हातल छिटो र छिटो तरिकाबाट बायाँ बगलमा सेप्नु दाहिना हातले राईफल तल जमिनकोे समानान्तरमा झार्नु र मुखले पुकार्नु पा“च ।

साथ शस्त्र :- गिन्तीका साथ साथशस्त्र गर्ला "साथ शस्त्र" को आदेशमा दाहिना हातले राईफललाई अगाडी ठाडो रुपमा खडा गर्नु र मुखले पुकार्नु १ । टोली २ को आदेशमा दाहिना हातमा भएको राईफल आफु तर्फ खिच्नु बायाँ हातले पेटिको लाईनमा फ्रन्ट हृयाण्डको आखिरी भागमा समाउनु र मुखले पुकार्नु २ । टोली ३ को आदेशमा दाहिना हातले क्यारि हृयाण्डलमा समाउनु र मुखले पुकार्नु ३ । यतिबेला दाहिना हातको पा“च औला जमाएर सलामीको रुपमा हुनुपर्दछ । टोली ४ को आदेशमा दाहिना हातले बायाँ हातभन्दा केहि माथि फ्रन्ट हृयाण्ड गार्डमा समाउनु र मुखले पुकार्नु ४ । टोली ५ को आदेशमा दाहिना हातले राईफललाई झार्नु बायाँ हातले फल्यास हाईडरमा समाउनु र मुखले पुकार्नु ५ यतिबेला राईफलको बट जमिनबाट एकदेखि सांढे एकर् इन्च माथि हुनुपर्दछ । टोली ६ को आदेशमा बायाँ हात छिटो तरिकाबाट बायाँ बगलमा सेप्नु दाहिना हातले राईफललाई सेप्नु र मुखले पुकार्नु ६ । यतिबेला सतर्क पोजिशनमा भईसकेको हुनुपर्दछ ।

प्रशिक्षार्थीलाई काम :-

क) गिन्तीका साथ
ख) सरासरी
ग) आफुखुसि
घ) प्रतिस्पर्धा

<u>अंग शस्त्र लर्का शस्त्र गर्नु</u>

उदेश्य :-अंग शस्त्र बाट लर्काशस्त्र गर्ने तरिका सिकाउनु हो ।

बयान :- कुनैपनि ठुलाठुला उत्सव तथा समारोहहरुमा अंग शस्त्रमा गई रहेको बेला हात गलेको खण्डमा लर्का शस्त्रमा जानको लागि यो काम गरिन्छ । -

प्रशिक्षकको शरासरि नमुना "अंग शस्त्र बाट लर्का शस्त्र " काम गर्नु .....मेरो लागि काम "लर्का शस्त्र गर्ला लर्का शस्त्र ।

प्रशिक्षकको गिन्तीका साथ नमुना :- लर्का शस्त्र अंग शस्त्रमा बसिरहेको बेलामा " गिन्तीको साथ लर्काशस्त्र गर्ला टोली १ " को आदेशमा बायाँ हात कम्मर पेटिको लाईनबाट फ्रन्ट हृयाण्ड गार्डको आखिरी भागमा समाउनु र मुखले पुकार्नु १ । टोली २ को आदेशमा दाहिना हातले क्यारिहृयाण्लमा सलामीको रुपमा सहारा दिनु र मुखले पुकार्नु २ टोली ३ को आदेमा दाहिना हातले क्यारि हृयाण्डलमा समाएर पुरा पछाडि तान्नु र मुखले पुकार्नु ३ । टोली ४ को आदेशमा बायाँ हात छिटो तरिकाबाट बायाँ बगलमा सेप्नु र दाहिना हातले राईफललाई बायाँ बगलमा जमिनको समानान्तर हुने गरि तलतर्फराखिदिनु र यातिबेला बुढि औलाले पछाडिबाट राईफल जमिनको समानान्तर हुनेगरी नियन्त्रण गर्नुपर्दछ ।

अंगशस्त्र गिन्तीको साथ अंगशस्त्र गर्ला टोली एकको आदेशमा दाहिना हातले राईफललाई खडा गर्नु र मुखले पुकार्नु एक । टोली २ को आदेशमा बायाँ हातले राईफलको फ्रन्ट ह्याण्ड गार्डको आखिरि भागमा दुई हिस्सा पारि समात्नु ,राईफल दाहिना बगलमा सेप्नु र मुखले पुकार्नु २ । टोली ३ को आदेशमा दाहिनाहातले क्यारि ह्याण्डललाई अगाडीतर्फधकेल्नु र मुखले पुकार्नु ३ यतिबेला दाहिना हात सलामीको रुपमा हुनु पर्दछ टोली ४ को आदेशमा बायाँ हात छोटो र तरिकाबाट बायाँ बगलमा सेप्नु दाहिना हातले राईफल केहि पछाडि बुढि औला पाईन्टको सिउनिको लाईनमा समाउनर्ुपर्दछ ।

प्रशिक्षकलाई काम

क) गिन्तीका साथ ख) सरासरि ग) आफुखुसि घ) प्रतिस्पर्धा

प्रशिक्षकको लागि नोट : अभ्यासामा जोड दिनु ।

<u>भुई शस्त्र र टिप शस्त्र :-</u>

उदेश्य : शाथ शस्त्र बाट भुईशस्त्र, भुईशस्त्र बाट टिपशस्त्र गर्ने तरिका सिकाउनु हो

बयान :- हतियारका साथ परेड खेलिरहेको बेलामा अचानक कुनै काम परिआयोभने भुई श्ास्त्र गरेर जानु पर्दछ । काम सकिएर आएपछि टिपशस्त्र गर्नुपर्दछ । त्यसकारण हरेकले यो काम जान्न आवश्यक पर्दछ ।

प्रशिक्षकको सरासरी नमुना :-

क) आदेश :-भुई शस्त्र र टिप शस्त्र

ख) काम गर्नु, मेरो लागि आदेश भुईशस्त्र गर्ला भुई शस्त्र ,टिप शस्त्र गर्ला टिप शस्त्र

प्रशिक्षकको गिन्तीका साथ नमुना : सतर्कमा बसिरहेको बेलामा गिन्तीको साथ भुईशस्त्र गर्ला टोली एकको आदेशमा दाहिना हातले राईफललाई हावामा घुमाएर क्यारिह्याण्डल आकाशतर्फपार्दै जमिनको समानान्तर राख्दै गोडालाई नखुम्चाईकन कम्मरदेखि माथीको भागमात्र तल घोप्टो पार्नु यतिबेला बायाँ हात पुरा तन्काई राखेको हुनुपर्दछ । हतियार जमिनभन्दा एकदेखि साढे एकर् इन्च माथि हुनुपर्दछ । टोली दुईको आदेशमा राईफलको फ्रन्ट ह्याण्ड गार्डको अन्तिम भाग दाहिना बुटको सिउनीको लाईनमा पर्ने गरि जमिनमा राख्ने र खडा हुने ।

भुई शस्त्र गर्दा ध्यान दिनुपर्ने कुराहरु ।

क) साह्रो र हिलो जमिनमा भुईशस्त्र गर्नु हुदैन ।

ख) क्यारि ह्याण्डललाई आकाशतर्फपार्नु ।

ग) ब्यारल हावाको बिपरीत दिशातर्फफर्काउनु ।

घ) एकजना सेन्ट्री खटाउनु ।

टिप शस्त्र : गिन्तीका साथ टिप शस्त्र गर्ला टोली एकको आदेशमा गोडा नखुम्चाई कम्मरबाट माथिमात्र निहुराउनु । यतिबेला दाहिना हातले राईफल नसमाउने ,प्वाईन्ट मात्र गर्ने । बायाँ हात तन्काएर राख्ने टोली दुईको आदेशमा दाहिना हातले राईफल टिप्ने र खडा हुने यतिबेला सतर्क पोजिशन भैसकेको हुनुपर्दछ ।

भुईशस्त्र गर्दा हुन सक्ने गल्तिहरु :

क) बायाँ हात खुम्चन सक्छ ।

ख) गोडाहरु खुम्चन सक्छन् ।

ग) हतियार तल वा माथि हुन सक्छ ।

प्रशिक्षार्थीलाई काम

क) गिन्तीका साथ ख) सरासरी ग) आफुखुसि घ) प्रतिस्पर्धा

संगिन जोड र दाव

उद्देश्य : राईफललाई संगिन जोड्ने र दाब्ने तरिका सिकाउनु हो ।

बयान : कुनैपनि प्रमुख अतिथिलाई कवाज तथा गार्ड निरिक्षण गराउदा तथा कवाज खेलाउनुपर्ने हुदा यो काम जान्न आवश्यक छ ।

प्रशिक्षकको सरासरि नमुना :- आदेश " लुपी खोल्ला लुपि खोल,संगिन जोड्ला संगिन "

काम गर्नु :- मेरो लागि आदेश "लुपी खोल्ला लुपि खोल संगिन जोड्ला संगिन" माथिको आदेशमा सरासर काम गरेर देखाउनु ।

प्रशिक्षकको गिन्तीको साथ नमुना : संगिन जोड्ने :- सतर्कमा बसिरहेको बेला लुपि खोल्ला लुपि खोलको आदेशमा गिन्ती एक मा बायाँ हात लुपिमा लैजानु । दुई र तिनमा लुपि खोलि एक मा हात झार्नु , संगिन जोड्ला संगिनको आदेशमा बायाँ हातले ब्युनेटलाई समाउनु र पुरा हात तन्काउनु । दाहिना हातले राईफललाई केही अगाडी ४५ डिग्रीको कोणमा समाउनु यतिबेला बायाँ हातको चार औंला भित्रतर्फर बुढिऔला बाहिर तर्फपंजा बाहिर तर्फर्फकेको हुनुपर्दछ । जोडको आदेशमा बायाँ हातले ब्यूनेटलाई झिकि राईफलमा जोडि हातलाई चार्रर् इन्च बायाँ तर्फऔला जमाएर राख्नु । र्सतकको आदेशमा राईफलले प|mट हृयाण्ड गार्ड मा हानि बायाँ हात बायाँ बगलमा सेप्नु र दाहिना हातले राईफल दाहिना बगलमा सेपि सतर्कमा बस्नु ।

संगिन दाब्ने :- संगिन दाब्ला संगिनको आदेशमा दाहिना हातले राईफललाई दुबै गोडाको बिचमा राखी दुबै गोडा खुम्चाई घुडाले च्याप्नु र संगिनलाई दाबमा हाली लुपि लगाएर बस्नु । र्सतकको आदेशमा दुबै हात तल घुसाएर्रर् इसारा गरि तन्काउनु र मुठि बगलमा सेप्नु । पुनः २ ,३ गिन्ती थामी १ मा दाहिना हातले राईफललको प|mट हृयाण्ड गार्डमा समाउनु । पुन २,३ थामी १ मा थामि र्सतकमा आउनु ।

प्रशिक्षार्थीलाई काम

क) गिन्तीका साथ

ख) सरासरी

ग) आफुखुसि

घ) प्रतिस्पर्धा

<u>छिटो हिड, पुरा फर्क र अड</u>

उद्देश्य :- छटो हिड पुरा फर्क र अडने तरिका सिकाउनु हो ।

बयान

क) छिटो हिड :- हामिहरु एक ठाउबाट अर्कोठाउमा जानुपर्दा साधारण तया छिटो हिडेर जानुपर्ने हुन्छ।

ख) पुरा फर्क :- कवाज खेलिरहेको अवस्थामा मैदान नपुग भएमा मैदानको किनारामा पुगेपछि फर्किनु पर्ने हुदा पुरा फर्कन जानेको हुनुपर्दछ ।

ग) अड : त्यस्तै काम समाप्त भएपछि वा तोकिएको स्थानमा पुगेपछि रोकिनर्ुपर्ने हुदा अड्न पनि जानेको हुनुपर्दछ ।

प्रशिक्षकको सरासरी नमुना :

आदेश : छिटो हिड , पुरा फर्क र अड

काम गर्नु : मेरो लागि आदेश "छिटो हिड्ला छिटो हिड " " पछाडि मोहडा गर्ला पुरा फर्क टोली अड "

प्रशिक्षकको गिन्तका साथ नमुना :

क) छिटो हिड : गिन्तीको साथ छिटो हिड्ला टोली एक को आदेशमा सतर्क पोजिशनमा भएको गोडालाई पुरा तन्काएर अगाडी पन्ध इन्चमा लगेर पञ्जालाई आकाश तर्फ फर्काएर इडिले हान्नु बायाँ हातलाई पुरा पछाडि जान दिनु र मुखले पुकार्नु एक । टोली दुई को आदेशमा अगाडी भएको बायाँ गोडाको पञ्जालाई त्यसै स्थानमा राखी पछाडि भएको दाहिना गोडालाई तन्काएर यसै मुताबिक अगाडी पंन्धर् इन्चमा लगेर इडिले हान्नु बायाँ हातलाई अगाडी कुमको सिधाईमा दिनु र मुखले पुकार्नु दुई अव टोली तिन को आदेशमा उसै मुताबिक बायाँ गोडालाई पन्ध इन्चमा हान्नु र हात बदली गरिदिनु । यसै गरि बायाँ गोडालाई एक र दाहिना गोडालाई दुई पुकार्दै अगाडी बढ्नु ।

ख) पुरा फर्क :- यसरि अगाडी बढिरहेको बेलामा गिन्तीको साथ पुरा फर्कला टोली चेकको आदेशमा बायाँ गोडामा आदेश मिल्छ दाहिना गोडालाई पन्ध इन्च अगाडीइडि पञ्जा एकसाथ जमिनमा हान्नु र बायाँ हात अगाडी बाट बायाँ बगलमा सेप्नु र मुखले पुकार्नु चेक । यतिबेला शरिर जिरो डिग्रीमा र बायाँ गोडाको नोकले ९० डिग्रीमा कभर गरेको हुनुपर्दछ । टोली २ मा दाहिना गोडालाई पन्ध इन्च माथि उठाईबायाँ गोडाकोईडिमाइडि पर्ने गरि एल आकारले भुईमा हान्नु र गिन्ती पुकार्नु२ । यतिबेला शरिर १३५ डिग्रिमा दाहिना गोडाले १८० डिग्रिमा कभर गरको हुनुपर्दछ । टोली ३ मा बायाँ गोडालाई पन्ध इन्च माथि उठाईदाहिना गोडाको इडिमा पर्ने गरि भि आकारमा हान्नु बायाँ गोडा चटक्का साथ तन्काएर अगाडी पन्ध इन्चमा देखाउनु र गिन्ती पुकार्नु ३ टोली चारमा अगाडी देखाईराखेको बायाँ गोडालाई १५ इन्च्ा अगाडी टेक्नु बायाँ गोडालाई १५ इन्च अगाडी देखाई राख्नु र गिन्ती पुकार्नु चार यसैगरि बायाँ गोडामा एक र दाहिना गोडामा दुई गिन्ती पुकार्दे हिडाईको रफ्तार कायम राख्नु ।

ग) अड् :- अड्नको लागि सरासरिमा बायाँ गोडामा आदेश शुरु गरिन्छ भने गिन्तीको साथ गर्दा बायाँ गोडा अगाडी हुदा आदेश गरिन्छ । जस्तै आदेश हुन्छ । गिन्तीको साथ अड्ला टोली एक वा चेकको आदेशम पछाडि भएको दाहिना गोडालाई तन्काएर बायाँ गोडाको पञ्जाको सिधाईमा ल्याएर एंडि पञ्जा एकसाथ हान्नु र बायाँ हातलाई अगाडीबाट सार्ईडमा सेप्नु र मुखले पुकार्नु एक वा सेप । टोली दुई को आदेशमा आफ से आफ पहिले बायाँ र पछि दाहिना गोडालाई १५ इन्च माथि उठाएर त्यसैठाउमा हान्नु र मुखले पुकार्नु दुई ।

प्रशिक्षार्थीलाई काम :-

क) गिन्तीका साथ

ख) सरासरी

ग) आफुखुसि

घ) प्रतिस्पर्धा

<u>खडाखडिमा अगाडी सलाम गर्नेको तरिका</u>

उदेश्य :-हतियार खडाखडिमा र चल्तिमा अगाडी बढ्ने तरिका सिकाउनु हो ।

बयान :- परेडको मैदानमा कुनै पनि बेलामा हतियार लिईरहेको बेला सलामको हकदार आउछ भे टोली पति कमाण्डरले टोलीलाई सतर्क गराएर अगाडी सलाम गर्न अगाउनुपर्छ । त्यस्तै हतियार लिएर हिडिरेको बेलामा कुनैपनि सलामीको हकदारले बोलाएको खण्डमा अगडि सलाम गर्नुपर्दछ ।

यो पाठ दुई भागमा सिकाईने छ ।

क) भाग १ :- हतियारका साथ खडाखडिमा अगाडी सलाम

ख) भाग २ :- हतियारका साथ चल्तिमा अगाडी सलाम

हतियारका साथ खडा खडीमा अगाडी सलाम :- -सरासरी काम गर्नु) हतियारका साथ खडा खडीमा अगाडी सलाम जहिले पनि अंग शस्त्रमा गरिन्छ । मेरो लागि आदेश "अगाडी सलाम गर्ला अगाडी सलाम, हात झार्ला हात झार"

प्रशिक्षकको गिन्तीका साथ खडा खडीमा अगाडी सलामको नमुना :- जब "गिन्तीका साथ अगाडी सलाम टोली १" को आदेश हुन्छ भने दाहिना हातले राईफलको बटलाई केही अगाडी पर्ने गरी थोरै अगाडी तर्फ ल्याउनु र बायाँ हातले छिटो तरिकाबाट पेटीको लाईनमा अगाडी जमाएर हत्केला राईफलले र औलाले दाहिना हातको कुहिनाको अगाडीको दबेको भागलाई छुने गरी सलाम गर्नु । "गिन्तीको साथ हात झार्ला टोली १ को आदेशमा बायाँ हात बगलमा सेपिने गरी छिटो झार्नु र मुखले पुकार्नु १ यतिबेला अंगशस्त्रको पोजिशनमा हुनुपर्दछ । टोली २ को आदेशमा फेरी उसै मुताबिक सलाम गर्नु र हात झार्नु र मुखले पुकार्नु १....२, ३....१ मा २ र ३ मा कुनै काम नगर्ने ।

हतियारका साथ चल्तीमा अगाडी सलाम :-

क) आदेश :- हतियारका साथ चल्तीमा अगाडी सलाम

ख) सरासरी काम गर्नु - मेरो लागि आदेश छिटो हिड अगाडी सलाम गर्ला अगाडी सलाम

प्रशिक्षकको गिन्तीका साथ नमुना :- छिटो हिडि रहेको बेलामा "गिन्तीको साथ अगाडी सलाम गर्ला टोली १ को आदेशमा बायाँ गोडामा आदेश सुरु गरी बायाँ गोडामा नै अन्त्य गर्नु, दाहिना गोडाले चेक हानी १ र २ मा हल्ट हुनु र मुखले पुकार्नु १ वा चेक । टोली २ को आदेशमा चटक्कासात माथी सिके बमोजिम सलाम गर्नु र मुखले पुकार्नु २ टोली ३ को आदेशमा हात झार्नु र मुखले पुकार्नु ४ टोली ५ को आदेशमा बायाँ गोडा अगाडी बढाई आफ्नो रफ्तार कायम राख्नु पर्दछ ।

प्रशिक्षार्थीलाई काम :-

क) गिन्तीका साथ ख) सरासरी

ग) आफुखुसि घ) प्रतिस्पर्धा

नोट :- कुनै समयमा गण बरिष्ठ हवल्दारले पनि सलामीको हकदार भएको ठाउंमा लगेर अगाडी सलाम र हात झारको आदेश दिन सक्छ ।

छिटो हिडमा हतियार साथ दाहिना बायाँ सलाम

उदेश्य :-छिटो हिडमा हतियारका साथ दाहिना सलाम गर्ने तरिका सिकाउनु हो ।

बयान :-जवपनि हतियार लिएर हिडेको बेलामा सलामि हकदार दाहिना भए दाहिना र बायाँ भए बायाँ सलाम गर्नुपर्ने हुदा यो काम जान्न आवश्यक छ । यदि एक देखि तिन जना सम्म मिलेर हिडेको छ भने दाहिना जवानको अपमा सलाम गर्नु पर्दछ ।

प्रशिक्षकको सरासरि नमुना :-

क) आदेश : छिटो हिडमा हतियारका साथ दाहिनाबायाँ सलाम

ख) काम गर्नु : मेरो लागि आदेश "छिटो हिड दाहिना सलाम गर्ला दाहिना सलाम"

प्रशिक्षकको गिन्तीका साथ नमुना :- गिन्तीको साथ दाहिना सलाम गर्ला टोली चेकको आदेशमा दाहिना गोडा १५ इन्च अगाडी इडिले टेक्नु बायाँ हात अगाडी बगलबाट सेप्नु र मुखले पुकार्नु चेक ,टोली दुई को आदेशमा बायाँ गोडा अगाडी बढाउनु बायाँ हातले पेटिको लाईनबाट राईफलको फ्रन्ट ह्याण्ड गार्डमा सलाम गर्ने तरिकाबाट हत्केला खोलि पाच औला जमाई हत्केला राईफल तर्फपारेर टाउकोले दहिना तर्फ हेर्नुर मुखले पुकार्नु एकसाथ हुनपर्दछ । अव टोली २,३,४,५ सम्म टोलीलाई मात्र बढाउनु अरु शरिरको हर्कत नगर्नु । टोली छ को आदेशमा दाहिना गाईड अगाडी बढाउनु ,बायाँ हातलाई बायाँ बगलमा सेप्नु । टाउकाको सिधा हेर्नु र आफ्नो रफ्तार कायम राखेर हिड्नु । बायाँ सलाम पनि दाहिना सरहनै हो ।

प्रशिक्षार्थीलाई काम : -

क) गिन्तीका साथ ख) सरासरी ग) आफुखुसि घ) प्रतिस्पर्धा

प्रशिक्षकको लागी नोट :- दाहिना वा बायाँ सलाम गर्दा सलामको हकदार तिन कदम छदा सलाम गर्नु : एकदेखि चारजना सम्म भए दाहिना बायाँ सलाम गराउनु ।

ढिलो हिड ,गोडाचाल र अड

उदेश्य :-राईफलको साथ ढिलो हिड,गोडा चाल र अड्नेको तरिका सिकाउनु हो ।

प्रशिक्षकको बयान :- राईफलको साथ ढिलो हिड,गोडा चाल र अड्नेको तरिका खालिहातमा जस्तै हो । त्यसमा राईफल अंग शस्त्र हुन्छ र बायाँ हात बायाँ सार्इडको सेपेको हुनुपर्दछ । यसमा खास ध्यान दिनुपर्ने कुरा ढिलो हिड्को आदेशमा बायाँ गोडाको पञ्जालाई केहि तोडेर १२ इन्च अगाडी चट्ट निकाल्नु यस बखत गोडाको पञ्जा अलिक बाहिर पट्टि तिन इन्च जति र भुईतिर मोडेको तर भुईदेखि केही माथी हुनुपर्दछ । प्रशिक्षार्थीहरुले भुईमा हेर्नु हुदैन यस अवस्थामा शरिरको पुरा भाग दाहिना गोडामा रहन्छ । यसै गरि दाहिना गोडा निकाल्दा शरिरको वजन बायाँ गोडामा रहन्छ । २.....३ गिन्तीमा कुनै कारबाहि नगर्ने त्यसपछि अगाडी देखाएको गोडालाई १८ इन्च अगाडी इडि पञ्जा एकसाथ भुईमा हान्नु र दाहिना गोडालाई छिटो १२ इन्च अगाडी पञ्जा तोडेर घुडालाई नखुम्चाई हावामा निकाल्नु । पुन : २ र ३ पञ्जा एकसाथ हुनेगरि भुईमा राख्नु र बायाँ गोडालाई पहिलेकै जस्तै चट्टक्क छाटो १२ इन्च अगाडी हावामा निकाल्नु एवंम रितले अगाडी बढ्नु पर्दछ ढिलो हिडको गति ७० देखि ७५ कदम प्रतिमिनेट हुनुपर्दछ ।

अडने तरिका :- ढिलो हिडिरहेको बेला अड्ने आदेश बायाँ गोडा भुईमा टेक्नासाथ बायाँ गोडमा अन्त हुन्छ र अडने तरिकापनि खालिहात जस्तै हो । दाहिना गोडामा अन्त हुन्छ अड्ने तरिका पनि खालिहात जस्तै हो । बायाँ गोडाले चेक हान्नु दाहिना गोडा पुरा एक कदम अगाडी टेक्नु र बायाँ गोडा १५ इन्च अगाडी निकाल्नु एकसाथ गर्नुपर्दछ । पुन : २...३ गिन्तीसम्म रोकिनु बायाँ गोडालई केहि अगाडी बढाई जमिनमा मजबुत टेक्नु र दाहिना गाईडकोर् इडि पञ्जा दुईर् इन्च माथि उठाउनु एकसाथ गर्नु पर्दछ । गिन्ती तिनमा दाहिना गोडालाई सोहि मुताबिक अगाडीबाट १५ इन्च उठाईबायाँ गोडाकोईडिमाइडि मिलाई अगाडी बढ्नु पर्दछ । गिन्ती तिनमा दाहिना मुताबिक अगाडीबाट १५ इन्च उठाईगोडाको एंडिमा एंडि मिलाई अड्नु पर्दछ । यतिखेर शरिर सतर्क पोजिशनको अवस्थामा हुनुपर्दछ ।

ढिलो चालमा गोडा चाल्ने तरिका :- क) आदेश :- " ढिलो चालमा गोडा चाल्ला गोडा चाल" को आदेशमा सरासरि गोडा चालेर नमुना देखाईदिनु ।

प्रशिक्षकको " गिन्तीको साथ ढिलो गोडा चाल्ला चाल्ला टोली एक" को आदेशमा बायाँ गोडालाई १५ इन्च माथि उठाईत्यसै ठाउमा हान्नु । गिन्ती २.....३ मुखले मात्र पुकार्नु कुनै हर्कत नगर्नु यसरी हावामा २ देखि ३ मुखले मात्र पुकार्नु लगातार एकै ठाउंमा गोडा चाल्नु पर्दछ ।

प्रशिक्षार्थीलाई अभ्यास :-

क) गिन्तीका साथ ख) सरासरि ग) आफुखुसि घ) प्रतिस्पर्धा

ढिलो गोडा चाल भन्ने आदेश खडा खडीमा नै हुन्छ, गिन्ती १ मा बायाँ र गिन्ती २ मा दाहिना गोडा त्यसै स्थानमा चाल्नु पर्दछ । २,३ गिन्तीमा जमिनमा गोडा थाम्नु अर्थात कुनै हर्कत नगर्नु र १, १ गिन्तीमा छिटो गोडा उठाईभुईमा हान्नु अर्थात काम गर्नु पर्दछ ।

ढिलो बाट छिटो र छिटो बाट ढिलो हिड

उदेश्य :-ढिलो बाट छिटो र छिटोबाट ढिलो हिड्नेको तरिका सिकाउनु हो ।

यो भाग दुई भागमा सिकाईन्छ ।

क) भाग १ : ढिलोबाट छिटो हिड ख) बयान :- सम्मान कवाजहरु बिभिन्न कवाज प्रतियोगिताहरु र दिक्षान्त कवाज परेड देखाउदा ढिलोबाट छिटो हिडेर पनि कवाज देखाउनु पर्ने हुन्छ त्यसैले यो काम हरेक प्रशिक्षार्थीहरुले जान्नु आबश्यक पर्दछ ।

<u>निर्देशक सामेल हुने तरिका :</u>

उद्देश्य :- निर्देशक सामेल हुनेको तरिका सिकाउनु हो ।

बयान :- प्रत्येक दिन बिहान कवाजमा सामेल हुंदा गुल्म वा गणको जेष्ठ बरिष्ठ हवल्दारले आफ्नो से.मु.वा गुल्मको बिचको ग्यापलाई ड्रेश कभर मिलाउनको लागि निर्देशक सामेल गर्दछ । वा गर्नुपर्दछ ।

लिडरको काम :

क) लिडर आफ्नो टोलीको लाईन देखि १८ कदम अगाडी हल्ट हुनुपर्दछ । त्यसपछि टोली तर्फ फर्कनु र आदेश दिनु दाहिना जवान निर्देशकमा आउला अव दाहिना गाईड तिन जनामात्र आफ से आफ नचल हुन्छ र र्सतक हुन्छ र गोडाफाटमा बस्नु पर्दछ ।

ख) दोस्रो आदेश निर्देशक सामेल दाहिना गाईडहरु सतर्क भई अंग शस्त्र गर्नु र १४ कदम अगाडी बढ्नु र १५ ,१६ कदममा हल्ट हुनु साथशस्त्र गर्नु अगाडी हात ले ग्याप मिलाउनु पर्दछ । दाहिना निर्देशकहरु र लिडर बायाँ फर्की लिडरको टर्नआउट चेक गर्नु । दाहिना निर्देशकहरु अगाडीतर्फर लिडर टोली तर्फ फर्कनु ।

ग) अर्को आदेश निर्देशक नचल : सबै जवानहरु नचल पोजिशनमा बस्नु र दाहिनाको तिन जवान निर्देशकले गोडा फाट्नु । लिडरले दाहिना फर्किएर टोलीको बिचौबिचमा गई हल्ट हुनु अंग शस्त्र गर्नु । बाकि जवान पनि सतर्कमा आउनु ,अंग शस्त्र गर्नु र आफ्नो गाईडलाई दाहिना पार्दै १४ कदम अगाडी गई १५/१६ कदममा हल्ट हुनु र साथ शस्त्र गर्नु । त्यसपछि पंक्ति खोलको आदेश हुन्छ । पंक्ति खोल्न लगाउनु पर्दछ ।

निर्देशक बोलाउदा ध्यान राख्ने कुराहरु :

क) पतिदेखि गुल्म तहसम्म निर्देशक सामेल भन्ने आदेश गरिन्छ

ख) गुल्म देखि गण तहसम्म निर्देशक जग्गा लिग भन्ने आदेश गरिन्छ ।

प्रशिक्षकको लागी नोट :-

क) यो कामको बयानको साथ प्रशिक्षार्थीलाई अभ्यास गराउनु पर्दछ ।

ख) लिडर भन्नाले गुल्म वा गण जेष्ठ बरिष्ठ हवल्दार सम्झनु पर्दछ ।

हतियारका साथ प्रतिबेदन दिने तरिका

उदेश्य : हातियाको साथ प्रतिबेदन दिने तरिका सिकाउनु हो ।

बयान :- कुनै पनि लिखित प्रतिबेदन, हाजिर वा संचार आफुभन्दा माथिल्लो पति- सलामिको हकदार) लाई दिनु वा लिनुपदर्ँ हतियारका साथ प्रतिबेदन दिन जानेको हुनुपर्दछ ।

प्रशिक्षकको सरासरी नमुना :-

क) आदेश : हतियारका साथ प्रतिबेदन दिने तरिका

ख) काम गर्नु :-मेरो लागि आदेश :- "हतियारको साथ चिट्टीको साथ अगाडी सलाम गर्ला अगाडी सलाम वा वापस जा "

प्रशिक्षकको गिन्तीका साथ नमुना :- गिन्तीको साथ -हतियारका साथ) चिट्टी साथ अगाडी सलाम गर्ला टोली १ को आदेशमा -बायाँ गोडामा आदेश हुन्छ) दाहिना गोडाले चेक हानेर अडेर बस्नु , मुखले पुकार्नू चेक १, टोली २ को आदेशमा सलाम गर्नु , हात झार्नू र मुखले पुकार्नु २, । टोली ३ को आदेशमा एक कदम अगाडी बढ्नु र मुखले पुकार्नु ३, टोली ४ को आदेशमा हातले बायाँ कम्मर पेटीको लाईन्ामा चिठी झिकेको इसार गर्नु र टोली ५ मा बायाँ हात बायाँ बगलमा सेप्नु । टोली ६ मा शरिरलाई केही अगाडी झुकाई बायाँ हातले चिठी दिनु यतिबेला बुढि औला भित्रतर्फचार औला जमाएर भित्र बाहिर अर्थात तलतिरबाट चिठी समाउनु र हात पुरा तन्काउनु पर्दछ । टोली ७ मा बायाँ हात माथि बगलमा सेप्नु । गिन्तीको साथ वापस जाला टोली १ को आदेशमा एक कदम पछाडि हट्ने , टोली २ मा सलाम गर्नु हात झार्नु, टोली ३ मा पुरा फर्कनु गोडा हान्नु । टोली ४ मा अगाडी आफ्नो रफ्तार कायम राखि सरासरि हिड्ने ।

प्रशिक्षार्थीलाई काम :- क) गिन्तीका साथ ख) सरासरी ग) आफुखुसि घ) प्रतिस्पर्धा

छडिका साथ कवाज

परिचय

छडि खासगरि सामान्य अवस्थामा जेष्ठ गण बरिष्ट हवल्दार देखि माथिका पतिहरुले बोक्दछन् ।त्यस बाहेक बिल्लादार तथा जवानहरुले पनि मर्यादा पालक ,सैनिक प्रहरी ,फस्ट म्यान र स्टीक अर्धलिको कार्य गर्दा छडि लिनर्ुपर्दछ । त्यसकारण छडि कवाज बारे हरेक जवानलाई जानकारि हुन आवश्यक छ । खासगरेर संगठन अनुसार आफनो किसिम र सार्ईजको छडि हुन्छ । छडिमा युनिटको चिन्ह - मोनोग्राम) छडिको मोटोभागको छेउबाट साधारणतय ६ इन्चको दुरीमा जोडेको हुनुपर्दछ र पछाडिको नाप देहाय बमोजिम हुन्छ ।

क) छडिको पुरा लम्बाई : २४ इन्च वा २ फीट हुन्छ ।

ख) ठुलो भागको गोलाई १५ इन्च देखि २५ इन्च हुन्छ ।

ग) सानो भागको गोलाई १ इन्च हुन्छ ।

छडि लिने तरिका

क) चेप छडि ख) लर्का छडि ग) अंग छडि

छडि सशस्त्र प्रहरीमा त्यति लागु भएको देखिदैन तापनि सिकलाईको तवरमा हरेकले जान्न आवश्यक छ ।

चेप छडि :-

प्रशिक्षकको पुरा तथा गिन्तीको साथ नमुना ।

क) आदेश :- "चेप छडि गर्ला चेप छडि " सरासरि नमुना दिनु ।

ख) गिन्तीका साथ काम गर्नु :- र्सतक पोजिशनम आदेश गिन्तीका साथ चेप छडि गर्ला टोली एक मा दाहिना हातले छडिलाई अगाडी तर्फाट हावामा चक्कर पर्ने गरि घुमाई पछाडि भएको छडिको मोटो भागलाई अगाडी पर्ने गरि चार औलाको माथिबाट र बुढि औलाले तलबाट समाउनु । टोली दुईमा बायाँ हातले छडि समाउनु र दाहिना हातलाई सार्ईडमा ल्याउनु एकसाथ हुनुपर्दछ । यतिबेला बायाँ हातको चार औला छडिको माथितर्फएक लाईनमा हुनुपर्दछ ।

लर्का छडि :

प्रशिक्षकको पुरा तथा गिन्तीका साथ नमुना

क) आदेश :- " लर्का छडि गर्ला लर्का छडि " सरासरि नमुना दिनु ।

ख) गिन्तीका साथ काम गर्नु : चेप छडिबाट गिन्तीको साथ लर्का छडि गर्ला टोली १ मा दाहिना हातको चार औलाले माथीबाट र बुढि औलाले तलबाट समाउनु । छडिलाई काबु राखेको बायाँ हातलाई चटक्कका साथ सार्ईडमा सेप्नु यतिबेला दाहिना हातपनि छडिलाई जमिनको समानान्तर हुने गरि मोटो भाग पछाडि तर्फ पर्ने गरि छडि सहित दाहिना सार्ईडमा सेप्नु ।

अंग छडि :

प्रशिक्षकको पुरा तथा गिन्तीका साथ नमुना :

क) आदेश : "अंग छडि गर्ला अंग छडि सरासरि नमुना दिनु "

ख) गिन्तीको साथ नमुना दिनु : लर्काछडिबाट गिन्तीको साथ अंग छडि गर्ला टोली एकमा दाहिना हातले छडिलाई र्रर्।इफल सरह अंग शस्त्र गर्नु टोली दुईमा बायाँ हात बायाँ र्साईडमा सेप्नु दाहिना हातले छडिलाई मोटोभाग तल पारि बुढिऔला तल पीधमा राखि समाउनु ।

प्रशिक्षार्थीलाई अभ्यास :-

क) गिन्तीका साथ ख) सरासरी ग) आफुखुशी घ) प्रतिस्पर्धा

छडिको साथ नचल, र्सतक, गोडाफाट बिश्राम

उद्देश्य :- छडिको साथ नचल सतर्क गोडाफाट र बिश्रँम गर्नेको तरिका सिकाउनु हो ।

बयान :- नचल र बिश्रँम :-प्रशिक्षार्थीहरुको छरिएको ध्यानलाई कक्षा तर्फ आर्कषणर्नको लागि नचल गराउनु पर्दछ । नचल पोजिशनमा धेरै बेरसम्म बसिरहन नसकिने भएकोले बिश्राममा राख्नुपर्ने हुदा बिश्राम हुनपनि जान्नुपर्दछ ।

प्रशिक्षकको पुरा नमुना :- यो खालि हात सरह हुन्छ । फरकमात्र छडिलाई हातले समाल्नु पर्दछ । र्

र्सतक र गोडाफार्ट :- आफु भन्दा जेष्ठ कमाण्डरलाई प्रतिवेदन दिनु परेमा वा एक ठाउंबाट अर्को ठाउंमा जानको लागि पहिला सतर्क भएर मात्र जानु पर्दछ । कवाजको सिद्धान्त अनुसार सशस्त्र प्रहरीमा जुनसुकै काम गर्नु भन्दा पहिला सतर्क हुनुपर्दछ । सतर्क पोजिशनमा धेरै सयमसम्म बस्न सकिदैन त्यसैले गोडाफाट गर्न पनि जान्नु पर्दछ ।

प्रशिक्षकको पुरा नमुना :- आदेश "सतर्कमा आउला सतर्क, कवाज गोडा फाट्ला गोडाफार्ट"सरासरी नमुना देखाउनु ।

प्रशिक्षकको पुरा नमुना :-

क) सतर्क - गिन्तीको साथ र्सतकमा आउला टोली १ को आदेशमा बायाँ गोडालाई १५ इन्च माथी उठाउनु यतिबेला बाकस आकारमा हुनुपर्दछ । टोली २ मा उठाईराखेको बायाँ गोडालाई दाहिना गोडामा सामेल गर्नु बायाँ हातले छडिलाई बायाँ काखिमा च्याप्नु , दाहिना हातलाई दाहिना बगलमा सेप्नु । र्सतक पोजिशनमा हुनपर्ने गुणहरु खालिहात सो सरह नै हो ।

ख) गोडा फाट :-" गिन्तीको साथ गोडा फाट्ला टोली १" मा बायाँ गोडालाई उठाउनु र टोली २ मा १५ इन्च बायाँ तर्फजमिनमा टेक्नु । छडि समातेको बायाँ हात र दाहिना हात पछाडितर्फक्रस गर्नु, अन्य गोडाफाट पोजिशन खालिहात सो सरह नै हो । तर यतिबेला छडि बायाँ हातमा कभर होस ।

<u>खडाखडिमा दाहिना बायाँ र पुरा फर्क</u>

उदेश्य : खडाखडिमा दाहिना बायाँ र पुरा फर्कने तरिका सिकाउनु हो ।

बयान :- खालि हात सो सरह नै हुन्छ ।

प्रशिक्षकको पुरा नमुना :-

दाहिनाबायाँ फर्क

क) आदेश :- "दाहिना मोहडा गर्ला दाहिना फर्क " सरासरि नमुना देखाउनु पर्छ ।

ख) प्रशिक्षकको गिन्तीका साथ नमुना :- गिन्तीका साथ दाहिना र्फकेला टोली एकको आदेशमा ९० डिग्रिको कोणमा दाहिना फर्कनु , बायाँ हात तन्काउनु । छडिलाई बायाँ पुट्ठामा ठाडो रुपमा राख्नु । गिन्ती २ मा बायाँ गोडा उठाएर दाहिना गोडामा सामेल गर्नु ,बायाँ हात छडि काखिमा ल्याउनु एकसाथ हुनुपर्दछ । बायाँ फर्कने तरिका :- गिन्तीका साथ बायाँ फर्कला टोली एक मा २७० डिग्रिको कोणमा पुरा बायाँ फर्कनु । टोली दुईमा दाहिना गोडा उठाएर बायाँ गोडामा सामेल गर्नु र छडिको हर्कत दाहिना फर्क सरहनै हुन्छ ।

पुरा फर्क -

"गिन्तीको साथ पुरा फर्कला टोली १" १८० डिग्रीको कोणमा पुरा पछाडी फर्कनु, दाहिना बायाँ गोडालाई आपसमा क्रस भएको बायाँ हातले पुठादेखि कुमसम्म कभर गर्ने गरी हात तन्काई दिनु । टोली २ मा पछाडीको बायाँ गोडालाई पुरा उठाएर दाहिना गोडामा सामेल गर्नु, बायाँ हातले छडीलाई चेप छडीमा ल्याउनु एक साथ हुनुपर्दछ ।

छडीको साथ छिटो हिड, गोडा चाल र अड

उद्देश्य :- छडीको साथ छिटो हिड, गोडा चाल र अड्नेको तरिका सिकाउनु हो ।

बयान :- तोकिएको स्थान १ देखि अर्को ठाउमा पुग्नको लागि वा जानको लागि छिटो हिड्नु पर्दछ । तोकिएको ठाउमा पुगेपछि अड्न जान्नु पर्दछ ।

प्रशिक्षकको पुरा नमुना -छिटो हिड) आदेश - छिटो हिड्ला छिटो हिड र अड सरासरी नमुना देखाउनु दाहिना गोडा अगाडी बढाउदा छडीको हर्कत नगर्नु २ ,३ गिन्ती मात्र पुकार्नु बायाँ गोडा अगाडी बढाउदा मात्र छडिको हर्कत गर्न पदर्छ । यसरी चेप छडीबाट लर्का छडीमा लैजानु र दाहिना हात छडी सहित बायाँ हातलाई अगाडी पछाडी स्वीङ दिएर हल्लाउनु । यसरी हल्लाउदा जहिले पनि छडी जमिनको समानान्तरमा हुनुपर्दछ ।

प्रशिक्षकको गिन्तीका साथ नमुना :- गिन्तीको साथ छिटो हिड्ला टोली १ मा बायाँ गोडालाई तन्काएर १५ इन्च अगाडी एडिले टेक्नु, दाहिना हातले २ हिस्सा पारी चार औला माथीबाट बुढी औला भित्र तर्फपारी छडी समाउने बायाँ हातलाई छडीबाट हर्टाई बायाँ र्साईडमा सेप्नु एकसाथ हुनुपर्दछ । अब टोली २ मा दाहिना गोडा १५ इन्च अगाडी टेक्नु, छडीलाई दाहिना र्साईडमा लर्का छडीको रुपमा ल्याउनु , टोली ४ मा दाहिना गोडालाई मात्र अगाडी १५ इन्चमा बडाउनु । टोली ५ मा बायाँ गोडालाई उसै मुताबिक अगाडी बढाउनु, दाहिना हात अगाडी कुमको लाईनमा तन्काउनु, बायाँ हात पुरा पछाडी दिनु यतिबेला छडी जमिनको समानान्तरमा हुनुपर्दछ । टोली ६ मा हात र गोडाको बदली गर्ने । छडी अगाडी पछाडी लैजादा चोरी औला जमिनको समानान्तरमा रहने गरी काबु राख्नु पर्दछ ।

गोडा चाल :- अगाडी हर्कत गरी रहेको बेलामा गिन्तीको साथ गोडा चाल्ला टोली १ मा दाहिना गोडा अगाडी चेक खानु, दुवै हातलाई अगाडी पछाडीबाट सर्काईडमा सेप्नु यतिबेला छडी लर्का पोजिशनमा हुनुपर्दछ । गोडा चाल्ने तरिका खाली हात सरहनै हो ।

अड्ने तरिका :- आदेश बायाँ गोडामा हुन्छ । गिन्तीको साथ टोली अड्ला टोली सेपको आदेशमा दाहिना गोडालाई अगाडी १५ इन्च चेकमा राख्नु, दुवै हात अगाडी पछाडीबाट सर्काईडमा सेप्नु, एकसाथ मुखले पुकार्नु सेप, टोली १ मा बायाँ गोडालाई १५ इन्च माथी उठाईत्यसै जग्गामा हान्नु र गिन्ती पुकार्नु १, २ अब टोली २ मा दाहिना हातले छडी घुमाउनु, काखीमा सेप्नु यतिबेला छडीको मोटो भाग अगाडी हुनुपर्दछ । टोली ३ मा दाहिना हात सर्काईडमा सेप्नु, बायाँ हातले छडीलाई चेप छडी पोजिशनमा समाई सतर्क पोजिशनमा कायम राख्नु पर्दछ ।

प्रशिक्षकलाई अभ्यास :-

क) गिन्तीका साथ
ख) सरासरी
ग) आफुखुसि
घ) प्रतिस्पर्धा

छडिको साथ चल्तीमा दाहिना बायाँ र पुरा फर्क

उद्देश्य :- छडिको साथ चल्तिमा दाहिना बायाँ र पुरा फर्कने तरिका सिकाउनु हो ।

बयान :- खालि हात सरह हुनेछ ।

प्रशिक्षकको पुरा नमुना :-

दाहिना बायाँ र पुरा फर्क

आदेश :- चल्तिमा दाहिना मोहडा गर्ला दाहिना फर्क । त्यसैगरि बायाँ र पुरा फर्कने तरिका पनि सरासरी देखाउनु पर्छ ।

छडिको साथ छुट्टी र तितर बितर

उद्देश्य :- छडिको साथ छुट्टी र तितर बितर गर्नेको तरिका सिकाउनु हो ।

बयान :- छडिको साथ परेड खेलेको समयमा केहि समय आराम गर्नको लागि तितर बितर गरिन्छ । भने एक घण्टा भन्दा बढि आराम गर्नको लागि कवाज छुट्टि गरिन्छ । त्यसैले हेरक जवानले छुट्टी र तितर बितर कवाज देखाउन जानेको हुनुपर्दछ ।

प्रशिक्षकको पुरा नमुना :- आदेश :तितर बितर होला तितर बितर : तितर बितरमा जाने सरासरि नमुना देखाउनु ।

प्रशिक्षकको गिन्तीका साथ नमुना : - " गिन्तीका साथ तितर बितर कवाज देखाउला टोली १ को अदेशमा दाहिना फर्कनु गोडा हानि बस्नु । टोली २ मा बायाँ गोडा अगाडी बढाएर १,२,३,४ मा हल्ट हुनेर ५,६ सोही ठाउंमा हानी दौडेर जाने ।

प्रशिक्षकको छुट्टी हुनेको तरिका गिन्तीको साथ नमुना " गिन्तीका साथ छुट्टि कजाज देखाउला टोली १ को आदेशमा दाहिना र्फकेर गोडा हानि बस्नु । टोली २ मा सलामको हकदार भएको तर्फमुन्टोले हर्दै सलाम गर्नु र हात काट्नु । टोली ३ मा एक दुई अगाडी बढ्नु ३ ४ मा हल्ट हुनु र जानु ।
अभ्यास : छ तरिका बाट ।
द्रष्टब्य : तितर बितर गर्दा र छुट्टी कवाज देखाउदा छडि झिक्नु पर्दैन ।

छडिको साथ चल्तिमा दाहिना बायाँ र अगाडी सलाम

उदेश्य :-छडिको साथ चल्तिमा दाहिना बायाँ र अगाडी सलाम गर्ने तरिका सिकाउनु हो ।
बयान :- सलामको हकदार लाई मौखिक प्रतिबेदन दिनुपर्दा वा बोलाएको खण्डमा अगाडी उपस्थित हुदा अगाडी सलाम गर्नुपर्दछ । त्यस्तै अगाडी बढिरहेको बेला सलामको हकदार दाहिना भए दाहिना र बायाँ भए बायाँ तर्फसलाम गर्नुपर्ने हुदा हरेक जवानले यो काम जान्नु आवश्क छ ।
प्रशिक्षकको अगाडी सलाम गर्ने तरिकाको पुरा नमुना :- अगडि बढिरहेको बेला अगाडी सलाम गर्ला अगाडी सलाम को आदेश हुन्छ भने दाहिना गोडाले चेक खादै रोक्नु , सलाम गर्नु ,हात झार्नु ,मौखिक प्रतिबेदन रिपोर्ट गर्नु फेरी सलाम गर्नु हात झार्नु र पुरा र्फकेर गोडा हान्नु पहिलाकै स्थानमा आई रोकिनु वा हिडाईको रफ्तार कायम राख्नुपर्दछ ।
प्रशिक्षकको गिन्तीका साथ नमुना :- गिन्तीको साथ अगागि सलाम गर्ला टोली १ मा दाहिना गोडाले १५ इन्च अगाडीइडि पञ्जा एकसाथ उठाईजमिनमा राख्नु , दुबै हात अगाडी पछाडिबाट र्साईडमा सेप्नु र त्यसै स्थानमा बायाँ र दाहिना गोडालाई १५ इन्च माथि उठाईएक दुई गिन्ती गरि हान्नु र मुखले गिन्ती पुकार्नु १ । टोली २ मा छडिलाई अगाडी खडा गर्दै चेप छडि पोजिशनमा लानु । यतिबेला सतर्क पोजिशन कायम राख्नु पर्दछ । टोली ३ को आदेशमा सलाम गरि हात काट्नु टोली ४ मा फेरी सलाम गर्नु हात काट्नु र टोली ५ मा पुरा र्फकेर गोडा हानि सरासरी हिडाईको रफ्तार कायम राख्नुपर्दछ ।
प्रशिक्षकको दाहिना सलाम गर्ने तरिकाको पुरा नमुना : दाहिना सलाम गर्ला दाहिना सलाम :- छडिलाई चेप छडि पोजिशनमा लानु र नजरले दाहिना तर्फ हेर्दै सलाम गर्नु । १,२,३,४,५,६ कदममा हात काट्नु सिधा हेर्नु । सरासरि नमुना देखाउनु ।
प्रशिक्षकको गिन्तीको साथ नमुना :- गिन्तीको साथ दाहिना सलाम टोली चेक को आदेशमा दाहिना गोडालाई १५ इन्च अगाडी एंडिले हान्नु । दुबै हात अगाडी पछाडिबाट र्साईडमा सेप्नु । टोली १ मा बायाँ गोडा १५ इन्च अगाडी बाढाउनु दाहिना हात दाहिना र्साईडमा सेप्नु मुखले पुकार्नु १ । टोली २ मा दाहिना गोडालाई मात्र अगाडी बढाउने र अरु शरिरको हर्कत नगर्न मुखले पुकार्नु २ वा चेक । टोली ३ मा बायाँ गोडा अगाडी बाढाउनु बायाँ हातले छडिलाई समाउनु दाहिना हात दाहिना तर्फसेप्नु मुखले पुकार्नु३ । टोली ४ मा दाहिना गोडालाई मात्र अगाडी बढाउने र अरु शरिरको हर्कत नगर्ने मुखले पुकार्नु ४ वा चेक । टोली ५ मा बायाँ गोडा अगाडी बढाउनु दाहिना हातले सलाम गर्नु मुन्टा ेदाहीनातर्फफर्काउनु र बायाँ हात र्साईडमा सेप्नु एकसाथ, मुखले पुकार्नु ५ वा १ । टोली ६ को गिन्तीमा दाहिना गोडा मात्र अगाडी बढाउनु एबंम तरिकाले ७,८,९ गिन्ती गर्नु र गिन्ती १० मा दाहिना गोडा अगाडी बढाउनु मुन्टोले सिधा

हेर्नु दाहिना हात तल सर्काईडमा सेप्नु र बायाँ हातले काखिमा छडि समाउनु एकसाथ हुनुपर्दछ । अब आदेश हुन्छ अगाडी बढ । दाहिना हातले छडिलाई छिटो हिड पोजिशनमा राख्दै सरासरी हिडीरहेको रफ्तार कायम राख्नु । बायाँ सलाम गर्ने कारबाही पनि दाहिना सलाम गरेसरह नै हुन्छ केवल मुन्टाले बायाँ तर्फहेर्नुपर्दछ ।

प्रशिक्षार्थीलाई अभ्यास :- ६ तरिकाबाट ।

नोट : अगाडी सलाम वा दाहिना बायाँ सलाम सिकलाईको लागि मात्र आदेश दिएर गरिन्छ ।

छडिमा चिट्ठीका साथ प्रतिबेदन दिने तरिका

उदेश्य :-छडिमा चिट्ठीको साथ प्रतिबेदन दिनेको तरिका सिकाउनु हो ।

बयान :- कुनैपनी लिखित प्रतिबेदन , हाजिरी ,संचार र चिट्ठीपत्र सलामीको हकदार लाई दिनु वा लिनु पर्दा यो कामको आवश्यकता पर्दछ । जस्तै गण जेष्ठ बरिष्ठ हवल्दारले हाजिरी प्रतिबेदन दिनुपर्ने हुन्छ । तर्सथ सिकलाईको तवरमा हरेकले यो काम जान्न आवश्यक छ ।

प्रशिक्षकको पुरा नमुना (प्रतिबेदन दिने तरिका) :आदेश : - चिठीको साथ अगाडी सलाम गर्ला टोली १ को आदेशमा अड्नु छडिलाई चेप छडि पोजिशनमा लानु टोली २ मा सलाम गर्नु हात झार्नु टोली ३ मा एक कदम अगाडी बढ्नु । टोली ४ मा दाहिना हातले दाहिना कम्मर पेटीको लाईनमा चिठी झिकेकोर् इसारा गर्नु र हात तल झार्नु । टोली ५ मा दाहिना हात अगाडी दिई चिठी प्रतिबेदन पेश गर्नु । टोली ६ को आदेशमा दाहिना हात सर्काईडमा सेप्नु बायाँ हातले छडिलाई समाउनु र पोजिशन सतर्क पोजिशन कायम राख्नु ।

वापस :- वापस जाला टोली एक को आदेशमा एक कदम पछाडि हट्नु सलाम गर्नु हात झार्नु टोली २ मा पुरा फर्केर गोडा हान्नु र टोली ३ मा अगाडी बढ्नु र हिडाईको रफ्तार कायम राख्नु

लर्का छडि र चेप छडि :

उद्देश्य :- लर्का छडि र चेप छडि गर्नेको तरिका सिकाउनु हो ।

बयान :- युनिट सबयुनिटको खासगरि गण जेष्ठ बरिष्ठ हवल्दार देखि माथिका पतिहरुको ब्यक्तिगत हतियारको रुपमा छडिलाई लिईने हुदा र फष्टम्यान , स्टीक अर्धली बस्दा जवानहरुले पनि मर्यादा पालक आर पि डिउटी र फष्ट म्यान स्टिक अर्धली बस्दा लिनुपर्ने हुनाले छडिबाट लर्का छडि र चेप छडि गर्न जानेको हुनु आवश्यक छ । यो छडि तिन तरिकाबाट लिईन्छ । तापनि यसमा दुई तरिकाबाट बयान गरिएको छ । अंग छडि सुरक्षा फौजमा त्यति लागु हुदैन ।

चेप छडि प्रशिक्षकको पुरा नमुना :- आदेश : चेप छडि गर्ला चेप छडि ।

प्रशिक्षकको गिन्तीका साथ नमुना :- सतर्क पोजिशनमा आदेश गिन्तीका साथ चेप छडि गर्ला टोली १ मा दाहिना हातले छडिलाई अगाडी तर्फहावामा चक्कर पर्ने गरि घुमाई पछाडि भएको छडिको मोटो भागलाई अगाडी पर्ने गरि बायाँ काखिमा च्याप्ने ।

लर्का छडि, प्रशिक्षकको गिन्तीका साथ नमुना :- सतर्क पोजिशनमा आदेश गिन्तीको साथ चेप छडि गर्ला टोली १ को आदेशमा दाहिना हातले चार औला माथिबाट र बुढि औला तलबाट पर्ने गरि समाउनु । छडि काबु राखेको बायाँ हात चटकका साथ सर्काईडमा सेप्नु एकसाथ हुनुपर्दछ । टोली २ मा दाहिना हातले छडि झिकेर लर्का पोजिशनमा सर्काईडमा सेप्नु यतिबेला छडि जमिनको समानान्तरमा हुनुपर्दछ ।

प्रशिक्षार्थीको लागि अभ्यास

क) गिन्तीका साथ ख) सरासरी ग) आफुखुसि घ) प्रतिस्पर्धा

से.मु.हतियारको बिशेषता

परिचय

सशस्त्र प्रहरी बलको संगठनिक ढाँचा अनुरुप एक सेनामुखमा लागु हुने ७.६२ मि.मि. देखि ५१ मि.मि.सम्म क्यालिवर भएका घटिमा १५ मिटर र बढीमा १०८० मिटर कारागार फायर गर्न सकिनेे हतियारहरु जस्तै SLR, LMG, SMG, 9mm Browning pistol, No.36 hand grenade, Plastic Hand grenade आदिको समूहलाई से.मु.हतियार भनिन्छ । जुन हतियारलाई एक व्यक्तिले एक ठाउँबाट अर्को ठाउँमा सजिलै लैजान सक्ने हुदा हाम्रो जस्तो पहाडी मुलुकमा लाभदायक मानिन्छ । साथै रातको समयमा यस्ता हतियारहरुबाट रोशनी दिने बम फायरगरी दुश्मन तथा व्रि्रोहीको मार्रर् इलाकालाई पत्तालगाई-र्बर्बाद गर्न सकिन्छ ।

हाम्रो सशस्त्र प्रहरी बलमा भएका से.मु.हतियारमा पर्ने हतियारहरु

सि.नं.	हतियार	कैफियत
१	7.62 mm SLR	
२	7.62 mm Light Machine Gun	
३	9 mm Sub-Machine Gun / Carabine Machine Gun	
४	2" Mortar	
५	51mm Mortar	
६	9mm Browning pistol	
७	No.36 hand grenade	
८	Plastic Hand grenade	
९	Projector Pyrotechnic Hand 13mm / Mini flare)	

७.६२ मि.मि.एस.एल.आर. को परिचय, उत्पति र बिशेषता

उद्देश्य :-७.६२ मि.मि. L1A1, 1A1 एस.एल.आर. को परिचय र यसको उत्पत्ति र बिशेषताबारे जानकारी दिनुहो

परिचय

एस.एल.आर. आजको बदलिंदो युगमा पैदली फौजको धेरै राम्रो कारागार हतियार हो । यो पैदली फौजको जवानको व्यक्तिगत हतियार हो । यो एक से.मी. अटोमेटिक र्-अर्ध स्वचालित), ग्यास बाट चल्ने र आफै लोड हुने (Self Loading) हतियार हो जस्ले कम समयमा नै ज्यादा ताकतमा फायर गर्न सकिन्छ यो हावा बाट चिसो हुन्छ साथै यसको चाल सजिलो छ जसले गर्दा एक जवान सजिलै सम्झन सक्दछ ।

उत्पति

बेल्जियम का डि.जे.सेवे (D.J.Seive) नामक व्यक्तिले दोस्रो बिश्वयूद्ध पछि Rest Enfield England मा एक अर्ध स्वचालित (Semi Automatic) राईफलका निर्माण गरे, जसलाई ' ABL (Arme Belgique Legere)of SAFN (Saive Automatic Febric Nation) राईफल भनियो । यो हतियारको कम्पनि ले बनायो जस्मा ७.६२ मि.मि. जर्मन एम्युनिशन प्रयोग गरीयो त्यस पछि यस हतियारमा सुधार गरियो यस हतियारको बट र ट्रेगर आदीमा अझ धेरै परिवर्तन ल्याएर अंतमा यस्को नया मोडल बनाईयो जसमा अमेरिकाको ७.६२ मि.मि. NATO (North Atlantic Treaty Organization) Ammunition प्रयोग गरियो यस राईफलको नाम (FAL) फ्यूजिल आटोमेटिक लेजर (Fusil Automatic Lager) राखियो । यस पछि हतियार एस.एल.आर.को उत्पति भयो । जसमा यो हतियार र्सव प्रथम भारतले सन् १९६५मा बनायो ।

आम जानकारी

१. क्यालिवर :-	७.६२ मि.मि.
२. पुरा लम्बाई र्-नर्मल बट) :-	१३९७ मि.मि.-५५")
३. लामो बटको लम्बाई :-	११५१ .९ मि.मि.-४५.३५")
४. मझौला बट भएको :-	११३९.२ मि.मि.-४४.८५")
५. छोटो बटको लम्बाई :-	११२६..५ मि.मि.-४४.३५")
६. ब्यारोलको लम्बाई :-	५३३.४ मि.मि.-२१")
७. खाली वजन :-	४.४ के.जी. -९ पौण्ड ११ औ)ं
८. भरेको म्याग्जिन जोडेर :-	५.१ के.जी.
९. ब्यूनेट सहित भरेको राईफलको वजन :-	५.३८३ के.जी.-११पौण्ड १४ औ)
१० भरेको म्याग्जिनको वजन :-	७०८ ग्राम -१पौण्ड ९ औस)
११. खाली म्याग्जिनको वजन :-	२५५.१५ ग्राम
१२ .ब्यूनेटको बजन :-	२८३. ग्राम -१० औस)
१३. ब्यूनेटको लम्बाई :-	२५४ मि.मि.
१४. ह्याण्डग्रिप सहित ब्यूनेटको लम्बाई :-	३६५ मि.मि.
१५. फ्लास हाईडरको लम्बाई :-	८२.५५ मि.मि.
१६. व्यारल फ्लास हाईडर सहित :-	६१६ मि.मि.

१७. म्यागिजनको क्षमता :- २० राउण्ड -१८ राउण्ड भरिन्छ)

१८. धुलो बलौटेर्ः्र इलाकामा :- १५ राउण्ड भरिन्छ

१९. सर्साईडको अंक :- २०० देखि ६०० सम्म -३ देखि ६ अंक लेखिएको हुन्छ)

२०. कारागार रेन्ज :- ३०० गज

२१. सर्साईड रेडियस :- ५३३ मि.मि.-२१.७")

२२. मोजल भ्यालोसिटि :- ८२५ मि/से.-२७००± ३० फि./से.

२३. र्राईफलिङ्ग ग्रुप :- १५ से.मि.माथिबाट काटिएको हुन्छ, दाया टर्न पिच एक चक्करमा ३०४.८ मि.मि.दाँया

२४. लकिङ्ग सिस्टम :- टिल टिङ्ग डाउन

नोट सेफ्टी डिभाईस :- मेकानिक सेफ्टी :- सेफ्टी सेर र स्लाईडको बायाँ वाला पलु

एप्लाई सेफ्टी :- सेफ्टी क्याच ।

अप्रेटिङ्ग सिस्टम :- र्सट स्टक पेस्तोन, ग्याँस अप्रेटेट अप्रेसन सिस्टम ।

फायरको किसिम

क) डेलिवरेट फायर :- १ मिनेट बराबर ५ राउण्ड

ख) स्नाप सुटिङ्ग फायर :- १ मिनेट बराबर १५ राउण्ड

ग) र्यापिड फायर :- १ मिनेट बराबर २० देखि ३० राउण्ड, राम्रो ट्रेनिङ्ग प्राप्त व्यक्तिले ६०

राउण्ड पर मिनेट

७.६२ मि.मि. बाल राउण्डको डाटा

क) वाल राउण्डको पुरा वजन २३.०७±.६५ ग्राम

ख) लम्बाई ७१.३३ मि.मि.

ग) खाली खोकाको वजन १०.८९ ग्राम

घ) बुलेटको वजन ९.३३ ग्राम

ङ) बारुदको वजन २.८५ ग्राम

७.६२ मि.मि. चाईनिज बाल राउण्डको डाटा

क) क्यालिभर ७.६२ मि.मि.

ख) राउण्डको लम्बाई ७०.१२ वा ७१.१२ मि.मि.

ग) राउण्डको वजन २२.३ वा २३.०९ ग्राम

घ) गति ८२२ वा ८५२ गज प्रतिसेकेण्ड -७५१.६३ वा७७९.०६ मिटर प्रतिसेकेण्ड)

ङ) प्रभावकारी फायर गर्न सकिने रेञ्ज ८०० गज -७३१.५२ मिटर)

च) प्रयोग गर्न सकिने स्थान - ५४० देखि ± ५२ ० सेल्सियस तापक्रम सम्म

टल्लीको स्केल

क) ब्यारलको लागी सुख्खा टल्ली १० x ५ cm-४ दर्बे २")

ख) ब्यारलको लागी तेलको टल्ली १० x ३ cm-४ दर्बे १.१/२")

ग) सिलिण्डरको लागी सुख्खा टल्ली १० x ७.५ cm-४ दर्बे ३")

घ) सिलिण्डरको लागी तेलको टल्ली १० x ५ cm-४ दर्बे २")

तेलको प्रकार

१. साधारण इलाकामा :- ४० भन्दा माथीको तापक्रममा ox ५२ वा A Oil

२. हिमाली इलाकामा :-

क) ४० देखि -१८० तापक्रममा ox १३ वा लो कोल्ड टेष्ट आयल

ख) -१८० देखि -४०० तापक्रममा ox १३ र सुपर केरोसिन बराबर मिलाएर प्रयोग गरिन्छ ।

ग) -४०० देखि -५०० तापक्रममा ox १३ दुई भाग र सुपर केरोसिन तिन भाग मिलाएर प्रयोग गरिन्छ ।

३. गर्मीर् इलाकामा - ग्राफाईट ग्रिज

४.मरुभूमी इलाकामा - डर्ाई क्लियरिङ्ग सल्फेट पाउडर

पौच एमुनेसन

एक राईफल बराबर १०० राउण्ड

रिजर्भ एमुनेशन १६० राउण्ड

युनिट रिर्जव एमुनेशन ८० राउण्ड

यस राईफलबाट साईट प्रोजेक्टर 3A,,ट्युव लन्चिङ्ग मार्क ज्ञ, आरमिङ्ग रिङ्ग र जमकार्टिज -हाई डेनसिटी) को सहायताबाट एन्टि ट्याङ्क बिरुद्ध नं. ३६ ह्याण्ड ग्रिनेट फायर्रगर्न सकिन्छ ।

एस.एल.आरको बिशेषता **(Characteristics)**

१. इन्फेन्ट्री फौजको जवानको व्यक्तिगत हतियार हो र ज्यादा कारागार सिद्ध छ ।

२. यो हल्का र छोटो छ जस्ले गर्दा सजिलै क्यामोफ्लाईज गरेर छुपाउन सकिन्छ ।

३. छोटो हतियारको हिसावमा यसको कारागार रेन्ज बढी छ ।

४. एक राम्रो फायरर १ मिनेटमा ६० गोली फायर गर्न सक्छ ।

५. ग्यास बाट चल्ने र हावा बाट चिसो हुने हतियार हो ।

६. फ्लेट ट्रेरजेक्ट्री (Flat Trajectory) हतियार भएको कारण ग्रेजिङ्ग फायर (Grazing Fire) गर्न सकिन्छ ।

७. कैरियर बृजब्लक -स्लाईड) मा स्याण्ड गुभ्स (Sand Grooves) भएको कारण बलौटे इलाकामा पनि फायर गर्नसकिन्छ ।

८. आर्कटिक टेगर (Arctic Trigger) भएको कारण ग्लोभ्स (Gloves) लगाएर धेरै चिसो ठाउमा फायर गर्न सकिन्छ ।

९. म्याग्जिनमा गोली धेरै जान्छ ।

१०. मेकानिज्म (Mechanism) सजिलो भएको कारण फायरर रोकको आफै हटाउन सक्दछ ।

११. ट्युव लन्चिङ्ग (Tube Lanuching) लगाएर ग्रिनेड (Grenade) फायर गर्न सकिन्छ ।
१२. जवान यसको आफै जिरोईङ्ग गर्न सक्छ ।
१३. व्यूनेट (Boyonet) जोडेर CQB को लर्डाईमा प्रयोग गर्न सकिन्छ ।

यस हतियारको कमजोरी (Limitations)

१. फ्लेट ट्रेर्जेक्ट्री (Flat Trajectory) हतियार भएको कारण डैड ग्राउण्ड (Dead Ground) मा लुकेको दुश्मनमा फायर गर्न सकिदैन ।
२. सेल्फ लोडिङ्ग भएको कारण रोक धेरै पर्न सक्छ ।
३. एम्युनिशनको बचाउनको लागी राम्रो सिखलाईको आवश्यकता पर्दछ ।

L1A1 / 1A1 राईफलमा भिन्नता :-

विवरण	L1A1	1A1
क) कुन देशमा बनेको हो	Belgium	भारत
ख) फोरसाईड	१. फोरसाईड टिप चेप्टो छ, जस्को कारण आधा चक्कर भन्दा कम को सुधार जीरोईङ्ग गर्ने बेला सकिदैन । २. फोरसाईड टिप रोक्नको लागी कीपर स्क्रु लगाएको हुन्छ ।	१. फोरसाईड टिप गोलो छ । जस्को कारण जीरोईङ्ग गर्ने बेला आधा चक्कर भन्दा कमको पनि सुधार गर्न सकिन्छ । २. फोरसाईड टिप रोक्नको लागी नट लकिङ्ग फोरसाईड लगाएको हुन्छ ।
ग) फ्लासहाईडर	फ्लासहाईडरमा ५ गैस स्केप होल काटिएको हुन्छ ।	फ्लासहाईडरमा ३ गैस स्केप होल काटिएको हुन्छ ।
घ) व्याकसाईड	व्याकसाईड पलन्जर हुदैन	व्याकसाईड पलन्जर हुन्छ ।
ङ) बृज ब्लकको लकिङ्ग शोल्डर	दुबै किनारा चेप्टो हुन्छ ।	दुबै किनारामा प्वाल हुन्छ ।
च) चिन्ह	Regt No को साथ बडीमा UB 62 लेखिएको हुन्छ ।	बडीको वाया तर्फराईफलको नाम लेखेको हुन्छ ।

संक्षेप :- सवाल जवाफ बाट ।
७.६२ मि.मि.एल.एम.जी.को परिचय र बिशेषता
१. दोहर्राई :- राईफलको पाठबाट लिने ।

२. उद्देश्य :- ७.६२ मि.मि. लाईट मेशिन गन (Light Machine Gun) को परिचय र विशेषताको बारेमा जानकारी गराउनु हो ।

३. परिचय **(Introduction)** :- :-

७.६२ मि.मि. एल.एम.जी. एक सेक्सनको पावरदार राम्रो स्वचालित कारागार हतियार हो । यसलाई काँधमा राखेर, हिप पोजिशनबाट, थाईमा राखेर पनि फायर गर्न सकिन्छ । यो क्रू वेपन (Crew Weapon) हो । ग्यासको धक्काले चल्दछ भने हावाबाट चिसो हुन्छ, । धेरै फायर गरेपछि व्यारल तातो भएमा अतिरिक्त (Spare) व्यारल लगाईन्छ । गन हल्का भएको कारण आक्रमण (Asault) मा प्रयोग गर्न सकिन्छ । बाईपट लगाएको हुनाले यस्ाको फायर ज्यादा कारागार हुन्छ । आवश्यकता परेमा हवाई हमलाको बेला एन्टी एयर क्राफ्ट रोल (Anti Air Craft Role) मा पनि फायर गर्न सकिन्छ । चेन्ज लिभर भएको कारण एक-एक गोली (Single Shot), Brust तथा स्वचालित (Automatic) फायर गर्न सकिन्छ । एक राम्रो फायररले एक मिनेटमा निशाना लिएर १५० राउण्ड सम्म फायर गर्न सक्दछ ।

४. आम जानकारी **(General Data)**

१. क्यालिवर -कुत्तर) -		७.६२ मि.मि.
२. पुरा लम्बाई	-	११३० मि.मि. -४४.४५")
३. खाली एल.एम.जि. को वजन		1A - ९.२४२ के.जी. -२० पौण्ड ६ औ)
		1B - ९.१८५ के.जी. -२० पौण्ड ४ औ)
		1C - ९.८६५ के.जी. -२० पौण्ड १२ औ)
४. ब्यारलको लम्बाई	-	६२१.२५ मि.मि. -२४.२५")
५. खाली म्याग्जिनको वजन	-	३९६.७९ ग्राम -१४औ)
६. भरेको म्याग्जिनको वजन	-	१.१०६ के.जी. -२ पौण्ड ७ औस)
७. म्याग्जिनको क्षमता	- ३०	राउण्ड -२८ राउण्ड भरिन्छ)
८. कारागार रेन्ज	-	५०० देखी १००० गज -४५७.२ देखि ९१४.४ मिटर)
९. सार्ईड रेडियस	-	७४४.५ मि.मि. -२९.३१")
१०. मोजल भेलोसिटी	-	८२५ मिटर /सेकेण्ड
११. म्याग्जिनको बनावट	-	वक्स टाइप
१२. ग्रुभको संख्या ६	-	घुमाउ एक चक्कर ३०४.८ मि.मि.)
१३. सार्ईडको प्रकार	-	एड्जष्ट गर्ने मिल्ने ब्लेड
१४. ट्राइपटको वजन	-	१३.६ के.जी.-२६ पौण्ड)
१५. टर्ाईपट खोलेर उचाई	-	६७३ मि.मि.-२६.५")
१६. डिफ्लेक्सन	-	दायाँ वायाँ ३७०
१७. एलिभेसन	-	तल माथि ४२०
१८. ब्यारलको वजन	-	२.७२१ के.जी.

१९. सेप्टी डिभाईज - एप्लाईसेफ्टीः- चेन्ज लिभर
- मेकानिकल सेप्टी :- लक, अनलक ।
- अप्रेटिङ्ग सिस्टम :- लङ्ग स्ट्रक पिस्टन ग्याँस अप्रेटेड अप्रेशन सिस्टम

२०. लकिङ्ग सिस्टम :- - टिल टिङ्ग अप

२१. विटन जोन :- - ५०० गजमा १७५x गज
- १००० गजमा ११५x४ गज

५. फायरको किसिम

क) डेलिवरेट फायर -सिङ्गल र्सट) - १ मिनेट बराबर १ म्याग्जिन

ख) व्रष्ट फायर - १ मिनेट बराबर १ म्याग्जिन

ग) र्यापिड फायर - १ मिनेट बराबर ३ देखि ४ म्याग्जिन

घ) cyclic रेट अफ फायर - ४०० देखि ४५० राउण्ड सम्म

६. टल्लीको स्केल

क) ब्यारलको लागी सुख्खा टल्ली १० x ५ cm -४ दर्बे २")

ख) ब्यारलको लागी तेलको टल्ली १० x ३ cm -४ दर्बे १.१/२")

ग) सिलिण्डरको लागी सुख्खा टल्ली १० x १० cm -४ दर्बे ४")

घ) सिलिण्डरको लागी तेलको टल्ली १० x ७.५ cm -४ दर्बे ३")

७. पौच एमुनेसन

१. एक एल.एम.जी.बराबर	५००	राउण्ड
२. रिजर्भ एमुनेशन	७००	राउण्ड
३. युनिट रिर्जव एमुनेशन	५००	राउण्ड
४. एक एल.एम.जी.बराबर	२०	देखि २५ म्याग्जिन

८. बिशेषता **(Characterstics**

१. हल्का हतियार भएकोले यसबाट सिंगल र्सट र अटोमेटिक फायर गर्न सकिन्छ ।

२. .Crew वैपन हो जसमा दुई जनाले जवान हृयाण्डलिङ्ग गर्दछन् । यो सेक्सनको पावरदार हतियार हो ।

३. फायर ज्यादा असरदार हुन्छ ।

४. सानो आडको पछाडी पनि लुक्न सकिन्छ ।

५. यसमा फिक्सलाईनबाट फायर गर्न सकिन्छ ।

६. किला पुर्जा टुटफुट भएमा बदल्न सकिन्छ किनकी स्पेयर (Spare) पुर्जा यसको साथमा हुन्छ ।

७. यस हतियार हावाबाट चिसो हुन्छ ।

९. कमजोरी **(Limitation)**

१. पैदल बोकेर लैजाँदा जवान थाक्दछ ।

२. एउटै व्यारलबाट धेरै फायर गरेमा व्यारल नोक्सान हुन सक्दछ ।

३. अटोमेटिक भएको कारण धेरै रोक पर्दछ, जसलाई हटाउनको लागि राम्रो तालिमको आवश्यकता पर्दछ।

४. अटोमेटिक फायरको लागी ज्यादा राउण्डको आवश्यकता पर्दछ ।

५. फायर गर्दा पोजिशन जाहेर हन्छ ।

१०. टेक्टिकल इम्प्लायमेन्ट **(Tactical Employment)**

१. हमलामा सिंगलर्सट फायर गरिन्छ ।

२. जहाँ दुश्मनका गुथ्थम गुथ्था भएको खबर मिल्छ त्यँहा अटोमेटिक फायर गर्न सकिन्छ ।

३. कभरिङ्ग /सपोर्ट फायर (Covering/Support Fire) को लागी प्रयोग गरीन्छ ।

४. डिफेन्स पोजिशनमा ज्यादा उपयोगी हुन्छ ।

५. टैंकको बिरुद्ध,, हवाई जहाजको लागी र एम्बुस (Ambush) आदी कारवाहीको लागि प्रयोगमा ल्याईन्छ ।

६. एसल्ट (Assault) को समयमा हिप पोजिशनबाट फायर गर्न सकिन्छ ।

एस.एम.जी परिचय र बिशेषता

१. उद्देश्य :- स्टेन /मशिन कारवाईन १ A को परिचय, उत्पति र बिशेषता बारे जानकारी गराउनु हो ।

२. परिचय :- स्टेन र कारवाईन कमाण्डरको व्यक्तिगत हतियार हो, यो ब्लो व्याक With API (Advance primer Ignition) को सिद्धान्तमा काम गर्दछ । यो हावा बाट चिसो हुने हतियार हो, हल्का र छोटो भएको कारण गुथ्थम गुथ्थाको लडाईको लागि उपयोगी हुन्छ । यसको कारगार रेन्ज Aimed Fire मा १०० गज हो । यसमा ९ मि.मि. एम्युनिशन फायर गरिन्छ । कारवाईनको बट फोल्ड गरेर छोटो आकार बनाउन सकिन्छ तथा व्यूनेट जोडेर गुथ्थम गुथ्थाको लर्डाईमा दुश्मनलाई घोपेर पनि बर्वाद गर्न सकिन्छ ।

३. उत्पत्ति (Orientation):- स्टेन र कारवाईन सब मेशिन गन (Sub Machine Gun) मा आउछ । सबै भन्दा पहिला यस्तो किसीमको हतियार सन १९१५ मा इटलीमा बनाईयो । १९४१ मा Enfield कम्पनीले एस.एम.जी.को नयाँ मोडल तयार गर्ने एच.जे.टरनिप (H.J.Turnip) र परियोजना (Project) अधिकारी मेजर आर.बी.सेफेर्ड् (R.V.Shepherd) थिए । यसैले यसको नाम स्टेन (Sten) राखियो ।

S-Shepherd
T- Tarnip
En- Enfield

कारवाईन शब्द कसरी भयो भन्ने बारेमा अलग अलग बिचारहरु छन् । तर सबै भन्दा पहिला विश्व (संघिय) लेखा गेयेज मेमोरीको अनुसार स्पेनको घोडसवार सेना मा छोटो व्यारल र हल्का वजनको राईफल एक्लो हतियार हुन्थ्यो, जसलाई घोडाको काँठीमा सजिलै लुकाउन सकिन्थ्यो । यसलाई घोडसवार सेनाको छोटो हतियार धारी Troops लाई कारबीनो (Carbino) भनिन्थ्यो । यहि कारण यसको सुधारीएको रुप

कारवाईन (Carbine) नामबाट चिनीन थाल्यो । ९ मि.मि. कारबाईन मेशिन एस.ए.एफ. 1A भारतको Small Arms Factory कानपुरमा बनाउन शुरु भयो ।

५. आम जानकारी (General Data)

१. क्यालिवर	- ९ मि.मि.
२. पुरा लम्बाई - व्युनेटसहित)	- ८८९ मि.मि. (३५")
३. बट खोलेर	- ६८५ मि.मि. (२७")
४. बट भाँचेर	- ४८२ मि.मि.(१९")
५. खाली एस.एम.जी. को वजन	- २.८३५ के.जी. (६ पौण्ड ४ औस)
६. खाली म्याग्जिनको वजन	- २८३ ग्राम (१० औस)
७. भरेको म्याग्जिनको वजन	- ६८०.४ ग्राम (१ पौण्ड ६ औस)
९. ब्यूनेट को वजन	- २८३ ग्राम (१० औस)
१०. हृयाण्डग्रिप सहित ब्यूनेटको लम्बाई	- ३१५ मि.मि.
११. व्युनेटको लम्बाई	- २०३ मि.मि. (८")
१२. म्याग्जिनको क्षमता	- ३४ राउण्ड (३२ राउण्ड भरिन्छ)
१३. कारागार रेञ्ज	- १०० गज -९१.४४ मिटर)
१४. सर्काईड रेडियस	- ४०८.९४ मि.मि.-१६.१")
१५. मोजल भेलोसिटी	- ३८० मिटर देखि ३९५ मि./से. -१२८०± ३० फिट)
१६. सेफ्टी डिभाइस	- चेन्ज लिभरमेकानिकल सेफ्टी
१७. अप्रेटिङ्ग सिस्टम	- ब्लो ब्याक विथ ए.पि.आई. (पिच १ चक्कर बराबर २५० मि.मि)
१८. लकिङ्ग सिस्टम	- मुभमेन्ट लक (०.०२८ इन्च देखि ०.०१८ इन्चको बिचमा फायर हुन्छ र ०.००३ इन्च लक नहुंदै पछाडी हट्न शुरु गर्दछ ।)

६. फायरको किसिम

१. डेलिवरेट फायर -सिङ्गल र्सट)	१ मिनेट बराबर १ म्याग्जिन
२. व्रष्ट फायर	१ मिनेट बराबर १ म्याग्जिन
३. र्यापिट फायर	१ मिनेट बराबर ३ म्याग्जिन
४. सर्काईक्लिक रेट अफ फायर	१ मिनेट बराबर ५०० देखि ५५० राउण्ड

७. टल्लीको स्केल

क) व्यारलको लागी सुख्खा टल्ली	१०x७.५ cm (४ दर्वे ३ इन्च)
ख) ब्यारलको लागी तेल टल्ली	१०x५ cm (४ दर्वे २ इन्च)

८. राउण्डको डाटा

क) पुरा लम्बाई	अधिक्तम	२९.६९	न्यूनतम २८.९० मि.मि.

ख) पूरा वजन	११	.९२ ±-०.६५ ग्राम
ग) वुलेटको वजन	७	.४५१ ±- ०.१३ ग्राम
घ) खोकाको वजन	४	.०७९ ग्राम
ङ) वारुदको वजन	०	.३९ ग्राम

९. पौच एमुनेसन

क) एक एस.एम.जी.वरावर	९६ राउण्ड
ख) रिजर्भ एमुनेसन	१९२ राउण्ड
ग) युनिट रिजर्भ एमुनेसन	९० राउण्ड
घ) एक एस.एम.जी.वरावर	५ म्याग्जिन

१०. बिशेषता (Characterstics)

१. हल्का र छोटो हतियार भएको कारण लैजान सजिलो ।
२. बनावट सानो भएको कारण लुकाउन सजिलो ।
३. सिकाउन र प्रयोग गर्न सजिलो ।
४. यस हतियार बाट सिंगल र्सट र ब्रष्ट फायर दुबै गर्न सकिन्छ ।
५. कम रेन्जमा अटोमेटिक फायर गरेर एल.एम.जी.को फायरको प्रभाव पार्न सकिन्छ ।
६. गाउ बस्ती, साघुरो बाटो, घर तलासी गर्नमा उपयुक्त हुन्छ ।
७. नजीक (CQB) को लर्डाईको खास हतियार हो यसमा व्यूनेट जोडेर पनि काम लिन सकिन्छ ।

११. कमजोरी (Limitation)

१. मजल भ्यालोसिटी कम छ ।
२. कारागार रेन्ज धेरै कम छ ।
३. यसमा धेरै रोक पर्दछ ।
४. केवल नजिकको लर्डाई (CQB) को लागी प्रयोगमा ल्याउन सकिन्छ ।

९ मि.मि. पेस्तोल परिचय र बिशेषता

उद्देश्य :- ९ मि.मि. पेस्तोलको परिचय, यसको उत्पत्ति र बिशेषताबारे जानकारी दिनु हो ।

परिचय :- पेस्तोल कमाण्डरको व्यक्तिगत हतियार हो । नजिकको लर्डाईमा छोटो हतियारहरु मध्येको सबै भन्दा राम्रो हतियार हो । यस हतियारबाट छिटो चारै तिरको तार्गेटलाई सजिलै बर्बाद गर्न सकिन्छ । यो अर्ध-स्वचालित (Semi Automatic) हतियार हो । यस हतियारले र्सट रिक्वायल अप्रेशन (Short Recoil Operation) को सिद्धान्तमा काम गर्दछ ।

उत्पत्ति (Orientation) :-

यस पेस्तोलको आविष्कार सन् १९२५ मा John M Browning ले गरेका हुन् । सन् १९३५ मा यसको २ वटा स्वरुप (Model) भयो ।

१. साधारण स्वरुप (Ordinary Model):- 9 mm Browning Pistol FNHP टिप खोलेर मिलाउन नसकिने

२. Adjustable Rear Sight Model:- 9 mm 1A Pistol Auto - टिप खोलेर मिलाउन सकिने ।

शुरुमा ९ मि.मि.पेस्तोल बेल्जियममा फैबरिक नेशनल (Fabrique National) कम्पनीले बनाएको थियो । यस पेस्तोल अलग-अलग देशमा अलग-अलग नामबाट चिनिन्छ तर हाम्रो देशमा पनि यो पेस्तोल २ किसिमको रहेको छ । ९ मि.मि.ब्राउनिङ्ग एफ.एन.एच.पि. (Fabrique National High Power) पेस्तोल र ९ मि.मि. 1A Pistol Auto.

आम जानकारी (General Data)

१. पुरा लम्बाई		१९८ मि.मि.(७.८")
२. ब्यारलको मात्र लम्बाई		१२० मि.मि.(४.७५")
३. खाली पेस्तोलको वजन		९३५ ग्राम (२ पौण्ड १ औस)
४. भरेको म्याग्जिनको वजन		२२७ ग्राम (८ औस)
५. म्याग्जिनको क्षमता		१३ राउण्ड (१२ राउण्ड भरिन्छ)
६. कारागार रेन्ज		१५ मिटर
७. साइड रेडियस	१६१	.३ मि.मि.(६.३५")
८. मोजल भेलोसिटी	३४२	मि./से.(११२०फि/से)
९.रेट अफ फायर	१	मिनेट बरावर ६ राउण्ड
१० खाली म्याग्जिनको वजन		८५ ग्राम (३ औस)
११. अप्रेटिङ्ग सिस्टम	र्सट	रिक्वाईल अप्रेसन
१२. सेफ्टी डिभाईज		एप्लाई सेफ्टी :- सेफ्टी क्याच मेकानिकल सेफ्टीः इनरसिया टाईप फायरिङ्ग पिन, हृयाम्बर हाफबेण्ड हुनु, म्याक्जीन नजोडी फायर नहुनु खाली म्याग्जीन हुँदा स्लाईड पछाडी रोकिनु ।
१३. पुरा नाम	९	मि.मि. ब्राउनिङ्ग पेस्तोल एफ एन एच.पि. र 9 mm 1A Pistol Auto
१४. लकिङ्ग सिस्टम	लक	लकिङ्ग

पौच एमुनेसन

क) एक पेस्तोल बरावर		२४ राउण्ड
ख) रिजर्व एमुनेसन	१२	राउण्ड
ग) युनिट रिजर्व एमुनेसन		३ राउण्ड
घ) एक पेस्तोल बरावर		२ म्याग्जिन

बिशेषता (Characteristics)

१. हल्का र छोटो हतियार भएको कारण लैजान र लुकाउन सजिलो छ ।

२. फायरको रफ्तार छिटो भएको कारण मुठभेटको लर्डाईमा लाभदायक छ ।

३. छोटो हतियार भएको कारण अचानक निस्कने हर्कती तार्गेटमा छिटो बर्बाद गर्न सकिन्छ ।

४. म्यागजीनमा राउण्ड धेरै जाने भएकोले फायर लामो समय सम्म गर्न सकिन्छ ।

कमजोरी (Limitation)

१. कारागार रेन्ज धेरै कम छ ।

२. से.मी.अटोमेटिक (Semi Automatic) भएको कारण रोक धेरै पर्दछ ।

३. टाढा रेन्जमा सहि निशाना लिएर फायर गर्न गाह्रो पर्दछ ।

४. एउटै हातबाट बिना रेस्ट (Without Rest) फायर गर्न गाह्रो हुन्छ ।

संक्षेप (Conclusion):- प्रश्नउत्तर बाट

नोट :- युनिट स्तरमा (Unit Level) यस पेस्तोलको जिरोईङ्ग गर्न सकिदैन ।

२" मर्टारको परिचय, उत्पत्ति र बिशेषता

१. उद्देश्य :- २" मोर्टार OML को परिचय, उत्पति र बिशेषताबारे जानकारी दिनु हो ।

२. परिचय (Introduction):- पैदल फौजको सपोर्टिङ्ग हतियार मध्येको २" मोर्टार एक महत्वपूर्ण हतियार हो र प्लाटुनको पावरदार हाई ट्रयाजेट्री मोजल लोडिङ्ग तोपखाना हतियार हो । यसमा कुनै ग्रुब्ज (Grooves) हुदैन । यस हतियारबाट २०० देखि ५२५ गज -१८२.८८ देखि ४८०.०६ मिटर) सम्म पाँच किसीमको बम फायर गर्न सकिन्छ । एड्भान्सको दौडानमा सानो-सानो रुकावटलाई हटाउनको लागि फायर गर्न सकिन्छ । डिफेन्समा डि.एफ.टास्क बाँढेर फायर गर्न सकिन्छ । साथै हमलाको बेला हमला गर्ने टुप्सलाई कभरिङ्ग फायर पनि दिन सकिन्छ । यसको पुरा नाम २" मोरंटार O.M.L. (Over Muzzle Loading) हो ।

३. उत्पत्ति (Orientation)

मोर्टारको प्रयोग मोहम्मद द्वितीय को समयमा सन् १५५१ मा प्रयोग गरियो । ब्रिटिश आर्मीले दोश्रो विश्व युद्धमा २" मोटारको प्रयोग गरेका थिए । भारतले सन् १९३९ मा र्सबप्रथम प्रयोग गरेको थियो ।

४. आम जानकारी (General Data)

१. क्यालिवर -कुतर) - ५१.१८ देखि ५१.४० मि.मि.

२. मोर्टारको वजन - ५.६७३ के.जी. (१२ पौण्ड ८ औस)

३. पुरा लम्बाई - ६६० मि.मि.

४. व्यारलको लम्बाई - ५३३ मि.मि.

५. कारागार रेन्ज - २०० देखी ५२५ गज (१८२.८८ देखि ४८०.०६ मिटर)

६. मार्रर् इलाका - ८ गज चारै तिर (७.३१ मिटर चारै तिर)

७. खतरा इलाका - २५० गज चारै तिर (२२८.६ मिटर चारै तिर)

८. लर्डाईमा सुरक्षाको हद - १५० गज चारै तिर (१३७.१६ मिटर चारै तिर)

९. मोजल भेलोसिटी - ७३ मिटर प्रति सेकेण्ड

१०. रेट अफ फायर - ३ देखि ५ बम्ब प्रति मिनेट

११. २ इन्च मोर्टार कुन सिद्धान्तमा काम गर्दछ - प्रक्युशन फायर ट्रिप एक्सन

यस मोर्टार तीन एंगलबाट फायर गरिन्छ ।

क) लो एंगल २२ .½०

ख) नर्मल एंगल ४५०

ग) हाई एंगल ६७ .½०

फायर हुने बमहरु

१. एच.इ. बम १.१३४ के.जी. (२ पौण्ड ८ औस)

२. स्मोक बम ९०७ ग्राम (२ पौण्ड)

३. प्यारा बम ९०७ ग्राम (२ पौण्ड)

४. सिग्नल बम ९०७ ग्राम (२ पौण्ड)

५. स्याण्ड फिल बम १.१३४ ग्राम (२ पौण्ड ८ औस)

एच.ई.बमको वजन र स्याण्ड फिल बमको वजन १.१३४ के.जी. र अन्य बमहरुको वजन ९०७ ग्राम

६. बम क्यारियरको वजन १ .३६१ के.जी (३ पौण्ड)

७. वाकसको वजन २.७२१ के.जी (६ पौण्ड)

८. ३ गोटा क्यारीयरको वजन ४.०८२ के.जी. (९ पौण्ड)

९. एच.ई.बमबमसहित बाकस को वजन २७.२१६ के.जी. (६०पौण्ड)

१०. अन्य बम सहित बाकस को वजन २३.१३३ के.जी. (५१पौण्ड)

एउटा वाकसमा ३ वटा क्यारी हुन्छन् । एक क्यारीमा ६ वटा बमहरु हुन्छन् ।

५. बिशेषता (Characterstics)

I) सरलता (Simplicity) :-

क) यो धेरै छोटो हतियार हो जसलाई खोल्न, जोड्न, लैजान र फायर गर्न सजिलो छ ।

ख) यसको चाल (Mechanism) सजिलो, सिक्न र फायर गर्न सजिलो छ ।

ग) क्यामोफ्लाईज कन्सिलमेन्ट गर्न सजिलो ।

II) अग्लो उडानबाट फायर (High Trajectory Fire)

क) यो पाहाडको पछाडी अग्लो आड वा रुख आदीको पछाडीबाट धेरै कारागार फायर गर्न सकिन्छ ।

ख) टुटी-फुटी जमिन (Dead Ground) मा पनि धेरै कारागार फायर गर्न सकिन्छ ।

III) मोबिलिटी (Mobility)

क) हल्का वजन भएको कारण कुनै एक ठाँउबाट अर्को ठाँउमा सजिलै लैजान सकिन्छ र फायर गर्दा अल्टरनेट (Alternative) पोजिशनमा लैजान सजिलो छ ।

IV) लचिलोपना (Flexibility)

क) साधारण बनावट भएको कारण तार्गेटको बदली गर्न सजिलो छ र कुनै पनि दिशामा (360^0) मा धेरै कम समयमा फायर गर्न सकिन्छ ।

V) फायर क्षमता (Fire Power)

क) साधरण बनावट र मोजल लोडिङ्ग भएको कारण रेट अफ फायर धेरै छ ।

६. कमजोरी (Limitation)

क) दुरुस्ती (Acuracy) मा कमी जसले गर्दा धेरै बम प्रयोग गर्नु पर्दछ ।

ख) रेन्ज कम छ ।

ग) दल दलले इलाकामा फायर गर्न सकिदैन ।

घ) एरिया हतियार भएको कारण प्वाईन्ट तार्गेटमा फायर गर्न सकिदैन ।

८. टेक्टीकल एम्प्लायमेन्ट (Tactical Employment)

२" मोटार प्लाटुनको तोपखाना हतियार मानिन्छ । त्यसैले लर्डाईको दौरान -एडभान्स, अट्याक र डिफेन्स) मा यसको फायर धेरै नै कारागार सावित हुन्छ । एड्भान्सको दौरान सानो-सानो रुकावट हटाउनको लागि २" मोटारबाट फायर गर्न सकिन्छ । डिफेन्समा डि.एफ.टाक्स बाँढेर फायर गराउन सकिन्छ । हमलाको दौरान हमलागर्ने टुप्सलाई कभरिङ्ग फायर दिन सकिन्छ ।

९. संक्षेप (Conclusion) :- प्रश्न उत्तरबाट

५१ मि.मि. मोटार E-1 को परिचय, उत्पत्ति र बिशेषता

१. उद्देश्यः ५१ मि.मि. मोटार E-1 को परिचय, उत्पत्ति रपः बिशेषता बारे जानकारी गराउनु हो ।

२. परिचय (Introduction)

पैदली फौजको हतियार मध्ये ५१ मि.मि.मोटार भ्-ज्ञ ओ.एम.एल.२" मोटार भन्दा धेरै महत्वपुर्ण हतियार हो । किनकी यस मोटार साईड लगाएर १८० मिटर देखि ८५० मिटर टाढासम्म बम फायर गर्न सकिन्छ र रातको समयमा पनि साईड चम्कने भएकोले डिग्री हाँसिल गरी सजिलै फायर गर्न सकिन्छ । यो मोटार प्लाटुनमा २" मोटार जस्तै से.मु.को पावरदार हाई ट्राइजेट्री मोजल लोडिङ्ग तोपखाना हतियार हो । यसमा कुनै ग्रुव्ज (Smooth Bore Weapon) हुदैन । यस मोर्टाराट ३ किसीमको बम फायर गर्न सकिन्छ । एचर्.इं. (H.E. Bomb)प्यारा (Illuminating Bomb) र स्मोक (Smoke Bomb) । यसको पुरा नाम ५१ मि.मि.मोटार E-1 हो ।

३. उत्पत्ति (Orientation)

यो मोर्टार (British) ब्रिटिश को (Royal Armament Research and Development Establishment) ले ओ.एम.एल. २" मोटारको ठाँउमा सन् १९८१ मा बनायो । त्यस पछि यस मोटार भारतको कानपुर शहरमा स्माल आर्म्स फ्याक्ट्रीद्धारा बनाउन थालियो ।

४. आम जानकारी

१. क्यालिवर :-	Low 51.18 MM
२. मार्टारको वजन	५.२ के.जी
३. ब्यारलको वजन :-	२.१४० के.जी.
४. वेस प्लेटको वजन :-	३.०६ के.जी

५. साईडको वजन	३५० ग्राम
६. मोटारको लम्बाई :-	६७० मि.मि.
७. व्यारलको लम्बाई :-	५४० मि.मि.
८. बेश प्लेटको लम्बाई :-	१९० मि.मि.
९. मोजल भेलोसिटी :-	१०७ मिरसे
१०. रेट अफ फायर :-	८-१२ राउण्ड पर मि.
११. अधिकतम रेञ्ज :-	१०८० मिटर
१२. न्युनतम रेन्च :-	१८० मिटर
१३. Contaminated Limit of barrel :-	५१.७८ MM
१४. Life of barrel:-	४००० Bomb

एम्यूनेशन :-

HE	MK 1	MK 2
(a) Weight	$980^{\pm}25$g.	850 g.
(b) Range Charge	1200-600 M.	200-750 M
(c) Range Charge	2600-850 M.	750-1080 M.
(d) Killing Area	11 M. All round	11 M. All round
(e) Danger	80 M. All round	80 M. All round

(f) फ्यूज :- प्रक्यूशन DA नं. १६१ MK 3 (M-1)DA-5A

(g)अगुमेन्ट्रीक कार्टिज -चार्ज २) :- यस भित्र बेलेस्टाईट बारुद १.८ ग्राम हुन्छ ।

(h) बारुद :- RDX 88%, WAX 12%

प्यारा बम

(a) Weight :-	925 g.
(b) Max range :-	900 M.
(c) उज्यालो दिने समयः-	35 Sec.
(d) उज्यालो दिने एरीयाः-	200 मिटर चारै तिर
(e) बारुद :-	सोडियम नाईट्रेट र म्याग्नेसियम पाउण्ड मिश्रण
(f) रोशनी दिने क्षमता :-	२.५ लाख क्यान्डला पावर
(g) प्वाईन्ट अफ बष्ट :-	१५०$^{+}$ ३० मिटर (जमिन भन्दा माथी)
(h) तल झर्ने रफ्तार :-	३ मिटर प्रति सेकेण्ड

स्मोक

(a) Weight	960 g.
(b) Max. range	850 M.
(c) कम से कमरेन्ज :-	180M.
(d) बारुदः-	हेक्जाक्लोथेन बेश

(e) बारुदको वजन :- ४५० ग्राम

(f) SMK time 2 M.

५. बिशेषता **(Characteristics)**

i) सरलता **(Simplicity)** :-

क) यो धेरै छोटो हतियार हो जस्लाई खोल्न, जोड्न, लैजान र फायर गर्न सजिलो छ ।

ख) यस्ाको चाल (Mechanism) सजिलो, सिक्न र फायर गर्न सजिलो छ ।

ग) क्यामोफ्लाईज कन्सिलमेन्ट गर्न सजिलो ।

घ) यसमा साईड (Sight) लगाईने भएको कारण दिन तथा रातमा पनि Accurate तथा सही निश्चित दुरी सम्म फायर गर्न सकिन्छ ।

ङ) यसको व्यारल निकल क्रोमियम, मेलिबेनेडम हाई स्टेन्थ एलाय स्टीलको मेशिनिङ्ग गरेर बनाएको छ ।

च) बम Load गर्न सजिलो होस् भन्नको लागि व्यारलमा मजल एन्ड (Muzzle End) बलियो बनाउनको लागि Bell Mouth Type को बनाईएको छ ।

ii) अग्लो उडानबाट फायर **(High Trajectory Fire)**

क) यो पाहाडको पछाडी अग्लो आड वा रुख आदिको पछाडीबाट धेरै कारागार (Effective) फायर गर्न सकिन्छ ।

ख) टुटी-फुटी जमिन (Dead Ground) मा पनि धेरै कारागार फायर गर्न सकिन्छ ।

iii) मोबिलिटी **(Mobility)**

क) हल्का वजन भएको कारण कुनै एक ठाँउबाट अर्को ठाँउमा पनि सजिलै लैजान सकिन्छ र अल्टरनेट पोजिशन ९ब्तिभचलबतष्खभ एयकष्तष्यल० मा बदली गर्न सजिलो छ ।

vi) लचीलोपन **(Flexibility)**

क) साधारण बनावट भएको कारण तार्गेटको बदली गर्न सजिलो छ र कुनै पनि दिशामा (360^0) मा धेरै कम समयमा फायर गर्न सकिन्छ ।

ख) यस मोटारको साथ साईट (Sight) उपल्ब्ध भएको भएको कारण दिन तथा रात कुनै पनि समयमा एक्युरेट (Accurate) फायर गर्न सकिन्छ ।

ग) बमलाई आफुले सोचेको आवश्यकतानुसार दुरीमा खसाल्न सकिन्छ ।

घ) साईटलाई फायरिङ्गको दौरान उतार्नु पर्ने केही आवश्यकता छैन ।

v) फायर क्षमता **(Fire Power)**

क) साधरण बनावट र मोजल लोडिङ्ग भएको कारण रेट अफ फायर धेरै छ ।

ओ.एम.एल. २" मोटार ५१ मि.मि. मोटारमा फरक

ओ.एम.एल. २" मार्टार	५१ मि.मि. मोटार
यसको व्यारल Weldless Steel को बनेको छ जस्को लम्बाई ५३३ मि.मि.हुन्छ	यसको व्यारल निकिल क्रोमियम, मेलिबेनेडम हाई स्ट्रेन्थ एलाय स्टीलको बनेको छ जस्को लम्बाई ५४० मि.मि.हुन्छ ।
अधिकतम रेन्ज ४८० मिटर -५२५ गज	अधिकतम रेन्ज ८५० मिटर-९२९.५७ गज
व्यारलको भित्री सतहमा बृजपिस (Breech Piece) जोड्नको लागी Threads काटिएको छ ।	व्यारलको बाहिरी सतहमा बृजपिस (Breech Piece) जोड्नको लागी Threads काटिएको छ । जस्ले गर्दा फायर पछि व्यारल खोल्न सजिलो छ ।
मजल भ्यालोसिटी ७३ मि./से. छ ।	मजल भ्यालोसिटी १०७ मि./से. छ ।
स्पेड बेस पातलो र छोटो छ ।	स्पेड बेस चेप्टो र लामो बनाएको छ जस्ले गर्दा फायरीङ्गको दौरान राम्रो स्थिरता मिल्छ ।
व्यारलको मोजल एन्ड सीधा र पातलो छ ।	मोजल एन्ड बेल माउथ घन्टी) आकारको) आकारको छ जस्ले गर्दा बम लोड गर्न सजिलो हुन्छ ।
स्पेडको तल तिन वटा रिब्स लगाएको छ ।	स्पेडको तल पाँच वटा रिब्स लगाएको छ । जस्ले गर्दा स्पेड धेरै बलियो हुन्छ ।
रेट अफ फायर ३ देखि ५ राउण्ड प्रति मिनेट	रेट अफ फायर ८ देखि १२ राउण्ड प्रति मिनेट
व्यारलको अनुमान लगाएर कोण दिएर फायर गर्नु पर्दछ ।	यसमा साईट लगाउने व्यवस्था छ जस्को मद्धतले १८० मिटर देखि ८५० मिटर सम्म सहि रेन्जमा बम खसाल्न सकिन्छ ।
फायरिङ्ग लिभर सिधा छ ।	फायरिङ्ग लिभर घुमेको छ ।
यसको HE बमको मार इलाका ८ गज चारै तिर हो ।	यसको HE बमको मार्रर् इलाका ११ मिटर चारै तिर हो HE बममा धेरै शक्तिशाली RDX को प्रयोग गरिएको ।
यसको मेकानिज्म गाह्रो कठिन)) छ ।	यसको मेकानिज्म सजिलो छ । जस्ले गर्दा सिकाउन सजिलो छ ।

टेक्टिकल इम्प्लायमेन्ट (Tactical Employment)

५१ मि.मि. मोटार E-1 को प्लाटुनको तोपखाना हतियार मानिएको छ । अतः लडाईको दौरान एड्भान्स, अट्याक, डिफेन्स) मा यसको फायर धेरै कारागार साबित हुन्छ । एड्भान्सको दौरान सानो-सानो रुकावटको हटाउनको लागी ५१ मि.मि. मोटारको फायरलाई लिन सकिन्छ । डिफेन्समा डि.एफ.टाक्स बाडेर फायर गराउन सकिन्छ । हमलाको दौरान हमला गर्ने ट्रुप्सलाई कभरिङ्ग फायर दिन सकिन्छ ।

नं. ३६ हयाण्ड ग्रिनेड

परिचय :-

यस ग्रिनेडको वजन १ पौण्ड १० ½० औस वा ७५० ग्राम हुन्छ । यो बदामे भुरा रङ्गको हुन्छ । यसमा रातो घेरा लगाएको हुन्छ । यस मा सेफ्टी पिन र बेशप्लग लगाएको हुन्छ । यो ग्रिनेड टुटी फुटी जमिन मा लुकिछिपी बसेको दुश्मन लाई सिधा मार गर्ने (फल्याट ट्रयाक्जेक्ट्री) हतियारले फायर गर्न नमिल्ने जमिन मा बसेको दुश्मनलाई बर्बाद गर्न प्रयोग गरिन्छ । यसको मार इलाका ९x९ गज चारै तिर, घाईते इलाका २५० गज र ३०० गज (२२८.६ देखि २७४.३२ मिटर) सम्म खतरा पुर्याउन सक्छ ।

आम जानकारी (General Data)

१. वजन	७५०	ग्राम (१ पौण्ड १०.५ औस)
२. लम्बाई	८	.९ से.मि
३. डायमिटर	५	.७ से.मि.
४. मार्रर् इलाका	९	गज चारै तिर (८.२२ मिटर)
५. घाईते इलाका	२५०	गज (२२८.६ मिटर)
६. खतरा इलाका	३००	गज (२७४.३२ मिटर)
७. प्रयोग हुने फ्यूज	४	सेकेण्ड र ७ सेकेण्ड वाला (सेफ्टी फ्यूजमा गन पाउडर बारुद)
८. राईफलले फाल्न सक्ने इलाका	२०० मी.	
९. हातले फाल्न सक्ने इलाका	२५ देखि ३५ गज सम्म (२२.८६ देखि ३२.०० मिटर)	

१०. जी.एफ.राईफलमा डिस्चार्ज कप जोडेर फायर गर्न सकिन्छ ।

११. एस.एल.आर.बाट साईड प्रोजेक्टर ३ ब् र ट्यूव लन्चिङ्ग मार्क -ज्ञ जोडेर फायर गर्न सकिन्छ ।

१२. २२" क्यापमा मर्करी फुलमिनेट या लीड स्टफीनेट नामक बारुद भरिएको हुन्छ ।

१३. डेटोनेटरमा त्थतचष्भि नामक बारुद हुन्छ ।

१४. ट्युव लञ्चिङ्ग मार्क-1 जोडेर फायर गर्दा रेन्ज पुरा बन्द गरेर २०० मीटर सम्म फायर गर्न सकिन्छ

१५. ग्रिनेटलाई उचाई र गोलाईको रुपमा फ्याँक्ने अभ्यासको लागि हाइ वायरसिट जालीको प्रयोग गरिन्छ । जालीको पुरा उचाई ५ मी ४ से.मी.(१८ फिट हुन्छ) ।

१६. जालीको लम्वाई २२ $^{१}/_{२}$ फिट हुन्छ ।

१७. हाई वायरसिट जालीको अगाडी १० मी मा एक खाडल साथै त्यो भन्दा अगाडी ५/५ मीटरमा २ वटा खाडल गरेर जम्मा ३ वटा खाडल हुनुपर्दछ ।

१८. नेटको पछाडी १५ मीटरमा ग्रिनेट फ्याँक्ने खाडल हुनु पर्छ ।





५.१.८. प्लाष्टिक हृयाण्ड ग्रिनेण्ड

परिचय :

यो ग्रिनेड पि प्राईमर भएको ग्रिनेड हो । यो ग्रिनेड डबल लग भएको सेफ्टी पिन जोडिएको हुन्छ यसलाई प्रयोग गर्ने अबस्थामा मात्र खोल्न सकिन्छ । यो ग्रिनेड सेफ्टी पिन नझिके सम्म कुनै पनि हालतमा पड्कदैन । यस ग्रिनेडलाई खोल्न सक्त मनाहि छ । ३६ हृयाण्ड ग्रिनेड झै विभिन्न हातलमा प्रयोग गर्ने उद्देश्यले यो ग्रिनेड बनाएको हुन्छ । त्यसैले ग्रिनेडलाई चिनेर प्रयोग गर्न जानेको छ भने नजिक भन्दा नजिक गुथ्थम गुथ्था निस्केको वा टुटी फुटी जमिनमा लुकि छिपी बसेको दुश्मन माथि ग्रिनेड फायर गरी एक ग्रिनेडबाट धेरै दुश्मन मारी थोरै समयमा धेरै सफलता हासिल गर्न सकिन्छ ।

आम जानकारी

१. वजन - ४१९±१० ग्राम
२. मार्रर् इलाका - १५ मीटर चारै तिर
३. घाईते इलाका - १५० मीटर चारै तिर
४. खतरार् इलाका - २०० मीटर
५. यसमा २.४ देखि ३.२ मि.मि.डायमिटर भएका ३२०० वटा स्टिल बल (छर्रा) हरु राखिएको हुन्छ । यो मकवानपुर जिल्लाको भिमफेदी बहु प्लाष्टिक उद्योगमा बन्दछ ।
६. यसमा पेट्रोपेन्ट नामक बारुद भरिएको हुन्छ ।

ग्रिनेड को परीचयः

प्लाष्टिक हृयाण्ड ग्रिनेड ३ किसीम को हुन्छ

(१) स्टान ग्रिनेड

(२) कवाज ग्रिनेड

(३) लाईफ ग्रिनेड

(१) स्टान ग्रिनेडः- यस्को लिभर सेतो हुन्छ, यस भित्र HE बारुद भरिएको हुन्छ तर यसमा स्टिल बल्ब राखिएको हुदैन यसको प्रयोग बिभिन्न (VIP) भि.आई.पि.हरुलाई परदर्शनी देखाउन, डेमो देखाउन वा दुश्मन लाई हतोत्साहित बनाउन यस्को प्रयोग गरीन्छ ।

(२) कवाज ग्रिनेडः- यस्को लिभर मा निलो रंग लगाएको हुन्छ, । यसको इकुनाईटर सेटडमी हुन्छ यस भित्र HE बारुद को सट्टा बालुवा भरिएको हुन्छ यसको वनावट HE प्लाष्टीक हृयाण्ड ग्रिनेड सरह नै हुन्छ । यसको प्रयोग HE ग्रिनेडको चाल सिकाउन रेन्ज हासिल गर्न प्रयोग गरिन्छ ।

३) लाईफ ग्रिनेड :- यो वर्जी (आर्मी) कलरको हुन्छ । यसमा लट नम्बर पनि लेखिएको हुन्छ यसको वरिपरीको भाग विशेष प्लाष्टिकको पदार्थ बाट बनेको हुन्छ । यस ग्रिनेड लाई बनाउदा २ फ्याँकमा बनाईएको हुन्छ र दुवै फ्याँकमा प्लाष्टिक संगै २.४ देखि ३.२ एम.एम. डायग्रामको ३२०० छ्रा मिर्साई बनाएको हुन्छ ,यो प्लाष्टिक पदार्थ यति कडा हुन्छ ,कि वाहिरी हिस्सा मात्र भएको ग्रिनेड सार्हो ठाउँमा फाले पनि फुट्दैन यसमा विष्फोटक पदार्थ भरेपछि विष्फोटक पदार्थको धमकाले मात्र फुट्दछ । यस्को वजन ४१९±१० ग्रामहुन्छ ,यो ग्रिनेड लड नंम्बर बाट संकेत गरीएको हुन्छ यस्को पकड् बलियो होस भन्नको लागी बाहिरी हिस्सामा खाना खाना काटिएको हुन्छ ,यस ग्रिनेडको माथिल्लो भागमा (काध) एक चुरि भएको प्वाल हुन्छ । जसबाट भित्रको खाली भागमा ४१ ग्राम विष्फोटक पदार्थ -पेट्रोपेन्ट) भरिएको हुन्छ । त्यसै चुरीमार् इगुनाईटर सेट जोडिन्छ । अब यो ग्रिनेड प्रयोग को लागी तयार हुन्छ ,यो ग्रिनेड एक लट मा १०,००० -दश हजार) तयार हुन्छ यस्मा याद राख्नु पर्ने कुरा तयारी ग्रिनेड को लिभर सहितकोर् इकुनाईटर सेट कहिले पनि खोल्नु वा अलग गर्नु हुदैन ।

प्रयोग :-

यो ग्रिनेड टक्रेको ठाउँदेखि चारैतिर १५x१५ मिटर मार गर्दछ ,यसमा भएको स्टिल बलहरुले १५० मिटर सम्म टाडा पुग्ने भएकोले (घाईते गर्दछ) २०० मिटर सम्म सुरक्षित हुन जरुरी छ । यो -४०० र ±६०० तापक्रम भएको ठाँउमा सहि हालतमा पड्किन्छ । यस लाई प्रयोग गर्नु अगाडी दाहिना हात ले यस्तो संग समाल्नुकि लिभर लाई हत्केला को बिचमा राखी हत्केला ले लिभर लाई दबाई राखोस । वायाँ हातले ग्रिनेड को माथिल्लो भाग मा भएको रिङ्गलाई सेफ्टी पिन हुक बाट निकाली बुढी औला रिङ्गभित्र छिराएर केहि

बलगरी वायाँ तर्फ तान्ने सेफ्टीपिन बाहिर निस्कन्छ । सेफ्टीपिन आफ्नो औलामा भए नभएको चेक गर्ने त्यस पछी मात्र ग्रिनेड फाल्नु पर्छ ।

PH ग्रिनेडको चाल :- चाल बताउनु भन्दा पहिला चाल गर्ने किला पर्जा को नाम

१) सेफ्टी पिन २) लिभर ३) स्टाईगरमा जोडिएको फाईरिङ्ग पिन ४) फाईरिङ्ग पिन स्प्रीङ्ग ५) प्राईमरकेप

६) सेफ्टि फ्यूज ७) डेटोनेटर ८) पेटोपेन्टाबारुद ९) प्लाष्टिक मेटेरीयम मा टाँसीएका स्टिल बल्बहरु ।

चाल :-

जव पनि एज् ग्रिनेड को लिभरलाई काबु राख्दै सेफ्टिपिन थुती -तानी) एज् ग्रिनेडलाई उचाई र गोलाई को साथ हात बाट फालिन्छ ,भने स्टाईगरले धकेलि रहेको लिभर अगाडी तर्फ खस्दछ ,यहि बेला लिभरले चेपिरहेको स्टाईगरमा जोडिएको फाईरिङ्ग पिनले आफ्नो स्प्रिङ्ग -कोमद्दतले) लाई खुम्चाउदै प्राराईमरकेपमा चोट मार्दछ , जसले गर्दा आगो पैदा हुन्छ । उक्त आगो सेफ्टि फ्यूजमा लाग्दछ ,सेफ्टीफ्यूज आफ्नो समयमा जलेर (४सेकेण्ड ±०५ पल सेकेण्डपछी) डेटोनेटरलाई आगो दिन्छ र डेटोनेटर धमकाको साथ पड्कन्छ सो धमकाले बडीमा भएको HE (पेटोपेन्टा) बारुद पड्कन्छ । यति बेला प्रशस्त मात्रमा ग्याँस र सोला पैदाहुन्छ उक्त ग्याँस र सोला कतै जान नपाई उकुसमुकस भै ग्रिनेड १ देखि १½ फिट माथि उफ्रियर सो को धमकाले प्लाष्टिक पग्लिन्छ र प्लाष्टिक मेटोरीयममा टाँसीएका स्ट्रिरल बल्बहरु चारै तर्फ त्रिर गतिले फैलिएर आफ्नो एरियामा नोक्सान पुर्याउदछ ,, त्यसैले यस ग्रिनेड खसेको ठाँउ देखि चारै तिर १५x१५ मिटर मार गर्दछ । १५० मिटर घाईते गराउछ भने २०० मिटर सम्म सुरक्षित हुन जरुरी छ ।

प्याँकिङ्ग

यो एक काठको बाकसमा २५ वटा ग्रिनेड प्याँक भएर आएको हुन्छ । यसमा सेतो रंगले वजन संख्या, मिति लेखिएको हुन्छ । हालसम्म मा नेपालमा एकै किसिमको प्लाष्टिक हृयाण्ड ग्रिनेट बनेको छ जुन जर्मन को सहयोग मा बहु प्लाष्टिक उद्योग मकवानपुर जिल्लाको भिमफेदी भन्ने ठाउँमा नेपाल आर्मीको मातहतमा बन्दछ

प्रोजेक्टर पायरो टेक्नीक हृयाण्ड १३ मि.मि./मिनी फ्लेयर को परिचय, बिशेषता र प्रयोग बिधि
(Projector Pyrotechnic Hand 13mm / Mini flare)

परिचय

-पुरा नाम - प्रोजेक्टर पायरो टेक्नीक हेण्ड १३ मि.मि. या मिनी फ्लेयर

-यो Projector Pyrotechnic Hand 13mm **ARDE** (Armour Royal Development Establishment) ले भारतको पुनामा बनाएको हो ।

-सिग्नल दिनका लागि यसको प्रयोग गरिन्छ र कमाण्डरले बोक्ने हतियार हो ।

-यसबाट ४ किसिमको कार्टिज फायर हुन्छ । रातो, हरीयो, सेतो र नीलो ।

आम जानकारी

१. भित्री डायमिटर - १०.५ मि.मि. र बाहिरी डायमिटर - १२.६५ मि.मि.

२. वजन - ५४ ग्राम

३. लम्बाई - ११९ मि.मि.

४. बडीको लम्बाई - १०१.८ मि.मि

५. फायर हुने कार्टिज - रातो, हरीयो, सेतो

६. टाईप - पेन टाईप

<u>फायर हुने कार्टिजको आम जानकारी</u>

Projector Pyrotechnic Hand 13mm को कार्टिज भारतको OFD (Ordinance factory Dehu-road) नासिकमा बनाईन्छ ।

-यसको कार्टिज रिम फायर किसिमको हुन्छ । कार्टिज भित्र बारुद भरिएको हुन्छ ।

-कार्टिजमा लट नं. पनि लेखिएको हुन्छ ।

-एक प्लाष्टिक प्याकमा ६ वटा कार्टिज प्याक भई आएको हुन्छ ।

-कागजको प्याकमा २४ वटा कार्टिज प्याक भई आएको हुन्छ ।

-टिनको बाकसमा ८ वटा कागजको प्याक -१९२ वटा कार्टिज) हुन्छ ।

विवरण	सेतो कार्टिज	रातो कार्टिज	नीलो,हरीयो कार्टिज
क) वजन	१३.७ ग्राम	१३.७ ग्राम	१३.७ ग्राम
ख) लम्वाई	३९ मि.मि	३९ मि.मि	३९ मि.मि
ग) डायमिटर	१६ मि.मि.	१६ मि.मि.	१६ मि.मि.
घ) उज्यालो दिने समय	४ देखी ६ सेकेण्ड	४ देखी ६ सेकेण्ड	४ देखी ६ सेकेण्ड
ङ) जमिन भन्दा माथी	६० मिटर	६० मिटर	६० मिटर
च) बारुद	सोडियम नाईट्रेट	स्ट्रान्शियम	साल्ट आफ बेरियम
छ) रोशनी	३००० क्यान्डेला पाबर	३००० क्यान्डेला पाबर	१५०० क्यान्डेला पाबर
ज) बिजीविलटी रातमा	७.५ कि.मी.	७.५ कि.मी.	७.५ कि.मी.
झ) बिजीविलटी दिनमा	३ कि.मी.	३ कि.मी.	३ कि.मी.
ञ) संकेत	W लेखेको हुन्छ	+ हुन्छ	▲ हुन्छ

Projector Pyrotechnic Hand 13mm भर्ने, फायर गर्ने, खाली गर्ने तरिकाः

- दाहिने हातमा Projector Pyrotechnic Hand 13mm लिने ।
- बाँया हातले प्याकेटबाट कार्टिज निकाल्ने र कार्टिजको बडिको भाग अगाडी तर्फपारी Projector Pyrotechnic Hand 13mm मा कार्टिज जोड्ने । कार्टिजको पुरा चुरी नकसिन्जेल सम्म कार्टिज घुमाईरहने । यहि कारवाहीलाई कार्टिज फायरको लागि भरेको भनिन्छ ।
- रेडिको आदेश आउँदा दाहिने हातको बुढी औंलाले पिन ट्रेगरलाई पछाडी खिचेर बडि झिरीमा फर्साईदिने । अब Projector Pyrotechnic Hand 13mm फायरको लागि तयार हुन्छ ।
- जब फायर गर्नु पर्यो भनें Projector Pyrotechnic Hand 13mm लाई ८० डिग्रीको कोणमा राखी दाहिने हातको बुढी औंलाले काबु राखेको पिन ट्रेगरलाई चटकका साथ छाडी दिने । कार्टिज फायर हुन्छ । फायर भएको खोकालाई निकालेर राख्नु पर्दछ ।
- कार्टिज भरि सके पछि पनि बेगर फायर खाली गर्नु पर्यो भनें कार्टिजलाई Projector Pyrotechnic Hand 13mm बाट अलग गरिदिनु र प्याकेटमा राख्नु ।

राईफल लेशन- १

शुरुको काम :- जवान हतियारको निरिक्षण ग्रुपको वाँडफाँड ।
जवपनि हाम्रो हातमा नयाँ हतियार पर्दछ भने निरिक्षण गर्न जानेको हुनुपर्दछ । त्यसैले आज हाम्रो हातमा नयाँ हतियार परेको छ जसको नाम हो ७.६२ मि.मि. एस.एल.आर. त्यसैले यसलाई हामीले निरिक्षण गर्न जानेको हुनुपर्दछ । अव म तपाईहरुलाई सिकाउछु निरिक्षण गर्नेको तरिका निरिक्षण गर्नेको तरिका सिकाउनु भन्दा पहिला निरिक्षण गर्नु पर्ने अवस्थाहरु

१. एक व्यक्ती बाट अर्को ब्यक्तीमा लिदा वा दिदा ।
२. कोतवाट वुझदा वा वुझाउदा ।
३. सेन्ट्री अदली वदली गर्दा ।
४. फायरिङ्ग गर्नु भन्दा अगाडी र फायरीङ्ग गरि सके पछि ।
५. लामो लामो रुट मार्च वा पट्रोलिङ्ग जानु भन्दा अगाडी र फर्के पछि ।
६. आर्सनल वाट हतियार Issued भएर आउदा ।
७. हतियार खोल्नु भन्दा पहिला र जोडी सके पछि ।

निरिक्षण गर्नेको तरिका :- निरिक्षण २ तरिकाबाट गर्न सकिन्छ । -१) गन्तीका साथ -२) सरासरी
निरिक्षण गर्ने तरिका सिकाउनु भन्दा पहिला म तपाईहरुलाई सिकाउछु जाँच शस्त्र र साथ शस्त्र गर्नेको तरिका

१. जाँच शस्त्र र साथ शस्त्र गर्नेको तरिका :-गन्ती १ मा दाहीने तिर ९०° को एङ्गलमा सेपीएको राईफललाई दाहीना हातको सहायतले ४५° को एङ्गलमा केही अगाडि वायाँहातमा फालीदीनु । वायाँहातले फन्टहेण्डगार्डमा २ हिस्सा पारी समात्नु र दाहीना हातले पेस्तोनग्रिपमा तिन हिस्सा पारी समात्नु वाँया गोडालाई कदमुताविक वाँयातिर फालीदिनु । यतिवेला वट कुलेहड्डीमा सेपेको र व्यारल दाहीना हातको सिधाई हुनु पर्दछ । यो त भयो जाच शस्त्र जानेको तरिका अव म तपाईहरुलाई सिकाउछु साथ शस्त्र गर्नेको तरिका गन्ती साथ साथ शस्त्र गर्नेको तरिका जव पनि साथ सस्त्र भन्ने आदेश हुन्छ भने गन्ती १ मा वाँया गोडालाई र्सतक पोजीसनमा ल्याएर जोड्नु दाहीना हातले वाया हात भन्दा माथी हान्नु यति वेला राईफल ४५° को एंगलमा हुनु पर्दछ । गन्ती २ मा वाया हातले फ्लासहाईडरमा दुई हिस्सा पारी समाउनु र ४५° को राईफललाई ९०० मा ल्याउनु र वटले जमिनमा वुटको सिउनीको लाईनमा छोयो छोयो पारी राखेको हुनु पर्दछ , गन्ती ३ मा वाया हातलाई चटक्का साथ काट्नु र वटलाई जमिनमा राख्नु एक साथ हुनु पर्दछ ।

गन्तीको साथ निरिक्षणको लागी जाच शस्त्र गर्नेको तरिका : - जव पनि निरिक्षणको लागी जाच सस्त्र भन्ने आदेश हुन्छ भने गन्ती १ मा दाहीने तिर ९००को एङ्गलमा राखेको राईफललाई दाहीना हातको सहायतले ४५° को एङ्गलमा केही अगाडि वायाँ हातमा फालीदीनु । वायाँहातले फन्टहेण्ड गार्डमा २ हिस्सा पारी समात्नु र दाहीना हातले पेस्तोनग्रिपमा तिन हिस्सा पारी समात्नु वाँया गोडालाई कदमुताविक वाँयातिर फालीदिनु । यतिवेला वट कुले हड्डीमा सेपेको हुनुपर्दछ र राईफलको व्यारल दाहीना हातको सिधाई हुनु

पर्दछ । गन्ती २ मा पौचको भुन्टी खोल्ने गन्ती ३ मा म्याग्जिन क्याँच दवाउदै म्याग्जिन उतार्ने गन्ती ४ मा पौचमा राख्ने गन्ती ५मा ककिन पिसमा हान्ने गन्ती ६ मा ककिन पिसलाई उठाउने गन्ती ७ मा पुरा पछाडी तान्ने गन्ती ८ मा माझी औलाको सहायतालै होल्डीङ्ग ओपनिङ्ग क्याँच लगाउने गन्ती ९ मा ककिन पिसलाई अगाडी लगेर वैठाउने गन्ती १० मा फन्ट हृयाण्ड गार्डमा दुई हिस्सा पारी समाप्तु गन्ती ११ मा वाया ढल्काई चेम्वर मा हेर्नु र गन्ती १२ मा राईफललाई सिधा गर्नु ।

जस व्यक्तिको हतियार निरिक्षण गरि तेस्रो व्यक्तिमा पुग्दछु पहिलो वाला व्यक्तिले आफै अगाडीको कार्रवाही गरेर वस्ला भन्ने आदेश दिई निरिक्षण गर्ने जाचकी अगाडी आई उसले फ्लासहाईडरमा समात्छ भने दाहीना हातले इजेक्सन वे मा बुढी औलाको नङ च्याम्बरमा देखीने गरी देखाउने यदि च्याम्वर हर्नु खोजेमा इजेक्सन वे लाई आकाश तर्फफर्काई वाया हात पुरा तन्काउने तर यो कार्रवाही गर्दा र्सतकमा जानु पदैन अव म तपाईहरुलाई सिकाउछु साथ शस्त्र गर्नेको तरिका गन्ती १ मा वायाँ हातले ककीङ्ग पिसमा हान्नु, गन्ती २ मा ककीङ्ग पिस उठाउनु, गन्ती ३ मा ककीङ्ग पिसलाई पुरा पछाडि तर्फतान्नु, गन्ती ४ मा चालवाला पुर्जा अगाडि लैजानु, गन्ती ५ मा वायाहातले फन्टहेण्ड गार्डमा दुई हिस्सा पारी समाउनु, गन्ती ६ मा S पोजिशनमा भएको सेफ्टी क्याचलाई R पोजिशनमा लैजानु, गन्ती ७ मा ट्रेगर दवाउनु, गन्ती ८ मा सेफ्टी क्याचलाई S पोजिशनमा लैजाने, गन्ती ९ मा पौचबाट खाली म्याग्जिन निकाल्नु, गन्ती १० मा खाली म्याग्जिन राईफलमा जोड्नु, गन्ती ११ मा पौचको भुन्टी लगाउन' गन्ती १२ मा वाँया हातले फन्हेण्डगार्डमा २ हिस्सा पारि समाप्तु

२. सरासरी :- यही काम प्रशिक्षकले सरासरी गरेर देखाउने र टोलीलाई अभ्यास गराउने ।

ओपन पौंच गर्नेको तरिका :-

गन्तीको साथ गन्ती १ मा साईडमा रहेको राईफललाई दुवैखुटाको बिचमा राखेर दुवै घुडाले चेप्नु गन्ती २ मा हातकाट्नु । गन्ती ३ मा पौचको भुन्टी खोल्नु । गन्ती ४ मा पौचबाट राउण्ड निकाल्नु । गन्ती ५ मा पुन हातकाट्नु । गन्ती ६ मा हातमा लिएको राउण्डलाई अगाडि देखाउनु ।

सिस पौच गर्नेको तरिका :-

गन्ती १ मा हातकाट्नु गन्ती २ मा दुवैहातमा भएको सामान पौचमा राख्नु गन्ती ३ मा पौचको भुन्टि लगाउनु । गन्ती ४ मा हात काट्नु गन्ती ५ मा दाहिनाहातले राईफलको प|mकडहृयाण्डगार्डमा हानी समाप्तु गन्ती ६ मा सतर्क पोजिशनमा ल्याउनु । यसै कामलाई सरासरी पनि गर्न सकिन्छ ।

दोहोर्याई :- विशेषताबाट लिने ।

उद्देश्य :- ७.६२ मि.मि.राईफलको परिचय खोल्नु सफाई र जोडनेको तरिका सिकाउनु हो । २

सामान :- राईफल, म्याग्जिन, व्युनेट, आयल वोटल, तेल, टल्ली, रड पुल्थ्रो, कम्बीनेकेशन टुल एक्स्टेक्टर रिमुभिङ्ग कि, र वन्दोवस्तीमा ग्राउण्डसिट विछ्याएको पुरै कलास वैपन ड्रेसमा भएको हुनु पर्दछ ।

वयान :- सम्झनुहोस् यो राईफल ग्याँसद्वारा चल्ने हावाद्वारा ठण्डा हुने क्झष् Semi Automatic Selfloading जवानको एक Personal र भरोसादार हतियार हो । त्यसैले प्रत्येक जवानले यस हतियारलाई खोल्न, सफाई र जोड्नेको तरिका जानेको छ भने परेको वेलामा दुरुस्तीका साथ काम हासील गर्न सकिन्छ । पाठ तर्न्तिवार सबै भन्दा पहिला.....

तर्तीव नं. १ :- राईफलको परिचय :- यो राईफल हामीलाई २ देशवाट प्राप्त भएको छ । मित्रराष्ट्र भारतबाट प्राप्त भएको राईफलको फ्लासहाईडरमा ३ वटा खाना काटीएको र बडीमा 1A1 लेखिएको हुन्छ । भने वेल्जीयमबाट प्राप्त भएको राईफलको फ्लासहाईडरमा ५ वटा खाना काटीएको र बडीमा L1A1 लेखिएको हुन्छ ।

राईफललाई चिन्ने तरिका :-

क. आर्सनलबाट काटीएको वडी नं. वाट ख. युनिट वा सव युनिटले राखेको वट नम्बरवाट

ग. काठको वा प्लाष्ट्रीकको रङ्गवाट

राईफललाई निम्न चिजबाट वचाउनु पर्दछ :-

क. आगो ख. पानी

ग. कडा जमिन वा बस्तु बाट घ. धुलो र बालुवा बाट

तर्तीव नं. २ खोल्नेको तरिका :- यस राईफललाई खोल्नु भन्दा पहिला निरिक्षण गर्नुपर्दछ । यदि तुरुन्त खोल्नु छ भने म्याग्जिन जोडिरहनु र ट्रेगर दवाईरहनु पर्दैन । यदी सिलिङ्ग लगाएको छ भने सिलीङ्ग खोलेर गोलो बनाई राख्ने या सिलीङ्गलाई चार फोल्ड गरी कडि आकासतर्फअगाडि पर्ने गरी म्याग्जिनको दाहिना राख्ने त्यस पछि ब्यूनेटक्याच दवाउँदै ब्यूनेट खोल्ने र ब्यूनेट स्काईभरवाट ब्यूनेट अलग गरिदिने र सिलीङ्गको दाहिना राख्ने एवं रितले ग्याँस प्लग क्याँचलाई दवाउँदै घडीको सुल्टो रुपमा घुमाई ग्याँसप्लक निकाल्ने, पिस्टन, पिस्टन स्प्रीङ्ग, त्यसपछि दाहीना हातको तीन औलाको सहायताले वडी कभर खोल्ने बडि कभर, स्लाईड, बृजब्लक निकाली क्रमश मिलाउँदै जाने अन्तमा वडीलाई लकगरी सेफ्टीक्याँच जमिनतर्फफर्काएर वडीलाई राख्ने ।

यस राईफललाई ५ ग्रुपमा खोलिन्छ :

१. म्याग्जिन ग्रुप :- म्याग्जिन केश, वुलेटगाइड, चार्जर क्लिप गाईड, राउण्ड सर्भिस, म्याग्जिन स्प्रीङ्ग, म्याग्जिन प्लेट, म्याग्जिन प्लेट वटम ।

२. व्युनेट ग्रुप :- स्काईभर, स्काईभर स्टुड, माउथ पिस स्क्रुप, माउथपिस, माउथपिस स्प्रिङ्ग, व्यूनेट, नोख, व्युनेट धार, वाइट रेसेस, क्रस पिस, विनेट रिङ्ग, केरीङ्ग लुप, व्यूनेट क्याच, रेसेस फर विनेट लक, हेण्डग्रिप, पोमेल ।

३. पिस्टन ग्रुप :- ग्याँसप्लग, ग्याँस न्यारोरेसेसमार्क, ग्याँस प्लग क्याँच, प्लन्जर, लकिङ्ग लक, ग्याँस झिरी, पिस्टन हेड, एनुलर गुरभ्स, वाईफल रिङ्ग, पिस्टनको आखिरिवाला हिस्सा ।

४. चालवाला पर्जा ग्रुप :- वडीकभर, इजेक्सन वे, स्लाईड, स्याण्ड ग्रुप, स्लाईडको वायाँ वाला पहलु - एक्च्युएटिङ्ग बेण्ड) स्टाकिङ्ग सर्फेस, बिटीङ्ग सर्फेस, गाईड गुरभ्स, लकिङ्ग अनलकिङ्ग सर्फेस, रिटानिङ्ग रड, वृजब्लक, सिटफर कार्टिज केश बेश, एक्स्टेक्टर, फाईरीङ्ग पीन, फाईरिङ्ग पीनहोल, फायरिङ्ग पीन रिटन, फिटपिस, इजेक्टर रेसेस, लकिङ्ग शोल्डर ।

५. वडी ग्रुप :- ७.६२ मि.मि. कुत्तर, फ्लासहाईडर, व्यूनेट लक स्टुड, प|ग्नट सिलिङ्ग कडी, ग्याँस सिलिण्डर, प|ग्नटसाईड ब्राकेट, फन्टसाईड टिप, ग्याँस रेगुलेटर, ग्याँस न्यारोरेसेस, सर्कीलीभ तार, ग्यासभेन, ग्याँस पासेस होल, प|ग्नटहेण्ड गार्ड, प|ग्नटहेण्ड गार्ड लकिङ्ग नट, स्टान्थिङ्ग पिन, लाईनर -फलामको

पाता), कुलिङ्ग होल, क्यारी हेण्डल, क्याविटी, इजेक्सन वे, ककिङ पीस, म्याग्जिन क्याँच, होल्डीङ्ग ओपनिङ्ग क्याँच,चेम्वर, डवल स्क्रुभ, ट्रेगर गार्ड, ट्रेगर पिन, पेस्तोन ग्रिप, इजेक्टर, सेफ्टीसेर, हेम्वर, प्लान्जर, डस्टहोल, लकिङ्ग प्लेट, वडीलकिङ क्याँच, फेरोल, स्माल अफ्दी वट, व्याँकसाइट होल, व्याँकसाईड लिफ, व्याँक साईड क्याँच -प्लन्जर) व्याँक साईड बेड, वट प्लेट, वट प्लेट स्क्रुप, वट ट्राफ्ट, आयल वोतल होल, हिलवट, टु वट । र्

तर्तिव नं. ३ सफाई गर्ने तरिका :- यस राईफललाई ४ तरिकाबाट सफा गर्न सकिन्छ ।

१. आम सफाई :- बाहिरी धुलोमैलो पुछने र साधारण पुछपाछ गर्ने ।

२. हप्तावरी सफाई :- डिटेल रुपमा हप्तामा १ पटक गरीने सफाई

३. फायरिङ्ग गर्नुभन्दा अगाडिको सफाई :- फायरिङ्ग गर्नुभन्दा पहिला गरिने सफाई पुरानो तेल हल्का पुछने ।

४. फायरिङ्ग पछिको सफाई :- फायरिङ्ग गरिसकेपछि ग्याँस वडी जम्मा हुने भएकोले डिटेल रुपमा सफा गर्नु पर्दछ । यदि समय छ भने पानी उमालेर व्यारल र सिलिण्डरमा हाली सफा गरिन्छ । अन्तमा तेल लगाएर राखिन्छ ।

यस राईफलमा प्रयोग हुने तेलको प्रकार

१. साधारण इलाकामा :- ४° भन्दा माथीको तापक्रममा OX 52 वा AOil

२. हिमाली इलाकामा :-

क) ४° देखि -१८° तापक्रममा OX 13 वा लो कोल्ड टेष्ट आयल

ख) -१८° देखि -४०° तापक्रममा OX 13 र सुपर केरोसिन (1:1) बराबर मिलाएर प्रयोग गरिन्छ ।

ग). -४०° देखि -५०° तापक्रममा OX 13 ञ्चघ २ भागर ३ भाग सुपर केरोसिन न (2:3) मिलाएर प्रयोग गरिन्छ ।

३. गर्मी इलाकामा ग्राफाईट ग्रिज

४.मरुभूमी इलाकामा ड्राई क्लियरिङ्ग सल्फेट पाउडर

यसमा प्रयोग हुने टल्लीको स्केल

क) व्यारलको लागि सुख्खा टल्ली ४ दर्वे २" -१०x५ सि.एम.)

ख) व्यारलको लागी तेल टल्ली ४ दर्वे १.५" -१०X३ सि.एम.)

ग) सिलिण्डरको लागि सुख्खा टल्ली ४ दर्वे ३" -१०X७.५ सि.एम.)

घ) सिलिण्डरको लागी तेल टल्ली ४ दर्वे २" -१०X५ सि.एम.)

तर्तीव नं. ४ राईफललाई जोड्नेको तरिका :- राईफल जोड्दा सवैभन्दा पहिला खोलेको किलापुर्जालाई सवैभन्दा पछि र सवैभन्दा पछी खोलेको किलापुर्जालाई सवैभन्दा पहिला जोड्नु पर्दछ । जोड्दा जहिले पनि तर्तीवार जोड्नु पर्दछ जसरी खोल्दा मिलाएर खोलीन्छ, त्यसै गरि जोड्दा पनि मिलाएर क्रमश जोड्नुपर्दछ ।

नोटः--म्याग्जिन, सिलिङ्ग, स्काईभर, व्यूनेट, ग्याँस प्लक, स्प्रिङ्ग, पिस्टन, बढीकभर, स्लाईड, वृजउतानो पारेर, बढीग्रुप,

रातमा हतियार खोल्ने र जोड्ने को तरीका :- सझनुहोस रातको समयमा सानो आवाज पनि धेरै टाडा सम्म सुनिने -जाने) भएको ले यस हतियार लाई हरेक व्यक्ती ले आवज ननिकाली रातको समयमा खोल्न र जोड्न जानेको हुनुपर्दछ । सोही काम म यसप्रकार गरेर देखाउछु वयान को साथै नमुना यति बेला शिक्षकले आँखामा रुमाल बाधेर नमुना देखाउने

खोल्ने को तरीका :- सबैभन्दा पहिला र्राईफलाई सुताएर राख्रे दुबै हातको सहायता ले म्याग्जिन क्याँच दबाउदै म्याग्जिन निकाल्ने - यदी व्यूनेट जोडीएको छ भने व्यूनेट निकाल्ने, व्यूनेटदेखी व्यूनेटस्काईभर अगल गर्ने) ग्याँसप्लक क्याँच दबाउदै ग्याँसप्लग निकाल्ने,पिस्टनलाई स्प्रिङ्गबाट अलग गर्ने,बडी लकिङ्गक्याच दबाउदै र्राईफलाई भाच्ने र बडी कभर निकाल्ने, बडी लकिङ्गक्याच दबाउदै र्राईफलाइ जोड्ने, वायाहातको बुढीऔलाको सहायताले हेम्वर लाई तलतर्फदबाउने, बडी लकिङ्गक्याच दबाउदै र्राईफलाई भाच्ने, चालवालापर्जा लाईकाबु राख्दै चालवालापुर्जा निकाल्ने,बृजब्लकलाई स्लाईड बाट अलग गर्ने,बडी लकिङ्गक्याच दबाउदै र्राईफलाइ जोड्ने ।

जोड्नेको तरीका :-सबैभन्दा पहिला -व्यूनेटलाई व्यूनेटस्काईभर भित्रछिराउने) पिस्टनलाई पिस्टनस्प्रिङ्ग भित्र छिराउने, बृजब्लकलाई लाई स्लाईडभित्र छिराउने,बडी लकिङ्गक्याच दबाउदै र्राईफलाई भाच्ने,चालवालापुर्जा काबुराख्दै रिम मा रिम मिलाई भित्र छिराउने, बडी लकिङ्गक्याच दबाउदै र्राईफलाइ जोड्ने, वायाहातको बुढीऔलाको सहायताले हेम्वर लाई काबु राख्दै दाहिना हात ले सेफ्टीक्याँच लाई च् पोजिशनमा लगी ट्रेगर दबाउने, बडी लकिङ्गक्याँच दबाउदै र्राईफलाई भाच्ने, रिममा रिममिलाउदै बडीकभरलाई लगाउनेे, बडी लकिङ्गक्याँच दबाउदै र्राईफलाई जोड्ने, पिस्टनलाई सिलीण्डरभित्रहाली ग्याँसप्लकक्याँच दबाउदै ग्याँसप्लक लगाउने, व्यूनेट जोड्ने , म्याग्जिन क्याँच दबाउदै म्याग्जिन जोड्ने ।

संक्षेप

१. मिनतवर २. मोटामोटी ३. प्रश्न उत्तर

राईफल लेशन- २

शुरुको काम :- जवान हतियारको निरिक्षण ग्रुपको बाँडफाँड ।

दोहोर्याई - खोल्नु र जोड्नुबाट लिने ।

उद्देश्य :- म्याग्जिनमा भर्नु, राईफलमा भर्नु, खालि गर्नु, साइट लगाउनु र मेकसेफ गर्नेको तरिका सिकाउनु हो । २

सामान :- राइफल, म्याग्जिन, कवाज राउण्ड, वाल राउण्ड, फिलर, चार्जर क्लिप , स्याण्ड व्याग वोरी, बन्दोवस्तीमा क्लासको दाहिना २५ गज टाढा फिगर ११ को तार्गेट गाडिएको र सबै कलास वैपन ड्रेसमा हुनुपर्दछ ।

वयान :- सम्झनुहोस् लर्डाईको समयमा फौजिको जिन्दगी जतिको सही निशानमा भर पर्दछ त्यति नै तेजि र दुरुस्तीको साथ चैन सेकेण्ड खेर नफाली म्याग्जिनमा भर्न राईफलमा भर्न, खाली गर्न, साइट लगाउन र

मेकसेफ गर्न जानेको छ भने परेको वेलामा दुरुस्तीका साथ काम हासील गर्न सकिन्छ । पाठ तर्तिवार सबैभन्दा पहिला .....।

तर्तिव नं. १ म्याग्जिनमा भर्नेको तरिका :- सम्झनुहोस् म्याग्जिनमा २ तरिकाले भर्न सकिन्छ ।

१. हातको सहायताले २. चार्जर क्लिप र फिलरको सहायताले

अव म तपाईहरुलाई सिकाउछु म्याग्जिनमा भर्नेको तरिका भर्नु भन्दा पहिला

राउण्डको परिचय

सम्झनुहोस यो राउण्ड ७.६२ मि.मि.X ५१ मि.मि. रिमलेस वालराउण्ड (Live Round) हो । यो हामीलाई ३ देशवाट प्राप्त हुन्छ मित्र राष्ट्र भारतबाट, चाईना र आफ्नै देश नेपालको सुन्दरीजलवाट प्राप्त हुन्छ । मित्रराष्ट्र भारतबाट प्राप्त हुँदा चार्जर क्लिप मा ५ राउण्ड, कपडाको बिन्दुलीमा ५० राउण्ड, सानो टिनको वाकसमा ४०० राउण्ड र ठूलो टिनको वाकसमा ६०० राउण्ड प्याँक भई आउछ । चाईनाबाट आएको राउण्ड एक कागजको प्याकमा १२५ राउण्ड, टिनको बाकसमा ४ वटा कागजको प्याक हुन्छ र उक्त बाकसमा ५०० राउण्ड हुन्छ र एउटा काठको बाकसमा दुई वटा टिनको बाकस जसमा ५००/५०० गरि १००० राउण्ड प्याँक भएर आएको हुन्छ । आफ्नै देश नेपालको सुन्दरी जलवाट प्राप्त हुँदा कागजको वट्टामा १० राउण्ड, ठूलो कागजको वट्टामा २० राउण्ड, प्लास्टिकको प्याँकमा २०० राउण्ड, टिनको वाकसमा ६०० राउण्ड र ठूलो टिनको वाकसमा १००० राउण्ड प्याँक भई आउछ । मित्रराष्ट्र भारतबाट प्राप्त हुने राउण्डको पिन्धिमा रातो रङ्ग लगाएको, OFV(Ordnance Factory Varangaon) ओडान्स फेक्टरी बरानगाउँ लेखेको हुन्छ र वुलेटमा चुरि काटिएको हुन्छ । आफ्नै देश नेपालको सुन्दरीजलवाट प्राप्त हुने राउण्डको पिन्धिमा निलो रङ्ग, MFS (Militery Factory Sundarijal) लेखेको र वुलेटको भागमा चुरि काटेको हुदैन । चाईना बाट आएको राउण्डलाई चिन्न वुलेट, खोका पुरै तामाको धातुबाट बनेको हुन्छ र बुलेटमा चुरी काटिएको हुन्छ ।

राउण्ड सफा गर्ने तरिका :- राउण्ड सफा गर्ने तरिका सिकाउनु भन्दा पहिला राउण्ड सफाई गर्दा ध्यानदिनुपर्ने कुराहरु :-

१. टेडामेडा राउण्ड भए अलग गर्ने ।
२. राउण्डको प्रक्युशन क्यापमा चोट मारेको छ भने अलग गर्ने ।
३. सफाई गरेको राउण्ड सफा ठाउँमा राख्ने ।
४. मोटा राउण्ड भए अलग गर्ने ।
५. वडिमा कुच्चिएको राउण्ड छ भने अलग गर्ने ।

६. सफाई गर्दा एक अर्कामा घर्षण नगर्ने ।

सम्झनुहोस हामीलाई यी तीन देशबाट राउण्ड प्राप्त हँुदा गर्मि, चिसो, पानी र धुलो बालुवाबाट बचाउनको लागि राम्रोसंग प्याक भएर आएको हुन्छ तर फौजी कार्वाहीको सिलसिलामा राउण्डलाई एक ठाउँबाट अर्को ठाउँमा लैजादा पानीले भिजी खिया लाग्ने, धुलोमा खसी फोहर हुने भएको हुँदा उक्त राउण्डलाई भर्नु भन्दा अगाडी सफा गर्न अत्यन्त जरुरी छ । त्यसैले हामी संग प्रसस्त मात्रामा समय छ भने एक एक गरी

राउण्ड सफा गर्न सकिन्छ । यतिवेला राउण्डलाई टल्लीमा विपरित वुलेट पारेर वर्ेनुपर्दछ ताकि एक अर्कामा घर्षण नखाओस् ।

म्याग्जिन भर्दा ख्याल राख्नु पर्ने कुराहरु :-

१. म्याग्जिनको क्षमता थाहा हुनुपर्दछ ।
२. राउण्ड भर्दा गन्ती गरेर भर्नुपर्दछ ।
३. राउण्ड जमिनमा खसेमा दोवरा सफा गर्नुपर्दछ ।
४. तुरुन्त फायर गर्न छैन भने अन्तिम राउण्डमा चिनो लगाउनु पर्दछ ।

म्याग्जिनको तसलि :- के म्याग्जिन राउण्ड भर्नको लागि तयार छ - राउण्ड सर्भिसले काम गर्छ, - म्याग्जिन स्प्रिङ ठिक छ - म्याग्जिनको बडी कुच्चीएको त छैन - म्याग्जिन प्लेट स्टुड भए नभएको एकिन गर्ने -

हातले म्याग्जिनमा राउण्ड भर्ने तरिका :- यतिवेला हतियार विपरित दिशातर्फलैजानु र वाया हातले म्याग्जिनलाई दुई हिस्सा पारेर समाउने यतिवेला वुलेट आफू तर्फहोस र वाँयाहातमा अटेजति राउण्ड लिने र म्याग्जिनलाई कुनै गद्दावाला भागमा राखी दुवै हातको वुढिऔंलाको सहायताले तल दवाउदै क्रमशः भर्दै जानु पर्दछ

राउण्ड खाली गर्ने तरीका :-

राउण्डलाई खालि गर्दा बुुलेटलाई जमिन तर्फपारी वायाँ हातले म्याग्जिनलाई दुई हिस्सा पारी समाउनु र दाहिने हातले कुनै नोखदार चिजको सहायताबाट म्याग्जिनमा भएको दोश्रो राउण्डलाई तल तर्फप्रेस गर्दै खाली गर्न सकिन्छ । यतिवेला कुनै नोखदार चिज छैन भने राउण्ड कै सहायताबाट पनि खाली गर्न सकिन्छ । तर यतिबेला २/४ राउण्ड झरीसकेपछि पुनः राउण्ड चेन्ज गर्नु पर्दछ ।

फिल्लर र चार्जरक्लिपको सहायतबाट म्याग्जिनमा राउण्ड भर्नेको तरिका :-

फिल्लरको सहायताले राउण्ड भर्नुभन्दा पहिला फिलरको परिचय :- लर्डाईको समयमा छिटो भन्दा छिटो राउण्ड भर्नको लागि एक किसिमको पुर्जा वनि आएको हुन्छ जसको नाम हो फिल्लर, यसको पनि विभिन्न भागहरुको नामहरु छन् वुलेटगाइड, चार्जरक्लिपगाईड, म्याग्जिन वे, फिलरलाई म्याग्जिनमा फिट गर्दा वुलेट गाईडलाई वुलेटगाईड तर्फर चार्जरक्लिप गाईडलाई चार्जरक्लिप गाईड तर्फपारि फिट गर्नुपर्छ । त्यसपछि म्याग्जिनलाई गद्दावाला भागमा राखी चार्ज क्लिपमा भएको राउण्डलाई फिलरमा फिट गरी दुवै हातको वुढी औलाको सहायताले विचमा तल तर्फप्रेस गर्ने एकैचोटी ५ राउण्ड भरिन्छ । क्रमशः भर्दै जाने । खाली गर्ने तरिका माथिकै सो सरह ।

तर्तिव नं. २ राईफलमा भर्ने तरीका :-

राईफलमा भर्नु भन्दा पहिला भर पोजिसनमा जानेको तरिका - यो जाँचसस्त्र जस्तै हो) भर भन्ने आदेशमा सवै भन्दा पहिला गन्ती १ मा पौचको भुन्टि खोल्नु, गन्ती २ मा म्याग्जिन क्याँच दवाउँदै म्याग्जिन उतार्नु, गन्ती ३ मा खाली म्याग्जिन पौचमा राख्नु गन्ती ४ मा भरेको म्याग्जिन निकालि जोड्नु र गन्ती ५ मा पौच भुन्टि लगाउनु ।

खाली गर्ने तरिका :-खालि गर भन्ने आदेशमा सबैभन्दा पहिला गन्ती १ मा पौचको भुन्टि खोल्नु , गन्ती २ मा म्याग्जिन क्याँच दवाउँदै म्याग्जिन उतार्नु, गन्ती ३ मा भरेको म्याग्जिन पौचमा राख्नु, गन्ती ४ मा २/३ पटक कक गर्नु, ट्रेगरलाई दबाएर खालि म्याग्जिन जोड्नु, गन्ती ५ मा पौचको भुन्टि लगाउनु, गन्ती ६ मा साथसस्त्र गरेर वस्नु ।

तर्तिव नं. ३ साईड लगाउने तरिका :-

यति वेला शिक्षार्थिहरुलाई दाहिना,वाँया सामेल गर्ने आफू सिटिङ्ग पोजिशनमा जानु दुवै गोडा क्रस गरेर बस्नु फन्टह्यण्ड गार्डलाई दुवै खुट्टाको विचमा राख्नु यतिवेला दुवै हातले साइटलाई छोपेको हुनुपर्दछ । बयान गर्दै जाने सम्झनुहोस गोलिको बुलेटलाई तोकिएको मनासर रेन्जसम्म पुर्याउनको लागि आसनलवाट एक किसिमको पुर्जा फिट भई आएको छ जसको नाम हो व्याँक साइट भन्नु र हात खोल्नु एक साथ यसको पनि केही किल्ला पुर्जाको नाम छन् पुराको नाम व्याँकसाइट, व्यँाकसाइट लिफ, व्याँक साईड वे, व्याँकसाइट क्याँच, -प्लन्जर) व्याँकसाइट बेड, व्याँक साईड लिग यसमा ३ देखि ६ सम्म अंक काटिएको हुन्छ । साइट २०० मा फिट भई आएको हुन्छ साइट लगाउँदा प्रत्येक अंकको टाउँकोमा राख्नु पर्दछ र २ ले २०० गज जाहेर गर्दछ भने ६ ले ६०० गज जाहेर गर्छ भन्दै वयान गर्ने, साईड चेक भन्छ भने यति बेला वायाँ हातले बट प्लेटमा दुई हिस्सा पारी समाउनु व्यारल वायाँ काधमा आकास तर्फपारी समाउनु र जति अंकमा फिट भन्छ त्यति अंकमा साईडलाई फिट गरेर देखाउने.....

तर्तिव नं. ४ मेकसेफ गर्ने तरिका :- मेकसेफ २ तरिकाबाट गर्न सकिन्छ :

-१) खाली राईफलबाट -२) भरेको राइफलवाट

खाली राईफलबाट मेकसेफ :- खाली राईफलवाट मेकसेफ आदेशमा म्याग्जिन क्याँच दवाउँदै म्याग्जिन उतार्नु दुई पटक कक गर्नु र ट्रेगर दवाउनु र सेफ्टि क्याँचलाई क् एयकष्तष्यल मा राखी भरेको म्याग्जिन जोड्नु ।

भरेको राइफलवाट मेकसेफ :- भरेको म्याग्जिन उतार्नु २/३ पटक कक गर्ने ट्रेगर दवाउनु भरेको म्याग्जिन जोड्नु

मेकसेफ गर्नु पर्ने अवस्थाहरु :-

१. फाइरिङ्ग गर्दा गर्दै फायरिङ्ग रेन्जमा जिवित प्राणि देखा परेमा ।
२. फायरिङ्ग रेञ्ज बदली गर्नु परेमा वा दुश्मनले आफ्नो पोजिशन थाहा पाएमा ।
३. लामो लामो पट्रोल जाँदा र आइसकेपछी ।
४. बटघर बाट रातो झण्डा देखाएमा ।
५. कमाण्डरको आदेश आएमा ।

संक्षेप

१. मिनतवर

२. मोटामोटी

राईफल लेशन - ३

शुरुको काम :- जवान हतियारको निरिक्षण र ग्रुपको वाँडफाँड ।

दोहोर्याई :- भर्नु र खाली गर्नुबाट लिने ।

उद्देश्य :- ल्याङ्ग पोजिशनबाट राईफललाई बलियो समाउने तरिका सिकाउनु हो । २

सामान :- राइफल, म्याग्जिन, व्यूनेट, ग्राउण्ड सिट, स्याण्ड व्याग बोरी, सिक्का, क्लासको दाहिना, २५ गजटाढा फिगर ११ तार्गेट गाडिएको हुनु पर्छ । बन्दोवस्तीमा ग्राउण्ड सिट विछ्याएको र सवै कलास वैपन ड्रेसमा हुनु पर्दछ ।

बयान :- सम्झनुहोस् फायररले राम्रो फायरिङ्ग नतिजा हाँसिल गर्नको लागि तीन सिद्धान्तहरु छन् । ती हुन् बलियो समालु,सहि सिस्ता, ट्रेगर नियन्त्रणको कार्वाही सिक्लाई को दौरानमा यि तीनवटै कुरालाई वेग्ला वेग्लै सिकेता पनि फायरको समयमा फायररले यी तीन सिद्धान्तलाई मध्ये नजर राख्दै फायर गर्छ भने म्याग्जिनमा भएको पहिलो राउण्डले नै तार्गेटको एइब् मा हिट गर्दछ । त्यसैले ल्याङ्ग पोजिशनबाट राईफललाई बलियो समाउन जानेको छ भने परेको वेलामा दुरुस्तीका साथ काम हासील गर्न सकिन्छ । पाठ तर्तीवार सबैभन्दा पहिला .....।

तर्तिव नं. १ ल्याङ्ग पोजिशनमा जाने तरिका :

ल्याङ्ग पोजिशनमा दुई तरिकाले जान सकिन्छ

१. गन्तीकासाथ

२. सरासरी

१. गन्तीकासाथ ल्याङ्ग पोजिशनमा जाने तरिका : ल्याङ्ग पोजिशनको आदेशमा

गन्ती १ मा दाहिना हातमा भएको राईफललाई हावामा फ्याकी वायाँ हातमा फालिदिनु, वायाँ गोडालाई केही अगाडि लगी खुम्चाउनु र दाहिने हातलाई जमिन तर्फदेखाउनु ।

गन्ती २ मा दाहिने हातलाई जमिनमा टेकाउनु शरिरलाई जमिनको समान्तर बनाउनु ।

गन्ती ३ मा शरिरलाई जमिनमा सुताउनु ।

गन्ती ४ मा पेस्तोन ग्रिपमा हान्दै दुवै खुट्टा पछाडि लगी फेरी वायाँ खुट्टालाई खुम्च्याउनु पर्दछ । त्यती वेला राईफललाई रेष्ट पोजिशनमा राख्नु पर्छ ।

खडा हुने तरीका :- खडाको आदेशमा गन्ती १ मा दाहिने हात जमिनमा टेक्ने, शरीरलाई जमिन देखि उठाउनु , यतिवेला बायाँ गोडा केहि अगाडी भएको हुनु पर्दछ । गन्ती २ मा सतर्क पोजिसनमा आउनु, दाहिने हातले राईफलको फ्रण्ट ह्याण्ड गार्डको अगाडीको भागमा दुई हिस्सा पारी समाउनु, यतिवेला बट कुले हड्डीमा सेपेको हुनु पर्दछ । गन्ती ३ मा वायाँ हातले फ्लासहाईडरमा दुई हिस्सा पारी समाउनु,४५° को एंगलमा भएको राईफललाई ९०° को एंगलमा सतर्क पोजिसनमा लैजानु यति वेला बटले जमिन छोयो

छोयो भएको हुनु पर्दछ । गन्ती ४ मा बायाँ हातलाई चटक्कासाथ काटी सतर्क पोजिसनमा आउनु, र राईफललाई जमिनमा टेकाउनु एक साथ हुनु पर्दछ ।

२. सरासरी ल्याङ्ग पोजिशनमा जाने तरिका :-

यो कार्वाही गन्ती नगरी क्रमशः सरासरी गर्नु पर्दछ । खडा हुने तरिका पनि क्रमशः सरासरी गर्नु पर्दछ र टोलीलाई गन्तीको साथ र सरासरी अभ्यास गराउने ।

ल्याङ्ग पोजिशनमा जादाँ ध्यान दिनुपर्ने कुराहरु :-

१. घोच्ने बिझाउने चिज भए हटाइदिने ।
२. व्यारल जमिन भन्दा ६" माथि उठेको होस् ।
३. क्यारी ह्याण्डल उठेको छ भने वसाइदिनु ।
४. म्याग्जिनलाई जमिनमा नटेकाउने ।
५. राईफल र तार्गेट एक सिधाईमा होस् ।
६. फिल्ड अफ फायर सफा होस् र्रर् इजेक्सन वे को बाटो खुल्ला होस् ।

तर्तिव नं. २ राईफललाई बलियो संग समाउने तरिका :-

ल्याङ्ग पोजिशनमा जाने तरिका :- पहिला कै सो सरह हो । त्यतिवेला दुवै हातको कुहिनालाई खम्बा जसरी जमिनमा टेकाउने, बायाँ हातले प|mत्ट ह्याण्ड गार्डमा दुई हिस्स्ाा पारी समाउने, दाहिना हातल पेस्तोन ग्रिपमा तिन हिस्सा पारी समाउने

१. मिनतवर २. मोटामोटी ३. प्रश्न उत्तर

राईफल लेशन – ४

शुरुको काम :-जवान हतियारको निरीक्षण र ग्रुपको बाँडफाड ।

दोहोर्याई :- राईफललाई बलियो समाउने तरीका बाट लिने ।

उद्देय :- राईफल बाट सहिसिस्ता लिने तरीका सिकाउनु हो । २

सामान :- २ वटा राईफल, २ वटा एमिङ्गरेष्ट, एमिङ्गबक्स, आईडिक्स, सिसाकलम, स्याण्डब्याक बोरी, बोर्ड, स्ट्याण्ड, प्वाईन्टर, खाका, कलासलाई चाहिने आवश्यक सामान सबै र क्लासको दाहिना २५ गज टाडा फिगर ११ तार्गेट गाडिएको, बन्दोबस्तीमा ग्राउण्डसिट बिच्छाएको र सबैकलास वैपन ड्रेसमा भएको हुनुपर्दछ ।

बयान :- सम्झनुहोस फायररले राम्रो फायरिङ्ग नतिजा हासिलगर्नको लागी तिन सिद्धान्तहरु बनिआएका छन् । ती सिद्धान्तमध्य सहिसिस्ता पनि एक हो । सिकलाईको दौडानमा यी तिन सिद्धान्तलाई बेग्ला बेग्लै सिकेतापनि कार्रवाहीको बेला यी तिन सिद्धान्तलाई मध्यनजर राखी फायररले फायर गर्छ भने म्याग्जिनमा भएको पहिलो वाला राउण्डले नै तार्गेटको पि.ओ.ए. मा हिट गर्दछ । त्यसैले राईफलबाट सहिसिस्ता लिन जानेको छ भने परेको बेला दुरुस्तीको साथ काम हासिल गर्न सकिन्छ । पाठ तर्तीवार सबै भन्दा पहिला .....।

तर्तिव नं. १ साईड अलाईमेन्टको (Sight Alignmant) परिचय :- फाययरको आँखा ब्याग साईडको होल र फन्टसाईड टिप सम्मको काल्पनिक रेखा खिचिएको हुन्छ जसलाई साईड अलाईमेन्ट भनिन्छ ।



क. साईड पिक्चर (sight Picture):- साईड अलाईमेन्टलाई तार्गेटको बुल सम्म मिलाउने एक सिधा काल्पनिक रेखालाई साईडपिक्चर भनिन्छ । फ्रन्टसाईडको टिप देखि तार्गेटको पि.ओ.ए.सम्मको काल्पनिक रेखालाई साईड पिक्चर भनिन्छ ।

आईरिलिफ २"

ख. दुरुस्त (सहि) अलाईमेन्ट अफ साईडपिक्चरको बयान वा लाईन अफ साईड :-फाययरको आँखा ब्यागसाईडको होल फन्टसाईडको टिपहुदै तार्गेटको पि.ओ.ए. बुलसम्म खिचिएको काल्पनिक रेखालाई दुरुस्त (सहि) अलाईमेन्ट अफ साईडपिक्चरको बयान वा लाईन अफ साईड भनिन्छ ।



तर्तिव नं. २ गोली सही नलाग्नुको कारण वा (अलाईमेन्ट अफ साईड बाट हुने गल्ती)

१. फाययरले अप्रेचरको होललाई चार भाग लगाएर क्रसलाई पनि फ्रन्ट साईडटिपमा लगायो तर फ्रन्ट साइटटिपलाई वायाँ छोडेर दाहिना किनाराबाट सिस्ता लिन्छ भने गोली तार्गेटमा वायाँ लाग्छ । जस्तै १०० गजमा थोरै वायाँ २०० गजमा अलि वायाँ र ३०० गजमा पुरै वायाँ लाग्दछ वा नलाग्न पनी सक्छ ।

२. फाययरले अप्रेचरको होल लाई चार भाग लगायो क्रसलाई पनी फ्रन्ट साइटको टिपमा मिलायो तर सिस्ता लिदा दाहिना छोडेर बाँया किनारावाट सिस्ता लियो भने गोली गएर तार्गेटमा दाहिना लाग्छ । जस्तै १०० गजमा थोरै दाहिना २०० गज मा अलि दाहिना र ३०० गज मा पुरै दाहिना लाग्दछ वा नलाग्न पनी सक्छ ।

३. फाययरले अपे्रचरको होललाई चार भाग लगाएर क्रसको विचौं विच पारी फ्रन्टसाइटको टिपमा मिलाई तार्गेट एइब् सम्म मिलायो भने गोली सही ठाउँमा लाग्दछ । जस्तै २५ गजमा बुलको १/४" तल लाग्छ,

१०० गजमा बुलको ठिक २" माथि लाग्छ, २०० गजमा ठिक बुलमा लाग्छ, ३०० गजमा ६" तल लाग्छ ।

तर्तिव नं : ३ होरिजण्टल र भर्टिकल हुनुको कारण :-

१. होरिजण्टल :- फायररले फायर गर्दा व्याँक साइटको होललाई ख्यालमा नराखी दाहिना किनाराबाट सिस्ता लिई फ्रन्ट साइटको टिप र तार्गेटको बुलमा मिलाई फायर गर्छ भने गोली गएर तार्गेटको बुलभन्दा दाहिना नै लाग्छ । यसरी आफ्नो गोली दाहिना गयो भनेर वायाँ किनाराबाट सिस्ता लिई प|ग्ट साइट टिपलाई तार्गेटको बुलमा मिलाई फायर गर्दा गोली गएर फेरि तार्गेटको वायाँ लाग्छ । यसरी दाहिना वायाँको गल्तीलाई सुधारेर व्याँक साइटको होललाई चार भाग लगाई विचौ वीचबाट टिप लाई वुलमा मिलाउँछ भने यो समयमा गोली ठिक विचमा लाग्दछ यसरी गल्ती सुधार्दै फायर गर्दा जुन तेर्सो काल्पनिक रेखा बन्दछ । यसैलाई नै होरिजन्टल भनिन्छ । हतियारको गल्ती यदी फायरर ले सही सिस्ता लिदापनि गोली तार्गेट को दाहिना लागेमा व्याँग साईडको वायाँ स्क्रुप खोली दाहिना स्क्रुप कस्नर्ुपर्दछ । यदी तार्गेटको वायाँ लागेमा यस्को ठिक विपरीत गर्नुपर्दछ । यसरी गोली सही ठाउमा ल्याउन -लगाउन) सकिन्छ ।

२. भर्टिकल :- व्याँक साइटको होललाई चार भागलगाई फ्रन्ट साइटको टिपलाई तल छोडी फायर गर्छ भने गोली गएर तार्गेटको बुल भन्दा तल लाग्दछ । यसरी गोली तल लाग्यो भने फायररले ब्याक साइटको होललाई चार भाग लगाई टिपलाई माथि बनाएर गोली फायर गर्छ भने तार्गेटको बुल भन्दा माथि लाग्छ यसरी तलमाथीको गल्तीलाईसुधारी ब्याकसाईडको होललाई चारभाग लगाई प|ग्टसाईडटिप लाईबिचौ बिचपारी फायर्रगर्छ भने गोलीठिक बुलमा लाग्छ यतिबेला एक किसिमको ठाडो काल्पनिक रेखा बन्दछ यसलाई भनिन्छ भर्टिकल । हतियारको गल्ती यदी फायरर ले सही सिस्ता लिदापनि गोली माथी लागेमा फ्रन्ट साईड टिपलाई माथि लगी गोली सही ठाउमा ल्याउन -लगाउन) सकिन्छ । यदी तल गोली लागेमा प|ग्ट साईड टिपलाई तल लैजानु पर्दछ ।

तर्तिव नं. ४ साइट कालो पार्ने तरिका :- लर्डाईको समयमा साइट टल्क्यो भने ठिक सिस्ता आउन सक्दैन त्यसकारण साइट कालो पार्नु पर्ने अवस्था आउँछ । साइट कालो पार्दा यदि समय नभएको खण्डमा जस्तो सुकै जमिनमा गएता पनि कालो माटोको प्रयोग गर्नुपर्दछ । यदि उपलव्ध छ भने अंगार र तेल टल्लीलाई जलाएर त्यसको धुँवाले पनि कालो बनाउन सकिन्छ । यदि प्रशस्त समय छ भने इनामेल लगाई कालो बनाउनु पर्दछ ।

साइट कालो पार्दा ध्यान दिनुपर्ने कुरहरु :-

१. दिनको समय भए धुँवा छुपाउने
२. रातको समय भए उज्यालो छुपाउने
३. साइट कालो पार्दा भद्दा नगर्ने ।

तर्तिव नं. ५ सही सिस्ता लिनेको तरिका :- सही सिस्ता लिनेको तरिका टोलीलाई देखाउनु भन्दा पहिला सिस्ताको काइदा वा तरिका बताउनु पर्दछ । जस्तै :- तार्गेटमा हेर, तार्गेटको खाका, दिमागमा राख,

राईफल सिधा गर, वायाँ आँखा वन्द गर, ब्याक साइटको होल, फन्ट साइटको टिप, होलको विचौ विच पार्दै तार्गेटको बुलमा सही सिस्ता मिलाउ यी कुराहरुलाई आफुले भने र टोलीलाई साथमा भन्न लगाउने । यो समय आफूले दुइवटा एमिङ्ग रेस्ट माथि छुट्टाछुट्टै राइफल राखेर तार्गेटमा एउटा सही नमूना र अर्को गलत नमूना बनाएर सोही कुराको अभ्यास गराउने र अन्तिममा जुन नमूना सही छ त्यसैलाई सही भनेर क्लासलाई बताइदिने ।

तर्तिव नं. ६ एमिङ्ग बक्स एक्सरसाइजको वयान :- एमिङ्ग बक्स १.५ फिटको वर्गकारको हुन्छ । यो बाकस फायरर देखि १५ गज को फासालामा हुनु पर्दछ । एमिङ्ग बक्स एक्सरसाइज शुरु शुरुको तालिमे व्यक्ति जस्तै सैन्य, अधिकृत क्याडेट, अन्य तालिमे व्यक्तिहरुलाई सिस्ताको गल्ती चेक गर्नलाई प्रयोग गरिन्छ । यो काम गर्न आइडिक्स सिसाकलम, एमिङ्ग बक्स हुनु पर्दछ । यस कामको लागि दुइ जनाको आवश्यकता पर्दछ , जुन कोचर र कोचिङ्ग भनिन्छ । एमिङ्ग बक्स कोचर नजिक राखीन्छ । फायररले सिस्ता लिदा लिएको पहिलो ठाउँलाई ठिक छ भन्छ र कोचरले जुन ठाउँमा ठिक छ भन्छ त्यही ठाउँमा चिन्ह लगाउँछ र आइडिक्सलाई दाहिना वायाँ तलमाथि सर्दछ । फेरी फायररले तल माथी भएको आइडिक्सलाई सोही ठाउँमा ल्याउनको लागि फेरी अगाडि पछाडि दाहिना वायाँ भन्दै पहिलाकै चिन्ह मा ल्याउछ र ठिक भन्छभने कोचरले त्यही ठाउँमा चिन्ह लगाउँछ । यो कारवाही ५ पटकमा ३ पटक सम्म ठिक भएको हुनु पर्दछ र यति बेला यसको आकार ८ एम.एम.वरावर हुनुपर्दछ अथवा पेन्सीलको पिन्धीको भाग बराबर हुनु पर्दछ । - यसलाई र्सट ग्रुप भनिन्छ) उक्त ब्यक्तिलाई पास मानिन्छ । यदि ३ पटक सम्म पनि सिस्ता नमिलाएमा उक्त व्यक्तिलाई सिस्ताको काईदा देखी अभ्यास गराउने ।

संक्षेप १. मिनतवर २. मोटामोटी ३. प्रश्न उत्तर

राईफल लेशन – ५

शुरुको काम :-जवान हतियारको निरीक्षण र ग्रुपको बाँडफाँड

दोहोर्याई :-भर्नु र खालिगर्नु बाट लिने ।

उद्देश्य :-राईफलबाट फायर गर्ने तरीका सिकाउनु हो ।

सामान :- राईफल म्याग्जिन, ब्यूनेट, लाईफराउण्ड, कवाजराउण्ड, स्याण्डब्याकबोरी, फायरीङ्ग डाटाकार्ड, कलासको दाहिना २५ गज टाडा फिगर ११ तार्गेट गाडिएको बन्दोबस्तीमा ग्राउण्डसिट बिछ्याएको र सबैकलास वैपन ड्रेरसमा भएको हुनुपर्दछ ।

बयान :- सम्झनुहोस् फायररले जुनसुकै पोजिशनबाट फायरगरेता पनि तिन सिद्धान्तलाई मध्यनजर राखी फायर गर्दछ भने म्याग्जिनमा भएको पहिलो वाला राउण्डले नै तार्गेटको बुलमा हिट गर्दछ । त्यसैले हरेक ब्यक्तीले र्राईफबाट फायर गर्न जानेको हुनुपर्दछ यदी जानेको छभने परेकोबेला दुरुस्तीको साथ काम हासिल गर्न सकिन्छ । पाठ तर्तीवार सबैभन्दा पहिला .....।

तर्तिव नं. १ फायरीङ्ग डाटा कार्डको परीचय :- फायरीङ्ग डाटा कार्डको परीचय बताउनु भन्दापहिला र्सट रिलीज र फलो थ्रो को कार्रवाही :- १. सट रिलीज (Shot releasc) २. फलो थ्रो (Follow through)

१. सट रिलीज (Shot releasc) :-सम्झनुहोस गोलीफायर हुन्छ भने गोलीको बुलेडले चेम्बर देखी कुत्तर सम्म र्राईफलिङ्गको कारणले गर्ने हर्कतलाई नै र्सट रिलीज भनिन्छ ।

२. फलो थ्रो थ्रो (Follow through):- सम्झनुहोस गोली फायर हुन्छ भने गोलीको बुलेडले कुत्तर छोडी सकेपछी फाययरले आफ्नो गोलीतार्गेटको कुन भागमा लाग्यो भनि गोलीको पिछा गर्ने कार्यलाई वा लिईराखेको सिस्तालाई नबिगारी फायर गर्ने कार्यलाई फलो थ्रो भनिन्छ ।

फायरीङ्ग डाटाकार्ड को परिचय :-सम्झनुहोस यो एक किसीमको तार्गेट हो यस तार्गेटमा शुरु शुरुका तालिमे जवान अथवा अधिकृत क्याडेटहरुलाइ राम्रो फायरीङ्ग नतिजा हासिलगर्नको लागी र प्रतिसपर्धा फायर गराउनको लागी फायरीङ्ग डाटाकार्ड को प्रयोग गरीछ । यसमा फायर गरी गुरपिङ्ग चेक गरीन्छ । यो फायरीङ्ग डाटाकार्ड २ किसीमको हुन्छ ।

१. हिट तार्गेट २. कल तार्गेट -(**call Target**)

१. हिट तार्गेट (hit Target):- यो तार्गेट फायरीङ्गको बेला बटघरमा गाडिएको हुन्छ । फाययरले उक्त तार्गेटमा फायर गर्छ , बटघरमा बसेको बटघर डियुटीले रातो झण्डा र प्वाईन्टर लिएर बसेको हुन्छ । त्यो रातो झण्डाले फायर स्टप र प्वाईन्टरले तार्गेटमा गोली लागेको स्थानमा प्वाईन्ट गर्छ ।

२. कल तार्गेट (call Target):- यो तार्गेट र दुरबिन कोचरसंग हुन्छ हिट तार्गेटमा दुरबिनबाट प्वाईन्ट गरेको ठाउमा हेरी कल तार्गेटमा प्वाईन्ट गरी गोली याहा लाग्यो भनेर फाययरलाई कल तार्गेटमा देखाउछ । यतिबेला फाययरले करेक्सन गदै फायर गर्दछ , कल तार्गेटमा गुरपिङ्ग चेक गरीन्छ ।

कल तार्गेट **हिट तार्गेट**



तर्तिव नं. २ फायर गर्ने तरिका : फायर गर्नेको तरिका सिकाउनु भन्दा पहिला म तपाईहरुलाई सिकाउछु आड फिट नम्बर अफ टि.ओ.ए.चेक । फायर गर्नु भन्दा अगाडी जव पनि ल्याङ्ग पोजिसनमा गएको बेला आडफिट नम्बर (लिम्वर) अफ टि ओ ए चेक भन्ने आदेश आउछ भने कार्वाही यस मुताविक गर्नु, साईड उठाउनु, आड मिलाउने, तार्गेट चिनी कक गरी सही सिस्ता लिएर भुट्टा फायर गर्ने । आड फिट नम्बर (लिम्वर) अफ टि ओ ए चेक निम्न अवस्थामा गरिन्छ ।(आड मिलाउने व्याँक साईडको नंम्वर मिलाउने तार्गेट अव्जरभेसन गर्ने र एम गरी चेक गर्ने)

क) फायरिङ्ग रेन्जमा फायर गर्नु भन्दा अगाडी

ख) फायर गर्दा गर्दै फायरिङ्ग पोजिसन बदल्नु परेमा

ग) आफ्नो फायरमा शंका लागेमा

(फायर गर्नु भन्दा पहिला टोलीलाई डिटेल नम्बर र तार्गेट नम्बरमा विभाजन गरी फायरिङ्ग कवाज गराउनु पर्दछ)

यस राईफलवाट तीन किसिमको फायर गर्न सकिन्छ :

१. डेलीबरेट फायर :- सम्झनुहोस् टाढा भन्दा टाढा तर हतियारको कारागार रेन्जभित्र दुश्मनले विभिन्न किसिमको हर्कत जस्तै धुवाँ, धुलो, उज्यालो आदि देखाउँछ भने यतिवेला दुश्मनको पोजिशन पत्ता लगाउन गरिने फायरलाई डेलीवरेट फायर भनिन्छ । यो फायर एक मिनेट बरावर ५ -पाँच) राउण्डको दरले फायर गरिन्छ ।

२. स्न्याप सुटिङ्ग फायर :- हतियारको कारागार रेन्ज भित्रको झाडी जंगल टुटी फुटी इलाकामा दुश्मन कहिले देखा पर्ने र कहिले लुक्ने काम गर्छ भने दुश्मनले दिएको समयमा मौका खेरा नफाली ताकि ताकि गरिने फायरलाई स्न्याप सुटिङ्ग फायर भनिन्छ । यो फायर एक मिनेट बरावर १५ राउण्डको दरले गरिन्छ ।

३. र्यापिड फायर :- सम्झनुहोस् दुश्मन गुथम गुथ्थाको रुपमा आफ्नो नजिक भन्दा नजिक आइपुगेको खण्डमा गरिने फायरलाई र्यापिड फायर भनिन्छ । यो फायर एक मिनेट बराबर २० देखि ३० राउण्ड सम्म गरिन्छ । राम्रो तालिम प्राप्त ब्यक्तिले सो भन्दा बढी पनि गर्न सक्छ यतिवेला धेरै फायर गरिने भएकोले केहिबेर फायर स्टप भएमा तुरुन्तै चालवाला पुर्जालाई पछाडी गरी होल्डिङ्ग ओपनिङ क्याँच लगाईर् इजेक्सन वे लाई आकाश तर्फपारी राख्ने जसले गर्दा धेरै ग्याँस जम्न पाउदैन र व्यारल छिटो चिसो हुन्छ । यहि आएर राईफल लेशन ५ पुरा हुन्छ ।

संक्षेप

१. मिनतवर

२. मोटामोटी

३. प्रश्न उत्तर

राईफल लेशन – ६

शुरुको काम :- जवान हतियारको निरिक्षण र ग्रुपको बाँड फाँड ।

दोहोर्याई :- खोल्नु र जोड्नुबाट लिने ।

उद्देश्य - राईफलको चाल रोक र रोकलाई हटाउने तरिका सिकाउनु हो । २

सामान :- राईफल, म्याग्जिन, कवाज राउण्ड, काटिएको केश, फायर भएको खोका, ग्याँस कि, क्लिरीङ प्लग, स्याण्ड ब्याग बोरी, क्लासको दाहीना २५ गज टाढा फिगर ११ को तार्गेट गाडिएको हुनु पर्दछ । साथै एउटा राईफल पुरा खोलि चालको डायग्राम बनाएको र अर्को राईफलको बढी कभर र पिस्टन स्प्रीङ

मात्र खोलेको हुनु पर्दछ । बन्दोवस्तीमा ग्राउण्ड सिट बिच्छाएको र सबै कलास वैपन ड्रेसमा भएको हुनुपर्दछ ।

वयान :- सम्झनुहोस् यस हतियारलाई सफा र हिफाजत तरिकाले राखेको छ भने कमै मात्रामा रोक लाग्दछ यदि अचानक रोक लाग्यो भने हरेक व्यक्तिले राईफलको चाल रोक र रोकलाई हटाउन जानेको छ भने परेको वेलामा दुरुस्तीका साथ काम हासील गर्न सकिन्छ । पाठ तर्तिवार सबैभन्दा पहिला .....।

तर्तिव नं. १ : राईफलको चाल :- राईफलको चाल, चाल बताउनु भन्दा पहिला चाल गर्ने किला पुर्जाको नाम : खाली राईफल, भरेको म्याग्जिन, ककिङ्ग पिस, सेफ्टी क्याँच, ट्रेगर, हेम्बर, फायरिङ्ग पिन रिटर्न, फायरिङ्ग पिन होल, फायरिङ्ग पिन, गोलिको प्रक्यूशन क्याप, फायर भएको ग्याँस, ग्याँस भेन, ग्याँस झिरी, ग्याँस सिलिण्डर, पिस्टन हेड, पिस्टन स्प्रिङ्ग, ग्याँस पासेस होल, ग्यास न्यारो रेसेस, ग्याँस रेगुलेटर, पिस्टनको पछाडीको भाग, स्लाईडको अगाडिको भाग (स्टाकिङ्ग सर्फेस), एक्स्टेक्टर, फायर भएको खोका, इजेक्टरर, इजेक्सन वे, रिटानिङ्ग रड, स्लाईडको पछाडिको भाग, बफर प्लेट, रिक्वाईलिङ्ग स्प्रिङ्ग, फिट पिस, म्याग्जिनमा भएको पहिलो वाला राउण्ड, बुलेट गाईड, चेम्बर, स्लाईडको बायाँ पल्लु (एक्च्युटिङ्ग बेण्ड) सेफ्टी शेर ।

राईफलको चाल : जवपनि खाली राईफलमा भरेको म्याग्जिन जोडी चटक्कसाथ कक् गरी S पोजिशनमा भएको सेफ्टी क्याँचलाई R पोजिशनमा लगी फायररले ट्रेगर दवाउदछ भने हेम्बर खडा हुन्छ । हेम्बरले फायरिङ्ग पिन रिटनमा चोट मार्छ, फायरिङ्ग पिन आफ्नो होलबाट बाहिर निस्कि गोलीको प्रक्यूशन क्यापमा (Percussion Cap) (पिन्धी) चोट मार्दछ । गोली फायर हुन्छ । प्रशस्त मात्रमा ग्याँस (उत्पादन) पैदा हुन्छ । केही ग्याँसले गोलीको बुलेटलाई आफुले तोकेको मनासर रेन्जसम्म पुर्याउन मद्दत गर्छ भने केही ग्याँस ग्याँस भेन, ग्याँस झिरीको बाटो हुदै ग्याँस सिलिण्डरमा आउछ । ग्याँस सिलिण्डरमा आएको ग्याँसले पिस्टन हेडमा दवाव दिन्छ । पिस्टन आफ्नो स्प्रिङ्गलाई खुम्च्याउदै पछाडी हट्न शुरु गर्दछ भने केहि ग्याँस ग्याँस पासेस होल र ग्याँस न्यारो रेसेसको बाटो हुदै बाहिर तर्फजान्छ के कति ग्याँस बाहिर जान्छ भन्ने कुरा ग्याँस रेगुलेटर फिट गर्नुमा भर पर्दछ । पिस्टन पछाडी हट्ने क्रममा पिस्टनको पछाडीको भागले स्लाईडको अगाडीको भाग स्टाकिङ्ग सर्फेसमा चोटमार्छ र पिस्टन आफ्नो स्प्रिङ्गको मद्धतले अगाडी जान्छ भने स्लाईड खडा भएको हेम्बरलाई तल तर्फदबाउदै पछाडी हट्न शुरु गर्दछ यति बेला बुजब्लकमा भएको एक्स्ट्रेक्टरको काम छ फायर भएको खोकालाई मुखमा च्यापेर पछाडी ल्याउनु । यहांसम्म ल्याउछ की जवसम्म बिच बाटोमा इजेक्टर फेला पर्दैन । इजेक्टरको काम छ एक्स्ट्क्टरले ल्याएको खोकालाई इजेक्सन वे को बाटो हुदै जमिन तर्फ फालि दिनु । यदि सो खोकालाई १० देखि १२ फिट टाढासम्म फाल्छ भने सो राईफललाई ठिक अथवा राम्रो राईफल मानिन्छ । चालवाला पुर्जा आफ्नो हर्कत पुरा गर्न पछाडी तर्फ हटी नै रहन्छ यहांसम्म हट्छ की जबसम्म स्लाईडको पछाडीको भागले बफर प्लेटमा ठक्कर खांदैन । बफर प्लेटमा ठक्कर खाइ सके पछि रिक्वालिङ स्प्रिङको तागतले चालवाला पुर्जा पुनः अगाडी बढ्न शुरु गर्दछ यो समयमा बृजब्लकमा भएको फिट पिसको काम छ म्याग्जिनमा भएको पहिलोवाला राउण्डलाई बुलेट गाईडको सहायतले चेम्बरमा दाखिला (फिट) गरीदिनु यति बेला बृजब्लकको हर्कत पुरा

हुन्छ स्लाईडको हर्कत ७.६२ मि.मि.बांकी रहन्छ यसैलाई भनिन्छ राईफल एक्शन लक । स्लाईड आफ्नो हर्कत पुरा गर्न अगाडी तर्फबढी नै रहन्छ यति बेला स्लाईडको बायाँवाला पल्लु -एक्च्यूएटिङ्ग बेण्ड)ले सेफ्टीशेरमा दबाव दिन्छ । एक किसिमको किटिक्क आवाज आउनु हेम्बर तीन भागको एक भाग खडा हुनु एकसाथ हुन्छ । राईफल पुनः फायरको लागी तयार हुन्छ । फाययरले ट्रेगर दबाउदै छाड्दै गर्छ भने म्याग्जिनमा राउण्ड नसकिदांसम्म र राईफलमा रोक नपरुन्जेल गोली फायर भईनै रहन्छ ।

तर्तिब नं. २ राइफलमा पर्ने रोक र रोकलाई हटाउने तरिका : राईफलमा दुई किसिमको रोक पर्दछ ।

१) तुरुन्त हटाउन सकिने रोक

२) तुरुन्त हटाउन नसकिने रोक

तुरुन्त हटाउन सक्ने रोक :- फाययरले फायर गर्दा रोक पर्छ भने आफ्नो पोजिसनलाई नबदली सोही पोजिसनबाट कुनै चिजको सहायता नलिई उक्त रोकलाई हटाउदछ भने त्यस्तो रोकलाई तुरुन्त हटाउन सकिने रोक भनिन्छ । यस अर्न्तर्गत निम्न रोकहरु पर्दछन्

(क) खाली म्याग्जिन

(ख) बडीमा लत्रेको राउण्ड

(ग) मिस फायर

तुरुन्त हटाउन नसकिने रोक :- फाययरले फायर गर्दा रोक पर्छ भने आफ्नो पोजिसन बदलेर कुनै चिजहरुको सहायताबाट उक्त रोकलाई हटाउदछ भने त्यस्तो रोकलाई तुरुन्त हटाउन नसकिने रोक भनिन्छ । यस अर्न्तर्गत निम्न रोकहरु पर्दछन् ।

क) चेम्बरमा काटिएको केस ग) सख्त खिचाउ

ख) ग्याँसको कमी घ) अन्य किलापुर्जा भाचिनु

तुरुन्त हटाउन सक्ने रोक :-

क) खालि म्याग्जिन :- राईफलले ठिक फायर गर्छ , ठिक फायर गर्छ , दुई चार राउण्ड पछि रोक्छ । सवै भन्दा पहिला, स्टपेच पुकार्नु, ट्रेगरमा भएको कलमी -चोरी) औलालाई ट्रेगरवाट बाहिर निकाल्नु R Position मा भएको सेफ्टी क्याँचलाई S Position मा लानु, म्याग्जिन क्याँच दवाउँदै म्याग्जिनलाई उतार्नु र म्याग्जिनमा हेर्नु म्याग्जिनमा राउण्ड छैन कक गरि चेम्बरमा हेर्नु राउण्ड छैन भएछ खाली म्याग्जिन यस रोकलाई हटाउन ट्रेगरलाई दवाई भरेको म्याग्जिन जोडी चटक्क साथ कक गरी पुनः फायरलाई जारी राख्नु ।

ख) बडीमा लत्रेको राउण्ड :- राईफलले ठिक फायर गर्छ , ठिक फायर गर्दछ, दुई चार राउण्ड पछि रोक्छ । कारवाही यस मुताविक गर्नुहोस् सबैभन्दा पहिला स्टपेच पुकार्नु, ट्रेगरमा भएको कलमी -चोरी) औलालाई ट्रेगरवाट वाहिर निकाल्नु R position भएको सेफ्टी क्याँचलाई S position मा लानु, म्याग्जिन क्याँच दवाउँदै म्याग्जिनलाई उतार्नु । म्याग्जिनमा हेर्नु म्याग्जिनमा राउण्ड छ , कक गरी चेम्बरमा हेर्नु दुईवटा राउण्ड छ भएछ बडिमा लत्रेको राउण्ड । यस रोकलाई हटाउनर् इजेक्सन वे लाई जमिन तर्फ ढल्काउनु र राईफललाई हल्लाउनु राउण्ड जमिनमा खस्छ, यदि समय नभएमा भरेको म्याग्जिन जोडी कक

गरी फायरको जारी राख्ने हामी संग समय छ भने उक्त राउण्डलाई म्याग्जिमा भरी फायरको जारी राख्नु पर्छ ।

ग) मिस फायर :- राईफलले ठिक फायर गर्दछ, ठिक फायर गर्छ दुई चार राउण्ड पछि रोक्छ । सबै भन्दा पहिला स्टपेच पुकार्नु, ट्रेगरमा भएको कलमी -चोरी) औलालाई ट्रेगरवाट बाहिर निकाल्नु च् उयकष्तष्यल मा भएको सेफ्टी क्याँचलाई क् एयकष्तष्यल मा लानु म्याग्जिन क्याँच दवाउँदै म्याग्जिनलाई उतार्नु र म्याग्जिनमा हेर्नु म्याग्जिनमा राउण्ड छ । कक गर्नु एउटा राउण्ड जमिनमा खस्छ, राउण्डको प्रक्यूशन क्यापमा हेर्नु चोट मारेको छ । भएछ रोक मीस फायर यस रोलाई हटाउन ट्रेगर दवाई भरेको म्याग्जिन जोडी कक गरि फायरलाई पूनः जारी राख्नु ।

तुरुन्त हटाउ नसकिने रोक :-

क) ग्याँसको कमी :- राईफलले फायर गर्छ तर बारम्वार ककगर्नुपर्छ खोका फाल्दैनभने कार्रवाही यस मुताविक गर्नुहोस् सबैभन्दा पहिला स्टपेच पुकार्नु, चोरी औलालाई ट्रेगर बाट बाहिर निकाल्नु R position मा भएको सेफ्टी क्याँच लाई S position मा राख्नु यो समयमा चालवाला पुर्जा केही पछाडि हटेको हुन्छ । तुरुन्त म्याग्जिन उतारि राईफललाई केहि पछाडि तानि ग्याँस कि, को सहायताले ग्याँस रेगुलेटरको अंकलाई घटाउनु पर्दछ । पुन भरेको म्याग्जिन जोडी फायरको जारी राख्ने । ग्याँसको कमी निम्नकारणले गर्दा हुन्छ :- ग्याँसभेनमा फोहरमैला जम्मा भई ग्याँसभेन केही सानो भएमा । ग्याँस रेगुलेटर बढी अंकमा फिट भएमा आदी ।

ख) चेम्बरमा काटेको केस :- राईफलले ठिक फायर गर्छ, ठिक फायर गर्छ दुई चार राउण्ड पछि रोक्छ । सबै भन्दा पहिला स्टपेच पुकार्नु, ट्रेगरमा भएको कलमी -चोरी) औंलालाई ट्रेगरवाटबाहिर निकाल्नु R position मा भएको सेफ्टी क्याँचलाई S position मा लानु, म्याग्जिन क्याँच दवाउँदै म्याग्जिनलाई उतार्नु र म्याग्जिनमा हेर्नु म्याग्जिनमा राउण्ड छ । कक गर्नु, र चेम्बरमा हर्ेर्ने काटिएको केश छ । यो रोकलाई क्लियरिङ्ग प्लगको सहायताबाट हटाउन सकिन्छ । -क्लियरीङ्ग प्लकको भागहरुको नाम :- हेड वा पिन, सेन्टर स्लिप, बेश,) त्यसैले क्लियरीङ्ग प्लगलाई दुवै हातको सहायताले चेम्बरमा राख्ने चालवाला पुर्जा अगाडि छोडिदिने । जव सम्म खोका बाहिर आउदैन तबसम्म चालवाला पुर्जा अगाडि पछाडि गरिरहने । काटिएको केश निस्किसकेपछि भरेको म्याग्जिन जोडी फायरको जारी राख्ने । क्लियरीङ्ग प्लगलाई प्रयोग गर्दा क्लियरीङ्ग प्लक पुरा कसिएको हुनु पर्दछ । यदी हामी संग समय छभने क्लियरिङ्ग प्लगबाट काटिएको केशलाई अलग गर्ने समय छैनभने क्लियरिङ्ग प्लग त्यतिकै पौचमा राख्ने तर समय पाउना साथ क्लियरिङ्ग प्लगबाट काटिएको केश अलग गर्ने । च्याम्बरमा काटिएको केश निम्नकारणले गर्दा हुन्छ :- फायरकेशको कमजोरी, च्याम्बर धेरै तातिनु , च्याम्बरमा धेरै ग्याँस जम्मा हुनु आदी ।

ग) सख्त खिचाउ :-राईफलले ठिक फायर गर्छ, ठिक फायर गर्छ दुई चार राउण्ड पछि रोक्छ । सबै भन्दा पहिला स्टपेच पुकार्नु, ट्रेगरमा भएको कलमी -चोरी) औंलालाई ट्रेगरवाट बाहिर निकाल्नु R position मा भएको सेफ्टी क्याँचलाई S position मा लानु, म्याग्जिन क्याँच दवाउँदै म्याग्जिनलाई उतार्नु र म्याग्जिनमा हेर्नु म्याग्जिनमा राउण्ड छ कक गर्नु राईफल कक हुदैन भएछ रोक सख्त खिचाउ यस रोकलाई हटाउन सिटिङ पोजिसनमा गई बायाँ गोडाले बटमा दाहिने गोडाले पेस्तोनग्रिपमा अड्याई सिट्टी

कर्ड,डोरी,सिलिङ्ग वा टोपीको सहायतावाट कक गर्ने कक हुन्छ यति गर्दा पनि कक नभएमा खडा हुने राईफललाई ४५० को एङ्गलमा व्यारललाई आकाश तर्फपारि समाउने र दाहिना गोडाको पंञ्जाले ककिङ्ग ह्याण्डलमा राखी तल तर्फप्रेस गर्ने यस पछि राईफल कक हुन्छ । सख्त खिचाउ रोक हट्छ । आफ्नो पोजिशनमा गई भरेको म्याग्जिन जोडि पुनः फायरलाई जारी राख्ने । सक्त खिचाउ निम्नकारणले गर्दा हुन्छ :- च्याम्बर फोहोर हुनु , राउण्ड फोहर हुनु , मोटा राउण्ड हुनु, ग्याँसको कमी आदी ।

घ) अन्य किला पर्ूजा भाँचिनु :- फायरिङ्ग पिन भाचिनु, एक्स्टेक्टर भाचिनु आदि यि माथिका किलापुर्जा भाचिएमा तुरुन्त आरमोररकोमा लगी बनाउनु पर्दछ । ताकि आफै बनाउन सकिदैन ।

नोट :-

१. रातमा रोक हटाउने तरिका :- रातमा रोक हटाउदा जुन पोजिशनबाट फायर गरिएको छ उक्त पोजिशनलाई चेन्ज गरी स्टपेज पुकार्नु कलमी औलालाई ट्रेगरबाट बाहिर निकाल्नु सेफ्टी क्याँच S मा लगि म्याग्जिन क्याँच दवाउदै म्याग्जिन उतार्नु, दाहिने हातले इजेक्सन वे को बाटो वन्द गरी वाया हातले कक गर्ने । कुन रोक लागेको हो छामेर पत्ता लगाई फायरको जारी राख्ने शिक्षकले आँखामा रुमाल बाधेर कलासलाई नमुना देखाउने र अन्तमा कलासलाई अभ्यास गराउने ।

२. म्याग्जिन ले राउण्ड नदिएमा :- दाहिने हातले म्याग्जिनलाई आफुतर्फ तान्ने र वायाहातले चटक को साथ ककगर्ने यतिबेला राईफलको बट काधमा सेपिएको हुनुपर्दछ । यो रोक प्राय धेरै पर्ने भएकोले यसको अभ्यास धेरै गराउने ।

३. राईफल ले ब्रष्ट फायर किन गर्छ :-पलन्जर तल को शेर खिईएमा वा राम्रो सँग हेम्बर को तल्लो कटाउमा लक नभएमा राईफल ले ब्रष्ट फायर गर्छ ।

४. सेफ्टी :- सेफ्टी २ किसिमको हुन्छ । एप्लाई सेफ्टी र मेकानिक सेफ्टी

क) एप्लाई सेफ्टी :- फायरिङ्गको दौरान चालमा सामिल हुदैन हातले लगाईन्छ यो फायररको ज्यानमालको सुरक्षाको लागी मानिसले अपनाउने सेफ्टी हो । जस्तै :- सेफ्टी क्याँच क् पोजिशनमा लैजानु , हतियार खाली गर्नु , मेकसेफ गर्नु आदी ।

ख) मेकानिक सेफ्टी :- फायरिङ्गको दौरानमा चालमा सामिल हुन्छ । यो हतियारको सुरक्षाको लागी बनाईएको चाल कै एउटा हिस्सा हो । जब सम्म चालवाला पुर्जा लक हुदैन तब सम्म फायर हुदैन । जब सम्म बुलेडले व्यारल छोड्दैन तब सम्म अनलक हुदैन चालवाला पुर्जा पछाडी हट्दैन यसै प्रकृयालाई मेकानिक सेफ्टी भनिन्छ ।

संक्षेप

१. मिनतवर

२. मोटामोटी

३. प्रश्न उत्तर

राईफल लेशन – ७

शुरुको काम :- जवान हतियारको निरिक्षण र ग्रुपको वाँड फाँड ।

दोहोर्याई :- सिस्ताको काइदावाट लिने ।

उद्देश्य :- साइटमा बदली गर्नु, सिस्ताको जग्गा चुन्नु, हावाको हक राख्दै हटेर हर्कती तार्गेटमा सिस्ता लिने तरिका सिकाउनु हो

सामान :- २ वटा राईफल, म्याग्जिन, कवाजराउण्ड, एमिङ्ग रेस्ट, एमिङ्ग करेक्ट, स्याण्ड ब्याग वोरी, ग्राउण्ड सिट, वोर्ड, स्ट्याण्ड, प्वाईन्टर, वोर्डमार्कर, डस्टर, खाका, धागो, ३ वटा फिगर ११ तार्गेट, र लेक्चरको सम्पूर्ण सामान, क्लासको दाहिना २५ गजटाढा फिगर ११ तार्गेट गाडिएको, बन्दोवस्तीमा ग्राउण्ड सिट बिच्छाएको र सबै कलास वैपन ड्रेसमा हुनुपर्दछ

वयान :- सम्झनुहोस लर्डाईको समयमा दुश्मन एकै किसिमले नहिडी विभिन्न किसिमले हिडेको पाउन सकिन्छ । साथै हावा पनि एकै किसिमको नलागी कहिले ढिलो र कहिले छिटो चलिरहेको हुन सक्छ । यस्तो समयमा गोलीको वुलेटलाई यिनै चिजले असर पार्ने हुँदा हरेक ब्यक्तिले साइटमा वदली गर्नु, सिस्ताको जग्गा चुन्नु, हावाको हक राख्दै हटेर हर्कती तार्गेमा सिस्ता लिई फायर गर्न जानेको छ भने परेको वेलामा दुरुस्तीका साथ काम हासील गर्न सकिन्छ । पाठ तर्तिवार सबैभन्दा पहिला .....।

१. तर्तिब नं. १ साइटमा बदली गर्नु :-

साइटमा बदली गर्नु भनेको राईफलमा भएको साइटलाई नै झिकेर अर्को साईड फिट गर्नु होइन की, ताकि साइट रेन्ज र गाउण्ड रेन्जमा फरक परेमा गोली एइब् -पि.ओ.ए.) बाट तल वा माथि लाग्छ तर्सथ लर्डाईको समयमा व्याक साईडको रेन्ज बदलेर दुश्मनले दिएको समयमा फायर गर्न ढिलो हुने हुनाले हामिले साईडमा बदली गरी फायर गर्न जानेको हुनु पर्दछ । साईड रेन्ज भन्दा ग्राउण्ड रेन्ज बढि भएमा गोली एइब् (पि.ओ.ए.) भन्दा तल लाग्छ र साईड रेज्ज भन्दा ग्राउण्ड रेन्ज कम भएमा गोली (Percussion Cap) (पि.ओ.ए.) भन्दा माथि लाग्छ । उक्त कुरालाई बदली गर्न टेवल द्वारा पनि प्रस्तुत गरिन्छ ।

साइटमा गर्ने टेवल

साईट रेन्ज	साईट रेन्ज र ग्राउण्ड रेन्जमा फरक			
	५०	१००	२००	३००
२००	३"	६"	१२"	१८"
३००	६"	१२"	२४"	३६"
४००	९"	१८"	३६"	५४"
५००	१२"	२४"	४८"	७२"
६००	१५"	३०"	६०"	९०"

बदली

यसको लागि शुत्र :- **(S.R. – 1)(6xD.R.)**

१. यदि साइट रेन्ज बडी र ग्राउण्ड रेन्ज घटी भएमा गोली तार्गेटको बुल भन्दा माथी लाग्छ ।
२. यदि साइट रेन्ज घटी र ग्राउण्ड रेन्ज बढी भएमा गोली तार्गेटको बुल भन्दा तल लाग्छ ।
जस्तै :- साईड रेन्ज ३०० गज, ग्राउण्ड रेन्ज ५०० गज भएमा गोली एवं (पि.ओ.ए.) भन्दा कति इन्च तल वा माथि लाग्छ -

साइट रेन्ज = ३०० गज
ग्राउण्ड रेन्ज =५०० गज
साइट रेन्ज र ग्राउण्ड रेन्जको फरक = २००
शुत्र अनुसार (S.R. – 1)(6xD.R.)
= (३००-१) (६X२००)

$$= \frac{(३००-१००)}{१००} \quad \frac{(६X२००)}{१००}$$

$$= \frac{(२००)\ (१२००)}{१००\quad १००}$$

$$\frac{२\quad १२}{१\qquad १}$$

= २४" तल लाग्छ ।
नोट :- साइट रेन्ज र ग्राउण्ड रेन्जलाई १०० ले भाग गर्ने ।

तर्तिव नं. २ सिस्ताको जग्गा चुन्नु :- सम्झनुहोस् र्राईफको साइट २०० गज मा फिट भएर आएको हुदा गोली विभिन्न रेन्ज अनुसार विभिन्न ठाउँमा लाग्छ । त्यसकारण सिस्ताको जग्गा चुन्नु आवश्यक पर्दछ । २५ गजको रेन्जमा १/४ इन्च तल लाग्छ । त्यस कारण सिस्ता लिदा १/४ इन्च माथी ताकेर सिस्ता लिनु पर्दछ । १०० गजको रेन्जमा २ इन्च माथी गोली लाग्छ । सिस्ता लिदा २ इन्च तल लिनु पर्दछ । २०० गजको रेन्जमा ठिक बुलमा लाग्छ । त्यस्तै ३०० गजको रेन्जमा ६ इन्च तल लाग्ने भएकोले ६ इन्च माथी ताकेर सिस्ता लिनु पर्दछ । यदि तार्गेट देखी अगाडि गोली लागेमा निम्न फाइदा हुन्छ ।

१. गोली रिक्वसे भएर पुन : तार्गेटमा लाग्न सक्छ ।
२. गोलीको मार हेरी करेक्सन गर्दै फायर गर्न सकिन्छ ।

-

तर्तिव नं. ३ हावाको किसिम :- सम्झनुहोस् गोलीको उडानलाई अगाडी वा पछाडीवाट चल्ने हावाले असर पार्दैन तर दाहिना वा बायाँवाट चल्ने हावाँले असर पार्ने हुँदा हरेक व्यक्तिले हावाँको हकलाई ख्याल गरी सिस्ता लिन जानेको हुनु पर्दछ । त्यसैले लर्डाईको समयमा विभिन्न किसिमको हावा पाइने भएकोले फौजी सिद्धान्तमा हावालाई निम्न ३ भागमा विभाजन गरिएको छ ।

१. हल्का हावा २. तेज हावा ३. अति तेज हावा

१. हल्का हावा :- यो हावा चलेको समयमा शरिरमा शितलको अनुभव हुने रुखका पातहरु हल्का हल्लने र झण्डालाई २२.½० को कोणमा हल्लाउँछ भने त्यसलाई हल्का हावा भनिन्छ ।

२. तेज हावा :- यो हावा चलेको समयमा रुखका पातहरुलाई,हल्लाउने स-साना बुट्यानहरुलाई निहुराएर भुईसम्म छुआउछ वा पातहरु उडाउछ त्यसलाई नै तेज हावाँ भनिन्छ । यतिवेला झण्डालाई ४५° को कोणमा हल्लाउछ ।

३. अति तेज हावा :- यो हावा चलेको समयमा रुखका ठूलाठूला हागा भाच्ने, धुलो पात पितङ्गर उडाएर भूमरी पार्ने, आँखा हर्न समेत मुस्किल हुन्छ भने यस्तो खालको हावाँलाई अति तेज हावाँ भनिन्छ यतिवेला झण्डालाई ९०° को कोणमा हल्लाउँछ



हावाको हक राखेर सिस्ता लिने टेवल

रेन्ज	१०० गज	२०० गज	३०० गज
हल्का हावा			१ P.O.A
तेज हावा		१ P.O.A.	२ P.O.A
अति तेज हावा	१ P.O.A	२ P.O.A	३ P.O.A

हावाको पि.ओ.ए.निकाल्ने सुत्र :-

१) हल्का हावाको लागी -२ (रेन्ज -२)
२) तेज हावाको लागी -१ (रेन्ज-१)
३) अति तेज हावाको लागी ह्र १ (रेन्जह१)

तर्तिब नं. ४ हटेर हर्कती तार्गेटमा सिस्ता लिने तरिका :- हटेर सिस्ता लिनु भन्दा पहिला लिडको परिचय :
लिड : बास्तविक तार्गेट र काल्पनिक तार्गेट बिचको दुरीलाई नै लिड भनिन्छ । सम्झनुहोस् यदि दुश्मन अगाडीबाट आफुतर्फ आईरहेको छ वा आफुतिरबाट अगाडी तर्फगई रहेको छ भने त्यसको लागि कुनै किसिमको लिड हाँसिल गरी POA (पि.ओ.ए.) चुन्नु पर्दैन तर आफु बाट अगाडी तर्फ गई रहेको दुश्मनलाई जति टाडा जान्छ त्यती नै माथि सिस्तालिई फायर गर्नु पर्दछ । यदी दुश्मन अगाडी बाट आफुतर्फ आईरहेको छ भने सिस्ता तललिई फायर गर्नुपर्दछ । दुश्मन दाहिनाबाट बायाँ र बायाँबाट दाहिनातर्फगई रहेको छ भने त्यसलाई हामिले लिड हाँसिल गरी POA (पि.ओ.ए.) चुनी फायर गर्नु पर्दछ ।
हर्कती तार्गेटमा फायर गर्दा २ किसीमको फायर गरीन्छ ।

१. ट्यापिङ्ग फायर :- दुश्मनको रफ्तार र दिशालाई पत्तालगाई दुश्मन आउनेबाटोमा महशुर निशाना चुनी पलानिङ्ग फायर गरिन्छ भने यस्तो फायरलाई ट्यापिङ्ग फायर भनिन्छ । यस्तो फायर गर्दा दुश्मन आफुले चुनेको निशाना नजिक आई पुगेमा जति सक्दो र्यापिट फायर गर्नु पर्दछ ।

२. ट्याकिङ्ग फायर :- दूश्मनको रफ्तार दिशा पत्तालगाई दुश्मनमाथी एम गरी फायर गरीन्छ भने यस्तो फायरलाई ट्याकिङ्ग फायर भनिन्छ यती बेला दुश्मनको अगाडी एम गरी र्यापिट फायर गर्नु पर्छ ।

काल्पनिक तार्गेट .....लिड.....बास्तविक तार्गेट

हटेर हर्कती तार्गेटमा सिस्ता लिने तरिका :- हटेर सिस्तालिनु भनेको फायररले आफुले फायर गरीरहेको पोजिशनबाट पछाडी हटेर फायरगर्नु होईनकि लिईरहेको सिस्ता लाई हटाउनु हो । फौजी दृष्टीकोणमा तार्गेटको हर्कतलाई तिनभागमा बिभाजन गरीएको छ । हिडेको, दौडेको र छिटो दौडेको

हटेर हर्कती तार्गेटमा सिस्तालिने टेबुल

रेन्ज	१००गज	२००गज	३००गज
साधारण हिडेको	१ पि.ओ.ए.	२ पि.ओ.ए.	३ पि.ओ.ए.
बिस्तारै दौडेको	२ पि.ओ.ए.	४ पि.ओ.ए.	६ पि.ओ.ए.
ज्यादै छिटो दौडेको	३ पि.ओ.ए.	६ पि.ओ.ए.	९ पि.ओ.ए.

यसको सुत्र :- रेन्ज X स्टेप = तार्गेटको पि.ओ.ए.

जस्तै :- ३०० गजमा दुश्मन धेरै छिटो दौडेको छ भने कति एइब् चुनि फायर गर्नु पर्छ - लेखुहोस् ।

सुत्र :- Range X Step

३ X ३=९ POA चुनि फायर गर्नु पर्छ ।

हटेर हर्कती तार्गेटमा सिस्ता लिदा ध्यान दिनु पर्ने कुराहरु :-

(क) डिग्री :- (**Digree**) हावाँ कुन किसीमको चलेको छ ।

(ख) दुरी : (**Distance**) फायरर र तार्गेट बिचको दुरी कति छ एकिन गर्ने ।

(ग) दिशा :- (**Direction**) तार्गेट कुन दिशातर्फ हर्कत गरेको छ । दाहिना, वायाँ, आफुतर्फ र अगाडी तर्फ ।

तार्गेट र हावाँ को दिशा एउटै भएमा तार्गेको पि.ओ.ए. बाट हावाँको पि.ओ.ए. घटाउनु पर्छ ।

तार्गेट र हावाँ को दिशा विपरीत भएमा तार्गेटको पि.ओ.ए. मा हावाँको पि.ओ.ए. जोड्नु पर्छ ।

छड्के हावाको लागी हावाको पि.ओ.ए.बाट १ पि.ओ.ए. घटाउनु पर्दछ ।

जस्तै :- यदी ३०० गजको रेन्जमा दुश्मन पर्ुवबाट पश्चिमतिर दौडेको छ र सोही रेन्जमा हावाँ पश्चिमबाट पुर्वतिर तेज चलेको छभने अब भन्नुहोस् कति पि.ओ.ए. चुनी फायर गर्नु पर्ला - प्रमाणित गर्नुहोस ।

तार्गेटको = ६ पि.ओ.ए.

हावाँको = २ पि.ओ.ए.

दुबै विपरित दिशा भएकोले तार्गेटको पि.ओ.ए. मा हावाँको पि.ओ.ए. जोड्नर्ुपर्छ । त्यसकारण ६±२ö८ पि.ओ.ए. चुनी फायरगर्नु पर्दछ ।

तार्गेट निकाल्ने सुत्र :- पि.ओ.ए.±१ / २

जस्तै :- पि.ओ.ए. ९ आयो भने कति तार्गेट बनाउनु पर्छ

९±१/२ ö ५ तार्गेट हुन्छ । -नोटः- यदी पि.ओ.ए. जोडी आएमा पहिला भाग गर्ने बिजोड आएमा पहिला जोड्ने)

पुर्व पश्चिम



संक्षेप

१ मिनतवर

२. मोटामोटी

३. प्रश्न उत्तर

राईफल लेशन - ८ र ९

शुरुको काम :- जवान हतियार निरिक्षण गुरपको बाँडफाँड ।

दोहोर्याई :- सिस्ताको काईदावाट लिने ।

उद्देश्य :- विभिन्न किसिमको आडको प्रयोग गरी आडको पछाडीवाट फायर गर्नेको तरिका सिकाउनु हो। २

सामान :- राईफल, म्याग्जिन, कवाज राउण्ड, स्याण्ड व्याग बोरी, सम्भव भएसम्म विभिन्न किसिमको आडभएको जमिन, वन्दोवस्तीमा ग्राउण्डसिट विच्छयाईएको कलासको दाहीना २५ गजटाढा फिगर ११ तार्गेट गाडीएको र सबैकलास वैपन ड्रेरसमा भएको हुनु पर्दछ ।

बयान :- सम्झनुहोस् लर्डाईको समयमा एकै किसिमको आड फेला पर्छ भन्न सकिदैन त्यसैले जमिनको वनावट अनुसार विभिन्न किसिमको -जमिन) आड फेला पर्न सक्दछ तर्सथ हरेक व्यक्तिले विभिन्न किसिमको आडको प्रयोग गरि आडको पछाडीवाट फायर गर्न जानेको हुनु पर्दछ । यदि जानेको छ भने परेको वेलामा दुरुस्तीका साथ काम हाँसिल गर्न सक्दछ पाठ तर्तिवार सबैभन्दा पहिला .....।

तर्तिव नं. १ विभिन्न किसिमको आडको प्रयोग गरि आडको पछाडीबाट फायर गर्नेको तरिका : विभिन्न किसिमको आडको प्रयोग गरि आडको पछाडीवाट फायर गर्नेको तरिका सिकाउनु भन्दा पहिला म तपाईहरुलाई सिकाउछु

आडमा हुनु पर्ने गुणहरु :-

१, आड टिक्रिक्क परेको नहोस् ।
२, गोलीको आड होस् नजरी आड नहोस् ।
३, फिल्ड अफ फायर किलियर होस् ।
४, हतियार चलाउन सजिलो होस् ।
५, एक आपसमा नजरिया मिलाप होस् ।
६, आउने जाने वाटो छुपेको होस् ।
७, अल्टरनेटिभ पोजिसन चुनेको होस् ।
८, हवाई छुपाउहोस् ।

गोलीको आडको प्रकार :- सम्झनुहोस् गोलीको आड २ प्रकारको हुन्छ ।

१, प्राकृतिक गोलीको आड २, कृतिम गोलीको आड

१, प्राकृतिक गोलीको आड :- आफ्से आफ प्राकृतिले बनाईदिएको आडलाई प्राकृतिक गोलीको आड भनिन्छ । जस्तै उठेको ढिस्को, अग्लो जमिन ठुलो ठुलो रुखका ठुटाहरु, ढुङ्गा मुडा आदि पर्दछ ।

२, कृतिम गोलीको आड :- मानिसले बनाएको आडलाई कृतिम गोलीको आड भनिन्छ । जस्तै : क्रोल ट्रेरन्च, पोष्ट, स्याण्ड व्याग बोरी, फायर ट्रेन्च, हाईप्वाईन्ट आदी ।

यसरी यि दुई प्रकारको आडहरुबाट निम्न पोजिसन तयार गरि फायर गर्न सकिन्छ ।

१. स्टाण्डिङ्ग पोजिसन
२. हाईनिलिङ्ग पोजिसन
३. निलिङ्ग पोजिसन

४. सिटिङ्ग पोजिसन
५. ल्याङ्ग पोजिसन
६. सुत्केरी पोजिसन
७ स्मार्ट पोजिसन र अन्य पोजिसन

-

स्टाण्डिङ्ग पोजिसन :- सम्झनुहोस् यो पोजिसन ४ देखि ४.½ फिटको आड फेला परेमा यो पोजिसन तयार पार्न सकिन्छ । कुनैपनि समयमा फौजी एड्भान्स भैरहेको अवस्थामा अचानक दुश्मनको असरदार फायर आएमा सबैभन्दा पहिला रन, ड्यास, डाउन, क्रोल, अब्जर गर्दै आड भएको ठाँउ सम्म जानु पर्दछ । यदि यो समयमा ४ देखि ४.½ फिट सम्मको आड फेला परेमा स्ट्याण्डिङ्ग पोजिसन तयार पारी फायर गर्नु पर्दछ । स्ट्याण्डिङ्ग पोजिसनमा जाँदा बाँया गोडा केहि अगाडी खुम्चीएको दाहिना गोडा पछाडी तन्किएको वाया हातले फ्रन्टह्याण्डगार्ड २ हिस्सा पारी समाएको यदि मिल्छ भने यति वेला वाँया हातलाई आड माथी राख्ने, दाहिना हातले पेस्तोनग्रिपमा ३ हिस्सा पारी समाएको राईफलको बट दाहिना कुमको गद्दावाला भागमा सेपेको हुनु पर्दछ । यतैवाट साईड अफ फायर भन्छ भने साईड उठाउनु , कक गर्नु र फायर गर्नु ।

हाईनिलिङ्ग पोजिसन :- सम्झनुहोस् यो ३ देखि ३.½ फिटको आड फेला परेमा यो पोजिसन तयार पार्न सकिन्छ । कुनैपनि अवस्थामा फौजी एडभान्स भई रहेको बेलामा दुश्मनको असरदार फायर आएमा पोजिसनमा जानेको तरिका रन, ड्यास, डाउन, क्रोल, अव्जर गर्दे आड भएको ठाँउ सम्म जाने यदि यो समयमा ३ देखि ३.½ फिटको आड फेला परेमा हाईनिलिङ्ग पोजिसन तयार गरी फायर गर्नु पर्दछ । हाईनिलिङ्ग पोजिसनमा जाँदा बाँया खुट्टा केहि अगाडी खुम्चाएर टेकेको दाहिना खुट्टाको घुँडाले जमिनमा टेकेको बाँया हातले प|mट्टह्याण्डगार्डमा २ हिस्सा पारि समाएको दाहिना हातले पेस्तोनग्रिपमा ३ हिस्सा पारि समाएको यति बेल दाहिना हातको कुहिना काधको सिधाईमा उठेको हुनु पर्दछ । राईफलको बटलाई दाहिना कुमको गद्दावाला भागमा सेपेको र पछाडी हिपको भाग उठेको हुनु पर्दछ । यतैवाट साईडअफ फायर भन्छ भने साईडलाई उठाउनु, कक गर्नु र फायर गर्नु । यदि जमिनी वनावटले यसरी यस्तो पोजिशन लिन मिल्दैन भने दुवै घुडालाई टेकी शरीरिको कम्मरको भाग नखुम्चाई फायर गर्न सकिन्छ । राईफल समाउने तरिका माथीकै सो सरह हो ।

निलिङ्ग पोजिसन :- निलिङ्ग पोजिसन २ प्रकारको हुन्छ । यो पोजिसन २ देखि २.½ फिटको आड फेला परेमा तयार पारिन्छ ।

१. सपोटेड निलीङ्ग
२. अनसपोटेड निलीङ्ग

१ सपोटेड निलिङ्ग पोजिसन :- पोजिसनमा जाने तरिका उसै मुताविक माथिको सो सरह नै हो । यतिवेला २ देखि २.½ फिटको आड फेला परेमा सपोटेड निलिङ्ग पोजिसन तयार पारिन्छ । यतिवेला दाहिना गोडा जमिनमा टेकेको र पछाडीको हिपको भाग दाँहिने खुट्टाको पछाडीको कुरकुच्चाको भागमा बसेको, दाहिना गोडा ी सेफमा र बाँया खुट्टा केहि अगाडी खुम्चेर टेकेको र बाँया हातको कर्ुइनाले बँाया गोडाको घुँडामा खम्बा मुताविक राखेको र फ्रन्टह्याण्ड गार्डमा २ हिस्सा पारी समाएको दाहिना हातले पेस्तोनग्रिपमा

३ हिस्सा पारी समाएको राईफलको बटलाई दाहिना कुमको गद्दावाला भागमा सेपेको यसवेला दाहिना हातको कुहिना काँधको समानान्तरमा हुनुपर्दछ । यतैवाट साईडअफ फायर भन्छ भने साईडलाई उठाउनु कक गर्नु फायर गर्नु

२. अनसपोटेड निलिङ्ग पोजिसन :- यो पोजिसन पनि २ देखि २.½ फिट सम्मको आडमा प्रयोग गरिन्छ । यो पोजिसन तयार पार्दा पनि सपोटेड जस्तै हो । यसमा बाँया हातको कुहिनाले घुँडामा टेकेको हुनु हुँदैन ।

३. सिटिङ्ग पोजिसन :- सम्झनुहोस् यो पोजिसनमा जानेको तरिका माथिको सो सरह नै हो । यो पोजिशन स्काई लाईनमा देखिएको दुश्मनमाथी वा तलबाट माथी फायर गर्नु परेमा प्रयोग गरिन्छ । यस पोजिसनलाई २ फिटको आड फेला परेमा तयार गरिन्छ । यो पोजिसन तयार गर्दा हिप -चाकको पुठा) लाई जमिनमा बैठाईदिने र दुवै घुँडालाई केही खुम्च्याई दुबै खुट्टाको एडिले जमिनमा टेक्ने र बाँया हातले फ्रण्ट हूयाण्ड गार्डमा २ हिस्सा पारी समातेको दुबै हातको कुहिनाले दुबै घुँडामा खम्बा मुताविक टेकेको, राईफलको बट दाहिना कुमको गद्दावाला भागमा सेपेको यतैवाट साईडअफ फायर भन्छ भने साईडलाई उठाउनु कक गर्नु र फायर गर्नु पर्दछ ।

ल्याङ्ग पोजिसन :- सम्झनुहोस् यो पोजिसन १ देखि १.½ फिटको आड फेला परेमा प्रयोग गरिन्छ । यो पोजिसन सवैभन्दा राम्रो पोजिसन हो । यदि दुश्मनसंग भेट भयो भने उसैमाथि फायर गर्नु परेमा सकेसम्म मिल्छ भने ल्याङ्ग पोजिसन तयार पार्नु पर्दछ । यो पोजिसनमा आडसम्म जानेको तरिका अरु पोजिसन सो सरह नै हो । यतिवेला शरिर पुरा जमिनमा सुतेको हुन्छ । बाँया खुट्टा खुम्चिएको, दाहिना खुट्टा तन्किएको, दुवै खुट्टाको इडी वैठेको, बाँया हातले फ्रन्टहूयाण्डगार्डमामा दुई हिस्सा पारी समातेको दाहिना हातले पेस्तोनग्रिपमा तीन हिस्सा पारी समातेको दुवै हातको कुहिनाले जमिनमा टेकेको यदि मिल्छ भने आडमाथी हतियार राखी फायर गर्ने ।

सुत्केरी पोजिसन :- सम्झनुहोस् यो पोजिसन भिरालो जमिन फेला परेको खण्डमा अथवा माथिवाट तल फायर गर्नु परेमा यो पोजिसन तयार पारिन्छ । यो पोजिसन तयार पार्दा दुवै खुट्टा अगाडी तेस्रो बनाएर आफु बस्ने र खुट्टालाई क्रस पारी त्यसमाथी फ्रन्टहूयाण्ड गार्डलाई राखी बाँया हातले फ्रन्टहूयाण्डगार्डमा दुई हिस्सा पारी समातेको दाहिना हातले पेस्तोनग्रिपमा तिन हिस्सा पारी समातेको राईफलको बटलाई दाहिना काँधको गद्धावाला भागमा सेपेको र पोजिशन जति सक्दो सानो बनाउने फायर गर्ने तरिकाहरु अरु पोजिसन सो सरहनै हो ।

स्मार्ट पोजिसन : - सम्झनुहोस् यो पोजिसन हिलो, दलदले जमिन , सधै खेती भएको जमिन , साना साना झाडी तथा बुट्यान भएको ठाउँमा प्रयोग गरिन्छ । यतिवेला दुवै खुट्टा खुम्चीएको र खुट्टाको अगाडीको पञ्जाको भागले जमिनमा टेकेको र बाँया हातले फ्रन्टहूयाण्ड गार्डमा २ हिस्सा पारी समातेको र दाहिने हातले पेस्तोनग्रिपमा ३ हिस्सा पारी समाएको यति बेला राईफलको बट दाहिना काँधको गद्धावाला भागमा सेपेको हुनु पर्दछ । दाहिना हातको कुहिना काँधको सिधाईमा हुनु पर्दछ । यतैवाट साईड अफ फायर भन्छ भने साईडलाई उठाउनु, कक गर्नु, फायर गर्नु यसरी फायर गर्दा जमिन दव्दै तल गएमा घुडालाई तन्काउदै शरीरलाई माथी उठाउँदै जाने, २/४ राउण्ड फायर गर्नु, विस्तारै दाहिना वा वाँया सरी अर्को ठाँउ

चेन्ज गर्नु, फेरी २/४ राउण्ड फायर गर्नु र विस्तारै दाहिना, वायाँ वा अगाडी, पछाडी सरेर फायर गर्नु पर्दछ ।

अन्य पोजिसनहरु :-

जस्तै घरको झ्याल ढोकावाट फायर गर्ने तरिका :- सम्झनुहोस् घरको झ्याल ढोकावाट फायर गर्नु परेमा आफ्नो सानो भन्दा सानो पोजिसन बनाई आडलाई बाँया पारी फायर गर्नु पर्दछ । यस्तो पोजिसन अथवा आडवाट फायर गर्दा सकेसम्म दुईजनाको आवश्यक पर्दछ । यतिवेला दुवैजनाले आफ्नो हतियारलाई क्रस पारेर फायर गर्नु पर्दछ । हतियारको व्यारललाई धेरै अगाडी नपार्ने । दोबाटो चौबाटो मा फायर गर्नु परेमा एकले अर्को लाई सपोट दिएर र विपरित दिशा तर्फ फर्किएर पोजिशन लिन सकिन्छ तर एउटै ग्रिनेण्डले सबैलाई क्षतिहुनेठाउमा पोजिशन लिनुहुदैन ।

पर्खालवाट फायर गर्ने तरिका :- यतिवेला पनि पर्खाललाई बाँया पारी आफ्नो सानो भन्दा सानो पोजिसन बनाई फायर गर्नु पर्दछ । हतियारको व्यारल धेरै अगाडी हुनु हुँदैन ।

रुखको पछाडीवाट फायर गर्नेको तरिका :- सम्झनुहोस् रुखको पछाडीवाट फायर गर्न मिल्छ भने आफ्नो सानो पोजिसन बनाउने अथवा ल्याङ्ग पोजिसन जाने, अथवा मिल्दैन भने कोल्टे पोजिसन तयार गर्न पनी सकिन्छ । तर रुख हर हमेशा बाँया होस् व्यारल धेरै अगाडी नगर्ने अथवा अगाडी नहोस् ।

संक्षेप

१. मिनतवर

२. मोटामोटी

३. प्रश्न उत्तर

राईफल लेशन - १०

शुरुको काम :- गुरपको वाँडफाँड जवान हतियारको निरीक्षण ।

दोहोर्या ई :- विभिन्न किसिमको आडको प्रयोगवाट लिने ।

उद्देश्य :- कुदरथि सिधाई हाँसिल गरी फायर गर्नेको तरिका सिकाउनु हो । २

सामान :- राईफल, म्याग्जिन, कवाज राउण्ड, लाईफ राउण्ड, स्याण्ड ब्याग बोरी, बन्दोबस्तीमा ग्राउण्डसिट बिच्छ्याईएको क्लासको दाँहिना २५ गजटाढा फिगर ११ को तार्गेट गाडिएको र सबै कलास वैपन ड्रेसमा भएको हुनुपर्दछ ।

बयान :- सम्झनुहोस् लडाईको समयमा दुश्मन अगाडीवाट मात्र आउँछ भन्न सकिदैन अगाडी, पछाडी, दाहिना, बाँयावाट पनि आउन सक्छ । त्यसैले हरेका जवानले कुदरथि सिधाई हाँसिल गरी फायर गर्न जानेको हुनु पर्दछ । यदि जानेको छ भने परेको वेलामा दुरुस्तीका साथ काम हाँसिल गर्न सक्दछ । पाठ तर्तिवार सबैभन्दा पहिला .....।

तर्तिव नं. १ सिधाई हासिल गर्ने तरिका :- लडाईको समयमा अचानक नजिक दुश्मन निस्केमा दुरुस्त सिस्ता लिएर फायर गर्ने समय नहुन सक्छ । यस्तो अवस्थामा छिटो पोजिशनमा गई फायर गर्नु पर्दछ । सिधाई हासिल गर्दा कारवाहि यस प्रकार गर्नु होस् टाउको सिधा राख्ने दुबै आखाले तार्गेटको तल बिचमा हर्ने,

राईफल लाई काधमा लिएर बलियो संग समाउने वाया हातले जति सक्दो र्राईफको अगाडी फ्रन्टह्रयाण्ड गार्डमा समाउने, दुबै आखाँले हेर्ने र प्वाईन्ट, अफ, एम.मा फोकस गर्ने फायर गर्दा व्यारल तिर नहेर्ने ताकी व्यारल भन्दा माथी बाट हेर्ने अन्जानमा गल्ती गरेर कहिल्य पनि फ्रन्टसाईट टिप तार्गेटमा मिलाउने कोशिस नगर्ने किनकी यसरी फायर गर्दा गोली तार्गेट भन्दा माथी जान्छ । लाईन अफ साईड समान्तर होस् । यस्तो गर्यो भने राईफल कुदरथि तरिकाले तार्गेटको सिधाईमा हुन्छ ।

तर्तिब नं. २ कुदरथि सिधाई हाँसिल गरी फायर गर्नेको तरिका :- सम्झनुहोस् फौजी कार्रवाहीको सिलसिलामा साईड भाचिन वा हराउन पनि सक्छ र फौजी एड्भान्स भई रहेको वेलामा अचानक दुश्मन टुटि फुटि जमिन बाटो को घुम्ती झाडी जंगल कुहिरो लागेको वेलामा दुश्मन नजिक भन्दा नजिक देखा पर्दछ भने यतिवेला हामीले छिटो भन्दा छिटो कुदरथि सिधाई हासिल गरी फायर गर्न जानेको हुनु पर्दछ । यदि जानेको छ भने परेको वेला दुरुस्तीका साथ विजय हाँसिल गर्न सकिन्छ । कुदरथि सिधाई हाँसिल तिन पोजिसनवाट गर्न सकिन्छ ।

१. स्टाण्डिङ्ग पोजिशन २. हिप पोजिशन ३. ल्याङ्ग पोजिशन

१.स्टाण्डिङ्ग पोजिशन :- सम्झनुहोस् कुनै पनि बेलामा फौजि एडभान्स भई रहेको अवस्थामा अचानक दुश्मन टुटि फुटि जमिन बाटो को घुम्ती झाडि जंगल कुहिरो लागेको बेलामा अचानक देखा पर्छ भने यति वेला छिटो भन्दा छिटो हतियारलाई सिधाई गरी साईड नउठाईसिस्ता विना स्टाण्डिङ्ग पोजिशनमा गई फायर गर्नु पर्दछ । स्टाण्डिङ्ग पोजिशनमा जाँदा बाँया खुट्टा केहि अगाडी खुम्चीएको दाहिना खुट्टा केही पछाडी तन्कीएको , बाँया हातले फ्रन्टह्रयाण्डगार्डमामा २ हिस्सा पारी समातेको दाहिना हातले पेस्तोनग्रिपमा ३ हिस्सा पारी समातेको राईफलको वट दाहिना कुमको काँधको गद्धावाला भागमा सेपेको हुनु पर्दछ । यसरी फायर गरीरहेको बेला पछाडी दुश्मन आउछ भने व्यारललाई आकाश तर्फपार्दै बाँया खुट्टालाई खम्बा मुताविक राख्ने दाहिना खुट्टाले हर्कत गरी जता दुश्मन देखिन्छ उतैतिर फर्कएर फाएर गर्नु पर्दछ । यो त भयो १ जनाले फायर गर्दा , अव समूहमा फायर गर्नु परेमा अगाडी फायर गरिरहेको छ अचानक दुश्मन पछाडी देखा पर्छ भने सबैले बाँया खुट्टालाई खम्बा मुताविक राख्ने ब्यारललाई आकाश तर्फफर्काई दाहिना खुट्टाले हर्कत गरी पछाडी फर्कएर फायर गर्न सकिन्छ । यदि दाहिनाबाट वा बाँयाबाट दुश्मन आउछ भने यति बेला व्यारललाई आकाश तर्फपारी ढोका लगाएजस्तै गरी एक लाईनमा गई फायर गर्नु पर्दछ । यो पोजिशन आफ्नो हतियारको कारागर रेन्ज भित्र तर टाढाको रेन्जमा दुश्मन देखा पर्छ भने स्टाण्डिङ्ग पोजिशनमा गई फायर गर्नुपर्दछ ।

२.हिप पोजिशन :- सम्झनुहोस् फौजी एड्भान्स भईरहेको बेलामा अचानक दुश्मन टुटीफुटी जमिन,बाटो को घुम्ती झाडी, जंगल, कुहिरो लागेको बेलामा अचानक दुश्मन नजिक भन्दा नजिक देखा पर्छ भने यतिवेला छिटो भन्दा छिटो दुश्मनलाई बर्बाद गर्नको लागि हामीले हतियारलाई कुदरथि सिधाई हासिलगरी हिप पोजिशनमा गई फायर गर्नुपर्छ । यसरी फायर गर्दापनि अगाडि पछाडि दाहिना बाँया दुश्मन देखा परेमा स्टाण्डिङ्ग पोजिशन सो सरहनै फर्कएर फायर गर्नु पर्दछ । यो पोजिशन आफ्नो हतियारको कारागर रेन्ज भित्र दुश्मन नजिक भन्दा नजिक आउँछ वा देखा पर्छ भने हिप पोजिशनमा गई फायर गर्नुपर्दछ ।

३.ल्याङ्ग पोजिशन :- कुदरथि सिधाई हाँसिल गरी ल्याङ्ग पोजिशन बाट फायर गर्दा बाँया खुट्टा खुम्चेको दाहिना खुट्टा तन्केको, दुवै खुट्टाको इडि बैठेको, बाँया हातले प|mटहृयाण्डगार्डमा २ हिस्सा पारी समाएको दाहिना हातले पेस्तोनग्रिपमा ३ हिस्सा पारी समाएको राईफलको बट दाहिना कुमको गद्दावाला भागमा सेपेको हुनुपर्दछ । यस पोजिशनबाट फायर गर्दा गोली माथी लागेमा आफु केहि अगाडि सर्ने र दुवै हातको कुहिनालाई केहि भित्र तर्फसार्ने यसो गर्दा गोली गएर तार्गेटमा तल लाग्दछ । यदि गोली तल लागेेमा आफु केहि पछाडी सर्ने र दुवै हातको कुहिनालाई केहि बाहिर तिर सार्नेे यसो गर्दा गोली गएर तार्गेटमा माथी हिट गर्दछ । यदि गोली तार्गेटको दाहिना लागेमा आफु बाँया सर्ने यदि गोली तार्गेटको बाँया लागेमा आफु दाहिना सर्नुपर्दछ । कुदरथि सिधाई हासिल गरी फायर गर्दा निम्न कुराको ध्यानदिनु पर्दछ ।
१. हेर्नु २. सिधाई हासिल गर्नु ३. फायर गर्नु

तर्तिव नं. ३ मास्टर हात र मास्टर आँखा पत्ता लगाउने तरिका :- मास्टर हातको लागि टोपी खोल्न लगाउने जुन हातले टोपी खोल्छ त्यहि हात नै उसको मास्टर हात हुन्छ । अथवा जुन हात पहिला चल्छ त्यहि हात नै उसको मास्टर हात हुन्छ । मास्टर आँखाको लागि दाहिना अथवा बाँया हातको चोरी औला र बुढी औला जोडी ब्याग साईड बनाउने र दाहिने हातको चोरी औला खडा गरेर फन्ट साईड टिप बनाउने र दुबै आँखाले कुनै एक चिजलाई प्वाईन्ट गर्ने र एक आँखा वन्द गरी पालै पालो हर्ेर्ने जुन आँखाले प्वाईन्ट गरेको चिजलाई कभर गर्छ त्यहि नै उसको मास्टर आँखा हुन्छ । अथवा जुन आँखाले राम्रो देखिन्छ त्यहि आँखा नै उसको मास्टर आँखा हो ।

तर्तिब नं. ४. राईफललाई लैजानेको तरिका :- सम्झनुहोस् राईफललाई ७ तरिकावाट लैजान सकिन्छ ।

१. सिलिङ्ग आर्म पोजिशन
२. एलट पोजिशन
३. ओकाप पोजिशन
४. लर्कन पोजिशन
५. शिकारी पोजिशन
६. काँधशस्त्र पोजिशन
७. अंगशस्त्र पोजिशन

१. सिलिङ्ग आर्मर् पोजिशन :- सम्झनुहोस् सिलीङ्ग आर्म पोजिशन २ तरीका बाट गरीन्छ ।

(क) दाहिना सिलीङ्ग आर्म पोजिशन :- सम्झनुहोस फौजी एडभान्स भईरहेको बेला शान्तिको समयमा टाढा टाढा जानु परेमा वा लामो लामो रुट मार्च पट्रोल जानुपरेमा दाहिना सिलीङ्ग आर्म गरेर जान सकिन्छ । यती बेला दाहिना हातले पेस्तोनग्रिपमा २ हिस्सा पारी समाएको हुनुपर्दछ । यस अवस्थामा एउटा हात स्वतन्त्र हुन्छ र हामी झाडी जंङ्गल बुट्यानहरु भएको ठाँउमा हर्कत गर्न सजिलो हुन्छ र यो एउटा आरामदायी पोजिशन हो ।

(ख) वाया सिलीङ्ग आर्म :-सम्झनुहोस यो पोजिशन फौजी एड्भान्स भई रहेको बेला बाटोमा कुनै बाधा आएमा बाधापार गर्दा कुनै पनि चिजमा झुण्डिनुपरेमा वा घनाझाडीजंगलमा जानुपरेमा यो पोजिशन प्रयोग गरिन्छ । यतीबेला हतियारको सिलीङ्ग टाउकोबाट छिराएर वायाँ काधमा हुन्छभने हतियार पछाडी ढाडमा सेपीएको र दुबैहात स्वतन्त्र हुन्छ । एलट पोजिशनमा हिड्दा हातधेरै थाकेमा वाया सिलीङ्ग आर्म गरेर

जानसकिन्छ । यती बेला सिलीङ्ग टाउकोमा छिराएर वाया काधमा हुन्छ भने दाहिना हात ले पेस्तोनग्रिपमा ३ हिस्सापारी समाएको र वायाँहात ले फ्रान्टयाण्डगार्डमा २ हिस्सापारी समाएको हुनुपर्दछ ।

नोट :-काधमा सिलीङ्ग राखेर जुनसुकै पोजिशनबाट हतियार बोकिन्छ भने त्यसलाई सिलीङ्ग आर्म पोजीशन भनिन्छ ।

२. एलट पोजिशन :- यो पोजिशन हामी पट्रोल जाँदा वा एड्भान्स हुँदा तुरुन्त दुश्मनसंग मुडभेट हुन सक्नर्ेर् इलाकामा शंका लाग्दो ठाँउमा एड्भान्स हुनु परेमा यो पोजिशन प्रयोग गरिन्छ । यो पोजिशन तयार पार्दा दाहिना हातले पेस्तोनग्रिपमा ३ हिस्सा पारी समातेको बाँया हातले फ्रन्टह्याण्डगार्डमामा २ हिस्सा पारी समाएको हुनुपर्दछ र बट काँधमा सेपेको हुनु पर्दछ ।

३. ओकप पोजिशन :- सम्झनुहोस् यो पोजिशन प्रयोग गर्दा व्यारल आकाश तर्फपारी दाहिना हातले पेस्तोनग्रिपमा ३ हिस्सा पारी समाएको बाँया हातले फ्रन्टह्याण्डगार्डमामा २ हिस्सा पारी समाएको हुनुपर्दछ । यो पि.टी.को समयमा गोडाचाल्दा वा अव्स्ट्रेकल तथा बाधा पार गर्दा प्रयोग गरिन्छ ।

४. लर्कन पोजिशन :- यो पोजिशन २ तरिकाबाट प्रयोग गरिन्छ ।

(क) क्यारी ह्याण्डल समाएर (ख) म्याग्जिनलाई आकाश तर्फपारेर ।

(क) क्यारी ह्ण्डल समाएर :- सम्झनुहोस् यो पोजिशन कवाजको तवरमा वदल शस्त्र र सम्मान गारद, नगर परिक्रम गर्न परेको खण्डमा प्रयोग गरिन्छ ।

(ख) म्याग्जिनलाई आकाश तर्फपारेर :- यो पोजिशन पि.टी दौड्दा वा खाल्टा खुल्टी पार गर्नु परेमा प्रयोग गरिन्छ । यो पोजिशन प्रयोग गर्दा दाहिना हातले समाएको छ भने दाहिना हातले क्यारिह्याण्डलमा २ हिस्सा पारी समाउने यतिवेला म्याग्जिन आकाश तर्फभएको हुनु पर्दछ ।

५. सिकारी पोजिशन :- सम्झनुहोस् यो पोजिशन झाडी, जङ्गल भएको ठाँउमा प्रयोग गरिन्छ र एउटा हात स्वतन्त्र हुने भएको हुँदा हामीले झाडी जङ्गलहरुलाई पन्छाउदै हटाउँदै अगाडी बढ्न सकिन्छ । यो पोजिशन प्रयोग गर्दा दाहिना हातले पेस्तोनग्रिपमा ३ हिस्सा पारी समाउने यतिवेला व्यारल पछाडीतर्फहोस् म्याग्जिन आकाश तर्फफर्केको हुनु पर्दछ ।

६. काँधशस्त्र पोजिशन :- यो पोजिशन लामो लामो दौड वा प्रतिस्पर्धा दौडको बेलामा प्रयोग गरिन्छ यति वेला राईफललाई दाहिना काँधमा राखीएको हुन्छ भने व्यारल अगाडि तर्फपारेको र दाहिने हातले फ्रन्टसाईड टिपलाई कलमी औला र माझी औला को बिचमा पर्नेगरी समाएको हुनु पर्दछ । यस अवस्थामा म्याग्जिनले फिल पाता छोएको हुनु पर्दछ यदि काँध थाकेमा वायाँ काँधमा पनि यसै मुताविक वोक्न सकिन्छ ।

७. अंगशस्त्र पोजिशन :- यो पोजिशन कवाज खेल्ने समयमा वा सामुहिकमा एक ठाउँबाट अर्को ठाउँमा जादा प्रयोग गरिन्छ । यति वेला राईफलको व्यारल आकाश तर्फपरेको र दाहिना हातले पेस्तोनग्रिपमा ३ हिस्सा पारी समाएको हुनु पर्दछ ।

संक्षेप

१. मिनतवर

२. मोटामोटी

३. प्रश्न उत्तर

एल.एम.जी. लेशन

एल.एम.जी. लेशन - १

शुरुको काम :- जवान हतियारको निरिक्षण र ग्रुपको बाडफाँड ।

अहिले हाम्रो हातमा एक किसिमको नया हतियार फेला परेको छ । जसको नाम हो ७.६२ एम.एम.एल.एम.जी. (लाईट मेशिन गन) जब पनि हाम्रो हातमा नयाँ हतियार हात पर्छ भने त्यसलाई निरिक्षण गर्न जानेको हुनु पर्छ । त्यस कारण अब म तपाईहरुलाई सिकाउछु निरिक्षण गर्ने तरिका । निरिक्षण गर्ने तरिका सिकाउनु भन्दा पहिला गनको पछाडी जग्गा लिई, जग्गा छोड, गनको पछाडी सामेल र गनको दाहिना सामेल ।

१. एक्लै वा ब्यक्तिगत २. ग्रुपमा वा समुहमा

१. एक्लै वा ब्यक्तिगत :- ब्यक्तिगत गनको पछाडि आउदा सामेल भन्ने आदेश आउदैन । यति बेला आदेश आउछ क्लासको दाया वा बाया ब्यक्तिले गनको पछाडी जग्गा लि भन्छ भने यो समयमा जुन तोकिएको आफ्नो नम्बर पुकार्दै दाहिना फर्की क्लासको पछाडिबाट अगाडि आउछ । अन्य ब्यक्तिहरुले जुन पङतीको ब्यक्ति अगाडी आउछ त्यही पङतीको ब्यक्तिहरुले मात्र २. ३. ४. ५ पुकार्दै अन्तिम ब्यक्तिले अप भन्छ सबै व्यक्तिले दाहिना हात जमिनमा टेकी जम्पको साथ खाली ठांउ पुरा गर्छ अथवा जग्गा खाप्छ । अगाडि गएको ब्यक्तिले अगाडि गएर गोडा चाल्छ । आफ्से आफ अड्छ र दांया फर्केर गोडा फाटेर बस्छ । जब जग्गा छोड भन्छ भने यतिबेला शतर्क पोजिशनमा आउनु एक कदम पछाडि हटि बाँया फर्की गोडा नहानी दौडको चालमा जानु र क्लासको वाँया गई आफ्से आफ अडि पुरा फर्केर बस्ने ।

२. ग्रुपमा वा समुहमा :- सम्झनुहोस गनको पछाडि बोलाउनु परेमा वा गनको पछाडि सामेल हुनु परेमा सम्पुर्ण कलासलाई खडा गरी गोडा फाट पोजिशनमा राख्रे । त्यति बेला सबै कलास गनको पछाडि सामेल भन्ने आदेश आउछ भने यो समयमा सम्पुर्ण ब्यक्ति आफ्से आफ सतर्क पोजिशनमा आई एक कदम अगाडि बढ्ने र वाँया फर्केर गोडा नहानिकन अगाडि जान्छ, गोडा चाल्छ र पछाडिको ब्यक्तिको अपमा अड्छ । अर्को अपमा दाया फर्कन्छ । अर्को अपमा गोडा फाटेर बस्छ । यति भै सके पछि सबै कलास गनको दाहिना सामेल भन्ने आदेश आउछ भने सबै कलास सतर्कमा आउने एक कदम पछाडी हट्ने दायाँ फर्केर गोडा नहानी दौडको चालमा जान्छ । गनको दाहिना गएर गोडा चालमा बस्छ । पछाडीको अन्तिम ब्यक्तिको अपमा अड्छ, अर्को अपमा वाया फर्कने, र अर्को अपमा गोडा फाटेर बस्छ ।

बदली गर :- गनको पछाडि जग्गा लिईरहेको अवस्थामा बदली गर भन्ने आदेश आउछ भने बाँया फर्कने गोडा नहानी दौडी हाल्ने र गनको पछाडि जति ब्यक्ति छ त्यति नै बाँयाबाट १,२,३,४ ब्यक्ति गनको पछाडि गई पहिलाको ब्यक्ति जस्तो हालतमा थियो त्यस्तै हालतमा गई बस्ने । गनको पछाडि भएको ब्यक्ति बाँया फर्कने र बदली आएको व्यक्तिको ठाउँमा गएर बस्ने । गनको पछाडी सामेल,दाहिना सामेल,

जग्गा लिई, जग्गाछोड, र बद्ली गर मा कसैलाई केहिशंका छैन भने अब तपाईलाई सिकाउछु निरीक्षण गर्ने तरीका निरीक्षण गर्नु भन्दा पहिला निरीक्षण गर्नुपर्ने अवस्था :-

निरिक्षण गर्नु पर्ने अबस्थाहरु :-

१. एक व्यक्ती बाट अर्को व्यक्तीमा लिदा वा दिदा । २. कोतवाट वुझदा वा वुझाउदा

३. सेन्ट्री अदली वदली गर्दा ४. फायरिङ्ग गर्नु भन्दा अगाडी र फायरीङ्ग गरि सके पछि

५. आर्सनल वाट हतियार्रर् इसु भएर आउदा । ६. हतियार खोल्नु भन्दा पहिला र जोडी सके पछि

७. लामो लामो रुट मार्च वा पट्रोलिङ्ग जानु भन्दा अगाडी र फर्के पछि ।

निरिक्षण गर्ने तरिका :- यसरी गनको पछाडी जग्गा लिई सके पछि आदेश हुन्छ निलिङ पोजिशन यो समयमा जुन अगाडी आएको ब्यात्ति चटक्कसाथ निलिङ पोजिशनमा गई गनको वाया साईडमा घुडा टेकेर बस्छ । यति बेला दाहिना घुडाले गनको लेफ्ट बटमा सेपेको हुनु पर्दछ । त्यस पछि दाया हातले म्याग्जिन क्याँच दबाउदै म्याग्जिन उतारी -यदि म्याजीन नजोडिएको भए दाहिने हातको हरथुङ्गाको भागले म्याग्जिन कभरलाई अगाडि तर्फधकेल्ने) बाया हातले चेन्ज लिभरलाई समाति च् वा ब् पोजिशन भए क् पोजिशनमा लानु र बाया हातले स्मल अफ दी बटमा दुई हिस्सा पारी समाउनु दाहिना हातले ककिङ्ग हेण्डलमा समाई कक् गर्ने बाया हातले पुनः चेन्ज लिभरलाई ब् अथवा च् पोजिशनमा लैजानु च्याम्बरमा हेर्नु कुनै रोकावट छैन भने दाहिना हातको चोरी औलाले ट्रेगर दबाउनु र चेन्ज लिभरलाई क् पोजिशनमा लैजानु दाहिना हातले म्याग्जिन जोड्नु -यदि म्याजीन नजोडिएको भए दाहिने हातको हरथुङ्गाको भागले म्याग्जिन कभरलाई पछाडि तर्फधकेल्ने) बाया हातको माझी औलाको सहायतले इजेक्शन ओपनिङ कभर लगाउनु र बस्नु पर्दछ र नं. १ गन ठिक भनि पुकार्ने । यो कार्रवाही उपलब्ध छ भने गन अनुसार ग्रुपमा पनि गर्न सकिन्छ । टोलीलाई बयानको साथ साथै अभ्यास गराउने ।

दोहोर्याई :- एल.एम.जी.को बिशेषताबाट लिने ।

उद्देश्य :-७.६२ एल.एम.जी.को परीचय खोल्नु, सफाई र जोड्नेको तरिका सिकाउनु हो । २

सामान :- एल.एम.जी. म्याग्जिन, रड, पुल-थ्रो, तेल, टल्ली र सफाईका आवश्यक सामानहरु युटिलिटी पौच, होल्ड अल, साथै, बन्दोबस्तीमा ग्राउण्ड सिट बिछ्याइएको हुनु पर्दछ र सबै कलास वैपन ड्रेसमा हुनु पर्दछ ।

बयान :- सम्झनुहोस् यसको बनावट साधारण भएता पनि धेरै बलियो छ । यो हतियार पैदली फौजको एक सेक्सनको पावरदार र भरोसादार हतियार हो । यो ग्याँसद्धारा चल्ने र हावाद्धारा ठण्डा हुने अटोमेटिक हतियार हो । यसबाट वाईपट टेकाएर ५०० गज र टाईपट माउण्ट गरेर १००० गज सम्म एकुरेसी फायर गर्न सकिन्छ । यस हतियारलाई सफा र हिफाजत संग राखीएको छ भने यसले कहिलै पनि धोका दिदैन । त्यसैले हरेक व्यक्तिले यसलाई खोल्न सफाई गर्न र जोड्ने तरिका जानेको छ भने परेको वेलामा दुरुस्तीका साथ काम हासील गर्न सकिन्छ । पाठ तर्तिवार सबैभन्दा पहिला .....।

तर्तिव नं. १, एल.एम.जी. को परीचय :- समझनुहोस यो एल.एम.जी. हामी लाई मित्र राष्ट्र भारत बाट तिन किसीम को प्राप्त भएको छ । ज्ञब्, ज्ञक्ष्, ज्ञघ, तर हामी संग अहिले प्रचलनमा ज्ञक्ष्, ज्ञघ, आएको छ । यी एल.एम.जी.लाई चिन्हको लागी बडीमा लेखिएको मार्कलाई हेरेर चिन्न सकिन्छ ।

एल.एम.जी.लाई चिन्नेको तरिका :-

१. आर्श्नलबाट काटि आएको बडी नं. बाट ।

२. युनिट वा सब युनिटले राखेको बट नं. वा - बन्दोवस्ती नं.) बाट ।

३. काठ वा हतियार को रङबाट ।

एल.एम.जी. लाई निम्न चिजबाट वचाउनु पर्दछ :-

क. आगो ख. पानी

ग. कडा जमिन वा बस्तु बाट घ. धुलो र बालुवा बाट

तर्तिव नं २ एल.एम.जी.लाई खोल्ने को तरिका :-

एल.एम.जी. लाई खोल्दा ध्यान दिनु पर्ने कुराहरु :-

(१) चेन्ज लिभर क् पोजिशनमा हुनु पर्दछ ।

(२) चालवाला पुर्जा अगाडि छ छैन एकिन गर्ने ।

(३) बडि जैन्ट पिन पुरा दाहिना तर्फतान्नु ।

(४) बटलाई ४ भागको ३ भाग बाहिर निकाल्ने ।

(५) चालवाला पुर्जालाई निकाल्दा रिटानिङ्ग रडलाई दाहिना वा वाँया पार्ने ।

सम्झनुहोस् गनलाई खोल्नु भन्दा पहिला निरिक्षण गर्नु पर्दछ । तुरुन्त खोल्नु छ भने निरिक्षण गरी सके पछि म्याग्जिनलाई जोड्नु आवश्यक छैन । खोल्दा सबैभन्दा पहिला दाया हातको सहायतले ब्यारल नट क्याँचमा हान्दै ब्यारल नट क्याँच खोल्नु त्यस पछि बाया हातले ब्यारल नट समाउदै दाया हातले ब्यारलको क्यारि हृयाण्डलमा समाउदै ब्यारललाई अगाडी धकेल्दै ब्यारललाई निकाली दिनु र दाहिना तर्फराख्ने त्यस पछि बडी ज्वाइण्ट पिनलाई बायाबाट दाया तर्फतान्नु पर्दछ । बटलाई चार भागमा तीन भाग बाहिर तानी रिटानिङ रडलाई दाया अथवा बाया पारी चालवाला पुर्जालाई निकाली पिस्टनलाई राख्ने पिस्टन गु्प बाट बृजब्लकलाई निकाली त्यस पछि बृजब्लकलाई राख्ने र बडि ग्रुपलाई पनि निकाली वाँया राख्ने बडि ग्रुपलाई वाईपटबाट अलग गर्नको लागि दाहिना हातले बडि ग्रुपलाई घडिको सुल्टो दिशातर्फघुमाउनु र वाँया हातले वाईपटमा समाउनु अलग गर्ने पहिला बडि ग्रुपलाई राख्नु त्यस पछि बाईपट ग्रुपलाई फोल्ड गरि अन्तिममा राख्नु ।

यस गनलाई मोटामोटी ५ ग्रुपमा खोलिन्छ :-

१. ब्यारल ग्रुप २. चालवाला पुर्जा ग्रुप ५ . बाईपट ग्रुप ।

३. बट ग्रुप ४. बडी ग्रुप

खोलेको पाट पुर्जाहरु तर्तिबार दाहिनाबाट बाँया तर्फ मिलाउँदै राख्नु पर्दछ ।

पुराको नाम म्याग्जिन :- म्याग्जिन केश, म्याग्जिन प्लेट, प्लेट बटम, राउण्ड सर्भिस, बुलेट गाईड, चार्जरगाईड, म्याग्जिन स्प्रिङ, छोटोवाला भाग, लामोवाला भाग, म्याग्जिन स्टुट ।

१. ब्यारल ग्रुप :- पुराको नाम ब्यारल, ७.६२ एम.एम.कुत्तर, फ्लासहाईडर, फ्रण्डसाइट ब्राकेट, फण्टसाइट टिप, क्यारी हृयाण्डल, ग्याँस रेगुलेटर, इण्डिकेट मार्क, ग्याँस रिलेटिङ साइटअप पोष्ट, ग्याँस रिलेटिङ अफ साइट पोष्ट, ग्याँस भेन, ग्याँस नोजल होल, लक स्टूड वेस, व्यारल लकिङ्ग थर्ड, -चुरी) एकेस्टेक्टर बेस, च्याम्बर ।

२. चालवाला पुर्जा ग्रुप :- पुराको नाम चालवाला पुर्जा, पिस्टन, पिस्टनहेड, एनुलर गुभ्स वाईफल रिङ्ग, आर्टिकुलेशन प्ले, इजेक्शन वे, गाईड, रेसेस फर बृजब्लक, पिस्टन पोष्ट, पिस्टन बेण्ड, र्याम्प , सिटफर रिटानिङ्ग रड, बियरीङ्ग, -एम के बट) हम्प, (वियरिङ्गमा उठेको भाग) ककिङ्ग बेण्ड, स्ट्रिल माइल कटर पिन, पुराको नाम बृजब्लक :- इजेक्टर रेसेस, फिट पिस, एक्स्टेक्टर, -मल्टी पिस कल टर्ाईप) एक्शटेक्टर स्ट्रे, स्ट्रे स्प्रिङ्ग, सिट फर पिस्टन पोष्ट, फायरिङ्ग पिन रिटन, फायरिङ्ग पिन होल, फायरिङ्ग पिन ।

३. बट ग्रुप :- फ्रण्ट माउण्ट पिन, इजेक्शन ओपनिङ कभर, इजेक्शन ओपनिङ्ग क्याँच, इजेक्शन वे, रिटनिङ्ग रड, सेरको नोक, टाइपिङ्ग लिभर हेड, बफर प्लेट, पेस्तोनग्रिप, ट्रेगर गार्ड, ट्रेगर, चेन्ज लिभर, यसको तीन पोजिशन हुन्छ । ब्, च्.क्, रियर सिलीङ्ग कडी, रियर माउण्ट पिन, बट, बट प्लेट, बट ट्युब स्क्रुप ।

४. बडी ग्रुप :- पुराको नाम बडी ग्रुप, ग्याँस लकिङ्ग सटवार, ग्याँस सिलिण्डर, फलिङ्ग होल, क्यानुलर, स्केपहोल, ब्यारल लक स्टुड, ब्यारल लकिङ्ग थर्ड, -चुरी) ब्यारल पोष्ट, ब्यारल नट क्याँच, म्याग्जिन क्याँच, म्याग्जिन ओपनिङ्ग कभर, म्याग्जिन वे, बुलेट गाइड,चेम्वर, इजेक्टर, बडि रेसेस, ककीङ्ग पिस, ककीङ्ग हेण्डल, ब्याग साइट फ्रेम, फ्रग स्प्रिङ्ग, (व्याँक साइट बेड) एलिभेसन ड्रम, एलिभेसन गियर, ब्याग साइट लिफ, व्याँक साईड होल, व्याँक साइट फ्रेम यसमा २ देखि २० सम्म अंक काटिएको हुन्छ । बडी ज्वाइण्ट पिनहोल, बडी लकिङ्ग ज्वाइण्ट पिन ।

५. बाइपट ग्रुप :- पुराको नाम बाइपट, सिलिप स्क्रुप, ग्याँस सिलिण्डर वे, वाईपट स्टपर, बाइपट लेग, बाइपट सुज, बाइपट सुज क्याँच, सुज स्प्याँक, वाईपट सुज होल, अपर लेग, लोवर लेग ।

तर्तीव नं. ३ सफाई गर्ने तरिका :- एल.एम.जी.लाई ४ तरिकाबाट सफा गर्न सकिन्छ ।

१. आम सफाई :- बाहिरी धुलोमैलो पुछने र साधारण पुछपाछ गर्ने ।

२. हप्तावरी सफाई :- डिटेल रुपमा हप्तामा १ पटक गरीने सफाई

३. फायरिङ्ग गर्नुभन्दा अगाडिको सफाई :- फायरिङ्ग गर्नुभन्दा पहिला गरिने सफाई पुरानो तेल हल्का पुछने ।

४. फायरिङ्ग पछिको सफाई :- फायरिङ्ग गरिसकेपछि ग्याँस वडी जम्मा हुने भएकोले डिटेल रुपमा सफा गर्नु पर्दछ । यदि समय छ भने पानी उमालेर व्यारल र सिलिण्डरमा हाली सफा गरिन्छ । अन्तमा तेल लगाएर राखिन्छ ।

एल.एम.जी.लाई सफा गर्दा प्रयोग हुने तेलको प्रकार :-

१. साधारण इलाकामा :- ४° भन्दा माथीको तापक्रममा OX 52 वा AOil

२. हिमाली इलाकामा :-

क) ४° देखि १८° तापक्रममा OX 13 वा लो कोल्ड टेष्ट आयल

ख) १८° देखि ४०° तापक्रममा OX 13 र सुपर केरोसिन (1:1) बराबर मिलाएर प्रयोग गरिन्छ ।

ग) ४०० देखि ५०० तापक्रममा OX 13 २ भाग र ३ भाग सुपर केरोसिन (2:3) मिलाएर प्रयोग गरिन्छ

३. गर्मी इलाकामा ग्राफाईट ग्रिज

४. मरुभूमी इलाकामा ड्राई क्लियरिङ्ग सल्फेट पाउडर

यसमा प्रयोग हुने टल्लीको स्केल

क) व्यारलको लागि सुख्खा टल्ली ४ दर्वे २" -१०हृ५ सि.एम.)

ख) व्यारलको लागी तेल टल्ली ४ दर्वे १.५" -१०हृ३ सि.एम.)

ग) सिलिण्डरको लागि सुख्खा टल्ली ४ दर्वे ३" -१०हृ१० सि.एम.)

घ) सिलिण्डरको लागी तेल टल्ली ४ दर्वे २" -१०हृ७.५ सि.एम.)

तर्तिव नं. ४ जोड्ने तरिका :- जोडनु भन्दापहिला जोड्दा ध्यानदिनु पर्नेकुराहरु :-

एल.एम.जी.लाई जोड्दा ध्यान दिनु पर्ने कुराहरु :-

(१) बट ग्रुपलाई लिकमा लिक मिलाई ४ भागमा १ भाग भित्र छिराउने ।

(२) रिटानिङ्ग रड्लाई दाहिना वा वाँया गर्ने ।

(३) बडि ज्वाईन्ट पिनलाई पुरा दाहिना तर्फतान्ने ।

(४) चालवाला पुर्जाको नम्बर मिलाउने ।

(५) ब्यारललाई जोड्दा ग्याँस लकिङ्ग सट वारलाई ध्यान दिने ।

सम्झनुहोस् यस गनलाई पनि सबैभन्दा पहिला खोलेको किला पुर्जालाई लास्टमा र सबैभन्दा पछि खोलेको किला पुर्जालाई अगाडी जोड्नु पर्दछ । लास्टमा जोडी सकेपछि किला पुर्जा फिट भयो कि भएन भनि निरिक्षण गर्नु पर्दछ । फिट भएको एकिन भै सकेपछि म्याग्जिन जोडी इजेक्शन ओपनिङ्ग कभर लगाई गनलाई रेष्ट पोजिशनमा राखु पर्दछ । (टोलीलाई अभ्यास गराउने)

नोट :- म्याग्जिन, सिलिङ्ग, व्यारल, पिस्टन, वृज, बट चेन्जलिभरतल पर्नेगरी , बढीग्रुप (बढी जैनपिन भित्र छिराउने), बाईपटग्रुप, स्ट्रीलमाई कटर पिनको कामः-कक गर्ने, बियरीङ्ग लाई रोक्ने, बियरीङ्ग भित्र पिस्टन पोष्ट स्प्रिङ्ग हुन्छ,)

होल्ड अल भित्र सामानहरु :- जगेडा व्यारल, बृजब्लक ब्लक, सिलीण्डर सफागर्ने मम वा तार बुरस, ग्याँस फलिङ्ग रिमुभिङ्ग कि, टुल कलिङ्ग रिमुभिङ्ग कि, ग्राफाईट ग्रिज, स्पेर पार्टस वेलेट :-डबल पुल्थ्रो सिग्गल पुल्थ्रो, कम्बिकेशन टुल, तेलको बोतल, ट्ल्ली,

स्पेरपार्टस टिन :- पिस्टन पोष्ट स्प्रिङ्ग, फायरिङ्ग पिन, फायरीङ्ग पिन स्प्रिङ्ग, एकेस्टेक्टर, एकेस्टेक्टर स्टे्र, स्टे्र स्प्रिङ्ग, क्लीयरीङ्ग प्लग, वायर जाली ।

संक्षेप

१. मिनतवर
२. मोटामोटी
३. प्रश्न उत्तर

एल.एम.जि. लेशन - २

शुरुको काम :- जवान हतियारको निरिक्षण ग्रुपको बांडफांड ।
दोहोर्याई :- खोल जोडबाट लिने ।
उद्देश्य :- म्याग्जिनमा भर्नु, एल.एम.जी.मा भर्नु, खाली गर्नु, साइट लगाउनु र मेकसेफ गर्ने तरिका सिकाउनु हो । २
सामान :- एल.एम.जी.म्याग्जिन, कवाज राउण्ड, वाल राउण्ड, चार्जर क्लिप , फिल्लर, युटिलिटी पौच, होल्ड अल, क्लासको दाहिना २५ गज टाढा १/१ को तार्गेट गाडिएको, बन्दोबस्तीमा ग्राउण्डसिट बिछ्याएको र सबै कलास वैपन ड्रेसमा हुनुपर्दछ ।
बयानः- सम्झनुहोस् (जवान) फौजीको जिन्दगी जतिको निशानामा भर पर्दछ । त्यसरी नै तेजि र दुरुस्तीको साथ चन सेकेण्ड खेरा नफाली हरेक व्यक्ती ले म्याग्जिनमा भर्न,एल.एम.जी.मा भर्न, खाली गर्न, साइट लगाउन र मेकसेफ गर्न जानेको छ भने परेको वेलामा दुरुस्तीका साथ काम हासील गर्न सकिन्छ । पाठ तर्तिवार सबैभन्दा पहिला .....।
तर्तिव नं. १, म्याग्जिनमा भर्ने तरिका :- सम्झनुहोस् म्याग्जिन दुइ तरिकाले भर्न सकिन्छ । म्याग्जिनमा भर्नु भन्दा पहिला राउण्डको परिचय :-
१. खाली हातको सहायतले २. चार्जर क्लिप र फिल्लरको सहायतले ।
राउण्डको परिचय :
सम्झनुहोस यो राउण्ड ७.६२ मि.मि.x५१ मि.मि. वालराउण्ड हो । यो हामीलाई ३ देशवाट प्राप्त हुन्छ मित्र राष्ट्र भारतबाट, चाईना र आफ्नै देश नेपालको सुन्दरीजलवाट प्राप्त हुन्छ । मित्रराष्ट्र भारतबाट प्राप्त हुँदा चार्जर क्लिप मा ५ राउण्ड, कपडाको बिन्दुलीमा ५० राउण्ड, सानो टिनको वाकसमा ४०० राउण्ड र ठूलो टिनको वाकसमा ६०० राउण्ड प्याक भई आउछ । चाईनाबाट आएको राउण्ड एक कागजको प्याँकमा १२५ राउण्ड, टिनको बाकसमा ४ वटा कागजको प्याक हुन्छ र उक्त बाकसमा ५०० राउण्ड हुन्छ र एउटा काठको बाकसमा दुई वटा टिनको बाकस जसमा ५००/५०० गरि १००० राउण्ड प्याक भएर आएको हुन्छ । आफ्नै देश नेपालको सुन्दरी जलवाट प्राप्त हुँदा कागजको वट्टामा १० राउण्ड, ठूलो कागजको वट्टामा २० राउण्ड, प्लास्टिकको प्याँकमा २०० राउण्ड, टिनको वाक्सामा ६०० राउण्ड र ठूलो टिनको वाक्सामा १००० राउण्ड प्याक भई आउछ । मित्रराष्ट्र भारतबाट प्राप्त हुने राउण्डको पिन्धिमा रातो रङ्ग लगाएको, इँख्९इचमलबलअभ ँबअतयचथ ख्बचबलनबयल० ओडान्स फेक्टरी बरान गाउँ लेखेको हुन्छ र वुलेटमा चुरि काटिएको हुन्छ । आफ्नै देश नेपालको सुन्दरीजलवाट प्राप्त हुने राउण्डको पिन्धिमा निलो रङ्ग, OFV (Ordnance Factory Varangaon) लेखेको र वुलेटको भागमा चुरि काटेको हुदैन ।

चाईना बाट आएको राउण्डलाई चिन्न बुलेट, खोका पुरै तामाको धातुबाट बनेको हुन्छ र बुलेटमा चुरी काटिएको हुन्छ ।

राउण्ड सफा गर्ने तरिका :- राउण्ड सफा गर्ने तरिका सिकाउनु भन्दा पहिला राउण्ड सफाई गर्दा ध्यान दिनु पर्ने कुराहरु :-

१. टेडामेडा राउण्ड भए अलग गर्ने ।
२. राउण्डको पिन्धीमा चोट मारेको छ भने अलग गर्ने ।
३. सफाई गरेको राउण्ड सफा ठाउँमा राख्ने ।
४. मोटा राउण्ड भए अलग गर्ने ।
५. वडिमा कुच्चिएको राउण्ड छ भने अलग गर्ने ।
६. सफाई गर्दा एक अर्कामा घषर्ण नगर्ने ।

सम्झनुहोस हामीलाई यी तीन देशबाट राउण्ड प्राप्त हुँदा गर्मि, सर्दी, पानी र धुलो बालुवाबाट बचाउनको लागि राम्रोसंग प्याँक भएर आएको हुन्छ तर फौजी कार्वाहीको सिलसिलामा राउण्डलाई एक ठाउँबाट अर्को ठाउँमा लैजादा पानीले भिजी खिया लाग्ने, धुलोमा खसी फोहर हुने भएको हुँदा उक्त राउण्डलाई भर्नु भन्दा अगाडी सफा गर्न अत्यन्त जरुरी छ । त्यसैले हामी संग प्रसस्त मात्रामा समय छ भने एक एक गरी राउण्ड सफा गर्न सकिन्छ । यदि समय नभएको वेला राउण्डलाई टल्लीमा विपरित वुलेट पारेर वेर्नुपर्दछ ताकि एक अर्कामा घषर्ण नखाओस् । यसरी एकैपटक ४,६, राउण्ड सफा गर्न सकिन्छ ।

म्याग्जिन भर्दा ख्याल राख्नु पर्ने कुराहरु :-

१. म्याग्जिनको क्षमता थाहा हुनुपर्दछ ।
२. राउण्ड भर्दा गन्ती गरेर भर्नुपर्दछ ।
३. राउण्ड भर्दा जमिनमा खसेमा दोवरा सफा गर्नुपर्दछ ।
४. तुरुन्त फायर गर्नु छैन भने अन्तिम राउण्डमा चिनो लगाउनु पर्दछ ।

म्याग्जिनको तसलि :-

के म्याग्जिन राउण्ड भर्नको लागि तयार छ ? राउण्ड सर्भिसले काम गर्छ, ? म्याग्जिन स्प्रिङ ठिक छ ? म्याग्जिनको बडी कुच्चीएको त छैन ? म्याग्जिन प्लेट स्टुड भए नभएको एकिन गर्ने ?

हातले म्याग्जिनमा राउण्ड भर्ने तरिका :- यतिवेला हतियार विपरित दिशातर्फलैजानु र वाया हातले म्याग्जिनलाई दुई हिस्सा पारेर समाउने यतिवेला वुलेट आफू तर्फहोस र वाँयाहातमा अटेजति राउण्ड लिने र म्याग्जिनलाई कुनै गद्दावाला भागमा राखी दुवै हातको वुढि औंलाको सहायताले तल दवाउदै क्रमशः भर्दै जानु पर्दछ ।

राउण्ड खाली गर्ने तरीका :-

राउण्डलाई खालि गर्दा बुलेटलाई जमिन तर्फपारी वायाँ हातले म्याग्जिनलाई दुई हिस्सा पारी समाउनु र दाहिने हातले कुनै नोखदार चिजको सहायताबाट म्याग्जिनमा भएको दोश्रो राउण्डलाई तल तर्फप्रेस गर्दै खाली गर्न सकिन्छ । यतिवेला कुनै नोखदार चिज छैन भने राउण्ड कै सहायताबाट पनि खाली गर्न सकिन्छ । तर यतिबेला २/४ राउण्ड झरीसकेपछि पुनः राउण्ड चेन्ज गर्नु पर्दछ ।

फिल्लर र चार्जरक्लिप को सहायतबाट म्याग्जिनमा राउण्ड भर्नेको तरिका :-

फिल्लरको सहायताले राउण्ड भर्नुभन्दा पहिला फिलरको परिचय :- लर्डाईको समयमा छिटो भन्दा छिटो राउण्ड भर्नको लागि एक किसिमको पुर्जा वनि आएको हुन्छ जसको नाम हो फिल्लर, यसको पनि विभिन्न भागहरुको नामहरु छन् वुलेट गाइड, चार्जरक्लिप गाईड, म्याग्जिन वे, फिलरलाई म्याग्जिनमा फिट गर्दा वुलेट गाईडलाई वुलेटगाईड तर्फर चार्जरक्लिप गाईडलाई चार्जरक्लिप गाईड तर्फपारि फिट गर्नुपर्छ । त्यसपछि म्याग्जिनलाई गद्दावाला भागमा राखी चार्जरक्लिप मा भएको राउण्डलाई फिलरमा फिट गरी दुवै हातको वुढी औलाको सहायताले बिचौ विचमा तल तर्फप्रेस गर्ने एकैचोटी ५ राउण्ड भरिन्छ । क्रमशः भर्दै जाने । खाली गर्ने तरिका माथिकै सो सरह ।

तर्तिव नं. २, एल.एम.जि.मा भर्ने र खाली गर्ने तरिका :- एल.एम.जि.मा भर्नु भन्दा पहिला लोडिङ्ग पोजिशनमा जाने तरिका, लोडिङ्ग पोजिशन दुइ तरिकाले जान सकिन्छ ।

१. गन्तीकोसाथ :- लोडिङ्ग पोजिशन भन्ने आदेशको

गन्ती १ मा बाया गोडालाइ केही अगाडी लैजानु र शरीरलाइ केही अगाडी झुकाउनु,

गन्ती २ मा दुबै हात जमिनमा टेक्नु र शरीरलाइ जमिनमा समानान्तर पारेर सुताउनु ।

गन्ती ३ मा बाया हातले स्मल अफ दी बटमा दुइ हिस्सा पारेर बुढी औला जमिन तर्फर चार औला आकाश तर्फपारेर समाउनु र गनलाइ रेष्ट पोजिशनमा राख्नु ।

खडा हुने तरिका :- खडा भन्ने आदेशको

गन्ती १ मा दुबै हातले जमिनमा टेक्नु,

गन्ती २ मा बाया गोडा केही अगाडी लगेर टेक्नु यति बेला बाया गोडा केही खुम्चिएको होस् र शरीरको पुरै भार बाया गोडामा हुनु पर्दछ ।

गन्ती ३ मा सतर्क पोजिशनमा बस्नु ।

२. सरासरी :- माथिका सवै कामलाई सरासरी गर्न सकिन्छ ।

एल.एम.जी.मा भर्ने तरिका :- भर पोजिशन भन्ने आदेशमा लोडिङ पोजिशनमा जानु बाँया हातले चेन्ज लिभर तसली गर्नु, दाहिने हातको हरथुङ्गाले म्याग्जिन ओपनिङ कभरलाई अगाडी तर्फधकेली दिनु र गन निरीक्षणगरी भरेको म्याग्जिन जोड्नु ।

खाली गर्ने तरिका :- खाली गर भन्ने आदेशमा दाहिना हातले म्याग्जिन क्याँच दबाउदै म्याग्जिन उतार्नु एल.एम.जी.को बटलाई काँधको गद्दावाला भागमा राखी दाहिना हातले कक गरी चेम्बरमा हेर्नु । राउण्ड छैन भन्ने एकिन भईसकेपछी क् पोजिशनमा भएको चेन्ज लिभर च् पोजिशनमा अथवा ब् पोजिशनमा लगी ट्रेगर दबाउनु र चेन्जलिभरलाई क् पोजिशनमा राख्नु दाँहिना हातको हरथुङ्गाले म्याग्जिन ओपनिङ कभर र बाँया हातको बिच औलाले इजेक्सन वे ओपनिङ्ग कभर एक साथ लगाएर खडा भएर बस्नु ।

तर्तिव नं. ३ साईड लगाउने तरिका :- अब म तपाईहरुलाई सिकाउछु साईड लगाउनेको तरिका सोही काम म कसरी गर्ने छु बयानको साथ नमुना पछि तपाईहरुले गर्नु पर्नेछ । कलास देख्नको लागि बाडेमुताविक दाहिना बाँया सामेल गर्ने आफु सुत्केरी पोजिशनमा जाने र गनको बाईपट टेकाएर राख्ने यतिवेला दुवै हातले साईडलाई छोपेर राख्ने र साईडको बयान गर्ने :- सम्झनुहोस् गोलिको बुलेटलाई तोकिएको मनासर

रेन्ज सम्म पुर्याउनको लागि आसनलवाट एक किसिमको पुर्जा बनि आएको छ । जसको नाम हो व्याँक साईडलाई खोलिदिने, यसको पनि केही किला पुर्जाको नाम छ व्याँक साइट, व्याँक साईड लिफ, व्याँक साईड होल, एलिभेसन वा डिप्लेशन ड्रम, फ्रग स्प्रिङ्ग, ब्यागसाइट बेड, एलिभेसन गियर, व्याँक साइट फ्रेम, यसमा २ देखि २० सम्म अंक काटिएको हुन्छ । यसको बाँया पट्टीजोडी अंक र दाहिना पट्ट बिजोडी अंक काटिएको हुन्छ । २ ले २०० गज जाहेर गर्छ भने २० ले २००० गज जाहेर गर्दछ । साईड लगाउदा २०० गज र ३०० गजको रेन्जमा फाएर गर्नु

परेमा अंकको टाउको मा लगाउनु पर्दछ । त्यस भन्दा माथिको रेन्जमा फायर गर्नु परेमा अंक को तल लगाउनु पर्छ । -कलासलाई अभ्यास लगाउने) एक किक्लिक बराबर ५० गजको फरक पर्दछ जस्तै ४५० गजमा लगाउनु पर्यो भने ४ र ५ अंकको बिचमा लगाउने ।

तर्तिव नं. ४ मेक सेफ गर्ने तरिका :- एल.एम.जी.बाट २ तरिकाले मेक सेफ गर्न सकिन्छ ।

१. भरेको एल.एम.जी.वाट २. खाली एल.एम.जी.वाट

१. भरेको एल.एम.जी.वाट मेकसेफ गर्ने तरिका :- भरेको गनवाट मेकसेफ गर भन्ने आदेश आउछ भने (निलीङ्गपोजिशन वा लोडीङ्गपोजिशनमा जाने) दाहिना हातले म्याग्जिन क्याँच दवाउदै म्याग्जिन उतार्ने, कक गर्ने च्याम्वरमा हेर्ने किलीएर छ चेन्जलिभर लाई R वा A पोजिशनमा लगी ट्रेगर दबाउने, चेन्ज लिभरलाई क् पोजिशनमा लगेर भरेको म्याग्जिन जोडेर इजेक्सन ओपनिङ्ग कभर लगाएर निलिङ्ग पोजिशनमा गई दाहिना हातले क्यारी हेन्डल समाएर भरेको गनवाट मेकसेफ भनेर पुकार्ने ।

२. खालि एल.एम.जी.वाट मेकसेफ गर्ने तरिका :- खालीगन बाट मेकसेप भन्ने आदेशमा म्याग्जिन क्याँच दवाउदै खालि म्याग्जिन उतार्ने, कक गरेर च्याम्वरमा हेर्ने च्याम्वर किलीएर छ चेन्ज लिभर R वा A पोजिशनमा लगेर ट्रेगर दवाउने चेन्ज लिभर S पोजिशनमा लगेर भरेको म्याग्जिन जोडेर्रर् इजेक्सन ओपनिङ कभर लगाएर निलिङ पोजिशनमा गई दाहिना हातले क्यारीहेन्डल समातेर खालि गनवाट मेकसेफ भनेर पुकार्नु ।

मेक सेफ गर्नु पर्ने अवस्थाहरु :-

१. फाइरिङ्ग गर्दा गर्दै फायरिङ्ग रेन्जमा जिवित प्राणि देखा परेमा ।

२. फायरिङ्ग रेञ्ज बदली गर्नु परेमा वा दुश्मनले आफ्नो पोजिशन थाहा पाएमा ।

३. लामो लामो पट्रोल जाँदा र आइसकेपछी ।

४. बटघर बाट रातो झण्डा देखाएमा ।

५. कमाण्डरको आदेश आएमा ।

नोटःमेक सेफ भन्नाले सुरक्षित बनाउनुलाई भनिन्छ । जस्तै मेक भन्नाले बनाउनु र सेफ भन्नाले सुरक्षित ।

एल.एम.जि.लेशन - ३

शुरुको काम :- जवान हतियारको निरीक्षण र गुरपको बाँडफाड ।

दोहोर्याई :- भर्नु र खालि गर्नुवाट लिने ।

उद्देश्य :- एल.एम.जी.बाट फायर गर्ने तरिका सिकाउनु हो । २

समान :- २ वटा एल.एम.जी.म्याग्जिन, ड्रिल राउण्ड, बाल राउण्ड, २ वटा स्याण्डब्याग बोरी, युटिलिटी पौच, होल्ड अल, क्लासको दाहिना २५ गजटाढा १/१ तार्गेट गाडिएको बन्दोबस्तीमा ग्राउण्डसिट ओछ्याईएको र सवै कलास वैपन ड्रेरसमा हुनु पर्दछ ।

बयान :- सम्झनुहोस् फाययरले राम्रो फायरिङ्गको नतिजा हाँसिल गर्नको लागि तिन सिद्धान्त बनि आएका छन् ति हुन् :- सही सिस्ता, बलियो समाउनु र ट्रेगर नियन्त्रणको कार्वाही यी सिद्धान्तलाई सिकलाईको दौडानमा अलग अलग सिकेता पनि फायरिङ्गको बेलामा एकै साथ लागु गरी फायर गर्दछ भने म्याग्जिनमा भएको पहिलो वाला राउण्डले तार्गेटको एइब् -बुल)मा गई हिट गर्छ । पाठ तर्तिवार सबैभन्दा पहिला .....।

तर्तिब नं. १. बलियो समात्नेको तरिका :- सबैभन्दा पहिला आफु लोडिङ्ग पोजिशनमा जाने त्यतिवेला दाहिना हातले पेस्तोनग्रिपमा तिन हिस्सा पारी समात्ने बाँया हातले स्मल अफ दि बटमा दुई हिस्सा पारी समात्ने गनको बटलाई दाहिना काँधको गद्धावाला भागमा राख्ने दुबैहातले गनलाई आफुतर्फ तान्ने र काँधले अगाडर्ीतर्फ धकल्ने यसअवस्थामा दाहिना गालामा स्मल अफ दि बटको बँायाा भाग सेपिएको हुनु पर्दछ यतिवेला दुवै हातको कुहिना खम्बाको रुपमा टेकाएर राख्ने ताकी यतिबेला दुश्मनले आएर व्यारलमा समाई हतियार तान्दा गन मात्र नजाओस कि आफ्नो शरिर पनि संगै जाओस् (सहि नमुना र गलत नमूना देखाउने)

तर्तिब नं. २ सिस्ता लिनेको तरिका :- सिस्ता लिनेको तरिका सिकाउनु भन्दा पहिला सिस्ताको काईदा :

तार्गेटमा हेर, तार्गेटको खाका दिमागमा राख, गन शरीर (वदन) सिधा गर, बाँया आँखा बन्द गर, व्याँक साईडको होल, फ्रन्ट साईडको टिप होल को बिचौबिच पादै तार्गेटको बुलमा सहिसिस्ता मिलाउ ।

सिस्ताको काईदा एक पटक आफुले भन्ने र सबै कलासलाई पालै पालो भन्न लगाउने र आफु निलिङ पोजिशनमा गई गनको बाईपटलाई फोल्ड गर्ने र स्याण्डव्याकबोरी माथि राखी ठिक ठाँउमा सिस्ता लिने र सिस्ता लिदा २ वटा तार्गेटमा लिनु पर्छ । जस मध्य एउटा सहि सिस्ता र अर्को गल्ती सिस्ता लिने र टोलिलाई सोही अनुसार अभ्यास गराउने ।

तर्तिब नं. ३. ट्रेगर नियन्त्रणको कार्वाही :- ट्रेगर नियन्त्रणको कार्वाही सिकाउनु भन्दा पहिला ट्रेगर **स्ल्याबको मालुम :-** सम्झनुहोस् यसको चेन्जलिभरको ३ वटा पोजिशन हुन्छ । S, R, A,

S पोजिशनमा चेन्ज लिभर लगाउँदा ट्रेगर स्ल्याब ३ भाग नै नरम हुन्छ ।

R पोजिसनमा चेन्ज लिभर लगाउदा ट्रेगर स्ल्याब २ भाग नरम र १ भाग कडा हुन्छ ।

A पोजिसनमा चेन्जलिभर लगाउदा ट्रेगर स्ल्याब १ भाग नरम र २ भाग कडा हुन्छ ।

त्यसैले ट्रेगर दवाउदा जहिले पनि ट्रेगर स्ल्याबको मालुमलाई ख्याल राख्दै जानेवाला सासलाई जान दिने र आउनेवाला सासलाई केहि बेर रोकी ट्रेगरलाई चोरी औलाको गद्धावाला भागले कागति निचोरे जस्तै गरी बिस्तारै ट्रेगरलाई दबाउँछ भने म्याग्जिनमा भएको पहिला वाला राउण्डले नै तार्गेटको बुलमा हिट गर्दछ ।

तर्तिब नं. ४ फायर गर्ने तरिका :- फायर गर्नेको तरिका सिकाउनु भन्दा पहिला आड फिट नंम्वर अफ टि ओ.ए. चेक जव पनि फायरिङको बेला आड फिट नंम्वर अफ टि ओ.ए. चेक भन्छ भने सबैभन्दा पहिला

घोच्ने बिझाउने चिज लाई हर्टाई दिने आफ्नो आड मिलाई तार्गेटमा हेरी सही सिस्ता मिलाउने र झुटा फायर गरेर बस्ने ।

आडफिट नंम्वर -लिम्वर) अफ टि.ओ.ए. चेक निम्न अवस्थामा गरीन्छ ।

(क) फायरिङ्ग रेन्जमा फायर गर्नु भन्दा अगाडी

(ख) फायर गर्दा गर्दै फायरिङ्ग पोजिसन बदल्नु परेमा

(ग) आफ्नो फायरमा शंका लागेमा

(फायर गर्नु भन्दा पहिला टोलीलाई तारगेट नं. र डिटेलमा बाडनु र फायरीङ्ग ड्रि्रल गराउनु पर्दछ)

फायर गर्ने तरिका :- यस एल.एम.जी.बाट पनि ३ किसिमको फायर गर्न सकिन्छ ।

(क) सिंगल सट फायर :- हतियारको कारागर रेन्जभित्र दुश्मनले बिभिन्न किसिमको हर्कत जस्तै धुँवा धुलो उज्यालो देखाउँछ भने त्यस्तो अवस्थामा पोजिसन पत्ता लगाउन गरिने फायरलाई सिंगल सट फायर भनिन्छ । यो फायर १ मिनेट बराबर १ म्याग्जिन गरिन्छ । ताकि दुश्मनको पोजिशन पत्ता लागोस् । यो फायर गर्न चेन्ज लिभर R पोजिशनमा लगिन्छ ।

(ख) ब्रस्ट फायर :- हतियारको कारागार रेन्जभित्र टुटिफुटी इलाकाको झाडी, जंगल भएको जमिनमा दुश्मन कहिले देखिने कहिले लुक्ने गर्छ भने दुश्मनले दिएको समयमा गरिने फायरलाई ब्रस्ट फायर भनिन्छ । यो फायर पनि एक मिनेट बराबर १ म्याग्जिन फायर गरिन्छ । यो फायर गर्दा चेन्जलिभर A पोजिसनमा लगेर फायर गरिन्छ ।

(ग) र्यापिट फायर :- दुश्मन नजिकभन्दा नजिक गुथम गुथ्थाको रुपमा आफु तर्फआईरहेको अवस्थामा गरिने फायरलाई र्यापिट फायर भनिन्छ । यो फायर ३ देखि ४ म्याग्जिन गरिन्छ । राम्रो फायररले यो भन्दा बढी पनि फायर गर्न सक्छ । यो फायर गर्दा चेन्जलिभर ब् पाजिसनमा लगेर फायर गरिन्छ । यतिवेला धेरै फायर गरिने भएकोले केहिबेर फायर स्टप भएमा तुरुन्तै चालवाला पुर्जालाई पछाडी राख्ने जसले गर्दा धेरै ग्याँस जम्न पाउदैन र व्यारल छिटो चिसो हुन्छ ।

ब्रष्ट फायरलाई ३ भागमा विभाजन गरीएको छ ।

१) २, ३, राउण्ड को बष्ट फायर गर्दा गुरपिङ्ग राम्रो हुन्छ ।

२) ४, ६, राउण्ड को बष्ट फायर गर्दा गोलीको पिछा गर्न सकिन्छ ।

३) ८, १०, राउण्ड को बष्ट फायर गर्दा दुश्मन लाई बढि भन्दा बढि बर्बाद गर्न सकिन्छ ।

तर्तिव नं. ५ हटेर सिस्ता लिने तरीका :-

टोलिलाई दाहिना बाँया सामेल गराउने आफु लोडिङ पोजिसनमा गई बताउने । यदि दुश्मन आफुवाट अगाडी गईरहेको छ भने र अगाडीवाट आफु तर्फआईरहेको छ भने यस्तो अवस्थामा हटेर सिस्ता लिनु पर्दैन । यदि दुश्मन दाहिनाबाट बाँया र बाँयावाट दाहिना गईरहेको छ भने यस्तो अवस्थामा हटेर सिस्ता लिनु पर्छ । हटेर सिस्ता लिनेको तरिका राईफल लेशन ७ सो सरह नै हो तर दुश्मन अगाडीवाट आफु तर्फआईरहेको छ भने त्यति वेला दुश्मनको तल ताक्नु पर्छ र आफुवाट अगाडी तर्फगईरहेको छ भने माथि ताक्नु पर्छ । र्

हर्कती तार्गेटमा फायर गर्दा २ किसीमको फायर गरीन्छ ।

१. ट्यापिङ्ग फायर :- दुश्मनको रफ्तार र दिशालाई पत्तालगाई दुश्मन आउनेबाटोमा महशुर निशाना चुनी पलानिङ्ग फायर गरिन्छ भने यस्तो फायरलाई ट्यापिङ्ग फायर भनिन्छ । यस्तो फायर गर्दा दुश्मन आफुले चुनेको निशाना नजिक आई पुगेमा जति सक्दो लामो बष्ट फायर गर्नु पर्दछ ।

२. ट्याकिङ्ग फायर :- दूश्मनको रफ्तार दिशा पत्तालगाई दुश्मनमाथी एम गरी फायर गरीन्छ भने यस्तो फायरलाई ट्याकिङ्ग फायर भनिन्छ यती बेला दुश्मनको अगाडी एम गरी ८/१० राउण्डको बष्ट फायर गर्नु पर्छ ।

हटेर (हर्कती) सिस्ता लिदा ध्यान दिनू पर्ने कुराहरु :-

(क) डिग्री : हावाँ कुन किसिमको चलेको छ । (ख्याल गरी पि.ओ.ए. चुन्ने)

(ख) दुरी : फायरर र तार्गेट विचको दुरी कति छ एकिन गर्ने ।(साइट उठाउने)

(ग) दिशा तार्गेट कुन दिशातर्फहर्कत गरको छ । दाहिना, बायाँ, आफुतिर र अगाडी तर्फ।

एल.एम.जि.लेशन - ४

शुरुको काम :- जवान हतियारको निरीक्षण गुरपको बाँडफाँड ।

दोहोर्याई :- खोल्नु जोड्नुबाट लिने ।

उद्देश्य :- एल.एम.जी.को चाल रोक र रोकलाई हटाउनेको तरिका सिकाउनु हो । २

सामान :- २ वटा एल.एम.जी.म्याग्जिन, ड्रिलराउण्ड, बालराउण्ड, फायरभएको खोका, युटिलिटी पौंच, होल्ड अल, ग्याँसकि, किलिरिङ्ग प्लक, स्याण्डब्याग बोरी, बन्दोवस्ती मा ग्राउण्डसिट बिछ्याईएको, एउटा एल.एम.जी.खोलेर चालको डायग्राम बनाएको, अर्को एल.एम.जी.रेडी हालतमा राखिएको कलासको दाहिना २५ गजटाढा १/१ तार्गेट गाडिएको र सबै कलास वैपन ड्रेरसमा हुनु पर्दछ

बयान :- सम्झनुहोस् यस गनलाई सफा र हिफाजत संग राखेको छ भने परेको वेलामा कमै मात्रामा रोक पर्दछ यदि रोक परी हालेमा पनि हरेक -जवान) व्यक्तीले यसको चाल, रोक र रोकलाई हटाउन जानेको हुनु पर्छ । यदी जानेका छ भने परेको वेलामा दुरुस्तीका साथ काम हासील गर्न सकिन्छ । पाठ तर्तिवार सबैभन्दा पहिला.....।

तर्तिब नं. १. एल.एम.जी.को चाल-सिक्न र सिकाउन सजिलो होस भन्नको लागी एल.एम.जी.को चाल लाई २ भागका विभाजन गरीएको छ पछाडी को चाल र अगाडी को चाल)

एल.एम.जी.को पछाडीको चाल :- चाल बताउनु भन्दा पहिला चाल गर्ने किला पुर्जाको नाम :-

फायर भएको ग्याँस, ग्याँस भेन, ग्याँस रेगुलेटर , इण्डिकेटट मार्क, ग्याँस रेलेटिङ्ग साईड अफ पोष्ट, ग्याँस रेलेटिङ्ग अफ साईडपोष्ट, ग्याँस नोजल होल, ग्याँस सिलिण्डर, पिस्टन हेड, फलिङ्ग होल, स्केप होल, पिस्टन बेण्ड, फायरिङ्ग पिन रिटन, बृजब्लक सोल्डर, बढी रेसेस, फायर भएको खोका, एक्सट्रेक्टरर्.र् इजेक्टर, इजेक्शन वे, रिटार्निङ्ग रड, बफर प्लेट, रिक्वालिङ्ग स्प्रिङ्ग,

एल.एम.जी.को पछाडीको चाल :- गोली फायर हुन्छ प्रसस्त मात्रामा ग्याँस पैदा हुन्छ केहि ग्याँसले गोलिको बुलेटलाई आफुले तोकेको मनासर रेन्जसम्म पुर्याउन मद्दत गर्छ भने केहि ग्याँस ग्याँसभेन, ग्याँस रेलेटिङ्ग साईड अफ पोष्ट, ग्याँस नोजल होलको बाटो हुँदै ग्याँस सिलिण्डरतर्फआउछ । यति नै ग्याँस सिलीण्डमा आउछ भन्न सकिदैन ताकि ग्याँस रेगुलेटर इण्डिकेटिङ्ग मार्क फिट गर्नमा भर पर्दछ ग्याँस सिलिण्डरमा आएको ग्याँसले पिस्टन हेडमा दवाव दिन्छ पिस्टन पछाडी हट्न शुरु गर्छ भने केहि ग्याँस, ग्याँस फलिङ्ग होल र स्केप होलको बाटो हुँदै बाहिर जान्छ । पिस्टन पछाडी हट्ने क्रममा पिस्टन वेण्ड र फायरिङ्ग पिन रिटनको मिलाप छुट्छ अथवा बृजब्लक सोल्डर बढी रेसेस बाट छुटी पिस्टनको समान्तर मा आउछ । यसलाई भनिन्छ अनलकचालवाला पुर्जा पछाडी हट्न शुरु गर्छ । यति खेर बृजब्लकमा भएको एकेस्टेक्टरको काम छ फायर भएको खोकालाई मुखमा च्यापी पछाडी ल्याउनु यसलाई भनिन्छ एक्सट्रेक्ट यहाँसम्म ल्याउछकी जव सम्म बाटोमार् इजेक्टर फेला पर्दैन इजेक्टर फेला पर्नासाथ इजेक्टरको काम छ फायर भएको खोकालाई इजेक्शन वे को वाटो हुँदै जमिन तर्फफालिदिनु यसलाई भनिन्छ इजेक्ट । चालवाला पुर्जा पछाडी हटिनै रहन्छ जब बृजब्लक म्याग्जिन भन्दा पछाडी पुग्छ बृजब्लकले दबाई रहेको पहिलो वाला राउण्ड म्याग्जिनस्प्रिङ्गको सहायताले माथि उठी फिटपिसको सिधाईमा आउदछ यसैलाई भनिन्छ फिड । चाल वाला पुर्जा आफ्नो हर्कत पुरागर्न पछाडी हटिनै रहन्छ याहा सम्म हटदछकी जवसम्म बफर प्लेटमा ठक्कर खादैन र रिक्वालिङ्ग स्प्रिङ्ग पुरारुपले खुम्चीदैन । यसरी गनको पछाडी चाल यहि आएर पुरा हुन्छ । यो चार एक्सनमा पुरा हुन्छ ।

१. अनलक २ . एक्सट्रेक्ट ३. इजेक्ट ४ . फिड

एल.एम.जी.को अगाडिको चाल :- चाल सिकाउनु भन्दा पहिला चाल गर्ने किला पुर्जाको नाम :-
(भरेको म्याग्जिन, ककीङ्ग हेण्डल, चेन्ज लिभर) रेडी एल.एम.जी.ट्रेगर, शेरको नोख, ककिङ्ग बेण्न, बृजब्लकमा भएको फिडपिस, म्याग्जिनमा भएको पहिलोवाला राउण्ड, बुलेट गाईड, चेम्वर, बृजब्लक सोल्डर, वडि रेसेस, पिस्टन बेण्ड, फाईरिङ्ग पिन रिटन, फायरिङ्ग पिन होल, फायरिङ्ग पिन, गोलिको प्रक्युशन क्याप -पिन्धी) ।

गनको अगाडीको चाल :- जब पनि चालवाला पुर्जा बफर प्लेटमा ठक्कर खान्छ भने रिक्वालिङ्ग स्प्रिङ्गको तागतले र रिटार्निङ्ग रडको सहायताले चालवाला पुर्जा अगाडी बढ्न शुरु गर्छ । यतिवेला बिच बाटोमा शेरको नोख उठेर बसेको हुन्छ शेरको नोख र ककिङ्ग वेण्डको मिलाप हुन्छ चालवाला पुर्जा पछार्डर्ीीोकिन्छ यसलाई भनिन्छ कक यति बेला फायररले रेडि गनमा ट्रेगर दवाउछ भने शेरको नोख र ककिङ्ग बेण्नको मिलाप छुट्छ । चालवाला पुर्जा अगाडी बढ्न शुरु गर्दछ । यतिवेला बृजब्लकमा भएको फिड पिसको काम छ म्याग्जिनमा भएको पहिलोवाला राउण्डलाई अगाडी धकेलेर लैजानु र बुलेट गाईडको सहायताले चेम्बरमा दाखिला गरिदिनु यसलाई भनिन्छ लोडयतिवेला बृजब्लकको हर्कत पुरा हुन्छ पिस्टनको हर्कत १२.७ मि.मि.बाँकी नै रहन्छ यसलाई भनिन्छ सेफ्टी मेकानिजम । पिस्टन आफ्नो हर्कत पुरा गर्न केहि अगाडी बढ्छ । यतिवेला फायरिङ्ग पिन रिटन र पिस्टन वेण्डको मिलाप हुन्छ अथवा

बृजब्लक सोल्डर बढी रेसेसमा गएर मिल्दछ भने यसलाई भनिन्छ लकयतिवेला पिस्टन वेण्डले फायरिङ्ग पिन रिटर्नमा चोट मार्दछ, फायरिङ्ग पिन आफ्नो होलवाट बाहिर निस्की गोलिको प्रक्यूशन क्यापमा -पिन्धी) चोट मार्छ गोली फायर हुन्छ यसलाई भनिन्छ फायरगनको अगाडीको चाल यहि आएर पुरा हुन्छ । यो पनि पछाडीको चाल जस्तै चार एक्सनमा पुरा हुन्छ ।

१. कक २. लोड ३. लक ४ फायर

(१) अनलकः- पिस्टन पछाडी हट्ने क्रममा पिस्टन वेण्ड र फायरिङ्ग पिन रिटनको मिलाप छुट्छ अथवा बृजब्लक सोल्डर बढी रेसेस बाट छुटी पिस्टनको समान्तर मा आउछ यसल्ाई भनिन्छ अनलक ।

(२) एकेश :- बृजब्लकमा भएको एक्स्टेक्टरको काम छ फायर भएको खोकालाई मुखमा च्यापी पछाडी ल्याउनु यसलाई भनिन्छ एक्स्टेक्टर ।

(३) इजेक्टर :- इजेक्टरको काम छ फायर भएको खोकालाईर् इजेक्शन वे को वाटो हुँदै जमिन तर्फफालिदिनु यसलाई भनिन्छर् इजेक्ट ।

(४) फीड :- चालवाला पुर्जा पछाडी हटिनै रहन्छ जब बृजब्लक म्याग्जिन भन्दा पछाडी पुग्छ बृजब्लकले दबाई रहेको पहिलो वाला राउण्ड म्याग्जिनस्प्रिङ्गको सहायताले फिटपिसको सिधाईमा आउदछ यसैलाई भनिन्छ फिड ।

(५) कक :- चालवालापुर्जा अगाडी आउनेक्रममा बिच बाटोमा शेरको नोख उठेर बसेको हुन्छ शेरको नोख र ककिङ्ग वेण्डको मिलाप हुन्छ चालवाला पुर्जा पछाडी रोकिन्छ यसलाई भनिन्छ कक ।

(६) लोड :- राउण्डलाई बुलेट गाईडको सहायताले चेम्वरमा दाखिला गरिदिनु यसलाई भनिन्छ लोड

(७) लक :- फायरिङ्ग पिन रिटन र पिस्टन वेण्डको मिलाप हुन्छ अथवा बृजब्लक सोल्डर बढी रेसेसमा गएर मिल्दछ वृजबल्क पिस्टनको असमान्तर हुन्छ भने यसलाई भनिन्छ लक ।

(८) फायर :- पिस्टन वेण्डले फायरिङ्ग पिन रिटर्नमा चोट मार्दछ, फायरिङ्ग पिन आफ्नो होलवाट बाहिर निस्की गोलिको प्रक्युशन क्यापमा चोट मार्छ गोली फायर हुन्छ यसलाई भनिन्छ फायर

तर्तिब नं. २. रोक र रोकलाई हटाउने तरिका :-

सम्झनुहोस् यस गनमा २ किसिमको रोक पर्दछ ।

१. तुरुन्त हटाउन सकिने रोक
२. तुरुन्त हटाउन नसकिने रोक

अब म तपाईहरुलाई सिकाउछु तुरुन्त हटाउन सकिने रोक

सम्झनुहोस् तुरुन्त हटाउन सकिने रोक ४ किसिमका हुन्छन् ।

१. अन फिट म्याग्जिन
२. खाली म्याग्जिन
३. मिस फायर
४. बडीमा लत्रेको राउण्ड

तुरुन्त हटाउन सकिने रोक सबै भन्दा पहिला

(क) अन फिट म्याग्जिन :- सम्झनुहोस् फायररले फाईरिङ्गको दौरानमा शुरुमै फायर हुदैन भने कार्वाही यस मुताविक गर्नु कि सबै भन्दा पहिला स्टोपेज पर्ुकानु चोरी औलालाई ट्रेगरबाट बाहिर निकाल्ने, चेन्ज लिभरलाई क् पोजिसनमा लैजाने दाहिना हातले म्याग्जिन क्याँच दवाउदै म्याग्जिन उतार्नु यतिवेला म्याग्जिन क्याँच नदवाउदै म्याग्जिन हातमा आउछ ककगर्ने राउण्ड भूइमा झदैन चेम्वरमा हेर्नु राउण्ड छैन म्याग्जिनमा हर्नु राउण्ड छ भने भएछ रोक अन फिट म्याग्जिन सो म्याग्जिनलाई (फिट) वा अलग गर्नु अर्को म्याग्जिन जोडी कक गरी फायर जारी राख्नु ।

(ख) मिस फायर :- गनले ठिक फायर गर्छ ठिक फायर गर्छ २/४ राउण्ड पछि रोकिन्छ भने सुरक्षा सम्बन्धी कार्वाही उसै मुताविक गर्नु सबै भन्दा पहिला स्टोपेज पुकार्नु, ट्रेगरबाट चोरी औला बाहिर निकाल्नु चेन्ज लिभरलाई क् पोजिशनमा राख्नु दाहिना हातले म्याग्जिन क्याँच दवाउदै म्याग्जिन उतार्नु म्याग्जिनमा हेर्नु राउण्ड छ कक गर्नु एक राउण्ड भुईमा झ्रदछ । राउण्डको पिन्धीमा हेर्नु पिन्धीमा चोट मारेको छ । भएछ रोक मिस फायर उक्त रोकलाई हटाउन राउण्डलाई अलग गर्नु पुनः भरेको म्याग्जिन जोडी चटक्क साथ कक गरि चेन्ज लिभरलाई ब् अथवा च् पोजिशनमा लगाई फायर जारी राख्नु ।

(ग) वडिमा लत्रेको राउण्ड :- गनले ठिक फायर गर्छ ठिक फायर गर्छ २/४ राउण्ड पछि रोकिन्छ । सुरक्षा सम्बन्धी कार्वाही पहिले जस्तै सबै भन्दा पहिला स्टोपेज पुकार्नु, ट्रेगरबाट कलमी औला बाहिर निकाल्नु चेन्ज लिभरलाई क् पोजिशनमा राख्नु दाहिना हातले म्याग्जिन क्याँच दवाउदै म्याग्जिन उतार्नु, म्याग्जिनमा हेर्नु, राउण्ड छ । कक गर्नु २ वटा राउण्ड भुईमा खस्छ भएछ रोक वडिमा लत्रेको राउण्ड उक्त राउण्डलाई पुन : सफाई गरी म्याग्जिनमा भर्नु यदि समय छैन भने भरेको म्याग्जिनलाई जोडी कक गरि फायर जारी राख्नु ।

(घ) खाली म्याग्जिन :- सम्झनुहोस् फाईरिङ्गको दौरानमा गनले ठिक फायर गर्छ । ठिक फायर गर्छ २/४ राउण्ड पछि रोक्छ भने सुरक्षा सम्बन्धी कार्वाही माथिकै मुताविक गर्नु, सबै भन्दा पहिला स्टोपेज पुकार्नु ट्रेगरबाट चोरी औल्ला बाहिर निकाल्नु दाहिना हातले म्याग्जिन क्याँचलाई दवाउदै म्याग्जिन उतार्नु म्याग्जिनमा हेर्नु, म्याग्जिनमा राउण्ड छैन कक गर्नु ,चेम्बरमा हेर्नु चेम्वर किलियर छ । भएछ रोक खाली म्याग्जिन यस रोकलाई हटाउनको लागि खाली म्याग्जिनलाई अलग गरी पुन भरेको म्याग्जिन जोडी कक गरी चेन्ज लिभरलाई च् अथवा ब् पोजिशनमा लिई फायर जारी राख्नु ।

तुरुन्त हटाउन नसकिने रोक :- सम्झनुहोस् तुरुन्त हटाउन नसकिने रोकमा पनि चार किसिमको रोकहरु पर्दछन् ।

(क) ग्याँसको कमी (ख) सक्त खिचाउ

(ग) चेम्बरमा काटिएको केश (घ) अन्य किला पुर्जा भाँचिनु ।

(क) ग्याँसको कमी :- एल.एम.जी.ले फायर गर्छ तर बारम्वार कक गर्नुपर्दछ खोकाफाल्दैन भने सबै भन्दा पहिला सुरक्षा सम्बन्धी कार्वाही पहिलेको जस्तै गर्नु सबै भन्दा पहिला स्टोपेज पुकार्नु, ट्रेगरबाट कलमी औला बाहिर निकाल्नु चेन्ज लिभरलाई क् पोजिशनमा राख्नु दाहिना हातले म्याग्जिन क्याँच दवाउदै म्याग्जिन उतार्नु म्याग्जिनमा हेर्नु राउण्ड छ, कक गरि चेम्बरमा हेर्नु, यतिवेला एउटा खोका जमिनमा खस्दछ । भएछ रोक ग्याँसको कमी, यस रोकलाई हटाउन दाँहीने हातको हरथुङ्गाको भागले ब्यारल नटक्याँचमा हान्नु

गनको बाँया पट्टी केहि अगाडी र्सनु, गनलाई दाहिना तर्फढल्काउनु, यतिबेला दाहीने खुट्टा स्मल अफदी बटमा चढाँउनु, दाहिने हातको बुढी औलाले व्यारल नट क्याँचलाई उठाउनु र चोरी औलाले क्यारी हेण्डलको प्वाल भित्र छिर्राई विस्तारै अगाडि तर्फधकेल्ने र वाँया हातले ग्याँस कि को सहायताले ग्याँस रेगुलेटरलाई घुमाई थोरै अङ्कमा भए धेरै अंकमा लगाईदिनु पुनः व्यारललाई जोडी पहिलेकै पोजिशनमा आएर फायर जारी राख्नु ।

(ख) सक्त खिचाउ :-एल.एम.जी.ले ठिक फायर गर्छ २/४ राउण्ड पछि रोकिन्छ सुरक्षा सम्बन्धी कार्वाही पहिलेकै जस्तै गर्नु सबै भन्दा पहिला स्टोपेज पुकार्नु, ट्रेगरबाट कलमी औला बाहिर निकाल्नु चेन्ज लिभरलाई क् पोजिशनमा राख्नु दाहिना हातले म्याग्जिन क्याँच दवाउदै म्याग्जिन उतार्नु म्याग्जिनमा हेर्नु राउण्ड छ, कक गर्नु कक हुँदैन । भएछ रोक सक्त खिचाउ यस रोकलाई हटाउन आफु सिटिङ्ग पोजिसनमा गई दाहिना गोडा पेस्तोनग्रिपमा र बाँया गोडा बट प्लेटमा साहार दिनु सिटिकडी वा सिलिङ्ग, टोपी, डोरीहरु ककिङ्ग पिसमा अड्काई जोडसंग पछाडी तर्फतान्नु कक हुन्छ पुनः पोजिशनमा गएर भरेको म्याग्जिन जोडी फायर जारी राख्नु । -खडा भई गनलाई ४५० को एङ्गलमा बनाई बाँया गोडाले ककिङ्ग पिस उठाईककीङ्ग हेण्डलमा राखी तलतर्फ प्रेस गर्ने,यति बेला वाँया हातले क्यारी हेण्डलमा समाएको हुनु पर्दछ ।

(ग) चेम्बरमा काटेको केस :- एल.एम.जी.ले ठिक फायर गर्छ २/४ राउण्ड पछि रोकिन्छ सुरक्षा सम्बन्धी कार्वाही पहिलेकै जस्तै गर्नु सबै भन्दा पहिला स्टोपेज पुकार्नु, ट्रेगरबाट कलमी औला बाहिर निकाल्नु चेन्ज लिभरलाई क् पोजिशनमा राख्नु दाहिना हातले म्याग्जिन क्याँच दवाउदै म्याग्जिन उतार्नु म्याग्जिनमा हेर्नु राउण्ड छ, तर कक गर्नु, र चेम्बरमा हर्ेर्ने काटिएको केश छ । यो रोकलाई क्लियरिङ्ग प्लगको सहायताबाट हटाउन सकिन्छ । त्यसैले क्लियरीङ्ग प्लगलाई दुवै हातको सहायताले चेम्बरमा राख्रे चालवाला पुर्जा अगाडि छोडिदिने । जव सम्म खोका बाहिर आउदैन तबसम्म चालवाला पुर्जा अगाडि पछाडि गरिरहने । काटिएको केश निस्किसकेपछि भरेको म्याग्जिन लोड गरि फायरको लागि जारी राख्रे । क्लियरीङ्ग प्लगलाई प्रयोग गर्दा क्लियरिङ्ग प्लग पुरा कसिएको हुनु पर्दछ ।

(घ) अन्य किलापुर्जा भाँचिनु :- अन्य किला पुर्जा भाँचिनु भन्नाले जस्तै फायरिङ्ग पिन भाँचिनु, ग्याँस लकिङ्ग सुटवार भाँचिनु, रिटार्निङ्ग रड भाँचिनु, आदि किला पुर्जाहरु भाँचिनु । यि किला पुर्जा भाँचिएमा आर्मोर कहाँ अथवा आस्नलमा लगि बनाउनु पर्दछ ।

नोट :- यस एल.एम.जी.मा ब्लो व्याँक बाट बच्नको लागी लक र अनलग को प्रवन्ध गरीएको छ ।

१. मिनतवर २ . मोटामोटी ३. प्रश्न उत्तर

एल.एम.जि. लेशन - ५

शुरुको काम : जवान हतियारको निरीक्षण ग्रुपको बाँडफाँड ।

दोहोर्याई :- भर्नु र खाली गर्नुबाट लिने ।

उद्देश्यः- एल.एम.जी.बाट शुरुशुरुको फायर,फायर गर्नु भन्दा अगाडिको सफाई र फायर गरिसकेपछिको सफाई गर्ने तरिका सिकाउनु हो । २

सामानः - एल.एम.जी. म्याग्जिन, ड्रिलराउण्ड,बालराउण्ड, युटिलिटी पौच, होल्ड अल, ग्याँस कि, रड ,पुल्थ्रो,पानी तताउने भाडा, कलासको दाहिना २५ गजटाढा १/१ तार्गेट २ वटा गाडिएको र बन्दोवस्तीमा ग्राउण्डसीट विच्छ्याएको र सबै कलास वैपन ड्रेसमा हुनुपर्दछ ।

बयान :- सम्झनुहोस् एल.एम.जी.लाई सफा र हिफाजत साथ राखेको छ र ग्याँस इन्डिकेटेड मार्क ठिक ठाउँमा फिट गरिएको छ भने , रोक कमै मात्रमा पर्दछ । त्यसैले हरेक -जवान) व्यक्तीले फायरीङ्गको समयमा तीन सिद्धान्तलाई ध्यान राखी फायर गर्छ भने म्याग्जिनमा भएको पहिलो राउण्डले नै तार्गेटको एइब् मा हिट गर्दछ । त्यसैले एल.एम.जी.बाट शुरुशुरुको फायर,फायर गर्नुभन्दा अगाडिको सफाई र फायर गरिसकेपछिको सफाई गर्ने तरिका जानेको छ भने परेको वेलामा दुरुस्तीका साथ काम हासील गर्न सकिन्छ । पाठ तर्तिवार सबैभन्दा पहिला .....।

तर्तिब नं.१ फायर गर्नु भन्दा अगाडिको सफाई :- सम्झनुहोस् फायरिङ्ग रेन्जमा जानु अगाडि अथवा फायरिङ्ग रेन्जमा गई सकेपछि फायर गर्नु भन्दा अगाडि एल.एम.जी.लाई सफा गर्नु पर्दछ र यो सफाई गर्दा पहिला लगाएको तेललाई सुख्खा टल्लीले पुछेर पुनः चाल गर्ने किला पुर्जामा हल्का तेल लगाई गनलाई फायरको लागि तयार गरिन्छ । यदि गनलाई सफा नगरी फायर गरेमा गनमा रोक पर्ने र तेलको छिट्टाहरु फाययरको आखाँमा पर्ने र मोजल भ्यालोसिटी बढ्ने सम्भावना बढि हुन्छ । जसले गर्दा फाययरले सही फायर नतिजा हासिल गर्न सक्दैन ।

तर्तिव नं.२ शुरुशुरुको फायर को अभ्यास :- यो फायर शुरु शूरुका सैन्य जवान तथा अधिकृत क्यारेटहरुलाई २५ गज को रेन्जमा गराइन्छ । यसमा दुईवटा १/१ तार्गेटहरु गाडिएको हुन्छ । यो अभ्यास सिङ्गल र्सट र ब्रस्ट फायरबाट गराइन्छ । यस फायरमा फाययरलाई ११ राउण्ड दिइन्छ । दुई वटा राउण्ड व्यारल तताउनको लागि हवाई फायर गर्राईन्छ र अरु ९ वटा राउण्ड तीन राउण्ड को दर ले वायाँ वाला तार्गेटमा सिङ्गल र्सट फायर गर्राईन्छ । यति बेला शुरुको फायरमा २.५ से.मि.को ग्रुपिङ्ग भएमा राम्रो फाययर मानिन्छ । २.५ से.मि. को ग्ुपिङ्ग गराउन नसकेमा पुनः उसलाई २ पटक सम्म अभ्यास गराइन्छ । यसपछि पनि गुपिङ्ग गराउन सकेन भने पुनः तालीमको जरुरत पर्दछ । ब्रष्टफायर मा ९ राउण्ड दिईन्छ । र ३, ३, राउण्डको दर ले दाहिना वाला तार्गेटमा ब्रष्ट फायर गर्राईन्छ । यती बेला फाययरले शुरुको ३ राउण्ड मै ७.५ से.मि. को गुपिङ्ग भएमा राम्रो फाययर मानिन्छ । ७.५ से.मि.को गुरपिङ्ग गराउन नसकेमा पुनः उसलाई २ पटक सम्म अभ्यास गर्राईन्छ । यसपछि पनि भएन भने सिस्ताको काईदा देखि सिकाईन्छ । वा पुनः तालिमको जरुरत पर्दछ ।

तर्तिव नं. ३ फायर पछाडिको सफाई गर्ने तरिका :- यो सफाई एक जना दुई जना अथवा तीन जनाको मद्दतले गर्न सकिन्छ । यदि एक जनाले सफा गर्नु परेमा क्यारी हेण्डल उठाईकुनै हाँगामा अड्याएर वा रुखमा बाँधेर पुल्थ्रो हाली सफा गर्न सकिन्छ । २ जनाको सहायताले सफा गर्दा १ जनाले व्यारल समाउने र अर्कोले पुल्थ्रो हाली सफा गर्ने । ३ जनालेे सफा गर्दा एक व्यक्तिले ब्यारल लाई ढाँडमा राखी दुबै हातको कुहीनाले अड्याउने र दुई जनाले डवल पुल्थ्रो हालेर मोही पारे जसरी सफा गर्न सकिन्छ ।

यदी तातो व्यारल सफा गर्नु परेमा मण्डीले वा कुनै बाक्लो कपडाले व्यारल लाई लपटेर र एक जनाले टेबुल वा अग्लो जमिनमा थिच्ने र दुई जनाले पुल्थो हालेर मही पारे जसरी सफा गरीन्छ । यस्तै ग्याँस रेगुलेटर ग्याँस सिलिण्डरमा सफा गर्दा विश्ोष जोड दिनु पर्छ, यस अवस्थामा काँचो काठको प्रयोग गर्ने । यदि राम्रो सँग सफा नभएमा तातो पानी प्रयोग गरेर सफा गर्न सकिन्छ । सफा गरिसकेपछि आर्मरलाई देखाएर पास भईसकेपछि मात्र स्थान विश्ोषको तेल लगाएर हतियारलाई जोडनु पर्दछ । जोडीसकेपछि हतियारलाई निरीक्षण गर्नुपर्दछ ।

संक्षेप १. मिनतवर २ . मोटामोटी ३ . प्रश्न उत्तर

एल.एम.जि.लेशन - ६

शुरुको काम :- जवान हतियारको निरीक्षण र गुरपको बाँडफाँड ।

दोहोर्याई :- एल.एम.जी.मा भर्नु र खाली गर्नुवाट लिने ।

उदेश्य :- एक्सनमा एल.एम.जी.लाई ह्याण्डिलिङ्ग गर्नेको तरिका सिकाउनु हो । २

सामान :- एल.एम.जी.म्याग्जिन, ड्रिल राउण्ड, बाल राउण्ड,ग्याँस कि,युटिलिटी पौच, होल्ड अल, क्लासको दाहिना २५ गजटाढा १/१ तार्गेट गाडिएको, बन्दोवस्तीमा ग्राउण्डसीट विच्छ्याईएको र सवै कलास वैपन ड्रेरसमा भएको हुनु पर्दछ ।

वयान :- सम्झनुहोस् लर्डाईको समयमा एकै किसिमको ठाँउ पाईन्छ भन्न सकिदैन । त्यसैले हरेक जवानले गनलाई एक्लै वा टीम तवरमा ह्याण्डलिङ्ग गर्न जानेको हुनुपर्दछ । यदि जानेको छ भने परेको वेलामा दुरुस्तीका साथ काम हासील गर्न सकिन्छ । पाठ तर्तिवार सबैभन्दा पहिला.....।

तर्तिव नं. १ आडको प्रयोग गर्दै फायरीङ्ग पोजिशन चुन्ने तरिका :-

सम्झनुहोस लर्डाईको समयमा एकै किसिमको आड नमिल्न सक्छ अग्लो आड, भिरालो आड, -ढलान आड) गोलो आड मिल्न सक्छ । त्यसैले हामीले सबै किसिमका आडमा फायरिङ्ग पोजिशन छनौट गर्न जानेको हुनु पर्दछ ।

१) अग्लो आड :- सम्झनुहोस फौज एड्भान्स भई रहेको समयमा दुश्मनको असरदार फायर आएमा सबै भन्दा पहिला रन, ड्यास, डाउन, क्राउल अव्जर गर्दै ४ देखी ४,½ फिट को आडसम्म पुग्नु र स्ट्याण्डिङ्ग पोजिशन तयार गरि अव्जर गरी साइट उठाईफायर गर्ने । आड अनुसारको पोजिशनमा गई गनको वाईपट टेकाउन मिल्छ भने वाइपट टेकाउने यदि मिल्दैन भने बाइपटलाई फोल्ड गरि फायर गर्ने ।

२) भिरालो आड (ढलान आड) :- सम्झनुहोस फौज एड्भान्स भई रहेको समयमा दुश्मनको असरदार फायर आएमा सबै भन्दा पहिला रन, ड्यास, डाउन, क्राउल अव्जर गर्दै हाम्रो अगाडी १ देखी १ ½ फिट सम्मको भिरालो आड छ भने आड सम्म जाने यस्तो अवस्थामा सके सम्म ल्याङ्ग पोजिशनको प्रयोग गर्नु पर्छ यति

बेला आफ्नो पोजिशन सानो भन्दा सानो बनाउनु पर्छ । फायर गर्दा वाइपटलाई गाडेर वा वाइपट सुज लाई उठाएर जमिनी सतह संग मिलाउनु पर्दछ र अव्जर गरी साईड उठाईफायर जारी राखु पर्दछ ।

३) गोलो आड :- सम्झनुहोस फौज एड्भान्स भई रहेको समयमा दुश्मनको असरदार फायर आएमा सबै भन्दा पहिला रन, ड्यास, डाउन, क्राउल अव्जर गर्दै गोलो आड मिल्छ भने आड सम्म जाने गोलो आड भन्नाले २ देखी २,½ फिटसम्म को ढुङ्गा काठको मुडा तथा काठको ठुटालाई वुझाउँछ । आडमा गैसके पछि आफ्नो पोजिशन सानो भन्दा सानो वनाई आड हेरि हतियारलाई आडको दाहिना साइट गर्ने हतियारलाई आडको दाहिना साइट गर्न नमिलेमा हतियारको वाईपट फोल्ड गरी आड माथि राख्ने र दुश्मनलाई हेरी साइट उठाईनिलिङ्ग पोजिशन बाट फायर गर्ने ।

फायरीङ्ग पोजिशन छनौट गर्दा ध्यान दिनु पर्ने कुराहरु :-

(क) टिक्रीक्क परेको आड नहोस् । (ख) फिल्ड अफ फायर सफा होस् ।
(ग) अल्टरनेटिभ पोजिशन चुनिएको होस् । (घ) आउने जाने बाटो छुपाउ होस् ।
(ङ) महशुर निशाना को नजिक नहोस । (च) क्यारी हेण्डल उठेकोछ भने बैठाइ दिने
(छ) ककिङ्ग हेण्डल चलाउन सजिलो होस । (ज) नजरीया आड नहोस् गोलीको आड होस् ।
(ज) आउने जाने बाटो छुपाउहोस् । (झ) इजेक्सन वे को बाटो खुला होस् हतियार चलाउन सजिलोहोस् ।

तर्तिव नं. २ एल.एम.जी.लाई एक्लै वा २ जना को साहायताले हृयाण्डीलिङ्ग गर्ने तरीका

१) एक जनाको सहायताले एल.एम.जी.लाई हृयाण्डलिङ्ग गर्ने तरिका :- सबै भन्दा पहिला आदेश हुन्छ । आफ्नो सामान निरिक्षण गर, यतिवेला गन १ ले आफ्नो सम्पर्ूण्ा समान निरिक्षण गरी एस्ट्रा ब्यारल गोली गठ्ठा सबै हेरी भिर्छ र निलिङ्ग पाजिशनमा गई गन निरिक्षण गर्दछ । अनि गन मेकसेफ गरी दाहिना हातले क्यारी हृयाण्डल समाई वायाँ हात खडा गरी गन मेकसेफ, हर्कतको लागि तयार छ भनी पुकार्छ । पूनः आदेश आउँछ "एडभान्स" आदेशमा उक्त व्यक्ति अगाडि बढ्दछ एड्भान्सको समयमा दुश्मनको अचानक फायर आएमा रन ड्यास, डाउन क्राउल अव्जर गरि भेटिएको आड सम्म पुग्नु पर्दछ । यतिवेला गनको वाईपटलाई फोल्ड गरी वायाँ हातले तलबाट दुई हिस्सा पारी समाउने र दाहिना हातले तलबाट स्माल आफदि बटमा समाउने यस अवस्थामा गनको म्याग्जिन अगाडि तर्फहुनु पर्दछ । अगाडि बढर््दा पहिलो अपमा दुवै हाततन्काएर गनलाई अगाडि बढाउनु र दोश्रो अपमा दुवै हातको कुहिना र खुट्टाको पञ्जाको सहायताले पुरै शरिरलाई एकसाथ अगाडि लैजानु वा वाया हातले वाईपट फोल्डगरी क्यारीहृयाण्डल सहित २ हिस्सापारी तलबाट समाउनु दाहिना हातले स्मालअफदी बटमा माथी बाट २ हिस्सापारी समाउनु यतीबेला अगाडी बढ्दा जुनहात अगाडी लगीन्छ त्यसैगोडालाई खुम्चाउने यसरी आडमा पुगी सकेपछि अब्जर गरेर दुश्मनको पोजिशन हेरी साइट उठाईकक गरी फायर गर्ने । आडमा जाँदा सकेसम्म अल्टरनेटिभ पोजिशन चुनेको हुनुपर्दछ ।

२) टीम तवरमा अथवा दुई जनाको सहयाताले एल.एम.जी.लाई हृयाण्डलीङ्ग गर्ने तरिका :- यसमा पनि आदेश हुन्छ आ-आफ्नो सामान निरिक्षण गर भन्ने आदेशमा नं. १ ले गन निरिक्षण गर्दछ र नं. २ ले आफ्नो

पर्सनल हतिया एम्युनेसन चेक गर्दछ । साथै गनको व्यारल पनि चेक गर्दछ नं. १ र २ ले आ-आफ्नो सामान निरिक्षण गरि सकेपछि हतियारलाई मेकसेफ गर्दछन् र नं. १ ले युटिलिटि पौच भिर्दछ भने नं. २ ले जगेडा व्यारल स्पेयर पार्टसको झोला वोकी दुवै जनाले हात खडा गरेर वस्दछन् । यस समयमा आदेश हुन्छ रिर्पोटको आदेशमा नं. २ ले भन्दछ २ को सम्पूर्ण सामान ठीक छ भनि नं. १ लाई रिपोर्ट गर्नेर् नं. १ ले नं. १ गन मेकसेफ हर्कतको लागि तयार छ भन्दछ । यतिवेला फेरी आदेश हुन्छ लाईनअफ एड्भान्सको आदेशमा दुवै जना तोकिएको स्थानमा जानको लागि अगाडि बढ्दछ । यसरी एड्भान्स भई रहेको समयमा दुश्मनको फायर आएमा दुवै जना रन, ड्यास, डाउन, क्राउल अव्जर गर्दछ । त्यतिवेला भेटिएको आड सम्म पुग्दा सम्म नं. २ ले राईफल भिर्दछ र गन लैजानको लागि नं. २ वायाँ केही अगाडि रहेर -दाहिना हातले वाइपट फोल्ड गरि तलबाट २ हिस्सा पारी समाउनु नं. १ ले वायाँ हातले स्मल अफदी बटमा तलबाट २ हिस्सा पारी समाउनु र अप अप मा अगाडि बढ्ने) वाइपटको बायाँ लेगमा समात्दछ भने नं. १ ले दाहिना पट्ट िरहेर वायाँ हातले पेस्तोनग्रिपमा समाती गनलाई अप अपको आदेशमा एकचोटी गनलाई मात्रै अगाडि सर्दछन् । भने अर्को अपमा आफ्नो शरिरलाई अगाडि सर्दछन् त्यति वेला नं. २ को वायाँ हात खुल्ला हुन्छ । भने नं. १ को दाहिना हात खुल्ला हुन्छ र ब्यारल अगाडि फर्केको हुनु पर्दछ । यसरी आडमा पुगि सकेपछि साइट उठाईदुवै जनाले आ-आफ्नो हतियारबाट कक गरी फायर गर्नु पर्दछ । यो समयमा नं. २ को काम :-

१. म्याग्जिनमा राउण्ड भर्ने
२. ब्यारल बदली गर्ने

३. म्याग्जिनमा राउण्ड सकिएमा नं. १ ले म्याग्जिन उतारी हतियारको तलबाट वायाँ तर्फदिने र नं.२ ले भरेको म्याग्जिन जोडी दिने ।
४. फायर करेक्सन गर्ने ।
५. गनमा परेको रोक हटाउने ।
६. आवश्यक परेमा गन बाट फायर समेत गर्ने ।

व्यारल बदल्दा निम्न कुराहरुमा ध्यान दिनु पर्दछ :-
(क) सुकेको झारपात र कागजहरु भएको ठाउँमा नराख्रे ।
(ख) टुटिफुटी जमिनमा नराखी समानान्तर पारी राख्रे ।
(ग) धेरै चिसो ठाउँमा पनि नराख्रे ।
(घ) आफ्नो पोजिशन नजिक नराख्रे ।
(ङ) १० म्याग्जिन फायर गरि सकेपछि ब्यारल बदली गर्ने

दोश्रो ब्यारल जोड्दा ध्यान दिनु पर्ने कुराहरु :-

(क) ग्याँस रेगुलेटर २ मा फिट भएको हुनु पर्दछ ।
(ख) क्यारी हेण्डल बैठाईदिने ।
(ग) व्यारल नट क्याँच राम्रो संग लगाउने ।

(घ) ग्याँस लकिङ्ग सटवार लाई ध्यान दिने ।

यो समयमा अल्टरनेटिम पोजिशन छनौट गरेको हुनुपर्दछ । यदि दुश्मनले आफ्नो पोजिशन पत्ता लगायो भने वा दुश्मनको फायर पावर बढि भएमा त्यो ठाउँबाट अर्को ठाउँमा जानको लागि हतियारलाई मेकसेफ गरी ब्यारललाई त्यही दिशा तर्फपार्दै दाहिने हातले क्यारीहृयाण्डल समाएर पछाडी फर्किएर अर्को पोजिशनमा जाने वा यदि दुश्मनले देखेको छ भने मुभ ब्यागको कार्वाही गर्दै एक पटक नं. २ व्याँक हुने र फायर सर्पोट दिने र अर्को मुभमा नं. १ नं. २ भन्दा पछाडि ब्याग भई जाने क्रमशः यसै गर्दै आफ्नो स्थानमा जाने कार्वाही गर्ने यतिबेला नं. २ वायाँ हुनु पर्दछ ।

संक्षेप

१. मिनतवर
२. मोटामोटी
३. प्रश्न उत्तर

एल.एम.जि.लेशन - ७

शुरुको काम :- जवान हतियारको निरिक्षण र ग्रुपको बाँडफाँड ।

दोहोर्याई :- एल.एम.जी.हृयाण्डिलीङ्ग गर्ने तरीका बाट लिने ।

उद्देश्य :- मुडभेट को लर्डाईमा एल.एम.जी.बाट फायर गर्ने तरिका सिकाउनु हो । २

सामान :- एल.एम.जी.म्याग्जिन, जगेडा ब्याँरल, ग्याँस कि, ड्रिल राउण्ड, बाल राउण्ड, यूटिलिटी, पौंच, होल्ड अल, नं. २ को लागि राईफल, क्लासको दाहिना २५ गजटाढा १/१ तार्गेट गाडिएको बन्दोवस्तीमा ग्राउण्ड सिट विछ्याएको सबै कलास वैपन ड्रेसमा हुनु पर्दछ ।

वयान :- सम्झनुहोस् लर्डाईको समयमा एकै दिशाबाट मात्र दुश्मन नआई विभिन्न दिशाबाट आउन सक्छ । त्यसैले समय र जमिनी हालत अनुसार टुटीफुटी जमिन,बाटोको घुम्ती र झाडी जंगलबाट गुथम गुथ्थामा निस्किएको दुस्मनलाई वर्वाद गर्न र घुमी घुमी फायर गर्न जानेको छ भने परेको वेलामा दुरुस्तीका साथ काम हासील गर्न सकिन्छ ।पाठ तर्तिवार सबैभन्दा पहिला .....।

तर्तिव नं. १ एल.एम.जी.लाई लैजानेको तरिका :- यस गनलाई हामीले ३ तरिकाबाट लैजान सकिन्छ ।

१) सिलिङ्ग आर्मस पोजिशन (क) दाहिना सिलिङ्ग आर्मस (ख) वाँया सिलिङ्ग आर्मस)

२) काँध शस्त्र पोजिशन (काँधमा राखेर)

३) लर्का पोजिशन (क्यारीहृयाण्डल समाएर)

१) सिलिङ्ग आर्मस पोजिशनः-

क) दाहिना सिलिङ्ग आर्मस पोजिशन :- लर्डाईको समयमा गनलाई दाहिना सिलीङ्ग आर्मस पोजिशनबाट लैजानु भन्दा पहिला सिलिङ्गलाई आवश्यक अनुसार लामो बनाउनु, वाइपटलाई भाँचेर सिलिङ्ग दाहिना काँधमा भिर्ने र यतिवेला वाइपटमा वायाँ हातले दुई हिस्सा पारी समातिएको र दाहिने हातले पेस्तोनग्रिपमा तीन हिस्सा पारी समातिएको हुन्छ । यो कस्तो अवस्थामा प्रयोग गरिन्छ भने झाडी जंगल, टुटीफुटी जमिन घाँटी र

दुश्मनहुने बढि शंका लाग्दो स्थानमा दाहिना सिलिङ्ग आर्म गरिन्छ । यति बेला तत्कालै फायर गर्नु परेमा बायाँ खुट्टा केही अगाडि खुम्चिएको र दाहिना खुट्टा केही पछाडि तन्किएको बट कुले हड्डीमा सेपिएको हुनु पर्दछ । वा कुनै जङ्गल , झाडी ,खेती इलाकामा हिडनु पर्यो भने बायाँ हातले झाडी जंगल पन्छाउँदै अगाडि बढ्न सकिन्छ र दुश्मन फेला परेमा तुरुन्त हतियार लाई एमगरी सजिलै बर्बाद गर्न पनि सकिन्छ ।

ख) वायाँ सिलिङ्ग आर्मस पोजिशन : यसमा पनिएल.एम.जी.लाई समात्ने तरिका माथिको सो सरह नै हो तर दाहिना सिलिङ्ग आर्मस पोजिशनबाट थाक्यो भने केही सिलिङ्गलाई खोली दिने र वायाँ काँधमा दुई काँघे हुने गरी राख्ने तर गन दाहिना पट्टनै होस् । यति बेला झाडी जंङ्गल आयो भने पनि दुबै हातले हटाउन सकिन्छ । वा एड्भान्स भै रहेको बेला बाटोमा कुनै अव्स्ट्याकल आएमा एल.एम.जी.लाई पछाडी बाट वाया काधमा सिलीङ्ग आर्म गरी अव्स्ट्याकल पार गर्न सकिन्छ , यतिबेला दुबैहात स्वतन्त्र हुन्छ ।

२) काँध शस्त्र पोजिशन :- यो यस्तो अवस्थामा प्रयोग गरिन्छ । जब एल.एम.जी.लाई लिएर टाढा-टाढा रुट मार्च , अप्रेशनमा जानु परेको बेला वा दौडदा, बाँधा पार गर्दा यो पोजिशन प्रयोग गरिन्छ ।

३) लर्का पोजिशनः- यो पोजिशन यस्तो अवस्थामा प्रयोग गरीन्छ । जब एल.एम.जी.लाई कुनै एक ठाउँबाट अर्का ठाउँमा सार्नु परेमा वा छोटो छोटो रेन्जमा लैजानु परेमा क्यारी हेण्डलमा समातेर लैजान सकिन्छ । तर यसरी लैजादा व्याँरल नट क्याँच राम्ररी नलागेमा ग्याँस लकिङ्ग सट वार भाँचिने बढि संभावना हुने भएकोले क्यारी हेण्डलमा समाएर लैजान निषेधीत छ ।

तर्तिव नं. २ मुडभेटको लडाईँमा एल.एम.जी.बाट फायरीङ्ग पोजिशन चुन्नी फायर गर्नेको तरिका :- सम्झनुहोस् मुडभेटको लडाईँमा दुई तरिकाबाट फायरिङ्ग पोजिशन चुन्न सकिन्छ ।

१. बगल पोजिशन २. हिप पोजिशन

१. बगल पोजिशन :- (स्ट्याण्डिङ्गपोजिशन) सम्झनुहोस् यो पोजिशन यदि बाँया सिलिङ्ग आर्म गरेको अवस्थामा अचानक दुश्मन देखा परेमा प्रयोग गरिन्छ । यो पोजिशनमा जाँदा बाँया गोडा केही अगाडी खुम्चीएको दाहिना गोडा पछाडी तन्कीएको वाईपटलाई फोल्ड गरी बाँया हातले २ हिस्सा पारी समात्ने र दाहिना हातले पेस्तोनग्रिपमा ३ हिस्सा पारि समात्ने बट यतिबेला काखी मुखी सेपीएको हुनु पर्दछ । यो पोजिशन टाढा टाढा हतियारको कारागार रेञ्ज भित्र दुश्मन देखा परेमा ४/६ राउण्डको ब्रष्ट फायर गरीन्छ फायर गर्दा गर्दै रोक पर्यो भने सबै भन्दा पहिला वाँया हातले वाईपटको खुट्टा खोलीदिने र चेन्ज लिभर क् पोजिशनमा राख्ने र निलिङ्ग पोजिशनमा गई जुन रोक पर्छ त्यही रोकको कारवाही गरी पुन : पोजिशनमा आई फायरको जारी राख्ने ।

२. हिप पोजिशन :- सम्झनुहोस् यदि दाहिना सिलिङ्ग आर्म गरेको अवस्थामा अचानक दुश्मन देखा परेमा यो पोजिशन तयार गरिन्छ यति बेला बाँया खुट्टा अगाडि खुम्चीएको र दाहिना गोडा पुरा पछाडि तन्कीएको र बाँया हातले वाईपट फोल्ड गरी २ हिस्सा पारी समात्ने र दाहिने हातले पेस्तोनग्रिपमा ३ हिस्सा पारी समात्नु पर्दछ । यति बेला बट कुले हड्डीमा सेपीएको र जति सक्दो सानो पोजिशन भएको हुनु पर्दछ । यतिबेला दुश्मन नजिक भन्दा नजिक गुथम गुथ्थाको रुपमा देखा पर्दछ भने चेन्ज लिभर ब् पोजिशनमा लगी जति सक्दो र्यापिड फायर गर्ने । फायर गर्दा गर्दै रोक पर्यो भने सबै भन्दा पहिला वाँया हातले वाईपटको

खुट्टा खोलीदिने र चेन्ज लिभर क् पोजिशनमा राख्ने र निलिङ्ग पोजिशनमा गई जुन रोक पर्छ त्यही रोकको कार्रवाही गरी पुनः पोजिशनमा आई फायरको जारी राख्ने ।

तर्तिव नं. ३ :- (घुमी घुमी) फायर गर्ने तरिका :- सम्झनुहोस् लर्डाईको समयमा दुश्मन अगाडि बाट मात्र आउँछ भन्न सकिदैन । दाहिना-बाँया, अगाडि-पछाडी जताबाट पनि आउँन सक्छ । यदि एकलै छ भने दाहिना दुश्मन भन्दछ भने वाँया गोडालाई नचलाई दाहिना गोडाको मात्र प्रयोग गरी फर्कने । पर्|mकदा ब्यारल आकाश तर्फफर्किएको होस् । टिम तवरमा दाहिना बाँयाबाट दुश्मन देखा पर्दछ भने दाँहिना वा बाँया ब्यक्ति पुरा दाहिना वा वाँया फर्कने । र वाँकी सबै व्यक्ति ढोका लगाए जस्तै गरी एकै साथ एकै लाईनमा जानु पर्दछ । अगाडि पछाडि फर्कदा बाँया गोडा नचलाई दाहिना गोडाले मात्र हर्कत गरी फर्कने फर्कदा व्यारल आकाश तर्फ फर्काउनु पर्दछ नत्र ढिलो छिटो गरे आफ्नै साथीलाई लाग्न सक्छ ।

फायर गर्दा १ जना मात्र भएमा सम्पूर्ण काम आफैले गर्छ ।

एल.एम.जी.नं २ को कामः-

१. म्याग्जिनमा राउण्ड भर्ने
२. ब्यारल बदली गर्ने
३. खाली म्याग्जिन भएमा नं. १ ले म्याग्जिन उतारी हतियारको तलबाट वायाँ तर्फदिने र नं. २ ले भरेको म्याग्जिन जोडी दिने ।
४. फायर करेक्सन गर्ने ।
५. गनमा परेको रोक हटाउने ।
६. आवश्यक परेमा गन बाट फायर समेत गर्ने ।

संक्षेप १. मिनतवर
२. मोटामोटी
३. प्रश्न उत्तर

एल.एम.जि.लेशन-८

शुरुको काम :- जवान हतियारको निरीक्षण ग्रुपको बाँडफाँड ।

दोहोर्याई :- एल.एम.जी.बाट मुडभेट को लर्डाईमा फायर गर्ने तरिकाबाट लिने ।

उद्देश्य :- एल.एम.जी.बाट हवाईजहाज विरुद्ध फायर गर्ने तरिका सिकाउनु हो । २

सामान :- एल.एम.जी.म्याग्जिन, भएसम्म A लेखेको म्याग्जिन, युटिलिटी पौच, होल्ड अल, नं. २ को लागि राइफल, ड्रिल राउण्ड, बाल राउण्ड, API (Armour Piercing Incendiary) राउण्ड, AP (Armour Piercing) राउण्ड, ट्रेसर राउण्ड, ग्राउण्ड सिट, कलासको दाहिना २५ गजटाढा १/१ को टार्गेट गाडिएको र सबै कलास वैपन ड्रेसमा हुनुपर्दछ । सम्भव भए सम्म हवाईजहाजको खाका हुनुपर्दछ ।

बयान :- सम्झनुहोस् हामीले जमीनमा देखिएको दुश्मनलाई मात्र फायर गर्न जानेर हुदैन आकाशमा हवाईजहाजबाट उडेर आएको दुश्मनलाई पनि फायर गरी बर्वाद गर्न जानेको हुनुपर्दछ । यति वेला यो पनि थाहा हुनुपर्दछ की आफ्नो जहाज हो की दुश्मनको जहाज हो एकिन गरी जहाजको दिशा र

रफ्तारलाई ख्याल गरी फायर गर्न हरेक ब्यक्तिले जानेको हुनुपर्दछ यदी जानेको छ भने परेको वेलामा दुरुस्तीका साथ काम हासील गर्न सकिन्छ ।पाठ तर्तिवार सबैभन्दा पहिला .....।

तर्तिब नं. १ A लेखेको म्याग्जिनको परिचय :- सम्झनुहोस् हामीलाई आर्सनलबाट एउटा एल.एम.जि..इशु भई आउदा एक एल.एम.जी.बराबर २५ वटा म्याग्जिन आएको हुन्छ । जस मध्ये आफ्नो युनिटले राम्रो कडा स्प्रिङ्ग, राउण्ड सर्भिस कडा भएको, नकुचिएको ५ बटा म्याग्जिन छानेर राखेको हुन्छ । जसको प्लेटमा जुन सुकै कलरले पनि ब् लेखेको हुन्छ । यो म्याग्जिन हवाइजहाज विरुद्ध फायर गर्दा मात्रै प्रयोग गरिन्छ । यो म्याग्जिन जमिनमा लर्डाई गर्दा प्रयोग गरिदैन ताकि यो हवाई जहाज विरुद्ध मात्र प्रयोग गरिन्छ ।

A लेखेको म्याग्जिनमा राउण्ड भर्ने तरिका :- राउण्ड भर्नु भन्दा पहिला राउण्डको परिचय यस A लेखेको म्याग्जिनमा राउण्ड भर्नको लागि चार किसिमका राउण्ड आएको हुन्छ ।

१. लाईफ राउण्ड
२. ट्रेसर राउण्ड
३. AP राउण्ड
४. API राउण्ड

१. लाईफ राउण्डको परिचय :- यो राउण्ड ७.६२ मि.मि.बाल राउण्ड हो यसको परिचय राइफल लेशनमा सिकाइएको छ ।

२. ट्रेसर राउण्ड :- ट्रेसर राउण्डलाई चिन्नको लागि यसको बुलेटको टुप्पोमा र पिन्धीमा रातो रङ्ग लगाएको हुन्छ । यसले उज्यालो दिने काम गर्दछ । यो राउण्ड ७५ मिटर देखि ११ सय मिटर सम्म आखाले देखिने उज्यालो दिने काम गर्दछ । यसले तार्गेट चिनाउने काम पनि गर्दछ साथै वर्वाद पनि गर्दछ र फायर करेक्सन गर्न पनि मद्दत गर्दछ ।

३. AP राउण्ड :- यो राउण्ड चिन्नको लागी बुलेटमा र पिन्धीमा कालो रङ्ग लगाएको हुन्छ । यसको काम कुनै पनि कडा फलामलाई छेडने गर्दछ ।

A = Armour
P = Piercing

४. API राउण्ड :- यो राउण्डलाई चिन्नको लागि बुलेटमा र पिन्धीमा सेतो रङ्ग लगाइएको हुन्छ । यसको काम छ फायरिङ्गको दौडानमा कुनै पनि कडा फलामलाई छेडेर भित्र गई आगो लगाउने काम गर्दछ ।

ब्एक्ष् को पुरा रुप

A = Armour
P = Piercing
I = Incendiary

म्याग्जिनमा भर्ने तरिका :- भर्नु भन्दा पहिला म्याग्जिन राम्रोसंग चेक गर्ने त्यसपछि शुरुमा ५ राउण्ड बाल राउण्ड भर्ने, त्यसपछि एक राउण्ड ट्रेसर फेरी बाल राउण्ड भर्ने एबम रितले भर्दै जादाँ २८ राउण्ड भर्नु छ भने १६ वटा बाल राउण्ड र १२ वटा ट्रेसर राउण्ड भर्नु पर्दछ । बाल राउण्डको ठाउँमा विच विचमा API राउण्ड पनि आवश्यकता अनुसार भर्न सकिन्छ । यदि ३० राउण्ड भर्नु परेमा १७ वटा बाल राउण्ड र १३ वटा ट्रेसर राउण्ड भर्न सकिन्छ ।

तर्तिब नं. २ फायरिङ्ग पोजिशन चुन्नी फायर गर्नेको तरिका :- हवाईजहाज विरुद्ध फायर गर्दा २ पोजिशन तयार गरी फायर गर्न सकिन्छ ।

१) वगल पोजिशन २) निलीङ्ग पोजिशन

१. बगल पोजिशन :- (स्ट्याण्डिङ्ग पोजिशन) सम्झनुहोस् यो पोजिशन यदि बाँया सिलिङ्ग आर्म गरेको अवस्थामा अचानक दुश्मनको जाहाज देखा परेमा प्रयोग गरिन्छ । यो पोजिशनमा जाँदा बाँया गोडालाई केही अगाडी लगी खुम्चीएकोे वाईपटलाई फोल्ड गरी बाँया हातले २ हिस्सा पारी समात्ने र दाहिना हातले पेस्तोनग्रिपमा ३ हिस्सा पारि समात्ने बट यतिबेला काखी मुखी सेपीएको हुनु पर्दछ र दाहिने खुट्टा पछाडि तन्केको हुनुपर्दछ । यति बेला नं. २ दाहिना र केही पछाडि वसी नं. १ लाई साहारा दिनु पर्दछ । किन भने तलबाट माथि फर्काई फायर गर्नु पर्ने हुदाँ गन नं १ ले सिधाइ हासिल गरी फायर जारी राखिरहन्छ भने नं. २ ले निम्न काम गर्छ ।

नं २ को काम :-

१. रोक परेको खण्डमा ब्यारल वदली गर्नु परेमा, कक गर्नु परेमा, राउण्ड भर्ुन परेमा, दाहिने वसेर सम्पुर्ण काम नं. २ ले गर्नु पर्दछ ।

२. यदि आफ्नो जहाज देखेको खण्डमा नं. २ ले १ लाई ढाडमा धाप मारिदीने यो गर्दा थाहा नभएमा ब्यारललाई सुरक्षित दिशा तर्फ फर्काइ दिने । यसो गर्दा पनि थाहा नभएमा म्याग्जिन उतारी दिने ।

३. आफ्नो वा दुश्मन को जाहाज चिन्नी रफ्तार पतालगाउने ।

४. फायर स्टप आदेश आएमा नसुनि फायर गरी रहेमा ब्यारल लाई सुरक्षीत दिशातर्फ फर्काउने ।

५. आवश्यक परेमा फायर समेत गर्ने ।

२. निलीङ्ग पोजिशन - सबै भन्दापहिला गन लाई मेक सेफ गरी बाईपट फोल्ड गरी निलिङ्ग पोजिशनमा जाने यतिबेला वाया हात ले बाईपट फोल्डगरी २ हिस्सा पारी समाउनु वा क्यारीह्यण्डललाई उठाईदुई हिस्सा बनाई समाउनु दाहिना घुँडा जमिनमा टेक्नु र वायाँ घुडा खुम्चीएको र दाहिना खुट्टाको एडिमा पुठ्ठा -हिप) राख्ने । दाहिना हातले ३ हिस्सा पारी पेस्तोनग्रिपमा समात्ने र बटलाई दाहिने त्रिराको गद्दावाला भागमा टेकाउनु यति वेला एल.एम.जी.४५०को एङ्गलमा राखु पर्दछ । दुस्मनको जहाजको रफ्तार र दिशालाई एकीन गरी फायर गर्नु पर्दछ । यो पोजिशन सके सम्म छुपाउमा भए राम्रो हुन्छ ।

फायर गर्दा ध्यान दिनुपर्ने कुराहरु :-

(क) ग्याँस इन्डिकेटेड मार्क हर हमेसा ४ अंकमा फिट गरेको हुनुपर्दछ । -ख) ६०० गज भन्दा माथि फायर खोल्नु हुदैन ।

(ग) जहाज आफ्नो या दुश्मनको चिनेर मात्र फायर गर्नु पर्दछ ।

(घ) चेन्जलिभर जहिलेपनि ब् पोजिशनमा हुनुपर्दछ

(ङ) फायर गर्दा अगाडि इन्जिनमा ताकेर फायर गर्नु पर्दछ ।

(च) जहाजको रफ्तार र दिशा थाहा हुनु पर्दछ ।

(छ) फायर गर्दा पानीको धारा नटुटे जसरी १ म्याग्जिन बरावरको एक लामो व्रष्ट फायर गर्नु पर्दछ

जहाजलाई चिन्ने तरिका :-

(क) नेपालको झण्डाबाट
(ख) रेडियो सेटबाट वा सिग्नलबाट
(ग) रफ्तार र दिशाबाट
(घ) जहाजको रङ्गबाट
(ङ) जहाजको नामबाट

फौजि लिवाजमा दुश्मनको जहाजलाई ३ भागमा विभाजन गरीएको छ :-

(क) सुपर सोनीक :- ८०० देखि ८७० कि.मी. प्रति घण्टा उड्दछ यस जहाजलाई बर्वाद गर्नको लागि २० लिड हासिल गरी फायर गर्नु पर्दछ ।

(ख) सोनिक :- ७०० देखि ८०० कि.मी. प्रति घण्टा उड्दछ यस जहाजलाई बर्वाद गर्नको लागि १२ लिड हासिल गरी फायर गर्नु पर्दछ ।

(ग) धिमी गति :- ६०० देखि ७०० कि.मी. प्रति घण्टा उड्दछ यस जहाजलाई बर्वाद गर्नको लागि ८ लिड हासिल गरी फायर गर्नु पर्दछ ।

नोट :- यदि लेशन लिई रहेको समयमा कुनै पनि जहाज आकाशमा उडिरहेको देखेको खण्डमा हतियारलाई खालीको कारवाही गरी त्यस जहाज तर्फहतियार सिधाई गर्नमा अभ्यास दिनु पर्दछ ।

संक्षेप

१. मिनतवर
२. मोटामोटी
३. प्रश्न उत्तर

एल.एम.जी. लेशन -९

शूरुको काम :- जवान हतियारको निरीक्षण र ग्रुपको वाँडफाँड ।

दोहोर्याई :- एल.एम.जी.लाई खोल्नु र जोड्नुबाट लिने ।

उद्देश्य :- मिन तवरमा एल.एम.जी.कोट्रेगरको चाल बारे जानकारी -ज्ञान) गराउनु हो । २

सामान :- २ वटा एल.एम.जी.एउटा एउटा एल.एम.जी.पुरै खोलेको र अर्को एल.एम.जी.कोे बटमात्र खोलेको म्याग्जिन, ग्याँसकी, वोर्ड, डस्टर,वोर्डमार्कर,युटिलिटी पौच, होल्ड अल, ग्राउण्ड सिट र वन्दोवस्तीमा ट्रेगरको चालको डायग्राम भएको खाकाँ र क्लासको दाहिना २५ गजटाढा १ र १ को तार्गेट हुनु पर्दछ ।

वयान :- सम्झनुहोस् एल.एम.जी.को अगाडी पछाडीको चाल लेशन ४ मा नै सिकिसक्नु भएको छ । यस पाठमा ट्रेरगरको चाल बारे सिकाइने छ र यदि ट्रेगरको चाल बारे हरेक जवानलाई जानकारी छ भने ट्रेगर राम्रोसंग दबाउन सक्छ । जसले गर्दा ठीक ठाउँमा प्रयोग गर्न सक्छ र परेको बेलामा दुरुस्तीका साथ काम हासील गर्न सकिन्छ । पाठ तर्तिवार सबैभन्दा पहिला .....।

तर्तिव नं. १ ग्याँस रेगुलेटर सेट गर्ने तरिका :- सम्झनुहोस् ग्याँस रेगुलेटरलाई ठीक अंकमा सेट गरेको छ भने चालवाला पुर्जाले पनि सही हर्कत गर्दछ जव गोली फायर हुन्छ, ग्याँस पैदा हुन्छ । केही ग्याँसले गोलीको बुलेटलाई तोकीएको रेन्ज सम्म पुर्याउने काम गर्दछ । भने केही ग्याँस, ग्याँसभेन, ग्याँस रिलेटिङ्ग साइट अफ पोष्टबाट ग्याँस नोजलहोलको बाटो हुदै ग्याँस सिलिण्डरमा आईरहन्छ के कति ग्याँस सिलिण्डर तर्फआउँछ भन्ने कुरा ग्याँस रेगुलेटर सेट गर्राईमा भर पर्दछ । यदि ग्याँस रेगुलेटर १ अंकमा लगाएको छ भने ग्याँस रिलेटिङ्ग साइट अफ पोष्ट को सानो प्वाल ग्याँस भेनमा मिल्छ र थोरै ग्याँस सिलिण्डर तर्फआउँछ । अनी चालवाला पुर्जा पनि कम हर्कत गर्दछ र राउण्ड च्याम्बरमा लैजान गाह्रो हुनको साथै खोका पनि फ्याँक्न सक्दैन र फायरको नतिजा राम्रो हुदैन । त्यसकारण साधारणतय ग्याँस रेगुलेटर २ अंकमा फिट गरेमा चालवाला पुर्जा ठीक हर्कत गर्दछ र फायर पनि ठिक गर्दछ । यसमा सानो अंकबाट कमग्याँस र ठूलो अंकबाट धेरै ग्याँस सिलिण्डरमा आउँछ । त्यसैले आर्महालतमा जहिलेपनि ग्याँसरेगुलेटरलाई २ अंकमा फिट गर्नुपर्दछ ।

तर्तिव नं. २ ट्रेगरलाई खोल्ने तरिका :- सम्झनुहोस् ट्रेगर ग्रुप खोल्नुभन्दा पहिला खोल्दा ध्यान दिनु पर्ने कुराहरु

१) चेन्ज लिभर S पोजिशन हुनुपर्दछ ।

२) स्टेम गुरपलाई निकाल्दा र्टाईपिङ्ग लिभरहेडलाई केहि तल दबाउनु पर्दछ ।

३) ट्रेगर पिन निकाल्दा र्टाईपिङ्गलिभर लाई माथी अगाडीको तर्फउठाउनु पर्दछ र दाहिना पट्टबिाट चेन्ज लिभर, शेर पिन, ट्रेगर पिनलाई कुनै नोकदार चिजले वायाँ तर्फ धकल्ने यसरी स्टेम गुरप, पिन गुरप, शेरग्रुप, शेर सिटिङ्ग शेर ग्रुप, राईपिङ्ग लिभर ग्रुप (ट्रेगर गुरप) लाई निकाल्ने । यो पनि अरु हतियार सरह नै ५ ग्रुपमा खोलिन्छ ।

१) स्टेम ग्रुप (चेन्ज लिभर)

२) पिन ग्रुप

३) शेर ग्रुप

४) शेर सिटिङ्ग ग्रुप

५) ट्राईपिन लिभर ग्रुप (ट्रेगर ग्रुप)

सम्झनुहोस् ट्रेगरलाई खोलेर मात्र हुदैन ताकि यसको केही हिस्सा (किल्ला) पुर्जाको नाम पनि जनेको हुनुपर्दछ ।

१) स्टेम ग्रुप :- राउण्ड सर्फेस, स्लो बवल, डिव ववल ।

२) पिन ग्रुप :- शेर पिन, ट्रेगर पिन ।

३) शेर ग्रुप :- शेर, शेरको नोख,शेर सिटिङ्ग स्प्रिङ्ग बेश, शेर विण्डो, तल्लो कटाउ, माथिल्लो कटाऊ, शेर पिन वे,

४) शेर सिटिङ्ग ग्रुप :- शेर सिटिङ्ग, शेर सिटिङ्ग स्प्रिङ्ग, शेर सिटिङ्ग वेश ,शेर सिटिङ्ग स्प्रिङ्ग बेश,

५) टर्राईपिन लिभर ग्रुप - ट्रेगर ग्रुप) :- ट्राइपिङ्ग लिभर हेड, ट्रेगर पिन वे, ल्वाङ्ग पिन, ट्राइपिङ्ग लिभर नेक, ट्राइपिङ्ग लिभर टेल, तल्लो हुक, माथिल्लोहुक,

तर्तिव न .३ ट्रेगर को चाल :- चेन्ज लिभर विभिन्न पोजिशनमा रहँदाको चाल -अवस्था)

(क) चेन्ज लिभर S Position मा रहँदाको चाल (अवस्था) :- जव पनि चेन्ज लिभरलाई क् एयकष्तष्यल मा लगिन्छ भने ट्राइपिङ्ग लिभर नेकमा स्लो बवल गएर वसेको हुन्छ । टाइपिङ्ग लिभर टेल शेर विण्डोको विचौ विच भागमा कतै पनि नछोई बसेको हुन्छ । यस अवस्थामा फायरर ले ट्रेगर दबाउछ भने टीईपिन लिभर टेल ले शेरविण्डो को बिचौ बिचभाग मा हावामा हर्कत गर्दछ शेरले कुनै हर्कत गदैन । त्यसैले चेन्ज लिभर क् एयकष्तष्यल मा रहँदा फायर हुदैन

(ख) चेन्ज लिभर R Position मा रहदाँको चाल (अवस्था) :- जव पनि चेन्ज लिभर च् उयकष्तष्यल मा लगिन्छ भने ट्राइपिङ्ग लिभर नेकमा डिब ववल गएर बसेको हुन्छ । त्यतिवेला ट्राइपिङ्ग लिभर टेलको माथिल्लो हुक र शेरविण्डोको माथिल्लो कटाउमा लक भएको हुन्छ । त्यतिवेला फायररले ट्रेगर दबाउछ भने शेर को नोख केहि तल तर्फदब्दछ भने ट्राइपिङ्ग लिभर हेड केही माथि उठेको हुन्छ र चालवाला पुर्जा अगाडी बढछ र गोली फायर हुन्छ । ग्याँसको कारणले पिस्टन पछाडि आउँछ । त्यसबेला ककिङ्ग बेण्ड को पछाडी को भागले ट्राइपिङ्ग लिभर हेडमा दवाव दिन्छ टाइपिङ्ग लिभर हेड तल दब्दछ भने शेर को नोख केहीमाथि उठछ र शेरको नोख भई पिस्टन बफर प्लेटमा ठक्कर खाए पछि रिक्वायलिङ्ग स्प्रिङ्ग र रिटानिङ्ग रडको कारण अगाडि बढ्दछ । यतिबेला बाटोमा शेर को नोख खडा भएको हुन्छ र ककिङ्ग वेण्ड र शेरको नोखको मिलाप हुन्छ । यसरी चेन्ज लिभर च् एयकष्तष्यल मा रहँदा सिङ्गल र्सट फायर हुन्छ त्यतिवेला ट्रेगर दवाई रहयो भने पनि फायर हुदैन तर ट्रेगर दबाउँदै छाड्दै गरेमा फायर हुन्छ ।

(ग) चेन्ज लिभर A Position मा रहदाँको चाल (अवस्था) :- जव चेन्ज लिभरलाई ब् एयकष्तष्यल मा लगाइन्छ भने ट्राइपिङ्ग लिभर नेकमा राउण्ड सर्फेस गएर वस्दछ र ट्राइपिङ्ग लिभर टेलको तल्लो हुक शेर विण्डोको तल्लो कटाउमा लक हुन्छ र यतिवेला ट्रेगर दवाउदा शेरको नोख र टाइपिङ्ग लिभर हेड दुबै तलतर्फ दब्दछ र चालवाला पुर्जा वा पिस्टनको बाटो स्वत्रन्त्र रुपमा खुल्ला हुन्छ र चाल वालापुर्जा अगाडी पछाडी गरी रहन्छ तर ट्रेगर छोडेपछि शेर को नोख केहीमाथि उठ्छ र शेरसंग ककिङ्ग वेण्डको मिलाप हुन्छ र फायर बन्द हुन्छ । फेरी फाययररले ट्रेगर दवाउँछ भने शेरको नोख र टर्राईपिन लिभरहेड दुबै तलतर्फ दव्दछ, पिस्टनको बाटो खुल्ला हुन्छ र व्रष्ट फायर हुन्छ यो काम यतिबेला सम्म जारीरहन्छ जवसम्म म्याग्जिनमा राउण्ड सकिदैन, LMG मा कुनैरोक पदैन वा फाययररले ट्रेगर बाट कलमी औला बाहिर निकाल्दैन ।

(घ) R Position बाट ट्रेगर दवाएको दवाई चेन्ज लिभरलाई A Position मा लैजादाको चाल (अवस्था) :- जब A Position मा चेन्ज लिभर भएको बेलामा फाययररले ट्रेगर दवाएको दवाई चेन्ज लिभरलाई S Position मा लैजान्छ भने ट्राइपिङ्ग लिभर नेकमा राउण्ड सर्फेस वसेको हुन्छ । ट्राइपिङ्ग लिभर टेल शेर विण्डोको अगाडी बाहिरी भागमा केही मात्र छोए छोए गरेर बसेको हुन्छ । यति बेला ट्रेगर दवाईन्छ भने टार्इपिङ्ग लिभर टेल झन टाढा हुन्छ । छोड्दा शेर विण्डोको वाहिर अगाडी को भागमा केहि मिलाप हुन्छ र शेरले कुनै हर्कत गर्दैन यस बेला फायर हुदैन यस्तो भएमा चेन्जलिभर S Position मा लगि पुन A Position मा लगेर फायर गर्दा फायर हुन्छ ।

तर्तिव नं. ४ ट्रेगरलाई जोड्नेको तरिका :- सम्झनुहोस् ट्रेगर गुरपलाई जोड्नु भन्दा पहिला जोड्दा ध्यानदिनु पर्नेकुराहरु

१) ल्वाङ्गपिनलाई ४५० को एंगलमा राख्ने ।

२) शेरपिन लाई छिर।उदा शेरग्रुपलाई केहि तल तर्फ दबाउनु

३) स्टेमग्रुपलाई जोड्दा ट्राईपिनलिभर हेडलाई केहि तलको तर्फ दबाउनु ।

४) स्टेमगुरपलाई जोड्दा क् पोजिशनमा राखी वायाँ बाट दाहिना तर्फ धकेल्नु । यसलाई जोड्ने तरिका अरु हतियार सरह नै हो । सबै भन्दा पहिला खोलेको किला पुर्जालाई सबै भन्दा पछि र सबै भन्दा पछि खोलेको किला पुर्जालाई सबैभन्दा अगाडि जोड्नु पर्दछ । यसलाई जोड्दा सबै भन्दा पहिला ट्राइपिङ्ग लिभरलाई त्यसपछि ल्वाङ्ग पिन लाई ४५० को एङ्गल बनाएर ट्रेगर पिनलाई जोड्ने, शेर सिटिङ्ग स्प्रीङ्गलाई काबु राख्दै शेरलाई तल दबाउदै, शेरपिनलाई बायाँबाट दाहिना तर्फफिट गर्ने र स्टेमगुरप लाई जोड्ने जोडी सकेपछि चेन्ज लिभर च्क्ब् एयकष्तष्यल मा लगेर राम्रो चेक गर्ने यस बेला पुरै पुर्जाले हर्कत गर्छ भर्ने ठिक मानिन्छ ।

नोट :-

१, ल्वाङ्गपिन स्प्रिङ्गले कामनगरेमा वा शेरसिटीङ्ग स्प्रिङ्गले काम नगरेमा, ग्याँसको कमीले गर्दा पनि R पोजिशनमा पनि ब्रष्ट फायर हुन्छ ।

२, यदी फायररलाई ट्रेगर को सल्याप बारे राम्रो जानकारी छ भने ब् पोजिशनमा पनि सिग्नलसट फायरर गर्न सकिन्छ ।

३. एल.एम.जी.को चेन्ज लिभर हराएमा सिग्नल सट फायर हुन्छ ।

एल.एम.जी. लेशन - १०

शुरुको काम :- जवान हतियार निरीक्षण ग्रुपको बाँडफाँड ।

दोहोर्याई :- भर्नु खाली गर्नुबाट लिने ।

उद्देश्य :- ट्राईपटको परिचय,एल.एम.जी.लाई ट्राईपटमा माउण्ड र डिस्माउण्ड गर्ने तरिका सिकाउनु हो। २

सामान :- एल.एम.जी . ट्राईपट, म्याग्जिन, राउण्ड, युटिलिटी पौच, होल्ड अल, ग्राउण्ड सिट र क्लासको दाहिना २५ गजटाढा १/१ तार्गेट गाडिएको र सबै कलास वैपन ड्रेसमा हुनुपर्दछ ।

बयान :- सम्झनुहोस् जुनवेला हामी डिफेनसीभ लडाई लड्दछौ वा वसेको वेला रातको समयमा कुहिरो तुँवालो लागेको वेला फिक्स लाईन लगाई लामो रेन्जमा एकुरेसी फायर गर्नको लागि ट्राईपट माउन्ट गरिन्छ तर्सथ हरेक (जवान) व्यक्ति ले एल.एम.जी.लाई ट्राईपटमा माउन्ट र डिसमाउन्ट गर्न जानेको हुनु पर्दछ यदी जानेको छ भने परेको वेलामा दुरुस्तीका साथ काम हासील गर्न सकिन्छ । पाठ तर्तिवार सबैभन्दा पहिला .....।

तर्तिब नं. १ ट्राईपटको परिचय :-

(क) वजन - ११.७९४ के.जी. २६ पौण्ड (ख) उचाई - ६७३ मि.मि. -२६.र्५र् इन्च)
(ग) ट्रान्स भसिङ्ग आर्क ४२० (घ) दिन सक्ने ३७ ट्रान्स भसिङ्गआर्क
(ङ) एलिवेशन ४२० तल या माथी (च) एलिबेशन गिएरबाट २३०
(छ) स्लीपबाट १९० (ज) डिफ्लेक्सन दाहिना वायाँ ३७०
(झ) सेफ्टी ब्लनभि ५० देखि ८० (ञ) कारागार रेन्ज १००० गज

किला पुर्जाको नाम :- पुराको नाम ट्राईपट, स्पेक-जमिनमा गाड्ने काम गर्दछ, रिप्स-जमाएर राख्रेकाम गर्दछ सुज-जमिनमा गाडिनबाट बचाउछ, लेगक्यापिङ्ग कि नट-लेगलाई कस्नेर खुकुलो पार्ने काम गर्दछ, फ्रन्ट माउन्टपिन वे-एल.एम.जी.को फ्रन्टमाउन्ट पिन लक हुन्छ, आर्क स्टप-हर्सलाई दाहिना वायाँ सर्न दिदैन ट्रान्सभसिङ्ग आर्क गनलाई दाहिना वायाँ लैजान सकिन्छ । यसको बिचमा ० दाया बायाँ २०,२० अंक लेखिएको हुन्छ । दाहिना, वायाँ २१°/२१° गरी ४२° सम्म हुन्छ तर ३७° मात्र काम लिन सकिन्छ फाययरको गल्ती १° हतियारको थरथरवट १°, ट्राईपट हल्लिनु १°, जिरोङ्गको गल्ती १/२°, अम्युनिशनको क्वालिटी १/२°, हावाको असर १/२°, विटोन जोन १/२° गरी ५° सेफ्टी राख्नु पर्दछ ।

एलिभेसन गियर-तलमाथी गर्राईन्छ, यसले ब्यारललाई २३° तलमाथी गराउछ । एलिभेसन नव-एलिभेसन नव लकस्टुड खोलेपछी तलमाथी गर्राईन्छ र सहि ठाउमा आएपछी लक गरीन्छ । एलिभेसन क्यापहेण्डल-यसले एलिभेसनलाई लक र अनलक गर्दछ । डिफ्लेक्सन क्यापहेण्डल-दाहिना वायाँ लान खुकुलो र ठिक ठाउमा आएपछी लक गर्ने काम गर्दछ । स्लिप-१९° हासिल गर्छ । ठिक तरीकाले राख्दा ०° रहन्छ । हर्स-गनलाई दाहिना वायाँ लैजाने काम गर्छ फायर गर्दा हरहमेशा ० मा हर्सल्याई फायर गरीन्छ । लेग-ट्राईपटलाई टेकाउने काम गर्दछ ।फ्रेम-तिनवटा लेगलाई अडाउने काम गर्दछ, सिलीङ्गलुप्स-सिलीङ्ग लगाउन प्रयोग गरीन्छ ।

तर्तिव नं. २ माउण्ट गर्नेको तरिका :- ट्राईपट माउण्ट गर्नु भन्दा पहिला नं २ ले राईफल मेकसेफ गरी आवश्यक सामान मिलाउछ र नं २ को सम्पूर्ण सामान ठिक भनि नं १ लाई रिपोट गर्छ, नं १ ले गनमेकसेफ गर्छ र क्यारीह्याण्डलमा समाती नं १ गन ठिक भनिपुकार्छ । यतिबेला कमाण्डर को आदेश हुन्छ "गनग्रुप सामुन्ने ८०० गज गोलरुख रुखको दाहिना किनारा दुश्मनको स्नाईपर पोष्ट १० गज अगाडी माउण्ट ट्राईपट एण्ड गन "आदेश आईसकेपछी नं २ ले दुबैहातले फ्रेममा समाई छात्तीको लाईनमा उचाली अगाडी बढ्ने १० गज अगाडी गईसकेपछी नं २ ले अगाडी पछाडीको लिग खोल्छ र लेगक्यापिङ्ग कि नट कस्छ । ठिक भएपछी ल्याङ्गपोजिशनमा गई नं १ लाईर् इशारादिन्छ । नं २ बन्नको लागी कलासलाई बोलाउने र आफु नं १ बन्ने नं १ रियरमाउण्ट पिन लगाउने र नं २ ले फ्रन्टमाउण्ट पिन लगाउछ र दुबै ल्याङ्गपोजिशनमा जान्छन यति बेला नं २ ले फ्रन्टलेग समाउछ भने नं १ ले दाहिना हातले दाहिना लेग र वायाँ हातले वायाँ लेग समाउछ , पहिलो अपमा ड्राईभरलाई अगाडी सार्छ र अर्को अपमा शरीर सार्ने ठाउमा पुगि सके पछी नं १ ले सिटीङ्ग पोजिशनमा गही साईड उठाईककगरी फायर्रगर्छ फायर गर्दा गदै रोक परेमा नं २ को सहायता बाट हटाईन्छ ।

नं.२ को काम :-

(क) अगाडिको लेगलाई महशुर निशाना तर्फ पार्नु पर्दछ र आड अनुसार पोजिशनमा जानु ।

(ख) पछाडिको लेगक्यापिङ्ग कि नट खोल्नु र लेग टेकाई फेरी कस्नु ।

(ग) अगाडिको लेगक्यापिङ्ग कि नट खोलि टेकाई जमिन सतह संग मिलाउनु र लेगक्यापिङ्ग कि नट कस्नु।

(घ) आर्क स्टपलाई अंकको आखिरी भागमा लगि कसिदिनु ।

(ङ) डिफ्लेक्सन क्याप हेण्डल ढिलाई गरि हर्सलाई विचमा ल्याई कसिदिनु ।

(च) एलीबेशन स्लीपलाई खडा गरि नं. १ लाई खडा गर्नु ।

नं. १ को काम :-

(क) गनको फ्रन्ट र रियरमाउण्ट पिन खोल्नु ।

(ख) गनलाई ट्राईपट माथि राखी आफुले रियरमाउण्ट पिन कस्नु र नं. २ ले फ्रन्टमाउण्ट पिन कस्ने ।

(ग) एलिभेसन क्याप हेण्डल र डिफ्लेक्सन क्याप हेण्डल कसेपछि दाहिना वाँया तल माथी करेक्शन गर्नु ।

(घ) ट्रान्सभसिङ्गआर्क समतल भएपछि लेगलाई जमिनमा घुसाउनु वा बोराले आड दिनु ।

(ङ) सिस्ता लिनु आवश्यक अनुसार करेक्शन गरी गन कक गर्नु ।

(च) ४ वा ५ राउण्डको ब्रष्टफायर गर्नु यदि सिस्ता चेक गर्नु परेमा मात्र गन काधमा लैजानु

यसमा २ पोजिशनबाट फायर गरिन्छ ।

(क) निलिङ्ग पोजिशन

(ख) सिटिङ्ग पोजिशन

१) फायर गर्दा रोक परेमा वा राउण्ड सकिएमा नं. १ ले म्याग्जिन उतारेर तलबाट बायाँ तिर नं. २ लाई दिन्छ ।

२) २ ले भरेको म्याग्जिन जोडिदिन्छ, नं. १ ले कक गरी फायर जारी राख्छ ब्यारल बदली गर्नु परेमा नं. १ तलबाट ब्यारल नट क्याँच मा हानी दिन्छ र नं. २ ले ब्यारल बदली गरी दिन्छ ।

फिक्स लाईन लगाउदा ध्यान दिनु पर्ने कुराहरु :-

(क) ६०० गज भन्दा बढी रेन्ज नहोस ।

(ख) अगाडि दवेको जमिन नहोस् ।

(ग) फिक्स लाईन लगाउँदा ठुलो महशुर निशाना भए कुनै एक छेउ वा किनारा दिने ।

(घ) अगाडि फिल्ड अफ फायर सफा हुनुपर्दछ

(ङ) फिक्स लाईन लगाएर सेफ्टी एंगल राख्दा ५० भन्दा कम नहोस र ८० भन्दा धेरै नहोस् ।

(छ) फिक्स लाईन दिनमा नै लगाउने

सेफ्टी एङ्गल राख्राको कारण :-

(क) हावाको असरले गर्दा

(ख) ट्राईपट हल्लिनको कारणले गर्दा

(ग) सिस्ताको गल्तीले गर्दा

(घ) फौजको बचाउको लागि

तर्तिब नं. ३ डिसमाउण्ट गर्ने तरिका :- सोहिकाम म यसरीगरेर देखाउछु बयानको साथ साथै नमुना पछीकलासले गर्नुपर्ने छ । कलास देख्रको लागी सोहि ठाँउ, यस्कोलागी आदेश आउछ "गनग्रुप १०गज पछाडी डिस्माउण्ट ट्राईपट एण्ड गन आदेशआई सकेपछी नं २ ले फ्रन्टमाउण्ट पिन खोल्छ नं १ ले रियर माउण्ट पिन खोली गनलाई अलग गरेर व्यारललाई अगाडी पार्दै केहि दाहिना बाट पछाडी हटनु र पोजिशनमा गहि फायरको जारीराख्छ नं २ ले फायर स्टप गरी टर्राईपटको खुट्टा उचाली पछाडी आउछ १० गज पछाडी आईसकेपछी फायर स्टप गरी दुबैले खालीको कारवाही गर्ने । डिस्माउण्ट गर्ने तरीकामा कसैलाई केहिशंका ?

9 मि.मि. एस.एम.जि. लेशन-१

शुरुको काम :- जवान हतियारको निरिक्षण ग्रुपको वाँडफाँड ।

जव पनि हाम्रो हातमा नयाँ हतियार पर्छ भने त्यसलाई निरिक्षण गर्न जानेको हुनु पर्दछ । त्यसकारण अहिले हाम्रो हातमा नयाँ हतियार परेको छ जसको नाम हो ९ मि.मि. एस.एम.जी.वा सि.एम.जी. अब म तपाइहरुलाई सिकाउछु यस एस.एम.जी.लाई निरिक्षण गर्नेको तरिका निरिक्षण गर्ने तरिका सिकाउनु भन्दा पहिला यस एस.एम.जी.लाई झिक एस.एम.जी. र भिर एस.एम.जी. को कार्वाही ।

झिक्नेको तरिका :- यो समयमा एस.एम.जी भिरिरहेको हुन्छ । भिरिरहेको एस.एम.जी. लाई झिक एस.एम.जी.भन्ने आदेश आएमा गन्ती १ मा बाया हातले सिलिङ्गउतार्नु गन्ती २ मा दाहिना हातले बट मा समाई पुरा फर्काइ अगाडि बनाउनु यती बेला बाया हातले ब्यारल सकेटमा र दाहिना हातले पेस्तोनग्रिपमा ३ हिस्सा पारी समाउने गन्ती ३ मा एस.एम.जी. लाई २२.½० को एङ्गलमा राखी वायाँहातलाई साइटमा ल्याउनु पर्दछ । यो भयो झिक एस.एम.जी.को कार्रवाही ।

भीर एस.एम.जी. :- भीरको आदेशमा गन्ती १ मा २२.½० मा भएको एस.एम.जी.लाई ४५०मा लैजानु बाया हातले सिलिङ्ग दाहिना काधमा भिर्ने गन्ती २ मा दाहिना हात सिलिङ्ग भित्र घुर्साई तल बटमा समाल्ने यस बेला औला सेपिएको र सलामि आकार मा हुनुपर्दछ वायाँ हात माथि काँधको भागमा सिलिङ्ग समाई राख्ने गन्ती ३ मा काँधमा भएको वाया हातलाई फेरी तल वाया साइटमा ल्याउनु पर्दछ । यति बेला म्याग्जिन ढाडमा सेपिएको होस । यो कार्वाही सरासरी पनि गर्न सकिन्छ ।

भूइमा राख एस.एम.जी. :- पहिला नै झिकी सकेको एस.एम.जी.लाई जमिनमा राख भन्ने आदेश आउछ भने गन्ती १ मा एस.एम.जी. लाई ४५० को एङ्गलमा ल्याउँदै म्याग्जिन उतार्ने र वायाँ खुट्टा केही अगाडि दिनु गन्ती २ मा चटक्क साथ लिनिङ्ग पोजिशन गई दाया तर्फएस.एम.जी. वाया तर्फम्याग्जिन राख्ने गन्ती ३ मा आफु खडा भई सतर्क पोजिशनमा आई उभिने ।

टीप एस.एम.जी. :- टिपको आदेशमा लिनिङ्ग पोजिशन गई म्याग्जिन र हतियार समाल्नु गन्ती २ मा खडा हुदै म्याग्जिन जोड्ने गन्ती ३ मा एस.एम.जी.लाई २२.½० को एङ्गलमा ल्याउनु र आफू र्सतक पोजिशनमा उभिनु यो कार्रवाही पनि सरासरी गर्न सकिन्छ ।

अब म तपाई हरुलाई सिकाउछु निरीक्षण गर्नेको तरीका :- निरीक्षण गर्नु भन्दा पहिला निरीक्षण गर्नु पर्ने अवस्थाः-

निरिक्षण गर्नु पर्ने अबस्थाहरु :-

१. एक व्यक्ती बाट अर्को व्यक्तीमा लिदा वा दिदा ।
२. कोतवाट वुझदा वा वुझाउदा ।
३. सेन्ट्री अदली वदली गर्दा ।
४. फायरिङ्ग गर्नु भन्दा अगाडी र फायरीङ्ग गरि सके पछि ।
५. लामो लामो रुट मार्च वा पट्रोलिङ्ग जानु भन्दा अगाडी र फर्के पछि ।
६. आर्सनल वाट हतियार्रर् इसु भएर आउदा ।
७. हतियार खोल्नु भन्दा पहिला र जोडी सके पछि ।

निरिक्षण गर्नेको तरिका :- सबै भन्दा पहिला झिक एस.एम.जी.को कार्रवाही माथिको सो सरह नै हो । अव हुन्छ आदेश निरिक्षण गर वा निरिक्षणको लागि जाँच शस्त्र यति बेला २२.½० मा भएको एस.एम.जी.लाई ४५० मा लैजानु वायाँ गोडा वायाँ तिर आवश्यक अनुसार खोल्ने र वायाँ हातले व्यारल सपोटमा २ हिस्सा पारेर समाल्ने यो हो गन्ती १, गन्ती २ मा पौचको भुन्टी खोल्नु, गन्ती ३ मा म्याग्जिन क्याँचलाई दवाउँदै म्याग्जिन उतार्नु, गन्ती ४ मा म्याग्जिनलाई पौचमा राख्नु, गन्ती ५ मा चेन्जलिभरलाई ब् वाट च् पोजिशनमा लैजानु, गन्ती ६ मा वाया हातले ककिङ्ग हेण्डलमा समाती चालवाला पुर्जा पछाडी गर्ने वा कक गर्ने, गन्ती ७ मा चेन्जलिभर क् पोजशनमा राख्रे, गन्ती ८ मा वाया हातले व्यारल सकेटमा समातेर बस्ने यो कार्रवाही सरासरी पनि गर्न सकिन्छ ।

यदि लेशनको बेला हो भने म पहिलो व्यक्तिको हतियार निरिक्षण गरी तेश्रो व्यक्तिमा पुग्छु भने पहिलो व्यक्तिले आफसेआफ अगाडिको काम गरी वस्ला भन्दछ भने अन्यबेला चालवाला पुर्जा अगाडी गर यतीबेला गन्ती १ मा चेन्जलिभरलाइ च् वा ब् पोजिशनमा लैजाने गन्ती २ मा ककिङ्गहेण्डलाइ काबुराख्दै चालवाला पुर्जा अगाडी लैजाने गन्ती ३ मा चेन्जलिभर क् पोजिशनमा लैजाने गन्ती ४ मा पौचबाट खालीम्याग्जिन निकाल्ने गन्ती ५ मा एस.एम.जी.मा जोड्ने गन्ती ६ मा पौचको भुन्टी लगाउने गन्ती ७मा व्यारल सकेटमा समाउने गन्ती ८मा दुबैहातकाटी र्सतक पोजिशनमा आउने र जुनपोजिशनबाट हतियार निरीक्षण गरीएको हो त्यसै पोजिशनमा - सिलीङ्गआर्म वा टिप एस.एम.जी.) हतियार लगी ओपन पौचको कार्रवाही गरीबस्ने । यतीबेला कुनै पनि व्यक्तिले हतियार जाँचन आउँछ भने पछाडिबाट चेक गर्दछ । किनकी यसको व्यारल छोटो हुन्छ । निरिक्षण कर्ता आफ्नो पछाडीआएमा दुबैहातलाई केहीतन्काईर् इजेक्शन वे लाई आकाश तर्फ पड्कासउने। निरीक्षण गर्ने व्यक्ति तेस्रो व्यक्तीमा पुगेपछी पहिलो व्यक्ती ले आफसेआफ चालवाला पुर्जालाई अगाडिगरी एस.एम.जी.लाई भिरेर पौचमा भएको जगेडा म्याग्जिन र एम्युनेसन निकाली अगाडि देखाउन तयार हुनु पर्दछ र जाँचने व्यक्ति फेरी एम्युनेसन चेकगर्न आउँछ र चेकगरी सकेपछि अन्त्यमा यसको आदेशहुन्छ सिसपौच कार्रवाही यसमुताबिक गर्नु दुबैहातकाटनु,जगेडा म्याग्जिन र राउण्डलाई पौचमा राख्नु,पौचको भुन्टी लगाउनु, हात काटनु, र एस.एम.जी. लाई झिकेर र्सतक पोजिशनमा उभिनु ।

दोहोर्याई :- एस.एम.जी. को विशेषताबाट ।

उद्देश्य :- ९ एम.एम. एस.एम.जी.को परीचय खोल्नु, सफाई र जोड्नेको तरिका सिकाउनु हो । २

सामान :- एस.एस.जी., म्याग्जिन, व्युनेट, तेल, टल्ली, पुल्थ्रो, रड, ग्राउण्डसिट र अन्य आवश्यक अनुसारको सामान भएको हुनु पर्दछ ।

वयान :- सम्झनुहोस् यो एक ब्लो ब्याग एक्सनबाट चल्ने सि.क्यू.बि.कमाण्डरको पर्सनल हतियार हो । यसको व्यारल छोटो भएकोले सुरक्षा सम्बन्धी बढि ध्यान दिनु पर्दछ र यस हतियार लाई सफा र हिफाजत संग राखेको छ भने कमै मात्रामा रोक पर्दछ र हरेक व्यक्तिले एस.एम.जी.र सि.एम.जी.को परिचय, खोल्न, सफाई जोड्न जानेको छ भने परेको वेलामा दुरुस्तीका साथ काम हासील गर्न सकिन्छ । पाठ तर्तिवार सबैभन्दा पहिला .....।

तर्तिव नं १ एस.एम.जी.को परीचय :- सम्झनुहोस यो एस.एम.जी.हामी लाई मित्रराष्ट भारत बाट २ किसीमको हतियार प्राप्त भएको छ एस.एम.जी.र सि.एम.जी.यि दुइ हतियार लाइ चिन्नको लागी बढीमा लेखिएको एस.एम.जी.-सब मेशिन गन) र सि.एम.जी. -कार्रवान मेशिन गन) पढेर चिन्न सकिन्छ वा एस.एम.जी.मा भएको दुई वटा शेरको नोख लाई हेरेर चिन्न सकिन्छ । सि.एम.जी.बाट धेरै एक्सीडेन्टल फायर भएको हुदा यसमा एडिसनल शेर राखेर एस.एम.जी.बनाएको छ ।

एस.एम.जी.लाई चिन्नेको तरिका :-

१. आर्श्रलबाट काटि आएको बडी नं. बाट ।

२. युनिट वा सब युनिटले राखेको बन्दोवस्ती नं. बाट ।

३. हतियारको बनावट बाट र यसमा प्रयोग भएका काठ वा प्लाष्टिकको रङबाट ।

एस.एम.जी.लाई निम्न चिजबाट वचाउनु पर्दछ :-

क. आगो ख. पानी ग. कडा जमिन वा बस्तु बाट घ. धुलो र बालुवा बाट

तर्तिव नं. २ खोल्नेको तरिका :- सम्झनुहोस् यस हतियारलाई पनि खोल्नु भन्दा पहिला निरिक्षण गर्नु पर्दछ । निरिक्षण गर्ने तरिका अगाडि सिकी सक्नुभएको छ । यस हतियारलाई पनि अरु हतियार सो सरह ५ ग्रुपमा नै खोलिन्छ । निरिक्षण गर्दा निकालेको म्याग्जिन यदि तत्कालै खोल्नु छ भने जोडनु आवश्यक छैन त्यसकारण दाया वा बायाबाट मिलाएर राख्ने त्यस पछाडी व्यूनेट क्याँच दबाउदै ब्युनेट निकाल्ने, ब्यूनेटलाई स्काईभरबाट अलगगर्ने सिलिङ्ग निकाली बढी क्याँप निकाल्ने चालावालापुर्जा निकाल्ने बटलाई भाँचेर बढी ग्रुपलाई मिलाएर राख्ने ,यसको ग्रुप निम्न छन् ।

१) म्याग्जिन ग्रुप

२) व्यूनेट गुप

३) बढी क्याप गुरप

४) चालवालापर्ूजा ग्रुप

५) बडी ग्रुप

१) म्याग्जिन ग्रुप :- म्याग्जिन केस, म्याग्जिनप्लेट, प्लेट बटन, राउण्डरोलर, गोलोस्प्रिङ्ग, दिवार म्याग्जिन, म्याग्जिन लकस्टुट, बुलेट गाइड

२) व्यूनेटगुरुपः- स्काईभर, स्काईभर स्टुड, माउथ पिस स्क्रुप, माउथपिस, माउथपिस स्प्रिङ्ग, व्यूनेट, नोख, व्युनेट धार, वाइड रेसेस, क्रस पिस, विनेट रिङ्ग, केरीङ्ग लुप, व्यूनेट क्याच, रेसेस फर विनेट लक, हेण्डग्रिप, पोमेल ।

३) बढी क्याप ग्रुपः -सिलिङ्गहुक ,सिलिङ्गकडी, सुवेलकडी, पिवटलक , र्राईट सोल्डर, लेफ्टसोल्डर, बढीक्याँप स्टुट, डरनेज होल ।

४) चालवाला पुर्जा ग्रुप :- ककिङ्गहेण्डल, बृजब्लक, फिटपिस, फायरिङ्गपिन, (फिक्स निपलर्टाईप) एक्स्टेक्टर, ककिङ्ग बेण्ड, बृजफेसर्,र् इजेक्टर रेसेस, सेफ्टी सोलोप, सेफ्टीस्लोट, ककिङ्गह्याण्डल वे, सेन्टरस्लीप, सेन्टरपिन -प्लन्जर) सेन्टरपिन स्प्रिङ्ग, थमबेश, हेलिकल रिप्स, -बडीमा घिसीन दिदैन र धुलो फाल्छ) मेन गाईड, स्मालस्पिङ्ग, स्प्रिङ्ग सटर क्याँप, लार्जस्प्रिङ्ग ।

५) बडी ग्रप :- ९एम.एम.कुत्तर, र्सट सकेट हेड स्क्रुप, (एजटिङ्गस्क्रुप) डरनेज होल, फ्रण्टसाइट ब्राकेट, फ्रण्ड, साईड टिप, बेड, डोपटेल सेट स्क्रुप घ्रब् नं.६, व्यूनेट स्टड, व्यारल, व्यारलसकेट, व्यारलकेश, फ्रण्ड हेण्डगार्ड, इजेक्सन वेर्,र् इजेक्टर, रियरगार्ड, ककिङ्गपीस वे, ककिङ्ग पीस रेसेस, व्याक साईड ब्राकेट, व्याक साईड लिफ, पेस्तोनग्रिप, एक्सन मेकानिजम लकिङ्ग पिन, चेन्जलिभर, क्च्ब्, ट्रेगर, शेर, एडिशनलशेर, ट्रेगरगार्ड, म्याग्जिन वे, म्याग्जिन क्याँच, बडी क्याप क्याँच, बडीक्याप लकस्टुट वे , एक्सीस पिन, स्टाथिङ्ग पिस, पिबट, बटप|m्रेम, पाईपरड, पाईपरड स्टुट, बटप|m्रेम फोल्डीङ्ग क्याँच, वटप्लेट, रेसेस फर बढी क्याप स्टुट वे ।

तर्तिव ३ तर्तिव नं. २ सफाई गर्ने तरिका :- एस.एम.जी.लाई ४ तरिकाबाट सफा गर्न सकिन्छ ।

१. आम सफाई :- बाहिरी धुलोमैलो पुछने र साधारण पुछपाछ गर्ने ।

२. हप्तावरी सफाई :- डिटेल रुपमा हप्तामा १ पटक गरीने सफाई

३. फायरिङ्ग गर्नुभन्दा अगाडिको सफाई :- फायरिङ्ग गर्नुभन्दा पहिला गरिने सफाई पुरानो तेल हल्का पुछने ।

४. फायरिङ्ग पछिको सफाई :- फायरिङ्ग गरिसकेपछि ग्याँस वडी जम्मा हुने भएकोले डिटेल रुपमा सफा गर्नु पर्दछ । यदि समय छ भने पानी उमालेर व्यारल मा हाली सफा गरिन्छ अन्तमा तेल लगाएर राखिन्छ ।

एस.एम.जी.लाई सफागर्दा प्रयोग हुने तेलको प्रकार

१. साधारण इलाकामा :- ४° भन्दा माथीको तापक्रममा OX 52 वा AOil

२. हिमाली इलाकामा :-

क) ४° देखि -१८° तापक्रममा OX 13 वा लो कोल्ड टेष्ट आयल

ख) १८° देखि -४०° तापक्रममा OX 13 र सुपर केरोसिन (1:1) बराबर मिलाएर प्रयोग गरिन्छ।

ग) ४०० देखि -५०० तापक्रममा OX 13 २ भागर ३ भाग सुपर केरोसिन (2:3) मिलाएर प्रयोग गरिन्छ ।

३. गर्मी इलाकामा ग्राफाईट ग्रिज

४. मरुभूमी इलाकामा ड्राई क्लियरिङ्ग सल्फेट पाउडर

यसमा प्रयोग हुने टल्लीको स्केल

क) व्यारलको लागि सुख्खा टल्ली ४ दर्वे ३" -१०x७.५ सि.एम.)

ख) व्यारलको लागी तेल टल्ली ४ दर्वे २" -१०X५ सि.एम.)

तर्तिव नं.४ जोड्नेको तरिका : सोहि काम म कसरी गरेर देखाउछु बयानको साथ नमुना पछि तपाईले गर्नुपर्नेछ कलास देखको लागी त्यसै ठाउ आफु निलिङ्ग पोजिशनमा गएर बयान गदै जोड्ने जोड्दा सबै भन्दा पहिला खोलेको किल्ला पुर्जालाई पछाडी र सबैभन्दा पछाडी खोलेको पुर्जालाई अगाडि जोडिन्छ जोडी सकेपछि निरीक्षण गर्नुपर्दछ ।

नोट :-

१, म्याग्जिन, स्काईभर, व्युनेट, बढीक्याँप, ककिङ्गपिस, वृज, स्प्रिङ्ग, बढीग्रुप घोप्टो पारेर राख्रे,

२, सेन्टर पिनको कामः- ककिङ्गपिस लाई रोक्ने, सेन्टरस्लिपमा मेन गाईडर लाई ठोकीन बाट बचाउने,

३, व्याँक साईड लिफको १ ले १०० गज २ ले २०० गज जनाउछ ।

संक्षेप १. मिनतवर

२. मोटामोटी

३. प्रश्न उत्तर

९ मि.मि.एस.एम.जी.लेशन-२

शुरुको काम :- जवान हतियारको निरिक्षण र गुरपको बाँडफाँड ।

दोहोर्याई :- खोल्नु र जोड्नु बाट लिने ।

उद्देश्य : म्याग्जिन मा भर्नु एस.एम.जी मा भर्नु खालि गर्नु ,लैजानु र रेडीबाट फायर गर्ने को तरिका सिकाउनु हो । २

सामान :- एस.एम.जी.म्याग्जिन, ड्रिल लराउण्ड, बालराउण्ड, ग्राउण्ड सिट, क्लासको दहिना २५ गज टाढा फिगर ११ तार्रर्गेट गाडिएको हुनुपर्दछ ।

वयान : सम्झनुहोस फौजिको जिन्दगी जति निसाना मा भर पर्दछ त्यतिकै पाएको समयलाई खेरा नफालि म्याग्जिनमा भर्न एस.एम.जी.मा भर्न खालि गर्न लैजान र फायर गर्ने जानेको हुनुपर्दछ यदी जानेको छ भने परेको वेलामा दुरुस्तीको साथ काम हासील गर्न सकिन्छ । पाठ तर्तिवार सबैभन्दा पहिला.....।

तर्तिव नं. १ म्याग्जिनमा भर्ने को तरिका :- म्याग्जिनमा भर्नु भन्दा पहिला राउण्डको परिचय र सफाई ।

यो राउण्ड ९मि.मि. ह्र १९ मि.मि.लाईफ राउण्ड हो यो राउण्ड हामीलाईमित्र राष्ट्रभारतबाट र नेपालको सुन्दरीजल बाट प्राप्त हुन्छ । यो राउण्ड प्याकभएर आउदा सानो कागजको प्याँकमा -पकेटमा) ३५ राउण्ड ठुलो कागजको प्याँकमा ५० राउण्ड प्याँक भएर आएकोे हुन्छ भने टिनको बाकसमा ११२० र

२००० राउण्ड प्याक भई आएको हुन्छ । यस राउण्डको पुरा वजन ११.९२±०.६५ ग्राम, बुटेलको वजन ७.४५१±०.१३ ग्राम, खोकाको वजन ४.०७९ ग्राम र बारुदको वजन ०.३९ ग्राम -नाइट्रो सिलुलेट र क्रोर्डाईट बारुद हुन्छ), राउण्डको लम्बाई अधिकतम २९.६९ न्यूनतम २८.९० मि.मि. । भारत बाट आएको राउण्ड कागजको प्याकेटमा ३५ र टिनको बाकसमा -३२प्याकेट) ११२० राउण्ड हुन्छ भने नेपालबाट आएको राउण्डमा कागजको प्याँकेटमा ५० र टिनको बाकसमा (४०प्याकेट) २००० राउण्ड प्याँक भएर आएको हुन्छ ।

राउण्ड सफाई गर्दा ध्यान दिनु पर्ने कुराहरु :- राउण्ड सफा गर्ने तरिका सिकाउनु भन्दा पहिला राउण्ड सफाई गर्दा ध्यान दिनु पर्ने कुराहरु :-

१. टेडामेडा राउण्ड भए अलग गर्ने ।
२. राउण्डको प्रक्युशन क्यापमा चोट मारेको छ भने अलग गर्ने ।
३. सफाई गरेको राउण्ड सफा ठाउँमा राख्ने ।
४. मोटा राउण्ड भए अलग गर्ने ।
५. वडिमा कुच्चिएको राउण्ड छ भने अलग गर्ने ।
६. सफाई गर्दा एक अर्कामा घषर्ण नगर्ने ।

सम्झनुहोस हामीलाई यी दुई देशबाट राउण्ड प्राप्त हुँदा गर्मि, सर्दी, पानी र धुलो बालुवाबाट बचाउनको लागि राम्रोसंग प्याँक भएर आएको हुन्छ तर फौजी कार्वाहीको सिलसिलामा राउण्डलाई एक ठाउँबाट अर्को ठाउँमा लैजादा पानीले भिजी खिया लाग्ने, धुलोमा खसी फोहर हुने भएको हुँदा उक्त राउण्डलाई भर्नु भन्दा अगाडी सफा गर्न अत्यन्त जरुरी छ । त्यसैले हामी संग प्रसस्त मात्रामा समय छ भने एक एक गरी राउण्ड सफा गर्न सकिन्छ । यदि समय नभएको वेला राउण्डलाई टल्लीमा विपरित वुलेट पारेर बेर्नु पर्दछ ताकि एक अर्कामा घषर्ण नखाओस् ।

म्याग्जिन भर्दा ख्याल राख्नु पर्ने कुराहरु :-

१. म्याग्जिनको क्षमता थाहा हुनुपर्दछ ।
२. राउण्ड भर्दा गन्ती गरेर भर्नुपर्दछ ।
३. राउण्ड भर्दा जमिनमा खसेमा दोवरा सफा गर्नुपर्दछ ।
४. तुरुन्त फायर गर्नु छैन भने अन्तिम राउण्ड मा चिनो लगाउनु पर्दछ ।

म्याग्जिनको तसलि :-

के म्याग्जिन राउण्ड भर्नको लागि तयार छ ? राउण्ड रोलरले काम गर्छ, ? म्याग्जिन स्प्रिङ ठिक छ ? म्याग्जिनको बडी कुच्चीएको त छैन ? म्याग्जिन प्लेट स्टुड भए नभएको एकिन गर्ने ?

म्याग्जिनमा भर्ने तरिकाः- बाँया हातले म्याग्जिन समाती बुलेट गाईडलाई आफू तर्फपारी समाल्ने र कुनै पनि गद्दावाला भागमा वा वुटको नोखमा राखी दाहिना हातले आवश्यक राउण्ड लिनु र दुबै हातको बुढि औलाको सहायताले म्याग्निमा राउण्ड राखी तल तिर प्रेस गर्नु ।

खालि गर्ने तरिका :- वुलेट गाईडलाई जमिनतर्फपारी दाहिना हातको बुढी औलाको सहायतालेे मकै छराएझै गरी खाली गर्न सकिन्छ । तर राउण्ड भर्दा हतियार कलासबाट अलग गरि सबै शिक्षार्थीलाई हातमा म्याग्जिन लिन लगाई आफुले वयान गर्दै कार्रवाहि गर्न लाग्ाउने ।

तर्तिव न. २ एस.एम.जी मा भर्नेको तरिका :-

एस.एम.जी.मा भर्दा आफु क्लासको वायाँ साईडमा गई सबै भन्दा पहिला झिक एस.एम.जी को कार्वाहि गराउने, झिक एस.एम.जि को कार्वाहि भईसकेपछि भर पोजिसन को आदेसमा कार्वाहि यस तरिकाले गर्नु सबै भन्दा पहिला २२.½० को एंगल मा भएको एस.एम.जी लाई ४५० को एंगलमा लानु वाया खुट्टा आबश्यक अनुसार खोल्नु र वाया हातले ब्यारल सपोटमा समाल्नु दहिना हातले पेस्तोनग्रिपमा ३ हिस्सा गरि समाल्नु पर्दछ । भर को आदेशमा गन्ती १ मा पौचको भुन्टी खोल्नु, गन्ती २ मा म्याग्जिन क्याँचलाई दबाउदै खाली म्याग्जिन निकाल्ने गन्ती ३ मा पौंचमा राख्ने, गन्ती ४ मा पौचबाट भरेको म्याग्जिन झिक्ने गन्ती ५ मा एस.एम.जी मा जोड्ने गन्ती ६ मा पौचको भुन्टी लगाउने गन्ती ७ मा वायाँ हातले व्यारल सपोटमा समातेर बस्ने ।

खाली गर्नेको तरिका :- खाली गर भन्ने आदेशमा सबै भन्दा पहिला गन्ती १ मा पौचको भुन्टी खोल्ने गन्ती २ मा म्याग्जिन क्याँच दबाउदै भरेको म्याग्जिन उतार्ने गन्ती ३ मा भरेको म्याग्जिन पौचमा राख्ने गन्ती ४ मा चेन्ज लिभरलाई ब् वा च् मा लगि चाल वाला पर्ूजालाई पछाडि गरी चेम्बरमा हेर्ने यदि चेम्बर किलियर छ भने चालवाला पुर्जा पुनः अगाडि लैजाने गन्ती ५ मा चेन्ज लिभरलाई A वा R पोजिशनमा लैजाने गन्ती ६ मा खाली म्याग्जिन एस.एस.जी.मा जोड्ने गन्ती ७ मा पौचको भुन्टी लगाउने र एस.एम.जी.लाई सतर्क पोजिशनमा राख्ने ।

तर्तिव नं. ३ :- एस.एम.जी.लाई लैजाने तरिका :-

सम्झनुहोस यस एस.एम.जी लाई तीन तरिकाबाट लैजान सकिन्छ ।

१) सिलिङ्ग आर्म पोजिशन २) माला पोजिशन ३) त्रियल आर्म पोजिशन

१) सिलिङ्ग आर्म पोजिशन :- यो पोजिशन पनि दुई तरिकाको हुन्छ ।

क) दाया सिलीङ्ग आर्म पोजीशन :- यदि शान्तिको समय छ भने टाढा टाढाको रुट मार्च पट्रोलिङ्ग जाँदा सिलिङ्गलाई दाँहिना काधमा भिरी म्याग्जिन लाई पछाडी ढाडमा सेपेको र दाँहिने हातले तल बटमा २ हिस्सा पारी समातिएको हुनु पर्दछ यतीबेला वायाहात स्वतन्त्रहुन्छ यो आरामदाहिक पोजिशन हो । २. दुश्मनको खर्तनाकर् इलाका वा दुश्मन संग भेटहुने सम्भावित इलाका छ भने त्यो समयमा एस.एम.जी.को सिलिङ्गलाइ लामो बनाई दाहिना काँधमा भिर्ने तर त्यतिवेला एस.एम.जी.को बट काखीमुनि र ब्यारल अगाडि तर्फफर्केको हुनुपर्दछ । यो समयमा वाँया हातले ब्यारल सपोटमा दाहिना हातले पिस्टनग्रिपमा समातेको हुनुपर्दछ । ताकि दुश्मन देखा पर्नासाथ तुरुन्त फायर गर्न सकियोस् ।

ख) वाया सिलीङ्ग आर्म पोजीशन :- यदी हामी एस.एम.जी.लिएर एडभान्स भै रहेको बेला बाटोमा कुनै अव्स्टयाल आएमा वा कुनैपनि चिजमा झुण्डीनुपरेमा यो पोजिशन तयार गरीन्छ यस समयमा हतियारको सिलीङ्ग आवश्यकता अनुसार खोली सिलीङ्गलाई टाउको बाट भित्र छिर्राई वायाकाधमा भिरी म्याग्जिन ढाडमा सेपिएको हुनुपर्दछ यस अवस्थामा दुबैहात स्वतन्त्र हुन्छ । २. दुश्मनको खर्तनाकर् इलाका वा दुश्मन संग भेटहुने सम्भावित इलाका छ भने त्यो समयमा एस.एम.जी.को सिलिङ्ग लाइ लामो बनाई दाहिना काँध थाकेमा वाया काधँमा भिर्ने तर त्यतिवेला एस.एम.जी.को बट काखीमुनि र ब्यारल अगाडि तर्फफर्केको हुनु पर्दछ । यो समयमा वाँया हातले ब्यारल सपोटमा २ हिस्सापारी समाएको दाहिना हातले पिस्टनग्रिपमा ३ हिस्सापारी समातेको हुनुपर्दछ । ताकि दुःश्मन देखा पर्नासाथ तुरुन्त फायर गर्न सकियोस् ।

२) माला पोजिशन :- यो पोजिशनमा एस.एम.जी.लाई फुलको माला लगाए जसरी सिलिङ्गलाई लामो गर्राई काँधमा भिर्ने यतिबेला एस.एम.जी. छातिको लाईनमा होस् दाहिना हातले तीन हिस्सा पारी पेस्तोनग्रिपमा समात्ने र वाँया हातले २ हिस्सा पारी व्यारल सपोटमा समात्ने । यो पोजिशन झाडी जंगल वा टुटीफुटी जंगलमा हिड्दा प्रयोग गरिन्छ । किनकी यति बेला दुबै हात चलाउन सजिलो हुन्छ । साथै अचानक निस्केको दुश्मनलाई एम गरी छिटो वर्वाद गर्न सकिन्छ ।

३) त्रियल आर्म पोजिशन :- यो पोजिशन वाधा पार, टुटीफुटी इलाका, खोल्सा, खाल्सी पार गर्नु परेमा वा दौडदा प्रयोग गरिन्छ । यो पोजिशन एस.एम.जि. लाई ३ हिस्सा पारी ककिङ्ग पिसलाई चोरीऔला र माझी औलाको बीचमा पारी माथिबाट समाउनु पर्दछ ।

-फायर गर्नु भन्दा पहिला टोलीलाई डिटेल नम्बर र तार्गेट नम्बरमा विभाजन गरी फायरिङ्ग ड्रिल गराउनु पर्दछ)

तर्तिव नं. ४ रेडीबाट फायर गर्ने तरीका :- रेडीबाट फायर गर्नेको तरिका सिकाउनु भन्दा पहिला रेडीको कार्रवाही :- रेडीको कार्रवाही गर्दा सबै भन्दा पहिला भरेको म्याग्जिन जोडीे चेन्ज लिभरलाई च् अथवा ब् पोजिशनमा लैजानु र कक गर्नु यति बेला कलमी औला टेगर गार्ड भित्र साईड खडा गरेको यसैलाई रेडी एस.एम.जी.भनिन्छ ।

फायर २ तरीकाबाट गरिन्छ :-कार्रवाहीको बेलामा विभिन्न पोजिशनबाट फायर गरेता पनि सिक्लाईको दौडानमा २ पोजिशन तयार गरी फायर गरिन्छ ।

(क) स्टाण्डीङ्ग पोजिशन (ख) हिप पोजिशन

(क) स्टाण्डीङ्ग पोजिशन :-

स्टयाडिङ्ग पोजिशन प्रयोग गरी फायर गर्दा बायाँ गोडालाई अगाडि तर्फखुम्चाउने, दाहिना गोडा पछाडि तन्कीएको होस् यति बेला वाँया हातले व्यारल सर्पोटमा २ हिस्सा पारी - ग्) सोलिआकारमा समात्ने दाहीने हातले पस्तोन ग्रिपमा ३ हिस्सा पारी समात्ने, हतियारको वटलाई काँधमा सेपेको यो पोजिशन दुश्मन टाढा वा १०० गजको रेन्जमा देखा परेमा वा माला पोजिशनमा हिडिरहेको अवस्थामा प्रयोग गरिन्छ । यतिबाट चेन्ज लिभर च् पोजिशनमा राखी ताकी ताकी सिंङ्गल सर्ट फायर गरिन्छ ।

(ख) हिप पोजिशन :-

यो पोजिशनमा वाँया खुट्टा अगाडि पुरा खुम्चीएको र दाहिना गोडा पछाडि पुरा तन्कीएकोे वायाँ हातले व्यारल सपोटमा २ हिस्सा पारी समात्ने र दाहिना हातले पेस्तोनग्रिपमा ३ हिस्सा पारी समाउनु पर्दछ फायर गर्दा एस.एम.जि.को बटलाई कुले हड्डीमा सेप्ने । यो दुश्मन नजिक भन्दा नजिक गुथम गुथ्था आएमा प्रयोग गरिन्छ यति बेला चेन्ज लिभर ब् मा राखी व्रष्ट फायर गरीन्छ । दुस्मन अगाडि, पछाडी दाहिना बाँयावाट पनि आउन सक्छ । यतिबेला दाहिना वाँया अगाडि पछाडी फर्कदा व्यारललाई आकाश तर्फर बाँया खुट्टालाई खम्बा मुताविक राखी दाहिने खुट्टाले मात्र हर्कत गर्नु पर्दछ ।

यदीफायरीङ्ग रेन्जमा फायरीङ्ग गरीरहेको बेला राउण्ड सकिएमा निलीङ्ग पोजीशन मा जानु ट्रेगर बाट औला बाहिर निकाल्नु च् वा ब् पोजिशनमा भएको चेन्जलिभर लाई क् पोजिशनमा लैजानु म्याग्जिन क्याँच दबाउदै म्याग्जिन निकाल्नु यतिबेला चालवालापर्ूजा पछाडी होस । चेक चेम्वर रिपोट भन्छभने वायाँहात ले म्याग्जिन समाउनु र दायाहात ले एस.एम.जी.लाई पेस्तोनग्रिपमा समाईर् इजेक्शन वे लाई आकाश तर्फ पारी म्याग्जिन र च्याम्बरमा हेरी.....हतियार ठिक भन्ने खाली गर भन्छभने चालवाला पुर्जा अगाडी गरी चेन्जलिभर लाई क् पोजिशनमा राखी हतियार म्याग्जिन भर्ूइमा -भिरेर) राखी तार्गेट चेक गर्न जाने ।

मेक सेफ गर्नु पर्ने अवश्थाहरु :-

१. फाइरिङ्ग गर्दा गर्दै फायरिङ्ग रेन्जमा जिवित प्राणि देखा परेमा ।
२. फायरिङ्ग रेञ्ज बदली गर्नु परेमा वा दुश्मनले आफ्नो पोजिशन थाहा पाएमा ।
३. लामो लामो पट्रोल जाँदा र आइसकेपछी ।
४. बटघर बाट रातो झण्डा देखाएमा ।
५. कमाण्डरको आदेश आएमा ।

तर्तिव नं. ५ मेकसेफ गर्ने तरिका :- मेकसेफ २ तरिकाबाट गर्न सकिन्छ :

(१) खाली एस.एम.जी. (२) भरेको एस.एम.जी.

खाली एस.एम.जी.मेकसेफ :- खाली एस.एम.जी.वाट मेकसेफ भन्नेआदेश आएमा सबै भन्दा पहिला पौचको भुन्टी खोल्नु र म्याग्जिन क्याँच दवाउँदै म्याग्जिन उतार्नु चेन्ज लिभर लाई च् वा ब् पोजिशनमा लगि २/३ पटक कक गर्नु र ट्रेगर दवाउनु र चेन्जलिभर क् एयकष्तष्यल मा राखी भरेको म्याग्जिन जोड्नु ।

भरेको एस.एम.जी.मेकसेफ :- भरेको एस.एम.जी.वाट मेकसेफ भन्नेआदेश आएमा सबै भन्दा पहिला पौचको भुन्टी खोल्नु भरेको म्याग्जिन उतार्नु चेन्ज लिभर लाई च् वा ब् पोजिशनमा लगि २/३ पटक कक गर्ने ट्रेगर दवाउनु चेन्जलिभर S पोजिशन मा राखि भरेको म्याग्जिन जोड्नु ।

नोटः- अर्पण शस्त्रयदी दाहिना सिलीङ्ग आर्म गरेको बेला एस.एम.जी.बाट अर्पण शस्त्र गर्न सकिन्छ । गन्ती १ मा ४५° एगलमा भएको एस.एम.जी.लाई वाया हातले व्यारल सकेटमा समाउनु गन्ती २ मा पेस्तोनग्रिप मा समाएको दाहिना हातले बटमा समाउनु गन्ती ३ मा दाहीना खुट्टालाई पछाडी ल्याएर टेक्नु एस.एम.जी.लाई ९०° को एंगलमा लैजानु एक साथ हुनुपर्दछ

साथ शस्त्रः- गन्ती १ मा दाहीना खुट्टालाई अगाडी ल्याएर टेक्नु एस्.एम.जी.लाई ४५° को एंगलमा लैजानु एक साथ हुनुपर्दछ । गन्ती २ मा बटमा समाएको दाहिना हातले पेस्तोनग्रिपमा समाउनु गन्ती ३ मा वायाँहात लाई चट्क कोसाथ र्सतक पोजिशनमा ल्याउनु ।

संक्षेप- १. मिनतवर २. मोटामोटी ३. प्रश्न उत्तर

९ मि.मि. एस.एम.जी. लेशन - ३

शुरुको काम :- जवान हतियारको निरीक्षण र ग्रुपको वाँडफाँड ।

दोहोर्याई :- भर्नु र खाली गर्नुबाट लिने ।

उद्देश्य :- एस.एम.जी.को चाल रोक र रोकलाई हटाउने तरिका सिकाउनु हो । २

सामान :- २ वटा एस.एम.जि.एउटा पुरा खोलेको र अर्को रेडी पोजिशनमा भएको ,म्याग्जिन, डिल राउण्ड,बाल राउण्ड,फायर भएको खोका,रड ,ग्राउण्डसिट,क्लासको दाहिना, २५ गजटाढा फिगर ११ तार्गेट गाडिएको हुनुपर्दछ ।

वयान :- सम्झनुहोस एस.एम.जी.लाई सफा र हिफाजतसाथ राखेको छ भने कमै मात्रामा रोक पर्दछ । यदि रोक परिहाले पनि एस.एम.जी.को चाल रोक र रोकलाई हटाउन जानेको छ भने परेको वेलामा दुरुस्तीका साथ काम हासील गर्न सकिन्छ । पाठ तर्तिवार सबैभन्दा पहिला .....।

तर्तिव नं. १ एस.एम.जि.को चाल :-सम्झनुहोस सिक्न र सिकाउन सजिलो होस भन्नको लागी एस.एम.जी.को चाललाई दुई भागमा बिभाजन गरीएको छ पछाडी को चाल र अगाडी को चाल)

एस.एम.जी.को पछाडी को चाल :-चाल बताउनु भन्दा पहिला चालगर्ने किलापुर्जा को नाम :-फायर भएको ग्यास, खोका, चालवालापुर्जा, एक्स्टेक्ट्रर इजेक्ट्रर्र इजेक्शन वे , लार्जस्प्रिङ्ग, बृजब्लकको पछाडी को भाग, बढीक्याँप, लार्जस्प्रिङ्ग, शेरको नोख, ककिङ्ग बेण्ड,

एस.एम.जी.को पछाडी को चाल :-गोलीफायर हुन्छ प्रस्रस्तमात्रमा ग्याँस पैदाहुन्छ केहि ग्याँसले गोलीको बुलेडलाई आफुले तोकेको मनासररेन्ज सम्म पुर्याउन मद्दत गर्छ भने केहि ग्याँस ले फायर भएको खोकालाई पछाडी तर्फ धकल्दछ चालवालापुर्जा आफ्नो स्प्रिङ्गलाई खुम्चाउदै पछाडी तर्फ हर्कत गर्दछ यतिबेला बृजब्लकमा भएको एक्स्ट्रेक्टर को काम छ फायर भएको खोकालाइ मुखमा च्यापी पछाडी ल्याउनु याहाँ सम्म ल्याउछ की जब सम्म बाटो मा इजेक्ट्रर फेला पदैन र् इजेक्ट्रर फेला पर्नासाथ इजेक्ट्रर को काम छ फायर भएको खोकालाई इजेक्शन वे को बाटोगरी जमिन तर्फ फाल्नु चालवाला पुर्जा आफ्नो हर्कत पुरा गर्न पछाडी हटि नै रहन्छ याहा सम्म हट्दछ कि जवसम्म लार्ज स्प्रिङ्गपुरा रुपले खुम्चदैन वा - वृज) चालवालापुर्जाले रिटानिङ्ग क्यापमा ठक्करखादैन चालवालापुर्जाले रिटानिङ्ग क्यापमा ठक्करखाना साथ स्प्रिङ्गको ताकतले चालवालापुर्जा पुन अगाडी वढ्दछ यतिबेला बाटोमा शेरको नोख उठेर बसेको हुन्छ शेरको नोख र ककिङ्ग बेण्डको मिलाप हुन्छ चालवालापुर्जा पछाडी रोकीन्छ ।

एस.एम.जी.को अगाडी को चाल :- चालबताउनु भन्दापहिला चालगर्ने किलापुर्जा को नाम :-रेडी एस.एम.जी.ट्रेगर, शेरकोनोख, ककिङ्ग बेण्ड, बृजब्लकमा भएको फिटपिस, म्याग्जिनको पहिलो राउण्ड, बुलेड गाईड, च्याम्वर, एक्स्ट्रेक्टर, फायरीङ्गपिन, गोलीको पिन्धी,

एस.एम.जी.को अगाडी को चाल :-

जव पनि रेडी एस.एम.जी.लाई फायररले ट्रेगर दवाउछ भने ककिङ्ग बेण्ड र शेर को नोख को मिलाप छुट्छ चालवालापुर्जा अगाडी जान्छ यतिबेला वृजब्लकमा भएको फिटपिस को काम छ म्याग्जिनमा भएको पहिलो वाला राउण्ड लाई बुलेड गाईडको सहायता ले च्याम्बरमा दाखिला गर्नु जव सम्म गोली चेम्बरमा ०.०२८" देखि ०.०१८" फिट हुन बाकी रहदैन तब सम्म एक्स्ट्रेक्टर ले टोक्दैन -एक्स्ट्रेक्टर गोलीको पिन्धीमा समाउदैन) फायरीङ्ग पिनले चोट मारदैन गोली फायर हुन्न यसैलाई भन्निछ **सेफ्टी मेकानिजम** जब राउण्ड ०.०२८" देखि ०.०१८" च्याक्वरमा फिट हुन बाकी रहन्छ तब मात्र एक्स्ट्रेक्टर ले टोक्नु फायरीङ्गपिन ले ठोक्नु गोलीफायर फायर हुन्छ । -फायर भएपछि पनि चालवाला पुर्जा अगाडी बढि नै रहन्छ ०.००३" च्याम्वरमा फिट हुन बाकी हुदा चालवाला पुर्जा पुनः पछाडी हट्न सुरु गर्छ) यहि आएर अगाडी को चालपुरा हुन्छ ।

तर्तिव नं २ एस.एम.जी. मा पर्ने रोकहरु

१. **खाली म्याग्जिन :-**

एस.एम.जी ठीक फायर गर्छ २/४ राउण्ड पछि रोक्छ भने सबैभन्दा पहिला स्टपेच पुकार्नु , कलमी औलालाई ट्रेगरबाट बाहिर निकाल्नु चेन्जलिभर S पोजिशनमा लैजानु निलिङ्ग पोजिशनमा जानु, एकसाथ हुनु पर्दछ । त्यस पछि कार्रवाही यस मुताबिक गर्नु सबै भन्दा पहिला म्याग्जिनक्याँच दबाउदै म्याग्जिन उतार्नु, म्याग्जिन हेर्नु, राउण्ड छैन चेन्जलिभर R वा A मा लगी कक गर्नु चेम्वरमा हेर्नु चेम्वरमा पनि राउण्ड छैन भएछ रोक खाली म्याग्जिन पूनः भरेको म्याग्जिन जोड्नु फेरी पहिलाकै पोजिशनमा गई फायरको कार्रवाही जारी राखु ।

२. **अनफिट म्याग्जिन :-**

एस.एम.जि. शुरुमै फायर गदैन अथवा फायर गर्दागर्दै रोक्छ भने कार्वाही यसमुताबिकगर्नु सबै भन्दा पहीला स्टपेच पुकार्नु, कलमी औलालाई ट्रेगरबाट बाहिर निकाल्नु चेन्जलिभर S पोजिशनमा लैजानु र निलिङ्ग पोजिशनमा जानु एकसाथ हुनु पर्दछ । त्यस पछिको कार्रवाही यस तरिकाले गर्नु सबै भन्दा पहिला म्याग्जिन क्याँचलाई दवाउँदै म्याग्जिन उतार्न खोज्नु तर म्याग्जिन क्याँच नदवाउँदै म्याग्जिन हातमा आउँछ । भएछ रोक अनफिट म्याग्जिन पुनः भरेको म्याग्जिन जोडी -फिट) कक गर्नु फेरी पहिला कै पोजिशनमा गई फायरको जारी राखु ।

३. **मिस फायर :-**

एस.एम.जि. ठिक फायर गर्छ , ठिक फायर गर्छ २/४ राउण्ड पछि रोक्छ भने सबैभन्दा पहिला स्टपेच पुकार्नु, कलमी औलालाई ट्रेगरबाट वाहिर निकाल्नु चेन्जलिभर S पोजिशनमा लैजानु र निलीङ्ग पोजिशनमा जानु एकसाथ हुनुपर्दछ । त्यसपछिको कार्रवाही यस तरिकाले गर्नु सबै भन्दा पहिला म्याग्जिन उतार्नु म्याग्जिनमा हेर्नु, राउण्ड छ चेन्जलिभर R वा A मा लगी, कक गर्नु चेम्वरबाट एक राउण्ड भुइमा खस्छ । राउण्डको पिन्धीमा हेर्नु चोट मारेको छ । भएछ रोक मिस फायर पुनः भरेको म्याग्जिन जोडी फायरको जारी राख्ने ।

४. **वडीमा लत्रेको राउण्ड :-**

एस.एम.जी. ठिक फायर गर्छ ठिक फायर गर्छ २/४ राउण्ड पछि रोक्छ भने सबैभन्दा पहिला स्टपेच पुकार्नु, कलमी औलालाई ट्रेगरबाट वाहिर निकाल्नु निलिङ्ग पोजिशनमा जानु एकसाथ हुनु पर्दछ । चेन्जलिभर S पोजिशनमा राख्र खोज्नु तर चेन्जलिभर ले हर्कत गदैन यतिबेला चालवाला पुर्जा केही अगाडी गएर वसेको हुन्छ । यसपछिको कार्रवाही यस तरिकाले गर्नु सबै भन्दा पहिला ककिङ्ग हेण्डल लाइ काबुराख्दै चालवालपुर्जा पछाडी गर्ने चेन्जलिभर लाई S पोजिशनमा लैजाने म्याग्जिन उतार्नु , म्याग्जिनमा हेर्नु राउण्ड छ चेम्वरमा हेर्नु २वटा राउण्डछ इजेकशन वे लाई जमिन तर्फपारी हतियार लाई हल्लाउनु जमिनमा दुई बटा राउण्ड खस्छ भने परेछ रोक वडीमा लत्रेको राउण्ड यदि समय छ भने ती दुई राउण्डलाई सफा गरी म्याग्जिनमा भर्नु यदि समय छैन भने पूनः भरेको म्याग्जिन जोडी पहिलाकै पोजिशनमा गई फायरको जारी राख्नु ।

५. **मोटा राउण्ड :-**

एस.एम.जि. ठिक फायर गर्छ, ठिक फायर गर्छ २/४ राउण्ड पछि रोक्छ भने सबैभन्दा पहिला स्टपेच पुकार्नु, कलमी औलालाई ट्रेगरबाट वाहिर निकाल्नु, निलिङ्ग पोजिशनमा जानु एकसाथ हुनु पर्दछ । चेन्जलिभर S पोजिशनमा राख्र खोज्नु तर चेन्जलिभर ले हर्कत गदैन यतिवेला चालवाला पुर्जा केही पछाडि हटेर वसेको हुन्छ यसपछिको कार्रवाही यस तरिकाले गर्नु सबै भन्दा पहिला ककिङ्ग हेण्डल लाइ काबुराख्दै चालवाला पुर्जा पछाडी गर्ने चेन्जलिभर लाई S पोजिशनमा लैजाने म्याग्जिन उतार्नु , म्याग्जिनमा हेर्नु राउण्ड छ चेम्वरमा हेर्नु मोटाराउण्ड छ परेछ रोक मोटा राउण्ड यस रोकलाई हटाउन १० कदम सुरक्षित दिशा तर्फदाहिना वा वायाँ अथवा अगाडी वा पछाडि गई दुवै हातलाई तन्काएर तार्गेट तर्फएम. गरी टाउकोलाई वाया ढल्काई ट्रेगर दवाउने गोली फायर हुन्छ , नभए पुनः कक गरी ट्रेगर दवाउने गोली फायर हुन्छ । यदि खोका नआएमा रड को प्रयोग गरी निकालिन्छ । चेम्वरक्लियर भई सके पछि भरेको म्याग्जिन जोडी फायरलाई पुनः जारी राख्रे ।

६. **अन्य किलापुर्जा भाचिनु :-** जस्तै :-फायरीङ्ग पिन भाचिनु, एकेस्टेक्टर भाचिनु ईजेक्टर भाचिनु आदी ।

तर्तिव नं. ३ रातको समयमा रोकलाई हटाउने तरिका :-

रातको समयमा फायर गर्दा गर्दै रोक पर्छ भने कार्रवाही यस अनुसार गर्नुहोस् सबै भन्दा पहिला स्टपेच पुकार्नु A वा R पोजिशनमा भएको चेन्ज लिभरलाई S पोजिशनमा लानु र निलिङ्ग पोजिशनमा जानु म्याग्जिनक्यौंच दवाउँदै म्याग्जिन उतार्नु र छामेर कुन रोक लागेको हो भनी एकिन गरी कार्रवाही दिनमा रोकलाई हटाउने तरिका सो सरह गर्नु पर्छ । रातको समयमा रोकलाई हटाउँदा जहिले पनि पोजिशनलाई सानो बनाउनु पर्छ । जस्तै स्टाण्डिङ्ग पोजिशनमा भए निलिङ्ग पोजिशनमा जाने र १ कदम दाहिना वायाँ सर्ने सम्भव भए ल्याङ्ग पोजिशनमा जाने र रोकलाई हटाउने ।

नोट :- रातको रोक हटाउने तरिका शिक्षकले आखा मा रुमाल बाधेर नमुना देखाउने र कलास लाई अभ्यास गराउने)

सि.एम.जी.हाफ कक वा चेन्जलिभर R वा A पोजिशनमा रहदा कुनै ठाउमा बट ठोकिएमा वा झुण्डाएको सि.एम.जी.माथिबाट तल खसेमा गोली फायर हुन्छ भने एस.एम.जी.मा अगाडी को शेरको नोख को कारणले गर्दा गोलीफायर हुदैन । त्यसैले एस.एम.जी.वा सि.एम.जी.मा भरेको म्याग्जिन जोडीन्छ भने हमेशा चेन्ज लिभर S पोजिशनमा हुनुपर्दछ । ड्रिल राउण्ड भरेको म्याग्जिन जोडी कलास लाई नमुना देखाउने ।

एस.एम.जी.को ट्रेगरको चाल :-चाल बताउनु भन्दापहिला चालगर्ने किलापुर्जा को नाम :-चेन्जलिभरमा भएको इनर आर्म, ट्रेगर, ट्रेगर एक्सीसपिन, ट्रेगरको अगाडीको भाग, ट्रेगरपलान्जर, ट्रेगरको पछाडीको भाग, क्रेडरशेर एक्सीसपिन, क्रेडर, शेर, क्रेडरपिन ,क्रेडरपिनस्प्रिङ्ग, टर्ाईपिन लिभरएक्सीसपिन, टर्ाईपिनलिभरटो, टर्ाईपिन लिभरटोको अगाडीको गहिरो भाग, टर्ाईपिन लिभरनोख, टर्ाईपिन लिभरहेड, शेरबेण्ड, शेरकोनोख, बृजब्लकफेस वा बृजब्लकस्लोट,

S पोजिशनमा रहदाको चाल (अवस्था) :-

जवपनि चेन्जलिभर लाई S पोजिशनमा राखिन्छ भने यतिबेला चेन्जलिभरमा भएकोर् इनर आर्म टर्ाईपिन लिभर टो को सिधामुनी आएर बस्दछ । यतिबेला फायरर ले ट्रेगर दबाउछ भने ट्रेगर आफ्नो एक्सीस पिनमा घुम्दै ट्रेगरको माथिल्लो अगाडीको भागले ट्रेगर पलान्जरलाई दबाउदै अगाडी बढ्छ भने ट्रेगरको पछाडीको भागले क्रेडरलाई केहिमाथि को तर्फ उठाउछ ,यसअवस्थामा क्रेडर र शेर आफ्नो एक्सीस पिनमा घुमी पछाडी को भाग क्रेडरपिन आफ्नो स्प्रिङ्गलाई खुम्चाउदै केहि तल तर्फ दब्दछ । पुरारुपले तलदब्न पाउदैन किनकी यतीबेला टर्ाईपिन लिभर टो र इनर आर्म को पुरारुपले मिलाप भै रहेको हुन्छ । त्यसैले यस अवस्थामा शेरको नोख र ककिङ्ग बेण्ड को मिलाप छुटदैन चालवाला पुर्जा अगाडी जादैन गोली फायर हुदैन वा शेरको नोख र बृजब्लकस्लोट को मिलाप छुटदैन कक हुदैन ।

R पोजीशनमा रहदाको चाल (अवस्था) :-

जवपनि चेन्जलिभर लाई S पोजिशनमा राखिन्छ भने यतिबेला चेन्जलिभरमा भएकोर् इनर आर्म टर्ाईपिन लिभर टो को अगाडी गहिरो भागमा बस्दछ । यतिबेला फायरर ले ट्रेगर दबाउछ भने ट्रेगर आफ्नो एक्सीस पिनमा घुम्दै ट्रेगरको माथिल्लो अगाडीको भागले ट्रेगर पलन्जरलाई दबाउदै अगाडी बढ्छ ट्रेगरको पछाडीको भागले क्रेडरलाई माथितर्फ उठाउछ । यस समयमा क्रेडर र शेर आफ्नो एक्सीस पिनमा घुमी पछाडीको भाग क्रेडर पिन आफ्नो स्प्रिङ्ग लाई खुम्चाउदै तलतर्फ दब्दछ । शेर आफ्नो पलान्जर स्प्रिङ्गलाई खुम्चाउदै तल तर्फ दब्दछ, शेरप्लान्जर ले टाईपिन लिभर नोखमा दबाव दिन्छ शेर र टर्ाईपिन लिभर केहि तलको तर्फ दब्दछ , शेरको नोख र ककिङ्ग बेण्ड मिलाप छुट्छ चालवाला पुर्जा अगाडी जान्छ क्रेडरपिन याहा सम्म दब्दछकी जबसम्म टाईपिन लिभर नोख ले इनरआर्ममा ठक्कर खादैन इनरआर्ममा ठक्कर खानासाथ टाईपिन लिभर आफ्नो एक्सीस पिनमा केहिमाथि पछाडी को तर्फ घुम्दछ । यस अवस्थामा टर्ाईपिन लिभर नोख ले शेरपलन्जरलाई माथिको तर्फ धकल्दछ भने टर्ाईपिन लिभरहेड केहि पछाडी तर्फ हट्दछ । यतीबेला टर्ाईपिन लिभरहेड बाट शेरबेण्डको मिलाप छुटछ र शेर आफ्नो पलन्जरस्प्रिङ्गको मद्दतले माथि खडाहुन्छ चालवालापुर्जा पछाडी आउने क्रममा शेरलाई दबाउदै पछाडी हट्छ यस अवस्थामा फायररले ट्रेगर

दबाई रहेमा टर्ाईपिन लिभरहेड र शेरबेण्डको मिलाप हुनपाउदैन चालवाला पुर्जा पछाडीवाट अगाडी आउने क्रममा शेर को नोख र ककिङ्ग बेण्डको मिलाप हुन्छ । चालवालापुर्जा पछाडी रोकिन्छ यदीफायररले ट्रेगर दबाउन छोडेमा क्रेडरपिन आफ्नोस्प्रिङ्गलाई तन्काउदै माथि उठ्छ शेरबेण्ड र टाईपिन लिभरहेण्डको पुन मिलाप हुन्छ एस.एम.जी.दोबरा फायरको लागी तयार हुन्छ । यस अवस्थामा फाययरले ट्रेगर दबाईरहेमा पनि फायर हुदैन तर दबाउदै छोड्दै गरेमा सिग्नल सट फायर हुन्छ ।

A पोजीशनमा रहदाको चाल (अवस्था) :-

जवपनि चेन्जलिभर लाई ब् पोजिशनमा राखिन्छ भने यतिबेला चेन्जलिभरमा भएकोर् इनर आर्म टर्ाईपिन लिभर टो को अगाडी टर्ाईपिन लिभर नोखको सिधा तल आएर बस्दछ । यतिबेला फाययर ले ट्रेगर दबाउछ भने ट्रेगर आफ्नो एक्सीस पिनमा घुम्दै ट्रेगरको माथिल्लो अगाडीको भागले ट्रेगर पलान्जरलाई दबाउदै अगाडी बढ्छ ट्रेगरको पछाडीको भागले क्रेडरलाई माथितर्फ उठाउछ । यस समयमा क्रेडर र शेर आफ्नो एक्सीसपिनमा घुमी पछाडीको भाग क्रेडर पिन आफ्नो स्प्रिङ्गलाई खुम्चाउदै तलतर्फ दब्दछ शेर आफ्नो पलान्जर स्प्रिङ्गलाई खुम्चाउदै तल तर्फ दब्दछ, शेरप्लान्जर ले टाईपिन लिभर नोखमा दबाव दिन्छ शेर र टर्ाईपिनलिभर केहि तलको तर्फ दब्दछ शेरको नोख र ककिङ्ग बेण्डको मिलाप छुट्छ चालवालापुर्जा अगाडी जान्छ । यस समयमा इनर आर्म पुरा तल (सुतेको) दबेको हुनाले टर्ाईपिनलिभरनोख ले इनर आर्ममा ठक्कर खादैन टर्ाईपिन लिभरआफ्नो एक्सीसपिनमा घुम्नपाउदैन टर्ाईपिनलिभरहेड र शेरबेण्डको मिलापछुट्दैन दुबै तलतर्फ दबिनै रहन्छ चालवालापुर्जाको बाटो खुल्लाहुन्छ र ब्रष्टफायर हुन्छ । यो काम यतिबेलासम्म जारीरहन्छ जवसम्म म्याग्जिनमा राउण्डसकिदैन,एस.एम.जी.मा कुनै रोकपदैन वा फाययरले ट्रेगरबाट कलमीऔला बाहिर निकाल्दैन, यदी फाययरले ट्रेरग दबाउन छोडेमा क्रेडरपिन आफ्नोस्प्रिङ्ग लाई तन्काउदै माथि तर्फ उठ्दछ भने शेरप्लान्जरले शेर लाई माथी तर्फ उठाईदिन्छ चालवालापुर्जा पछाडी बाट अगाडी आउने क्रममा शेरको नोख र ककिङ्ग बेण्डको मिलाप हुन्छ चालवालापुर्जा पछाडी नै रोकिन्छ ।

संक्षेप

१. मिनतवर

२. मोटामोटी

३. प्रश्न उत्तर

९ मि.मि. ब्राउनिङ्ग पेस्तोल लेशन:

शुरुको काम :- जवान हतियारको निरीक्षण र ग्रुपको बाँडफाँड ।

जव पनि हाम्रो हातमा नयाँ हतियार पर्छ भने निरीक्षण गर्न जान्न अत्यन्तै आवश्यक छ । त्यसैले यस पेस्तोललाई पनि निरीक्षण गर्नु पर्दछ । अब म तपाईलाई सिकाउँछु निरीक्षण गर्नेको तरिका । निरीक्षण गर्नेको तरिका सिकाउनु भन्दा पहिला झिक पेस्तोल र राख पेस्तोलको कार्वाही ।

(क) झिक पेस्तोल :- सम्झनु होस पेस्तोल हाम्रो बेल्डको वायाँ तर्फ होलस्टरमा राखिएको हन्छ । जब पनि झिक पेस्तोल भन्ने आदेश आउछ भने गन्ती १ मा होलस्टर मा दुबै हातले हान्नु होलस्टर को बटम खोल्नु,

गन्ती २ मा दाहिना हातले पेस्तोनग्रिपमा ३ हिसा पारी समाउनु ,गन्ती ३ मा पेस्तोल लाई २२.½० को एगलमा राख्नु ,

(ख) राख पेस्तोल :- राख पेस्तोलको आदेशमा सबै भन्दा पहिला गन्ती १ मा होलस्टरमा दुबै हातले हान्नु र दाहिना हातमा भएको पेस्तोल लाई होलस्टरमा राख्ने, गन्ती २ मा होलस्टरको बटम लगाउनु गन्ती ३ मा दुबै हातलाई र्सतक पोजशनमा राख्ने,

भर्ूइमा राख पेस्तोलः-गन्ती १ मा म्याग्जिन क्याँच दबाउदै निलीङ्ग पोजिशनमा जानु । गन्ती २ मा म्याग्जिन र पेस्तोल लाई जमिनमा राख्नु । गन्ती ३ मा र्सतक पोजिशनमा आएर बस्नु ।

टिप पेस्तोलः- गन्ती १ मा म्याग्जिन र पेस्तोल लाई समाउनु । गन्ती २ मा पेस्तोल मा म्याग्जिन जोड्दै उठनु । गन्ती ३ मा दुबै हात काटी र्सतक पोजिशन मा बस्नु यती बेला पेस्तोल २२.½० एंगलमा भएको हुनुपदर्छ ।

निरीक्षण गर्ने तरिका बताउन भन्दा पहिला निरीक्षण गर्नु पर्ने अवश्थाहरु :-

१. एक व्यक्ती बाट अर्को व्यक्तीमा लिदा वा दिदा ।
२. कोतवाट वुझदा वा वुझाउदा ।
३. सेन्ट्री अदली वदली गर्दा ।
४. फायरिङ्ग गर्नु भन्दा अगाडी र फायरीङ्ग गरि सके पछि ।
५. लामो लामो रुट मार्च वा पट्रोलिङ्ग जानु भन्दा अगाडी र फर्के पछि ।
६. आर्सनल वाट नयाँ हतियार्रर् इसु भएर आउदा ।
७. हतियार खोल्नु भन्दा पहिला र जोडी सके पछि ।

निरीक्षण गर्ने तरीकाः- सबै भन्दा पहिला २२.½० एंगलमा भएको पेस्तोल लाई दाहिना हात तन्काई ४५० को एंगलमा लैजानु र वायाँ गोडा आवश्यकता अनुसार फाट्नु दाहिना हात को बुढी औला ले म्याग्जिन क्याँच दबाउदै म्याग्जिन निकाल्ने वायाँ हातले स्लाईड लाई पछाडी तानी चेम्वर मा हर्ेर्ने चेम्वर क्लिएर भए पछी व्यारल लाई वायाँतर्फफर्काएर र सेफ्टी क्याँच लाई दोस्रो झिरी मा लक गरी दाहिना हातले पेस्तोल ग्रिपमा ३ हिसा पारी समाएर वायाँ कुममा -छाती) लगी राख्ने यतिबेला व्यारल आकाश तर्फर्रर् इजेक्शन वे अगाडी तर्फफर्किएको हुनुपर्दछ । वायाँहात ले म्याग्जिन समाएर छाती को लाईनमा दुबै हातलाई क्रस गरी अगाडी देखाउने जब निरीक्षण गर्ने व्यक्ती निरीक्षण गरी तेस्रो व्यक्ती मा पुग्छ पहिलो व्यक्ती ले आफै अगाडी को काम गरी बस्ला भन्छ भने -चालवालापुर्जा अगाडी गर) सबै भन्दा पहिला वायाँहातले स्लाईड लाई केहि पछाडी तानी सेफ्टी क्याँच झिरीबाट अलग गर्ने र खाली म्याग्जिन जोडेर ट्रेगर दबाउने पेस्तोल लाई होलस्टरमा राख्ने र होलस्टर बाट जगेडा म्याग्जिन निकाल्ने र उक्त म्याग्जिन बाट राउण्ड निकालेर बस्ने सिस पौच भन्छ भने उक्त राउण्ड लाई म्याग्जिनमा भरेर होलस्टरमा राख्ने र र्सतक पोजिशनमा उभिने । -गोडाफाटमा ४५० र र्सतकमा २२.½० एंगलमा राख्ने)

9 मि.मि. ब्राउनिङ्ग पेस्तोल लेशन-१

दोहोर्याई :- पेस्तोलको विशेषताबाट लिने ।

उद्देश्य : ९ एम.एम.ब्राउनिङ्ग पेस्तोलको परीचय खोल्नु सफाई जोड्नु भर्नु खाली गर्नु र मेकसेफ गर्नेको तरिका सिकाउनु हो

सामान : पेस्तोल म्याग्जिन, रड, टल्ली, तेल, लाईफ राउण्ड, ड्रिल राउण्ड, बन्दोबस्तीमा कलासको दाहिना १५टाढा फिगर ११ तार्गेट गाडिएको हुनुपर्दछ ।

बयान : सम्झनहोस यो एउटा मेन स्प्रीङ्ग र ग्याँस को दबावले चल्ने र्-सर्ट रिक्वाइलको सिद्धान्तमा काम गर्दछ) छोटो व्यारल भएको ऋत्तघ्य हतियार हो । यस हतियारबाट नजिक भन्दा नजिक निस्केको दुश्मन लाई चारै तिर घुमेर फायर गर्न सकिन्छ । त्यस कारण हरेक (जवान) व्यक्ती ले पेस्तोल को परीचय खोल्न सफाई ,जोड्न भर्नु, खाली गर्नु र मेकसेफ गर्न जानेको हुनुपदर्छ । यदी जानेको छ भने परेको बेला सजिलै काम हासिल गर्न सक्छ । पाठ तर्तिवार सबैभन्दा पहिला .....।

तर्तिब नं.१ पेस्तोल को परीचय

पेस्तोल को परीचय भन्नु भन्दा पहिला पेस्तोल लिने व्यक्तिमा हुनु पर्ने गुणहरु :-

१. होलस्टर -ज्यकितभच) मा भएको पेस्तोललाई भरेको सम्झने ।
२. पेस्तोल एक व्यक्ति बाट अर्का व्यक्ती लाई दिदा वा लिदाँ निरिक्षण गर्नुपर्दछ ।
३. पेस्तोल हातमा लिदा औंला ट्रेगर गार्ड भित्र नहाल्ने ।
४. पेस्तोल भरेको छ भने हेम्बर अगाडि भएको एकिन गर्ने ।
५. आम हालतमा पेस्तोल ले कुनै जिवित प्राणीमाथि (एम) प्वाइन्ट नगर्ने ।
६. पेस्तोललाई कक गर्दा सधै तार्गेट तर्फफर्काएर गर्नुपर्छ ।
७. ट्रेगर दबाउँदा व्यारल लाई तार्गेट वा सुरक्षित दिशा तर्फ फर्काई दबाउने ।
८. पेस्तोललाई केटाकेटीले खेलौना खेलाए जस्तै नखेलाउनु ।

पेस्तोल को परीचय :- सम्झनुहोस यो पेस्तोलहामीलाई मित्रराष्ट भारतबाट २ किसीमको प्राप्त भएको छ ९ मि.मि. ब्राउनिङ्ग र ९ मि.मि.अटो । ९ मि.मि. ब्राउनिङ्ग पेस्तोलको एक्स्ट्रेक्टरको भाग बाहिरबाट नै देख्न सकिन्छ भने ९ मि.मि. अटो पेस्तोलको एक्स्टेक्टरको भाग बाहिरबाट देख्न सकिदैन । हामी संग भएको पेस्तोल कुन हो भनि चिन्ह एक्स्टेक्टरलाई हेरेर र पेस्तोलको बडीमालेखेको मार्क -अक्षर) पढेर चिन्ह सकिन्छ ।

पेस्तोल लाई चिन्नेको तरिका :-

१. आर्श्लबाट काटि आएको बडी नं. बाट ।
२. युनिट वा सब युनिटले राखेको बन्दोवस्ती नं. बाट ।
३. हतियार को बनावट वा रङ्गबाट ।

पेस्तोल लाई निम्न चिजबाट वचाउनु पर्दछ :-

क) आगो ख) पानी ग) कडा जमिन वा बस्तु बाट घ) धुलो र बालुवा बाट

तर्तिव नं २ पेस्तोललाई खोल्नेको तरिका :- पेस्तोललाई खोल्नु भन्दा पहिला निरिक्षण गर्नुपर्दछ ,तुरुन्तै खोल्नु छ भने म्याग्जिन जोडिरहनु आवश्यक छैन खोल्दा वाया हात ले स्लाइडलाई पूरा पछाडि तानेर सेफ्टीक्याँचलाई दोस्रो झिरीमा फसाउने स्लाईड लकिङ्ग लिभरलाई दाहिना हातको कलमीऔलाले वायाँ तर्फधकल्ने वायाँ हातले बिस्तारै हल्लाउदै बाहिर निकाल्ने, किनकी स्लाईड लकिङ्ग लिभर भाचिने बढी संभावना हुन्छ त्यस पछी सेफ्टीक्याँच लाई झिरीबाट अलग गर्ने स्लाईडलाई रिमबाट अलग गर्दै निकाल्ने र बढी गुरप (पेस्तोल ग्रुप) राख्रे, स्लाईडबाट व्यारल र मेन स्प्रिङ्गलाई निकाल्ने, अन्तमा स्लाईड राख्रे

१) म्याग्जिन ग्रुपः- म्याग्जिन लिप्ट, लिप्स, म्याग्जिन लक वे ,म्याग्जिन केश, म्याग्जिन प्लेट, म्याग्जिनप्लेट बटम

२) स्लाईड लकिङ्ग लिभर ग्रुप :- स्लाईड लकिङ्ग लिभर, सिटपर एन्टी फिक्सन बल (स्ट्रिल बल्ब) स्लाईड लक प्रोजेक्सन,

३) बडी ग्रुप :- गाईड, लकिन पिस, ट्रेगरगार्ड, ट्रेगर, पेस्तोन ग्रिप, ट्राइपिन लिभर पिन, लिङ्गस स्प्रिङ्ग, ट्राइपिन लिभर हेड, म्याग्जिन हाउजिङ्ग, म्याग्जिन क्याँच, इजेक्टर, सेफ्टी सेर, हेम्बर, हेम्वर प्लान्जर - हेम्वर लिङ्गस स्प्रिङ्ग), सेफ्टीक्याँच, -यस भित्र आधा चन्द्रमा र पुरा चन्द्रमा आकारको हुन्छ) रिङ्ग ।

४) ब्यारल ग्रुप :- कुत्तर ९ एम.एम, ब्यारल, क्याम सरकुलर थ्रेस्टी कलर, -बुलेटगाईड) चेम्बर, पोजिशनलक, सिटफर ट्राईपिन लिभर पिन, लकिङ्ग अन लकिङ्ग सर्फेस, सिटफर मेनगाईड, (इनक्लाइमेन्ट सर्फेस) मेनगाईड, मिल बेण्ड, मेनगाईड लुप, एन्टी फिक्सन बल (स्ट्रिल बल) स्टपर, रिक्वाईल स्प्रिङ्ग

५) स्लाइड ग्रुप :- फ्रन्टसाईड टिप, (बिलेड टाईप) ब्याग साइट यु, ब्यारल वे, मेन स्प्रिङ्ग वे, फायरिङ्ग पिन, (इनरसिया टाईप) लकिङ्ग रेसेस, सिटफर कार्टिजकेश बेश, सिटफर पोजिशनल लक, एक्स्ट्रेक्टर, फिडिङ्ग रेल, वे फर्रर् इजेक्टर रेसेस, शेर कनेक्सन रड, शेरकनेक्शन रड हुक, फायरिङ्ग पिन रिटर्न, लकिन प्लेट, पिन आर्म, स्लाइडरेसेस, सेफ्टी क्याँच झिरी, स्लाईड लकिङ्ग लिभरपोष्टर्,र् इजेक्शन वे ।

तर्तीव नं. ३ सफाई गर्ने तरिका :- ९ मि.मि.ब्रोनिङ्ग पेस्तोललाई ४ तरिकाबाट सफा गर्न सकिन्छ ।

१. आम सफाई :- बाहिरी धुलोमैलो पुछने र साधारण पुछपाछ गर्ने ।

२. हप्तावरी सफाई :- डिटेल रुपमा हप्तामा १ पटक गरीने सफाई यसलाई सफा गर्दा रड छुट्टै आएको हुन्छ टल्ली को स्केल १०x७.५से.मि.तेल टल्लीको स्केल १०X५से.मि को प्रयोग गरी राम्रो संग सफा गर्नु पर्छ ।

३. फायरिङ्ग गर्नुभन्दा अगाडिको सफाई :- फायरिङ्ग गर्नुभन्दा पहिला गरिने सफाई पुरानो तेल हल्का पुछने

४. फायरिङ्ग पछिको सफाई :- फायरिङ्ग गरिसकेपछि ग्याँस वडी जम्मा हुने भएकोले डिटेल रुपमा सफा गर्नु पर्दछ । यदि समय छ भने पानी उमालेर व्यारल मा हाली सफा गरिन्छ अन्तमा तेल लगाएर राखिन्छ ।

९ मि.मि.ब्रोनिङ्ग पेस्तोल मा प्रयोग हुने तेलको प्रकार

१. साधारण इलाकामा :- ४° भन्दा माथीको तापक्रममा OX 52 वा AOil

२. हिमाली इलाकामा :-

क) ४° देखि -१८° तापक्रममा OX 13 वा लो कोल्ड टेष्ट आयल

ख) १८° देखि -४०° तापक्रममा OX 13 र सुपर केरोसिन (1:1) बराबर मिलाएर प्रयोग गरिन्छ

ग) ४०° देखि -५०° तापक्रममा OX 13 २ भागर ३ भाग सुपर केरोसिन (2:3) मिलाएर प्रयोग गरिन्छ ।

३. गर्मीर् इलाकामा ग्राफाईट ग्रिज

४. मरुभूमी इलाकामा ड्राई क्लियरिङ्ग सल्फेट पाउडर

तर्तिव नं. ४ पेस्तोल लाई जोड्नेको तरिका :- यसमा पनि अरु हतियार सो सरह अन्तिममा खोलेको किला पुर्जालाई पहिला जोड्नु पर्दछ र पहिला खोलेको किला पुर्जालाई अन्तिमा जोड्नु पर्दछ । जोड्दा शुरुमा स्लाइडमा ब्यारल राख्ने र मेन गार्डलाई मेनस्प्रिङ्गमा हाली मेनगार्डमा भएको मिलबेण्ड लाई मेनगार्डगाईडर मा भएको सिटफर मेनगाईड र्-इनक्लाईमेन्ट) मा मिलाउने यतिबेला मेनस्प्रिङ्ग मेनस्प्रिङ्ग वे मा हुनुपर्दछ त्यस पछी स्लाइड लाई रिम मा रिम मिलाई बढी ग्रुपमा जोड्ने र स्लाईड लाई पुरा पछाडी तानी सेफ्टीक्याँच दोस्रो झीरीमा लगाउने र वायाँ बाट स्लाईड लकिङ्ग लिभरलाई छिराउने र प्रेस गर्ने प्रेस गर्दा बिचमा गर्ने अगाडी पछाडी प्रेस गरेमा भाचिने डर हुन्छ । अन्तमा म्याग्जिन जोड्ने र ट्रेगर दबाउने । जुनसुकै हतियार पनि जोडि सकेपछि निरीक्षण गर्न अति आवश्यक छ ।

तर्तिव नं. ५ म्याग्जिनमा भर्ने को तरिका :- म्याग्जिनमा भर्नु भन्दा पहिला राउण्को परिचय र सफाई ।

यो राउण्ड ९ मि.मि.ह्र १९ मि.मि.लाईफ राउण्ड हो । यो राउण्ड हामीलाईमित्र राष्ट्रभारत बाट र नेपालको सुन्दरीजल बाट प्राप्त हुन्छ । यो राउण्ड प्याक भएर आउदा सानो कागजको प्याँकमा -पकेटमा) ३५ राउण्ड ठुलो कागजको प्याँकमा ५० राउण्ड प्याँक भएर आएकोे हुन्छ भने टिनको बाकसमा ११२० र २००० राउण्ड प्याक भई आएको हुन्छ । यस राउण्डको पुरा वजन ११.९२ ±-०.६५ ग्राम बुटेलको मात्र वजन ७.४५१ ±- ०.१३ ग्राम, खोकाको वजन ४.०७९ ग्राम र बारुदको वजन ०.३९ ग्राम -नाइट्रो सिलुलेट र क्रोर्डाईट बारुद हुन्छ), राउण्डको लम्बाई अधित्तम २९.६९ न्यूनतम २८.९० मि.मि. । भारत बाट आएको राउण्ड कागजको प्याकेटमा ३५ र टिनको बाकसमा -३२प्याकेट) ११२० राउण्ड हुन्छ भने नेपालबाट आएको राउण्डमा कागजको प्याँकेटमा ५० र टिनको बाकसमा (४०प्याकेट) २००० राउण्ड प्याँक भएर आएको हुन्छ ।

राउण्ड सफाई गर्दा ध्यान दिनु पर्ने कुराहरु :- राउण्ड सफा गर्ने तरिका सिकाउनु भन्दा पहिला राउण्ड सफाई गर्दा ध्यान दिनु पर्ने कुराहरु :-

१. टेडामेडा राउण्ड भए अलग गर्ने ।

२. राउण्डको पिन्धीमा चोट मारेको छ भने अलग गर्ने ।

३. सफाई गरेको राउण्ड सफा ठाउँमा राख्ने ।

४. मोटा राउण्ड भए अलग गर्ने ।

५. वडिमा कुच्चिएको राउण्ड छ भने अलग गर्ने ।

६. सफाई गर्दा एक अर्कामा घषर्ण नगर्ने ।

म्याग्जिन भर्दा ख्याल राख्नु पर्ने कुराहरु :-

१. म्याग्जिनको क्षमता थाहा हुनुपर्दछ ।

२. राउण्ड भर्दा गन्ती गरेर भर्नुपर्दछ ।

३. राउण्ड भर्दा जमिनमा खसेमा दोवरा सफा गर्नुपर्दछ ।

४. तुरुन्त फायर गर्नु छैन भने अन्तिम राउण्ड चिनो लगाउनु पर्दछ ।

म्याग्जिनको तसलि :-

के म्याग्जिन राउण्ड भर्नको लागि तयार छ ? म्याग्जिन लिफ्ट ले काम गर्छ, ? म्याग्जिन स्प्रिङ ठिक छ ? म्याग्जिनको बडी कुच्चीएको त छैन ? म्याग्जिन प्लेट स्टुड भए नभएको एकिन गर्ने ?

म्याग्जिनमा भर्ने तरिकाः- वाँया हातले म्याग्जिन समाती बुलेट गाईडलाई आफू तर्फपारी समाल्ने र कुनै पनि गद्दावाला भागमा वा वुटको नोखमा राखी दाहिना हातले आवश्यक राउण्ड लिनु र बुलेड लाई दाहिना तर्फ र पिन्धी लाई वायाँ तर्फ पारी म्याग्जिन लिफ्टमा राख्नु र दुबै हातको बुढि औलाको सहायताले तल तर्फ पारी अगाडी प्रेस गर्नु पुन अर्का राउण्ड लाई पहिला भरेको राउण्ड को बुलेट मा राखी तल तर्फ पारी अगाडी प्रेस गर्नु वा म्याग्जिन लिफ्ट लाई केहितल तर्फ प्रेस गरी राउण्ड लाई म्याग्जिन लिफ्टमा राखी राउण्ड लाई तल दबाउदै अगाडी प्रेस गर्ने

खाली गर्नेको तरिका :- यस म्याग्जिन खाली गर्दा जसरी कमैलाई छोर्डाईन्छ त्यसैगरी म्याग्जिनलाई खाली गर्नु पर्दछ । म्याग्जिनमा भर्दा सबै कलासलाई र आफुले पनि हतियारलाई अलग गरि म्याग्जिन समाल्ने लगाई बयान र कार्रवाही संग संगै गर्ने ।

तर्तिब नं. ६ पेस्तोलमा भर्ने र खाली गर्नेको तरिका :- भर्नु भन्दा पहिला भर पोजिशन र साथशस्त्र को कार्रवाही :- झिक पेस्तोल को कार्रवाही भैसकेको हुन्छ । भर पोजिशन भन्छ भने र्सतक पोजिशनमा भएको पेस्तोल लाई ४५० को एङ्गलमा लैजानु वाया गोडा कद मुताबिक खोल्नु यती बेला दाहिना हातको कुहिना कुलेहडी मा सेपीएको हुनुपर्दछ र्सतक भन्छ भने ४५० को एङ्गलमा भएको पेस्तोल लाई २२.½० को एङ्गलमा लैजानु र वायाखुट्टा लाई र्सतकमा ल्याउनु एकसाथ हुनुपर्दछ । भर पोजिशन भर को आदेशमा २२.½० को एङ्गलमा भएको पेस्तोल लाई तार्गेट तर्फसिधा पारेर दाहिना हात लाई तन्काउदै समाल्ने । होलस्टर को बटम खोलेर भरेको म्याग्जिन झिक्ने म्याग्जिन क्याच दबाउदै पेस्तोलमा भएको खाली म्याग्जिन लाई झिकी होलस्टरमा राख्ने भरेको म्याग्जिन पेस्तोलमा जोड्ने होलस्टरकोे बटम लगाउने र दाहिना हातको कुहिना शरिरमा सेप्पेको र पेस्तोल ४५० एंगलमा हुनु पर्दछ ।

खाली गर्ने तरीका :- खाली गर को आदेशमा सबै भन्दा पहिला होलस्टरको बटम खोल्ने होटेलबाट खाली म्याग्जिन निकाल्ने र दाहिना हातलाई पुरा अगाडी तन्काउने र पेस्तोलमा भएको भरी म्याग्जिन लाई निकाल्ने होलस्टरमा राख्ने । पेस्तोल लाई तार्गेट तर्फपार्दै कक गर्ने, चेम्बरमा हेर्ने खाली छ भन्ने एकिन भए पछी स्लाईड लाई अगाडि छोड्ने र खाली म्याग्जिन (भरेकोम्याग्जिन) जोडी सुरक्षित दिशा तर्फपेस्तोललाई प्वाइन्ट गरेर ट्रेगर दबाउने पेस्तोल लाई होलस्टरमा वा २२.½० एंगलमा राखि र्सतक पोजिशनमा बस्ने ।

मेक सेफ गर्नु पर्ने अवश्थाहरु :-

१. फाइरिङ्ग गर्दा गर्दै फायरिङ्ग रेन्जमा जिवित प्राणि देखा परेमा ।

२. फायरिङ्ग रेञ्ज बदली गर्नु परेमा वा दुश्मनले आफ्नो पोजिशन थाहा पाएमा ।

३. लामो लामो पट्रोल जाँदा र आइसकेपछी ।

४. बटघर बाट रातो झण्डा देखाएमा ।

५. कमाण्डरको आदेश आएमा ।

तर्तिव नं. ७ मेकसेफ गर्ने तरिका :- मेकसेफ २ तरिकाबाट गर्न सकिन्छ :

(१) खाली पेस्तोल (२) भरेको पेस्तोल

(१) **खाली पेस्तोल मेकसेफ :-** खाली पेस्तोलवाट मेकसेफ भन्ने आदेश आएमा सबै भन्दा पहिला म्याग्जिन क्याँच दवाउँदै खाली म्याग्जिन उतार्नु दुई पटक कक गर्नु खाली म्याग्जिन जोडी ट्रेगर दबाउनु, होलस्टरको बटम खोल्नु भरेको म्याग्जिन निकाल्नु पेस्तोलमा जोड्नु खाली म्याग्जिन होलस्टरमा राख्नु होलस्टरको बटम लगाउनु र पेस्तोल लाई होलस्टरमा राख्नु ।

(२) भरेको पेस्तोल मेकसेफ :- भरेको पेस्तोलवाट मेकसेफ भन्ने आदेश आएमा सबै भन्दा पहिला म्याग्जिन क्याँच दवाउँदै भरेको म्याग्जिन उतार्नु दुई पटक कक गर्नु भरेको म्याग्जिन जोडी ट्रेगर दबाउनु, र पेस्तोल लाई होलस्टरमा राख्नु ।

नोट :-

१. म्याग्जिन निकालेर ट्रेगर नदब्नको कारण वा हेम्बर अगाडि नजानको कारण :

जव पनि म्याग्जिनलाई निकालीन्छ भने यति बेला ट्राईपिङ्गलिभरहेड पछाडीको तर्फ आउदछ भने ट्राईपिङ्गलिभर पिन अगाडी तर्फजान्छ यतिबेला ट्रेगर दबाईन्छ भने ट्राईपिङ्ग लिभरपिनले सेरकनेक्शन रडलाई छुदैन र अगाडि को खालि भागमा गएर हर्कत गर्छ । यसरी सेर कनेक्शनरडलाई नछुँदा सेर कनेक्शन हुक माथि उठ्दैन र सेफ्टी सेरमा दवाव दिंदैन सेफ्टी सेरमा दवाव नमिल्दा सेफ्टी सेर दव्दैन र हेम्बर पनि अगाडि जाँदैन वा ट्रेगर दब्दैन ।

२. म्याग्जिन जोडेर हेम्बर अगाडि जानुको कारण वा ट्रेगर दब्नाको कारण :

जब म्याग्जिन जोडिन्छ भने म्याग्जिनमा भएको म्याग्जिन लिफ्सले ट्राइपिङ्ग लिभर हेडलाई दवाव दिन्छ र ट्राईपिङ्ग लिभरहेड पनि अगाडी तर्फ बढ्दछ भने ट्राईपिन लिभरपिन पछाडी तर्फ आउँछ । यतिबेला ट्रेगरलाई दबाईन्छ भने ट्राइपिङ्ग लिभर पिनले सेर कनेक्शन रडको अगाडिको भागमा दवाव दिन्छ र सेर कनेक्शनरड माथि (भित्र) तर्फदब्दछ भने सेर कनेक्शन हुकतल (बाहिर) तर्फ बढ्दछ र सेर कनेक्शन हुकले सेफ्टी सेरमा दवाव दिन्छ र सेफ्टी सेर तल दब्दछ र हेम्बर को बाटो खुल्ला हुन्छ, हेम्बर अगाडि जान्छ वा ट्रेगर दब्दछ ।

३ जब हेम्बर अगाडी हुन्छ भने यति बेला किन सेफ्टी क्याँच झरिी मा फस्दैन :

यति बेला सेफ्टीसेर पुरातल तर्फ हुन्छ भने सेफ्टीसेर र सेफ्टीक्याँच को मिलाप भएकोहुन्छ । यस अवस्थामा हेम्बर प्लान्जर अगाडी माथीको तर्फहुन्छ र सेफ्टीशेर लाई हेम्बर प्लान्जर ले धकलिरहेको हुन्छ । सेफ्टीक्याँच ले हर्कत गर्ने ठाउपाउदैन र सेफ्टीक्याँच झिरीमा फस्दैन वा हर्कत गदैन ।

४ जब हेम्बर पछाडी हुन्छ भने यति बेला किन सेफ्टी क्याँच झरिी मा फस्दछ :

यति बेला सेफ्टीसेर पुरा अगाडी माथिको तर्फ हुन्छ भने सेफ्टीसेर र सेफ्टीक्याँच को मिलाप छुटेको हुन्छ । यति बेला हेम्बरप्लान्जर माथि पुरा पछाडीको तर्फहुन्छ । यस अवस्थामा सेफ्टीक्याँच को बाटो खुल्ला हुन्छ र सेफ्टीक्याँच झिरीमा फस्दछ वा हर्कत गर्दछ ।

9 मि.मि. ब्राउनिङ्ग पेस्तोल लेशन - २

शुरुको काम :- जवान हतियारको निरीक्षण र ग्रुपको बाँडफाँड ।

दोहोर्याई :- भर्नु खाली गर्नुबाट लिने ।

उद्देश्य :- पेस्तोल बाट फायर, रोक र रोकलाई हटाउने तरिका सिकाउँनु हो ।

सामान :- ९ मि.मि. ब्रोनिङ्ग पेस्तोल, म्याग्जिन, ड्रिल राउण्ड,बाल राउण्ड, ग्राउण्ड सिट, १५ मिटरटाढा चारैतिर फिगर ११ तार्गेट तार्गेटगाडिएको हुनुपर्दछ ।

वयान :- सम्झनुहोस्, पेस्तोल एक नजिक मार गर्ने ऋत्तद्य अर्थात से.मि.अटोमेटीक हतियार हो । त्यसैले हरेक जवानले पेस्तोलबाट फायर रोक र रोकलाई हटाउन जानेको छ भने परेको बेलामा सजिलै काम हासिल गर्न सक्छ । पाठ तर्तिवार सबैभन्दा पहिला .....।

तर्तिव नं. १ फायर गर्नेको तरिका :- फायर गर्नेको तरिका सिकाउनु भन्दा पहिला रेडी पोजिशनको कार्रवाही : होलस्टर बाट पेस्तोललाई झिकेर २२.½० को एंगलमा राखिन्छ यतैबाट रेडीमा जानको लागि दाहिना हातलाई पुरा तन्काएर पेस्तोललाई तार्गेट तर्फपार्ने, भरेको म्याग्जिन जोडेर पेस्तोललाई कक गर्ने वा दाहिने हातले पेस्तोल लाई ३ हिस्सा पारी समाउने र व्यारल लाई वाया तर्फर् पmकाउने वाया हातले स्लाईडमा २ हिस्सापारी माथीबाट समाई कक गर्न सकिन्छ । यो समयमा चोरी औंला ट्रेगर गार्ड भित्र होस यसरी रेडी पोजिशन तयार पारिन्छ ।

फायर गर्ने पोजिशन :- सम्झनुहोस् पेस्तोल ले कार्वाही को बेला बिभिन्न पोजिशन बाट फायर गरेता पनि सिक्लाईको दौडानमा २ पोजिशनबाट फायर गरिन्छ ।

१) स्टयाण्डिङ्ग पोजिशन २) स्मार्ट पोजिशन

फायर गर्नु भन्दा पहिला टोलीलाई डिटेल नम्बर र तार्गेट नम्बरमा विभाजन गरी फायरिङ्ग ड्रिल गराउनु पर्दछ)

१) स्टयाण्डीङ्ग पोजिशन :-

सम्झनु होस यो पोजिशन सबै भन्दा पहिला २२.½० एंगलमा भएको पेस्तोल लाई ४५.० एंगलमा लैजानु वायाँ गोडा अगाडि केहि खुम्चेको दाहिर्ना गोडा पछाडि तन्केको हुनुपर्दछ यति बेला पेस्तोललाई दाहिना हातले ३ हिस्सा पारी समाएको र वायाँ हातले दाहिना हातलाई सपोट दिएको हुनुपर्दछ । जब दुश्मन १० मिटर देखि १५ मिटर सम्मको रेन्जमा देखा पर्छ भने स्टाण्डीङ्ग पोजिशन तयार गरिन्छ र दुश्मनलाई एम गरी समय मिल्नसाथ फायर गर्नुपदर्छ ।

२) स्मार्ट पोजिशन :-

यदि दुश्मन नजिक भन्दा नजिक वा १० मिटर को रेन्जमा आएको दुश्मन लाई बर्बाद गर्न यो पोजिशनबाट फायर गरिन्छ । यसको लागि दुवै गोडा फाटेको र केहि खुम्चेको हुनुपर्दछ यति बेला २२.½० मा भएको पेस्तोललाई ४५० एंगलमा लैजानु दाहिना हातले पेस्तोल लाई ३ हिस्सा पारीसमाएको र वायाँ हातले दाहिना हातलाई सपोट दिएको हुनुपर्दछ । (दाहिना हातको नारी मा समाउनु पर्दछ) पेस्तोललाई तार्गेट तर्फसिधाई गरेको आफ्नो शरीर केही अगाडि झुकेको सानो पोजिशन हुनुपर्दछ ।

तर्तिव नं. २ घुमि घुमि फायर गर्ने तरीका :-

सम्झनुहोस दुश्मन अगाडि बाट मात्र आउछ भन्न सकिदैन त्यसैले दाहिना बायाँ पछाडी बाट आएको दुश्मनलाई घुमि घुमि फायर खोली बर्बाद गर्न जानेको हुनुपर्दछ । यसरी घुमि घुमि फायर गर्दा वायाँ गोडा लाई नचलाई दाया गोडा को मात्र हर्कत गरी जुन दिशा तर्फ दुश्मन देखा पर्छ त्यसै दिशा तर्फ फर्केर फायर गर्नुपर्दछ । पेस्तोल लाई समाउने तरीका माथी सो सरह हो ।

रोक रोकलाई हटाउने तरिका :- सम्झनुहोस् यस हतियारमा तुरुन्त उपायवाट हटाउन सकिने रोक ६ किसिमका छन् ।

१) खाली म्याग्जिन :- पेस्तोल ठिक फायर गर्छ, २/४ राउण्ड पछि रोक्छ स्लाइड पछाडि नै रोकिन्छ । भने कार्रवाही यसप्रकारले गर्नु सबैभन्दा पहिला स्टोपेज पुकार्नु दाहिना वा वायाँ एक कदम गई ट्रेगर गार्ड वाहिर चोरी औला राखी निलिङ्ग पोजिशनमा जानु रम्याग्जिनक्याँच दबाउदै म्याग्जिन निकाल्नु म्याग्जिनमा हेर्नु राउण्ड छैन कक गर्नु चेम्बरमा हेर्नु चेम्बरमा पनि राउण्ड छैन भने परेछ रोक खाली म्याग्जिन, अब यस रोकलाई हटाउनको लागि होलस्टरबाट भरेको म्याग्जिन निकाली पेस्तोलमा जोडी कक गरी पहिलाकै पोजिशनमा गई फायर जारी राख्ने ।

२. अनफिट म्याग्जिन : पेस्तोलमा अनफिट म्याग्जिन, म्याग्जिन क्याँच, थिचिएको अवस्थामा हुन सक्छ अन फिट म्याग्जिन भएमा म्याग्जिनलाई राम्रोसंग जोडिदिने पुनः फायरलाई जारी राख्ने ।

३. मिस फायर :- पेस्तोल ठिक फायर गर्छ, २/४ राउण्ड पछि रोक्छ भने कार्रवाही यस मुताविक गर्नुहोस् । सबैभन्दा पहिला स्टोपेज पुकार्नु एक कदम दाहिना वा वायाँ गई निलिङ्ग पोजिशनमा जानु म्याग्जिन क्याँच दवाउँदै म्याग्जिनलाई निकाल्नु र कक गर्नु एउटा राउण्ड भुईमा खस्छ राउण्डको पिन्धिमा हेर्नु चोट छ, भए छ रोक मिस फायर यस रोकलाई हटाउन भरेको म्याग्जिन जोडी पहिलाकै पोजिशनमा गई फायरलाई पुन जारी राख्ने ।

४. हाफ कक :- पेस्तोल ठिक फायर गर्छ ठिक फायर गर्छ २/४ राउण्ड पछि रोक्छ भने कार्वाही एस मुताविक गर्नुहोस् । सबै भन्दा पहिला स्टोपेज पुकार्नु एक कदम दाहिना वा वायाँ गई निलिङ्ग पोजिशनमा जानु । यतिवेला हेम्बर थोरै मात्र खडा भएर बसेको हुन्छ । पेस्तोलमा हेर्नु, पेस्तोल हाफ कक भएर बसेको हुन्छ । यतिवेला हेम्बर अगाडि पनि जाँदैन पुरा पछाडि पनि हुदैन परेछ रोक, हाफ कक, यस रोकलाई हटाउन स्लाइडलाई पुरा पछाडि तानी छोडी दिने र फायरलाई पुन जारी राख्ने ।

५.मोटा राउण्ड :- सम्झनुहोस् सबैभन्दा पहिला स्टोपेज पुकार्नु एक कदम दाहिना वा वायाँ गई निलिङ्ग पोजिशनमा जानु । यति वेला स्लाइड केही पछाडि हटेर बसेको हुन्छ । म्याग्जिन क्याँच दवाई म्याग्जिन उतार्नु, म्याग्जिन हेर्नु, म्याग्जिनमा राउण्ड छ कक गर्नु र स्लाइडलाई पुरा पछाडि तानी चेम्बरमा हेर्नु चेम्बर भित्र आधा राउण्ड पसेर बसेको हुन्छ । यस्तो अवस्थामा वायाँ हातको हर्र्थुगाले स्लाईडमा हान्ने राउण्ड फिट हुन्छ । यदि भएन भने केहि दाहिना, वायाँ वा अगाडि गई दुवै हातलाई तन्काई तार्गेट तर्फएम गरी टाउको लाई दाहिना अथवा वायाँ पारी ट्रेगर दवाउने । यदि गोली फायर नभएमा पुनः स्लाइडलाई पछाडि तानेर छोड्ने अनि पुन ट्रेगर लाई दवाउने गोली फायर हुन्छ । खोका नआएमा पेस्तोल को रडले व्यारल मा हालि खोका लाई निकालि फायर को जारी राख्ने ।

६. बढिमा लत्रेको राउण्ड :- पेस्तोल ठिक फायर गर्छ ठिक फायर गर्छ, २/४ राउण्ड पछि रोक्छ भने कर्रवाही यस मुताविक गर्नुहोस् । सबैभन्दा पहिला स्टोपेज पुकार्नु एक कदम दाहिना वा वायाँ गई निलिङ्ग पोजिशनमा जानु यतिबेला स्लाइड केही पछाडि हटेर वसेको हुन्छ । म्याग्जिन क्याँच दवाई म्याग्जिन उतार्नु म्यग्जिनमा हर्ेर्ुन, म्याग्जिनमा राउण्ड छ कक गर्नु र स्लाइडलाई पुरा पछाडि तानी चेम्बरमा हेर्नु, चेम्बरमा २ वटा राउण्ड हुन्छ । यस रोकलाई हटाउन स्लाइडलाई पुरा पछाडि तान्ने र पोस्तोललाई केही दाहिना ढल्काई हलाउने राउण्ड जमिनमा खस्छ, यदि समय छ भने उक्त राउण्डलाई सफाई गरि म्याग्जिनमा भर्ने यदि समय छैन भने भरेको म्याग्जिनजोडी कक गरी पुःनः फायरलाई जारी राख्ने ।

७. अन्य किलापुर्जा भाचिनु :- जस्तै :- फायरिङ्ग पिन भाचिनु, एकेस्टेक्टर भाँचिनु, बडीज्वाईन्ट पिन भाचिनु आदी ।

रोक पर्न सक्ने कारणहरु :- लर्डाईको समयमा रोक परेमा रोकलाई हटाउनको लागि प्रशस्त समय नपाउने हुनाले रोकलाई पर्न नदिनको लागि रोक पर्ने कारणहरु थाहा हुन आवश्यक छ पेस्तोलमा रोक पर्ने कारणहरु निम्न हुन सक्छ ।

१. पेस्तोल राम्रो संग फिट नहुनु ।	२. राउण्ड भर्नमा खरावी ।
३. म्याग्जिन लिफ्टको खरावी ।	४. पार्टपुर्जाहरुले राम्रो संग हर्कत नगर्ुन ।
५. एमुनेसनको खरावी ।	६. चेम्बरभित्र कुनै प्रकारको रोकावट ।
७. पेस्तोलमा फोहोर मैला हुनु ।	८. म्याग्जिन राम्रो संग फिट नहुनु ।

नोट :- रात मा रोक हटाउने तरीका शिक्षक ले आखामा रुमाल बाधेर नमुना देखाउने ।

१. हाफ ककमा किन हेम्बर दव्दैन :

यतिवेला प्लान्जर केही मात्रामा पछाडि हुन्छ र सेफ्टी सेर केही अगाडि तर्फहुन्छ तर यी दुवैको पुर्ण रुपले मिलाप छुटेको हुदैन । यतिवेला ट्रेगर दबाइन्छ भने ट्राइपिङ्ग लिभर पिनले सेर कनेक्शन रडमा दवाव दिन्छ । सेर कनेक्शन हुकले सेफ्टी सेरमा दवाव दिन्छ र तर सेफ्टी सेर दब्दैन किनकी यिनिहरुको मिलाप भइरहेको हुन्छ । यसकारणले हाफ ककमा हेम्बर दव्दैन ।

२. राउण्ड सकिए पछी स्लाईडकिन पछाडी रोकिन्छ वा खाली म्याग्जिन जोडी कक गर्दा स्लाईड किन अगाडी जादैन : फायर गरिरहेको बेलामा म्याग्जिनमा राउण्ड हुन्छ र राउण्डले म्याग्जिन लिफ्ट लाई-र्तलको

तर्फदवाएको हुन्छ र म्याग्जिनमा राउण्ड सकियो भने म्याग्जिन लिफ्ट ले स्लाईड लक प्रोजेक्सन लाई माथि उठ्ाईसकेको हुन्छ । यतिवेला स्लाईड पछाडिबाट अगाडि जाने क्रममा स्लाईड लक प्रोजेक्सन स्लाईडमा भएको स्लाईड लकिङ्ग लिभरपोष्टमा लक लाग्छ र स्लाईड अगाडी जान पाउदैन वा स्लाईड स्लाईड लक प्रोजेक्सन को कारणले पछाडी रोकीन्छ ।

३. भरेको म्याग्जिन जोडि कक गर्दा किन स्लाईड पछाडी रोकिदैन :

जब सम्म म्याग्जिन राउण्ड हुन्छ राउण्डले म्याग्जिन लिफ्ट लाईन्तलको तर्फदवाएको हुन्छ यती बेला स्लाईड लक प्रोजेक्सन माथी उठ्न पाउदैन भने स्लाईड को बाटो पुरा रुपले स्वतन्त्र हुन्छ । त्यसैलै स्लाईड पछाडी रोकीदैन ।

४. पेस्तोलको व्यारललाई तार्गेटमा जोडेर (छोए) फायर गर्छ भने किन फायर हुदैन :

जव पेस्तोल लाई कुनै चिजमा सटाएर फायर गरीन्छ भने यती बेला स्लाईड केहि पछाडी तर्फ (हर्कत) सर्छ । यस अबस्थामा फायरर ले ट्रेगर दबाउछ भने ट्राईपिन लिभर पिन ले शेर कनेक्शन रड मा दबाब दिन पाउदैन र शेर कनेक्शन हुक ले सेफ्टी शेरमा दबाब दिदैन सेफ्टी शेर दब्दैन हेम्बर अगाडी जादैन फायर हुदैन ।

५. सेफ्टीक्याँच झिरीमा लगाउदा किन हेम्वर दब्दैन -

जवपनि सेफ्टीक्याँच झिरीमा लगाईन्छ भने यतिबेला सेफ्टीक्याँचमा भएको हुकले सेफ्टीसेरलाई तलबाट माथितर्फ धकल्दछ (सेफ्टीक्याँचमा भएको हुक र सेफ्टीसेरको मिलाप हुन्छ) यस अवस्थामा ट्रेगर दबाईन्छ भने चालगर्ने सम्पूर्ण किलापुर्जाले चालगर्छ तर सेफ्टीसेर दबदैन किनकी सेफ्टीक्याँचमा भएको हुक र सेफ्टीसेरको मिलाप भईरहेको हुन्छ ।

पेस्तोलको व्यारल छोटोहुनाले निम्न कुरामा असर पर्दछ :-

१) रेन्ज कम हुन्छ ।
२) धेरै जम्प गर्दछ ।
३) खतरा वढी हुन्छ ।

संक्षेप

१. मिनतवर
२. मोटामोटी
३. प्रश्न उत्तर

२" मोर्टार लेशन

शुरुको काम :- जवान हतियारको निरीक्षण ग्रुपको बाडफाँड ।

२" मोर्टारको साधारण परिचय :-

२" मोर्टार ईन्फेन्टी फौजको एक से.मु.को पावरदार मोजल लोडीङ्ग तोपखाना हतियार हो । यो हतियार ज्यादै बलियो र हल्का छ । यस हतियार बाट हाई ट्राजेक्ट्री फायर हुने हुदा अग्लो आड पछाडि भएका

दुश्मनलाई वर्वाद गर्न सकिन्छ साथै धुवाँको पर्दा बनाई दुश्मनलाई धोका दिन र विभिन्न सिग्नल दिनुको साथै प्यारा बम फायर गरि नाइट फायरिङ्ग र रातको हमला गर्न सकिन्छ ।

आज हाम्रो हातमा नयाँ हतियार परेको छ । जसको नाम हो २" मोर्टार (५१ एम.एम. मोर्टार) जब पनि हाम्रो हातमा नयाँ हतियार पर्छ भने निरीक्षण गर्न जानेको हुन हुनुपर्दछ । अब म तपाईहरुलाई सिकाउछु निरक्षण गर्नेको तरीका, निरिक्षण गर्नेको तरिका सिकाउनु भन्दा पहिला मोर्टारको पछाडी सामेल, मोर्टारको दाहिना सामेल, मोर्टारको पछाडि जग्गाले, जग्गा छोड को कार्वाही ।

१. एक्लै वा व्यक्तिगत :- व्यक्तिगत मोर्टारको पछाडि आउदा सामेल भन्ने आदेश आउदैन । यति बेला आदेश आउछ क्लासको दाहिना वा बायाँ व्यक्तिले मोर्टारको पछाडी जग्गा लि भन्छ भने यो समयमा जुन तोकिएको व्यक्तीले आफ्नो नम्बर पुकार्दै दाहिना फर्की क्लासको पछाडिबाट अगाडि आउछ । अन्य व्यक्तिहरुले जुन पङतीको व्यक्ति अगाडी आउछ त्यही पाङतीको व्यक्तिहरुले मात्र २. ३. ४. ५ पुकार्दै अन्तिम व्यक्तिले अप भन्छ सवै व्यक्तिले दाहिना हात जमिनमा टेकी जम्पको साथ खाली ठांउ पुरा गर्छ अथवा जग्गा खाप्छ । अगाडि गएको व्यक्तिले अगाडि गएर गोडा चाल्छ । आफ्से आफ अड्छ र दांयाँ फर्केर गोडा फाटेर बस्छ । जव जग्गा छोड भन्छ भने यतिबेला शर्तक पोजिशनमा आउनु एक कदम पछाडि हटि दाहिना फर्की गोडा नहानी दौडको चालमा जानु र क्लासको वायाँ गई आफ्से आफ अडि पुरा फर्केर बस्ने ।

२. ग्रुपमा वा समुहमा :- सम्झनुहोस मोर्टारको पछाडि बोलाउनु परेमा वा मोर्टार पछाडि सामेल हुनु परेमा सम्पुर्ण कलासलाई खडा गरी गोडा फाट पोजिशनमा राख्ने । त्यति बेला सबै कलास मोर्टार पछाडि सामेल भन्ने आदेश आउछ भने यो समयमा सम्पुर्ण व्यक्ति आफ्से आफ् र्सतर्क पोजिशनमा आई एक कदम अगाडि बढ्ने र वाँया फर्केर गोडा नहानिकन अगाडि जान्छ, गोडा चाल्छ र पछाडिको व्यक्तिको अपमा अड्छ । अर्को अपमा दाहिना र्फकन्छ । अर्को अपमा गोडा फाटेर बस्छ । यति भै सके पछि सबै कलास मोर्टारको दाहिना सामेल भन्ने आदेश आउछ भने सबै कलास र्सतकमा आउने एक कदम पछाडी हट्ने दांया फर्केर गोडा नहानी दौडको चालमा जान्छ । मोर्टारको दाहिना गएर गोडा चालीरहन्छ र पछाडीको अन्तिम व्यक्तिको अपमा अड्छ, अर्को अपमा वायाँ र्फकने, र अर्को अपमा गोडा फाटेर बस्छ ।

अब म तपाई हरुलाई सिकाउछु निरीक्षण गर्नेको तरीका :- **निरीक्षण गर्नु भन्दा पहिला निरीक्षण गर्नु पर्ने अवस्थाहरु :-**

१. एक व्यक्ती बाट अर्को व्यक्तीमा लिदा वा दिदा ।
२. कोतवाट वुझदा वा वुझाउदा ।
३. सेन्ट्री अदली वदली गर्दा ।
४. फायरिङ्ग गर्नु भन्दा अगाडी र फायरीङ्ग गरि सके पछि ।
५. लामो लामो रुट मार्च वा पट्रोलिङ्ग जानु भन्दा अगाडी र फर्के पछि ।
६. आर्सनल वाट नयाँ हतियार्रर् इसु भएर आउदा ।
७. हतियार खोल्नु भन्दा पहिला र जोडी सके पछि ।

निरिक्षण गर्नेको तरिका :- सम्झनुहोस यस मोर्टारलाई १ जना वा २ जना को सहायताले निरीक्षण गर्न सकिन्छ अब म तपाईलाइ सिकाउछु १ जनाको सहायताले निरीक्षण गर्नेको तरीकाः सबै भन्दा पहिला लिनिङ्ग पोजिशनमा जाने बायाँ हातले छल्ली वा सकेटमा समाल्ने दाहिना हातले मोजल क्याँप खोल्नु यतिखेर २" मोर्टार ४५० को एंगलमा हुनुपर्दछ । मोर्टारलाई केही दाहिना तर्फ ढल्काएर छड्के तरीकाले ब्यारल भित्र हेर्नु वायाँ हातले छल्लीमा समाई मोर्टारलाई उठाएर वायाँ गोडामाथि राखेर दाहिना तर्फ ढल्काउने दाहिना हातले मोजलमा ग् वा सोलि आकार बनाई थाप्ने र मोर्टारलाई पुनः ४५० को एंगलमा राख्ने वायाँ हातले छल्लीमा समाल्ने वायाँ खुट्टाको पञ्जाले मोर्टार वेश प्लेटमा टेक्ने र दाहिना हातले लाईन लिभरलाई दबाउने र लाईन लिभरलाइ आकाश तर्फपारी मोर्टारलाई भुईमा सुताएर राखीदिने २ जनाको सहायताले निरीक्षण गर्दा कलास को १ जनालाई उर्ठाई नं १ बनाउने र आफु न. २ बन्ने यतिबेला नं २ केहि दाहिना पछाडी हुन्छ निरीक्षण गर्दा नं १ ले मोर्टारलाई केहि दाहिना ढल्काउछ भने नं २ ले व्यारल भित्र हेर्छ वा नं १ ले वायाँ हातले छल्लीमा समाई मोर्टारलई उठाएर वायाँ गोडा माथि राखेर दाहिना तर्फ ढल्काउने र नं २ ले दुबैहात जोडी मोजलमा छोप्ने वा सोलीआकार बनाई थाप्ने यदी बम भए सुरक्षित स्थानमा लगेर राख्ने नं १ ले मोर्टरलाई पुनः ४५० को एंगलमा राख्ने वायाँ हातले छल्लीमा समाल्ने वायाँ खुट्टाको पञ्जाले मोर्टारको वेश प्लेटमा टेक्ने र दाहिना हातले लाईन लिभरलाई दबाउने र लाईन लिभरलाइ आकाश तर्फपारी मोर्टारलाई भुईमा सुताएर राखीदिने ।

२" मोर्टार लेशन - १

दोहोर्याई :- विशेषताबाट लिने ।

उद्देश्य :- ट्राईपिङ्ग २ "मोर्टारको परीचय खोल्नु सफाई र जोड्ने को तरिका सिकाउनु हो । २

सामान :- २" मोर्टार ५१ मि.मि. मोटार, मम ब्रुस, तार ब्रुस, तेल, टल्ली, ग्याँसकी, कम्बिनेशन टुल, सिक्का र बन्दोवस्तीमा ग्राउण्ड सिट बिछ्याएको सबै कलास वैपन ड्रेसमा हुनु पर्दछ ।

बयान :- सम्झनुहोस यो हतियार से.मु.को पावरदार तोप खाना मोजल लोडिङ्ग हतियार हो । यस हतियार बाट हाई ट्राजेक्ट्री फायर हुने भएको कारण अग्लो आड पछाडि रहेको दुश्मनलाई पनि वर्वाद गर्न सकिन्छ । त्यस कारण हरेक -जवान) व्यक्ती ले २" मोर्टारको परीचय, खोल्न, सफाई गर्न र जोड्न जानेको हुनुपर्दछ । यदि जानेको छ भने परेको वेलामा दुरुस्तीका साथ काम हासील गर्न सकिन्छ । पाठ तर्तिवार सबैभन्दा पहिला .....।

तर्तिव नं. १ :- २" मोर्टारो परीचय :- सम्झनुहोस यो २"मोर्टारहामी लाई मित्र राष्ट भारत बाट २ किसीमको प्राप्त भएको छ । एक मार्क २ र मार्क ८, भने हाल यी दुबै मोटारलाई सर्ुधार गरेर ५१ मि.मि.मोटार प्राप्त भएको छ जस्को रेन्ज धेरै र एकुरेसी फायर नतिजा हासिल गर्नको लागी साईडको व्यवस्था गरिएको छ । हामी संग भएको मोटार कुन हो भनि चिन्हको लागी बडीमा लेखिएको मार्कलाई हेरेर चिन्ह सकिन्छ । यस हतियार लाई निम्न तरीकाले चिन्ह सकिन्छ ।

२" मोर्टारलाई चिन्ने तरिका :-

क. आर्सनलबाट काटीएको वडी नं. वाट

ख. युनिट वा सव युनिटले राखेको बन्दोबस्ती नंम्वर वाट

ग. हतियार को बनावट (आकार) बाट

२" मोर्टारलाई निम्न चिजबाट वचाउनु पर्दछ :-

क. आगो ख. पानी

ग. कडा जमिन वा बस्तु बाट घ. धुलो र बालुवा बाट

तर्तिव नं. २ :- २"मोर्टाराई खोल्नेको तरिका :-

जुन सुकै हतियार खोल्नु भन्दा अगाडि निरीक्षण गर्नु पर्दछ । निरिक्षण गरिसकेपछि सबैभन्दा पहिला मोजल क्याँपलाई दाहिना राख्रे मोर्टाराई ९०० को एंगलमा राख्रे बेश प्लेटमा बायाँ खुट्टाको पञ्जाले टेक्ने वायाँ हातको बुढी औला ले ब्यारल नट क्याँचमा समाती आफु तर्फतान्ने ५१ मि.मि. भए तल तर्फदबाउने दाहिना हातले छल्लीमा समाई घडीको उल्टो दिशा तर्फघुमाउने ब्यारल निकालेर तर्तिवार राख्रे राख्दा डाइरेक्सन मार्कलाई आकाश तर्फपारेर राख्रे बेश प्लेटलाई ९०० मा राखि फिक्सस्क्रुप- फिक्सिङ्ग स्क्रुप) हल्का ढिलाई गर्ने र स्ट्रिल प्लेट निकाल्ने,फायरीङ्ग पिन स्प्रिङ्ग,फयरीङ्ग पिन, क्रमश राख्रे अन्तमा वेश प्लेटलाई ९०० एंगलमा राख्रे । यदि नयाँ ५१ मि.मि. मोर्टारछ भने स्टील प्लेटको जक स्क्रु वेशमा कम्बिनेशन टुलको जक स्क्रुलाई फसाउने र घडीको उल्टो दिशा तर्फघुमाउने । स्टिल प्लेट निकाल्ने फायरीङ्ग पिन स्प्रिङ्ग, फायरीङ्ग पिन क्रमश राख्रे अन्तमा वेश प्लेटलाई ९०० एंगलमा राख्रे ।

यस हतियारलाई पनि पाँच ग्रुपमा खोलिन्छ ।

१) मोजल क्याँप ग्रुप

२) ब्यारल ग्रुप

३) स्ट्रील प्लेट ग्रुप

४) फायरिङ्ग पिन ग्रुप

५) बेश प्लेट ग्रुप

हतियारलाई खोलेर मात्र हुदैन मोटामोटी किला पुर्जाको नाम पनि थाहा पाएको हुनुपर्दछ ।

१) मोजल क्याँप ग्रुप :- मोजल क्याँप, प|nट सिलिङ्ग कडी, सिलिङ्ग, रियर सिलिङ्ग कडी

२) ब्यारल ग्रुप :-मोजल, स्मोक बोर, व्यारल, हेड ग्रिप, डाइरेकशन मार्क, जुबली क्लिप, ब्यारल चुरी, ब्यारलथ्रेड, -कोम्ग) एन्टी गर्ल कलर -कम्पास राख्रे ठाउ)

३) स्टील प्लेट ग्रुप :- स्ट्रील प्लेट, फायरिङ्ग पिन होल, स्ट्रील प्लेटबेस, फिक्सीङ्गस्क्रुपचुरी, -कम्बिनेसन जक स्क्रुप वेस)।

४) फायरिङ्ग पिन ग्रुप :- फायरिङ्ग पिन, फायरिङ्ग पिन रिटन ,फायरिङ्ग पिन स्प्रिङ्गबेस, फायरिङ्ग पिन स्प्रिङ्ग,

५) बेश प्लेट ग्रुप :- वेश प्लेट, स्टिल प्लेट वेश, फायरिङ्गपिन ग्रुपवेश, फिक्सीङ्ग स्क्रुपहोल, लाईन लिभर,-लेनयार्ड) ब्यारलचुरी, व्यारल नटक्याँच, वेशप्लेटचुरी, वेशप्लेटस्क्रुप, वेशप्लेटसुज, वेशप्लेटस्प्याँक र रियर सिलिङ्गकडी होल ।

तर्तिव नं.:-३ सफाई गर्नेको तरिका :- यो हतियारलाई पनि अरु हतियार जस्तै ५ तरिकाले सफाई गर्न सकिन्छ ।

१. आम सफाई :- बाहिरी धुलोमैलो पुछने र साधारण पुछपाछ गर्ने ।

२) हप्तावारी सफाई :- युनिट वा वेसमा रहदा मोर्टाराई सधै दुरुस्त रहिरहोस् भन्नको लागि युनिट वा वेशले राखेको रुटिङ्ग अनुसार प्रत्येक हप्ता डिटेल रुपले सफाई गरिन्छ भने त्यसलाई हप्तावरी सफाई भनिन्छ ।

३) फायरिङ्ग गर्नु भन्दा पहिलाको सफाई :- कोतमा खिया, चीसो गर्मिबाट बचाउनको लागि प्रशस्त तेल लगाएर राखेको हुन्छ । उक्त तेललाई पुछने र फायरको लागि हतियार ठिक छ छैन चेक गरि अन्तमा हल्का तेल लगाई सफाई गरिन्छ ।

४) फायर गर्दा गर्दैको सफाई :- साधारणतय मोर्टाराट फायर गर्दा बढि मात्रमा ग्यासँ पैदा भई जम्ने हुदाँ फायरलाई निरन्तरता दिन बम मिस हुनबाट बचाउन १०/१२ वटा बम फायर गरिसकेपछि मोर्टाराई सफाई गर्नु पर्दछ ।

५) फायर गरि सकेपछिको सफाई :- फायर गरि सकेपछि हतियारलाई सफाई गर्दा प्रशस्त समय निकाले र तार ब्रुसमा आवश्यकता अनुसार टल्ली लपेटेर ब्यारल सफा गरिन्छ भने ग्याँस जम्ने स्टील प्लेट फायरिङ्ग पिन होल र फायरिङ्ग पिन आदि किला पुर्जाहरुमा राम्रोसंग सफाई गरि तेल लगाएर कोतमा राखिन्छ ।

२" मोर्टारमा प्रयोग हुने तेलको प्रकार :-

१. साधारण इलाकामा :- ४° भन्दा माथीको तापक्रममा OX 52 वा AOil

२. हिमाली इलाकामा :-

क) ४° देखि -१८° तापक्रममा OX 13 वा लो कोल्ड टेष्ट आयल

ख) १८° देखि ४०° तापक्रममा OX 13 र सुपर केरोसिन (1:1) बराबर मिलाएर प्रयोग गरिन्छ

ग) ४०° देखि ५०° तापक्रममा OX 13 २ भागर ३ भाग सुपर केरोसिन (2:3) मिलाएर प्रयोग गरिन्छ ।

३. गर्मी इलाकामा ग्राफाईट ग्रिज

४. मरुभूमी इलाकामा ट्राई क्लियरिङ्ग सल्फेट पाउडर

तर्तिव नं. :-४ जोड्नेको तरिका

यस हतियारलाई पनि अरु हतियार सरह नै पहिला खोलेको किला पुर्जा अन्तिममा र अन्तिममा खोलेको किलापर्जालाई पहिला जोडिन्छ । सबै भन्दा पहिला वेश प्लेटलाई ९०० को एंगलमा राख्ने । फायरिङ्ग पिन रिटन तल तर्फपारी फायरिङ्ग पिन वेश मा, फायरिङ्ग पिनलाई हाल्ने । स्प्रीङ्ग पनि हाली दिने स्टील प्लेटलाई हाली घडिको सुल्टो दिशा तर्फघुमाउदै जोड्ने र कम्बिनेशन टुलको सहाएताले कसिदिने

२"मोटार.भए फिस्किङ्ग स्कुलाई ग्याँस कि को सहाएताले कसिदिने । वाया हातको बुढि औलाले ब्यारल नट क्याँच आफु तफुर् तान्ने वा तल दवाउने र दाहिने हातले ब्यारल समाई बेश प्लेट र ब्यारललाई एक सिधाई पारी घडिको सुल्टो दिशा तर्फघुमाउने जोडिसकेपछि निरीक्षण गर्ने अंन्तमा मोजल क्याँपलाई पनि लगाई दिने २"मोर्टार५१ मोर्टार१ लेशन यही आएर समाप्त हुन्छ ।

नोटः-

क) सबै भन्दा दाहिना मोजलक्याँप, व्यारल, स्टीलप्लेट, फायरीपिन स्प्रीङ्ग, फायरीपिन, वेशप्लेट ९००मा राख्ने ।

संक्षेप

१. मिनतवर

२. मोटामोटी

३. प्रश्न उत्तर

२" मोर्टारलेशन-२

शुरुको काम :- जवान हतियारको निरिक्षण ग्रुपको वाँडफाँड ।

दोहोर्याई :- खोल जोड्बाट लिने -अघिल्लो पाठबाट) ।

उद्देश्य :- विभिन्न किसिमको बमको परिचय, चाल, विशेषता र बन्द गरेर लैजानेको तरिका सिकाउनु हो ।२

सामान :- २ "मोर्टारविभिन्न किसिमको बम, बमक्यारी, विभिन्न अवस्थाको चालको डायाग्राम भएको खाका, प्वाइन्टर, वोर्ड, मार्कर, टेबुल र बन्दोवस्तीमा लेक्चरको सम्पर्ूण्ा सामान र सबै कलास वैपन ड्रेसमा भएको हुनु पर्दछ ।

वयान :- सम्झनुहोस् आफू दर्ुघटनाबाट वचि दुश्मनलाई दर्ुघटना मा पार्न को लागि हरेक जवान (व्यात्क्ती) ले विभिन्न किसिमको बमको परिचय, चाल, विशेषता र वन्द गरेर लैजान जानेको हुनुपर्दछ यदी जानेको छ भने परेको वेलामा दुरुस्तीका साथ काम हासील गर्न सकिन्छ । पाठ तर्तिवार सबैभन्दा पहिला.....।

तर्तिव नं. १ बमलाई अगाडि धकलेर लैजानेको तरिका :-

सम्झनुहोस हरेक किसिमको बममा एकै किसिमको टेल युनिट लगाएर आएको हुन्छ । यसमा ६ वा ८ वटा पंखा र वरिपरि दर्वेनी सुराकहरु हुन्छन् । यस भित्र सेन्टर ट्युब र सेन्टर ट्युव भित्र कार्टिज हुन्छ । कार्टिजलाई समाउन एक चुरीवाला रिटानिङ्ग क्याँप लगाएको हुन्छ । यसको बिचमा एक सानो प्वाल हुन्छ । टेलयूनिटको काम छ बमको उडानमा हावालाई काटेर वा चिरेर सिधाई कायम राख्नु र नुर बदली गरी नोजलाई जमिन तर्फगिराउनु ।

जब रिटानिङ्ग क्याँपलाई कसी, चिप्कने फितालाई खोली सेफ्टी क्याँपलाई निकाली सेफ्टी पिनलाई थुती बम तयार पारी मोर्टारा लोड गरि लाईन लिभर दवाईन्छ भने वृज प|mेस एक्शनमा आउछ फायरिङ्ग पिन

आफ्नो बुस होल बाट बाहिर निस्कि रिटानिङ्ग क्याँपको बाटो हुदै कार्टिजमा चोट मार्छ कार्टिज फायर हुन्छ प्रशस्त मात्र मा ग्यासँ र सोला पैदा हुन्छ उक्त ग्यासँ र सोला दर्वेनी सुराक बाट बाहिर निस्कन्छ र स्टील प्लेट भन्दा माथी , बम भन्दा तल जम्मा हुन्छ । उक्त ग्याँस र सोला कतै जान नपाई उकुस मुकुश भै बम लाई नै अगाडि तर्फधकलेर लैजान्छ ।

तर्तिव नं. २ :- विभिन्न किसिमको बमको परिचय :-

एच.ई.बम बम

यो बम को वडीको रंग वदामे भुरा रंगको हुन्छ । यसको विचमा रातो घेरा लगाएको हुन्छ भने बडीको भाग स्टिल (किट) बाट बनेको हुन्छ । सेफ्टी पिनमा चिप्कने फिता लगाएको र बडिमा HE इलिमेन्ट र लट नं समेत लेखिएको हुन्छ । दिनको समयमा बडिमा भएको रंग र अक्षर हेरेर चिन्न सकिन्छ । भने रातको समयमा चिप्कने फिता वा सेफ्टी क्याँप छामेर पनि चिन्न सकिन्छ । २" मोटारको HE बमभित्र १५१ र १६१ नंम्वर को फ्यूज राखीएको हुन्छ । नं. १५१ फ्यूज राखेको बममा सेफ्टी लगाएको हुदैन र उक्त बम खतरा बढी हुने भएकोले हाल आएर नं. १६१ फ्यूज लगाएको बम बढी पाईन्छ । ५१ मि.मि. मोटारको ज्भ् बम भित्र मार्क १ मा DA नं. १६१ MK3 जसलाई चार्ज नलगाई औसत रेञ्ज ८५० मिटरसम्म फायर गर्न सकिन्छ र मार्क २ भित्र DA-5A फ्यूज प्रयोग गरीएको हुन्छ जसलाई चार्ज नलगाई औसत रेञ्ज १०५० मिटरसम्म फायर गर्न सकिन्छ ।

प्यारा बम :

वडिमा सेतो रंग लगाएको विचमा रातो घेरा र कालो घेरा लगाएको हुन्छ, २ वटा टियूनिक सुराक हुन्छ । टियूनिक सुराकभित्र पातलो सिसा लगाएको हुन्छ, सेफ्टी क्यापमा ए लेखेको हुन्छ । दिनमा हेरेरचिन्न सकिन्छ भने रातमा सेफ्टी क्याँपमा ए लेखेको वा २ वटा टियूनिक सुराक लाई छामेर चिन्न सकिन्छ भने ५१ मि.मि. मोटारको बमलाई दिनमा हेरेर चिन्ह सकिन्छ भने रातको समयमासेफ्टी क्यापमा ए र टेल युनिट भन्दा माथि भएको रोटेटिङ्ग रिङ्गमा भएको स्टिल बललाई छामेर चिन्ह सकिन्छ । रोटेटिङ्ग रिङ्गमा ३,५,७,९ अंक लेखिएको हुन्छ भने यहि अंक संगै १,२,३,४ स्टिल बलहुन्छ । १ स्टिल बलले ३०० मिटर ३.५ सेकेण्ड, २ स्टिल बलले ५०० मिटर ६ सेकेण्ड, ३ स्टिल बलले ७०० मिटर ९.५ सेकेण्ड, ४ स्टिल बलले ९०० मिटर ११.५ सेकेण्ड, रेन्ज र समय जाहेर गर्दछ, यस बम भित्र प्यारो टेक्नीक र्टाईम मेकानिज्म लगाएको हुन्छ जस्ले गर्दा रेन्ज अनुसार फायर गर्न सकिन्छ । यो खास गरि रातको समयमा रोशनी (उज्यालो) दिनको लागि प्रयोग गरिन्छ ।

स्मोक बम :-

यसको बडिमा हरियो रंग लगाएको हुन्छ बिचमा रातो घेरा लगाएको हुन्छ । सेफ्टी क्याँप चिल्लो तालुजस्तो हुन्छ, ४ वटा टियूनिक सुराक हुन्छ दिनको समयमा हेरेर चिन्न सकिन्छ भने रात को समयमा सेफ्टी क्याँप चिल्लो तालुजस्तो र ४ वटा टियूनिक सुराक लाई छामेर चिन्न सकिन्छ । यो बम दुश्मन र आफु बिचको जमिनमा धुवाँको पर्दा लगाई आफ्नो पोजिशन चेन्ज गर्न र दुश्मनलाई धोका दिन प्रयोग गरिन्छ ।

सिंग्नल बम :-

यसको बडिको रंग सेतो र कालोे हुन्छ । बडी मा रातो घेरा लगाएको हुन्छ । दिनमा हेरेर त रातमा सेफ्टी क्याँप छामेर चिन्न सकिन्छ । जसमा रातो रंग जाहेर गर्नको लागि सेफ्टी क्याँपमा ± चिन्ह, हरियो रंगको लागि त्रिभूज चिन्ह रातो र हरियो मिश्रीत रंगको लागि त्रिभूज ± चिन्हले जाहेर गर्दछ । सक्सेस सिग्नलको लागि क् लेखेको हुन्छ । त्यसकारण छामेर चिन्न सकिन्छ ।

स्याण्डफिल्ड बम :-

बडीको रंग एच.ई.बम सरह नै हो । यो बममा कार्टिज मात्र हुन्छ । यस भित्र बालुवा मात्रै भरिएको हुन्छ । यो शुरु शुरुका सैन्य जवान तथा अधिकृतक्याडेट हरुलाई रेन्ज हासिल गर्न प्रयोग गरिन्छ । यसको कार्टिज बदली गरेर पुनः फायर गर्न सकिन्छ ।

तर्तिव नं. ३ :- विभिन्न किसिमको बमको विभिन्न अवस्था अनुसारको चाल

एच.ई.बम कोतमा रहदाको चाल :- सबै भन्दा पहिला चाल गर्ने किला पुर्जाको नाम चिप्कने फिता, सेफ्टीक्याँप, सेफ्टीपिन, डिटेन्ट, (Detent) डायगुनल च्यानल, सेफ्टी बल्ब, स्टाइकरनेक, स्टाइकर नोख, सटर आदि ।

चाल :- जब पनि एच.ई.बम कोतमा रहन्छ भने चिप्कने फिताले सेफ्टीपिन र सेफ्टीक्याँप लाई काबुमा राखेको हुन्छ भने सेफ्टीक्याँप ले ब्रासोक्याँपलाई सुरक्षित राखेको हुन्छ । सेफ्टीपिनले सेफ्टी बललाई रोकेर राखेको हुन्छ । डिटेन्टले डायगुनल च्यानलको बाटो बन्द गरेर राखेको हुन्छ सेफ्टी बल्ब स्टाइकर नेकमा बसेकोहुन्छ र स्टाइकरलाई काबुमा राखेको हुन्छ । स्टाइकर नोखले सटरलाई दाहिना तर्फ काबुमा राखेको हुन्छ । यतीबेला प्रत्येक किला पुर्जाहरु एक आपसमा ताल्चाको रुपमा राखेको हुनाले बम कोतमा रहदा सुरक्षित अवस्थामा रहन्छ ।

एच.ई.बम उडाउनमा रहदाको चाल :- सबै भन्दा पहिला चाल गर्ने किला पुर्जाको नाम सेफ्टीपिन, डिटेन्ट, डिटेन्टस्प्रीङ्ग, डायगुलन च्यानल, सेफ्टीबल्ब, स्टाईकरनेक, स्टाईकर, स्टाईकरस्प्रीङ्ग, वास्रो क्याँप, स्टाईकर नोख, सटर आदि ।

चाल :- जव पनि तयार गरेको बम लाई २"मोर्टारा लोड गरी फायररले लाईन लिभर दबाउछ भने बृजफ्रेस एक्सनमा आउछ । फायरिङ्ग पिन आफ्नो बुस होल बाट बाहिर निस्कि रिटानिङ्ग क्याँपको बाटो हुँदै कार्टिजमा चोट मार्छ कार्टिज फायर हुन्छ प्रशस्त मात्र मा ग्यासँ र सोला पैदाहुन्छ उक्त ग्यासँ सोला दर्वेनी सुराकबाट बाहिर निस्कन्छ । स्टील प्लेट भन्दा माथी र बम भन्दा तल जम्मा हुन्छ र डिस्चार्जको धमकाले बमलाई उडानमा लैजान्छ, भने यती बेला स्टाईकर र डिटेन्टस्प्रिङ्ग केहि तल तर्फदब्दछ डिटेन्टले बन्द गरेको डायगुनल च्यानल को बाटो खुल्ला हुन्छ । सेफ्टी बल्ब डागुनल च्यानलको आखिरी झिरीमा आएर बस्दछ । भने सेफ्टी बलले रोकेको स्टाईकर आफ्नो स्प्रीङ्गलाई तान्काउदैे व्रासो क्याँपमा गएर मिल्दछ । स्टाइकर नोखले काबु राखेको सटर ए बटको र्सकलमा घुमी स्टाईकर नोखको एक सिधाईमा आएर वस्छ । यति खेर बम जमिनमा टक्किन्छ भने विस्फोटन हुने अवस्थामा हुन्छ ।

एच.ई.बमबम जमिनमा टक्रदाको चाल :- सबै भन्दा पहिला चाल गर्ने किला पुर्जाको नाम :- ब्रास्रो क्याँप, स्टाईकर हेड, स्टाईकर स्प्रिङ्ग, स्टाईकर नोख, सटर, डेटोनेटर, सिर्.इ.सेप्टेम वारुद सिर्.इं प्लेट र एच.ई.बम बारुद ।

चाल :- जव बम जमिनमा टक्रिन्छ भने वास्रो क्याँप कुचीन्छ, बास्रो क्याँप संग मिलेको स्टाईकर आफ्नो स्प्रिङ्गलाई खुम्च्याउदै तल -टेल युनिट) तर्फहर्कत गर्छ यती बेला स्टाईकर नोखले आफ्नो सिधाईमा रहेको सटरमा भएको डेटोनेटरमा चोट मार्छ र डेटोनेटर पड्कन्छ । धमका पैदा हुन्छ सो धमकाले ऋभ् सेप्टेम वारुद पड्कन्छ र ऋभ् प्लेटलाई फुर्टाई बडिमा भएको ज्भ् बारुदलाई धमका दिन्छ बम पड्कन्छ र प्रशस्त्र मात्रमा ग्याँस र सोला पैदा हुन्छ । उक्त ग्याँस र सोला उकुसमुकुस भई बम लाई चकनाचुर बनाई फुर्टाई दिन्छ । यो बम खसेको चारै तर्फ ८हx८ गज मार गर्छ , (५१ मि.मि.को भए ११X११ मिटर) भने घाईते इलाका १५० गज हो । यसको खतरार् इलाका ३०० गज हो ।

स्मोक बमको चाल :- सबै भन्दा पहिला चाल गर्ने किला पुर्जाको नाम :- रिटानिङ्ग क्याँप,कार्टिज, दर्वेनी सुराक, ट्युनिक सुराक, क्लोजिङ्ग डिक्स, गन पाउडर, डिले प्लेट, डिले कम्पोजिसन, प्राईमर कम्पोजिशन र स्मोक कम्पोजिशन -

चाल :- जब पनि तयार गरेको बमलाई २" मोर्टारा लोड गरि लाईन लिभर दवाईन्छ भने वृजफेस एक्शनमा आउछ फायरिङ्ग पिन आफ्नो स्प्रिङ्गलाई खुम्चाउदै आफ्नो होल बाट बाहिर निस्की रिटानिङ्ग क्याँप को बाटो हुदै कार्टिजमा चोट मार्छ । कार्टिज फायर हुन्छ प्रशस्त्र मात्रामा ग्याँस र सोला पैदा हुन्छ, उक्त ग्याँस र सोला दर्वेनी सुराक बाट बाहिर निस्कि ट्युनिक सुराक को पर्दा पगाली मित्र पस्दछ र क्लोदिङ्ग डिक्समा आगो लाग्दछ । क्लोदिङ्ग डिक्सबाट गन पाउडरमा आगो लाग्दछ र गन पाउडर सल्कीन्छ, डिले प्लेट पग्लीने धातु भएकोले पग्लीएर ट्युनिक सुराको बाटो बन्द गरिदिन्छ र उक्त आगो डिले कम्पोजिशन बाट प्राइमर कम्पोजिशन हुदै स्मोक कम्पोजिशनमा लाग्छ प्रशस्त्र मात्रामा ग्याँस र सोला पैदा हुन्छ उक्त ग्याँस र सोला कतै जान नपाई पुनः तल तर्फ फर्कन्छ डिले प्लेट पग्लीने धातु भएकोले पुन ५ सेकेण्ड पछि पग्लीएर ट्युनिक सुराको बाटो खुला हुन्छ र धुवाँ बाहिर निस्की हावाँ र जमिन अनुसार चारै तिर फैलिन्छ यसले २ मिनेट सम्म धुवाँ दिन्छ ।

प्यारा बमको चाल :- सबै भन्दा पहिला चाल गर्ने किला पुर्जाको नाम :-रिटानिङ्ग क्याँप, कार्टिज, दर्वेनी सुराक, क्लोजिङ्ग डिक्स, गन पाउडर, डिले चार्ज, ब्लास्टीङ्ग चार्ज, फिलियर, प्याराच्युट, सेफ्टी क्याँप ।

चाल :- जव पनि तयार गरेको बम लाई २" मोर्टारा लोड गरि लाईन लिभर दबाईन्छ भने वृजफेस एक्शनमा आउछ फायरिङ्ग पिन आफ्नो स्प्रिङ्गलाई खुम्चाउदै आफ्नो होल बाट बाहिर निस्कीे रिटानिङ्ग ब्याँपको बाटो हुदै कार्टिजमा चोट मार्छ कार्टिज फायर हुन्छ । ग्याँस र सोला पैदा हुन्छ ,उक्त ग्याँस र सोला दर्बेनी सुराक बाट बाहिर निस्की टियूनिक सुराक को (सिसा लाई पगालि) बाटो हुदै भित्र पस्दछ क्लोजिङ्ग डिक्समा आगो लाग्छ उक्त आगो क्लोजिङ्ग डिक्स बाट गन पाउडर डिलेचार्ज हुदै ब्लाटिङ्ग चार्ज मा आगो लाग्छ आगो लाग्ना साथ एक किसिमको प्याट्ट आवाज आउछ यतीबेला सेफ्टी क्याँप खुल्नु फिलियरमा आगो लाग्नु प्याराचुट खुल्नु एकै साथ हुन्छ । यति बेला बमको बडि तल तर्फखस्छ भने प्यारा च्युट हावाँ मा फैलिएर फिलियर लाई काबु राख्दै आफ्नो समय सम्म (३० सेकेण्ड) ६०० फिट माथिबाट

९० गजको एरियामा ४०,००० क्यान्डला पाबरको उज्यालो दिन्छ । ५१ मि.मि.को प्यारा बमले १५० ± ३० मिटर जमिन भन्दा माथिबाट २,५०,००० क्यान्डला पावरको ३५ सेकेण्ड सम्म उज्योलो दिन्छ । भने ३ मिटर प्रति सेकेण्डको रफ्तारले जमिन तिर झर्छ ।

सिग्नल बम :- यस बमको बनावट र चाल प्याँरा बम सो सरह नै हो । यो बम इसरा दिनको लागि प्रयोग गरिन्छ । यसले ९ सेकेण्ड देखि १४ सेकेण्ड सम्म रोशनी दिन्छ ।

रातो रंग जाहेर गर्नको लागि + चिन्ह लेखिएको हुन्छ ।
हरियो रंग जाहेर गर्नको लागि ▽ चिन्ह लेखेको हुन्छ ।
सेतो रंग जाहेर गर्नको लागि T चिन्ह लेखिएको हुन्छ ।
सेक्सेज सिग्नलको लागि S चिन्ह लेखिएको हुन्छ ।

स्याण्ड फिल्ड बम :- यसमा कार्टिज जोडेर फायर गरिन्छ । यो शुरुशुरुको सैन्य जवान तथा अधिकृत क्याडेटलाई रेन्ज हासिल गराउने अभ्यासको लागि प्रयोग गरिन्छ । यो बलौटे ईलाकामा फायर गरिन्छ किन भने उक्त बम टक्किए को देखि पुनल्याएर प्रयोगमा ल्याउन सकियोस र नकुचियोस भन्नको लागि बलौटे इलाकामा फायर गरिन्छ कार्टिज बदलेर फेरी फायर गरिन्छ (यस बम भित्र विभिन्न किसिम को आवश्यक सामान राखी आफ्नो फौजको बिचमा कुनै रोकावट छभने सामान को आदान प्रदान पनि गर्न सकिन्छ) । यसको बजन २.५ पौण्ड हुन्छ ।

तर्तिब नं. ४ :- बन्द गरेर लैजानेको तरिका :-

एउटा सानो टिनको बाकसमा तीनवटा क्यारी हुन्छ ,एउटा क्यारी मा ६ वटा बम हुन्छ ,एउटा ठुलो टिनको बाकसमा ४ वटा कपडाको झोलाहुन्छ एउटा झोलामा ६ वटा बम प्याँक भई आएको हुन्छ । सानो टिनको बाकसमा जम्मा १८ वटा बम सिलिण्डरभित्र राखी क्यारीमा प्याँक भएको हुन्छ भने ठुलो टिनको बाकसमा २४ वटा बम सिलीण्डर भित्र राखी झोलामा प्याँक भएको हुन्छ ।

यदि बम फायर गर्न नपरेको खण्डमा यस प्रकारले बन्द गरेर लैजान सकिन्छ ।

नोट :- हाल सिग्नल बमको सट्टामा प्यारोट्निक कार्टिज प्रयोग गरीन्छ जस्ले ४ देखि ६ सेकेण्ड सम्म उज्यालो दिन्छ ।

१. क्यालिवर :- १३ मि.मि.
२. वजन :- ५४ ग्राम
३. लम्बाई :- १५४ .५ मि.मि.
४. बडीक्याँप को लम्बाई :- ५२.७ मि.मि.
५. बडी को लम्बाई :- १०१ .८ मि.मि
६. फायर हुने कार्टिज :- रातो , हरीयो, सेतो,
७. टाईप :- पेन टाईप
८. पुरा नाम :- प्रोजेक्टर प्यारो टेक्नीक हेण्ड १३ मि.मि.

५० मि.मि. मोर्टारो एसम्वली वृजको चाल :- चाल बताउनु भन्दा पहिला चाल गर्ने किलापुर्जाको नाम :- लाईन लिभर, शेर, शेरस्प्रिङ्ग, शेरको नोख, हेम्वर क्याँच, हेम्वर क्याँचस्प्रिङ्ग, हेम्वरको तल्लोभाग, लावर

हर्न्स, टुम्बलर, मेन स्प्रिङ्ग, पिभोट, शेरको नोख, हेम्वर क्याँच, हेम्वरको माथिल्लोभाग, अप्पर हर्न्स, हेम्वरको तल्लोभाग, फायरीङ्ग पिन रीटन, फायरीङ्गपिन स्प्रिङ्ग, फायरीङ्ग पिन, फायरीङ्ग पिन होल, कार्टर्ीी हेम्वरको तल्लोभाग, हेम्वरको माथिल्लो भागमा रहेको हेम्वर क्याँच, हेम्वर क्याँच स्प्रिङ्ग, शेरको नोख, हेम्वर, टुम्वुलरमा भएको दुबै हर्न्स, शेर स्प्रिङ्ग, शेर ।

चाल :- जव पनि फाययररले लाईनलिभर दबाउछ भने यति बेला शेरले शेरस्प्रिङ्गलाई तल तर्फ दबाउदै अगाडी तर्फ वढदछ र हेम्वर क्याँच सग मिलाप हुन्छ । हेम्वर क्याँच आफ्नो स्प्रिङ्गलाई तन्काउदै अगाडी बढ्छ भने हेम्वरको तल्लो भाग पछाडी तर्फ हट्छ यतिबेला हेम्वरको अप्पर हर्न्स संग मिलाप छुटी लावर हर्न्स संग मात्र मिलाप हुन्छ । टुम्वरल आफ्नो मेन स्प्रिङ्गलाई खुम्चाउदै पछाडी हटछ याहा सम्म हटछ कि जवसम्म टुम्वलरले पिभोटमा ठक्करखादैन वा शेरको नोख र हेम्वर क्याँचको मिलाप छुटदैन शेरको नोख र हेम्वर क्याँचको मिलाप छुटना साथ हेम्वर अगाडी वढदछ । यति बेला लावर हर्न्स र हेम्वरको तल्लोभाग संग मिलाप छुटी अप्पर हर्न्स र हेम्वरको माथिल्लो भाग संग मिलाप हुन्छ । टुम्वलर आफ्नो मेन स्प्रिङ्गलाई तन्काउदै अगाडि बढ्छ भने हेम्वरले फायरिङ्ग पिन रिटनमा चोट मार्छ फायरिङ्ग पिन आफ्नो स्प्रिङ्गलाई खुम्चाउदै आफ्नो ब्रस्ट होलबाट बाहिर निस्की रिटानिङ्ग क्याँपको बाटो हुदै कार्टिजमा चोट मार्छ कार्टिज फायर हुन्छ हेम्वरको तल्लो भाग पुन पछाडि हट्छ । हेम्वरको माथिल्लो भागमा भएको हेम्वरक्याच आफ्नो स्प्रिङ्गलाई खुम्चाउदै अगाडि वढ्छ यतिवेला टुम्वलरमा भएको दुवै हर्न्स र हेम्वरको मिलाप हुन्छ । शेर स्प्रिङ्गले शेरलाई माथिको तर्फधकल्छ भने शेर केहि पछाडि माथिको तर्फआएर बस्छ र २" मोर्टारदोवरा फायरको लागि तयार हुन्छ ।

५१ मि.मी. मोर्टारो एसक्वली वृजको चाल :- चाल बताउनु भन्दा पहिला चालगर्ने किल्लापुर्जाको नाम :- लाईनलिभर, लाईनलिभरस्प्रिङ्ग, शेरकोनोख, शेरवेण्ड, स्टाईगर, अप्परस्प्रिङ्गकप, मेनस्प्रिङ्ग, लवरस्प्रिङ्गकप, मेनस्प्रिङ्ग, स्टाईगर, फायरीङ्गपिनरिटन, फायरीङ्गपिनस्प्रिङ्ग, फायरीङ्गपिन, फायरीङ्गपिनहोल, रिटानिङ्गक्याँप, कार्टिज स्टाईगर, मेनस्प्रिङ्ग, शेरवेण्डको स्लोपिङ्गभाग, शेरको नोख, लाईनलिभरस्प्रिङ्ग, ।

चाल :- जब पनी फाययररले लाईन लिभरलाई दबाउछ भने लाईनलिभर आफ्नो स्प्रिङ्गलाई । तन्काउदै तल तर्फ दब्दछ । यतीबेला लिभरमा भएको शेरको नोख र शेरवेण्डको मिलाप हुन्छ । स्टाईगर आफ्नो अप्परस्प्रिङ्गकप सहित जोड्िएको मेन स्प्रिङ्गलाई खुम्चाउदै पछाडी तर्फ हटदछ ,याहाँ सम्म हट्दछकी जव सम्म अप्परस्प्रिङ्गकप र लवरस्प्रिङ्गकप को मिलापहुदैन वा शेरको नोख र शेरवेण्डको मिलाप छुटदैन, शेरको नोख र शेरवेण्डको मिलाप छुटना साथ स्टाईगर अप्परस्प्रिङ्गकप सहित जोड्िएको मेनस्प्रिङ्गलाई तन्काउदै अगाडी तर्फ जान्छ र स्टाईगरले फायरीङ्ग पिन रिटनमा चोटमार्छ फायरीङ्गपिन आफ्नोस्प्रिङ्ग लाई खुम्चाउदै रिटानिङ्ग क्याँपको बाटो हुदै कार्टिजमा चोट मार्छ बम फायर हुन्छ । मेनस्प्रिङ्ग केहि खुम्चन्छ यतीबेला स्टाईगरमा भएको शेरवेण्डको स्लोपिङ्ग भागसंग शेर रगडीदै पछाडी हटदछ भने लाईनलिभर आफ्नो स्प्रिङ्गलाई खुम्चाउदै लाईनलिभर लाई माथी तर्फ उठाईदिन्छ र ५१ मि.मि.मोर्टारदोबरा फायरको लागी तयार हुन्छ ।

संक्षेप

१. मिनतवर
२. मोटामोटी
३. प्रश्न उत्तर

२" मोर्टारलेशन- ३

शुरुको काम :- जवान हतियारको निरिक्षण ग्रुपको बाडफाँड ।
दोहोर्याईः - विभिन्न किसिमको बमको परीचयबाट लिने ।
उद्देश्य :- बम फायर गर्नुभन्दा पहिला तयारगर्नु लोड ले फायर र बिना-बेगर)फायर अनलोड गर्नेको तरिका सिकाउनुहो ।
सामान :- २" मोर्टार बिभिन्न किसिमको बम,बम क्यारी, बिभिन्न किसिमको ड्रिल बम,मोर्टार१ को लागि पेस्तोल, मोर्टार२ को लागि एस.एल.आर., डिट्याच मेन कमाण्डरको लागि एस.एम.जी. र बन्दोवस्तीमा ग्राउण्ड सिट बिछ्याएको हुनुपर्दछ ।
बयान :- सम्झनुहोस् लर्डाईको समयमा दुरुस्त फायर नतिजा हासिल गर्नको लागि हरेक जवानले -व्यक्ती) बम फायरको लागि तयार गर्न र कमाण्डरको आदेश अनुसार फायरीङ्ग पोजिशन चुनी फायर गर्न जानेको हुनुपर्दछ ,यदी जानेको छ भने परेको बेलामा दुरुस्तीका साथ काम हासिल गर्न सक्दछ । पाठ तर्तिवार सबैभन्दा पहिला .....।

तर्तिब नं १:- बमलाई तयार गर्ने तरिका

बमको तीन भाग हुन्छ । नोज, बडि, र टेल युनिट बमलाई हल्का सफा टल्लीले पुछ्नु, बडिमा चोट छ कि छैन, रिटानिङ्ग क्याँप कसिएको छ कि छैन, टेल युनिट कुच्चिएको छ कि भनी हेर्नु र ज्भ् बम भए रिटानिङ्ग क्याँप कसिदिने चिप्कने फित्ता निकाल्ने सेफ्टी क्याँप खोल्ने, बमलाई २"मोर्टारा ३ भागको २ भाग छिराउने र सेफ्टी पिन निकाल्ने । यति गरि सकेपछि बम फायरको लागि तयार हुन्छ ।

बमलाई तयार गर्दा ध्यान दिनु पर्ने कुराहरु :-

१) कुन बम तयार गर्ने हो यकिन गर्नु पर्छ ।
२) कति बटा तयार गर्ने हो ।
३) रेन्ज अनुसार चार्जलाई निकालिदिनु वा राख्नु ।

तर्तिव नं २ :-फायरिङ्ग पोजिशन चुन्नेको तरिका

सम्झनुहोस् २" मोर्टारबाट फायर गर्दा २ किसिमको फायरिङ्ग पोजिशन चुनिन्छ ।

१) निलिङ्ग पोजिशन २) लाइन पोजिसन

१) निलिङ्ग पोजिशन :-

जब पनि निलिङ्ग पोजिशन भन्ने आदेश आउछ भने चटक को साथ निलिङ्ग पोजिशनमा जाने दाहिने खुट्टाको घुडाँ जमिनमा वायाँ खुट्टाको पञ्जाले वेश प्लेटमा टेक्ने वायाँ हातले ब्यारल सकेट वा छल्लीमा २ हिस्सा पारी समातेको, वायाँ कुहीना वायाँ घुडा माथी र दाहिना हात लाईन लिभरमा भएको हुनु पर्दछ । दुश्मन वा

तार्गेट को दुरी ख्यालराखी फायर गर्नुपर्छ यो पोजिशन २ देखि २.½० फिट सम्मको आडमा र खुल्ला जमिनमा फायर गर्दा यो पोजिशन तयार गरिन्छ ।

२) लाईन पोजिसनः-

यो पोजिशन दोहोरो फायर चलिरहेको अवस्थामा प्रयोग गरिन्छ । यसमा दुबै खुट्टा तन्काएर जोडेको हुनुपर्दछ आफ्नो छाती भन्दा अगाडि हल्का खनी बेश प्लेट टेकाएको बेश प्लेटमाथी स्याण्ड ब्याग वोरी राखी बोरी माथी हातले छल्ली वा सकेटमा समातेको र दाहिना हातले लाईन लिभरमा समातेको हुनु पर्दछ । यति बेला २"मोर्टार ४५०मा राख्रे २" मोर्टार डाईरेक्शन मार्ग र तार्गेट एक सिधाई हुनु पर्दछ ।

फायरिङ्ग पोजिशन चुन्दा ध्यान दिनु पर्ने कुराहरु

१) बमको उडानमा रोकावट नहोस् ।

२) आफ्नो फौजको बिचमा होस, ताकी ३ वटर्ैर् इलाका को अगाडीको भाग कभर गरोस ।

३) महशुर निशाना को नजिक नहोस ।

४) फिल्ड अफ फायर सफा होस, ताकी डाईरेड फायर गर्न सकियोस ।

५) आउने जाने बाटो छुपेको होस ।

६) अल्टर नेटिभ पोजिशन चुनेको होस ।

७) दुश्मन को हाईट्रेजेक्ट्री हतियार को बचाउ हुनुपर्दछ ।

तर्तिब नं. ३ :- बम लोड र अनलोड गर्नेको तरिका

नं. १ को सहायता ले लोड र अनलोड गर्ने को तरीका :-

सबै भन्दा पहिला मोर्टारो निरिक्षण गर्नु पर्छ । बम तयार गरी दुबै हातको सहायताको बम २"मोर्टारा लोड गर्नु वायाँ हातले मोर्टाराई हल्का हल्लाउनु र दाहिना हातले लाईन लिभरमा समाई बस्नु ,खाली गर्दा बायाँ हातले सकेट वा छल्लीमा समाई वायाँ गोडा माथी राख्रे , दाहिना हातले मोजलमा ग् वा सोली आकार बनाई थाप्ने, बम लाई अनलोड गरि २" मोर्टारलाई पुन निरिक्षण गर्ने, यदि अनलोड गरेको एच.ई.बमबम भए सुरक्षित ठाउँमा लगेर राख्रे ।

नं. १ र २ को सहायताले बम लोड र अनलोड गर्नेको तरिका :-

नं. १ वायाँ र नं. २ दाहिना तिर बस्छ । नं. १ ले २" मोर्टारो निरिक्षण गर्ने ,नं. २ ले बम तयार गर्न । नं. १ ले २"मोर्टारो मोजल क्याँप खोली दाहिना ढल्काई दिनु नं. २ ले दुबै हातको सहायताले टेल युनिट तल तर्फपर्ने गरि लोड गरि दिनु नं. १ ले बम राम्रो सँग फिट होस भन्नको लागि २"मोर्टाराई हल्का हल्लाउने ,खाली गर्दा नं. १ ले २"मोर्टाराई वाँया गोडा माथी राखी दाहिना साइट तर्फढल्काई दिने ,नं. २ ले दुवै हातले मोजल छोपी हातमा थाप्छ वा सोलि आकार बनाई थाप्ने, नं. १ ले २"मोर्टारनिरिक्षण गर्छ नं. २ ले HE बम भए सुरक्षित ठाउमा राख्दछ ।

डिट्याच मेन कमाण्डरको कामः-

१) हदबन्दी गर्ने दुश्मनको पोनिशन देखाउने

२) अन्दाजी फासला अड्कल गर्ने

३) २"मोर्टारो पोजिशन चुन्ने ।

४) अल्टर नेटिभ पोजिशन र जाने आउने बाटो चुन्ने ।

५) डिफेन्सी फायर टाँक्स को लागी निशाना दिन लगाउने वा चुन्ने ।

६) आवश्यक परेमा सक्से डाईरेड एमिङ्गमार्क चुन्ने वा एजुलरी एमिङ्ग मार्क लगाउने ।

७) कुन बम कति फायर गर्ने आदेश दिने ।

८) फायर नियन्त्र आदेश दिने ।

२" मोर्टार१ को कामः-

१) २"मोर्टारहमेशा फायर्रगर्न को लागि तयारी हालतमा राख्ने ।

२) लाईन अफ फायर को विचार गरी २"मोर्टारमाउण्ट गर्ने ।

३) लाईन अफ फायर नमिलेमा कमाण्डर लाई रिपोट गर्ने ।

४) नं २ नभएको बेला बम लाई तयार गर्ने लोडगर्ने,फायर गर्ने ।

२" मोर्टार २ को कामः-

१) बम सप्लाई गर्ने साथै बम लाई तयार गर्ने ।

२) लोड र अनलोड गर्ने ।

३) बम मिस भएमा सुरक्षित स्थानमा लगेर राख्ने ।

४) तार्रर्गेट र २" मोर्टारएक सिधाईमा मिलाउने ।

५) एजुलरी एमिङ्ग मार्क लगाउने

६) डिट्याच मेन कमाण्डरको सुरक्षा गर्ने ।

तर्तिव नं. ४ :- फायर गर्नेको तरिका

सम्झनुहोस् लर्डाई को समयमा २" मोर्टाराई १ वा २ जनाको सहायता बाट फायर गर्ने सकिन्छ । फायर गर्नु भन्दा पहिला डिस्चार्जमेन कमाण्डरले आदेश दिन्छ आफ्नो आफ्नो सामान निरीक्षण गर कमाण्डरको आदेशमा नं १ ले २"मोर्टारर पेस्तोल नं २ ले राईफल, बम क्यारी र अन्य सामान चेक गर्नु पर्छ । ठिक छ भन्ने नं २ ले नं १ लाई २ को सम्पूर्ण सामानठिक भन्छ भने नं १ ले मोर्टारठिक भनि पुकार्ने ।

डिट्याच मेन कमाण्डरले आदेश दिन्छ :- २" मोर्टारग्रुप सामुन्ने ४०० गज एक झयाँम्म परेको गोलो रुख, जसको वायाँ किनारामा दुश्मनको स्नाइपर पोष्ट रेन्जीङ्ग गर्ला .....स्मोकले बर्बाद गर्ला ५ ज्भ् ले पोजिशन होला निलिङ्ग १० गज अगाडी "Mother and Bumbs Carry" भन्ने आदेशमा नं. १ ले मोर्टारर नं. २ ले बम र आवश्यक समान बोकी १० गज अगाडी गएर निलिङ्ग Position मा बस्छ । कमाण्डरको आदेशमा नं. २ ले तयार गरेको बम लोड गर्छ । नं. २ नं १ को पछाडी गई हेलमेट निकाली दिने अथवा क्याँप पछाडी फर्काउने, महशुर निशाना मोजलको हाइरेक्शन मार्क र फायरर को टाउको एक सिधाई पारी ढाँडमा एक धाम मारी नं. २ ले "ले" भनी पुकार्ने र नं. १ ले दाहिनाहातले लाईन लिभर समाई "अन" पुकार्ने यति वेला फायरर फायरको लागि तयार हुन्छ र डिट्याचमेन कमाण्डरको फायर भन्ने आदेशमा नं. १ ले फायर गर्दछ । फायर हुदा बम मिस हुन्छ भने वा कमाण्डरले -वेगर) बिना फायर अनलोड भन्छ भने नं. १ ले २"मोर्टारलाई दाहिने तर्फढल्काईदिने नं. २ ले दुबै हातले सोली आकारमा

थाप्ने कार्टिजमा चोट मारेको छ भने उक्त बमलाई सुरक्षित स्थानमा लगि राख्नु र उक्त स्थान देखि १० गज टाढा एउटा सेन्ट्री खटाइदिने नभएर एउटा रातो झण्डा गाडेर राख्नु पर्दछ । आफ्नो फौज फिर्ता हुदा मिस बम लाई TNT द्वारा वर्वाद गर्ने ,यदि सहि पोजिशनको छनौट नभएमा दुस्मनको दिशा र ग्राउण्ड रेन्ज फरक परेमा वा फायर गर्न नपरेमा कमाण्डरले पुनः १० गज पछाडि Dismount Mother and BombsCarry भन्ने आदेश दिन्छ । यति वेला नं. १ ले २" मोर्टारर नं. २ ले आफ्नो सम्पूर्ण सामान लिई कमाण्डरले तोकीएको स्थानमा गएर पोजिशन तयार गर्ने ।

बम मिस हुनाका कारणहरु :

क) फायरिङ्ग पिन भाँचीनु वा खिईनु ।

ख) बम राम्रो तरिकाले फिट नहुनु ।

ग) टेल युनिट हल्लिनु वा रिटाइनिङ्ग क्याँप नकसिनु ।

घ) कार्टिज को खरावी ।

ङ) स्ट्रिलप्लेटमा बमका चाईटाहरु अड्किनु फायरीङ्ग पिन को प्वाल बन्दहुनु ।

च) अन्य किला पुर्जाहरु टुटफुट हुनाले वा एसम्वलीवृज ले राम्रो चाल नगर्नु ।

बम ब्ल्याण्ड हुनुका कारणहरु

१) दलदले हिलो जमिन मा परेमा ।

२) गहिरो पानीमा परेमा ।

३) झाडी बुट्यान वा रुखको चोके भागमा अड्किएमा ।

४) बलौटे इलाकामा परेमा वा ब्रासो क्याँप नकुचिएमा ।

५) बारुदको खराबी ।

६) बम भित्र को चाल गर्ने किलापर्ूजा ले राम्रो संग चालनगर्नु ।

तर्तिव नं ५ :-२" मोर्टार लाई ४ तरीका ले लैजान सकिन्छ ।

१) लर्का पोजिशन २) काँध शस्त्र पोजिशन

३) सिलीङ्ग आर्म पोजिशन ४) माला पोजिशन

१) लर्का पोजिशन :- यो पोजीशन २" मोर्टारलाई छोटो रेन्जमा लैजादा वा २"मोर्टारको साथ कुनै डबल डिच अव्स्ट्याकल पार गर्नु परेको खण्डमा प्रयोग गरीन्छ यती बेला दाहिना हातले २ हिस्सापारी व्यारल सपोटमा समाएको हुनुपर्दछ भने व्यारल अगाडी तर्फ फर्किएको होस ।

२) काँध शस्त्र पोजिशन :- यो पोजीशन २"मोर्टारलिएर लामो लामो पट्रोल वा लामो लामो दौड दौडदा प्रयोग गरीन्छ । यतिबेला दाहिना काँधमा बोकेको छ भने दाहिना हात ले २ हिस्सापारी व्यारलमा समाएको हुनुपर्दछ ।

३) सिलीङ्ग आर्म पोजिशन :- यो पोजीशन २"मोर्टारलिएर लामो लामो पट्रोल वा रुटमार्च जादाँ प्रयोग गरीन्छ । यतिबेला सिलीङ्ग लाई अवश्यकता अनुसार खोली व्यारललाई तलतर्फ पारी सिलीङ्गलाई दाहिना

काँधमा वा वायाँ काधमा राखी लैजान सकिन्छ यस अवस्थामा दुबैहात स्वतन्त्र हुन्छ यो एक आरामदाहीक पोजिशन हो ।

४) **माला पोजिशन** :- यो पोजीशन झाडी जंगलमा हिड्दा प्रयोग गरीन्छ यतीबेला २"मोर्टारको सिलीङ्ग लाई फूलको माला लगाए जसरी टाउको बाट छिर्राई बोकीन्छ । यस अवस्थामा दुबैहात स्वतन्त्र हुन्छ र दुबैहात ले झाडी जंगल लाई पन्छाउदै अगाडी जान सकीन्छ ।

संक्षेप

१. मिनतवर

२. मोटामोटी

३. प्रश्न उत्तर

२" मोर्टार लेशन - ४

शुरुको काम :- जवान हतियारको निरिक्षण र ग्रुपको वाँडफाँड ।

दोहोर्याई :- बम लाई लोड र अनलोड गर्न तरीका बाट लिने ।

उद्देश्य :- एंगल सिधाई हासिल गरी प्रत्यक्ष (Direct and Indirect) र अप्रत्यक्ष फायर गर्नेको तरिका सिकाउनु हो .

सामान :- २" मोर्टार पेस्तोल, विभिन्न किसिमको बम, बम क्यारी, नं २ को लागी राईफल, डिट्याच मेन कमाण्डर को लागी एस.एम.जी., रातो झण्डा, एक्जुलरी एमिङ्ग मार्क र बन्दोवस्तिमा ग्राउण्ड सिट विछ्याएको हुनु पर्दछ ।

बयान :- सम्झनुहोस् यस हतियार बाट फायर गर्दा सिस्ता लिनको लागी कुनै साईड काटिए को हुदैन । त्यसैले टुटी फुर्टी इलाका मा लुकी छिपी बसेको दुश्मनलाई हरेक जवान (व्यक्ती) ले एंगल सिधाई हासिल गरी (Direct and Indirect) प्रत्यक्ष र अप्रत्यक्ष फायर गर्न जानेको हुनुपर्दछ यदी जानेको छ भने परेको बेलामा दुरुस्तीका साथ काम हासिल गर्न सकिन्छ । पाठ तर्तिवार सबैभन्दा पहिला .....।

तर्तिव नं. १ एंगल सिधाई हासिल गर्नेको तरिका

एंगल सिधाई हासिल गर्दा असरपार्ने कुरा वा ध्यान दिनु पर्ने कुराहरु :-

क) जमिन (कडा वा नरम) :- यदि कडा जमिनमा एंगल सिधाई हासिल गरी फायर गरेमा थरथरवट ले गर्दा एंगल हाई । नरम जमिनमा एंगल सिधाई हासिल गरी फायर गरेमा बेश प्लेट भासिन्छ जस्ले गर्दा लो एंगल हुन्छ ।

ख) हावा :- हावाँ कस्तो किसिम को चलेको छ र उक्त हावाँ लाई कति एइब् चुन्नु पर्छ एकिन गर्ने ।

ग) ट्याक्टिकल हालत (मोर्टारमाउण्ट गर्ने ठाउ) :- उठेको चुट्टी वा दबेको जमिन वा कुनै पनि घाँटीबाट फायर गर्नु पर्दा । जस्तै माथिबाट तल फायर गर्दा रेन्ज अनुसार को एंगल लिन नमिली घटाएर वा बढाएर लिनु पर्ने हुन्छ ।

घ) दिशाः- तार्गेट कुन दिशा तर्फपर्दछ र हावा कुन दिशा बाट कुन दिशा तर्फचलेको छ,साथै तार्रर्गेट र आफ्नो पोजिशन बिचको जमिनी फासला को एकिन गर्ने ।

२" मोर्टारबाट फायर गर्दा ३ किसिमको एंगल हासिल गरिन्छ ।

१) हाई एंगल २) नर्मल एंगल ३) लो एंगल

४५० देखि ९०० एंगल लाई हाई एंगल भनिन्छ । ४५० को एंगल लाई नर्मल भनिन्छ । ४५० भन्दा कम २२ ½०सम्मको एंगललाई लो एंगल भनिन्छ ।

(क) हाई एंगल सिधाई हासिल गर्नेको तरिका :- मुख्यतया हाई एंगलमा ४५० भन्दा माथि ६७. ½० एंगल सिधाई हासिल गरि फायर गरिन्छ । त्यस्तै निलिङ्ग पोजिशनमा वसेको वेला हातको पंञ्जा तर्फो कर्ुइनाको गद्दा वाला भाग वा कुहिना भन्दा ३" अगाडिको भाग वाँया घुडाको जोर्नीमा र वायाँ हातले व्यारल सकेटमा वा छल्लीमा समाउने हो भने यति खेर ६७. ½० को एंगल वन्दछ ।

(ख) नर्मल एंगलः- यदी ४५०को एंगल हासिल गरी फायर गरीन्छ भने यस लाई नर्मल एंगल भनिन्छ । लिनीङ्ग पोजिशनमा बसेको बेला वायाँ हातको कुहिना लाई ठिक वाँया घुँडाको जोर्निमा मीलाएर वायाँ हातले व्यारल छल्ली वा सकेटमा समाउने हो भने यती बेला ४५० को एंगल बन्दछ ।

(ग) लो एंगल सिधाई हासिल गर्नेको तरिका :- निलिङ्ग पोजिशनमा गहि वाया घुडा माथि वाया हातको मसल अथवा कुहिना भन्दा पछाडिको मासुको भाग घुडामा टेकाएर वाया हातले व्यारल सकेटमा समाउँदा २२.½० को एंगल बन्दछ

तर्तिव नं. २ रेन्ज हासिल गर्नेको तरिका :-

रेन्ज सिधाई हासिल गर्नु भन्नाले कति गज को रेन्जमा दुश्मन को पोजिशन छ र सो अनुसार आफूले कति डिग्रीको एंलमा राखी फायर गर्दा निशाना गरिएको अब्जेटिभ बर्बाद पार्न सकिन्छ, भन्ने कुरा जानकारी गराउनु हो । जस्तै :- मोर्टारलाई ४५० को एंगलमा राखी फायर गर्दा २२५ गज देखि माथि ५२५ गज सम्मको रेन्जमा बम खस्छ । ६७½० वा २२.½० को एंगलमा राख्दा २२५ गज देखि ४०० गज को रेन्जसम्ममा खस्छ । ८०० को एंगलबाट स्मोक र प्यारा बम मात्र फायर गरीन्छ यदी ज्भ् बम फायर गरेमा १०० गज देखी २०० गज को रेन्ज वारिपरि बम खस्छ , ९०० को एंगलबाट फायर गर्दा बम १० गज देखि १०० गज को रेन्ज वरीपरी भित्र खस्छ ।

६७.½० को एंगल वा २२.½० को एंगल मा फायर गर्दा बम किन एउटै रेन्ज मा खस्दछ :- ६७.½० एंगल बाट फायर गर्दा बम २२५ गज देखि ४०० गजको रेन्ज मा खस्दछ किनकी यती बेला व्यारल आफु तर्फहुन्छ र बम ले धेरै हाईट लिएको हुन्छ र बम लाई हावा ले असर गर्दछ ।

२२. ½० यो पोजिशन बाट फायर गर्दा बम २२५ गज देखि ४०० गज को रेन्ज मा गएर खस्दछ । किनकी यतिबेला बम धेरै तल बाट गएको हुन्छ र उक्त बम लाई पृथ्वी को गुरुत्व आकर्षा ले आफु तर्फतानिरहेको हुन्छ र बम नजिको रेन्ज मा गएर खस्दछ ।

४५० को एंगल बाट फायर गर्दा किन बम टाडा जान्छ :-४५० को एंगलबाट फायर गर्दा गुरुत्व आकर्षाले र हावाले असर नपार्ने र नुर बदल्न पाउने हुँदा टाढा वा ५२५ गज को रेन्जमा गएर बम खस्छ । ८०० को एंगलबाट फायर गर्दा प्यारा बम र स्मोक बम गरिन्छ भने ९०० को एंगलबाट जब दुश्मनले

नजिकभन्दा,नजिक चारै दिशाबाट घेरी सेकेको छ भने टोलि को बचाउको लागी मार्छर्ुु मर्छर्ुुन्ने उदेश्यले ज्भ् बम फायर गरिन्छ ।

अभ्यास लिने तरीका :- आदेश नं १ र नं २ जग्गालि मोर्टारग्रुप सामुने .....रातो घर जस्को दाहिना किनारा दुश्मनको LMG पोष्ट बर्बाद गर्ला २ ज्भ् ले पोजिशन होला १० गज दाहिना निलीङ्ग लो एंगल माउण्ट मोटार एण्ड बमक्यारी ।

तर्तिव नं. ३ प्रत्यक्ष र अप्रत्यक्ष (Directand Indirect) फायर गर्ने तरिका :

प्रत्यक्ष (Direct) फायर :- जव पनि हामीले दुश्मनलाई तड्कारै देखेर वा आँखाले देखेर फायर गर्छ भने त्यसलाई प्रत्यक्ष फायर भनिन्छ । यति वेला Dichyarjaman Commandar को आदेशमा फायर गरिन्छ

अप्रत्यक्ष (Indirect) फायर :- यो फायर Subsidiary Aiming Mark/Auxillary Aiming Mark को सहायताले फायर गरिन्छ ।

Subsidiary Aiming Mark.(एकसिधाई मार्क) :- यो तरीका बाट फायर गर्दा फायरर ले दुश्मनलाई प्रत्यक्ष रुपमा नदेखी १२ वजे वा ६ वजे को लाईनमा अन्य कुनै महशुर निशाना चुनि निशाना को साहायता बाट फायर गर्छ भने त्यसलाई सवसे डाईरेट एमिङ्ग मार्क (Subsidiary Aiming Mark) भनिन्छ ।

Subsidiary Aiming Mark (एजुलरी एमिङ्ग मार्क) :- योर् इन डाईरेट फायर गर्नको लागी आर्श्रल देखि बनिआएको हुन्छ यसको लम्बाई १.५ फिट हुन्छ टुप्पो तिर एंगल (तीखो) पारीएको एक तर्फ कालो र अर्का तर्फ सेतो रंङ्ग लगाएको २ पाटे हुन्छ यसैलाई एजुलरी एमिङ्गमार्क भनिन्छ । एजुलरी एमिङ्गमार्क नभएको खण्डमा काठ बाँस वा फलामको एक तर्फ कालो र अर्को तर्फ Direction Mark को काम गर्ने सेतो रंग लगाएको बस्तु लाई Auxillary Aiming Mark भनिन्छ । यो २ पाटे हुन्छ । कालो भाग दुश्मन तर्फपारेर र सेतो भाग आफु तिर पारी गाडिन्छ । यो पृष्ठ भुमिमा मिल्ने गरी Commuflage गरी रंग्याएको हुनु पर्दछ । यो रेक्की कमाण्डर आफै वा २ जनाको सहायता बाट गाड्न लगाईन्छ, नं. १ ले दुश्मन कहाँ नीर छ बिस्तारै स्काइ लाइनबाट हर्ेछ र नं. २ ले जमिनमा आधा फिट जति गाडिन्छ । यसरी गाड्दा Auxillary Aiming Mark फायररको टाउको एकसिधाइमा पारिन्छ । एक सिधाई भएपछि नं. २ ले "ले" भनि एक धाप हान्छ । नं. १ ले "अन" भन्छ । डिट्याच मेन कमाण्डरले फायरको आदेश दिएपछि नं. १ ले फायर गर्छ ।

Auxillary Aiming Mark लगाउँदा ध्यान दिनु पर्ने कुराहरु

१) स्काईलाईन मा हर्कत कम गर्ने सानो पोजिशन बनाउने ।
२) वलियो संग केहि छड्के पारेर गाडनु पर्छ ।
३) गाडदा कालो भाग दुश्मन तर्फर सेतो भाग आँफू तर्फपार्ने ।
४) वरावर फासालामा अर्थात १५,१५ गज को दुरीमा गाड्नु पर्छ ।
५) नं. १ ले करेक्सन गर्ने र नं. २ ले आँफु तर्फगाड्दै आउने ।
६) आफुतर्फो जमिन भिरालो होस । -व्याँग ग्राउण्ड मिलेको होस)
७) एजुलरी एमिङ्ग मार्क नभएमा व्यूनेट, खुकुरी, काठ वा ढुङ्गाको प्रयोग गर्ने ।

८) फायर गरि सकेपछी व्यूनेट वा खुकुरी भए निकालेर लैजाने र अन्य काठ वा ढुङ्गा भए क्यामोफ्लाईज गरिदिने ।

नोट :- क) डिफेन्समा बसेको बेला २" मोर्टारको फायर लाई रेन्ज अनुसार नामकरण गरीएको छ ।

यदी २०० देखी ५२५ गज को रेन्जमा फायर गर्नु परेमा उक्त फायर लाई DF in Depth Fire Task भन्निन्छ

यदी १०० देखी २०० गज को रेन्जमा फायर गर्नु परेमा उक्त फायर लाइ DF in Close Task भन्निन्छ ।

यदी १०० गज देखी भित्र को रेन्जमा फायर गर्नु परेमा उक्त फायर लाइ DF SOS Task भन्निन्छ ।

संक्षेप

१. मिनतवर

२. मोटामोटी

३. प्रश्न उत्तर

नं. ३६ हृयाण्ड ग्रिनेड लेशन

शुरुको काम :- जवान हतियारको निरीक्षण र ग्रुपको बाँडफाँड ।

जव पनि हाम्रो हातमा नयाँ हतियार पर्छ भने सबैभन्दा पहिला निरीक्षण गर्नु पर्छ । यसैले हरेक जवानले निरीक्षण गर्न जानेको हुनुपर्दछ । निरीक्षण गर्नुभन्दा पहिला झिक ग्रिनेड र राख ग्रिनेडको कार्रवाही ।

झिक ग्रिनेड :- जव पनि झिक ग्रिनेड भन्छ भने गन्ती १ मा सबै भन्दा पहिला पौचमा दुबै हातले हान्नु पौचको भुन्टी खोल्नु गन्ती २ मा दाहिना हातमा लिभरलाई हत्केलामा काबु राख्दै ग्रिनेडलाई समाउनु गन्ती ३ मा ग्रिनेडलाई निकालेर सतर्क पोजिशनमा आई बस्नु । यतीबेला ग्रिनेड ०० को एंगलमा हुनुपर्दछ ।

राख ग्रिनेड :- जव पनि राख ग्रिनेड भन्छ भने गन्ती १ मा सबै भन्दा पहिला ग्रिनेडलाई पौचमा राख्नु गन्ती २ मा पौचको भुन्टी लगाउनु गन्ती ३ मा र्सतकमा आएर बस्नु ।

भुईमा राख ग्रिनेड :- जव पनि हातमा भएको ग्रिनेडलाई भुईमा राख भन्छ भने गन्ती १ मा निलिङ्ग पोजिशनमा जानुगन्ती २ मा ग्रिनेडलाई लिभर माथी तर्फर वेस प्लेटलाई आफुतिर पारेर राख्नु गन्ती ३ मा आफू खडा भएर र्सतक पोजीशनमा उभिनु ।

टिप ग्रिनेड :- गन्ती १ मा सवै भन्दा पहिला निलिङ्ग पोजिशनमा जानु गन्ती २ मा लिभरलाई हत्केलामा पार्दै ग्रिनेडलाई दाहिना हातले समाउनु गन्ती ३ मा खडा भएर र्सतक पोजिशनमा उभिनु ।

निरीक्षण गर्ने तरिका बताउनु भन्दा पहिला निरीक्षण गर्नु पर्ने अवस्थाहरु :-

१. एक व्यक्ती बाट अर्को व्यक्तीमा लिदा वा दिदा ।

२. कोतवाट झिक्दा वा वुझाउदा ।

३. फायरिङ्ग गर्नु भन्दा अगाडी ।

४. लामो लामो रुट मार्च वा पट्रोलिङ्ग जानु भन्दा अगाडी र फर्के पछि ।

५. आर्सनल वाट हतियार्रर् इसु भएर आउदा ।

६. हतियार खोल्नु भन्दा पहिला र जोडी सके पछि ।

ग्रिनेडलाई निरीक्षण गर्ने तरीका :-

जब पनि ग्रिनेड लाई निरीक्षण को लागी जाच शस्त्र भन्ने आदेश आउछ भने गन्ती १) निलिङ्ग पोजिशनमा जानु ,वायाँ हातले हत्केलामा लिभर लाइ बिचमा पारी समाउनु ,दाहिना हातले बेश प्लक कि लाई बेश प्लक कि वे मा मिलाई घडी को उल्टोरुप घुमाउदै बेशप्लग निकाल्नु ,गन्ती २ मा सेन्टर सिलिपमा हेर्नु इकुनाईटर सिट त छैन, एकिन गरी सके पछी गन्ती ३ मा ग्रिनेडलाई वायाँ हातले समाउने दाहिना कुम को लाईनमा लगी सेन्टर सिलीप लाई अगाडी देखाएर उभिनु यती बेला दाहिना हातमा बेशप्लक र वेसप्लक कि लाई हत्केला मा राखि देखाउने निरीक्षण गर्ने व्यक्ती तेस्रो व्यक्ती पुगेपछी पहिलो व्यक्तीले आफै अगाडी को काम गरेर बस्ने । जुन काम यस प्रकार गर्नु गन्ती १) निलिङ्ग पोजिशनमा जानु । गन्ती २ मा दाहिना हातले बेस प्लकलाई बेस प्लक की को सहायतालेे रीम मा रीम मिलाई बेश प्लग लगाई दिनु गन्ती ३ मा खडा भएर र्सतक पोजिशन मा उभिनु । राख ग्रिनेड को आदेश मा ग्रिनेड लाई पौच मा राख्रे । यदी जमिन मा भएको ग्रिनेड लाई निरीक्षण गर्नु परेमा ,गन्ती १ मा निलिङ्ग पोजिशन मा जानु ,गन्ती २ मा बेश प्लगलाई खोली निरीक्षण गर्नु, गन्ती ३ मा लिभर लाई आकाश तर्फपारी खडा भएर नं १ ग्रिनेड ठिक भनि पुकार्ने र र्सतक पोजिशनमा उभिनु ।

नं. ३६ हृयाण्ड ग्रिनेड लेशन - १

दोहोर्याई :- विषेशताबाट लिने ।

उद्देश्य :- नं. ३६ हृयाण्ड ग्रिनेडको परिचय, खोल्नु सफाई, जोड्नु , प्रयोगको लागी तयारी चाल बिषेशता र बन्द गरेर लैजानेको तरिका सिकाउनु हो । २

सामान :- नं. ३६ हृयाण्डग्रिनेड, बिभिन्नकिसीमको ग्रिनेड,बेशप्लग कि, बिभिन्न किसीम को इग्नाईटर सिट खाका, बन्दोबस्ती मा ग्राउण्ड सिट र सबै कलास वैपन ड्रेसमा हुनु पर्दछ ।

वयान :- सम्झनुहोस् नं ३६ हृयाण्ड ग्रिनेड फल्याट ट्रयाक्जेक्ट्रीक हतियार बाट फायर गर्न नमिल्नरेे इलाकामा वा गुथम गुथ्था आएको दुश्मनलाई बर्रबाद गर्नको लागि वनाईएको हुन्छ त्यसैले हरेक जवानले यसको परिचय, खोल्नु, सफाई गर्न जोड्न र प्रयोगको लागि तयार पारी बन्दगरेर लैजान हरेक जवानले जानेको हुनुपर्दछ । यदि जानेको छ भने परेको समयमा दुरुस्तीका साथ काम हासिल गर्न सकिन्छ । पाठ तर्तिवार सबैभन्दा पहिला .....।

तर्तिव नं १ ग्रिनेड को परीचय :-

१) लाईफ ग्रिनेड २) ड्रिल ग्रिनेड ३) इन्सट्रक्शनल ग्रिनेड

१) लाईफ ग्रिनेड :- यस ग्रिनेड वजन १ पौण्ड १०. ½० औस वा ७,५० ग्राम हुन्छ । यो बदामे भुरा रङ्गको हुन्छ । यसमा रातो घेरा लगाएको हुन्छ । यस मा सेफ्टी पिन र बेशप्लग लगाएको हुन्छ । यो ग्रिनेड टुटी फुटी जमिन मा लुकिछिपी बसेको दुश्मन लाई -फल्याट ट्रयाक्जेक्ट्री) सिधा मार गर्ने हतियार ले

फायर गर्न नमिल्ने जमिन मा बसेको दुश्मन लाई बर्बाद गर्न प्रयोग गरीन्छ । यसको मार्रर् इलाका ९ह्९ गज चारै तिर घाईते इलाका २५० गज र ३०० गज सम्म खतरा पुर्याउन सक्छ ।

२) इन्सट्रक्शनल ग्रिनेड (Instructional Grenade):- यसको रङ्ग नं ३६ ह्याण्ड ग्रिनेड सरह नै हुन्छ साथै रातो घेरा पनि लगाईएको हुन्छ । यस ग्रिनेडको १ चौथाई भाग काटिएको हुन्छ । तालिमे प्रशिक्षार्थीहरु लाई हिस्सा पुर्जा देखाउन र चाल बारे जानकारी गराउन यसको प्रयोग गरिन्छ ।

३) ड्रिल ग्रिनेड :- यो ग्रिनेड पनि तालिमे वा शुरु शुरुको शैन्य जवान अथवा अधिकृत क्याडेट हरुलाई रेन्ज जानकारी गराउन प्रयोग गरिन्छ । यस ग्रिनेडको बडीमा सेतो रंङ्ग र ५ वटा प्वाल हुन्छ र ज्भ् बारुदको सट्टा बालुवा भरिएको हुन्छ । तर्तिव नं. २ ग्रिनेडलाई खोल्नेको तरिका :- यस हतियारलाई पनि खोल्नु भन्दा पहिला निरीक्षण गर्नु पर्छ यदि खोल्नु छ भने बेसप्लग लगाई रहनु पर्दैन । गन्ती १) बेश प्लग लाई खोल्नु । गन्ती २) सेफ्टी पिनलाई निकाल्नु । गन्ती ३) लिभरलाई निकाल्नु । गन्ती ४) स्ट्राइगरलाई निकाल्नु । गन्ती ५) बडीलाई राख्नु

यस ग्रिनेडलाई ५ ग्रुपमा खोलिन्छ ।

१) वेस प्लक ग्रुप
२) सेफ्टी पिन ग्रुप
३) लिभर ग्रुप
४) स्टाइगर ग्रुप
५) बडी ग्रुप

१. वेस प्लक ग्रुप :- वेसप्लग कि वे. वेस प्लकको वाहिरी चुरी, ट्यूव लन्चिङ्ग वे,

२. सेफ्टी पिन ग्रुप :- थमरिङ्ग, सेफ्टी पिन,

३. लिभर ग्रुप :- लिभर, राइट स्टुट, लेफ्टस्टुट, लिभर स्टुटहेड,

४. स्टाइगर ग्रुप :- स्टाइगर हेट, स्टाइगर नेक, स्टाइगर स्प्रीङ्ग, स्टाईगर लग ९ीगनक०,

५. बडी ग्रुप :- बडी, राइट सोल्डर, लेफ्टसोल्डर, लिभर स्टुट पोष्ट, लिभर वेश, फिलिङ्ग स्क्रुप, स्टाइगर वे, आल्मुनियम पर्दा, सेन्टर सिसिलप, डेटोनेटर वे, वेश प्लक भित्री चुरी ।

तर्तिव नं. ३ सफाई गर्ने तरिका :- सम्झनुहोस् यस ग्रिनेडलाई सफाई एक पटक मात्र गरिन्छ । जुन फायरिङ्ग गर्नु भन्दा अगाडि मात्र गरिन्छ । यसको बचाउको लागि प्रशस्त्र मात्रामा मम ग्रिजहरु लगाइएको हुन्छ त्यसैले फायरीङ्गगर्नु भन्दा अगाडी सफा रुमाल ले सफाई गरी जोडेर फायर गरिन्छ ।

तर्तिव नं. ४ ग्रिनेडलाई जोड्ने तरिका :-

अरु हतियार जस्तै यसलाई पनि पछि खोलेको किला पुर्जालाई पहिला र अगाडी खोलेको किला पर्ूजालाई पछाडी जोडिन्छ ।

१) बडी मा भएको स्टाईगर वे मा स्टाईगर लाई हाल्ने् ।
२) कुनै नोख दार चिजको सहायताले स्ट्राइगरलाई माथि तर्फुस गदै लिभरलाई स्ट्राइगर नेकमा मिलाउने
३) सेफ्टी पिनलाई सेफ्टी पिन वे मा छिराउने ।
४) वेस प्लक जोडि बेशप्लक की को सहायताले कस्ने ।

तर्तिव नं. ४ प्राइम र अन प्राइम गर्ने तरिका :-

त्यस भन्दा पहिला इग्नाइटर सेटको परिचय :- सम्झनु होस नं ३६ हृयाण्ड ग्रिनेड मा ३ किसिम इग्नाईटरसेट प्रयोग गर्न गरीन्छ यस लाई रंङ्ग बाट र बट्टामा लेखेको अक्षर बाट सजिलै चिन्न सकिन्छ ।
१) ड्रिल इग्नाईटरसेट २) ४ सेकेण्ड वाला इग्नाईटरसेट ३) ७ सेकेण्ड वाला इग्नाईटरसेट
१) ड्रिल इग्नाईटर सेट :- यसको रंङ्ग सेतो हुन्छ । यसमा वारुद हुदैन वारुदको सट्टामा काठको धुलो भरिएको हुन्छ । यो तालिमे तथा शुरु शुरुका सैन्य जवानलाई तथा अधिकृत क्याडेटहरुलाई प्राइम र अन प्राइम गर्न ड्रिल इग्नाईटरसेटको प्रयोग गरीन्छ
२) ४ सेकेण्ड वाला इग्नाईटर सेट :- यो आल्मुनियमको हुन्छ यसको रंङ्ग सेतो हुन्छ । डेटोनेटरको माथिल्लो भागमा ३ रिङ्ग र ४ कटाव हुन्छ । यो हातले फ्याक्ने ग्रिनेडमा हुन्छ । बट्टामा ४ सेकेण्ड लेखेको हुन्छ । किला पुर्जा को नाम :- .२२ क्याप, क्याप चेम्वर, सेफ्टीफ्युज, डेटोनेटर,)
३) ७ सेकेण्ड वाला इग्नाईटर सेट :- यो आल्मुनियमको हुन्छ यसको रंङ्ग केही पहेलो हुन्छ । डेटोनेटरमा रिङ्ग र कटाव हुदैन चिल्लो हुन्छ र सेफ्टी फ्युज केही लामो हुन्छ । बट्टामा ७ सेकेण्ड लेखेको हुन्छ ।GF राईफलबाट फायर गर्दा प्रयोग गरिन्छ र साईड प्रोजेक्टर 3A र ट्युव लन्चिङ्ग मार्क १ जोडेर SLR बाट पनि फायर गर्न सकिन्छ ।

प्राईम र अनप्राईम गर्ने तरिका :-
प्राईम गर्ने तरिका :- सवै भन्दा पहिला वेस प्लग खोल्नु, इग्नाईटर सेट को प्वाइन्ट टुटु क्याँप लाई सेन्टर स्लिपमा डेटोनेटर लाई डेटोनेटर स्लिपमा पारेर फिट गर्नु र वेस प्लगलाई कि को सहायताले बन्द गर्नु पर्दछ । यदी इग्नाईटर सेट फिट नभएमा लुटिङ्ग मट्टी लगाउनु पर्छ ।
इग्नाईटर सेट फिट गर्दा ध्यान दिनु पर्ने कुराहरु :-

१) २२ क्याँप लाई सेन्टर सिलीपमा र डेटोनेटर लाई डेटोनेटर सिलीप मा मिलाउने ।
२) फिट भएन भनेर प्रेस नगर्ने
३) फिट नभए लुटीङ्ग मट्टी को प्रयोग गर्ने
४) बाङ्गो भयो भनेर सोझयाउने कोसिस नगर्ने वा दाँतले कहिल्यै नटोक्ने ।

अनप्राईम गर्ने तरिका :- यदि तुरुन्तै प्रयोग गर्नु परेन भने ग्रिनेडलाई अन प्राइम गरी प्याँक गर्नु पर्छ । अन प्राइम गर्दा वेस प्लकलाई खोल्नु इग्नाईटरसेटलाई झिक्नु यदी नआएमा कहिले जवर जस्ती नगर्ने बिस्तारै हल्लाएर निकाल्ने र इग्नाईटर सेटलाई सुरक्षित संग राख्नु र सेन्टर स्लिपमा चेक गरेर वेस प्लकलाई लगाइदिनु ।
तर्तिव नं. ५ नं. ३६ हृयाण्ड ग्रिनेडको चाल :- चाल भन्नु भन्दा पहिला चाल गर्ने किला पुर्जाको नाम
१) सेफ्टी पिन २) लिभर ३) स्ट्राइगर नेक ४) स्ट्राइगर ५) स्ट्राइगर स्प्रिङ्ग ६) स्ट्राइगर लग ७) .टु टु क्याँप ७) क्याँप चेम्बर ८) सेफ्टी फ्युज ९) डेटोनेटर १०) आल्मुनियम पर्दा ११) वडीमा भएको HE बारुद १२) बडी को फलामे भाग ।

चाल :- जब पनि प्राईमर गरेको ग्रिनेडलाई लिभर काबुमा राखी सेफ्टी पिन थुतेर उचाई र गोलाईको रुपमा हावामा फालिन्छ भने लिभर अलग हुन्छ र स्टाइकर नेक र लिभरको मिलाप छुटछ स्टाईकर आफ्नो स्प्रीङ्गको तागतले तल तर्फदव्छ र स्टाईकार लग ले प्वाइन्ट टु टु क्याँपमा चोट मार्छ । आगो र सोला पैदा हुन्छ उक्त आगो क्याँप चेम्बरको बाटो हर्ुदै सेफ्टी फ्युजमा लाग्दछ । सेफ्टीफ्यूज सल्कदै डेटोनेटरमा आगो लाग्छ, डेटोनेटर पड्किन्छ । यो फुट्ने समयमा एक किसिमको धमका उत्पन्न हुन्छ । उक्त धमकाले आलमुनियम पर्रदा लाई फुटार्एइ वडिमा भएको ज्भ् -त्लत्) वारुद पड्कन्छ र प्रशस्त मात्रामा ग्याँस र सोला उत्पन्न हुन्छ । उक्त ग्याँस र सोला कतै जाने बाटो नपाएर उकुस मुकुश हुन्छ यती बेला ग्रिनेड १ देखी १. ½० फिट माथी उप|mीन्छ र ग्रिनेडलाई चकना चुर पारी फुर्टाईदिन्छ । यतीबेला बडीमा भएको किटको भागर् इस्पेण्डर को रुपमा ब्लेड को धारजस्तै भएर चारैतिर फैलिएर जान्छ । यो ट्रेकको ठाउँ वा फुटेको ठाउँमा चारै तर्फ ९/९ गज मार गर्दछ । यसको घाईते इलाका २५० गज हो यसको खतरा इलाका ३०० गज हो ।

तर्तिव नं. ६ नं. ३६ हृयाण्ड ग्रिनेड बन्द गरेर लैजानेको तरिका :- नं. ३६ हृयाण्ड ग्रिनेड टिनको बाकसमा ४ बटा सिलिण्डर हृन्छ । एउटा सिलिण्डरमा ३ वटा ग्रिनेड हुन्छ । एउटा सिलिण्डरमा ३ वटा इग्नाईटर सेट, एउटा लुटीमट्टी, एउटा वेस प्लक कि प्याँक भई आएको हुन्छ । ताकि एक सिलिण्डर वरावर यी चिजहरु प्याँक भई आएको हुन्छ ।

नयाँ प्याकिङ्ग :- यो एक किसिमको काठको बाकसमा हुन्छ । उक्त बाकसमा १० वटा ग्रिनेड प्याँक भएर आएको हुन्छ । बाकसको वाहिर नं. ३६ हृयाण्ड ग्रिनेड र ४ सेकेण्ड भनी लेखीएको हुन्छ हरेक बाकसमा २ गोटा टिनको डव्वा हन्छ । एक डब्बामा ५ गोटा इग्नाईटर सेट हुन्छ । भने एउटा बाकस मा १० गोटा इग्नाईटर सेट आएको हुन्छ । एउटा लुटिङ्ग मट्टी र बाकसको ढक्कन एक वेसप्लक कि राखेको हुन्छ ।

GF राईफलबाट फायर गर्ने ग्रिनेड पनि यसै तरिकाबाट प्याँक भएर आएको हुन्छ । हरेक बाकसमा १२ वटा गिनेड र १२ बटा एकुनाइटर सिट १२ वटा ग्याँस चेक र १२ बालिष्टर कार्टिज हुन्छ । र वाकसको एक साइटमा GF राईफल ग्रिनेड र ढक्कनको माथी ७ सेकेण्ड लेखेको हुन्छ । बेलिस्टाईट कार्टिज चिन्न आधा खोकामा कालो रंग र आधामा पहेलो रंग लगाएको हुन्छ । यस्को बुलेड हुदैन । डिस्चार्ज कप लाई जोड्ने को तरीकाः- डिस्चार्ज कप को लकिङ्ग लिभर ढिला गर्नु ,व्युनेट वा पेच कसले एडजस्ट स्क्रु लाई आधार् इन्च खोल्नु ,लकिङ्ग बेशको काटिएको ठुलो भाग व्युनेट पोस्ट तर्फ पार्नु ,लकिङ्ग बेशलाई व्यारलमा काबु राख्दै लकिङ्ग लिभर कसि दिने, व्युनेट वा पेच कसको सहायता बाट एडजस्ट स्क्रु कसी दिनु । यती बेला ग्याँस पोट स्क्रुप लाई पुराखोलेमा ग्रिनेड ८० गजमा खस्दछ ,ग्याँस पोट स्क्रुपलाई ३/४ कसेमा ग्रिनेड ११० गजमा खस्दछ , ग्याँस पोट स्क्रुपलाई १/२ कसेमा ग्रिनेड १७० गजमा खस्दछ । ग्याँस पोट स्क्रुपलाई १/४ कसेमा ग्रिनेड २०० गजमा खस्दछ । SLR बाट फायर गर्दा :- साईड प्रोजेक्टर

३A ट्युव लन्चिङ्ग मार्क १, आरमिङ्ग रिङ्ग HD कार्टिज (हाई डेनसिटी) को सहायताबाट फायर गर्न सकिन्छ ।

साईड प्रोजेक्टर :- यो एउटा पाईप आकारको हुन्छ । यसमा एउटा चेप्टो फलामको पत्ति आकारको साईड पनि जोडिएको हुन्छ त्यसमा ३ वटा ख् आकारको कटाव हुन्छ जस्ले ५०, ७५ र १०० मिटर जाहेर गर्दछ यो साईडको केबल एन्टी ट्याङ्क ग्रिनेड -स्टिम एनेग्रा) फायर गर्दा प्रयोग गरिन्छ । यस्को मुखमा एउटा स्टड हुन्छ जस्को सहायताले र्राईफको फ्लासहाईडरमा फिट गरिन्छ । वजन :-३५४ ग्राम, लम्वाई १७.५ से.मी. हुन्छ । ट्युव लन्चिङ्ग :- एक तर्फखुल्ला अर्को तर्फबन्द हुन्छ , बन्द भागको माथि एक चुरीवाला स्टुट हुन्छ यसलाई ग्रिनेडको बेशप्लगमा भएको ट्युव लन्चिङ्ग वे मा फिट गरिन्छ । यसमा २ वटा रेन्ज कन्ट्रोल पिन हुन्छ । दुबै रेन्ज कन्ट्रोल पिन लगाएर फायर गर्दा ५० मिटर, तलको एक पिन निकालेमा १०० मिटर, दुबै पिन निकालेमा १५० मिटर रेन्ज हासिल हुन्छ । यस्को वजन :- १२७ ग्राम, लम्बाई :- १५ से.मी. हुन्छ । आरमिङ्ग रिङ्ग :- यस्को प्रयोग गर्दा दुबै हातको सहायताले ग्रिनेटको बिचौ बिच काटिएको भागमा मिलाउने तर यति बेला रिङ्गको काटिएको भाग लिभरको बिपरित दिशा तर्फहुनु पर्दछ । यस्को वजन :- १८ ग्राम हुन्छ ।

नं. ३६ हृयाण्ड ग्रिनेड लेशन - २ र ३

शुरुको काम :- जवान हतियारको निरीक्षण र ग्रुपको वाँडफाँड ।

दोहोर्याई :- खोल्नु र जोड्नुबाट लिने ।

उद्देश्य :- नं.३६ हृयाण्ड ग्रिनेडलाई आडको पछाडिबाट फ्याँक्नु र लुभिङ्ग गर्नेको तरिका सिकाउनु हो । २ सामान :- ग्रिनेड, वेस प्लग कि, इग्नाईटर सिट, हाइवार सिप जाली, हरेक व्यक्ति संग २/४ वटा ड्रिल ग्रिनेड विभिन्न किसिमको आड भएको जमिन र बन्दोवस्तीमा ग्राउण्ड सिट विछ्याएको हुनुपर्दछ ।

वयान :- सम्झनुहोस् टाढाको रेन्जमा ग्रिनेड फाल्न साथै दुश्मनको पोजिशनमा ग्रिनेड फाली वर्वाद गर्नको लागि जसरी क्रिकेट खेलाडीले क्रिकेटलाई उच्चाई र गोलाईको रुपमा फ्याक्छ त्यसै गरी हरेक जवानले ग्रिनेडलाई फाल्नु र घरभित्र , भिरालोजमिन, खाल्टा हरुमा लुभिङ्ग गर्न जानेको हुनु पर्दछ । यदि जानेको छ भने परेको बेला दुरुस्ती को साथ काम हासिल गर्न सकिन्छ । पाठ तर्तिवार सबैभन्दा पहिला .....।

तर्तिव नं. १ ग्रिनेडलाई फ्याक्नेको तरिका :- ग्रिनेडलाई फ्याँक्नु भन्दा पहिला पोजिशन तयार पार्नेको तरिका :-

जब ग्रिनेडलाई फ्याँक्नु छ भने वाँया खुट्टा अगाडि खुम्चेको दाहिना खुट्टा पछाडि तन्काएको वायाँ हातले अगाडि तार्गेट वा दुश्मन तर्फप्वाईन्ट गरेको यो समयमा दुबै हात पुरा तन्केको हुनुपर्दछ । दाहिना हातले ग्रिनेडलाई वलियो संग समात्नु पर्दछ । जव आदेश प्रिपियर भन्ने आउँछ भने अगाडि पछाडि लेन्जिङ्ग खादै शरीरलाई हल्लाउनुपर्दछ तर यो समयमा अगाडिको हात पनि तन्किएको र पछाडिको हात पनि तन्किएको हुनुपर्दछ । जब थ्रो को आदेश आउछ भने गन्ती राख्दै १,२,३ मा मात्र उचाई र गोलाईको रुपमा

फ्याँक्ने ,फ्याक्दा खेरी दाहिना हात टाउको भन्दा अगाडि नल्याउने फाली सकेपछि ग्रिनेड टक्रेको ठाउँमा हेर्ने र ग्रिनेड टक्रेको पोजिशन देखि सकेपछि आफु सुरक्षित ठाउँमा जाने वा ल्याङ्ग पोजिशनमा जाने यदि ग्रिनेड पट्केमा हिट ग्रिनेड भन्नु ,यदि ग्रिनेड नपट्केमा मिस ग्रिनेड भन्नु पर्दछ ।

तर्तिब नं. २ आडको पछाडिबाट ग्रिनेडलाई फ्याँक्ने तरिका :-सम्झनु होस कार्रवाही दौडानमा बिभिन्न पोजिशनमा बाट ग्रिनेड लाई फालेता पनि सिक्लाईको दौडानमा यस ग्रिनेडलाई ३ पोजिशनबाट फाल्न सकिन्छ ।

१) स्टयाण्डिङ्ग पोजिशन २) निलिङ्ग पोजिशन ३) लइन पोजिसन

१) स्टयाण्डिङ्ग पोजिशन :-

यो पोजिशन ४ देखि ४.½ फिटको जमिन वा आड भेटिन्छ भने तयार गरिन्छ । यतिवेला वायाँ खुट्टा अगाडि केही खुम्चेको र दाहिना खुट्टा पछाडि तन्केको वायाँ हात अगाडि आड माथि राखेर तार्गेटको सिधाईमा प्वाईन्ट गर्ने यदि ग्रिनेड लाई नजिक फ्याँक्नु छ भने लिभर उछिट्टीएको २ सेकेण्ड सम्म रोकेर फ्याँक्ने र ग्रिनेड टक्रेको ठाउँ हेर्नु पर्दछ । यदि टाढा फ्याँक्नु छ भने पिन झिक्नासाथ समयलाई नपर्खी तुरुन्तै तार्गेट तर्फफ्याँक्नु पर्दछ ।

२) निलिङ्ग पोजिशन :-

यदि २ देखि २.½ सम्मको जमिन वा आड फेला परेमा यो पोजिशन तयार गरिन्छ । यतिबेला दाहिना घुडाले जमिनमा टेक्नु पुठ्ठा एडिमा बैठाउने वायाँगोडा लाई अगाडी तार्गेट तर्फ सिधापार्ने (तन्काउने) वा वायाँगोडा लाई अगाडी खुम्चाउने वायाँ हातलाई आड माथि राख्ने दाहिने हातले ग्रिनेडलाई क्रिक्रेड खेलाडी बल फाले जसरी फ्याँक्नु पर्दछ ।

३) लाइन पोजिसनः-

यो पोजिशन खुला जमिन वा १ फिट देखि १. ½ सम्मको जमिन वा अचानक दृुश्मन संग जम्काभेट भएमा यो पोजिशन तयार गरिन्छ । यतिबेला शरीरलाई वाया कोल्टो पारी वाया हातलाई आड माथि राख्ने दाहिने हातले ग्रिनेडलाई क्रिक्रेड खेलाडी बल फाले जसरी फ्याक्नु पर्दछ ।

तर्तिब नं. ३ लुभिङ्ग गर्नेको तरिका :- सम्झनुहोस लुभिङ्ग कुनै पनि घरको झयाँल ढोका ,मन्दिर,गाडी भित्र त्यस्तै झाडी जंगलमा लुकेर वा योजना बनाएर बसेका दुश्मन माथी ग्रिनेडलाई लुभिङ्ग गर्नु पर्दछ । लुभिङ्ग गर्दा ध्यान दिनुपर्ने कुराहरु :-

१. रोशनी बाट बच्ने २. आफ्नो छाया बाट बच्ने । ३. ग्रिनेड कुनै चिज संग टोकीएर फिर्ता नआयोस् । ४. हर्कत छिटो गर्ने । यी कुराहरुलाई मध्य नजर राख्दै पिनलाई थुतेर लिभर उछिट्टएिको १ , २ सेकेण्ड सम्म हातमा ग्रिनेड राख्नु पर्दछ । लिभर उठी सकेपछि समातेको चार औला लाई खोली लुभिङ्ग गर्नुपर्छ , लुभिङ्ग गर्दा पासा गुडाए झै गुडाउनु पर्छ । लुभिङ्ग भिरालो जमिनमा पनि गरिन्छ । लुभिङ्ग बसेर योजना बनाई रहेको दुश्मन माथी फाल्दा वा प्रयोग गर्दा अति उपयोगी हुन्छ । लुभिङ्ग गर्दा जति सक्दो लुकिछिपी दुश्मनको नजिकमा पुगी समयलाई ख्याल राखी नदेख्ने तरिकाले फाल्नर्ुपर्दछ । ताकी पुनः ग्रिनेडलाई दुश्मनले आफू तर्फ फ्याँक्न नसकोस् ।

तर्तिब नं. ४ हाइ वायर जालीको बयान वा परिचय :- यसको प्रयोग शुरु शुरुको तालिमे जवान वा अधिकृत क्यारेटहरु लाई ग्रिनेडलाई के कति रेन्जमा कसरी फाल्ने भन्ने कुरामा अभ्यास दिनको लागि यस को प्रयोग गरिन्छ । यो समयमा सम्पुर्ण व्यक्तिहरुलाई खडा गरी एउटै लाईनमा राख्नु पर्दछ । यस जालीको लम्बाई २२.½ फिट हुन्छ । यस को पोलको लम्बाई १८ फिट हुन्छ । जसमा ३ फिट जालीले कभर गर्छ यो जाली आफूले ग्रिनेड फ्याँक्ने ठाउँ वा थ्रो बेसबाट १०
गज को फासलामा हुन्छ र जालीदेखि अर्को ट्रेन्च १५ गज को खाल्टो खनिएको हुन्छ । यसरी आफ्नो पोजिशन देखि ३५ गज सम्मको फासलामा हाइवरसिप जालीमा ग्रिनेडलाई फाल्ने अभ्यास दिइन्छ । ग्रिनेडलाई साधारण व्यक्तिले २५ गज सम्म फाल्न सक्छ भने बलियो व्यक्तिले २५ देखि ३५ गज सम्म फाल्न सक्छ ।

हाईवरसीप जालीको डाटा :-यो तारको जालि हुन्छ यसको लम्बाई२२.½ फिट, चौडाई ३ फिट, पोलको पुरा लम्बाई १८फिट, जालि बाहेक पोलको लम्बाई १५ फिट हुन्छ । फायर ट्रेरन्च देखि हाइवरसिट जालीको ग्याँप १० गज, हाइवरसिट जाली भन्दा अगाडी को खाल्टो १५ गज हुन्छ भने त्यस भन्दा अगाडी ५, ५ गज को फासला मा २ गोटा खाल्टो खनिएको हुन्छ ।



प्लाष्टिक ह्याण्ड ग्रिनेड लेशन - १

शुरु को कामः- जवान हतियारको निरीक्षण र ग्रुपको बाँडफाँड प्लाष्टिक हृयाण्ड ग्रिनेड को निरीक्षण गर्दा कुनैपनी पुर्जाहरु खोली निरीक्षण गर्नु हुदैन यो ग्रिनेड पि प्राईमर भएको ग्रिनेड हो यो ग्रिनेड डबल लग भएको सेफ्टी पिन जोडिएको हुन्छ यस लाई प्रयोग गर्ने अबस्थामा मात्र खोल्न सकिन्छ । यो ग्रिनेड सेफ्टी पिन नझिके सम्म कुनै पनि हालतमा पड्कदैन । यस ग्रिनेड लाई खोल्न सक्त मनाहि छ ।

दोहो-याई :- सि. म्यू. बि. बारेमा र बिशेषता बाट लिने ।

उद्देश्य :- उच्च (विष्फोटक -PH) प्लाष्टिक हृयाण्ड ग्रिनेड को परीचय यसको प्रयोग र चाल बारे जानकारी गराउनु हो

सामान :- प्लाष्टिक हृयाण्ड ग्रिनेड,बिभिन्न किसीमको ग्रिनेड, ड्रिल ग्रिनेड, इकुनाईटर सेट , ड्रिल कार्टिज, ग्रिनेडको डायग्राम भएको खाका, प्याँकिङ्ग गरेर लाने सामान र बन्दोबस्तीमा ग्राउण्ड सिट बिछाएको हुनुपर्दछ ।

बयान :- सम्झनुहोस् ३६ हृयाण्ड ग्रिनेडझै विभिन्न हातलमा प्रयोग गर्ने उद्देश्यले यो ग्रिनेड बनाएको हुन्छ । त्यसैले ग्रिनेडलाई चिनी प्रयोग गर्ने जानेको छ भने नजिक भन्दा नजिक गुथम गुथ्था निस्केको वा टुटी फुटी जमिनमा लुकि छिपी बसेको दुश्मनमाथी ग्रिनेड फायर गरी एक ग्रिनेड बाट धेरै दुश्मन मारी थोरै समयमा धेरै सफलता हासिल गर्न सकिन्छ । त्यसैले हरेक व्यक्ती (जवान) ले ग्रिनेड लाई चिनी फायर गर्न जानेको हुनुपर्दछ । यदी जानेको छभने परेको बेला दुरुस्ती को साथ काम हासिल गर्न सक्दछ । पाठ तर्तिवार सबैभन्दा पहिला .....।

तर्तिव नं १ ग्रिनेड को परीचयः-सम्झनुहोस् प्लाष्टिक हृयाण्ड ग्रिनेड ३ किसीम को हुन्छ -१) स्टान ग्रिनेड -२) ड्रिल ग्रिनेड -३) लाईफ ग्रिनेड

१) स्टान ग्रिनेडः-यस्को लिभर सेतो हुन्छ, यस भित्र HE बारुद भरीएको हुन्छ तर यस्मा स्ट्रिल बल्ब राखिएको हुदैन यस्को प्रयोग बिभिन्न (VIP) भि.आई.पि.हरु लाइ प्रदर्शनी देखाउन, डेमो देखाउन वा दुश्मन लाई हतोत्साहित बनाउन यस्को प्रयोग गरीन्छ ।

२) ड्रिल ग्रिनेडः- यस्को लिभर मा निलो रंग लगाएको हुन्छ,यस्को इकुनाईटर सेटडमी हुन्छ यस भित्र ज्भ् बारुद को सट्टा बालुवा भरीएको हुन्छ यस्को वनावट HE प्लाष्टीक हृयाण्ड ग्रिनेड सरह नै हुन्छ । यसको प्रयोग HE ग्रिनेडको चाल सिकाउन रेन्ज हासिल गर्न प्रयोग गरिन्छ ।

३) लाईफ ग्रिनेड :- यो वर्जी (आर्मी) कलरको हुन्छ । यसमा लड नम्बर पनि लेखिएको हुन्छ यसको वरिपरीको भाग विशेष प्लाष्टिकको पदार्थ बाट बनेको हुन्छ । यस ग्रिनेड लाई बनाउदा २ फ्याँकमा बनाईएको हुन्छ र दुवै फ्याँकमा प्लाष्टिक संगै २.४ देखि ३.२ एम.एम. डायग्रामको ३२०० छ्रा मिर्साई बनाएको हुन्छ ,यो प्लाष्टिक पदार्थ यति कडा हुन्छ ,कि वाहिरी हिस्सा मात्र भएको ग्रिनेड सार्हो ठाउँमा फाले पनि फुट्दैन यसमा विष्फोटक पदार्थ भरेपछि विष्फोटक पदार्थको धमकाले मात्र फुट्दछ । यस्को वजन ४१९±१० ग्रामहुन्छ ,यो ग्रिनेड लड नंम्बर बाट संकेत गरीएको हुन्छ यस्को पकड् बलियो होस भन्नको लागी बाहिरी हिस्सामा खाना खाना काटिएको हुन्छ ,यस ग्रिनेडको माथिल्लो भागमा -काध) एक चुरि भएको प्वाल हुन्छ । जसबाट भित्रको खाली भागमा ४१ ग्राम विष्फोटक पदार्थ -पेट्रोपेन्ट) भरिएको हुन्छ । त्यसै चुरीमार् इगुनाईटर सेट जोडिन्छ । अब यो ग्रिनेड प्रयोग को लागी तयार हुन्छ ,यो ग्रिनेड एक लट मा १०,००० -दश हजार) तयार हुन्छ यस्मा याद राखु पर्ने कुरा तयारी ग्रिनेड को लिभर सहितकोर् इकुनाईटर सेट कहिले पनि खोल्नु वा अलग गर्नु हुदैन ।

तर्तिव नं २ प्रयोग :- यो लाईफ ग्रिनेड हो यो ग्रिनेड टक्रेकोे ठाउँदेखि चारैतिर १५.१५ मिटर मार गर्दछ ,यसमा भएको स्ट्रिल बल्लहरुले १५० मिटर सम्म टाडा पुग्ने भएकोले-घाईते गर्दछ) २०० मिटर सम्म सुरक्षित हुन जरुरी छ । यो -४०० र ±६०० तापक्रम भएको ठाउमा सहि हालतमा पड्किन्छ । यस लाई प्रयोग गर्नु अगाडी दाहिना हात ले यस्तो संग समालुकि लिभर लाई हत्केला को बिचमा राखी हत्केला ले लिभर लाई दबाई राखोस । वायाँ हातले ग्रिनेड को माथिल्लो भाग मा भएको रिङ्गलाई सेफ्टी पिन हुक

बाट निकाली बुढी औला रिङ्गभित्र छिराएर केहि बलगरी वायाँ तर्फ तान्ने सेफ्टीपिन बाहिर निस्कन्छ । सेफ्टीपिन आफ्नो औलामा भए नभएको चेक गर्ने त्यस पछी मात्र ग्रिनेड फाल्नु पर्छ ।

तर्तिव नं ३ एज् ग्रिनेडको चाल :- चाल बताउनु भन्दा पहिला चाल गर्ने किला पर्ूजा को नाम

१) सेफ्टी पिन २) लिभर ३) स्टाईगरमा जोडिएको फाईरिङ्ग पिन ४) फाईरिङ्ग पिन स्प्रीङ्ग ५) प्राईमरकेप ६) सेफ्टि फ्यूज ७) डेटोनेटर ८) पेटोपेन्टाबारुद ९) प्लाष्टिक मेटोरीयम मा टाँसीएका स्ट्रिल बल्बहरु ।

चाल :- जव पनि एज् ग्रिनेडको लिभरलाई काबु राख्दै सेफ्टिपिन थुती (तानी) एज् ग्रिनेडलाई उचाई र गोलाई को साथ हात बाट फालिन्छ ,भने स्टाईगरले धकेलि रहेको लिभर अगाडी तर्फ खस्दछ ,यहि बेला लिभरले चेपिरहेको स्टाईगरमा जोडिएको फाईरिङ्ग पिनले आफ्नो स्प्रिङ्ग (कोमद्दतले) लाई खुम्चाउदै प्राईमरकेपमा चोट मार्दछ , जसले गर्दा आगो पैदा हुन्छ । उक्त आगो सेफ्टि फ्यूजमा लाग्दछ, सेफ्टीफ्यूज आफ्नो समयमा जलेर (४ सेकेण्ड ±०५ पल सेकेण्डपछी) डेटोनेटरलाई आगो दिन्छ र डेटोनेटर धमकाको साथ पड्कन्छ सो धमकाले बडी मा भएको HE (पेटोपेन्टा) बारुद पड्कन्छ । यति बेला प्रशस्त मात्रमा ग्याँस र सोला पैदाहुन्छ उक्त ग्याँस र सोला कतै जान नपाई उकुसमुकस भै ग्रिनेड १ देखि १½ फिट माथि उफ्रिएर सो को धमकाले प्लाष्टिक पग्लिन्छ र प्लाष्टिक मेटोरीयम मा टाँसीएका स्ट्रिल बल्बहरु चारै तर्फ त्रिर गतिले फैलिएर आफ्नो एरियामा नोक्सान पर्याउछ, त्यसैले यस ग्रिनेड खसेको ठाँउ देखि चारै तिर १५-१५ मिटर मार गर्दछ । १५० मिटर घाईते गराउछ भने २०० मिटर सम्म सुरक्षित हुन जरुरी छ ।

प्याँकिङ्ग

यो एक काठको बाकसमा २५ वटा ग्रिनेड प्याँक भएर आएको हुन्छ । यसमा सेतो रंगले वजन संख्या, मिति लेखिएको हुन्छ । हालसम्म मा नेपालमा एकै किसिमको प्लाष्टिक हृयाण्ड ग्रिनेट बनेको छ जुन जर्मन को सहयोग मा बहु प्लाष्टिक उद्योग मकवानपुर जिल्लाको भिमफेदी भन्ने ठाउँमा नेपाल आर्मीको मातहतमा बन्दछ ।

नोटः- पाठलाई मोटामोटी रुप मा बताईदिने, चाल, बिशेषता र सुरक्षा संम्बन्धी उपायहरु, अन्तमा तयार गरी आएको ग्रिनेड लिभरसहितको इगुनाईटर सेट कुनै पनिहालतमा खोल्नु हुदैन भनि जानकारी दिने र प्रशिक्षार्थिहरु लाई ढुङ्गा वार् इट्टा को ग्रिनेड बनाई फाल्न र लुभिङ्ग गर्न अभ्यास दिने ।

संक्षेप

१. मिनतवर

२. मोटामोटी

३. प्रश्न उत्तर

तार्गेटको बयान र पहिचान

उद्देश्यः तार्गेटको बयान गर्ने र चिनाउने तरिका सिकाउनु हो ।

सामानः दुरर्विन, एल.एम.जी.का साथै राईफल, एमिङ्ग रेष्ट, डिग्री बोर्ड र घडीको चित्र पनि हुनु पर्दछ ।

बयान : तार्गेटको बयान र चिनाउने तरिका बारे जति पनि सिकाईन्छ त्यो कम नै मानिन्छ । किन भने त्यो हरेक अपरेशन अफ वार अन्य सुरक्षा फौजको कार्वाहीमा प्रयोग गर्नु पर्ने हुन्छ । लर्डाईको मैदानमा एउटा पत्ति पतिले आफ्नो मातहतका सशस्त्र प्रहरी जवानहरुलाई तार्गेटको बयान गर्नु पर्ने हुन्छ । जबसम्म एउटा पतिको मुनी काम गर्ने जवानहरुले तार्गेट राम्रो सँग चिन्न सक्दैन, तबसम्म उसको आदेश अनुसार कार्वाही गर्न मुस्किल हुन्छ र तार्गेटलाई कारगार रुपमा बर्बाद गर्न सकिदैन । जवानहरुले पनि आवश्यक परेको खण्डमा तार्गेटलाई छिटो चिनेर मौका अनुसार आफ्नो पतिलाई वा साथीहरुलाई बयान गरेर चिनाउन सक्नु पर्छ । तार्गेट बयान गर्दा हमेशा सकेसम्म सिधा तरिका अपनाउनु पर्दछ तर चिनाउन ज्यादै मुस्किल तार्गेट भएमा अरु तरिकाहरु पनि अपनाउन सकिन्छ । ध्यान रहोस् कि जबसम्म आफ्नो जवानहरुले तार्गेट चिन्न सक्दैन तब सम्म त्यसलाई बर्बाद गर्न सक्दैन । साथै कार्वाही छिटो गरिएन भने हाम्रो क्याजुल्टी बढी हुन सक्छ । त्यसकारण कुनै पनि सशस्त्र प्रहरीको कार्वाहीमा पति वा पत्तिको कुनै जवानले तार्गेट बयान गर्न र चिन्न सकेन भने आफ्नो सुरक्षा कार्वाही असफल हुने भएकोले तार्गेट बयान गर्न र चिन्न अति आवश्यक देखिन्छ । त्यसैले हरेक जवानले सरल तरिकाबाट तार्गेट बयान गर्न र चिन्न सजिलो होस् भनेर एउटा शाब्दीक शब्द "ग्रीड" (GRID) को प्रयोग गरिएको छ । जसको अर्थ हो :

क) G (Group): जसलाई तार्गेट देखाउनु परेको छ । जस्तै : राईफल या गन ग्रुप ।

ख) R (Range) तार्गेटको फासला बताउने तर फासला बताउँदा गज /मिटर शब्द प्रयोग गरिदैन । जस्तैः २००, ३०० र ५०० ।

ग) I (Indication of target): तार्गेटको बयान नाम दिएर गर्नु पर्दछ र जस्तै : हरियो झाँडी,।

घ) D (Description of targetः जस्तो शत्रुको एल.एम.जी पोष्ट या शत्रुको पट्रोल ।

तार्गेट चिनाउने उदाहरण :- नम्बर १ पत्ति सामुन्ने देख ३००, सेतो घर बायाँ किनारा, शत्रुको एल.एम.जी. पोष्ट ।

तार्गेटलाई ४ तरिकाबाट चिनाउन सकिन्छ ।

- मद्दत तथा महसुर निशानाको प्रयोग ।
- घडीको प्रयोग ।
- औंलाको प्रयोग ।
- डिग्रीको प्रयोग ।

मद्दत तथा महसुर निशानाको प्रयोग :

क) सिधा तरिका :- आफ्नो अगाडीकोर् इलाकामा यदि निशाना ज्यादै सजिलो र महसुर छ भने यो तरिकाबाट बयान गरी जवानहरुलाई तार्गेट चिनाईन्छ । यो तरिकाबाट तार्गेट चिनाउनको लागि खाली त्यसको नाम र दिशा बताईन्छ ।

ख) सजिलो तार्गेट :- सजिलो तार्गेट त्यसलाई भनिन्छ जसको बयान गर्न र चिन्न अरु कुनै निशानाको मद्दत लिनु पर्दैन । यस्तो तार्गेट ३ तरिकाले बयान गर्न सकिन्छ । यसरी चिनाउँदा तार्गेटको रेञ्ज पनि दिनु पर्दछ ।

महसुर निशानाको मद्दतबाटः कुनै महसुर निशानबाट जुन अरु भन्दा प्रष्टै तथा अलग्गै चिनिने वा ठूलो होस्)

- आमरुखको मद्दतबाट ।
- आखरी तार्गेटको मद्दतबाट

ग) मुस्किल तार्गेटलाई चिनाउनु : (मद्दतको निशानबाट) माथि बताईएको तरिकाबाट कुनै जवानले तार्गेट चिन्न सकेन भने मद्दतको निशानाको प्रयोग गर्नु पर्दछ । मद्दतको निशानाको सहायताबाट मुस्किल तार्गेट चिनाउनको लागि पहिले देखि नै आफ्नो अगाडी केही मद्दतको निशाना चुनी राख्नु पर्दछ । मद्दतको निशाना चुन्दा ख्याल राख्नु पर्ने बुँदाहरु निम्न छन् :

- प्रष्ट र टड्कारै देखिने होस् ।
- जसको मद्दतले चारै तिरका निशानाहरु बयान गर्न सकोस् ।
- एउटै किसिम, एउटै लाईन र एउटै फासलामा नहोस् ।
- कुनै मद्दतको निशाना ज्यादै ठूलो छ भने त्यसको कुनै एक किनारा लिनु पर्छ ।
- हरेक मद्दतको निशानाको फासला र नाम दिनु पर्छ ।

घडीको प्रयोग :

यदि कसैले मद्दतको निशानाको प्रयोगबाट मात्र तार्गेट चिन्न सकेन भने घडीको प्रयोगबाट पनि चिनाउन सकिन्छ । यो तरिकाबाट मद्दतको निशाना सँगै प्रयोग गरिन्छ । यसबाट तार्गेट चिनाउन अरु बढी सजिलो हुन्छ । मद्दतको निशानालाई घडीको बिच सम्झेर घडीको प्रयोग गर्नु पर्दछ । जस्तै : मद्दतको निशानाबाट आफूतिर ६ बजे, अगाडी तर्फ १२ बजे, दायाँ तर्फ३ बजे, बायाँ तर्फ ९ बजे हुन्छ ।

औंलाको प्रयोग :

यदि कसैले घडीको प्रयोग गर्दा पनि तार्गेट चिन्न सकेन भने आंैलाको प्रयोग गरि तार्गेट चिनाउन सकिन्छ । औंलाको प्रयोग गर्दा सधैं बायाँ हातको औंला प्रयोग गर्नु पर्दछ । यसमा ४ औला सम्म लिन सकिन्छ । जस्तैः एक औला, दुई औला, तिन औला र चार औला ।

डिग्रीको प्रयोग :

यदि माथि बताईएको तरिकाहरुबाट पनि कसैले कुनै तार्गेट चिन्न सकेन भने डिग्रीको प्रयोगबाट पनि चिनाउन सकिन्छ । हात, राईफल, एल.एम.जी. र दूरबीनबाट पनि हामी केही डिग्री पढ्न सक्छौं ।

क) हातको प्रयोग :

- हातको पुरा औंला खोल्दा १९° हुन्छ ।
- बुढी औंला बाहेक चार औंला खोल्दा १२° हुन्छ ।
- मुठ्ठी बन्द गर्दा ८°, ५° र ३° पढ्न सकिन्छ ।
- कान्छी औंलाले १° र बुढी औंलाले २° कभर गर्दछ ।

- यसरी हामीले हात द्धारा १°, २°, ३°, ५°, ८°, १२° र १९° सम्म नाप्न सक्दछौ । डिग्री बोर्ड बनाएर जवानहरुलाई २५° टाढा राखि हातबाट डिग्री नाप्ने तरिकामा अभ्यास दिने ।

ख) 7.62 S.L.R. को प्रयोग :

- फोरसाईड प्रोटेक्टरले ढाक्यो भने २° हुन्छ ।
- फोरसाईड प्रोटेक्टरको भित्री बेसले ढाक्यो भने १° हुन्छ ।
- फोरसाईड टिपको बेडले ढाक्यो भने ½° हुन्छ ।
- ब्याक साईड लिफबाट २° पढ्न सकिन्छ ।

ग) 7.62 L.M.G. को प्रयोग :

- फोरसाईड प्रोटेक्टरको मोडिएको भागले ढाक्यो भने २° कभर गर्छ ।
- फोरसाईड प्रोटेक्टरको सिधा भागले ढाक्यो भने १° कभर गर्छ ।
- फोरसाईडको ब्लेडले ढाक्यो भने ¾° कभर गर्छ ।

घ) दूरविनको प्रयोग :

दूरविनको दायाँ वाला सिसामा ४° सम्म अंक काटिएको हुन्छ ।

आखिरी तार्गेटको तरिका : यदि हामीलाई एउटा तार्गेट देखाउने बितिकै अर्कोतार्गेट देखाउनु पर्ने हुन्छ भने अन्तिममा देखाएको तार्गेटलाई मद्दतको निशानको रुपमा प्रयोग गर्न सकिन्छ ।

ट्रेसर राउण्डको तरिका :यो तरिका ज्यादै मुसकिल तार्गेटमा प्रयोग गरिन्छ । ट्रेसर राउण्ड हतियारबाट निस्केपछि बल्दै जान्छ र साधारणतया ११०० गज सम्म बल्छ ।

संक्षेप तार्गेट चिन्ने र चिनाउने कला सशस्त्र प्रहरी जवानमा अत्यन्त आवश्यक भएकोले हरेक पति र जवानहरुले यस विषयमा निरन्तर अभ्यास र अध्ययन गरिरहेमा मात्र सफलता प्राप्त गर्न सकिन्छ ।

नोट :- टोलीलाई यस कुरामा जोड दिन लगाउनु कि सबै भन्दा सिधा तरिका र सहि तर्तिबको प्रयोग गर्नु पर्छ ।

- पाठ शुरु गर्नु भन्दा अगाडी प्रशिक्षकले आमरुख र दायाँ बायाँको हद दिएको हुनु पर्दछ ।
- मद्दतको निशाना दिँदा पहिला दिशा र पछि रेञ्ज दिईन्छ भने तार्गेट चिनाउँदा पहिले रेञ्ज र पछि दिशा बताउनु पर्दछ।
- पाठ लिने स्थान या तालिमर् इलाकामा विभिन्न किसिमको प्राकृतीक र बनावटी जमिनी निशानाहरु हुनु पर्दछ ।

ङ) तार्गेट चिनाउने प्रत्येक तरिकाको नमुना दिने र प्रशिक्षार्थीहरुलाई अभ्यास लगाउने ।

शुरुशुरुको देखभाल

परिचय

कुनै पनि सशस्त्र प्रहरी जवानहरुलाई जति अनुशासनको जरुरत पर्दछ, त्यतिकै लडाईमा आफु छुपी दुश्मनलाई सजिलै देखभाल गरि बर्बाद गर्न सक्नु पर्दछ । खास गरेर लडाईको समयमा दुश्मनले क्यामोफ्लाईज गरेर लुकी छुपी नजिकबाट आक्रमण गर्न खोज्छ । तसर्थ हरेक जवानले दुश्मन बेलैमा पत्ता

लगाई उसलाई बर्बाद गरी आफ्नो ज्यान बचाउन जानेको छ । राम्रो सँग तर्तिवार देखभाल गरेमा दुश्मनलाई सजिलै पत्ता लगाउन सकिने हुदाँ देखभाल गर्न जान्न अत्यन्त जरुरी हुन्छ । जसले गर्दा आफुले दुश्मनलाई देखी दुश्मनले नदेख्रे गरी बर्बाद गर्न सकिओस् ।

उद्धेश्य : शुरुशूरको देखभाल गर्ने तरिका सिकाउनु हो ।

देखभाल गर्नाले हुने फाइदाहरु :

- आफू छुपेर दुश्मनलाई सजिलै बर्बाद गर्न सकिन्छ ।
- दुश्मनको बृहत रुपमा खबर बुझी रिपोर्ट गर्न र माथिल्लो कमाण्डरलाई योजना बनाउन मद्धत गर्दछ
- सरप्राइज हासिल गर्न सकिन्छ ।

इलाकाको हदबन्दी :

देखभाल गर्न मिल्ने जमिन चुन्नु पर्दछ । देखभाल गर्नु पर्ने जमिनलाई हद दिएर चिनाइन्छ भने त्यसलाई हदबन्दी भनिन्छ ।

हदबन्दी गर्ने तरिकाः-

(क्लासलाई उठाएर जमिन देखाउँदै) नं . १ से.मु. स्काई लाइनमा उठेको टिक्री , से.मु.को बिचको जवान देखि टिक्री र टिक्री भन्दा टाढाको लाईन होला से.मु.को आमरुख । आधा बायाँ ४०० गज झ्याम्म परेको रुख, पूरा बायाँ २०० गज फूसको छाप्रो से.मु.को बायाँ जवान छाप्रो र टाढा तकको लाईन पूरा बायाँ हद । आमरुख (आमरुख तिर हेर्ने) आधा दाहिना ५०० गज जस्ता लगाएको एक्लो घर , पूरा दाहिना १०० गज बाटोको छुपाउ से.मु.को दाहिना जवान छुपाउ र टाढा तकको लाईन पूरा दाहिना हद (कालोपाटीमा कोरेर देखाउनु र बुझे नबुझेको एकिन गर्नु कुनै दुई जवानलाई अभ्यास गराउनु ।

जमिनलाई भाग लगाउनु :

क) अपरेशनको दौरानमा खास गरि डिफेन्सको हालतमा आफूभन्दा अगाडीको जमिनलाई देखभाल गर्नको लागि निम्न बमोजिम ३ भागमा बाड्नु पर्छ । ३०० गज भित्रको जमिनलाई फोर ग्राउण्ड (नजिकको जमिन) भनिन्छ । ३०० गज देखि ५०० गज भित्रको जमिनलाई मिडल डिस्टेन्स (बिचको जमिन) भनिन्छ । कालोपाटीमा कोरेर देखाउनु र बुझे नबुझेको एकिन गर्नु ।

ख) जमिन भाग लगाउने तरिका (क्लासलाई उठाएर जमिन देखाउँदै) नं.१ से.मु. सामुन्ने २०० गज कच्ची सडक, सडकसंगै तेर्सो लाइन खिच, सडकसम्मको जमिन होला फोर ग्राउण्ड से.मु. अझ टाढा ५०० गज नाला सँगै तेर्सो लाईन खिच सडक देखि नालासम्मको जमिन होला मिडिल डिस्टेन्स (बिचको जमिन) र त्यो भन्दा टाढाको जमिन होला डिस्टेन्स (टाढाको जमिन) । बुझे नबुझेको एकिन गर्न कुनै जवानलाई अभ्यास गराउनु ।

देखभाल गर्ने तरिका :

जमिनमा लुकिछिपी बसेको दुश्मनलाई गौर गरेर हेर्नु पर्दछ किन भने उसले पनि प्रशस्त मात्रामा तालिम पाएको हुन्छ । देखभाल गर्दा ईलाका छुटाउनु हुदैन । देखभाल जसरी गरेपनि पुरै जमिन छुट्नु हुदैन ।

यसको लागि सबै भन्दा राम्रो तरिका हो, हलोले जोते जस्तै गरी आँखाले जमिनमा देखभाल गर्नु । यसो गर्दा जमिन छुट्दैन र त्यहाँ भएका सबै बस्तु फेला पर्दछन् । देखभाल गर्ने तरिकामा आफ्नो नजिकको जमिनलाई पहिले दायाँ छेउबाट हेर्दै बायाँ छेउसम्म हेर्नु, पुनः बायाँ छेउबाट अघिको भन्दा केही माथि तर अघि हेरेको जमिन समेत केही भाग देखिने गरी हेर्दै हेर्दै दायाँ छेउसम्म पुग्ने । यसरी हलो जोते जस्तो गरी कुनै पनि जमिनको भाग नछुटने गरी पालै सित खप्टाउँदै खप्टाउँदै हेर्नु पर्छ । त्यस्तै तलबाट माथि वा माथिबाट तलतिर पालै सित हलोले खेत जोते सरह देखभाल गर्नु पर्दछ । यसरी ठूलो जमिन छ भने विभिन्न टुक्रामा बाँडेर टुक्राटुक्रालाई पालैपालो एक एक गरी देखभाल गर्नु पर्दछ ।

अभ्यासको लागि निम्न अनुसारको फर्म बनाउनु पर्दछ ।

यूनिटः

आई.डि.नं.

दर्जाः

नामथरः

कोठा नं. १	कोठा नं. २
१.	१.
२.	२.
३.	३.
४.	४.
५.	५.

दिन रातको देखभाल

उद्देश्यः- अध्यारोमा देखभाल गर्न सिकाउनु हो ।

समानः- रातो गगल्स, रातो वल्व लगाएको टर्च कागजले मोडेको ट्रर्च, आखाँको खाका ।

बयानः- अध्यारो सुरक्षा फौजको परम मित्र हो । यसले दुश्मनको देखभालबाट बचाउँछ । दुश्मनलाई Surprise उसको नजिक पुगी सजिलै सँग वर्वाद पार्न सकिन्छ ।

रातको देखभालबाट फाइदाः

(क) शत्रुको देखभालबाट बाच्न सकिन्छ ।

(ख) शत्रुले ताकेर फायर गर्न सक्दैन ।

(ग) छुपाउ र Surprise हासिल गर्न सकिन्छ ।

(घ) क्यामोफ्लाईजको आवश्यकता पर्दैन ।

(ङ) जुन ताराको सहायताबाट फायर गर्न सकिन्छ ।

(च) शत्रुको हमला र रेकीबाट बच्न सकिन्छ ।

दिन र रातको देखभालमा फरकः-

रातमा उज्यालो पाउने विधीः-

३० सेकेण्डसम्म अध्यारोमा बस्नु

Light र ताराहरुबाट, जुनको प्रकाशबाट

रातमा फायर गर्ने सिद्धान्तः-

दुबै आखाँ खोलेर कुदरती सिधाई हासिल गर्नु पर्दछ ।

आखाँलाई {Back side Hole बाट १ वा २ ईन्च पछाडी राख्नु पर्दछ र Target जता छ त्यतैतिर हतियार सिधाई राख्नुई पर्दछ । एक राउण्ड फायर गरेपछि फेरी सिधाई गर्नु पर्दछ ।

रातमा देख्न सक्ने औसतहरुः

१. पूर्ण चन्द्रमा, हिउँ परेको जमिन भएमा ३०० मिटर सम्म देख्न सकिन्छ ।

२. पूर्ण चन्द्रमा, खुल्ला चौर १५० मिटर सम्म देख्न सकिन्छ ।

३. पूर्ण चन्द्रमा, खनेको जोतेको ठाउँमा १०० मिटर सम्म देख्न सकिन्छ ।

४. अर्ध चन्द्रमा हिउँ परेको जमिन, १५० मिटर सम्म देख्न सकिन्छ ।

५. अर्ध चन्द्रमा खुल्ला चौर छ भने ७५ मिटर सम्म देख्न सकिन्छ ।

६. अर्ध चन्द्रमा, खनेको जोतेको छ, ५० मिटर सम्म देख्न सकिन्छ ।

ताराको प्रयोगः-

१. हिउँ परेको ठाउँ, तारा मात्र लागेको -५० मिटर सम्म ।

२. खुल्ला चौर, तारा लागेको छ -३० मिटर सम्म ।

३. खने जोतेको ठाउँ, तारा लागेको छ -१५ मिटर सम्म ।

रातमा निशाना चुन्नेे तरिकाः-

- रातमा Skyline मा चुन्नु पर्छ ।
- निशानाको फासला दिनमा अड्कल गर्नु पर्दछ ।
- मद्धतको निशानाहरु Permanent features नजिक नजिक छान्नुम पर्छ ।
- Standing Kneeling Position बाट नदेखिएमा lying Position बाट हेर्नु ।
- आखाँ सफा छ भने अलि बढि देखिन्छ ।

अँध्यारोमा हेर्ने बानी गर्ने तरिकाः-

१, कोन्स नशाले हेरी रहेको वस्तुलाई रड्स नशाले हेर्ने बानी पनि करीब ३० मिनेट सम्म लाग्छ । २० मिनेट सम्म गगल्स लगाएर १० मिनेट अध्यारोमा बसेर आँखाको रड्स नशाले काम गर्दछ र अध्यारोमा देख्न सकिन्छ ।

छड्ने हेर्ने तरिकाः-

कुनै पनि चिजलाई Direct नहेरेर तल माथि दायाँ बायाँ हेर्नु पर्दछ । यस बेला रर्डस नशाले काम गर्छ । छड्के आखाँले हेरेको चिजलाई फेरी सिधा आखाँले नहेर्नु । रातमा कुनै पनि चिजलाई हेर्दा छड्के आखाँले हेर्नु पर्दछ ।

गौरसँग हेर्नुः-

निसानालाई एकोहोरो हेरी रहनु हुँदैन । हेरी रह्यो भने त्यो चीज आफै हराउँछ या चलेको जस्तो देखिन्छ । त्यसलाई अंग्रेजी B को तरिकाले हेर्नु पर्दछ । २ मिनेटमा १० sec आखाँलाई Rest दिनु पर्दछ । खास गरी एउटै निशानालाई गौर गरी राख्नु हुदैन ।

अँध्यारोमा आखाँको बचाउः-

१. कुनै पनि चम्किलो उज्यालोमा नहेर्नु । चम्किलोमा हेर्नु पर्यो एक आखाँ बन्द गरेर हेर्नु ।
२. राती नक्शा हेर्नु परेमा रातो वल्व वाला टर्च (Muffle tourch) ले हेर्नु ।
३. नक्शा पढ्दा पनि एक आखाँको प्रयोग गर्नु ।

रातको समयमा देखभाल गर्दा ख्याल राख्नु पर्ने कुराहरुः

१. आफुचुपचाप बसेर दुश्मनको आवाज सुन्नु ।
२. होचो या दवेको जमिनमा बस्नु ।
३. Skyline / Background नमिल्ने ठाउँमा नबस्नु ।
४. गौर गरेर एउटै बस्तुलाई नहेर्नु ।
५. आखाँलाई उज्यालोबाट बचाउनु ।

आखाँलाई स्वस्थ्य राख्नुः-

१. आखाँलाई धुलो, धुवाँबाट बचाउनु ।
२. हरियो बस्तुलाई हेर्नु ।
३. समय समयमा आखाँ पानीले धुनु ।
४. खाली आखाँ तेज हावामा नराख्नु ।
५. हरियो तरकारी, पहेंलो फलफुल खानु ।

संक्षेपः-

खराब मौसम असभ्भव स्थान अध्येरी रात , घना जंगल, रणभूमिमा सफलता हासिल गर्न अति नै अनुकुल वातावरण उपयोगी परिस्थिती भएको सिद्ध हुन्छ । दोश्रो विश्व युद्धमा जपानीहरुले वर्मामा नचिताएको बाटो प्रयोग गरी अंग्रेजहरुलाई भाग्न बाध्य पारेको उदाहरणहरु पाईन्छ ।

अँध्यारोमा आखाँको बचाउः-

१. कुनै पनि चम्किलो उज्यालोमा नहेर्नु । चम्किलोमा हेर्नु पर्यो एक आखाँ बन्द गरेर हेर्नु ।
२. राती नक्शा हेर्नु परेमा रातो वल्व वाला टर्च -ःगाःभि तयगचअज) ले हेर्नु ।
३. नक्शा पढ्दा पनि एक आखाँको प्रयोग गर्नु ।

रातको समयमा देखभाल गर्दा ख्याल राख्नु पर्ने कुराहरुः-

१. आफुचुपचाप बसेर दुश्मनको आवाज सुन्नु ।
२. होचो या दवेको जमिनमा बस्नु ।
३. Skyline र Background नमिल्ने ठाउँमा नबस्नु ।
४. गौर गरेर एउटै बस्तुलाई नहेर्नु ।
५. आखाँलाई उज्यालोबाट बचाउनु ।

आखाँलाई स्वस्थ्य राख्नुः-

१. आखाँलाई धुलो, धुवाँबाट बचाउनु ।
२. हरियो बस्तुलाई हेर्नु ।
३. समय समयमा आखाँ पानीले धुनु ।
४. खाली आखाँ तेज हावामा नराख्नु ।
५. हरियो तरकारी, पहेंलो फलफुल खानु ।

संक्षेपः-

खराब मौसम असभ्भव स्थान अध्येरी रात, घना जंगल, रणभूमिमा सफलता हासिल गर्न अति नै अनुकुल वातावरण उपयोगी परिस्थिती भएको सिद्ध हुन्छ । दोश्रो विश्व युद्धमा जपानीहरुले वर्मामा नचिताएको बाटो प्रयोग गरी अंग्रेजहरुलाई भाग्न बाध्य पारेको उदाहरणहरु पाईन्छ ।

चिज किन देखा पर्छ

परिचय

आँखाले खास गरेर देख्ने र लुक्ने कामको अभ्यास गर्नु पर्दछ । यी दुबै काम एक चिजको दुई रुप हो । देखुको अर्थ शत्रु लुकेको भित्री स्थान सम्म देखभाल गरी पत्ता लगाउनु हो र लुक्नुको अर्थ आफु शत्रुको देखभालबाट बच्नु हो । लडाईको समयमा देख्ने र लुक्ने कला महत्व हुनाको निम्न कारणहरु छन्।

- देख्ने र लुक्ने यी दुबै काममा राम्रो तालिम प्राप्त जवानले आफु लुकेर लुकिरहेको शत्रुलाई पत्ता लगाई मार्न सक्छ ।
- शत्रुको जमिनी ईलाकालाई राम्रोसँग देखभाल गर्न सकियो भने माथिल्लो तहका पतिहरुलाई योजना बनाउन मद्दत गर्ने महत्वपूर्ण खबरहरु हासिल गर्न सकिन्छ ।
- डिफेन्सको समयमा सहि तरिकाबाट छुपाउको कार्वाही हासिल गर्न सकेमा शत्रुलाई धोका दिई सरप्राईज हासिल गर्न सकिन्छ ।
- हमलाको समयमा लुकिछिपी दुश्मनको नजिक भन्दा नजिक पुगी फायर खोलेर शत्रुलाई पछी हटन बाध्य तुल्याउन सकिन्छ ।
- राम्रो देखभाल गर्न र राम्रो छुपाउ हासिल गर्नको लागि तिखो आँखाको साथ साथै बढी मानसिक सिकाइ (Mentaltraining) र मानसिक रुची (Mental attitude) को जरुरत पर्दछ । राम्रो देखभाल

गर्न सक्ने व्यक्तिहरु त्यो हुन्छ जसले कुनै पनि बस्तु सबै भागहरु र त्योसँग सम्बन्धीत चिजहरु चिन्न, अर्थ लगाउन र त्यसबाट कुनै निष्कर्षमा पुग्न सक्दछ ।

चिज देखा पर्नुको कारण र त्यसलाई छुपाउने सिद्धान्तहरुः-

कुनै पनि बस्तु जस्तै मानिस, हतियार, गाडी र अन्य चिजहरु देखा पर्नुको कारण र त्यसलाई छुपाउने सिद्धान्तको बारेमा हामीलाई जानकारी हुन अति आवश्यक छ । यसर्थ चिज देखा पर्नुको कारणहरु मध्ये निम्न कारणहरुलाई मुख्य रुपमा लिईएको छ ।

क) छाँया (Shadow)

कुनै पनि चिजको छायाँ देखेर त्यस चिजलाई पत्ता लगाउन सकिन्छ । छायाँ देखेर चिजलाई पत्ता लगाउन त्यस बेला अझ सजिलो जब छायाँ समतल या जमिनमा पर्दछ । छुपाउ हासिल गर्दा ख्याल राख्नु पर्छकी आफ्नो छायाँ शत्रुले देख्न नसकोस् । यदी यसो गर्न सकिदैन भने छायाँ टुटीफुटी जमिनमा पर्ने गरी छुपाउनु पर्दछ या आफुलाई छहारी भित्र राख्नु पर्दछ ताकि शत्रुले छायाँ देखेर हामीलाई पत्ता लगाउन नसकोस् ।

ख) चमक (Shine)

कुनै पनि चम्किलो चिज सजिलै झट्ट देखा पर्दछ ।

ग) सतह (Surface)

यदी कुनै चिजको रंग र बनावट त्यस वरीपरीको सतह भन्दा विपरित हुन्छ भने झट्ट चिनिने सम्भावना हुन्छ ।

घ) खाका (Silhouette)

कुनै बस्तुको खाका विपरित पृष्ठभूमी (Back ground)पर्‍यो भने देखिन थाल्छ । कुनै पनि चम्किलो वा समतल पृष्ठभूमी जस्तो पानी, पर्खाल, मैदान, क्षितीज (Sky Line) र कुनै ठूलो बस्तु जवानको लागि जोखिम हुने त्यस्ता चिजहरुको प्रयोग गर्नु हुनु हुदैँन । तसर्थ जवान सधैं खाल्टो खुल्टो भएको जमिन , झाडी, खस्रो पृष्ठभूमीमा लुक्न कोशीस गर्नु पर्दछ ।

ङ) सक्कल (Shape)

धेरै जसो चिज यस्ता हुन्छन् जुन आफ्नो पृष्ठभूमीमा विपरित हुनासाथ झट्ट देखा पर्दछ ।

च) फासला (Spacing)

प्राकृतिक अवस्थामा कुनै पनि चिज वा तौल अनुसार फौलिएर रहेको हुदैन । यदी कुनै पनि चिज नाप, तौल अनुसार फैलिएको देखिन्छ भने त्यहाँ कुनै नकुनै अप्राकृतीक चिज छ भन्ने कुरा थाहा हुन आउँछ ।

छ) हलचल (Movenent)

अकस्मात गरिने हर्कत या छिटो गरिने हर्कतले ध्यान आकर्षण गर्दछ । तरिकाबद्ध लुकेर बसेका जवान पनि यदी मनपरी चल्यो भने शत्रुले देख सक्ने हुन्छ । त्यस कारण आडमा लुकेको जवान कुनै कारणबस हलचल गर्नु पऱ्यो भने पूर्ण होसियारपूर्वक ज्यादै ढिलो हलचल गर्नु पर्दछ

ज) धुवा, धुलो र उज्यालो(Smoke, Dust & Light)

दिनमा धुवाँ र धुलो उडेको ठाउँ र राती उज्यालो देखिएको ठाउँमा ध्यान आकर्षण हुन्छ । त्यस कारण दिनमा धुवाँ र धुलो उड्ने तथा रातमा उज्यालो देखिने कार्वाही गर्न हुदैन जसले गर्दा आफ्नो स्थान पत्ता लाग्दछ ।

संक्षेप

लडाईको मैडानमा राम्रो देखभाल र राम्रो छुपाउको ज्यादै आवश्यक पर्दछ । देखभाल गर्दा र छुपाउ हासिल गर्दा छायाँ , चमक, सतक, फासला, सक्कल र हर्कतको सिद्धान्तलाई हरहमेसा ख्याल राख्नु पर्दछ । यसलाई याद गर्नको लागि SevenSister र One Mother लाई ध्यान दिनु पर्दछ ।

S -	Shadow	(छाँया)
S -	Shine	(चमक)
S -	Surface	(सतह)
S -	Silhouette	(खाका)
S -	Spacing	(फासला)
S -	Shape	(आकार)
S -	Smoke, Dust & Light	(धुवा, धुलो र उज्यालो)
M -	Movement	(हर्कत)

लुकाउ र छिपाउ

Camouflage & Concealment

उद्देश्यः क्यामोफ्लाईज गर्नको लागि बनावटी चिजको प्रयोग गर्ने तरिका सिकाउनु हो ।

सामान : राईफल, क्यामोफ्लाईजर् इक्यूपमेन्ट, झण्डा र एमिङ्ग रेष्ट हुनु पर्दछ ।

परिचय :

लडाईमा सफलता पाउन शत्रुको हर्कत देख सक्नु र आफ्नो हर्कत शत्रुबाट छुपाउन सक्नु अति नै जरुरी छ । यस कामको लागि हरेक जवानले दुरुस्त क्यामोफ्लाईजको तर्तिब जानेको हुनु पर्दछ । आफुलाई शत्रुको नजरबाट छुपाउनुको अर्थ खाल्टोमा बसेर छुपाउनु होईन आफ्नो शरिरको भाग जसलाई शत्रुले देख्यो भने पत्ता लगाउन सक्छ । त्यस भागलाई आडमा होस् वा खुल्ला ठाउँमा होस् वरिपरी पाईने बनावटी चिजको प्रयोगबाट छुपाउ गर्नु हो ।

Camouflage:- दुश्मनबाट छुपाउ प्राप्त गर्न कुनै चिजको सक्कल विगारेर वरिपरीको तथा पृष्ठभूमी जमिनसँग मिल्नको लागि बनावटी चिजको प्रयोग गर्नुलाई नै Camouflage भनिन्छ ।

Concealment :- शत्रुको नजरबाट छुपी जसमाथि नजर राख्दै आडको प्रयोग सहित हर्कत गरी राम्रो फायरिङ्ग पोजिशनबाट शत्रु माथि फायर गर्न सक्नुलाई नै Concealment भनिन्छ ।

Concealment को सिद्धान्त :

- पोजिशन चुन्नु
- क्यामोफ्लाईज डिसिप्लिन
- क्यामोफ्लाईज गर्नु ।

पोजिशन चुन्नु :- सबै भन्दा राम्रो पोजिशन त्यो हुन्छ जुन छुपाउनु पर्ने बस्तु ब्याक ग्राउण्डसँग मिलेको होस् । पोजिशन छान्दा तल लेखिएका कुराहरुलाई ध्यानमा राखु पर्दछ ।

- वरिपरी रुख, घाँस, झँाडी वा दबेको जमिन (Dead ground) छ भने त्यस्तो कुराहरुले क्यामोफ्लाईज गर्नमा असर पर्दछ ।
- वरिपरीको जमिनको बनावट र रंगबाट यो फैसला गर्नु पर्ने हुन्छ कि कुन चिजमा र कुन रंग प्रयोग गरेर क्यामोफ्लाईज गर्ने हो ।
- पोजिशन चुन्दाखेरी कुनै पनि बेला छुट्टै फिचर या रुखलाई नचुनिओस् ।

क्यामोफ्लाईज डिसिप्लिन :

यसको मतलब आफ्नो हर्कत र कार्वाहीमा नियन्त्रण राखु ताकी शत्रुलाई हाम्रो खबर नमिलोस् या खबर हासिल गर्न अप्ठयारो होस् । दिन र रातको समय तल दिईएको कुराबाट शत्रुले हाम्रो पोजिशन पत्ता लगाउन सक्छ ।

(क) दिनको समय

- खनेको आलो माटो
- हर्कत
- धुवाँ
- बेतर्तिब वाला ट्रयाक वा बाटोहरु - मानिस, गाडी र बख्तर बन्द गाडी द्धारा बनाईएको ट्रयाक या बाटोहरु ।

ख) रातको समय

- उज्यालो - सिगरेट सलकाएमा वा पिएमा तथा र्टचको उज्यालो द्धारा ।
- आवाज - बोल्नु, खोक्नु, खन्नु, वायर अब्स्टेकल लगाउनु, डिफेन्स स्टोरहरु गाडीमा लोड अन्लोड गर्दा निस्कने आवाज ।

क्यामोफ्लाईज गर्नु

जुन स्थानमा प्राकृतीक क्यामोफ्लाईज उपलब्ध हुदैन त्यस्तोर् इलाकामा पात, झाडी, घाँस या गार्निस गरिएको क्यामोफ्लाईज नेट, स्क्रिन र पेन्टको प्रयोग गर्नु पर्दछ ।

Camouflage तथा Concealment गर्नाको कारणहरु :

- जमिनमा कुनै पनि प्राकृतिक आड नभएमा ।
- गोलीको आड र हवाई छुपाउ छैन भने ।

- शत्रुलाई धोका दिनको लागि ।
- आफुले प्रयोग गर्नु पर्ने नजिकको बाटो छुपेको छैन भने ।

Camouflage तथा Concealment गर्दा ध्यान दिनु पर्ने कुराहरु :

- पृष्ठभूमीसँग मिल्ने गरी सक्कललाई बिगार्ने ।
- स्थानिय बस्तुबाट फेस क्रिम बनाउने ।
- वरिपरीको आकारसँग मिलाउने ।
- चम्किलो बस्तुलाई छुपाउने ।
- प्रयोग गरको चिज जथाभावी नफाल्ने र जथाभावी नलगाउने ।
- भद्दा नगर्ने र रंगमा रंग मिलाउने ।
- क्यामोफ्लाईज गर्दा हरहमेशा जोडीमा गर्ने ।
- क्यामोफ्लाईज गरी सकेपछि एकआपसमा निरीक्षण गर्ने, गल्ती भएमा सुधार्ने ।

Camouflage को तर्तिब :

- **छुपाउ (Hiding)** :- कुनै पनि बस्तुलाई शत्रुको देखभालबाट पर्ूण्ारुपमा छुपाई दिने जस्तोकी रुख या पर्दाको प्रयोग गरेर ।
- **मिलाउनु (Blending)**:- कुनै पनि बस्तुलाई क्यामोफ्लाईजको मद्दतबाट वरिपरीको बस्तु र्रर् इलाकासँग मिलाई दिनु । उदाहरणको लागि झाडी, घाँस र गार्निस गरिएको क्यामोफ्लाईज नेटहरुको प्रयोग गर्ने ताकी यदि शत्रुले देखेतापनि सजिलैसँग चिन्न नसकोस् ।
- **धोको दिनु (Deceiving)** :- कुनै पनि बस्तुलाई क्यामोफ्लाईज गरेर यस्तो देखाउनु की त्यसलाई अनुमान नै लगाउन नसक्ने गरी अर्कै बस्तु देखाई धोका दिनु ।

Camouflage गर्ने तरिका :

- **शरिरको बाहिरी भाग :-** शरिरको चम्किलो भाग टाउँको, निधार, नाक, अनुहार, गाला, घाटी र हात नचम्कियोस् भन्नाको लागि ब्लोन्को या माटोको प्रयोग गर्न सकिन्छ ।
- **इक्यूपमेन्ट :**

  हेल्मेट : यसको बाहिरी आकार र चम्ाकले पोजिशन जाहेर हुन सक्छ । यसलाई क्यामोफ्लाईज गर्नको लागि पेन्ट, बोराको टुक्रा, चुस्ताको पुरानो कपडा र रंगाईएको क्यामोफ्लाईज नेट तथा पातघाँस आदि प्रयोग गर्नु पर्दछ । ताकि यसको बनावट नब्रिरीयोस् र वरिपरीको चिजसँग यसको सक्कल र रंग मिल्दोजुल्दो होस् ।

  वेभ इक्यूपमेन्ट : ह्याभार स्याकको बाहिरी बनावट र बाँकर्ीर् इक्यूपमेन्टको टल्कने भागले पनि पोजिशन पत्ता लगाउन सक्दछ । यसलाई छुपाउनको लागि ब्लान्को या माटोको प्रयोग गर्नु पर्दछ । साथर्ैर् इक्यूपमेन्ट राम्रोसँग फिट गरेको हुनु पर्छ ताकि कुनै किसिमको अनावश्यक आवाज ननिस्कियोस् ।

क्लोदिङ्ग : चम्कने किसिमको लुगाहरु लगाउनु हुदैँन । लुगाहरु सकेसम्मर् इलाका अनुसारको मिल्दोजुल्दो हुनु पर्दछ । जस्तोकी मरुभूमर्ीर् इलाकामा खागी रंगको र हिउँ भएकोर् इलाकामा सेतो हुनु पर्दछ ।

हतियार :- लर्डाईको मौदानमा जानु भन्दा अगाडी हतियार ब्राउनिङ्ग या फासफिटिङ्ग गर्नु पर्दछ जसले गर्दा धातुको चमक नआओस् । यदि यस्तो गर्न सकिएन भने तेलले भिजाएको कपडा बालेर धातुको भाग जती कालो बनाउनु पर्दछ । काठको भागको चम्ाक हटाउनको लागि गार्निसको प्रयोग गर्नु पर्दछ तर ध्यान राख्नु पर्छकी सिस्तालिनको लागि साईडमा कुनै किसिमको अबरोध आउनु हुदैँन ।

बुट :- यसको चमक हटाउनको लागि स्थानीय वस्तुहरु वा माटोको प्रयोग गर्नु पर्दछ ।

यो पुरै कुराहरु सिकाई सकेपछि क्लासका आधा टोलीलाई सामुन्ने इलाकामा लुकाउने र आधा टोलीलाई हेर्न लगाउने र पछि क्यामोफ्लाईज वारे टिका टिप्पणी गर्न लगाउने । त्यस पछि हेर्ने टोलीलाई लुक्न लगाउने र लुक्ने टोलीलाई हेर्ने लगाउने । यस प्रकार अदली बदली गरि अभ्यास गर्ने ।

क्यामोफ्लाईज र कन्सिलमेन्ट आडको अर्कोरुप हो अर्थात एक अर्काको परिपुरक अर्थ आउँछ । त्यसकारण प्रत्येक जवानले क्यामोफ्लाईज र कन्सिलमेन्टको साथसाथै सही आड (Cover) को प्रयोग गर्न जान्नुको साथै फिल्ड क्राफ्टमा निपुर्ण हुनु पर्दछ ।

आड २ प्रकारका हुन्छन् ।

- **गोलीको आड ।**
- **नजरीया आड ।**

गोलीको आड :- गोली र देखभाल दुवै कुरालाई छेक्ने आडलाई गोलीको आड भनिन्छ । जस्तै : पर्खाल, ठुलो ढुङ्गा । यसमा राम्रो आड प्राप्त हुन्छ र दुश्मनले असरदार रुपमा ताकेर फायर गर्न सक्दैन तर आफुले आडको प्रयोग गर्दै दुश्मन माथि असरदार फायर गिराउन सकिन्छ । साथै दुश्मनले फायर गरेको गोलीबाट पनि आफु बच्न सकिन्छ ।

नजरीया आड :- देखभालको लागि मात्र छेक्ने तर गोली नछेक्ने आडलाई नजरीया आड भनिन्छ । जस्तैः झाँडी, बुट्यान, रुख आदि । यसमा राम्रो आड प्राप्त हुदैँन तर लुकेर झाँडी बुट्यानबाट दुश्मनलाई देख्न सकिन्छ । यसले दुश्मनको गोली लाई रोक्न सक्दैँन ।

आडमा हुनु पर्ने गुणहरु

- शंकालाग्दो ठाउँ नहोस् ।
- हतियार चलाउन सजिलो होस् ।
- टिक्रिक्क परेको तत्कालै शत्रुले चिन्न सक्ने नहोस् ।
- गोलीको आड होस् ।
- आउने जाने बाटो छुपेको होस् ।
- फिल्ड अफ फायर सफा होस् ।

- एक आडबाट अर्कोआडसँग मिलाप भएको हुनु पर्दछ ।
- सकिन्छ भने बैकल्पीक स्थान छानिएको हुनु पर्दछ ।

आड लिने तरिका :- विभिन्न किसिमको आडमा विभिन्न प्रकारको पोजिशन लिनु पर्दछ र आडबाट पनि देखभाल गर्नु सक्नु पर्छ साथै छुपाउ पनि हासिल गर्नु पर्दछ । आड लिने नियमहरु पालना गरेर मात्र छुपाउ हुन्छ । आड लिने नियमहरु यस प्रकार छन् ।

- आडको बिचबाट हेर्नु आडको माथिबाट नहेर्नु ।
- आडको बिचबाट हेर्नु नसके छेउबाट नहेर्नु ।
- आडको माथिबाट हेर्नु पर्यो भने आफ्नो सक्कल ठाडो देखिने गरी नहेर्नु ।
- स्काई लाईनबाट नहेर्नु पर्यो भने स्काई लाईनको कुनै चिजमा छेकिएर मात्र नहेर्नु, सकेसम्म स्काईलाईनमा कुनै आड नलिनु ।
- छायाँ पनि शत्रुको नजरबाट बच्ने एक राम्रो आड हो तर याद राख्नु कि घाम सँगसँगै आड पनि सर्नु पर्दछ । घामको किरणमा कुनै पनि सक्कल छ्लङ्ग देख्न सकिन्छ ।
- यदि झयाल ढोकाबाट हेर्नु भने भित्र पट्टीको छेउबाट हेर्नु र छायाँबाट फाईदा उठाउनु ।
- आफुले लगाएको लुगा इक्यूपमेन्टको रंगसँग मिल्ने ठाउँमा बस्नु पर्छ । सकेसम्म रुपरँग नमिल्ने ठाउँमा बस्नु हुदैँन ।
- एक्लो महसुर निशानामा कहिल्यै पनि आड नलिनु । यसो गर्नाले शत्रुले सजिलैसँग देख्न र देखभालका साथ फायर गर्नसक्छ ।
- आड लिदा वा छोड्दा ज्यादै होसियारसँग हर्कत गर्नु पर्छ । लापरवाहीसँग हर्कत गर्यो भने शत्रुले तत्कालै देख्न सक्छ । सकेसम्म आडको प्रयोग गर्दा देखभाल तथा गोली दुबैको आड हुने गरी प्रयोग गर्नु राम्रो हुन्छ ।

खालि हात र हतियारका साथ हर्कत

परिचय

सशस्त्र प्रहरी बलको हरेक जवानहरुले जमिनको बनावट अनुसार आफूलाई छुपाउँदै दुश्मनको देखभाल तथा गोलीबाट बच्दै अगाडी हर्कत गर्ने खुबी हुनुपर्दछ । सबै ठाउँमा भनेको जस्तो आड नपाइने हुदाँ जमिन अनुसार हर्कत गर्न विभिन्न चाल प्रयोग गरेको खण्डमा देहायका फाइदाहरु हुन सक्छ ।

- हमलाको समयमा एक्लै वा समूहमा दुश्मनको देखभाल र फायरबाट बच्दै नजिक भन्दा नजिक पुगी गुत्थम गुत्थाको लडाई गरि सफलता प्राप्त गर्न सकिन्छ ।
- पेट्रोलिङ्ग गएको समयमा जवानहरुले सहि हर्कतको प्रयोग गरेको खण्डमा दुश्मनलाई थाहै नदिइकन आफ्नो काम पुरा गर्न सकिन्छ ।
- स्नाईपरको काम गर्ने जवानले दुरुस्त हर्कतको प्रयोग गरेमा आफू बचेर दुश्मनलाई बर्बाद गर्न सकिन्छ ।

हर्कत गर्दा आफ्नो हतियारमा कुनै किसिमको चोट या नोक्सान हुन नदिई, माटो वा फोहोर समेत पार्न नदिई सुरक्षित साथ लैजान सक्नु पर्छ ताकि फायर गर्दाखेरी हतियारमा कुनै किसिमको रोग नपरोस् । साथै हरेक जवानले दुश्मनको फायर र देखभालबाट बच्नको लागि त्यस इलाकाको प्राकृतिक र बनावटी चिजको फाइदा उठाउनु पर्छ । प्राकृतिक चिज भन्नाले रुख, झाँडी र मैदान तथा बनावटी चिज भन्नाले घर, पर्खाल र छाप्रो आदि भन्ने कुरा बुझ्नु पर्छ ।

खाली हात हर्कत :

क) बाँदर चाल **ख) चितुवा चाल** **ग) लुर्कना चाल**

क) बाँदर चाल :- बयानको साथ नमुना) :- २.५ फिट भन्दा होचो आडमा यो चाल प्रयोग गरेर हर्कत गरिन्छ । घुडँाको मद्दतबाट जमिनमा पोजिसन लिनु घुँडाको नजिक दुबै हात पनि जमिनमा टेकाउनु अब हर्कत गर्नको लागि पहिले एक हातले अगाडी जमिन छामछुम गरि एकिन गर्ने र जुन हातले प्रयोग गरेको छ सोहि साइडको घुडाँ अगाडी बढाउनु, यस प्रकार एकै साइडको हात र घुडाँ अगाडी बढाउँदै हर्कत गर्नु पर्दछ । यसै कामको अभ्यास गराउनु ।

ख) चितुवा चाल :- बयानको साथ नमुना)

चितुवा चाल "क" :- जमिनमा पेटको साहारालै सुत्नु बायाँ हातलाई अगाडी बढाउनु र दायाँ खुट्टालाई बायाँ हातको नजिक ल्याउनु । त्यसपछि दाहिने हातलाई अगाडी बढाउनु र बायाँ खुट्टालाई नजिक ल्याउनु । यसै तरिकाबाट अगाडी बढ्दै जानु । यो चाल दुई फिट उचाई भएको आडसम्म प्रयोग गर्न सकिन्छ तर यो चाल प्रयोग गरि अगाडी हर्कत गर्दा पुठ्ठा र टाउको सकेसम्म तल दवाउने र आँखा सामुन्ने तर्फहुनु पर्दछ ।

चितुवा चाल "ख":- जमिनमा पेटको साहारालै सुत्नु, दुबै कुहिनाको साहारालै शरीरलाई अगाडी तर्फखिच्नु । त्यसपछि दुबै कुहिना अगाडी बढाउनु र फेरी कुहिनाको साहारालै शरीरलाई अगाडी तर्फखिच्दै हर्कत गर्नु । यस बेला कुर्कुच्चा जमिनमा पुरा बसेको हुनुपर्दछ उठेको हुनु हुँदैन । यो चाल दुश्मनको नजिक भन्दा नजिक जानको लागि प्रयोग गरिन्छ । यसमा शरीरलाई धेरै माथि उठाउनु हुदैन र आँख्ाा सामुन्ने तर्फ हुनुपर्दछ ।

ग) लुर्कना चालः- बयानको साथ नमुना) :- खास गरेर खुल्ला अग्लो जमिन (स्काई लाईन) मा जहाँ थोरै हर्कत गरे पनि दुश्मनले देख सक्दछ, त्यस्ता इलाकामा जवानहरुले लुर्कना चालको प्रयोग गर्दै त्यहाँबाट उम्कनु पर्दछ । यसको लागि साधारण ओरालो परेको जमिन भएमा राम्रो हुन्छ । लुर्कना चालको लागि सिधा वा उल्टा जमिनमा पोजिसन लिनु वा सुत्नु । दुबै हातलाई टाउको माथि वा शरिरको साथमा सेप्नु । जतातिर लुर्कनु वा पल्टिनु पर्छ त्यता पट्टीको खुट्टा अर्को खुट्टामाथि राखि पल्टिदै हर्कत गर्नु । पल्टिदा जवानले दिशाको सिधाई कायम गर्न अति जरुरी हुन्छ । यसै कामको अभ्यास गराउनु ।

हतियारको साथ हर्कत गर्नु :

- राईफलको साथ हर्कत गर्नु ।
- एल.एम.जी.को साथ हर्कत गर्नु ।

राईफलको साथ हर्कत गर्नु :

- साधारण हिडाई ।
- बाँदर चाल ।
- चितुवा चाल ।
- लुर्कना चाल ।

साधारण हिडाई :

राईफललाई बायाँ हातले समाउँदै शरिरको अगाडी ४५ डिग्रीको कोणमा छड्के प्रकारसँग राख्नु । राती अग्लो बालीनाली वा झाँडीहरुमा अड्किने वा फस्नबाट दायाँ हात अगाडी तर्फगर्दै हर्कत गर्नु पर्दछ । यतिबेला खुट्टाले भुईमा टेक्दा पहिला पन्जा, त्यसपछि पैताला र अन्त्यमा कर्ुकुच्चालाई विस्तारै टेकाउनु पर्दछ । यसरी आवाज ननिकालीकन शत्रुको नजिक भन्दा नजिक जान सकिन्छ । साथै एउटा हात खाली हुनाको कारण कुनै पनि प्रकारको रोकावटलाई सजिलैसँग पार गर्न सकिन्छ ।

बाँदर चाल :

यसमा राईफललाई सिलिङ्गआर्म गर्नु पर्दछ वा क्यारि ह्याण्डलमा समाउनु पर्दछ । बाँकी हर्कत गर्ने तरिका खाली हात सो सरह नै हुन्छ ।

चितुवा चाल :

यसमा राईफललाई बायाँ हातले प|mन्टह्याण्ड गार्डको नजिक समाउनु पर्दछ । म्याग्जिन र सिलिङ्ग बाहिर तर्फर ब्यारलको टुप्पा अगाडी तर्फपार्नु पर्दछ । बाँकी हर्कत गर्ने तरिका खाली हात सो सरह नै हुन्छ । यसमा राईफललाई दायाँ हातले स्मल अफ दी बटमा र बायाँ हातमा म्याग्जिनको ठिक अगाडी तलतिर पार्दै समाउनु पर्छ । राईफललाई छातीको तल राख्दै खाली हातमा जस्तै हर्कत गर्नु पर्दछ ।

चितुवा चाल :

यसमा पनि राईफललाई दायाँ हातले स्मल अफ दी बटमा र बायाँ हातले फ्रन्टह्याण्ड गार्डमा समाउनु पर्छ । दुबै हातको पकड तलतिरबाट र म्याग्जिनलाई अगाडी तर्फ पार्दै बाँकी हर्कत गर्ने तरिका खाली हात जस्तै हुन्छ ।

लुर्कना चाल :

यसमा राईफललाई दुबै घुँडाको बिच यस प्रकारसँग समाउनु कि बट दुबै पाउ र घुँडाको बिच, ब्यारल छाती माथि, म्याग्जिन तलतिर र्फकाउँदै जमिनमा सुत्नु । जतातिर लुर्कना छ त्यतै तिरको हात लामो पार्दै ब्याकसाईड लिफतिर र अर्कोहातले मोजल डिफलेक्टरमा समाउनु । जतातिर लुर्कना छ त्यतै तिर खुट्टा माथि तिर राख्नु । राईफललाई यस प्रकारसँग समाउनु कि त्यसमा कुनै किसिमको चोट लाग्न नपाओस् । लुर्कदा हात र खुट्टा शुरुमा जस्तो प्रकारसँग राखिएको छ । अन्तिम सम्म त्यसै प्रकार सँग राख्नु पर्छ खुल्न दिनु हुनु हुदैंन ।

विभिन्न पोजिशन

- **एलर्ट पोजिशन :-** कुनै पनि शत्रुकोर् इलाकामा कार्वाही गर्नको लागि हर्कत गर्नु पर्दा कुनै पनि बेला फायर गर्नु पर्ने अवस्था आईपर्ने भएकोले यो पोजिशनमा हर्कत गरिन्छ ।
- **छड्के पोजिशन :-** हतियारसाथमा लिएर एक ठाउँबाट दौडदै अर्कोठाउँमा जानु परेको खण्डमा छड्के पोजिशन लिएर दौडेमा सजिलो हुन्छ । शत्रुको प्रभाव रहेकोर् इलाकामा कार्वाही गरिरहेको भएमा यस्तो पोजिशनबाट तुरुन्त फायरिङ्ग पोजिशनमा आई सहि निशानामा छिटो फायर गर्न सकिन्छ ।

एल.एम.जी.को साथ हर्कत गर्नु :

त्तिमा एल.एम.जी. शक्तिशाली अटोमेटीक हतियार हो । जमिनको बनावटको लिहाजबाट जुन प्रकारले राईफलको साथ हर्कत गरी शत्रुको देखभाल र फायरबाट बच्दै नजिक भन्दा नजिक पुग्न जरुरी छ, त्यस्तै प्रकारले एल.एम.जी.को साथ पनि आडको प्रयोग गर्दै विभिन्न पोजिशनमा हर्कत गर्न जरुरी पर्दछ । यो हतियारबाट एक्लै र जोडीमा हर्कत गर्न सकिन्छ । एल.एम.जी.नम्बर १ र २ मिलेर आफ्नो एल.एम.जी. सहित शत्रुको देखभाल र फायरबाट बच्दै लर्डाईको मैदान हर्कत गर्न सक्ने खुबी हुन अत्यन्त जरुरी छ ।

एल.एम.जी.लिएर २ तरिकाबाट हर्कत गर्न सकिन्छ ।

- एल.एम.जी.नम्बर १ एक्लैको हर्कत
- एल.एम.जी.नम्बर २ को मद्दतबाट हर्कत

एल.एम.जी.नम्बर १ एक्लैको हर्कत :

- चितुवा चाल "क"
- चितुवा चाल "ख"
- घुडा मद्दतबाट चाल
- साईड चाल

चितुवा चाल "क" :- जब एल.ए.जी.मा नम्बर १ मात्र छ भने त्यस्तो समयमा दायाँ हातले स्मल अफ दी बटमा र बायाँ हातले बाइपटलाई फोल्ड गरेर एल.एम.जी.को बाईपटमा समात्ने म्याग्जिन अगाडी तर्फपार्ने । राईफलमा जस्तै हातको बर्खिलाप खुट्टाको हर्कत गर्दै अगाडी बढ्ने ।

चितुवा चाल "ख" :- दुबै हात एल.एम.जी.को मुनिबाट बाईपट फोल्ड गरेर म्याग्जिनलाई अगाडी तर्फपार्दै उचाल्ने । अब कुहिना र खुट्टाको भरमा शरिरलाई अगाडी सर्दै जानु यसै कामको अभ्यास गराउनु ।

घँडा मद्दतबाट चाल :- जब आड कम्मरको उचाई सम्म छ भने त्यस्तो समयमा यस तरिकाको चाललाई काममा लिनु पर्दछ । जस्तै कुनै पर्खाल वा झाँडीको लाईन । राईफलमा जस्तै निलिङ्ग पोजिशनमा जानु । एल.एम.जी.को क्यारि हृयाण्डलमा जुन घुडा अगाडी छ त्यतापट्टी कै हातले समात्नु । यस बेला ब्यारल अगाडी तर्फर्फकेको हुनु पर्छ । अर्कोहात र घुडा जमिनमा टेकाउनु । अब माथि उठेको घुडामा

एल.एम.जी. समात्दै हातको औंलालाई टेकाउनु । अगाडी तर्फबढ्नको लागि घुढा र हातमा बदली गर्नु । यसै कामको लागि अभ्यास गराउनु ।

साईड चाल :- कुनै एकापट्टी सर्साईड पारेर जमिनमा सुत्नु । एल.एम.जी.को बाईपट फोल्ड गरेर जतापट्टी सर्साईडमा सुतिएको छ त्यतै पट्टिको थाईमाथि राख्नु म्याग्जिनलाई भित्रपट्टी फर्काउनु । जुन सर्साईड पट्टी परेर सुतिएको छ त्यता पट्टीको हात एल.एम.जी.को फ्लास एलुमिनेटरमा र अर्कोहातले क्यारिङ्ग हृयाण्डलमा समात्नु । अब एउटा हात सर्साईडको मद्दतबाट अगाडी हर्कत गर्नु । थाकेपछि दोस्रो सर्साईड तर्फबदली गर्नु

एल.एम.जी.नम्बर २ को मद्दतबाट हर्कत

- चितुवा चाल "क"
- चितुवा चाल "ख"
- चितुवा चाल "ग"

नम्बर १ र नम्बर २ ले मिलेर गर्ने चितुवा चाल "क":-

जब नम्बर १ र २ मिलेर एल.एम.जी.का साथ हर्कत गर्नको लागि नम्बर १ ले बायाँ हातले बटलाई समात्नु र नम्बर २ ले दायाँ हातले बाईपट खोलिएको अवस्थामा समात्ने । नम्बर १ को आफ्नो दायाँ हात अगाडी र बायाँ खुट्टा नजिक हुनु पर्छ । नम्बर २ को दायाँ हात अगाडी र बायाँ खुट्टा नजिक हुनु पर्दछ । अब दुबै जनाले एकै साथ एल.एम.जी.लाई उठाएर अगाडी र्सनु र दुबै जना अगाडी घ्रिनु ।

चितुवा चाल "ख":- एल.एम.जी.को बाईपट फोल्ड गरेर चितुवा चाल "क" मा जस्तै समाउनु । एल.एम.जी.को बट दायाँ र ब्यारललाई बायाँ तर्फराख्नु । म्याग्जिन अगाडी तर्फर्फकेको होस् । अगाडी घिस्रिएर अगाडी हर्कत गर्ने तरिका चितुवा चाल "क" मा जस्तै हो ।

चितुवा चाल "ग":- नम्बर १ ले एल.एम.जी.लाई पिस्तोल गृपमा बायाँ हातले र नम्बर २ ले बाईपट खुल्ला राखी दायाँ हातले समात्नु । ब्यारल अगाडी तर्फहुनु पर्छ । नम्बर १ ले अप भनेपछि दुबै नम्बर मिलेर एल.एम.जी.लाई हातको लम्बाईको बरावर अगाडी राख्नु पर्छ र त्यसपछि दुबै जना अगाडी बढ्नु पर्छ । दुबै जना बाउण्ड हुँदै अगाडी बढ्छ र एल.एम.जी. हमेशा फायर गर्नको लागि तयार रहन्छ ।

संक्षेप

- सवाल जवाफबाट ।
- पाठको तर्तिब दोहोर्याउनु ।
- एउटा राम्रो जोडीबाट नमुना दिनु ।

फायरिङ्ग पोजिशनको छनौट

उद्देश्य : विभिन्न किसिमको हतियारको साथ हर्कत गर्ने जवानलाई फायरिङ्ग पोजिशनको छनौट र प्रयोग गर्ने तरिका सिकाउनु हो ।

परिचयः जमिन यस्तो किसिमको हुनु पर्छ कि जहाँ सबै किसिमको आड प्राप्त होस् । लर्डाईमा जवानहरुलाई क्यामोफ्लाईज गरेर मात्र हुदैन, उसले लुकेर शत्रुको गोली र नजरबाट बच्नको लागि एउटा राम्रो फायरिङ्ग पोजिशन पनि चुन्न जानेको हुनु पर्छ । फायरिङ्ग पोजिशन छान्दा निम्न गुण भएको फायरिङ्ग पोजिशन चुन्नु पर्दछ ।

- पोजिशनमा जाने बाटो सजिलो, बिना रोकावट र आड भएर जाने हुनु पर्छ ।
- पोजिशनमा शत्रुको गोली र नजरबाट बच्न सक्ने बलियो आड हुनु पर्दछ ।
- उक्त पोजिशनबाट अगाडी बढ्न सजिलो हुनु पर्दछ ।
- पोजिशनमा आड यति खुल्ला हुनु पर्छ कि हतियार सजिलै सँग प्रयोग गर्न सकियोस् । जुन तार्गेटमा फायर गर्नु छ त्यो तार्गेट प्रष्ट देखिनु पर्छ ।
- पोजिशन आफै महशुर -प्रष्ट चिन्ने) वा कुनै महशुर निशानाको नजिक नहोस् ।

फायरिङ्ग पोजिशनको प्रयोग

फायरिङ्ग पोजिशनलाई ठिक तरिकासँग प्रयोग गर्नाले जवानले आफूलाई शत्रुको नजर गोलीबाट बच्नको लागि सानो भन्दा सानो तार्गेट बनाउन सक्दछ । फायरिङ्ग पोजिशनलाई दुरुस्त तरिकाले प्रयोग गर्नाले जवानले आफूलाई चारैतिरबाट माथि आकाशतिरबाट समेत शत्रुको नजर र गोलीबाट बचाउन सक्छ । यो सँगै हतियारबाट दुरुस्त सँग फायर गर्न सक्ने खुबी भएको समेत बनाउन सक्दछ । राम्रो फायरिङ्ग पोजिशन सधैं प्राप्त हुन सक्दैन । त्यसकारण फायरिङ्ग पोजिशनको दुरुस्त प्रयोग हमेशा जवानको सहि देखभाल, जमिनको बनावट र लर्डाईको हालतमा निर्भर हुन्छ । पोजिशन हमेशा क्यामोफ्लाईज हुनु अति जरुरी छ । फायर पोजिशनको प्रयोग गर्नु भन्दा अगाडी फायर पोजिशनको किसिम बारे जानकारी हुन अति आवश्यक हुन्छ ।

फायर पोजिशनको किसिम :

- **गोलीको आड भएको फायर पोजिशन :-** जुन पोजिशनमा शत्रुको गोलीले कुनै असर गर्दैन त्यस्तो पोजिशन यस किसिमको फायर पोजिशनमा पर्दछ । यो पनि दुई किसिमको हुन्छ ।
  - **प्राकृतिक फायर पोजिशनः-** जुन प्राकृतिक रुपमा नै बनि बनाउ फायरपोजिशन हुन्छ । जस्तो कि टुटीफुटी जमिन ।
  - **कृत्रिम फायर पोजिशन :-** जुन पछि हामीले तयार गर्छौं । जस्तो कि ट्रेन्चहरु, नहरमा भएको बाँध, घरको किनारा, बंकर आदि ।
- **देखभाल बाट आड भएको फायर पोजिशन :-** यो पोजिशनमा खाली देखभाल बाट बच्न सकिन्छ । यो पनि दुई किसिमको हुन्छ ।

- **प्राकृतिक फायर पोजिशन** :- जुन प्राकृतिक रुपमा बनेको हुन्छ । जस्तो की अनाज बाली भएको स्थान ।
- **कृत्रिम फायर पोजिशन** :- एक स्थानबाट काटेर अर्को स्थानमा थुपारेको झाँडी, पातपतिङ्गर । त्यस्तै क्मोफ्लाईज नेट जुन इम्प्रोभाईज तरिकाबाट बनाएको हुन्छ ।

प्रत्येक जवानले फायर पोजिशनलाई दुरुस्त तरिकाले प्रयोग गर्न जान्न जरुरी छ, ताकी आफुलाई नजर र गोलीबाट बचाएर शत्रुलाई बर्बाद गर्न सकियोस् । आम हालतमा लर्डाईको समयमा तल लेखिएको फायरिङ्ग पोजिशन प्रयोगमा आउछ ।

- **लाईङ्ग फायर पोजिशन** :- यो फायर पोजिशन १/२ फिट उचाई सम्म अग्लो आँड भएको ठाँउमा प्रयोग गरिन्छ । यो सब भन्दा आरामदायी पोजिशन हुन्छ । यस पोजिशनमा कम भन्दा कम हर्कत गर्नु पर्छ । राईफलको मजल धेरै माथी उठाउनु हुदैन । हात र कुहिना पनि माथी नउठ्ाईयोस् । बटलाई काँधमा सेप्नु र शरिरलाई आडको पछाडी राखियोस् ।
- **निलिङ्ग पोजिशन** :- यो फायर पोजिशन २ देखि २ १/२ फिट उचाई भएको आडमा प्रयोग गरिन्छ । हतियारलाई सिकेको तरिकाबाट समात्नु र मोजल धेरै अगाडी पनि नहोस् । हतियारलाई दोब्बारा भर्दा मोजललाई माथि उठाउनु हुदैन तर विस्तारै अगाडी वा पछाडी गर्नु पर्दछ । टाँउकोको हर्कत ज्यादै कम गर्नु पर्छ । पोजिशन जमिन मुताबिक बनाउनु पर्दछ । पोजिशन आरामदायी हुनु पर्दछ ।
- **स्ट्याण्डिङ्ग पोजिशन** :- यो पोजिशन ४ फिट देखि ५ फिट उचाई भएका स्थानमा प्रयोग गरिन्छ । यसमा पोजिशन आरामदायी हुनु पर्दछ । कुनै कलाइ -हात) आराम दिनु, छाती पनि पोजिशन सँगै आडको नजिक मिलाएको होस् । खुट्टाको पोजिशन पनि आरामदायी हुनु पर्दछ र रुखको भित्ताको प्रयोग सर्ाईडबाट गर्नु पर्दछ । झयालको प्रयोग पनि साईडबाट गर्नु पर्दछ ।
- **गोल पोजिशन** :- रुख, घरको किनारा या मोटो खम्बाको प्रयोग गर्नु परेमा दाहिने तिर बाट प्रयोग गर्नु पर्दछ । खुट्टालाई आवश्यक अनुसार मिलाउनु या खोल्नु तर ध्यान राख्नु पर्छ कि पुरै शरिर आडको पछाडी लुकेको हुनु पर्छ। एल.एम.जी.लाई प्रयोग गर्दा क्यारि ह्रयाण्डललाई उठाउन सकिन्छ । एल.एम.जी.लाई आडको अगाडी राख्नु हुनु हुदैन । यसबाट पोजिशन जाहेर हुन सक्दछ ।
- **टुटीफुटि जमिन** :- जस्तो प्रकारको टुटीफुटि जमिन प्राप्त हुन्छ त्यस्तै किसिमको पोजिशन लिईन्छतर पोजिशन आरामदायी हुनु पर्दछ । फायर गर्दा कुनै किसिमको रोकावट हुनु हुँदैन र आफूलाई आड पछाडी पुरा छुपाउनु सक्नु पर्दछ । छुपाउको साथसाथै आफ्नो हतियारबाट राम्रोसँग फायर गर्न पनि सक्नु पर्दछ ।

आडको प्रयोग गर्ने तरिका :

- आडको बिचबाट हेर्नु आडको माथिबाट नहेर्नु ।
- आडको बिचबाट हेर्न नसके छेउबाट हेर्नु ।
- आडको माथिबाट हेर्नु पर्यो भने आफ्नो सक्कल ठाडो देखिने गरी नहेर्नु ।

- स्काई लाईनबाट हेर्नु पर्यो भने स्काई लाईनको कुनै चिजमा छेकिएर मात्र हेर्नु सकेसम्म स्काईलाईनमा कुनै आड नलिनु ।
- छायाँ पनि शत्रुको नजरबाट बच्ने एक राम्रो आड हो तर याद राख्नु कि घाम सँग सँगै आड पनि सार्नु पर्दछ । घामको किरण कुनै पनि सक्कल छ्लङ्ग देख्न सकिन्छ ।
- यदि झयाल ढोकाबाट हेर्नुछ भने भित्र पट्टीको छेउबाट हेर्नु र छायाँबाट फाईदा उठाउनु ।
- आफुले लगाएको लुगा र इक्यूपमेन्टको रंगसँग मिल्ने ठाउँमा बस्नु पर्छ । सकेसम्म रुपरंग नमिल्ने ठाँउमा बस्नु हुदैन
- एक्लो महशुर निशानामा कहिल्यै पनि आड नलिनु । यसो गर्नाले शत्रुले सजिलै सँग देख्न र देखभालका साथ फायर गर्न सक्छ ।
- आड लिदा वा छोड्दा ज्यादै होसियार सँग हर्कत गर्नु पर्छ । लापरवाहीसँग हर्कत गर्यो भने शत्रुले तत्कालै देख्न सक्छ।।

अभ्यास :

एक्लाएक्लै जवानहरुलाई विभिन्न किसिमको आडमा फायर पोजिशन चुन्न लगाउने र बाँकी जवानहरुलाई गल्तीहरु बारे छलफल गर्न लगाउने ।

तरिका :

- दुई जवान, एउटा राईफल र एउटा एल.एम.जी.वालालाईर् इलाका र तार्गेट बताई दिनु र त्यस स्थानबाट फायर आएको छ भन्नु । उक्तर् इलाकामा फायर गर्नको लागि फायर पोजिशन चुन्न लगाउने र पछि जवानहरु सँग यो प्रश्न उत्तर गर्नु ।
- यो भन्दा राम्रो आड मिल्न सक्छ ?
- के यो पोजिशनबाट शत्रु माथि अचानक फायर गर्न सकिन्छ ?
- के यो पोजिशन कुनै महशुर निशानाको नजिक त छैन ?
- शत्रु कुन स्थानमा आईपुगेपछि फायर गर्ने यदि त्यस पोजिशनमा गल्तीहरु छन् भने अन्य बाँकी जवानहरुलाई अझ राम्रो फायर पोजिशन चुन्नको लागि भन्नु । सबै भन्दा राम्रो पोजिशनको सामुन्ने ५० गज टाढा सुतेर हेर्नको लागि टोलीलाई भन्नु ।

फासला अड्कल गर्ने तरिका Judging Distance

उद्देश्यः फासला अड्कल गर्ने तरिका सिकाउनु हो ।

सामानः डेमोस्ट्रेसन प्रदर्शन गर्न रिहर्सल गरेका जवानहरु, हतियार र्रर् इक्यूपमेन्ट सहितर्,र् इशारा गर्नको लागि झण्डा र सिट्ठी ।

फासला अड्कल गर्नु पर्ने कारणहरु :

फासला सहि अड्कल लगाउन सकियो भने मात्र हतियारबाट दुरुस्त फायर गर्न सकिन्छ । यसबाट एम्यूनेशनको बचाउ गर्न र छलकपट (Surprise) हासिल गर्न पनि सकिन्छ । हुन त सशस्त्र प्रहरी जवानले ३००× भन्दा बढी रेन्जमा फायर खोल्नु हुदैँन तर १००० सम्मको फासला अड्कल गर्न सकियो भने ओ.पी.मा काम गर्ने जवानले सहि खबर पठाउन र तार्गेट चिनाउमा मद्दत पुग्न सक्दछ । जमिनको बनावट र मौषमको खराबीको कारणले गर्दा फासला धेरै थोरै देखिन जान्छ ।

क) फासला सहि भन्दा नजिक वा कम देखिने कारणहरु :

- सुर्य हेर्ने मानिसको पछाडी वा चहकीलो भएमा ।
- वरिपरीको चिज भन्दा हेर्ने चिज ठूलो भएमा ।
- चिज र हेर्ने मानिसको बिचको जमिन दबेको भएमा ।
- यदि तलबाट माथि हेर्नु पर्यो भने ।

ख) फासला सहि भन्दा टाढा वा धेरै देखिने कारणहरु :

- सुर्य हेर्ने मानिसको अगाडी वा मलिनो भएमा ।
- वरिपरीको चिज भन्दा हेर्ने चिज सानो भएमा ।
- अध्यारो ठाउँ, कुनै घाटी भन्ज्याङ्ग वा जंगलको बिचबाट हेर्नु पर्यो भने ।
- यदि माथिबाट तल हेर्नु पर्यो भने ।
- ल्याङ्ग पोजिसनबाट हेर्नु परेमा ।

फासला अड्कल गर्ने तरिका :

- एकाईको तरिका (Unitary Method)
- देखाईको तरिका (Visual Method)
- ब्राकेटिङ्गको तरिका (Bracketing Method)
- कि-रेञ्जको तरिका (Key Method)
- पत्ति औसतको तरिका (Section Method)
- आवाजबाट फासला अड्कल गर्ने तरिका (Sounding Method)
- हाल्भिङ मेथोड

एकाईको तरिका (Unitary Method):

यस तरिकाले फासला अड्कल गर्नको लागि १०० लाई एकाई मान्नु पर्दछ । १०० को एकाई मान्नुको अर्थ कुनै जमिनको १००× एक टुक्रा पहिले अड्कल गरेर त्यसको सहयताले अरु फासला पनि अड्कल गर्नु हो । जमिनको टुक्रा लिँदा हेर्ने ठाउँबाट स्टयाण्डिङ्ग, निलिङ्ग र ल्याङ्ग सबै पोजिशनबाट फासला अड्कल गर्नु पर्दछ ।

देखाईको तरिका (Visual Method) :

लर्डाईको समयमा शत्रु अनुहार र शरिर देखेर पनि फासला अड्कल गर्न सकिन्छ । यस तरिकाबाट ६००ङ्गसम्मको फासला अड्कल गर्न सकिन्छ ।

- २००× सम्म जवानको अनुहार र शरिर प्रष्ट देखिन्छ र सजिलै यो हो भनि ठहराउन सकिन्छ
- ३००× मा जवानको शरिर देखिन्छ तर अनुहार धमिलो देखिन्छ ।
- ४००× मा जवानको शरिर देखिन्छ तर अनुहार देखिदैँन ।
- ५००× मा जवानको हात खुट्टाको हर्कत देखिन्छ र गर्दन देखि तलतिर पुरै शरिर पातलो देखिन्छ
- ६००×मा जवानको टाउँको बिन्दुको आकारमा देखिन्छ, अनुहार देखिन्न, शरिरको तल्लो भाग सानो र पातलो देखिन्छ।
- फासला अड्कल गर्न राईफलको पनि मद्दत लिन सकिन्छ । राईफलको प|mटसाईडले २५०ङ्कमा निलिङ्ग पोजिशन र ४००× मा स्ट्याण्डिङ्ग पोजिशनको व्यक्ति ढाक्दछ ।

ब्राकेटिङ्गको तरिका (Bracketing Method)

यो तरिकाले ६००× भन्दा बढी फासला अड्कल गर्नमा सहयोग पुर्याउँछ । यसमा फासला अड्कल गर्ने जवानले कुनै ठाउँको धेरैमा हुन सक्ने दुई भिन्न फासला लिई जोडन र त्यसको २ ले भाग गर्ने । त्यसबाट निकलेको औषत अंक त्यस ठाउँको सहि फासला मानिन्छ ।

कि-रेञ्जको तरिका (Key Method)

टाढाको फासला अड्कल गर्ने अर्कोतरिका कि रेञ्ज (Key Method) हो । यदि कुनै निशानाको फासला ठूलो स्केलको नक्सा वा रेञ्ज फाइण्डरबाट पत्ता लगाएको छ भने अर्कोनिशानाको फासला त्यस निसानाको मद्दतले पत्ता लगाउन सकिन्छ । पहिले थाहा भएको अर्कोरेञ्जको मद्दतबाट त्यसको दायाँ बायाँ थोरै अघिपछी रेञ्ज पनि अड्कल गर्न सकिन्छ ।

पत्ति औसतको तरिका (Section Method)

यो तरिका खास गरेर डिफेन्सको बेला रेञ्ज कार्ड बनाउन र टाढाको फासला अड्कल गर्न प्रयोग गरिन्छ । यसको लागि समय बढी चाहिन्छ । पत्तिको सबै जवानहरुलाई आ-आफ्नो मनमा लागेको अन्दाजी फासला अनुमान गर्न लगाई सबै अनुमान गरेको फासला जोड्ने । यदिको कसैको साह्रै नै घटी वा बढि भए हटाई र जति जनाको अन्दाजी फासला जोडिएको छ, त्यती जवानको औषत निकालेपछि बास्तविक फासला निस्कन्छ ।

आवाजबाट फासला अड्कल गर्ने तरिका (Sounding Method)

आवाजको रफ्तार ११०० फिट प्रति सेकेण्ड हुने हुँदा हामीले फायरको सोला, धुवाँ, धुलोलाई हेरेर फायरको आवाज सुनेर फासला अड्कल गर्न सकिन्छ । जव फायरको सोला, धुवाँ वा धुलो देखिन्छ । भने १ सेकेण्ड बरावर ४ चारको हिसाबले फायरको आवाज सुनुनजेल गिन्ती गर्दै गयो भने त्यती नै रेञ्ज हुन्छ । हरेक गिन्तीको लागि रेञ्ज १०० मान्नु पर्दछ ।

माफि गल्ती

परीक्षाको हिसाबले फासला अड्कल गर्न जवानलाई लगाउँदा माफि गल्ती भित्र भिन्न आउने फासलालाई सहि मान्न सकिन्छ । निम्न अनुसार माफि गल्ती दिन सकिन्छ ।

- ३००× सम्म को लागि फासला ५०× धेरै वा थोरै ।
- ३००× देखि ७००× सम्मको लागि १००× धेरै वा थोरै ।
- ७५०× देखि १०००× सम्मको लागि १५०× धेरै वा थोरै ।

फायर नियन्त्रण आदेश (Fire Control Order)

उदेश्य : फायर नियन्त्रण आदेश वारे जानकारी गराउनु हो ।

राईफल, एल.एम.जी,एमिङ्ग रेष्ट, दुर्विन र इलाकाको हदबन्दि गरेको हुनु पर्दछ ।

फायर नियन्त्रण आदेशको आवश्यकता फायर युनिट पतिले आफ्नो फायर गर्ने पत्तिलाई लर्डाईको समयमा प्रभावकारी रुपमा प्रयोग गर्ने व्यवस्था नगरुन्जेल आफ्नो जवानहरुको खुविको पूर्ण फाईदा उठाउन नसक्ने हुदाँ हरेक तहका पतिहरुले सफा र सही फायर नियन्त्रण आदेश दिने बानी बसाल्नु पर्दछ । लडाईको बेलामा पति (Commander) घाईते वा हराउन गएको खण्डमा कुनै समय जवानले पनि फायर यूनिटलाई नियन्त्रण गर्नु पर्ने अवस्था पर्न सक्ने हुदा हरेक तहका जवानहरुले पनि फायर नियन्त्रण गर्न जान्न अति जरुरी छ । फायर आदेश त्यस बेला सम्म प्रभावकारी हुन सक्दैन जब सम्म तार्गेट सहि तरिकाले बताईन्न र फायर युनिटको जवानले त्यसलाई सजिलै संग चिन्दैन ।

केहि परिभाषिक शव्दहरु :

फायर युनिट :- त्यो टोली हो जो एउटा पत्तीको आदेशमा फायर खोल्ने गर्दछ । जस्तै : गन ग्रुप, नं. १ पति र नं.२ से.मु.।

फायर युनिट कमाण्डर :- त्यो व्यक्ति हो जसले फायर युनिटलाई फायर गर्न र बन्द गर्न आदेश दिन्छ । जस्तै : पत्ति, पति ।

फायर नियन्त्रण आदेश :- फायर युनिट कम्मान्डरले आफ्नो फायर युनिटलाई फायर गर्न र बन्द गर्न दिएको आदेशलाई फायर नियन्त्रण आदेश भनिन्छ । जस्तै : नं १ पत्ति सामुन्ने ३००× दुश्मन फायर पत्ति, पतिलाई भन्न लगाउने र त्यस बखत को ३००× फासलामा फिगर ११ तार्गेटहरु देखाएरु ब्लाङ्ग राउण्ड फायर गर्ने । "फायर स्टप" पत्ति पति लाई भन्न लगाउने र फायर बन्द गराउने) ।

आर्क अफ फायर :- कुनै हतियार वा फायर युनिटलाई दिने जिम्मेवारीकोर् इलाका हो जसलाई दाँया वायाँ हद तोकेर दिईन्छ, जुन इलाका भित्र आउने तार्गेटलाई बर्वाद गर्नु पर्ने हुन्छ । जस्तै : नं. १ पत्ति पतिलाई हदवन्दि गर्न लगाउनु र पुरै पत्तिको आर्क अफ फायर त्यो भयो भने राईफल पोष्टको आर्क अफ फायर पनि भिन्दै हुन्छ । जस्तै : सामुन्ने २००× पहाडको चोटी आमरुख, आधा वायाँ २००× सल्लाको रुख वायाँ हद आधा दायाँ ३००× माटोको ढिस्को दायाँ हद । कुनै एक राईफल पोस्टलाई भन्न लगाउनु शिक्षार्थिहरुले नबुझे फेरि भन्न लगाएर दोहोर्याउनु । राईफल पोस्टको आर्क अफ फाएर साधारणतया ४५× को कोणमा हुन्छ भनेर कालोपाटीमा कोरेर देखाउनु ।

फिल्ड अफ फायर :- आफ्नो हतियारले मार गर्न सक्ने चारैतिरका इलाकालाई फिल्ड अफ फायर भनिन्छ ।(आर्क अफ फायर र फिल्ड अफ फायरको फरक बताई दिनु)

फायर डीईरेक्सन अर्डर :- फायर युनिट कमाण्डरलाई आफु भन्दा माथिल्नो कमाण्डर वाट फायर खोल्ने र बन्द गर्न आदेश आउछ भने त्यसलाई फायर डीईरेक्सन अर्डर भनिन्छ । जस्तै : हलचोक, कार्यदलको माथि गुम्वाको डाँडामा रहने कमाण्डर फायर युनिट कमाण्डर हो भने कार्यदल गणपति फायर डीईरेक्सन दिने व्यक्ति हो ।

फायर डिसिप्लिन (Fire Discipline) :- फायर युनिट कमाण्डरको आदेशलाई पालन गरेर फायर खोल्नु र बन्द गर्नु लाई फायर डिसिप्लिन (Fire Discipline) भनिन्छ ।

फायर नियन्त्रण आदेशको सिद्धान्त :

- एक गोली एक दुश्मन अथवा फायर दुश्मनलाई तर्सर्ाालाई होईन कि मार्न को लागि गर्नु पर्दछ
- गोली गठ्ठाको बचावट गर्न ध्यान दिनु पर्दछ ।

फायर आदेश दिनु भन्दा पहिले ध्यान दिने कुराहरु

- के दुश्मन रेन्ज भित्र छ र फायर गर्न ठिक छ -
- के निशानालाई सबैले देख्न सक्छ ?
- कुन हतियारको प्रयोग गरेमा राम्रो हुन्छ ? (राईफल, गन, मोटार, या एस.एम.जी.)
- फायरको रफ्तार के कस्तो हुनु पर्ला । (सिंगल, ब्रष्ट, र र्यापिड) साधारणतया र्यापिड फायर यी कारणहरुले गर्दा गरिन्छ ।
  - जब दुश्मन माथि अचानक सरप्राईज हाँसिल गर्नु छ ।
  - जब यस्तो तार्गेट सामुन्ने आउँछ, जसमा र्यापिड फायर गरेर ज्यादा भन्दा ज्यादा नोक्सान पुर्याउन सकिन्छ ।
- एसल्टमा कभरिङ्ग फायर दिनु पर्दा ।

- के सरप्राईज हाँसिल गर्न र दुश्मन माथि अचानक फायर गरेर ज्यादा भन्दा ज्यादा नोक्सान पुर्याउनको लागि फायर केहि समय पछि खोल्न ठिक होला ?
- फायरको नियन्त्रण खुद कमाण्डर आफैले गर्ने हो वा गुरप कमाण्डरलाई जिम्मा दिने हो वा हरेक जवानहरुले आफ्नो फायर आफैले नियन्त्रण गर्ने हो आदेशमा नै स्पष्ट गरेको हुनु पर्दछ ।

फायर खोल्नको लागि आदेश कस्तो हुनु पर्दछ ?

- आदेश छोटो, सफा र विस्तारै बुझिने गरि दिनु पर्दछ ।
- ठूलो स्वरमा दिनु पर्छ ताकि फायर भैरहेको भए पनि सुन्न सकोस् ।
- आदेश, आदेश कै रुपमा दिनु पर्दछ । (नम्र हुनु हुँदैन)
- आदेश अडी अडी दिनु पर्छ ताकि आदेशको साथसाथै काम पनि गर्न सकोस् ।

अतः सम्रग रुपमा सजिलै अध्ययन गर्न सकियोस् भनेर एक बनावटी शब्द CLAP को प्रयोग गरिन्छ । जसको अर्थ निम्नानुसार छन् :

C - CLEARLY (Clear and short)
L - LOUDLY
A - AS AN ORDER Or, O - ORDERLY
P - PAUSE

फायर नियन्त्रण आदेशको प्रकार :

- पर्खेर दिने फायर आदेश (Delayed fire order)
- पूर्ण फायर आदेश (Full fire order)
- मौकाको फायर आदेश (Opportunity fire order)
- छोटो फायर आदेश (Brief fire order)

फायर आदेशको तर्तिव :

- **G - Group (टोली) :-** फायर आदेश दिँदा टोलीको नाम सबै भन्दा पहिला सम्बोधन गर्नु पर्दछ । जस्तैः राईफल ग्रुप, गन ग्रुप, नं. १ पत्ति आदि ।
- **R-Rang (तार्गेटको फासला) :-** निशाना कति टाढा छ बताउने जस्तै : १००, २००, ३००, ४००, ५०० आदि ।
- **I-Indication of target (तार्गेट चिनाउने)** :- तार्गेटलाई बयान गरेर चिनाउनु पर्दछ । जस्तै : गोलो एक्लो रुख, दायाँ किनारा ३ बजे, अड्ड शत्रुको एल.एम.जी. पोष्ट ।
- T-**Type** of Fire **(फायरको किसिम) :-** त्यस तार्गेट माथि कस्तो फायर गर्ने भनी बताउनु पर्दछ । जस्तै : सिङ्गल, ब्रष्ट, र्यापिड ।

पर्खेर दिने फायर आदेश (Delayed fire order)

खास गरेर यो डिफेन्सको बेला दिईने फायर आदेश हो । यो आदेश दिने तरिका निम्न अनुसार छ । नम्बर १ पत्ति सामुन्ने ९०० जंगलको लाईन त्यस इलाकाबाट शत्रुको एडभान्स हामी तर्फहुदैँछ । हाम्रो हतियारको कारागर रेञ्जमा आएपछि आदेशमा फायर होला, आदेशलाई पर्खेर बस् ।

पुर्ण फायर आदेश (Full fire order)

डिफेन्स अथवा हमलाको अवस्थामा पुर्ण फायर आदेश दिईन्छ । यो आदेश निम्न २ किसिमको तार्गेटलाई दिईन्छ ।

·**निश्चित तार्गेट** ·**विस्तृत तार्गेट**

निश्चित तार्गेट : कुनै पनि एक ठाउँमा मात्र सिमित अर्थात इलाका कभर नभएको तार्गेटलाई निश्चित तार्गेट भनिन्छ । जस्तै शत्रुको स्नाईपर पोष्ट, एल.एम.जी. पोष्ट आदी । यस्तो तार्गेटलाई निम्नानुसारको पुर्ण फायर आदेश दिईन्छ । नम्बर १ पत्ति २०० चुच्चे ढुङ्गा बायाँ ५ बजे हरियो झाँडी, शत्रुको एल.एम.जी. पोष्ट फायर, फायर स्टप ।

विस्तृत तार्गेट : कुनै इलाकामा फैलावट भएको तार्गेटलाई विस्तृत तार्गेट भनिन्छ । जस्तैः नम्बर १ पत्ति ३०० पर्खाल देखि घर सम्म शत्रुको फैलावट पत्ति फायर , फायर स्टप ।

<u>मौकाको फायर आदेश (Opportunity fire order)</u>

शत्रु नजिकको मार इलाका भित्र लुकेको छ भने यो फायर आदेश दिईन्छ । यसमा समय कम हुने भएकोले सम्पुर्ण जिम्मेवारी जवानहरुलाई दिईन्छ । जस्तै : नम्बर १ पत्ति २०० टुटीफुटी जमिन शत्रु लुकेर बसेको छ । जस्ले देख्ला उसैले फायर गर्ला ।

<u>छोटो फायर आदेश (Brief fire order)</u>

यदि शत्रुले अचानक कुनै दिशातिरबाट हमला गर्यो भने त्यसबेला केही शब्द मात्र प्रयोग गरी फायर आदेश दिईन्छ । जस्तै नम्बर १ पत्ति फायर स्टप, थोरै दायाँ वा थोरै बायाँ शत्रु एम डाउन फायर । वा सामुन्ने २५ शत्रुको गुत्थम गुत्था हिट गृनेड ।

<u>फायर डिसिप्लिन</u>

फायर नियन्त्रण आदेश जतिसुकै राम्रो भएतापनि फायर डिसिप्लिनलाई कायम राखिएन भने त्यसको कुनै अर्थ रहँदैन । फायर डिसिप्लिनको लागि निम्न ४ कुराहरु ध्यानमा राखु पर्दछ ।

- शत्रु देखिएपनि आदेश बेगर फायर नगर्नु ।
- बढी भन्दा बढी शत्रु मार्न मात्र फायर गर्नु ।
- अन्धाधुन्द फायर नगर्नु ।
- राती शत्रुले हाम्रो पोजिसन र नप्रिm पत्ता लगाउनको लागि विभिन्न किसिमको चलाखी गर्न सक्छ । त्यसकारण रातको समयमा शत्रुको कोहीपनि जवान बचेर निस्कन सक्दैन भन्ने यकिन गरेर मात्र फायर खोल्नु पर्दछ । यस्तो बेला फायर बढी तादातमा गर्नु पर्ने हुन्छ ।

कहिले काहि जवानहरुले आदेश विना पनि फायर गर्नु पर्ने हुन्छ । उदाहरणको लागि शत्रुले हमला गरिरहेको छ र एउटा होसियार जवानले शत्रुको अधिकृत वा वायरलेस -संचार) अप्रेटरलाई मारीदिईएको खण्डमा लर्डाईको पासा नै उल्टीन जान सक्ने हुन्छ ।

रेञ्ज कार्डको परिचय र बनाउने तरिका

उद्देश्य

डिफेन्स लिईएको बेला रेञ्ज कार्ड बनाउन र प्रयोग गर्ने तरिका सिकाउनु हो ।

सामान

प्रत्येक व्यक्ति सँग रेञ्जकार्ड फाराम, नोटबुक र पेन्सिल हुनु पर्दछ ।

परिचय

डिफेन्समा बसेको बेला वरिपरीका सबै महशुर निशानहरु तिनीहरुको दुरीहरु हरेक जवानहरुलाई थाहा हुनु अनिवार्य हुन्छ । जुन निशानाको वरिपरी शत्रु बस्न सक्छ वा त्यस बाटो हर्कत गर्दै आफूलाई आक्रमण गर्न सक्छ । त्यसबेलामा सहि दुरी सहायताले आफ्नो फायर युनिटको जवानहररुले दुरुस्त र सजिलो तरिकाले छिटो र थोरै एम्यूनेशनहरु खर्च गरेर शत्रु तर्फधेरै नोक्सान पुर्याउनु पर्ने हुन्छ । त्यसको लागि दूरी खास कुनै तरिकाले लेख्ने गर्नु पर्छ ।

- रेञ्ज कार्ड बनाउने तरिका ।
- रेञ्ज कार्डको प्रयोग र अभ्यास ।

रेञ्ज कार्ड बनाउने तरिका

- डिफेन्स लिएर बसेको बेला चारैतिरको सुरक्षा गर्न आवश्यक भएकाले चारैतिरको निशानहरु राखी रेञ्ज कार्ड बनाउनु पर्छ ।
- यदि आफु सँग छापेको फम छैन भने सफा कागजमा एक माथी अर्को पर्ने गरि बराबर दुरीमा ५ बृत्त बनाउने । प्रत्येक बृत्तमा १००, २००, ३००, ४००, ५०० या २००, ४००, ६००, ८०० र १००० लेख्ने ।
- त्यस इलाकामा दुई वटा महशुर निशाना छनौट गर्ने जुन एउटा आफ्नो अघि र एउटा पछाडी होस । यी दुबैलाई एउटा मोटो रेखाले जोड्ने । यसलाई सेटिङ्ग रे भनिन्छ । जसको सहयताले रेञ्ज कार्ड सेट गरिन्छ ।
- दुबै इलाकामा बयान गर्न प्रशस्त मात्रामा महशुर निशान चुन्नु पर्छ । निशाना त्यस्तो ठाउँमा होस, जहाँ शत्रुले प्रयोग गर्न वा त्यो बाटो भई शत्रु हर्कत गर्न सक्छ । सबै निशानाहरु उचित दुरीमा होस ताकी दिएको जिम्मेवारी इलाकामा कुनै पनि तार्गेट बयान गर्न सकियोस । सबै निशानाहरुको नाम चिन्ने हिसाबले छुट्टाछुट्टै दिनु पर्छ

- सेटिङ्ग रे को सहायताले रेञ्ज कार्ड सेट गर्ने र छनौट गरेको निशाना सम्म रेखाहरु तान्नु । लाईनको लम्बाई रेञ्ज अनुसार होस ।
- हरेक निशानाको नाम ठुलो अक्षरमा लेख्नु पर्छ ।
- नामको साथै दुरी लेख्नु पर्छ ।
- हुन सक्छ भने कन्भेन्सनल सर्काईन पनि बनाउनु पर्छ ।
- रेञ्ज कार्डको खाका तयार भए पछि त्यसमा आमरुख र दाँया बाँया हदको रेखा खिच्नु पर्छ ।
- अव जमिन र जिम्मेवारी इलाकाको हिसाबले दाँया देखि बाँया हदको बिच प्राईमरी र सेकेण्डरी आर्कको लागि रेखा खिच्ने । यसो गर्दा आमरुखलाई ओभर ल्याप गरेको हुनु पर्छ ।
- अव शत्रु र जमिनको बिचार गरेर फिक्स लाईनको लागि गाढा रंगको रेखा खिच्नु पर्छ फिक्स लाईन २ वटा पनि हुन सक्छन् ।
- रेञ्ज कार्डको तलतिर तयार गरिएको स्थान, तयार गर्नेको दर्जा, नाम, दुरी अनुमान लगाउने तरिका, मौसम र मिति लेख्नु पर्छ ।

रेञ्ज कार्डको नमूना



स्टकिङ्ग

परिचय

स्टकिङ्ग त्यो कला हो जसमा जवानले जमिनको दुरुस्त प्रयोग गर्दै शत्रुलाई घात लगाएर अगाडी बढिन्छ र मारकोर् इलाकामा पुगी सही फायरिङ्ग पोजिशन चुनी शत्रुलाई एउटै गोलीले बर्बाद गरिन्छ । यदि जमिनले साथ दियो भने गृनेडको प्रयोग द्धारा बढि भन्दा बढि शत्रुलाई बर्बाद गर्न सकिन्छ ।
स्टकिङ्ग जवानहरुको लागि अति महत्वप कला भएकोले बिभिन्न किसिमको जमिनमा यसको अभ्यास गरिरहनु पर्दछ । लर्डाईमा शत्रुलाई हराउनुको खास अर्थ उसलाई मार्नु वा जंगी कैदी बनाउनु हो ।

<u>उद्देश्य</u>

दिनको समयमा शत्रुको ताकमा घात लगाएर छुप्दै अघि बढ्ने तर्तिब र स्टकिङ्गको मुख्य सिद्धान्त सिकाउनु हो ।

<u>स्टकिङ्ग गर्ने हरेक जवान निम्न कुराहरुमा निपुर्ण हुनुपर्दछ</u>

- देखभाल गर्न जान्ने ।
- छुपाउ हासिल गर्न सक्ने ।
- जमिनको बनावट अनुसार फाईदा उठाउन सक्ने ।
- आवश्यक अनुसार हतियारको प्रयोग गर्न सक्ने ।
- सही निशाना बाज ।

<u>स्टकिङ्गको तरिका</u>

- एक्लै वा दुई जनाको जोडीमा स्नाईपरको रुपमा ।
- स-सानो टोली वा पत्ति स्तरमा रहेको पट्रोलको रुपमा ।
- पत्ति वा से.मु. स्तरमा बिभिन्न दिशाबाट घुस्ने ।

<u>यो पाठ दुई भागमा सिकाईन्छ</u>

- घात लगाउने योजना ।
- घात लगाएर अगाडी बढ्ने ।

<u>घात लगाउने योजना</u>

<u>देखभाल :-</u> स्टकिङ्ग शुरु गर्नु भन्दा अघि निम्न कुराहरुको राम्रो बिचारपुर्वक देखभाल गर्नुपर्दछ ।

- त्रुको पोजिशन :- मद्दतको निशाना जसको सहायताबाट बाटोको सम्झना राख्न सकिन्छ ।
- शत्रुको दास्रो पोजिशन ।
- आफ्नो आखिरी फायर पोजिशन ।

<u>बाटो</u> :- हवाई फोटो, नक्शा र जमिनको बनावटको आधारबाट निम्न कुराहरुको ख्याल गर्दै बाटो चुन्नु पर्दछ ।

- **समय :-** बाटो छान्दा आफु सँग समय कति छ, ख्याल राख्नु पर्छ ।
- **दबेको जमिन :-** बाटो दबेको जमिनमा छान्नु पर्छ ताकी शत्रुको देखभाल र फायर दुबैबाट बच्न सकियोस ।

- **फायर पोजिशन** :- बाटोमा सही फायर पोजिशन छानेको हुनुपर्दछ ताकी समय आउना साथ छिटो शत्रुमाथी फायर गर्न सकियोस ।
- **बाउण्ड** :- छानेको बाटोमा बाउण्ड पनि आवश्यक पर्छ । जहाँ स्टकिङ्ग गर्ने ब्यक्ति देखभाल गर्नको लागि अड्नु पर्ने हुन्छ साथै आवश्यक परेको खण्डमा शत्रुलाई घात पनि लगाउन सकियोस ।
- **रोकावट** :- बाटोमा कुनै रोकावट हुनु हुदैन । यदि छ भने पनि पहिले नै त्यसलाई पार गर्ने ब्यवस्था मिलाएको हुनु पर्दछ ।
- **अर्को बाटो** :- यस्तो अर्को बाटो पनि छान्नु पर्छ ताकी मौका मिल्ना साथ त्यसलाई काममा लिन सकियोस ।
- **शंका लाग्दो पोजिशन** :- शत्रुको शंका लाग्दो पोजिशनहरु बाट बच्ने हुनु पर्छ ।

<u>सिधाई तथा दिशा कायम राख्न</u>

स्टकिङ्ग गर्दा सिधाई तथा दिशा कायम राख्न अति आवश्यक छ । खास गरिकन क्रसिङ्ग गर्ने समयमा सिधाई कायम राख्न मुश्किल हुने हुदा मद्दतको निशानाको सहायताले सिधाई कायम राख्न सहयोग पुर्याउछ । सिधाई कायम राख्न सहयोग गर्ने साधनहरु बारे तल उल्लेख गरिएको छ ।

- कम्पास, नक्शा, एयर फोटो वा त्यर्सर् इलाकाको जंगी खाका ।
- टाढाको ठूलो जमिनी निशान ।
- मद्दतको निशानहरु ।
- हावा बग्ने दिशा ।
- सुर्य बाट ।
- रातमा काम गरेको छ भने जुन र ताराहरु बाट ।

<u>स्टकिङ्गको लागि आवश्यक कुराहरु</u>

चौकन्नापनः- स्टकिङ्ग गर्ने ब्यक्तिको सानो गल्तीले पनि उसको मृत्यु हुन सक्ने हुदा ज्यादै चौकन्नापन र होसियार हुनुपर्दछ ।

पहलता हासिल गर्ने :- यदि शत्रु अचानक देखियो भने हमेशा शत्रुले फायर गर्नु भन्दा अगाडी नै उसमाथी फायर गरियोस वा अन्य मनासिव कार्बाही गरियोस् ।

शत्रुलाई धोका दिने :- शत्रुलाई धोका दिने योजना पहिले देखि नै तयार गरेको हुनुपर्दछ

जमिनको फाईदा :- जहाँ सम्म हिडेर जान सकिन्छ त्यहाँ घस्रेर जानु हुदैन । यस्तो गरेर समय र शक्ति बर्बाद गर्नु हुदैन ।

जनावर र चराचुरुङ्गी बाट बच्ने :-जनावर र चराचुरुङ्गीको हर्कत र आवाजबाट शत्रुले केहि बस्तुको हर्कत वा स्टकिङ्गगर्ने ब्यक्ति हुनसक्ने शंका गर्न सक्छ ।

शत्रु नजिक पुग्ने :- जति आवश्यक छ त्यतिमात्र शत्रुको नजिक पुग्नर्ुपर्छ ।

फायरको तर्तिब :- फायर ज्यादै सोच बिचार गरेर एकिन साथ गर्नु पर्छ । यदि गोली ठिक ठाउमा लागेन भने सम्पूर्ण कार्बाही बेकार हुन्छ र आफै शत्रुको शिकार बन्न सक्छ ।

निशानाबाज :- स्टकिङ्ग गर्ने व्यक्ति राम्रो निशानाबाज हुनुपर्दछ ।

देखभाल :- आफ्नो बाटोमा दुश्मनको सबै हर्कत राम्रो सँग देख्रे गरि पोजिशन चुन्नर ुपर्छ ।

छुपाउ :- शत्रुको देखभाल बाट छुपाउ हुने बाटो चुन्नु पर्छ ताकी शत्रुले आफुलाई पहिले नै नदेखोस । मौका अनुसार हतियारबाट दुरुस्त काम लिन सक्ने हुनुपर्दछ ।

<u>फायर गर्दा ध्यान दिनुपर्ने कुराहरु</u>

- फायर गर्नु अघि शत्रु राम्रो सँग देखिएको छ छैन, यसको वरिपरी अरु पनि शत्रु छ की बिचार गर्नुपर्छ ।
- लोडको कार्बाही बिस्तारै र चुपचाप गर्ने ।
- एउटा फायर पोजिशनबाट १/२ भन्दा गोली फायर नगर्ने, त्यतिन्जेल अर्को फायर पोजिशन छनोट गरिहाल्ने ।
- फायर गरिसकेपछि राईफल तल गर्ने र बिस्तारै अर्को पोजिशनमा जाने ।

स्टकिङ्ग गर्ने तरिका

<u>अप गर्दाको कार्बाही</u>

- देखभाल गर्ने जवानले स्टकर देख्यो भने अप भन्नु पर्छ ।(आ) कमाण्डरले झण्डा उठाउछ
- समय राख्रेले समय लिन्छ ।(ई) रेकर्डरले समय टिप्छ । (उ) देखभाल गर्ने जवानले दुरी पनि भन्नु पर्छ ।

<u>डाउन गर्दाको कार्बाही</u>

- स्टकर लुकेपछि देखभाल गर्नेले डाउन भन्छ । (२) समय राख्रेले समय लिन्छ ।
- रेकर्डरले समय टिप्छ । (४) कमाण्डरले झण्डा तल गर्छ ।

- यसै बखत स्टकर सँगै भएको कमाण्डरले जति पटक उसको कार्बाही देखिएको थियो उति पटक झण्डा उठाएर देखाउछ र नोट पनि ।
- यसै तरिकोले जति पटक स्टकर देखिन्छ यही कार्बाही गरिन्छ ।
- स्टकर जब अफ्नो अन्तिम पोजिशनमा आउछ त्यसलाई एउटा ब्ल्याङ्क राउण्ड फायर गर्न या माटो डल्लालाई -गृनेड सम्झेर) कलास तर्फफ्याक्न लगाउनु ।
- ब्ल्याक बोर्डमा र स्टकिङ्ग रेकर्ड सिटमा पुरा भर्ने ।
- प्रश्न उत्तर बाट अभ्यास गराउने ।
- स्टकरको राईफल कलासलाई देखाएर निश्चित गराउने की कस्तो हिफाजत गरेर राईफल प्रयोग गरिएको छ ।

<u>व्यक्तिगत स्टकर रेकर्ड सिट</u>

स्टकरको नामः-

स्टकिङ्ग शुरु गर्ने समयः-

स्टकिङ्ग समाप्त गर्ने समयः-

स्टकिङ्गको दुरीः-

देखिएको चिज	कति सेकेण्ड देखियो	दुरी	देखिएको कारण	अन्तिम फायर पोजिशन	कैफियत

पत्तिको हतियारको साईटिङ्ग

उद्देश्य

पत्ति हतियारको सार्ईटिङ्ग गर्ने तरिका सिकाउनु हो ।

परिचय

हरेक सशस्त्र प्रहरी जवानले आफ्नो पत्तिमा भएको हतियारको सार्ईटिङ्ग गर्न राम्रो सँग जानेको हुनु पर्छ । किन भने शत्रुको गोलीबाट बच्न आडको राम्रो प्रयोग र शत्रुलाई बर्बाद गर्न राम्रो जमिनको छनौटको आवश्यकता पर्दछ ।

यसमा ख्याल राखु पर्ने कुराहरु निम्न अनुसार छन् । हतियार सार्ईटिङ्ग सधैं एक अथवा दुई तह माथिका पतिले गर्नु पर्दछ । यसो गर्दा आफ्नो मुख्य जिम्मेवारीकोर् इलाका छुट्न र आपसमा जुध्न नजाने हुन्छ । तर हरेक तहका पतिहरुले आफ्नो व्यक्तिगत हतियार देखि लिएर आफ्नो मातहतको हतियार जमिनी हालत तत्कालीन परिस्थिती र हतियारको क्षमतालाई ध्यान राखि जमिनमा साईड गर्न जानेको हुनु पर्दछ ।

हतियार साईड गर्दा ध्यान दिनु पर्ने कुराहरु

(क) जमिन ।

(ख) शत्रुको परिस्थिती -एप्रोच) ।

(ग) हतियारको क्षमता ।

(घ) आफ्नो नफ्रि र मिलाप ।

जमिन

कार्वाही गर्न इलाकाको जमिनी धरातललाई विचार गरी हतियार साईड गर्दा यी तलका सुविधाहरु हुनु पर्दछ ।

(क) राम्रो छुपाउ हुनु पर्दछ ।

(ख) ५०० गज सम्म फिल्ड अफ फायर सफा हुनु पर्दछ ।

(ग) आपसमा म्यूचुअल सपोर्ट हुनु पर्दछ ।

(घ) आफुलाई दिइएको जिम्मेवारी पुरा गर्न सक्ने ठाँउहोस् ।

(ङ) फायर इन्टरलग होस् ।

(च) आउने जाने बाटो छुपाउ भएको छान्नु पर्दछ ।

(छ) महशुर जमिनी निशानको नजिक नहोस् ।

(ज) प्लन्जिङ्ग फायर नहोस् ।

(झ) अल्टरनेटिभ पोजिशन चुनेको हुनु पर्दछ ।

शत्रुको एप्रोच

शत्रुको दबावको दिशा (एप्रोच) ले पनि हतियार त्यसतर्फसाईड गर्न बाध्य गराउँछ तर यो प्राय जमिनी हालतमा निर्भर गर्दछ । तर्सथ शत्रुको एप्रोच तथा बढी शंकास्पद दिशा तर्फफायर शक्ति बढी जुटाउनु पर्दछ ।

हतियारको क्षमता

परिस्थिती र जमिनी हालतको अध्ययनबाट कुन रेञ्ज र कति फायर शक्ति भएको हतियार त्यस इलाकामा साईड गर्नु पर्छ भने निधो गर्न सकिन्छ तर पतिले राईफल र गनहरुको आ-आफ्नो हदको बिच ओभर ल्याप भएको एकिन गर्नु पर्दछ ।

आफ्नो नप्रि र मिलाप

कम नप्रि भएको जग्गामा धेरै फायर शक्ति भएको हतियार साईड गरि इलाका ढाक्न सकिन्छ तर ठूलो क्षमता भएको हतियार बिच राम्रो मिलापको प्रबन्ध हुनु जरुरी छ ।

हतियार सार्ईटिङ्ग गर्दा ध्यान दिनु पर्ने कुराहरु

क) ७.६२ मि.मि.लाईट मेसिन गन

(१) राम्रो छुपाउ हुनु पर्दछ नभए बनावटी छुपाउको ब्यवस्था गर्नु पर्दछ ।

(२) ५०० गज सम्म फिल्ड अफ फायर सफा हुनु पर्दछ ।

(३) आफूलाई दिईएको टाक्स पुरा गर्न सक्ने हुनु पर्दछ ।

(४) आपसमा म्यूचुअल सपोर्ट हुनु पर्दछ ।

(५) फायर एक अर्कासँग इन्टरलग हुनु पर्दछ -क्रसिङ्ग फायर हुनु पर्दछ) ।

(६) आउने जाने बाटो छुपाउ भएको हुनु पर्दछ ।

(७) शत्रुको एक बमले दुई गन बर्वाद गर्ने गरी पोजिशन छान्नु हुदैन ।

(८) महसुर निशानको नजिक हुनु हुदैन ।

(९) प्लन्जिङ्ग फायर हुनु हुदैन ।

(१०) अल्टरनेटिभ पोजिशन चुनेको हुनु पर्दछ ।

फिल्ड सिग्नल

उद्देश्य

फिल्ड सिग्नलबारे ज्ञान गराउनु हो ।

परिचय

लर्डाईको मैदानमा कुनै पनि काममा सजिलो र चुपचाप संग सफलता पाउन हरेक तहका पतिहरुले राम्रो सोचबिचार सहित सहि कार्वाही गराउनु जरुरी छ । आजकालको (तोप, टैंक शक्तिशालि हतियारहरुको प्रयागेले गर्दा) लर्डाईमा पतिले मौखिक आदेशबाट जवानहरुलाई नियन्त्रण गर्न असम्भव हुन्छ ।

यसको अतिरिक्त शत्रुलाई झुक्याउन जतिसुकै राम्रो फिल्ड क्राफ्टको प्रयोग गरि नजिक पुगेता पनि यदि चुपचाप सित प्रयोग गर्ने कुनै निश्चितर् इसारा छैन भने शत्रुलाई धोका दिने काममा सफलता पाउन मुस्किलै पर्छ । त्यसैले पहिला नर्ैर् इसाराहरु निर्धारण गर्नु पर्दछ । जसबाट आदेश दिन र नियन्त्रण गर्न मद्दत मिल्छ ।

आवश्यक कुरा

निर्धारित इसाराको सफलता निम्न कुरामा भर पर्दछ ।

(क) नजरी इसाराको लागि हमेशा पतिसंग जवानहरुको नजरी मिलाप हुनु पर्दछ ।

(ख) निर्धारित इसारा सबै जवानले थाहा पाएको हुनु पर्दछ ।

(ग) इसारा दिनु अघि पतिले जवानहरुको ध्यान आफुतिर खिच्नु पर्छ ।

(घ) इसारा बुझेको एकिन नभएसम्मर् इसारा गरि रहनु पर्दछ ।

फिल्ड सिग्नल

एक पतिले जमिन हालत र फौजको नफ्रि ध्यानमा राख्दै देहायका तिन तरिकाले फिल्ड सिग्नल दिन सक्छ ।

(क) खाली हातले ।

(ख) हतियारको मद्दतले ।

(ग) सिठ्ठीको मद्दतले ।

हातको इसारा

(क) डिप्लाय -तैनाथ):- दायाँ हात कम्मरको लाईनमा हत्केला खुल्ला राखी जमिनतिर ३/४ पटक हवाईजहाज ल्याण्ड गरेको जस्तो देखाउने ।

(ख)अगाडी बढ -एड्भान्स) :- दायाँ हात कम्मरको लाईनमा पछाडीबाट अगाडी तिर लैजानु यहि तरिका ३/४ चोटी दोहोर्याउने ।

(ग) अड -हल्ट) :- दायाँ हात सिरमाथी पुरा तन्काई उठाउनु ।

-घ) पछाडी फर्कनु :- कम्मरको लाईनमा दुबै हातलाई बृत आकारमा घुमाउने ।

-ङ) दिशा बदल्नु :- दायाँ हात कुमको सिधाईमा अगाडी तन्काउनु र जुन दिशामा जानु छ उतै देखाउनु ।

(च) एकै ठाउँमा भेला हुनु :-तिन पटक लगातार दाँया टाउको माथि हातलाई घुमाई सामेल हुने ठाँउ हातले देखाउने ।

(छ) छिटो हिड्नु :- दायाँ हात कुमको सिधाईमा उठाउनु र कुहिना सर्ाईडमा मिलेको हुनु पर्छ ।

(ज) दौडेर आउनु :- दाँया मुठ्ठी त्रिरा र कुमको बिचमा तल माथि हल्लाउनु ।

(झ) पछि लाग्नु :- दायाँ पाखुरा कुम देखि माथि, अगाडी, पछाडी गरि हल्लाउनु ।

(ञ) आखिरी अर्डर सिद्धियो :- दायाँ हातले सलाम गर्नु त्यसपछि पाखुरा उठाईऔलाहरु फैलाउनु ।

(ट) आखिरी अर्डर बुझिएन :- दुबै हात कान पछाडी लग्नु ।

(ठ) सबै पतिहरु जम्मा होउ :- दायाँ पाखुरा शरिरको ४५ङ्क मा राख्नु र मुठ्ठी खुल्ला गर्नु ।

(ड) शत्रुहरु धेरै संख्यामा देखियो :- दुबै हात कम्मर छेउबाट हल्लाउने र औंलाहरुले संख्या बताउनु ।

(ढ) शत्रुहरु अगाडी बढ्दै छन् :- दुबै हात खुल्ला राख्नु र हत्केला कम्मरको लेवलमा घोच्नु ।

(ण) दुश्मन भाग्दैछ :- दुबै हात खोली हत्केला कम्मरको उचाई बाहिर पट्ट िउठाउनु ।

(त) शत्रुको पोजीसनको सम्भाबना छ :- दुबै हात मुठ्ठी खोली कुमको उचाईमा उठाउनु र शत्रु रहेको दिशा तिर देखाउँनु ।

(थ) शत्रुले गन फायर गदै छ :- दायाँ हात तल झारी बुढि औंलाले देखाउनु ।

(द) तार्गेट इन्गेज गर्नु :- दुबै हात शिरमाथि बक्सरको पोजीसनमा राख्नु ।

(ध) हमला :- हमलाको दिशामा दाँया, बाँया हातले पंञ्च गर्नु ।

(न) आर भि मा जम्मा हुनु :- दुबै हातले भेला हुने सिंग्नल दिई शरिरको अगाडी कम्मरको लेवलमा हात जोड्नु ।

(प) अव्स्टेकल अगाडी छ :- दुबै हात शरिरको अगाडी क्रस गरि कम्मरको लेवलमा हत्केलामा हात जोड्नु ।

(फ) गन गुरप चाहियो :- हातलाई मुठ्ठी पारि बोलाउनु ।

(ब) रेकी गुरप :- चोर औंला खडा गर्ने ।

(भ) राईफल गुरप :- चोर औंला र माझी औंला जमिन तर्फघोप्ट्याउने र मुठ्ठी पार्ने ।

(म) अगाडी खतरा छ :- बुढि औंलालाई जमिन तर्फघोप्ट्याउने र मुठ्ठी पार्ने ।

(य) रेकी गर :- हातको बुढि औंला र चोर औंला गोलो पारेर आँखामा राख्रे ।

(र) शत्रु छैन या इलाका क्लियर छ :- दायाँ हात मुठ्ठी पारेर बुढि औंला खडा गरि कुमको लाईनमा राख्रे ।

(ल) से.मु.पति :- एक औंलाले काँधमा देखाउने ।

(व) सिङ्गल फायल फर्मेशन :- एक पटक सिठ्ठी लगाई चोरी औंला खडा गर्ने ।

(श) एरो हेड फर्मेशन :- दुबै हातलाई खुल्ला पारी पछाडी लैजाने ।

(ष) स्पियर हेड फर्मेशन :- दुबै हात टाउको नछोआई खडा गर्ने ।

(स) बक्स फर्मेशन :- दुबै हातले कमरमा समाउने ।

(ह) एक्सटेण्डेड लाईन फर्मेशन :- दुबै हातलाई फैलाउने र काँधको लाईनमा राख्ने ।

हतियारको इसारा :

(क) शत्रुको केही नप्रिm देखियो :- हतियारले शत्रु रहेकोर् इलाका तर्फएम गरि देखाउने ।

(ख) शत्रुको नप|mी धेरै देखियो :-राईफललाई धेरै पटक तलमाथी गर्नु ।

(ग) शत्रु छैन :- राईफलको मोजल माथी पारेर दायाँ हात माथी तिर तन्काउने ।

(घ) हवा ाईजहाज आयो :- हतियार एम गरि आकाश तर्फदेखाउने ।

(ङ) हवाईजहाज गयो :- हतियार एम गरि भुई तर्फदेखाउने ।

सिठ्ठीको सिंग्नल

(क) **फौजको ध्यान खिच्न :-**आफुले दिनुपर्ने आदेशको लागि ध्यान खिच्न छोटो सिठ्ठी एक पटक बजाउनु ।

(ख) **रोकिनको लागि :-**बिचमा रोकिनको लागि छोटो र लामो सिठ्ठी दुई पटक बजाउनु ।

(ग) **दुश्मनको हवाईजहाजः-** छोटो सिठ्ठी केहीबेर बजाउनु ।

(घ) **दुश्मनको हवाईजहाज गई सक्यो :-** पाँच सेकेण्डको फरकमा लामो सिठ्ठी दुई पटक बजाउने ।

(ङ) लामो एक सिठ्ठीले नं.१ से.मु. जनाउछ ।

(च) लगातार लामो छोटो सिठ्ठीले नं.१ पत्ति जनाउछ ।

(छ) लगातार लामो सिठ्ठीले बायाँ फ्ल्याङ्कबाट जादै छ ।

(ज) लगातार छोटो लामो सिठ्ठी बिचमा रोकी रोकी (५/७ सेकेण्डको फरक) स्टयाण्ड टु लगाउन

फायर एण्ड मुभ

परिचय

पत्तिले रातदिन वा प्रतिकुल परिस्थितीमा पनि सुरक्षा फौजको आधारभुत सिद्धान्त फायर एण्ड मुभलाई बिर्सनु हुदैन । दुश्मन बिरुद्ध कार्बाही गर्दा सधै भरी गोलीको आड नपाईन सक्छ । यर्सथ, फायर एण्ड मुभ द्धारा दुश्मनलाई टाउको उठाउन नदिई आफ्नो एड्भान्स जारी राखी काम फत्ते गर्नुपर्दछ । सबै दर्जाका ब्यक्तिहरुले यसको लागि निम्न कुराहरुमा चुस्त हुनुपर्दछ ।

(क) राम्रो गोली हान्ने । (Marks manship)

(ख) शारीरिक तन्दुरुस्ती । (Physical Fitness)

(ग) युद्ध संचालन गर्न सक्ने । (Battle Handling)

(घ) गर्छु भन्ने आँट भएको । (Determination)

(ङ) बदलाको भावना भएको ।

(च) आडबाट फायर गर्न सक्ने क्षमता ।

(छ) ब्यक्तिगत हतियारको साथ हर्कत गर्न सक्ने ।

(ज) टिम वर्क :- फायर र हर्कत गर्ने राम्रो टिम वर्क भएमा मात्र सफल हुन सकिन्छ । राम्रो टिम वर्क भन्नु नै निम्न कुराहरुको नतिजा हो ।

(१) सही नेतृत्व

(२) से.मु.हतियारको पुरा ज्ञान र उक्त हतियारलाई जमिनमा प्रयोग गर्नसक्ने क्षमता ।

(३) प्रशस्त मात्रामा तालिम र अभ्यास ।

<u>फायर एण्ड मुभबाट हुने फाईदाहरु</u>

(क) यसले अनावश्यक रुपमा घाईते हुन दिदैन (खास गरि विथड्लमा) ।

(ख) यसले पुरै ट्याक्टिसको मुल सिद्धान्त सिकाउछ , यसले गर्दा माथिल्लो स्तरको ट्याक्टिसको ज्ञान भएको परिचय दिन्छ ।

(ग) यसले हामीले लर्डाईको लागि सिकेका अन्य बिषयहरु जस्तो फिल्ड क्राफ्ट,हतियार तालिम,शारीरिक तन्दुरुस्ती , टिम वर्क, फायर कण्ट्रोल र कमाण्ड र लिडरसिपलाई प्रयोगमा ल्याउछ ।

(घ) जवानहरुमा आक्रमक भावना ल्याउछ ।

(ङ) यसले एउटा कभरिङ्ग फायर पत्ति बनाउछ । जसले गर्दा हमला गर्ने बाकी से.मु.लाई फायरबाट मद्दत दिन्छ ।

(च) प्वाईन्ट पत्तिको काम गर्दा यसले माईनर पोजिशनलाई बर्बाद गर्न वा हटाउन सफल बनाउछ । हमलामा अब्जेक्टिभमा पुगिसकेपछि त्यहाँ भएको बाकी दुश्मनलाई बर्बाद गर्नमा पनि प्रयोग गरिन्छ ।

(छ) फायर कण्ट्रोललाई काम दिन्छ ।

(ज) जंगलको लर्डाईको मुख्य ब्याटल ड्रिल हो ।

<u>फायर एण्ड मुभको आधारभुत कुराहरु (Basic Considerations of fire and move)</u>

दुश्मनसित कन्ट्याक्टमा आएपछि पत्ति तथा से.मु.ले फायर र हर्कत गर्दा देहायका कुराहरुलाई ध्यान दिनुपर्छ ।

(क) कमाण्डरले कण्ट्रोल गर्ने ।

(ख) तेज हर्कत ।

(ग) बिना कभरिङ्ग फायर खुल्ला जमिनमा कमसेकम हर्कत गर्ने ।

(घ) समय र कण्ट्रोल नहराउने किसिमबाट कभरिङ्ग फायरको एङ्गल सकेसम्म ठुलो होस ।

(ङ) **जमिनको प्रयोग :-** आफुलाई दिईएकोर् इलाका भित्र भएको उपयुक्त आडको प्रयोग गर्नु र जहाँ छुपाउ वा आड छैन स्मोकको प्रयोग गर्नु ।

(च) साधारण सेक्शन - पत्ति) लेबल भन्दा तल गर्नु हुदैन ।

(छ) कभरिङ्ग फायरको लागि उपलब्ध सबै हतियारहरु प्रयोग गर्नु पर्दछ ।

फायर एण्ड मुभको प्रयोग

४. पत्ति तथा से.मु.हरुले स्वतन्त्र कार्बाही गर्दा फायर र हर्कतको प्रयोग गरेता पनि खास गरि ठुलो हमलामा अब्जेक्टिभ दिदा यसको प्रयोग बढि मात्रामा गरिन्छ । यस इलाकामा से.मु.को चौडाई २०० मिटर भन्दा बढि नहुने भएकोले तालिमको दौरानमा पत्ति तथा से.मु.पतिलाई चाहिदो भन्दा बढि मात्रामा धेरै टाढा फ्लाकिङ्ग हर्कत गर्न दिनु हुदैन । कुन तहमा फायर र हर्कतको कार्बाही हुदैन र कसको फायरमा कसले हर्कत गर्ने भन्ने बारे सबैलाई थाहा हुनुपर्दछ । कुनै कुनै से.मु.ले गुल्म अथवा गण अड्डाको बिच भई हमला गर्दछ भने हरेक से.मु.पतिले आफ्नो से.मु.लाई जुनसुकै हालतमा पनि अगाडी बढाई सपोर्टिङ्ग फायरको सकभर नजिक भन्दा नजिक पुर्याउने जिम्मेवारी लिनर्ुपर्छ । यस हालतमा हचकिएर अथवा गोली चलेको बेलामा खुल्ला ठाउँमा रोकेमा झन बढि मात्रामा घाईते हुन जान्छ ।

५. फायर एण्ड मुभ अर्न्तगत पत्तिका जवानलाई निम्न तिन बिषयहरुमा बिषेश जोड दिई तालिम गराउन पर्दछ ।

(क) **कन्ट्याक्ट ड्रिल :-** यदि आफ्नो क्षमता बढि छ दुश्मनलाई परास्त गर्न जमिनले साथ दिन्छ भने निश्चित स्थान सम्म जोडिमा फायर गर्दै हर्कत गर्ने र शत्रुलाईर् इन्गेज गराउने तथा आफु सुरक्षित ठाउमा जतिसक्दो छिटो मुभ भई म्याग्जिन लोडको कार्बाही गरि कमाण्डरको आदेश पर्खने

(**ख) कन्ट्याक्ट ब्रेक :-** यदि दुश्मनको नप|mी र फायर पावर बढि छ भने दुश्मनमाथी फायर गर्ने, पछि हट्ने र सुरक्षित स्थानमा बस्ने, म्याग्जिन लोडको कार्बाही गर्ने र कमाण्डरको आदेश पर्खने

(ग) **घाईते पछाडी हटाउने** (Casualty evacuation) (क) र (ख) को परिस्थितीमा आफ्ना पत्तिको जवान घाईते भएमा एक अर्कोले फायरको कभर गर्दै घाईतेलाई जतिसक्दो छिटो हटाउने कार्बाही गर्नुपर्दछ । पत्तिले माथीको आदेश अनुसार बिभिन्न किसिमको जमिनमा हर्कत गर्नुपर्ने र अप्रेशनमा भाग लिनुपर्ने हुदा हर्कतलाई असरदार बनाउन बिभिन्न किसिमको फर्मेशनहरुको अख्तीयार गरिन्छ । कुन बेला कुन फर्मेशन लिने भन्ने कुरा सम्बन्धित कमाण्डरको जिम्मेवारी हुन्छ ता पनि जमिनी हालत, शत्रुको फायरको किसिम र दिशा, दिएको काम, कमाण्ड र कण्ट्रोल आदि कुराहरुले फर्मेशनलाई असर पार्दछ ।

हर्कत गर्ने तरिका

६. फायर एण्ड मुभको टोलीलाई दुई भागमा बाड्न सकिन्छ र तिनीहरुलाई छुट्टाछुट्टै नाम दिनु पर्दछ । कहिले काही ब्यक्ति ब्यक्ति पनि अल्टरनेटिभ गरेर फायर एण्ड मुभ गर्न सकिन्छ ।

(१) लिप फ्रग ।

(२) क्यार्टल पिलर ।

(३) ईन्डिभिज्यूअल फायर एण्ड मुभ ।

७. <u>लिप फ्रग</u>

यस बिधिबाट मुभ गर्दा पहिलो मुभ गर्ने समुहलाई दास्रो मुभ ग्रुपले सपोर्ट दिन्छ । जो सपोर्ट फायर पाएपछि कमाण्डरले आफ्नो ग्रुपलाई मुभ गर्राई केही दुरी (प्राय जसो ५ देखि १० कदम सम्म अगाडी बढी पोजिशन लिएर फायर शुरु गर्छ । पहिले मुभ हुने ग्रुपले फायर शुरु गरेपछि दोस्रो मुभ ग्रुप अगाडी बढ्छ । यसरी अगाडी बढ्दा पहिलो मुभ हुने ग्रुपले पोजिशन लिएको जग्गा वा स्थानलाई क्रस गरेर पहिलो ग्रुपले हिडेको फाशला जतिनै अगाडी बढ्छ र पोजिशन लिएर फायर शुरु गर्छ अनि अर्को ग्रुप अगाडी बढ्दछ । यो क्रम तबसम्म जारी गर्दछ जब सम्म टोली एसल्ट लाईन स्मम पुग्दैन । कन्ट्याक्ट ब्रेक गर्दा यसै बिधीको Vice Versa हुन्छ । जस्तै :



First Move Group



Second Move Group

८. क्याटर पिलर

८. क्याटर पिलर :-

यस बिधीमा भने पहिलो मुभ ग्रुपले मुभ भई पोजिशन लिएको लाईनमा नै दोस्रो मुभ ग्रुप आएर पोजिशन लिएर फायर गर्छ । दोस्रो मुभ ग्रुपले फायर शुरु गरेपछि पुनः पहिलो ग्रुप फायर स्टोप गरि अघि बढ्छ र निश्चित दुरी -प्राय ५ गज देखि १० गजसम्म) मा गएर पोजिशन लिएर फायर गर्दछ र फेरी दोस्रो मुभ ग्रुप फायर स्टोप गरि एक लाईनमा आउछ । यो क्रम एसल्ट लाईन सम्म जारी रहन्छ । कन्ट्याक्ट ब्रेक ड्रिलमा Vice Versa हुन्छ । जस्तै :





९ इन्डिभिज्युअल फायर एण्ड मुभ :-

यस बिधीमा जोडी र बिजोडी नम्बरको आधारमा टोलीलाई दुई ओटा समूहमा बिभाजन गरिन्छ र अगाडी मुभ हुँदा लिप प|mा अर्थात क्याटर पिलर बिधी अपनाएर अगाडी बढ्न सकिन्छ जस्तै :



ईन्फेन्ट्रीले ब्लक फायर एण्ड मुभ बिधि नै प्रयोग गर्दा प्रभावकारी हुन्छ किनकी,

१) कमाण्ड कण्ट्रोल गर्न सजिलो हुन्छ र कन्फ्युज हुदैन ।

२) इन्डिभिज्युल फायर एण्ड मुभमा फायर गर्ने ब्यक्तिले पनि दाया बाया मुभ हुँदा साथीलाई गोली लाग्लाकी भनेर डर मान्छ र मुभ हुनेले पनि मलाई गोली लाग्छकी भन्ने डरले दायाबाया हर्कत गरेमा दुर्घटना हुने बढि सम्भावना हुन्छ ।

<u>बडि फायर एण्ड मुभ :-</u>

दुई जनाले मात्रै कुनै टास्क पुरा गर्नुपर्दा फायर एण्डको यो बिधी प्रयोग गरिन्छ । सेन्ट्री सर्काईलेन्सीङ गर्नुपर्दा, सर्च गर्नुपर्दा पि.ओ.डब्लु. चेक गर्दा यस्तो फायर एण्ड मुभको प्रयोग हुन्छ यसमा एक जनाले फायर कभर दिदा अर्कोले फायर गर्ने वा कार्बाही गर्ने गरिन्छ । यस बिधीमा कम्युनिकेशनको ठुलो महत्व हुन्छ । यदि एउटाले फायर गरिरहदा रोक परेमा मुभ हुनेलाई तुरुन्त यसको जानकारी दिनुपर्दछ ताकी मुभ गर्ने ब्यक्ति पोजिशनमा गएर तुरुन्तै फायर खोल्न सकोस ।

<u>अन्तिम हमला</u>

१०. राईफल ग्रुप साधारण तथा एफ.यु.पि.मा केही क्षण रोकिन्छ । यस बेला पत्तिपतिले हमला र नियन्त्रणको लागि आवश्यक आदेश दिनु पर्दछ । यस बेला कुन दिशाबाट चार्ज गर्ने वा उपलब्ध हतियारको कहाँबाट राम्रो सँग प्रयोग गरि अब्जेक्टिभमा हमला गर्ने भन्ने बारे बिचार गर्नु पर्दछ । पत्तिको अब्जेक्टिभ एउटा ट्रेन्च वा स्नाईपर हुन्छ ।

<u>सिमा वा कमजोरी</u>

११. ब्यक्तिगत फायर हर्कत थकावट पर्ुण्ा हुन्छ त्यसैले छाटो दुरीमा र शत्रुको असरदार फायर परेको बेलामा मात्र गर्दा बढि प्रभावकारी हुन्छ । त्यसमा जवान अब्जेक्टिभमा आईपुग्दा पर्ुण्ा रुपमा थाकी सकेको हुनुहुदैन ।

१२. यसमा बढि गोलीगठ्ठा खर्च हुन्छ । पत्तिले शत्रुको असरदार फायरलाई रोक्न र शत्रुलाई पिनडाउन गर्न मात्र आवश्यक पर्ने गरि फायर खुलाउनु पर्दछ अर्थात अन्धाधुन्ध फायर गर्नु हुदैन ।

१३. ब्यक्तिगत फायर एण्ड मुभ दोहोरो फायर चलेको बेलामा गर्न गाह्रो हुने भएता पनि यस कुरालाई शानितको समयमा राम्रो र उच्च स्तरको तालिम, राम्रो लिडरसिप, प्रत्येक ब्यक्तिमा साहसीपना साथै हासियारीका साथ गरेमा अति नै प्रभावकारी हुन्छ ।

संक्षेप

१४. खास गरेर खुल्ला जमिनमा फायर र मुभको तरिकाबाट शत्रुको नजिक भन्दा नजिक पुगी बर्बाद गर्न सकिन्छ । साथै फिल्ड क्राफ्ट, ब्याट्ल क्राफ्ट, हतियार तालिम, फायर कण्ट्रोल, कमाण्ड कण्ट्रोल र लिडरसिप बारे सिकेको उच्च दर्जाको सिक्लाईबाट बढि भन्दा बढि फाईदा उठाउन सकिन्छ ।

पत्ति फर्मेशन

परिचय

ब्यक्तिगत सामुहिक तालिममा सिकेका बिभिन्न युद्धकलालाई एउटा सक्षम पतिले ब्यवहारमा प्रयोग गर्न जान्नु पर्दछ । पत्ति फर्मेशनबाट यसमा मद्दत पुग्दछ र।र् इन्फेन्ट्रि पत्ति ज्यादै लचकदार हुनुपर्दछ भने जमिनको बनावट र हालत अनुसार पत्तिको फर्मेशन बदली गर्न सक्ने खुबी हुनुपर्दछ ।

फर्मेशन लिदा असर पार्ने कुराहरु

क) लर्डाईमा समय ज्यादै महत्वपुर्ण हुन्छ । त्यस कारण पत्तिपति (सेक्सन कमाण्डर) ले हर्कतको दौरानमा बढि भन्दा बढि फाईदा उठाउनको लागि हालत र मौका अनुसार फर्मेशन बदली गर्नु पर्दा तलका कुराहरुलाई ख्याल राख्नुपर्छ ।

१) जमिनको बनावट । २) पत्तिको काम ।

३) दुश्मन रहेको दिशा र त्यसको फायरको किसिम । ४) आफ्नो कमाण्ड र कण्ट्रोल ।

५) कम भन्दा कम समयमा बढि भन्दा बढि फायर गर्न सक्ने खुबी ।

ख) आम हालतमा गन ग्रुप जुन फ्लाङ्क तिर राम्रो फायर गर्न सकिने पोजिशन उपलब्ध भएको खुल्ला फ्लाङ्क भएको दिशा तर्फभएर हर्कत गर्नु पर्दछ । दिनको समयमा हर्कत गर्दा खेरि स्काउटहरुको बिचको फाशला १५ देखि २५ गज सम्म टाढा र एक आपसमा देखिन सक्ने गरि हुनुपर्दछ भने अन्य जवानको फाशला अन्दाजी ५ गज हुनुपर्दछ । ग्रुपहरु बिचको फाशला जमिन र मौसममा निर्भर गर्दछ ।

-ग) पत्ति छरिएर हर्कत गर्दा आदेश फिल्ड सिग्नल या सानो तिनो निर्देशन दिएर दिनुपर्छ । जस्तै "मेरो पछाडी एरोहेड" वा "बारको लाईनमा सिंगल फाईल " ।

<u>फर्मेशनको किसिम :-</u> प्रत्येक फर्मेशनमा गन ग्रुप र राईफल ग्रुपको स्थान बताउने जिम्मेवारी पत्तिपतिको हुन्छ । पत्तिपतिले ग्रुपहरुको बिचको आपसमा फासला कम या ज्यादा गर्न सक्छ र साथै राईफल ग्रुपलाई पनि जमिनको बनावटलाई ध्यानमा राख्दै दुई ग्रुपमा बाड्न सक्छ । यो कार्य साधारण तया जंगलको लर्डाईमा गरिन्छ । पत्ति फर्मेशन साधारण तया देहायबमोजिम ६ किसिमको हुन्छ ।

क) सिंगल फायल फर्मेशन (Single File Formatin)

ख) डबल फायल फर्मेशन (Dubble File Formation)

ग) एरोहेड फर्मेशन (ArrowHead Formation)

घ) एक्स्टेण्डेड लाईन फर्मेशन (Extended Line Formaton)

ङ) स्पीयर हेड फर्मेशन (Spear Head Formation)

च) बक्स /डायमण्ड फर्मेशन (Box/Diamond Formaton)

पत्ति फर्मेशनको किसिम त्यसको फाईदा र बेफाईदा तथा विभिन्न र्फमेशनमा पत्तिका जवानहरुको स्थान तल उल्लेख गरिएको छ

<u>सिंगल फायल फर्मेशन (Single File Formatin)</u>

फाईदा **बेफाईदा**

क) इन्फिलेट फायरबाट कम क्षती । क) फर्मेशन बदली नगरी फायर कभर दिन गाह्रो हुन्छ ।

ख) अगाडीबाट सानो तार्गेट । ख) अगाडीको फायरबाट बढि नोक्सान ।

ग) साघुरो बाटो डिफाईल घुम्तीमा प्रयोग गरिन्छ ।

घ) राम्रो डेप्थ मिल्ने ।

ङ) राम्रो कण्ट्रोल गर्न सक्ने ।



गन १

हर्कतको दिशा

गन २

मेडिकल

राईफल नं. ४

डबल फायल फर्मेशन (Dubble File Formation)

फाईदा

क) राम्रो देखभाल ।

ख) स्पिड फायर गर्न सकिने ।

ग) राम्रो कमाण्ड कन्ट्रोल ।

घ) इन्फिलेड फायरबाट कम नोक्सान ।

बेफाईदा

क) ठूलो तार्गेट ।

ख) अगाडीको फायरबाट बढी नोक्सनी ।

ग) फायर गर्ने तागत कम ।

ङ) चौडा बाटो या चौडा नाला रहेको जमिनमा प्रयोग गरिन्छ ।

एरोहेड फर्मेशन (ArrowHead Formation)

फाईदा

क) चारै तिर डिप्लाई गर्न सकिने ।

ख) खुल्ला जमिनमा उपयुक्त ।

ग) फायर पावर बढी ।

घ) गहिर्राई राम्रो ।

ङ) अगाडीको फायरबाट कम नोक्सान ।

बेफाईदा

क) ठूलो तार्गेट ।

ख) कमाण्ड कन्ट्रोल गर्न गाह्रो हुने ।

ग) इन्फिलेड फायरबाट कम नोक्सान ।

च) शत्रुसँग छिटै लगाव हुने संभावना भएको टुटीफूटी जमिनमा प्रयोग गरिन्छ ।



एक्स्टेण्डेड लाईन फर्मेशन (Extended Line Formaton)

फाईदा **बेफाईदा**

क) हमलाको आखिरी एसल्टको लागि राम्रो फर्मेशन । क) कमाण्ड कन्ट्रोल गर्न गाह्रो ।

ख) अगाडीको लागि राम्रो फायर पावर । ख) गहिर्राई नहुने ।

ग) बढी खुल्लार् इलाकामा खोज तलास गर्नु पर्नेछ, ग) इन्फिलेड फायरबाट बढी नोक्सान ।

हिपबाट छिटो फायर गर्नु पर्नेछ वा ब्युनेट घोप्नु पर्नेछ भने यो फर्मेशन सबै भन्दा राम्रो हुन्छ ।



स्पीयर हेड फर्मेशन (Spear Head Formation)

फाईदा **बेफाईदा**

क) चारैतिर राम्रो देखभाल । क) कन्ट्रोल गर्न गाह्रो ।

ख) गहिर्राई राम्रो । ख) एरोहेडको तुलनामा अगाडीको फायरबाट बढि नोक्सान ।

ग) गन ग्रुपलाई शत्रुको सिधा फायरबाट बचाउ ।

घ) एरोहेडको तुलनामा इन्फिलेड फायरबाट कम नोक्सान ।

ङ) शत्रुसँग लगाव हुने बितिकै गन ग्रुप फस्दैन ।

च) पट्रोल जाँदा चारैतिरबाट खतरा हुन्छ भने प्रयोग गरिन्छ ।



बक्स /डायमण्ड फर्मेशन (Box/Diamond Formaton)

फाईदा

क) कमाण्ड कन्ट्रोल गर्न सजिलो ।

ख) चारैतिर राम्रो देखभाल गर्न सकिने ।

ग) चारैतर्फफायर गर्न सक्ने तागत ।

बेफाईदा

क) ठूलो तार्गेट ।

ख) अगाडीको फायरबाट बढी नोक्सान ।



नोट

क) शत्रुको थ्रेड अनुसार गन ग्रुप दायाँ बायाँ अगाडी पछाडी राख्न सकिन्छ ।

ख) सकेसम्म फायर र हर्कतको लागि पत्तिपति ग्रुप र पत्ति टु.आई.सी.ग्रुप सजिलै छुटिने सक्ने गरी राख्नु पर्छ ।

संक्षेप

माथि उल्लेखित फर्मेशनहरुमा गन ग्रुप र राईफल ग्रुप कुन कुन स्थानमा रहने हो भन्ने वारे पत्तिपति आफैले नै तोक्नुपर्छ । साथै जमिन र परिस्थितीलाई हेरी पत्तिले लिने फर्मेशन वारे पनि पत्तिपतिको आफ्नै जिम्मेवारी हुन्छ ।

स्काउट र स्काउटमा हुनु पर्ने गुणहरु

उद्देश्य स्काउटको काम बारे जानकारी गराउनु हो ।

परिचय

कुनै युनिट र सब युनिट हर्कत गर्दा प्वाईन्ट पत्तिको अगाडीको देखभाल गर्न खटाईएको जवानहरुलाई स्काउट भनिन्छ । यो प्राय गरि जोडिमा खटाईन्छ । यसले अगाडीको देखभाल र दाँया बाँयाको सुरक्षा गर्दछ ।

स्काउटमा हुनुपर्ने गुणहरु

स्काउटमा हुनुपर्ने गुणहरु निम्ननानुसार छन ।

क) फासला कायम राख्न सक्ने ।
ख) रफ्तार कायम राख्न सक्ने ।
ग) मिलाप राख्न सक्ने ।
घ) देखभाल गर्न सक्ने ।
ङ) सुरक्षा गर्न सक्ने ।
च) चंखोपना भएको ।
छ) पहलता कायम गर्न सक्ने ।
ज) अनुशासन ।
झ) निडरपना ।
ञ) सहनशिलता ।
ट) शारीरिक तन्दुरुस्ती ।
ठ) फिल्ड क्रापटमा राम्रो ज्ञान हासिल भएको ।
ड) हतियारमा राम्रो तालिम पाएको ।
ढ) जुनसुकै काममा पनि आत्म बिश्वास भएको ।

स्काउटले हर्कत गर्ने तरिका

क) साधारण हर्कत ।

ख) बाउण्डहरु पास गर्दाको हर्कत ।

स्काउटको काम

क) शत्रुको फायर आएमा आडमा गई देखभाल गर्नुपर्दछ ।

ख) कमाण्डरलाई शत्रुको पोजिशन बारे बताईदिनु पर्दछ ।

ग) शत्रुको पोजिशन पत्ता लागेपछि कमाण्डरले फायर गराउछ । त्यसपछि आफ्नो पत्तीमा आएर मिल्छ ।

घ) खबर संकलन गर्ने र कमाण्डरलाई (Early warnning) दिने ।

ङ) अगाडी दाँया बाँयाको देखभाल र सुरक्षा गर्ने ।

संक्षेप

पत्तिको हरेक जवानमा स्काउटको काम गर्ने दक्षता सबैमा भएको हुनुपर्दछ ताकी बिभिन्न अप्ठ्यारो र समस्या भोग्नबाट बच्न सकियोस् ।

पत्ति ब्याटल ड्रिल

परिचय

पैदल फौजको सबैभन्दा सानो टुक्री, पत्तिले शान्तिको समयमा अभ्यास गरि लर्डाईमा आफ्नो क्षमता भित्रको दुश्मनलाई हमला गरि बर्बाद गर्ने निश्चित ड्रिल अपनाई अभ्यास गरिएको हुन्छ त्यसलाई पत्ति ब्याटल ड्रिल भनिन्छ । जसबाट समयको बचावट र छिटो कार्बाही गर्न सजिलो हुन्छ ।

पत्ति ब्याटल ड्रिल ६ तहमा पुरा हुन्छ

१) तयारीको तह ।

२) दुश्मनको असरदार फायर आएपछिको कार्बाही ।

३) दुश्मनको पोजिशन पत्ता लगाउनु ।

४) दुश्मनको फायरलाई आफ्नो फायरले जित्नु ।

५) हमला ।

६) पुन: गठन ।

तयारीको तह

एड्भान्स गर्नु भन्दा पहिला निम्न बमोजिम कार्बाही गर्नुपर्दछ । पत्तिपतिले पत्तिका सबै जवानहरुलाई नम्बर तोक्ने र टोलीको बिभाजन गर्नुपर्छ ।

क) १) कमाण्डर ग्रुप २) टु-आई.सि.ग्रुप -अर्थात ग्रुपको बाँडफाँड)

ख) क्यामोफ्लाईज गर्नु जोडीमा मिलेर अनुहार, हात र देखिने शरीरको भाग स्टिल हेलमेट,ब्याटल र हतियारलाई स्थानीय पृष्ठभुमी सँग मिल्नेगरि क्यामोफ्लाईज गर्नुपर्दछ ।

ग) हतियार, एम्यूनेशन, ग्रिनेड, सफाई र निरिक्षण - ब्यक्तिगत हतियार एम्यूनेशन म्याग्जिन सफाई गरि फायर गर्न सक्ने हालतमा छ एकिन गर्ने र ग्रिनेड प्राईम गरि बितरण गर्ने ।

घ) पत्तिपतिले आदेश दिने :- पत्तिपतिले एड्भान्स हुनुभन्दा पहिला निम्न शिर्षमा आदेश दिनुपर्दछ ।

अ) जमिन-आमरुख र मुख्य मुख्य जमिन निशानाहरु दिने) ।

आ) खबर-दुश्मन बस्ने ठाँउ इरादा तथा आफ्नो पत्तिको फर्मेशन)

इ) इरादा -से.मु.पतिले तोकिदिएको काम)

इ) तरिका -जानेबाटो, फर्मेशन मद्दती टोली कहाँबाट हिड्ने)

उ) बन्दोबस्ती -से.मु.पतिको आदेशमा समाबेश भएका कराहरु)

ऊ) मिलाप -आपस आपसमा से.मु.पतिसँग मिलाप गर्ने ।

ए) सक सवाल

मिलापको इशारा जस्तै सिठी सेट बुझेको छ छैन सवाल गरि एकिन गर्ने र नबुझेको भए फेरि बताई दिने।

ङ) एड्भान्समा अगाडी बढ्दै जाँदा बाटोमा पर्ने मद्दती निशानाहरुलाई चिनाउदै जानुपर्दछ । कुनै ठाँउमा दुश्मन बस्न सक्ने शंका लागेमा छिटो सोचबिचार गरि सम्भावित हमलाको पूर्व आदेश दिदै जानु । सबै जवानहरु चंखो भएर हेर्दै दश्मनको फायरमा यो आडमा पुग्छु भनेर आड चुन्दै जानुपर्दछ ।

दुश्मनको असरदार फायर आएपछिको कार्बाही

दुश्मनले तत्कालै कारागार रेञ्जभित्र फायर गरि घाईते पनि पार्न सक्ने फायरलाई असरदार फायर भनिन्छ ।

१) पत्तिपतिले आड पकड भन्ने आदेश दिनुपर्दछ ।

२) आदेश पाउना साथ पत्तिका सबै जवानहरु जिगज्यागमा १० कदम जति रनडाउन, क्रल, अब्जर्भ, सर्ाईड एण्डफायर ।

३) लिएको आडबाट दुश्मनलाई देखभाल गर्ने र फायर गर्ने । तथा पतिको आदेशसुन्न सक्ने ठाँउ छानीपोजिशन लिनर्ुपर्छ

४) पत्तिका सबै जवानले दश्मनको पोजिशन पत्ता लगाउन कोशिस गरि पत्ता लागेमा पतिलाई जानकारी गराउने ।

५) आड लिदा सबै जवानहरु एउटै आडमा नझुम्बिने ।

६) पत्तिपतिले से.मु.पतिलाई तत्काल जानकारी दिने ।

दुश्मनको पोजिशन पत्ता लगाउने

दुश्मन बसेको ठाँउ पत्ता लगाउन सजिलो हुदैन । झन पहाडी इलाकामा रुख, बिरुवा झाडी, अप्ठ्यारो जमिनले गर्दा यो काम झन कठिन हुन्छ । लडाईको अवस्थामा दुश्मनको स्नाईपरले ६०० गज सम्म टाढा असरदार फायर गर्ने हुदा दुश्मनको पोजिशन पत्ता लगाउन धेरै गाह्रो हुन्छ । त्यसैले दुश्मनको पोजिशन पत्ता लगाउन निम्न कार्बाहीहरु गर्नु पर्दछ ।

क) देखभाल गरेर – पहाडी इलाकामा देखभाल गर्दा बिशेष गरि अग्लो भाग, भिर, पहाड, भन्ज्याङ्ग, झाडी जंगलमा मात्र ध्यान दिनु पर्छ । दुश्मनले फायर गरेको दिशा हेरेर दुश्मन पत्ता लगाउन सकिन्छ ।

ख) फायर गरेर - पत्तिपतिले पत्तिका दुई जवानलाई दुश्मन बस्न सक्ने शंका लाग्दो ठाउँमा एक दुई राउण्ड फायर गर्न लगाउने ।

ग) हर्कत गरेर - पत्तिका दुई जवानलाई १० गज वा १० कदम अगाडी सम्म्ा हर्कत गर्न लगाएर वा पुरै पत्ति फायर एण्ड मुभ गराएर ।

दुश्मनको फायरलाई आफ्नो फायरले जित्नु

१) दुश्मनको पोजिशन पत्ता लागिसकेपछि पत्तिपतिले पुरै टोलीलाई फायर गर्न आदेश दिनुपर्छ ।

२) दुश्मनलाई आफ्नो फायरले जितिसकेपछी पनि केही मात्रामा फायर गिर्राईराख्नु पर्छ र पत्तिपतिले हमलाको तयारी गर्नु पर्छ ।

३) पहाडी इलाकामा दुश्मनको स्नाईपरले ६०० गज सम्म असरदार फायर गर्न सक्ने पत्तिमा हुने हतियारबाट असरदार फायर गिराउन सक्ने स्थान सम्म फायर एण्ड मुभको तरिकाबाट अगाडी बढाई पत्तिपतिले फायर अडर दिनु पर्छ ।

हमलाको तह

प्राय : दुश्मन पहाडर्ीर् इलाकामा अग्लो, डाडा, भिड, पहाड र भन्ज्याङ्गमा पोजिशन लिन सक्ने भएकोले हमला गर्न फौज सकेसम्म दुश्मन बसेको ठाँउ भन्दा माथी पुगी धावा शुरु गर्ने स्थान छानी माथी बाट तल हमला गर्न राम्रो हुन्छ । नभए दुश्मन बसेको सतहबाट हमला गर्नु पर्छ । माथी वा सतह पुग्न नसके अगाडी बाट हमला गर्न बाध्यता हुन्छ ।

क) पत्तिपतिले हमलाको लागि निम्न कुरामा सोचबिचार गर्नुपर्छ

अ) हमला कहाँबाट गर्ने ।

आ) धावा शुरु गर्ने ठाँउ सम्म पुग्ने तरिका ।

इ) धावा शुरु गर्ने ठाँउ सम्म जाने बाटो ।

इ) धावा शुरु गर्ने ठाँउ ।

उ) मद्दती फायर दिने ठाँउ र तरिका ।

ऊ) इशारा मद्दती टोलीलाई बढाउने र फायर सपोर्ट गर्नेर् इशारा ।

ख) छोटो फायर अर्डर :- पत्ति २०० गज ठुलो रुख जसको दाहिना किनारा दुश्मनको स्नाईपर पोष्ट सिन ? पत्ति फायर । हमला फायर एण्ड मुभबाट होला एसल्ट लाईन अब्जेक्टिभको २५ गज बाया एक सिर्खे रुख । जानेको बाटो बाया दबेको जमिन लुकाउ छिपाउका साथ एसल्ट लाईनमा पुग्नेछ । टु.आई.सि.ग्रुप सामुन्ने २५ गज उठेको चुट्टी त्यसै ठाउँबाट देखभालको साथ सपोर्ट देला मेरो एक लामो सिठीले फायर बन्द गर भन्नर्ेर् इशारा हुनेछ । कमाण्डर ग्रुपले फिक्स ब्युनेटको कार्बाही अब्जेक्टिभमा धावा पुकार्नेछ । हमलाको सक्सेस सिंग्नल मेरो लामो दुई सिठीमा टु.आई.सि.ग्रुप आई खाली ठाउँ कभर गर्नेछ । राईफल नं.१र३ ले सर्चको कार्बाही गर्नु पर्ने हुन्छ ।

ग) टु.आई.सि.ग्रुप मुभ

१) टु.आई.सि.ग्रुपले कमाण्डर ग्रुप धावा शुरु गर्ने ठाउँमा पुगेको देखेपछि वार् इशारा आएपछि फायर बन्द गर्नु

२) धावा शुरु गर्ने ठाँउमा पुगेपछि पत्तिपतिले कमाण्डर ग्रुपलाई फिक्स ब्युनेट गराउनेछ र आवश्यक परेमा जवानहरुलाई संक्षेपमा काम बताईदिने ।

३) पत्तिपतिले जोसका साथ आयो सशस्त्र भनेरे बाकी जवानले चार्ज पुकार्नेछ र बाँकी जवानले अब्जेक्टिभमा धावा गर्ने ।

४) अब्जेक्टिभमा हमला गर्दा जवानहरु आ-आफ्नो सिधाईमा मात्र धावा गर्नुपर्छ । एउटा दुश्मनमाथि हमला गर्नुपर्दा दुई तिन भन्दा बढि जवान हुनु हुदैन ।

५) अब्जेक्टिभमा हमला गर्दा पत्तिपतिले कार्बाही नियन्त्रण गर्नुपर्छ ।

६) हमलाको कार्बाही पुरा भईसकेपछि पत्तिपतिले पोजिशन भनि आदेश दिनुपर्छ र जवानहरुले चारैतिरको बचाउ हुने गरि पोजिशन लिनर्ुपर्छ ।

पुर्नःगठन

१) हमलापछि कमाण्डर ग्रुपले पोजिशन लिईसकेपछि टु.आइ.सि.ग्रुपले पनि तोकिएको ठाउँमा पोजिशन लिनु र पोजिशन लिदा चारैतिरबाट बचाउ हुने गरि अलराउण्ड डिफेन्समा बस्नपर्छ ।

२) पत्तिपतिले दुई जवानलाई अब्जेक्टिभको वरीपरी सर्च गर्न लगाउनु ।

३) पत्तिपतिले राईफल र गन ग्रुपको पोजिशन चेक गर्नु, हद तोक्नु, मद्दतको निशानाहरु दिने, साथै टु.आई.सि.ले घाईते, बिरामी, गोलीगठ्ठा के कति खर्च भयो भनि पत्तिपतिलाई रिपोर्ट दिने ।

४) पत्तिपतिले भएको सबैको प्रतिबेदन माथिल्लो कमाण्डरमा गर्ने । त्यसपछि से.मु.पतिको आदेशमा कार्बाही गर्ने ।

ब्याटल प्रोसिजर

१. परिभाषा

लर्डाईको दौरानमा समयको बचावटको लागि कम समय भित्र फौजलाई लर्डाई तयारी गरि निकाल्नु कमाण्डरको जिम्मेवारी हुन्छ । कुनै पनि सैनिक कारवाहीको लागि रेक्की, योजना, अर्डर एवं डिप्लाईमेण्ट गर्न बन्दोबस्त प्रकृयाको लागि समयको जरुरत पर्दछ । ती कामहरु निश्चित समय भित्र सिलसिलाबद्ध तरिकाले होस् भन्ने हेतुले एउटा प्रोसिजरको पार्दुभाव गरिएको छ, त्यसैलाई हामी ब्याटल प्रोसिजर भन्दछौं । यसको शुरुवात वार्निङ्ग अर्डरबाट हुन्छ ।

२. ब्याटल प्रासिजरको उद्धेश्यहरु

क) सम्भावित कार्यबारे सोच्दै जानु ।

ख) रेकी र अर्डर पास गर्न सहि तर्तिव अपनाउनु पर्दछ ।

ग) डिप्लाई हुनु भन्दा पहिला अभ्यास गरेको ड्रिलको प्रयोग गर्नु पर्दछ ।

घ) तरिका र सिलसिलेवार अनुसार आ-आफ्नो काम गर्दै जानु ।

३. ब्याटल प्रोसिजरको आवश्यकताहरु

निम्न कारणहरुले गर्दा ब्याटल प्रोसिजरको आवश्यकता पर्दछ ।

क) कमाण्डरलाई छिटो खबर मिलोस् ।

ख) कमाण्डर र हाईयर कमाण्डर र दाँया बाँयाको ट्रुप्स पतिहरु संग मिलाप वा समन्वय होस् ।

ग) तल्लो तहको कमाण्डरहरु पनि नजिकमा हुनु पर्दछ ।

घ) ट्रुप्सको ग्रुपिङ्ग पहिलानै भएको हुनुपर्दछ ताकि कारवाहीमा छिटो छरितो रेकी गर्न आदेश दिन र डिप्लाईहुन आसानी होस् ।

ङ) आदेश स्पष्ट र सरल हुनु पर्दछ ।

च) गुरप कमाण्डर पनि आफ्नो काममा निपरुण्ा हुनु पर्दछ ।

४. डिप्लाईमेण्ट ड्रिल र यसका ग्रुपहरु

जव मुख्य कमाण्डरले रेकी र आदेश दिने कारवाही गर्दछ, त्यस समयमा सबै तहका गुरपहरुले बन्दोबस्त कार्यको अन्य कारवाहीहरु तयारीको लागि हर्कत जारी राख्दछन् । जस्ले गर्दा तोकिएको समयमा ट्रुप्स सहि तरिकाबाट डिप्लाईमेण्ट गर्न सकियोस् । यसैलाई नेै डिप्लाईमेण्ट ड्रिल भनिन्छ ।

५. डिप्लाईमेण्टको ग्रुपहरु

डिप्लाईमेण्टका निम्न ग्रुपहरु छन् ।

क) आर (आर) रेक्की ग्रुप - यसमा से.मु.पति, रनर, अप्रेटर, सपोर्टिङ्ग आर्म कमाण्डर पर्दछन् ।

ख) इ (ओ) अर्डर ग्रुप - यसमा रेकी ग्रुप, पत्ति पतिहरु पर्दछन् ।

ग) (फाईटिङ्ग) ग्रुप - यसमा प्लाटुन टु आईसी, सपोर्टिङ्ग तत्वहरु, बाँकी भएका अन्य टोलीहरु, आर.ओ.टी. बाहेक पर्दछन् ।

घ) T ट्रान्स पोर्ट) ग्रुप - फाईटिङ्ग ट्रान्स पोर्ट, लर्डाईमा भाग लिएका ट्रान्सपोर्टहरु पदछन् ।

ङ) A एचलन ग्रुप - एम्बुलेन्सहरु ओसार पसार गर्ने ।

च) B एचलन ग्रुप - बन्दोबस्त कार्य संग समन्वय भएको ट्रान्सपोर्टहरु ।

६. तयारीको तह र कार्य बिधिहरुको नमुना

सि.नं.	से.मु.पतिको हर्कत	से.मु.को हर्कत	कैफियत
१	वार्निङ्ग अर्डर दिन्छ ।		
२	रेक्की गर्दछ ।	(क) सहायक से.मु.पतिले पत्तिलाई वार्निङ्ग अर्डर। दिन्छ । (ख) हातहतियार एम्युनेशन, खानाको तयारी गर्दछ ।	समय धेरै भए रेक्कीको समय घटाउँदछ ।
३	योजना बनाउँदछ ।	तयारीको काम पुरा हुन्छ । ँ ग्रुप च्ख मा जान्छन् र आराम गर्दछन् ।	सेक्सन कमाण्डरहरुले अर्डर तयार गरेर आफ्नो पतिलाई दिन्छन् ।
४	इ (ओ) ग्रुपलाई अर्डर दिन्छ ।		

७. वार्निङ्ग अर्डरमा समाबेश हुने कुराहरु

वार्निङ्ग अर्डरमा निम्न कुराहरु समाबेश हुन्छन् ।

क) हुनेवाला कामको रुपरेखाहरु ।

ख) फौज हर्कत गर्नु पर्ने सम्भावित छिटो समय ।

ग) ओ. र एफ. ग्रुपको लागि समय र आर.भि. ।

घ) अन्य बन्दोबस्त बारे निर्देशन ।

८. ब्याट्रल प्रोसिजरमा समय बचाउने उपाएहरु

निम्न तरिकाले समय बचाउन सकिन्छ ।

क) रेकी र योजना गर्दा हवाई फोटो र नक्साबाट गरेर ।

ख) वार्निङ्ग अर्ड दिनु भन्दा पहिला सम्भावित कारवाहीको खबर स्टाफ वा रनर द्धारा तल्लो कमाण्डरलाई दिएर ।

ग) वार्निङ्ग मिलाप राम्रो गराएर ।

९. रेक्की र रेक्की कमाण्डरले ख्याल राख्नु पर्ने कुराहरु

रेकी कमाण्डरले निम्न कुराहरुको ख्याल राख्नु पर्दछ ।

क) हुनेवाला कामको रुपरेखाहरु ।

ख) फौज हर्कत गर्नु पर्ने सम्भावित छिटो समय ।

ग) ओ. र एफ. ग्रुपको लागि समय र आर.भि. ।

घ) अन्य बन्दोबस्त बारे निर्देशन ।

से.मु.फर्मेशन

परिचय

१. पैदली फौजले विभिन्न जमिनी हालत अनुसार र्फमेशन लिएर हर्कत गर्नु पर्ने हुन्छ । से.मु.र्फमेशन खास गरेर से.मु.पतिको कमाण्ड कन्ट्रोल र जमिनी हालत अनुसार लिनु पर्ने हुन्छ । एडभान्सको समयमा अन अप र्फमेशन राम्रो हुन्छ । किन भने यस र्फमेशनमा से.मु.को मुख्य भाग वा धेरै भाग से.मु.पतिको हातमा हुन्छ । अतः शत्रुको पोजिशन पत्ता लग्नासाथ फौजको सहि प्रयोग गरि बर्बाद गर्न सकिन्छ । यदि पहिले नै पत्ता लागेको शत्रुको पोजिशनमा हमला गर्नु छ भने से.मु.पतिले धेरै शक्ति प्रयोग गर्नु पर्ने महसुश गर्न सक्छ । यस अवस्थामा एसल्ट र्फमेशन से.मु.को अब्जेक्टीभको फैलावट र गहर्राईमा भर पर्छ । सडक वा खुल्ला ठाउँमा हर्कत गर्नको लागि वन अप र्फमेशन राम्रो हुन्छ । खास गरेर जमिनी हालत, टास्क, शत्रुको नफ्री र पोजिशन अनुसार से.मु.पतिले आफ्नो से.मु.लाई कन्ट्रोल गरी आवश्यकता अनुसार र्फमेशन बदली गरी सफता प्राप्त गर्नु पर्ने हुन्छ ।

२. से.मु.र्फमेशन लिँदा हुने फाईदाहरु

१) र्फमेशनलाई सिकलाई अनुसार प्रयोग गरेमा सफलता प्राप्त गर्ने बढी सम्भावना हुन्छ ।

२) काम गर्दा आवश्यकता अनुसारको र्फमेशनको गहर्राई कायम गर्न सकिन्छ ।

३) ठिक र्फमेशनको प्रयोग गरेर शत्रुको नजिक भन्दा नजिक पुगी बर्बाद गर्न सकिन्छ ।

४) थाहा भएको पोजिशनमा हमला गर्नुछ भने एकसाथ ब्यूनेट फाईटिङ्ग गर्न सकिन्छ ।

५) हमला गर्नु अघि पत्तिको काम र अब्जेक्टीभको मुकारर गरेको हुनु पर्दछ ।

३. से.मु.र्फमेशनको प्रकार

१) रोड र्फमेशन

२) वन अप र्फमेशन

३) टु अप र्फमेशन

४) एसल्ट फर्मेशन

रोड फर्मेशनको फाईदा र बेफाईदा :-

फाईदा

क) राम्रो गहर्राई ।

ख) चारैतिरको देखभाल ।

ग) कमाण्ड कन्ट्रोल राम्रो ।

बेफाईदा

क) अगाडीबाट कम फायर पावर ।

Platoon Formation

रोड फर्मेशन



वन अप फर्मेशन :-

फाईदा

क) राम्रो गहर्राई ।

ख) खुल्ला जमिनमा उपयूक्त ।

ग) कमाण्ड कन्ट्रोल राम्रो ।

बेफाईदा

क) अगाडीबाट कम फायर पावर ।

ख) इलाका सँागुरो भई नजिकबाट फायर आएमा हमला गर्ने ताकत कम हुन्छ ।

टु अप फर्मेशन :-

फाईदा

क) अगाडीबाट राम्रो फायर पावर ।

ख) राम्रो देखभाल गर्न सकिने ।

बेफाईदा

क) कमाण्ड कन्ट्रोल गर्न कठिन ।

ख) कम गहर्राई ।

ग) अगाडीबाट कुनै खतरा छैन र शत्रुसँग अचानक लगाव हुने सम्भावना छैन भने बाक्लो जंगलको तलासीको लागि यो फर्मेशन अपनाईन्छ ।

एसल्ट फर्मेशन :-

फाईदा

बेफाईदा

क) हमलामा राम्रो फायर पावर ।
ख) गृनेड फायर गर्न राम्रो ।

क) कमाण्ड कन्ट्रोल गर्न कठिन ।
ख) कम गहर्राई ।
ग) इनफ्लेट फायरबाट बढी नोक्सान ।
घ) अगाडीबाट ठूलो तार्गेट

से.मु.ब्याटल ड्रिल

परिचय

ब्याटल ड्रिल भनेको त्यो ड्रिल हो जुन युनिट, सब युनिटले लर्डाईमा अपनाउनको लागि पहिले नै मुकरर गरि तोकेको हुन्छ । यसले समयको बचाउ साथै कम से कम आदेशमा कार्वाही गर्न मद्दत गर्छ । यो ड्रिल शान्तिको बेलामा अभ्यास गर्राई राख्नु पर्दछ ।

उद्देश्यः से.मु.ब्याटल ड्रिल बारे ज्ञान र अभ्यास दिनु हो ।

तरिका

क) तयारीको तह ।
ख) प्वाईन्ट पत्ति शत्रुको कारागार फायरमा परेपछिको कार्वाही ।
ग) हमला ।
घ) रि-अर्गनाईजेशन ।

क) तयारीको तह :- कुनै पनि से.मु.ले लर्डाईमा जानु भन्दा अगाडी आ-आफ्नो तयारी गर्नु पर्दछ । तयारी भन्नाले अन्य विषयहरुको साथै तलका विषयहरुलाई पनि समावेश गर्नु पर्छ ।

क. इशारा :- से.मु.पतिले आफ्नो से.मु.सँग मिलाप राख्न मौखिक र हातकोर् इशारा तोक्नु पर्छ । कमाण्डरले सधैं मौखिक तथा हातकोर् इशाराले आदेश दिन नसक्ने हुँदा सिठ्ठीको इशारा पनि तोक्नु पर्छ । से.मु.पतिसँग हरहमेशा मिलापमा रहनको लागि हरेक पतिले १/१ जना जवान तोक्नु पर्छ

१) पति चिनाउने इशारा :- पतिहरुलाई चिनाउने बेग्ला बेग्लर्ै इशाराहरु तोक्नु पर्दछ । जस्तै एक लामो सिठ्ठीको आवाजले नम्बर २ पत्ति आदी ।

२) विभिन्न कार्वाही गर्ने आदेशको इशारा :- विभिन्न कार्वाही गर्नको लागि पनि बेग्ला बेग्लैइशाराहरु तोक्नु पर्दछ जस्तै अगुवा पत्तिलाई नै मद्दती टोलीको काम गर्नर्ेर् इशारा, तयार हालतकोर् इशारा, दाँया बाँया तर्फाट हमला गर्न इशारा , धावा शुरु गर्ने ठाउँ सम्म पुग्न एक तर्फी वा दुई तर्फी अगाडीबाट जानको लागि इशारा इत्यादि ।

ख) र्फमेशन :- आम तौरमा से.मु. एडभान्स गर्दा एक पत्ति अगाडी र दुई पत्ति पछाडी से.मु.हे.क्वा. बिचमा भई-वान अप र्फमेशन) अगाडी बढ्छ अदि गुल्म अथवा माथिल्लो तहको एक भाग भई से.मु.

अगाडी बढेको बेलामा दुई पत्ति अगाडी रहेर हर्कत गर्न बढ्न सक्छ तर एक पत्ति अगाडी जमिनी हालत समय र परिस्थिती अनुसार उपयुक्त र्फमेशन लिनु पर्दछ ।

ग) ग्रुपिङ्ग

१) टाढा मद्दती टोली

(अ) फौज : शत्रुको असरदार फायरमा परेको पत्ति, से.मु.को २" मोर्टारटोली, आवश्यकता अनुसार हमलाबार पत्तिहरुबाट थप एल.एम.जी.।

(आ) पति : सहायक से.मु.पति ।

२) नजिक मद्दती टोली :- आवश्यक परेमा मात्र ।

अ) फौज : हमलाबार पत्तिबाट कुनै एक या दुई गन टोली ।

आ) पति : सम्बन्धित मद्दती टोली पति ।

३) हमलाबार टोली :-

अ) फौज : शत्रुको असरदार फायरमा नपरेका दुई पत्ति ।

आ) पति : से.मु.पति ।

इ) दुई तर्फाट धावा शुरु गर्ने ठाँममा जाँदा एक तर्फसे.मु.पति आफै र दोस्रो टोली सम्बन्धि पत्तिपति कमाण्डर हुने छन् ।

४) कटअफ टोली :- आवश्यक परेमा मात्र ।

अ) फौज : सबै पत्तिमा पछाडीको दुई जवान ।

आ) पति : जेष्ठ जवान ।

घ) कन्ट्रोल :- आमतौरमा से.मु.को तिन पत्ति वाहेक से.मु.हे.क्वा.लाई पनि दुई भागमा बाँडिएको हुन्छ । से.मु.हे.क्वा.मा

(१) से.मु.पति टोली : से.मु.पति, ब्याटम्यान, रनर

(२) से.मु. हवल्दार मेजर : से.मु.हवल्दार मेजर मात्र ।

(३) से.मु.पतिले आफ्नो से.मु.लाई हरहमेशा नियन्त्रणमा राख्ने र एउटा पत्तिले अर्कोपत्तिलाई मद्दत गर्न सक्छ भन्ने यकिन गर्नु पर्दछ ।

प्वाईन्ट पत्ति शत्रुको कारगार फायरमा परेपछिको कार्वाही

से.मु.अगाडी बढिरहेको बेलामा यदि प्वाईन्ट पत्ति शत्रुको कारगार फायरमा परेपछि पुरै से.मु.ले आफ्नो आक्रमक कार्वाही गर्न थाल्छ । यो कार्वाहीलाई तिन तहमा बाँडिएको छ ।

(क) पहिलो तहमा

१) शत्रुको कारगार फायरमा प्वाईन्ट पत्ति परेपछि से.मु.पति र टोली अगाडी बढिभईरहेको घट्ना बारे अध्ययन गरी आफ्नो गुल्म पतिलाई खबर गर्दछ ।

२) से.मु.बरिष्ठ हवल्दारले से.मु.को बाँकी पत्ति र जवानहरुलाई लर्डाईमा भाग नलिईकन जती सक्दो अगाडी ल्याउँदछ

३) से.मु.बरिष्ठ हवल्दारले पत्तिहरु अगाडी ल्याईसकेपछि पछाडी पट्टीका पत्तिपतिहरुलाई तुरुन्तै डाकेर "ओ ग्रुपमा " पठाउन तयारी हालतमा राख्दछ ।

(ख) दोस्रो तहमा :- से.मु. पतिले परिस्थितिको अध्ययन गरि आफ्नो अगाडीको पत्ति -प्वाईन्ट पत्ति) ले कार्बाही गर्न नसक्ने देखेमा व्याटल एप्रिसिएशन -लर्डाईको लागि सोच बिचार) गर्न थ्ाालछ । से.मु. पतिले देहायबमोजिमको कार्बाही गर्न थाल्दछ ।

१) आफ्नो रनरलाई से.मु. बरिष्ठ हवल्दारको ठाँउमा पर्ठाई "ओ" ग्रुपको आर.भी र से. मु.को आर. भी. बारे मोखिक खबर पठाउँदछ ।

२) प्वाईन्ट पत्तिलाई फायर पत्तिको काम गर्न र से.मु. को हमलाको दिशा बारे प्वाईन्ट पत्तिलाई सिट्ठीकोर् इसारा गर्दछ । यदि प्वाईन्ट पत्तिले फयरपत्तिको काम गर्न नसक्ने देखिएमा पत्ति कै गन ग्रुपबाट कभर फायरदिई पोजिसन बनाउदछ ।

३) आफ्नो गुल्मपतिलाई घटनाक्रमबारे वायरलेसद्वारा खबर गर्दछ ।

(ग) तेस्रो तहमाः- से.मु.पतिको रनर, से.मु. बरिष्ठ हवल्दारको स्थानमा पुगेर खबर दिने बित्तिकै से.मु. बरिष्ठ हवल्दारले देहायको कार्बाही गर्दछ ।

१) पछाडीको पत्तिपतिहरुलाई "ओ" ग्रुपमा पठाउँछ ।

२) बाँकी से.मु.लाई से.मु. पतिले तोकेको आर.भी. तर्फहिडाउँछ र त्यहाँ पुगेपछि अलराउण्ड डिफेन्स लिएर राख्दछ । यति नै बेला से.मु. पति "ओ" ग्रुप दिएको आर.भी. तर्फमुभ हुन्छ र अर्डर दिन तयार हुन्छ ।

प्वाईन्ट पत्तिको कारागार फायरमा परेपछिको कारवाही :- से.मु. अगाडी बढीरहेको बेलामा यदि प्वाईन्ट पत्ति दुश्मनको कारागार फायरमा परेपछि पुरै से.मु.ले आफ्नो आक्रमक कारवाही गर्न ब्याटल ड्रिल शुरु गर्दछ । यो कारवाहीलाई तीन तहमा बाडिएको छ ।

हमला :- से.मु.ले हमला गर्न समय कम हुने हुनाले से.मु.पतिको आफ्नो आदेश छोटकरीमा मात्र दिन्छ । उक्त आदेशमा देहायबमोजिमको कुराहरु मात्र समाबेश हुन्छ ।

(क) दुश्मनको पोजिसन ।

(ख) इरादा ।

(ग) हमलाको दिशा ।

(घ) फयर सेक्सनको पोजिसन ।

(ङ) बाटो र एसल्ट पोजिसन ।

(च) ब्याटल ड्रिलमा कुनै हेरफेर गर्नु परेमा गर्छ ।

आफ्नो आदेश दिइसकेपछि से.मु. पति र बाँकी "ओ" ग्रुप से.मु.को आर.भी. तर्फमुभ हुन्छ र हमला गर्ने तर्फो पत्ति अगाडी बढ्छ । जस्तो कि बाँयाको हमला भएमा बाँया पछाडी रहेको पत्ति अगाडी र दायाँ पछाडीको पत्ति पछाडी हुन्छ । त्यस्तै बायाँ तर्फाट हमला गर्नु परेमा बायाँ हमलाको बिपरित हुन्छ । एक्सल्ट पोजिसन तर्फमुभ हुदाँ से.मु. हे.क्वा. अगाडीको पत्तिको पछिपछि मुभ गर्दछ । हमलाको अवस्थामा से.मु. पति र रनर हमला गर्ने पत्तिहरुसंग अगाडी बढ्दछ र बाँकी से.मु.हे.क्वा. पछिपछि बढ्दछ ।

से.मु. एसल्ट पोजिसन तर्फअगाडी बढिरहेको बेलामा कुनै फायर आएमा पत्तिहरुले आफ्नो मोटार र गनको फायर प्रयोग गर्दै अगाडी बढ्दछ । साथै से.मु. एसल्ट पोजिसनमा जाँदा बाटोमा कुनै रोकावट भएमा उक्त रोकावटलाई साफ गरेपछि मात्र हमला गर्न बढ्नु पर्दछ । से.मु.ले हमला गर्दा छिटो भन्दा छिटो कारवाही गर्नु परेमा एक पत्तिले छिटो हमला गरि अर्को पत्ति रिजर्भको काम गर्न सक्दछ । दुश्मनको नफ्री र आफ्नो फायर पावरलाई हेरेर कभरिङ्ग फायर दिनलाई प्वाईन्ट पत्तिलाई थप गन र मोटार पनि दिन सकिन्छ ।

रि-अर्गनाईजेशनः से.मु.ले हमला गरिसकेपछि तुरुन्तै अल राउण्ड डिफेन्स लिएर बस्नु पर्छ । साथै हतियारको सर्साईटिङ्ग र हदको बाँडफाड गर्नु पर्दछ । रि अर्ग मा तलका कुराहरुलाई ध्यानमा राख्नु पर्दछ :-

क) एसल्ट पोजिसन तर्फमुभ हुदा अगाडी बढ्ने पत्ति रि-अर्गमा अगाडी तर्फपोजिसन लिएर बस्दछ र एक्सीस अफ एडभान्समा प्वाईन्ट पत्ति बन्न तयार हुन्छ ।

ख) एसल्टमा भाग लिने अर्को पत्ति सिधा अगाडी बढी अव्ज्ोक्टिभलाई नाघेर पोजिसन लिन्छ र फायर पत्ति भई काम गर्ने पत्ति पछाडी वा बाँकी रहेको भागमा पोजिसन लिन्छ ।

ग) से.मु. हे.क्वा. बिचमा रहन्छ ।

घ) से.मु. पति तुरुन्तै हरेक पत्तिम गन पोजिसन चेक गर्न जान्छ ।

ङ) से.मु. बरिष्ठ हवल्दारले घाइते बिरामीको चेक गरी एम्यूनेशनको बाडफाड गरि पुरा गर्दछ ।

च) से.मु.पतिले गुल्म पतिलाई वायरलेसमा खबर पठाउछ ।

सेन्ट्रीको काम कर्तब्य

परिचय

कुनै पनि युनिट वा पट्रोलले खाना खान, आराम गर्न वा हारबोर लिनको लागि कुनै ठाउँमा रोकिनु पर्छ भने त्यसबेला सुरक्षाको दृष्टिकोणले अति नै महत्वपुर्ण हुन्छ । जुन सुकै समयमा पनि सेन्ट्रीको काम शत्रुबाट आफ्नो फौजमाथि अचानक हमला हुनबाट बचाउनु हो । यसको साथै कुन ठाउँमा कति सेन्ट्री खटाउने भन्ने कुरा सम्वन्धित कमाण्डरले जमिनर, र इलाका, थ्रेट र आफ्नो नफ्रिमा निर्भर गर्दछ । कुनै पनि पोष्ट वा हारबोरमा हमला गर्दा सफलता वा असफलता सहि सेन्ट्री राख्ने कुरामा भर पर्छ ।

सेन्ट्रीको प्रयोग

एक सशस्त्र प्रहरी जवानले अपरेशनको समयमा सेन्ट्रीको काम गर्दा उसले बढी से बढी जिम्मेवारी पाएको सम्झी सोही अनुसार चनाखो भई आफ्नो भूमिका निभाउनु पर्दछ । सेन्ट्री बढीमा ४ घण्टा भन्दा बढी राख्न उपयुक्त हुँदैन । उसलाई कमाण्डरले पुरा आदेश दिएको हुनु पर्दछ र उक्त आदेश बुझेको छ भन्ने कुरा यकिन गरेको हुनु पर्दछ ।

सेन्ट्री बस्दा सेन्ट्रीले थाहा पाउनु पर्ने कुराहरु

- शत्रु आउने बाटो, दिशा थाहा पाउने र शत्रुको पोजिसन पत्ता लगाउन सक्ने हुनु पर्दछ ।
- दिन र रातको आफुले देखभाल गर्नु पर्ने जिम्मेवाररीर् इलाका बारे थाहा पाउनु पर्दछ ।

- ट्रिप फ्लियरको पोजिशन थाहा पाएको हुनु पर्दछ ।
- रातमा बत्ती बाल्नु छ भने कसको आदेशमा बाल्ने हो थाहा हुनु पर्दछ ।
- आफ्नो दाँया बायाँ भएको अर्को सेन्ट्री बारे थाहा हुनु पर्दछ ।
- बाहिर गएको आफ्नो पट्रोलबारे थाहा हुनु पर्दछ ।
- स्टाण्ड टु वा अन्य परी आउने कामबारे जानकारी हुनु पर्दछ ।
- पोष्ट कमाण्डरको पोजिसन बारे थाहा हुनु पर्दछ ।
- पार्सवर्ड थाहा भएको हुनु पर्दछ ।

कस्तो अवस्थामा फायर खोल्ने र आदेश को बाट प्राप्त हुन्छ थाहा हुनुका साथै फायर खोल्ने आदेश प्रष्ट हुनु पर्दछ ।

- सेन्ट्री पोष्ट सम्म जाने आउने बाटो थाहा भएको हुनु पर्दछ ।
- सेन्ट्री बदल्ने तर्तिब थाहा हुनु पर्दछ ।
- सूचना दिने व्यवस्थाको तालीम राम्ररी पाएको र सो ब्यवस्था हुनु पर्दछ ।
- सेन्ट्रीको जिम्मामा रहेको सामानहरुको प्रयोग बारे जानेको हुनु पर्दछ ।

सेन्ट्रीको सार्इटिङ्ग

- दिनमा एक्लो सेन्ट्री खटाउनु पर्दछ ।
- आफ्नो पोजिसनमा हुने आवाजको सिमा बाहिरपट्ट िसेन्ट्री खटाउनु पर्दछ । यसो भएमा सेन्ट्री पोष्टले मेन पोजिसनमा पर्व सूचना दिन सक्छ र दुश्मन वा होस्टाइलबाट हुन सक्ने अचानक हमलाको सम्भावना कम हुन्छ ।
- सेन्ट्री पोष्टको मुख्य ठाउँबाट शत्रुको हर्कत देखिने हुनु पर्दछ ।
- रातमा सेन्ट्री सधै जोडिमा खटाउनु पर्दछ तर सेन्ट्री बदल्दा एक पटकमा एउटालाई मात्र बदल्ने गर्नु पर्दछ, जसले गर्दा एक जना हरहमेसा परिस्थितीसंग परिचित भैरहन्छ । पोष्टमा एउटा नयाँ सेन्ट्री पेरिमिटर भित्र रहेको आफ्नोपत्तिको गन पोष्टमा रहनु पर्दछ । आफ्नो पत्तिको बाँकी जवानलाई स्टाण्ड टु पोजिसनमा जाने पर्ूव सूचना दिई चुपचाप ईशाराको प्रबन्ध गरेको हुनु पर्दछ

च्यालेन्ज गर्ने तरिका

- एक्लो पार्सवर्ड
- सवाल जवाफ
- नम्बर मिलाउने

एक्लो पार्सवर्ड

यसमा यदि तोकिएको पार्सवर्ड निशान भएमा च्यालेन्ज गर्नेले च्यालेन्ज गरेपछि जवाफ दिनेले निशान भन्नु पर्दछ । च्यालेन्ज गर्ने जुन तरिका अपनाए पनि बाहिनी र सो भन्दा मुनिका यनिटहरुमा एकैनासको तरिका अपनाईएको हुनु पर्दछ । रातमा च्यालेन्ज गर्दा दुरी नजिक होस् र च्यालेन्ज गर्नु भन्दा अगाडी नै सेन्ट्री पतिलाई ऐलर्ड गरिसकेको हुनु पर्दछ । अडिरहेको टोलीलाई सेन्ट्री एल.एम.जी.पोष्टले कभर गरेको हुनु

पर्दछ । पार्सवर्ड नमिलेमा फायर गर्ने आदेश हुनु पर्दछ । फायर गर्नको लागि आड समेतको राम्रो ब्यवस्था हुनु पर्दछ । लडाईको सयम छ भने आफ्नो फौजको जस्तो ड्रेस लगाए पनि अनिवार्य रुपले च्यालेन्ज गर्नु पर्दछ । किन भने रातको समयमा आफ्नो फौज हो भन्ने निश्चित नहुन सक्दछ । यदि राम्रो सँग चिनेको छ भने च्यालेन्ज नपुकारे पनि हुन्छ । जंगल अपरेशनमा पेरिमिटर बाहिर कसैले ठूलो स्वरले च्यालेन्ज पुकार्छ भने त्यसको जवाफ नदिने । यदि आफ्नो फौज हो भनेर चिन्न सकिन्छ भने मात्र जवाफ दिने । साधारणतया पट्रोलमा हराएका जवानले कन्ट्याक ड्रिल गर्न भुलेमा यस प्रकार कराएर आफ्नो पट्रोललाई च्यालेन्ज पुकार्न सक्दछ ।

सवाल जवाफ

यसमा पार्सवर्ड दुई भागमा दिईन्छ । च्यालेन्ज गर्ने सेन्ट्रीले पहिलो भाग भन्छ र अर्कोब्यक्ति जसलाई च्यालेन्ज गरेको छ उसले जवाफमा दोस्रो भाग भन्छ । जस्तै सवाल-आँखा, जवाफ-हात ।

नम्बर मिलाउने पार्सवर्ड

यस विधिमा निश्चित नम्बर तोकिएको हुन्छ । च्यालेन्ज गर्नेले ताकिएको अंकभन्दा कम अंक पुकार छ र जवाफ दिनेले च्यालेन्ज गर्नेले दिईएको नम्बरलाई तोकिएको नम्बर आउने गरि उत्तर दिनु पर्दछ । जस्तै : तोकिएको नम्बर १० भएमा च्यालेन्ज गर्नेले ४ नम्बर पुकार्दछ भने जवाफ दिनेले ६ नम्बर पुकार्नु पर्दछ किनकी ४±६ जोड्दा १० हुन्छ । यसै गरि यदि च्यालेन्ज गर्नेले ३ भनेमा जवाफ दिनेले ७ भनिदिनु पर्दछ किन भने ७±३ जोड्दा १० हुन्छ । याद गर्नु पर्ने कुरा केहो भने यो तरिका प्रयोग गर्दा अलि चलाख युनिटहरुले मात्र गर्नुपर्दछ ।

आफ्नो पट्रोललाई चेक गर्ने तरिका

आफ्नो पट्रोल बेशमा फर्कदा सेन्टी्रले च्यालेन्ज गर्ने र पट्रोलले गर्ने कार्बाही यस प्रकार हुन्छ । पट्रोल बेशमा फर्कदा सेन्ट्रीले च्यालेन्ज पुकार्छ र सही जवाफ दिएपछि पट्रोल कमाण्डर मात्र अगाडी बढ्दछ । सेण्ट्रीले उसलाई चिनेपछि कमाण्डरले सेण्ट्रीलाई पट्रोलको नप|mी बताउछ र सेन्ट्रीसँग बस्दछ । त्यस पछि कमाण्डरले पट्रोल हरेक सदस्यहरुलाई ब्यक्तिगत चेक गरि भित्र पठाउदछ । पट्रोलको आखिरी ब्यक्तिले भित्र छिरेपछि मात्र पट्रोल कमाण्डर पट्रोलसँग जान्छ । कहिले काही महशुर होस्टाईलहरु पट्रोलको पछाडी लागेर आएका हुन सक्छन् । यदि पट्रोलमा खटिएका व्यक्तिहरुलाई राम्रोसँग चेक नगरिएमा बेश भित्र छिर्न सक्छन् ।

सेन्ट्री पोष्टको सुरक्षा

यदि मौसम खराब वा प्रतिकुल भएमा सेण्ट्रीलाई सेल्टर आदि बनाएर राख्न त्यति उपयुक्त देखिदैन ।एक चुस्त अनुभवी सेण्ट्रीले आफ्नो बुद्धि बिबेक वा सबै ज्ञानेन्द्रीयहरुको प्रयोग गरि काम गर्नु पर्दछ ।लर्डाई भन्ने कुरा सुबिधाको निमित्त होईन भन्ने कुरालाई मनन गरि जस्तो सुकै खराब मौसम -पानी,हिउ) मा पनि दृढ्ताका साथ आफ्नो जिम्मेवारी बहन गर्नुपर्दछ ।

सेन्ट्री रोष्टर

पत्तिपति वा पत्ति टु. आई.सि.ले सेन्ट्री रोष्टर तयार गर्दा निम्न कुरा बिचार गरेको हुनुपर्दछ ।
दिनमा :दिनको समयमा एक्लो सेन्ट्रीलाई पत्तिपति वा टु.आई.सि.ले आफै लगेर पोष्टमा राख्नु पर्दछ ।

रातमा

- सेन्ट्री जोडीमा राखेको हुनुपर्दछ ।
- जोडीको सेन्ट्री मध्ये एक पटकमा एउटा मात्र बदल्नु पर्दछ ।
- जोडीमा एउटा सँग अनिवार्य रुपमा घडी भएको हुनुपर्दछ ।
- प्रत्येक सेन्ट्रीले आफुलाई बदल्ने व्यक्ति सुतेको ठाउँ राम्रो सँग थाहा पाएको हुनुपर्दछ । जसले गर्दा बदलीको लागि चुपचाप उठाउन सकिन्छ ।
- बेलुकाको स्ट्याण्ड-टु भन्दा अगावै पत्तिपति वा पत्ति टु.आई.सि.ले डिउटी लिस्ट बनाएर सबैलाई सुचना दिईसकेको हुनुपर्दछ ।

डिफेन्स र हारबोरमा काम गर्दा याद राख्नु पर्ने कुराहरु

- खाना खाँदा र आराम गर्दा सेन्ट्री खटाएको हुनु पर्दछ ।
- रातीको समयमा सेन्ट्री जोडीमा हुनुपर्दछ ।
- एल.एम.जी. मा हमेशा सेन्ट्री हुनु पर्दछ ।
- रातीको सेन्ट्री र पत्तिको बाँकी जवान बिच मिलापको साधनको व्यवस्था गरेको हुनु पर्दछ ।
- दिनको सेन्ट्री रातको भन्दा केहि बढि समयसम्म राखे हुन्छ ।
- च्यालेन्ज र चेक गर्ने तरिका सबैले बुझेको हुनु पर्छ ताकि सबैलाई शंका नहोस् ।

शंका लाग्दो ब्यक्ति भएमा गर्नु पर्ने कारवाही

आफ्नो जिम्मेवारीको ईलाकामा कुनै ब्यक्ति हर्कत गरेमा त्यस माथि फायर गरिहाल्नु हँदैन किनभने त्यसो गर्नाले दुश्मनले आफ्नो पोजिसन पत्ता लगाउने मौका पाउँछ । आफ्नो पोष्ट तर्फआउने ब्यक्ति देख्रा साथ पत्तिपतिलाई डोरीले तानेर उठाउने र उसले पुरै पत्तिलाई स्टायाण्ड टु मा ल्याउने जब शंका लाग्दो ब्यक्ति वा ब्यक्तिहरुको समूह १५/२० गज नजिक आईपुग्छ तब च्यालेन्ज पुकार्नु पर्छ ।शंका लाग्ने ब्यक्ति टाढा हुदै जोडले करायर च्यालेन्ज पुकार्नु हँुदैन। किनभने त्यसो गर्नाले शत्रुले त्यही सुतेरआड लिन्छ र हाम्रो पोजिसन पत्ता लगाएर त्यतैबाटभाग्न सक्छ या हामी माथि हमला गर्न सक्छ ।

च्यालेन्ज पुकार्ने तरिका

सि.नं.	पालेको काम	ब्यक्ति वा टोलीको प्रतिक्रिया
क.	आडमा राम्रोसंग राईफल सहित पोजिसन लिएर आउने वाला ब्यक्तिलाई ताकेर ठिक्क स्वरमा भन्छ अड ! त्यो आउने को हो ?	अड्छ र त्यहाँ आउने ब्यक्तिले आफ्नो परिचय दिन्छ जस्तै नं. १. पट्रोल, नं. १ पत्तिपति ईत्यादि ।
ख.	अरु नचल एक जना अगाडि बढी आफुलाई चिनाउ भन्छ ।	ब्यक्ति वा टोलीको पत्तिपति अगाडि बढ्छ अरु चुपचाप रहन्छ ।

ग.	अगाडि बढेको मानिस चिन्न सकिने खास फासलामा पुगेपछि भन्छ अड् ?	ब्यक्ति वा टोली पति अड्छ ।
घ.	पालेले च्यालेन्ज पुर्काछ "कलम"	पाले जवाफ दिन्छ "मसी"
ङ.	यदि एक व्यक्ति मात्र छ र पासवर्ड मिल्छ भने पालेले भन्छ, पास ।	एक व्यक्ति मात्र छ भने पासको आदेशमा भित्र पस्छ ।
च.	एक भन्दा बढी संख्यामा भए पालेले पास र टोली पतिलाई १/१ गरेर चिनाउ भन्छ हरेक ब्यक्ति चिनाएर मात्र छाड्छ ।	एक भन्दा बढी टोलीको पति पाले कहाँ गएर बस्छ र १/१ गरेर चिनाउँछ ।

नमूना

रातमा पालेले गर्नु पर्ने कामको दिनमा नमुना दिनु पर्छ । (नमुना दिने तरिका) प्रशिक्षार्थिहरुलाई पहिले नै चुनिराखेको पत्ति पोष्टमा लैजानु र जोडीमा पाले खडा गर्नु । लर्डाईको कथा वस्तु भन्नु र शत्रु आउने सम्भावित ठाउँ बताउनु । पाले र पत्तिपतिको मिलाप डोरी बाट भएको होस् ।

कारवाही गर्ने गल्ती नमुना :- आफ्नो फौजको सानो टोली पोष्ट तिर फर्केर आउँदै गरेको हुन्छ । पालेले देख्रा साथ फायर खोल्छ । टोली जमिनमा पोजिसन लिन्छ र त्यस मध्ये कुनै एक जवान घाईते हुन्छ । जवानहरुलाई बताउनु कि यदि त्यो टोली शत्रुको भए पनि फायर खोल्न हुँदैन किनकि शत्रुले हाम्रो पोजिसनपत्ता लगाएर जान्छ ।

कारवाही गर्ने सहि नमुना :- त्यस्तै अर्को सानो टोली पोष्ट तिर अगाडी बढ्छ र पालेले देख्रा साथ पत्तिपतिलाई डोरीको सहायताले उठाउँछ र पत्तिपति उठेर आएर हेरेपछि आफ्नो पट्रोल टोलि हो आउन दिनु हुन्छ, भन्छ जब त्यो टोली १५/२० गजको फासलामा आईपुग्छ । पालेले च्यालेन्ज पुकार्छ । पार्सवर्ड मिलेपछि पालेले १/१ गरि चिनेर मात्र भित्र जान दिन्छ । यसबेला पट्रोल पतिले पालेको पछाडी बसि पालेलाई हरेका व्यक्ति चिनाउँछ । यो ड्रिल नगरेमा शत्रुको महशुर व्यक्ति मिसिएर भित्र जान सक्छ ।

च्यालेन्ज गर्ने गल्ती नमुना :- शत्रुको पट्रोल पोष्ट तर्फआईरहेको हुन्छ । पालेले देख्रा साथ टाढै बाट ठुलो स्वरमा च्यालेन्ज पुर्काछ शत्रुले पोजिसन लिन्छ र त्यस्तो ठाउँमा छुप्छ कि जहाँबाट पाले बसेको पुरै पोष्टको देखभाल गर्न सकिन्छ । शत्रुले देखभाल द्धारा पोष्टको अन्वेषण (रेकी) गरेर जान्छ । जवानहरुलाई बताउनु कि शत्रु टाढा थियो त्यति टाढामा शत्रुलाई च्यालेन्ज पुकार्दा आफ्नो पोजिसन जाहेर भयो ।

च्यालेन्ज गर्ने अर्को गल्ती नमुना : त्यस्तै शत्रुको टोली पोष्टको नजिक आउँछ जब ठिक फासलामा आईपुग्छ । पालेले बिस्तारै च्यालेन्ज पुकार्छ तर पालेले आफ्नो पत्तिपतिलाई सूचना दिएको हुँदैन त्यसैले पालेको पत्ति स्टयाण्ड टु मा हुदैान । शत्रुले पालेलाई हमला गरेर मारी दिन्छ । सुतिरहेको मानिसहरुलाई सजिलै आक्रमण गर्छ वा चुपचापसंग आवश्यक सबै खबर हाँसिल गरेर जान्छ ।

च्यालेन्ज गर्ने सहि नमुना :- त्यस्तै शत्रुको टोली पोष्टको नजिक आउँछ पालेले देख्रासाथ पत्तिपतिलाई सुचना दिन्छ । पत्तिपतिले स्टाण्ड टु मा लगाउँछ । जब दुश्मनको टोली १५/२० गजको फासलामा आईपुग्छ पालेले च्यालेन्ज पुकार्छ । शत्रु पालेलाई आक्रमण गर्न खोज्छ वा भाग्न खोज्छ तर पत्तिको जवानहरुले

फायर खोल्छन् र सबै शत्रुलाई बर्बाद गर्छ । शिक्षार्थीहरुलाई के के बुझ्यौ भनि सोध्ने । सवाल -जवाफ द्धारा गल्ती र सहि नमुना बुझेनबुझेको यकिन गर्ने ।

एल.पी. (लिसनिङ्ग पोस्ट)

दिनको ओ.पी. जस्तै रातमा एल.पी. खटाउनु पर्छ । यो दुश्मन आउन सक्ने ज्यादै शंका लाग्दो ठाउँमा राखिन्छ, यसको काम चुपचाप संग सुनेर दुश्मन आएको पर्ूव सूचना दिनु हो । यसको मिलाप पाले संग हुन्छ । यसले पालेले जस्तै च्यालेन्ज पुकार्दैन । बेलुकाको लास्ट लाईटमा एल.पी.राखिन्छ र बिहानको फस्ट लाईटमा हर्टाईन्छ । पाले पोष्टको नजिकै रातमा कारागार फायर गर्न सक्ने फासला भित्र वा गृनेड फाल्न सक्ने फासला भित्र एल.पी. राखिन्छ ।

संक्षेप

- पाठको सबै कुरा मोटामोटी बताउनु ।
- पालेले थाहा पाउनु पर्ने जरुरी कुराहरु के के हुन भनि सवाल जवाफ गरि बताउनु ।
- पालेले कसरी च्यालेन्ज पुकार्नु पर्छ सोध्नु र निम्न प्रकारको जवाफ दिनु (प्रशिक्षार्थीहरुले दिनुपर्ने जवाफहरु)
  - शंका लाग्दो ब्यक्ति देखनासाथ पत्तिपतिलाई सुचना दिनु पर्दछ ।
  - शंका लाग्दो ब्यक्तिलाई १५/२० गज नजिक आउन दिएर ठिक्कको स्वरले च्यालेन्ज पुकार्नु पर्छ।
  - दुश्मन पुरै टोली मार्न सकिने अवस्थामा वा ज्यादा जरुरी परे मात्र फायर खोल्नु पर्दछ ।

अभ्यास

शिक्षार्थीहरुलाई दुई टोली बनाउनु र अलग अलग किसिमको लुगा लगाउनु ताकी आफ्नो फौज र दुश्मन भनि छुट्याउन सकियोस । प्रत्येक टोलीलाई २०० देखि ८०० गजको फासलामा डिफेन्स खडा गर्न लगाउनु र जमिनको बनावटको आवश्यकता अनुसार पाले पोष्ट खडा गर्न लगाउनु । दुबै टोलीलाई सानो टोलीको पट्रोलिङ्ग खटाउन लगाउनु र एक टोलीको पट्रोलले अर्को टोलीको डिफेन्सको खबर हासिल गर्न लगाउनु । शिक्षकले एम्पाएरको काम गर्नु । पट्रोलिङ्ग टोलीले पालेलाई जिल्याएर १० /१५ गज भित्र चुपचाप आउन सक्यो भने आक्रमण गरेर नजिको पालेलाई मार्नु पर्छ । पट्रोलिङ्ग टोलीहरु बाटोमा नजुधाउनु शिक्षकले समय र बाटो तोकी दिनुपर्छ कुन टोलीले बढी खबर हासिल गर्न सक्यो कसले हमला गरि पाले बर्बाद गर्यो र कसले सहि च्यालेन्ज पुकार्यो भनि प्रतिस्पर्धा गराउन सकिन्छ ।

नक्सा, कम्पास र सर्भिस प्रोटेक्टरको परिचय

१. परिभाषा

कुनै पनि भु-भागको प्राकृतिक वा बनावटी निशानाहरुलाई परम्परागत चिन्ह, निश्चित स्केल र रिलिफको सही प्रकटन गरी कागजमा चित्रण गरीन्छ भने त्यसलाई्न्नक्शा भनिन्छ ।वाजमिनको कुनै पनि क्षेत्रलाई प्रतिनिधित्व गर्ने गरी बनाईएको चित्र अथवा खाकालाई नक्शा भनिन्छ । त्यसमा निम्न विशेषताहरु हुन्छन्

२. नक्शाको विशेषताहरु

- परम्परागत चिन्हद्धारा जमिनको प्राकृतिक र बनावटी निशानाहरुको चित्रण ।
- निश्चित स्केल निर्धारण ।
- भग्नभुमि (रिलिफ) को सही प्रकट ।
- कन्टुर्र ईन्टरभल ।

३. नक्शाको आवश्यकता

- प्रत्येक देश, जिल्ला, अञ्चल सिमानाको धरातलीय जानकारीको लागि ।
- लडाई या आतङ्कवाद आदि कारवाहीको कार्य योजना बनाउनको लागि ।
- बाह्य आगन्तुकहरुलाई आफ्नो जिम्मेवारी ईलाकाको जानकारी गराउनको लागि ।
- पर्यटकहरुलाई यात्रा गर्ने स्थानको बारेमा जानकारी गराउन ।
- देश, विदेशको भौगोलिक जानकारी गर्न ।
- प्रशासनिक कार्य, सडक, रेल्वे , हवाई मार्ग एवं समुन्द्री मार्ग निश्चित गर्न ।

४. नक्शाको महत्व

- प्रशासनिक कारवाहीको लागि ।
- फौजी कारवाहीको लागि ।
- सार्वजनीक निर्माणको लागि ।
- पर्यटकहरुको लागि ।
- भुगोल (भौगोलिक) विद्याको लागि ।
- व्यापार क्षेत्रको लागि ।

५. नक्शाको प्रकार

- स्केलको आधारमा
- उद्देश्यको आधारमा

I) स्केलको आधारमा नक्शाको विभाजन

A. **सानो स्केलको नक्शा :-** (१/२ ईन्च=१ माईल) यो नक्शा दक्षिण पुर्वी एशियन देशहरुमा प्रयोग गरीन्छ । ५ लाख देखि १० लाख सम्म वा यो भन्दा पनि सानो स्केलको नक्शालाई सानो स्केलको नक्शा भनिन्छ । यो जल तथा वायु सेनाले प्रयोग गर्दछन् । स्कुलमा पढ्ने नक्शा वा एट्लस म्याप पनि यसै अन्तर्गत पर्दछन् । यस प्रकारको नक्शा निम्न प्रयोजनको लागि प्रयोग गरीन्छ ।

क) जलसेना र वायु सेनाको लागि ।

ख) राज्यको सिमा वा हदबन्दी देखाउन ।

ग) एट्लस म्यापको लागि ।

B. **मझौला स्केलको नक्शा :-** (१ ईन्च=१ माईल) १००००० देखि ५००००० सम्मको स्केलबाट तयार पारिएको नक्शालाई मझौला स्केलको नक्शा भनिन्छ । फौजी कारवाहीमा यसको प्रयोग मोटर सवार सेना, जल सेना र वायु सेनाले गर्दछन् ।

C. **ठूलो स्केलको नक्शा :-** (२ ईन्च=१ माईल) १: २५००० देखि १००००० स्केल सम्मको नक्शा यस किसिममा पर्दछ । ठूलो स्केलको नक्शा पैदली फौजले र आर्टिलरी अप्रेशनहरुमा प्रयोग गर्दछन् ।

D. **Standard Scale को नक्शा :-** विभिन्न देशहरुले आ-आफ्नो उदेश्य सर्ूर्तिको लागि विभिन्न स्केलको नक्शालाई **Standard Scale** मानेका छन् । जस्तै १ : ५०००० र १:२५००० स्केललाई **Standard Scale** मानि सोहि अनुसार नक्सा निर्माण गरीएको छ ।

E. **International Standard Scale** को नक्शा :- अन्तराष्ट्रिय सम्झौता अनुसार एक मिलियन (दश लाख) सिटको नक्शालाई **International Standard Scale** को नक्शा निर्धारण गरीएको छ ।

II) उद्देश्यको आधारमा नक्शाको विभाजन

भिन्ना भिन्नै उदेश्य पुर्तीको लागि विभिन्न किसिमका नक्शाहरु निर्माण गरीएको छ । उद्देश्यको आधारमा नक्शालाई ७ भागमा विभाजन गरीएको छ । जुन निम्न अनुसार छन् :-

A. **Atlas Map**:- यो सानो स्केलमा निर्माण गरीएको हुन्छ । सानो कागजको टुक्रामा सम्पूर्ण भूमिलाई चित्रण गरी बनाईएको हुन्छ । यो नक्शा विद्यालयहरुमा हुन्छ ।

B. Guide Map:- यो नक्शामा मूख्य मूख्य बाटोहरु र होटलहरु देखाई बनाईएको हुन्छ । विशेषगरी पर्यटकहरु सँग हुन्छ ।

C. Road and railway Map:- यातायातका साधन, रेल्वे लाईन, सडक बाटोहरु मात्र कहाँ कहाँ जान्छ देखाएर बनाईएको हुन्छ ।

D. Planning Map:- यो Map हमेसा ठूलो स्केलमा बनाईन्छ । किनकी कुनै ईलाकामा क्याम्प, डिपो, कलकारखाना निर्माण गर्ने भए उक्तर् इलाकाको म्याप ठूलो स्केलको हुन आवश्यक छ ।

E. Relief Map:-यो नक्शामा पृथ्वी अथवा धरातललाई जस्ताको तस्तै देखाईएको हुन्छ । -जस्तै - क्लोथ मोडल, रिलिफ मोडल)

F. रुपरेखा Map:- यो नक्शा प्रशासनिक प्रयोजनको लागि बनाईएको हुन्छ । यसमा विभिन्न क्षेत्रहरु छुर्टाईएर बनाईएको हुन्छ ।

G. Topographical Map:- (धरातलीय नक्शा) :- यो फौजीले प्रयोग गर्ने नक्शा हो । यस नक्शामा पृथ्वीको विभिन्न प्राकृतिक तथा बनावटी आकृतिहरुलाई विभिन्न रङ्ग र सर्काईनद्धारा देखाएको हुन्छ । Topographical Map म्यापलाई फौजी दृष्टिकोणले निम्नानुसार विभाजन गरीएको छ ।

(i) OPS Map (ii) INT Map (iii) Commander Map (iv) Patrol Map
(v) Special task Map (vi) Going Map (Vii) Defence Map

Topographical Map को प्रकार विस्तृतमा **Map मार्किङ्ग पाठमा दिईएको छ ।**

६. नक्साको बाहिरी जानकारी

नक्शा हात पर्ना साथ Map Reader त्यस नक्शा सम्बन्धि निम्न कुराहरु ज्ञान गर्नु पर्दछ । जस्तै :- त्यो कुन स्केलको हो वा अन्य जानकारी लिनु पर्दछ । जुन नक्शाको बाहिरी भागमा लेखिएको हुन्छ ।

निम्न :-

देशको नाम	जिल्ला तथा प्रान्त	ईलाका	संस्करण	कन्भर्जन टेबल	नक्शाको सूचिक्रम	प्रशासकीय सूचि
स्केल	उत्तरहरुको स्थिति	हाईट	स्केल टेबल	रजिष्ट्रेशन नम्बर	संस्करण, मिटर स्केलको लाईन	
मुद्रक	कन्भेन्सनल साईन वा लेजेण्डस्	ग्रिड रेफरेन्स दिने तरिका	कन्टुर इन्टरभल	वार्षिक वृद्धिदर	-	-

Map marginal information

a) Title of the map sheet
b) The sheet number of the map
c) Scale lines - at the bottom of the map
d) The exact deviation of grid north from true north (on the left of the scale line)
e) Annual change in magnetic variation
f) Conventional signs (a plate showing)
g) Date of revision (reliability of map - from)
h) An index to the adjoining sheets.

७. संक्षेपः- म्याप रिडीङ्ग एक विज्ञान हो भने म्याप त्यसको यन्त्र र जमिन प्रयोगशाला हो । त्यसैले किताव वा सैद्धान्तिक ज्ञानले मार्ग दर्शन मात्र दिन्छ । कौशलताको लागि अभ्यास नै सर्वोपरी हो ।

सर्भिस प्रोटेक्टर

१. परिचय

सर्भिस प्रोटेक्टर एक साधारण कागज, हस्ती हाड, धातु, काठ वा प्लाष्टिकद्धारा बनेको यस्तो साधन हो, जसद्धारा नक्शामा कुनै पनि एक बिन्दु देखि अर्को बिन्दु सम्मको Bearing र फासला नाप्नुको साथै GR निकाल्न सकिन्छ । यसलाई Map Key पनि भन्निछ ।

२. सर्भिस प्रोटेक्टरको प्रकारस्-प्रयोगको आधारमा सर्भिस प्रोटेक्टर ३ प्रकारको हुन्छ ।

क) वृत्ताकार सर्भिस प्रोटेक्टर
ख) अर्धवृत्ताकार सर्भिस प्रोटेक्टर
ग) आयाताकार सर्भिस प्रोटेक्टर

क) वृत्ताकार सर्भिस प्रोटेक्टर - यो गोलो आकारको हुन्छ । यसको किनारामा १० देखि ३६०० सम्म अङ्क लेखिएको हुन्छ । यसको बिचमा एउटा प्वाल हुन्छ । यो प्रोटेक्टर आर्टिलरी यूनिटहरुले प्रयोग गर्दछन् ।

ख) अर्धवृत्ताकार सर्भिस प्रोटेक्टर - यसको बाहिरी भागमा ०० देखि १८०० सम्म र भित्री भागमा १८१० देखि ३६०० सम्म अङ्क लेखिएको हुन्छ । यसको प्रयोग विद्यार्थी र आर्टिलरी यूनिटहरुले गर्दछन् ।

ग) आयाताकार सर्भिस प्रोटेक्टर - यसको लम्बाई ६" वा १५ cm र चौडाई र २ " वा ५ cm हुन्छ । यसको बाहिरी भागमा ०० देखि १८०० सम्म र भित्री भागमा १८१० देखि ३६०० सम्म अङ्क लेखिएको हुन्छ । ९०० वा २७०० (सर्भिस प्रोटेक्टरको ठीकबिच) मा एउटा लामो लक्किर काटिएको हुन्छ जसलाई शुन्य किनारा (Zero Edge) भनिन्छ । नक्शामा सर्भिस प्रोटेक्टरबाट डिग्री पढ्दा श्भचय भ्मनभ लाई निशानामा राखिन्छ । यसलाई सर्भिस प्रोटेक्टर ए मार्क - ३ पनि भनिन्छ ।



३. आयाताकार सर्भिस प्रोटेक्टरका फाईदाहरु

१) ६" वा १५cm सम्मको सरल रेखा खिच्न सकिन्छ ।

२) नक्शामा घ्यभबचष्लन तथा फासला नाप्न सकिन्छ ।

३) नक्शामा ६ फिगरको न्च् नाप्न सकिन्छ ।

४) विभिन्न स्केल लाईन बनाउन सकिन्छ ।

५) नक्शामा घ्यबअप घ्यभबचष्लन प्लट गर्न सकिन्छ ।

६) डायगोनल च्यानलको १ कोठाको एक भुजा बराबर सम्मको (०.०१) स्केल पनि नाप्न सकिन्छ

४. सर्भिस प्रोटेक्टरबाट घ्यभबचष्लन पढ्दा ध्यान दिनु पर्ने कुराहरु

क) Bearing पढ्ने र Bearing पढिने स्थानलाई सरल रेखाले मिलाउने ।

ख) Bearing पढ्ने स्थानमा Zero Edge लाई राखी Grid Line को समानान्तरमा सर्भिस प्रोटेक्टरलाई पार्ने ।

ग) Objective दायाँ भए बाहिर अङ्क (०० देखि १८०० सम्म) र बायाँ भए भित्री अङ्क (१८१० देखि ३६०० सम्म) पढ्ने ।

५. सर्भिस प्रोटेक्टरद्धारा नक्शामा फासला नाप्ने तरिका :-

सर्भिस प्रोटेक्टरको दुई किनारातर्फरहेका कोठाको सहायता लिएर नक्सामा एक स्थानबाट अर्को स्थान सम्मको फासला (Distance) नाप्न सकिन्छ । सर्भिस प्रोटेक्टरमा रहेका तिनै कोठाहरुको सहायताले त्यँहा रहेका १० कोठाहरु जुन प्रत्येक कोठाले नक्सामा नाप्दा वास्तविक जमिनमा १०० मिटर जाहेर गर्दछ भने कुल १० कोठाहरुको अन्तर १००X१०=१००० मिटर हुन आँउछ । दश कोठालाई समेत पुनः दश

स-साना कोठा सम्म बाँडिएको हुन्छ । यि कुराहरुलाई ख्याल राख्दै एक निशानाबाट अर्को निसाना सम्मको सरल रेखामा सर्भिस प्रोटेक्टर राखी कति कोठा ठाँउ ओगट्दछ सोही अनुसार हिसाब गरी फासला पत्ता लगाईन्छ

जस्तै : एक कोठा = १०० मिटर

दश कोठा = १००० मिटर

कम्पास (Compass) :

१. परिचय

उत्तर दिशा पत्ता लगाउने एक साधारण चुम्बकीय यन्त्रलाई कम्पास भनिन्छ । जुन डिब्बा आकारको हुन्छ । यसको बीचमा एक चुम्बकीय सुर्य हुन्छ । जसले उत्तर दिशालाई संकेत गरीरहेको हुन्छ ।

२. फाईदा

क) दिशा पत्ता लगाउन सकिन्छ ।

ख) जमिनमा कुनै पनि स्थानको चुम्बकीय वियरिङ्ग पढ्न सकिन्छ ।

ग) कम्पास र नक्शाकोे सहायताद्धारार् इन्टरसेक्सन विधिबाट टाढाको र रि-सेक्सन विधिबाट आफ्नो पोजिशन सजिलै पत्ता लगाउन सकिन्छ ।

घ) स्केचहरुमा उत्तरी रेखा खिच्ने काममा प्रयोग गर्न सकिन्छ ।

ङ) कम्पासद्धारा नक्शा सेट गरी आफ्नो पोजिशन र वरपरको जमिनी निशानाहरुको पोजिशन पत्तालगाउन सकिन्छ ।

च) दिन तथा रात दुवै समयमा कम्पासको वियरिङ्गको सहायताबाट मार्च गरी अन्जानर् इलाकामा पनि सफलता पूर्वक पुग्न सकिन्छ ।

छ) नक्शा र कम्पासको सहयोगद्धारा स्थानीय चुम्बकीय आकर्षा पत्तालगाउन सकिन्छ ।

३. कम्पासको प्रकार

उपयोगको दृष्टिकोणबाट कम्पासलाई विभिन्न भागमा विभाजन गरीएता पनि यस पाठमा केवल नक्शा अध्ययनको क्रममा प्रयोग हुने कम्पासको संक्षेपमा जानकारी गर्राईन्छ । नक्शा अध्ययनको क्रममा ३ प्रकारको कम्पास बढी प्रयोगमा ल्याईएको पाईन्छ । जुन यस प्रकार छन् ।

क) ट्राफ कम्पास :- यो कम्पास प्लेन टेबल स्केच माथि रेखा खिच्ने, प्लेन टेबललाई ओरीयन्ट गर्ने काममा प्रयोग गरीन्छ । यो आयाताकारको हुन्छ । यसको सुई चम्बकिय उत्तरबाट ५० बायाँ या दाँया घुम्न सक्दछ ।

ख) सर्भिस प्रिजमेटिक कम्पास ड्राई टाईप मार्क-८ - यो डिब्बा आकारको हुन्छ र यसको चुम्बकीय सुई हल्लिईरहने हुँदा वियरिङ्ग पढ्न अलि गाह्रो हुन्छ ।

ग) सर्भिस प्रिजमेटिक लिक्युईड "ए" मार्क, ३ (कम्पास) - फौजमा अधिकतम प्रयोग हुने कम्पास यहि हो । यसको विस्तारमा तल दिईएकोछ ।



सर्भिस प्रिजमेटिक कम्पासको किला पुर्जाको परिचय

क) रिंग नोज :- टङ्गको किरानाको कटावलाई नोज भनिन्छ । रिंग नोज र टंगनोज यी दुवै नक्शा सेट गर्ने काममा प्रयोग गरीन्छ ।

ख) टंग नोजः- लिडमा भएको त्यस भागलाई टङ्ग नोज भनिन्छ, जसले प्रिज्मको रक्षा गर्दछ ।

ग) लिड वा ढक्कन :- लिड शब्दको अर्थ ढक्कन हो । यो कम्पासको माथि रहन्छ र यसले कम्पासको हिफाजत गर्दछ । साथै यो बन्द गर्ने काममा आउँदछ । यसले डायलको सुरक्षा पनि गर्दछ ।

घ) विण्डो :- लिडको बीचमा काटिएको खालि भाग हुन्छ जसलाई विण्डको भनिन्छ । डिग्री पढ्ने समयमा यसैको बीचबाट निशाना हेरिन्छ । निशानालाई हेयरलाईनको एक सिधाईमा पर्ने गरी पढिन्छ ।

च) हिंज :- लिडलाई मुख्य भाग संग जोड्ने कब्जालाई हिंज भनिन्छ ।

छ) मिल्ड वैण्ड :- मुख्य डिब्बामा हल्लने ढक्की जस्तो एक चक्की हुन्छ र यो भाग सिसाको हुन्छ ।

ज) एरो मार्क :- डायलमा तीर जस्तो बनेको रातको समयमा चम्कने धर्कालाई एरो मार्क भनिन्छ । यो चुम्बकीय उत्तर तर्फफर्कर्ेको हुन्छ ।

झ) डाईरेक्सन मार्क :- डायल माथिको चम्कने धर्कालाई डाईरेक्सन मार्क भनिन्छ । मार्च गर्ने समयमा एरोमार्कलाई यसैै तर्फपारेर मार्च गरीन्छ ।

ट) पिवट :- एरोमार्क लगायत डायललाई अड्याउने किलालाई पिवट भनिन्छ ।

ठ) थमरिङ्ग :- प्रिज्म केशमा जोडिएको त्यस भागलाई थमरिङ्ग भनिन्छ, जसमा डिग्री पढ्ने समयमा बुढि औंला राखिन्छ ।

ड) लुभर लाईन :- कम्पासको डायलमा रहेको कालो रेखा जुन डिग्री पढ्ने तथा नक्शा सेट गर्ने काममा प्रयोग गरीन्छ ।

ढ) हेयर लाईन :- विण्डोको बीचौं बिच भागमा कपालको रौं जस्तो एक सिधा रेखा हुन्छ त्यसलाई हेयर लाईन भनिन्छ । डिग्री पढ्ने समयमा निशानालाई यहि रेखाको मध्ये भागमा पारी डिग्री पढिन्छ ।

ण) आई लेन्स :- कम्पासमा रहेको गोलो सिसाको त्यो भाग जहाँबाट डिग्री पढ्ने समयमा डायल माथि काटिएको डिग्री आँखाले आईलेन्स्ाबाट पढ्छौ । लेन्सले अङ्कलाई ठूलो पारी देखाउदँछ ।

त) आई पिस :- आई लेन्सको माथि काटिएको भागलाई आई पिस भनिन्छ ।

थ) डायल : सिसाको ढक्कन मुनि सेल्युलाईडको एक चक्की हुन्छ, जुन मुख्य बटनमा जोडिएको हुन्छ । यस माथि एरो मार्क, पछाडी दायाँ बायाँ तर्फदिशाको नाम लेखिएको हुन्छ तर उत्तरमा भनें नाम लेखिदैंन किनकी यसको र्सर्ूइ जहिले पनि उत्तर तर्फनै फर्किरहेको हुन्छ ।

५. कम्पासबाट वियरिङ्ग पढ्ने तरिका

क) दाँया हातको बुढी औंला थमरीङ्गमा घुर्साई लिडलाई ९० डिग्रीको कोणमा उठाएर विण्डोबाट जमिनी निशानालाई हेर्नु, यसबेला त्यस निशाना र हेयर लाईन ठीक बीचमा हुनुपर्दछ ।

ख) यति बेला लुभर लाईनले जुन अंकलाई कभर गर्दछ त्यति नै त्यस निशानाको वियरिङ्ग हुन्छ ।

६. कम्पासबाट वियरिङ्ग पढ्ने समयमा ध्यान राख्नुपर्ने कुराहरु

क) लिडलाई ठीक ९० डिग्रीको कोणमा उठाईमिल्ड बेण्डलाई ठीक तरहले सिधाईमा राख्नु ।

ख) कम्पासलाई चुम्बकको सुचालक वस्तुहरुको नजिक नराख्नु ।

ग) जमिन मुनिको चुम्बकीय वस्तुहरुले गर्दा पनि कम्पासले सही वियरिङ्ग पढ्नुको अलवा फरक फरक वियरिङ्ग पढ्दछ । यदि अस्वभाविक वियरिङ्ग पढेमा पुनः परीक्षण गरीहाल्नु पर्दछ ।

घ) कम्पासले वियरिङ्ग पढ्दा कम्पासको हेण्डलिङ्ग राम्रो हुनु पर्दछ । यदि हेण्डलिङ्ग राम्रो नभएमा सही वियरिङ्ग पढ्न सकिदैन ।

७. कम्पास सेट गर्ने तरिका

क) मिल्ड बेण्डलाई यस प्रकार घुमाउनु कि लुभर लाईनले तोकिएको अंकलाई कभर गरोस्, यति बेला डाईरेक्सन मार्क र एरोमार्क एक सिधाईमा हुनुपर्दछ ।

ख) दिएको वियरिङ्गलाई डाईरेक्सन मार्क सँग कभर गराएर पनि कम्पास सेट गर्न सकिन्छ ।

८. कम्पासले डिग्री पढ्दा आइपर्ने कठिनाई तथा त्यसको समाधान

कुनै कम्पासले सही वियरिङ्ग नपढी कहिले काहीं घटि वा बढी वियरिङ्ग पढ्दछ । त्यसो हुनुको मुख्य दुई कारणहरु छन् ।

क) स्थानीय चुम्बकीय आकर्षा (Local Magnetic Attraction):- जमिन मुनी भएका चुम्बकीय वस्तुहरुले गर्दा कम्पासले सही डिग्री नपढी घटि या बढि देखाउँछ, यसैलाई स्थानीय चुम्बकीय आकर्षा (LMA) भनिन्छ । जब कम्पासले एउटै निशानालाई कहिले बढि, कहिले घटि पढ्दछ भने त्यस समय कुनै निशानाको वियरिङ्ग पढ्नु र पढिएको वियरिङ्गबाट व्याक वियरिङ्ग निकाल्नु । अब त्यस स्थानमा गई पहिलाको व्याक वियरिङ्ग र पछि पढेको वियरिङ्गमा अन्तर परेमा त्यहाँ कुनै चुम्बकीय वस्तुले असर पारेको रहेछ भन्ने थाहा हुन्छ ।

ख) कम्पासको आफ्नो गल्ती (Individual Compass Error)::- गलत हैण्डलिङ्ग तथा कम्पासको पार्टपुर्जाले सही किसिमले काम नगर्दा कम्पासले सही वियरिङ्ग पढ्न सक्दैन । यसैलाई कम्पासको आफ्नो गल्ती (ICE)

भनिन्छ । यस्तो अवस्थामा कम्पासको नजिक कुनै चुम्बकीय वस्तु राखी दिनु र चेक गर्नु कम्पासको एरोको हर्कत हेर्नु । यदि कम्पासको चुम्बकीय सुर्य अधिक चल्यो या चल्दै चलेन भने कम्पासको आफ्नो गल्ति (ICE) रहेछ भन्ने बुझनु पर्दछ । त्यस कम्पासलाई अलग राख्नु पर्दछ ।

कन्भेन्सनल साईन र मिलिटरी सिम्बोल

कन्भेन्सनल साईन (CONVENTIONAL SIGN)

१. परिभाषा

जमिनको कुनै पनि बस्तुलाई कागजमा चित्रण गर्दा त्यसको वास्तबिक स्वरुप चित्रण गर्न कठिनाई हुन्छ । त्यसैले त्यस्ता बस्तुलाई सांकेतिक रुपमा चित्रण गरीन्छ । नक्शामा धरातलको कुनै पनि वनावटी तथा प्राकृतिक निशानाहरुलाई देखाउनको लागी सर्भे विभागद्धारा निश्चित गरीएका परम्परागत चिन्हहरुलाई निश्चित चिन्ह Conventional Sign भनिन्छ ।

२. Conventional Sign **प्रयोग गर्दा हुने फाईदाहरु :-**

क) विस्तृत वस्तुलाई पनि नक्शामा संकेतद्धारा देखाउन सजिलो हुन्छ ।
ख) निशानाहरु सँग मिल्दो जुल्दो हुनाले बुझ्न सजिलो हुन्छ ।
ग) बिभिन्न प्रतिवेदनहरुमा प्रयोग गर्न सजिलो हुन्छ ।
घ) बनाउन विशेष दक्षताको आवश्यकता पर्दैन र समय पनि कम लाग्छ ।
ङ) प्रत्येक नक्शामा चिन्ह प्रयोग गर्ने विधिमा समानता आउँछ ।
च) यसको प्रयोगले नक्शा तथा स्केच सफा हुन्छ ।

३. Conventional Sign **बनाउने विधि :-**

Conventional Sign ४ तरिकाबाट बनाईन्छ ।

क) चिन्ह बनाएर

- प्लेन भ्यू -प्लेन बाट हेर्दा जस्तो देखिन्छ त्यस्तै उतारिन्छ)
- एलिभेसन -खडि रुपमा हेर्दा जस्तो देखिन्छ त्यस्तै उतारिन्छ)
- भावानात्मक -यूद्ध मैदान, शुरुङ्ग, मरुभुमि)

ख) चिन्हको साथमा नाम लेखेर

कुनै निशानाहरु आपसमा समान देखिन्छन् । त्यस्ता निशानालाई आपसमा भिन्न् देखाउनको लागी चिन्हको साथमा नाम लेख्नु पर्दछ । जस्तै स्मारीका, चिम्नी आदि ।

ग) रङ्ग द्धारा :-

सबै चिन्हका साथमा नाम लेख्दा नक्शा तथा स्केच भद्धा हुने हुँदा रङ्गद्धारा पनि चिन्ह जाहेर गरीन्छ । जस्तै :

- खोला, पानीको चश्मा - निलो रङ्गद्धारा ।
- घर, बाटो, हस्पिटल - रातो रङ्गद्धारा ।
- बन जंगल - हरियो रङ्गद्धारा ।
- खेति ईलाका - पँहेलो रङ्गद्धारा ।
- सिमाना- कालो रङ्गद्धारा ।

घ) नाम मात्र लेखेर :-

कतिपय निशानाहरु चिन्ह नबनाई वा बनाउन कठिनाई भएमा नाम मात्र लेखिन्छ । यसरी नाम मात्र लेख्दा अंग्रेजी अक्षरको ठूलो अक्षरमा लेख्नु पर्दछ । जस्तै :- साधरण एरियालाई - A

४. संकेतको स्केल

साधरणतया चिन्हहरु बनाउँदा निम्न स्केलमा बनाईन्छ ।

- वृत्ताकार चिन्हहरु - ४ mm - कुवा वा चिम्नी)
- बर्गाकार चिन्ह - ४X४ mm
- आयतकार चिन्ह – ४X६ mm
- लम्बाकार आकृतिहरु - २ mm चौडाई-बाटो, रेलवे लाईन)

५. नक्शामा प्रयोग हुने चिन्हहरु

क) नाम मात्र लेखेर वा चिन्हको साथमा नाम लखेर :-

सि.न.	नाम	संकेत
१	पोष्ट अफिस	P.O.
२	टेलिग्राम अफिस	T.O.
३	पोष्ट र टेलिफोन अफिस	P.T.O.
४	रेष्ट हाउस	R.H.
५	डाँक बंगाला	D.B.
६	क्याम्पिङ्ग ग्राउण्ड	C.G.
७	रिजर्भ फरेष्ट	R.F.
८	रेल्वे स्टेसन	R.S.
९	पुलिस स्टेसन	P.S.
१०	जंगलको रेष्ट हाउस	F.R.H.
११	इन्फेक्सन बंगला	I.B.
१२	चैत्य	K.G.
१३	प्रोटेक्टिभ फरेष्ट	P.F.
१४	सर्किट हाउस	C.H.

(ख) केबल चिन्ह बनाएर देखाइने संकेतहरु :-

रातो रङ्गद्धारा बनाउने संकेतहरु :

सिंन.	नाम	संकेत	सि.नं	नाम	संकेत
१	मंन्दिर		१०	पक्की सडक	
२	गिर्जा घर		११	घर	
३	प्यागोडा (माने)		१२	कच्ची सडक	
४	इतगाह (पंजावीको मंन्दिर)		१३	घोरेटो बाटो	
५	मष्जित		१४	गोरेटो बाटो	
६	घण्टा घर		१५	पुल पक्की बाटोमा	
७	खुल्ला ठाँउ		१६	झोलुङ्गे पुल	
८	पर्खालले घेरेको गाँउ		१७	सुरुङ्ग बाटो निकालिएको बाटो	
९	लाईट हाउस				

कालो रङ्गद्धारा बनाइने चिन्हहरु

सि.नं.	नाम	संकेत	सि.न.	नाम	संकेत
१	उजाड स्थान		२०	ट्रिगोनल हाईट	
२	किल्ला		२१	तार	XXXXX
३	गुफा		२२	लो वायर	XXXXX
४	युद्ध मैदान		२३	High ware	XXXXXX
५	कब्रिस्थान		२४	Single ware	XXXXX
६	तेलको कुवा		२५	Double ware	XX XX XX
७	स्मारक		२६	कन्सन्ट्रिना वायर	
८	चिम्नी		२७	डबल कन्सट्रिना वायर	
९	बाउण्ड्री (पिलर)		२८	वायु पंख	

१०	बाउण्ड्री (निर्माणाधिन प्रस्ताबित)		२९	हवाइ अड्डा, एयरपोर्ट	
११	चाँदमारी (Long Range)		३०	सर्वे ट्री	
१२	चाँदमारी (Short Range)		३१	हवाई मार्ग	
१३	सुख्खा कुवा		३२	बन्दरगाह	
१४	रियन्ट्रेन		३३	स्कूल	
१५	बाँध		३४	कटाउ (खैरो रङ्ग)	
१६	टेलिफोन लाईन		३५	भराउ (खैरो रङ्ग)	
१७	विजुलीको लाईन		३६	पुलिस युनिट	
१८	जिल्ला सिमाना		३७	कन्टुर (खैरो रङ्ग)	
१९	अन्तराष्ट्रिय सिमाना		३८	भू-आकृति(खैरो रङ्ग)	

निलो रङ्गद्धारा

सि.नं.	नाम	संकेत	सि.नं.	नाम	संकेत
१	खोला/नदी		४	पानीको पाइप लाईन	
२	पानीको कुवा		५	नहर सुरुङ्गबाट विना कटाउ र कटाउ भएको	
३	पानीको मुहान		६	नहर कटाउ र भराउ भएको	

हरीयो रङ्गद्धारा

सि.नं.	नाम	संकेत	सि.नं.	नाम	संकेत

१	दलदल इलाका		३	बगैंचा (बाउण्डी भित्र)	
२	रुख जंगल		४	बाँसको झ्याङ्ग	

सैनिक संकेत (MILITARY SYMBOL)

१. परिचय

फौजको विभिन्न फर्मेशन, हतीयार तथा ट्याक्टिकल गतिविधिहरुलाई दर्शाउन प्रयोग गरीने संकेतहरुलाई सैनिक संकेत भनिन्छ । यसलाई आर्मी हेडक्वार्टरले निर्माण गर्दछ र विभिन्न युनिट तथा सब युनिटहरुमा पठाँउदछ । सुरक्षाको दृष्टिकोणले यसलाई समय समयमा पवित्तन गरीरहन सकिन्छ ।

२. रंगको प्रयोग

सैनिक संकेतमा निम्न अनुसारको रंग प्रयोग गरीन्छ ।

क) रातो रङ्ग - शत्रुको फौज र गतिविधि देखाउन ।

ख) निलो रङ्ग - आफ्नो र मित्र देशको सेनाको लागी ।

ग) हरियो रङ्ग - अब्स्ट्रेकल, माईन फिल्ड देखाउन ।

घ) पँहेलो रङ्ग - दुषितर् इलाका देखाउन ।

ङ) कालो रङ्ग - सिमाना देखाउन ।

रंग नभएको खण्डमा आफ्नो र मित्र देशको सेनाको लागी सिंगल र शत्रु देशको लागी डबल रेखाद्धारा जाहेर गर्न सकिन्छ ।

जस्तै :



३. प्रकार

सैनिक संकेतहरुलाई साधरणयता निम्न प्रकारमा बाँड्न सकिन्छ ।

क) युनिट तथा फर्मेशनहरुको आधार संकेत

ख) युनिट तथा फर्मेशनहरुको सर्साईज संकेत

ग) ट्याक्टिकल संकेत ।

घ) हतीयार संकेत

ङ) विविध संकेत ।

४. सैनिक संकेतको नाप

सैनिक संकेतको नाप निम्न अनुसार छ ।

क) आयतकार संकेतको लागि - ६X४ मि.मी.

ख) वृत्तकार संकेतको लागि - ४ मि.मि. व्यास ।

ग) त्रिभुजकार संकेतको लागि - १ बाहुको लम्बाई ४ मि.मी.

घ) बर्गाकार संकेतको लागि - ४X४ मी.मी.

१) युनिट तथा फर्मेशनहरको आधार संकेत

क) स्थान जाहेर गर्ने तरिका

१	कुनै पनि फर्मेशन, युनिट, सबयुनिट		१	युनिट, सव युनिट फर्मेशनहरु एकै ठाँउमा रहेमा	
२	हेडक्वाटर्स		२	हेडक्वार्टरको साथमा अन्य युनिट	
३	स्टाटीक फर्मेसन/कम्युनिकेसन जोन फर्मेशन युनिट हे.क्वा.		३	एक भन्दा बढि हे. क्वाटर एकै ठाँउमा	
४	अब्जरभेसन पोष्ट		४	एक भन्दा बढि युनिट इन्स्टालेशन एकै स्थानमा रहेमा	
५	वन्दोवस्ती वा लजिस्टिक		५	संकेतको साथ स्थान जाहेर ।	

(ख) युनिट तथा फर्मेसनहरुको साइज संकेत

१	डिट्याचमेण्ट	०	७	ब्रिगेड	X
२	सेक्सन	.	८	डिभिजन	X X
३	प्लाटुन	...	९	कोर	X X X
४	कम्पनी	।	१०	आर्मी	X X X X
५	बटालियन	॥	११	आर्मी ग्रुप	X X X X X
६	फर्मेशन	॥।			

(ग) विभिन्न आर्मसहरुको संकेत

१	घोडा सवार (क्याभीलरी)		१७	एयर बोन	
२	आरमर		१८	एयर अब्जरभेसन	

३	आर्टीलरी (फिल्ड ब्रान्च)		१९	एन्फिबियस	
४	आर्टीलरी (एयर डिफेन्स्)		२०	एयर डिफेन्स	
५	ईन्जिनियर्स		२१	एण्टि ट्याङ्क	
६	सिग्नल		२२	आर्मी एभाइटेसन	
७	इन्फेट्री		२३	इलेक्ट्रिकल वारफेर	
८	सप्लाइ र ट्रान्सपोर्ट		२४	लोकेटिङ्ग आर्टीलरी	
९	मेडिकल		२५	नेभी	
१०	अर्डन्यान्स		२६	मेडिकल (बिरामी लिने)	
११	ई.एम.ई.(ईलेक्ट्रोनिक मेकानिकल ईन्जिनियर्स)		२७	मेडिकल (बिरामीनलिने)	
१२	फिल्ड सेक्युरिटी		२८	माउण्टेन	
१३	ईन्टेलिजेन्स		२९	न्यूक्लियर	
१४	ईन्टेलिजेन्स र फिल्ड सेक्यूरिटी		३०	प्याराच्यूट	
१५	मिलिटरी पुलिस		३१	सर्भे	
१६	पाइनियर्स		३२	ट्राफीक रेगुलेशन	

(घ) साईज, आधार र नामको संयुक्त प्रयोग

१	एक इन्फेट्री वटालियन		६	A ब्याट्री ७५ /२४ ईन्च हाउजर राजदल गण	

२	A कम्पनि कालिका गण	 A, कालिका	७	टयाक्टीकल हे.क्वा. ९माउण्टेण्ट ब्रिगेड	
३	प.प्र. गणको ८१ मि. मि. प्लाटुन		८	रिगर हे.क्वा. नं. ५ ब्रिगेड	
४	पशुपति बाहीनी हेडक्वाटर		९	मुख्यालय न. ६ ब्रिगेड	
५	नं. ३ अनाश्रित लाईट व्याट्री	उ.			

(ङ) अट्याचमेण्ट र डिट्याचमेण्ट

१	एक इन्फेन्ट्री बटालियन रि-इन फोर्समेन्टको साथ		३	२ कम्पनि बढि एक ईन्फेन्ट्री बटालियन	
२	एक प्लाटुन बढी, एक ईन्फेन्ट्री कम्पनी		४	२ इन्फेन्ट्री डीभको नं. २ आर्टीलरी ब्रिगेड	

२. ट्याक्टीकल सिम्वोल

(क) बाउण्ड्री

१	एक डिभिजनको बाउन्ड्री		४	सानो र ठूलो फर्मेसनको साथै बाउन्ड्री भएमा ठूलो फर्मेसनको साइज संकेत लगाईन्छ ।	
२	एक इन्फेन्ट्री गणको बाउन्ड्री		५	समन्वय /जंसन	
३	बाउड्रीको साथ नाम (न. १ ब्रिगेड)		६		

(ख) अब्जरभेसन पोष्ट

१	आर्टीलरी ओ.पी.		३	एयर ओ.पी.	
२	इन्फेन्ट्री ओ.पी.		४	शत्रुको ८१ मि.मि. को ओ.पी.	

(ग) एरिया स्म्बल

१	एक प्लाटुनको एरिया (डिफेन्समा)		१	नाजुक प्लाटुन जाहेर गर्ने तरीका	

२	एक प्लाटुन एरिया (नन डिफेन्समा)		२	भेल्नेरेवल एरिया	

(घ) आर्क अफ फायर

१	कुनै पनि हतीयारको आर्क अफ फायर		३	MMG को आर्क अफ फायर र फिक्स लाईन्	
२	एल.एम.जि.को आर्क अफ फायर		४	ईन्फेन्ट्री हेभि एण्टि ट्याङ्क गनको फिक्स लाईन्	

(ङ) किल्लाबन्दी

१	कुनै पनि ट्रेन्चहरु		६	स्ट्रङ्ग प्वाईन्ट	
२	ट्रेन्च फायरिङ्ग साथ		७	किल्ला बन्दी	
३	सर्फेस सेल्टर		८	इम्प्लेसमेण्ट	
४	अण्डर ग्राउण्ड सेल्टर		९	फोर्ट	
५	पिल बक्स		१०	४ मिडियम मोर्टर इम्प्लेसमेण्ट	

(च) तार अब्स्ट्रेकल

१	किसिम थाहा नभएको		५	डबल फेन्स	
२	कन्सट्रिना (सिंगल)		६	लो वायर फेन्स	
३	कन्सट्रिना (मल्टीपल)		७	हाई वायर फेन्स	
४	सिंगल फेन्स		८	ट्रिप वायर	

१	किसिम थाहा नभएको		६	एण्टी पर्शनल माईन ट्रिप वायरको साथ	
२	एण्टी पर्सनल		७	एण्टी ट्यांङ्क माइनको रो	
३	एण्टी ट्यांङ्क		८	एण्टी पर्शनल माइनको रो	
४	डबल एण्टी ट्यांङ्क		९	ए.पि. र ए.टि. माईन फिल्ड (४००)	

५	बुबी ट्र्याप्स र डबल एण्टी ट्यांङ्क माईन		१०	६०० एण्टि ट्यांक माईन फिल्ड	

(छ) माईन अब्स्ट्रेकल

३. हतीयार र एम्युनेशन संकेत

हतीयारको नाम ╲ साईज		लाइट	मिडियम	हेभी
१	मेशिन गन			
२	मोर्टर			
३	एण्टी एयर क्राफ्ट मेशिन गन			
४	इन्फेन्ट्री एण्टी ट्यांक हतीयार			
५	इन्फेन्ट्री एण्टी ट्यांक रकेट लन्चर			
६	आर्टी गन हाउजर			
७	हाउजर			
८	गन (एण्टी ट्यांक रोलमा)			
९	रकेट लन्चर (आर्टी)			
१०	गन (एण्टी एयर क्राफ्ट रोलमा)			
११	फ्लेम थ्रोबर			
१२	मिशाईल			

कुनै पनि हतियारको आर्क अफ फायर :

एल.एम.जी.को आर्क अफ फायर :

१	जुनसुकै प्रकारको एम्युनेशन		६	हस्पिटल	
२	एयर फोर्स एम्युनेशन		७	हवाई जहाजको फ्यूल	
३	आर्टीलरी एम्युनेशन		८	बाँकी किसिमको फ्यूल	

४	रकेट गाइडेड मिशाईल		९	ईन्धन	
५	स्मल आर्मस एम्युनेशन		१०	पानी	

एम्युनेसन संकेत

४. विविध सिम्बल

१	माइक्रोफोन		११	हेलिकोप्टर	
२	रडार स्टेसन		१२	एयर क्राफ्टको पेट्रोल ईलाका	
३	रेडियो स्टेसन		१३	एयर फिल्ड	
४	रेडियो रिले स्टेशन		१४	हेलिप्याड	
५	टेलिभिजन		१५	बम्ब लाइन	BL.....BL
६	रेडियो नेट		१६	गन फायर ईलाका	
७	फाईटर		१७	सर्च लाईट	
८	फाईटर बम्बर		१८	वेदर स्टेशन	
९	बम्बर		१९	तारगेट एरिया	
१०	रेकी				

नक्सा सेट गर्नु र आफ्नो पोजिशन पत्ता लगाउनु

१. परिभाषा :- नक्शाको उत्तरलाई जमीनको वास्तविक उत्तर सँग मिलाउने कार्यलाई नक्शासेट (Orientation of Map) भनिन्छ ।

२. नक्शा सेट गर्ने तरिका :-

नक्शा सेट गर्ने विभिन्न तरिका छन् । ति मध्ये केहि तरिकाहरु निम्न छन् ।

(क) कम्पासद्धारा ।

(ख) जमिनी निसानको मद्धतबाट वा बिना कम्पासबाट ।

(ग) उत्तर पत्ता लगाउने अरु साधनहरु बाट ।

(क) कम्पासद्धारा :- यदि हाम्रो साथमा कम्पास छ भने त्यसद्धारा नक्शासेट गर्न निकै सजिलो हुन्छ । नक्शामा खिचिएको कालो लाईन अथवा ग्रीड लाईन -देशान्तर रेखा) मा कम्पास लाई पुरा खोली टङ्ग नोज र रिङ्ग नोज मिलाई राख्ने नक्शालाई यति सम्म दायँा बायँा घुमाउनेकी जबसम्म कम्पासको एरो माथि लुवर लाईन सिधा हुदैंन । अब लुवर लाईन र एरोमार्क एक लाईनमा पर्दछ भने यति बेला नक्शा ठीक सेट हुन्छ । यसरी नक्शासेट गर्दा निम्न कुराहरुको ख्याल राख्नु पर्दछ ।

(अ) ग्रिड लाईन -देशान्तर रेखा) तथा नक्शामा खिचिएको चुम्वकिय रेखा माथि कम्पासलाई राख्दा कम्पासको टङ्गनोज र रिङ्गनोजले रेखालाई सिधा कभर गरेको हुनुपर्दछ ।

(आ) नक्शालाई समथल जमिनमा राख्नु पर्दछ । ताकी कम्पासको डायलले स्वतन्त्र हर्कत गर्न सकोस् यदि भिरालो जमिन भएमा कम्पासको डायलको हर्कतमा रोकावट हुन्छ ।

(इ) कम्पासको आफ्नो गल्ती र स्थानीय चुम्वकिय आकर्षाको ख्याल राख्नु पर्दछ ।

उत्तरी रेखाको सहायताबाट कम्पासद्धारा नक्शा सेट गरे जस्तै बिना उत्तरी रेखाबाट पनि नक्शा सेट गर्न सकिन्छ । यस विधिमा जमिनको कुनै महशुर निशानालाई कम्पासद्धारा वियरिङ्ग पढिन्छ । जुन निशाना नक्शामा पनि होस् । त्यस निशाना र आफ्नो पोजिशनलाई सरल रेखाले मिलाई त्यो रेखा माथि कम्पास राखेर खोलिन्छ । जब जमिनमा कम्पासले पढेको वियरिङ्गलाई लुवरलाईनले कभर गर्दैन तब सम्म कम्पास सहीतको नक्शालाई दायँा वायँा तर्फघुमाईन्छ । यसैबाट नक्शा सेट हुन्छ ।

(ख) जमिनी निशानाको मद्धतबाट :- यस विधिमा निम्न अवस्थामा नक्शासेट गर्न सकिन्छ ।

(अ) नक्शामा आफ्नो पोजीसन ज्ञान नहुदा : यसमा पनि २ वटा तरिकाहरु छन् ।

(i) चारै तिरको निशानाबाट :- यस विधिमा जमिनको चारै तर्फो निशानाहरु चुनिन्छ । जुन नक्शामा पनि स्पष्ट चिन्न सकिने होस् । जमिनमा ती निशानाहरु जुन दिशा तर्फछन् नक्शाको ती स्थानहरुमा वा डिटेलहरुलाई त्यसै दिशा तर्फमिलाएर पनि साधारण तथा नक्शा सेट गरीन्छ ।

(ii) लम्बाकार निशानाहरुबाट :- सडक नदी तथा रेल्वे लाईनहरु जस्ता लम्बाकार निशानाहरु जुन नक्शामा पनि देखिएको हुन्छ । ति नक्शाका निशानाहरुसँग जमिनी निशानाहरुलाई एक आपसमा समानान्तर पारी मिलाउने ।

(आ) नक्शामा आफ्नो पोजिसन ज्ञान हुँदा :- यस विधिमा जमिनमा विभिन्न दिशामा ३ वटा वा सो भन्दा बढी निशानाहरु चुन्नु, जुन नक्शा र जमिन दुवै स्थानमा होस् । नक्शाको आफ्नो पोजिशन जमिनको निशाना जुन नक्शामा देखाएको हुन्छ, सो जमिनको वास्तविक निशानालाई आपसमा सिस्ता मिलाई हेरेर पनि नक्शा सेट गरीन्छ ।

(ग) उत्तर पत्ता लगाउने अन्य साधनहरुबाट :-

उत्तर पत्ता लगाउने अन्य साधनहरुद्धारा पनि लगभग नक्शा सेट गर्न सकिन्छ । उत्तर पत्ता लगाउने विधि वा साधनको बारे विस्तृत विवरण दिशा र डिग्री नामक पाठमा दिईएको छ । यस पाठमा छायँाको सहायताबाट नक्शा सेट गर्ने विधि बारे प्रकाश पारीएको छ ।

(अ) छायाको सहायता बाट नक्शा सेट गर्ने तरिका :-

सुर्यको छाया प्रति घण्टा १५° र्सदछ । दिउसो ठीक १२ बजे सुर्यको छाँया उत्तर तर्फपर्दछ । १२ वजे भन्दा अगाडी सुर्ययको छाँया पश्चिम तर्फहुन्छ, भने, १२ वजे पछि पूर्व तर्फर्सदै जान्छ । यस विधि अन्तरगत नक्शामा खिचिएको देशान्तर रेखा वा ग्रीड लाईनको कुनै बिन्दुबाट समयको हिसाब गरी कति डिग्रीमा छाँया पर्दछ । त्यस डिग्रीमा रेखा खिची सो रेखा माथी छाँया पर्ने किसिमले नक्शालाई हर्कत गराएमा नक्शा सेट हुन्छ । यसको लागि कुन महिनामा र्सर्ूयको छाँया कहाँ पर्दछ, सो बारे ज्ञान हुनु पर्दछ । र्सर्ूयको छाँयाको रेखा खिच्दा १२ वजे भन्दा पहिला छ भनें प्रति घण्टा १५° को दरले जोडी त्यसमा ३६० घटाउनु पर्दछ र १२ बजे पछि प्रति घण्टा १५° को अन्तरलाई जोडी ३६० मा जोड्नु पर्दछ । जस्तो विहान १० बजेको लागि १२-१०=२ घण्टा, प्रतिघण्टा १५° को फरक ले १५+१५=३०°

३६०-३० = ३३० (विहान १० बजे सुर्यको छाया लगभग ३३०° मा पर्दछ ।

दिनको २ बजेको लागि १२+२ घण्टा =२ बजे प्रति घण्टा १५° को दरले १५+१५=३०°, ३६०+३०=३०° ,दिनको २ बजे सुर्यको छाँया लगभग ३०° मा पर्दछ ।

आफ्नो पोजिशन पत्ता लगाउने तरिका:

१ परिभाषा

जमिनमा जुन स्थानमा आफु उभिएको छ त्यस स्थानलाई नक्शाको यथास्थानमा पत्ता लगाउने कार्यलाई नक्शामा आफ्नो पोजिशन पत्ता लगाउनु भनिन्छ ।

२. आफ्नो पोजिशन पत्ता लगाउने विधिहरु

(क) जमिनि डिटेलहरुबाट

(ख) रि-सेक्सन विधिबाट

(ग) ट्राई सेक्सन विधिबाट

(घ) ट्रेस पेपर विधिबाट

(क) जमिनि डिटेलहरुबाट -

(i) सेट भएको नक्शामा विपरीत दिशाहरुमा ३/४ वटा निशानाहरु चुन्ने, जुन निशानाहरु जमिनमा पनि प्रष्ट चिनीएको होस् । ति निशानाहरुलाई नक्शामा आपसमा मिलाई जमिनमा पनि कल्पित रेखाहरु खिची

आपसमा मिलाईन्छ । नक्शामा विपरीत दिशाबाट खिचिएका रेखाहरु आपसमा जहाँ काटिन्छन त्यही आफ्नो पोजिशन हुन्छ ।

(ii) जमिनी निशाना र नक्शामा दिईएको निशानाहरुको तुलनात्मक गौण अध्ययन गरेर पनि नक्शामा आफ्नो पोजिशन ज्ञान गर्न सकिन्छ । नक्शा र जमिनी निशानाहरुको तुलनात्मक अध्ययन निम्न बिषयहरु माथि गरीन्छ ।

a) Distance &Bearing
b) Height
c) Structure of details

(ख) ट्रेस पेपर विधिबाट- यस विधिबाट नक्शामा आफ्नो पोजिशन पत्ता लगाउन २ भिन्ना भिन्नै निशानाहरुको कम्पासद्धारा वियरिङ्ग पढि उक्त वियरिङ्गलाई ट्रेस पेपरमा प्लट गरीन्छ । यी दुवै निशानाहरुको जमिनी फासलालाई अनुमान गरी उक्त जमिनी फासलालाई नक्शाको स्केलमा रुपान्तरण गरी ट्रेस पेपरमा चिन्ह लगाईन्छ । अब त्यो ट्रेस पेपरलाई नक्शामा सोही निशानाहरु माथि पर्ने गरी राखिन्छ । जहाँ २ भिन्न दिशाबाट खिचिएका सरल रेखाहरु काटिन्छन्, त्यहीं आफ्नो पोजिशन हुन्छ ।

(ग) रि-सेक्सन विधिबाट- यो विधिबाट आफ्नो पोजिशन पत्ता लगाउन दुई भिन्ना भिन्नै दिशामा अवस्थित निशानाहरुको कम्पासद्धारा वियरिङ्ग पढि, उक्त वियरिङ्गलाई ग्रिड वियरिङ्गमा रुपान्तर गरी पहिला वियरिङ्ग पढेको स्थानको ब्याक वियरिङ्ग निकालेर रेखा तान्ने विधिलाई रि-सेक्सन विधि भनिन्छ । यसको लागि तलको चित्र हेर्नुहोस् । मानौं हामीले रि-सेक्सनको लागि बिपरित दिशामा अवस्थित ब् लियौं जुन निशाना नक्शा र जमिन दुबैमा स्पष्ट चिनिएको हुनु पर्दछ । अब जमिनमा उक्त निशानालाई कम्पासबाट :घ ३३०० पढियो । उक्त :घ लाई नक्शामा दिईएको सूचनाको आधारमा हिसाब गरी त्यसलाई ग्रिड वियरिङ्गमा परिणत गरौं । **म्याग्नेटिक वियरिङ्गलाई ग्रिड वियरिङ्गमा परिणत गर्दा १° जोड्नु पर्दछ र ग्रिड वियरिङ्गलाई म्याग्नेटिक वियरिङ्गमा परिणत गर्दा १° घटाउनु पर्दछ ।** उक्त वियरिङ्ग ३३०°+१°= ३३१° हुन्छ । अब उक्त A को ३३१°लाई ब्याक वियरिङ्गमा परिणत गर्दा ३३१°- १८० = १५१° हुन्छ । नक्शामा देखाईएको A स्थानबाट सर्भिस प्रोटेक्टरको सहायताले १५१° मा मार्क लगाई बनाईएको मार्क नक्शाको A लाई आपसमा मिलाउदै सरल रेखा खिच्ने । त्यहि विधि जस्तै B को वियरिङ्गलाई पनि नापौं । अब A र B दुबै भिन्ना भिन्नै दिशाबाट आएका रेखाहरु जुन बिन्दुमा काटिन्छन् । यहि काटीएको बिन्दु नै नक्शामा आफ्नो पोजिशन हुन्छ । जस्तै :-



रि-सेक्सन गर्दा ध्यान दिनु पर्ने कुराहरु -

(१) दुईवटा निशानाहरुको कोणात्मक दूरी ३०° भन्दा कम र १५०° भन्दा बढि हुनुहुदैन अर्थात ३०° भन्दा बढि र १५०° भन्दा कम हुनु पर्दछ । अन्यथा सरल रेखाहरु आपसमा काटिंदा लामो स्थान ओगट्ने र वास्तविक पोजिशन पत्तालगाउन कठिन पर्दछ ।

-२) कम्पासले वियरिङ्ग पढ्दा ICE / LMA को ख्याल राख्नु पर्दछ ।

(३) Back bearing निकाल्दा Forward Bearing १८०° भन्दा बढी भएमा त्यसबाट १८०° घटाउने र १८०° भन्दा कम भएमा १८०° जोड्नु पर्दछ, किनकी वियरिङ्ग जम्मा ३६०° सम्म हुन्छ ।

(४) नक्शामा रेखा खिच्दा मसिनो रेखाको प्रयोग गर्नु पर्दछ ।

(घ) ट्राई सेक्सन विधिबाट- यस विधिबाट नक्शामा आफ्नो पोजिशन पत्ता लगाउन ३ भिन्ना भिन्नै निशानाहरुको ग्रिड वियरिङ्गबाट ब्याक वियरिङ्ग सम्म रेखा खिचि आफ्नो पोजिशन पत्ता लगाईन्छ । यसरी आफ्नो पोजिशन पत्ता लगाउँदा ति ३ रेखाहरु आपसमा जहाँ काटिन्छन् त्यो नै आफ्नो पोजिशन हुन्छ । यो विधि रि-सेक्सन विधि भन्दा बढि विश्वसनिय हुन्छ । सम्पूर्ण कारवाही रि-सेक्सन सो सरह नै गरीन्छ, तर तीन स्थानबाट रेखाहरु कहिले कम्पासको गल्ती, कहिले नक्शाको त्रुटी र कहिले आफ्नो मानविय गल्तीको कारणले गर्दा रेखाहरु एउटै विन्दुमा नकाटिई त्रिभुजको रचना हुन आउँछ । जसलाई त्रुटीको त्रिभुज भनिन्छ ।

(i) त्रुटिको भित्रि त्रिभुज - आफ्नो पोजिशन पत्तालगाउन चुनीएका ३ निशानाहरु पोजिशनको चारैतिर फैलिईएका छन् भन्ने त्यस अवस्थामा त्रिभुजको निर्माण हुन आउँछ त्यस त्रिभुजलाई त्रुटिको भित्री त्रिभुज भनिन्छ । यस्तो अवस्थामा वास्तविक पोजिशन त्रिभुजको ठीक बीचमा हुन्छ ।

(ii) त्रुटीको बाहिरी त्रिभुज - आफ्नो पोजिशन पत्ता लगाउनको निमित्त चुनिएका निशानाहरु एकै तर्फवा १८०० भित्र परेमा यस्तो अवस्थामा निर्माण हुने त्रिभुजलाई त्रुटिको बाहिरी त्रिभुज भनिन्छ । यसमा वास्तविक पोजिशन त्रिभुजको भित्र नभई बाहिर दाँया तर्फवा बाहीरी कोण तर्फहुन्छ । बाहिरी त्रिभुजबाट वास्तविक पोजिशन पत्ता लगाउनको लागि बाहिरी कोणहरुलाई समद्विभाजन गरी रेखा खिच्दा जहाँ काटिन्छ त्यहि आफ्नो वास्तविक पोजिशन हुन्छ

<u>डेन्जर र्सकल</u>



कैयौं पटक टर्राई सेक्सनको लागि खिचिएको रेखाहरु आपसमा काटिँदा बनेको भित्री र बाहिरी दुवै त्रिभूजको सहायताबाट पनि वास्तविक पोजिशन पत्ता लगाउन कठिन पर्न जान्छ । यसो भएमा यसलाई डेन्जर र्सकलको संज्ञा दिईन्छ ।

<u>डेन्जर र्सकल पत्ता लगाउने तरिका</u>

डेन्जर र्सकल पत्ता लगाउनको लागि चुनिएको ३ वटै निशानाहरुलाई नक्शा माथि दुई सरल रेखाले जोडिन्छ । पूःन ति रेखाहरुलाई समद्विभाजन गरी लम्ब खिचिन्छ । जँहा एक बिभाजक लम्ब एक आपसमा काटिन्छन् त्यसलाई



केन्द्र मानेर डिभाइडरले कुनै एक स्थानको दूरी नापी सोही नापमा वृत्त खिचिन्छ । यदि यो वृत्तले ३ वटै निशानालाई-छोएर आफ्नो निशाना माथिबाट या थोरै दाँयँ बाँयाबाट जान्छ भने चुनेको निशाना डेन्जर सर्कल भित्र छ भन्ने थाहा हुन्छ । यदि छानेको निशाना डेन्जर सर्कल भित्र छ भने निशानालाई छाडेर अन्य निशानाद्वारा आफ्नो पोजिशन पत्तालगाउनु पर्दछ । यस क्रममा चुनिने निशानाहरु नक्शा जमिन दुवैमा स्पष्ट चिनिने हुन आवश्यक छ

म्याप-टु ग्राउण्ड र ग्राउण्ड-टु म्याप

१. परिचय :-

नक्शाको निशानाहरुलाई जमिनको यथास्थानमा पत्ता लगाउने कार्यलाई नक्शाबाट जमिनमा म्याप-टु ग्राउण्ड भनिन्छ ।

यसलाई बुझ्न सजिलो होस् भनेर निम्न शुत्रात्मक विधिबाट पढ्न सकिन्छ ।

शुत्र :-D^3S^3H

(क) D^3

(i) Direction :- सर्व प्रथम जमिनमा पत्ता लगाउनु पर्ने निशानालाई नक्शामा :बचप गरीन्छ, उक्त निशाना र आफ्नो पोजिशनलाई सरल रेखाले मिलाउने । सो निशाना नक्शाको कुन दिशामा पर्दछ, जमिनमा पनि सोही दिशामा हेरिन्छ ।

(ii) Degree :- आफ्नो पोजिशनको दाँया बाँया सर्भिस प्रोक्टर राखी ग्रिड वियरिङ्ग निकालिन्छ र ग्रिड वियरिङ्गलाई म्याग्नेटिक वियरिङ्गमा परिणत गरी **(ग्रिड वियरिङ्गलाई म्याग्नेटिक वियरिङ्गमा परिणत गर्दा १° घटाएर MB पढ्ने)** जमिनमा कम्पासले सोही वियरिङ्ग (डिग्री) पढ्ने । कम्पासले डिग्री पढ्ने क्रममा कम्पासको गल्ति ICE र LMA को पनि ख्याल राख्नु पर्दछ । यति खेर १/२ डिग्री दाँया बाँया हुन सक्छ ।

(iii) Distance :- नक्शामा सर्भिस प्रोटेक्टर वा स्केलको सहायताले आपसी दूरी ज्ञान गरी सके पछि पहिला डिग्री पढेको स्थानबाट फासला निकालिन्छ ।

ख) S^3

i) Sign :- डिग्री पढेको र फासला अनुमान गरीएको ठीक स्थानमा जमिनमा कुन निशाना पर्दछ र नक्शामा त्यसलाई कुन क्नल दिएर प्रकट गरेको छ, त्यसलाई ख्याल राख्नु पर्दछ । पुरानो सर्भे सानो स्केलको नक्शा, रिलिफ प्रकट गर्दा आईपर्ने कठिनाई तथा मानविय गल्ति, भौगोलिक परिवर्तनको कारणले ति निशानाहरु प्रिवर्तन हुन पनि सक्दछन् । सो ख्याल राखी निशाना चुन्नु पर्दछ ।

ii) Shape and size of the object :- सर्भे विभागले जमिनको प्राकृतिक बनावटी निशानाहरुलाई नक्शामा प्रकट गर्दा केहि नियमहरुको परिधि भित्र रहि परम्परागत चिन्हद्धारा प्रकट गरीएको हुन्छ । परम्परागत चिन्हहरुको प्रयोग गर्दा सबै निशानाहरुको वास्तबिक स्केलको हिसाब गरेर बनाउन कठिन हुन्छ, सो बिचारगरी जमिनमा भएको निशानाहरुको आकार र नापको आपसी तुलना गर्नु पर्दछ ।

iii) Surrounding of sign (वरपरको निशाना) :- दिशा, डिग्री, फासला र चिन्ह तथा आकारको नापको हिसाबले जमिनमा कुनै निशाना पत्ता लगाई सके पछि उक्त निशानाको वरपर कुन कुन निशानाहरु पर्दछन्, ति निशानाहरुबाट हामीले जमिनमा पत्ता लगाउनु पर्ने निशाना कुन दिशा र कति दूरीमा पर्दछ आपसी तुलना गर्नु पर्दछ । यसरी वरपरको निशानाहरु अध्ययन गर्नु पर्ने क्रममा नक्शामा हुने त्रुटीहरुको पनि ख्याल गर्नुपर्दछ । तर नक्शामा भएका निशानाहरु हाल जमिनमा नहुन पनि सक्दछन् ।

(ग) **Height:-** स-नक्शामा जमिनको उचाई तथा गहिर्राई रिलिफ प्रकटन गर्ने बिभिन्न विधिबाट चित्रण गरीएको हुन्छ । त्यसको माध्यमबाट जमिनमा पत्ता लगाउनु पर्ने निशाना आफ्नो पोजिशनबाट कति उचाई या गहिर्राईमा छ त्यसको आधारमा नक्शाको निशानालाई जमिनमा पत्ता लगाउनु पर्दछ ।

२. नक्शाबाट जमिनमा Map To Ground)२ तरिकाले गर्न सकिन्छ

१. वियरिङ्गबाट २. दिशा र दूरी ज्ञान गरेर

१. वियरिङ्गबाट :

क) सर्वप्रथम नक्शालाई जमिनमा सेट गर्ने ।

ख) नक्शामा आफ्नो पोजिशन ज्ञान गरी मार्क गर्ने ।

ग) दिईएको जि.आर. नक्शामा पढ्ने ।

घ) आफ्नो पोजिशन र त्यस स्थानलाई सरल रेखाले मिलाउने ।



ङ) सर्भिस प्रोटेक्टरको सहायताले वियरिङ्ग र स्केल -रुलर) को सहायताले दूरी नाप्ने ।

च) ग्रिड वियरिङ्गलाई म्याग्नेटिक वियरिङ्गमा परिणत गर्ने ।

छ) यस बेला नक्शाको त्रुटी र कम्पासको त्रुटीलाई ख्याल गर्ने ।

२. दिशा र दूरी ज्ञान गरेर : - केबल कम्पास उपलब्ध नभएको खण्डमा निम्न लिखित उपायहरु अपनाउनु पर्दछ ।

क) आफ्नो पोजिशनमा खडा भएर त्यसै स्थान तर्फफर्कि जमिनी निशानालाई दिईएको दूरीको अन्दाजबाट खोजिन्छ ।

ख) आफ्नो पोजिशन र नक्शाको अब्जेक्टमा राखी सिधा हेरेर पनि पत्ता लगाउन सकिन्छ ।

Map to Ground Chart

आई.डि.नं.- दर्जा - नामथर -

युनिट-

आफ्नो पाजिसनको जि.आर.-

SN	GR	Sign	GB	MB	Distance	Height	Remark

मिति : कुल अंक :- शिक्षार्थीको दस्तखत

प्राप्ताङ्क : कुल समय :-

शेष अंक :

शिक्षकको दस्तखत

संक्षेप :- नक्शा कौशलताको अन्तिम लक्ष्य नै नक्शाको निशानालाई जमिनमा र जमिनको निशानालाई नक्शामा पत्ता लगाउन सक्नु हो । यसमा निपुर्णता प्राप्त गर्न अत्याधिक अभ्यासको आवश्यकता पर्दछ ।

ग्राउण्ड-टु म्याम(Ground To Map)

१. **परिभाषा :-** जमिनको प्राकृतिक वा वनावटी निशानाहरुलाई नक्शाको यथास्थानमा पत्ता लगाउने प्रक्रियालाई जमिनबाट नक्शामा (Ground To Map) भनिन्छ ।

२. **Ground To Map गर्ने विधि :-**

क) Bearing र Distance को सहायताबाट -शुत्रात्मक विधि : D^3 S^3H)

ख) Inter Section विधिबाट

क) Bearing / Distance को सहायताबाट

१) सबै भन्दा पहिला नक्शालाई सिकाईए मुताविक जमिनसँग सेट गर्ने ।

२) नक्शामा आफ्नो पोजिशन पत्ता लगाउने ।

३) सो निशाना सम्मको दूरी अन्दाज गर्ने ।

४) उक्त निशाना सम्मको चुम्बकीय बियरिङ पढ्ने ।

५) चुम्बकीय बियरिङलाई ग्रिड वियरिङमा परिणत गर्ने ।

६) आफ्नो पोजिशनबाट सर्भिस प्रोटेक्टर वा स्केलको सहायतालेे फासला नाप्ने र मार्क गर्ने ।

७) मार्क गरेको स्थानबाट आफ्नो पोजिशन सम्म सरल रेखा तान्ने ।

८) नक्शा र जमिनको डिटेलहरुलाई आपसमा चेक गरी मिलाउने ।

९) उक्त निशानाको GR निकाल्ने तथा Height समेत उल्लेख गर्ने ।

ख) Inter Section विधिबाट :-

यस विधि अनुसार जमिनको भिन्ना भिन्नै दुई स्थानबाट टाढाको अजेक्टको वियरिङ्ग पढेर त्यसको ब्याक वियरिङ्ग निकाली रेखाद्धारा नक्शामा उक्त अब्जेक्टको वास्तबिक पोजिशन पत्ता लगाउने विधिलाई क्ष्ल्त्भ्च् क्भ्क्ष्त्क्ष्इल् विधि भनिन्छ । यस विधिमा निम्न कारवाही गरीन्छ ।र्

र्सव प्रथम जमिनमा कुनै एक स्थानबाट अब्जेक्टको वियरिङ्ग कम्पासद्धारा पढिन्छ । त्यसलाई ग्रिड वियरिङ्गमा परिणत गरी उक्त वियरिङ्गलाई नक्शामा पढ्नु पर्दछ । अर्को स्थानमा गएर पुनः सोही स्थानलाई कम्पासले डिग्री पढि पहिलाकै प्रक्रिया अपनाईन्छ । दुई भिन्ना भिन्नै स्थानमा खिचिएको रेखाहरु कुनै एक बिन्दुमा गएर काटिन्छन् । सोही बिन्दुले त्यस स्थानको नक्शामा वास्तबिक पोजिशन देखाउँदछ ।

Inter Section गर्दा ख्याल राख्नु पर्ने कुराहरु

१. डिग्री पढ्ने स्थान (जहाँबाट) वियरिङ्ग पढिन्छ, त्यसको आपसी कोणात्मक दूरी ३०° भन्दा बढि हुनुपर्दछ ।

२. कम्पासद्धारा वियरिङ्ग पढ्दा ICE र LMA को ख्याल राख्नु पर्दछ ।

३. जुन स्थानबाट वियरिङ्ग पढिन्छ, सो स्थान नक्शा र जमिन दुबैमा राम्रोसंग चिनेको हुनुपर्दछ । आवश्यक परेमा आफ्नो पोजिशन पत्ता लगाउने बिभिन्न विधिहरुको प्रयोग गरी एकिन गर्नु पर्दछ ।

Ground to Map chart

आई.डि.नं.- दर्जा - नामथर -

युनिट-

आफ्नो पाजिसनको जि.आर.:-

SN.	Sign	MB	GB	Distance	GR	Height	Remark

मिति : कुल अंक :- शिक्षार्थीको दस्तखत

अंक : कुल समय :-

शेष अंक : **शिक्षक दस्तखत**

ओरियनटियरिङ्ग (Pint to Point)

परिचयः

सन् १९६७ मा स्वीडेनमा एक म्याप रिडिङ्ग प्रतियोगिता भएको थियो । जसमा ब्रिटेनको तर्फाट क्याप्टेन च्याप मेनले भाग लिएका थिए । यसमा उनको नराम्रो संग हार भएको थियो । तर उनले यसबाट हार सहेनन् । तत्कालै आफ्नो देशमा खेलद्वारा म्यापरिडिङ्गको प्रशिक्षण दिन शुरु गरे र त्यसमा उनी पुर्ण सफल भए । पछि यहि विधिलाई Orientearing भन्न थालियो । त्यसैले भन्न सकिन्छ, खेलको माध्यमबाट प्रशिक्षण दिने प्रचलन धेरै पहिला देखि नै चलिआएको हो र म्याप रिडिङ्गमा Orientearing को प्रयोग ब्रिटेनबाट शुरु भएको हो । भारतिय आर्मीमा सन् १९६९ र नेपाल आर्मीमा वि.सं. २०३० सालमा शा.ने.से.को शिक्षालयमा सि.सं १ Map Reading Training संचालन गरियो र यसरी यसको शुरुवात भएको हो ।

परिभाषा

नक्सा र कम्पासको सहायताले जमिनमा भएका धरातलिय आकृतिहरुलाई नक्सामा र नक्सामा भएका निशानाहरुलाई अध्ययन गर्दै एक ठाउबाट अर्को ठाउमा दिएको समय भित्रै पत्ता लगाउने विधिलाई orientearing भनिन्छ ।

३. **Orientearing** को फाईदा

खेलद्वारा म्याप रिडिङ्गमा प्रशिक्षण दिंदा निम्न फाईदाहरु हुन्छन् ।

(i) सिकेको विषयमा आत्मविश्वास पैदा गराउदछ ।
(ii) शारीरिक योग्यता तथा आत्मविश्वास पैदा गराउदछ ।
(iii) धैर्यता तथा सहनशिलता पैदा गराउदछ ।
(iv) प्रेरणा शक्तिको विकास गराउदछ ।
(v) मानसिक तथा निर्णाशक्तिको विकास गराउछ ।
(vi) आपसी सहयोग तथा टिम स्पर्रर्धाटको भावनाको विकास गराउदछ ।
(vii) नक्सा तथा जमिनमा एक रुपता ल्याई कम्पासको साथ सम्बन्ध स्थापित गराउदछ ।

४. ओरियन्टीयरिङ्ग लाई २ भागमा विभाजन गरिएको छ ।

(क) प्रारम्भिक अभ्यास (Initial practice)
(ख) परिमार्जित अभ्यास (Advance Exercise

(क) प्रारम्भिक अभ्यास -

यो अभ्यास खास गरी शुरु शुरुका जवानहरुलाई अभिरुचि जगाई म्याप रिडिङ्ग सम्वन्धि साधारण ज्ञान दिनको लागि गर्राईन्छ । यसमा उयष्लत हरु नजिक नजिक र सजिलै पत्ता लगाउन सक्ने डिटेलहरु दिईन्छ । यस अन्तरगत निम्न २ अभ्यासहरु पर्दछन् ।

१.ट्रेजरहन्ट

२ रुट रेकी

ट्रेजर हन्ट - यस अभ्यासमा जवानहरुलाई अभिरुचि जगाउनको लागि point हरुमा पुरस्कार लुकाएर राखिन्छ । प्रतियोगीहरुलाई त्यस स्थानको GR दिईन्छ । उक्त इलाकाको GR पाएपछि उनीहरुले सो ठाउमा गई खोज तलास गर्दछन् । यो अभ्यास ग्रुप ग्रुपमा गरिन्छ ।

रुट रेकी - यो अभ्यास खास गरी सडक, नदी आदि इलाकाहरुमा गरिन्छ । यसको मुख्य उद्देश्य सडकको दाँया वाँयाको तथा नदीहरुको दाँयावाँयाको भौगोलिक सुचनाहरुको परिचय दिनु हो । यसको लागि बाटोमा चुना तथा फिताद्वारा मार्क गरिएको हुन्छ । बाटोमा २ प्रकारको झण्डीहरु गाडीएको हुन्छ । प्रतियोगीले ती झण्डीहरु गाडिएको स्थानको GR निकाल्दछन् ।

(ख) परिमार्जित अभ्यास -

यो अभ्यास म्याप रिडिङ्ग सम्वन्धि साधारण ज्ञान हासिल गरि सकेका शिक्षार्थीहरुलाई गर्राईन्छ । यस अन्तरगत निम्न Event Card हरु पर्दछन् ।

Point to Point Event - यो अभ्यास गर्नको लागि Event Card मा पहिला नै स्टार्ट प्वाईन्ट, को GR दिईन्छ । प्रतियोगीहरुले दिईएको रेफरेन्स नक्सामा मार्क गरि SP बाट पहिलो प्वाईन्ट सम्मको फासला र बियरिङ्ग ज्ञान गर्नु पर्दछ । यो बियरिङ्गमा मार्च गरि निश्चित फासलामा पुगे पछि प्वाईन्ट मिल्दछ । जहाँ झण्डिको साथमा कन्ट्रोल मार्कर राखिएको हुन्छ । कन्ट्रोल मार्करमा त्यस स्थानको GR कोर्ड र गन्तब्य स्थानको GR लेखिएको हुन्छ । उक्त जि.आर.र आफ्नोर् इभेन्ट कार्डको जि.आर.मिल्छ/मिल्दैन चेक गरि यदि मिल्दछ भनें कन्ट्रोल मार्करमा आफ्नो नाम, पुगेको समय लेखि दस्तखत गर्नु पर्दछ र त्यस कन्ट्रोल मार्करमा लेखिएको कोर्ड,गन्तब्य स्थानको जि.आर.आफ्नो इभेन्ट कार्डमा लेखि अर्को प्वाईन्टको बियरिङ्ग र फासला ज्ञान गरि त्यस प्वाईन्ट तर्फमार्च गर्नु पर्दछ । एवं रितले दिईएको सबै प्वाईन्टहरु भिजिट गरिन्छ । आर.भि.मा पुगे पछिर् इभेन्ट कार्ड डि.एस.लाई दिनु पर्दछ र डि.एस.ले त्यो कार्ड चेक गरि प्राप्ताङ्क भर्दछ । यो अभ्यासको लागि सबै प्वाईन्टहरुलाई समान अङ्क दिईन्छ । पुरै अभ्यासमा प्रथम हुने प्रतियोगीलाई पुरस्कारको पनि ब्यवस्था गर्न सकिन्छ । यो अभ्यास एक्ला एक्लै तथा ग्रुप ग्रुपमा र दिन तथा रात दुबैमा गराउन सकिन्छ । यो अभ्यासको लागि कन्ट्रोल मार्कर, रेकर्ड सिट, र् इभेन्ट कार्ड र रुट चार्टको आवस्यकता पर्दछ ।

Seore Events - यस Event मा सबै Control Point को GR एकै पटक दिईन्छ । जसमा कठिनाई हेरि अङ्क पनि दिएको हुन्छ । शिक्षार्थीहरु आफूलाई मनलागेको स्थानबाट शुरुगरी सबै Point हिट गर्दछन् ।

Line Event :- यस Event मा निकै सावधानी पुर्वक कार्य गर्नु पर्दछ । किनकी यसमा पहिला नै GR दिईएको हुदैन तर नक्सामा बाटो मार्क गरिदिएको हुन्छ । जमिनमा त्यही बाटोबाट अगाडी बढ्दा झण्डा भेटिन्छ र त्यस स्थानको GR आफ्नो Event Card मा लेख्ने र अन्तिममा RV मा फर्कने । यसलाई (Line वा Rout Event पनि भनिन्छ ।

Cross Country Events :- यस Events मा सम्पुर्ण कन्ट्रोल Point हरु Master Map मा Mark गरिन्छ । मार्क गर्दा शुरु स्थान (Start Point) लाई त्रिभुज (Δ), कन्ट्रोल मार्कर गोल र्सकल (इ) र RV डवल गोल र्सकल (०) बाट मार्क गरिन्छ । त्यसको साथमा क्रम संख्या र संकेत पनि लेखिएको हुन्छ ।

शिक्षार्थीहरुले Master Map बाट आफ्नो नक्सामा सारेर मार्क गरि Event Card मा GR भरि Control Point हमला गर्न जान्छन् ।

Relleay Events - यो टोली टोलीमा हुने Event हो । यसमा टोली हेरी Point हरु राखिन्छ । र टोलीको पहिलो व्यक्ति ControlPoint हिट गरेर फर्के पछि अर्को ब्यक्ति जान्छ । एवं रितले Event समाप्त हुन्छ । अन्तिममा जुन टोली पहिला आउँछ त्यही प्रथम हुन्छ ।

Night Event :- माथि उल्लेखित line र Relley Event बाहेक सबै Event हरु रातमा पनि संचालन गर्न सकिन्छ ।

५. Orienteering गर्दा ध्यान दिनुपर्ने कुराहरु -

१ सजिलो बाटो र आकर्ष विन्दु (Attracting Point) को छनौट गर्नु ।

२ फासला, डिग्री, दिशा र उचाईको ख्याल गर्नु ।

३ जाने बाटोको खाका दिमागमा राख्नु ।

४ फासला अनुमान गर्ने सिद्धान्तको सहि प्रयोग गर्नु ।

६. Orienteering को आयोजना गर्दा ध्यान दिनुपर्ने कुराहरु -

१ Orienteering को कुनैपनि अभ्यास सन्चालन गराउदा निम्न कुराहरुमा ध्यान दिनुपर्दछ ।

२ नक्सामा अभ्यास एरियाको रुट र Event चुन्नु ।

एरियाको रेकि गर्नु ।

३ SP Control Point र RV सहि तरिकाले चुन्नु ।

४ Master Map तयार पार्नु ।

५ आवश्यक सामान जुटाउनु ।

६ Point मा DS को नियूक्ति ।

मूल्याकंन ।

७ Orienteering को ब्रिफिङ्ग ।

Briefing Points वा Orientearing

१ अभ्यासको नाम ।

२ Event को नाम ।

३ अभ्यास ब्यक्तिगत हो या सामुहिक ।

४ फासला शिक्षार्थीको स्तर अनुसार राख्नु पर्दछ ।

५ समय शिक्षार्थीको स्तरअनुसार राखिनु पर्दछ ।

६ रोड एक्सिस तथा बाधाहरु बताईदिने ।

७ कन्ट्रोल Point कति हुन सक्छन् -

८ RV को पुन : परिचय ।

९ खाने प्रबन्ध स्थान, पानीको स्थान र त्यसको GR दिने ।

१० Start Point बाट जानु भन्दा पहिला RV मा पुगेपछि गर्नुपर्ने काम पुन : दोहोर्याई दिने ।

११ अभ्यासको General ईलाका र त्यसमा खतरनाक इलाका बताइदिने ।

१२ उत्तर, दिशा र निश्चित चिन्हहरु बताईदिने ।

१३ बाटोको अनुशासन ।

१४ आफूलाई सुरक्षित राख्ने उपाय ।

१५ हराएमा कारबाही ।

१६ पुरस्कारको व्यवस्था ।

१७ Snake Bite को कारवाही ।

१८ विशेष निर्देशन ।

१९ समय पेनाल्टी ।

२० सकिएपछि RV मा आउने बाटो, म्यापको गल्ती, समयको गल्ती, कम्पासको गल्ती, समयको अन्तर, समयको व्यवस्था आदि ।

RV मा आए पछिको कारवाही -

१ RV मा Event कार्ड दिने समय र ब्यवस्था ।

२ शिक्षार्थीको गणना ।

३ विरामी भएमा कारवाही ।

४ हराएको मानिसको खोजी ।

५ बन्दोवस्ती कारवाही ।

६ डि- ब्रिफिङ्ग ।

समय पेनाल्टी :-

कुनै पनि अभ्यास सन्चालन गर्दा निश्चि समय दिएको हुन्छ । दिएको समय पछि आउने प्रतियोगीलाई समय पेनाल्टी दिनुपर्दछ । जस्तै :- अभ्यासको कुल समय २ घण्टा छ र अभ्यासको पुरा अङ्क १०० दिएको छ भने २ घण्टा पछि आउने प्रतियोगिहरुलाई समय पेनाल्टी निम्नअनुसार दिन सकिन्छ ।

(क) २ घण्टाबाट पछि १५ मिनेट सम्म आउनेलाई हरेक ३ मिनेटको १ अङ्क कट्टा गर्न सकिन्छ । यस प्रकार १५ मिनेटमा ५ अङ्क कट्टा गरिन्छ ।

(ख) २ घण्टा १६ मिनेटपछि ३० मिनेट सम्मको ढिलाईको लागि हरेक २ मिनेटको लागि १ अङ्क कट्टा गर्न सकिन्छ । यसप्रकार १५ मिनेटको ७.५ अङ्क कट्टा गरिन्छ ।

(ग) २ घण्टा ३१ मिनेटबाट २ घण्टा ५९ मिनेटसम्मको लागि प्रति मिनेट १ अङ्कको दरले कट्टा गर्न सकिन्छ । यसरी कट्टा गर्दा ३० अङ्क कट्टा हुन्छ ।

(घ) ३ घण्टा भन्दा पछि आउनेलाइ Fail मिान्न सकिन्छ ।

(ङ) अभ्यास गराउने समय, दुरी र जमिनी बनावटलाई ध्यानमा राखी आफ्नोर् इच्छा अनुसार समय पेनाल्टी राख्न सकिन्छ ।

नाईट नेभिगेशन :- (NIGHT NAVIGATION)

१. परिचय :- हामीलाई हमलामा Surprise हासिल गर्न डिफेन्सको अवस्थामा NO Mans Land मा Partol गर्न Ambush Raid आदि Operation संन्चालन गर्न शत्रुको Area मा जानु पर्ने हुन्छ । यो काम रातको समयमा गर्दा Surprise हासिल हुन्छ । त्यस कारण हामीले रातको समयमा March गरेर आफ्नो फौजलाई गन्तब्य स्थान सम्म पुर्याउन सकिन्छ ।

नाईट मार्च :- नक्शा, कम्पास र नाईट मार्च चार्टको सहयोगद्धारा रातको समयमा एक स्थानबाट अर्को स्थान सम्म विधिवत हर्कत गर्ने प्रकृयालाई Night March भनिन्छ ।

Night Navigation :- रातको समयमा Bearing र फासलाको मद्धतले सिधाई कायम गदै एक स्थानबाट अर्को स्थान सम्म पुग्ने प्रक्रियालाई **Night Navigation** भनिन्छ । यसमा एक निर्धारित ड्रिल अपनाईन्छ ।

२. Night March गर्नुको कारण :-

१. शत्रुकोर् इलाकामा रातको समयमा आसानी साथ बचेर नजिक सम्म जान सकिन्छ ।
२. शत्रुको क्षेत्रमा पस्न र उसको जाँच गर्न रातको समयमा सजिलो हुन्छ ।
३. रातको समयमा हवाई हमलाको डर हुदैन ।
४. शत्रुको घेरामा परेका जवानहरुलाई रातको समयमा सजिलै निकाल्न सकिन्छ ।
५. रातमा शत्रुको डिफेन्समा गएर बर्बाद गर्न सकिन्छ ।
६. रातमा शत्रुको बाटोमा Ambush लगाउन सकिन्छ ।
७. शत्रुको आक्रमणको पुरा खबर राती रेक्की पट्रोलबाट ल्याउन सकिन्छ ।

३ Night March गर्दा आवश्यक पर्ने आधारभूत कुराहरु :

१. मार्चको समयमा बोल्न खोक्न र आवाज निकाल्नु हुदैन ।
२. बाटोमा फासालाको बिचार राख्नु पर्छ ।
३. जमिनको लियाजबाट पुग्न सक्ने ठाउँ दिनमा नै निश्चित गरेको हुनु पर्दछ ।
४. टोली को आफ्नो सुरक्षा हमेशा ख्याल राख्नु पर्दछ ।
५. मार्चको समयमा चुरोट नखाने र उज्यालो नबनाउने ।
६. Night मार्चको समयमा बोकेको र्टच लाई Back Out गरेको हुनु पर्दछ

४.नेभिगेशनमा भाग लिने टोलीको बनावट :-

सि.न.	नाम	संख्या	मार्चिङ्गको समयमा रहने स्थान	काम	साथमा हुने सामान
१	असिस्टेन्ट गाईडड	१	टोलीभन्दा २० कदम अगाडी	गाईडले दिएको वियरिङ्गमा हिडने र अगाडीको खवर पछाडी पठाउने	१/१ फिटको सेतो कपडा पिठ्यूमा बाध्ने र ५ फिटको लठ्ठी

२	गाईड	१	असिस्टेन्ट गाईड भन्दा २० कदम पछाडी	-क) निर्धारित वियरिङ्गमा टोलीलाई हिडाउने -ख) निर्धारित वियरिङ्गको सिधाईमा २ वा सो भन्दा बढी मद्धतको निशाना चुन्ने - ग) असिस्टेन्ट गाईडलाई सही वियरिङ्गमा मार्च गर्न निर्देशन दिने ।	(क) सेट गरीएको कम्पास -ख) ल्यूमिनस स्टिक -ग) नाईट मार्च चार्ट	
३	रेकर्डर	१	गाईडको ५ कदम पछाडी / तेश्रो स्थानमा	(क) फासलाको अभिलेख राख्ने । (ख) गाईडलाई सहयोग गर्ने ।	(क) फासालाको रेकर्ड राख्ने सामान । (ख) घबिअप यगत र्टच ।	
४	प्रेसर	१	रेकर्डर भन्दा ५ कदम पछाडी	(क) पछाडी आउने टोलीलाई बाटो देखाउने । -ख) रर्ेकर्डरलाई सहयोग गर्ने ।	(क) बाटोको मार्क गर्ने चुना या फिता – (ख) मण्डी (ग) रेकर्डरको अन्य सामान (कम्पास तथा नाईट मार्च चार्ट) ।	
५	स्काउट	टोलीको बनावट अनुसार -बाँकी टोली सबै)	टोलीको अगाडी, पछाडी, दाँया र बाँया १०० कदमको फरकमा	(क) बाह्य खबर हासिल गरी टोलीलाई जानकारी गराउने । - (ख) टोलीको सुरक्षा गर्ने ।	आ-आफ्नो हतीयार	

७. नेभिगेसनको लागि आवश्यक सामानहरु :-

(१) पुरै बाउण्डको लागि सेट भएको कम्पास ।

(२) ल्युमिनस स्टीक (टल्कने छडि, जसमा कम्पास राख्ने खाना पनि हुन्छ) । रातको समयमा डाईरेक्सन मार्क नदेखिने हुँदा करिब १ फिट लामो स्टीकलाई ल्युमिनस गर्राई निर्धारित वियरिङ्गको र सिधा कम्पासको लिडसंग मिलाई ४५° को कोणमा राखिन्छ । जसले गर्दा असिष्टेन्ट गाईड जमिनको पहिलो मद्दतको निशाना र दोश्रो मद्दतको निशानाको सिधाई कायम राख्न सकिन्छ ।

(३) नाईट मार्च चार्ट - यो चार्ट रातको समयमा आकाशतर्फफर्काई पढ्न सक्नेगरी अक्षरहरु छोपेर विशेष किसिमले बनाईन्छ।

(४) **Black Out टर्च** - मार्चिङ्गको समयमा नाईट मार्च चार्ट पढ्न र कम्पास सेट गर्न यो टर्चको प्रयोग गरीन्छ । यसबाट बढि लाईट नफैलियोस भन्नका लागि सानो प्वाल राखि कागजले सिसालाई ढाकिएको हुन्छ ।

(५) ल्युमिनस प्याड - गाईडले असिष्टेन्ट गाईडलाई देख्न सकोस भन्नाको लागि असिस्टेन्ट गाईडको पिठ्युमा १x१ को सेतो कपडा बाँधिन्छ । यसको अतिरिक्त हेल्मेटको पछाडी सेतो कपडा टाँसेर पनि काम लिन सकिन्छ ।

(६) ५ फिटको लाठी - यसको प्रयोग मार्चको समयमा अगाडीको अबरोधहरु पत्ता लगाउन प्रयोग गरीन्छ ।

बीच बीचमा नक्शा अध्ययन गर्दा

(७) मण्डी - बीच बीचमा नक्शा अध्ययन गर्दा प्रकाश छेक्ने काममा प्रयोग गरीन्छ ।

(८) फिता वा फासला रेकर्ड राख्ने सामान - फासला रर्ेकर्डको लागि फित्ता वा स-साना ढुङ्गाहरु साथमा बोकिन्छ । निर्धारित दूरी पार गरी सके पछि यसलाई गाँठो पार्दै गईन्छ वा ढुङ्गा छभने एक पकेटबाट अर्को पकेटमा सारीन्छ । क्रमिक रुपमा यसै गरी रर्ेकर्डरले रर्ेकर्ड राख्दै गन्तब्य स्थान सम्म हर्कत गराउँछ ।

८. नाईट मार्चको लागि तयारी :-

नाईट मार्चको कारवाही गर्नु भन्दा पहिला निम्न लिखित तयारी गरीन्छ ।

(क) रेक्की :- नक्शा, स्केच, एयर फोटो या त्यस स्थानको स्थलगत निरीक्षण गरी बाटोको छनौट गर्नु पर्दछ । बाटोको छनौट गर्दा सधै बैकल्पिक बाटो चुन्नु पर्दछ र च्ख् निश्चित गर्नु पर्दछ ।

(ख) मार्चिङ्ग चार्ट बनाउने :- मार्चिङ्ग चार्ट बनाउने क्रममा नक्शामा रेक्की गरीएको छ भने त्यसलाई चुम्बकीय वियरिङ्गमा बदलि गर्नु पर्दछ र फासला नाप्दा जमिनको बनावट अनुसार हिसाब गरी निकाल्नु पर्दछ ।

(ग) कम्पास सेट गर्ने :- यो कम्पास सेट गर्ने तरिका कम्पासको पाठमा सिकाई सकिएको छ ।

(घ) कम्पास मार्क गर्ने :- मार्चिङ्गको समयमा सुरक्षा र समयको दृष्टिकोणले बिभिन्न बाउण्डको लागि बेग्ला बेग्लै कम्पासहरु सेट गरीन्छ । यसरी सेट गरीएको कम्पासलाई क्रम बद्ध प्रयोजनको लागि नम्बर दिईन्छ ।

(ङ) इशारा निश्चित गर्नु :- मार्चिङ्गको समयमा सुक्षाको दृष्टिकोणले आवाज बिल्कुल बन्द हुनुपर्दछ । यसको लागि मार्चिङ्गको समयमा प्रयोग गरीएकोर् इशाराहरु पहिले नै निश्चित गरीएको हुनु पर्दछ ।

९. नाईट मार्च ड्रिल

नाईट मार्चको लागि निर्धारित ड्रिल निम्नानुसार छ :-

(क) सर्वप्रथम गाईडले निर्धारित वियरिङ्गको सिधाईमा कम्पासद्धारा वियरिङ्ग पढि जमिनको एकै सिधाईमा दुईवटा

मद्दतको निशाना चुन्नर्ुपर्दछ ।

(ख) असिष्टेन्ट गाईडले वियरिङ्ग पढेको कम्पासद्धारा जमिनी निशानाको सिधाई लिई बिस -२०) कदम अगाडि
देखभाल हुन सक्ने दूरी सम्म गएर बस्दछ ।
(ग) रेकर्डर र प्रेसर ५/५ कदमको फासलमा पछाडी लहरै उभिन्छन् ।
(घ) टोलीले स्थान लिई सकेपछि स्काउटहरु आफ्नो आफ्नो ठाँउमा उभिन्छन् ।
(ङ) गाईडले निर्धारित वियरिङ्गको सिधाईमा असिष्टेण्ट गाईडलाई राखि सकेपछि तोकिएको इशारा मुताबिक एडभान्स गराउँदछ ।
(च) कुनै अबरोध आएमा असिष्टेन्ट गाईडले तोकिएकोर् इशारा अनुसार टोलीलाई जानकारी गराउँछ ।
(छ) जति दूरी तय गरीन्छ रेकर्डरले अभिलेख राख्दै जान्छ ।
(ज) मार्चिङ्गको समयमा कुनै क्षणिक प्रकाश परे प्रिजिङ्ग ड्रिल र लामो समय सम्म प्रकाश परेमा दाँया बाँया लागि प्रकाशबाट जोगिनु पर्दछ ।
(झ) असिष्टेण्ट गाईड दाँया बायँा वा पछाडि फर्कनु परेमा पिठ्युमा बाधेको कपडा फुकाल्नु पर्दछ ।

नोट - टोलीका ब्यक्तिहरुको आपसी फासला दृष्टिगोचरतामा भर पर्दछ । यदि ज्यादै घना जंगल भएमा कम्मरमा डोरी बाँधेर एक अर्कालाई समाएर पनि हिड्नु पर्ने हुन्छ ।

१०. नाईट मार्चको समयमा रोकावट वा बाधाहरु पार गर्ने तरिका :-

(क) वर्गको तरिका
(ख) त्रिभुजको तरिका
(ग) देखभालको तरिका

(क) वर्गको तरिका : यस विधिमा हिंडिरहेको अगाडीको डाईरेक्सनबाट ९०० दाँया वा बाँया लागि सो डिग्रीमा कति दूरी पार गरीयो वा पार गरेको दूरीको रर्ेकर्ड राख्नु पर्दछ । जब बाधा पार हुन्छ सोही वियरिङ्गमा फर्किई पहिला दाँया बाँया हिडेको दूरी कट्टा गरीन्छ । जस्तै :

यहाँ, ४०°–९०°= ३१०°
३१०°+९०°=४०°
४०°+९०°=१३०°
३१०°+९०°=४०°
४०° ४०°

(ख) तिरकोण तिरका: यस विधीबाट बाधा पार गर्दा फासालको बढी ख्याल गर्नु पर्दछ ।

१३५°+४५°=१८०°
१८०°–९०°=९०°
९०°+४५°=१३५°



(ग) देखभालको तरिका : सानो रोकावट पार गर्नको लागि यो तरिका अपनाईन्छ । रोकावटको पारी पट्टी कुनै निशाना चुनी दायाँ बायाँ बाट पार गरी त्यहाँ पुगिन्छ र फेरी वियरिङ्ग पढी दाँया बाँया सर्नुपर्ने भएमा सरेर Advance कार्य जारी राखिन्छ ।

११. नाईटमार्चको समयमा ध्यान दिनु पर्ने कुराहरु :-

(क) दिईएको वियरिङ्गबाट १° मात्र दाँया बाँया हेरेमा पनि एक माईल हिडेपछि ३० गज दायँा बायँा जान सक्छ ।

(ख) ताराको सहायताले मार्च गर्दा तारा ३०° उचाईमा चुन्नु पर्दछ । प्रत्येक २० मिनेटमा ताराहरु ५° दायाँ बायाँ सर्दछन् ।

(ग) साधारणतया मानिस बिल्कुल सिधाईमा नहिंडि केहि दायाँ बायाँ तर्फबढ्दै जाने मानबिय कमजोरी हुनसक्छ

(घ) कम्पासले वियरिङ्ग पढ्दा ICE र LMA को ख्याल राख्नुपर्दछ ।

NIGHT MARCH CHART

प्रतियोगीको नाम - **ग्रूप नं. -** **रुट नं.-**

वियरिङ्ग	फासला	साईन	कोर्ड

छाडेको समय -
आई पुगको समय -
लागेको समय -

डि.एस.को द.ख.

मिति -

उल्लेखित चार्टलाई सियो वा पिनले अक्षर अंकित स्थानमा छेडेर पछाडी कालो गराएर तलबाट कुनै प्रकाश दिएर रातको समयमा :बचअज गरीन्छ ।

१२. संक्षेप :-

(क) मोटामोटी

(ख) सकसवाल

स्याण्ड मोडल (SAND MODEL BRIEF)

१. साधारण –

तपाईहरुको अगाडी एउटा चारपाटे खाडल खनि माटो, बालुवा, विभिन्न आकारका काठका टुक्रा, धागो, बाँसको किला र विभिन्न किसिमको रङ्ग र सर्काईनको प्रयोग गरी नक्शाको आधारमा निश्चित जमिनिर् इलाकालाई प्रतिनिधित्व गर्ने गरी एक भू-आकृति बनाईएको छ जसको नाम हो 'स्याण्ड मोडल' ।

(क) प्रतिनिधित्व - यस मोडले त्यर्सर् इलाकाको प्रतिनिधित्व गर्दछ जुनर् इलाकामा हामी ..... को कारवाही गर्न जाँदैछौं ।

(ख) म्यापसिट नम्बर - यो मोडल म्यापसिट नम्बर ..... को स्टिङ लाईन ..... देखी ..... सम्म र नर्थिङ लाईन ..... देखि ..... सम्मको वर्ग स्क्वायरबाट बनाईएको छ ।

(ग) स्केल - यस मोडलको एक कोठाको एक भुजा बराबर वास्तविक जमिनमा ..... मिटर जाहेर गर्दछ ।

(घ) उत्तर - यस मोडलको उत्तर यस तीरलेे देखाईएको छ भने वास्तविक उत्तर यस दिशातर्फपर्दछ ।

(ङ) रङ्ग र सर्काईनहरु - यस मोडलमा प्रयोग गरीएका रङ्ग र सर्काईनहरु दुबै कन्भेन्सनल सर्काईन सो सरह नै छन् ।

२. धरातलीय स्वरुप -

(क) ढलान - यस मोडलको ढलान ..... दिशाबाट ..... दिशातर्फलम्बवत ढलान हुँदै आएको छ । भने .....र्.र् इलाका समथल नै रहेको छ ।

(ख) अग्लो भाग - यस मोडलको सबै भन्दा अग्लो भाग ..... जसको उचाई .....मिटर रहेको छ ।

(ग) होचो भाग - यस मोडलको सबैभन्दा होचो भाग ..... पर्दछ । जसको उचाई .....मिटर रहेको छ । यसैलाई डाटाम लेवल मानि यो मोडल तयार पारीएको हो ।

(घ) धरातलीय स्वरुपबाट फाईदा /वेफाइदा -

फाईदा - यस मोडलमा पर्ने सबै भन्दा अग्लो भागमा डिफेन्सिभ पोजिशन तयार गरी बस्न सकेमा त्यर्सर् इलाकामा हर्कत गर्ने व्रि्रोहीको चलखेल रोक्न सकिने र त्यर्सर् इलाकाबाट विभिन्न कारवाही संचालन गरी टाढा-टाढा सम्म सुरक्षा प्रदान गर्न सकिन्छ र समथल भू-भागमा विभिन्न तालीम तथा अभ्यासहरु संचालन गर्न सकिन्छ ।

बेफाईदाहरु - यो इलाका पहाड र उपड खापड भएकाले व्रि्रोहीको चलखेल बढि हुने र त्यर्सर् इलाकामा सुरक्षा फौजले हर्कत गर्नु पर्दा व्रि्रोहीहरु पहिले नै अग्लो भागबाट विभिन्न योजना बनाई सुरक्षा फौजमाथी आक्रमण गर्ने सम्भावना बढि हुन्छ र पहाडर्ीर् इलाकामा कारवाही संचालन गर्दा बढि थकावट र कारवाहीमा समय पनि बढि लाग्ने हुन्छ ।

३. नदी नाला /ताल -

(क) प्रमुख नदी - यय इलाकामा मुख्य नदीको -ताल) रुपमा ..... नदी रहेको छ ।

(ख) अन्य नदीहरुमा - ..... आदी नदीहरु ।

(ग) बहाबको दिशा - तीरद्धारा देखाईएको छ ।

(घ) गहिर्राई - ..... देखि ..... सम्म रहेको छ ।

(ङ) फाईदा /वेफाइदा -

फाईदा

(१) ताल र नदीको पानी निर्मलीकरण गरी खान र सफाईको लागी प्रयोग गर्न सकिन्छ ।

(२) नदी पारीबाट आउन सक्ने ब्रि्रोहीको लागी यी नदीहरुले केहि हद सम्म अब्स्टेकल को काम पनि गरीरहेको छ ।

वेफाईदा-

(१) तुरुन्तै छिटो भन्दा छिटो हर्कत गरी जानुपरेको खण्डमा जँहा पायो त्यहींबाट नदी/ताल तर्न नसकिने हुनाले केही हदसम्म ढिलाई पैदा हुने हुँदा हाम्रो लागी पनि अब्स्टेकल साबित छन् ।

(२) तालमा डुङ्गाबाट तर्दा हतीयार एम्यूनिशन लिईएर जाँदा होशियार सावधानी अपनाएर जानु पर्दछ ।

४. बनजंगल :-

क) मुख्य जंगल - यर्सर् इलाकामा पर्ने जंगलको रुपमा ..... जंगल रहेको छ ।

ख) रुख, विरुवा - यस जंगलमा ..... आदी जातका वोट विरुवाहरु पाईन्छ ।

ग) जंगलबाट फाईदा /वेफाईदा -

फाईदा

१) हाम्रो हर्कतको समयमा शितलता प्रदान गर्दछ ।

२) ब्रि्रोहीसंग एक्कासी मुठभेट हुन पुगेमा केहि हदसम्म्ा रुखको आड लिई लड्न सकिन्छ

३) केहि हद सम्म हवाई तथा जमिनी छुपाउ प्रदान हुन्छ ।

वेफाईदा

१) जंगलको बीच भागमा ग्लमभच न्चयधतज भएको कारणले हर्कतमा ढिलाई पैदा हुन्छ ।

२) ब्रि्रोहीलाई पनि यसले छुपाउ प्रदान गर्ने हुँदा ब्रि्रोहीहरु पनि यसै जंगलमा लुकिछिपि बसेका हुन सक्छन ।

३) सुकेको पात स्याउलाहरु प्रशस्त हुने हुँदा हाम्रो क्गचउचष्कभ ीययकभ हुन सक्छ ।

ङ) जंगलमा पाईने जनावर र पंक्षिहरु -

१) यस जंगलमा चितुवा, बाँदर, स्याल, फ्याउरो र घस्रने जनावरहरुमा र्सप, कछुवा, आदी र पंछीहरुमा ढुकुर, कालिज, बन कुखुरा, डाँफे, काग, न्याउँली र चिरविर गर्ने स-साना चराहरु प्रशस्त पाईन्छन् ।

२) हर्कतको दौरानमा यि जंगलमा पाईने जनावर र चराचुरुङ्गीको आवाज जस्तो सिग्नल मुकुरर गरी दुश्मनलाई सरपर्ाराईजमा पार्न सकिन्छ ।

३) हाम्रो हर्कतको समयमा यि जनावर र चराचुरुङ्गीहरु भाग्ने, तर्सने र कराउनाले हाम्रो सरप्राइज पनि हुन सक्छ ।

४) कारवाहीमा ढिलाई पैदा गराउदछन ।

च) खेतिपाती -

१) यस ईलाकामा अधिकांश भाग पँहेलो भागबाट देखाईएता पनि मूख्य खेतिर् इलाका ..... पर्दछन् । जसमा - धान, मकै, गहुँ, कोदो, र साग सब्जीमा मूला, आलु, काउली, बन्दा, सिमी, बोडी, आदी तरकारीहरु पाईन्छ ।

२) खेतिपाती बाट फाईदा वेफाईदा - हाम्रो अपरेसनको समयमा राशन सकिएमा यसै इलाकामा पाईने खाद्यान्न किनेर खान सकिन्छ । हाम्रो अपरेशनको समयमा खेतिर् इलाकाले केही ढिलाई गर्ने हुँदा अब्सटेकल सावित गर्दछ ।

५. यातायात तथा संचार -

(क) मुख्य बाटो - यस ईलाकामा मुख्य बाटो ..... रहेको छ । जुन ..... बाट ..... हुँदै ..... सम्म पुगेको छ । र ..... देखि पुर्व ..... कि.मि. ..... सम्म र पश्चिममा ..... बाट ..... कि.मि. ..... ठाँउ रहेको छ ।

(ख) अन्य बाटोहरुमा - ..... देखि ..... सम्म .....बाटो .....देखि . ..... सम्म ..... बाटो ..... देखि ..... बाटो पर्दछन ।

ग) बाटो घाटोमा फाईदा /वेफाइदा -

फाईदा – शहर ईलाकामा थुप्रै पिच बाटोहरु पर्ने हुनाले आवत जावत गर्दा सवारी साधन कै प्रयोग गरी हिड्डुल गर्न सकिन्छ । त्यसै गरी यर्सर् इलाकामा अपरेशनको समयमा बोकेर लैजान नसकिने सामानहरु गाडीको प्रयोग गरी लैजान सकिन्छ ।

बेफाईदा - गाँउ तथा जंगलर् इलाकाको बाटोहरु कच्ची तथा साँघुरो भएकाले यिनै बाटोहरुमा ब्रि्रोहीहरुले रोड सार्ईड बम राखी हाम्रो हर्कतमा बाधा पुर्याउन सक्दछन् ।

घ) संचार - शहरी क्षेत्र भएकाले प्रशस्त टेलिफोन, फ्याँक्स, हुलाक र पुलिस स्टेशनहरु रहेकाछन्

फाईदा /वेफाईदा - आवश्यक परेको खण्डमा .....र्.र् इलाकाबाट आफ्नो सुरक्षा र गोपनियतालाई ख्याल राखेर यी साधनहरुलाई अल्टरनेटिभ मिलापको साधनको रुपमा प्रयोग गर्न सकिन्छ ।

प्रशस्त मात्रमा टेलिफोनहरु भएकाले मुभ मेन्टको बेला ब्रि्रोहीबाट हाम्रो सरप्राईज लुज हुने र उनिहरुले विभिन्न योजना बनाएर हामीलाई दुःख दिने, सताउने र विभिन्न किसिमबाट असर पुर्याउने कार्य गर्नसक्ने सम्भावना बढि हुन्छ ।

६. जातजाती -

क) मुख्य स्थानहरु - यर्सर् इलाकामा पर्ने मुख्य स्थानहरुमा ..... आदी पर्दछन ।

ख) मुख्य बस्ती – यस इलाकामा मुख्य बस्तीहरुमा .....र् र् इलाकाहरुमा जनघनत्व बढि रहेको छ ।

ग) जातीय बाहुल्यता- ..... एरियामा ..... जातीको , ... एरीयामा ..... जातीको र ..... एरियामा ..... एरियामा जातीको बाहुल्यता रहेको ।

घ) भाषा - आपसमा आफ्नै मातृ भाषाको प्रयोग गरेता पनि सबैले नेपाली भाषा बुझने र हामीसँग बोलचाल गर्दा नेपाली भाषा नै प्रयोग गर्दछन ।

ङ) शिक्षा - शहरी इलाका भएकाले प्रशस्त मात्रामा बोर्डिङ्ग स्कुल र सरकारी स्कुलहरु भएकाले प्रायः मानिसहरु शिक्षित नै रहेका छन् ।

च) धर्म- गुरुङ्ग, मगर, तामाङ्गहरुले बौद्ध धर्म , बाहुन, क्षेत्रीहरुले हिन्दु धर्म र केहिले क्रिश्चियन धर्म पनि मान्ने गर्दछन् ।

छ) भेष-भुषा - प्रायः जसो युवा युवति तथा वयस्क मानिसहरुले भेष्ट पाईन्ट, र्सट प्वाईन्ट, ज्याकेट र बुढाबुढी र पहाड तथा गाउँमा बस्नेहरुले धोती, दौरा, सुरुवाल, गुन्यू, चोलो, ब्लाउज, लगाउँछन्

ज) पेशा - यर्सर् इलाकाका मानीसहरु अधिकांश व्यापार, होटेल व्यवसाय, नोकरी र केहि विदेशमा नोकरी गरी जीवन निर्वाह गर्दै आएका छन् ।

झ) चार्डपर्व - गुरुङ्ग, मगर, तामाङ्ग आदीले ल्होसार, माघेसंक्राती र बाहुन क्षेत्री जस्ता अन्य जातजातीहरुले दशै, तिहार आदि मान्ने गर्दछन् ।

ञ) झुकाव - हालको परिस्थतिमा यर्सर् इलाकामा बसोबास गर्ने मानिसहरु बहुदलिय लोकतान्त्रिक प्रणालीमा झुकाव राखेको पाईन्छ भने गरीबी र बेरोजगारीताको कारणले केहिले ब्रिरोहीतर्फपनि झुकाव राख्ने गर्दछन ।

ट) आर्थिक अवस्था : शहरी क्षेत्रमा बसोबास गर्नेहरु प्राय धनी र गाँउमा बसोबास गर्नेहरु आर्थिक अबस्था केहि कमजोर भएका पनि छन् ।

ठ) सुरक्षा फौज प्रतिको धारणा -..... रहेको ।

GPS (Global Positioning Satellite System)

GPS को ऐतिहासिक पृष्ठभूमी

प्रायः ऐतिहासिक युगमा गुफावाट निस्केर पुनः गुफामा फर्कनको लागी मानिसहरुले विभिन्न स्थानहरुमा जमिनी निशानाहरु Land-Marks राखेर शिकार गर्दै जाने र गुफाबाट फर्कने गर्दथे । त्यसै गरी समुन्द्रमा Fisher Man ले सप्तऋषि तारा Great Beer, Cassiopeia (W Star) ध्रुव तारा (Ploe Star), दक्षिणी खटौला Southern block आदिको माध्यमद्धारा आफ्नो स्थानमा फर्कने तथा टाढा पुग्ने गर्दथे । मध्यकालिन युगमा नक्सा तथा कम्पासको विकास भयो, जसबाट Navigation गर्न थालियो । पछि नक्साको विकास र उत्तर दिशा पत्तालगाउने बिभिन्न साधनहरु प्रयोग भैसके पछि कम्पासको सहायताद्धारा Navigation गर्न थालियो । जुन सेना, प्रहरी, सशस्त्र प्रहरी बल तथा सम्बन्धित संघ संस्था र व्यक्तिहरुले अध्यावधिक प्रयोगमा ल्याई रहेका छन् । नक्सा तथा कम्पासबाट गरिने Navigation नितान्त कठिन हुनुको साथै त्यति विश्वसनिय र

भरपर्दो समेत नभएको कारण वैज्ञानिकहरुको खोज अनुसार आजको संसारमा छिटो, छरितो र Accuracy संयन्त्रको आवस्यकता टड्कारो रुपमा महसुस भए अनुसार यो Global Positioning Satellite System को आविश्कार भएको हो ।

संसारका सबै संचार माध्यमहरु भू-उपग्रह मार्फ संचालान भैरहेको यस अवस्थामा Night Navigation को यस क्षेत्रमा पनि Satellite System नै प्रवेश गरेको पाईन्छ । मूलतः यसलाई Compass कै अति बिकसित रुप मान्न सकिन्छ तर यसमा Compass को एउटा भाग मात्र छ । यसमा भएका अन्य Function हरु समेत त्यत्ति कै महत्वपूर्ण र सुचना मुलक नै छन् । GPS Digital System रहेको Navigation Machine हो ।

विश्वमा भएको विभिन्न क्षेत्रको बिकाश सँगसंगै Navigation को क्षेत्रमा समेत छिटो, सजिलो र Accuracy को लागि खोज हुनथाल्यो । अन्य क्षेत्र अन्तरिक्षमा प्रवेश गरेपछि Navigationt को यो क्षेत्र पनि अन्तरिक्षमा प्रवेश गर्यो । यो कार्यको लागि र्सवप्रथम अमेरिकाले सन् १९७८ मा एउटा भू-उप ग्रह अन्तरिक्षमा पठायो र यसको शुत्रपात भयो । विस्तारै अन्य Satellite हरु पनि अन्तरिक्षमा पठाउने कार्य जारी रह्यो । यसले सन् १९९४ सम्ममा २४ वटा Satellite अन्तरिक्षमा पठायो र यसको अध्याय पुरा भयो । यिनीहरुले उत्तरी गोलार्द्धमा १२ र दक्षिणी गोलार्द्धमा १२ गरी हरहमेसा सेवा प्रदान गरिरहेको छन् । एकपटकमा बढीमा १२ वटा Satellite सँग जि.पि.एस. को Contact हुन्छ । कम्तीमा ६ वटा Satellite संग Contact भएमा मात्र GPS ले काम गर्दछ ।

यी Satellite पृथ्वीबाट २० हजार किलो मिटर (११,००० माईल) टाढा छन् । यिनीहरुले १२ घण्टामा पृथ्वीलाई १ फन्को मार्दछन् । यसको मरुभूमी (Desert) Area जहाँ Land Marks (जमिनी निशानाहरु) हुँदैनन् त्यस्तो ठाउँमा GPS को महत्वपूर्ण भूमिका हुन्छ । सन् १९९० र २००३ को Gulf (American) War मा यी GPS हरु प्रशस्त मात्रामा प्रयोग भएका छन् जसको कारण युद्ध जिन्न नितान्त सजिलो भएको छ । पर्यवेक्षकहरुको दृष्टीकोणमा उक्त युद्ध सफल हुनुमा GPS को ठुलो भूमिका थियो भनिन्छ । जसलाई त्यति बेला जहाज र जमिन दुवै ठाउँमा प्रयोग गरिएको थियो । अतः Navigation को ईतिहासमा GPS एउटा सुविधा युक्त यन्त्र (Sophisticated Machine) तथा वरदान नै सावित भएको छ ।

GPS को परिचय

पृथ्वीमा भू-उपग्रहको माध्यमले आफ्नो अवस्थितिलाई जाहेर गर्ने प्रणाली GPS Navigation गर्ने सशक्त अत्याधुनिक माध्यम हो । यसले एक ठाउँबाट अर्को ठाउँसम्म सजिलैसंग हर्कत गर्नसक्ने सुचनाहरु उपलब्ध गराउँदछ । यसले आफ्नो Position जाहेर गर्दा पृथ्वीको देशान्तर र अक्षांश रेखाको कुन Co-Oddination बिन्दुमा रहेको छ, कति उचाईमा छ, हावाको चाप कति छ साथै पृथ्वीको कुनै पनि स्थान देशान्तर तथा अक्षांश रेखाले कति डिग्रीमा काटेको छ भन्ने सुचनाहरु उपलब्ध गराउँदछ । हाल हाम्रो सशस्त्र प्रहरी बलमा पनि यसको शुरुवात भएको छ ।

GPS यस्तो यन्त्र हो जसद्धारा Re-Section को तरिका बिना नै आफ्नो पोजिसन देखाउँदछ । यस भित्र कुनै पनि स्थानको Co-Ordination Point भरेर Navigation गर्दा त्यस स्थानको दिशा कम्पास पेजमा Aero ले

देखाउँदछ । अरु पनि बिभिन्न ALTITUDE, TIME, SUNRISE, SUNSET आदि देखाउने यन्त्रलाई GPS भनिन्छ ।

ऐतिहासिक पृष्ठभूमि र परिचय(संक्षेपमा)

पृथ्वीमा भू-उपग्रहको माध्यमले आफ्नो अवस्थितिलाई जाहेर गर्ने प्रणाली GPS नेभिगेसन गर्ने सशक्त अत्याधुनिक माध्यम हो । यसले एक ठाउँबाट अर्को ठाउँसम्म सजिलै हर्कत गर्न सक्ने सुचनाहरु उपलब्ध गराउँदछ । यसले आफ्नो Postiong जाहेर गर्दा पृथ्वीको देशान्तर र अक्षांश रेखाको कुन Co-Ordination बिन्दुमा रहेको छ, कति उचाईमा छ, हावाको चाप कति छ, साथै पृथ्वीको कुनै पनि स्थान, देशान्तर तथा अक्षांश रेखाले कति डिग्रीमा काटेको छ भन्ने सुचनाहरु उपलब्ध गराउँदछ । यसद्धारा Re-Section को तरिका बिना नै आफ्नो Position पत्ता लगाउन सकिन्छ । यस भित्र कुनै पनि स्थानको Co-Ordinationg Point भेरेर Navigation गर्दा त्यस स्थानको दिशा कम्पास, पेजमा एरोले देखाउँदछ । अरु पनि विभिन्न कुरा जस्तै Altitute, time, sunrise, sunset आदि देखाउँदछ ।

नक्सा तथा कम्पासबाट गरिने नेभिगेसन नितान्त्त कठिन हुनुको साथै त्यति विश्वसनिय र भरपर्दो समेत नभएको कारण वैज्ञानिकहरुको खोज अनुसार आजको संसारमा छिटो, छरितो र Accuracy संयन्त्रको आवश्यकता टड्कारो रुपमा महसुस भए अनुसार GPS को आविश्कार गरिएको हो । Navigation को यस क्षेत्र पनि Satellite System मा नै प्रवेश गरेको पाईन्छ । र्सवप्रथम अमेरिकाले सन् १९७८ मा एउटा Satellite अन्तरिक्षमा पठायो । विस्तारै अन्य Satellite हरु पनि अन्तरिक्षमा पठाउने कार्य जारी रह्यो । सन् १९९४ सम्ममा २४ वटा Satellite हरु अन्तरिक्षमा पर्ठाईयो । जुन उत्तरी गोलार्दमा १२ र दक्षिणी गोलार्दमा १२ गरी हरहमेसा सेवा प्रदान गरिरहेका छन् । एक पटकमा बढीमा १२ वटा Satellite संग GPS को Contact हुन्छ । कम्तिमा ६ वटा Satellite संग Contact भएमा मात्र GPS ले काम गर्दछ । यी क्बतभिष्तभ हरु पृथ्वीबाट २०,००० कि. मि. टाढा छन् । यिनीहरुले १२ घण्टामा पृथ्वीलाई १ फन्को लगाउँदछन् । यसको मरुभूमी एरिया जहाँ जमिनी निशानाहरु हुदैनन्, त्यस्तो ठाउँमा न्एक् को महत्वपूर्ण भुमिका हुन्छ । सन् १९९० र २००३ को Gulf American War मा यी GPS हरु प्रशस्त मात्रामा प्रयोग भएका छन् । जसको कारण America लाई युद्ध जित्न नितान्त सजिलो भएको थियो । पर्यवेक्षकहरुको दृष्टिकोणमा उक्त युद्ध सफल हुनुमा GPS हरुको ठूलो भूमिका थियो भनिन्छ । जसलाई त्यति बेला जहाज र जमिन दुबै ठाउँमा प्रयोग गरिएको थियो । अतः नेभिगेसनको इतिहासमा GPA Digital System मा रहेको एउटा सुविधा युक्त यन्त्र तथा बरदान नै सावित भएको छ । जुन कम्पास कै अति विकसित रुप पनि हो ।

GPS को बिशेषता/फाईदाहरु

१. Temperature नाप्न सकिन्छ ।
२. दुरी ज्ञान गर्न सकिन्छ ।
३. कुनै पनि स्थानको ज्भष्नजत थाहा पाउन सकिन्छ ।
४. सुर्योदय र सुर्यास्तको समय ज्ञान गर्न सकिन्छ ।

५. Direction ज्ञान गर्न सकिन्छ ।

GPS को सिमितिकरण

१. GPS मा 3D NAV नआईकन यसले राम्रो काम गर्दैन, 3D NAV आउनको लागि खुल्ला ठाउँको आवश्यकता पर्दछ । नाजंगल, बाक्लो बस्तीको बिचमा र पहाडको बिच, खोलामा यसबाट काम लिन सकिदैन ।

२. ओसिलो ठाउँमा GPS ले काम गदैन ।

३. यसले काम गर्न सक्ने Temperature भन्दा बढि वा घटीमा काम गर्दैन ।

GPS CONTROL SYSTEM

GPS लाई Control गिर्ने ३ वटा Segment हरु छन् । ती हुन्-

- SPACE CONTROL SEGMENT
- GROUND CONTROL SEGMENT

१. **SPACE CONTROL SEGMENTS:-** USA ले Space मा छाडेको २४ वटा Satellite (भू-उपग्रहहरु) नै Space Control Segment हुन् ।

२. **GPS RECEIVER (USER) SEGMENT:-** Receiver Segments भनेको जुन ब्यक्तिले GPS को प्रयोग गर्दछ, त्यहि नै GPS Receiver Segment हो ।

३. **GROUND CONTROL SEGMENT**- Ground Control Segment चाँहि जमिनमा स्थापना गरिएको Satellite Sation हरु हुन् । जसले GPS प्रयोग भए/नभएको र के कसरी प्रयोग भएको ? ठिक तरिकाले काम गरे नगरेको जस्ता कुराहरुको Monitoring गर्दछ । हाल सम्म पृथ्वीमा ५ वटा यस्ता Ground Control Segment हरु राखिएका छन् । ती हुन् :-

GROUND CONTROL STATIONS

1. PACIFIC OCEAN को HAWAI
2. PACIFIC OCEAN को KWADALIN
3. INDIAN OCEAN को DIAGOGARTIA
4. ATLANTIC OCEAN को ASCEMSION ICELAND
5. USA को COLORADO SPRING जुन MASTER STATION हो । US AIR FORCE को BASE भित्र रहेको छ) ।

GPS को प्रकार

हाम्रो सशस्त्र प्रहरी बलमा हाल २ प्रकारका GPS हरु उपलब्ध छन् ।

1. GARMIN GPS
2. SILVA GPS

GARMIN GPS

GARMIN GPS को Technical Data

GARMIN GPS ताईवान (Taiwan) देशमा बनेको हो । यसमा ५०१ वटा डाटाहरु अट्दछन् ।

1. Size : 14.6, 5.1, 3.4 cm.
2. Weight Aprox : 269 g. (including 4 Bty.)

3. TemperatureRange ;- -15 – +70 Degree Celsius.
4. Accuracy : 15 metres.
5. 4 pcs. AA Alkaline lithunium Bty.
6. Satellite संग contact मा रहेको बेलामा नयाँ Bty. ले १२ घण्टा सम्म काम गर्दछ ।

GARMIN GPS को बनावट र बटमको कामहरु



GO TO : सम्बन्धित Way point list मा Curser को सहायताले High light गरि सकेपछि Navigation कार्य शुरु गर्नको लागी त्यस ठाउँको Co-ordinate (NE), BRG / DST आउँछ वा त्यसलाई हेर्न सकिन्छ । Set your GO TO point.

On/Off, light switch;- यसलाई प्रेस गरे पछि GPS को power on हुन्छ र off गर्नको लागी पुनः ३ सेकेन्ड सम्म थिचिरहनु पर्दछ । अध्यारो समयमा यहि बटन हल्का थिच्दा Screen मा उज्यालो हुन्छ ।

QUIT: कुनै page मा काम गरि रहेको अवस्थामा अगाडिका page मा फर्कनु परेमा वा DATA RESTORE गर्नु परेमा यो Botton को प्रयोग गरिन्छ । go to the out side.

PAGE: GPS function को कुनै पनि एउटा page बाट कुनै अर्को page मा जानको लागी र sub-menu page बाट मुख्य Page मा आउनको लागि यो Button को प्रयोग गरिन्छ । Open the file.

MARK: कुनै पनि ठाउँको positive save गरेर mark गर्नको लागी र mark position page Display गर्नको लागी यो Button को प्रयोग गरिन्छ । Setting Store position.

ENTER : Data entry गर्न तथा कुनै पनि function लाई OK गर्न वा Display गर्नको लागी Enter Button को प्रयोग गरिन्छ । Yes, go to the inside file.

Curser:Curser ले दाँया बाँया, High Light, अङ्कर अक्षर भर्ने काममा प्रयोग गरिन्छ . Side menu.

GARMIN GPS को PAGE

1. SATELLITE PAGE
2. POSITION PAGE
3. MAP PAGE
4. COMPASS PAGE

5. MAIN MENU PAGE

SATELLITE PAGE

यो Page मा Satellite Position र Signal strength देख्न सकिन्छ । यसमा व्याट्री पावर पनि हेर्न सकिन्छ । Satellite Position GPS मा देखिने बिचको विन्दु भित्री घेरा र बाहिरी घेरा देख्न सकिन्छ । बाहिरी घेरामा क्षितिजमा भएका Satellite संगको सम्पर्क देखाउँछ भने भित्री घेरामा ४५ डिग्रीमा भएका Satellite संगको सम्पर्क देखाउँछ । बिचको बिन्दुमा ९०° अर्थात सिधा माथि रहेको Satellite संगको सम्पर्क देखाउँदछ । अन्य कालो घेरा भित्र देखिएका Satellite हरुको Signal छेकिएको भन्ने बुझिन्छ । यो घेरा भन्दा तल Bar Graph आएको छ भने त्यसले Satellite संग राम्रो सम्पर्क भएको वा राम्रो Signal भएको छ भन्ने बुझाउँदछ ।

यसरी Satellite संग राम्रो सम्पर्क भएको जानकारी GPS मा Satellite को Status 2D/3D बाट बुझिन्छ । Receiver status GPS को माथि बाँया तर्फ हुन्छ भने EPE (Estimated Position Error) in feet or meter मा देखाउँदछ । यसमा Searching, Autolocate, Aquiring 2D Nevigation, 3D Navigation Poor GPS, Coverage Not Useable / Simulator देखाउँदछ । यसमा,

1. Searching मा उपलब्ध Satellite देखिन्छ ।
2. Autolocate मा GPS ले तत्काल देखिएका Satellite बाट Data Collection गर्न शुरु गर्दछ । यो 5 Minutes पनि लाग्न सक्छ ।
3. Acquiring आएको अवस्थामा GPS receiver ले उपलब्ध Satellite को सहायताले Data Collection गरिरहेको हुन्छ तर चाहिए जति Data Collection भईसकेको हुदैन । त्यस पछि 2D आउँछ ।
4. 2 D Navigation आएको अवस्थामा ३ वटा Satellite संग राम्रो सम्पर्क हुन्छ र DimensionalPosition (देशान्तर र अक्षांश) फिक्स गरेको हुन्छ ।
5. 3D Navigation मा कम्तीमा ४ वटा Satellite संग राम्रो सम्पर्क हुन्छ तब 3 Dimensional Position (देशान्तर, अक्षांश र Altitude फिक्स देखाउँदछ)
6. Poor Coverage मा GPS receiver ले Satellite signal राम्रो पाउन सक्दैन र यसमा राम्रो डाटा पढ्न सकिदैन ।
7. No usable आएको अवस्थामा GPS Receiver कुनै डाटा पनि दिन सक्दैन यस्तो आएमा GPS off गरी पुन आवश्यक भएमा खोल्नु पर्दछ ।
8. Simulator मा GPS receiver को Satellite संग सम्बन्ध रहदैन ।

Satellite page मा बाँया तर्फ Bty. Indicator Bar हुन्छ । यसले Bty. Condition कस्तो छ देखाउँदछ । यसमा *(Icon) लाई हल्का Press गर्दा Light दिन्छ । जसले रातमा Screen df आएको Data पढ्न सकिन्छ । यसलाई कति Second सम्म बाल्ने भन्नको लागी Light Set गर्नु पर्दछ।

Satellite Page भित्र थप निम्न कुराहर पनि देख्न सकिन्छ ।

1. कालो रिङ्ग भित्र निस्केको अङ्कलाई चारपाटे फ्रेमले घेरेको देखाएमा GPS संग Satellite connected नभएको बुझ्नु पर्दछ । अङ्कहरु माथी HL नभएको भए Satellite संग GPS को contact भएको बुझ्नु पर्दछ ।

2. गोलो रिङ्गको बिचमा कुनै अङ्क निस्कन्छ भने GPS को contact satellite संग 90^0को कोणमा Signal दिएको छ, पहिलो र दोश्रो रिङ्गमा अङ्क आएमा 45^0 को कोणमा र दुवै रिङ्ग भन्दा बाहिर अङ्क आएमा दाँया वाँया कोणबाट signal दिएको छ भन्ने बुझ्नु पर्दछ ।

POSITION PAGE

GPS Receiver को दोश्रो Page position page हो यसले आफ्नो Location Direction र कति छिटो हामी हिंडीरहेका छौं (TRK) देखाउँदछ । यसको सबै भन्दा माथी Graphic Heading ले हामी हर्कत गर्दाको Track direction देखाउँदछ । यसको ठिक तल Track Speed र trip odomoter रहेको हुन्छ Track ले हाम्रो हर्कत Bearing, Speed ले हाम्रो गति देखाउँदछ । Trip ले Last rest देखी अहिलेको Position सम्मको Total Distance देखाउँछ र ALT. ले आफ्नो पोजिशनको समुन्द्री सतहदेखिको उचाई देखाउँछ । यसमा आफ्नो पोजिसनलाई तत्कालिन Latitude, Longitude Degree, minute र Second मा देखाउँदछ । यसबाट आफ्नो सही Position अर्थात Waypoint mark गर्न सकिन्छ । यसको तल Time आउँछ ।

Position page पेजमा GPS Receiver प्रयोग कर्ताले हेर्न सक्ने अन्य Option हरु पनि छन् । जस्तै

* Trip odometer (TRIP) :- Last rest बाट आफु हिडिरहेको जम्मा दुरी ।
* Trip timer (T TIME) :- Last rest बाट त्यहाँ सम्म आउँदाको गति ।
* Elapsed Time :- Last restaf त्यहाँ आईपुग्दा लागेको समय ।
* Average Speed (AVSPED) :- Last rest बाट त्यहाँ आईपुग्दा सम्मको Average Speed
* Maximum Speed (MXSPD) :- Last rest बाट त्यहाँ आइपुग्दा सम्मको Maximum Speed
* Altitude (ALT) :- समुन्द्री सतहबाट त्यो ठाउँको उचाई ।

यसमा निम्न कुराहरु देख्न सकिन्छ ।

1. Position (NE)
2.Bearing
3.Track(हिंडेको Bearing दिन्छ ।
4.Speed हिडेको गति
5.Trip- हिडेको दुरी
6.Alt उचाई
7.Time समय

यो Page मा Satellite Position र Signal strength देख्न सकिन्छ । यसमा व्याट्री पावर पनि हेर्न सकिन्छ । Satellite Position GPSमा देखिने बिचको विन्दु भित्री घेरा र बाहिरी घेरा देख्न सकिन्छ । बाहिरी घेरामा क्षितिजमा भएका Satellite संगको सम्पर्क देखाउँछ भने भित्री घेरामा ४५ डिग्रीमा भएका Satellite संगको सम्पर्क देखाउँछ । बिचको बिन्दुमा ९०° अर्थात सिधा माथि रहेको Satellite संगको सम्पर्क देखाउँदछ । अन्य कालो घेरा भित्र देखिएका Satellite हरुको Signal छेकिएको भन्ने बुझिन्छ । यो घेरा भन्दा तल Bar Graph आएको छ भने त्यसले Satellite संग राम्रो सम्पर्क भएको वा राम्रो Signal भएको छ भन्ने बुझाउँदछ ।

यसरी Satellite संग राम्रो सम्पर्क भएको जानकारी GPS मा Satellite को Status 2D/3D बाट बुझिन्छ । Receiver status GPS को माथि बाँया तर्फ हुन्छ भने EPE (Estimated Position Error) in feet or meter मा देखाउँदछ । यसमा Searching, Autolocate, Aquiring 2D Nevigation, 3D Navigation Poor GPS, Coverage Not Useable / Simulator देखाउँदछ । यसमा,

1. Searching मा उपलब्ध Satellite देखिन्छ ।
2. Autolocate मा GPS ले तत्काल देखिएका Satellite बाट Data Collection गर्न शुरु गर्दछ । यो 5 Minutes पनि लाग्न सक्छ ।
3. Acquiring आएको अवस्थामा GPS receiver ले उपलब्ध Satellite को सहायताले Data Collection गरिरहेको हुन्छ तर चाहिए जति Data Collection भईसकेको हुदैन । त्यस पछि 2D आउँछ ।
4. 2 D Navigation आएको अवस्थामा ३ वटा Satellite संग राम्रो सम्पर्क हुन्छ र DimensionalPosition (देशान्तर र अक्षांश) फिक्स गरेको हुन्छ ।
5. 3D Navigation मा कम्तीमा ४ वटा Satellite संग राम्रो सम्पर्क हुन्छ तब 3 Dimensional Position (देशान्तर, अक्षांश र Altitude फिक्स देखाउँदछ)
6. Poor Coverage मा GPS receiver ले Satellite signal राम्रो पाउन सक्दैन र यसमा राम्रो डाटा पढ्न सकिदैन ।
7. No usable आएको अवस्थामा GPS Receivern कुनै डाटा पनि दिन सक्दैन यस्तो आएमा GPS off गरी पुन आवश्यक भएमा खोल्नु पर्दछ ।
8. Simulator मा GPS receiver को Satellite संग सम्बन्ध रहदैन ।

Satellite page मा बाँया तर्फ Bty. Indicator Bar हुन्छ । यसले Bty. Condition कस्तो छ देखाउँदछ । यसमा *(Icon) लाई हल्का Press गर्दा Light दिन्छ । जसले रातमा Screen df आएको Data पढ्न सकिन्छ । यसलाई कति Second सम्म बाल्ने भन्नको लागी Light Set गर्नु पर्दछ।

<u>Satellite Page भित्र थप निम्न कुराहर पनि देख्न सकिन्छ ।</u>

१. कालो रिङ्ग भित्र निस्केको अङ्गलाई चारपाटे फ्रेमले घेरेको देखाएमा GPS संग Satellite connected नभएको बुझ्नु पर्दछ । अङ्गहरु माथी HL नभएको भए Satellite संग GPS को contact भएको बुझ्नु पर्दछ ।

२. गोलो रिङ्गको बिचमा कुनै अङ्ग निस्कन्छ भने GPS को contact satellite संग 90^0को कोणमा Signal दिएको छ, पहिलो र दोश्रो रिङ्गमा अङ्ग आएमा 45^0 को कोणमा र दुवै रिङ्ग भन्दा बाहिर अङ्ग आएमा दाँया वाँया कोणबाट signal दिएको छ भन्ने बुझ्नु पर्दछ ।

POSITION PAGE

GPS Receiver को दोश्रो Page position page हो यसले आफ्नो Location Direction र कति छिटो हामी हिंडीरहेका छौं (TRK) देखाउँदछ । यसको सबै भन्दा माथी Graphic Heading ले हामी हर्कत गर्दाको Track direction देखाउँदछ । यसको ठिक तल Track Speed र trip odomoter रहेको हुन्छ Track ले हाम्रो हर्कत Bearing, Speed ले हाम्रो गति देखाउँदछ । Trip ले Last rest देखी अहिलेको Position सम्मको Total Distance देखाउँछ र ALT. ले आफ्नो पोजिशनको समुन्द्री सतहदेखिको उचाई देखाउँछ । यसमा आफ्नो पोजिसनलाई तत्कालिन Latitude, Longitude Degree, minute र second मा देखाउँदछ । यसबाट आफ्नो सही Position अर्थात Waypoint mark गर्न सकिन्छ । यसको तल Time आउँछ ।

Position page पेजमा GPS Receiver प्रयोग कर्ताले हेर्न सक्ने अन्य Option हरु पनि छन् । जस्तै :(

* Trip odometer (TRIP) :- Last rest बाट आफु हिडिरहेको जम्मा दुरी ।
* Trip timer (T TIME) :- Last rest बाट त्यहाँ सम्म आउँदाको गति ।

* Elapsed Time :- Last restaf6 त्यहाँ आईपुग्दा लागेको समय ।
* Average Speed (AVSPED) :- Last rest बाट त्यहाँ आईपुग्दा सम्मको Average Speed
* Maximum Speed (MXSPD) :- Last rest बाट त्यहाँ आइपुग्दा सम्मको Maximum Speed
* Altitude (ALT) :- समुन्द्री सतहबाट त्यो ठाउँको उचाई ।

यसमा निम्न कुराहरु देख्न सकिन्छ ।

1. Position-(NE)
2. Bearing
3. Track-हिंडेको Bearing दिन्छ ।
4. Speed-हिडेको गति
5. Trip- हिडेको दुरी
6. Alt -उचाइ
7. Time -समय

MAP PAGE



Navigation Page

- ⊗Zoom मा 0.3 KM – 800 Km सम्मको दुरीको नक्सालाई सानो-ठुलो गरि Screen मा देखाउँदछ ।
- Distance - दुरी देखाउँदछ ।
- *ले ownposition देखाउँदछ ।
- Pan - click or enter quit आउँछ / Navigation शुरु गरेपछि ।
    - Bearing
    - Distance
    - Curse bearing, Track Bearing

- Speed आदि बढ्छ ।

☞ OPT मा i) Map set up
ii) Track Set up
Find City
iv) City set up

☞ Map Set Up – click enter

i) Map : Track up North up
ii) Rings : No
iii) Route : Yes
iv) Nearest : Yes
v) Names : Yes
vi) Track Log : Yes

☞ Track Set up

i) Record **a) Fill**
b) Off
c) Rap
ii) Method a) Auto
b) Time interval
iii) Calcolate Area
a) Units :- **Auto**
b) Sq. KM -
c) SQMT -
d) SQNM -
e) AQMI -
f) ACRES -
g) SQYS -
h) SQFT -

☞ **FindCity–** कुनै पनि मन परेको शहरको Reference, Bearing, Distance, Show map Go to देखाउँछ । (Nepal निकाली Inter गर्ने)

☞ City Set up – Size zoom

a) Small – 20Km
b) Medium – 80 Km
c) Large – 800 Km

COMPASS PAGE/NAVIGATION PAGE

- Way point name
- Bearing
- Distance
- Track

- Speed
- Compass a) Compass
  b) Highway Compass
- ETE : Click on enter ETE मा HL हुन्छ / menu चलाउने ।

a) ETE – Estimated time route
b) TRN - Turn degree
c) VMG – Very mod goal गति निर्धारण गरि पुग्ने समय दिन्छ ।
d) XTK – Cross Track
e) CTS – Cross to steer
f) ETA – Estimated time of Arrival

MAIN MENU PAGE

Garmin GPS मा हामीले काम गर्ने मुख्य पेज नै Main Menu Page हो । यस Page भित्र धेरै फायलहरु हुन्छन् ।

नोट : हामीले जुन फायल खोल्दा पनि Cursor को सहायताले त्यसलाई High Light गरी Enter गरेपछि त्यस फायल खुल्दछ ।

WAY POINT



Main Menu Page मा गएपछि Way Point लाई HL गरी Enter गरेपछि Way Point file आउँछ । New Way Point भर्नु परेमा Way Point मा गएर Co-ordinate भर्ने काम गरिन्छ ।

WAY POINT



Re-Name – Way pointको नाम बदल्ने ।

New – नयाँ way point भर्ने ।
Delete –भरेको way point हटाउने ।
Done –भरेको way point लाई store/Save गर्ने ।

WAY POINT LIST

Way point list भित्र GPS मा Save गरि राखेका way point हरुका Name save भई file भई रहेको हुन्छ । यसलाई पनि हेर्ने तरिका Way point सरह नै हो । यसमा ५०१ वटा सम्म waypoint भर्न सकिन्छ ।

NEAREST WAY POINTS

NEAREST WAY POINTS भित्र 100 mile अर्थात 160 Km दुरी भित्र पर्ने way points हरु मध्ये 9 वटा way point हरु आउँछन् । यसलाई हेर्न Main menu page को Nearest Waypoints HL गरि Enter गरेमा ति ९ वटा Way Points आउँदछन् ।

PROXIMITY WPTS

यसलाई HL u/L Inter click गरेमा Screen मा निम्न कुरा आउँछ :

a) Way point name
b) Review
c) Remove
d) Distance
e) Bottom df clear all

यसमा शंकास्पद WPTS लाई भरेर जांदा Navigation को समयमा आफूलाई शंका लागेको स्थानहरु आईपुग्दा जनाउ दिने काम गर्दछ ।

ROUTES :

Routes लाई HL गरी interClick गरेमा Screen मा

- Routes No:
- Routes name :
- Way Point list :
- Total distance :
- Copy to :
- Clear : रुट हटाउनु परेमा
- Tnversment
- Active

Route No:

यसमा 0 – 19 वटा रुट नं. हरु आउँछन् । जसमा 0Route Number auto हुन्छ । अन्य सबै Manual हुन्छन् ।

Copy to:

Route बनाउँदा जहिले पनि Route 0 मा बनाउने र copy to लाई HL गरी अन्य Route No. 1 -19 सम्मको गर्ने No. मा पनि Copy गरी राख्न सकिन्छ । जसको लागी copy लाई HL गरी No. लेखि Enter गरेमा copy हुन्छ ।

DIST AND SUN : DIST AND SUN HL गरि Enter गरेमा सुर्योदय र सुर्यास्तको समय आउँदछ । यसमा जुन मितिमा मिलाएर सेट गरियो त्यही दिनको सुर्योदय र सुर्यास्त आउछ ।

Message:

FINDCITY

यो फायल खोलेमा पहिले नै Save गरि राखेका देश वा शहरहरुको Name, BRGर DIST आउँदछ ।

SET UP MENU

Main Menu Page को SET UP MENU लाई HL गरि Enter गरेमा SET UP MENU फायल खुल्दछ । जसमा यस्तो देखिन्छ ।



SYSTEM HL गरी ENTER गरेमा SYSTEM SET UP फायल आउँदछ

नोट :-

i. MODE : Simulator मा BTY. खपत हुन्छ ।
ii. Normal मा Navigation गरिन्छ ।
iii. Power save मा coverage मा काम गर्न सकिन्छ ।
iv. Contrast मा गएर अक्षर चहकिलो वा मधुरो पारिन्छ ।
v. TONE : MSG KEY मा आवाज दिन्छ ।
vi. MSG ONLY मा निशाना नजिक पुगेपछि आवाज दिन्छ ।
vii. NONE मा आवाज दिदैन ।
viii. OFF SET: 05:45 मा राख्नु पर्दछ ।
ix.

NAVIGATION SET UP : Main menu page मा गई Navigation HL गरि Enter गरेमा NavigationSet up file आउँछ ।



नोट : **PSN. FRONT** :

hddd^0 mm' ss.ss" हुनु पर्दछ ।

MAP DATAM :

India Bangladesh हुनु पर्दछ ।

Position Mark/Position save

कुनै पनि न्एक् लाई यल गरिन्छ भने बिस्तारै यसले सम्बन्धित स्थानको PSN. जाहेर गर्दछ । जाहेर गर्दा डिग्री, मिनेट, सेकेन्डमा गर्दछ । त्यो नै त्यस स्थानको वास्तविक PSN हुन्छ । त्यसलाई GPS मा रेकर्ड गर्ने कार्य लाई psn mark भनिन्छ । यसको लागि psn Bottom थिचे पछि psn, mark page Display हुन्छ । Enter bottom ले यसलाई save गर्ने काम गर्दछ ।

Own Position Mark गर्ने तरिका

- ✓ GPSON गर्ने ।
- ✓ Satellite Page मा जाने ।
- ✓ 3D NAV पछि Mark Buttom थिच्ने ।
- ✓ Screen को तल बांया पट्ट Average र Sage आउँछ । Save मा HL भएको हुन्छ त्यसलाई Curser को सहायताले Averge मा HL गरि Enter वा Mark Buttom थिच्ने ।
- ✓ ± Atable भए पछि Curser को सहायताले Way Point field HL गरि Enter गर्ने । Way Point Name भर्ने र Enter गर्ने ।
- ✓ Symbol Field HL हुन्छ । पुनः Enter गर्ने, Symbol Chart आउँछ, Curser को सहायताले आफुलाई मन परेको Symbol Choise गरि त्यसमा HL गरि ४ पटक लगातार Enter गर्ने Save मा HL हुन्छ पुनः Enter गरेपछि PSN. मार्क हुन्छ । र Way Point List को Name, Symbol, Co-Ordinate, DIST, BRG आउँछ ।

MARK POSITION
WAY POINT (Name Field) ..... (Symbol Field) .....
N ..... E ..... (Co-ordinate)
Add to Route ..... Number ..... +- ..... MT
Average? Save?

NOTE : **विश्वको मान चित्रमा नेपालको अवस्थीत** N = $26^0$22' **देखि** $30^0$27' **अक्षांश र** E = $80^0$4' **देखि** $88^0$12' **देशान्तर रेखाको बिचमा अवस्थीत रहेको छ ।**

MAP TO GPS, GPS TO GROUND :

१) **परिचय** : :MAP मा भएका देशान्तर तथा अँक्षाश रेखाको Co-Ordinating Point को सहायताबाट Map का सम्पुर्ण डिटेलहरु कुन स्थानमा पर्दछन् भनि पत्ता लगाई GPS मा मार्क गर्ने कार्यलाई :Map to GPS भनिन्छ भनें GPS मा रेकर्ड गरिएको डाटाको आधारमा त्यो स्थान जमिनमा पत्तालगाउने कार्यलाई GPS to Ground भनिन्छ । अथवा यसलाई GPS to Navigation पनि भनिन्छ ।



MAP TO GPS

Northing Calculation of map to GPS

१. एउटा Northing line र अर्को Northing Line बिच 2'30" वा 18.5 cm वा 185 mm दुरीको फरक हुन्छ ।

यहाँ, 18.5 cm = 2'30"

यहाँ, 185 mm = 150 sec.

यहाँ, 1 mm = $^{150}/_{185}$ sec.

त्यसैले 1 mm = 0.81" हुन्छ ।

Easting calculation of Map to GPS

२. एउटा EASTING LINE र अर्को EASTING LINE बिच 2'30" वा 16.5 cm वा 165 mm दुरीको फरक हुन्छ ।

यहाँ, 16.5 cm = 2'30"

or,165 mm = 150"

or, 1 mm = 150/165 sec.

त्यसैले 1 mm = 0.91" हुन्छ ।

Note: Map To GPS मा mm बाट sec. मा लैजानु पर्दछ ।

Map to GPS गर्ने तरीका :

१) सबै भन्दा पहिले Northing line लाई (अक्षांश रेखा) बाट फुटरोलले mm इकाईमा Distance नाप्ने । यसरी नाप्दा सहि Base Line पत्ता लगाउनु पर्दछ ।

२) आएको फासलालाई ०.८१ ले गुणन गर्ने ।

३) त्यो गुणनफल जम्मा Second हुन्छ ।

४) ६० Second भन्दा बढि छ भने मिनेटमा परिणत गर्ने ।

५) आएको मिनेट, सेकेन्डलाई Northing Line (अक्षांश) रेखामा (Base मा) जोडी दिने ।

६) यसरी आएको नम्बर त्यस स्थानको Northing Line Co-Ordinate हुन्छ ।

EASTING LINE निकाल्ने तरिका :

१) Easting line बाट निशाना सम्म Northing Line को जस्तै फुटरोलले नाप्ने ।

२) आएको फसलालाई ०.९१ ले गुणन गर्ने ।

३) आएको गुणनफललाई मिनेट र सेकेन्डमा परिणत गरी Easting Line को Base Line मा जोडिदिने । यसरी आएको Northing र Easting को Co-ordinate Number लाई GPS मा भर्ने । यसरी Map to GPS गरिन्छ ।

Note :

a. $1^0 = 60'$
b. $1' = 60''$
c. Northing Line – 2'30" or 18.5 cm
d. Easting Line – 2'30" or 16.5 cm
e. 10mm = 1 centimeter
f. 10cm = 1 decimeter
g. 10 decimeter = 1 meter
h. 10 meter = 1 decameter
i. 10 decameter = 1 hectameter
j. 10 hectameter = 1 Kilometer
k. Northing Line – Latitude – Horizontal Line
l. Easting Line – Longitude – Vertical Line

GPS TO MAP

GPS मा भरिएका Data हरुको हामीले नाम पनि दिएका हुन्छौ । ता पनि त्यो स्थान जमिनमा कहाँ पर्दछ वा त्यो जमिनले नक्शामा कहाँ प्रतिनिधित्व गर्दछ भन्ने कुरा जान्न आवश्यक छ । यति बेला GPS ले जाहेर गरेको Coordinating distance को आधारमा नक्शामा त्यो स्थान कहाँ पर्दछ, स्केलको मद्दतबाट नापेर पत्ता लगाउन सकिन्छ ।

Northing calculation of GPS to map

यहाँ, 2'30" = 18.5 cm

Northing 1 sec. = 1.23 mm

Northing 1mm. = 0.81 sec.

Easting 1 sec. = 1.1 mm

or, 150" = Co-ordinating Distance185 mm
or, 1" = $^{185}/_{150}$ mm
त्यसैले, 1" = 1.23 mm हुन्छ ।

Easting Calculation of GPS to map

यहाँ, 2'30" = 16.5 cm

or, 150" = 165 mm
or,1"= $^{165}/_{150}$ mm
त्यसैले, 1" = 1.1 mm हुन्छ ।

Note:- GPS TO MAP मा sec. बाट mm मा लैजानु पर्दछ ।

GPS TO MAP गर्ने तरिका

पहिला NORTHING LINE लिने

१) GPS मा रेर्कड गरिएको कुनै पनि Co-ordinating Point लाई map मा देखाउँदा रेकर्ड गरिएको co-ordinating point को N बाट map को (Base line) N लाई घटाउने ।
२) यसरी आएको मिनेट र सेकेन्डलाई सेकेन्डमा परिणत गर्ने ।
३) आएको सेकेन्डलाई १.२३ ले गुणन गर्ने ।
४) यसरी आएको mm. लाई अक्षंश रेखा (Base Line) N बाट फुटरोलले नाप्ने ।

EASTING LINE

१) Co-ordinating Point को E बाट नक्साको E घटाउने ।
२) यसरी आएको मिनेट र सेकेन्डलाई, सेकेन्डमा परिणत गर्ने ।
३) आएको सेकेन्डलाई १.१ ले गुणन गर्ने । अब गुणनफल mm मा हुन्छ ।
४) आएको गुणनफललाई E को Base Line लाई फुटरोले नाप्ने । यसरी आएको N र E बाट GPS मा भएको Co-ordinate को सहायताबाट त्यो स्थान, Map मा पत्ता लगाउन सकिन्छ ।

NEW WAY POINT भर्ने

Map को अध्ययन गरि आफुलाई आवश्यक परेको कुनै पनि स्थानको Co-ordinating reference लिएर त्यसले जाहेर गरेको co-ordinating Number लाई GPS मा भर्ने कार्य New Way Point record हो । यसको लागि देशान्तर र अक्षांश रेखालाई स्केलले नापेर आवश्यक स्थानको डिग्री, मिनेट र सेकेन्ड पत्ता लगाईन्छ, जुन कुरा GPS मा WAY POINT FIELD मा गएर यसलाई भरिन्छ र रेकर्ड राखिन्छ । जति बेला आवश्यक पर्दछ त्यति बेला भरिएका point हरुमा तुरुन्त Navigation गर्न सकिन्छ ।

NEW WAY POINTS भर्ने तरिका

- GPS on गर्ने ।
- Main menu page मा जाने, Way point HL गरि Enter गर्ने ।
- Done मा HL हुन्छ, त्यसलाई curser ले New मा HL गर्ने र Enter गर्ने ।
- Way point name field मा HL हुन्छ । Name भर्न तयार हुन्छ, curser को सहयोगले Name भर्ने र Enter गर्ने ।

- Symbol Field मा HL हुन्छ Enter गर्ने ।
- Symbol Chart आउँछ । आफुलाई मन परेको Symbol मा HL गर्ने र ४ पटक सम्म लगातार Enter गर्ने । Name र Symbol feel हुन्छ । Done मा High Light भएको हुन्छ । Co-ordinating Field मा High Light गर्ने र Enter गर्ने ।
- N मा High Light हुन्छ र Curser को सहायताले Co-ordinate set गर्ने र Enter गर्ने ।
- Done मा High Light हुन्छ र फेरि Enter गर्ने ।
- Main Menu Page को Way Point मा High Light भएको हुन्छ । त्यसलाई Way Point List मा High Light गर्ने र Enter गर्ने ।
- आफुले set गरेको Way Point Name हेर्ने त्यसमा High light गर्ने र Enter गर्ने ।
- अब आफुले Set गरेको Co-ordinate आउँछ ।
- यसरी New Way Point set गर्न सकिन्छ ।

NAVIGATION

GPS मा रेकर्ड गरेर राखिएका वा Well Known Cities जुन पहिलै GPS मा Programming भएर आएकाहरुलाई Navigation को लागी तोकिएको Bottom थिचे पछि Search गरेर आवश्यक Point लाई OK गर्ने बितिकै Navigation Start हुन्छ । यसमा Navigation गर्नु पर्ने स्थानको दुरी, Bearing, Speed, लाग्ने समय आदि देखाउँछ ।

NAVIGATION गर्ने तरिका

- सबै भन्दा पहिला Main Menu Page मा जाने र Way Point List लाई High Light गरि Enter गर्ने ।
- हामीले Set गरेको Way Point Name list आउँछ । कुन Way Point मा Navigation गर्ने हो, त्यसलाई High Light गरी Enter गर्ने । त्यो Way Point को Name, Symbol, Co-ordinate, BRG / Distance आउँछ ।
- Go To Button थिच्ने । त्यो Way Point को Name High Light हुन्छ । Enter गर्ने । कम्पास (Navigation) page आउँछ । त्यो Way Point को BRG, Distance आउँनुका साथै Compass आउँछ र Own Position बाट त्यो कुन दिशा तर्फ पर्दछ Arrow ले देखाउँदछ ।
- जब navigation गर्न शुरु गरिन्छ, तब कम्पास भन्दा तल TRK र आफ्नो Speed देखाउँछ ।
- Distance 00 नभए सम्म अगाडि बढ्दै जाने र 00 Destination Point भएपछि निशाना खोज्ने ।
- यसरी Navigation गर्दा GPS Mode Normal मा हुनुपर्दछ । Simulator मा छ भने Navigation गर्न सकिदैन ।
- यसरी Navigation गर्न सकिन्छ ।

GO TO WAY POINT

Go To लाई Press गर्दा जानु पर्ने Point मा HL हुन्छ र जानु पर्ने Point मा High light हुदाँ Enter press गरेमा Navigation को लागि Navigation Page मा compass द्वारा देखाउँछ ।

Cancel Go To

Curser द्वारा cancel Go To लाई High light गरी Enter press गरेमा Navigation को लागि select गरेको point cancel हुन्छ ।

Track Back

- Track Back लाई HL गरी Enter press गरेमा Navigation गर्दा GPS ले बनाएको Route Active भै Active Route को फायल आउँछ र Navigation बाट फर्कनको लागि Route देखाउँछ। साथै Screen मा Too:

- Too 2 देखाउँदछ र यसलाई HL गरी Enter Press गरेमा निम्न कुरा आउँदछ
  i. Review
  ii. Insert
  iii. Remove
  iv. Change

माथिका Key हरुबाट आफुलाई चाहे अनुसार Route लाई दोहोऱ्याउन, समाबेश गर्न, हटाउन र बदल्न सकिन्छ।

NEAREST WAY POINT

Main menu Page मा गई Nearest Way Point लाई High Light गरि Enter गर्दा GPS मा Set भएका १०० माईल अर्थात १६० km दुरी भित्र पर्ने Way Point हरु मध्ये ९ वटा Way Point हरु आउछन्। तल्लो Curser थिच्दा माथिल्लो Way Point High Light हुन्छ।
त्यसलाई Enter गर्दा त्यो Point को Name, Symbol, Distance, BRG र Co-ordinate आउँछ। यसमा दुई पटक GO TO Botton थिच्दा MOB High Light हुन्छ। यसमा MOB Home Point हुन्छ। यसबाट Navigation Start हुन्छ।
MOB High Light गरि Enter थिच्दा Compass आउँछ। तब New Start गरिन्छ। जहाँ सुकै पुगेको भए पनि MOB दुई पटक थिच्दा Home Point अर्थात Navigation शुरु Point को सबै डाटा दिन्छ। यो Navigation गर्दै जादाँ बाटोमा भुलियो र घर (Home Point) फर्किनु पर्दा प्रयोग गरिन्छ।
MOB = Men Over Board

MOB CHANGE गर्ने तरिका:

- Main Menu Page मा जाने।
- Set Up Menu High Light गरि Enter गर्ने।
- System मा High Light गरि Enter गर्ने।
- MODE (Normal)मा High Light गरि Enter गर्ने।
- माथिल्लो Curser ले Simulator,Normal वा Power Save के चाहिन्छ खाज्ने र Enter गर्ने।
- चाहिएको Mode Save हुन्छ।

Contrast घटाउने वा बढाउने

- Main Menu Page मा जाने।
- Set Up Menu High Light गरि Enter गर्ने।
- System High Light गरि Enter गर्ने।
- Contrast High Light गरि Enter गर्ने।
- दाँया बाँया Curser ले घटाउने वा बढाउने र Enter गर्ने।

रातमा Light को समय बढाउने वा घटाउने

- Main Menu Page मा जाने।
- Set Up Menu High Light गर्ने र Enter गर्ने।

- System High Light गर्ने र Enter गर्ने ।
- Non को High Light लाई Sec. को ठाँउमा लैजाने र Enter गर्ने, यसो गर्दा Signal मा (1)जान्छ, Enter गर्ने ।
- १५ सेकेण्ड देखि २४० सेकेण्ड वा STAY ON मा राख्ने ।
- रातमा Light चाहिँदा On भएको GPS को On (Start) बटम छोटो Press गर्दा Screen मा उज्यालो हुन्छ ।
- यसरी उज्यालो पनि पहिलो प्रेसमा हल्का, दोश्रो प्रेसमा अलि बढी र तेस्रो प्रेसमा झन् बढी हुन्छ ।

WPTS Delete गर्ने तरिका

- Main Menu Page मा जाने, way point list हेर्ने र आफूले Delete गर्नु पर्ने way point लाई HL गरि Enter गर्ने उक्त Way Point को Name, Symbol, Co-ordinate, Distance, Bearing आउँछ ।
- Screen को तल Delete? आउँछ Curser को सहायताले Delete? HL गरि Enter गर्ने ।
- WARNING – Way Point Name will be deleted are you sure yes? or No? आउँछ Noमा HL हुन्छ । यदि delete गर्नु छभनें curser को सहायताले Yes? मा HL गर्ने र Enter गर्ने त्यो Way Point delete हुन्छ । No मा Enter गरे delete हुदैन ।



पुरै File Delete गर्नु परेमा :

- Way Point List मा HL गरि Enter गर्ने
- Way Point हरुको Name आउँछ । Screen को तल deleted WPTS? मा HL गरि Enter गर्ने ।
- पुरै delete गर्ने हो कि ?Symbol मात्र delete गर्ने हो ? देखाँदछ आवश्यकता अनुसार HL गरि Enter गर्ने ।
- पुन Enter गर्ने । Warning आउँछ । No? मा HL बस्छ, यदि Yes? मा HL गरि Enter गरेमा सबै फाईल delete हुन्छ ।

RENAME गर्ने तरिका

- हामीले Set गरेको Way Point का] Name Change गर्नु परेको छ भने Main Menu Page मा जाने, Way Point List HL गर्ने, ENTER गर्ने, Way Point List आउँछ, आफुले Change गर्नु पर्ने Name HL गर्ने र ENTER गर्ने ।
- HL गरेको WayPoint को Name, Symbol, Co-ordinate, Distance, Bearing आउँछ । त्यसको तल Rename? New? Delete? Done? आउँछ र Done df HL भएको हुन्छ ।
- Curser को सहायताले Rename? मा HL गरि Enter गर्ने ।
- FROM – Way Point Name To Way Point name आउछ । To way Point name को पहिलो अक्षरमा HL भएको हुन्छ , Curser ले आवश्यक Name भर्ने ।
- त्यसको तल Are you sure Yes? or No? आउँछ ।
- To को Way Point Name मा आफुले भर्नुपर्ने नाम Set गरि सकेपछि Enter गर्ने । Yes?मा HLभएको हुन्छ । पुनः Enter गर्ने ।



Route भर्ने तरिका

Route मा ० सहित २० वटा Route हरु हुन्छन् (0 – 19) .

- Main Menu Page मा जाने ।
- Route लाई HL गरि Enter गर्ने ।
- Route No आउँछ ।
- खाली Route मा Route No. भर्ने र Enter गर्ने ।
- Curser को सहायताले Way Point Name fill गर्ने, No. 1 fill मा HL हुन्छ, Enter गर्ने, Name fill गर्ने । यसरी क्रमशः सबै Route हरु भर्ने र Enter गर्ने ।

NOTE

१. हामी GPS को जुनसुकै Page मा भएता पनि GO ToButton थिच्दा way point list आउँछ । त्यो मध्ये हामी जुन point मा जाने हो, त्यसको Name HL गरेपछि त्यस स्थान सम्म जानको लागि Navigation शुरु हुन्छ ।

२. Navigation गर्दा way point हराएमा पुनः पहिलेकै Own Position मा फर्कनु परेमा २ पटक GO TO थिच्ने र Enter गर्ने Compass Page आउँछ । त्यसमा पहिलाको Start Point को BRG, DIST, TRK, Speed, र एरोले Direction देखाउँदछ ।

सैनिक शब्दावली

१. **डिफेन्सीभ वा डिफेन्डेड पोजिशन** :- डिफेन्सको लागि तयार पारिएको त्यस्तो इलाका हो, जहाँ कति सम्म फौज पठाउने वा राख्ने, कति जमिन बढाउने वा कब्जा गर्ने भन्ने कुराको निश्चित हुँदैन ।

२. **वैकल्पिक पोजिशन** : पहिले नै रेकि गरी तयार गरिएको त्यो पोजिशन हो जहाँ युनिट वा सवयुनिट, गन वा मोर्टारमुख्य पोजिशनबाट गरिने टास्क पुरा हुन जान्छ अथवा जहाँबाट युनिट वा सवयुनिटले आफुलाई दिएको वैकल्पिक टास्क वा कुनै-कुनै हालतमा पहिला कै काम गर्नुपर्नेहुन्छ ।

३. **सेकेण्डरी पोजिशन** : मुख्य पोजिशनबाट कभर गर्न नसकिने टास्क पुरा गर्न लिइने अर्को पोजिशनलाई सेकेण्डरी पोजिशन भनिन्छ ।

४. **कन्टीजेन्सी पोजिशन** : साधारणतया प्रतिरक्षात्मक लडाइमा लिइने पहिले नै तयार पारिएको त्यस किसिमको पोजिशन हो जहाँ युनिट वा सवयुनिटले विशेष किसिमको लर्डाई रोक्नको लागि लिइन्छ । जुन कि मुख्य पोजिशनबाट पुरा गर्न सकिदैन ।

५. **धराप** : केही समयको लागि रोकिएको वा हरक गरिरहेको शत्रुमाथि छुपाउ पोजिशनबाट अचानक गरिने हमलालाई धराप भनिन्छ ।

६. **फायरको हद** : एउटा फायर युनिट वा हतियारको त्यो जिम्मेवारी इलाका हो जुन इलाकाभित्र शत्रु आएमा त्यसलाई मार गर्ने जिम्मेवारी उक्त हतियार वा फायर युनिटको हुन्छ । यो दुई किसिमको हून्छ ।

   क) **पहिलो फायरको हद** : फायर युनिट वा हतियारको मुख्य जिम्मेवारी इलाकालाई पहिलो फायरको हद भनिन्छ ।

   ख) **दोश्रो फायरको हद** : दोश्रो जिम्मेवारी इलाका जब कुनै फायर युनिट वा हतियार पहिलो फायरको हदमा फायर गर्न व्यस्त छैन भने दुश्मन उक्त इलाकामा आएमा उसलाई इन्गेज गर्ने जिम्मेवारी रहन्छ ।

७. **फस्टलाईट** : यो सुर्योदय हुनु अघिको विहानीको समय हो जुनवेला राम्रो देखभालका साथ ३०० गजसम्म राइफलबाट असरदार फायर गर्न सकिन्छ । हतियारको रेन्ज अनुसार फस्टलाइटको समय वेग्लावेग्लै तोकिएको हुन्छ । फस्टलाइट तोक्दा फस्टलाइट मात्र नभनि समय समेत तोक्नुपर्छ । **जस्तै** : फस्टलाइट ०५:३० बजे ।

८. **लास्टलाइट** : सुर्यास्तपछि रात पर्नु भन्दा पहिलाको समय हो, जुन वेला राइफलबाट राम्रो देखभालका साथ ३०० गजसम्म असरदार फायर गर्न सकिन्छ । हतियारको रेञ्ज अनुसार लास्ट लाइटको समय पनि बेग्लावेगलै तोकिएको हुन्छ । यसमा पनि समय समेत तोक्नुपर्दछ ।

९. **व्याटल क्राफ्ट** : पत्ति र से.मु. तहको व्यक्तिगत कुशलता र व्याटल ड्रिलको संयुक्त कारवाहीलाईनै व्याटल क्राफ्ट भनिन्छ ।

१०. **व्याटल ड्रिल** : लडाइको मैदानमा समय र आदेशको बचाउ गर्नको लागि सब युनिटहरुले अचानक आएका परिस्थितीको सामना गर्न गरिने निर्धारित कारवाहीलाई व्याटल ड्रिल भनिन्छ, यो ड्रिल शान्तिको समयमा अभ्यास गरिएको हुन्छ ।

११. **व्याटल प्रोसिजर** : कुनै युनिट वा फर्मेशन लडाइमा जानुभन्दा अगाडी समय बचाउ गर्नका लागि कमाण्डर र सबै दर्जाको फौजबाट गरिने तर्तिववार कारवाहीलाई व्याटल प्रोसिजर भनिन्छ ।

१२. **वाउण्ड** : यो एउटा रणनैतिक महत्वपर्ूण्ा जमिन हो जहाँ दुश्मन हुन सक्ने संभावना हुन्छ । त्यहाँ फोज पुगेपछि रोकिन्छ र सुरक्षा गर्दछ । त्यहाँ पुगेपछि युनिटहरुले आफु पुगेको खबर गर्दछन् ताकी कमाण्डरलाई हरकती फौजको समन्वय र नियन्त्रण गर्न सजिलो हुछ अर्थात कमाण्डरलाई आवश्यकतानुसार विभिन्न दिशामा गइरहेको फौजको टुकडीहरुलाई अगाडी बढाउने वा रोकाउने भनि निर्णयलिन सजिलो हुन्छ । यो ट्याक्टिकल्ली महत्वपूर्ण जमिन भएकोले फौजको सुरक्षा गर्न सहयोग गर्दछ ।

१३. **बङ्कर** : फायर गर्नको लागि सानो सानो प्वालहरु राखेर जमिनमाथि बनाइएको बलियो पोष्ट हो । बमको चोइटाबाट बच्नको लागि ओभरहेड प्रोटेक्शन पनि राखिएको हुन्छ ।

१४. **कम्युनिकेशन ट्रेन्च** : डिफेन्समा खबर हाँसिल गर्दै एक ट्रेन्चबाट अर्को ट्रेन्चमा हरकत गर्नको लागि जमिनमा खनिएको खाल्डोलाई कम्युनिकेशन ट्रेरन्च भनिन्छ ।

१५. **फायर ट्रेन्च** : जमिनमा खनिएको त्यो खाल्डो हो जहाँबाट एक जवानले वा धेरै जवानले आडको प्रयोग गरी हतियारबाट असरदार फायर गर्न सक्दछ ।

१६. **सेल्टर ट्रेरन्च** : बमको छिर्काहरु तथा दुश्मनको हवाई हमलाबाट बच्नको लागि वा आराम गर्नको लागि ओभरहेड प्रोटेक्शन राखेर बनाइएको ट्रेरन्चलाई सेल्टर ट्रेरन्च भनिन्छ । यो फायर ट्रेन्चसँगै हुनुपर्दछ ।

१७. **अलार्म पोष्ट** : फायर ट्रेन्च तयार नहुँदै अपरझट खतरा आइपरेमा वा स्टयाण्ड टु लागेमा लिइने पोष्ट हो । यो पोष्ट ट्रेरन्च खन्नुभन्दा अगाडी नै तोकिएको हुनुपदृछ ।

१८. **स्लिट ट्रेन्च** : केहि समयको लागि रोकिदा वा फायर ट्रेन्चहरु आवश्यकता नपरेको तर हवाई खतराबाट बच्नको लागि जमिनमा खनिएको ट्रेन्चलार्इ स्लिट ट्रेन्च भनिन्छ ।

१९. **वेपन पिट** : व्यक्तिगत हतियार र एल.एम.जि. बाहेक अरु हतियारबाट फायर गर्नको लागि जमिनमा खनिएको खाल्डालाई वेपन पिट भनिन्छ ।

२०. **चेक प्वाइन्ट** : हरकतको प्रगतिको खबर प्राप्त गर्न र कमाण्ड कन्ट्रोल सजिलो बनाउनको लागि जमिनमा छानिएको कुनै ठाउँलाई चेक प्वाइन्ट भनिन्छ । जहाँ पुगेपछि प्रत्येक जवानहरु तथा युनिटले आफ्नो कमाण्डरलाई रिपोर्ट गर्दछ । यो विथड्रल गर्दा लागु हुन्छ ।

२१. **कोड वड** : अति नै गोप्य कुराहरुलाई छुपाउनको लागि पहिले देखि नै तयार गरिएको एक्लो शब्दलाई कोर्डवर्ड भनिन्छ

२२. **डिसेप्सन** : कमाण्डरको मिशन पुरा गर्नको लागि प्रयोग गरिने कुनैपनि किसिमको छलकपट वा झुक्याई जसले गर्दा शत्रु धोकामा पर्दछ । बाटो हराउँछ वा आतंकित हुन्छ त्यसलाई नै डिसेप्सन भनिन्छ ।

२३. **आपसी मद्दत** :- कुनै एउटा पोष्ट तथा लोकालिटीमा दुश्मनले हमला गरेको वेला दाहिने वा वायाँ रहेका अन्य पोष्ट वा लोकालिटीले दुश्मनमाथि असरदार फायर गर्दछ भने त्यसलाई आपसी मद्दत भनिन्छ ।

२४. **डिफेण्डेड पोष्ट** : सानो टुकडी वा पत्तिले लिएको डिफेन्सलाई डिफेण्डेड पोष्ट भनिन्छ । यो ट्रेन्चहरुको विचमा एकआपसमा आपसी मद्दत दिने किसिमको हुनुपर्दछ ।

२५. **डिफेण्डेड लोकालिटी** : से.मु. वा गुल्म तहमा लिइएको डिफेन्सिभ पोजिशनलाई डिफेण्डेड लोकालिटी भनिन्छ । यसमा आपसी मद्दत भएका पोष्टहरु हुन्छन् । त्यस्ता डिफेण्डेड लोकालिटी जुन शत्रुसँग सबैभन्दा पहिला लगावमा आउँछन् त्यसलाई फरवार्ड डिफेण्डेड लोकालिटी भनिन्छ ।

२६. **डिफेण्डेड एरिया** : कारवाहीको जिम्मेवारी भएको त्यस्तो इलाका हो जहाँ धेरै डिफेण्डेड लोकालिटीहरु आपसमा आपसी मद्दत र गहिर्राईमा रहेर डिफेन्स लिन्छन् र त्यसैलाई डिफेण्डेड एरिया भनिन्छ, जस्तै गणलेलिएको डिफेन्स ।

२७. **डेफिलेटेट पोजिशन** : सिधा मार गर्ने हतियारको फायरबाट र देखभालबाट प्राकृतिक रुपमा बचाउ भएको वा छुपेको पोजिशनलाई डेफिलेटेट पोजिशन भनिन्छ ।

२८. **मार इलाका** : कुनैपनि हतियारबाट असरदार फायर गराउन सक्ने दुरीलाई मार इलाका भनिन्छ । जस्तै एस.एल.आर.को ३०० गज र एल.एम.जि.को वाइपटमा ५०० गज ।

२९. **एम्बुसिङ्ग प्वाइन्ट** : त्यो ठाउँ जहाँबाट फौजहरु गाडि चढ्छन् ।

३०. **इन्फेलेड फायर** : तारगेटलाइ लामो एक्सिसमा स्वीप गर्ने तरिकाबाट आफ्नो पोजिशनको दायाँ वायाँ पाखामा हतियारलाई साइड गरी फायर गरिन्छ भने त्यसलाई इन्फेलेड फायर भनिन्छ ।

३१. **पलन्जिङ्ग फायर** : कुनै डाँडाको माथिबाट तल वा तलबाट माथि गर्ने फायरलाई पलन्जिङ्ग फायर भनिन्छ ।

३२. **डाइरेक्ट फायर** : यदि फायररले तारगेटलाई देखि सोझै फायर गर्दछ भने त्यसलाई डाइरेक्ट फायर भनिन्छ । जस्तै एस.एल.आर., एल.एम.जि. बाट फायर गर्ने ।

३३. **इनडाइरेक्ट फायर** : फायर गर्दा तारगेट नदेखि फायर गर्नुलाई इनडाइरेक्ट फायर भनिन्छ । जस्तै २" मोर्टार ८१ मि.मि. मोर्टारआदिबाट गरिने फायर ।

३४. **मद्दति फायर** : शत्रुको हतियार वा पोजिशनलाई दवाउनको लागि वा कुनैपनि कारवाहीमा आफ्नो फोजको हरकतलाई सुरक्षित राख्न विभिन्न हतियारहरुबाट दिइने फायरलाई मद्दति फायर भनिन्छ ।

३५. **निकनेम** : सुरक्षा प्रदान गर्नको लागि एक आपसमा कुनैपनि समन्वय नभएको दुईशब्दको समूहलाई निक नेम भनिन्छ । जस्तै तोरीको फुल आदि ।

३६. **नो मेन्स ल्याण्ड** : दुई भिन्दा भिन्दै फौजको विचको त्यो जमिन हो जसलाई दुबैले शारीरीक रुपमा कब्जा गरेका हुँदैनन् तर गस्ति देखभाल, फायर आदिबाट डोमिनेट गरिएको हुन्छ ।

३७. **एडभान्स गार्ड** : हरकत गरेको कोलमको त्यो हिस्सा हो जो सबैभनदा अगाडी एडभान्स गर्दछ । यसले एड्भान्स कोलमलाई अगाडिबाट बचाउ गर्दछ । यसको काम जमिन र दुश्मनको बारेमा खबरहरु प्राप्त गरेर पछाडी पठाउनु हो , दुश्मनको सानोतिनो रोकावटहरु हटाउनु र यदि आफुले सामना गर्न नसक्ने अवस्था परेमा मेन वोडीलाई डिप्लाई हुन मद्दत गर्छ यसको वनावट जमिनको हालत दिएको काम र दुश्मनबाट हुने वाधामा भर पर्दछ । यो टोली भेनगार्ड र मेन गार्डमा बाँडिएको हुन् छ।

३८. **एसेम्बली एरिया** : हमला गर्ने फौजहरु हमला गर्नु भन्दा पहिले जम्मा भएर मद्दति युनिटहरु र सव युनिटहरुमा मेलमिलाप राखेर हमलाको लागि तयारी हुने इलाकालाई एसेम्बली एरिया भनिन्छ । यो ठाउँ सकभर दुश्मनको संभावित आर्टिलरीको तारगेट हुनुहुँदैन र २" मोर्टारो रेन्जबाट बाहिर हुनुपर्दछ ।

३९. **आमरुखः** एड्भान्सको दिशालाई जाहेर गर्ने त्यो साधारण लाइन हो जहाँबाट गएर युनिट हरकतगर्दछ

४०. **वृजहेड** : कुनै रोकावटको पारीपट्ट िदुश्मनतर्फो त्यो जमिन हो जसमा आफ्नो फौजले कब्जा गरेको हुन्छ । वृजहेड कब्जा राख्ने आफ्नो फौजहरुको खास काम आफ्नो फौजहरुले रोकावट पार गर्ने समयमा शत्रुको वाधालाई रोक्नु हो ।

४१. **कन्सेन्ट्रेशन एरिया** : त्यो इलाका हो जहाँ कुनैपनि लर्डाईमा भाग लिने फौजहरु जम्मा भएर ब्रिफिङ्ग र रिहर्सलको कारवाही गर्दछन् । यो इलाका प्रशस्त पछाडी आर्टीको रेन्जभन्दा बाहीर हुनुका साथै छुपाउ तथा फैलावटको लागि प्रशस्त ठाउँ हुनुपर्दछ ।

४२. **समन्वय रेखा** : जमिनी निशानाबाट जाहेर गरिएको त्यो कल्पित रेखा हो जसलाई रातमा रिअर पार्टीले विथड्रल गर्दा पार गर्दछन् ।

४३. **काउण्टर एट्याक** : बचाउ गर्ने फौजहरुले आफ्नो डिफेन्समा घुसेको दुश्मनलाई निकाल्नको लागि जुन कारवाही गरिन्छ । त्यसलाई जवाफी हमला भनिन्छ । जवाफी हमला दुइ किसिमको हुन्छ । स्थानीय जवाफी हमला र तयारीको जवाफी हमला ।

४४. **सेकेण्डरी टास्क** : प्राइमरी टास्क वाहेक अरु कुनै हतियार वा सवयुनिटलाई दिइएको त्यो दोश्रो टास्क हो , जसलाई ती हतियार सवयुनिटले पुरा गर्नको लागि जिम्मेवार हुन्छन् । जब ति हतियार वा सव युनिटले प्राइमेरी टास्कमा फायर गरिरहेको छैनन् भने मात्र यस टास्कमा फायर गर्दछ ।

४५. **कभरिङ्ग पोजिशन** : मद्दति फायर दिने टोलीले लिएको पोजिशनलाई कभरिङ्ग पोजिशन भनिन्छ ।

४६. **डि.डेः** कुनै पनि लर्डाई शुरु हुने दिनलाई डि.डे भनिन्छ । डि.डे भन्दा अगाडी गैसकेको दिनलाई डि माइनस र डि डे भन्दा पछाडी आउने दिनहरुलाई डि प्लस बाट उल्लेख गरिन्छ । जस्ते डि. डे भन्दा दुई दिन अगाडीको दिनलाई डि. -२ र ५ दिन पछाडीको दिनलाई डि ं ५ उल्लेख गरिन्छ ।

४७. **फर्म वेश** : यस्तो रणनैतिक महत्ववाला जमिन जुन आफ्नो फौजले कब्जा गरेमा कमाण्डरको योजना राम्रोसँग तालमेल गर्न सकिन्छ । यस्तै एडभान्समा वाउण्डलाई कब्जामा राख्नु वा हमलापछि दोवारा तर्तिवको दौरान अब्जेक्टिभलाई कब्जामा राख्नु ता कि कमाण्डरलाई यस्तो स्थान प्राप्त होस् जहाँबाट

फौजको दोश्रो हिस्सा वा जगेडा टोलीले अर्को कारवाही गर्नुपरेको खण्डमा मद्दत वा कभर गर्न सकोस् । केहि गरी हमला असफल भएमा फर्केर यो ठाउँमा आउन सक्दछ र पुनः फौजलाई तर्तिव मिलाएर हमलामा पठाउन सकिन्छ ।

४८. **सेकेण्डरी पोजिशन** : पहिले देखि रेखी गरेको वा संभव भएमा तयार गरिएको त्यो पोजिशन जसमा गन तथा हतियारहरु शंका नगरेको स्थानबाट अचानक हुन सक्ने हमलालाई रोक्नको लागि लिइन्छ ।

४९. **अस्थायी पोजिशन** : दुश्मनलाई धोका दिनका लागि सवयुनिट वा हतियारहरुले केहि समयको लागि केहि समयको लागि लिने पोजिशनलाई अस्थायी पोजिशन भनिन्छ ।

५०. **ले-व्याक पोजिशन** : त्यो ठाउँ हो जसमा बसेर इन्फ्यान्ट्रीको सवयुनिटले दुश्मनसँग लगाव भएको इन्फ्यान्ट्रीको विथड्रललाई दिनको समयमा फायर बाट कभर गर्दछ । ताकि पछि हटिरहेको फौज र हरकतको दौरान लडाइमा नपरोस् ।

५१. **प्राइमेरी टास्क** : कुनैपनि हतियार वा सवयुनिटलाई दिएको त्यो फायर टास्क हो जसमा फायर गर्न ति हतियार वा सवयुनिटको पहिलो जिम्मेवारी हुन्छ ।

५२. **प्राइमेरी पोजिशन** : त्यो पोजिशन हो जहाँबाट आफ्नो प्राइमेरी टास्क पुरा गर्न सकिन्छ ।

५३. **प्रतिवेदन रेखा** : एड्भान्सको दौरानमा प्रयोग हुने त्यो कल्पित रेखा हो जुन जमिन र नक्सामा सजिलासंग चिन्न सकियोस् । त्यहाँ पुगेपछि युनिट र फर्मेशनले आफु पुगेको प्रतिवेदन पछाडी हे.क्वा.मा पठाउनु पर्दछ । यस रेखाको कुनै रणनैतिक महत्व छैन र फौजहरु पनि त्यहाँ रोकिदैन । माथिल्लो तहको कमाण्डरले हरकतलाई समन्वय र नियन्त्रण गर्न तथा लडाइको प्रगतिबारे जानकारी हाँसिल गर्न यसलाई तोक्दछ ।

५४. **फ्ल्याङ्क गार्ड** : एडभान्स् कोलम हरकतको दौरानमा कुनै फ्ल्याङ्कको बचाउ गर्न तोकिएको हिस्सालाई फ्ल्याङ्क गार्ड भनिन्छ । एडभान्स्मा यसले फ्ल्याङ्कमा भएको रणनैतिक महत्व भएको जमिन जसलेृ एडभान्सको मुख्य एक्सिसलाई असर पार्छ त्यसलाई पालैपाले कब्जा गर्नुपर्नेहुन्छ । यसको तर्तिव र वनावट जमिनको हालत र उसलाई दिइएको काममा निर्भर गर्दछ ।

५५. **रिअर गार्ड** : हरकत गर्ने फौजको त्यो टुकडी हो , जो एडभान्स वा विथड्रल गरिरहेको कोलमको पछाडीबाट बचाउ गर्दछ । यसको वनावट, फौजको नप|mी, जमिनको वनावट, दुश्मनको संभावित वाधाहरुमा निर्भर गर्दछ ।

५६. **भाइटल ग्राउण्ड** : त्यो जमिन यदि दुश्मनले हामीबाट लियो भने हाम्रो पुरा डिफेन्स नै खतरा हुन जाने रणनैतिक महत्वको पूर्ण जमिनलाइृ भाइटल ग्राउण्ड भनिन्छ । आम हालतमा भाइटल ग्राउण्ड पृतनापति भन्दा मुनीको कमाण्डरले तोक्नुहूँदैन ।

५७. **किलिङ्ग ग्राउण्ड** : प्राप्त हतियार वा कुनै युनिट वा सवयुनिटको फायर गिराएर शत्रुलाई मार्नको लागि तोकिएको जमिनलाई किलिङ्ग ग्राउण्ड भनिन्छ ।

५८. **डिव्युसिङ्ग प्वाइन्ट** : जहाँबाट फौजहरु गाडिबाट ओर्लन्छन् ।

५९. रिभर स्लोप पोजिशन : कुनैपहाडको अग्लो ठाउँको आफ्नो तर्फो ढलान जहाँ बढी फौज लगाइन्छ भने त्यस्तो ढलानलाई रिजर्भ स्लोप पोजिशन भनिन्छ । यस्तो पोजिशनमा फौज दुश्मनबाट डेफिलेटेड पोजिशनमा रहन्छ ।

एडभान्स

परिचय

कुनै पनि सुरक्षा फौज कुनै पनि खास उद्देश्य लिएर एक ठाँउबाट अर्को ठाँउमा पैदल मोटर वा जहाजबाट हर्कत गर्दछ भने त्यसलाई एडभान्स भनिन्छ । एडभान्स यसकारण गरिन्छ कि अगाडी बढी दुश्मनसँग लगाव गर्ने र लगाव भएपछि छिटो हमला गरे दुश्मनलाई बर्बाद गर्नु पर्दछ । एडभान्स हमला भन्दा अगाडी कारबाही हो भन्ने कुरा ख्याल गर्नु पर्दछ । एडभान्सबाट मात्रै दुश्मनले हतियार र्समर्पण गर्दैन हमलाबाट नै दुश्मनलाई पुरारुपमा बर्बाद गर्नु पर्दछ ।

एडभान्स गर्नुको कारणहरु निम्न बमोजिम छन्

क) दुश्मनलाई वर्वाद गर्न ।

ख) महत्वपूर्ण जमिन कब्जा गर्न ।

ग) दुश्मनको मोरालमा असर पार्ने साथै उसको लड्ने क्षमता घटाउन ।

घ) पहलता हासिल गर्न ।

एडभान्स देहायको अवस्थामा गरिन्छ ।

क) शत्रुसंग लगाव राख्न :- जब दुश्मनसंग लगाव भएको छैन भने लगाव राख्नको लागी एडभान्स गरीन्छ । कुनै पनि समयमा दुश्मनसंग लगाव हुने संभावनालाई ध्यानमा राखी जमिनको सही प्रयोग गरेर एडभान्स गरिन्छ । यस हालतमा यस्तो दुश्मनसंग भिड्नु पर्ने हुन्छ जस्ले अहिले सम्म लर्डाईमा हार खाएको हुदैन र कमाण्ड-कन्ट्रोल पनि ब्रिरीएको हुदैन् । साथै यस्तो दुश्मनको बारेमा हामिसंग कुनै पनि खबर हुदैन । त्यसकारण यस्तो दुश्मनसंग लगाब गर्नकोलागी एडभान्स गर्नु भन्दा अगाडी राम्रोसंग रेकि गर्नु र आफ्नो फौजको हिफाजत गर्न अत्यन्त आवश्यक पर्दछ ।

ख) तर्तिवार पछाडी हटेको शत्रुलाई पिछा गर्न :- दुश्मनसंग लगाव भएपछि कुनै कारण बाट दुश्मन तर्तिबार पछि हटि रहेको छ भने त्यस्तो समयमा यस किसिमको एडभान्स गरिन्छ । यस्तो एडभान्समा आफुलाई सुहाउदो जमिनमा लगेर दुश्मनले फसाउन सक्दछ । यो बेला दुश्मन पुरै हारिसकेको हुदैन । यस्तो हालतमा दुश्मनको बारेमा केहि खबरहरु पहिलेनै प्राप्त भएको हुन्छ । यस प्रकारको एडभान्समा छिटो हर्कत संग संगै आफ्नो फौजको हिफाजतलाई पनि ध्यान दिनु ज्यादै आवश्यक हुन्छ।

ग) **बेतर्तिबसंग भागेको दुश्मनलाई पिछा गर्न :-** दुश्मन हारेर बेतर्तिब संग पछाडी हट्दा लगाव कायमै राख्नको लागी प एिडभान्स गरिन्छ । लगाव कायम राख्न अझ बढि गतिमा एडभान्स गर्नु पर्दछ । दुश्मन लर्डाईमा हार खाएर वेतर्तिब संग पछि हटिरहेको बेला यस प्रकारको एडभान्स गरिन्छ । यस्तो समयमा दुश्मनको मनोबल गिरेको हुन्छ र लड्ने जोश पनि कम हुन्छ र कमण्ड-कन्ट्रोल बिग्री सकेको हुन्छ । त्यसकारण यस्तो एडभान्समा ज्यादै छिटो दुश्मनको पिछा गर्नु पर्दछ । रेकि र हिफाजतलाई त्यति ख्याल राखिन्न जति माथिका दुइटा हालतमा गरिन्छ ।

एडभान्सका लागी आधारभुत कुराहरु

क) **कमब्यार्ट ईन्टलिजेन्सः-** लर्डाई शुरु हुनु भन्दा अगाडी र लर्डाई भईरहेको समयमा प्राप्त हुने खबरहरुमा एडभान्स निर्भर गर्दछ । दुश्मन, जमिन बनावटि र प्राकृतिक रोकावट तथा दुश्मनको सम्भाबित कार्वाहीको बारेमा लगातार खबर प्राप्त गर्न अत्यन्त जरुरी हुन्छ जसले गर्दा हर्कतको दौरानमा आफ्नो एडभान्सलाई अदल बदल गरी एडभान्स सफल पार्न सकिन्छ । यो खबर जमिनी र हवाई रेकिबाट प्राप्त हुन्छ ।

ख) **ग्रुपिङ्ग र अर्डर अफ मार्चः-** यसको मतलब यो हो कि हरेक ग्रुपलाई यति बलियो बनाउनु पर्छ कि । अवस्थ अनुसार उक्त यूनिट सवयुनिटहरुले आफ्नो मद्दती हतियारबाट कुनै पनि रोकावट हटाउन सक्नु पर्दछ । अर्डर अफ मार्च यस प्रकारको हुनु पर्दछ कि आवश्यक पर्नसाथ छिटो भन्दा छिटो ति हतियारबाट काम लिन सकियोस् र दुश्मनसंग लगाव हुनासाथ छिटो भन्दा छिटो डिप्लाई हुन सकियोस् ।

ग्रुपीङ्ग र अर्डर अफ मार्च मिलाउदा निम्न कुराहरुलाई ख्याल राख्नु पर्छ ।

१) दुश्मनको किसिम र आनिबानी बारे ।
२) दुश्मनको मुकाबिला गर्न सक्ने शक्ति र तरिकाहरु ।
३) केही तोकिएको अब्नेक्टिभहरु कब्जा गर्नु पर्ने भए त्यस कामको लागि तयारी हालतमा राख्नु पर्ने फौज ।
४) खतराको शंका लाग्दो दिशाहरु ।
५) जमिन ।
६) कमाण्ड कन्ट्रोल ।
७) सुरक्षा र रफ्तार ।
८) पाएको फायर सपोर्टहरु ।
९) प्राप्त साधनहरु ।

ग) **दुश्मनको पहलतालाई तोड्नु र आफ्नो पहलता कायम गर्नु ।**

घ) **हर्कत कायम गर्नु :- देहायका तरिकाबाट हर्कत कायम गर्न सकिन्छ ।**

१) आक्रामणात्मक कार्वाही जारी राख्ने ।

२) लगाव नटुटाउने ।

३) सानो तिनो बाधाहरुलाई बर्बाद गरेर वा छाडेर ।

४) ठुलो ठुलो बाधाहरुलाई बाईपास गरेर ।

५) सहि ग्रुपिङ्ग, राम्रो सिग्नल मिलाप, राम्रो डिप्लाईमेन्ट ड्रिल, राम्रो रिहर्सल र कमाण्डर अगाडी रहेर ।

६) उपलब्ध भएमा हवाई मद्धत प्रशस्त र लगातार दिएर ।

७) बन्दोवस्ती मद्धत पर्याप्त मात्रामा र लगातार उपलब्ध गराएर ।

ङ) **सुरक्षा :-** एड्भान्समा सुरक्षा निम्न तरिकाबाट हासिल गर्न सकिन्छ ।

१) अगाडी पछाडी, दायाँ बायाँ दुश्मनको हुन सक्ने सम्भावित डिलरेइङ्ग पोजिशनहरु बारेमा विस्तृतमा रेकि तथा हवाई रेकी गरी अवरोध आउन सक्ने ठाउँहरुलाई पहिले नै कसरी क्लियर गर्ने भनि योजना बनाउदै अगाडी बढेर जाने यदि कुनै स्थानबाट रोकावट भएमा आवश्यकतानुसारको ब्याट्रल ड्रिलको तरिका अपनाएर

२) अगाडी पछाडी र दायाँ बायाँ फ्लन्कको प्रयाप्त मात्रामा सुरक्षा गरेर ।

३) सहि ग्रुपिङ्ग र अर्डर अफ् मार्च ।

४) हर्कतमा कडा नियन्त्रण र राम्रो रामो अनुशासन राखेर ।

५) आफुलाई आवश्यक पर्ने श्रोतहरु रही ठँाउमा राखी एडभान्स गराएर ।

६) सिग्नलको सुरक्षा अपनाएर ।

च) **लचकता**

छ) **हवाई मद्दत**

ज) **बन्दोबस्ति व्यवस्था**

सानो सानो तहमा तलका कुराहरु पनि ख्याल राख्नु पर्छ ।

क) **कमान्डरको स्थान :-** कमान्डर हरहमेसा धेरै अगाडी हुनरुपर्दछ र उसको आर र ओ ग्रुप उस्को नजिक हुनु पर्दछ ताकि रेकि गर्न र आदेश दिन समय खेर नजावस । साधारणतया कमान्डर आफ्नो सवभन्दा अगाडिको सवयुनिटको पछाडि हुनुपर्दछ ताकि लगाव हुनासाथ के कारवाहि गर्ने भन्ने कुरा छिटो र ठिक निर्णय गर्न सकियोस्

ख) **छिटो कारवाही :-** दुश्मन सँग लगाव भएदेखि उसमाथि हमला गर्दा सम्म छिटो कारवाही गर्न ज्यादै आवश्यक पर्दछ । ताकि दुश्मनले आफ्नो पोजिशन ज्यादै बलियो बनाउन धेरै समय प्राप्त नहोस । राम्रो र सरल ब्याटल प्रोशिजर, ठिक गुरपिङ्ग र अर्डर अफ मार्च, राम्रो मिलाप र कमाण्डरले हरहमेसा पछि हुने कारवाहीको वारेमा सोचविचार गर्नाले छिटो कारवाही गर्न मद्दत गर्दछ ।

ग) **सुरक्षा** :- एडभान्स ठिक तर्तिब संग भएको खण्डमा र राम्रो रेकि भएमा एडभान्स गर्न फौजलाई सुरक्षा प्राप्त हुन्छ । एडभान्स कोलमलाई अगाडी दाँया बाँया र पछाडीबाट हिफाजत हुनु अति आवश्यक पर्दछ ।

एडभान्स गर्ने तर्तिब

एडभान्स गर्दा देहायका रणनैतिक टोलीहरुमा बाँडनु पर्छ ।

क) सुरक्षा तथा रेकि गर्ने तत्व ख) एडभान्स गार्ड

ग) मेन बडि घ) रियर गार्ड ङ)फलान्क गार्ड

सुरक्षा तथा रेकि गर्ने तत्व

एडभान्सको अगवाई साधारणतया रेकि इलिमेन्टले गर्दछ । ठुल ठुलो तहको एडभान्समा मोवाइल ट्रुप्स हुन्छ भने गुल्म, से.मु र पतिमा क्रमस अगुवाई लिडिङ्ग से.मु पति र स्काउट खर्टाईएको हुन्छ ।

यसको मुख्यतया दुईवटा कामहरु हुन्छन् ।

(क) रेकि (ख) हिफाजत

मोवाईल ट्रुरप्स :- मोवाईल त्चययउक को आधारभुत युनिट आमहालतमा एक आर्मर रेजिमेन्ट हुन्छ र प्राप्त काम पुरा गर्नको लागी आवश्यक अनुसार स्पोर्टिङ्ग हतियारहरु दिईएको हुन्छ मोवाईल Trops खास गरेर पृतनापतिको मातहतमा रहन्छ तापनि कहिले काहि पृतनापतिले अगाडीको बाहिनीपतिको मातहतमा पनि राख्न सक्दछ । यो टोली एडभान्स गर्न फौजको धेरै अगाडी हर्कत गर्दछ ।

ज्यादै कम समयमा मात्र मोवाईल त्चययउक एडभान्स गार्ड कमाण्डरको मातहतमा दिईन्छ । खासगरी ज्यादै घना ईलाका जाँहा मोवाईल Rrops एडभान्स गार्डको केही अगाडी मात्र हर्कत गरिरहेको छ र राकिना साथ एडभान्स गार्डको मद्दत लिनु पर्नेछ भने मात्र एडभान्स गार्डको मातहतमा राखिन सकिन्छ । यदि मोवाइल त्चययउक एडभान्स गार्डको मातहतमा राखिन्छ भने त्यसलाई एडभान्स गार्ड मोवाइल Troops(Advance Guard Mobile Troops भनिन्छ ।

मोवाईल Troops लाई तल लेखिएको कुनै एक कामको लागी प्रयोग गर्न सकिन्छ ।

क) रेकि :- यो रोलमा मोवाईल त्चययउक उक्त अप्रेशन सबभन्दा माथिल्लो कमाण्डरको मुनि कामा गर्दछ । यसबेला उसको मुख्य काम दुश्मनको डिलेइङ्ग पोजिशन पता लगाउनु हो । त्यसबाहेक दुश्मनको डिफेन्समा भएको ग्यापहरु पत्ता लगाउनु जाँहाबाट आफ्नो फौजहरुले दुश्मनलाई बाई पास गर्न सकोस र बाटोहरुको बारेमा खबर प्राप्त गर्न तथा अन्य कमव्यार्टर् इन्टहरु प्राप्त गर्न रेकि गर्नको लागी मोवाईल Troops ज्यादै फैलिएर कामा गर्नु पर्ने हुन्छ ।

ख) बचाउ :- यो रोलमा मोवाईल Troops दिईएको एक्सिस हुंदै अगाडी बढ्नुका साथै अगाडी दाँया बाँया बाट बचाउ गर्न जिम्मेवारी पनि पुरा गर्दछ । यसबेला दुश्मनको सानो तिनो बाधालाई आफ्नै शक्ति प्रयोग गरी हटाउछन् । यसको लागी मोवाईल Troops लाई आवश्यक अनुसार मद्धति हतियार थप दिनुपर्दछ । यो रोलमा काम गर्दा मोवाईल Troops ज्यादै एकत्रितरुपमा रहनु पर्ने हुँदा यसलाई रेकिको काम खास गरी दिइदैन ।

एडभान्स गार्ड :

हर्कत गरिएको कोलमको त्यो हिस्सा हो जसले सबै भन्दा अगाडी हर्कत गरी कोलमको बचाउ गर्दछ । सुरक्षा तथा रेकि गर्ने तत्व पछि एडभान्स गार्ड हर्कत गर्दछ । साधारणतया एडभान्स गार्डको एक पदिक गण वा आर्मर रेजिमेन्टमा आधारीत हन्छ । यसलाई अरु मजबुत बनाउन आवश्यक अनुसार थप मद्दति हतियार पनि दिएको हुन्छ । मोबाईल टुरप्स अगाडी होस वा नहोस एडभान्स गार्ड सधै खटाउनु पर्दछ । यसको मुख्य कामहरु देहाय बमोजिम हुन्छ ।

क) मुख्य फौज (Main Body) को अगाडीबाट बचाउ गर्नु ।

ख) सानो तिनो बाधा हटाएर एडभान्स जारी राख्नु र यदि बाधा आफ्नो क्षमताले हटाउन नसकिने छ भने मुख्य फौजलाई डिप्लाईको लागि र्फमबेस तयार गर्न मद्धत गर्नु ।

ग) देखभाल, पट्रोलिङ्ग र रेडको मध्यमबाट खबरहरु हासिल गरी पछाडी पठाउनु ।

घ) बाटो, घाँटी (Defile), पुल, जमिन आदिको बारेमा पछाडी खबर पठाउनु ।

एडभान्स गार्डलाई दुई भागमा बाड्न सकिन्छ ।

१) भेन गार्ड

२) मेन गार्ड

फ्लान्क गार्ड :-

एडभान्स गर्दा खेरी कुनै फ्लान्क खुल्ला रहन्छ र उक्त फ्लान्कबाट दुश्मनको खतरा हुन्छ भने त्यस्तो फ्लान्कलाई बचाउनको लागि जुन फौज खर्टाईएको हुन्छ त्यसलाई फ्लान्क गार्ड भनिन्छ साधारणतया फ्लान्क गार्ड आर्मी, चमु वा पृतनाको आर्मर रेजिमेन्ट वा पदिक गणबाट बनेको हुन्छ र आवश्यक अनुसार मद्धती हतियार थप दिईएको हुन्छ । फौजको बचत गर्नको लागि फ्लान्क गार्डको प्रयोग नगरी सिर्फईन्फ्यान्ट्री वा आर्मरको सानो टोली गाडीमा खुल्ला फ्लान्कको रेकि गर्नको लागि पठाउन सकिन्छ । यस बेला कुनै खतरा महसुस भएमा छिटै खवर मुख्य फौजलाई दिनु पर्छ ।

मेन बडि :-

एडभान्स गार्डको पछाडी हर्कत गर्ने सबै फौजलाई मेन बडि भनिन्छ । यसमा मुख्य लर्डाई -प्रत्यक्ष रुपमा) लड्ने सुरक्षा फौजहरु समाबेश गरिएको हुन्छ । एडभान्स गर्ने फौजको मुख्य कमाण्डर यसमा हुन्छ।

रियर गार्ड :-

एडभान्स गर्ने सुरक्षा फौजलाई पछाडीबाट हुने खतराबाट बचाउनको लागि राखिने फौजको टुकडीलाई रियर गार्ड भनिन्छ । साधारणतया रियर गार्ड मेनबढि कै सानो फौजलाई खर्टाईन्छ ।

योजना र कार्वाही :-

एडभान्सको सफलता एडभान्सको योजनामा निर्भर गर्दछ । एडभान्सको शुरुमा प्राप्त भएको खबरहरुको शंकास्पद र बिस्तृत नहन सक्छ । तापनि सकेसम्म बढि खबर प्राप्त गरी एडभान्सको योजना तयार गर्नु पर्दछ ।

कमाण्ड र कन्ट्रोल :-

एडभान्सको दौरानमा निम्न तरिकाबाट कमाण्ड कन्ट्रोल हासिल गर्न सकिन्छ ।

क) ब्रिफिङ्गः- एडभान्स शुरु हुनु भन्दा अगाडी सुरक्षा फौजलाई राम्रोसंग ब्रिफ गरेको हुनु पर्दछ । उडभान्सको दौरानमा आईपर्ने कुनै पनि समस्यामाथी कार्वाही गर्न आ-आफ्नो तहमा तयार हुनु पर्दछ ।

ख) आदेश :- आदेश प्रष्ट र सफा हुनु पर्दछ । फौजलाई ग्रुपिङ्ग र अर्डर अर्फमार्च, सम्भाबित अब्जेटिभ, रिर्पोट **लाईन** समयहरु र गर्नु पर्ने कार्वाहीहरुको बारेमा कुनै पनि शंकाम रहन दिनु हुदैन ।

ग) मिलाप :- मिलाप गोप्य र बिश्वसनिय हुनु पर्दछ ।

घ) कमाण्डरको पोजिशन :- कमाण्डर सकेसम्म अगाडी हुनु पर्दछ तर त्यति अगाडी होईन कि उसले सहयोगी कमाण्डरहरुको कार्वाहीमा बाधा पुगोस ।

ङ) राम्रो ट्राफिक कन्ट्रोल :- एडभान्सको रफ्तार यसैमा भर्रपर्दछ । मोवाईल गस्तिहरुलाई बाटोहरु क्लिलयर (खुल्ला) राख्न प्रयोग गरिन्छ ।

च) राम्रो ब्याट्रल प्रोसिजर र डिप्लाईमेन्ट ड्रिलको प्रयोग ।

छ) राम्रो ग्रुपिङ्ग अर्डर अर्फमार्च ।

रातको एडभान्स :

प्रायजसो दुश्मनले अँध्यारोको प्रयोग गर्दछ ता कि लगाव तोड्न सकोस् र नया पोजिशन वा डिफेन्स बनाउन सकियोस् । त्यस कारण राती एडभान्स गर्नु पर्ने हुन्छ ।

रातमा एडभान्स गर्नु पर्ने अवस्था

क) सरप्राईज हाँसिल गर्न ।

ख) जमिनी अवस्था खुल्ला र आफ्नो फौजलाई वाई मद्धत प्राप्त छैन भने ।

ग) दुश्मनलाई लगातार दवाबमा राख्न ।

रातको एडभान्स गर्दा ध्यान दिनु पर्नै कुराहरु

क) दुश्मन माथि लगातार दवाव दिने ब्यवस्था मिलाउने ।

ख) सरप्राईज हाँसिल गर्ने अबसर बारे ।

ग) दुश्मनको फौजले प्रयोग गरेको राति हेर्ने साधनको क्षमता ।

रातमा एडभान्स गर्दा आईपर्ने समस्या

क) नेभिकेशनको समस्या ।

ख) कमाण्ड, कन्ट्रोल गर्न गाह्रो ।

ग) मुख्य कमाण्डर लगायत जवानहरुलाई हराउन सक्ने संभावना ।

हमला

परिचय

लडाईको अन्तिम उद्देश्य दुश्मनलाई बर्वाद गर्ने र उसको अरु लड्ने क्षमतालाई नष्ट पार्नु हो ताकि दुश्मनले अन्त्यमा आत्मर्समर्पण गरोस् तर तुरुन्तैको उद्देश्य जुन ठाउँ दुश्मकोलागि जरुरी हुन्छ त्यो ठाउँ कब्जा गर्नु हो । त्यस्तो ठाउँलाई कब्जा गर्नको लागि कमाण्डरले हमला गर्नु पर्दछ । प्रशिद्ध सैनिक विचार क्लजविजले भनेका छन् "आफ्नोर् इच्छा पुरा गर्नको लागि शत्रुमाथी गरिने हिंसात्मक कार्वाही युद्ध हो" । उपलब्ध साभनश्रोतको उचित प्रयोग गरेर पहलता र योजनाका साथ आक्रमक कार्वाही गरेर लर्डाईको उद्देश्य सजिलैसंग हाँसिल गर्न सकिन्छ । हमलालाई अफेन्सिभ कारवाहीको एक भागको रुपमा लिईन्छ ।

हमलाको शब्दावली :-

१. एसेम्बलि एरिया :- यो ईलाका जहाँ अप्रेशन शुरु हुनु भन्दा अगाडी पैदली फौजले हमलामा जाने अरु सपोर्टिङ्ग आम्स (SupportingArms_) संग मेलमिलाप गर्दछ । र यो ईलाका सके सम्म शत्रुको आर्टलरी रेन्ज भन्दा बाहिर हुनु पर्दछ ।

२. **Forming-Up Place :-** अव्जेटिभमा ब्मखबलअभ हुनु भन्दा पहिले फर्मेशन खोल्ने ठाँउ यो ठाँउ सजिलै चिनिने दुश्मनको देखभाल भन्दा बाहिर हुनु पर्दछ ।

३. **Star Line :-** Assault गर्ने फौजले H hour पार गर्ने जमिनमा लिएको रेखालाई Star Line भनिन्छ ।

४. **H hour :-** Star Line लाई पार गर्ने समय ।

५. **(फेश):-** शत्रुको अगाडीको Locality मा हमला गरी सकेपछि हमलाको रफतार कायम राख्न दोस्रो फौजलाई अगाडी पठाईन्छ भने त्यसलाई Phase भनिन्छ ।

६. **Assault Platoon :-** अव्जेटिभमा पहिले हमला गर्ने से.मु. लाई Assault Platoon भनिन्छ ।

७. **Reserve platoon :-** गुल्म पतिले तोकि दिएको से.मु.लाई Reserve platoon भनिन्छ ।

८. **फर्म बेश (Form Base) :-** हमलामा जानु भन्दा पहिले कमाण्डरले योजनालाई सहि तरिकाले चलाउनको लागी कव्जामा लिएको ठाउँलाई फर्म बेश भनिन्छ, यो ठाउँलाई जगेडा फौजले सुरक्षा गरेका हुन्छ ।

९. **हमलामा असफल भएमा :-** फर्म बेशमा फिर्ता भई रियर्ग गरी योजना बनाईन्छ ।

हमलाको उद्देश्य :-

क) दुश्मनलाई मार्नु वा बर्वाद गर्नु ।

ख) आफ्नो अप्रेशन संचालन गर्नु वा शत्रुलाई उक्त जमिन प्रयोग गर्न नदिन जमिन आफ्नो अधिन या कब्जामा राख्ने ।

ग) दुश्मनको फौजलाई रोक्न वा अर्को अप्रेशन ईलाकाबाट शत्रुको ध्यान मोड्न ।

हमलाको किसिम :

क) छिटो गरिने हमला (Quick Attack) :- यस प्रकारको हमला दुश्मनले तुरुन्तै तयार गरेको वा तयार गर्दा गर्दैको डिफेन्स पोजिशनको बिरुद्ध गरिन्छ । जहाँ शत्रुले धेरै रोकावट लगाउन र डिफेन्सिभ फायर योजना पुरा गर्न पाएको हुदैन ।

ख) बिचारपूर्वक गरिने हमला (Deliberae Attack) :- यस प्रकारको हमला दुश्मनले पूर्ण रुपमा तर्तिब दिएको, राम्ररी तयार पारेको र डिफेन्सिभ फायर राम्रोसंग समन्वय गरिएको डिफेन्स बिरुद्ध गरिन्छ । त्यस कारण यस किसिमको हमलामा प्रशस्त रेकि र योजना गर्ने समय प्रयाप्त हुन्छ ।

हमलाको सिद्धान्तहरु :

क) रणशक्ति श्रेष्ठता
ख) सरप्राईज
ग) र्फमबेश
घ) हमलाको गहिर्राई र चौडाई
ङ) हर्कतको गति कायम राख्ने
च) जगेडा फौज
छ) पुर्नट: गठन
ज) फायर मद्धत
झ) अनुकुल हवाई स्थिती
ञ) संभारको अक्षरेखा

हमलाको तह :

क) तयारीको तह (Preparatory Stage):- यस तहमा शुरु देखि स्टार्ट लाईनसम्म पुग्ने कारवाहीहरु पर्दछन ।

ख) हमलाको तह (Assault Stage) :- यस तहमा स्टार्ट लाईनबाट अब्जेक्टिभ कब्जा गर्ने कावबाही सम्म पर्दछन्

ग) दोवरा तर्तिबको तह (Re-Organization Stage) :- यस तहमा कब्जा भएको अब्जेक्टिभलाई नियन्त्रणमा राख्ने कारवाहिहरु पर्दछन् ।

हमलामा याद राख्नु पर्ने कराहरु :

क) हमला गहिर्राईमा हुनु पर्दछ
ख) एसल्ट सुरक्षित हुनु पर्दछ
ग) पाएको सबै सर्पोट हतियारबाट हमला गर्नु पर्दछ ।
घ) सर्पोट फायरको मद्धतले अघि बढ्नु पर्दछ ।
ङ) हमलाको गति कायम राख्नु पर्दछ ।
च) दोबरा तर्तिव छिटो हुनु पर्दछ ।

डिफेन्स (Defence)

परिचय :

लडाईको मैदानमा आफ्नो फौजको खास उद्देश्य दुश्मनको फौज र उसको लड्छु भन्ने धारणालाई बर्वाद गर्ने हुन्छ । यस प्रकारको सफलता आक्रमक अप्रेशनबाट मात्र संभव हुने भएकोले यस्तो आक्रमक कारवाहीहरु संचालन गर्नको लागि डिफेन्स लिईन्छ । र राम्रो योजना बनाएर डिफेन्स लिएमा हाम्रो उद्देश्य पुरा हुन सक्दछ । त्यस कारण डिफेन्स नै सफलता प्राप्त गर्ने मुख्य अप्रेशन हो । डिफेन्स लिने फौजकोर् इरादा पक्का हुनु पर्दछ । दुश्मनको हरेक किसिमको फौज र साधनलाई बर्वाद गर्नु पर्दछ । आखिरी जवान र आखिरी गोली बाँकी भएसम्म आफ्नो ठाउँ छोड्नु हुदैन । जबसम्म कुनै अर्को आदेश प्राप्त हुदैन । त्यस कारण लड्ने जवानहरुमा उच्च मोराल जोशिलोपन र पुरुषार्थ हुनुका साथै सबै तहको कमाण्डरमा राम्रो व्यक्तित्व हुनु आवश्यक छ । पाहाडी ईलाका, जमिनी बनावटको कारणले प्रतिरक्षात्मक युद्धको लागी उपयुक्त मानिन्छ । पहाडमा लड्ने लर्डाईमा हमला गर्ने फौजको उद्देश्य मुल बाटोहरुलाई आफ्नो नियन्त्रणमा लिने हुन्छ भने प्रतिरक्षा गर्ने फौजको उद्देश्य दुश्मनको अधिनमा पर्न नदिने हो । डिफेन्स आधारभुत रुपमा आक्रमक शैलिमा सञ्चालन गर्नु पर्दछ ।

उद्देश्य :

१) आफ्नो फौजलाई सुरक्षित राख्न ।
२) शत्रु पक्षबाट हुन सक्ने जस्तो सुकै युद्ध रणनितिलाई परास्त गर्न ।
३) अफेन्सिभमा कार्वाही गरी शत्रुलाई बर्बाद पार्न ।

डिफेन्सका प्रकार (Kind of Defence)

१) **तयारीको डिफेन्स :-** पूर्ण रुपमा धराप, अव्स्टेकल, रेकि र फिल्ड फोर्टिफिकेशन जनाउंछ ।
२) **हतारको डिफेन्स (Hasty Defence):-** यसमा डिफेन्समा हुनु पर्ने तयारी नभई हतार हतारमा बनाईन्छ । यो दुश्मनसंग छिटै लगाव हुने अवस्थामा लिईन्छ ।

डिफेन्सका आधारभुत कुराहरुः

१) दुश्मन (Enemy)
२) जमिनको छनौट (G.T.I.)
३) आपसी मद्दत (Mutual Support)
४) चारै तर्फो बचाउ (All Round Defence)
५) गहिर्राई (Depth)
६) समन्वयात्मक फायर योजना
७) रोकावट
८) छुपाउ
९) पक्का ईरादा

१०) जगेडा फौज

११) मिलापको व्यवस्था

१२) दुश्मन र हाम्रो बीचकोर् इलाकालाई नियन्त्रणमा राख्नु ।

डिफेन्स लिनु पर्ने कारणहरु :

१) आफ्नो भु-भागमा दुश्मनलाई पस्न नदिन ।

२) महत्वपूर्ण जमिन (G.T.I.) दुश्मनले लिनबाट रोक्नु ।

३) कुनै ठाँमा आक्रमक कार्वाही सञ्चालन गर्न ।

४) कुनै आक्रमण गरिरहेको आफ्नो फौजको फ्ल्याङ्क सुरक्षा गर्न ।

५) समय प्राप्त गर्न र शत्रुको लड्ने क्षमता घटाउन ।

६) आक्रमक कार्वाहीको दौरानमा पुनः संगठित हुन वा पुनः गुरपिङ्ग हुन केहि समयको आवश्यक्ता परेमा ।

७) शत्रुलाई ट्रयापमा पारी बर्बाद गर्न ।

८) शत्रुले दवाब दिएमा ।

डिफेन्सको ३ तहमा संचालन गरिन्छ ।

१) तयारीको तह

२) प्रतिरेधको तह

३) जवाफी हमलाको तह

भाईटल ग्राउण्ड (Vital Ground) :- यो यस्तो जमिन हो जसलाई दुश्मनले कब्जा गरेमा डिफेन्स लिने फौजलाई प्रतिरक्षात्मक लर्डाई लड्न बाधा पुग्दछ । अतः यस्तो जमिनलाई चारैतिरबाट आफ्नो फौजले कब्जा गरेको हुनु पर्दछ । यदि दुश्मनको हमला भएमा जवाफी हमलाको लागि एक शक्तिशाली रिजर्भ टोली तयारी हालतमा राख्नु पर्दछ

बचाउ :

मुख्य डिफेन्स तयारी भैरहेको समयमा उक्त डिफेन्स तयार गर्नको लागि समय प्राप्त गर्न, हाम्रो डिफेन्स पोजिशनलाई छुपाई राख्न, दुश्मनको बारेमा खबर प्राप्त गर्न र दुश्मनलाई ढिलाई गर्न, दुश्मनको फौजलाई झुक्याउन र बर्वाद गर्नको लागि डिफेन्स भन्दा अगाडी केहि फौजहरुले बचाउ गरेको हुनु पर्दछ उक्त

बचाउको ग्रुप निम्न बमोजिम हुन सक्छ

क) भएमा एयरफोर्स र आर्टिलरी

ख) पूर्न: गठिन बोर्डर आउट पोष्ट (Re-Oraganised Boarder Outpost)

ग) कभरिङ्ग ट्रुप्स (Covering Troops)

घ) स्क्रिन (Screen)

ङ) गस्तिहरु (Patrols) र रेड

रेट्रोगेट अप्रेशन (Retrograde)

परिचय

बिभिन्न कारणले गर्दा दुश्मनसंग लगाव (Contact) भएको बेला वा नभएको बेला क्रमबद्ध रुपले पछाडी हट्ने कार्वाहीलाई विथड्रल वा रेट्रोगेट (Retrpgrade) अप्रेशन भनिन्छ । यो अप्रेशन संचालन गर्न निकै कठिन हुने हुंदा अन्य अप्रेशनमा जस्तै यसमा पनि जवानहरुमा उच्च दर्जाको तालिम र हौसलाको आवश्यकता पर्दछ ।

विथड्रल गर्नुपर्ने कारणहरु

क) दुश्मनलाई हरेश खुवाउन, थकाउन र अन्त्यमा बर्वाद गर्न ।

ख) दुश्मनलाई प्रतिकुल ठाउँमा लगेर बर्वाद गर्न ।

ग) कुनै निर्णायक लडाई नलडिकनै समय प्राप्त गर्न ।

घ) फौजको केहि हिस्सा अन्य ठाउँमा प्रयोग गर्न ।

ङ) दुश्मनको दबाबबाट दायाँबायाँको फौज पछि हटेमा आफ्नो फौजलाई दायाँ बायाँको युनिटको हर्कतसंग समन्वय गर्न ।

च) लडाईमा हार भएमा । यस्तो अवस्थामा विस्तृत योजना बनाई पछि हट्न संभब हुदैन तापनि कन्ट्रोल भएमा जस्तोसुकै परिस्थितिमा पनि सशस्त्र प्रहरीले यो अप्रेशन सफलतापर्ूवक संचालन गर्न सक्दछ ।

छ) नफ्री कम भएर लि रहेको पोजिसनलाई कब्जामा राख्न नसकिएमा ।

आधारभूत तत्वहरु (Basic Consideration)

क) दुश्मनको फौजलाई बढि भन्दा बढि क्षती पुर्याउनु ।

ख) जमिनको बढि भन्दा बढि फाईदा लिनु ।

ग) फौजको गतिशिलता ।

घ) स्वतन्त्र कारवाहीलाई कायम राख्नु ।

ङ) सुरक्षा र गति

च) नियन्त्रणमा केन्द्रिकरण र कारवाहीमा बिकेन्द्रिकरण गर्नु ।

विथड्रललाई असर पार्नेकुराहरु :

क) दुश्मनको शक्ति र उसले प्राप्त गरेको सफलता ।

ख) विथड्रल गर्ने सशस्त्र प्रहरी फौजको हालत, नफ्री ईक्युपमेन्टको अवस्था र संख्या ।

ग) यातायात साधनको उपलब्धता

घ) मिलापको साधनको अवस्था र उपलब्धता तथा त्यसलाई प्रयोग गर्नबाट रोक्न सक्ने दुश्मनको क्षमता ।

ङ) दुश्मनको हर्कतलाई ढिलाई गर्न प्रयोग गर्न सकिने प्राकृतिक बाधाहरुको फैलावट र अवस्था

च) हालको पोजिशन र न्यू मेन पोजिशनको दुरी साथै न्यू मेन पोजिशन तयार पार्न लाग्ने समय

छ) दुश्मनको युद्धकला ।

ज) दयाँ बायाँ (फ्लान्क) को अवस्था ।

झ) हवाई तागत ।

न्यू मेन पोजिशन र ईन्टरमिडियट पोजिशनको छनौट :

१. **न्यू मेन पोजिशन** :- साधारणतया न्यू मेन पोजिशन मुख्य कमाण्डरले छनौट गर्दछ । नयाँ फौज उपलब्ध नभएको अवस्थामा पछि हट्ने फौजकै केहि हिस्सालाई न्यू मेन पोजिशन तयार गर्नको लागि पर्ठाईन्छ । यसरी न्यू मेन पोजिशन तयार पार्न कति फौज पठाउने भन्ने कुरार् इन्टरमिडियट पोजिशनको संख्या, जमिनको किसिम, दुश्मनको बनावट र आक्रामक कारवाही, यातायातको उपलब्धता र न्यू मेनु पोजिशन तयार हुनु पर्ने समय आदिमा निर्भर गर्दछ । र्

२. **इन्टरमिडियट पोजिशन** :- न्यू मेन पोजिशन राम्रोसंग तयार पार्न धेरै समय प्राप्त गर्नका लागि दुश्मनलाई उक्त पोजिशनमा लगाव गर्नबाट रोक्न र आफ्नो फौजलाई पछाडी हटाउनको लागि हालको डिफेन्स पोजिशनबाट विथड्रल गरी विच बाटोमा अस्थायी रुपले लिएको पोजिशनलाईर् इन्टरमिडियट पोजिशन भनिन्छ । साधारणतया यस्तो पोजिसन लिनका लागि कम भन्दा कम फौज प्रयोग गरिन्छ । गण आफ्नो हालको पोजिशनबाट सिधै पछाडी हटि न्यू मेन पोजिशनमा जान्छ वा माथिल्लो कमाण्डरको योजनानुसार कुनै एकर् इन्टरमिडियट पोजिशनमा काम गरी न्यू मेन पोजिशनमा आउँछ । आमहालतमा गणले एक भन्दा बढिर् इन्टरमिडियट पोजिशनमा कारवाही गर्दैन ।

३. **रेकी पार्टी** :- रेट्रोगेट अप्रेशन शुरु हुनु भन्दा अगाडीइन्टरमिडियट पोजिशन र न्यू मेन पोजिशनको लागि रेकी पार्टी पठाईदिन्छ । यसको कमाण्डर साधारणतया टु.आई.सि.हुन्छ । यसको बनावट कमाण्डरले प्रष्टरुपमा उल्लेख गर्दछ । सुझाबको रुपमा रेकि पाटीको बनावट तल दिईएको छ

रेकी पाटीको बनावट :

१. प्रमुख अधिकृत सहायक गणपति

२. गण हे.क्वा.बरिष्ट हबल्दार-२, हबल्दार-२, कार्य स.प्र.ना.नि.-र्१र् इन्ट , स.प्र.स.नि.-१, जवान-२

३. राईफल गुल्म गुल्म अधिकृत

४. राईफल से.मु. बरिष्ठ हबल्दार र १ जवान

५. मद्धती से.मु.हरेक से.मु.को प्रतिनिधि न्यु मेन र ईन्टरमेडियट पोजिशनको निमित्त ।

कभरिङ्ग पार्टी:- फौज पछि हट्ने कारवाही शुरु भए पछि पहिलोर् इन्टरमिडियट पोजिशनसंग दुश्मनको कन्टयाक्ट हुन नदिन केहि फौजले दुश्मनलाई रोक्दछ । त्यसलाई कभरिङ्ग ट्रुप्स भनिन्छ । यसै गरी बिभिन्नर् इन्टरमिडियट पोजिशन हुंदै अन्त्यमा न्यु मेन पोजिशनसम्म यसले दुश्मनलाई रोक्दछ । यो

फौजले तर्तिबार रुपमा नटुर्टाई बढि भन्दा बढि घाईते बनाई कारवाही संचालन गर्दछ । यसको बनावट फौजको उपलब्धता, जमिन, दुश्मनकोर् इलिमेन्टको बनावट र रोक्नु पर्ने समय आदि कुरामा निर्भर गर्दछ ।

समयः विथड्रल अप्रेशनमा दुई प्रकारको समय तोकिएको हुन्छ जुन देहाय बमोजिम छन् ।

क) बेसिक समय :- यो समय जहिले पनि पुरै अपरेशन संचालन गर्ने जिम्मेवार ब्यक्तिले निर्धारण गर्दछ । यसमा निम्न कुराहरु पर्दछन् ।

१) पोजिशन रोकी राख्ने समय ।

२) साधारण हर्कत र रेकि पार्टी बाहेक अन्य कुनै पछाडीको हर्कत नगर्ने समय ।

ख) अतिरिक्त समय :- यसमा निम्न कुराहरु पर्दछन् ।

१) लगावमा भएको फौजको थिनिङ्ग आउट शुरु गर्ने समय

२) पुरै फौजले पोजिशन छाडि सक्ने समय :- यसमा रियर पार्टीले पोजिशन छाडी सक्ने समय पर्दछ ।

३) सबै फौजले को-अर्डिनेटिङ्ग लाईन पार गरी सक्ने समय ।

विथड्रल गर्ने तरिका :

माथि उल्लेखित समयहरुको आधारमा निम्न तरिकाबाट विथड्रल अपरेशन संचालन गर्न सकिन्छ ।

क) सबै आवश्यक नभएका सामानहरु । जस्तै :- अनावश्यक गाडीहरु ईक्वीपमेन्ट र मानिसहरु पहिले पछाडी हर्टाईन्छ ।

ख) लगाव नभएको फौज दिनमा लगाव भएका फौजहरु ।

ग) पोजिशन रोकि राख्नु पर्ने समयसम्म उक्त पोजिशन रोक्न चाहिने कम भन्दा कम फौज बाहेक अन्य सबै फौज पछाडी हटाईन्छ ।

घ) रियर पार्टि बाहेक मिनिममफोर्स पछाडी हट्छ ।

ङ) अन्त्यमा रियर पार्टिको पोजिशन पूर्ण रुपमा छाड्छ । कमाण्डर रियरपर्टिमा हुनु पर्छ ।

रातको विथड्रल र दिनको विथड्रलमा फरक :

दिनको विथड्रल	रातको विथड्रल
१. लगावमा भएको फौज पहिले विथड्रल गर्छ ।	१. लगावमा नभएको फौज पहिले विथड्रल गर्छ ।
२. फायर पावर बढि चाहिन्छ ।	२. फायर पावरको आवश्यक कम पर्दछ ।
३. ले ब्याक पोजिशन तयार गरिन्छ ।	३. ईन्टरमिडियट पोजिशन तयार गरिन्छ ।
४. हवाइ छुपाउ आवश्यक पर्दछ ।	४. हवाइ छुपाउ आवश्यक पर्दैन ।
५. रियर पार्टी हुदैन ।	५. रियर पार्टी हुन्छ ।
६. सरप्राईज हासिल गर्न गाह्रो हुन्छ	६. सरप्राईज हासिल हुने बढि संभाबना हुन्छ ।
७. बढि कठिन हुन्छ ।	७. कम कठिन हुन्छ ।

विथड्रलको सिद्धान्त :

क) लचकता ख) आक्रामक कारवाही ग) मोराल कार्यम राख्ने

घ) सुरक्षा ङ) कन्ट्रोल च) सरलता
छ) खबर

पट्रोललिङ्ग (Patroling)

परिचय :

साधारणतया पट्रोल दुश्मनको खबर प्राप्त गर्न र आफ्नो खबर दुश्मनलाई नमिलोस भन्ने हेतुले गरिन्छ । लडाईमा बिद्रीहीको खबर प्राप्त गर्न उनीहरुलाई बर्बाद गर्न, समाप्त पट्रोल गरिन्छ ।

१. पट्रोल गर्ने व्यक्तिमा हुनु पर्ने गुणहरु :

पट्रोल गर्ने व्यक्तिमा हुनु पर्ने गुणहरु निम्न प्रकार छन् :

क) जाई लाग्नेपन ख) चंखोपन
ग) अनुशासन च) आत्म भरोसा
छ) पहलता (तुरुन्त योजना बनाउने शक्ति)

२. पट्रोल गर्नुको कारण, उद्देश्य वा कामहरु :

१) दुश्मनको खबर संकलन गर्न :-

क) नफ्री ख) हात हतियार ग) जमिनी बनावट घ) अब्स्ट्याकल
ङ) हर्कत च) बानी छ) मोराल

२) आफ्नो खबर हासिल गर्न नदिन :-

क) नफ्री ख) हात हतियार ग) सुरक्षात्मक व्यवस्था घ) बानी
ङ) हर्कत च) योजना

३) पहलता हासिल गर्न :

पट्रोलको प्रकार :

क) रेकी पट्रोल :- यस पट्रोलको मुख्य उद्देश्य चुपचाप साथ छुपिकन नलडिकन समय भित्र दुश्मनको खबर हासिल गर्नु हो तर कहिले काही लड्नु पर्ने अवस्था पनि सृजना हुन सक्छ । यसको नफ्री सानो हुन्छ

ख) प्रोटेक्टिभ वा फाईटिङ्ग पट्रोल :- यस पट्रोलको काम लडिकन या नलडिकन दुश्मनको खबर प्राप्त गर्न र आफ्नो खबर दुश्मनलाई नदिनको लागि गरिन्छ यसको नफ्रिm रेकी पट्रोलको नफ्रिm भन्दा ठूलो हुन्छ ।

रेकी पट्रोल र प्रोटेक्टिभ पट्रोल बिच फरक

रेकी पट्रोल	प्रोटेक्टीभ पट्रोल
कम नफ्री	ज्यादा नफ्री
गस्तिको कावार्ही जुन यूनिटले पठाउछ त्यसै संग मात्र सम्बन्धित हुदैन	जुन यूनिटले पठाउछ त्यस यूनिटको योजनार हर्कतमा पट्टोलको हर्कत जिम्मेवार हुन्छ

सुरक्षा गर्ने जिम्मेवारी हुदैन	सुरक्षा गर्ने जिम्मेवारी हन्छ
खस उद्देश्य दुश्मनको खवर हासिल गर्नु हो	खस उद्देश्य दुश्मनलाई आफ्नो खवर हासिल गर्न नदिनु हो ।
फायर सर्पोट नहुन पनि सक्छ	आवश्यक परेमा फायर सर्पोट दिन सक्छ
सकेसम्म लडाई लड्दैन	लडाई लड्न पनि सक्छ

पट्रोल गर्ने तरिका :

यो पट्रोलको कावाही ३ फेजमा पुरा गर्ने सकिन्छ ।

१) मौजुदा पोजिसन देखि पट्रोल बेश सम्मको हर्कत

२) पट्रोल संचालन

३) फिर्ता हुदाको कावार्ही

पट्रोल बेस

यो ट्याक्टिकली महत्वपूर्ण जमिन हो । जुन दुश्मनको नजिक पर्दछ ।

पट्रोल बेस किन चाहिन्छ

क) जब No Mans Land ठूलो छ तब पट्रोल बेस आवश्यक्ता हुन्छ ।

ख) छोटो समयमै दुश्मनको खबर प्राप्त गर्न ।

ग) पट्रोल एरिया ठूलो छ भने पट्रोल बेस खडा गर्नु पर्दछ ।

गस्तिको सफलता निम्न कुरामा आधारित हुन्छ ।

१) राम्रो तयारी

२) राम्रो लिडरसिप

३) राम्रो व्यक्तिगत ट्रेनिङ्ग र उच्च मोराल

४) गस्तिमा सबै जवानहरुको कठोर निर्णा

५) सहसिक निर्णायक आक्रामक कार्वाही

गस्ति गर्दा ध्यान दिनु पर्ने कुराहरु

१) चल्ती हालतमा रामा्रेसंग देखभाल गर्नुपर्दछ । दिनमा उठेको जमिनमा र रातमा दबेको जमिन प्रयोग गर्ने ।

२) जहिले पनि चख हुनु पर्दछ, महसुर निसाना जस्तै गाँउ, पुल सडकहरुलाई बाईपास गर्ने

३) एक बाउण्डबाट अर्को बाउण्ड गर्दे जाने ।

४) चम्कने ,खोक्ने तथा आवज आउने जस्ता कुराहरुबाट आफ्नो पोजिसन जाहेर हुने हुदा त्यसमा होसियार रहने ।

५) बाटोमा पर्ने कुराहरु ध्यानमा राख्ने र लेख्ने ।

६) दुश्मासंग जम्काभेट भएको खण्डमा आइलाग्नु भन्दा अगाडि आफु जाई लाग्ने र फर्केर आउदा दुश्मन भेटेमा दुश्मनसंग अनावश्यक रुपमा लडेर खबरलाई नगुमाउने ।

७) प्यारफ्लेयर बा भेरी लाईट पड्केपछि हलचल नगरी अड्नु पर्छ र उज्यालो निभेपछि पनि केही बेर कुर्नु पर्छ किनकी दुश्मनले फेरी फायर्रगर्न सक्छ।

८) चल र अचल बस्तुमा दुविधा भएको खण्डमा त्यस बस्तुलाई एकनास नहेर्ने र त्यसलाई कुनै तारा अथवा महसुर निसानमा मिलाइ राख्ने केही बेर पछि पहिलकै ठाउमा छ वा चलेको छ भनी हेर्ने ।

९) दुबिन कम्पास घडी रातमा प्रयोग गर्दा ध्यान दिएर मात्र प्रयोग गर्ने, यसको चमक बत्ति झै टाढा बाट देख्न सक्छ।

१०) गस्तिले सुनेको र देखेको कुरा डायरीमा लेख्नु पर्दछ । देखेको र सुन्नेको कुरा भुल्न सक्दछ । रातको लेखाई नबुझिने भए पनि लेख्नु पर्दछ । त्यस कुराहरुलाई राम्ररी नियालेर हेरेमा सजिलो संग बुझ्न सकिन्छ ।

११) गस्तिलाई सकेसम्म अब्जेक्टिभ संग मिल्ने किसिमको जमिनमा पूर्व अभ्यास गर्दा लाभदायक हुन्छ ।

१२) रातमा गति र चुपचापको मिलाप हुनु अत्यन्तआवश्यक छ । रातमा हिड्दा फटाफट लम्केर हिड्ने केही बेर अडेर सुन्ने , फेरी हिड्ने गर्नुपर्दछ किनभने रातमा टाढाको आवाज सुन्न सकिन्छ । त्यसकारण पहिलो अवस्थामा एक ठाँउ देखि अर्को ठाउ सम्मको गति अधिक हुनर्ुपर्दछ र कहिलेकाही चुपचापसँग सुन्नुपर्छ । दुश्मनको छेउमा पुगेपछि गतिभन्दा चुपचापको आवश्यकता हुन्छ ।

१३) गस्तिको जाने आउने बाटो फरक हुनु पर्दछ ।महसुर निशानहरुको प्रयोग गर्नु हुदैन तर महसुर निसानहरुको मद्धत द्धारा आफ्नो बाटो पत्ता लगाउनु पर्दछ ।

१४) गस्तिले आफ्नो टास्क पुरा गर्नको लागि अब्जेक्टिभको नजिक भन्दा नजिक चुपचाप लुकेर पुग्नु पर्छ साथै लुकिछिपी खबर हासिल गरी पछाडी हट्नु पर्दछ ।यदि लुकिछिपी खबर हासिल गर्न सकिएन भने लडेर भएपनि हसिल गनुपर्दछ । दुश्मनले थाहा पाएमा पहिले गोली चलाउनेको नै धैरै जसो बिजय हुन्छ ।

१५) गेट अवे म्यान गस्ति जानु भन्दा अगाही नै छानेको हुनु पर्दछ । ताकि गस्ति धरापमा परेको खण्डमा भागेर प्रप्त गरेको खवरहरु आबश्यक ठाउमा पुर्याउन सकोस् ।

पट्रोल रिपोर्ट फाराम :

क) म्यापसिट नं. : ख) नफ्री दस्तखत : .....

ग) उद्देश्य घ) गएको समय : नामथर : .....

ङ) आएको समय च) गएको बाटो : दर्जा : .....

छ) आएको बाटो : ज) जमिन आई .डि नं. : .....

झ) दुश्मन : ञ) अरु प्रकारको खबर यूनिट : .....

ट) दुश्मनलाई भेटिएपछिको कारवाही ठ) संक्षिप्त विवरण :

(एम्बुस) Ambus

१) परिचय,

लुकी छिपि झुक्याई वा जवरजस्ति कारवाही द्धारा चल्ती वा क्षणीक अडेको दुश्मनलाई ज्यादा भन्दा ज्यादा क्षती पुर्याउन गरिने अचानक गरिने कारवाहीलाई एम्बुस भनिन्छ ।

उद्देश्य

क) वढी भन्दा बढी शत्रु, उस्को यान्त्रीक र पशु परिवहनहरुलाई नष्ट गर्न

ख) दुश्मनलाई ज्यादै हतोत्साहि पार्न ताकी उस्को वढी भन्दा वढी सुरक्षाफौज आफ्नो वाचवमा लाग्न परोस ।

ग) इन्ट सम्बन्धि महत्वपूर्ण खवर हासिल गर्न ।

घ) दुश्मनको हौसलामा ह्रास ल्याई आफ्नो फौजको मोराल उच्च राखन ।

२) एम्बुसको प्रकार

क) मौकाको एम्बुस

ख) तयारीको एम्बुस

३) एम्बुस पाटीको वनावट

क) स्काउट : यस्लाई स्काउट अर्लि वार्निङ्ग वा लिसिनिङ्ग इलेमेन्ट पनि भनिन्छ । यस्को नफ्री २/३ जनाको हुन्छ । यस्लाई शत्रु आउने दिशा तर्फजनाउ दिन चुपचाप तथा भरपर्दो इशारा दिएर राखेको हुन्छ । यस्ले आवश्यक परेका स्टप पाटीको पनि काम गर्दछ ।

ख) कभरिङ्ग पाटी :- यस्लाई फायरिङ्ग पाटी पनि भनिन्छ । जस्ले शत्रुलाई फायरले वर्वाद गर्दछ । यस्ले एम्बुस कमाण्डरको आदेशमा वा इशारा मात्र फायर गर्दछ ।

ग) रिजर्भ पाटी :

- धावा वोल्ने वा एसल्ट गर्ने ।
- दुश्मनको तलासी गर्ने
- पछाडी तथा दाया वायाको वचाव गर्ने ।
- कभरिङ्ग पछाडी हट्दा फायर कभर गर्ने
- घाईतेलाई पछाडी हटाउने

घ) स्टप पाटी : यस्मा २/३ जनाको टोलीहरु आवश्यकता अनुसार शत्रु भाग्न सक्ने संभावित वाटोहरुमा राखिन्छ । आवश्यक भएमा यस्ले स्काउट पाटीको पनि काम गर्दछ ।

४) एम्बुसको तरिका

यो एम्बुसको कावाही ३ फेजमा पुरा गर्ने सकिन्छ ।

१) मौजुदा पोजिसन देखि ँच्ख् सम्मको हर्कत

२) एम्बुस संचालन

३) फिर्ता हुदाको कावार्ही

५) एम्बुसका तार्गेटहरु

क) गोलि गठ्ठा तथा अन्य सप्लाईका सामान लाने पैदल टोली

ख) राशन लगेको पैदली टोली

ग) फौजको वदलीको लागि गैरहेका सानो टोलीहरु

घ) संचार लाईन लगाउने वा मर्मत गर्ने टोली

ङ) इन्जीनियरिङ्ग वा सडक पुल मर्मत गर्ने टोली

च) यस्तो गस्ति जस्ले सधै एउटै वाटो प्रयोग गरेको होस

छ) पानीको मुहान तर्फगईरहेको टोली

ज) पुल वा डिफायल घुम्तीवाट गईरहेका टोली

६) एम्बुसको लागी सार्ईड छान्दा ध्यान दिनु पर्ने कुराहरु

क) क्यामोफ्लाईज एण्ड कन्सीलमेन्ट

ख) भागने वाटोहरु

ग-) दुश्मन आउने वाटोहरु

घ) जनाउ दिने व्यवस्था

ङ) मार इलाका

च) ले आउट

छ) सप्रर्राईज

ज) सुरक्षा

झ) डिफेन्सको लागि उपयुक्त

ञ) फायर पावर

ट) टाढा सम्म देखभाल गर्न सक्ने ।

७) सफल एम्बुसमा हुनु पर्ने विशेषताहरु

क) खवर

ख) सपर्राईज

ग) सुरक्षा

घ) कमाण्ड कन्ट्रोल

ङ) फायर पावर

च) सरलपन

छ) अनुशासन

ज) इक्युपमेन्ट

झ) दृढता

ञ) रिर्हसल

८) एम्बुसको कारवाही देहाय बमोजिम हुन्छ

क) स्काउटवाट पूर्व निर्धारित इसारावाट एम्बुस टोलीलाई जनाउ दिन्छ

ख) एम्बुस टोलीलाई चनाखो राख्दछ

ग) कभरिङ्ग टोलीले फायर खोल्दछ

घ) फायर वन्द गर्दछ

ङ) रिजर्भ ग्रुपले हमला गर्दछ

च) खोज तलास गर्दछ

छ) एम्बुसको सर्काईड छाड्छ

ज) आफ्नो पहिलेको स्थानमा फर्कनु ।

दिन र रातको एम्बुसमा फरक

दिन	रात
)क) मानिसहरु राम्रोसँग छरिएको र जनिम तथा	)क) मानिसहरु एकअर्का बिच नजिक हुनु पर्छ र फायर पनि नजिक रेञ्जबाट गर्नु पर्छ ।
)ख) फायर लामो रेञ्जमा पनि खोल्न सकिन्छ ।	)ख) कुराकानी र आवाज वारेमा कडा अनुशासनको पालना गर्नु पर्दछ ।
(ग) तार्गेट राम्ररी चिन्न र देख्न सकिन्छ ।	ग) क्यामोफ्लाईज नगरेपनि खुल्ला जमिनमा पोजिशन लिन सकिन्छ ।
(घ) दिनमा कुनै नचाहिदो हर्कत गर्नु हुँदैन ।	)घ) दिनमा भन्दा रातमा आर.भि.नजिक हुनु

एम्बुसको कावार्हीं गर्दा ध्यान दिनु पर्ने कुराहरु :

- एम्बुसको साईड छान्दा छुपाउ हासिल गर्न सक्ने तथा शत्रुको दृष्टिले हेर्दा धराप राखेको थाहा नपाउने किसिमको हुनुपर्दछ ।
- फायरले असर पार्ने सक्ने तथा शत्रु भागेर निस्कन नसक्ने हुनुपर्दछ । भाग्ने बाटोहरु भएमा माईनहरु लगाएर तथा स्टपहरु राख्ने व्यवस्था मिलाउनु पर्छ ।

- पहिलो शत्रु धरापमा प्रबेश गरेको र पुरै टोली धराप भित्र परेकोबारे स्काउटले जनाउ दिनु पर्ने हुदा स्काउटको लागि ज्यार्द उपयुक्त स्थान छान्नु पर्दछ ।
- किलिङ्ग गा्रउण्डको बढी भन्दा बढी इलाका फायरले कभर गरेको हुनु पर्दछ ।
- धरप सम्म जाने बाटो छुपेको हुनु पर्छ जव कि शत्रु तथा स्थानिय जनताले सुरक्षा फौज बसेको कुरा थाहा नपाओस ।
- दुश्मनले सजिलै संग आफ्नो जवानमाथि हमला गर्न नस्कोस ।
- साइटसम्म जाने बाटो अब्स्टीकल भएमा सो को दुबै तफ टोलीहरु हुनु हुदैन किनभने त्यसले गर्दा पछि हट्ने कार्यमा बाधा पर्दछ ।
- आफ्नै जवानहरु तथा स्थानिय बासिन्दाहरुले किलिङ्ग गा्रउण्डमा हर्कत गर्नु हुदैन किनभने खुट्टाको निशान छाडिन्छ र दुश्मनले थाहा पउन सक्छ ।
- धरापको अन्तिम आदेश दिने ठाँउ आर.भि जहाँबाट अलग अलग टोलीहरु पोजिसमा जान्छ उक्त ठाउँ सकेसम्म धराप थाप्ने स्थानको नजिक होस् ।
- दुश्मन भागेर जाने बाटोहरु कम भन्दा कम होस् ।
- यदि दुश्मन आउने बाटोबारे एकिन छैन भने स्काउट-लुक आउट म्यान,लिसनिङ्ग म्यान धरापको दुबै तर्फराख्नु पर्छ र उनीहरुको कमाण्डरसंग भरपर्दो मिलापको व्यवस्था हुनुपर्दछ ।
- कभरिङ्ग पार्टि पोजिसन बाटोको एक तर्फवा दुबै तर्फहुन सक्छ । यदि पोजिसन एक तर्फमात्र राखेमा दुश्मन अर्को तर्फाट भाग्न सक्छ । यदि पोजिसन दुबै तर्फराखेमा आफ्नो फायरले आफ्नै नोक्सान हुने डर हुन्छ । त्यसकारण जमिनको सहि प्रयोग गर्नु पर्दछ ।
- स्टपको पोजिसन दुश्मन आउने बाटोबाट यति टाढा होस् कि उसले आफ्नो कारवाही रामा्रेसंग गर्न सकोस् र दुश्मनले थाहा पाउन पनि नसकोस् ।
- रिजर्भ पार्टिको पोजिसन दुरुस्त स्थानमा होस् जहाबाट उसले कभरिङ्ग पार्टि फायर बन्द हुनासाथ आफ्नो काम गर्न सकोस् ।
- धराप कमाण्डरको पोजिसन यस्तो ठाउमा हुनुपर्दछ कि फायर खोल्नु ईशारा ठिक समयमा दिन सकोस् ।
- पुरा धराप पार्टी फौलाबट यति होस कि दुश्मनको पुरै टोलीलाई बर्वाद गर्न सकियोस ।
- सरपाईज हासिल गर्नको लागि फौजले धराप थापेका समयमा सिगरेट पिउन र् हर्कत गर्न तथा कुनै आवाज निकाल्न बन्देज गनुपर्दछ ।
- सबै हतियार पहिला नै चेक गरी क्क गरेको हुनुपछ । किनकी पछि कक् गर्दा निस्कने आवाजले दुश्मनलाई र्सतर्क बनाउन सक्छ । मौकाको धरापमा स्काउट खर्टाईदैन गर यो काम पुरा गर्नको लागि सबै फौजले मार्रइलाकामा आफ्नो दुष्टि राखेको हुनुपर्दछ ।
- पोजिसन छाड्नु भन्दा अगाडी रिजर्भ पार्टि मरेको वा धाईते भएको दुश्मनको खोजतलास गर्नु पर्ने हुन्छ । यस्को गरिका एक जनाले खानतलासी गर्ने र २ जनाले त्यसलाई कभर गर्नु पर्दछ ।

- शरु शरुको फायरिङ्गको कावाही सिर्फ१५ देखि २० सेकेण्ड सम्म मात्र गर्नुपर्दछ । यसको लगतै एसल्ट गरी हाल्नु पर्छ ताकि दुश्मनलाई जुन पहिले देखि नै धवराबट पुगेको हुन्छ र त्यो हरु बढी होस् र उसले संभाल्ने मौका नपाओस् ।
- जब धराप कमाण्डरले ईशारा गर्दछ भने किलिङ्ग गा्रउण्मा उज्याले पार्ने व्यावस्था मिलाएको हुनुपर्दछ । ट्रिप फ्लेयर, भेरीलाईट वा प्यारा इल्युमिनेटिङ्ग फ्लेयर कमाण्डरको ईशारामा फायर गरी उज्यालो पार्ने ब्यवस्था मिलाईएको हुनुपर्दछ ।
- पछाडि हट्दा सकेसम्म बढी बाटोहरु छानेको हुनुपर्दछ । आवश्यक अनुसार हालतले दिएमा पछाडि हट्दा अर्को धराप पनि थाप्न सकिन्छ ।
- घाईते बिरामी पछाडि हटाउने वार् इभ्याकुएट को व्यवस्था मिलाएको हुनु पर्दछ । स्टेचर पहिला नै तयार गरी धराप स्थलको पछाडी कुनै प्वाईन्टमा राखेको हुनुपर्दछ ।

रेड (Raid)

परिचय,

कुनै पनि निश्चित उद्देश्य पूरा गर्नको लागि दुश्मनको इलाकामा पिन प्वाईन्ट तार्गेटमा गरिने हमलालाई रेड भनिन्छ । साधरणतया यस्मा जमिन कव्जा गर्ने उद्देश्य हुदैन । यो अप्रेसनलाई कठिन अप्रेसनको रुपमा मानिएको छ ।

उद्देश्य

क) जंगी कैदी समाउन वा दुश्मन र उस्को हर्कतवारेमा थाहा पाउन ।
खं दुश्मनको मुख्य कमाण्डरलाई अपहरण गर्न ।
ग) मुख्य मुख्य स्थानहरु वर्वाद गर्न ।
घ) दुश्मनलाई हँस पार्न ।
ङ) आफ्नो साथी वा कमाण्डरलाई दुश्मनको कव्जावाट छुटाउन ।

रेडको आधारभूत कुराहरु

क) विस्तृत योजना र पूर्ण तयारी ।
ख) जिल्याउने (सप्राईज) तथा सुरक्षाको व्यवस्था ।
ग) व्रिव गतिमा कारवाही ।
घ) उच्च स्तरको तालीम र सहनशक्ति
ङ) सरल योजना ।

रेडको विशेषता

क) हान्ने र भाग्ने ।
ख) वनावट
ग) नफ्री

रेड र हमलामा फरक

रेड	हमला
सानो नफ्री भए पनि ज्यादै प्रभावशाली ढंगवाट कारवाही गरिन्छ	नफ्री ठूलो हुन्छ
झुक्याउने धोका दिने कारवाही अति आवश्यक हुन्छ	झुक्याउने धोका दिने कारवाही आवश्यक नहुन पनि सक्छ
जमिन कव्जा गर्ने उद्देश्य हुदैन	जमिन कव्जा गर्ने उद्देश्य हुन्छ
कारवाहीको गति ज्यादै तिव्र हुन्छ	कारवाहीको गति ज्यादै तिव्र नहुन पनि सक्छ
फायर सर्पोट प्राप्त नहुन पनि सक्छ	साधरणतया फायर सर्पोट उपलव्ध गराउनु पर्ने हुन सक्छ

रेडको तार्गेट छान्दा ध्यान दिनु पर्ने कुराहरु

क) छिटो बर्बाद गर्न सक्ने ।

ख) प्राप्त स्रोतसाधन द्धारा बर्बाद गर्न सकिने ।

ग) क्षमता भित्र भएको ।

घ) छिटो मर्मत हुन नसक्ने ।

ङ) जमिनी बनावट

रेड टोली छनौट गर्दा निम्न कुराहरु विचार गर्नु पर्दछ ।

क) प्राप्त टास्क

ख) तार्गेटको किसिम र स्थान

ग) उक्त तार्गेटलाई वचाउन प्रयोग गरिएको दुश्मनको नप|mी

घ) आफ्नो नफ्री

रेड टोलीको बनावटः

१) कट अफ ग्रुप

२) सपोर्ट ग्रुप

३) एसल्ट ग्रुप

(क) ब्रिचिङ्ग पार्टि

(ख) सेन्ट्री सर्ाईलेन्स पार्टि

(ग) एसल्ट पार्टि

(घ) सर्च पार्टि

(ङ) डेमोलेशन पार्टिट अफ ग्रुप :- यो ग्रपको नप्रिm जमिन र दुश्मनको बाधा पार्न सक्ने सम्भाबनामा भर पर्दछ । रेडको कार्बाही शुरु हुनु भन्दा अगाबै आफ्नो जग्गा लिन सक्दछन् र साधारणतया यसले दुश्मन आएको खबर टार्गेट भित्रको दुश्मनलाई बाहिर जान नदिने र आवश्यक परेमा आफ्नो सुरक्षाको लगि फयर पनि खोल्दछ । कट अफ ग्रुपको कार्यहरु निम्न प्रकारका छन् ।

क) दुश्मनको मद्दतलाई अव्जेक्टिभसम्म पुग्नबाट रोक्नु ।

ख) अव्जक्टिभमा भएका दुश्मनलाई भाग्न नदिनु ।

ग) आवश्यक परेमा रेड गर्ने टोलीलाई बिथड्रलमा कभर गर्नु

घ) रेड गर्ने टोलीलाई पूर्व चेतवनी दिनु ।

सपोर्ट ग्रुरप :- यो गुरपले आवश्यक परेमा एसल्ट पार्टिई फायर सर्पोट दिन्छ । साथै रिर्जभको काम पनि गर्छ र एसल्ट गुरपेका विथड्रलमा कभर प्रदान गर्छ । सधारणतया एसल्ट गुरपभन्दा बढी नफ्री हुन्छ ।

एसल्ट ग्रुप :- यो रेडको मुख्य ग्रुप हो । यसको कार्वाहीमै रेड भर पर्दछ । यसको निम्न अनुसार उपग्रुप छन् ।

क) ब्रिचिङ्ग पार्टि- यो पार्टि दुश्मनको कम्पाउण्डम लगाएका तारवार तथा घेरालाई काट्ने काम गर्छ । र पुनः आएर एसल्ट ग्रुप कमाण्डरलाई जानकारी दिन्छ ।

ख) सेन्ट्री साइलेन्ट पार्टि- जब ब्रिचिङ्ग पार्टि तारबार काटेर फर्कन्छ तब यो पार्टिुश्मनकोर् इलाकामा छिरी उसको सेन्ट्रीलाई सर्साईलेन्सिङ्ग तरिकाले मार्छ र पुनः आएर एसल्ट कमाण्डरलाई जानकारी गराउँछ ।

ग) एसल्ट पार्टि- जब सपोर्ट ग्रुपले फायर गरेर दुश्मनलाई पिनडाउन गरिसकेपछि एसल्ट पार्टि दुश्मन माथि तादातरुपमा धावा बोल्छ र बाँकी बाँचेका दुश्मनहरुलाई समेत बर्बाद गर्ने काम गर्दछ ।

घ) सर्च पार्टि- जब एसल्ट टोलीले धावाबोली दुश्मनलाई बर्बाद गरीसकेपछि तुरुन्त भन्दा तुरुन्त सर्च पार्टिदुश्मनको अतिआवश्यक कुराहरु खोजतलास गरी ल्याउन सक्ने सामानलाई लिन्छ र बाँकी सम्मुर्ण समानहरु डेमोलेसन पार्टिई डेमोलेसन गर्नको लागि दिन्छ ।

ङ) डेमोलेसन पार्टि- दुश्मनको महत्वपूर्ण तार्गेटमा चार्ज (बम) लाई बर्बाद गर्ने काम हो ।

रेडको तह :

क) तयारीको तह ख) रेडको कारवाही

ग) लगाव तोड्नु र पछि हट्नु ।

रेडको सफलता निम्नकुरामा भर पर्दछ ।

क) सप्ररर्ाईज ख) उच्च दर्जाको इन्टलिजेन्स

ग) रेड गर्ने टोलीको शारीरिक र मानसिक सहनशक्ति घ) उच्च स्तरको लिडरसिप

ङ) स साना टोली संग समन्वयात्मक कारवाही । च) राम्रो वन्दोवस्ति

सैनिक शब्दावली

१. एरिया स्टडी :

कार्वाही गर्नुपर्ने समस्याग्रस्त क्षेत्रको भौगोलीक, राजनैतिक र सामाजीक विषयहरुले सैनिक अप्रेशनहरुमा तत्कालै वा भविष्यमा के-कस्तो किसिमले प्रभाव पार्नसक्छ भनी गरीने अध्ययनलाई प्रतिबिद्रोह अप्रेशनमा एरिया स्टडी भनिन्छ ।

२. बिद्रोह :

मन खुस वा डरत्रासले लोभ वा जवरजस्ती सम्मिलित वा सहयोगी मात्र केही वा धेरै जनताहरुको मद्धत वा सहानुभूति प्राप्त त्यस खालको सशस्त्र कार्वाहीलाई विद्रोह भनिन्छ । जुन उक्त देशको संवैधानिक सरकारको विरोधमा सञ्चालन गरेको हुन्छ । शुरुको साधारण मान्छेको मन बदल्ने प्रकृयादेखि लिएर शक्तिशाली गुरिल्ला संघर्ष सम्मको सबै क्रिया-प्रकृयाहरु यस बिद्रोहको क्षेत्र भित्र पर्दछ ।

३. बिद्रोही :

बिद्रोहको अवस्थामा देश र सरकार बिरुद्ध हतियार उठाएर फौजी कार्वाही गर्ने देशभित्र जनताको बिचमा बसि वा बिदेशमा बसी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भौतिक, नैतिक, मानसिक वा अन्य कुनै किसिमको कार्वाहीमा सम्मिलित हुने वा सहुलियत दिनेलाई बिद्रोही भनिन्छ ।

४. होस्टायल :

ति सबै तत्वलाई होस्टाईल भनिन्छ जो बिद्रोहको बेला सक्रियरुपमा सम्मिलित हुन्छन । यस भित्र गुरिल्ला, विध्वंशकारी, आतंककारीहरु, राजनैतिक तथा इन्टेलिजेन्स एजेन्ट इत्यादी समेत सम्मिलित हुन्छ । साधरण तथा खाली फौजी कार्वाहीका एजेन्टहरुलाई मात्र होस्टायल भन्ने प्रचलन देखिएता पनि संघर्ष्ाकँे क्षेत्र र कार्वाही विस्तृत र आधुनिक हुंदै आएको हुंदा बिद्रोहीको बेला सम्मिलित सबै सक्रिय बिद्रोहीहरुलाई होस्टायल भन्न सकिन्छ । बिद्रोहीलाई आफ्नै देशका तर बहकिएका नागरीक भएको हुँदा उनिहरुलाई ब्रिराही भन्दा उनीहरुको दिमागमा मनोवैज्ञानिक कारणले विपरित प्रभाव पर्न जाने हुंदा तिनिहरुलाई ब्रिराहीको सट्टा होस्टायल भन्ने विषयमा कडा जोड दिईन्छ ।

५. गुरिल्ला वारफेर :

गुरिल्ला वारफेर त्यस किसिमको संर्घष्ाले जसमा हलुका हतियारवाट सु-सज्जित तर अति नै गतिशिल टोलीहरु फौजको बिरुद्धमा कार्वाही सञ्चालन गर्ने गर्दछ र साधारण तथा यिनिहरुले स्थानिय बासिन्दाहरुको सहयोग पाईरहन्छन । गुरिल्ला अप्रेशन साधारण तथा आक्रमक ट्याक्टिस अपनाउदै स-साना ग्रुपले गर्ने कार्वाही हो ।

६. गुरिल्ला :

गुरिल्ला वारफेरमा सम्मिलित एक व्यक्ति वा यस्तो व्यक्तिहरुको समुहलाई गुरिल्ला भनिन्छ ।

७. काउण्टर गुरिल्ला वारफेर :

संबैधानिक सरकारले संवैधानिक व्यक्तिहरु अर्धसैनिक व्यक्तिहरु, निजामति, प्रहरी प्रशासन तथा अन्य कुनै पनि स्तरको एजेन्सीहरुले गुरिल्ला र तिनिहरुको सहयोगीहरुको बिरुद्धमा गरिने कार्वाही तथा क्रियाकलापलाई काउण्टर गुरिल्ला वारफेर भनिन्छ ।

८. काउण्टर होस्टायल अप्रेशन :

बिद्रोहीको लड्नेतत्व होस्टायलको बिरुद्ध गरिने सैनिक तथा अर्धसैनिक अप्रेशनलाई काउण्टर होस्टायल अप्रेशन भनिन्छ । सो अप्रेशनको उद्देश्य होस्टायललाई मार्नु, पक्रनु, तिनिहरुको वेशलाई नष्ट पारी उनीहरु र उनीहरुको सप्लाई प्राप्त हुने शत्रु बिचको लगाव तोडीदिनु र आफ्नो सुरक्षा टोलीलाई सुरक्षा प्रदान गर्नु हो ।

९. प्रतिबिद्रोह :

बिद्रोह र त्यसका सबै किसिमका सहयोगीतत्वहरुलाई विफल तुल्याउन सरकारवाट संचालन गरिने सबै किसिमको सैनिक, अर्धसैनिक, राजनैतिक, आर्थिक, मनोवैज्ञानिक, सामाजीक, सबै किसिमका कार्वाहीलाई प्रतिबिद्रोह भनिन्छ यस भित्र बिद्रोही असुन्तुष्टि, बहकिएका वा साधारण सबै किसिमको जनशक्तिको मन र मस्तिष्क जित्न संचालन गरिने राजनैतिक आर्थिक, सामाजिक र धार्मिक सुधारहरु तथा स्थानिय विकास जस्ता विभिन्न मनोवैज्ञानिक कृयाकलापहरु अप्रेशन पनि सम्मिलित हुन्छ ।

१०. आन्तरिक प्रतिरक्षा :

सरकारले जनताको मन मस्तिष्क जित्ने प्रकृया अर्न्तगत बिद्रोह, अराजकता, विध्वंसात्मक गतिविधि इत्यादिबाट सुरक्षित राख्न गरिने सबै किसिमका सुरक्षात्मक प्रकृयाहरुलाई नै आन्तरिक प्रतिरक्षा भनिन्छ ।

११. वेतर्तिव फौज :

सबै किसिमका अनकन्भेसनल फौजहरुलाई अनियन्त्रि फौज भनिन्छ जस्तैः गुरिल्ला बिद्रोह, होस्टायल, आतंककारी लुटपिट गर्ने टोली ।

१२. प्यारामिलिटरी फोर्स :

देशको सेना रेगुलर आर्मी भन्दा अलग वा लडाइमा प्रयोग गर्नसकिने सबैकिसिमको फौजलाई प्यारामिलिटरी फोर्स भनिन्छ । यो फौज भन्दा अलग हुने भए तापनि उनीहरुको संगठन, हतियार र तालीम इत्यादी, केही मात्रामा रेगुलर फौज बमोजिम हुनसक्छ । जस्तो होमगार्ड, सीमा सुरक्षा फोर्स यस्ता फौजलाई अप्रेशनमा सम्मिलित गराएको खण्डमा यिनीहरु स्थानिय प्रशासन वा रेगुलर फौजको अर्न्तगत रहीकाम गर्दछ ।

१३. एड टु सिभिल पावर :

कुनै क्षेत्रमा ब्रिरेको स्थितीलाई सुधार्न वा शान्त वनाउन फौजले स्थानिय प्रशासनलाई दिईने सहयोगलाई एड टु सिभिल पावर भनिन्छ । साधारण तथा यसमा गैर कानुनी जमघट र भीड भेलालाई हटाउन र सो इलाकामा शान्ति ल्याउन स्थानिय प्रशासन र प्रहरी अर्समर्थ भएमा भेला हुन नदिने, कफ्र्यु लगाउने, फौजको हर्कत देखाउने जस्ता कार्वाही सम्मिलित हुन्छन् । यसको अलावा भुइचालो, दर्घटना वाढीपहिरो, अनिकाल आदीको वेला तथा हड्ताल भएको वेला सो सम्बन्धीत भएको जिम्मा फौजले लिइ सरकारी, तथा सिभिलको नियमित कार्यक्रममा वाधा पर्न नदिने जस्ता सहयोग पनि यसमा आउछ । तर सशस्त्रक्रान्तीको प्रयत्न तथा बिद्रोहीलाई निमुल पार्न स्थानिय प्रशासनको सहयोग र समन्वयमा गरिने फौजीको कार्वाहीलाई एड टु सिभिल पावर भनिन्छ ।

१४. ग्रुपिङ्ग :

होस्टायलको स्थानिय बासिन्दा बिचको लगाव तोड्न स्थानिय बासिन्दाहरुको हरेक हर्कतको नजर र नियन्त्रण राख्न उनीहरु माथी सिभिल एक्सन जस्ता बिभिन्न मनोवैज्ञानिक उपायको प्रयोग गर्न र जनतालाई

होस्टायलबाट हुन सक्ने खतराबाट सुरक्षित महशुस गराउन धेरै ठांउमा छरिएका केही गांउको समूहलाई एक ठांउमा जम्मा गरी नयां गांउको पर्ुनवास गर्राईन्छ । त्यस्तो पर्ुनवास गरिएको गांउलाई ग्रुपिङ्ग भनिन्छ । यसलाई प्रोग्रेसिभ प्रोटेक्टीभ भिलेज पनि भनिन्छ ।

१५. ग्रुप सेन्टर :

एक ठाउमा ग्रुपिङ्ग गरिएका पर्ुनवासीत जनतालाई हेरविचार गर्न खडा गरिएको प्रशासनको रेखदेखमा रहेको स्थानलाई ग्रुप सेन्टर भनिन्छ ।

१६. जनताको स्रोतको नियन्त्रण :

जनता र होस्टायल विचको कुनै किसिमको लगाव नहोस भन्ने उद्देश्यले सम्बन्धीत क्षेत्रको जनशक्ति तथा-समान र सम्बन्धीत विषयमा प्रतिबिद्रोह कार्वाही अर्न्तगत गरिने कार्वाहीलाई जनताको स्रोतको नियन्त्रण भनिन्छ । यसको उद्देश्य होस्टायललाई रित्रुटिङ्गको लागि जनशक्ति, हतियार, राशन आदि बिभिन्न समान र इन्टेलिजेन्स जनताबाट उपलव्ध हुन नसकोस् र साथै होस्टायलले जनता माथी सर्ाईकोलोजिकल वारफेर आतंक आदि डर धम्की, प्रयोग गर्न नसकोस्

१७ सुरक्षा टोली :

बिद्रोह उन्मुलनको लागि प्रयोग गरिने सबैकिसिमको सरकारी फौजलाई सरक्षा टोली भनिन्छ । जस्तै : सेना, प्यारा मिलिटरी फोर्स प्रहरी तथा अन्य कार्वाही गर्न सक्षम स्वयम सेवक ।

१८ प्यूनिटिभ एक्सन :

होस्टायलको कार्वाहीमा सहयोग पुर्याउने हेतुले कार्वाहीमा सरिक भएका जनतालाई चेतावनीको रुपमा सरक्षा टोलीले गर्ने कार्वाहीलाई प्यूनिटिभ एक्सन भनिन्छ । यस एक्सनमा कर्फ्यू लगाउने, जरीवाना तिराउने रोड ब् लक खडा गर्ने, पाइरहेको सरकारी सुबिधामा कटौती गर्ने आदि सम्मिलित हुन्छ । यो एक्सन बडो बिचार र गम्भिरताकासाथै संचालन गर्नु पर्ने हुन्छ ।कारण एक त निर्दोष व्यक्ति माथि पनि होस्टायलले जनतालाइ भड्काउन सक्ने संभावना बढि हुन्छ ।

१९ होस्टायल क्याम्प तथा हाईडाउट :

होस्टायलहरुले बन्दोबस्ति तालीम आदिको कार्वाहीसञ्चालन गर्न सुरक्षित रुपमा साधारण तथा दर्ुगम क्षेत्रमा तथा घना जंगलमा खडा गरीने पक्का क्याम्पलाई होस्टायल क्याम्प भनिन्छ । यो धेरै समयको निमित्त हुन्छ । सो स्थानलाई वेस मानि -बनाई) कार्वाही संचालन गर्न होस्टायलले खडा गर्ने क्याम्पलाई हाईडआउट भनिन्छ । साधारण तथा हाइडआउटमा होस्टायलको नप|mी र सुरक्षात्मक उपायहरु केही कम हुन्छ ।

२०. जंगल नेभिगेसन :

जंगलमा बाटोघाटोको अभावले एकठाँउवाट अर्को ठाउमा पुग्नलाई फौजलाई निकै नै कठिनाई पर्नसक्छ बाटोघाटोको अभावमा पनि बिभिन्न साधनको प्रयोगगरीएको स्थानवाट अर्को ठाउमा पुग्ने तरीकालाई जंगल नेभिगेसन भनिन्छ ।

२१. भिजुयलट्र्याकिग :

होस्टायल वा अन्य कसैलेजंगलमा हिड्दा स्वभावतः केही चिन्हहरु छोडेका हुन्छन । जसलाई हेरेर चिन्न, बुझन र पकड्न सक्ने बिशेषता वा कलालाई भिजुअल ट्रयाकिग भनिन्छ ।

२२. एस्टो नेभिगेसन :

जंगल वा अन्य कूनैपनि ठाउमा रातको समयमा तारा, चन्द्र र सर्रुय आदिको सहयोगवाट दिशाको जानकारी हासिल गरी एक ठाउवाट अर्को ठांउमा पुग्ने तरीकालाई अस्टो नेभिगेसन भनिन्छ ।

२३. लिभिङ्ग अफ दि ल्याण्ड :

जंगलमा एक्लै वा ग्रुपमा हराउदा अथवा सप्लाई हुन वा पुग्न नसकेमा वा अन्य कूनै पनि त्यस्ता अवस्थामा यदि राशन पानीको केही अभाव वा पर्ूण्ा अभाव हुन गएमा उक्त अवधी भरी, आफ्नो लड्ने क्षमता कायम राख्न वा कूनै पनि अवस्थामा जिवित रहन सक्नको लागि जंगलको वस्तुहरुलाई चिनेर र त्यसलाई खान पिउन योग्य तुल्याई प्रयोगमा ल्याउने कार्वाही वा अवस्थालाई लिभिङ्ग अप दि ल्याण्ड भनिन्छ । अर्को शब्दमा भन्ने हो भने जमिनमा पाइने वस्तु वा चिजको प्रयोग गरी बांच्नु भन्ने बुझिन्छ ।

२४. जंगलको हारवोर :

जंगलमा हारवोर गर्दा टुप्सले आराम गर्न वा बन्दोवस्ति कार्वाही गर्न जंगलमा खडा गर्ने वेशलाई जंगल हारवोरिङ्ग भनिन्छ । कूनै बिशेष अप्रेशन सञ्चालन गर्ने उद्देश्यले पनि टुप्सले कूनै ठांउमा हारवोरिङ्ग लिन सकिन्छ । यसको कूनै निश्चित समय हुदैन । परिस्थिती अनुसार केही समय, घन्टा र दिनको लागि लिनु पर्ने हुन्छ धेरै दिनको लागि यदिबस्नु पर्ने भएवा हारवोरिङ्ग सुरक्षित वेशमा परिणत गर्नु पर्दछ । हारवोरिङ्गको मुख्य उद्देश्य आराम र बन्दोबस्ति कार्वाही गर्न भएतापनि डिफेन्स लिन होइन तर पनि प्राकृतकि रुपले सुरक्षितस्थानको छनौट र सुरक्षाका आवश्यक उपायहरु चँही अपनाएको हुनुपर्दछ ।

२५. वुवि ट्रयाप्स :

होस्टायललाई झुक्याउने, जिल्याउने, आतंकित तुल्याउने, घाइते पार्न आदिको लागि बिष्फोटक पदार्थ वा अन्य घातक चिज वा हतियारको प्रयोग गरी बनाएको धरापलाई वुवि ट्रयाप्स भनिन्छ ।

२६. जंगल ट्रयाप्स :

जंगलकोस्रोत र साधन प्रयोग गरी, जंगली जनावर चराचुरुङ्गी तथा घस्रने जीवलाई समात्न वनाईने ट्याप्सलाई धराप जंगल ट्याप्स भनिन्छ । यसको प्रयोग जीव जन्तुको लागि मात्र नभई होस्टायललाई फसाउन पनि गरिन्छ ।

२७. सुरक्षा कानून :

बिशेष परिस्थितीको सामना गर्न कूनै पनि देशमा सुरक्षा कानूनको तर्जुमा गरिएको हुन्छ । यसवाट सुरक्षा फौजले पक्राउ गर्ने , मुद्धा फर्स्याउन अधिकार प्राप्त हुन्छ ।

२८. परिचालक :

होस्टायललाई चिन्ने काममा लगाईने व्यक्ति, एजेन्ट वा स्थानिय व्यक्तिलाई यस काममा लगाएको तिनिहरुको सरक्षाको लागि परिचय गोप्य राख्नु पर्दछ ।

२९. सैनिक नागरीक कार्वाही :

जनताको मन र मस्तिष्क जित्ने कार्वाही हो यसमा प्रोपोगाण्डा, सिभिक एक्सन र विकास कार्यक्रम समावेश हुन्छ

३०. स्वयमसेवक शक्ति :

जरुरत अनुसार स्थानिय जनतावाट खडा गरेको संस्था हो । भर्ना गर्दा राम्रो छानवीनका साथ बिश्वासिलो व्यक्ति लिनु पर्दछ । आफू तर्फलागेका बिद्रोहीको ग्रुपवाट छुट्टनिहरु पनि उपयुक्त हुन सक्दछ । स्वयमसेवक शक्तिले निज बिद्रोहीको बिरुद्ध काम गर्दा मनोवैज्ञानिक दृष्टीकोणले निकै फाईदाजनक हुन्छ ।

३१) Immediate Action Drill :

जङ्गलमा स्वतन्त्र रुपमा पट्रोलिङ्ग गदै सेमुको मुख्य पत्तिको रुपमा हर्कत गदै गरेको कुनै पत्तिले अचानक एकदमै नजिक रहेको होस्टाईलसित मुठभेड गर्ने अवस्थामा आफुलाई पाउन सक्छ । तर्सथ यस्तो बखत कम भन्दा कम समय र खतरनाक परिस्थितीले गर्दा होस्टाईलको बिरुद्ध कार्वाही गर्नको लागि सोचबिचार र योजना गर्न सम्भव नहुने हुदा यस्तो परिस्थितीमा बिना आदेश पुरा पत्तिले तत्कालै केही कार्वाही गर्न सकोस् भन्ने हेतुले एक निश्चित ड्रिलअपनाईएको हुन्छ जसलाई Immediate Action Drill भनिन्छ ।

३२) Popular Base :

जुन इलाकामा बिद्रोहले Support र सफलता प्राप्त गरेको हुन्छ त्यसलाई Popular Base भनिन्छ ।

जंगलमा हर्कत

परिचय : भु-आकृति तथा प्राकृतिक वनावटले गर्दा विभिन्न जंगलको आफ्नै भिन्न भिन्नै विशेषता हुन्छ । पहाड, तर्राई मरुभुमिका भिन्नभिन्नै विशेषता भएकोले यस्ता क्षेत्रमा लडिने लर्डाईको पनि त्यस्तै किसिमको विशेषता र कला हुन्छ । त्यसै कारण जंगलको पनि आफ्नै किसिमका विशेषता छन् जंगलसँग चिनाजानी तथा एकपटक पनि जंगलमा प्रयोग नभएको फौजहरुलाई अकस्मातसँग जंगलको लर्डाईमा सरिक हुनुपरेमा उनीहरुको लागि होस्टाईल भन्दा ठूलो ब्रिराही जंगलनै हुन्छ । त्यसकारण फौजलाई समयमा नै जंगलसँग भिजिसकेको हुनुपर्दछ । अनि मात्र त्यर्सर् इलकामा लड्दा कस्तो युद्धकला प्रभावशाली हुन्छ, कस्तो समस्या पला, कस्तो बन्दोवस्ती गर्नु पर्ला साधनहरु कस्तो उपलब्ध साधन उपलब्ध गराउनु पर्ला भन्ने बारे पूर्ण ज्ञान हुन्छ ।

विशेषताहरु :

क) जंगलको किसिम र जमिनी बनावट

ख) हावापानी

ग) फासला र हर्कत

घ) यातायातको स्थिति तथा संचारको अशुविधा

ङ) रोग

च) देखभाल

क) जंगलको किसिम र जमिनको बनावट : बर्षा र जमिनी बनावटले गर्दा कुनै ठाउँमा एकदमै घना जंगल पाईन्छ भने कतैकतै अग्ला अग्ला रुखहरु पाईन्छन् भने कतै मानिसले टेक्न नसक्ने दल दल तथा ढापहरु पाईन्छ । तर्सथ जंगल विभिन्न किसिमका हुने भए पनि यहाँ मुख्य निम्न किसिमका जंगलहरुको वर्णन गरिएको छ ।

अ) सदावहार बर्षात जंगल : यो दुई किसिमको हुन्छ

क) प्राईमरि जंगल

ख) सेकेण्डरी जंगल

आ) साधारण सुख्खा पतझर जंगल : यो पनि २ किसिमको हुन्छ ।

क) प्राइमरी जंगल

ख) सेकेण्डरी जंगल

ग) कोष्टल जंगल

ख) हावापानीः साधारण तया अरु स्थानको दाँजोमा अलि विकट नै हुन्छ । दिउँसो मध्यान्हमा गर्मी हुने ठाउँमा राती एकदमै ठण्डा पनि हुन्छ । काही एकदम आदार भएको र कही सुख्खा काही वर्षभरि पानी पर्ने काँही केही महिना मात्र हावापानीको यस्तो विचित्रताको विविधताले गर्दा जंगलको हावापानीलाई विकट मानिएको हो । यस्तो हावा पानीले सैनिक कारवाहीमा निम्न असर गर्न सक्दछ ।

अ) वर्षातको मात्राले फरक पार्दा काँही बाक्लो र काँही पातलो जंगल हुन्छ । तर्सथ युद्धकला र बन्देवस्ती अकारवाहीमा यसको असर पर्न जान्छ ।

आ) दिउसो एकदम गर्मी राती सित पर्ने र जमिन ओसिलो हुने हुँदा जंगलमा बस्ने फौजको तागत नराम्रो संग घट्दै जान्छ । र्

इ) मानिसको साथ साथै यस्तो हावापानीले उसको कपडा हतियार र अन्य किसिमको स्टोरमा नराम्रो असर पर्दछ ।

ग) फासला र हर्कत :

जंगलमा लहारा, झाडी, घाँसपात तथा उपडखापड जमिन ,चिप्ला, कम देखभाल ,बढि वर्षा ,बढि गर्मी आदिले गर्दा साधारण तया फौजहरुलाई हर्कत गर्न ठूलो समस्या उत्पन्न हुन्छ । स्थाई जमिन निशानाको अभावले गर्दा र साधारण तया कमजोरी जवानलाई बढि हिडेको जस्तो भान पर्दा कति फासला हिडियो भन्ने सही अन्दाज गर्न मुस्किल पर्न जान्छ । यस्तो अवस्थामा जंगलमा हर्कत गर्दा समय लाई ख्याल गर्नुपर्दछ । यति घण्टामा यति दुरी पार गरियो भन्न वेश हुन्छ । जंगलको प्रसस्त अनुभव भएमात्र सही योजना बनाउन समार्थ्य तुल्याउछ ।

घ) यातायातको स्थिति र संचारको असुविधाः साधारणतया जंगलमा यातायातको ठूलो अभाव हुन्छ । मोटर चल्ने सडक र रेलको लिगको अभाव हुन्छ , कतै कतै नदिमा डुङ्गा चलाएर पनि समस्या समाधान गर्न सकिन्छ । जंगलमा भएको गरेको बाटोलाई वषर्ातको पानीले विगारी रहन्छ । खोलामा पुलको अभावले फौजीको हर्कतमा बाधा दिन्छ । जंगलमा जमिन यातायातको ठूलो समस्या पर्ने हुँदा एयर सप्लाई हेलिकप्टरलाई नै जंगलमा यातायातको ठूला साधन मान्न सकिन्छ ।

ङ) रोग : जंगलमा वषर्ाको विकटताले सुद्ध पानीको अभाव आवश्यक खुराकको कमी, सबैले गर्दा जंगलमा अप्रेशन गर्दा कठोर मौषम विभिन्न कारणले गर्दा अचनाक रोग लाग्ने हुन सक्छ । आवश्यक उपचार नपाएमा सरुवा रोगले महामारी रोग फैलाएर त्यस क्षेत्रको सम्पूर्ण फौजलाई अशक्त पार्न सक्दछ । यस्ता रोगको बारेमा कमाण्डरले कहिल्यै विर्सन हुँदैन जंगलमा बस्ने फौजले सफाई र स्वस्थ्य रहन सम्बन्धीत नियमहरु पालना गर्न अत्यन्त जरुरी छ ।

च) देखभाल : माथी उल्लेखित विभिन्न बुँदाहरुबाट जंगलमा दिनमा पनि देखभाल कम हुन्छ । भन्ने कुरा शान हुन्छ । रुख झाडी घाँस आदिले गर्दा टाढा सम्म देख्न सकिदैन त्यसकारण फौजले निम्न कुराहरु ख्याल गर्नुपर्दछ

क) फौजमाथी सदावहार किसिमले नियन्त्रण हुनु पर्छ ।

ख) कुनै पनि सैनिक करवाहीमा चुपचाप हुनर्ुपर्दछ ।

ग) एकआपसमा देख्न सक्ने अवस्थामा पनि लगाव नछुटाउने, नजिकको मान्छे आफ्नै साथी हो भन्ने चिन्ने केही उपाय हुनु पर्दछ ।

घ) जंगल अप्रेशनमा सानो टोलीबाट कारवाही गरिएमा सफलताको बडि मौका मिल्छ ।

ङ) जंगल अप्रेशनमा अब्जेटिभ सधै सिमित हुन्छ ।

च) योजना बनाउनको लागि बढि समय लग्छ ।

नेपालको जंगललाई निम्न भागमा बाड्न सकिन्छ :

क) तर्राईको जंगल

ख) पहाडको जंगल

ग) हिमाली जंगल

क) तराईको जंगल : ताप वर्षा धेरै हुने तर्राई भावर र चुरे पर्वतको श्रृङखलामा लगभग ४ हाजर फिट सम्मको उचाईमय हुने यो जंगल निकै बाक्लो, घना र हरियो हुन्छ । गृष्म ऋतुमा पात झर्ने रुखहरु निकै भएतापनि पुरै जंगल कहिल्यै पनि नाङ्गो हुँदैन साल, सिसौ, सति साल, साज, बाँस यहँका मुख्य बनस्पतिहरु हुन । यस क्षेत्रमा चुरे पर्वतको दक्षिणमा ४ कोषे झाडी छ यसको विशेषता सेकेण्डरी पतझर जंगल सँग निकै मेल खान्छ तर यसलाई तर्राईको सुख्खा पतझरे भन्न सकिदैन यो सैनिक दृष्टिकोणले बढि महत्वपूर्ण हुन्छ ।

ख) पहाडीजंगल : ४ हाजर देखि ११ हजार सम्म पर्ने यस जंगल ७ हाजर फिट सम्म साल सिमल, पिपल र बर आदि रुखहरु तथा सो भन्दा माथी सल्ला, चाप अदि रुखरु पाईन्छन् । सैनिक दृष्टीकोणले यो जंगल तर्राईको जंगल जति महत्वपर्ुण्ा हुदैन ।

ग) हिमाली जंगल : ११ हजार फिट भन्दा माथी धुपी, बुकी, बुट्यान इत्यादी हुन्छन । सैनिक दृष्टिकोणले यस जंगललाई महत्वपूर्ण जंगल भन्न उपयुक्त भन्न उचित हुँदैन ।

जंगलमा स्वास्थ्य

कुनैपनि लर्डाईको मैदानमा औषधी उपचार गर्न समय र दुरीमा भर पर्दछ । कुनै विरामीलाई तुरुन्त अस्पताल पुर्याउनु पर्ला कुनै ठाँउमा समयले नभ्याउने हुन्छ त कुनै ठाँउवाट विरामी ल्याउनु पर्नेहुन्छ । दर्ुगम स्थानमा काम गर्ने फौजका सबै जवानहरुले आफ्नो स्वास्थ्यको आफै ख्याल राख्नु पर्दछ । विरामी जवान यूनिटमा आफैलाई पनि वोझ हुन जान्छ । धेरैजसो रोगवाट बच्न आफै सजग हुनु पर्दछ । खाली यसवारेमा जवानहरुलाई शिक्षा नहुनाले अधिकृतको सहयोग हुन जरुरी छ । रोगवाट वच्न गरिने उपाय सबैलाई जानकारी भैसकेपछि अव रोग लगाउने र नलगाउने स्वयं आफैमा भर पर्दछ ।

जंगलमा कार्यरत फौजहरुलाई लाग्न सक्ने रोग र त्यसवाट वाचावट :

क) हिट स्ट्रोक
ख) हिट सिन्कोप
ग) हिट क्रयाम्स
घ) हिटरास
ङ) मलेरिया

क) हिट स्ट्रोक (Heat Srroke)

तापक्रम संचालन प्रणलीको असफलता र बेहोस हुने क्रमलाई हिट स्ट्रोक भनिन्छ । यस बेला ज्वरो बढ्ने र पसिना आउने हुन्छ । तातो वातावरणमा बढी शारिरीक हर्कत गर्दा यो हिट स्ट्रोक लाग्ने बढी सम्भावना हुन्छ ।

हिट स्ट्रोक हुँदा गरिने कारवाही

१) बिरामीलाई चिसो ठाँउमा राख्रे सबै लुगा खोली दिने ।
२) जिउमा चिसो पानी छम्कने वा पंखा लगाई दिने ।
३) बिरामीको ज्वरो बेला बेलामा नापी रहने र ज्वरो नघटुन्जेल सम्म भिजेको कपडा वा बरफलाई पातलो कपडामा बेरेर प्रयोग गर्ने ।
४) यदि उपलब्ध छभनेरंर् इजेक्सन क्लोर प्रो-मार्जिन २५-४० मि.ग्रा. आई.एम. दिने ।

ख) हिट सिन्कोप (Heat Sincope)

गरम वातावरणमा धपेडी गर्दा कहिलेकाँही मानिस छोटो समयमा मर्ुछा पर्दछन् । यस बेला ब्लड प्रेशर छोटो समयलाई तल झर्दछ । पल्स कमजोर हुन्छ र मानिसको शरिर चिसो हुन्छ । साधारणतया यस बेलामा बिरामीलाई सुताउने झोल पदार्थ खुवाउने र सितल वातावरण उपलब्ध गराएमा बिरामी निको हुने गर्दछ ।

ग) हिट क्राम्प्स (Heat Cramps)

यसमा पेट तथा अन्य ठाँउको मसलहरु बाँडिएर दुख्ने गर्दछ । खास गरि यो सोडियमको कमीबाट हुने गर्दछ ।

हिट क्राम्पस भएमा गरिने कारवाही

१) बिरामीलाई ठण्डा वातावरणमा राख्ने र मसल्स्लाई मसाज वा मालिस गर्ने ।

२) बिरामीलाई पुरा आराम दिने ।

३) यदि आफू संग छभनें सोडियम क्लोर्राईड १ ग्राम प्रत्येक घण्टामा प्रसस्त पानी संग खुवाउने ।

४) यसले नभएमा स्लाईन पानी दिने ।

घ) हिटरास

पसिना निस्केको प्वालको मुख थुनिने र पछि फुट्ने कारवाहीबाट यो हिटरास उत्पन्न हुन्छ । खास गरि तापक्रम देखि नाजुक र मोटो मान्छेलाई हुने गर्दछ । यसमा पोल्ने चिलाउने र साना साना फोकाहरु हुन्छन् । खास गरि हात तथा ढाडमा देखा पर्दछन् ।

यसलाई रोक्ने उपायहरु निम्नानुसार छन् ।

१) धेरै नुहाउने, कपडामा साबुन प्रयोग नगर्ने ।

२) एण्टी फरिटीक कुलिन लोसन अथवा पाउडर प्रगोग गर्ने ।

ङ) मलेरिया

यो लामखुट्टेको टोकाईबाट सर्ने रोग हो । यसबाट बच्ने उपाए गर्नु हरेक जवानको आफ्नो कर्तब्य हो । यसबाट बच्न निम्न कारवाहीहरु गर्नु पर्दछ ।

१) भ्यालुडिन ट्याप्लेट दिनदिनै खाने । यो खाउन्जेल मलेरिया हुनबाट रोक्छ । खाने छोडेमा मलेरिया आउन सक्दछ ।

२) लुगा ठिकसंगले लगाउने, झुल हालि सुत्ने र हारबोरमा रिपिलेण्ट दल्ने ।

सर्प तथा किराहरुवाट वचाउ :

सबै सर्पहरुको टोकाई विषालु हुदैन खास गरी कोब्रा, भाईपर जस्ता सर्पको टोकाई विषालु र खतरनाक हुन्छ साधरणतया तर्राईको भागमा पाईने सर्पहरु चिनी राख्नु हामिलाई फाईदाजनक हुन्छ । जस्तै : गोमन, करेत, भाईपर ।

क) गोमन :- यस सर्पको टाउकोमा खराउ जस्तो आकार हुन्छ । यी प्रायः खैरो रङ्ग र लम्बाई ३ देखि ५ फिट सम्मको हुन्छ ।

ख) करेत :- यो सर्प पनि एकदमै बिषालु हुन्छ । यी २ देखि ३ फिट सम्म लामो र यसको शरिरमा सेतो धर्का या थोपा थोपा परेको फुस्रो फुस्रो रङ्गका हुन्छन् ।

ग) भाईपर :- यो करेत भन्दा पनि बिषालु हुन्छ । यसको शरिरको बिचमा चक्का चक्का परेको घुमेको हुन्छ र लम्बाई दुई देखि साढे पाँच फिट सम्मको हुन्छ ।

बिषालु सर्पलाई चिन्ने उपाए :

क) सर्पले टोकेको ठाँउमा घाउ छुट्टाउने अथवा दागबाट थाहा पाईन्छ ।

ख) टोक्ने बित्तिकै हुने असरले पनि छुट्टाउन सकिन्छ ।

ग) बिषालु र्सपले टोकेको छभनें पोलर आउँछ अनि आखाा लोलाउन थाल्छ ।

घ) कुनै पनि खाने कुराको स्वाद हराउँदछ ।

सर्पले टोक्दा गर्ने कारवाही :

क) टोकेको ठाँउ भन्दा करिब २ ईन्च माथि एउटा ट्युनिकेट लगाउँने । यो एउटै मात्र हाड भएको ठाँउमा हुन जरुरी छ । यदी खुट्टामा टोकेको छ भनें । घुँडाको ज्वाइन्ट भन्दा २ इन्च जति माथि र हातमा टोकेको छ भनें कुहीनाको जोर्नी भन्दा २ इन्च जति माथि बाँधनु पर्दछ ।

ख) धेरै बेर सम्म ट्युनिकेट लगाउँदा सो ठाँउ भन्दा तलको भाग रगत नपाएर अर्को असर हुने सम्भावना हुन्छ । त्यसैले उक्त ट्युनिकेटलाई प्रत्येक आधा घण्टामा खोली आधा मिनेट पछि फेरी लगाउनु पर्दछ । यदि सुन्निने क्रम बढ्दै गएमा ट्युनिकेटलाई प्रत्येक आधा घण्टामा खोली आधा मिनेट पछि फेरी लगाउनु पर्दछ । यदि सुन्निने क्रम बढ्दै गएमा ट्युनिकेटलाई माथि सार्नु पर्दछ ।

ग) बिरामीलाई आराम साथ राखी आत्तिन नदिनु ।

घ) टोकेको ठाँउमा सफा पानी अथवा पोटास पानीले सफा गरि स्काल पेलमा बिलेटले १ इन्च लामो ठाडो गरि १ इन्च गहिरो चिर्ने । ब्रेष्ट पम्पले रगत तान्ने । यदि ब्रेष्ट पम्प नभएमा मुख, घाँटी र पेटमा घाउ नभएको मानिसले चुस्दै थुक्दै गर्ने । हरेक पटक चुसी सके पछि पोटास पानीले मुख कुल्ला गर्नु पर्दछ

ङ) यदि बरफ छ भनें टोकेको ठाँउमा राखीदिने ।जसले गर्दा नसाहरु खुम्चीन गई बिष र्सन पाउँदैन ।

च) यदि टोकेको भाग सुन्निने दुख्ने एवं रातो भएमा उक्त भागलाई माथि सार्ने ।

ज) माथिका कारवाही पछि बिरामीला नजिकको अस्पतालमा पुर्याउने ।

बिच्छीको टोकाई :

बिच्छीको टोकाई खास खतरनाक होईन । बिच्छीहरु बिभिन्न प्रकार हुन्छन् । रातो भन्दा कालो बिचछीको टोकाई बढी बिषालु हुन्छ ।

बिच्छीको टोकाईमा गरिने कारवाही :

क) टोकेको ठाँउ भन्दा करिव र्२र् इन्च माथि टेनिकेट लगाउने ।

ख) टोकेको ठाँउमा सफा पानी अर्थात पोटास पानीले पखाल्ने ।

ग) उक्त ठाँउमा लोकल एनेस्थेटिक मेसिकेन अथवा जाईलोकन दिने ।

घ) टोकेको घाउलाई पोटास पानीमा डुबाएर राख्ने । साधारणतया बिरामी यत्तिकैमा ठिक हुदैं गर्दछन् । तर नभएको खण्डमा बिभिन्न किसिमको ईजेक्सन दिने ।

१) ईजेक्सन पेथेडिन एक्सी मि.ग्रा. ठूलालाई र बच्चालाई २ मि.ग्रा.आई.एम.।

२) ईजेक्सन एट्रोपाईन २ मि.ग्रा. ।

३) ईन्जेक्सन क्लालसिएम ग्लुकोनेट १० मि.लि. १० प्रतिशत आई.एम. ।

जुका :

यो धेरै प्रकारका पाईन्छन् तर खतरनाक छैनन् । यसको पेटमा रगत पुरा भरिए पछि आफै खस्छ । तर मानिसको शरिरबाट यदि उसले बनाएको घाउबाट रगत बग्न छोड्दैन भनें शरिरबाट जुकालाई तान्नु हुँदैन । यसबाट उसको मुख चाँही शरिरमा नै अड्की रहन सक्दछ । जुकालाई निकाल्न नुन पानी या चुरोट र बिंडीका ठुटाहरुको प्रयोग गर्नु पर्दछ । घाउ भएको ठाँउमा पट्टिबाँधनु पर्दछ र रगत बन्द भएन भनें रेपिल्याण्ट लगाउने र सो लगाएपछि अरु जुकाले हमला गर्न सक्दैन । किराहरुबाट बच्नको लागि हारबोरिङ्गमा आफू सुत्ने जमिन वरपर राम्रो संग सफा गरेर सुत्नु पर्दछ । सफा गरेको जमिनमा किराहरु आउन गाह्रो पर्दछ ।

७) सेल्टर तथा विभक :

मानिस जन्मे देखि घर वा कुनै छाप्रो मुनी रही आएको हुन्छ । त्यस कारण चाहे शान्तिको वेला होस चाहे लर्डाईको समय होस रात विताउन छहारी आवश्यकता पर्दछ । जस्को खाँचो पूर्तिको लागि ग्राउण्ड सिट वा पन्चुको मद्धतवाट विभिन्न किसिमको विभक तयार गरिन्छ । यसरी रात विताउनको लागि पन्चु तथा ग्राउण्ड सिट वाहेक परिस्थितीले दिन्छ भने काठ, खर र स्याउला आदीको मद्धतले वनाईएको छाप्रोलाई सेल्टर भनिन्छ ।

किसिम :-

क) एउटा पन्चु वा ग्राउण्डसिटको मद्दतबाट : यो विभक एक जनाले छोटो र सजिलोसँग बनाउन सकिन्छ । खास गरी यो विभक शुरु शुरुका तालीमे जवानहरुले सिकलाईको दौरानमा बनाईने गरिन्छ । यस्तो विभकले घाम, पानी र ओसबाट बचाउँछ । यो केहि समय आराम गर्नको लागि मात्र बनाईन्छ । यो विभक जंगलमा पाईने स-साना बुट्यान र लहराबाट पनि बनाउन सकिन्छ ।

बनाउने तरिका : पन्चुबाट बनाउँदा ३ फिट ईन्चको चोभा वा काठको किला दुबै लम्वाई तर्फ पन्चुको प्वाँलमा छिर्राई जमिनमा गड्ने र चारै चारवटा पिकेट -फलाम वा काठको) गाडी विभक तयार पार्ने । ग्राउण्डसिटबाट विभक बनाउँदा दुबै तर्फ३ फिट र्६र् इन्चको काठहरु छन् भने जमिनमा ठाडो पारी उठाउने र ग्राउण्डसिटको प्वाँलमा छिराउने र चारै तिर १/र्१र् इन्चको किलाहरु बनाई डोरीले बाधि विभक तायर गर्ने ।

ख) दुईवटा पन्चु तथा ग्राउण्डसिटको मद्दतबाट : यो विभकलाई दुई जवानको सहयताबाट सजिलै बनाउन सकिन्छ । त्यस्तो विभकलाई जाडोको मौषममा भर्ूइमा जोडेर र गर्मीको समयमा अग्लो पारी बनाउन सकिन्छ । यदि समय र ठाउँ उपयुक्त छ भने जंगलका काठबाट विभक भित्र खाट बनाउन सकिन्छ । विभकलाई राम्रोसँग बनउन सकेमा हुरी, बतास, घाम, पानीको ओसबाट बचाउँछ । यो विभकमा ३ जना सम्म सुत्न सकिन्छ । साधारणतया जंगल हारबोरमा बढी उपयुक्त बनाउन सजिलो विभक नै यो हो ।

१) चाहिने सामान :

क) पन्चु सेट २

ख) ग्राउण्डसिट २

ग) ९ फिट को लामो डोरी १

२) बनाउने तरिका :

दुबै ग्राउण्डसिटको बटम द्धारा जोड्ने दुबै तिर बिचमा पारेर पन्चुको डण्डा प्वाँलमा छिर्राई उठाउने र दुबै तिर पिकेट गाडी तन्काउने । चारैतिर सार्ईडमा पिकेट गाडी डोरीले बाधि विभक तयार गर्ने ।

ग) ३ वटा पन्चु वा ग्राउण्डसिटबाट : यो विभक ३ जवान भन्दा बढी ५ सम्म सकिने गरी ३ वटा पन्चु वा ग्राउण्डसिट जोडेर तयार पार्न सकिन्छ । राम्ररी तयार गर्न सकेम यो विभकबाट घाम पानी वा ओसबाट डर हुदैंन । यस्तो विभक से.मु. तहमा खास गरी से.मु.हे.क्वा.मा मात्र बनाईन्छ यो विभक मानिस तथा समय बढी लाग्छ । बनाउने तरिका : एउटा पन्चु वा ग्राउण्डसिट बिचमा पारी अन्य दुईलाई दुवै छेउमा जोडिन्छ र चारै कुनाको चार प्वाँलमा डण्डा छिर्राई ठर्राईन्छ र त्यसै अनुसारको किलाहरु पनि त्यसको सामुने गाडी डोरी द्धारा बाधेर अड्चाईन्छ

घ) अन्य सेल्टरहरु :- पन्चु तथा ग्राउण्डसिट बाहेक परिस्थितीले दिन्छ भने जंगलमा पाईने काठ, रुख, स्याउलार् इत्यादीको मद्दतबाट पनि सेल्टर तयार गर्न सकिन्छ । स्नाईपर्रर् इत्यादीको लागि यो सेल्टर तयार गर्न सकिन्छ ।

फाईदा :-

क) जंगलको ओसबट जवानहरुलाई बचाउँछ ।

ख) वर्षाको समयमा पानीबाट बचाउँछ ।

ग) केहि हदसम्म छुपाउ हासिल गर्न मद्दत पुर्याउँछ ।

घ) हिमाली ईलाकामा केहि हदसम्म हिउको मारबाट बचाउँछ ।

ङ) छाहारी मुनी रात वितउँदा जवानहरुलाई राम्रो मनोवैज्ञानीक असर पर्दछ ।

तत्कालिन कारबाही ड्रिल (Immediate Action Drill)

परिचय :-

बिद्रोह दमनको बेला जंगलमा हर्कत गर्ने फौजले धेरै पटक होस्टायल सँग जम्काभेट गर्ने मद्दत पाउछन । यस्तो अवस्थामा होस्टायलले लगाव नराखी भाग्ने वा एक दर्ूइ राउण्ड फायर गरि भग्ने गर्दछन । तर सुरक्षा सेनाका सबै ब्यक्ति यस्तो हुनर्ुपर्दछ कि होस्टायललाई त्यसै वा १/२ राउण्ड फायर गरी भाग्ने मौकानै नदिनु सधैं चंख भई बढी ईलाका देखभाल गरी जाईलागेमा धेरै पक्राउ पर्दछन् वा मारिन्छन् भनि लगाव कायमै राखि पिच्छा गर्नु पर्दछ । यसरी होस्टायलसँग मिलाप हुदाँ निम्न अनुसारको ड्रिल गरिन्छ ।

तत्कालीन कार्वाही ड्रिल :

जंगलमा ३ जना स्काउट राखि हर्कत गरेमा बढी ईलाका देखभाल हुन्छ र अचानक होस्टायलसँग मुडभेड हुन कम सम्भावना हुन्छ । यसरी होस्टायलसँग मुडभेड हुँदा निम्न अवस्था आईपर्नसक्छन् ।

क) होस्टायलले पहिले देख्ने :- होस्टायलले पहिले देखे त्यसै भाग्ने वा १/२ राउण्ड फायर गरी भाग्ने हुँदा छिटो जाईलागी फायर गरी पिच्छा गर्ने ।

ख) सुरक्षा फौजले पहिले देख्ने :- सुरक्षा फौजले पहिला देखेमा मौकाको एम्बुस थाप्नु पर्दछ ।

ग) दुबैले एकसाथ एक अर्कालाई देख्ने :- दुबैले एकसाथ एक अर्कालाई देखेमा जसले पहिलाप्रतिक्रिया गर्छ उसैको जित हुन्छ ।

आई.ए.ड्रिलमा ध्यान दिनु पर्ने कुराहरु :

१) स्काउट बिच सधैं नजरी मिलाप हुनु पर्दछ ।

२) कमाण्डर स्काउट पछि हुनु पर्दछ ।

३) हर्कमा गाउँ बस्तीलाई छल्नर्ुपर्दछ ।

४) थाहा भएको गोरेटो बाटोको प्रयोग गर्नु हुनु हुँदैन ।

५) अग्लो जमिनलाई सधैं शँकाको दृष्टीले हर्ेने ।

होस्टायलले एम्बुस थाप्ने तरिका :

क) निर्मुल पार्ने एम्बुस :- यो एम्बुस निम्न उद्देश्य प्राप्तीको लागि होस्टायलहरुले लगाउँछन् ।

१) सुरक्षा फौजलाई घाईते तुल्याउन ।

२) हात हतियार, गोलीगर्ा र इक्यूपमेन्ट जम्मा गर्न ।

३) सुरक्षा फौजको हौसला गिराउनको लागि ।

४) प्रचार प्रसार गर्नेका लागि ।

ख) हान्ने र भाग्ने एम्बुस :-

बिद्रोह एम्बुसमा निम्न कार्वाहीहरु हुन्छन् :

१) खबर संकलन

२) रेकी

३) कार्य संपादन

४) एम्बुस पार्टि बनावट र कार्य

क) फायरिङ्ग पार्टि ख) फ्ल्याङ्क प्रोटेक्सन पार्टि ग) स्पेशल टाक्स

एम्बुस विरुद्ध ड्रिल :

होस्टायलले सुरक्षा फौजको टुकडीमाथी निम्न अवस्थामा एम्बुस गर्न सक्दछन् :-

(१) टुकडीको अघिल्लो भाग एम्बुसमा पार्न :-

क) एम्बुसमा माथि ह्याण्ड ग्रनेड फाली जाईलाग्ने ।

ख) अगाडीबाट जाईलाग्न जमिनले नदिई त्यहीबाट जवाफी फायर गरी पिनडाउन गराउनु र एकिकृत भई फायर एण्ड मुभ गरी अगाडी बढ्नु ।

ग) बाँकी हिस्साले दायाँ बायाँबाट हमला गर्नु ।

घ) यसबेला एम्बुसमा परी मरेकालाई फायर कभर गरिराख्नु एक दई जना हमलामा जान नसक्नेलाई छोडेमा होस्टायलबाट हात हतियार लिन र अँगभङ्ग गराउने कार्यबाट रोक्न सकिन्छ ।

(२) टुकडीको पछिल्ले हिस्सा एम्बुसमा पार्नु :-

पुरै हिस्सा मार्रर् इलाका भित्र छिरेपछि मात्र फायर खुल्छ यस अवस्थामा सबैले जुन दिशातर्फाट सम्भव छ त्यसै दिशातर्फजाईलाग्ने । होस्टायल भाग्नबाट रोक्न गृनेड र २" मोर्टारो प्रयोग गर्नु पर्दछ ।

आई.ए.ड्रिलका आधारभूत कुराहरु :

क) जमिनको सहि प्रयोग गर्नु ।

ख) हर्कतमा शँका लाग्दो जमिनको विस्तृत जानकारी लिनु ।

ग) फौजका हरेक जवान अवस्था अनुसार आदेश बेगर विबेकले का गर्ने सक्ने हुनु पर्दछ ।

घ) यदि जमिनले दिएमा २" मोर्टारबम र गृनेडको प्रयोग गर्नु पर्दछ ।

ङ) जुन टोली फायरको दबावम छैन उसले तुरुन्तै जाईलाग्नु पर्दछ ।

च) भाग्नेलाई पिच्छा गर्नु पर्दछ ।

छ) सफलता जाईलाग्नेपन, पहलता र रफ्तारमा भर पर्दछ ।

हार्बोरिङ्ग

परिचय

हर्कतको दौरानमा सुरक्षा फौजले आराम गर्न वा बन्दोबस्ती कारवाही गर्न खडा गरिएको बेशलाई हार्बोर भनिन्छ । कुनै विशेष अपरेशन संचालन गर्ने उद्देश्यले पनि फौजले हार्बोर लिन सक्छ तर धेरै समय सम्म हार्बोर लिनु पर्ने भएमा त्यसलाई पक्का सुरक्षित बेशमा परिणत गर्नु पर्दछ ।

हार्बोर लिनुको उद्देश्य

क) आराम गर्नको लागि

ख) बन्दोवस्ती कर्वाहीको लागि

ग) दिनको हर्कत छुपाई राख्न र रातमा हर्कत गर्न

घ) यदि तार्गेर्टर् इलाका टाढा भई एक दिनमा पुग्न नसक्ने भएमा

ङ) कमाण्डरले आफ्नो योजना बनाउनको लागि

हार्बोरका विशेषताहरु

क) छुपाउ

ख) गाउँबस्तीबाट टाढा

ग) खाना बनाउन उपयुक्त जमिन

घ) सुरक्षित

ङ) राम्रो सिग्नल मिलाप हुने ठाउँ

च) पानीको नजिक

छ) सुकेको वा मर्केको रुख मुनि लिनु हुनु हुँदैन ।

हार्बोरका तहहरु

क) रेकी	-१० मिनेट)
ख) जग्गा लिनु	-१० मिनेट)
ग) क्लियरिङ्ग पट्रोल	-२० मिट)
घ) सेन्ट्री	-५ मिनेट)
ङ) नित्यकर्म	-४० मिनेट)
च) स्ट्याण्ड टु	.....

रेकी :

क) से.मु.पतिले प्वाइन्ट पत्तिपतिबाट कुन बेला रोकिने वा कुन ईलाकामा पुगेपछि हार्बोर लिनको लागि रोकिने हो भन्ने जि.आर. द्धारा बताईराखेको हुनु पर्दछ । पत्तिपतिले उक्त समय वा उक्त जि.आर.मा पुगेपछि स्काउट ग्रुपलाई अडाउँछ र से.मु.पतिलाई खबर दिन्छ ।

ख) से.मु.पतिले आफ्नो रनर, पत्तिका गार्डहरु सानो प्रोटेक्सन पार्टि साथमा रेकीको लागि जान्छ । धेरै समयको लागि हार्बोर लिनु छ भने पत्तिपतिहरु पनि रेकी पट्रोलमा जान सक्दछन् ।

ग) से.मु.पतिले राम्रो क्यामोफ्लाइज तथा कन्सिलमेन्ट भएकोर् इलाका सकेसम्म समथर तथा सुख्खा, पानी नजिक भएको, रेडियो कम्युनिकेसनको सुविधा भएको सबै भन्दा महत्वपूर्ण प्राकृतीक रुपले सुरक्षित वा त्यस पोजिसनबाट केही समयको लागि लडन सकिने जग्गा हारर्बोरिङ्गको लागि छान्नु पर्दछ ।

घ) रेकी पार्टिकीको लागि गएको बेला बाँकी से.मु.टु.आई.सी.को मातहतमा अलराउण्ड अब्जरभेसनमा बसेको हुन्छ ।

ङ) कुनै ईलाकामा हार्बोर लिने भन्ने निश्चित गरेपछि से.मु.पतिले से.मु.लिन गार्डहरु आउँछन् ।

च) गार्डहरुले से.मु.लाई हार्बोर इलाकामा लिएर पस्छन् । से.मु. हार्बोर इलाकामा पस्नु भन्दा पहिला आफु आएको पाईला मेट्नु पर्दछ । से.मु.पतिले हार्बोर इलाकालाई घडी सम्भि भाग लगाई राख्नु र से.मु.६ बजेको लाईनबाट हार्बोर ईलाकामा पस्छ ।

जग्गा लिनु :

क) से.मु. हार्बोर इलाकामा पस्दा से.मु.पतिले १२ बजे अथवा अगाडी मोहडा गरी बिचमा पोजिसन लिन्छ र पत्तिपतिलाई लिनु पर्ने आर्क देखाईदिन्छ ।

ख) पहिलो पत्तिले १० बजे देखि २ बजे सम्म, दोस्रोले २ बजेबाट ६ बजेसम्म र तेस्रोले ६ बजेबाट १० बजेसम्मको आर्कमा जग्गा लिन्छ । से.मु.हे.क्वा. बिचमा जग्गा लिन्छ ।

ग) सबै ग्रुप निलिङ्ग वा सिटिङ्ग पोजिशनमा चंक रहेको हुनु पर्दछ । आफ्नो पत्तिकोजिम्मेवारीको हद र से.मु.पतिको पोजिशन थाहा हुनु पर्दछ ।

घ) सबै ग्रुपहरुले दायाँ बायाँ नजरी मिलाप राखेको हुन्छ । यदि घना जंगल भएयो सम्भव नहुन पनि सक्छ ।

ङ) से.मु.पतिले सबै पत्तिपतिहरुलाई देख्न सक्ने हुनु पर्दछ ।

च) से.मु.पतिले कुनै पत्तिको स्काउट ग्रुपबाट आफ्नो हार्बोरको पेरिमिटर गन पोजिशनहरु आदि चेक गराउनु पर्दछ ।

छ) से.मु.पति आफ्नो हार्बोरसँग सन्तोष रहेपछि मात्र अर्कोतह शुरु हुन्छ ।

क्लियरिङ्ग पट्रोल :

क) हरेक पत्तिबाट पत्तिपति सहित १/१ को नप्रिm क्लियरिङ्ग पट्रोलको रुपमा बाहिर जान्छ । यो पट्रोल पठाउनुको उद्देश्य हार्बोर इलाकाको नजिक कुनै दुश्मनको हर्कत थाहा भईराखेको भए थाहा पाउन र हार्बोर इलाकाको वरिपरी जमिनको पुरै जानकारी हाँसिल गर्नु हो ।

ख) क्लियरिङ्ग पट्रोल आफ्नो पत्तिको एल.एम.जी.ग्रुपबाट बाहिर निस्कन्छ र घडीको उल्टारुप घुमी अर्कोपत्तिको एल.एम.जी.ग्रुपबाट पस्दछ । यदि एल.एम.जी.बायाँ भए घडीको सुल्टोरुपमा पनि घुम्न सक्दछ । यस प्रकार यसको जिम्मेवारीकोर् इलाका वरिपरि सबै जमिन हेर्न मौका पाउँछ र हार्बोर इलाकाको चारै तर्फक्लियर पनि हुन्छ

ग) यो क्लियरिङ्ग पट्रोल कति टाढा सम्म जाने भन्ने कुरा बनस्पत्तीको घनत्वमा निर्भर पर्दछ । धेरै घनाजंगलमा २५/३० मात्र भित्र जान सकिन्छ । रातको बेला यसको असर नगन्य हुन्छ ।

घ) पट्रोल भित्र आएपछि से.मु.पतिलाई प्रतिबेदन गर्दछ । से.मु.पतिले पट्रोलसँग वरिपरीको जमिनको हालत अलराउण्ड डिफेन्स, अल्टरनेट हार्बा ेर्रर् इलाका दबेको जमिनको बारेमा पर्ूण्ारुपमा जानकारी दिन्छ ।

ङ) हार्बोर इलाकाको नजिकै पानी भए सोको पनि पट्रोलले प्रतिबेदन गर्दछ । ताकि से.मु.टु.आई.सी.लाई बन्दोवस्तीको कार्वाही गर्न सजिलो होस् ।

च) क्लियरिङ्ग पट्रोल बाहिर जाँदा कम्पास लिई नेभिगेशन गर्दै जानु पर्दछ ताकि ऊ जंगलमा नहराओस् ।

सेन्ट्री :

क) सेनामुखलाई अर्लि वानिरंग दिन सेन्ट्री राख्न अति आवश्यक छ ।

ख) हरेक पत्तिबाट एकजना सेन्ट्रीलाई पेरिमिटर भित्र बाहिरको हर्कत सुन्न नसक्ने स्थानमा राखु पर्द्छ । सेन्ट्रीलाई लगेर उसको पोजिसनमा राख्ने काम पत्तिपतिले नै गर्छ र उसको साथमा टु.आइ.सी. पनि जान्छ । ताकि पछि सेन्ट्री बदल्न सजिलो पर्दछ । पत्तिपति वा टु.आई.सी. दुवैले सेन्ट्रीको पाजिसन देखेको हुन्छ । यिनीहरुले सेन्ट्रीदेखि एल.एम.जी. पोष्ट सम्म्ा मिलापको लागि डोरी टांग्ने । एल.एम.जी. मा पनि हरहमेशा एक सेन्ट्री भएको हुनर्ुपर्दछ ।

ग) मिलापको डोरीको प्रयोगबाट सेन्ट्रीले पर्ूब साबधानीको सूचना दिन सक्छ । जरुरत परेमा फायर गरी डोरीको साहाराले पेरीमिटर भित्र आउन सक्छ । तर सेन्ट्री फर्केर आउने बाटो निश्चित हुनुपर्दछ

। यो बाटो एल.एम.जी.को सिधा परेको हुनुहुदैन किनभने यसले एल.एम.जी.को लायन अफ फायरमा बाधा पुर्याउछ ।

घ) यदि सेन्ट्रीले बाटोमा होस्टाइल आउने सम्भावितर् इलाकाको रक्षार्थ भए सेन्ट्रीको अगाडी माइन लगाई दिनु पर्दछ ।

ङ) रातमा सेन्ट्रीलाई एल.एम.जी. पोष्टमा पठाउनु पर्दछ । रातमा एल.एम.जी. पोष्टमा डबल सेन्ट्री हुनु पर्दछ ।

च) पत्तितिहरुले आ-आफ्नो पोष्ट ठिक भईसकेको प्रतिबेदन से.मु. पतिलाई गरेपछि से.मु. पतिले अर्को तह सुरु गर्ने आदेश दिन्छ । से.मु. यस बेला मजबुत तरिकाले संगठित भएको हुन्छ ।

छ) सेन्ट्री राखेर आएपछि मात्र सबै जवानलाई ठूलो प्याक खोल्ने आदेश दिन्छ ।

नित्य कर्म :

क) से.मु. पतिले कामहरुलाई निम्न तहमा प्राथमिकता दिई गराउनु पर्दछ ।

१) पेरीमिटर भेन लगाउने र पेरीमिटरको चारैतर्फपत्तिबाट से.मु. तथा आफ्नो एल.एम.जी. गुरपसंग जाने बाटो सफागर्नु पर्छ । बाटो तयार भएपछि मात्र प्रयोग गर्नु पर्दछ ।

२) मिलापको लागि डोरी पत्तिको टोलीमा लगाउने ।

३) दिन र रातमा दिशा, पिसाव तथा फोहर फ्याक्न खाल्टो खन्नु पर्दछ । दिनको लागि दिशा पिसाबको स्थान एल.एम.जी पोष्टको सेन्ट्रीले देख्ने स्थानमा हुनुपर्दछ ।

४) से.मु.टु.आइ.टी. को कन्ट्रोलमा हरेक पत्तिबाट केही जवानहरु पानी लिन जान्छन् । तिनीहरुले पत्तिको सबै जवानको लागि पानी ल्याउछन् । यस बेला ख्याल राख्नुपर्ने कुरा यो छकि कुनैपनि बेला से.मु.को एक तिहाइ भन्दा बढी जवान पेरिमिटर भन्दा बाहिर हुनु हुन्न ।

५) हतियार सफा गर्दा एक पटकमा एक एल.एम.जी र एक राईफल भन्दा बढी हतियार नमोलियोस्

६) उपरोक्त कामहरु ग्ार्दा गर्दै खाना पकाउने काम पनि गर्दै जाने । एक ग्रुपको एक जना मनिसले खाना पकाउने काम गर्नु पर्दछ ।

७) सके सम्म सबै ग्रुपको सबैलाई काममा पार्नु हुदैन ।

८) पत्तिपतिहरुले सेन्ट्री रोष्टर तयार पर्दछन् । आफ्नो पतिको फयरको हद चेक गर्दछन् । कोहि बिरामी छकि भनेर हेर्नु पर्दछ र भए उपचार गर्नु पर्दछ ।

स्टाण्ड टु

क) स्टाण्ड-टु लगाउनु भन्दा पहिला नित्य कर्मका सबै कार्यहरु गरिसकेको हुनु पर्दछ । यस बेला से.मु. चनाखो रुपमा रहन्छ । स्टाण्ड-टु लगाउने निम्न कारणहरु छन् ।

१) यो हमलाको सबभन्दा संभाबित समय हो ।

२) यसले सेन्ट्रीलाई अध्यारोमा अभ्यास गर्ने मौका दिन्छ ।

३) यसले दिनका कार्यह?mलाई सफासँग सिध्याउने मौका तथा सूचना दिन्छ ।

ख) स्टाण्ड टु को समय परिर्बतन भई रहन्छ । किनभने यो मौसममा भर पर्ने कुरा हो तर साधारण तया यो अध्यारो हुनु भन्दा करिब १५ मिनेट पहिला देखि १५ मिनेट पछिसम्म लगाउन हुन्छ ।

ग) स्टाण्ड टु लागेपछि पेरिमिटर बाहिर बसेको सेन्ट्रीलाई पनि पतिले भित्र बोलाउछ र सेन्ट्रीपसि से.मु. पतिलाई प्रतिबेदन गर्दछ । यसपछि पेरीमिटर बाहिरको सबै हर्कतलाई होस्टाइलको हर्कत मानिनेछ भन्ने जनाउ से.मु.पतिले दिन्छ ।

घ) स्ट्याण्ड टु ले दिन देखि रातको नित्यकर्म शुरु भयो भने सुचना गर्दछ । तयारीको अन्तिम निरीक्षण गर्ने मौका पनि दिन्छ । यस बेला सम्म सबैले खाना खाईसकेको, हातहतियार सरसफाई भईसकेको, रातलाई नचाहिने सामान सबै प्याक भईसकेको हुनु पर्दछ र से.मु.ले फायरिङ्ग पोजिशनमा ब्याटल लगाई बसेको हुनु पर्दछ । यसबेला चुरोट पिउने, आगो बाल्ने र हल्ला गर्ने जस्ता कुराहरु गर्नु हुनु हुँदैन ।

ङ) फायर खोल्ने आदेश स्पष्टसँग दिएको हुनु पर्छ जस्तो कि यदि हर्कत गर्ने गृनेड फ्याकने रेञ्जमा भए पहिला च्यालेन्ज गर्ने कि गोली हान्ने पहिला नै निश्चित हुनु पर्छ ।

च) स्ट्याण्ड टु डाउनकोर् इसारा भए एल.एम.जी.मा बस्ने पहिलो सेन्ट्रीले आफ्नो पोजिसशन लिन्छ । सेन्ट्री बदल्ने तरिका यस प्रकारले मिलाई राखेको हुनु पर्छ कि हरेक घण्टा नयाँ सेन्ट्री आओस् । कुनै पनि सेन्ट्री २ घण्टा भन्दा बढी बस्न पालो नपरोस् भन्ने ख्याल राख्नु पर्छ । पहिलो सेन्ट्री मध्ये १ जनाले १ घण्टा मात्र पालो बस्दछ । जसलाई विहानी पख फेरी पालो राख्न सकिन्छ ।

छ) हरेक मानिसले आफूलाई पालो दिने मानिसलाई आफैले उठाउँनु पर्दछ । किनभने पति तथा टु.आई.सी.ले हरेक पटक सेन्ट्री बदल्ने कार्य निरीक्षण गर्न सक्दैन । यदि कम नप|mीको से.मु.छ भने पत्तिपति तथा टु.आई.सी.पनि आफै पालो बस्ने पस्थिती हुन्छ । यसकारण आफूलाई बदल्ने मानिस कहाँ सुतेको छ भन्ने कुरा सबैलाई थाहा हुनु पर्दछ । यो कुरा पति टु.आई.सी.ले पहिल्यै निधो गरेको हुनु पर्दछ ।

ज) विहानको स्ट्याण्ड टु मा क्लियरिङ्ग पट्रोल पठाउनु पर्दछ । स्ट्याण्ड टु डाउन गरेपछि नित्यकर्म गर्नु भन्दा पहिला सेन्ट्रीहरु राखेको हुनु पर्दछ ।

हार्बोरमा याद राख्नु पर्ने कुराहरु

क) हर्कत

ख) हतियार

ग) संकेत र अलरामको व्यवस्था

घ) आवाज, प्रकास र आगोको प्रयोग गर्दा

ङ) पानी पोइन्टको सुरक्षा

च) स्थानको चयन

हार्बोर छोड्दाको हर्कत :

१) बिभक खडा गरेका किल्ला र त्यका प्वाँलहरु पर्नु पर्छ ।

२) कुनै प्रकारका कागजपत्र र फोहरहरु फाल्नु हुँदैन ।

३) हर्कतको सबै चिजहरु मेटाउनु पर्छ ।

४) छाप्राहरु बनाएको भए त्यसलाई भत्काएर राम्ररी जमिनसँग मिलाई दिनु पर्छ ।

कुनै पनि यूनिटको हार्बोर लिन लाग्ने समय निम्न कुरामा भर पर्दछन् :

१) यूनिटको नफ्री

२) जमिनको प्रकार

३) आफ्नो र दुश्मनको परिस्थिती

४) तालिमको स्तर

बिद्रोह तथा प्रतिबिद्रोह

बिद्रोहको परिभाषाः-

मनखुसले वा डरत्रास, लोभ या जवरजस्तिले सम्मीलित या सहयोगीमात्र केहि वा धेरै जनताहरुको मद्धत या सहानुभूति प्राप्त त्यसखालको सशस्त्र कारवाहिलाई विद्रोह भनिन्छ । जुन उक्त देशको संबैधानिक सरकारको विरुद्धमा सञ्चालन गरिएको हुन्छ । शुरुको साधरण मानिसको मन र विचार वदल्ने प्रकृया देखि लिएर शक्तिशालि गुरिल्ला र्सघस सम्मको सबै क्रिया प्रतिक्रियाहरु विद्रोहकै क्षेत्रभित्र पर्दछ ।

विद्रोहीको बिशेषताः-

१) राजनैतिक मनोवैज्ञानिक क्षेत्र :-

क). विद्रोहीको यो विचार बिशिष्ट तथा निर्ण्ाायक महत्व छ ।

ख) विद्रोहको दंगाहरु जमिनि,शारीरिक आधारमा हुन र मनोवैज्ञानिक तत्वहरुवाट मानवियतथ्यहरु बढिहुन्छ ।

ग) यस किसिमको कार्यमा लोकप्रिय जनसहयोग, चंखो व्यवहार आदिवाट उत्प्रेरित भएर कु भावना फैलाउने कार्यमा संमिलित हुन्छ ।

घ). विद्रोहको शैनिक सफलता राजनैतिक तथा मनोवैज्ञानिक प्रभावले प्रेरित भएको हुन्छ ।

ङ). लगातार युद्धभन्दा विद्रोह दंगामा सिभिल जनताहरुले महत्वपर्ूण्ा भूमिका खेलेको हुन्छ ।

२) नेतृत्व तथार् इन्टेलिजेन्स :-

क). नेतृत्व व्यक्ति असल हुनु पर्दछ तर नोकरसाही हुनु हुदैन ।

ख). अनियमित फैाजमा अधिकृत तथा अन्य व्यक्तिहरुको विचमा फरक कम हुनु ।

ग). कोहिनेताहरु पेशागत सैनिक हुन्छ ।

घ) राजनैतिक र सैन्य नेतृत्वको कार्यक्रम सबै तहमा मिसिएको हुन्छ ।

ङ) ईन्टेलिजेन्स प्रतिविद्रोह भनदा कम पेशागत हुन्छ तर कम असरदार भन्न सकिन्न ।

३) संगठन सञ्चार र सैन्य भर्ना :-

क). संगठनको वनावट कम फैलिएको हुन्छ ।

ख). व्यक्तिगत यूनिट र फिल्ड कमाण्डरलाई वढि अधिकार हुन्छ ।

ग). सञ्चार पद्धती नियमित फौजको दाँजोमा कम प्रधावशालि प्रबृधीको हुन्छ ।

घ). सैन्य भर्ति जवरजस्तिमा भन्दा स्वयंसेवकमा बढी आधारित हुन्छ ।

४) इक्युपमेन्ट तथा बन्दोवस्तिः-

क) इक्युपमेन्टहरु प्रतिविद्रोह भन्दा कम प्रभावशालि हुन्छ ।

ख) नियमित फैाजको भन्दा यिनको इक्युपमेन्ट हलुका हुन्छ ।

ग). इक्युपमेन्टको अभाव र गोलिगठ्ठाहरु कम हुन्छ ।

घ). विद्रोहि गतिविधिहरु अकसर गरेर बाहिरि देशको सप्लाई श्रोतमा आधारित हुन्छ ।

५)तालिम :-

क). लर्डाई अगाडीको तालीमहरु कन्भेन्सनल स्तरभन्दा कम हुन्छ ।

ख). विद्रोहि तालीम कन्भेन्सनल सैनिक तालीम भन्दा राजनैतिक प्रभावमा ठूलो भर परेको हुन्छ

६) अनुशासन र हौसला :-

क) विद्रोहिको अखडाहरुमा कन्भेन्सनल फैजको जस्तै बढी नियमित हुदैन ।

ख). अनुशासन मोरालमा भर पर्दछ । साधरणतय उत्तरदायित्व भन्दा त्याग र गहिरो मित्रता भएमा मात्र कार्य गर्न सम्भव हुन्छ ।

ग). विद्रोहिको अनुशासन नियमितबद्ध, लचकदार र गतिशिल हुन्छ ।

७) युद्धकला र लडाई :-

क). साधरण फौजी अपनाउने भन्दा यिनिहरुको युद्धकला गोपनियता, धुरर्त्याई, छुपाउ र अचानक हमला गर्ने हुन्छ

ख). विद्रोहिले लगाव राख्ने भन्दा लगाव तोड्ने वढी हुन्छ ।

ग). पतिहरु अति गतिशिल हुन्छ ।

विद्रोहि सफलपार्न चाहिने कुराहरु :-

हामिले विद्रोही लर्डाईको अध्ययन गर्ने हो भने शुरुशुरुमा अति कमजोर हुन्छ यहाँसम्म हुन्छ कि जिउँदो रहनको लागि पनि ठूलो समस्या परेको हुन्छ । कुनैपनि विद्रोहलाई सफल पार्न निम्नकुराहरु आवश्यक छ ।

क) कारण ।

ख) प्रतिविद्रोहको कमजोरी ।

ग) लोकस्रि्रय जनसहयोग ।

घ). सुहाउँदो जमिनि अवस्था ।

ङ). बिदेशि सहयोग ।

प्रतिबिद्रोह.

परिभाषाः-

विद्रोह र त्यसका सबै किसिमका सहयोगी तत्वहरुलाई विफल तुल्याउन सरकारवाट सञ्चालन गरिने सबै किसिमको सैनिक, अर्धसैनिक, राजनैतिक, आर्थिक, मनोवैज्ञानिक र सामाजिक सबै किसिमका कारवाहिलाई प्रतिविद्रोह भनिन्छ ।

प्रतिविद्रोहको लडाइको ढाँचा :-

क) सफा राजनैतिक उद्देश्य ।
ख) पूर्ण योजना ।
ग) उपयुक्त राजनैतिक वातावरणको स्थापना ।
घ) ईन्टेलिजेन्स ।
ङ) मनोवैज्ञानिक कारवाहि ।
च) कानूनि स्थिरता ।
छ) तालिम ।

विद्रोह संग लड्न असरदार कुराहरुः-

क) सफा स्पष्ट राजनैतिक उद्देश्य ।
ख) पूर्ण योजना ।
ग) उपयुक्त राजनैतिक वातावरणको सुजना ।
घ) एकरुप कमाण्ड, संयुक्त प्रयास ।
ङ) ईन्टेलिजेन्स मनोवैज्ञानिक कारवाहि ।
च) सरकारी शक्तिको कानूनि स्थिरता ।
छ) सुरक्षाफौजलाई तालीमको व्यवस्था ।

गुरिल्ला वारफेयर

"MEMEMBER OF A SMALL INDEPENDENTLY ACTING GROUP (ESP. POLITICAL) TAKING PART IN IRREGULAR FIGHTING" DICTIONARY
"EN ADVANCE WE RETREAT, EN HALTS WE HARASS, EN TIRED WE ATTACK, EN RETREAT WE PURSUE"-
MAO
"GIRIELLA WAR IS A KIND OF WAR WAGED BY THE FEW BUT DEPENDENT UPON THE SUPPORT OF THE MANY ".
B.H. LIDDLE HART

- बिद्रोहीको मुख्य साधन
- हलुका हतियारले सु सज्जित, बढी गतिशिल
- कार्वाही क्षेत्रको राम्रो संग चिनारी-लड्न र अदृष्य हुन)
- राम्ररी संगठित भएर मात्र खुला कार्वाहीमा आउने ।
- बन्दोवस्तीमा गाउमा भर पर्ने

सफल गुरिल्ला कार्वाहीको लागि चाहिने कुराहरु

क) झुक्याउने र गोप्यता

- महत्वपूर्ण सिद्धान्त
- लुक्न र स्वतन्त्र हर्कत गर्न ठुलो कार्वाही इलाका
- कार्वाही रातमा (गोप्यताको लागि)
- सुरक्षा टोलीको कमजोर स्थान र समयमा शक्ति एकत्रित गरी हमला

ख) मोविलिटी

- सरप्राईजको लागि गुरिल्ला स्थिर हुदैन्न
- आधुनिक सेनासंग जोगिने मुल मन्त्र
- साना हतियार हलुका इक्विपमेण्मा बढी जोड

ग) लोकप्रिय जन सहयोग

"गुरिल्लाहरु बिउ हो भने जनता माटो हो ।"

- जनताबाट प्राप्त गर्ने सहायताहरु
- प्राविधिक तथा अन्य
- खाना
- वासस्थान
- लुक्ने ठाउहरु
- लत्ताकपडा
- समाचार खवर

गुरिल्ला अप्रेरशनको लागि सुहाऊंदो अवस्थाहरु

क) **इलाकाको परिचयः-** आफ्नै ईलाका वा आफ्नो टोलीले काम गर्ने इलाका फाईदाहरु

- आफ्नो कार्वाहीको क्षेत्रबारे बिस्तृत ज्ञान
- स्थानिय जनतासंगको निजी सर्म्पर्कको कारण खवर र बन्दोवस्ती सम्बन्धि समस्यामा सहयोग

ख) कार्वाहीको गहिर्राई

- गुरिल्ला सानो संख्यामा ठुलोर् इलाकामा बिभाजित
- बिभिन्न समुदाय, संस्था, संगठन आदिमा बिभाजित

ग) **उपयुक्त जमिन**

- आधारभुत चालन शक्ति पैदल
- पहाड, जंगल, धापिलो जंगल उपयुक्त
- सुरक्षा फौजलाई यस्तो इलाका अनुपयुक्त

घ) राम्रो समाचार प्रणाली

- गाउ टोल संघ संस्थाहरुमा घुसपैठ
- निजामति, प्रहरी, सैनिक संगठनहरुमा घुसपैठ

ङ) राम्रो संचारको साधन

- अत्याधुनिक संचार उपकरणको कमि
- इम्प्रोभाईज प्रणालीको बिकास
- यात्री, कामदार, बच्चा, गोठालो, डर्ाईभर आदिको प्रयोग गरी खवर दिने व्यक्तिहरुको श्रृखला तयार
- श्रृखलामा रहेको व्यक्तिलाई समाचार पणाली बारे अनभिज्ञता

गुरिल्ला फौजको सिमितीकरण

क) एकत्रित हुन नसक्ने

- ठुलो ईलाकाको कार्वाही संचालनले गर्दा तुरुन्त एकत्रित हुन गार्हो

ख) साधनको कमि

- लुटेको र विदेशबाट लुकाई ल्याएको हतियार सामानमा भर पर्नु पर्ने
- तुरुन्त रि सप्लाईको कारण नोक्सानीले ठूलो क्षति
- लामो सिमाको कारण छिमेकी देशको गुरिल्लाको सहयोगले ठुलो सहयोग

ग) विश्वास घात

- संगठनको व्यक्तिबाट विश्वासघातको डर
- लामो अवधिको द्रुसपूर्ण जीवन
- सरकारी प्रलोभनको डर

घ) तालिम र अनुशासनको कमि

- वास्तविक रुपमा निजामति नै (सिभिल)
- तालिमबाट प्राप्त सैनिक ज्ञान र अनुशासनको कमि
- त्यसैले शुरुको तहमा गुरिल्ला युद्धको उपयोगिता सिमित
- लामो समयपछि उक्त कमजोरी हट्न सक्छ

ङ) मनोबैज्ञानिक युद्धबाट भय

- गुरिल्ला र सरकारी तर्फाट हुने मनोबज्ञानिक कार्वाहीबाट प्रभावित हुने
- कार्वाहीको उदेश्यलाई असर पार्ने

च) हतियार र अन्य सामानको कमि

- हलुका इन्फ्यान्ट्रि हतियारको प्रयोग
- बढिमा ८१ मि.मि.वा २" मोर्टारम्मको प्रयोग
- बढि मात्रामा एक्स्प्लोसिभमा निर्भर
- इम्प्रोभाज्ड एक्स्प्लोसिभ र हतियारका साथै अन्य बन्दोवस्तीको सामानहरुमा निर्भर

गुरिल्ला ट्याक्टिस

- ब्रिरोहको विकसित अर्थात अन्तिम लक्ष जसमा सेना सरहको शक्ति हुने
- यस भन्दा अगाडी अब्जेक्टिभ कब्जा गरी आफ्नो अधिनमा राख्ने निर्ण्रात्मक लर्डाई लड्न अर्समर्थ

- त्यसैले सुरक्षा फौजलाई थकाउने र हैरान पार्ने ट्याक्टिसको प्रयोग
- कार्वाही अगाडि शत्रुपक्षको नप्रिm लोकेशन, हर्कत, आनीवानी, इलाका खासगरी बाटो घाटोको

बिस्तृत खवर संकलन

- एकान्तमा रहेको टुकडी र कन्भ्वाई वा अन्य हर्कतमा आक्रमण सानो टोलीको प्रयोग
- कार्वाही पछि सुरक्षितसाथ पछि जाने -भाग्ने बारे बिस्तृत योजना)

ट्याक्टिस

क) एम्बुश

- सबै भन्दा बढि प्रयोग गर्ने र प्रभावकारी हुने

उदेश्य

- शत्रुलाई मार्ने घाईते बनाउने
- हातहतियार गोली गटठा इक्युपमेण्ट जम्मा गर्ने
- सुरक्षा सेनाको हौसला गिराउन
- प्रोपोगाण्डा फैलाउन
- गाउलेलाई दोस नआओस भन्ने हेतुले एम्बुस इलाका गाउबाट टाढा छान्छन् ।
- समर्थन नगर्ने गाउलेलाई दोष लगाई सताईयोस भनेर जानाजान सो गाउको नजिक पनि एम्बुस इलाका छान्छन्

ख) रेड

 सरप्राईजको ठुलो भुमिका

 स्थिर टार्गेटमा गरिन्छ भने मुख्य उदेश्य वर्वाद पार्ने र सामान हतियार लुट्ने ब्रिरोहिहरुको ग्रपहरु

- शत्रुको सुरक्षालाई नास पार्ने तोकिएको फौज
- मुख्य कार्य सिद्धिको निम्ति खटिएको फौज
- पछि हट्दा बचाउ गर्नको निम्ति तोकिएको फौज

ग) तर्समउने दाऊ

- सानो सुरक्षा टोलीको क्याम्प वा हर्कत गरी रहेको कोलममा फायर गरेर
- राम्रो फायर डिसिप्लेन नभएको फौजको ब्यक्ति तथा एम्युनिशनको नोक्सान
- सुरक्षा टोलीको हर्कतमा ढिलाई हुन्छ
- स्थानिय जनतामा गुरिल्लाको धाक बढ्ने

ङ) आतंक

 कमजोर ब्रिरोहीले अस्तित्वको निमित्त छलकपट र गोपनियतामा निर्भर रही गरिने कारवाही

च) सुरक्षा

- आफ्नो सुरक्षको कडा विचार गर्छन्
- गुरिल्ला लोकेशन आवश्यक व्यक्तिलाई मात्र थाहदिन्छन्

- आफ्नो क्याम्पलाई तुरुन्त सर्नि सक्ने हालतमा र।ख्दछन्

छ) घेराबाट बचाउ

- घेराउको ठुलो डर
- गुरिल्लाको मुख्य प्रणालीमा घेरा बारे समयमा खवर हुने र भाग्न काफी समय हुने
- भाग्ने बिस्तृत योजना र रिहर्सल समेत गरेको हुने
- एक भन्दा बढी बाटो प्रयोग गरी भाग्ने

घेरामा परेपछि गुरिल्ला नेताले प्रयोग गर्ने उपायहरु

- घेरा तोडि भाग्न सक्ने ठाउबाट छिटो योजना बनाई सबै भाग्ने
- सानो सानो युनिटमा बिभाजन गरी भाग्ने जसमा जरुरी सामान साथै लान सक्छन्
- युनिट पुरैलाई घेरा तोडि ब्यक्तिगतरुपमा आफ्नो बन्दोवस्तीमा उम्कन आदेश दिन सक्छ तर यसबाट उसको सामान कागज पत्र शत्रुको हातमा पर्न सक्छ ।

गुरिल्लाले कारवाही गर्ने अखडाहरु

लोक प्रिय अखडा

- जनता संगै अदृष्य भई मिल्ने
- जनता बाटै राशनपानी र बसोबास प्राप्त गर्ने
- हातहतियार गांउ बस्ती वा नजिकको जंगलम लुकाउने

स्थायी अखडा (स्थायी सिबिर)

- बिद्रोहीको बिस्तारको क्रमको एक अंग
- छानिदा छुपाउमा बढी जोडका साथै डिफेन्सको ट्याक्टिसमा जोड
- राशन पानी आदीमा अस्थाई सिबिर असर
- सिबिर आउने बाटोहरुमा नलडि भाग्न बचाउनको निमित्त आउट पोष्ट
- तर आफ्नो अधिनमा राख्र बिकसित सिविर बाट गुरिल्लाले लड्न पनि सक्दछ ।
- एक ठांउबाट अर्को ठांउमा सरिन्छ ।
- पुग्न गार्हो र दुर्गम स्थानहरुमा खडा गरिन्छ ।
- पहाडमा आवत जावत नभएको ओडार जंगलले ढाकेको रिईन्ट्रेन्ट
- राशन पानी र अन्य सामानको उपलब्धता र गांउको फैसलाले शिविरको स्थानमा असर
- डिफेनसको हिसावले मजबुत ठांउ छान्न पट्टि लाग्दैन

अस्थायी अखडा (अस्थायी सिबिर)

- गुरिल्लाको हरेक हर्कत र कारवाहीमा निगरानी राखी आनी बानी अनुरुप कारवाही संचालन गरेमा सफलता प्राप्त हुन्छ यसको लागि राम्रो तालिम र अभ्यासको आवश्यकता पर्दछ ।
- रिल्लाको ट्याक्टिस हरेक ठांउ, देश र वातावरण अनुसार फरक फरक हुन्छ ।

निजामती प्रशासनलाई मद्धत

परिचय

विभिन्न किसिमको कामको लागि निजामती प्रशासनले सेनाको मद्दत माग्दा सुरक्षा फौजबाट गरिने मद्दतलाई Aid To Civil Power भनिन्छ । साधारणतया निजामती प्रशासनले सुरक्षा फौजबाट निम्न कार्यको लागि मद्दत माग्न सक्छ ।

क) शान्ति सूरक्षा कायम रख्न ।

ख) दैविक प्रकोपमा मद्धत राख्न ।

ग) हडताल र सत्याग्रहको समयमा दैनिक उपभोगको सेवा चालू राख्न ।

घ) विकासको काम र अन्य काममा मद्धत गर्न ।

Internal Security Duty

आन्तरिक सूरक्षा ड्यूटीमा गरिने काम

क) अबैद्य हूललाई नियन्त्रण र तितर वितर गर्नू ।

ख) पट्रोलिङ्ग र एम्बूस गर्नु ।

ग) पिकेट र रोड ब्लक लगाउने ।

घ) घेरा लगाउने ।

ङ) खान तलासी गर्ने ।

च) ससानो रेड गर्ने ।

अबैध हुललाई नियन्त्रण र तितर वितर गर्नू

क) आवश्यक शक्तिको सिद्धान्त

- सुरक्षा फौजले गरेको हरेक काममा सत्यता हूनुपर्दछ ।
- एक ठाउंमा गरिएको कारवाहीको असरले अर्को ठाउंमा नराम्रो असर नहोस् ।
- बदलाको भावना हूनू हूदैन ।
- कार्वाहीको उदेश्य दण्ड सजाय दिनू नभई रोकथाम गर्ने हूनू पर्दछ ।

ख) कम शक्तिको सिद्धान्त

ग) निष्पक्षताको सिद्धान्त

घ) इमान्दारीको सिद्धान्त

ङ) हुलमाथि नरिसाउने, हुललाई सम्बोधन गर्दा होस्टाईल नभन्ने, देशको कानून नतोडने ।

सुरक्षा फौजले अबैध हूल उपर कार्वाही गर्नू भन्दा अघिको काम :

प्रहरी अधिकृत तथा प्रशासनको मुख्य अधिकृतले परिस्थिती नियन्त्रण गर्न के के कारबाही गरि सकेको छ त्यसको जानकारी स्थानिय प्रशासकीय अधिकारी वा जनपद प्रहरी अधिकृतले निजामती शक्ति वा प्रहरीबाट अवस्था सम्हाल्न नसकिने भयो सशस्त्र सुरक्षा फौजले कारबाही गर्नुहोस भनि अनुरोध दस्तखत पत्र

हूल उपर कार्वाही गर्दा ध्यान दिनू पर्ने कूराहरु

क) उदेश्य बदमासलाई मार्ने नभई घाइते पार्ने हूनू पर्दछ । अतः फायर कम्मर मूनी ताकेर गर्नू पर्दछ ।

ख) हतियार सिक्लाई मूताविक प्रयोग गर्नू पर्दछ ।

ग) कुनैपनि हालतमा अन्धाधुन्दा ताकी ताकी फयार गर्नू हूंदैन ।

घ) कूनै हालतमा पनि ५ राउण्ड मात्र लोड नगर्नू ।

ङ) फायर नियन्त्रण ज्यादै उच्च दर्जाको हूनू पर्दछ ।

च) सकेसम्म कम शक्तिको प्रयोग गर्ने अर्थात आवश्यकता विना स्वचालित हतियार प्रयोग नगर्ने

छ) हूल तितर बितर हूने लक्षण देखेपछि फायर बन्द गर्नू पर्छ ।

ज) फायर असरदार हूनू पर्छ ।

झ) सकेसम्म हूल र सुरक्षा फौज बिच हात हालाहाल हूने अवस्था आउन नदिने ।

ञ) कार्वाहीमा घाईते भएको ब्यक्तिको उपचार तूरुन्त गर्नू पर्दछ ।

ट) हरेक घटना घटेको समय आफ्नो डायरीमा लेख्नू पर्छ ।

ठ) साथमा रहेको क्यामराले तस्वीर खिचि रहनू पर्छ ।

ड) फायर खोल्नू अघि हूल सेनाको बिच हात हालाहाल हून नदिन करिब ५० गजसम्मको दूरीमा तार र त्यसभन्दा अगाडी सेतो टेप बिछ्याउनू पर्छ ।

फायर खोल्न परेमा कावाहीको तरिका :

क) जनाउ

ख) प्रहरीको कार्वाही

ग) फायरिङ्ग

गोली चलिसकेपछि कार्वाही :

- तितर बितर भएको हूललाई प्रहरीले कार्वाही गरि इलाका साफ गर्दछ
- घाईते जम्मा गर्ने, नाम र ठेगाना आफ्नो डायरीमा भर्ने र फष्ट एड गरी अस्पताल पठाउने ।
- फायर भएको खोका जम्मा गरी त्यसको संख्या डायरीमा भर्ने ।
- चाहिएमा मूख्य मूख्य साक्षीहरु राख्ने ।
- पक्राउ परेका मानिसहरुलाई प्रहरी वा प्रशासनलाई बूझाउने र भरपाई लिने ।

फौजी कार्वाही पछिको प्रतिवेदन :

क) प्रशासनका अधिकारीले सुरक्षा फौजको कमाण्डरसंग मद्धतको लागि अनूरोध गरेको समय

ख) हूलको हालत / अवस्था

ग) गोली चलेको समय

घ) फायर गरेको राउण्ड संख्या र प्राप्त खोका

ङ) घाईतेहरु

शान्तिको समयमा गरिने कार्वाही:

क) लियोजन ख) रेकी ग) योजना

घ) तालिम

१) गैर कानूनी तितर वितर पार्ने तरिका

२) घेरा हाल्ने तलासी गर्ने र पक्राउ गर्ने काममा प्रहरीलाई सहयोग दिने तरिका र स्ट्रिट फाईटिङ्गको तरिका

३) पैदल र गाडीमा गरिने पट्रोलिङ्ग,

४) गाडीमा एम्बुसिङ्ग र डिवसिङ्ग

५) सम्बन्धित ईलाकाको मूख्य मूख्य स्थान बारे सबैलाई नक्सा तथा मोडलहरुमा देखाई परिचय गराउने ।

बन्दोवस्त सम्बन्धि काम:

क) एडम गूरपको बांडफांड

ख) ट्रान्सपोर्टको बन्दोवस्त

ग) राशन र पछि बजारमा खरिद गर्नू परेमा सो को प्रबन्ध

घ) आवश्यक गोली गठ्ठाहरु

ङ) औषधी तथा फष्ट एड तथा स्टेचरको प्रबन्ध

च) आवश्यक पर्ने नक्शाहरु

छ) पानीको बन्दोवस्त

ज) सिग्नलका सामानहरु

झ) आवश्यक मसलन्द

रोड ओपनिङ तथा कन्भेय प्रोटेक्सन

परिचय

रोड ओपनिङ तथा कन्भेय प्रोटेक्सन भन्नाले खासगरि कुनै पनि फौजी कारवाहि तथा अप्रेशनल मुभमेन्टको समयमा विद्रोहीहरुबाट फौजको हर्कतको समयमा आईपर्न सक्ने सुरक्षा खतराबाट फौजको हर्कतलाई सुरक्षीत राख्न गरिने अर्को सुरक्षात्मक कारबाहि हो ।फौजको हर्कतका दौरान विद्रोहीहरुले हर्कत गर्ने बाटोमा एम्बुश तथा आई.ई.डि. प्रयोग गरि खतरा पुराउन सक्ने सभावनालाई मध्यनजर गरि यस कारबाहि अन्तर्गत फौज हर्कत गर्ने बाटोलाई क्लियर गर्ने र पिकेट मार्फत सुरक्षा प्रदान गर्ने गरिन्छ ।

विद्रोहिका तार्गेटहरु :

- बन्दोबस्ति कन्भेय

- भि.आई.पि.आवागमन
- फौजका मुख्य कमाण्डरहरु
- निजामति प्रशासनका बरिष्ठ पदाधिकारीहरु
- अप्रेशनका लागि हर्कत गर्ने फौज
- मोवाईल पट्रोल
- रेस्क्यू तथा मद्धति फौज

विद्रोहिले आई.ई.डि. राख्न सक्ने स्थानहरुपुल तथा कल्भर्ट :

- बाटोका साईड किनाराहरु
- चोक तथा जङसनहरु
- बाटोको साईडमा रहेका खालि घर तथा टहराहरु
- बाटो किनारका झाडि बुट्यानहरु
- आलो माटो
- घुम्ति तथा मोडहरु
- खाडल, खोल्सा तथा नालाहरु

रोड ओपनिङ गर्ने तरिका

- एम्वुश हुन सक्ने स्थानहरुमा ध्यान पुराउने ।
- चारैतिर राम्रो संग देखभाल र सर्च गर्ने ।
- सर्च गरिसकेपछि पिकेट खडा गरि सुरक्षा प्रदान गर्ने ।
- कन्भेले आफ्नो जिम्मेवारी ईलाका पार गरिसकेपछि मात्र फिर्ता हुने ।
- आई.ई.डि. राख्न सक्ने स्थानहरुमा चनाखो भएर अब्जरभेसन गर्ने ।

रोड ओपनिङ एण्ड कन्भे प्रोटेक्सनको बनावट तथा नफ्री निर्भर रहने कुराहरु

- बाटोको लम्बाई
- विद्रोहिको प्रभाव र गतिविधि
- विद्रोहिले आई.ई.डि., माईन तथा बुबि ट्रयाप्स प्रयोग गर्न सक्ने संभावना
- जमिनि प्रकार र अवस्था
- विद्रोहीको जनशक्ति र क्षमता

कन्भेयका प्रकारहरु :

- **साधारण कन्भेय**
  - ✓ वन्दोवस्ति कन्भेय
  - ✓ मोवाईल पट्रोल
- **विशिष्ट कन्भेय :**
  - ✓ फौजका विशिष्ट कमाण्डरहरुको आवागमन

- ✓ भि.आई.पि.
- ✓ निजामति प्रशासनका विशिष्ट पदाधिकारिहरु
- ✓ अन्य विशिष्ट व्यक्तिहरु

कन्भेय प्रोटेक्सन गर्ने तरिका :

- गाडिलाई स्याण्ड व्याग, काठका फल्याक आदिको प्रयोग गरि वुलेट प्रुफ वनाउने ।
- ट्रुप्सले वुलेट प्रुफ ज्याकेट प्रयोग गर्ने ।
- गाडिभित्र सजिलो र दुरुस्त फायरिङ पोजिसन निर्माण गर्ने ।
- अगाडि र पछाडिको सुरक्षालाई मध्यनजर गरि LMG माउण्ट गर्ने।
- ट्रुप्स गाडिमा बस्दा दाँहिना बाँया र पछाडिको देखभाल गर्न मिल्ने गरि बस्ने ।
- फौज चनाखो र एलर्ट हुनुपर्छ ।
- फौज विद्रोहिको फायर आएमा तुरुन्त जवाफि फायर खोल्न सक्ने हालतमा रहनुपर्छ ।
- Field Engineers Party अगाडिको गाडीमा म्भतभअतष्यल Detection Machine का साथ तैनाथ गर्नुपर्दछ ।

कन्भेय कमाण्डरको कर्तव्य :

- सवै गाडिहरु दुरुस्त भए नभएको जाँच गरि दुरुस्त गर्न लगाउने।
- मेडिकल व्यवस्थापन मिलाउने ।
- कमाण्डरको आदेश विना कुनैपनि गाडीलाई आफुखुशि ःयखभ हुन र लगाव छोड्न नदिने ।
- कन्भेय सुरक्षाका लागि आवश्यक हात-हतियार, गोलिगठ्ठाको प्रवन्ध र ग्रुपको बाँडफाड तथा जिम्मेवारी बाँडफाड गर्ने ।आवश्यक तयारी समयमै गर्ने ।
- कन्भेय कमाण्डरको आदेश सवै फौजलाई कडा पालना गर्न लगाउने ।

एस्कर्ट कमाण्डरको कर्तव्य :

- कन्भेय मुभ र हल्ट हुदाँ सुरक्षा प्रदान गर्ने ।
- एम्बुश संभावित ईलाकाहरुको वारेमा जानकारी राख्ने र आवश्यक सचेतता अपनाउने ।
- एस्कर्ट पार्टीलाई विस्तृत ब्रिफिङ गर्ने ।
- हल्ट हुदाँ उपयुक्त स्थानको छनौट गर्ने ।

कन्भेय प्रोटेक्सनको तयारी :

- बाटोको अवस्थाको बारेमा जानकारी लिने ।
- रोड ओपनिङ टिमबाट बाटो पूर्ण सुरक्षित रहेरनरहेको एकिन गर्ने ।
- गन्तव्य सम्मको दुरी र लाग्ने समय लेखाजोखा गर्ने ।
- संभावित एम्बुश ईलाका, क्ष्भ्म्क् राख्न सक्ने ईलाका एकिन गरि म्याप मार्कीङ गर्ने ।
- सुरक्षा फौजको कँहा कँहा उपस्थिति छ जानकारी लिने।
- प्रष्ट र विस्तृत योजना तयार गर्ने ।

कन्भेय मुभ हुदाँको समयमा गर्नुपर्ने कारवाहि :

- विद्रोही संग एन्काउन्टर गर्नुपर्ने अवस्थामा मद्धतको व्यवस्था
- घुम्तिहरुमा दुईवटा गाडि एकैसाथ मुभ गर्नु हुदैन।
- अगाडीको गाडिले अरु गाडीहरु संग मिलाप छुट्नेगरि अगाडि बढ्नुहुदैन ।पछाडिको गाडिले पनि अरु गाडिहरु संग मिलाप तोड्नुहुदैन ।

हल्टमा गरिने कारवाहि :

- एम्बुश संभावित ईलाकामा हल्ट नहुने ।
- अलराउण्ड डिफेन्स सुनिश्चित गर्ने ।
- समथर जमिनमा हल्ट हुने ।दाँया र बाँयाको साईडमा अग्लो स्थान छ भने त्यस्तो स्थानमा हल्ट नहुने ।
- हल्ट भएको स्थानको चारैतर्फ फायर कभर सुनिश्चित गर्ने ।
- हल्ट भएको समयमा गाडीको अवस्था चेकजाँच गर्ने ।

एम्बुशमा परेमा कारवाहि :

- तुरुन्त आक्रमक जवाफी फायर खोल्ने ।
- गाडि चालकले गाडिहरुलाई सुरक्षीत ईलाकातर्फ लैजाने ।
- विद्रोहि तर्फ अधिकतम र कन्सन्ट्रेट फायर खोल्ने ।
- फौज पूर्नसंगठीत नहुदा सम्म एम्बुश ईलाकालाई आफ्नो अधिनमा राख्ने ।
- हात-हतियार, गोलिगठ्ठा र डकुमेन्ट सुरक्षीत गर्ने, विद्रोहिको कव्जामा जान नदिने ।
- घाईतेको प्राथमिक उपचारको व्वस्था मिलाउने ।
- क्षति पेगेका गाडीहरु नजिको सुरक्षा यूनिटमा पुराउने ।
- मजकुर र नजिकका सुरक्षा यूनिटहरुलाई जानकारी प्रदान गर्ने ।

निष्कर्ष :

गाडिमा सवार फौज विद्रोहिको एम्बुशमा पर्न सक्ने बढि संभावना हुनेहुदाँ एस्कर्ट टोलिले कन्भेयको सुरक्षा प्रदान गर्नुपर्दछ।एम्बुश परिहालेमा फौजले गुडीरहेको गाडीबाट ईफेक्टिभ जवाफि फायर गरि आक्रमक कारवाहिबाट एम्बुशलाई परास्त गर्नुपर्दछ।

पट्रोल (Patrol)

खास गरेर कन्भेसनल अप्रेशनमा खबर प्राप्त गर्न वा ब्रिराहीलाई आफ्नो खबर प्राप्त गर्नबाट रोक्न पट्रोल गरिन्छ । तर काउन्टर्र ईन्सरजेन्सी अवस्थामा पट्रोल ब्रिरोही संग लड्ने आधारभूत माध्यम हो । खबर प्राप्त गर्न, ब्रिरोहीहरुलाई पक्रन वा बर्बाद गर्न र स्थानिय जनताहरुको सहानुभुति प्राप्त गर्नको लागि पट्रोलीङ्ग गरिन्छ । पट्रोललाई फौजका जवानको एसिड टेस्टको रुपमा लिईन्छ ।

प्रति ब्रि्रोह कारबाहीमा ब्यस्त सुरक्षा फौजलाई बिस्तृत पट्रोलीङ्ग गर्ने बिभिन्न कारणहरु पर्न सक्छ । ती मध्ये केही निम्न छन् :

क) ठुलो जिम्मेवारी क्षेत्रमा आफ्नो प्रभाव राख्नको लागि लगातार पट्रोलीङ्गको आवश्यकता पर्दछ ।

ख) ब्रि्रोहीसंग लगाव राख्न र खबरहरु प्राप्त गर्न बिकट जमीन र खराब मौसममा पनि लगातार प्रभावशाली पट्रोलको आवश्यकता पर्दछ ।

ग) कुनैपनि ट्याक्टीस अप्रेशनहरु संचालन गर्न ँच्ख् सम्म पट्रोलको रुपमा गईन्छ ।

घ) जति धेरै पट्रोलिङ्ग गर्यो उती नै ब्रि्रोही संग जुध्न सफलताको लागि आवश्यक छ ।

पट्रोलीङ्ग सफलताका पूर्वाधारहरु :

काउन्टर्र ईन्सरजेन्सीको अवस्थामा सफलतापूर्वक पट्रोलीङ्ग गर्नको निम्ति निम्न आवश्यताहरुको जरुरी पर्दछ

क) तल्लो तहको कमाण्डरमा उच्च स्तरको नेतृत्व हुनर्ुपर्दछ ।

ख) उच्च स्तरको शारीरिक तन्दुरुस्ती

ग) जमीन र जनताको बारेमा राम्रो ज्ञान भएको हुनु पर्दछ ।

घ) स्थानिय जनता हरुसंग सही र नम्र ब्यबहार गर्नु पर्दछ ।

ङ) बिस्तृत र लगातार ब्रिफिङ्ग र पट्रोल जाने प्रत्येक ब्यक्तिहरुलाई पक्का गर्नलाई आफ्नो काम कारबाही सम्बन्धि बिषयमा छड्के जाँच लगातार गर्नु पर्दछ ।

च) दिन र रातमा क्रसकन्ट्रि हर्कत गर्न सक्ने हुनु पर्दछ ।

छ) राम्रो मिलापको ब्यवस्था मिलाएको हुनु पर्दछ ।

ज) साधारण र भरपर्दो बन्दोवस्ती ।

झ) खतरा देखि निडर र आत्मा भरोसामा बस्न सक्ने हुनु पर्दछ ।

ञ) उच्च स्तरको दुरुस्त र छिटो फायर गर्न सक्ने क्षमता हुनु पर्दछ ।

Peculiarities of CI Environment :

- डिफेन्डेड लोकालिटी वा एरिया हुँदैन ।
- माईन फिल्ड हुदैन, क्ष्भ्म् र घययदथ त्चबउक को प्रयोग होस्टाईलले गर्दछन् ।
- No Mans Land or Demarcated Boundaries हुँदैन ।
- होस्टाईलहरुसंग अत्याधुनिक हतियारहरु हुँदैन । तर हालका दिनहरुमा अत्याधुनिक हतियारहरु पनि बोक्न सक्दछन् ।
- सुरक्षा फौजले पट्रोल संचालन गर्दा नियम कानून पालना गर्नु पर्दछ भने होस्टायलले पर्दैन ।

पट्रोल गर्ने जवानमा हुनु पर्ने गुणहरुः-

- चंखोपन ।
- साहस ।
- ब्यक्तिगत हतियारमा निपुर्ण ।
- पहलता । (Right Decision, Right Time)

- शारीरिक सहिष्णुता ।
- तुरुन्त प्रतिक्रिया गर्न सक्ने ।
- जोडिमा हर्कत गर्न सक्ने ।
- जमिनी हालत अनुसार फाईदा लिन सक्ने ।
- राम्रो देखभाल गर्न जान्ने ।

योजना :

पट्रोलीङ्गको योजना बनाउदा निम्न बिषय समाबेश भएको हुनु पर्दछः

क) पट्रोलीङ्गको उदेश्य

ख) पट्रोलीङ्गको क्षेत्र

योजना बनाउदा ध्यान दिनु पर्ने कुराहरु :

पट्रोलीङ्गको सफलता र निर्धारित योजनामा भर पर्दछ । पट्रोलीङ्ग योजना फर्मेशन हे.क्वा. ले दिएको निति अनुसार गणपति अन्य पतिहरुबाट तयार गरिन्छ । पट्रोलीङ्गको योजना र तयारी बनाउदा निम्न कुराहरु ध्यान राख्नु पर्दछ :

क) पट्रोलको उदेश्य

ख) ब्रिरोही सम्बन्धि खबर

ग) पट्रोलको नफ्री

घ) जमीनि खबर

ङ) पट्रोलको अवधि

च) सुरक्षा र छलकपट

छ) दाँया बायाँको युनिटसंग समन्वय

ज) तयारी ब्रिफिङ्ग र रिहर्सल

ञ) बन्दोबस्ती

पट्रोल गर्नुको उद्धेश्य :

- जनतालाई सुरक्षाको प्रत्याभूती दिलाउन ।
- खबर संकलन गर्न ।
- आफ्नो जिम्मेवारी ईलाकालाई नियन्त्रणमा राख ।
- होस्टाईलरअराष्ट्रिय (Anti National Element) लाई नियन्त्रण गर्न ।
- अराष्ट्रिय तत्वबाट हतियार गोलीगठ्ठा कब्जा गर्न ।
- कन्भ्वय संचालन गर्न ।
- जिम्मेवारी ईलाकाको जानकारी हासिल गर्न ।

उदेश्य र कार्य :

पट्रोलको उदेश्य र कार्य फर्मेशन हे.क्वा.बाटदिए अनुसार नै हुन्छ । ब्रिरोहको अवस्थामा पट्रोलको केही कार्य निम्नानुसार हुन्छन :

क) तलासी र बर्बाद गर्ने कार्यहरु
ख) एम्बुस
ग) गाँउको घेरा तथा तलासी गर्नु
घ) स्क्रीनिङ्ग र आईडेन्टीफिकेशन
ङ) होस्टाईल क्याम्प र हाईड आउट रेड
च) गाँउ हाईड आउट र छाप्राहरुको न्रिानी
छ) मनोबैज्ञानिक कारबाही गर्नु
ज) खबर प्राप्त गर्नु
झ) राम्रोसंगर् इलाकाको परिचय

बिद्रीहीको बारेमा खबर :

पट्रोललाई कुनै काममा पठाउदा ब्रिरोहीको बारेमा प्राप्त खबर दिनु पर्दछ । केही मुल बिषय तल दिएको छ

क) बिद्रोहीको सिभिल र सैन्य सदस्यहरु
ख) बिद्रोहीको पारिवारीक स्थिती र सदस्य संख्या
ग) सहानुभुति र गाउको मुख्य-मुख्य ब्यक्ति
घ) बिद्रोहीकोसंगको हतियार गोलीगठ्ठा साथै Home Made Weapons र बिष्फोटक पदार्थहरु
ङ) काम गर्ने क्षमता र प्रतिकृयात्मक क्षमता
च) बिध्वंस गर्ने तरिका र बिद्रोहीको काम गर्ने ब्यक्तिहरु ।

जमीनको बारेमा खबर :

क) रुट क्रसकन्ट्री गोरेटो र घोरेटो बाटो
ख) बिद्रोहीले एम्बुस थाप्न सक्ने शंकाष्पद ईलाका
ग) बाटोमा पर्ने बाटोको आकार र जनघनत्व
घ) महसूर नाला, खोंच र अन्य जमीनि ईलाका
ङ) खेत ईलाका र मचानहरु
च) नदी, नाला र अन्य पानीका श्रोतहरु
छ) वनस्पति र जंगलको किसिम

नफ्री :

पट्रोलको नफ्री निम्न कुराहरुमा भर पर्दछ :

क) दिएको समय र टाक्स
ख) लिनु पर्ने दुरी
ग) पट्रोलको अवधि

घ) ब्रिरोहीको नफ्री र प्रतिकृया

ङ) कारबाहीको बेला आउन सक्ने अन्य सम्भाबित कार्यहरु

पट्रोलको अवधि :

सकेसम्म पट्रोललाई लामो अवधिको लागि पठाउनु हुदैन । छोटो अवधिको लागि पठाएको पट्रोलले आत्म निर्भरका साथ दक्ष्यता पूर्वक कार्य गर्न सक्छ । लामो अवधिको पट्रोलले यस भन्दा बन्दोवस्तीको समय बढी लाग्ने हुदा काम असरदार हुदैन । छोटो अवधिको पट्रोलमा एक्लोपन, मद्दतहीन र असन्तुसताको भावना हुदैन र साधारणतया तिनीहरुमा लामो पट्रोलीङ्गको दाजोमा काम गर्ने हौसला र उत्सुक्ता कायम रहन्छ ।

सुरक्षा र छलकपट :

बिद्रोहीको दमनको सिलसिलामा सुरक्षा फौजले एक ठाँउबाट अर्को ठाँउमा गई कारबाही गर्नुपर्ने हुँदा त्यर्स ईलाकामा रहेका बिद्रोहीको एजेन्टहरुबाट सुरक्षित रुपमा निग्रानी राखी हर्कत गर्नुपर्ने हुन्छ त्यस कारण कमाण्डरले कारबाही गर्नु अघि त्यहाँ प्रयोग गर्ने हरेक कामकुराको सुरक्षा हुनुपर्दछ । त्यस कारबाहीको लागि बिभिन्न छलकपट र झुक्याउने कारबाही गरेको हुन्छ । जसबाट बिद्रोहीलाई धोका होस ।

समन्वय :

बिद्रोहीको बिरुद्ध कुनैपनि कारबाही गर्दा गण र बाहिनीमा समन्वय एबं सम्बन्धित गण गुल्मलाई थाहा हुनुपर्दछ । यसो गर्दा आ-आफ्नो मुठभेडबाट बच्न र आवश्यक परेमा थप सहयोग लिन सजिलो पर्छ ।

तयारी ब्रिफिङ्ग र रिहर्सल :

क) तयारी :

तयारीमा निम्नकुरा ख्याल राख्नु पर्दछ :

अ) ब्रिरोही र जमिनि बनावटको जानकारी

आ) पट्रोल लिडरको ब्रिफिङ्ग

इ) ब्रिरोही चिन्ने ब्यक्तिबाट गाईड, दोभाषे र तालिम प्राप्त कुकुर

इ) बन्दोवस्ती कारबाही

उ) सिग्नल मिलाप

ख) ब्रिफिङ्ग :

कमाण्डरले आफ्नो टोलीलाई बिस्तृत ब्रिफिङ्ग औपचारिक र ब्यक्तिगत तवरले दिएको हुनु पर्दछ । हरेकले गर्नुपर्ने कार्य र आफ्नो भूमिकाबारे बुझेको होस । छड्के सोध्दा उत्तर दिन सक्नेगरी ब्रिफिङ्ग गरिएको हुनु पर्दछ । काम बुझाउँदा फर्मेटमा लेखेर दिएपनि राम्रो हुन्छ ।

ग) रिहर्सल :

रिहर्सल निम्न कामको लागि गर्न सकिन्छ :

क) एम्बुसमा परेमा

ख) हल्टको कारबाही

ग) अब्स्ट्याकल पार गर्दाको कारबाही

घ) शंकाष्पद ब्यक्ति वा गाउँले भेट्दाको कारबाही

ङ) लिसनिङ्ग ड्रिल

च) बिद्रोही भेट्दाको कारबाही

पट्रोलको संचालन :

हर्कतमा पट्रोल ब्रिराहीहरु संग मुठभेड भई नोक्सानी हुनसक्ने सम्भावना हुन्छ । यस कुरालाई संचालन गर्नेले ध्यान दिनु पर्दछ । खास गरी पट्रोल ब्रिरोहीको एम्बुसमा पर्न सक्ने बढी सम्भावना हुन्छ त्यस कारण पट्रोलले निम्न तरिका अपनाई ब्रिरोहीको एम्बुसबाट बच्न सक्नु पर्दछ :

क) जमीन अनुसार फर्मेशन अपनाएर

ख) पट्रोल जाने जवान बीचको फासला ठिक राख्ने जसबाट टोली सम्बेदनशील होस ।

ग) सिकाएका काउन्टर एम्बुस ड्रिल अपनाएर ।

एम्बुस (Ambush)

<u>परिचय</u> :

एम्बुस एउटा यस्तो साधन हो । जसले होस्टायल अथवा शत्रुलाई बर्बाद पार्न, घाईते बनाउन, उसको बारेमा आवश्यक जानकारी हाँसिल गर्न, पक्राउ गर्न र Moral मा असर पार्न प्रयोग गरिन्छ ।CI Operation मा एम्बुसको महत्व ज्यादै हुन्छ । एम्बुसको Preparation, Execution/ Basicelements हरु Conventional type जस्तै भए पनि केही कुराहरु CI Ambush मा फरक छ ।

<u>Conventional & CI Ambush मा फरक</u>

(1) INTELLIGENCE (ईन्टेलिजेन्स)
(2) REACTIVE TIME (प्रतिक्रियात्मक समय)
(3) IDENTIFICATION (चिन्नु र छुट्याउनु)
(4) HOSTILE TACTICS(बिद्रोहीको रणनिती)
(5) PERSUADE (पिछा गर्नु)

सुरक्षा सेना र बिद्रोहीले थाप्नेAmbush **बिच भिन्नता**

एद्देश्य :- सुरक्षा सेनाले शत्रुको बिरुद्ध लगाउने एम्बसुमा शत्रुलाई बर्बाद गर्ने, पक्रने र आवश्यक खवर (INT)हाँसिल गर्ने, शत्रुको मोरालमा असर पुर्याउने र दोश्रो Ambushing को लागि तयार रहने गरी Operation गरिन्छ भनें Amhushing मा सकभर कम से कम फौजको सिद्धान्तलाई अपनाईन्छ, तर्सथ

बिद्रोही Ambush मा पर्नासाथ बढि भन्दा बढी बिद्रोही समाल्ने प्रयास गरिन्छ र अन्त्यमा बर्बाद पार्ने सिद्धान्त पनि अपनाईन्छ ।

बिद्रोहीहरुले निम्न उद्धेश्यको लागि सुरक्षा सेना माथि एम्बुस थाप्दछन् ।

१) सुरक्षा सेनालाई घाईते अथवा बर्वाद गर्न

२) हात हतियार, गोलीगठ्ठा र इक्यूप्मेन्ट जम्मा गर्न ।

३) Moral मा असर पार्न ।

४) Propaganda फैलाउन ।

ख) बिस्तृत रेकी :

ब्रि्रोहीले एम्बुस साईडको योजना बनाउँदा एम्बुस साईडको विस्तृत रेकी गर्दछ । जस्तै स् सुरक्षा सेनाको दैनिक कार्य प्रणाली, आनीवानी, हर्कत गर्ने वाटोहरु तर सुरक्षा फौजलाई बिद्रोहीको वारेमा विस्तृत जानकारी प्राप्त नहुने हुँदा ब्रि्रोहीको विविध गतिविधी वारेमा योजना बनाउनु गाह्रो हुन्छ ।

ग) बनावट बिद्रोहीहरुले पनि सुरक्षा सेनाको जस्तै एम्बुस टोलीको बनावट हुन्छ । जस अनुसार

i) Special task Group: Ambush मा परेर मरेका सुरक्षा सेना र घाईते भएकाहरुको हात हतियार गोली गठ्ठा तथा अन्य सामानहरु लुट्ने काम गर्दछ ।

ii) Flanking protection group : Early warning र दायाँ बायाँबाट एम्बुस टोलीलाई हुन सक्ने खतराबाट बचाउने ।

iii) Covering group: killing area df fire खोल्ने काम गर्दछ । persuade Group हुदैन।

Basic consideration आधारभूत कुराहरु of ambush:

साधारण तया CI operation यो कार्वाहीमा hostile को बारेमा मामुली वा अन्दाजको भरमा प्राप्त खबरको आधारमा काम गर्नु पर्ने हुनाले उच्च स्तरको तालिम, उच्च दर्जाको लिडर शिप र जाई लाग्ने प्रकृति सबै दर्जामा हुनु अनिवार्य छ । तापनि CI Ambush operation सफल पार्न पनि निम्न सिद्धान्तहरुलाई आधार लिनु पर्दछ

i) GTI (Ground of tactical importance) (महत्वपूर्ण जमिन)
ii) Surprise ९सरप्राईज)
iv) Command control (कमाण्ड कन्ट्रोल)
v) Concentrate fire एकतृत फायर
vi) Simplicity सरली करण
vii) Determination दृढ निश्चय
viii) Self Discipline. अनुशासन

योजना

Ambush को योजना बनाउँदा निम्न कुराहरुमा ख्याल राख्नु पर्दछ ।

i) Hostile को आनीबानी र हर्कत ।
ii) Ambush को position छान्दा ज्यादा भन्दा ज्यादा फायर गरी बर्बाद गर्न सकियोस ।।
iii) Ambush को बनावट जमिनी बनावट अभुसार Hostile भाग्न नपाउने गरी गर्नु पर्दछ ।
iv) Hostile ले हर्कत गर्दा साधारण नागरिक जस्तो गरी हर्कत गर्ने हुँदा पहिचानमा ध्यान पुर्याउने।
v) Reharsal गर्नु पर्दछ।

<u>नफ्री</u>

Ambush को नफ्री साधारणतया निम्न कुराहरुमा भर पर्दछ ।

- Hostile को नफ्री र बनावट।
- पर्याप्त फौज।
- समय
- जमिन
- Ambush को उद्धेश्य।

<u>बनावट</u>

i) Scout
ii) Covering party
iii) Stop party
iv) Reserve party
v) Prisoner party
   - Persuade party (ट्याकर डग पनि दिईएको हुन्छ।)
   - Search party मारिएका वा घाईते भएका Hostile को हात हतियार equipments जम्मा गर्ने , समातिएका equipments को photo लिने काम पनि गर्दछ।

Site selection of Ambush Area (Ambush इकाईको छनौट)

हाम्रो पहाडी मुलुकमा Ambush गर्नका लागि उपयुक्त कष्तभ को लागि प्रयास ठाँउहरु पाईएता पनि Amhush Layout को लागि निम्न कुरामा बिचार पुर्याउनु पर्दछ ।

क) साँघुरो घाँटी ।
ख) नदिनाला र ट्रयाक जक्सन ।
ग) सडक र बाटोको कडा घुम्ती ।
घ) बाटोको एकातिर भिर भएको स्थान ।
ङ) पानीको मुहान नजिक ।
च) छाप्रो नजिक गाँउमा आउने जाने बाटोहरुमा ।

छ) कुनै पनि आफ्नो अधिनमा भएको जमिन ।

ज) राम्रो Killing Ground भएको ईर्लाका ।

झ) राम्रो Camoflauge & Concelment भएको ईलाका ।

ञ) Field of fire clear भएको ईलाका ।

होस्टाईलको क्याम्प तथा हाईड आउट

परिचय

क्याम्प : स्थानिय तवरले व्रिरोहीले तालीम, बन्दोवस्ती र तयार गर्न गराएको पक्का स्थानलाई क्याम्प भनिन्छ। यसमा व्रिरोहीहरुले बसोवास गर्ने तथा संगठनका कार्यहरु गर्दछन् ।

हाईडआउट :- कुनै विशेष कारवाही संचालन गर्न छोटो अवधिको लागि व्रिरोहीले लिएको स्थानलाई हाईडआउट भनिन्छ ।

बिद्रीहीले क्याम्प तथा हाईडआउट छान्दा अपनाउने सिद्धान्त

क) छुपाउ : सुरक्षा फौजले फेला पार्न मुस्किल पार्ने ठाउँमा, सुरक्षित तथा छुपेको ठाउँमा व्रिरोहीले क्याम्प तथा हाईडआउट बनाएका हुन्छन् । यो घना जंगल भित्र जहाँ हवाई रेकीबाट पनि देख्न नसक्ने तथा मुल बाटो वा सधारण गाउँले हिड्ने बाटो भन्दा टाढा छानेका हुन्छन् ।

ख) जमिन : होस्टायल वा व्रिरोहीले क्याम्प तथा हाईडआउट छान्दा साधारण तथा अप्ठयारो जमिन जंगलले ढाकेको ठाउँ भित्र जमिन छान्छन् । जसले गर्दा व्रिरोही विरुद्ध सुरक्षा फौजले गर्ने कारवाही गाह्रो हुनुको साथै सजिलै पत्ता लगाउन नसकिने स्थान क्याम्प छानेका हुन्छन् ।

ग) ट्याक्टिकल आवश्यकता : बिद्रोहीहरु एक ठाउँमा बसेर डटेर लड्न सक्दैनन् । जब सम्म तिनीहरुलाई ठूलो संकट अथवा अप्ठयारोमा पर्दैन । त्यसकारण ट्याक्टिकल हिसाबले हतियार धारी सेन्ट्री, सुरक्षा फौज आउने सक्ने बाटोमा देखभालको लागि राखेका हुन्छन् ।

घ) बन्दोबस्ती आवश्यकता : गाउँको नजिक, पानीको सुविधा तथा व्रिरोही र्समर्थक गाउँ भएमा हाईडआउट नजिक व्रिरोही विरोधि गाउँ भएमा टाढा हुन्छ । तै पनि गाउँ बस्तीबाट १ देखि ५ कि.मी. टाढा क्याम्प तथा हाईडआउट बनाएका हुन्छन् ।

क्याम्प तथा हाईडआउटको प्रकार :

क) बिद्रोही सैनिक क्याम्प

ख) बिद्रोही सैनिक सिभिल प्रशासक क्याम्प

ग) बिद्रोही सैनिक ट्रान्जीट क्याम्प

घ) हाईडआउट

क) बिद्रोही सैनिक क्याम्प : यो क्याम्पमा ७० देखि १५० जना सम्मको नप्रिm हन्छ । यसमा ६० देखि ७० प्रतिशत सम्म हातहतियार हुन सक्छ। क्याम्प प्रायः मुख्य बाटो भन्दा टाढा बनाईएको हुन्छ ।

सुरक्षाको लागी सेन्ट्रीको व्यबस्था समेत गरेका हुन्छन् । यस्तोक्याम्पमा होस्टाइलको प्रमूख समेत रहन सक्ने तथा तालिम र बन्दोबस्तीको कार्बाही गर्नुको साथै विभिन्न कारबाहीहरु सञ्चालन गरेका हुन्छन् ।

ख) बिद्रोही सिभिल प्रशासक क्याम्प :- यस्तो क्याम्पमा ब्रिरोहीको प्रतिनिधि सिभिल प्रशासक रहेको हुन्छ । सुरक्षाको लागी १० देखि ३० प्रतिशत सम्म ब्रिरोहीहरु हतियारधारी हुन सक्छन् । सिभिल प्रशासकलाई गाउँलेहरुबाट सुरक्षा फौज सम्बन्धि खबरहरु प्राप्त भईरहेका हुन्छन् । यस्तो क्याम्पमा ब्रिरोहीको परिवार र सहयोगी पनि हुन सक्छन् ।

ग) बिद्रोही ट्रान्जीट क्याम्प :- यो क्याम्प प्रायः गरेर बाटो नजिकै हुन्छ । जुन बाटो ब्रिरोहीहरुले आउँदा जाँदा प्रयोग गरेको हुन्छन् । एक स्थानबाट अर्कोस्थानमा जाँदा प्रयोग गरिने, आराम गर्न बनाईएको क्याम्प जुन गाउँ देखि ३ देखि ५ कि.मी.टाढा हुन सक्छ । यस्तो ठाउँको वारेमा ब्रिरोहीहरुको र्समर्थक र सहयोगीहरुलाई जानकारी गर्राईएको हुन्छ । अन्य क्याम्प सरह सेन्ट्रीको व्यवस्था गरेका हुन्छन् ।

घ) हाईडआउट :- हाईडआउटको नफ्री ४ देखि ५ जनाको हुन्छ । जहाँबाट ब्रिरोहीहरु गाउँमा चन्दा बटुल्न, नयाँ सैन्य बटुल्न, सुरक्षा फौजको वारेमा खबर प्राप्त गर्न, आफ्नो नातागोता भेट्न यस्तो हाईडआउटहरु बनाएका हुनन्छन् ।

होस्टायलले क्याम्प बद्ली गर्ने कारण

क) आफ्नो समुहको व्यक्ति समातिएमा वा आत्मर्समर्पण गरेमा ।
ख) सुरक्षा फौजले होस्टायल विरुद्ध कडा कारवाही गरेमा ।
ग) बिद्रोही एउटै क्याम्पमा बसेको धेरै समय भएमा ।

बिद्रोही क्याम्प पत्ता लगाउँने उपाय

क) पक्राउ भएको वा आत्म र्समर्पण गरेको ब्रिरोहीबाट ।
ख) फेला परेका कागज पत्रहरुबाट ।
ग) ब्रिरोहीले प्रयोग गरेका भरिया, मजदुर वा परिवारबाट ।
घ) सरकारको तर्फाट नियुक्त गरिएका संगठनहरुबाट ।

होस्टाईल क्याम्प तथा हाईड आउट रेड (Raid)

परिचय

रेड सानो तथा ज्यादै महत्वपूर्ण कारवाही हो । सुरक्षाफौजलाई प्रतिबिद्रोहीको कारवाहीमा क्याम्प तथा हाइड आउटमा रेड गर्ने प्रशस्त मौका मिल्छ । पक्का खबरको आधारमा समयमा नै कार्यान्वयन गरेको रेडको बढी सफलता मिल्छ । बिद्रोहीको लड्ने जोशमा शिथिलता ल्याई हौसला समेत बढाउन मद्दत मिल्छ ।

कन्भेन्सनल र अनकन्भेन्सनल रेडमा भिन्नता

क) कन्भेन्सनल रेडमा होस्टाइलको बारेमा खबर पाउनासाथ छिटो से छिटो कारवाही हुन्छ । यसमा डिटेल प्लानिङ्ग र रिहर्सल भन्दा समयलाई बढी महत्व दिइन्छ ।

ख) कन्भेन्सनल रेडमा जस्तो चल्तीको पाराले कमाण्डरले रेकी गर्न सक्दैन किनकी साधारण भेन्टेज पोइन्ट वा त्यस्तो कुनैपनि ठाउँमा होस्टाइल देख्न सकिदैन ।

ग) कन्भेन्सनल जस्तो अनकन्भेन्सनल रेडमा कारवाही सकिनासाथ रेड पार्टि तुरुन्त जमिन छोड्दैन किनकी यस किसिमको कारवाहीमा होस्टाइलको रिइन्फोर्समेन्ट आउने खतरा रहदैन ।

रेडको मुख्य सिद्धान्त :

क) चकित पार्नु ङ) चुस्तगति

ख) गोपनियता च) सकमा पार्नु

ग) खानतलासी छ) पिछा गर्नु

घ) सुरक्षा

रेडको योजना तथा कारवाही रेडको कारवाहीमा भाग लिने फौजलाई समय मिलाउन भर्सक स्याण्ड मोडेल बनाएर नै हरेकले प्रष्ट रुपमा बुझिने गरी वृफ गर्नुपर्दछ । रेडमा भाग लिने फौजलाई निम्न ग्रुपमा बाँड्नुपर्दछ ।

रेड टोलीको बनावट :

१) कटअफ ग्रुप

२) सर्पोट ग्रुप

३) एसल्ट ग्रुप/रेड ग्रुप

क) ब्रिचिङ्ग पार्टि ग) एसल्ट पार्टि ङ) सर्च पार्टि छ) डेमोलेशन पार्टि ख) सेन्ट्री सर्ाईलेन्स पार्टि घ) पिछा पार्टि च) गार्ड पार्टि

कट अफ ग्रुप :- यो ग्रपको नफ्री जमिन र ब्रिरोहीको बाधा पार्न सक्ने सम्भाबनामा भर पर्दछ । रेडको कार्बाही शुरु हुनु भन्दा अगाबै आफ्नो जग्गा लिन सक्दछन् र साधारणतया यसले ब्रिरोही आएको खबर टार्गेट भित्रको ब्रिरोहीलाई बाहिर जान नदिने र आवश्यक परेमा आफ्नो सुरक्षाको लगि फयर पनि खोल्दछ । कट अफ ग्रुपको कार्यहरु निम्न प्रकारका छन् ।

क) दुश्मनको मद्दतलाई अव्जेक्टिभसम्म पुग्नबाट रोक्नु ।

ख) अव्जक्टिभमा भएका बिद्रोहीलाई भाग्न नदिनु ।

ग आवश्यक परेमा रेड गर्ने टोलीलाई बिथड्रलमा कभर गर्नु

घ) रेड गर्ने टोलीलाई पूर्व चेतवनी दिनु ।

सपोर्ट ग्रुप :- यो गुरपले आवश्यक परेमा एसल्ट पार्टिई फायर सर्पोट दिन्छ । साथै रिर्जभको काम पनि गर्छ र एसल्ट गुरपको विथड्रलमा कभर प्रदान गर्छ । सधारणतया एस्ाल्ट गुरपभन्दा बढी नप्रिmको हुन्छ ।

एसल्ट ग्रुप :- यो रेडको मुख्य ग्रुप हो । यसको कार्वाहीमै रेड भर पर्दछ । यसको निम्न अनुसार उप-ग्रुप छन् ।

क) ब्रिचिङ्ग पार्टि- यो पार्टि ब्रिराहीको कम्पाउण्डम लगाएका तारवार तथा घेरालाई काट्ने काम गर्छ । र पुनः आएर एसल्ट ग्रुप कमाण्डरलाई जानकारी दिन्छ ।

ख) सेन्ट्री साइलेन्ट पार्टि- जब ब्रिचिङ्ग पार्टि तारबार काटेर फर्कन्छ तब यो पार्टिबद्राहीकोर् इलाकामा छिरी उसको सेन्ट्रीलाई सर्साईलेन्सिङ्ग तरिकाले मार्छ र पुनः आएर एसल्ट कमाण्डरलाई जानकारी गराउँछ ।

ग) एसल्ट पार्टि- जब सपोर्ट ग्रुपले फायर गरेर ब्रिराहीलाई पिनडाउन गरिसकेपछि एसल्ट पार्टि ब्रिराही माथि तादातरुपमा धावा बोल्छ र बाँकी बाँचेका ब्रिराहीहरुलाई समेत बर्बाद गर्ने काम गर्दछ ।

घ) पिछा पार्टिरिडको दौरानमा क्याम्पबाट भागेका ब्रिरोहीलाई पिछा गर्नको लागि हलुका हतियारले सुसज्जित मजवुद जवानहरुको टाली छुट्याउनु पर्दछ । कारवाहीको शुरुको अवस्थामा यस ग्रुपको त्यत्ति काम नहुने हुँदा त्यसले रिजर्भको काम गर्दछ ।

ङ) सर्च पार्टि- जब एसल्ट टोलीले धावाबोली ब्रिराहीलाई बर्बाद गरीसकेपछि तुरुन्त भन्दा तुरुन्त सर्च पार्टि ब्रिराहीको अतिआवश्यक कुराहरु खोजतलास गरी ल्याउन सक्ने सामानलाई लिन्छ र बाँकी सम्पुर्ण समानहरु डेमोलेसन पार्टिई डेमोलेसन गर्नको लागि दिन्छ ।

च) गार्ड पार्टिरिडको दौरानमा प्रकाउ परेका ब्रिरोही लाई नियन्त्रण मा लिन र सम्बन्धीत ठाउमा पुर्याउन यो पार्टि प्रयोग गरिन्छ ।

छ) डेमोलेसन पार्टि- ब्रिरोहीको महत्वपूर्ण तार्गेटमा चार्ज (बम) लाई बर्बाद गर्ने काम हो ।

रेड गर्दा ख्यालराख्नुपर्ने कुराहरु :

- होस्टाइल क्याम्पमा रेड गर्दा यदि जमिनले साथ दिन्छ भने माथिबाट तल रेड गर्नुपर्छ । साथै बाटो बाट हरकत गर्न कर्डाईका साथ निषेधित गर्नुपर्छ ।
- क्याम्प तथा हाइड आउट तर्फबढ्दा गाउँ या बाटोलाई वाइपास गरेर अगी बढ्नुपर्दछ । यदि बाटो कोही मानिस फेला परेमा उसलाई कारवाही सक्दा सम्म कब्जामा लिई कारवाही पछि मात्र छोड्नर्ुपर्दछ ।
- रेड गर्ने समय परिवर्तन गर्दै रहनर्ुपर्दछ ता की ब्रिरोहीलाई चकित पार्न सकियोस् ।
- रेडको समयमा योजना बनाउँदा यी कुराहरुलाई ध्यान दिनुपर्दछ की बिद्रोहीलाई पूर्व सूचना दिन राखिएको व्यक्तिलाई पनि वर्वाद गर्न सकियोस् ।
- पहिलोपटक ब्रिरोहीसँग लगाव हुनासाथ रेड ग्रुपले बढी चुस्ती र जोससँग कारवाही गर्नुपर्दछ साथै आफुसँग भएको सबै हतियार प्रयोगमा ल्याउनुपर्दछ ।
- रेडपछि पुरै इलाकाको खानतलासी गर्नुपर्दछ ।

कर्डन एण्ड सर्च

परिचय :

कुनै पनि संकास्पद ठाउँ (गाउँ वा शहर, जंगल) लाई घेरा हाली त्यस ठाउँमा गरिने बस्तु तथा मान्छेहरुको खोजतलासको कारवाहीलाई कर्डन एण्ड सर्च भनिन्छ । यो कारवाही गर्दा अन्य सुरक्षा फौजलाई जानकारी तथा समन्वय राख्नु पर्दछ । आवश्यकता परेमा संयुक्त पनि गर्न सकिन्छ ।

यो कारवाही गर्न विभिन्न कुराहरुको आवश्यकता पर्दछ ।

क) गोप्य हर्कत

ख) छलकपट

ग) सरल र विस्तृत

घ) छिटो प्रतिक्रिया गर्नु पर्दछ ।

ङ) सकभर रेकी नगरी नक्सा र हवाई फोटोमा अध्ययन गरेर कारवाही गर्नु पर्दछ ।

च) यदि रेकी नै गर्नु पर्ने भए सिभिल लुगा लगाएर गर्नु पर्दछ ।

छ) सकभर फष्ट लाईटमा घेरा हाली सक्नु पर्दछ ।

हाम्रो देशमा दुई प्रकारका गाउँहरु छन्

१) तर्राई पहाडको गाउँ

२) जंगल नजिक वा जंगल भित्रको गाउँ

गाउँको बनावट फरक फरक भएकोलेऋष्ब्क्इगर्दा गाउँको बनावटको आधारमा गर्नु पर्दछ ।

बिद्रोही गाउँमा आउनाका कारणहरु

- आफुलाई चाहिने विभिन्न सप्लाई तथा राशन बटुल्न ।
- चार्ड पर्व मनाउन
- कर उठाउन
- सुरक्षा फौज सम्बन्धि खबर हासिल गर्न
- प्रोपोगाण्डा फौलाउन
- जनतामा हामी र्सवाेपरी नै हौ भन्ने देखाउन

कर्डन एण्ड सर्च को उद्देश्य

क) गाउँमा लुकेर बसेका ब्रिरोहीलाई पक्रन ।

ख) लुकाएर राखेका हात हतियार, गोली गठ्ठा खोज्न र बर्वाद गर्न ।

ग) बिद्रोही सम्बन्धि आदान प्रदान गरिएका चिठ्ठी पत्रहरु, डकुमेन्ट र कुनै पनि तोडफोड सम्बन्धि खबर हासिल गर्न ।

घ) बिद्रोहीले गाउँमा किनेर वा लुटेर लगेका सैनिक पोशाक, औषधि खोज्न वा बर्वाद गर्न ।

ङ) ब्रिरोही सम्बन्धि खबर हासिल गर्न ।

कर्डन एण्ड सर्च गर्नु भन्दा पहिला गर्नु पर्ने काम कारवाहीहरु

१) गाउँको बनावट र वरिपरर्ीर् इलाकाको वारेम विस्तृत रुपमा खबर हासिल गर्नु पर्दछ ।

२) गाउँमा भएका वा बसेका ब्रिरोहीहरुको एजेन्टहरु, संकालाग्दा व्यक्ति, नातागोता तथा परिवारहरु, आत्म समर्पण गरी बसेका भूतपूव बिद्रोहीहरुको वारेमा खबर हुनु पर्दछ ।

३) कारवाही गर्ने फौजसँग दोभाषे र चिन्ने मानिस हुनु पर्दछ ।

४) उद्देश्यको विपरित नहुने गरी पुर्ण योग्यता र सतर्कताका साथ गर्नु पर्दछ ।

कर्डन एण्ड सर्च पार्टि बनावट

१) कर्डन -पार्टिग्रुप

२) सर्च ग्रुप

३) रिजर्भ ग्रुप

४) छानविन र पत्ता लगाउने ग्रुप

५) सिभिक एक्सन ग्रुप

६) कैदी सुरक्षा ग्रुप

१) कर्डन-पार्टि ग्रुप

क) बाहिरी कर्डन ख) भित्रि कर्डन

बाहिरी कर्डन कारवाही गर्ने ईलाका भन्दा ३०० देखि ५०० मिटर टाढा हुन्छ र भित्रि कर्डन ५० देखि १०० मिटर नजिक हुन्छ । यसको काम बाहिरबाट भित्र कसैलाई पनि जान नदिनु, भित्रबाट भाग्ने ब्रिराहीलाई बर्वाद गर्नु वा पक्रनु हो । कर्डन खटाउँदा सकभर जोडीमा खटाउँनु पर्दछ । ठाउँ र अवस्था हेरी कर्डन ग्रुपलाई स्टपको रुपमा राख्न सकिन्छ ।

२) सर्च ग्रुप

सर्च ग्रुपको काम कर्डन ग्रुपले कर्डन लगाई सकेपछि गाउँका जनताहरुलाई कुनै खुल्ला ठाउँ, चौरमा भेला गर्राईसकेपछि सर्च गर्ने काम शुरु हुन्छ । यसलाई दुई भागमा बाँड्न सकिन्छ ।

१) व्यक्तिको सर्च २) घरको सर्च :

क) सर्च ग्रुप

ख) सपोर्ट ग्रुप

३) रिजर्भ ग्रुप

एक्कासि आई पर्ने कामको लागि तयार राखिन्छ । जस्तै : होस्टायललाई पिछा गर्नु, कुनै ग्रुपमा कमी आएमा थप मद्दत जानु ।

४) छानविन र पत्ता लगाउने ग्रुप

यस ग्रुपमा सम्पुर्ण गाउँलेलाई छानविन गर्ने र संकास्पद व्यक्तिलाई अल्गयाउने काम गरिन्छ । अल्गयाएका व्यक्तिहरुलाई अझै गहिरिएर दोषी हो वा होईन, हो भने गार्ड वा सुरक्षा ग्रुपलाई सुम्पिन्छ ।

५) सिभिक एक्सन ग्रुप

जम्मा गरि राखेका जनताहरुलाई साहनुभुती र सहयोग गर्नु यस टोलीको काम हो । टोलीमा सकभर मेडिकल डक्टर नभए नर्सिङ्ग अर्दली राख्नु पर्दछ । जनतालाई -गाउँले) राख्न आधारभूत बस्तुहरु वितरण गर्दछन् ।

६) गार्ड वा कैदी सुरक्षा ग्रुप

शंका लाग्दो व्यक्तिलाई सुरक्षा प्रदान गर्ने काम गर्दछ । यदि कुनै महत्पवूर्ण कैदी भए त्यसलाई अलगै छुट्टयाएर सुरक्षा गर्नु पर्छ । कैदी कैदी बिच कुराकानी गर्नु हुनु हुदैन ।

कर्डन गर्ने तरिका :

यस कामको लागि कर्डन गर्ने स्थानमा जाँदा टाढा अन्धकारमा नै जानुपर्दछ । फौज उक्त इलाकामा आइसकेपछि अन्दाजी ३०० गजको फासला बाँकी रहदा कर्डन टोलीले कुबाटो, क्रस कन्ट्री भएर घेरा हाल्नु पर्दछ भने अन्य फौजहरु बाटोबाट हिड्न सक्दछन् । ब्रिरोहीहरु साधारण हालतमा प्रायजसो लड्दैनन् । गाउँ कर्डन भइसकेपछि पनि ओरालोतिर वा त्यस्तो भाग्न र लुक्न सकिनेसजिलो स्थानतिर भाग्ने प्रयत्न गर्दछन् । अतःगाउँलेहरुलाई घेरा हाल्नको निमित्त निम्न तरिका अपनाउनुपर्दछ ।

क) रातमा कर्डन गर्दा कुनैपनि व्यक्तिले आफ्नो दायाँ र वायाँको व्यक्तिलाई देख्न सक्ने गरी नजिक फासलामा रहनर्ुपर्दछ । तर दिनमा उक्त कर्डन टोली फैलिन सक्छ । परिस्थिती अनुसार कर्डन टोलीले स्ट्याण्डिङ्ग पोजिशन वा फायरिङ्ग पोसन अपनाउछन् ।

ख) शहरी इलाकामा कर्डन गर्दा प्रत्येक १०० मिटरलाई करीव ३० जवान चाहिन्छ भने गाउँमा १०० मिटरलायृ करिव २० जना जवान चाहिन्छ ।

ग) तलासी हुन सक्ने इलाकालाई आफ्नो देखभालमा राख्न सक्ने गरी कर्डन साइट भएको हुनुपर्दछ । गाउँमा गोलोरुपमा घेरा हालिन्छ भने शहरी इलाकामा घेरा हाल्ने घरहरुको अगाडि र पछाडीले गर्दा उक्त घरहरुलाई निगरानी राख्न सक्ने गरी घेरा हालिन्छ ।

घ) धेरै समयसम्म घेरा हाल्नुपर्ने भएमा परिस्थिती र जमिनलाई विचार गरी भाग्न सक्ने बाटोहरुमा वायर अब्स्टयाकल लगाई कम जवानहरुको परिचालन गर्न सकिन्छ ।

ङ) सुरक्षाफौजलाई राख्दा नाला गाउँबाट भाग्न सक्ने बाटो ओरालो र मचान भएको खेततिर जानसक्ने बाटो इत्यादिमा कभर गर्ने गरी राख्नुपर्दछ ।

च) कर्डन पार्टि विस्तार विस्तार आफ्नो पोजिसनबाट अगाडी बढ्दै कर्डनलाई साँघुरो बनाउँदै गाउँको बाहिरी भागसम्म आइपुग्नर्ुपर्दछ । यसो गर्दा एक वा दुई पत्तिलाई आफ्नो पछाडी गहिर्राईमा भएका भाग्न सक्ने संभावित बाटोहरुमा एम्बुस थाप्न लगाई राख्नुपर्दछ ।

छ) त्यसपछि गाउँलेहरुलाई गाउँमा घेरा हालिएको जानकारी गराउनुपर्दछ । र गाउँलेहरुलाई जम्मा हुनको लागि तोकिएको खुल्ला मैदानमा उनीहरुलाई जम्मा हुन अनुरोध गरीनुपर्दछ । यसो गरी जानकारी गराउँदा कोही भागेमा गोली चलाइने चेतावनी दिनुपर्दछ । त्यसपछि खोज्ने र स्क्रिनिङ्ग गर्ने कारवाहीको थालनी गर्नुपर्दछ ।

ज) संभावित भाग्ने बाटोहरुमा एम्बुस थाप्न राखिएको पत्ति तोकिएको समयमा नै तयार भैसकेको हुनर्ुपर्दछ । किनकी यस्तो बखतमा बिद्रोहीहरु त्यस्तो बाटोबाट भाग्ने कोशिष गर्दछ ।

झ) सानो ठाउँको निमित्त एउटा सर्च टोलीले मात्र कारवाही गर्न सक्दछ । ठूलो गाउँको निमित्त एक भन्दा बढी आवश्यक अनुसार सर्च पाटीलाई लगाउन सकिन्छ । हरेक सर्च पाटीको नफ्री एक पत्ति जति हुनुपर्दछ । जब पनि सर्च पाटीले घर वा व्यक्तिलाई सर्च गरिरहेको हुन्छ भने सर्च ग्रुपले आवश्यक परेको बेलामा फायर सपोर्ट दिन सक्ने हालतमा तयारी भएर बस्नुपर्दछ ।

ञ) गाउँमा कुनैपनि सर्च गर्नको निमित्त गाउँका सबै जनताहरुलाइ कुनै तोकिएको खुल्ला मैदानमा जम्मा गर्नु नै सबै भन्दा राम्रो हुन्छ । त्यसपछि मात्र गाउँलेको सम्बन्धित निकाय वा गाउँको मखिया वा बुढापाका व्यक्तिलाई साथमा राखेर एक उक घर राम्रो सँग सर्च गर्नुपर्दछ । घर सर्च गरिसकेपछि घरधनीसँग सफाईको प्रमाणपत्र लिनर्ुपर्दछ । सफाइको ब्रि्रोहीहरुलार्य सहानुभूति गर्ने शंकालु मानिसहरुको घरलाई सबैभन्दा पहिला सर्च गरिनुपर्दछ । यदि सर्चको दौरानमा कुनै त्यसमा मुडभेड भएमा सिके मुताविक सबै घरहरु सर्च गरीनुपर्दछ ।

ट) गाउँ पुरै सर्च गरिसकेपछि वरिपरिका सबै इलाका मिहीन तरिकाले एक एक गरी सिलसिलवार रुपमा सर्च गरीनुपर्दछ । यो कारवाही गाउँको सर्चको कारवाही कै सिलसिलाको एक प्रमुख अंग हो ता पनि अर्कै कारवाही जस्तो देखिन सक्छ ।

व्यक्तिगत तलासी : व्यक्तिगत तलासी गर्दा निम्न तरिका अपनाउनुपर्दछ ।

१) खासगरी पाखुरा मुनी, पेट, कम्मर र त्रि्रामुनी तलास्नर्ुपर्दछ ।

२) लुगा बाहिरबाट तलास्दा आफ्नो औलाहरु गाडेर तलास्ने ताकि कपडामुनी लुकेको वस्तुहरु फेला पार्न सकियोस् जस्तै चक्कु ।

३) महिलाहरुलाई महिलाले मात्र तलास्ने र महिलाहरुलाई तलासी लिंदा कपालमा विशेष ध्यान दिनुपर्दछ ।

४) कुनैपनि व्यक्तिलाई तलासी लिइसकेपछि उसको आइ.डी.कार्ड, ड्राइभिङ्ग लाइसेन्स छ भने माग्नुपर्दछ । यी कागजपत्र राम्ररी चेक गरेको हुनुपर्दछ ।

घरको तलासी :

१) कोठाको तलासी लिंदा कोठाको जिम्मेवार व्यक्ति अपस्थित हुनुपदृछ । कुनै शंकाष्पद सामान फेला परेमा उक्त कुरा नोट गर्नुपर्दछ , र त्यसलाई साथमा लैजानुपर्ने भए कोठा धनीलाई भर्पाई बनाई दिएर मात्र लैजानुपर्दछ ।

२) घरतलासी लिंदा माथिबाट तल आउनु र घरको वरिपरी, गोठ, इनार, बारी इत्यादीको पनि तलासी लिनुपर्दछ ।

३) घर तलासी लिइसकेपछि उक्त घरलाई चिनो लगाउनु र भरधनीसँग सबै सामान ठिक छ भनी कागज गराउनुपर्दछ

४) घर तलासी भैसकेपछि अरु व्यक्तिहरुलाई घरमा पस्न दिनुहुँदैन ।

तलासी लिंदा विशेष ध्यान दिनुपर्ने स्थानहरु :

१) छाना

२) तलामाथिको भुइमुनी र छाप्रोको भुई ।

३) वाँसको झाडाहरु, डालो, डोको, टोकरी, ठेकी, घ्याम्पो आदी ।

४) धान राख्ने भकारी र बोरा

५) चरचुरुङ्गीको पिंजडा तथा गाइवस्तुको गोठ

६) चिहान तथा भेवा गरिएको स्थानहरु गाउँको नजिक रहेको बाली रुग्ने मचान, छाप्रो आदी ।

८) वातावरणमा देखिने कुनैपनि अग्लो ठाउँमा खोक्रो देखिने वा उपडखापड देखिने जमिन वा कुनै नयाँ खनेको स्थानहरु

९) सागपात तथा फलफुलका बगैंचाहरु

१०) पानी पँधेरोको वरीपरीको इलाका

११) पराल वा खरको कुनियोहरु

१२) धार्मिक स्थल, स्कुल तथा मन्दिरहरु । यसरी धार्मिक स्थलको तलासी लिदा आदर भक्ति सहित उचित व्यवहार गरिनुपर्दछ । धार्मिक भावनामा आघात पर्ने कुनै पनि कारवाही गरिनुहुँदैन । धार्मिक इलाका वा मन्दिरहरु भरसक फौजले आफ्नो अधिनमा लिनुपर्दछ ।

तलासी लिंदा ख्याल राख्नुपर्ने कुराहरु :

१) जुनसुकै ओहोदाको मानिसमाथि चलाख, चंख भई शंकालु आँखाले हेर्नुपर्दछ । कुनैपनि स्थानीय वासिन्दाले आफुखुसी सहयोगी बन्न खोजेमा त्यसलाई पनि शंकाले हेर्नुपदृछ ।

२) तलासी लिदा सिलसिलेवार एक एक गरी डिटेलमा मिहिन तरिकाले गर्नुपर्दछ ।

३) बाकस वा ताल्चा आफुले नखोल्नु, बस्कधनीलाई खोल्न लगाउनुपर्दछ ।

४) महिलाहरुलाई महिलाले मात्र तलासी लिने । तर चिल्ला नरम अनुहार भएको पुरुष ब्रि्रोही पनि महिलाको रुपमा आउन सक्दछन् ।

५) तलासी लिएका सबै व्यक्ति ब्रि्रोही नहुन सकदछ । त्यसकारण जबपनि तलासी लिइन्छ भने व्यवहार राम्रो र उदाहरणयोग्य हुनर्ुपर्दछ । फौजले आफ्नो राम्रो प्रभाव दिन सक्नुपर्दछ । जनतामा नचाहिदो दुःख र वाधा दिनुहुन्न । गाउँलेहरुलाई खाना र पानीको उपयुक्त प्रवन्ध गरी दिनुपर्दछ। महिला, वृद्ध र बच्चालाई पहिले तलासी लिनर्ुपर्दछ । शंकाष्पद नदेखिएमा छानविन भैसकेपछि जान दिनुपर्दछ ।

संक्षेप :

कर्डन एण्ड सर्चको कारवाही ज्यादै अप्ठेरो अप्रेशन हो । किनकी यस्तो अप्रेसनमा सकेसम्म जनताको मनोभावना बुझन साह्रै कठिन हुन्छ । यस कारवाहीले कतिपय निर्दोष जनतालाई अवश्य पनि असुविधा भएको हून्छ । तरपनि सुरक्षफौजले त्यो कारवाही गरेकै हुनर्ुपर्दछ । यदि सुरक्षा फौजको व्यवहार राम्रो भएन भने अवश्यपनि यस कारवाही पछि जनभावना विपरित भई भड्कीन पनि सक्दछ । अतः आफ्नो व्यवहार र स्वभावले जनतासँग राम्रो असर छाड्ने र जनताको धार्मिक भावनामा चोट नुपुर्याई उक्त कारवाहीको महत्व र जरुरत विषयमा शान्त मिजासले सम्झाउन सक्नर्ुपर्दछ । महिलाहरुलाई सोधपुछ

वा खोज तलास गरीदा वर्ग भावना र आदरपर्ूण्ा तरिकाबाट गरिनर्ुपर्दछ । यस कामको लागि भरसक महिलालाई नै लगाउनर्ुपर्दछ । यो अप्रेशन ज्यादै आवश्यक पर्ने हुँदा कामको मर्म र कारवाही गरीने इलाकाको छनौटको ख्याल राखी भरसक कम शक्तिको प्रयोग गरी जनतालाई कारवाहीको उद्देश्य बुझाई उनीहरुको सहयोग लिन सक्नुमा नै सफलता निर्भर गरेकाछन् ।

सफाइको प्रमाण पत्रको नमूना :

..... गाउँका यो प्रमाणित गर्दछु कि मेरो गाउँको ..... घरमा ..... बजे देखि ..... सम्म को सर्चको कारवाहीमा सुरक्षा फौजले कसैलाई सताउने तथा व्यक्तिगत सरसामान हानी नोक्सानी गरेको छैन । गाउँबाट कुनै पनि व्यक्तिगत सरसामान लगेको छैन भनि यो सफाइ कागज गरिदिए ।

साक्षिको सहिछाप

घर धनीको सहिछाप

LAY OUT OF CASO



कुनै इलाकामा लुकेर बसेको ब्रिराही वा तिनिहरुले लुकाई राखेका हातहतियार र विभिन्न किसिमले लुलाई राखेको सामान पत्ता लगाउने कार्यवाहीलाई स्वीप भनिन्छ । जंगलमा यातायातको असुविधा, देखभालमा कठिनाई इत्यादीको कारणले आफू र आफ्नो सामानहरु छुपाउनु ज्यादै सजिलो हुन्छ । यसकाराण्ले जंगलमा लड्ने फौजले यो अपरेसन राम्ररी जानेको हुनु पर्छ ।

टोलीको वाडफाँड :

क) विटिङ्ग अथवा क्लियरिङ्ग टोली ।

ख) स्टप टोली ।

ग) रिजर्भ टोली ।

क) विटिङ्ग अथवा क्लियरिङ्ग टोली :- यो टोली यूनिट, सव यूनिट मिलेर बनेको हुन्छ । यो समानान्तर दिशामा होस्टायल वा सामानको खोज तलास गर्दै अगाडी बड्दछ । एक जवान देखि अर्को जवानको र एक सव यूनीट र अर्को सवयूनिटसम्मको फासला जमिनी वनावटमा भर पर्दछ । टोलीहरु ठोसदूरीमा अगाडी बड्नु भन्दा सानो सानो टोलीमा वाँडिएर अगाडी बड्नु वेश हुन्छ । होस्टायलको वरखिलाप कार्यवाहीलाई मध्येनजरमा राखि वाई वाउण्ड हर्कत गर्नु राम्रो हुन सक्छ । वाउण्डमा पुग्ने वित्तिकै तुरुन्त रिपोट गर्नु दोवारा तर्तिव गर्नु र यथास्थिर इलाका साफ गर्दै अगाडी वड्नु पर्दछ ।

सव यूनिट कमाण्डरहरुको कमाण्डकन्ट्रोल विकेन्द्रीत र उच्चस्तरको हुनु पर्दछ । ता कि आफ्नो फौज सही ढङ्गले प्रयोग गर्न सकोस । टोलीको नफ्री जंगलको घनत्वमा भर पर्दछ । मिल्न सके हेलिकोप्टरको प्रयोग गरी पूरा अपरेशनमा कमाण्डरले राम्रो कन्ट्रोल गर्न सक्छ । तर याद राखु कि यसवाट सरप्राइज र सेक्युरिटी कायम होस् ।

ख) स्टप टोली :- स्टप टोली लाई २ भागमा विभाजित गर्न सकिन्छ ।

क) स्टाटिक स्टपः स्टाफिक स्टपले बिटिङ टोलीको साफ गर्दै अगाडी बड्दा भागेर आएका बिद्रीहीहरुलाई मार गर्ने काम गर्दछन् । यो आम हालतमा इलाकाको पल्लो छेउमा केही खुल्ला र एमफायर गर्न सकिने इलाका छानी राखेमा राम्रोहुन्छ ।

ख) मोवाइल स्टपः- मोवाईल स्टप स्वीप गर्ने इलाकाको दुइ पट्टी रहन्छ । जमिनको वनावटले दिन्छ । भनेयो टोलीलाई केही उच्चा भागमा राखु पर्दछ । यो टोलीले विटिङ्गको टोलीलाई फायरले कभर दिन्छ । यिनिहरु विटिङ्ग टोलीको हर्कतको साथै आफू पनि अगाडी बढ्दै रहन्छ । स्टप टोली छुपाउको साथ साथै एकले अर्कोलाई देखे गरी राखु पर्दछ । यिनिहरुको पोजिसन चिन्न सकिने जमिनमा हुनु राम्रो हुन्छ । चिन्नको अर्को काम सिभिल जनतालाई कार्यवाहीको इलाकामा पस्न ननिदु हो ता कि आफ्नो पोजिसन र फौजको हर्कत गोप्य रहोस् ।

ग) रिजर्भ टोली :- यो टोलीको मुख्य काम माथिको टोलीहरुमा पाइने क्याजुअल्टि वा माथि नपुग देखिएमा पूरा गर्न र बिटिङ्ग टोली इलाका सफा गर्दा अगाडी बड्दा ब्रिराहीको ठूलो अवरोधको सामना गरी अगाडी बड्न नसकेमा कभरिङ्ग फायर दिई विटिङ्ग टोलीलाई मद्धत दिनु हो । जंगलको घना वनस्पतीको कारणले यस्ता अवरोधहरु हटाउन जनिनमा फौजको कभरिङ्ग फायर त्यत्ति असरदार नहुन सक्छ । त्यसकारण हेलकप्टरको प्रयोग गरी मोवाइल रिजर्भ खडा गर्न सके लाभदायक हुन आउछ । तर्सथ रिजर्भ टोलीलाई

१) जमिनी वा स्टाकिक रिजर्भ

२) मोवाइल रिजर्भ

टोलीहरुमा विभाजन गरे राम्रो नतिजा हासिल गर्न सकिन्छ ।

स्वीप कार्यवाहिको योजना बनाउँदा ध्यान राख्नु पर्ने कुराहरुः-

क) यो कारवाहि सञ्चालन गर्न पूरा मात्रामा फौज भएको हुनु पर्दछ । साधरण तथा धेरै फौजले धेरै ठूलो इलाका सफा गरेको देखिन्छ ।

ख)इलाका सफा गर्ने काम मुख्य त पैदली फौजको हुन आउँछ । आरमोरर र हवाई फौजको मद्धत मिल्न सकेमा यो स्टप मोवाइल रिजर्भको रुपमा प्रयोग गर्न सकिन्छ ।

ग) योजनामा गोप्यता तथा छलकपट हासिल गर्न परेमा यो कार्यवाहिको सफलतामा ठूलो मद्धत पुग्न सक्छ । सफा गर्ने इलाकामा विभिन्न दिशावाट छिरेको वाटोको स्तमाल गरेमा र कार्यवाहीको तरिकामा भिन्नता ल्याएमा यस्तो किसिमको कार्यवाहि हुन लागेको छ । भन्ने वारे विद्रोहीहरुले सोच्न सक्दैन ।

घ) कार्यवाहिमा राम्रो कन्ट्रोल हुनको लागि सफा आदेश र राम्रो मिलाप हुन जरुरी देखिन्छ ।

ङ) आपसमा हुन सक्ने गोलीको खतरा र घाईते हुन नदिनको निमित्त टोलीहरुको विचमा कुनै चिन्न सकिने महसुर निसानाको मद्धतवाट सीमाना तोकिएको हुनु पर्दछ । एकले अर्को इलाकामा फायर गर्नुपरेमा कुनै पहिचानको चिन्ह तोकेको हुनु पर्दछ । र यो चिन्ह हरेक जवानले थाहा पाएको हुनु पर्दछ ।

च) इलाकामा राम्ररी सफाइको निमित्त चाहिने समय दिएको हुनु पर्दछ । तर्सथ सबै अनुपातमा अगाडी बड्ने रफ्तार तोकिएको हुनु पर्दछ ।

छ) यदि विद्रोहीहरुले कुनै किसिमको जवाफी कार्यवाहि गर्न लागेमा वा स्टप लाइन तोडी भाग्न खोजेमा तिनीहरुलाई वर्वाद गर्नको लागि मोवाइल रिजर्भ तयारी हालतमा राखनु पर्दछ ।

यो अपरेसन सफल वनाउन निम्न कुराहरुमा विशेष जोड दिनु पर्दछ ।

क. योजना तथा कार्यवाहिमा छरितो पन ।

ख. सुरक्षा

ग. सरप्राइज

घ. अवान्छित हर्कत नगर्ने ।

ङ. खराव मौस र अप्ठेरो जमिन प्रयोग नगर्ने ।

च. नयाँ नयाँ ट्याक्टीस प्रयोग गर्ने ।

छ. राम्रो सिद्धान्त र यातायातको साधनको प्रयोग गर्नु ।

Reserve

(Seach & Destroy) खोज तथा बिनासको कारबाही :

परिचय

साधारणतया बिद्रोहीहरुको ट्याक्टिस सुरक्षाफौजमाथि अचानक हमला गर्नु र जंगल अथवा मानिसहरुको विच हराउनु हो । संभव भएसम्म तिनीहरु जनताहरुविच रहन मन पराउँछन् । यदि गाउँ या मानिसहरुका विचमा सुरक्षाफौजको दवाव बढ्न गयो भने जंगल तर्फजान वाध्य हुन्छ । हरकतको दौरानमा ब्रिरोहीहरु जंगलमा गाउँदेखि टाढा रहेको एकान्तको छाप्रोमा लुक्न सक्दछन् । त्यहाँ भन्दा अघि गाउँतिर बढ्न आफ्नो एजेण्ट र र्समर्थकहरुद्धारा निश्चित गरी सुरक्षाफौजको हरकत छैन भनि यकिन गरेर मात्र अघि बढ्दछन् । ब्रिरोही संगठनले आफ्नो तालिममा वन्दोवस्ती र अन्य अप्रेशनको लागि जंगलभित्र गोप्यरुपा क्याम्प तथा हाइड आउट स्थापना गरेका हुन्छन् । त्यसैले जंगलमा भएको ब्रिरोही क्याम्प तथा हाइड आउट खोजतलास गरी वर्वाद गर्ने कार्यलाई नै सर्च एण्ड डिस्ट्रोय अप्रेशन भनिन्छ ।

उद्देश्य :

सुरक्षाफौजले सर्च र डिस्ट्रोय अप्रेशनको संचालन ब्रिरोहीलाई समाप्त वा मार्नको लागि गर्दछ । यो कारवाहीहरु निम्न उद्देश्य राखेर संचालन गरिन्छ ।

क) बिद्रोहरुलाई पत्ता लगाई पक्राउ गर्न वा मार्न ।

ख) होस्टायल क्याम्प तथा हाइड आउट पत्ता लगाउन र वर्वाद गर्न

ग) हतियार एम्मुनेशन बिद्रोहीको भाषा, कागजपत्रहरु र इक्युपमेन्टहरु कब्जा गर्न ।

घ) स्थानिय मानिसहरुलाई सरकारको अधिकारको प्रदर्शन गराउनु जहाँ बिद्रोहीहरु सक्रिय रहनुका साथै स्थानिय जनतालाई जवरजस्ती आफ्नो पक्षमा ल्याउन खोजीरहेका हून्छन् ।

ङ) आफ्नो फौजलाई जमिनसँग परिचय गराउनु

३) क्याम्प तथा हाइड आउटको छनौट :

होस्टायलहरुले साधारणतया क्याम्प र हाइडआउटको छनौट गर्दा निम्न कुराहरुको ख्याल राखी छान्ने गर्दछन् ।

क) जमिन

ख) पानी

ग) खेतिइलाका

घ) स्थानिय जनता

बिद्रोहीहरुद्धारा उक्त स्थानबाट गरिने विभिन्न हर्कतहरु

क) गाउँमा जाने आउने गर्दछन् । जसको उद्देश्यहरु निम्न छन् ।

१) सप्लाईको लागि

२) खबर प्राप्त गर्न

३) एजेण्टसँग कन्ट्याक्ट गर्न

४) प्रोपोगाण्डा गर्न

५) परिवार, नातागोतालाई भेट्न

६) कर जम्मा गर्न

७) सैन्य भर्ना गर्न ।

ख) बिद्रोहीहरु एउटा क्याम्प हाइड आउट बाट अर्को क्याम्प तथा हाइड आउटमा हरकत गर्दछन् ।

ग) बिद्रोहीहरुले सहयोगबाट सुरक्षाफौजको विरुद्ध सरकारी कर्मचारी र उनीहरुलाई सहयोग नगर्ने स्थानिय जनताको विरुद्ध विभिन्न कार्यहरु संचालन गर्दछन् ।

सुरक्षा :

बिद्रोहीहरुले सुरक्षाको लागि गाउँमा इन्टेलिजेन्स नेटवर्क खडा गरेका हुन्छन् । तिनीहरुको एजेण्टहरुले सुरक्षाफौजको हरकतबारे जानकारी दिइरहेका हुन्छन् साथै तिनीहरुको क्याम्प वरीपरि सुरक्षा फौजको आउन सक्ने संभावित ठाउँहरुमा आउट पोष्ट खडा गरेको हुन्छ र उक्त इलाकामा सर्भिलेन्स पनि राखिएको हुन्छ ।

सर्च एण्ड डिस्ट्रोय कारवाहीको दौरानमा ब्रि्रोहीको प्रतिक्रिया :

उक्त क्याम्प र एरियाको खोजीको कारवाही हूँदैछ भन्ने थाहा पाएपछि ब्रि्रोहीले निम्न बमोजिमको प्रतिक्रिया अपनाउँदछन् ।

क) क्याम्पबाट एकै समूहमा वा विभिन्न सानो पार्टि भाग्नु ।

ख) बोकेर लैजान नसकिने वन्दोवस्ती सामान स्टोर, इक्युपमेन्ट र हतियार क्याम्प या हाइडआउटको नजिक लुकाउनु

ग) बिद्रोहीहरुले यदि हतियार एम्मुनेशन लिएर भाग्ने मौका छैन भन्ने लागेमा आफ्नो हतियार कहिँ लुकाई आफ्नो युनिर्फम या लुगा वदली साधारण गाउँलेको भेषमा स्टपहरुको ग्यापबाट निर्दोष गाउँलेको भेषमा पास हुन्छन् ।

घ) जब जंगलमा सर्च हुन्छ तव तिनीहरु गाउँमा भित्र जान खोज्छन् । यदि तिनीहरुले भाग्ने प्रयास समय पाएन भने क्याम्प या हाइड आउट नजिकको झाडीमा लुक्न सक्छन् । र यदि तिनीहरुसँग चाहिँदो मात्रामा नफ्री र हतियार छ भने आफ्नो मानिसहरु पुरा नहुञ्जेल फायरले इनगेज गरी राख्र खोज्छन् ।

च) कोही कोही अवस्थामा सुरक्षाफौजको सर्च गरिरहेको टोलीलाई एम्बुसमा पार्ने कोशिस गर्दछन् ।

छ) भाग्दाखेरी साधारणतया तिनीहरु तलतिर खोल्साखाल्सी नालाको माध्यमबाट जतिसक्यो छिटो भाग्न खोज्छन् ।

योजना :

जंगलको प्रत्येक बुट्टा बुट्टा सर्च गर्न गाह्रो हुन्छ । त्यसैले जंगल सर्च गर्नुको उद्देश्य यो हुनपर्छ की जुन इलाकामा व्रिरोही क्याम्प तथा हाइड आउट हुन सकने बढी संभावना हेस् त्यसइलाकामा सर्च गर्नुपर्छ । योजनामा निम्न कुराहरु समावेश हुनुपर्दछ ।

क) प्रयाप्त फौज

ख) जमिनी विश्लेषण

ग) इन्टेलिजेन्स

१) जमिनको बारेमा खबर

२) व्रिरोहीको बारेमा खबर

घ) संकेत प्राप्त गर्नु

१) कर जम्मा गर्नु

२) रिक्रुट भर्ना गर्नु

३) स्थानिय जनताबाट पैंसा जम्मा गर्नु र सरकारी कर्मचारीलाई सताउनु

४) प्रोपोगाण्डा

सरप्राइज र धोका दिने उपाय :

साधारणतया व्रिरोहीहरु सुरक्षफौजको हरकत पहिले नै थाहा पाई सर्च एण्ड डिस्ट्रोय अप्रेशन शुरु हुनुभन्दा अगाडी नै अदृश्य हुन्छन् । त्यसकारण अन्तिम समयसम्म खबरको सुरक्षा होस् भन्ने निश्चित गर्न छक्याउने र धोका दिने उपाय अपनाइन्छ । जुन निम्नबमोजिम छन् ।

क) कारवाही गरिने भन्दा अन्य इलाकामा फौजको हरकत देखाउन

ख) फौजहरु रात परेपछिमात्र हरकत गर्ने

ग) फौजहरुलाई कारवाही गर्ने इलाकाबाट दिनको समयमा बाहिर लैजाने र रात परेपछि पुनः ल्याउने

घ) अन्तिम बेलामा नजिकको गाउँवस्तीमा कफ्र्यु लागु गर्ने ।

ङ) निजामति कर्मचारीलाई अन्तिम बेलामा मात्रै खबर पास गर्ने ।

च) फौजलाई कारवाही गर्ने इलाकामा विभिन्न दिशाबाट एकैसमयमा भित्र छिराउने ।

छ) मुख्यबाटोको प्रयोग हटाउने । क्रस कन्ट्री र प्रयोग नगरेको बाटो प्रयोग गर्ने

ग्रुपको संगठन र कार्य संचालन :

युनिट र सबयुनिटलाई प्रष्ट रुपमा काम बाँड्नपर्दछ । यो यकिन गर्नुपर्दछ कि आफ्नो फौजहरुविच मुठभेट नहोस् । जिम्मेवारीको क्षेत्र र काम राम्रोसँग बताइएको हुनुपर्दछ ।

सर्च र डिस्ट्रोय अप्रेशनमा भाग लिने युनिट र सबयुनिटलाई निम्न ग्रुपमा विभाजन गर्नुपर्दछ ।

क) स्टप पार्टि

१) फौजको बढी नफ्रि जमिन हेरी बढाउन सकिन्छ । स्टप पार्टिबद्राही भाग्न सक्ने बाटोमा राख्नु पर्दछ । राख्दा सधै जोडीमा राख्नु पर्दछ । यिनीहरुको काम, भित्रका ब्रिराहीहरुलाई बाहिर जान नदिनु र बाहिरबाट आएका ब्रिराहीलाई भित्र जान नदिनु हो ।

ख) सर्च पार्टि

१) क्याम्प र हाइड आउट फेला परेमा कारवाही
२) इनकाउण्टरको मौका
३) पिछा गर्नु
४) खतरा पास गर्नु
५) खासगरि शंकाष्पद एरियाको सर्च
६) समन्वय
७) चिन्ने इशारा
८) पिछा गर्ने कला

ग) रिजर्भ पार्टिः

१) शुरुमा नियन्त्रण उपायहरु लागु गर्नु जस्तै नजिकको गाउँ र बाटोमा कर्फ्यु, रोडब्लक, चेकपोष्ट खडा गर्नु ।
२) कारवाहीको इलाकामा स्टपको रुपमा काम गर्न तयारी हुने ।
३) क्याम्प र हाइड आउटमाथि रेड गर्न तयरी हुने
४) भागेको होस्टायलको पिछा गर्न तयार हुने

प्रतिक्रिया :

यस्तो अप्रेशनमा विभिन्न अवस्थामा ब्रिरोहकिो प्रतिक्रिया विचार गरी कमाण्डरले स्टपको लोकेशन चेन्ज र रिजर्भको रामं्रो प्रयोग गर्नुपर्दछ ।

सर्चको तरिका :

- स्वीप तरिका (Sweep Method)
- सेलेक्टीभ तरिका (Selective Method)
- फ्यान तरिका (Fan Method)
- बेशलाईन तरिका (Base Line Method)

निचोड :

एरिया सर्च अप्रेशन यदि राम्रो खबर प्राप्त भएको छ भने राम्रो नतिजा हाँसिल गर्न सकिन्छ यसमा देखिने रिजःल्ट पाउन गाह्रो हुन्छ । किनभने ब्रिरोहीले पहिले नै खबर प्राप्त गरि जंगल या गाउँमा नै लान सक्छन् । यो अप्रेशन जे भएपनि बिद्रीहीलाई थकित र दौडाईरहने र उनीहरुले उक्त एरियामाथि नियन्त्रणबाट रोक्ने उद्देश्यले गर्दा यो अप्रेशन ब्रिरोह दमनको कारवाहीको दौरानमा ज्यादै महत्वपूर्ण हुन आउँछ ।

सहरी घेरा तथा तलासी

परिचय

शहरी ईलाकामा विद्रोहीहरु जनताको बिचमा सुरक्षा फौज बारे सजिलै खबर प्राप्त गरि बसेका हुन्छन् र विद्रोहीहरुलाई जनताबाट छुट्याउन गाह्रो हुने हुँदा सुरक्षा फौजलाई झुक्याई भाग्ने सम्भावना बढि हुने भएकोले शहरी घेरा तथा तलासीमा सुरक्षा फौजले विशेष किसिमको तरिकाहरु अपनाउनु पर्दछ ।

ग्रामिण ईलाकामा घेरा तथा तलासी गर्दा सुरक्षाफौजलाई फाईदा :

- फौजलाई तैनाथ गर्न सजिलो पर्दछ ।
- फायर पावरको प्रयोग गर्न सकिन्छ ।
- विद्रोहीलाई जिल्याउन सकिन्छ ।
- नियन्त्रण गर्ने उपायहरु असरदार रुपमा लागू गर्न सकिन्छ ।
- धेरै ईलाकालाई सर्भिलेन्समा राख्न सकिन्छ ।

शहरी ईलाकामा घेरा तथा तलासी गर्दा सुरक्षाफौजलाई बेफाईदा :

- फौजलाई तैनाथ गर्न गाह्रो हुन्छ ।
- देखभालमा अवरोध आउँदछ ।
- फायर पावरको प्रयोगमा बाधा आउँदछ ।
- गाडिहरुको प्रयोग गर्न गाह्रो हुन्छ ।
- नियन्त्रण गर्ने उपायहरु अपनाउन गाह्रो हुन्छ ।
- धेरै ईलाकालाई सर्भिलेन्समा राख्न सकिन्छ ।

शहरी ईलाकामा बिद्रोहीलाई फाईदा

- जनताको बिचमा पसी भाग्न सक्दछ
- कम्युनिकेशन सिस्टमको फाईदा उठाउन सक्दछ ।
- सुरक्षा फौजको क्रियाकलापमरु सर्भिलेन्समा राख्न सकिन्छ ।
- बेरोजगार र बिद्यार्थीको भावनाको फाईदा उठाउन सक्किन्छ ।
- सरकारी निकायहरुमा घुसपैठ गर्न सकिन्छ ।

विद्रोहीको उद्देश्य

- जनतालाई परेको असुविधाको फाईदा उठाउँछन् ।
- सुरक्षा फौजलाई असफलताको फाईदा उठाई व्याकुल पार्दछन् ।
- सुरक्षा फौजलाई सतर्कता अपनाउन बाध्य गर्दछ ।
- सरकार कमजोर र असक्षम भएको दर्शाउन खोज्दछ ।

शहरी घेरा तथा तलासीको आधारभूत सिद्धान्त

- सरप्राईज

- ईन्टेलिजेन्स
- ईलाकाको जानकारी
- पक्का ईरादा
- छिटो र दुरुस्त कारवाही ।

जिल्याउने कार्य :

घेरा तथा तलासीमा जिल्याउने कार्य अति नै महत्वपूर्ण हुने भएकोले निम्न कुराहरु ध्यानमा राख्नु जरुरी हुन्छ ।

- पोष्टमा गरिने सबै कारवाही चालु राख्नु पर्दछ तथा कुनै प्रकारको उद्देश्य जाहेर हुने कार्य हुन दिनु हुँदैन ।
- थोरै (आवश्यक) व्यक्तिलाई मात्र ईलाका र कारवाहीको बारेमा थाहा हुनु पर्दछ ।
- कारवाही क्षेत्रमा हर्कत नगर्नुको कारण विद्रोहीलाई खबर पठाउने व्यक्तिले यसको कुनै ज्ञान नपाओस ।
- गाडीहरुलाई परै छाडि त्यस ईलाका नजिक आउनु पर्दछ ।
- त्यस क्षेत्रमा रेकी गर्दा स्थानिय व्यक्तिको रुपमा सिभिल लुगामा गर्नु पर्दछ ।
- सधै कारवाही चुस्त गतिमा हुनु पर्दछ ।

बनावट :

- **भित्री कर्डन** :- तलासी गर्नै स्थानलाई घेरा लगाउँदछ ।
- **बाहिरी कर्डन** :- एमसिपि को तवरमा विद्रोहीहरु भाग्न सक्ने बाटोहरुमा राखिन्छ ।
- **सर्च पार्टी** :- प्रहरी संग समन्वय गरी सर्च गर्नुपर्ने घरलाई घेरेर सर्च गर्ने कार्य गर्दछ । सर्च र सपोर्ट ।
- **छानबिन तथा चिन्ने टोली** :- सोधपुछ तथा छानबिन गर्न तालिमप्राप्त सोधपुछकर्ता, सुचना दिने व्यक्ति, प्रहरी समेत हुनु पर्दछ ।
- **कैदी टोली** :- कैदी तथा शंका लागेको खास व्यक्तिको को निगरानी राखी एकआपसमा गफ गर्न नदिने कार्य गर्दछ ।
- **सिभिक एक्सन टोली** :- जनताहरुलाई कारवाहीको आवश्यकता बारे बोध गराउने र बिबिध कार्यहरु जस्तै आदर सत्कार गर्ने, बिरामी चेकजाँच तथा औषधी बाँड्ने, दैनिक उपभोग वा आवश्यक वस्तुहरु बाँड्ने आदि कार्यहरु गरी जनताको मन जित्ने कारवाहीहरु गर्ने ।
- **जगेडा टोली** :- यो टोली कुनैपनि प्रकारको घटनासंग मुठभेड गर्न राखिएको हुन्छ, यसले निम्न कार्यहरु गर्दछ ।

१. घेरा भित्र विविध हुलदंगा र गैरकानुनी हुललाई नियन्त्रण गर्ने ।

२. कर्डन टोलीलाई सहयोग

३. कर्डन तोडी भाग्ने विद्रोहीलाई पिछा गर्ने ९ट्रयाकर डग पनि हुन्छ० ।

४. विभिन्न रिलिफ गर्ने ।

व्याटल प्रोसिजर

कारवाहीको सफलताको लागि डिटेल ब्रिफिङ्गको आवश्यकता पर्दछ । ब्रिफिङ्गमा निम्न कुराहरु समावेश गरिनु पर्दछ ।

- तार्गेट ईलाका र उक्त ईलाकामा जाने विभिन्न बाटो तथा स्थानहरु।
- प्रहरी संग समन्वय गर्ने स्थान ।
- रिलिज प्वाईन्ट र आरभि को स्थान र उक्त स्थानहरुमा जाने बाटोहरु ।
- अर्डर अफ मार्च ।
- कर्डन गरिसक्नु पर्ने समय ।
- सर्च पार्टीको बनावट ।
- बिभिन्न अन्य टोलीहरुको कार्य र जिम्मेवारी ।
- गार्ड टोलीलाई विशेष निर्देशन र केज राख्ने स्थान ।
- झुक्याउने तरिकाहरु ।
- सम्भव भएमा रिहर्सल गरिनु पर्दछ ।

कर्डन लगाउने कारवाही

- अप्रेशन ईलाका ठूलो भएमा बाहिर जाने सबै सडकहरुमा बाहिरी कर्डनले रोडब्लक गर्नु पर्दछ ।
- भित्री कर्डनले तार्गेट ईलाकालाई अन्य ईलाकाबाट छुट्याउनु पर्दछ ।
- फौजले एकैचोटी बिभिन्न दिशाबाट घेरा हाल्न समयको सही समन्वय गर्नु पर्दछ ।
- फौजले आरभि छाडेपछि सरप्राईज हराउने खतरा हुने हुँदा छिटो गतिमा दौडेर भएपनि छिटो घेरा हाल्नु पर्दछ ।
- कर्डन स्थापना भईसकेपछि कर्फ्यु लगाउन सकिन्छ र जनतालाई यसबारे जानकारी दिनु पर्दछ र कसैलाई पनि आदेश बेगर घरबाट बाहिर निस्कन दिनुहुँदैन ।
- सबै टोली कमाण्डरहरु बिच रेडियो सेटमा मिलाप हुनु पर्दछ । कर्डन गरेको पूर्ण एकिन भएपछि मात्र तलासीको कारवाही शुरु गरिन्छ ।
- घेरा लगाईसकेपछि त्यस क्षेत्रको टेलिफोन लाईनलाई काटिदिनु पर्दछ, मोवाईल तथा अन्य संचार माध्यमहरु प्रयोग गर्न दिनुहुँदैन ।

सर्च गर्ने तरिका

जनतालाई मेगाफोनबाट सर्च बारे जानकारी दिनुपर्दछ । सर्च टोलीमा महिला र पुरुष प्रहरी दुबैलाई समावेश गरिनु पर्दछ । सर्च गर्दा तर्तिबार निम्न कुराहरुलाई जोड दिई गर्नु पर्दछ ।

एस्कर्टले पोजिसन लिएपछि सर्च शुरु गर्नु पर्दछ । सेन्ट्री जोडीमा घरको छानामाथी राखेमा बढि असरदार हुन्छ ।

- तलासीको समय घरको मुली व्यक्ति संगै हुनु पर्दछ ।
- माईन डिटेक्टर, ट्रयाकर डगको प्रयोग बढि असरदार हुन्छ । कुनैपनि स्थानलाई छाड्नु हुँदैन र शंका नलाग्ने स्थानहरुमा नै सामानहरु लुकाएको हुन्छ ।
- कुनै घर तलासी गर्दा त्यस घर तर्फ वा बाट कसैलाई हर्कत गर्न दिनु हुँदैन ।
- सर्च गरिसकेको घरलाई चिनो लगाई कर्डन फुकाउनु पर्दछ ।
- सर्च पछि घरको मुली व्यक्ति संग सफाईको प्रमाणपत्र लिनु पर्दछ ।
- घर भित्र तलासी गर्दा कोठाको भुई कार्पेट मुनि समेत हेर्नु पर्दछ । कोठाको मुनि र कोठा संगै अर्को गोप्य कोठा ससमेत हुन सक्दछ ।
- तलासी गर्ने टोली ढोकाबाट पस्नु हुँदैन, झ्यालबाट पस्दा समेत धराप नभएको एकिन गर्नु पर्दछ ।

स्पोट सर्च :

- विद्रोही तथा आवश्यक शंकालु व्यक्तिहरुको बारेमा निश्चित खबर प्राप्त भएमा बेग्लै विशेष टोली वा क्युआरटि बाट स्पोट सर्च गरिन्छ । यसमा कर्डन पार्टी, सपोर्ट पार्टी र सर्च ग्रुप हुन्छ ।

मनोवैज्ञानिक पक्ष :

- घेरा तथा तलासीको कारवाहीमा जन समूहलाई असुविधा पर्ने हुँदा कारवाहीको आवश्यकता र महत्व बारे जनतालाई बिभिन्न पोष्टर, रेडियो, मेगाफोन मार्फत जानकारी गराउनु पर्दछ यो कारवाही सकेसम्म छोटो अवधीको हुनु पर्दछ । निश्चित र शंकालु घरहरुको मात्र तलासी लिएमा समय कम लाग्दछ ।

संक्षेप

- विद्रोहको विश्वमा नै शहरी क्षेत्र तर्फ बढ्दो विकास भईरहेको र शहरी क्षेत्रमा फौजलाई विविध समस्या संग जुध्न पर्ने हुँदा पूर्ण योजना र विस्तृत आदेशको साथै रिहर्सल र खबरको आवश्यकता पर्दछ । साथै फौजहरु तालिम प्राप्त, जोश र फूर्तिलो हुनु पर्दछ ।

रोड ब्लक

परिचय

प्रतिब्रिरोहको बलामा ब्रिरोहीको सप्लाई, हर्कतलाई ब्रिरानी राख्न तथा संकालु र हतियारालाई पत्ता लगाउन, पक्रन, पत्ता लगाउन बाटोमा चेक प्वाईन्ट खडा गरिन्छ भने त्यस्तो कारवाहीलाई रोड ब्लक भनिन्छ ।

रोड ब्लकको किसिम

क) डेलिबरेट रोड ब्लक

ख) हेस्टी रोड ब्लक

क) डेलिबरेट रोड ब्लक : यस्तो रोड ब्लक विशेष गरी मुख्य मुख्य बाटोहरुमा ब्रिराहीको हर्कत तथा सप्लाईलाई कम गर्न लगाईन्छ । यस्तो रोड ब्लक प्राय गरी लामो समयको लागि लगाईन्छ । यसमा उलेखिनिय सफलता हासिल गर्न सक्दैन । यसबाट खाली हर्कत माथि नियन्त्रण हुन्छ । जस्तै : थानकोट, भालुवाङ्ग, कुसुम, सम्शेरगंज, बनबेहडा आदी ।

ख) हेस्टी रोड ब्लक : यस्तो रोड ब्लक अचानक कुनै विशेष योजना विना विशेष शत्रुबाट प्राप्त हुन आएको आधारमा उक्त स्थानमा रोड ब्लक लगाईन्छ । यसमा सर-सप्राईज, चकित पारी सफलता हासिल गर्न सकिन्छ । सफलता हासिल गर्न योजना कारवाही सके सम्म छिटो हुनु पर्दछ । यस्तो रोड ब्लकको पोजिसन अरुले थाहा पाएपछि डेलिबरेट सो सहर हुन्छ ।

रोड ब्लकको पार्टि :

१) व्याक स्टप
२) ब्यारियर सेन्ट्री
३) ट्राफिक सेन्ट्री
४) रोड ब्लक हेक्वा
५) कभरिङ्ग पार्टि
६) सर्च पार्टि व्यक्ति सर्च र गाडी सर्च)
७) स्किनिङ्ग एण्ड आडेन्टीफिकेशन पार्टि
८) गार्ड वा केज पार्टि
९) सिभिक एक्सन पार्टिोड

ब्लक थाप्नुको उद्देश्य

क) बाटोको हर्कत माथि लगातार ब्रिरानी राख्न ।
ख) सुरक्षा फौजलाई असर गर्ने । जस्तैः हात हतियार, गोली गठ्ठा तथा ब्रिरोहीलाई रासन सप्लाई नियन्त्रण गर्न ।
ग) शंकालु व्यक्ति हतियारालाई पक्राउ गर्न ।
घ) ब्रिरोहीको हर्कतलाई कम गर्न ।
ङ) स्थानिय प्रशासनलाई खाद्य तथा अन्य कुराहरुको नियन्त्रणमा सहयोग गर्न ।

सिद्धान्त

रोड ब्लक खडा गर्नु छ भनें निम्न बमोजिम सिद्धान्त अपनाउनु आवश्यक छ ।

क) छुपाउ : छुपाउको निमित्त बाटोको मोडमा लगाईन्छ ताकी कुनै ब्यक्ति वा मोटर लुकेर फर्कन नसकोस्

ख) सुरक्षा : रोड ब्लक थाप्दा खासगरी शुरु शुरुको समयमा सुरक्षाको लागी चाहिने फौज हुनु पर्दछ । सर्च ईलाका भन्दा केही टाढा दुवै तिर ब्याक स्टपहरु वायरलेस वा टेलिफोन सहित राख्न जरुरी छ । यी ब्याक स्टपहरुको काम मोटर तथा व्याक स्टपहरुको निगरानी राखी ब्रिरोहीहरुलाई रोड क्रसबाट छल्न नदिनु हो ।

ग) बनावट : रोड ब्लकको बनावट परिशिष्ट (क) मा जनाईएको छ ।

घ) लेआउट : रोड ब्लकलाई चाहिने फौजको नफ्री, रोड ब्लक थाप्ने स्थान र उक्त बाटोमा चल्ने ट्राफिकले नै निर्धारित गर्दछ । यसकारण हरेक रोड ब्लकमा प्रहरी तथा दोभाषे उपस्थित हुनुपर्दछ । महिला ब्यात्तिको तलासी गर्नु छ भने महिला सर्चको प्रबन्ध र सर्च हुने ब्यक्तिहरु राख्ने ।

ङ) पूर्व जनाउका साधनहरु : गाडि आएको जनाउ दिने साधनहरु जस्तै रेडार ईत्यादी भएमा निकै फाईदा हुन्छ । यस्तो साधन नभएको अवस्थामा व्याक स्टपहरुबाट काम लिनु पर्दछ ।

च) मिलाप :- माथिल्लो हे.क्वा.सम्म मिलाप राख्न वायरलेस फोन तथा रेडियोसेट, डेलिबरेट रोड ब्लकमार् इन्टरकमको व्यवस्था भएमा छिटै ब्यवस्था गर्न सकिन्छ ।

छ) बन्दोबस्ती : रोड व्लकमा भाग लिने फौजहरु बन्दोवस्ती काममा आत्म निर्भर हुनु पर्दछ ।

गाडी तलासी गर्ने गरिका :

क) हरेक गाडीको बेग्लै बेग्लै तलासी लिनु पर्दछ । साधारणतया एक दिनमा सबै गाडिहरुलाई तलासी लिनु भन्दा केही शंकालाग्दो गाडिहरु छनौट गरी पुरै खोलिकन तलास गर्नु उत्तम हुन्छ । उक्त गाडिहरुको अन्य भागहरु खोल्न मेकानिक्सको जरुरत पर्न सक्दछ । बाकि गाडिहर्रुाई साधारण किसीमबाट तलास गर्न सकिन्छ । तलास गर्ने गाडिहरुलाई कुर्राई राख्दा उक्त गाडिका व्याक्तिहरुलाई गाडिहरुलाई गाडिभित्रै राखी एक एक वटा गाडिको तलासी लिनु पर्दछ ।

ख) मामूलि गाडी तलास गर्न एउटा तलासी लिने व्यक्तिर उसको बचाउको लागि एउटा सशस्त्र सेन्ट्री र ट्रकहरु जस्तै हेभी गाडि तलासी लिनु पर्दा दुईजना तलास्ने व्याक्ति तथा दुईजना सशस्त्र सेन्ट्रीको आवश्यकता पर्दछ ।

ग) गाडीको तलासी लिदा लिदै यात्रीको तलासी लिनु पर्दछ ।

घ) तलासी लि सकेपछि केही सामानहरु हराएको छैन भनि गाडि धनिबाट कागज लिनु पर्दछ र केही गरी मोटारबाट केही संका लाग्दो सामान ननिस्केमा उक्त गाडीलाई छाडि दिनु पर्दछ ।

ब्यक्ति तलास गर्ने तरिका :

क) पाखुरा मुनि, कम्बर, पेट, त्रिराको बिच र काँधमा पुरा ध्यान दिनु पर्दछ । महिलालाई महिलाले मात्र सर्च गर्नुपर्दछ ।

ख) कपडाहरु छाम्दा हातका औंलाहरु गाडेर छाम्ने जसले गर्दा कपडा मुनी लुकेका चिज फेला पर्न सकोस् जस्तै चक्कु, पेस्तोल आदी ।

ग) महिलाहरुको कपालमा विशेष ध्यान दिनु पर्दछ ।

घ) ब्यक्तिहरुको तलासी भईसकेपछि ड्र्राईभिङ लाईसेन्स, आई.डी.कार्ड जस्ता सरकारर्ीर् इक्वीपमेन्ट छभनें हेर्नु पर्दछ । उक्तर् इक्वीपमेन्टहरुलाई आपसमा दाँजी तस्बीर सहित सबै हेरी आफुले रोजेको ब्यक्ति संग मिल्छ मिल्दैन चेक गर्नुपर्दछ ।

आई.डि.कार्डहरु चाज गर्ने तरिका :

क) कार्डमा भएको तस्बिर र ब्यक्तिलाई दाँज्नु र तस्बिर खिचेको परिस्थिति ख्याल राखनु जस्तै : तस्बिरमा जुंगा छ र हाल जुंगा छैन भनें फरकको बिचार गर्नु पर्दछ । त्यस्तै टोपी लगाएको, नलगाएको पनि

फरक हुन्छ । तस्बिर र ब्यक्ति जांच्दा बुढी औलाले कपालको भाग छोपेर बाँकी अनुहार चेक गरेमा नतिजा हाँसिल गर्न मद्दत मिल्छ । किनकी तस्बिरमा एक तरिकाबाट कपाल कोरेर हाल उक्त ब्यक्ति अर्को तरिकाबाट कपाल कोरेको छभनें अनुहारका निकै फरक देखिन आँउछ । उमेरले पनि निकै फरक देखाँउछ ।

ख) छाप : तस्बिरको कुनामा भएको छाप वा हस्ताक्षर हो । चेक गरेमा पहिलाको तस्बिर हो वा अर्को नयाँ तस्बिर हालैको भन्ने कुरा थाहा हुन्छ ।

ग) ब्यक्तिलाई आई.डी.कार्ड बारे सबाल सोध्दा सिधा सबाल सोध्नु पर्दछ । जस्तै तपाईको नाम के हो - बेठिक सबाल "तपाईको नाम श्याम बहादुर हो -"

घ) ल्याप्चे छाप : ठिक हो वा हैन उक्त विषय सम्बन्धि विशेष तालिम प्राप्त ब्यक्तिको जरुरत पर्दछ । त्यसैले साधारणतया ल्याप्चे छापलाई ठिक भनि मान्नु पर्दछ । तर उक्त ब्यक्ति माथी अरु कारणबस केही सक भएमा माथिल्लो हे.क्वा मा पठाउनु पर्दछ ।

लेआउट



स्वास्थ्य सेवा र प्राथमिक उपचार

परिचय :

कुनै पनि बिरामी वा घाईतेलाई चिकित्सक आउनु अघि वा अस्पताल पुर्याउनु अघि दर्घटना भएकै ठाउँमा सर्वप्रथम गरिने उपचारलाई प्राथमिक उपचार भनिन्छ । यो खास कुनै विषेश उपचार नभई चिकित्सकको विषेश उपचार पाउनु पूर्व घटना स्थानमा उपलब्ध स्रोत साधनहरुको सहयोगबाट गरिने उपचार मात्र हो । जसले बिरामीको वा घाईतेको जीवन बाँच्न ठुलो योगदान दिएको हुन्छ ।

प्राथमिक उपचारका उद्देश्यहरु :

प्राथमिक उपचारका प्रमुख उद्देश्यहरु निम्न छन् ।

१) घाईते वा बिरामीको जीवन बचाउनु ।

२) घाईते वा बिरामीको अबस्था ब्रि्रनबाट बचाउनु ।

३) बिरामीलाई विशेष उपचारको निमित्त सम्बन्धीत ठाउँमा पुर्याउनु ।

४) आवश्यक परेमा बिरामीको पर्ववअवस्था बारे चिकित्सकलाई अवगत गराउनु ।

प्राथमिक उपचारको उत्तर दायित्व तथा भूमिका :

घरी-घरी भईरहेको दुर्घटनामा प्राथमिक उपचारको भुमिका ज्यादै महत्वपूर्ण हुन्छ । त्यसैले दुर्घटना हुदा प्राथमिक उपचारले निर्वाह गर्नु पर्ने उत्तरदायित्व निम्नानुसार छन् ।

१) घटना स्थलको अध्यान गर्नुका साथै आफ्नो जीवनको सुरक्षाको पनि ख्याल गर्नु पर्दछ ।

२) घटनाका कारक तत्वलाई घटनास्थलबाट हटाउनुको साथै बिरामीलाई सुरक्षित स्थानमा राख्नु पर्दछ ।

३) रोग वा घाउ, चोटपटकको प्रकृति हेरि ति चोटपटकको उचित निदान गर्नु पर्दछ ।

४) रोगिको अवस्था तुरुन्त पत्ता लगाउनु पर्दछ ।

५) प्राथमिकता अनुसार यथास्रि उपचार उपलब्ध गराउन जति सक्दो छिटो व्यवस्था मिलाउनु पर्दछ ।

६) रोगि र दुर्घटनाको विवरण विस्तृत रुपमा रेकर्ड राख्ने ।

७) दुर्घटनाको प्रकार र प्रकृतिको जानकारी सम्बन्धीत निकायलाई दिलाउनु ।

प्राथमिक उपचारकमा गुण वा विशेषताहरु :

एउटा सफल प्राथमिक उपचारक हुनुका लागि उक्त व्यक्तिमा निम्न गुणहरु हुनु आवश्यक हुन्छ ।

१) रोगिको अवस्थाको बारेमा जानकारी सजिलैसंग लिन र दिन सक्ने ।

२) स्थानिय स्रोत साधनको परिचालन गर्न सक्ने ।

३) काम गर्दा आत्मा विश्वास हुनु पर्ने ।

४) जुन काम गर्नु छ त्यो छिटो भन्दा छिटो गर्ने ।

५) चोडाँ भन्दा चाँडो फैसला गर्न सक्ने ।

प्राथमिक उपचारका नियमहरु :

१) बिरामीलाई सुरक्षित स्थानमा लगेर राख्ने ।

२) कसिएको कपडा वा बुट लगाएको छ भने खुकुलो पारी दिने ।

३) विरामीलाई सान्वना दिने ।

४) स्वास मार्ग वन्द छ भने खुल्ला गरी दिने ।

५) बेहोस हुनबाट बचाउने ।

६) छिटो भन्दा छिटो अस्पताल पुर्याउने ।

सशस्त्र प्रहरी ऐन २०५८

लालमोहर र प्रकाशन मिति २०५८।०५।०६

शसस्त्र प्रहरी बलको गठन र संचालन सम्बन्धी व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः नेपाल अधिराज्यमा शान्ति र सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नको लागि सशस्त्र प्रहरी बलको गठन र संचालन सम्बन्धी व्यवस्था गर्न वान्छनीय भएकाले तत्कालिन श्री ५ महाराजधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षा यो ऐन बनाइएकोछ ।

परिच्छेद – १ प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

२. परिभाषा

परिच्छेद - २

सशस्त्र प्रहरी बलको गठन र संचालन

३. सशस्त्र प्रहरी बलको गठन :

१) नेपाल राज्यमा एक सशस्त्र प्रहरी बलको गठन गरिएकोछ ।

२) उपदफा (१) बमोजिम गठित सशस्त्र प्रहरी बलमा रहने सशस्त्र प्रहरीको दरवन्दी संख्या नेपाल सरकारले तोकिदिए बमोजिम हुनेछ ।

३) सशस्त्र प्रहरी महानिरीक्षक सशस्त्र प्रहरी बलको प्रमुख हुनेछ ।

४) सशस्त्र प्रहरी बलको प्रधान कार्यालय काठमाण्डौ उपत्यकामा रहनेछ र मातहतका कार्यालयहरु तोकिए बमोजिम हुनेछन् ।

४. रेखदेख, नियन्त्रण र निर्देशनः

१) सशस्त्र प्रहरीको रेखदेख गर्ने, नियन्त्रण गर्ने र निर्देशन दिने अधिकार नेपाल सरकारलाई हुनेछ

२) उपदफा (१) बमोजिम नेपाल सरकारलाई प्राप्त अधिकार नेपाल सरकारले मातहतका कुनै अधिकारीलाई आवश्यकता अनुसार प्रत्यायोजना गर्न सक्नेछ ।

३) नेपाल सरकार र उपदफा (२) बमोजिम अधिकार प्राप्त अधिकारीले दिएको आदेश तथा निर्देशनको पालना गर्नु सशस्त्र प्रहरीको कर्तव्य हुनेछ ।

५. सशस्त्र प्रहरीको प्रशासन : सशस्त्र प्रहरीको प्रशासन यो ऐन र यस ऐन अर्न्तर्गत बनेको नियम तथा अन्य प्रचलित कानून र नेपाल सरकारले समय समयमा दिएको निर्देशनको अधिनमा रही सशस्त्र प्रहरी महानिरीक्षक तथा तोकीएका अन्य सशस्त्र प्रहरी अधिकृतले संचालन गर्नेछन् ।

६. सशस्त्र प्रहरी बलको संचालन

केन्द्रिय सुरक्षा समिति

(१) दफा ६ को उपदफा (१) को प्रयोजनको लागि नेपालसरकारलाई आवश्यक सुझाव दिन देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरु रहेको केन्द्रिय सुरक्षा समिति रहनेछ :-

क)	गृहमन्त्री वा गृह राज्य मन्त्री	- अध्यक्ष
ख)	वलाधिकृत, नेपाली सेना	- सदस्य
ग)	सचिव, रक्षा मन्त्रालय	- सदस्य
घ)	सचिव, गृह मन्त्रालय	- सदस्य
ङ)	प्रहरी महानिरीक्षक	- सदस्य
च)	सशस्त्र प्रहरी महानिरीक्षक	- सदस्य
छ)	प्रमुख, राष्ट्रिय अनुसन्धान विभाग	- सदस्य
ज)	सहसचिव, गृह मन्त्रालय	- सदस्य-सचिव

(२) केन्द्रिय सुरक्षा समितिको बैठकमा आवश्यकता अनुसार अन्य सम्बन्धित अधिकारीलाई आमन्त्रण गर्न सकिनेछ ।

८. नेपाली सेनाको नियन्त्रणमा रहने : नेपाल राज्यको कुनै भागमा शान्ति र सुव्यवस्था कायम गरी प्रयोजनको लागि नेपाली सेना संचालन भएको अवस्थामा नेपाली सेना संचालन भएको अवधिभरसम्बन्धित ठाउँका सशस्त्र प्रहरी नेपाली सेनाको नियन्त्रणमा रहनेछन् ।

१) सशस्त्र प्रहरी सेवामा सशस्त्र प्रहरी महानिरीक्षक र तोकिए बमोजिमका अन्य पदहरु रहनेछन् ।

२) सशस्त्र प्रहरी महानिरीक्षकको पदावधि चार वर्षो हुनेछ र अन्य राजपत्राङ्कित अधिकृतहरुको पदावधि आवश्यकता अनुसार तोकिए बमोजिम हुनेछ ।

९. पदपूर्तिः सशस्त्र प्रहरी सेवाको पदपूर्ति तोकिए बमोजिम हुनेछ ।

१०. क.नियुक्ति समावेशी गरिने :

(१) दफा १० बमोजिम सशस्त्र प्रहरीको सेवामा नियुक्ति गर्दा खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैतालीस पद छुटयाई सो प्रतिशतलाई शतप्रतिशत मानी देहाय बमोजिमका उम्मेदवार बीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई नियुक्ति गरिनेछ :-

क)	महिला	- बीस प्रतिशत
ख)	आदिवासी/जनजाति	- बत्तीस प्रतिशत
ग)	मधेशी	- अर्ठाईस प्रतिशत
घ)	दलित	- पन्ध्र प्रतिशत
ङ)	पिछडिएको क्षेत्र	- पाँच प्रतिशत

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि,

१) "महिला, आदिवासी/जनजाति, मधेशी र दलित" भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाति, मधेशी र दलित सम्झनु पर्छ ।

२) "पिछडिएको क्षेत्र" भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम हुने नियुक्ति तथा प्रकृया सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ

११. सशस्त्र प्रहरी सेवा आयोग

(१) सशस्त्र प्रहरी सेवाको खुल्ला प्रतियोगिताद्धारा पर्ूर्तिहुने पदमा नियुक्तिका लागि अख्तियारवाला समक्ष सिफारिश गर्न देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरु रहेको सशस्त्र प्रहरी सेवा आयोगको गठन हुनेछ :-

क) लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको लोक सेवा आयोगको सदस्य - अध्यक्ष

ख) नेपाल सरकारको सेवामा बहाल रहेका विशिष्ट श्रोणीका अधिकृतहरुमध्येबाट

नेपाल सरकारले तोकेको व्यक्ति - सदस्य

ग) सचिव, गृह मन्त्रालय - सदस्य

घ) प्रतिनिधि -विशिष्ट श्रेणी), नेपाली सेना - सदस्य

ङ) सशस्त्र प्रहरी महानिरीक्षक -सदस्य सचिव

(२) आयोगको अध्यक्ष तथा सदस्यको पदावधि चार वर्षो हुनेछ र निजहरु पुननियुक्तिका लागि योग्य हुनेछन् ।

१२. आयोगको सिफारिशमा नियुक्ति हुनेः सशस्त्र प्रहरी सेवाको खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा आयोगको सिफारिशमा नियुक्ति गर्नु पर्नेछ ।

१३. नियुक्ति गर्ने अधिकारीः राजपत्राङ्कति अधिकृतको नियुक्ति नेपाल सरकारले र अन्य सशस्त्र प्रहरीको नियुक्ति तोकिएको अधिकारीले गर्नेछ ।

१४. उम्मेदवार हुन चाहिने योग्यताः खुल्ला प्रतियोगिताद्वारा पर्ूर्ति हुन सशस्त्र प्रहरी सेवाको पदमा उम्मेदवार हुन चाहिने न्युनतम शैक्षिक योग्यता र अन्य योग्यता तोकिए बमोजिम हुनेछ ।

१५. सरुवा र बढुवाः सशस्त्र प्रहरीको सरुवा र बढुवा तोकिए बमोजिम हुनेछ ।

१६. स्थानान्तरण गर्न सक्नेः

आयोगको गठन नभएसम्मको लागि नेपाल सरकारले नेपाली सेनाको बहालवाला सैनिक तथा अन्य प्रहरी सेवाका बहालवाला प्रहरीलाई सशस्त्र प्रहरी सेवामा स्थानान्तरण गरी पदस्थापना गर्न सक्नेछ । सशस्त्र प्रहरीलाई नेपाली सेना वा अन्य प्रहरी सेवामा स्थानान्तरण गरिने छैन ।

१७. सपश ग्रहणः पहिलो पटक नियुक्ति भई आफ्नो कार्यभार सम्हाल्नु अघि प्रत्येक सशस्त्र प्रहरीले तोकिए बमोजिमको ढाँचामा शपथ गर्नु पर्नेछ ।

१८. पदाधिकार कायम रहनेः देहायको अवस्थामा सशस्त्र प्रहरीको आफ्नो पद माथिको पदाधिकार कायम रहनेछ ।

क) आफ्नो पदमा कामकाज गरिरहँदा सम्म,

ख) सरुवा भई कार्यभार सम्हाल्न पाईने म्यादसम्म,

ग) विदामा बसेको अबधिभर,

घ) निलम्बनमा रहेको अबधिभर,

ङ) नेपाल सरकारद्धारा तोकिदिएको काम गरुन्जेलको अवधिभर,

च) अन्य पदमा कायम मुकायम भई काम गरेको अवधिभर ।

१९. विभागीय कारवाही, संजाय र पुनरावेदन :

(१) सशस्त्र प्रहरीले आफ्नो कर्तव्य पालना गर्दा असावधानी वा लापरवाही गरेमा वा कुनै कर्तव्य पालन गर्नबाट बच्नको लागि कुनै बहाना गरेमा वा आफ्नो कर्तव्य पालना गर्न असक्षम भएमा वा अनुशासन भंग गरेमावा तोकिए बमोजिमको कुनै अनुचित आचरण गरेमा वा दफा २४ बमोजिमको कर्तव्यको पालना नगरेमा वा दफा २७ बमोजिमको अपराध गरेमा वा तोकिएको अन्य अवस्थामा त्यस्तो सशस्त्र प्रहरीलाई कसुरको मात्रा अनुसार भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरि सेवाबाट वर्खास्त गर्न, भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउन वा तोकिए बमोजिमको अन्य विभागिय सजाय गर्न सक्नेछ ।

(२) सशस्त्र प्रहरीलाई विभागिय सजायको आदेश दिने अधिकार अख्तियारवालालाई हुनेछ ।

(३) उपदफा -१) ले दिएको अधिकारको र्सवसामान्यतामा प्रतिकुल असर नपर्ने गरी सशस्त्र प्रहरी लाई विभागिय संजायको आदेश दिने अधिकारी तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम विभागिय सजायको आदेश दिन पाउने अधिकारीले उपदफा (१) बमोजिम सजायको आदेश दिंदा सजायको आदेश दिनु पर्ने कारण तथा आधार सहितको अभियोग, सो सम्बन्धमा जाँचबुझ गरेको व्यहोरा, निजलाई सफाईको मौका दिईकोमा निजको सफाईको जिकिर र सो जिकिर बमोजिम थप केहि बुझिएको भए सो सम्बान्धमा समेत आफ्नो राय ठहर लेखि र सफाईको मौका नदिईएकोमा सो मौका दिन मनासिव नपरेको कारण, आधार र अवस्था समेत देखाई व्यहोरा खुलाईएको पर्चा खडा गरी सही गरी मिसिल सामेल राख्नु पर्छ ।

(५) सशस्त्र प्रहरीलाई दिईएको विभागिय सजायको आदेश उपर तोकिएको अधिकारी समक्ष पुनरावेदनलाग्नेछ।

२०. निलम्बन गर्ने :

१) दफा (१९) बमोजिम विभागिय कारवाहीमा परेको सशस्त्र प्रहरीलाई सजायको आदेश दिन पाउने अधिकारीले तोकिएको अवधिसम्म निलम्बन गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम निलम्बन गर्नु अघि त्यस्तो सशस्त्र प्रहरीलाई सजायको आदेश दिने अधिकारीले निःशस्त्र गराउनेछ ।

३) सशस्त्र प्रहरी देहायको अवस्थामा स्वतः निलम्बन भएको मानिनेछ :-

क) दफा २७ बमोजिमको अपराधको आरोप लागेको सशस्त्र प्रहरी पक्राउ परेको भए पक्राउ परेको मितिबाटै र पक्राउ नपरेको भए मुद्दा दायर गर्ने निर्माण भएको मिति देखि,

ख) कुनै फौजदारी अभियोगमा गिरफ्तार भै थुनिएकोमा त्यसरी थुनिएको अवधिभर ।

४) कुनै सशस्त्र प्रहरी सरकारी कामको सम्बन्धमा वा नेपाल सरकारको तर्फाट भएको कारवाहीको फलस्वरुप निलम्बन भएमा सो निलम्बनको अवधिभर निजले खाई पाई आएको तलबको आधा तलब मात्र पाउनेछ ।

तर लागेको आरोप प्रमाणीत नभई निजले सफाई पाएमा निलम्बन रहेको अवधिमा आधा तलब पाएको भए सो कट्टा गरी र नपाएको भए पुरा तलब -तलब वृद्धि हुने भएमा सो समेत) पाउनेछ । कसुरदार ठहरिएमा निलम्बन भएको मितिदेखिको बाँकी तलब पाउने छैन ।

५) कुनै सशस्त्र प्रहरी उपदफा (४) मा उल्लिखित कारण बाहेक अन्य कुनै कारणबाट निलम्बन रहन गएको रहेछ भने निजले त्यसरी निलम्बन रहेको अवधिको तलब पाउने छैन ।

२१. **मनमानी बर्खासी इत्यादीबाट बचाउ :** कुनै सशस्त्र प्रहरीलाई बिभागिय सजाय गर्दा देहायको अवस्थामा बाहेक निजलाई सो गर्नु नपर्ने कारण देखाउन मनासिव अवधि तोकी सफाईको मौका दिनु पर्नेछ :-

क) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरी अदालतबाट कैदको सजाय पाएको,

ख) दफा २७ बमोजिमको अपराध ठहरी कैदको सजाय पाएको, वा

ग) सफाईको मौका दिन मनासिव नपर्ने अवस्था देखाई व्यहोरा खोली सजाय दिने अधिकारीले पर्चा खडा गरेको ।

२२. **मुद्दा चलाउन बाधा नपर्ने :** कुनै सशस्त्र प्रहरीले यो ऐन वा अन्य प्रचलित कानून बमोजिम कसुर ठहरिने अपराध गरेमा त्यस्तो प्रहरी उपर दफा १९ बमोजिम विभागिय कारवाही वा सजाय भएकै कारणले मात्र यो ऐन वा अन्य प्रचलित कानून बमोजिम निजलाई मुद्दा चलाउन र सजाय गर्नमा बाधा पुर्याएको मानिने छैन ।

२३. **तलब, भत्ता तथा अन्य सुविधा र सेवाका अन्य शर्तहरु :** सशस्त्र प्रहरीको तलब, भत्ता तथा अन्य सुविधा र सेवाका अन्य शर्तहरु तोकिए बमोजिम हुनेछन ।

परिच्छेद - ४

सशस्त्र प्रहरीको कर्तव्य र अधिकार

२४. सशस्त्र प्रहरीको कर्तव्य र अधिकार

२५. **माथिको दर्जाको सशस्त्र प्रहरीको अधिकार :** सशस्त्र प्रहरीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पाएको अख्तियार निज भन्दा माथिको दर्जाको सशस्त्र प्रहरीले आफू खटिएको क्षेत्रमा प्रयोग गर्न पाउनेछ ।

२६. **असल नियतले गरेको कामको बचाउ :** सशस्त्र प्रहरीले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम गर्नु पर्ने कर्तव्य पालन गर्दा वा पाएको अख्तियार प्रयोग गर्दा असल नियतले गरेकोमा सजायको भागी हुने छैन ।

परिच्छेद-५

अपराध र सजाय

२७ **कैदको सजाय हुने अपराधहरु** : (१) देहायका अपराध गर्ने सशस्त्र प्रहरीलाई र्सवस्व सहित जन्म कैदको सजाय हुनेछ :-

क) सशस्त्र व्रि्रोहमा सरिक भएमा,

ख) नेपाल राज्यको सार्वभौमसत्ता वा प्रादेशिक अखण्डता वा अक्षुण्णतामा खलल पर्न सक्ने गरी घृणा, द्वेष वा अवहेलना हुने गरी लेखेर, बोलेर वा संकेतद्वारा वा अरु कुनै किसिमबाट कुनै काम कुरा गरे गराएमा,

ग) आफ्नो जिम्मामा रहेको सरकारी वा कसैको हातहतियार वा खरखजाना बेचबिखन गरेमा वा कुनै प्रकारबाट अरु कसैलाइ सुम्पिएमा,

घ) आफ्नो प्रयोगको निमित्त लिइराखेको वा आफूले जिम्मा लिइराखेको हातहतियार खरखजाना लिई भागेमा,

ङ) आतङ्ककारी गतिबिधिलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सघाएमा,

च) सुरक्षासँग सम्बन्धित सूचना तथा खबरहरु राष्ट्रिय वा अन्तराष्ट्रिय अनाधिकारिक व्यक्ति, संस्था वा समुहलाई उपलब्ध गराएमा वा उपलब्ध गराउन प्रयास गरेमा वा अन्य कसैलाइ त्यस्तो गर्न दुरुत्साहन गरेमा ।

२८ **देहायका अपराध गर्ने सशस्त्र प्रहरीलाई सात वर्षेखि बाह्र बर्षम्म कैदको सजाय हुनेछ :-**

क) सशस्त्र व्रि्रोह गर्ने उद्योग गरेमा,

ख) आफू खटिएको वा आफूले रक्षा गर्नु पर्ने सार्वजनिक महत्वको भवन, संरचना वा स्थल, कार्यालय वा अन्य कुनै स्थानमा हुलदङ्गा गरेमा वा आक्रमणकारीले आक्रमण गरेका बखत नामर्दिपन देखाई भागेमा,

ग) लुट्ने अभ्रि्रायले कुनै घर वा कुनै ठाउँ भत्काए, फोरे वा कुनै किसिमले धनमाल लुटेमा वा हानी, नोक्सानी वा क्षति गरेमा ।

२९ **देहायका अपराध गर्ने सशस्त्र प्रहरीलाई पाँच वर्षेखि सात बर्षम्म कैदको सजाय हुनेछ :-**

(क) ड्युटीमा रहेको वा नरहेको भएपनि माथिको दर्जाको सशस्त्र प्रहरी वा सुरक्षासँग सम्बन्धित अधिकार प्राप्त अन्य अधिकारी भन्ने थाहा पाएपछि वा थाहा हुने मनासिब आधार हुँदा हुँदै आपराधिक बल प्रयोग गरेमा वा गर्ने उद्योग गरेमा,

(ख) सशस्त्र व्रि्रोहको षड्यन्त्र वा उद्योग गरेको थाहा पाएर पनि आफुभन्दा माथिको दर्जाको वा उच्च पदाधिकारीलाई यथाशक्य चाँडो खवर वा सूचना नदिएमा,

(ग) नेपाल सरकार वा नेपाल सरकारको काम कारवाहीप्रति खलल पर्न सक्ने गरी घृणा, द्वेष वा अवहेलना हुने गरी लेखेर वा वचन वा आकार र चिन्हद्धारा कुनै काम कुरा गरे गराएमा,

(घ) आफ्नो जिम्मामा रहेको थुनुवा वा कैदीलाई जानी जानी भाग्न दिएमा वा भगाएमा ।

३० **देहायका अपराध गर्ने सशस्त्र प्रहरीलाई तीन बर्षदेखि पाँच बर्षम्म कैदको सजाय हुनेछ :-**

क) आफुभन्दा माथिको दर्जाको सशस्त्र प्रहरीले दिएको आदेश पालना नगरेमा,

ख) आफ्नो जिम्मामा वा कमाण्डमा रहेका व्यक्तिहरुको संख्या वा अवस्था वा नगदी वा जिन्सीको जानी जानी झुठ्ठो विवरण पेश गरेमा..... पर्नेछ ।

३२ **थुना र कारागार सम्बन्धि व्यवस्था :** सशस्त्र प्रहरी विशेष अदालतको आदेश बमोजिम अभियुक्तलाई मुद्दाको पुर्व पक्षको सिलसिलामा थुनामा राख्नु परेमा वा फैसला बमोजिम कारागारमा राख्नु परेमा नेपाल सरकारले नेपाल राज्यको जुनसुकै कारागारमा पनि थुन्न पठाउन सक्नेछ ।

३३. पुनरावेदन सम्बन्धि व्यवस्था : सशस्त्र प्रहरी विशेष अदालतले गरेको निर्णय चित्त नबुझ्नेले ३५ दिन भित्र सम्बन्धित पुनरावेदन अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ ।

घाईतेलाई पछाडी हटाउने तरिका

परिचय :

१. प्रति बिद्रोह तथा परम्परागत लडाईको समयमा भएका घाईते तथा बिरामीलाई हटाउनु तथा सुरक्षित स्थानमा उपचारको लागि लैजाने प्रक्रियालाई घाईते पछाडी हटाउने भनिन्छ । यस्तो किसिमको ब्यवस्था जगलको लर्डाई तथा प्रति ब्रिरोहको कार्बाहीमा पनि पर्नसक्छ । सबै स्थानहरुमा फौज सँग घाईते पछाडी हटाउने साधनहरु उपलब्ध नहुन पनि सक्दछ । त्यस कारण फौजको कार्य कुशलतामा छरितोपन ल्याउन र फौजको मोराल उच्च राख्न हामीले स्रोत र साधन नभएको स्थानहरुबाट बिभिन्न किसिमको प्राकृतिक साधनहरुको प्रयोग गरेर घाईते पछाडी हटाउन आत्म निर्भर हुन आवश्यक पर्दछ ।

२. घाईते पछाडी हटाउने तरिका :

ईलाकाको भौगोलिक अवस्था, बाटो देखिको फाशला, प्राप्त हेलिकप्टरको संख्या र बिरामीको अवस्थाबाट हामीले कुन तरिकाद्धारा घाईतेलाई पछाडी हटाउने भन्ने निर्धारण गर्न सकिन्छ ।

३. स्ट्रेचरको सहायता बिना घाईते पछाडी हटाउने तरिका :

बिरामीलाई छोटो दुरीमा देहायका तरिकाबाट ल्याउन सकिन्छ ।

क) एक जना सहयोगी उपलब्ध भएको अवस्थामा प्रयोग गरिन्छ । सधारणतया यो तरिका खुट्टामा चोट लागेको बिरामीहरुको लागि उपयुक्त हुन्छ । यसमा बिरामीले आफ्नो खुट्टा सहयोगी माथि राखी दिन्छ भने सहयोगीको र बिरामीको खुट्टालाई बाध्न पनि सकिन्छ । त्यस पछि दुई जनाको दुईवटा खुट्टा बनाई हिडेर घाईतेलाई पनि लगिन्छ ।

ख) पछाडी बोकेर - यो तरिका पैतला र खुट्टा घाईते भएको बिरामीहरुलाई प्रयोग गरिन्छ तर त्रिरा र पुठ्ठा बिरामी भएकोलाई हुदैन । यस्तो तरिकाले होसमा भएकोलाई मात्र प्रयोग गरिन्छ । यसमा बिरामी सहयोगीको ढाडमा चढेर बोकिन्छ र घाईते हर्टाईन्छ ।

ग) पछाडीबाट बोकेर - यस तरिकाको उपयोग र सिमा माथिको तरिका जस्तै हो यसमा बिरामी र सहयोगीको न्युरिएर बिरामी ढाड पट्टीबाट बोकिन्छ र घाईते हर्टाईन्छ ।

घ) फायर मेन लिफ्ट यसमा सहयोगीले बिरामीलाई आफ्नो काँधमा तेर्स्यो पारेर फायर मेनको तरिकाले बोक्छ ।

ङ) घाँटीमा झुन्ड्याएर यो तरिका खतरार् इलाकामा बेहोस भएको बिरामीको लागि उपयोग भएपनि घाइते वा बिरामीको दुवै हात रुमाल वा डोरीले बाँधिन्छ त्यसपछि सहयोगीले उनको हात घाँटीमा झुन्ड्याउछ । बिरामीको र सहयोगीको बेल्टले बाधेर सहयोगीले घुडा र कुहिनाले क्रस गरि अगाडी बढ्छ ।

च) दुई जना सहयोगी उपलब्ध भएको खण्डमा : दुई जना सहयोगि आफ्नो हात एक आपसमा समाती बस्न हुने कुस्सि जस्तो बनाउछन् र बिरामीले सहयोगिहरुको टाउँको वा काँधमा समाल्न सक्छ ।

छ) तिन हातको प्रयोग : यो पनि माथिको तरिका जस्तै हो तर यसमा तिन हात लगाईन्छ । यसमा एउटा सहयोगिले दुई हात लगाई तिन वटा हात जोडेर बस्ने कुर्सि जस्तो बनाईन्छ र बिरामी राखेर लगिन्छ । एक हात लगाउनेले अर्को हातले बिरामीलाई खुट्टामा आड दिनु पर्छ

ज) चार हातको प्रयोग : यहाँ दुवै सहयोगिको दुबै हात जोडेर बस्ने कुर्सि बनाईन्छ र बिरामीलाई बोकिन्छ । यो तरिकाबाट सजिलो हुने भएको हुँदा बिरामीलाई लामो-लामो दूरिसम्म बोक्न सकिन्छ ।

झ) अगाडि पछाडी झुण्ड्याएर बाक्ने यो तरिका बेहोस भएको बिरामी, पेट, घाईते भएको बिरामीलाई बोक्न उपयूक्त हुन्छ । बिरामीलाई उत्तानो पारी सुताई छाति र त्रिघ्रामा समातेर लगिन्छ ।

४. इम्प्रोभाईज स्टेचर तल लेखिएका कुनै पनि साधनहरुबाट बचाउन सकिन्छ :

क) मण्डी	१
ख) ग्राउण्ड सिट	१
ग) पर्शनल डोरी	२
घ) कम्मर डोरी	४
ङ) बासको टुक्रा	४

यी सबै तरिकाको लागि दुई वटा ७ फिटको पोलको आवश्यता पर्दछ जसलाई १र्ट्र इन्चको टुक्राले दुबैतिर बाँधेर स्टेचर बनाईएको हुन्छ ।

क) मण्डी : मण्डीलाई भुईमा बिच्छाएर त्यसमाथि बाँसको स्टेचर राखि मण्डीलाई बराबर तिन भागमा पट्याई मण्डीको तल्लो छेउ कमिजको बाहुला पट्याए जस्तो गरि माझतिर फर्काइन्छ र बाँकि भएको पोलको भाग समाल्न प्रयोग गरिन्छ ।

ख) ग्राउण्ड सिट : यसलाई पनि मण्डीलाई बनाएझैं बनाईन्छ र ग्राउण्डसिटको प्वालमा डोरीछिर्राई दुबै छेउ बाध्न सकिन्छ ।

ग) पर्शनल रोप : दुई प्रशनल रोपलाई बाँसको स्टेचरमा जिक ज्याक गरि बाँधेर बनाउन सकिनछ ।

घ) कम्मर पेटी : चारवटा कम्मर पेटी बाँसको प|mेमा बाँधेर बनाउन सकिन्छ । बाँध्दा एउटा टाउको निर दास्रो छाति निर तेस्रो हिप तथा चौथो खुट्टा निर बाँध्नु पर्दछ ।

ङ) बाँसको टुक्रा : बाँसको पोलमा चार ठाउँमा डोरीले बाँधि बिरामी बाक्ने स्टेचर बनाउन सकिन्छ ।

५. घाईते पछाडी हटाउने ड्रिल :

कहिले काँहि जंगलको लर्डाईमा घाईतेलाई लामो दूरि सम्म पछाडि हटाउनु पर्ने हुन्छ । त्यसका लागि ट्याक्टिकल्ली तथा सहि ड्रिल प्रयोग गर्नु पर्ने आवश्यकता पर्ने हुँदा तालीममा यस्तो कुरा समावेश गर्नु राम्रो हुन्छ । यहाँ एउटा से.मु.वा त्यसभन्दा कम फौजलाई प्रयोग गरेर कार्य सम्पादन गर्ने गरि ट्याक्टिकल योजना दिईएको छ ।

क) तयारी हामीले माथि उल्लेख गरिएको बनावटि स्टेचर मध्य सजिलो र त्यतिखेर आफुसंग उपलब्ध छ भने जुन तरिका अपनाए पनि हुन्छ । तर सबै तरिकाको लागि काठ वा बाँसको दुई वटा पोल भने तयार गर्नु पर्छ ।

ख) संगठन हामीले हाम्रो पट्रोल तथा से.मु. लाई चार भागमा बाँड्न सकिन्छ ।

१) रेकि तथा अगाडीको सुरक्षा टोली

२) से.मु.हे.क्वा.

३) स्टेचर गुरप

४) पछाडीको सुरक्षा टोली

ग) कार्य

१) रेकि तथा अगाडीको सुरक्षा टोली : यो टोलि अगाडीको स्टेचर बोक्ने टोलिलाई सुरक्षा दिने र बाटो बनाई दिने काम गदैछ ।

२) से.मु.हे.क्वा. : यसले गति तथा हर्कतको दिशामा नियन्त्रण गर्दछ ।

३) स्टेचर पार्टि यस टोलीमा चार-चार जनाको तिन ग्रुप हुन्छ । जसले स्टेचर बोक्ने कार्य गर्दछ । यस टिमको नियन्त्रण को स.प्र.ह. गर्दछ । स.व.ह.ले साधारणतया स्टेचरको पछाडी हर्कत गर्नु पर्छ ताकि जहाँबाट उसले राम्रो संग हर्कतमा नियन्त्रण गर्न सकोस् । एक टोलिले बोक्दा बाँकि टोलीहरुअगाडी पछाडी हुन्छन् र सबै टोलीले पालै पालो गरि बोक्दछन् । यो तिन ग्रुपमा तल दिए अनुसार हर्कत गरिन्छ ।

क) पहिलो टिम स्टेचरको अगाडी हर्कत गर्दछ र यसले लहरा, झयाङ्ग, बुट्टयान र रुखहरु काटेर स्टेचर बोक्नेहरुलाइ अगाडी हर्कत गर्न लाई बाटो क्लीयर गरि दिन्छ । अगाडी बाटो बनाउदा ब्रिरोहीहरु परिस्थितिको समेत ध्यान राखि बाटो बनाउने कार्य गर्न पर्दछ ।

ख) दास्रो टिम पहिलो टिम भन्दा पछाडी रहन्छ र जसको काम हुन्छ आराम गर्ने पहिलाटिमले बनाएको बाटो सफा गरि दिने गाह्रो तथा भिरालो जमिनमा डोरी तान्ने आदि कार्य गर्दछ ।

ग) तस्रो टोलीले घाईतेलाई स्टेचरमा हालि बोकेर लिन्छ । स्टेचर बोक्नेले स्टेचरलाई काँधमा बोक्नु पर्दछ ।

४) **पछाडीको सुरक्षा टोली :** यस टोलीको कार्य ग्रुपको पछाडीको सुरक्षा गर्नु हो । यो टोली साधारण तया स्ट्रेचर टोलीको केहि पछाडी रहन्छ ।

५. घाईते पछाडी हटाउदा ध्यान दिनु पर्ने कुराहरु :

क) सम्भव भएमा बिरामीलाई प्राथमिक उपचार गर्राई पछाडी हटाउने ।

ख) ईभ्याकुएहनको दौरानमा सरप्राईज र सेक्यूरुटिलाई बढी ध्यान दिने ।

ग) स्टेचरलाई हर समय अगाडी बढाउने उद्देश्य लिने ।

घ) से.मु. पत्ति, से.मु. पतिले स्टेचरलाई अगाडी बढाउन लगातार प्रयास गर्ने आवश्यक परेमा डोरी आफूले पसन स्टेचर बोक्ने ।

६. संक्षेप :

प्रतिबिद्रोह तथा परम्परागतको लडाईको समयमा शत्रु वा बिद्रोहिलाई मार्नु भन्दा पनि घाईते बनाउनु बढी असरदार हुन्छ । घाईते वा बिरामीलाई समयमानै पछाडी हटाउन सकिएन भने अन्य फौजको मोरल तथा कार्य कुशलतामा समेत ह्रास आउछ । त्यस कारण कुनै पनि अप्रेशनमा भाग लिने फौजले यस सक्बन्धी प्रशस्त तालीम र सहि तथा दुरुस्त ड्रिलको पयोग गरेर आफ्ना घाईते तथा बिरामी फौजलाईर् इभ्याकुएशन गर्नु पर्दछ । आफुलाई उपलब्ध भएको हेलिकप्टर, मोटर भएमा प्रयोग गर्नु पर्दछ र नभएमा स्थानिय स्रोत साधनको अधिकतम उपयोग गरि जति सक्दो चाँडो बिरामीलाई पछाडी हटाउनु पर्दछ ।

तलब/भत्ता/ पेन्सन र उपदान सम्बन्धी

तलव स्केल र ग्रेड :

सि.नं.	दर्जा	तलव स्केल	ग्रेड संख्या	ग्रेड दर	जम्मा
१	सप्रमनि	६०६८०	२	२०२३	६४७२६
२	सप्रअमनि	६०६८०	२	२०२३	६४७२६
३	सप्रनामनि	५१०००	३	१७००	५६१००
४	सप्रबउ	४७३८०	४	१५७९	५३६९६
५	सप्रउ	४३४६०	५	१४४९	५०७०५
६	सप्रनाउ	४०३८०	५	१३४६	४७११०

७	सप्रनि	३५९९०	८	१२००	४५५९०
८	सप्रबनानि	३३६५०	२	११२२	३५८९४
९	सप्रनानि	२८२००	६	९४०	३३८४०
१०	सप्रसनि	२६५७०	७	८८६	३२७७२
११	सप्रबह	२२८००	६	७६०	२७३६०
१२	सप्रह	२२०१०	७	७३४	२७१४८
१३	सप्रसह	२१०९०	८	७०३	२६७१४
१४	सप्रज	२०६८०	८	६८९	२६१९२
१५	रिक्रुट	१८४८०	०	०	१९४८०
१६	सप्रप प्रथम	१९४८०	२	६४९	२०७७८
१७	सप्रप द्वितिय	२०६८०	२	६८९	२२०५८
१८	सप्रप तृतिय	२२०१०	२	७३४	२३४७८
१९	सप्रप चौथो	२३८५०	२	७९५	२५४४०
२०	सप्रप पाँचौ	२६५७०	४	८८६	३०११४

<u>उपदान</u> :

(१) पाँच वर्ष वा सोभन्दा बढी सेवा गरेको तर निवृत्तिभरण पाउने अवधि नपुगेको सशस्त्र प्रहरी कर्मचारीले अवकाश पाएमा वा राजीनामा स्वीकृत गराई पदबाट अलग भएमा वा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाइएमा देहायको दरले उपदान पाउनेछ ।

(क) पाँच वर्षभन्दा बढी दश वर्षसम्म नोकरी गरेको सशस्त्र प्रहरी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब,

(ख) दश वर्षभन्दा बढी पन्ध्र वर्षसम्म नोकरी गरेको सशस्त्र प्रहरी कर्मचारीले आपू ्ले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब,

(ग) पन्ध्र वर्षभन्दा बढी बीस वर्षभन्दा कम नोकरी गरेको सशस्त्र प्रहरी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सशस्त्र प्रहरीमा सेवा पाउने वा सो सेवामा बहाल रहने उद्देश्यले नागरिकता वा उमेर वा योग्यता ढाँटेको प्रमाणित हुन आएमा त्यस्तो सशस्त्र प्रहरी कर्मचारीलाई उपदान दिइने छैन ।

<u>निवृत्तिभरण</u> :

(१) बीस वर्ष वा सोभन्दा बढी समयसम्म सशस्त्र प्रहरी सेवामा काम गरेको सशस्त्र प्रहरी कर्मचारीले नोकरीबाट अवकाश पाएको मितिदेखि निवृत्तिभरण पाउनेछ । तर मिति २०६०।१२।२६ गते अगावै नियुक्ति भएका देहाय बमोजिमका सशस्त्र प्रहरी कर्मचारीहरुले देहाय बमोजिम वा सो भन्दा बढी अवधिसम्म सशस्त्र प्रहरी सेवामा काम गरी नोकरीबाट अवकास भएमा निवृत्तिभरण पाउनेछ ।

(क) सशस्त्र प्रहरी सहायक निरीक्षक देखि सशस्त्र प्रहरी वरिष्ठ नायब निरीक्षकसम्म - अठार बर्ष

(ख) सशस्त्र प्रहरी जवानदेखि सशस्त्र प्रहरी वरिष्ठ हवल्दारसम्म - सोह्र बर्ष

(२) उपनियम (१) बमोजिम दिइने निवृत्तिभरणको हिसाव देहाय बमोजिम हुनेछ -

(क) राजपत्राङ्कित सशस्त्र प्रहरी अधिकृतको निमित्तः-

$$\frac{\text{नोकरी वर्ष X आखिरी तलव}}{५०}$$

(ख) राजपत्र अनङ्कित र श्रेणी विहिन सशस्त्र प्रहरी कर्मचारीको निमित्त -

$$\frac{\text{नोकरी वर्ष X आखिरी तलव}}{४०}$$

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तिभरणको न्यूनतम रकम समान पदको बहालवाला सशस्त्र प्रहरी कर्मचारीको तलव स्केलको शुरु अङ्कको आधाभन्दा कम र अधिकतम रकम समान पदको बहालवाला सशस्त्र प्रहरी कर्मचारीको तलवको शुरु स्केलभन्दा बढी हुने छैन ।

(४) पन्ध्र वर्ष सेवा अवधि पूरा गरेको कुनै सशस्त्र प्रहरी कर्मचारीको मृत्यु भएमा निजको सेवा अवधिमा निवृत्तिभरणको लागि आवश्यक पर्ने सेवा अवधि पुर्याउन आवश्यक पर्ने अवधि थप गरी निजको परिवारलाई निवृत्तिभरण वा उपदान जुन लिन चाहन्छ सो रोजेर लिन दिइनेछ ।

(५) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको सशस्त्र प्रहरी कर्मचारीले यस नियम बमोजिम निवृत्तिभरण पाउने छैन ।

<u>पारिवारिक निवृत्तिभरण र उपदान</u> :

(१) कुनै सशस्त्र प्रहरी कर्मचारीको सेवामा छँदै वा निवृत्तिभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा निजको परिवारलाई वा निजको नाबालक भाइ वा अविवाहिता दिदी बहिनीलाई उपदान वा निवृत्तिभरण प्राप्त हुनेछ । तर यस्तो निवृत्तिभरण सात वर्षभन्दा बढी समय प्राप्त हुने छैन । निवृत्तिभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएको सशस्त्र प्रहरी कर्मचारीको परिवार वा नाबालक भाइ वा अविवाहिता दिदी बहिनीलाई सात वर्ष पुगेपछि निवृत्तिभरण प्राप्त हुने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा उल्लेख भए तापनि निवृत्तिभरण पाउने व्यक्ति नाबालक रहेछ भने निज अठार वर्षको उमेर नभएसम्म त्यस्तो निवृत्तिभरण पाउनेछ ।

अशक्तवृत्ति :

(१) कुनै सशस्त्र प्रहरी कर्मचारी आफ्नो पदको कर्तव्य पालन गर्दा वा तालीमको सिलसिलामा दुर्घटनामा परी वा आघातमा परी अङ्गभङ्ग भई वा चोटपटक लागी शारीरिक वा मानसिक रुपमा सशस्त्र प्रहरी सेवामा बहाल रहन अशक्त भएमा त्यस्तो सशस्त्र प्रहरी कर्मचारीले निजको जीविकाको निमित्त बाँचुन्जेलसम्म अशक्तवृत्तिको रुपमा अशक्त भत्ता पाउनेछ ।

निबृत्तिभरण सम्बन्धी कार्यविधि :

(१) उमेरको हद वा सेवा अवधि पुगेको कारणबाट निबृत्तिभरण पाउने गरी अवकाश प्राप्त गर्ने सशस्त्र प्रहरी कर्मचारीका सम्बन्धमा त्यसरी अवकाश पाउने मिति भन्दा छ महिना अगावै सशस्त्र प्रहरी किताबखानाले सम्बन्धित विभाग, कार्यालय वा युनिटमा अवकाशको सूचना पठाउनु पर्नेछ ।

(२) सशस्त्र प्रहरी कर्मचारीले सेवाबाट अलग भएको मितिले छ महिना भित्र आफु काम गरेको सशस्त्र प्रहरी कार्यालय मार्फत प्रधान कार्यालय, कर्मचारी प्रशासन शाखामा निवेदन दिनुपर्नेछ ।

(३) मृत्यु हुने सशस्त्र प्रहरी कर्मचारीको परिवारको नजिकको व्यक्तिले सशस्त्र प्रहरी कर्मचारीको मृत्यु भएको सामान्यतया छ महिनाभित्र सम्बन्धित सशस्त्र प्रहरी कार्यालयमा निवेदन दिनु पर्नेछ र त्यसरी प्राप्त निवेदन सम्बन्धित सशस्त्र प्रहरी कार्यालयले प्रधान कार्यालय , कर्मचारी प्रशासन शाखामा पठाउनु पर्नेछ ।

औषधि उपचार खर्च :

(१) सशस्त्र प्रहरी कर्मचारीले सेवा अवधिभरमा राजपत्राङ्कित श्रेणीको सशस्त्र प्रहरी अधिकृत (बाह्र महिना बराबरको, राजपत्र अनङ्कित प्रथम श्रेणीको सशस्त्र प्रहरी अठार महिना बराबरको र अन्य राजपत्र अनङ्कित र श्रेणी विहीन सशस्त्र प्रहरी एक्काईस महिना बराबरको खाइपाइ आएको तलब रकमसम्म उपचार खर्च बापत पाउनेछ ।

प्रशिक्षण भत्ता :

(१) तालीम दिने प्रशिक्षकको हकमा निजले खाइपाइ आएको तलबको दश प्रतिशत प्रशिक्षण भत्ता स्वरुप प्रत्येक महिना उपलब्ध गराईनेछ ।

(२) बाह्य वा आन्तरिक अतिथि प्रशिक्षकको रुपमा खटिने सशस्त्र प्रहरी कर्मचारी , स्वदेशी वा विदेशी प्रशिक्षकलाई नियमानुसारको प्रशिक्षक भत्ता दिईनेछ ।

रासन सुबिधा:

(१) सशस्त्र प्रहरी बलमा कार्यरत सबै सशस्त्र प्रहरी कर्मचारीलाई अनुसूची -१६ बमोजिमको रासन सुबिधा दिईनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यालयबाटै खानाको प्रबन्ध भएकोमा सम्बन्धित मेसमा खाना खाने सशस्त्र प्रहरी कर्मचारीको रासन वापतको एकमुष्ट रकम सम्बन्धित सशस्त्र प्रहरी कार्यालयलाई उपलव्ध गराउन सकिनेछ ।

सशस्त्र प्रहरी नियमावली, २०७२

दरबन्दी सिर्जना (नियम ७):

- सशस्त्र प्रहरी बलमा नयाँ कार्यालय स्थापना गर्नको लागि सङ्गठन संरचना तयार गर्दा, नयाँ दरबन्दी सिर्जना गर्दा वा तत्काल कायम रहेको सङ्गठन संरचना र दरबन्दीमा हेरफेर गर्दा मन्त्रालयको स्वीकृति लिई कार्यक्रम, कार्यबोझ, आर्थिक तथा अन्य दायित्व, सेवा प्रवाहको प्रभावकारिता, उपलब्ध मानवस्रोत, लागत प्रभावको विश्लेषण गरी कारण र औचित्य समेतको आधारमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी नयाँ दरबन्दी शृजना हुने ब्यवस्था ।
- सशस्त्र प्रहरी सेवामा सशस्त्र प्रहरी साधारण सेवा अन्तर्गत कानून उपसमुह र लेखा उपसमुह गरी २ वटा उपसमुहहरु थप गरी खुल्ला प्रतियोगिताबाट पदपूर्ती गरिने ब्यवस्था ।
- साधारण समुह तर्फको कानून तथा लेखा उपसमुहहरुमा दरबन्दी शृजना गरी एक पटकको लागि तोकिएको योग्यता पुगेका सशस्त्र प्रहरी कर्मचारीहरुबाटै समुहकृत हुने ब्यवस्था ।

प्राविधिक समुहको व्यवस्था (नियम ९):

- सशस्त्र प्रहरी प्राविधिक सेवालाई छुट्टै समुह बनाई प्राविधिक सशस्त्र प्रहरी कर्मचारीहरुको वृत्ती विकाश तथा सरुवा सोही प्राविधिक सेवामै हुने ब्यवस्था ।

प्राविधिक समुहको व्यवस्था (नियम १५):

- साधारण सेवा अन्तर्गतको खुल्लाबाट लिइने सशस्त्र प्रहरी निरीक्षकको परिक्षामा लिखित परिक्षा पछी गुणमापक परिक्षाको व्यवस्था ।

परिक्षणकाल (नियम ३०):

- सावित नियमावलीमा भएको तालिम समापन गरिसकेपछि १ बर्ष सम्म परिक्षणकालमै रहि रहने ब्यवस्थालाई सुधार गरी सामान्यतया नियुक्ति भएको मितिले १ बर्षसम्म परिक्षणकालमा रहने तर

तालिम अवधि १ बर्षभन्दा बढी भएमा तालिमको अवधिसम्म मात्र परिक्षणकालमा रहने र १ पटक परिक्षणकाल पुरा गरेकाहरुले पुनः परिक्षणकालमा रहनु नपर्ने नयाँ ब्यवस्था ।

- सशस्त्र प्रहरी कर्मचारीहरुले दर्जा अनुसारको दर्ज्यानी चिन्ह तथा जिम्मेवारी प्राप्त गर्न अनिवार्य रुपमा आधारभुत तालिम सम्पन्न गरेको हुनुपर्ने ब्यवस्था ।

बढुवा सम्बन्धमा थप व्यवस्थाः

- बढुवा गर्दा बढुवा समितिले बढुवा सूचीमा परेका उम्मेदवारहरुको नामावली प्रकाशन गर्नुपर्ने ब्यवस्था ।
- साविक नियमावलीमा ब्यवस्था नरहेकोले सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरुको बढुवाको लागि २ सदस्यिय छुट्टै बढुवा समितिको ब्यवस्था ।

नियुक्ति बदर हुन सक्ने अवस्था

(क) सम्बन्धित पदको लागि निर्धारण भए बमोजिमको योग्यता नभएको वा नरहेको प्रमाणित भएमा,

(ख) परीक्षणकाल अवधिमा काम सन्तोषजनक नभएमा,

(ग) आधारभूत तालीममा सहभागी नभएमा वा तालीम छाडी भागेमा ,

(घ) आधारभूत तालीममा लगातार दुई पटकसम्म असफल भएमा ,

(ङ) तोकिएको म्याद भित्र नियुक्ति पत्र बुझ्न नआएमा ।

- बढुवाको लागि उम्मेदवार हुन चाहिने सेवा अवधि , न्युनतम शैक्षिक योग्यता र तालीम , बढुवाको लागि उम्मेदवार हुन नपाउने , बढुवाको मापदण्ड र प्रक्रिया , कार्य सम्पादनको मूल्याङ्कन , भौगोलिक क्षेत्रमा काम गरेको अनुभवको मूल्याङ्कन , जेष्ठताको मूल्याङ्कन, शैक्षिक योग्यता, तालीम, चुनौतीपूर्ण वा विशेष जिम्मेवारी वापत प्रदान गरिने अङ्क , बिभुषण (मानपदवी, अलङ्कार र पदक० वापत प्रदान गरिने अङ्कको निर्धारण र बढुवा समितिले दिने अङ्क समेतमा सामान्य सिद्धान्त , २०७० अनुरुप भएका नयाँ ब्यवस्था।
- बढुवा सम्बन्धि कार्य गर्नको लागि बढुवा सम्बन्धि सचिवालय तोकिएको र बढुवा समितिले प्रकाशन गरेको नामावली उपर चित्त नबुझ्ने उम्मेदवारले बढुवा सम्बन्धि उजूरी सुन्ने समिति समक्ष उजूरी दिन सक्ने ब्यवस्था ।

बढुवा सम्बन्धी विशेष व्यवस्था :

(१) एउटै पदमा कम्तीमा पाँच वर्ष बहाल रहिरहेका सशस्त्र प्रहरी उपरीक्षक वा सो भन्दा मुनिका सशस्त्र प्रहरी कर्मचारी अनिवार्य अवकाश हुन एक महिना बाँकी भएमा निजलाई एक श्रेणी वा तह माथिको पदमा बढुवा गरिनेछ ।

तर यसरी बढुवा गर्दा सशस्त्र प्रहरी नायब निरिक्षकलाई सशस्त्र प्रहरी निरिक्षकको पदमा बढुवा गरिनेछ ।

- श्रेणीविहिन सशस्त्र प्रहरी कर्मचारीहरुको स्तरबृद्धी हुने व्यवस्था ।
- अशक्त बृत्ती र असाधारण पारिवारीक बृत्ती प्राप्त गर्ने सशस्त्र प्रहरी कर्मचारी एवं निजका परिवारहरुले प्राप्त गर्ने सेवा सुविधामा सयम सामयिक रुपमा केहि परिवर्तन गरी सुविधा थप ।
- सशस्त्र प्रहरी कर्मचारीले पालना गर्नुपर्ने आचारण सम्बन्धि साविक व्यवस्थामा हानी नोक्सानी पुर्यासउन नहुने मानव अधिकार र लैङ्गीक विषयमा संवेदनशील हुनु पर्ने , हातपात वा जोरजुलुम गर्न नहुने, अन्य कुनै पनि मुलुकको स्थायी आवासीय अनुमति लिन नहुने जस्ता नयाँ आचारणहरु थप ।
- सशस्त्र प्रहरी कर्मचारीले पाउने विदा अन्तर्गत महिला सशस्त्र प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरी विदा र पत्नि सुत्केरी भएमा निजको पतिले सुत्केरी स्याहार विदा सम्बन्धि नयाँ व्यवस्था ।

स.प्र.अ.म.नि. र स.प्र.ना.म.नि.को अनिवार्य अवकाश सम्बन्धी थप व्यवस्थाः

(१) सशस्त्र प्रहरी महानिरीक्षक - चार वर्ष

(२) सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक र सशस्त्र प्रहरी नायब महानिरीक्षक - चार वर्ष

(३) सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक - सात वर्ष

(४) सशस्त्र प्रहरी उपरीक्षक - दस वर्ष

(२) उपनियम (१) को खण्ड (ग) को उपखण्ड (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि सशस्त्र प्रहरी महानिरीक्षकको सिफारिसमा नेपाल सरकारले सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक र सशस्त्र प्रहरी नायब महानिरीक्षक पदमा बहाल रहेका सशस्त्र प्रहरी अधिकृतको पदावधि एक वर्ष थप गर्न सक्नेछ ।

विशेष कामको सिलसिलामा खटिएका सशस्त्र प्रहरी कर्मचारीको काम्कर्तव्य र अधिकार :

(१) सशस्त्र प्रहरी अधिकृतले ऐनको दफा ६ बमोजिम खटिएको अवस्थामा कुनै व्यक्ति आपराधिक कृयाकलापमा संलग्न रहेको पाएमा त्यस्तो कृयाकलापमा संलग्न व्यक्ति वा त्यस्तो कृयाकलापसँग सम्बन्धित सामानलाई नियन्त्रणमा लिनु वा अपराध हुनबाट रोक्नु वा व्यक्ति , संस्था, भवन, स्थान, संरचना वा कामको सुरक्षा प्रदान गर्नु त्यस्तो सशस्त्र प्रहरी अधिकृतको कर्तव्य हुनेछ ।

(२) उपनियम (१) बमोजिम नियन्त्रणमा लिइएको व्यक्तिको हकमा नियम १६३ बमोजिम र सामानको हकमा फेहरिस्त सहित यथासिघ्र स्थानीय अन्य प्रहरी वा सम्बन्धित अपराधको अनुसन्धान गर्ने निकाय वा अधिकारीलाई सुम्पनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम खटिएको सशस्त्र प्रहरी कर्मचारीलाई दिएको जिम्मेवारी पूरा गर्न नदिने गरी कसैले जोर जुलुम गर्ने , हात हतियार उठाई वा नउठाई हमला गर्ने वा कर्तव्य पालना गर्न असमर्थ बनाउने कार्य गरेमा वा त्यस्तो कार्य गर्ने प्रयत्न गरेमा यसरी खटिएको सशस्त्र प्रहरी कर्मचारीले

आफ्नो जिउ वा आफुले सुरक्षा दिनुपर्ने व्यक्ति वा स्थानको सुरक्षा गर्न वा बचाउ गर्न वा पक्राउ गर्न तत्काल अन्तिम बल प्रयोग नगरी तोकिएको कर्तव्य पालना गर्न नसकिने अवस्था भएमा अन्तिम बल प्रयोग गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम असल नियतले काम कारबाही गर्दा वा कर्तव्य पालनाको क्रममा बल प्रयोग गर्दा कुनै व्यक्तिको मृत्यु भएमा वा घाउचोट लागेमा त्यस्ता सशस्त्र प्रहरी कर्मचारी उपर नेपाल सरकारको स्वीकृति नभई मुद्दा चलाउन सकिने छैन ।

- सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्रको गठन र सञ्चालन सम्बन्धि साविक नियमावलीमा भएको ब्यवस्थामा परिमार्जन गरी उक्त सेवा केन्द्रलाई पारदर्शी , ब्यवस्थित र सेवामूखी बनाउन कोष संचालन तथा ब्यवस्थापनको लागि गृह तथा अर्थ मन्त्रालयका प्रतिनिधि समेत सदस्य रहने गरी संचालक समितिको ब्यवस्था ।
- सशस्त्र प्रहरी बलका कर्मचारीको कार्य सम्पादन मुल्याङ्कन फारममा परिवर्तन गरी नयाँ मुल्याङ्कनका मापदण्डहरु निर्धारण गरी कार्य सम्पादनको सहि मुल्याङ्कन हुने किसिमले नयाँ फारमको ब्यवस्था ।
- बढुवा हुन आवश्यक पर्ने तालीम र तालीम बापत पाउने अङ्क र दर्जागत रुपमा अनिवार्य ब्यवसायिक तालिमहरुको ब्यवस्था थप ।

सशस्त्र प्रहरी नियमावली २०७२ (नियम १६३):

पक्राउको सूचना दिनुपर्नेः

(१) सशस्त्र प्रहरी अधिकृतले ऐनको दफा २४ को उपदफा (२) बमोजिम कुनै व्यक्तिलाई पक्राउ गरेकोमा त्यसरी पक्राउ गरिएको व्यक्तिलाई अनुसूची (१९ बमोजिमको ढाँचामा पक्राउको लिखित सूचना दिई त्यस्तो व्यक्तिलाई यथासिघ्र स्थानीय अन्य प्रहरी वा सम्बन्धित अपराधको अनुसन्धान गर्ने अधिकार प्राप्त निकाय वा अधिकारीलाई सुम्पनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सुम्पँदा पक्राउ परेको व्यक्तिको खुलेसम्मको नाम थर वतन वा हुलिया तथा पक्राउ परेको मिति समय र स्थान सहितको विवरण खुलाउनु पर्नेछ ।

(३) स्थानीय अन्य प्रहरी वा सम्बन्धित अपराधको अनुसन्धान गर्ने अधिकार प्राप्त निकाय वा अधिकारीले उपनियम (२) र नियम ५८ को उपनियम २ बमोजिम आफु समक्ष प्राप्त भएका व्यक्ति तथा सामान बुझी सोको लिखित जानकारी सम्बन्धित सशस्त्र प्रहरी कर्मचारी वा निज कार्यरत रहेको कार्यालयलाई तुरुन्त उपलब्ध गराउनु पर्नेछ।

कानून कार्यान्वयन गर्ने अधिकारीले पालना गर्नुपर्ने आचारसंहिता

कानून भनेको के हो ?

- समाजमा अमनचयन, शान्ति, सुव्यवस्था एवम् राज्यमा निष्पक्ष न्याय प्रणाली स्थापनाका लागि राज्यले नै बहुसंख्यक जनताको हितमा बनाइने नियम वा सिद्धान्तहरूलाई कानुन भनिन्छ ।
- कानूनको उल्लङ्घन गर्नुलाई अपराध मानिन्छ ।
- त्यस्ता अपराधको वर्गीकरण र सजायको व्यवस्था पनि कानूनमा नै गरिएको हुन्छ ।

राज्यले कसरी कानूनको कार्यान्वयन गर्छ ?

- राज्यका विभिन्न अङ्गहरू हुन्छन् :

  १ व्यवस्थापिका : कानून बनाउने ।

  २ कार्यपालिका : कानून लागू गर्ने ।

  ३ न्यायपालिका : कानूनको सही प्रयोग भए नभएको जाँच गर्ने र न्याय दिने ।

- त्यस बाहेक विभिन्न संवैधानिक निकायहरू हुन्छन् जसले सरकारको कामकारवाही ठीक ढङ्गले भए नभएको निगरानी गर्नुको साथै कतिपय व्यवस्थापकीय काम पनि गर्दछन् ।

  जस्तै : राष्ट्रिय मानवअधिकार आयोग, निर्वाचन आयोग, लोकसेवा आयोग, अख्तियार दुरूपयोग अनुसन्धान आयोग आदि ।

कानून कार्यान्वयनमा संलग्न विभिन्न निकायहरू :

- न्यायपालिका : (सर्वोच्च अदालत , उच्च अदालत , जिल्ला अदालत र अन्य विभिन्न अदालत तथा न्यायधिकरणहरू) - विवादको निरूपण गर्छ ।
- महान्यायधिवक्ताको कार्यालय (जिल्ला सरकारी वकिलको कार्यालय) (मुद्धाको अभियोजन गर्छ ।
- प्रहरी - घटनाको अनुसन्धान गर्छ ।

अन्य निकायहरू :

- जिल्ला प्रशासन कार्यालय (स्थानीय शान्ति सुरक्षाको लागि कार्य गर्छ)
- राजस्व अनुसन्धान कार्यालय (राजस्व सम्बन्धी अपराधको अनुसन्धानको कार्य गर्छ ।)
- भन्सार कार्यालय (भन्सार चोरी निकासी सम्बन्धी अपराधको अनुसन्धान र सजायको काम गर्छ।)
- वन कार्यालय (वन पैदावार चोरी निकासी सम्बन्धी अपराधको अनुसन्धान र सजायको काम गर्छ ।)
- सशस्त्र प्रहरी बलले अन्य कामको अतिरिक्त यी माथिका निकायहरूको काममा सहयोगी भूमिमा निर्वाह गर्दछ ।

पालना गर्नुपर्ने आचारसंहिताहरू

- **पेशागत धर्मसँग सम्बन्धित आचारसंहिताहरू :**

- आधारभूत कर्तव्य समाज वा राष्ट्रको सेवाभावबाट विचलित नहुने ।
- जनताको जिउ धनको रक्षाको लागि प्रतिबद्ध रहने ।
- कानूनले निर्धारण गरेको दायित्वबाट पछी नहट्ने ।
- सदैव न्यायको पक्षमा अडिग रहने ।
- संगठन र राष्ट्रको प्रतिष्ठामा आँच पुर्याउने क्रियाकलापहरू नगर्ने ।
- व्यक्तिगत सुरक्षालाई सदैव ख्याल गर्ने । आदि।
-

➢ **मानवअधिकार र कानूनसँग सम्बन्धित आचारसंहिताहरू :**

- नागरिकका संवैधानिक र कानूनी अधिकारप्रति सचेत रहने ।
- मानवअधिकारको उच्च सम्मान गर्ने ।
- कुनै पनि किसिमको भेदभावजन्य व्यवहार नगर्ने ।
- गलत कार्य वा अपराधमा संलग्न हुने व्यक्तिको पनि मानवअधिकार हुन्छ भन्ने कुरा ख्याल गर्ने ।
- अनावश्यक बल प्रयोग नगर्ने । आदि ।

➢ **व्यक्तिगत व्यवहार सँग सम्बन्धित आचार संहिताहरू :**

- आफूलाई जनताको शासक होइन सेवक हूँ भन्ने कुरा सदैव मनमा राख्ने ।
- अपराधी र दमनकारी वर्गको विरूद्ध निर्दोष र कमजोर वर्गको पक्षमा उभिने ।
- गलत बोलीबचन र व्यवहार नगर्ने ।
- व्यक्तिगत लोभ, लालच, डर आदिको प्रभावमा नपर्ने।
- कुनै पनि किसिमको पूर्वाग्रहजन्य व्यवहार नगर्ने ।
- अपराधीलाई दण्ड दिने कार्य अदालत वा सम्बन्धित न्यायिक तथा अर्धन्यायिक निकायहरूको हो भन्ने कुरा ख्याल गर्ने । आदि ।

शक्ति प्रयोगको सिद्धान्त

भिड नियन्त्रणमा शक्ति प्रयोगको चरण (न्यूनतम वल प्रयोगको सिद्धान्त)

भिडलाई व्यवस्थापन तथा नियन्त्रण गर्न रवाफ प्रभाव र वलको उपयोग भिड नियन्त्रणमा शक्तिको प्रयोग हो।

भिड नियन्त्रणमा शक्ति प्रयोग गर्दा विचार गर्नु पर्ने कुराहरु :

क) अवस्था र आवश्यकता

ख) मानव अधिकार र राज्यको दायित्व

ग) उचित र समानुपातिक

घ) कानुनी आधार

ङ)जवाफ देहिता

च) आदेश र जिम्मेवारी

भिड नियनन्त्रणमा शक्ति प्रयोगको चरणहरु :

भिड शान्ति पूर्ण तथा साधरण छ भने व्यवस्थापन तथा नियन्त्रणको लागि भिड नियन्त्रणका लागि भिड नियन्त्रणका निम्न मनोवैज्ञानिक उपायहरु अपनाईन्छ ।

क) अनुरोध

ख) हास्य शैलीको प्रयोग

ग) प्रभावकारी व्यक्तिको सहयोग

घ) पर्खाई सृजना गर्ने ।

ङ) माईक् भिडियो क्यामेरा आदीको प्रयोग गर्ने ।

च) साक्षी वनाउने ।

छ) सुरक्षाकर्मीको आत्मविश्वास पूर्ण रवैया

भिड अशान्ति पूर्ण र असाधारण छ भने भिड व्यवस्थापन, नियन्त्रण र तितर वितर पार्न श्रृखलावद्ध वल प्रयोगको निम्न सिद्धान्त अपनाईन्छ ।

क) सम्झाउने बुझाउने ।

ख) लाठि चार्ज गर्ने -घुँडा मुनी)

ग) अश्रुग्यास प्रहार

घ) पानीको फोहराको प्रयोग

ङ) हवाई फायर

च) गोली हान्ने घुँडामुनी

बल प्रयोग गर्दा निम्न सिद्धान्तहरु अवलम्बन गर्नु पर्दछ

१. आवश्यकता भन्दा बढी बल प्रयोग नगर्ने ।

२. सजाँय दिने उपायका रुपमा बल प्रयोग नगर्ने ।

३. उदेश्य हासिल हुनासाथ बल प्रयोग गर्ने कार्य बन्द गर्ने ।

बल प्रयोग सम्बन्धि प्रकृया

१. आवश्यकता र परिस्थिति अनुसार यो गर्नु पर्ने बल प्रयोग गर्दा अपनाउनुपर्ने प्रकृयाहरु निम्नानुसार छन्

२. शान्ति सुरक्षा कायम गर्न बल प्रयोग गर्नु पर्ने अवस्थामा सम्बन्धित स्थानमा प्रमुख जिल्ला अधिकारीले आफै उपस्थित भई बल प्रयोगको आदेश प्रहरीलाई दिनु पर्ने यस्तो आदेश दिंदा समयले भ्याएसम्म लिखित र नभ्याएमा मात्र मौखिक आदेश आवश्यकतानुसार प्रहरी अधिकृतलाई दिने र मौखिक आदेश दिएको निर्देशन २४ घण्टा भित्र लिखित रुपमा र्समर्थन गर्ने प्रमुख जिल्ला अधिकारीले बल प्रयोग

सम्बन्धि दिएको आदेशनुसार कुन हदसम्म बल प्रयोग गर्नेभन्ने कराको निर्णय प्रहरी अधिकारीले गर्नु पर्दछ ।

२. स्थलगत प्रकृया

- भीड जम्मा हुनु अगाबै सम्बन्धित स्थानमा प्रहरी जनशक्ति तैनाथ भैसक्नु पर्दछ ।
- स्थलगत रुपमा प्रहरी खर्टाईदा जोडामा खटाउनु पर्दछ ।
- सबै कमाण्डरहरु बीच सर्म्पर्क हुनु पर्दछ ।
- प्रहरी जनशक्ति साधनसम्पन्न र सु-सज्जित हुनु पर्दछ ।
- भीड संबोधन गर्नुपर्ने अवस्थाको लागी लाउड स्पिकर प्रबृति वा संचार माध्यमको राम्रो व्यवस्था हुनुपर्दछ ताकि लाउड स्पिकरबाट भीडलाई चेतावनी दिन, आदेश जारी गर्न, भीडलाई नियन्त्रण गर्न सजिलो होस ।
- भीडलाई निषेध गरिएको क्षेत्रलाई स्पष्ट सिमाङ्कन गरिनु पर्दछ ।
- अनुनय कलाको प्रयोग गर्ने ।
- भीडमा व्याप्त तनाबका कारणहरु तत्कालै हटाउनु पर्दछ ।
- भिडका सहभागीहरुमा मनोबैज्ञानिक त्रास पैदा गर्न फोटो खिच्नु पर्दछ ।
- भीडलाई नेतृत्व गर्नेलाई सबैभन्दा पहिले हटाउनु पर्दछ ।
- भीड आक्रमक हुनु अगाबै भीडलाई तितर बितर गर्नु पर्दछ ।

भीड दंगा हुन नदिन पर्व रोकथाम प्रकृया :

- भीड सिर्जना हुन मद्धत पुग्ने वातावरण तयार हुन नदिने ।
- अपील तथा चेतावनीहरुको प्रयोग गर्ने ।
- प्रहरी गतिविधी चर्काउनेको नियन्त्रण ।
- ठुलो संख्यामा कर्मचारी कार्यरत रहने कार्यालय,संस्थाहरुमा व्यवस्थापकिय नियन्त्रण ।
- बाटाहरुको नाकाबन्दी ।

सशस्त्र प्रहरी बल, नेपालमा मानव अधिकार

परिचय

१. मानिसको बाच्न पाउने अधिकारलाई मानव अधिकार भनिन्छ । यो कसैको दान हाईन कोही कसैसँग खोस्न सकिदैन बरु दाबी गर्न सकिन्छ र्।र् इज्जतसाथ बाच्न चाहनु मानिसको सबै भन्दा ठुलो कुरा संसारमा केही छैन । मानवलाई मानिसका बाच्न पाउने र चाहिने आवश्यकताहरु भन्दा पनि हुन्छ । किनभने बाँच्न चाहिने आवश्यकताहरु पुरा नभए जीवन नै जीजन रहदैन ।

२. मानव अधिकारको तिन वटा सिद्धान्तहरु छन् :-

क) मानिस सबै बराबरि हुन् ।

ख) कसैलाई पनि सुविधा र अवसरबाट बंचित गरीनु हुदैन ।

ग) सरकारको लगाम जनताको हातमा हुनु पर्छ ।

३. मानव अधिकारका दुई पक्ष हुन्छ :-

क) नागरिक तथा राजनैतिक अधिकार ।

ख) आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार ।

४. नागरिक अधिकार :-

क) बाँच्न पाउँने अधिकार ।

ख) ब्यक्तिगत सुरक्षाको अधिकार ।

ग) स्वईच्छाचारी पक्राउबाट मुक्त हुने अधिकार ।

घ) सामान्त विरुद्धको अधिकार ।

ङ) निष्पक्ष न्याय र सुनुवाईको अधिकार ।

च) बन्दिहरुको अधिकार ।

छ) यातना विरुद्धको अधिकार ।

ज) बन्दिको छुट्टै उपचारको अधिकार ।

झ) दासता र बालश्रम शोषण विरुद्धको अधिकार ।

५. राजनैतिक अधिकार :-

क) चुनावमा उठ्न पाउने अधिकार ।

ख) कुनै विचार माथि आस्था राख्न पाउने अधिकार ।

ग) कुनै मतको विरोध गर्न पाउने अधिकार ।

घ) शान्ति पूर्वक सभा, सम्मेलन गर्न पाउने अधिकार ।

ङ) छापेर वा बोलेर आफ्नो मतको प्रचारप्रसार गर्न पाउने अधिकार ।

च) छिटो छरितो र सुलभ न्याय पाउने अधिकार ।

छ) गोपनियताको अधिकार ।

ज) विशेष परिस्थितिमा देश भित्र र बाहिर आवत जावत गर्न पाउने अधिकार ।

झ) संघ-संघठन खोल्न पाउने र संगठित हुन पाउने अधिकार ।

६. आर्थिक अधिकार :-

क) भोकबाट मुक्तहुने अधिकार ।

ख) जिविको पार्जनको लागि काम गर्न पाउने अधिकार ।

ग) आफ्नो ईंच्छा अनुसारको काम छान्न पाउने तथा स्विकार्ने अधिकार ।

घ) काम गर्नको लागि उपयूक्त वातावरणको अधिकार ।

ङ) उचित ज्याला पाउने र समान कामको समान ज्याला र ज्याला सहितको अधिकार ।

च) दासता विरुद्धको अधिकार ।

छ) श्रमिक संगठन खोल्न तथा संगठित हुन पाउने अधिकार ।

ज) हड्ताल गर्न पाउने अधिकार ।

झ) सम्पत्तिको अधिकार ।

ञ) राष्ट्रको सम्पत्ति उपभोग गर्न पाउने अधिकार ।

७. सामाजिक अधिकार :-

क) समान कामका लागि महिला पुरुषमा भेदभाव गर्न नहुने अधिकार ।

ख) आत्म निर्णय गर्ने अधिकार ।

ग) स्वतन्त्र पूर्वक आफ्ना क्रियाकलाप अगाडी बढाउन पाउने अधिकार ।

घ) प्रत्येक ब्यक्तिले शिक्षा आर्जन गर्न पाउने अधिकार ।

ङ) समाजमा जातिय समान्ता पाउने अधिकार ।

च) सुविधाको विकासको अवसर पाउने अधिकार ।

छ) व्यक्तित्व विकासको अवसर पाउने अधिकार ।

ज) स्वास्थ्य सुरक्षा, बिरामी सुविधा पाउने अधिकार ।

झ) प्रसुति सेवा पाउने अधिकार ।

ञ) बाँच्नको लागि चाहिने आधारहरु प्राप्त गर्ने अधिकार ।

ट) काम गर्दा घाईते भएको अवस्थामा पाउने अधिकार ।

८. सांस्कृतिक अधिकार :-

क) सास्कृतिक जिवनमा सहभागी हुन पाउने अधिकार जस्तै नाचगान, रोदी, होली ।

ख) प्रत्येक ब्यक्ति वा समुदायले आ आफ्नो बिभिन्न संकार गर्न पाउने अधिकार ।

ग) आफ्नो रिति अनुसार बिबाह बर्तबन्ध गर्न पाउने अधिकार ।

घ) आफन्तको मुत्यु पछिको अन्तिम संस्करण गर्न पाउने र जातीय परम्परा अनुसार संकार्रगर्न पाउने अधिकार ।

ङ) कलाको आनन्द लिनको लागि बिज्ञापन क्षेत्रमा सहभागी हुने अधिकार ।

च) आफुलाई मन परेको धर्म मान्न पाउने अधिकार ।

छ) प्रत्येक ब्यक्तिकलाई उसले रचना गरेको कुनै बैज्ञानिक, साहित्यीक वा कलात्मक कृतिबाट प्राप्त भएको नैतिक तथा भौतिक लाभको संरक्षणको अधिकार ।

९. मानव अधिकारको बिश्वब्यापी घोषणा पत्र १९४८:-

क) हामी सबै स्वतन्त्र र समान छौ ।

ख) घोषणा पत्रमा बयान गरिएको हकहरु सबैका लागि समान छन ।

ग) प्रत्येक ब्यक्ति सित बाच्न पाउने स्वतन्त्रता तथा ब्यक्तिगत सुरक्षाको हक हुन्छ ।

घ) कसैले पनि कसैलाई पनि बाधा वा दास दासी बनाउन पाईदैन ।

ङ) कसैलाई पनि यातना वा क्रुर अमानवीय अपमानजनक ब्यावहार वा सजाय दिनु हुन्न ।

च) जहाँ पनि जोकोही सँग कानुन द्धारा आफुलाई एक ब्यक्तिको नफ्रीमा चिनाउने हक हुन्छ ।

छ) कानुनको अगाडी सबै समान छन ।

ज) सकैको पनि मौलिक अधिकारको हनन हुनुहुदैन ।

१०. शान्ती सम्झौता :-

क) प्राराम्भिक

ख) परिभाषा

ग) राजनैतिक, आर्थिक,सामाजिक रुपान्तरण द्धन्द रुपान्तरण

घ) सेना र हतियार ब्यवस्थापन

ङ) युद्ध बिराम

च) युद्ध समाप्ती

छ) मानव अधिकार , मौलिक अधिकार र मानवीय कानुनको पालना

ज) मतभेद निरुपण तथा कार्यन्वयन

झ) अनुगमन

ञ) बिबिध

११. अर्न्तराष्ट्रिय पुरानोर् इतिहास

क) ५६०० सय पुरानोर् इतिहासमा

ख) १४५०० सय वटा घातक युद्धहरु भयो ।

ग) ३४०० सय पुरानो सामाजिकर् इतिहासमा २८६ वर्ष शान्ति पूर्ण वितियो ।

घ) बिगत ५६ वर्षा १७५ वटा युद्धहरु भए १९९४ मा मार्ग संसारका २७ स्थानमा ३४ ओटा युद्धहरु भए ।

ङ) १९९५ र १९८९ विचमा २ करोड १८ लाख मानिसहरु यस्ता युद्धका कारणमा मारिय ।

च) सन् १९४९ मा जेनेभा महासन्धिमा अर्न्तराष्ट्रिय प्रकृतिका शसस्त्र संर्घषको अवस्थामा जीवनको रक्षागर्ने उद्देश्यले सन् १९४९ मे मा जेनेपभा महासन्धिलाई पारित गरेको थियो ।

१) अर्न्तराष्ट्रिय मानविय कानुन ।

२) मानव अधिकार कानुन ।

नेपालमा सुचनाको हकको कानूनी व्यवस्था

परिचय

सूचना माग्ने र दिनुपर्ने अधिकार नै सूचनाको हक हो ।

"प्रत्येक व्यक्तिसँग विचार स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताको अधिकार छ । बिना कुनै हस्तक्षेप मत वा विचार मान्ने, राखे वा ग्रहण गर्ने र कुनै सीमाको बन्देज बिना कुनै पनि माध्यमद्वारा सूचना र विचार खोज्ने , पाउने र फैलाउने अधिकार प्रत्येक व्यक्तिलाई हुनेछ ।"

मानवअधिकार घोषणापत्रको धारा १९

सूचनाको हक सम्बन्धि ऐन २०६४को दफा २

"सूचनाको हक" भन्नाले सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना माग्ने र पाउने अधिकार संझनु पर्छ र सो शब्दले सार्वजनिक निकायमा रहेको कुनै लिखत , सामग्री वा सो निकायको काम कारवाहीको अध्ययन वा अवलोकन गर्ने, त्यस्तै लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने , सार्वजनिक महत्वको निर्माण कार्य भैरहेको स्थलको भ्रमण र अवलोकन गर्ने , कुनै सामग्रीको प्रमाणित नमूना लिने वा कुनै किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्र मार्फत प्राप्त गर्ने अधिकार समेतलाई जनाउछ ।

सूचनाको हक किन ?

- पारदर्शिता
- जवाफदेहीपनको बोध
- भ्रष्टाचारको गुन्जायसमा कमी
- ढीलासुस्ती आलटाल प्रवृतिमा कमी
- संवेदनशील सूचनाको संरक्षण
- सूचनामा सरल र सहज पहुँच

नेपालको संविधान २०७२धारा २७

सूचनाको हकः प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ । तर कानुन बमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन ।

मुलुकी अपराध संहिता २०७४

समाह्वान, इतलायनामा, सूचना वा आदेश नबुझी फर्काउन नहुनेः -९१) कुनै व्यक्तिलाई निजका नाममा कानून बमोजिम जारी भएको समाह्वान , इतलायनामा, पक्राउ पूर्जी, सूचना वा आदेश बुझाउन ल्याएकोमा निजले त्यस्तो समाह्वान, इतलायनामा, पक्राउ पूर्जि, सूचना वा आदेश बदनियतपूर्वक नबुझी फर्काउन हुँदैन ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

७७. समाह्वान, इतलायनामा, सूचना वा आदेश तामेल हुन नदिई छली हिड्न नहुनेः (१) अधिकार प्राप्त अधिकारीले जारी गरेको समाह्वान, इतलायनामा, पक्राउ पूर्जी, सूचना वा आदेश बुझनु पर्ने व्यक्तिले त्यस्तो समाह्वान, इतलायनामा, पक्राउ पूर्जी, सूचना वा आदेश तामेल हुन नदिनको लागि बद्रियतपूर्वक छली हिड्न हुँदैन ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

सूचना दिन अवरोध पुर्याजउन नहुनेः (१) कुनै कसूर भएको वा हुन लागेको छ भन्ने थाहा पाई त्यस्तो कसूरको विषयमा प्रहरी वा अधिकार प्राप्त अधिकारी समक्ष खबर वा सूचना दिन जाने व्यक्तिलाई कसैले छेकथुन गर्न वा अन्य कुनै किसिमले बाधा अवरोध पुर्याउनु हुँदैन ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई दई वर्षम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

मुलुकी फौजदारी कार्यविधि संहिता २०७४

परिच्छेद - २

कसूरको सूचना तथा अनुसन्धान सम्बन्धी व्यवस्था

(१) कसूरको जाहेरी दरखास्त वा सूचना दिनु पर्नेः (१) अनुसूची-१ मा उल्लिखित कुनै कसूर भएको , भइरहेको वा हुन लागेको छ भन्ने कुरा थाहा पाउने ब्यक्तिले त्यस्तो कसूरका सम्बन्धमा आफूसँग भएको वा आफूले देखे जाने सम्मको सवुद प्रमाण खुलाई त्यस्तो कुराको लिखित जाहेरी दरखास्त वा मौखिक सूचना वा विद्युतीय माध्यमको सूचना अनुसूची-५ बमोजिमको ढाँचामा नजिकको प्रहरी कार्यालयमा यथाशिघ्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको जाहेरी दरखास्त वा सूचना दिने ब्यक्तिले त्यस्तो सूचना लिखित रुपमा नदिएमा निजले दिएको सूचनाका सबै कुराहरु सम्बन्धित प्रहरी कर्मचारीले अनुसूची-५ बमोजिमको ढाँचामा खुलाई निजलाई सो पढी वाची सुनाई निजको सहीछाप समेत गर्राई राख्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको जाहेरी दरखास्त वा सूचना कुनै ब्यक्तिले सम्बन्धित प्रहरी कार्यालयमा आफैं उपस्थित भई दिएमा वा कुनै ब्यक्ति मार्फ पठाएमा वा विद्युतीय माध्यमबाट सूचना दिएमा त्यस्तो प्रहरी कार्यालयले त्यस्तो जाहेरी दरखास्त वा सूचना दर्ता गरी निजलाई अनुसूची-६ बमोजिमको ढाँचामा भरपाई दिनु पर्नेछ । कसैले विद्युतीय माध्यमबाट सूचना दिएकोमा सोही माध्यमबाट त्यस्तो सूचना पाएको जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (१), (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-१ मा उल्लिखित कुनै कसूर भएको कुराको सूचना वा जानकारी प्रहरीले अन्य कुनै स्रोतबाट वा आफैंले प्राप्त गरेमा सो सम्बन्धमा अनुसूची-५ मा उल्लिखित विवरण सहितको प्रतिवेदन खडा गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिमको जाहेरी दरखास्त , सूचना वा उपदफा (४) बमोजिमको प्रतिवेदनलाई प्रहरी कार्यालयले अनुसूची-७ बमोजिमको ढाँचाको दर्ता किताबमा दर्ता गरी राख्नु पर्नेछ ।

(६) उपदफा (१) बमोजिम प्राप्त जाहेरी दरखास्त वा सूचनाको सम्बन्धमा कानूनद्वारा छुट्टै अनुसन्धान गर्ने अधिकारी तोकिएकोमा त्यस्तो अधिकारी समक्ष र छुट्टै अनुसन्धान गर्ने अधिकारी नभएकोमा सम्बन्धित जिल्ला प्रहरी कार्यालय समक्ष पठाउनु पर्नेछ ।

(७) अनुसूची-२ मा उल्लिखित कुनै कसूर सम्बन्धी सूचना दिन चाहने ब्यक्तिले अनुसन्धान गर्न अधिकार प्राप्त कार्यालय वा अधिकारी समक्ष अनुसूची-५ बमोजिमको ढाँचामा सूचना दिनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम प्राप्त सूचना सम्बन्धित कार्यालय वा अधिकारीले दर्ता गरी त्यस्तो सूचना दिने ब्यक्तिलाई अनुसूची-६ बमोजिमको ढाँचामा भरपाई दिनु पर्नेछ ।

(९) उपदफा (७) बमोजिमको सूचना सम्बन्धित कार्यालय वा अधिकारी समक्ष दर्ता गर्न तत्काल सम्भव नभएमा त्यस्तो सूचना नजिकको प्रहरी कार्यालयमा पनि दिन सकिनेछ ।

(१०) उपदफा (९) बमोजिम कुनै सूचना प्राप्त हुन आएमा सम्बन्धित प्रहरी कार्यालयले पनि त्यस्तो सूचना उपदफा (३) बमोजिम दर्ता गरी तीन दिनभित्र कारबाहीका लागि सम्बन्धित कार्यालय वा अधिकारी समक्ष पठाउनु पर्नेछ ।

५. जाहेरी दरखास्त वा सूचना दर्ता नगरेमा उजुर गर्न सक्नेः

(१) दफा ४ को उपदफा -१) बमोजिम दिएको जाहेरी दरखास्त वा सूचना सम्बन्धित प्रहरी कार्यालयले दर्ता गर्न इन्कार गरेमा जाहेरी दरखास्त वा सूचना गर्ने ब्यक्तिले त्यस्तो व्यहोरा खुलाई सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालय वा त्यस्तो जाहेरी दरखास्त वा सूचना दर्ता गर्नु पर्ने प्रहरी कार्यालयभन्दा माथिल्लो तहको प्रहरी कार्यालयमा जाहेरी दरखास्त वा सूचना सहित उजुर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको उजुर प्राप्त भएमा सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालय वा प्रहरी कार्यालयले त्यसको अभिलेख राखी त्यस्तो जाहेरी दरखास्त वा सूचना आवश्यक कारबाहीको लागि सम्बन्धित प्रहरी कार्यालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त हुन आएको जाहेरी दरखास्त वा सूचनालाई सम्बन्धित प्रहरी कार्यालयले दफा ४ को उपदफा (३) बमोजिम दर्ता गरी कारबाही गर्नु पर्नेछ ।

(४) दफा ४ को उपदफा (७) बमोजिमको सूचना दर्ता गर्न त्यस उपदफामा उल्लिखित कार्यालय वा अधिकारीले इन्कार गरेमा त्यस्तो सूचना दिने ब्यक्तिले सोही व्यहोरा खुलाई कसूरको सूचना सहित सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी समक्ष उजुर दिन सक्नेछ ।

तर प्रमुख जिल्ला अधिकारी नै अनुसन्धान अधिकारी तोकिएको रहेछ र निजले त्यस्तो सूचना दर्ता गर्न इन्कार गरेमा गृह मन्त्रालयमा त्यस्तो उजुर दिन सकिनेछ ।

(५) उपदफा (४) बमोजिम उजुर प्राप्त भएमा सम्बन्धित प्रमुख जिल्ला अधिकारी वा गृह मन्त्रालयले तीन दिनभित्र सूचना दर्ता गर्ने वा नगर्ने निर्णय गरी सम्बन्धित कार्यालयलाई सो बमोजिम गर्न वा गराउन निर्देशन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको निर्देशन प्राप्त भएपछि सम्बन्धित कार्यालय वा अधिकारीले सो निर्देशन अनुसारको कारबाही गर्नु पर्नेछ ।

६. प्रमाण लोप वा नास हुन नदिन र कसूर गर्ने ब्यक्ति उम्कन नपाउने व्यवस्था गर्नेः

(१) कुनै प्रहरी कार्यालय वा प्रहरी कर्मचारीले अनुसूची -१ मा उल्लिखित कुनै कसूर भएको वा भई रहेको वा हुन लागेको जानकारी पाएमा कसूरदारलाई कसूर गर्नबाट रोक्ने वा कसूरसँग सम्बन्धित कुनै प्रमाण लोप वा नास हुन नदिने र कसूर गर्ने ब्यक्ति भाग्न , उम्कन नपाउने आवश्यक र प्रभावकारी व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तत्कालै कारबाही नगरेमा कसूरसँग सम्बन्धित कुनै प्रमाण लोप वा नास हुने वा कसूर गर्ने ब्यक्ति भाग्ने , उम्कने सम्भावना भएमा त्यस्तो प्रहरी कार्यालय वा कर्मचारीले आवश्यकता अनुसार अर्को प्रहरी कार्यालयको क्षेत्रमा समेत गई आवश्यक कारबाही गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अर्को प्रहरी कार्यालयको क्षेत्रमा गई कुनै कारबाही गर्नु पर्ने भएमा त्यस्तो कार्यालय वा कर्मचारीले त्यसको जानकारी सम्बन्धित प्रहरी कार्यालय वा निकाय तथा आफूभन्दा माथिल्लो प्रहरी कार्यालयलाई दिनु पर्नेछ ।

(४) अनुसूची-२ मा उल्लिखित कुनै कसूर भएको वा भइरहेको वा हुन लागेको जानकारी कसैको सूचना वा सम्बन्धित अधिकारीले आफैले कुनै स्रोतबाट पाएमा त्यस्तो अधिकारीले उपदफा (१) वा (२) बमोजिमको कारबाही गर्नु पर्नेछ ।

तर त्यस्तो कसूरको सूचना कुनै प्रहरी कर्मचारीले थाहा पाएको र सम्बन्धित अनुसन्धान अधिकारी तत्काल उपलब्ध नभएमा त्यस्तो प्रहरी कर्मचारीले उपदफा (१) मा उल्लिखित कारबाही गरी कुनै ब्यक्ति पक्राउ परेको भए त्यस्तो व्यक्ति सहित कारबाहीको विवरण अनुसन्धान अधिकारी समक्ष पठाउनु पर्नेछ ।

५) प्रहरी कर्मचारी वा अनुसन्धान अधिकारीले कसूरसँग सम्बन्धित कुनै प्रमाण लोप वा नास हुन नदिन वा कसूरदारलाई पक्राउ गर्न कुनै निकाय , अधिकारी वा ब्यक्तिसँग मद्दत माग्न सक्नेछ र त्यस्तो मद्दत मागेमा आवश्यक मद्दत दिनु त्यस्तो निकाय, अधिकारी वा ब्यक्तिको कर्तव्य हुनेछ ।

(६) प्रहरी कर्मचारीले कुनै कसूर भएको वा भइरहेको वा हुन लागेको छ भन्ने जानकारी वा सूचना वा सुराक पाई सुराक लिन गएका बखत वा आफ्नो उपस्थितिमा कुनै कसूर भएमा त्यस्तो कसूर गर्ने ब्यक्तिलाई तुरुन्त पक्राउ गर्नु पर्नेछ ।

(७) प्रहरी कर्मचारीले कसूरसँग सम्बन्धित दसीको मालसामान र अन्य कुनै प्रमाण वा वस्तु फेला पारेमा त्यस्तो प्रमाण वा वस्तु समेत घटनास्थलमा उपलब्ध कसूर भएको देख्ने ब्यक्तिहरु कोही भए निजहरुको रोहवरमा आफ्नो कब्जामा लिई आवश्यकता अनुसार मुचुल्का खडा गर्नु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम मुचुल्का खडा गर्ने कार्य सम्पन्न नभएसम्म त्यस्तो वस्तु, स्थान वा घटनास्थलको अवस्थालाई यथास्थितिमा सुरक्षित राख्नु पर्नेछ ।

(९) उपदफा (७) बमोजिम प्राप्त भएको दसीको मालसामान र कसूरसँग सम्बन्धित प्रमाण वा वस्तु तत्काल आफ्नो जिम्मा वा कब्जामा लिन नसकिने अवस्था रहेछ भने त्यस्तो चीज वा वस्तुलाई सुरक्षित साथ राख्नको निमित्त सम्बन्धित प्रहरी कर्मचारीले स्थानीय तह वा अन्य कुनै कार्यालयलाई अनुरोध गर्न सक्नेछ र त्यसरी अनुरोध गरिएमा सम्बन्धित तह वा कार्यालयले पनि त्यस्तो मालसामान वा प्रमाण जिम्मा लिई त्यसको भरपाई दिनु पर्नेछ । तर कसूरसँग सम्बन्धित नभएको वस्तु सम्बन्धित व्यक्तिलाई तत्काल फिर्ता गर्नु पर्नेछ ।

७. सम्बन्धित प्रहरी कार्यालयलाई सूचना दिनु पर्नेः

१) अनुसूची-१ मा उल्लिखित कुनै कसूरको सम्बन्धमा कुनै प्रहरी कार्यालयमा प्राप्त भएको सूचनाको व्यहोराबाट वा प्रहरी कार्यालय आपै ँले त्यस्तो कसूर अन्य प्रहरी कार्यालयको क्षेत्रभित्र भएको वा भइरहेको वा हुन लागेको थाहा पाएमा त्यस्तो प्रहरी कार्यालयले त्यस्तो सूचना यथाश्रिर सम्बन्धित प्रहरी कार्यालयमा पठाइदिनु पर्नेछ र आवश्यकता अनुसार सूचना दिने व्यक्तिलाई पनि सम्बन्धित प्रहरी कार्यालयमा उपस्थित हुन जानकारी दिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि भौगोलिक विकटता वा अन्य कुनै कारणले अनुसन्धान अधिकारी तत्काल उपलब्ध हुन नसक्ने भई कसूर गर्ने व्यक्ति उम्कने तथा कसूरसँग सम्बन्धित दसी, प्रमाण लोप हुन सक्ने भएमा त्यस्तो क्षेत्रभित्रको वारदातका हकमा पनि त्यस्तो सूचना प्राप्त गर्ने सम्बन्धित प्रहरी कार्यालयका अधिकार प्राप्त अनुसन्धान अधिकारीले प्रारम्भिक अनुसन्धान गरी सम्बन्धित प्रहरी कार्यालयमा पठाउनु पर्नेछ ।

३) उपदफा (२) बमोजिम प्रारम्भिक अनुसन्धान गर्नुअघि त्यस्तो अधिकारीले सम्बन्धित प्रहरी कार्यालय र एक तह माथिको प्रहरी कार्यालयलाई जानकारी दिनु पर्नेछ ।

सूचनाको हक सम्बन्धि नियमावली २०६५

सूचना प्रकाशन गर्नु पर्नेः सार्वजनिक निकायले ऐनको दफा ५ को उपदफा (३) मा लेखिएको अतिरिक्त देहायका सूचना समेत सूचीकृत गरी प्रकाशन गर्नु पर्नेछः-

(क) अघिल्लो आर्थिक वर्ष सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण,

(ख) सार्वजनिक निकायको वेभसाईड भए सोको विवरण

(१) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता , ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण,

(२) सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन,

(३) सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि,

(४) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय,

(ग) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण ।

४. मौखिक रुपमा सूचना माग गर्न सक्नेः

(१) ऐनको दफा ७ बमोजिम सूचना प्राप्त गर्न चाहने व्यक्ति निरक्षर वा शारीरिक रुपले लेख्न नसक्ने भएमा निजले मौखिक रुपमा पनि सार्वजनिक निकाय समक्ष सूचना माग गर्न सक्नेछ ।

(२) कसैले उपनियम (१) बमोजिम मौखिक रुपमा सूचना माग गरेमा सम्बन्धित सूचना अधिकारीले निजको कुरा निवेदनको रुपमा लेखी सो व्यहोरा निजलाई सुनाई त्यस्तो निवेदनमा निजको सहीछाप गर्राई राख्नु पर्नेछ ।

५. उजूरी दिन सक्नेः

(१) सूचना अधिकारीले सूचना माग गर्ने व्यक्तिको सूचना मागको निवेदन दर्ता नगरेको , माग गरे बमोजिमको सूचना नदिएको वा गलत सूचना दिएको विषयमा चित्त नबुझ्ने व्यक्तिले सात दिनभित्र प्रमुख समक्ष उजूरी दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको उजूरी जाँचबुझ गर्दा सूचना अधिकारीले सूचना मागको निवेदन दर्ता नगरेको , माग गरे बमोजिम सूचना नदिएको वा गलत सूचना दिएको देखिएमा प्रमुखले निवेदकद्वारा माग भए बमोजिमको सूचना उपलब्ध गराउन सूचना अधिकारीलौ आदेश दिन सक्नेछ र त्यसरी आदेश भएमा सूचना अधिकारीले सम्बन्धित निवेदकलाई सात दिन भित्र सूचना उपलब्ध गराउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम प्रमुख समक्ष उजूरी दिंदा निवेदकको उजूरी उपर सात दिन भित्र कुनै कारवाही नभएमा सो म्याद नाघेको पन्ध्र दिन भित्र आयोग समक्ष निवेदन दिन सकिनेछ ।

सशस्त्र प्रहरी नियमावली २०७२

१६३. पक्राउको सूचना दिनुपर्नेः (१) सशस्त्र प्रहरी अधिकृतले ऐनको दफा २४ को उपदफा (२) बमोजिम कुनै व्यक्तिलाई पक्राउ गरेकोमा त्यसरी पक्राउ गरिएको व्यक्तिलाई अनुसूची -१९ बमोजिमको ढाँचामा पक्राउको लिखित सूचना दिई त्यस्तो व्यक्तिलाई यथासिघ्र स्थानीय अन्य प्रहरी वा सम्बन्धित अपराधको अनुसन्धान गर्ने अधिकार प्राप्त निकाय वा अधिकारीलाई सुम्पनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सुम्पँदा पक्राउ परेको व्यक्तिको खुले सम्मको नाम, थर, वतन वा हुलिया तथा पक्राउ परेको मिति, समय र स्थान सहितको विवरण खुलाउनु पर्नेछ ।

(३) स्थानीय अन्य प्रहरी वा सम्बन्धित अपराधको अनुसन्धान गर्ने अधिकार प्राप्त निकाय वा अधिकारीले उपनियम (२) र नियम ५८ को उपनियम ९२० बमोजिम आफु समक्ष प्राप्त भएका व्यक्ति तथा सामान बुझी सो को लिखित जानकारी सम्बन्धित सशस्त्र प्रहरी कर्मचारी वा निज कार्यरत रहेको कार्यालयलाई तुरुन्त उपलब्ध गराउनु पर्नेछ ।

अनुसूची (१९)

(सशस्त्र प्रहरी नियमावली) २०७२ को नियम १६३ को उपनियम (१ सँग सम्बन्धित)

<u>पक्राउ गरिएको सूचना</u>

श्री ..... ।

ठेगाना ..... ।

तपाईलाई देहायको आपराधिक क्रियाकलापमा संलग्न रहेको अवस्थामा पाइएकोले सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २४ को उपदफा (२) तथा सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम १६३ को उपनियम (१) बमोजिम प्रचलित कानून बमोजिम अनुसन्धान गर्ने अधिकारी समक्ष बुझाउने प्रयोजनको लागि पक्राउ गरिएको व्यहोरा सूचित गरिन्छ ।

१.

२.

पक्राउ गरेको स्थानः

पक्राउ गरेको मिति :

पक्राउ गरेको समय :

<u>सशस्त्र प्रहरी अधिकृत</u>

दस्तखतः

नामः

दर्जाः

कार्यालयः

मितिः

यातना बिरुद्धको क्षतिपुर्ती, ऐन २०५३

नेपालको अन्तरीम संविधान २०६३ को प्रस्तावनामा "प्रत्येक नेपाली नाग।किको आधारभूत मानव अधिकार सुरक्षित" गर्ने, भाग ३ मा मौलिक हकको, धारा १४ मा "फौजदारी न्याय सम्बन्धी हक" को विषयमा विशेष व्यवस्था गरिएको पाईन्छ । संविधानको धारा १४ को ४ मा "अनुसन्धान, तहकिकात वा पर्ुपक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसंग निर्मम अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानूनले निर्धारित गरे बमोजिमको क्षतिपर्ूर्ति दिईने छ ।"
संयुक्त राष्ट्र संघको एक सदस्यको हैसियतले मानव अधिकार सम्बन्धि विभिन्न महासन्धिहरुमा नेपालले आफ्नो स्वीकारोक्ति जनाउने सिलसिलामा "यातना तथा अन्य निर्दयी, अमानवीय तथा अपमानजनक व्यवहार अथवा दण्ड विरुद्धको महासन्धि समेत हस्ताक्षर गरि सकेको छ ।

संक्षिप्त नाम र प्रारम्भ

- यस ऐनको नाम"यातना सम्बन्धी क्षतिपर्ूर्ति ऐन, २०५३" ।
- यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

परिभाषा :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

- "यातना" भन्नाले अनुसन्धान, तहकिवात वा पर्ुपक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई सम्झनु पर्छ र सो शब्दले निजसँंग गरिएको निर्मम, अमानविय वा अपमानजनक व्यवहारलाई समेत जनाउछ ।
- "पीडित व्यक्ति" भन्नाले यातना पाउने व्यक्ति सम्झनु पर्छ ।

यातना दिन नहुने

- अनुसन्धान, तहकिकात वा पर्ुपक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई यातना दिनु हुदैन ।

स्पस्टीकरण :- यस उपदफाको प्रयोजनको लागि थुनामा रहेको भन्ने शब्दले प्रचलित कानून वमोजिम हिरासतमा रहेको अवस्थालाई समेत जनाउँदछ ।

- कुनै पनि व्यक्तिलाई थुनामा राख्दा र छोड्दा संभव भए सम्म सरकारी सेवामा रहेका चिकित्सक र चिकित्सक उपलब्ध हुन नसकेको अवस्थामा सम्बन्धित अधिकारी आफैंले निजको शारीरिक स्थितिको जाँच गरी गर्राई सो को अभिलेख खडा गरी राख्नु पर्नेछ ।

स्पस्टीकरणः- यस उपदफाको प्रयोजनको लागि चिकित्सक भन्नाले सरकारी सेवामा रहेको डाक्टर,कविराज,हेल्थ असिस्टेन्ट, अ.हे.व.,वा वैद्य समेतलाई सम्झनर्ुपर्दछ ।

- उपदफा २ मा उल्लेखित शारीरिक वा मानसिक स्थितिको जाँच सम्बन्धि प्रतिवेदनको एक प्रति सम्बन्धीत जिल्ला अदालतमा पठाउनु पर्ने छ ।

- **क्षतिपूर्ती दिईने :-** सरकारको कुनै कर्मचारीले कुनै व्यक्तिलाई यातना दिएको ठहरेमा पिडित व्यक्तिलाई यस ऐन वमोजिमको क्षतिपूर्ति दिइने छ ।

उजुर दिन सक्ने

- पीडित व्यक्तिले आफूलाई यातना दिइएको मितिले वा थुना मुक्त भएको मितिले ३५ दिन भित्र क्षतिपूर्तीको माग दाबी गरी आफू थुनामा रहेको जिल्लाको जिल्ला अदालतमा उजुरी दिन सक्ने छ ।
- उपदफा १ मा जुन सुकै कुरा लेखिएको भएता पनि पीडित व्यक्तिको मृत्यु भएको अवस्थामा वा अन्य कुनै कारणबाट पीडित व्यक्ति आप+mैले उजुरी दिन नसक्ने अवस्था भएमा त्यसको कारण खोली निजको परिवारको उमेर पुगेको कुनै व्यक्ति वा निजको कानून व्यवसायीले उपदफा १ वमोजिम उजुरी दिन सक्ने छ
- थुनामा रहेको व्यक्तिलाई यातना दिएको छ भन्ने लागेमा निजको परिवारको उमेर पुगेको कुनै व्यक्ति वा निजको कानून व्यवसायीले सम्बन्धित जिल्ला अदालतमा निवेदन दिन सक्ने छ । यस्तो निवेदन परेकोमा अदालतले तीन दिन भित्र थुनामा रहेको व्यक्तिको शारीरिक वा मानसिक जाँच गराउन आदेश दिन सक्ने छ । यसरी जाँच गर्दा उपचार गर्नु पर्ने भएमा सरकारको तर्फाट उपचार गराइनेछ ।

उपदफा १ वा २ वमोजिम दिईने उजुरीमा यथासंभव देहायका कुराहरु समेत खुल्नु पर्ने छ ।

- ☞ थुनामा परेको कारण र थुनामा विताएको अवधि ।
- ☞ थुनामा रहँदा दिईएको यातनाको विवरण ।
- ☞ यातना दिएको कारणबाट पुग्न गएको क्षतिको विवरण ।
- ☞ दावी गरेको क्षतिपर्ूर्तिको रकम ।
- ☞ दावी प्रमाणित गर्न सहायक हुने अरु कुनै विवरण ।

उजुरी कारवाही र क्षतिपूर्ति

- दफा ५ वमोजिम परेको उजुरीको सम्बन्धमा जिल्ला अदालतले संक्षिप्त कार्यविधि ऐन, २०२८ वमोजिमको कार्यविधि अपनाई कारवाही गर्ने छ र त्यस्तो उजुरीको व्यहार ठिक ठहरेमा पीडित व्यक्तिलाई सरकारबाट एक लाख रपैयाँ सम्म क्षतिपूर्ति भर्राई दिने निर्णय गर्न सक्ने छ ।

यातना दिने कार्यमा संलग्न व्यक्ति उपर कारवाही :

यस ऐन वमोजिम यातना दिएको ठहरिएमा जिल्ला अदालतले त्यस्तो यातना दिने सरकारी कर्माचारीलाई प्रचलित कानून वमोजिम विभागीय कारवाही गर्न सम्बन्धीत निकायलाई आदेश दिनेछ

क्षतिपुर्ति रकम निर्धारण :

- दफा ६ को उपदफा -१) को प्रयोजनको निमित्त क्षतिपर्ुर्तिको रकम निर्धारण गर्दा देहायका कुराहरुलाई ध्यानमा राखी निर्धारण गर्नु पर्दछ ।
- पीडित व्यक्तिलाई पर्न गएको शारीरिक वा मानसिक कष्ट वा पीडा र त्यसको गम्भीरता ।
- शारीरिक वा मानसिक क्षतिको कारण पीडित व्यक्तिको अन्य आर्जन गर्ने क्षमतामा हुन पुगेको ह्रास
- उपचार हुन नसकेको शारीरिक वा मानसिक क्षती पुगेमा पीडित व्यक्तिको उमेर र निजको पारिबारिक दायित्व ।
- उपचार हुन सक्ने किसिमको क्षति भएको मा उपचार गराउन लाग्ने अनुमानित खर्च ।
- यातयातको कारणबाट पीडित व्यक्तिको मृत्यु भएमा निजको आम्दानीमा आश्रीत निजको परिवारका सदस्यहरुको संख्या र तिनीहरुको जीविकोपार्जनको निमित्त आवश्यक पर्ने न्यूनतम खर्च र पीडित व्यक्तिले दावी गरेको कुराहरु मध्ये उचित र उपयुक्त देखिएका कुराहरु ।

निर्णयको कार्यान्वयन

- पीडित व्यक्तिलाई क्षतिपर्ूर्ति दिने सम्बन्धमा अन्तिम निर्णय भएपछि त्यस्तो निर्णयको सुचना पाएको मितिले एक वर्षभित्र पिडित व्यक्ति वा निजको मृत्यु भएमा निजको नजिकको हकवालाले क्षतिपूर्तिको रकम पठाउने पीडित व्यक्ति थुनामा रहेको जिल्लाको प्रमुख जिल्ला अधिकारी समक्ष क्षतिपुर्ति दिने सम्बन्धमा जिल्ला अदालतबाट भएको निर्णयले प्रतिलिपि सहित निवेदन दिनु पर्नेछ ।
- उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएको मितिले ३५ दिन भित्र प्रमुख जिल्ला अधिकारीले निवेदकलाई क्षतिपूर्तिको रकम दिइनु पर्ने ।
- उपदफा (१) वमोजिम म्यादभित्र निवेदन नदिएमा क्षति पूर्तिको रकम पाउने छैन ।

मानव अधिकार विश्वव्यापी घोषणा पत्र1948-

मानव अधिकारको परिचय

मानिसको बाच्न पाउने अधिकारलाई मानव अधिकार भनिन्छ । यो कसैको दान होईन, कोही कसैसँग खोस्न सकिदैन बरु दाबी गर्न सकिन्छ र।र् इज्जतसाथ बाच्न चाहनु मानिसको सबै भन्दा ठुलो कुरा संसारमा केही छैन । मानवलाई मानिसका बाच्न पाउने र चाहिने आवश्यकताहरु भन्दा पनि हुन्छ । किनभने बाँच्न चाहिने आवश्यकताहरु पुरा नभए जीवन नै जीजन रहदैन ।

मानवअधिकार कानुनले जीवन, स्वतन्त्रतता, समानता, गैरभेदभाव र मानवको सम्मानसम्बन्धी धेरै अन्तराष्ट्रिय वा क्षेत्रीय महासन्धिहरु, सन्धिहरु, सहमतिहरु, घोषणाहरु र निर्णयहरुलाई पद्धतिसंगत गर्छ ।

मानव अधिकारको सिद्धान्तहरु

क) मानिस सबै बराबरी हुन् ।

ख) कसैलाई पनि सुविधा र अवसर बाट कुनै पनि बंचित गरीनु हुदैन ।

ग) सरकारको लगाम जनताको हातमा हुनु पर्छ ।

मानव अधिकारका पक्षहरु

क) नागरिक तथा राजनैतिक अधिकार ।

ख) आर्थिक, सामाजिक र संास्कृतिक अधिकार ।

नागरिक अधिकार

क) बाँच्न पाउँने अधिकार ।

ख) ब्यक्तिगत सुरक्षाको अधिकार ।

ग) स्वर्ईच्छाचारी पक्राउबाट मुक्त हुने अधिकार ।

घ) सामान्त विरुद्धको अधिकार ।

ङ) निष्पक्ष न्याय र सुनुवाईको अधिकार ।

च) बन्दिहरुको अधिकार ।

छ) यातना विरुद्धको अधिकार ।

ज) बन्दिको छुट्टै उपचारको अधिकार ।

झ) दासता र बालश्रम शोषण विरुद्धको अधिकार ।

राजनैतिक अधिकार

क) चुनावमा उठ्न पाउने अधिकार ।

ख) कुनै विचार माथि आस्था राख्न पाउने अधिकार ।

ग) कुनै मतको विरोध गर्न पाउने अधिकार ।

घ) शान्ति पूर्वक सभा, सम्मेलन गर्न पाउने अधिकार ।

ङ) छापेर वा बोलेर आफ्नो मतको प्रचारप्रसार गर्न पाउने अधिकार ।

च) छिटो छरितो र सुलभ न्याय पाउने अधिकार ।

छ) गोपनियताको अधिकार ।

ज) विशेष परिस्थितिमा देश भित्र र बाहिर आवत जावत गर्न पाउने अधिकार ।

झ) संघ-संघठन खोल्न पाउने र संगठित हुन पाउने अधिकार ।

आर्थिक अधिकार

क) भोकबाट मुक्त हुने अधिकार ।

ख) जिविको पार्जनको लागि काम गर्न पाउने अधिकार ।

ग) आफ्नो ईंच्छा अनुसारको काम छान्न पाउने तथा स्विकार्ने अधिकार ।

घ) काम गर्नको लागि उपयूक्त वातावरणको अधिकार ।

ङ) उचित ज्याला पाउने र समान कामको समान ज्याला र ज्याला सहितको अधिकार ।

च) दासता विरुद्धको अधिकार ।

छ) श्रमिक संगठन खोल्न तथा संगठित हुन पाउने अधिकार ।

ज) हड्ताल गर्न पाउने अधिकार ।

झ) सम्पत्तिको अधिकार ।

ञ) राष्ट्रको सम्पत्ति उपभोग गर्न पाउने अधिकार ।

सामाजिक अधिकार

क) समान कामका लागि महिला पुरुषमा भेदभाव गर्न नहुने अधिकार ।

ख) आत्म निर्णय गर्ने अधिकार ।

ग) स्वतन्त्र पूर्वक आफ्ना क्रियाकलाप अगाडी बढाउन पाउने अधिकार ।

घ) प्रत्येक व्यक्तिले शिक्षा आर्जन गर्न पाउने अधिकार ।

ङ) समाजमा जातिय समान्ता पाउने अधिकार ।

च) सुविधाको विकासको अवसर पाउने अधिकार ।

छ) व्यक्तित्व विकासको अवसर पाउने अधिकार ।

ज) स्वास्थ्य सुरक्षा, बिरामी सुविधा पाउने अधिकार ।

झ) प्रसुति सेवा पाउने अधिकार ।

ञ) बाँच्नको लागि चाहिने आधारहरु प्राप्त गर्ने अधिकार ।

ट) काम गर्दा घाईते भएको अवस्थामा पाउने अधिकार ।

सांस्कृतिक अधिकार

क) सास्कृतिक जिवनमा सहभागी हुन पाउने अधिकार जस्तै नाचगान, रोदी, होली ।

ख) प्रत्येक व्यक्ति वा समुदायले आ आफ्नो बिभिन्न संकार गर्न पाउने अधिकार ।

ग) आफ्नो रिति अनुसार बिबाह बर्तबन्ध गर्न पाउने अधिकार ।

घ) आफन्तको मुत्यु पछिको अन्तिम संस्करण गर्न पाउने र जातीय परम्परा अनुसार संकार गर्न पाउने अधिकार ।

ङ) कलाको आनन्द लिनको लागि बिज्ञापन क्षेत्रमा सहभागी हुने अधिकार ।

च) आफुलाई मन परेको धर्म मान्न पाउने अधिकार ।

छ) प्रत्येक व्यक्तिकलाई उसले रचना गरेको कुनै बैज्ञानिक, साहित्यीक वा कलात्मक कृतिबाट प्राप्त भएको नैतिक तथा भौतिक लाभको संरक्षणको अधिकार ।

मानव अधिकारको बिश्वब्यापी घोषणा पत्र १९४८

क) हामी सबै स्वतन्त्र र समान छौ ।

ख) घोषणा पत्रमा बयान गरिएको हकहरु सबैका लागि समान छन ।

ग) प्रत्येक व्यक्ति सित बाच्न पाउने स्वतन्त्रता तथा व्यक्तिगत सुरक्षाको हक हुन्छ ।

घ) कसैले पनि कसैलाई पनि बाधा वा दास दासी बनाउन पाईदैन ।

ङ) कसैलाई पनि यातना वा क्रुर अमानवीय अपमानजनक ब्यावहार वा सजाय दिनु हुन्न ।

च) जहाँ पनि जोकोही सँग कानुन द्धारा आफुलाई एक व्यक्तिको रुपमा चिनाउने हक हुन्छ ।

छ) कानुनको अगाडी सबै समान छन ।

ज) सकैको पनि मौलिक अधिकारको हनन हुनुहुदैन ।

शान्ती सम्झौता

क) प्राराम्भिक

ख) परिभाषा

ग) राजनैतिक, आर्थिक, सामाजिक रुपान्तरण द्धन्द रुपान्तरण

घ) सेना र हतियार ब्यवस्थापन

ङ) युद्ध बिराम

च) युद्ध समाप्ती

छ) मानव अधिकार , मौलिक अधिकार र मानवीय कानुनको पालना

ज) मतभेद निरुपण तथा कार्यन्वयन

झ) अनुगमन

ञ) बिबिध

अर्न्तराष्ट्रिय पुरानो ईतिहास

क) ५६०० सय पुरानो ईतिहासमा

ख) १४५०० सय वटा घातक युद्धहरु भयो ।

ग) ३४०० सय पुरानो सामाजिक ईतिहासमा २८६ वर्षशान्तिपर्ूण्ा वितियो ।

घ) बिगत ५६ वर्षा १७५ वटा युद्धहरु भए १९९४ मा मार्ग संसारका २७ स्थानमा ३४ ओटा युद्धहरु भए ।

ङ) १९९५ र १९८९ विचमा २ करोड १८ लाख मानिसहरु यस्ता युद्धका कारणमा मारिय ।

च) सन् १९४९ मा जेनेभा महासन्धिमा अर्न्तराष्ट्रिय प्रकृतिका शसस्त्र संर्घषको अवस्थामा

जीवनको रक्षा गर्ने उद्देश्यले सन् १९४९ मे मा जेनेपभा महासन्धिलाई पारित गरेको थियो ।

१) अर्न्तराष्ट्रिय मानविय कानुन ।

२) मानव अधिकार कानुन् ।

पक्राउ सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनहरु

परिचय :-

छोटकरीमा भन्दा प्रचलित ऐन नियम अनुसार ब्यक्तिको ब्यक्तित्व स्वतन्त्रता माथिको रोकथाम - बन्देज) लाइ पक्राउ भनिन्छ । आजको प्रजातान्त्रिक नेपालमा सम्पर्ूण्ा पक्षले संबिधान र प्रचलित ऐन नियमको पालना गर्नु पहिलो आवश्यक्ता हो । समाज प्रहरीको कर्म भूमि हो । हामी राज्य र जनताका सेवक हौं । अतः समाजमा शान्ति सुरक्षा र अमन चयन कायम राखी बिकास कार्यमा सहयोग पुर्याउनु अपराध अनुसन्धान रोकथाम र त्यसको नियन्त्रण गर्नु जस्ता गहन जिम्मेवारी राज्ले प्रहरी बिभागलाई सुम्पेको छ । प्रहरी उदेश्य प्राप्तीका लागि आफ्ना बिभिन्न तरीका मध्ये पक्राउ पनि एक महत्वपर्ुण्ा कार्य हो । यसलाई अपराध अनुसन्धानको मेरुडण्डको रुपमा पनि लिईन्छ । कानूनी मर्यादा पालन गराउनुका पक्राउको उल्लेखनिय भूमिका रहेको छ ।

उदेश्य :-

- प्रचलित ऐन नियमको पालना गराउनु ।
- अपराध अनुसन्धानमा सहयोग पुर्याउनु ।
- भविश्यमा हुने संभाब्य खतराबाट बचाउनु ।
- शक्ति ब्यक्ति वा अभियुक्तलाई न्यायलयमा पेश गरी निजले गरेको अपराधको कार्य बापतको प्रचलित ऐन नियम बमोजिम दण्ड सजाय दिलाउनु ।
- शान्ति सुरक्षा अमन चयन कायम राख्नु ।
- आदेशको पालना गर्नु ।

पक्राउ सम्बन्धि कानूनको ब्यवस्था :-

क) प्रहरी ऐन २०१२ को दफा १७ मा ब्यवस्था भए अनुसार ब्यक्तिलाई प्रहरीले बिना वारेण्ट पक्राउ गर्न सक्ने छ ।

- ३ बर्षभन्दा बढी कैद हुने अपराध गरेको वा गर्न आंटिएको छ भन्ने थाह भएको ब्यक्ति ।
- कफ्र्यू लागेको बेला शंकित किसिमले हिंडडुल गर्ने ब्यक्ति ।
- रातमा मनासिब कारणबिना झयालढोका फोडने,सरसामान हातहतियार बोकी हिडडुल गर्ने ब्यक्ति
- फरार घोषित भएको पक्रनु पर्ने ब्यक्ति ।
- प्रहरी वा सेनाबाट भागेको ब्यक्ति ।
- कानून बमोजिम थुनिएको ठांउबाट भागेको वा भाग्न उद्योग गरेको व्यक्ती ।

ख) मुलुकी ऐन अदालत बन्दोबस्ती ९४ मा :- कर्तब्य , ज्यान मार्ने उद्योग, डांका, गोबद्ध, खोटाटक,बरजस्ती करणी, जिउमास्ने बेच्ने, लागु औषध, राष्ट्र सेवकले नगद वा जिन्सी मसोट गरेको मुद्दा, आगो लगाएको मुद्दा र सरकारी सम्पत्ति भएको घरमा आगो लगाएको मुद्दा आदि वारेण्ट जारी गरी पक्राउ गर्नु पर्ने ब्यक्ति ।

ग) मुलुकी ऐन अ.व.न. ११६ मा ब्यवस्था भए अनुसार वारेण्ट जारी गरेर पक्रनुपर्ने मानिसलाई र हातहतियार खरखजाना सम्बन्धि अभियुक्तलाई घरभित्र पसी पक्रनु पर्दछ । जुनसुकै बखतमा भएपनि पक्रनु पर्ने मानिस भाग्न नपाउने गरी बाटो रोक्का गरी जनाउ दिंदै घरभित्र सम्म गई पक्रन हुन्छ । सो ठांउ सम्म जांदा पक्राउ हुन सकेन भने जनाउ दिदै सूर्योदय देखि सर्यूास्त सम्म घरभित्र पसेर पनि पक्राउ गर्न सक्छ ।

घ) अ.व.: नं ११७ मा उल्लेख भए अनुसार स्वास्नी मानिसलाई पक्राउ गर्नु पर्दा महिला प्रहरी पठाउने । महिला प्रहरी नभए बिश्वासका दुई प्रहरी कर्मभारी पठाइबोलाई ल्याउने नआई अडिग लिएमा नाडीमा समाई ल्याउनु पर्दछ ।

ङ) कुटनैतिक सुबिधा प्राप्त ब्यक्तिलाई पक्राउ गर्न मिल्दैन । घट्ना सम्बन्धि सोधपुछ गर्नु पर्दा पनि नेपाल सरकारको सम्बन्धित कर्मचारीले कुटनैतिक प्रतिनिधिको मर्यादा राखी उचित सम्मान गर्नु पर्दछ ।

च) मानब अधिकारको अन्तराष्ट्रिय घोषणा १९४८ मा मानब अधिकार सम्बन्धि उल्लेख भए अनुसार बिना कारण कसैलाई पनि थुन्न नपाईने र कुनै कारणबस पक्राउ परेकालाइ जति सक्दो चांडो न्यायिक अदालत समक्ष कारण सहित उपस्थित गराउनु पर्ने ब्यवस्था छ ।

स.मु.ए.ऐन दफा १४ पक्राउ गर्ने :-

- यस ऐन बमोजिम कुनै अपराधको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारी त्यस्तो अपराधमा संलग्न रहेको छ भन्ने शंका गर्नु पर्ने मनासिब कारण भएको ब्यक्तिलाई पक्राउ गर्न सक्ने छ । र त्यस्तो पक्राउ गरिएको कारण सहितको सूचना नदिई थुनामा राखिने छैन ।
- कुनै अपराध भएको देख्ने ब्यक्तिले त्यस्तो अपराध गर्ने ब्यक्तिलाई पक्री नजिकको प्रहरी कार्यालयमा बुझाउन सक्ने छ ।
- उपदफा -१) बमोजिम बमोजिम कुनै ब्यक्तिलाई पक्राउ गर्नु पर्दा निजलाई पक्राउ गर्नु पर्ने कारण खोली सम्झाई आत्म र्समर्पण गर्ने आदेश दिनु पर्दछ । कुनै ब्यक्तिले आत्म र्समर्पण नगरी पक्राउबाट बच्ने वा भाग्ने उम्कने प्रयत्न गरेमा निजलाई पक्राउ प्रहरीले आवश्यक बल प्रयोग गर्न सक्ने छ ।
- कुनै महिलालाई पक्राउ गर्नु परेमा यथासम्भब महिला प्रहरीद्धारा पक्रन लगाउनु पर्दछ ।
- यस दफा बमोजिम पक्रिएको ब्यक्तिको तलासी लिंदा वा अन्य कुनै चिज वा खरखजाना हात हतियार पक्राउ गर्ने प्रहरी कर्मचारीले आफ्नो कब्जामा लिई त्यसको मुचुल्का खडा गरी राख्नु पर्दछ ।

दफा १५ तहकिातको लागि थुनामा राख्न सकिने अवधि र तत्सम्बन्धि कार्य प्रणाली :-

- यो दफा बमोजिम हुने भएमा बाहेक कुनै पनि ब्यक्तिलाई अपराधको तहकिकातको लागि २४ घण्ट भन्दा बढी थुनामा राख्नु हुदैन ।

स्पष्टीकरण :- थुनामा परेको ब्यक्तिलाई उप-दफा -२) बमोजिम अदालतमा उपस्थित गराउन प्रहरी कार्यालयमा पुर्याउन वा प्रहरी कार्यालयबाट अदालतमा पुर्याउन बाटोमा लाग्ने अवधिलाई यो दफा प्रयोजनको लागि थुनाको अवधिमा गणना गरिने छैन ।

- अनुसुची १ मा उल्लेखित कुनै अपराधको तहकिकातको सिलसिलामा पक्राउ गरिएको र थुनामा राखिएको ब्यक्तिको सम्बन्धमा २४ घण्टा भित्र तहकिकात पुरा नहुने भई निजलाई थुनामा राखी तहकिकात जारी राख्नु पर्ने देखिएमा तहकिकात गर्ने प्रहरी कर्मचारीले निजलाई अदालत समक्ष उपस्थित गर्राई अदालतबाट अनुमति लिएर मात्र थुनामा राख्नु पर्ने छ । सो बमोजिम अदालत संग अनुमति माग्दा थुनामा परेको ब्यक्ति उपरको अभियोग त्यसको आधार निजको बयान कागज भइ सकेको भए बयान कागजको ब्यहोरा स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने छ ।
- उप-दफा २ बमोजिम थुनामा राख्ने अनुमतिको लागि अदालतमा उपस्थित गर्राईएको ब्यक्तिले त्यसरी अदालतमा उपस्थित हुंदा आफ्नो शारीरिक जांचको लागि अदालत समक्ष निबेदन दिन सक्ने छ ।
- उप-दफा २ बमोजिम थुनामा राख्ने अनुमति मागेमा अदालतले सम्बन्धित कागजातहरु हेरी तहकिकात सन्तोषजनक रुपमा भए वा नभएको बिचार गरी सन्तोषजनक रुपमा तहकिकात मै रहेको देखिएमा एकै पटक वा पटक-पटक गरी बढीमा २५ दिन सम्म थुनामा राख्ने अनुमति दिन सक्नेछ

पक्राउ परेको ब्यक्तिको छुटकारा पकृया, तरिका :-

१) जमानतद्धारा

२) सम्बन्धित अदालतको आदेशद्धारा

जमानतद्धाराः- स.मु.स.ऐन २०४९ को दफा २१ अनुसार मुद्दा चलाउदा अदालतले खोजेको बखत उपस्थित हुने गरी हाजिर लिई हिरासतमा राखी रहन आवश्यक नदेखिएमा सरकारी वकिलको सहमति लिई वा नलिई मानासिब कारणको प्रचार खडा गरी प्रहरीले हांजिर जमानीमा छाड्न सक्ने ।

जमानतद्धारा :-अ.ब. ११८ न.. पर्ुपक्षका लागि थुनामा राख्न प्रस्तुत सबुत प्रमाण पर्याप्त नभएमा वा कानूनले राख्न नमिल्ने भएमा ।

पक्राउ गर्दा बल प्रयोग :-

बल प्रयोग :- स.मु.स. ऐन २०४९ को दफा १४ -३) :- अपराध अनुसन्धानको सिलसिलमा प्रचलित ऐन कानूनको पालना नगरी पक्राउ गर्नु पर्ने ब्यक्तिलाई पक्राउ गर्दा प्रहरीको भरमज्दुर कोसिस गर्नु पर्ने कानूनी ब्यवस्था छ । बल प्रयोग गर्दा तत्कालीन परिस्थितीलाई मध्य नजर राखी न्यूनत्तम बल प्रयोग गर्नु पर्दछ ।

गोलीको प्रयोग :- पक्राउ गर्दा आफ्नो आत्मा रक्षाको प्रश्न उठेमा आफ्नो साथमा रहेको हतियार तथा गोली प्रयोग गर्न सक्ने छ । गोलीको प्रयोग गर्दा सक्भर घुंडामुनी लाग्ने गरी हान्नु पर्दछ । जघन्य अपराधमा सजाय हुने खालका अपराधीको पक्राउ गर्दा आवश्यक्ता अनुसार प्रचलित ऐन नियमको कार्य बिधि पुर्याई गोली प्रयोग गरे हुन्छ ।

हतकडीको प्रयोग :- पक्राउ गर्दा ब्यक्तिको ब्यक्तिगत स्वतन्त्रतामा आवश्यक्ता भन्दा बढी रोक लगाउनु हुदैन । तर खतरनाक हुल हुज्जत गरी भाग्न कोसिस गर्ने अभियुक्त वा अपराधीलाईपक्राउ गरी डोरी वा हतकडी प्रयोग गर्न सकिन्छ । सामान्यतयाः बृद्ध, अशक्त,ब्यक्ति, केटाकेटी र स्वास्नी मानिसलाइ हतकडी प्रयोग गर्नु अनुचित देखिन्छ ।

ध्यान दिनु पर्ने कुराहरु :-

पक्राउ कार्य ज्यादै जोखिम पूर्ण कार्य हो । प्रहरीले प्रचलित ऐन नियमको पालना गरी सम्बन्धित ब्यक्तिलाई पक्राउ गर्नु पर्दछ । प्रहरीले पक्राउ गर्दा कानूनी कार्यबिधिको साथसाथै सुरक्षाको दृष्टिकोणले पनि ध्यान दिनु पर्दछ । अतः पक्राउ सम्बन्धि ध्यान दिनु पर्ने कुराहरु यस प्रकार छन :-

पक्राउ गर्नु अघि ध्यान दिनु पर्ने कुराहरु :- यो तयारीको चरण हो यस चरणमा छिटो भन्दा छिटो बढी सक्रियताका साथ काम गर्नु पर्दछ , जस्तै :-

१) आवश्यक्त अनुसार पक्राउ पर्ुर्जी साथ पक्राउ गर्नेटोली खटाउनु पर्ने छ ।

२) पक्राउ सम्बन्धी योजना तर्जुमा गर्ने ।

३) आवश्यक साधन,श्रोत र प्रहरी शक्तिको छनौट,यसमा आवश्यक हातहतियार,खरखजाना, असवाव (डोरी) हतकडी, नक्शा, र्टच लाईट, लुगाफाटो आदिको ब्यवस्था गर्ने ।

४) पक्राउ गर्नु पर्ने सम्बन्धी जानकारी :- नामथर, वतन, हुलिया, कस्तो खालको अपराधी हो आदि जानकारी लिनु पर्दछ ।

५) पक्राउ गर्न जांदा हो हल्ला गर्नु हुदैन । गोपनियता अपनाउनु पर्ने छ ।

६) पक्राउ गर्ने टोली दस्तुर माफिकको पोषाक, प्रहरी हुनु पर्दछ । र आवश्यक्ता अनुसार सादा पोषाकमा पनि प्रहरी खटाउनु पर्दछ ।

७) सभब भए सम्म आवश्यकतानुसार नाकाबन्दी समेत गर्नु पर्दछ :

पक्राउ गर्दाको बेला ध्यान दिनु पर्ने कुराहरु :-

१) बास्तबिक पक्राउ गर्नु पर्ने ब्यक्तिको पहिचान गर्नु पर्दछ ।

२) पक्राउ योजना अनुसार घेरा बन्दी गर्नु पर्दछ । ताकी पक्राउ गर्नुपर्ने ब्यक्ति उम्केर नजाओस र निजले नराम्रो हर्कत गर्न नपाओस ।

३) आवश्यक्ता अनुसार पकंाउ पर्ुजी बुझाउने ।

४) पक्राउ गर्दा आवश्यक्ता प्रचलित ऐन नियमको साथसाथै अ.ब.नं. ११७ को पनि ख्याल गर्नु पर्दछ ।

६) सुरक्षा प्रवन्ध मिलाई सम्बन्धित कार्यालय राख्ने यस चरणमा पक्राउ परेको ब्यक्ति भाग्न, उम्कने नपाउने ब्यवस्थापन मिलाउनु पर्दछ र आवश्यक्ता अनुसार निजको प्रकृति हेरी हतकडी वा डोरीको प्रयोग गर्नु पर्दछ ।

७) पक्राउ गर्दा अनावश्यक हैरान दिनु हुदैन ।

८) प्रारम्भिक तलासी लिनु पर्दछ ।

पक्राउ पश्चातको कारबाही :-

१) सुरक्षाको दृष्टिकोणले आवश्यक ब्यवस्था मिलाई पक्राउ परेका ब्यक्तिको शरीरको पर्ुण्ा तलास लिनु पर्दछ ।

२) सुरक्षा प्रवन्धका साथ निजलाई सम्बन्धित प्रहरी कार्यालयमा यथाश्रि छिटो साधनद्धारा पुर्याउनु पर्दछ

३) पक्राउ प्रतिबेदन सहित पक्राउ गर्न खटिएका कमाण्डरले पेश गर्नु पर्दछ ।

४) अनावश्यक हैरान दिनु हुदैन । सुरक्षा ब्यवस्था मिलाउने ।

५) कार्यालयमा बुझायपछि सम्बन्धित डिउटी अधिकृत तथा गार्ड कमाण्डरले आ-आफ्नो जिम्मेवारी तथा निजको खाने, सुत्ने, सुरक्षा प्रवन्ध मिलाउनु पर्दछ ।

६) आवश्यक सोधपुछ गर्नु पर्दछ ।

७) जिल्ला सरकारी वकिलको कार्यालयमा लगी बयान गराउनु पर्दछ ।

८) मुद्दा हेर्ने अदालत समक्ष्य बाटोको म्याद बाहेक पक्राउ भएको समय देखि २४क् घण्टा भित्र पेश गर्नु पर्दछ । पेश गर्दा अनुसन्धान कारबाही बांकी छ भने म्याद थपको लागि आवश्यक कारबाही उठाउनु पर्दछ ।

९) आवश्यक्ता अनुसार उपचारको ब्यवस्था मिलाउने ।

१०) पक्राउको जाहेर गर्ने ।

मूलुकी फौजदारी कार्यविधि ,ऐन (संहिता) 2074

प्रमाणीकरण मिति २०७४।६।३०

प्रस्तावनाः मुलुकमा कानून र व्यवस्था कायम गरी सर्वसाधारणको नैतिकता, शिष्टाचार, सदाचार र सुविधा एवं आर्थिक हित कायम राख्न तथा आर्थिक , सामाजिक र साँस्कृतिक क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गरी विभिन्न जात, जाति वा सम्प्रदायहरू बीचको सुसम्बन्ध कायम राख्नको लागि मुलुकी ऐन तथा अन्य कानूनमा रहेका देवानी सम्बन्धी व्यवस्थालाई संशोधन र एकीकरण समेत गरी समयानुकूल बनाउन वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २९६ को उपधारा बमोजिमको व्यवस्थापिका (१)–संसदले यो संहिता बनाएको छ ।

भाग–१ प्रारम्भिक परिच्छेद-१ सामान्य व्यवस्था

परिच्छेद–१

सामान्यव्यवस्था

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस संहिताको नाम "मुलुकी देवानी (संहिता) , २०७४" रहेकोछ

(२) यो संहिता संवत् २०७५ साल भदौ १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस संहितामा,–

(क) **"अदालत"** भन्नाले सर्वोच्च अदालत, उच्च अदालत वा जिल्ला अदालत सम्झनु पर्छ र सो शब्दले कानून बमोजिम कुनै खास किसिमका देवानी मुद्दाको कारबाही र किनारा गर्न अधिकार प्राप्त अन्य अदालत, न्यायिक निकाय वा अधिकारी समेतलाई जनाउँछ ।

(ख) "कानून" भन्नाले तत्काल प्रचलित कानून सम्झनु पर्छ ।

(ग) "व्यक्ति" भन्नाले प्राकृतिक व्यक्ति सम्झनु पर्छ र सो शब्दले कानूनी व्यक्ति समेतलाई जनाउँछ ।

(घ) "नालिस" भन्नाले फिरादपत्र सम्झनु पर्छ र सो शब्दले अन्य कुनै किसिमको उजुरी , दाबी, प्रतिदाबी वा सो सरहको निवेदन समेतलाई जनाउँछ ।

परिच्छेद–२ देवानी कानूनका सामान्य सिद्धान्त

१ सामान्य रूपमा लागू हुने सिद्धान्त तथा व्यवस्थाः यस परिच्छेदमा उल्लिखित सिद्धान्त तथा व्यवस्थाहरू सामान्यतः देवानी कानूनका विषयमा लागू हुनेछन् ।

२. कानूनको अज्ञानता क्षम्य नहुनेः कानूनको अज्ञानता क्षम्य हुने छैन । कानून सबैले जानेको अनुमान गरिनेछ ।

३. सार्वजनिक हित विपरीत हुने गरी काम गर्न नपाउनेः कसैले पनि सार्वजनिक हित विपरीत हुने गरी कुनै काम कारबाही गर्न पाउने छैन ।

४. कानून विपरीतको काम अमान्य हुनेः कानून विपरीतको काम अमान्य हुनेछ ।

५. गल्ती गर्नेले क्षति व्यहोर्नु पर्नेः (१) कुनै काम गर्दा वा गराउँदा कसैको गल्तीले अरूलाई हानि , नोक्सानी हुन गएमा त्यसरी हानि , नोक्सानी भएको क्षतिको दायित्व त्यस्तो गल्ती गर्ने वा गराउने व्यक्तिले व्यहोर्नु पर्नेछ ।

(२) प्रत्येक व्यक्तिले आफैले गरेको गलत कार्यको परिणाम आफैंले व्यहोर्नु पर्नेछ ।

(३) यस संहिता वा कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक उपदफा (१) बमोजिमको दायित्व निर्वाह गर्न सम्बन्धित व्यक्तिले क्षतिपूर्ति व्यहोर्नु पर्नेछ ।

(४) क्षतिपूर्तिको निर्धारण कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

परिच्छेद–३ नागरिक अधिकार सम्बन्धी व्यवस्था

१ कानूनको दृष्टिमा समान हुनेः (१) प्रत्येक नागरिक कानूनको दृष्टिमा समान हुने छन् ।

२ कुनै पनि नागरिकलाई कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन ।

३ भेदभाव गर्न नपाइनेः (१) सामान्य कानूनको प्रयोगमा उत्पत्ति , धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।

४ कुनै पनि व्यक्तिलाई उत्पत्ति , धर्म, वर्ण, जात, जाति, समुदाय, पेशा, व्यवसाय, लिङ्ग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै पनि आधारमा निजी तथा सार्वजनिक स्थानमा भेदभाव गरिने छैन र त्यस्तो आधारमा कुनै पनि व्यक्तिलाई सार्वजनिक प्रयोगमा रहेका सेवा , सुविधा वा उपयोगका कुराहरू प्रयोग गर्नबाट वा सार्वजनिक स्थल वा सार्वजनिक धार्मिक स्थलमा प्रवेश गर्न वा आफ्नो इच्छा अनुसारको धार्मिक कार्य गर्नबाट वञ्चित गरिने छैन ।

५ कसैलाई पनि समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन ।

६ कुनै नागरिकलाई सरकारी वा सार्वजनिक पदमा नियुक्ति गर्दा कानूनले निर्धारण गरेको योग्यताका आधारमा मात्र गरिनेछ । त्यसरी नियुक्ति गर्दा कुनै पनि नागरिकमाथि उत्पत्ति , धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन

भाग–२ व्यक्ति सम्बन्धी कानून परिच्छेद१ प्राकृतिक व्यक्ति सम्बन्धी व्यवस्था

परिच्छेद–१

प्राकृति व्यक्ती सम्बन्धी व्यवस्था :

१ व्यक्तिको मान्यता पाउनेः प्रत्येक व्यक्तिले जन्मनासाथ व्यक्तिको रूपमा मान् यता पाउनेछ र निज जीवित रहेसम्म कानून बमोजिमको अधिकार उपभोग गर्न पाउनेछ ।

२ नामको अधिकार हुनेः (१) प्रत्येक व्यक्तिलाई जन्मनासाथ नामको अधिकार हुनेछ र आफ्नो नामको सम्मानजनक तवरले उपयोग गर्न पाउनेछ ।

३ प्रत्येक व्यक्तिलाई आफ्नो नाम , इज्जत र प्रतिष्ठाको रक्षा गर्ने अधिकार हुनेछ र त्यस्तो अधिकार अन्य व्यक्तिमा हस्तान्तरण हुन सक्ने छैन ।

४ कसैले पनि अन्य व्यक्तिको नाम दुरूपयोग गर्न पाउने छैन ।

५ सक्षमता प्राप्त गर्नेः (१) अठार वर्ष उमेर पूरा भएको प्रत्येक व्यक्ति बालिग भएको मानिनेछ र सोही हैसियतमा निज कानूनी रूपमा सक्षम भएको मानिनेछ ।

६ उपदफा (१) बमोजिमको सक्षम व्यक्तिले कानूनको अधीनमा रही जुनसुकै अधिकार उपयोग गर्न, दायित्व निर्वाह गर्न तथा कर्तव्य पालना गर्न सक्नेछ ।

<u>परिच्छेद–२ कानूनी व्यक्ति सम्बन्धी व्यवस्था</u>

१ कानूनी व्यक्तिले सक्षमता प्राप्त गर्नेः (१) कानून बमोजिम संस्थापना भएको सङ्गठित संस्थाले कानूनी व्यक्तित्व प्राप्त गर्नेछ र सोही हैसियतमा कानूनी सक्षमता प्राप्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम कानूनी सक्षमता प्राप्त गर्नको लागि कुनै संस्था कानून बमोजिम दर्ता भएको हुनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता हुनका लागि कानूनमा छुट्टै व्यवस्था भएकोमा बाहेक देहायका कुरा खुलाई सम्बन्धित अधिकारी समक्ष निवेदन गर्नु पर्नेछः–

(क) सङ्गठित संस्थाको नाम,

(ख) सङ्गठित संस्थाको प्रधान कार्यालय र त्यस्तो कार्यालय रहने ठेगाना

(ग) सङ्गठित संस्थाको उद्देश्य तथा कार्यहरू,

(घ) सङ्गठित संस्थाको पूँजीगत संरचना रहने भए त्यसको विवरण,

(ङ) अन्य आवश्यक विवरण ।

(४) उपदफा (२) बमोजिम संस्था दर्ता भएपछि त्यस्तो संस्था संस्थापना भएको मानिनेछ ।

(५) कानूनी व्यक्तिको सङ्गठित व्यक्तित्व (कर्पोरेट पर्सनालिटी) हुनेछ र आफ्नो काम कारबाहीको लागि छुट्टै छाप प्रयोग गर्नेछ ।

<u>परिच्छेद–३ प्राकृतिक व्यक्तिको दामासाही सम्बन्धी व्यवस्था</u>

१ दामासाही सम्बन्धी कारबाही प्रारम्भ गर्न सकिनेः (१) कुनै व्यक्तिको ऋण तथा निजले व्यहोर्नु पर्ने अन्य दायित्व निजको जायजेथाभन्दा बढी भएमा त्यस्तो जायजेथाबाट ऋण भुक्तानी वा असुल गर्न वा दायित्व फछ्र्यौट गर्न दामासाही सम्बन्धी कारबाही प्रारम्भ गर्न सकिनेछ ।

२ उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा दामासाही सम्बन्धी कारबाही प्रारम्भ गर्न सकिने छैनः–

(क) नियमित आम्दानी भएको वा भविष्यमा आम्दानी हुने निश्चितता भएको व्यक्तिले आफ्नो आम्दानीबाट निश्चित अवधिमा ऋण वा अन्य दायित्व भुक्तानी वा फछ्र्यौट गर्न सक्ने कुरा निजले प्रमाणित गरेमा वा त्यस्तो कुरामा साहू सन्तुष्ट भएमा,

(ख) दामासाहीमा पर्न लागेको व्यक्तिले दामासाहीको कारबाही प्रारम्भ गर्नु पर्ने अवस्था सृजना भएको मितिबाट त्यस्तो कारबाही प्रारम्भ नगर्न वा नगराउनको लागि साहूको ऋण भुक्तानीको अवधि र त्यसको स्रोत खुलाई पाँच वर्षसम्मको समयावधि माग गरेमा, वा

(ग) दामासाहीको कारबाही प्रारम्भ गर्न वा गराउन साहूले मञ्जुर नगरेमा ।

स्पष्टीकरणः

(१) यस परिच्छेदको प्रयोजनको लागि "जायजेथा" भन्नाले सम्बन्धित व्यक्तिको तत्काल कायम रहेको वा यस परिच्छेद बमोजिम दामासाही सम्बन्धी कारबाही सम्पन्न हुनुभन्दा अगाडिसम्म आर्जन हुने वा हुन सक्ने सम्पत्ति सम्झनु पर्छ ।

(२) खण्ड (ग) को प्रयोजनको लागि "साहू" भन्नाले एकभन्दा बढी साहू भएकोे अवस्थामा दामासाहीमा पर्न लागेको व्यक्तिको कूल ऋणमध्ये पचास प्रतिशत वा सोभन्दा बढी ऋण लिनु पर्ने साहू वा साहूहरूको समूह सम्झनु पर्छ ।

(३) यस परिच्छेद बमोजिम कुनै व्यक्तिको जायजेथाबाट साहूको ऋण वा दाबी फछ्र्यौट भएकोमा त्यस्तो व्यक्ति साहूको दामासाहीमा परेको मानिनेछ ।

भाग–३ पारिवारिक कानून परिच्छेद–१ विवाह सम्बन्धी व्यवस्था

परिच्छेद–१

विवाह सम्बन्धी व्यवस्था

६७. विवाह भएको मानिनेः कुनै पुरुष र महिलाले कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यबाट एक अर्कालाई पति पत्नीको रूपमा स्वीकार गरेमा विवाह भएको मानिनेछ ।

६८. विवाह अनतिक्रम्य सामाजिक बन्धन हुनेः (१) विवाह पुरुष र महिला बीच दाम्पत्य तथा पारिवारिक जीवन प्रारम्भ गर्नको लागि कायम भएको एक स्थायी , अनतिक्रम्य तथा स्वतन्त्र सहमतिमा आधारित एक पवित्र सामाजिक तथा कानूनी बन्धन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको वैवाहिक बन्धन दफा ८२ बमोजिम अन्त्य नभएसम्म कायम रहनेछ ।

६९. विवाह गर्ने स्वतन्त्रताः (१) प्रत्येक व्यक्तिलाई कानूनको अधीनमा रही विवाह गर्ने, परिवार कायम गर्ने तथा पारिवारिक जीवनयापन गर्ने स्वतन्त्रता हुनेछ ।

(२) विवाह जुनसुकै किसिमबाट भएको भए तापनि त्यस्तो विवाह सार्वजनिक गर्नु वा गराउनु पर्नेछ ।

(३) प्रत्येक व्यक्तिको पारिवारिक जीवन अनतिक्रम्य हुनेछ ।

७०. विवाह हुन सक्नेः (१) यस परिच्छेदको अधीनमा रही देहायका अवस्थामा पुरुष र महिला बीच विवाह हुन सक्नेछः–

(क) पुरुष र महिलाले एक अर्कालाई पति पत्नीको रूपमा स्वीकार गर्न मञ्जुर गरेमा,

(ख) कानून बमोजिम पुरुष र महिला हाडनाता करणीमा सजाय हुने नाताको नभएमा,

(ग) पुरुष र महिला दुवैको वैवाहिक सम्बन्ध कायम रहेको अवस्था नरहेमा,

(घ) बीस वर्ष उमेर पूरा भएमा ।

परिच्छेद–२ विवाहको परिणाम सम्बन्धी व्यवस्था

८५. पति र पत्नी मानिनेः कुनै पुरुष र महिलाबीच विवाह भएमा त्यस्तो वैवाहिक सम्बन्ध कायम रहेसम्म निजहरू एक अर्काको पति र पत्नीको रूपमा रहेको मानिनेछ ।

८६. पति र पत्नीको सम्बन्ध र दायित्वः (१) पति र पत्नी बीच आपसी प्रेम र सद्भाव हुनु पर्नेछ

(२) आपसी समझदारीबाट अन्यथा व्यवस्था भएकोमा बाहेक पति र पत्नी सँगै बसी पारिवारिक जीवन स्थापना गरी जीवनयापन गर्नु पर्नेछ ।

(३) पति र पत्नीले एक अर्कोलाई सहयोग, संरक्षण र सम्मान गर्नु पर्नेछ ।

८७. पतिको घर बासस्थान मानिनेः पति र पत्नीले आपसी समझदारीमा छुट्टै बासस्थान निर्धारण गरेकोमा बाहेक पत्नीको वासस्थान पतिको घरमा कायम भएको मानिनेछ ।

८८. एक अर्काको प्रतिनिधि मानिनेः कानूनमा अन्यथा व्यवस्था भएकोमा वा पति र पत्नी बीच कानूनी विवाद भएकोमा बाहेक सामान्य घर व्यवहारको काममा पति वा पत्नी एक अर्काको प्रतिनिधि रहेको मानिनेछ

८९. इज्जत अनुसार व्यवहार गर्नु , गराउनु पर्नेः पति वा पत्नीले एक अर्कालाई आफ्नो इज्जत र क्षमता अनुसार खान लगाउन तथा स्वास्थ्योपचारको व्यवस्था गर्नु वा गराउनु पर्नेछ ।

९०. सहमतिमा घर व्यवहार चलाउनु पर्नेः (१) एकासगोलका पति र पत्नीले आफ्नो सम्पत्ति , आम्दानी तथा हैसियत अनुरूप आपसी सहमतिको आधारमा घर व्यवहार चलाउनु पर्नेछ ।

परिच्छेद–३ सम्बन्ध विच्छेद सम्बन्धी व्यवस्था

९३. दुवैको मञ्जुरीले सम्बन्ध विच्छेद गर्न सक्नेः पति पत्नी दुवैले चाहेमा जहिलेसुकै पनि पति पत्नीको सम्बन्ध विच्छेद गर्न सक्नेछन् ।

९४. पतिले सम्बन्ध विच्छेद गर्न सक्नेः पतिले देहायका कुनै अवस्थामा पत्नीको मञ्जुरी नभए पनि सम्बन्ध विच्छेद गर्न सक्नेछः–

(क) कानून बमोजिम अंश लिई वा मानो छुट्टिई पति पत्नी भिन्न बसेको अवस्थामा बाहेक पत्नीले पतिको मञ्जुरी नलिई लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा,
(ख) पत्नीले पतिलाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,
(ग) पत्नीले पतिको अङ्ग भङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल प्रपञ्च गरेमा,
(घ) पत्नीले अन्य पुरुषसँग यौन सम्बन्ध राखेको ठहरेमा ।

परिच्छेद–४ आमा, बाबु तथा छोरा छोरीको सम्बन्ध सम्बन्धी व्यवस्था

१०५. आमा, बाबुबाट मातृत्व वा पितृत्व निर्धारण हुनेः (१) कुनै व्यक्तिको मातृत्व वा पितृत्व निर्धारण गर्नु पर्दा निजको आमा वा बाबुको आधारमा गरिनेछ ।
(२) उपदफा (१) बमोजिम पितृत्व निर्धारण गर्दा अन्यथा प्रमाणित भएकोमा बाहेक त्यस्तो व्यक्ति जन्मदाका बखत निजको आमाको पति रहेको व्यक्ति निजको बाबु भएको अनुमान गरिनेछ
१०६. विवाहित पतिबाट शिशु जन्मिएको अनुमान गरिनेः अन्यथा प्रमाणित भएकोमा बाहेक देहायको अवस्थामा जन्मिएको शिशु विवाहित पतिबाट जन्मिएको अनुमान गरिनेछः–
(क) विवाह भएको मितिबाट एक सय असी दिन पछि जन्मिएको,
(ख) पतिको मृत्यु भएको वा वैवाहिक सम्बन्ध अन्त्य भएको मितिबाट दुई सय बहत्तर दिनभित्र जन्मिएको

परिच्छेद–५ मातृक तथा पैत्रिक अख्तियारी सम्बन्धी व्यवस्था

१२४. आमा बाबुको सुपरीवेक्षण र नियन्त्रण रहनेः (१) नाबालक छोरा , छोरी आमा, बाबुको सुपरीवेक्षण, निगरानी, नियन्त्रण, संरक्षण वा अख्तियारी अन्तर्गत रहनेछ ।
(२) उपदफा (१) अन्तर्गत रहेको नाबालकले आमा बाबुले कानून सम्मत दिएको आज्ञा , आदेश वा निर्देशनको पालना गर्नु पर्नेछ ।
१२५. मातृक तथा पैत्रिक अख्तियारी संयुक्त रूपमा प्रयोग गर्नु पर्नेः (१) यस परिच्छेद अन्तर्गत आमा बाबुले आफ्ना छोरा छोरी उपर प्रयोग गर्न सक्ने अख्तियारी , पूरा गर्नु पर्ने जिम्मेवारी तथा पालना गर्नु पर्ने कर्तव्य निजहरू दुवैको सहमतिले संयुक्त रूपमा गर्नु पर्नेछ ।
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सो उपदफा बमोजिम प्रयोग गर्ने अख्तियारी, पूरा गर्नु पर्ने जिम्मेवारी तथा पालना गर्नु पर्ने कर्तव्य देहायका आमा वा बाबुले गर्नेछः–
(क) आमा वा बाबुमध्ये कसैको मृत्यु भएमा जीवित रहेको आमा वा बाबुले,
(ख) आमा वा बाबुमध्ये कुनै एकको होस ठेगानमा नरहेको अवस्थामा त्यस्तो अवस्था कायम रहेको अवधिभर होस ठेगानमा रहेको आमा वा बाबुले,
(ग) आमा बाबुको वैवाहिक सम्बन्ध अन्त्य भएको वा कानून बमोजिम भिन्न बसेकोमा नाबालक जिम्मा लिने आमा वा बाबुले,

(घ) बाबुको ठेगान नलागेको नाबालक भए आमाले ।

परिच्छेद–६ संरक्षकत्व सम्बन्धी व्यवस्था

१३५. संरक्षक मानिनेः असक्षम वा अर्धसक्षम व्यक्तिको संरक्षण , निजको हक वा हितको संरक्षण गर्न यस परिच्छेद बमोजिम नियुक्त वा दायित्व भएको व्यक्ति संरक्षक मानिनेछ ।

१३६. संरक्षकको प्राथमिकताक्रमः (१) यस परिच्छेदको अन्य दफाको अधीनमा रही देहायका प्राथमिकताक्रमको व्यक्ति असक्षम वा अर्धसक्षम व्यक्तिको स्वतः संरक्षक हुनेछः–

(क) एकासगोलका पति वा पत्नी,

(ख) बाबु वा आमा,

(ग) एकासगोलका छोरा, छोरी वा विधवा बुहारी,

(घ) भिन्न भएका पति वा पत्नी,

(ङ) भिन्न भएको छोरा, छोरी वा विधवा बुहारी,

(च) बाजे वा बजै,

(छ) नाति वा नातिनी,

(ज) दाजु, भाइ वा दिदी, बहिनी

(झ) मावलीपट्टिका बाजे, बजै, मामा, माइजू ।

परिच्छेद–७ माथवर सम्बन्धी व्यवस्था

१५३. नाबालकको माथवर हुनेः (१) कुनै नाबालकको यस भागको परिच्छेद –६ बमोजिमको कुनै संरक्षक नभएमा निज अठार वर्ष पूरा नभएसम्म निजको पालनपोषण, स्वास्थ्य, शिक्षा, हेरविचार तथा सम्पत्तिको संरक्षण गर्नको लागि कुनै व्यक्तिले त्यस्तो नाबालकको माथवरको हैसियतले काम गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले आफ्नो नाबालकको पालनपोषण , स्वास्थ्य, शिक्षा तथा हेरविचारको लागि कुनै व्यक्तिलाई माथवर नियुक्त गर्न सक्नेछ

१५४. होस ठेगानमा नरहेको व्यक्तिको माथवर हुनेः (१) होस ठेगानमा नरहेको व्यक्तिको यस भागको परिच्छेद–६ बमोजिमको संरक्षक नभएकोमा निजको पालन पोषण, हेरविचार तथा सम्पत्तिको हेरचाहको लागि अन्य कुनै व्यक्तिले माथवरको हैसियतले काम गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम माथवर नभएकोमा वा यकिन नभएकोमा होस ठेगानमा नरहेको व्यक्ति तत्काल जसको जिम्मा, सुपरीवेक्षण वा रेखदेखमा रहेको छ सोही व्यक्ति त्यस्तो व्यक्तिको माथवर हुनेछ ।

परिच्छेद–८ धर्मपुत्र वा धर्मपुत्री सम्बन्धी व्यवस्था

१६९. धर्मपुत्र वा धर्मपुत्री मानिनेः कुनै व्यक्तिले अन्य व्यक्तिको छोरा वा छोरीलाई आफ्नो छोरा वा छोरीको रूपमा स्वीकार गरेको व्यक्ति धर्मपुत्र वा धर्मपुत्री मानिनेछ ।

१७०. बालबालिकाको सर्वोत्तम हित हुने गरी धर्मपुत्र वा धर्मपुत्री राख्नु पर्नेः यस संहिता बमोजिम धर्मपुत्र वा धर्मपुत्री राख्दा बालबालिकाको सर्वोत्तम हक र हित हुने गरी धर्मपुत्र वा धर्मपुत्री राख्नु पर्नेछ ।

१७१. छोरा छोरी हुनेले धर्मपुत्र वा धर्मपुत्री राख्न नपाउनेः (१) यस परिच्छेद बमोजिम छोरा हुनेले धर्मपुत्र र छोरी हुनेले धर्मपुत्री राख्न पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि न्यायिक पृथकीकरण गरी भिन्न बसेको महिला वा पुरुषसँग छोरा छोरी सँगै नबसेमा यस्ता पुरुष वा महिलाले धर्मपुत्र वा धर्मपुत्री राख्न पाउनेछन् ।

स्पष्टीकरणः यस परिच्छेद र यस भागको परिच्छेद –९ को प्रयोजनका लागि "न्यायिक पृथकीकरण" भन्नाले अदालतको आदेश बमोजिम अंश लिएको , कानून बमोजिम भिन्न बसेको वा मानो छुट्टिएको अवस्था सम्झनु पर्छ ।

परिच्छेद–९ अन्तरदेशीय धर्मपुत्र वा धर्मपुत्री सम्बन्धी व्यवस्था

१८८. अन्तरदेशीय रूपमा धर्मपुत्र वा धर्मपुत्री स्वीकार गरेको मानिनेः कुनै विदेशीले नेपाली नागरिक वा नेपालमा बसोबास गरेको विदेशीको कुनै नाबालकलाई धर्मपुत्र वा धर्मपुत्रीको रूपमा स्वीकार गरेमा अन्तरदेशीय रूपमा धर्मपुत्र वा धर्मपुत्री स्वीकार गरेको मानिनेछ ।

१८९. अनुमति नलिई धर्मपुत्र वा धर्मपुत्री राख्न नपाउनेः (१) कुनै विदेशीले नेपाल सरकारको अनुमति नलिई कुनै नेपाली नागरिक वा नेपालमा बसोबास गरेको विदेशीको कुनै बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्रीको रूपमा राख्न पाउने छैन ।

(२) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नेपालमा अन्तरदेशीय धर्मपुत्र वा धर्मपुत्री स्वीकार गर्न सकिने गरी खुल्ला गरिएका मुलुकका नागरिक वा दम्पतीलाई मात्र यस परिच्छेद बमोजिम धर्मपुत्र वा धर्मपुत्री राख्न अनुमति दिइनेछ ।

परिच्छेद–१० अंशबण्डा सम्बन्धी व्यवस्था

२०५. अंशियार मानिनेः सगोलको सम्पत्ति अंशबण्डा गर्ने प्रयोजनको लागि यस परिच्छेदको अन्य दफाको अधीनमा रही पति, पत्नी, बाबु, आमा, छोरा, छोरी अंशियार मानिनेछन् ।

२०६. अंशको समान हकदार हुनेः (१) प्रत्येक अंशियार अंशको समान हकदार हुनेछन् ।

(२) अंशबण्डा गर्दाका बखत कुनै महिला अंशियार गर्भवती भएमा र निजले जन्माउने शिशु अंशियार हुने भएमा त्यसरी जन्मने शिशुलाई समेत समान अंशियार मानी निजको अंश भाग छुट्याएर मात्र अंशबण्डा गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम गर्भवती महिलाबाट जिउँदो शिशु नजन्मिएमा त्यस्ता शिशुको लागि छुट्याइएको अंश अन्य अंशियारले बराबरी पाउनेछन् ।

परिच्छेद-११ अपुताली सम्बन्धी व्यवस्था

२३७. अपुताली परेको मानिनेः कुनै व्यक्तिको मृत्यु भएमा निजको अपुताली खुला भएको मानिनेछ ।

स्पष्टीकरणः यस परिच्छेदको प्रयोजनको लागि "अपुताली" भन्नाले मृतकको ऋण , धन र सम्पत्ति सम्बन्धी दायित्व र अधिकार कानून बमोजिम हकवालामा सर्ने कार्य सम्झनु पर्छ ।

२३८. हकवालाले अपुताली पाउनेः कुनै व्यक्तिको अपुताली खुला भएमा निजको नजिकको हकवालाले त्यस्तो अपुताली पाउनेछ ।

२३९. अपुताली पाउने हकवालाको प्राथमिकताक्रमः (१) अपुताली पाउने नजिकको हकवालाको प्राथमिकताक्रम यस परिच्छेदको अन्य दफाको अधीनमा रही देहाय बमोजिम हुनेछः–

(क) सगोलको पति वा पत्नी,

(ख) सगोलको छोरा, छोरी, विधवा बुहारी,

(ग) सगोलका बाबु, आमा, सौतेनी आमा, छोरा छोरी तर्फका नाति, नातिनी, नातिनी बुहारी,

(घ) भिन्न भएका पति, पत्नी, छोरा, छोरी, बाबु, आमा, सौतेनी आमा,

(ङ) भिन्न भएका छोरातर्फका नाति, नातिनी,

(च) भिन्न भएका बाजे, बज्यै,

(छ) सगोलका जिजुबाजे, जिजुबज्यै, दाजु, भाइ, दिदी, बहिनी, विधवा भाउजू वा भाइ बुहारी

(ज) सगोलका काका, काकी, भतिजा, भतिजी,

(झ) भिन्न भएका दाजु, भाइ, दिदी, बहिनी, विधवा भाउजू वा भाइ बुहारी ।

परिच्छेद-३ सम्पत्तिको उपभोग सम्बन्धी व्यवस्था

२७६. अन्य व्यक्तिको सम्पत्ति उपभोग , बिगार्न वा प्राप्त गर्न नपाउनेः (१) कसैले पनि अन्य व्यक्तिको सम्पत्ति निजको मञ्जुरी बिना उपभोग गर्न पाउने छैन ।

(२) कसैले पनि अन्य व्यक्तिको बाटो वा निकास बन्द गरी , आफ्नो जग्गाको साँधमा कुनै काम वा निर्माण गरी वा अन्य कुनै पनि तवरले कुनै व्यक्तिको सम्पत्ति बिगार्न पाउने छैन ।

(३) कसैले पनि अन्य व्यक्तिको सम्पत्ति निजको मञ्जुरी बिना प्राप्त गर्न सक्ने छैन ।

तर नेपाल सरकारले सार्वजनिक हितको लागि कानून बमोजिम कुनै व्यक्तिको सम्पत्ति प्राप्त गर्न सक्नेछ ।

(४) कसैले पनि कानून बमोजिम बाहेक कुनै व्यक्तिको मञ्जुरी नलिई निजको घर कम्पाउण्डमा प्रवेश गर्न पाउने छैन ।

परिच्छेद-५ सरकारी,सार्वजनिक तथा सामुदायिक सम्पत्ति सम्बन्धी व्यवस्था

२९९. सरकारी सम्पत्ति मानिनेः नेपाल सरकार, प्रदेश सरकार र स्थानिय तहको हक, स्वामित्व, नियन्त्रण वा अधीनमा रहेको देहायको सम्पत्ति सरकारी सम्पत्ति मानिनेछः–

(क) सरकारी घर, भवन वा जग्गा,

(ख) सडक, बाटो वा रेल्वे,

(ग) वन, जङ्गल वा वन जङ्गलमा रहेका रुख, बुट्यान,

(घ) नदी, खोलानाला, ताल, पोखरी तथा त्यसको डिल,

(ङ) नहर, कुलो वा ऐलानी, पर्ती जग्गा,

(च) खनिज वा खनिज पदार्थ,

(छ) हिमाल, भीर, पहरा, डगर, बगर, सार्वजनिक बगैंचा,

(ज) सार्वजनिक, सामुदायिक, गुठी वा कुनै व्यक्तिको नाममा रहेको सम्पत्ति बाहेकको अन्य सम्पत्ति ।

स्थानिय प्रशासन ऐन, २०२८

परिचय

सामान्यतः स्थानिय प्रशासन भन्नाले स्थानिय तहको प्रशासन सम्बन्धि काम कार्य गर्ने नेपाल सरकारका स्थानिय तहमा रहेका सबै सरकार इकाईहरुलाई जनाउने भएतापनि स्थानिय प्रशासन भन्नाले खास रुपमा जिल्लामा रहेको जिल्ला प्रशासन सम्बन्धि मामला हेर्ने जिल्ला प्रशासन कार्यालय र प्रमुख जिल्ला अधिकारी भन्ने बुझिन्छ । त्यस्तै ईलाका स्तरमा रहने ईलाका प्रशासन कार्यालय ईलाका प्रशासकिय अधिकृत पनि स्थानिय प्रशासनको परिभाषा भित्र पर्दछन । हामीले स्थानिय प्रशासनको रुपमा जिल्ला प्रशासन र स्थानिय प्रशासनको रुपमा प्रमुख जिल्ला अधिकारीलाई बुझ्नुपर्दछ ।

जिल्लामा शान्ति सुरक्षा कायम गर्ने कामको लागि प्रमुख जिल्ला अधिकारी जिम्मेवार हुने भएकोले जिल्ला प्रहरीलाई शान्ति सुरक्षा सम्बन्धमा सामान्य नियन्त्रण र निर्देशन दिने अधिकार प्रमुख जिल्ला अधिकारीको हुन्छ । प्रहरीको मुलभुत कार्य शान्ति सुब्यवस्था कायम गर्ने भएको र स्थानिय प्रशासनको सो सम्बन्धमा जिम्मेवारी रहने भएकोले शान्ति सुरक्षा कायम गर्न स्थानिय प्रशासन र प्रहरी बीच राम्रो सम्बन्ध र समन्वय हुन आवश्यक हुन्छ ।

जिल्ला प्रशासन

जिल्लाको प्रशासन कार्य सम्पादनको लागि जिल्ला प्रशासन कार्यालयहरु रहेका हुन्छन । जिल्ला प्रशासन कार्यालय गृहमन्त्रालयको स्थानिय स्तरको कार्यालय हो । जिल्ला प्रशासन कार्यालय प्रमुखको रुपमा प्रमुख जिल्ला अधिकारी रहन्छन । प्रमुख जिल्ला अधिकारीलाई कानुनले जिल्लाको शान्ति सुब्यवस्था राख्ने सम्बन्धमा निश्चित जिम्मेवारी र अधिकार दिएको छ । प्रमुख जिल्ला अधिकारीले शान्ति सुरक्षा सम्बन्धि आफुलाई प्राप्त अधिकारको आधारमा जिल्लाको शान्ति सुरक्षा राख्ने कार्य निमित्त प्रहरीलाई नियन्त्रण र निर्देशित गर्दछन ।

प्रमुल जिल्ला अधिकारीले गर्ने काम

- शान्ति सुरक्षा
- बिकाश निर्माणमा सहयोग
- सरकारी सार्वजनिक सम्पत्तिको संरक्षण
- मुद्दा हेर्ने - रु ५०० भन्दा कम चोरीको केश
- बगलीमारा सम्बन्धी केश
- स्त्री जाती, चौपाय मारेको केश

जिल्ला सुरक्षा समिति

- प्र.जि.अ. - अध्यक्ष
- नेपाली सेना - स्थानिय प्रमुख सदस्य
- सशस्त्र प्रहरी - स्थानिय प्रमुख सदस्य
- नेपाल प्रहरी - स्थानिय प्रमुख सदस्य
- राष्टिय अनुसन्धान - सदस्य
- सहायक प्र.जि.अ. - सदस्य सचिव

स्थानिय प्रशासनको अधिकार

- जिल्ला प्रहरीलाई शान्ति सुरक्षा सम्बन्धमा सामान्य नियन्त्रण र निर्देशन गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीको हुन्छ ।
- जिल्लामा शान्ति सुरक्षा कायम गर्ने कार्यको लागि जिल्ला प्रहरी प्रमुखले प्रमुख जिल्ला अधिकारीकको प्रत्यक्ष नियन्त्रण र निर्देर्शनमा रही काम गर्नु पर्दछ ।

- कुनै सभा, जुलुस वा भिडले हिंसात्मक वा ध्वन्सात्मक प्रबृत्ति लिई त्यसको कुनै काम कारबाहीबाट शान्ति भङ्ग हुने सम्भावना देखिएमा प्रमुख जिल्ला अधिकारीले प्रहरी द्धारा रोक्न लगाउनु पर्दछ र प्रहरीले नियन्त्रण गर्न नसकेमा आफु गई वा आफ्नो मातहतको अधिकृतलाई पठाई सम्झाई शान्ति कायम गराउने र नसकेमा प्रहरीको मद्दले लाठी चार्ज, अश्रु ग्याँस, फोहरा, हवाई फायर समेत आवश्यकता र परिस्थिति अनुसार जो गर्नु पर्ने बल प्रयोग गरि शान्ति कायम गराउने । यसरी शान्ति कायम नभए गोली चलाउनु पर्ने आवश्यकता भएमा गोली चलाउने चेतावनी भिडलाई दिने र सो गर्दा पनि भिड नहटेमा घुडामुनि पारि गोली चलाउने आदेश दिने जिम्मेवारी तथा अधिकार कानुनले प्रमुख जिल्ला अधिकारीलाई प्रदान गरेको छ ।
- कुनै ठाउँमा आन्दोलन वा हुल दंगा भई शान्ति भङ्ग हुनजाने देखिएमा परिस्थितिको बिचार गरि आवश्यक भएमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो स्थानको सिमाना तोकी सो ठाउँमा कसैलाई आवतजावत गर्न, भेला हुन र तोकेको अरुकुनै काम गर्न नपाउने गरि कर्फ्यू लगाउन आदेश जारी गर्न सक्दछ । कर्फ्यूको आदेश जारी गर्दा स्थितिलाई नियन्त्रणमा राख्न कर्फ्यू तोड्ने ब्यक्ति वा जमातलाई गोली समेत चलाउन प्रहरीलाई आदेश दिने अधिकार पनि प्रमुख जिल्ला अधिकारीलाई छ ।
- त्यसरी नै सार्वजनिक बाटो, सडक वा आवतजावत हुने स्थानमा सभा गर्ने वा जुलुस निकाल्ने कार्यले जनसाधारणलाई असुबिधा पार्ने, शान्ति भङ्ग हुन जाने भएमा सभा जुलुसको निम्ती ठाउँ, बाटो समय तोकी दिने, सभा जुलुसले ताकिएको बमोजिम नगरेमा त्यसलाई प्रमुख जिल्ला अधिकारी वा निजबाट अख्तीयार प्राप्त प्रहरी अधिकारीले भङ्ग गराउन सक्दछ ।
- कुनै क्षेत्रमा दंगा भडकिन गई अशान्ति उत्पन्न भएमा उक्त क्षेत्रलाई दंगाग्रस्त क्षेत्र घोषित गर्ने अधिकार पनि प्रमुख जिल्ला अधिकारीलाई छ ।
- प्रमुख जिल्ला अधिकारीले जिल्ला भित्रका प्रहरी ईकाईहरुको निरीक्षण गर्न पनि सक्दछ उपरोक्त कुराहरुबाट हामीले के थाहा पायौ भने सार्वजनिक शान्ति सुब्यवस्था कायम राख्ने जिम्मेवारी प्रहरीको हो भने शान्ति सुब्यवस्था कायम राख्ने कार्यमा प्रहरीलाई आवश्यकता अनुसार निर्देशन दिने जिम्मेवारी प्रमुख जिल्ला अधिकारीको हो ।
- एउटै निकायको हातमा शक्ति र शक्ति प्रयोग गर्ने अधिकार समेत दिईदा जथाभावी शक्तिको प्रयोग हुन सक्ने भएकोले शक्ति सन्तुलनको सिद्धान्तलाई प्रशासनिक ब्यवस्थामा अबलम्बन गरिएको हुन्छ । त्यसैले शक्ति वा बल प्रहरीको हातमा छ भने त्यसलाई कतिबेला कुन बेला प्रयोग भन्ने निर्णय गर्ने र शक्ति प्रयोग गर्ने आदेश दिने अधिकार निजामति प्रशासनलाई (प्रमुख जिल्ला अधिकारी) लाई दिएको कानुनले शक्तिको प्रयोग आवश्यक र सही अवस्थामा मात्र प्रयोग हुने गरि सन्तुलन कायम गरिएको छ । यस्तो सन्तुलन कायम राखी कानुनको उद्देश्य अनुरुप सामाजमा शान्ति सुब्यवस्था कायम राख्न प्रहरी र स्थानिय प्रशासन बीच समझदारी पूर्ण र समन्वयात्मक सम्बन्ध हुनुपर्दछ । दुबै निकायको जिम्मेवारी समाजमा शान्ति सुब्यवस्था कायम राख्ने भएको र

एउटाको समक्ष र जिम्मेवारी पूर्ण सहयोग बिना अर्काले आफ्नो जिम्मेवारी पुरा गर्न सक्ने भएकोले यी दुबै निकायहरु एक अर्काका पुरक हुने ।

- ✓ स्थानिय प्रशासन ऐन २०२८ को दफा ६ शान्ति सुरक्षा कायम गर्ने
- ✓ दफा ६ -क) कर्फ्यू लगाउन सक्ने
- ✓ दफा ६ -ख) दंगा ग्रस्त क्षेत्र घोषित गर्न सक्ने

लैङ्गिक हिंसानेपाल ,बल.प्रघ्रेरेलु हिंसाका प्रकार र न्यूनिकरणमा स ,

लैगिक हिंसा :

महिला र पुरुषविचको जैविक भिन्नतालाई आधार बनाई समाजद्धारा स्थापित उनीहरुको भूमिका, जिम्मेवारी, व्यवहार, अपेक्ष तथा अवसर आदी मान्यताको आडमा गरिने हिंसालाई लैंगिक हिंसा भनिन्छ । लैंगिक हिंसाले मुलत महिलामाथी हुने हिंसालाई वुझाउदछ । महिला हिंसाको क्षेत्रभित्र निम्न कुराहरु पर्दछन् ।

अ) विबाह तथा यौनजन्य हिंसा

- बाल विबाह
- अनमेल विबाह
- बहु विबाह
- बहु पत्रि्रथा
- बलत्कार
- बैबाहिक बलत्कार
- यौन दुर्व्यवहार

आ) प्रजनन सम्वन्धी हिंसा

- छोरा पाइन भनि महिलामाथी हुने दुर्व्यवहार
- उमेर नपुगी बच्चा जन्माउनको निमित्त दिईने पारिवारीक दवाव
- छोरा नजन्माउन्जेल बच्चा जन्माईरहन दवाव
- छोरी जन्मिएकोमा महिललाई नै दोषी दिने प्रचलन
- छोरी गर्भमा भए जवर्जस्ती गर्भपतन गराउने
- वाझोपनको निमित्त महिलालाई मात्र दोषी ठान्ने
- गर्भाधारण र सुत्केरी अवस्थामा गरिने भेदभावपुर्ण व्यवहार
- परिवार नियोजनको साधनको प्रयोग गर्दा लाग्ने विभिन्न लालछना

इ) सामाजिक र सास्कृतिक हिंसा

- कुनै धार्मिक कार्यमा बाझि आईमाईले छुनु हुदैन भन्ने
- छाउपडि प्रथा

- कुमारी प्रथा
- देउकी प्रथा
- कमलरी प्रथा
- विधुवालाई शुभ कार्यमा सहभागी गराउदा अशुभ हुन्छ भनि सहभागी हुन नदिने
- वोक्सीको आरोप एवं पशुवत व्यवहार गरिनु
- जाड रक्सी सेवन गरी गरिने कुटपिट तथा दुर्व्यवहार

ई) आर्थिक हिंसा

- दाइजो प्रथा
- तिलक प्रथा
- सम्पत्तीमा महिलाको पहुँचमा नियन्त्रण
- स्वतन्त्रक पर्ूवक रोजगारी छनौट एवं आफ्नो आय खर्च गर्न नपाउनु
- पैत्रिक सम्पत्तीमा कानूनमा व्यवस्था भएता पनि हुने लैंगिक विभेद

लैङ्गिगक हिंसाबाट पर्ने असरहरु :

मानसिक पिडा	शारिरीक आघात
नैरस्यता	चोटपटक लाग्नु
हिनता वोध	अपांग समेत वन्न सक्ने
एक्लै वस्ने टोलाउने	खर्च वढने
मानसिक सन्तुलन गुमाउन सक्ने	ऋण ग्रस्तता
सामाजिक तिरस्कार	विपन्नता
पारिवारिक विखण्डन	

महिला हिंसा अन्त्यका लागि गरिएका प्रयासहरु :

अ नीतिगत प्रयास

- वि.सं. १९८१ मा सत्रि्रथा अन्त्यको घोषणा
- घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६ जारी भएको
- केही नेपाल ऐन सम्सोधन गर्न वनेको ऐन २०६३ संसदबाट पारित भएको
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यहार नियन्त्रण गर्न वनेको विधेयक संसदमा पेश भएको
- छाउपडी प्रथालाई सामाजिक कुरीति घोषणा गरेको
- कमलरी प्रथा उन्मुलनको घोषणा
- मानव वेचविखन ओसार पसार नियन्त्रण ऐन २०६४ र नियमावली २०६५ जारी भएको

- नेपाल सरकारद्धारा सन २०१० लाई लैंगिक हिंसा विरुद्धको वर्ष मनाउने घोषणा

आ कार्यक्रमगत प्रयास

- ७५ जिल्लामा महिला विकास कार्यक्रम संचालन
- छाउपडी प्रथा उन्मुलनको लागि अछाम जिल्लामा नमुना कार्यक्रम संचालन
- वादी महिला र किशोरीहरुको लागि १० जिल्लामा घर विकास कार्यक्रम संचालन महिला तथा दलित छात्रवृत्ति कार्यक्रम

सशस्त्र प्रहरी गणको बनावट

सशस्त्र प्रहरी बल ,नेपाल प्रधान कार्यालय सशस्त्र प्रहरी महानिरीक्षकको सचिवालयको पत्र संख्या (०७७/०७८)/६४ मिति २०७७/०४/०७ गतेको पत्र द्वारा नामाकरण गरिएको

गणहरुको नामावली :-

सि.नं.	युनिटको नाम	कैफियत
१	सशस्त्र प्रहरी बल,नेपाल नं. १ गण हे.क्वा. श्रीअन्तु ईलाम ।	
२	सशस्त्र प्रहरी बल,नेपाल नं.२ गण हे.क्वा. झापा ।	
३	सशस्त्र प्रहरी बल,नेपाल नं.३ गण हे.क्वा.कंकालिनी मोरङ्ग ।	
४	सशस्त्र प्रहरी बल,नेपाल नं.४ गण हे.क्वा. सुनसरी ।	
५	सशस्त्र प्रहरी बल,नेपाल नं. ५ गण हे.क्वा. त्रियुगा उदयपुर ।	
६	सशस्त्र प्रहरी बल,नेपाल नं.६ गण हे.क्वा.सप्तरी ।	
७	सशस्त्र प्रहरी बल,नेपाल नं.७ गण हे.क्वा. सिराहा ।	
८	सशस्त्र प्रहरी बल,नेपाल नं. ८ गण हे.क्वा.धनुषा ।	
९	सशस्त्र प्रहरी बल,नेपाल नं. ९ गण हे.क्वा.महोत्तरी ।	
१०	सशस्त्र प्रहरी बल,नेपाल नं.१० गण हे.क्वा.सर्लाही ।	
११	सशस्त्र प्रहरी बल,नेपाल नं.११ गण हे.क्वा.रौतहट ।	
१२	सशस्त्र प्रहरी बल,नेपाल नं.१२ गण हे.क्वा. बारा ।	
१३	सशस्त्र प्रहरी बल,नेपाल नं.१३ गण हे.क्वा. पर्सा ।	
१४	सशस्त्र प्रहरी बल,नेपाल नं.१४ गण हे.क्वा.मकवानपुर ।	
१५	सशस्त्र प्रहरी बल,नेपाल नं.१५ गण हे.क्वा.काभ्रे ।	
१६	सशस्त्र प्रहरी बल,नेपाल नं.१६ गण हे.क्वा.सिन्धुपाल्चोक ।	
१७	सशस्त्र प्रहरी बल,नेपाल नं.१७ गण हे.क्वा.चितवन ।	
१८	सशस्त्र प्रहरी बल,नेपाल नं. १८ गण हे.क्वा. निलबराही,काठमाण्डौ ।	
१९	सशस्त्र प्रहरी बल,नेपाल नं. १९ गण हे.क्वा. (विशेष कार्यदल) बंगलामुखी , काठमाण्डौ ।	

२०	सशस्त्र प्रहरी बल,नेपाल नं.२० गण हे.क्वा. (विपद उद्धार), काठमाण्डौ ।	
२१	सशस्त्र प्रहरी बल,नेपाल नं. २१ गण हे.क्वा. दक्षिणकाली ललितपुर ।	
२२	सशस्त्र प्रहरी बल,नेपाल नं.२२ गण हे.क्वा.गुहेश्वरी भक्तपुर ।	
२३	सशस्त्र प्रहरी बल,नेपाल नं. २३ गण हे.क्वा. मनकामना तनहुँ ।	
२४	सशस्त्र प्रहरी बल,नेपाल नं.२४ गण हे.क्वा. कालिका कास्की ।	
२५	सशस्त्र प्रहरी बल,नेपाल नं. २५ गण हे.क्वा. चण्डिका पर्वत ।	
२६	सशस्त्र प्रहरी बल,नेपाल नं. २६ गण हे.क्वा. पश्चिकम नवलपरासी ।	
२७	सशस्त्र प्रहरी बल,नेपाल नं. २७ गण हे.क्वा. रुपन्देही ।	
२८	सशस्त्र प्रहरी बल,नेपाल नं. २८ गण हे.क्वा. कपिलबस्तु ।	
२९	सशस्त्र प्रहरी बल,नेपाल नं. २९ गण हे.क्वा.ज्वालामाई दाङ्ग ।	
३०	सशस्त्र प्रहरी बल,नेपाल नं.३० गण हे.क्वा.बागेश्वारी बाँके ।	
३१	सशस्त्र प्रहरी बल,नेपाल नं. ३१ गण हे.क्वा. बर्दिया ।	
३२	सशस्त्र प्रहरी बल,नेपाल नं.३२ गण हे.क्वा. रक्तकालीसुर्खेत ।	
३३	सशस्त्र प्रहरी बल,नेपाल नं.३३ गण हे.क्वा. त्रिपुरा जुम्ला ।	
३४	सशस्त्र प्रहरी बल,नेपाल नं.३४ गण हे.क्वा. कैलाली ।	
३५	सशस्त्र प्रहरी बल,नेपाल नं.३५ गण हे.क्वा. शैलेश्वरी कन्चनपुर ।	
३६	सशस्त्र प्रहरी बल,नेपाल नं. ३६ गण हे.क्वा. डोटी ।	
३७	सशस्त्र प्रहरी बल,नेपाल नं. ३७ रिजर्भ गण हे.क्वा. सुनसरी ।	
३८	सशस्त्र प्रहरी बल,नेपाल नं. ३८ रिजर्भ गण हे.क्वा.झापा ।	
३९	सशस्त्र प्रहरी बल,नेपाल नं. ३९ रिजर्भ गण हे.क्वा.महोत्तरी।	
४०	सशस्त्र प्रहरी बल,नेपाल नं. ४० रिजर्भ गण हे.क्वा.बारा ।	
४१	सशस्त्र प्रहरी बल,नेपाल नं. ४१ रिजर्भ गण हे.क्वा.कपिलवस्तु ।	
४२	सशस्त्र प्रहरी बल,नेपाल नं. ४२ रिजर्भ गण हे.क्वा.बाँके ।	
४३	सशस्त्र प्रहरी बल,नेपाल नं. ४३ रिजर्भ गण हे.क्वा.कैलाली ।	
४४	सशस्त्र प्रहरी बल,नेपाल नं. ४४ गण हे.क्वा.दार्चुला ।	

शस्त्र प्रहरी बल,नेपाल गण दरबन्दी संख्याः-

समूह/उप-समूह	दर्जा											जम्मा
	सप्रउ	सप्रनाउ	सप्रनि	सप्रबनानि	सप्रनानि	सप्रसनि	सप्रबह	सप्रह	सप्रसह	सप्रज	सप्रप	

साधारण समूह साधारण/ समूह-उप	१	५	१४	१	१७	२६	४६	६०	१०६	३१०	२८	६१४
साधारण समूह- लेखा उप/ समूह	-	-	-	-	१	-	-	-	-	-	-	१
साधारण समूह- कानून उप/ समूह	-	-	-	-	-	-	--	-	-	-	-	-
प्राविधिक समूह संचार) तथा इन्जि नियर तर्फ	-	-	-	-	-	-	-	-	-	५	-	५
प्राविधिक समूह (स्वास्थ्य तर्फ)	-	-	-	-	१	-	-	-	-	-	-	१
जम्मा	१	५	१४	१	१९	२६	४६	६०	१०६	३१५	२८	६२१

फिल्ड फोर्टिफिकेशन

Any big or small unit when they are deployed to take defense on allocated area, they first analyze the terrain for vital ground(GTI) and when they are to occupy the ground, process of strengthening starts by building various types of posts & trenches, obstacles . This process is fortification.

आफु बसेको डिफेन्सको वा युनिट वरिपरीको जमिनलाई आफ्नो सुरक्षा र सजिलोलाई ख्यालमा राख्दै दुश्मनको आवागमनलाई रोकावाट पैदा गर्ने गरी बाधाहर बनाउनु लाई फिल्ड फोटिफिर्केशन भनिन्छ ।

Field Defence :- कुनै पनि सम्वेदनशिल क्षेत्र भित्र जमिनमा आफ्नो हतियारले फायर गर्नको लागी आफु छुप्न वा बच्नको लागी आफ्नो सर्काईजको खाल्टो खनि शत्रुलाई वा ब्रिरोहलाई बढी भन्दा बढी बर्वाद गर्ने उद्देश्यले जुन पोजिशन लिईन्छ त्यसलाई नै Field Defence भनिन्छ ।

यो दुई प्रकारको हुन्छ ।

- Hasty Field Defence :-
- Deliberate Field Defence :-

Field Defence :- साईटिङ्ग गर्दा ध्यान दिनुपर्नेकराहरु

१. सरप्राईज हासिल गर्ने गरी सर्काईटिङ्ग गर्नु पर्छ ।
२. फिल्डअफ फायर किलियर हुनेठाउँमा सर्काईटिङ्ग गर्नु पर्छ ।
३. क्यामोफलाईज कन्सीलमेन्ट राम्रो हुनुपर्छ ।
४. Obstacle राम्रो ब्यबस्था हुनुपर्छ ।
५. Mutual Support राम्रो हुनुपर्छ ।
६. हतियार सजिलै सग ह्याण्डिलीङ्ग गर्न सक्ने ठाँउ हुनुपर्दछ
७. वैकल्पीक Trench को स्थान चुनेको हुनुपर्दछ ।
८. गोलाबारी र बमबारी बाट असर नपर्ने स्थान हुनुपर्दछ ।

field Defence लिनुपर्ने कुराहरु :-

१. आफ्नो देशको सर्वभौमसत्ता जोगाउन
२. शत्रुलाई धोका दिन ।
३. आफ्नो पोजिशनलाई बलियो र सुरक्षित बनाउन ।
४. Defensive पोजिशन बाट Offensive कारवाही संचालन गर्न ।
५. शत्रुको जमिन आफ्नो कब्जामा लिन ।

ट्रेन्च मर्मत गर्ने तरिका:-

१. Skin Type Method
२. Wall Type Method
३. Revetment Type Method (Skin +Wall)

Overhead Protection :-

विभिन्न हतियारको फायर बाट बच्नको लागी Trench Post र बंकरको माथी बनाएको सुरक्षा प्रवन्धलाई Overhead Protection भनिन्छ।

Overhead Protection आवश्यकता:-

१. हावाई हमला बाट बच्न ।
२. बमको आक्रमण बाट बच्न ।
३. म्भाभलअभ बलियो बनाउन ।
४. Defence राम्रो बनाउन ।
५. हतियार ईक्वीपमेन्टहरु बचाउन ।

लिडरसिप

"सय वटा सिंहलाई एउटा भेडाले नेतृत्व गरेको फौज सय वटा भेडालाई एउटा सिंहले नेतृत्व गरेको फौज देखी डराउंछू ।

परिचय :

लिडरसिप कसैले सिकाएर सिक्न नसकिने एक प्रकारको कला हो , जो आफ्नै निरन्तर अभ्यासबाट प्राप्त हून्छ । फौजमा समयानूकूल लिडरसिपको तरिका फरक हून सक्दछ ।

उद्वेश्य :

लिडरसिप बारेमा सामान्य जानकारी गराउनू हो ।

परिभाषा:

लिडरसिप भनेको अरुलाई प्रभाव पार्न्ने र निर्देशन गर्ने एउ टा कला हो । जसले अरुलाई स्वइच्छा, आदर, आत्म भरोसा पैदा गराई आफ्नो उदेश्य पुरा गर्न मद्धत गर्दछ ।

लिडरशिपको सिद्धान्तहरु :

- टेक्निक र ट्याक्टिसतर्फ पोख्तन् हुनु ।
- आफुलाई चिन्न र निजी बिकाशलाई कोशिस गर्न ।
- आफ्नो जवानसंग परिचित हुनु र उसको हेरबिचार गर्नु ।
- जवानहरुलाई चाहिने खबर दिई राख्नु ।
- उदाहरण बन्नु।

- तोकिएको काम अन्तर्गतको बुझे नबुझेको एकिन गर्नु ।
- आफ्नो जवानलाई सामुहिक रुपमा तालिम दिनु ।
- जिम्मेवारी खोज र आफ्नो कामको जिम्मेवारी ग्रहण गर्नु ।
- आफुभन्दा मुनिकोमा जिम्मोवारीपनको बिकास गर्नु ।
- आफ्नो् कमाण्डरलाई सामर्थ अनुरुप प्रयोग गर्नु ।
- जिम्मेवारी पाउन खोज्नु र त्यसलाई आफ्नो कारबाही प्रति जिम्मेवार रहनु ।

टेक्नीक र ट्याक्टिस तर्फ पोख्त हूनः

- ट्याक्टिस, टेक्निक तथा प्रशासनिक काम कार्वाही सम्बन्धि उच्च स्तरिय ज्ञान प्रदर्शन गर्न सक्नू पर्दछ ।
- दर्जा र नियूक्ति पाउंदैमा स्वस्पूर्ति रुपमा आधार र आत्म विश्वास पाईदैन , कामले लिन सक्नू पर्दछ ।
- लिडरले राम्रो नेतृत्व प्रदान गर्न नसकेमा यूनिट नै पछाडी पर्दछ ।
- पेशागत ज्ञानलाई समयानूकूल चूस्त दूरुस्त बनाउनू पर्दछ ।
- अध्ययन अनूशन्धान र अन्य योग्य नेतृत्वको अनूशरणबाट गणहरु विकास गर्न सकिन्छ ।
- नेतृत्व तथा व्यवस्थापनका सिद्धान्तहरु सिक र त्यसलाई व्यवहारमा लागू गर ।

आफूलाई चिन्नू र निजी बिकाशलाई कोशिस गर्नू

- ✓ ईमान्दार होउ
- ✓ आफ्नो सवल र दुर्वल पक्षलाई चिन
- ✓ कमजोरी हटाउ र सवल पक्ष अझ सवल बनाउ
- ✓ सबैसंग समान व्यवहार गर
- ✓ मानवीय सम्वेदनलाई छुन र सद्भावना प्रकट गर्न सिक
- ✓ लेखन र वोल्ने शैलीमा दक्ष बन
- ✓ अन्यसंघ/संस्था/व्यक्तिसंग समन्वय वढाउ

आफ्नो जवानसंग परिचित हूनू र उसको हेरबिचार गर्नूः

- ✓ आफ्नो कमाण्ड अन्तर्गतका सदस्इलाई चिन र उनलाई पनि चिन्ने मौका देउ
- ✓ आफ्नो सदस्यको विचार सुन्ने र बुझ्ने वानी विकास गर
- ✓ आफ्नो सदस्यलाई भेट्ने र समस्या भन्ने मौका देउ
- ✓ प्रशासन समयानुकुल, न्याययुक्त र पक्षपात रहित बनाउ

- ✓ सेवा, सुविधालाई बराबर वितरण गर
- ✓ सरसफाई, खाना तथा बसाई व्यवस्थापन राम्रोसंग प्रत्यक्ष हेर
- ✓ युनिट रिति रिवाज र धार्मिक कार्य पूर्ण रुपमा मनाउ
- ✓ खेलकुद, मनोरञ्जन तथा सिर्जनात्मक कार्यलार्य प्रोत्साहन गर
- ✓ जवानलाई चाहिंदो खवर दिई राख्र
- ✓ सहि सुचना वेलैमा प्रवाह गर
- ✓ कुन काम के प्रयोजनका लागि हुँदैछ सम्भव भएसम्म भन
- ✓ अफवाहबाट जोगिउ र अफवाह फैलनबाट रोकेर सहि कुरा वेलैमा जानकारी गराउँ ।
- ✓ मोराल तथा टिम स्प्रिटको भावना विकास गरि युनिटप्रति गौरव गर्न सक्ने वातावरण बनाउ
- ✓ बढुवा, सरुवा, नियम कानून, भत्ता, सेवा सुविधा तथा अन्य बैधानिक काम कार्वाहीका वारेमा समयमै जानकारी गराउ

उदाहण बन्नू :

- ✓ फिजिकली फिट र उत्कृष्ट टर्न आउट गर
- ✓ छिट्टै रिसाउने र आवेगमा निर्णय गर्ने नगर
- ✓ आफ्नो युनिट सुन्दर, समयानुकुल गर्न सक्ने गरी निर्माण गर
- ✓ पहिले गल्ती गर्ने र पछि सुधार्ने गरि काम नगर/श्भचय ऋष्कतबपभ मा काम गर
- ✓ कसैप्रति पनि पूर्वाग्रही नबन र विना भेदभाव काम गर
- ✓ जिम्मेवारी वहन गर्न सबैलाई मौका देउ र आफ्नो पदिय दायित्वका लागि उत्कृष्ट मान्छे यहि हो भन्न सक्ने वातावरण बनाउ
- ✓ पेशागत प्रतिस्पर्धामा सदैव अगाडि होउ

तोकिएको काम अन्तरगतले बूझेको, सो काम संचालनमा निगरानी राखिएको र सो काम पुरा भएको एकिन गर्नूः

- ✓ चेन अफ कमाण्डको पालना
- ✓ सहि, स्पष्ट र समयमै अर्डर देउ
- ✓ अर्डर नबुझेमा समयमै स्पष्ट हुन मातहतलाई निर्देशन देउ र बुझे नबुझेको सोध
- ✓ आफ्नो अर्डर अनुसार काम भए नभएको Follow up गर
- ✓ निरीक्षण समयमै गरेर Inspection गरी भेटिएका त्रुछी सुधार्न तुरुन्त कार्य गराउ

आफ्नो जवानलाई सामूहिक रुपमा तालिम दिनूः

- ✓ रियल फिल्डको वातावरण सृजना गरी सामुहिक तालीम देउ
- ✓ कलेक्टिभ तालीम संचालन गर
- ✓ आपसी समझदारी र विश्वास गर्न सकिने तालीम गराउँ र टिम स्प्रिटको भावना विकास गराउ
- ✓ जुनियर कमाण्डरले आफ्नो पत्तिको नीति निर्देशन सहि रुपमा प्रवाह हुने गरि कमाण्डर लेभल तयार गर ।

जिम्मेवारी खोज र आफ्नो कामको जिम्मेवारी ग्रहण गर :

- ✓ आफ्नो युनिटले गरेका र गर्न नसकेका कामको जिम्मेवारी ग्रहण गर
- ✓ सप्रेको काम आफ्नो र विग्रेको काम अर्काको जिम्मेवारी नभन
- ✓ काम दिएर गर्ने होईन खोजेर गर्ने वानि विकास गर
- ✓ कुनै पनि सानो वा ठूलो काम पूर्ण जिम्मेवारी साथ कुनै हेलचेक्रयाई नगरी पुरा गर
- ✓ कुनै कार्वाही गर्नुभन्दा पहिला राम्रोसंग सहि मुल्याङ्कन गर

आफूभन्दा मूनिकोमा जिम्मेवारीपनको बिकास गर्नू:

- ✓ चेन अफ कमाण्डलाई पूर्ण रुपमा लागू गर
- ✓ के गर्न हुने र के गर्न नुहने मातहतलाई वेलावेलामा जानकारी गराउँ
- ✓ आफ्नो कामको परिणामप्रति पुरै टिमलाई जिम्मेवार बनाउ
- ✓ सबैलाई बराबर रुपमा आफ्नो दक्षता प्रदर्शन गर्ने मौका देउ
- ✓ सार्वजनीक स्थानमा गाली र अपहेलना नगर

आफ्नो कमाण्डलाई सामर्थ अनूरुप प्रयोग गर्नू:

- ✓ सहि कामका लागि आवश्यक साधन श्रोत पर्याप्त देउ र माथिल्लो निकायबाट माग गर
- ✓ आफु पनि सम्बन्धित काम कार्वाहीबाट पूर्ण जानकार होउ र आफ्नो मातहतलाई पनि गराउँ
- ✓ Right man in the Right place लाई अनुसरण गर
- ✓ दिईएको काम कार्वाही प्रष्ट र उत्तरदायी पूर्ण बनाउ
- ✓ आफ्नो युनिटको सबै मान्छे परिचालित हुने गरी कार्य विभाजन गर
- ✓ नेतृत्व तथा व्यवस्थापनका सहि सिद्धान्त लागु गर

लिडरशिपको स्वभावहरु :

- ✓ चाल चलन
- ✓ साहस
- ✓ निर्णयात्मक कारबाही

- ✓ भरपर्दोपन
- ✓ सहनशक्ति
- ✓ काम गर्ने प्रवल ईच्छा
- ✓ पहलता
- ✓ फौसला दिनु
- ✓ न्याय
- ✓ ज्ञान
- ✓ बफदारी
- ✓ समझदारी
- ✓ निस्वार्थपन

चाल चलन :

- ✓ टर्न आउट
- ✓ आउट लुक
- ✓ राम्रो आचरण
- ✓ चंखो
- ✓ सभ्य भाषा
- ✓ अनुशरण योग्य ईमान्दारी र व्यवहार

साहस :

- ✓ आत्म निर्णय गर्न सक्ने ढृढ विश्वास भएको
- ✓ सर्वमान्य र उच्च हौसला युक्त व्यवहार
- ✓ आफु सहि भएर सहि कार्य गर्न निडर
- ✓ विषय परिस्थितिमा विचलित नहुने

निणायत्मक कारबाही :

- ✓ कसैको बहकाउमा नलाग्ने
- ✓ स्पष्ट र पारदर्शी
- ✓ आफ्नो अर्को नहेर्ने
- ✓ तथ्यका आधारमा कार्य गर्ने

भरपर्दोपन :

- ✓ विश्वास योग्य र Punctual (नियमित)
- ✓ स्वस्फूर्त रुपमा काम गर्ने र काम फत्ते गर्ने
- ✓ सबैलाई साहशिक र उर्जायुक्त सहयोग गर्ने

सहनशक्ति :

- ✓ मानसिक र शारीरिक रुपमा तन्दुरुस्त
- ✓ माथिकालाई आदर र तलकालाई माया गर्ने
- ✓ समय सापेक्ष
- ✓ मोटिभेटेड, पोजेटिभ र एट्टीच्यूट

काम गर्न प्रवल ईच्छा :

- ✓ आफ्नो पदिय दायित्व प्रति जिम्मेवार
- ✓ आशावादी र सकारात्मक
- ✓ सधै राम्रो उच्च रहने
- ✓ फौजको हौंसला बढाउने र प्रेरणादायी

पहलता :

- ✓ सही समयमा सहि कार्वाही
- ✓ गहिरिएर सोची, सम्झी काम गर
- ✓ कामको परिणाम के आउँछ त्यसको सदैव चंखो रही प्रतिक्षारत होउँ ।
- ✓ सहि समयमा सहि काम गर्नेलाई आदर गर

फैसला दिनु :

- ✓ तथ्यका आधारमा ओजपूर्ण निर्णय गर
- ✓ हतारमा निर्णय नगर
- ✓ प्राविधक कठिनाई परेमा प्राविधक विज्ञसंग सल्लाह लिने गर

न्याय :

- ✓ पुरस्कार र सजाय दुवै चलाउ
- ✓ पक्षपात पूर्ण व्यवहार नगर
- ✓ कुरा सुनेर काम नगर/मुल्याङ्कन गर
- ✓ सहि निर्णय नभएमा ईज्जतमै धव्वा लाग्छ
- ✓ व्यक्तिवाद र गुरपिज्म नगर

ज्ञान :

- ✓ ज्ञान कहिल्यै पुरा हुँदैन भन्ने सोच
- ✓ समायानुकुल हरेक क्षेत्रको ज्ञान राख्ने
- ✓ तालीम गर्ने, टि.भि.हेर्ने र पत्रिका पढ्ने बानी
- ✓ Knowledge is power & Propertyof organ

बफादारी :

- ✓ राष्ट्र, राष्ट्रवासी र संगठनप्रति
- ✓ सिनियर जुनियर प्रति र काम प्रति
- ✓ व्याक वाईटिङ्ग नगर्ने
- ✓ बफादारीले नै उच्च आदरभाव निर्माण गर्दछ

समझदारी :

- ✓ सबैसंग समान व्यवहार
- ✓ जस्तो दिन्छौ, त्यस्तै पाउँछौ
- ✓ अर्काको कुरा गर्दा धेरै सजग र तार्कीक होउ
- ✓ सदैव सलाम लिने र दिने गर

निस्वार्थ पन :

- ✓ आफ्नो भन्दा पहिला आफ्नो मातहतको सेवा सुविधा पुरा गर
- ✓ बढी विलासी नहोउ

निचोड :

- ✓ राम्रो लिडरको कर्तव्य
- ✓ आफ्नो काम र कर्तव्य स्पष्ट बुझेको हुन्छ र प्रभावकारी रुपमा त्यसलाई सम्पादन गर्दछ ।
- ✓ तिम्रो काम र कर्तव्य पनि राम्रो संग बुझेको् हुन्छ र तिमीलाई कसरी राम्रोसंग काम गर्ने भन्ने वारे मार्गदर्शन पनि गर्दछ ।
- ✓ समुहमा मिलेर काम गर्ने तरिका तथा समुहलाई कसरी सही नेतृत्व दिने भन्ने वारे प्रष्ट बुझेको हुन्छ ।
- ✓ आफु, तिम्रोलागि तथा अन्य टोलिको लागि उदाहरणीय वनेको हुन्छ ।
- ✓ आफु मुनिका दर्जाले काम विगारेमा सोलाई सुधार गरी निजलाई सुधार गर्ने मौका दिन्छ ।
- ✓ आफु मुनिका दर्जालाई आदर गर्दछ ।
- ✓ आफ्नो टिमले गरेको कामप्रति सधै सकारात्मक हुन्छ । सदैव कामप्रति व्यवसायिक (Professional) देखिन्छ तथा राष्ट्रहितको कामको लागि कहिले पनि पछि हट्दैन ।
- ✓ आफु, तिमी र आफ्नो युनिटप्रति घमण्ड गर्दछ ।
- ✓ सफलताको् कदर गर्दछ । सफलताको कदर गर्दछ । सफलताको श्रेय आफु भन्दा आफ्नो टिमलाई दिन्छ ।

मोराल एण्ड मोटिभेसन

एक सय वटा सिंहलाई एउटा भेडाले नेतृत्व गरेको आर्मी भन्दा सय वटा भेडालाई एउटा सिंहले नेतृत्व गरेको आर्मी देखी डराउंछ ।

परिचय :

लिडरसिप कसैले सिकाएर सिक्न नसकिने एक प्रकारको कला हो, जो आफ्नै निरन्तर अभ्यासबाट प्राप्त हुन्छ । फौजमा समयानूकूल लिडरसिपको तरिका फरक हून सक्दछ ।

परिभाषा :

लिडरसिप भनेको अरुलाई प्रभाव पार्नर्े र निर्देशन गर्ने एउटा कला हो । जसले अरुलाई स्वइच्छा, आदर, आत्म भरोसा पैदा गर्राई आफ्नो उदेश्य पुरा गर्न मदत गदर्छ ।

कमाण्डर र लिडरसिपमा फरक

कमाण्डर कानुनी अधिकारसंग सम्बन्धीत हून्छ भने लिडरसिप ब्यक्तिगत गूणसंग सम्बन्धित हून्छ । कमाण्ड एक किसिमको नियूक्ति हो ।

सिद्धान्त :

- ✓ टेक्नीक र ट्याक्टिसतर्फपोख्त हूनू
- ✓ आफूलाई चिन्नू र निजी बिकाशलाई कोशिस गर्न
- ✓ आफ्नो जवानसंग परिचित हूनू र उसको हेरबिचार गर्नू
- ✓ जवानलाई चाहिदो खवर दिई राख्नू
- ✓ उदाहरण बन्नू
- ✓ तोकिएको काम अन्तरगतले बूझेको, सो काम संचालनमा निगरानी राखिएको र सो काम पुरा भएको एकिन गर्नू
- ✓ आफ्नो जवानलाई सामूहिक रुपमा तालिम दिनू
- ✓ ठिक र सामयिक निर्ण्र्ाादिनू
- ✓ आफूभन्दा मूनिकोमा जिम्मेवारीपनको बिकास गर्नू
- ✓ आफ्नो कमाण्डरलाई सामर्थ अनूरुप प्रयोग गर्नू
- ✓ जिम्मेवारी पाउन खोज्नू र त्यसलाई आफ्नो कारवाही प्रति जिम्मेवार रहनू

लिडरसिपको स्वभाव :

- ✓ चाल चलन
- ✓ साहस
- ✓ निर्णयात्मक कारवाही
- ✓ भरपर्दोपन
- ✓ सहनशक्ति
- ✓ काम गर्ने प्रवल इच्छा

- ✓ पहलता
- ✓ फैसला दिनू
- ✓ न्याय
- ✓ ज्ञान
- ✓ वफादारी
- ✓ समझादारी
- ✓ निस्वार्थपन

परिभाषा :

उत्पे्ररणालाई एक लक्ष्य अथवा पुरस्कार प्राप्त गर्नको लागि शक्तिको बिस्तार गर्ने इच्छाको रुपमा परिभाषित गर्न सकिन्छ । ("Motivation can be defined as a willingness to expand energy to achieve a goal or a reward.")

Carroll Shartle को भनाई छ - "कुनै निर्देशित दिशातिर जाने वा कुनै निश्चित उद्देश्य प्राप्तिका लागि उत्कृष्ट ईच्छा वा गहिरो सोचार्य नै उत्प्रेरणा हो । "(otivjtion is a reported urge or tension to move ina given direction or to achieve a certjin goal.") को धारणा छ "उत्प्रेरणाको धारणा मुख्य गरी मनोबैज्ञानिक हो । यसको सम्बन्ध कर्मचारी वा अधिनस्थ व्यक्ति भित्र शक्ति संचालन संग छ जसले उसलाई निश्चित आधारमा कुनै कार्य गर्न वा नगर्नका लागि प्रेरित गर्छ ।

("The concept of motivation is mainly psychological. It relates to those force operation within the individual employee or subordinate which impel him to act or not to act in certain ways.")

उत्प्रेरणाका सम्बन्धमा M.J. Jucius को बिचार यस किसिमको रहेको छ । "उत्प्रेरणा कुनै व्यक्ति वा स्वयं आफैलाईर् इच्छाएको कार्य गर्नका लागि प्रेरित गर्ने काई हो ।"

("Motivation is the act of stimulating someone or oneself to get a desired course of action.")

उत्प्रेरणा भनेको मानिसको आन्तरिक भावना तथा मनोविज्ञान तत्वसंग सम्बन्धित छ जसलाई छुन, हर्ेन, अनुभव गर्न तथा सुन्न सकिन्न । यो केवल इमान्दारी, निडर, सत्य, उच्च मनोवल, कर्तव्यपरायण, धैय, सहनशील, सहयोगी, उत्तरदायित्व महसूस गर्ने, स्थिरता आदि जस्ता मानवीय व्यवहारबाट प्रदर्शित हुन्छ कुनै व्यक्तिलाई काम गर्न अभ्रिेरित गर्ने प्रक्रिया नै उत्प्रेरणा भएको हुँदा मुख्य गरी सम्बद्ध कर्मचारीहरु को ईच्छा, आकांक्षा, भावना एवं आवश्यकताहरुलाई परिपूर्ति गर्न वा सन्तुष्टि गर्न सकेको खण्डमा मात्र कर्मचारीहरु कार्य गर्न उत्प्रेरित हुन्छन् । विना उत्प्रेरणा प्राय : कुनै पनि मानिस दिलचस्पी लगाएर कार्य गर्न समपर्न्तिहुँदैन ।

उत्प्रेरणाका उद्देश्यहरु (Objectives of Motivvation:

१. संगठनका निर्धारित उघेश्यहरु प्रभावकारी तवरबाट प्राप्त गर्नका लागि कर्मचारीहरुमा उत्तरदायित्वको भावना, हौसला, कामप्रति र्समर्पण, विश्वास अनुशासन, सन्तुष्टि आदिका लागि आवश्यक भौतिक सुविधा दिई भावनात्मक सुधार गरी सुचारु रुपले काम गर्ने वातावरणको सृजना गर्नु ।

२. उत्प्रेरणातक तौर तरिकाहरु मुख्य गरी कर्मचारीहरुको विकास एवं उन्नतीलाई अभिबृद्धि गर्न लागि प्रयोग गरी कामप्रति बढी सजगताको भावना जागृत गराउनु ।

३. संगठनमा कर्मचारीहरु बीच राम्रो मानवीय सम्बन्ध निर्माण एवं सुदृढ गरी प्राप्त जनसाधनको बढीभन्दा बढी सदुपयोग गर्नु

४. उपलव्ध स्रोत एवं साधनको प्रभावकारी तवरबाट उपयोग गरी संगठनको कुल उत्पादनको एवं उत्पादकत्व (Porductivity) मा अभिबृद्धि गर्नु ।

५. कर्मचारीहरुमा उच्च मनोवलको भावना जागृत गर्राई उनीहरुको क्षमताको पूर्ण विकास गर्नु ।

६. संगठनको उत्पादनमा विविधिकरण, विशिष्टीकरण एवं स्तरयुक्त उत्पादन (Diversification, specialization and qualitative product) गरी उच्च प्रतिस्पर्धात्मक क्षमताको विस्तार गर्नु ।

७. कर्मचारीहरुको व्यक्तिगत अस्तित्वलाई स्वीकार गरी उनीहरुमा निराशाको भावना जागृत हुन नदिने र उनीहरुको आन्तरिक रुपमा दबिएर बसेका शक्तिलाई समग्र रुपमा विकास गरी सामूहिक जोस-जाँगर (Team-spirit) मा अभिबृद्धि गर्नु ।

<u>उत्प्रेरणाले कसरी काम गर्दछ? (How does Motivation Work?)</u>



यस सन्दर्भमा सबैभन्दा पहिला कर्मचारीहरुका अनुभूत आवश्यकताहरु हुन्छन् ती आवश्यकताहरु परिपूर्ति गर्ने लक्ष्य वा चाहना कर्मचारीहरुले राखेको हुन्छ । यसरी कर्मचारीहरुलाई आ-आफ्नो चाहना कसरी प्राप्त गर्ने भनी एक प्रकारको तनाव वा छटपटीले उनीहरुलाई सताई रहेको हुन्छ, जस्को कारणले गर्दा कर्मचारीहरु आफ्नो चाहनाहरु पुरा गर्न केही काम गर्न बाध्य हुन्छन् जसको परिणाम स्वरुप उनीहरुको आवश्यकता एवं चाहनाहरु परिपूर्ति वा सन्तुष्टि हुन सक्ने ठान्दछन् । जव कर्मचारीहरुका चाहनाहरु सन्तुष्टि हुनतर्फउन्मुख हुन्छन् तव कर्मचारीहरु संगठनको काम-प्रति लगनशीलर, ईमान्दार एवं उत्प्रेरित हुँदै जान्छन् । त्यसैले कुनै पनि संगठनको सफलता उत्पे्ररित कर्मचारीहरुको मात्रामा नै भर पर्ने कुरा स्पष्ट छ । एकातिर चाहना सन्तुष्टि हुने भएपछि कर्मचारीहरु उत्प्रेरित हुन्छन् भने अर्कातिर उत्प्रेरणाको परिणामस्वरुप नै सन्तुष्टि प्राप्त हुन्छ ।

फेरि यहाँ भल्नु नहुने कुरा के छ भने कर्मचारीहरुलाई उत्प्रेरित गर्ने कार्य सैद्धान्तिक हिसावमा जति सजिलो देखिन्छ तर व्यवहारमा उतार्न यो त्यत्तिकै कठिन एवं जटिल हुन्छ ।

एउटा संगठनको उत्प्रेरणात्मक प्रक्रिया (Motivational Process) : मा धेरै तत्वहरुले असर गर्न सक्दछन्, जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :-

१. **व्यक्तिको विशेषताहरु (Characteristics Of Individual):-** कुनै पनि व्यक्ति त्यसै कामको खोजीमा हिड्दैन । ऊ त्यतिबेला संगठनमा काम गर्न तयार हुन्छ जब संगठनले पनि उसलाई केही मद्धत गर्ने हुन्छ । समाजको एक व्यक्ति भन्नेबित्तिकै उसका धेरै ईच्छा, आकांक्षा, सोचाई, धारणा आदि हुन्छन् तिनलाई पुरा गर्ने खोजीमा व्यक्ति संगठनमा काम गर्न मञ्जुर गर्दछ । त्यो उसको बाध्यता एवं विवसता पनि हुन सक्दछ । संगठनको धारणा र व्यक्तिको सोचाइमा अन्तर परेमा व्यक्ति कामप्रति वास्तविक रुपमा उत्प्रेरित हुँदैन ।

२. **कामको प्रकृति (Nature Of The Job) :-** कामको प्रकृति भन्नाले खास गरी त्यो काम कस्तो किसिमको हो ? त्यहाँ कस्तो किसिमका कामहरु गर्नुपर्छ ? कति समय काम गर्नु पर्ने हो ? काममा कत्तिको स्वतन्त्रता पाईन्छ ? लाए अह्राएको काम मात्र गर्ने हो कि आफै मुख्य भएर काम गर्नु र गराउनु पर्ने हो, काम गरे बापत के कस्ता सुविधा एवं पुरस्कार पाईन्छ आदि जस्ता धेरै तत्वहरुले कामको प्रकृति निर्धारण गर्दछ । यस प्रकारका सबैकुरालाई सोच विचार गरेर मात्र कर्मचारीले काम गर्ने प्रण गरेको हुन्छ । यदि व्यक्ति अनुसारकै काम भएमा व्यक्ति उत्प्रेरित हुन्छ नत्र उत्प्रेरित हुन गाह्रो हुन्छ ।

३. **कामको अवस्था (Work Situation) :-** वास्तवमा संगठनको आन्तरिक वातावरण कस्तो छ, काम गर्न सकीने अवस्था छ कि केवल घोचपेचको गन्दा वातावरण छ । हाकिम र कारिन्दाहरु बीचमा कार्यात्मक, सुमधुर सम्बन्ध छ कि छैन, कुनै बिषयबस्तुका सम्बन्धमा समान धारणा, सोचाई छ कि छैन, कामको मूल्याङ्कन, उचित दण्ड-पुरस्कारको व्यवस्था छ कि छैन जस्ता आदि ईत्यादि कामको अवस्था सम्बन्धी कुराहरुले पनि व्यक्तिलाई कामप्रति उत्प्रेरित हुन असर गर्दछ ।

उत्प्रेरणाका किसिमहरु (Types Of Motivation)

१ **सकारात्मक उत्प्रेरणा (Positive Motivation) :-** संगठनसंग सम्बद्ध कर्मचारीहरुलाई हौसला, प्रेरणा, पुरस्कार जस्ता चिजहरु प्रदान गरी स्तरयुक्त काम गराउनका लागि कर्मचारीहरुलाई कसरी लगनशील तथा समर्पित गर्न सकिन्छ भन्ने धारणा नै सकारात्मक उत्प्रेरणाको मुख्य आधार हो । यसमा चार "प" (Four p's) को अवधारणालाई उत्प्रेरित गराउने तत्वको रुपमा लिन सकिन्छ, जस्तो कि प्रशंसा, पैसा (तलव), प्रतिष्ठा र पदोन्नति (Praise, Pay,Prestige and Promotion) । यिनीहरुका अतिरिक्त पूर्णप्रतिस्पर्धा, सहभागिता, मान-सम्मान, बिदाको सुविधा, अधिकार तथा उत्तरदायित्वको प्रत्योजन आदि जस्ता तत्वहरुलाई पनि सकारात्मक उत्प्रेरणा प्रदान गर्ने तत्वहरुको रुपमा लिईन्छ ।

२ **नकारात्मक उत्प्रेरणा (Negative Motivation) :-** यसमा मुख्य गरी डर, त्रास, धम्की, दण्ड, सजाय, असुरक्षा आदिले भाव देखाएर काम गराउन बाध्य एवं विवश गराउने कुराहरु पर्दछन् । आजको

आधुनिक जमानामा यस किसिमका डर, त्रास देखाएर काम गराउने तरिकालाई उचित प्रेरणाका प्रेरक तत्वहरुको रुपमा लिन सकिदैन, तथापि यी तत्वहरुले उत्प्रेरित गर्ने प्रकृयामा ठूलो भूमिका खेलिरहेका हुन्छन् ।

३ **स्व-उत्प्रेरणा (Self Motivation) :-** यो उत्प्रेरणाको प्रकृति अलि फरक किसिमको छ । यसमा अरुलाई उत्प्रेरित गर्ने उत्तरदायित्व लिएको व्यक्ति सर्वप्रथम आफै उत्प्रेरित भएको हुनुपर्दछ । एक उत्प्रेरित नभएमो व्यक्तिले अर्को व्यक्तिलाई उत्प्रेरित गर्न सक्दैन । त्यस्तै बिरामी, हतोत्साही, मनमा आन्तरिक द्धन्द्ध, पिर भएको व्यक्तिले पनि अरुलाई प्रेरणा दिन नसक्ने मानिन्छ । अरुलाई उत्प्रेरणा दिने व्यक्ति सक्षम, प्रभावकारी, मिजासिलो, मिठो बोली भएको, नरम, अरुका कुरा सुन्ने र अरुको मन जित्न सक्ने हुनु पर्छ ।

४ **सामुहिक उत्प्रेरणा (Group Motivation) :-** यसमा सबै व्यक्तिहरु वा समूहलाई उत्प्रेरित गर्ने कार्यमा जोड दिईन्छ । यस किसिमको उत्प्रेरणा मानवीय सम्बन्धमा सुधार गरेर र मानिसलाई मानवताको आधारमा व्यवहार गरेर सम्बद्ध व्यक्तिहरुलाई हौंसला, प्रोत्साहन दिएर, काम राम्ररी गर्नका लागि उनीहरुलाई आफ्नो विकास गर्ने मौका दिएर पनि सामुहिक रुपमा उत्प्रेरणा दिन सकिन्छ ।

५ आन्तरिक एवं बाह्य उत्प्रेरणा **(Intrinsic and extrinsic Motivation) :-** आन्तरिक उत्प्रेरणा भन्नाले कामको दौरानमा समाजमा प्राप्त हुने मान-सम्मान, प्रतिष्ठा, शक्ति, उत्तरदायित्व आदि जस्ता कुरालाई लिइन्छ र जुन मौद्रिक रुपमा प्राप्त हुँदैन । बाह्य उत्प्रेरणा भन्नाले कामको समयमा नभई त्यसपछि आन्तरिक स्रोतबाट प्राप्त हुने लाभ हो जुन प्रत्यक्ष वा परोक्ष रुपमा मौद्रिक तथा आराम, बिदा अर्थात् स्वास्थ्य सेवा सुविधासंग सम्बन्धित हुन्छ । यसमा मुख्य गरी निबृतिभरण, सीमान्त लाभ (Finger Benefits) जीवन-विमा, छुट्टी-बिदा, आरामको समय आदि पर्दछन् ।

६ **आर्थिक तथा ग्रैह आर्थिक उत्प्रेरणा(Finacial and not-Financial Motivation):-** आर्थिक उत्प्रेरणा प्रत्यक्ष तथा अप्रत्यक्ष पैसासंग सम्बन्धित हुन्छ । पैसालाई एक महत्वपूर्ण उत्प्रेरक तत्वको रुपमा लिईन्छ, जसले केवल भौतिक सुख मात्र नदिई हाम्रो जस्तो विकासोन्मुख मुलकुमा सामाजिक ईज्जत एवं प्रतिष्ठा समेत दिने गरेको पाईन्छ । आर्थिक उत्प्रेरणामा मुख्य गरी तलव, बोनस, निबृत्तिभरण, जीवन-बीमा, विदाको पैसा, निःशुल्क स्वास्थ्य सेवा तथा अन्य सेवाहरु पर्दछन् जो प्राप्त गर्न पैसा खर्च गर्नुपर्ने हुन्छ ।

ग्रैहआर्थिक उत्प्रेरणा भन्ने बित्तिकै यो पैसासंग सम्बन्धित नभई प्रतिष्ठा, मान-सम्मान, कदर-प्रशंसा, बढी अधिकार दिने, सुरक्षा दिने, निर्णय गर्न स्वतन्त्रता दिने, काम गर्न राम्रो वातावरणको सृजना गर्ने जस्ता कुरा पर्दछन् जसले मानिसमा मनोबैज्ञानिक प्रभाव तथा आन्तरिक भावनामा सन्तुष्टि प्रदान गर्दछ ।

उत्प्रेरणाका चरणहरु (Steps in Motivation)

१ **उद्देश्यको निर्धारण (Determination of objectives) :-** उत्प्रेरणा प्रदान गर्नु पुर्ण व्यवस्थापकले उत्प्रेरणाको उद्देश्य के हो त्यो निर्धारण गर्नु जरुरी हुन्छ । उत्प्रेरणाको उद्देश्य निर्धारण नगरीकन प्रदान गरिएको उत्प्रेरणा कुन स्तरको हो र कुन दिशातर्फउत्प्रेरित गर्न चाहेको हो भन्ने कुरा

एकातर्फस्पष्ट हुँदैन भने अर्कातर्फव्यवस्थापकलाई उत्प्रेरणाको तरिकालाई सक्षम एवं कुशलतापर्ूवक छनौट गर्न र त्यसको प्रभावकारिता मूल्याङ्कन गर्न पनि कठीन पर्न जान्छ ।त्यसैले उत्प्रेरणाको उद्देश्य निश्चित हुनुका साथै कसलाई के कारणले उत्प्रेरणा दिने हो त्यो समेत स्पष्ट हुनुपर्ने हुन्छ ।

२ **कर्मचारीहरुको भावनाको अध्ययन (Study of the feelings of emoloyees)**:- जबसम्म व्यवस्थापकले कर्मचारीहरुको भावना उचित रुपमा बुझ्न सक्दैन तबसम्म कर्मचारीहरु उत्प्रेरित हुन सक्दैनन् । तर्सथ सफल व्यवस्थापकले कर्मचारीहरु कुन परिस्थिति एवं मनस्थितिमा काम गरिरहेका छन् त्यो बुझ्नु एकदम नै आवश्यक हुन्छ । तत्पश्चात मात्र उपयुक्त उत्प्रेरणाका उपायहरु अपनाउन सकिन्छ ।

३ **संचार (Communication)** :- व्यवस्थापक र अधिनस्थ कर्मचारीहरु बीचमा सुमधुर रुपमा दोहोरो सञ्चार व्यवस्था (Two way communication) हुनु आवश्यक हुन्छ । कर्मचारीहरुलाई उत्प्रेरित गर्नको लागि सर्वप्रथम त व्यवस्थापकले उत्प्रेरणाका तरिकाहरु अधिनस्थ कर्मचारीसम्म पुर्याउन पूर्ण रुपमा सञ्चारित गर्नु पर्छ र कर्मचारीहरुको त्यस सम्बन्धमा धारणा, सोचाई बिचार, प्रतिक्रिया के रहेछ त्यसमा ध्यान दिई पृष्ट-पोषण (Feed Back) को माध्यमबाट कर्मचारीहरु र व्यवस्थापक बीचको सोचाईमा आएको अन्तरलाई दूर गर्नुपर्छ ।

४. **स्वार्थ वा हित एकीकृत गर्ने (Integrate Interests)**:- व्यवस्थापकहरुले संगठनको उद्देश्यहरु एवं कर्मचारीहरुको हित दुवैमा ध्यान दिनुपर्ने हुन्छ । संगठनको पूर्व निर्धारित उद्देश्यहरु परिपर्ूर्तिका लागि ध्यान दिई सकेसम्म कर्मचारीहरुलाई बढी हित हुने किसिमबाट कार्य गर्नु पर्छ ।

५. **सहयोगी वातावरणको व्यवस्था गर्ने**:- संगठनमा कर्मचारीहरुलाई कामप्रति उत्प्रेरित गर्नका लागि उनीहरुलाई राम्रो तालीमको व्यवस्था राम्रा एवं आधुनिक औजारको प्रबन्ध तथा असल काम गर्ने वातावरणको व्यवस्था मिलाउनु पर्छ ।

६. **सामूहिक कार्य**:- जव कर्मचारीहरु आफ्नो हितभन्दा संगठनको उद्देश्यप्राप्ति गर्ने कार्यमा उत्प्रेरित भई सामूहिक रुपबाट कार्य अगाडि बढाएमा संगठनलाई सफलता प्राप्त गर्न एकातर्फधेरै समय कर्ुनु पर्दैन भने अर्कातर्फसंगठनको निरन्तर सफलताका लागि सम्बद्ध कर्मचारीहरुलाई पनि उत्प्रेरित गरी राख्नु पर्छ माथि उल्लेखित उत्प्रेरणाका चरणहरुका अतिरिक्त M.J. Jucius निम्न चरणहरु (Steps) प्रस्तुत गरेको पाईन्छ ।

१ **उत्प्रेरणाका लागि आवश्यक पर्ने अवस्थाहरुको जानकारी राख्ने (Sizing up situations requiring motivation)**:- संगठनमा कार्यरत सबै कर्मचारीहरुलाई उत्प्रेरित गर्नु जरुरी हुन्छ, तर तिनीहरु उत्प्रेरित हुने तत्वहरु र त्यसको मात्रा भने फरक-फरक हुनसक्छ । जस्तो कि कसैलाई शैक्षिक भत्ता चाहिएको छ भने कसैलाई पदोन्नति, कसैलाई पुरस्कार त कसैलाई उपयुक्त स्थानमा पदस्थापना आदि । तर्सथ वास्तवमा गर्नुपर्ने के हो हरेक व्यक्तिको विविध चाहनाहरुलाई ध्यानमा राखी गर्नुपर्ने कार्यको जानकारी राख्नु पर्छ ।

२ **उत्प्रेरित गर्ने उपायको तयारी (Preparing a set of motivating tools)**:- व्यवस्थापकले आफ्नो आ अरुको अनुभव तथा कर्मचारी विभागको सहयोगमा विभिन्न कर्मचारीहरुलाई विभिन्न परिस्थितिमा कसरी उत्प्रेरित गर्न सकिन्छ तत् सम्बन्धी उपायहरुको फेहरिस्त List तयार गरी राख्नुपर्छ ।

३ **उत्प्रेरकको छनौट एवं प्रयोग (Selecting and applying motivations)**:- व्यवस्थापकले राम्रो एवं उपयुक्त उत्प्रेरकको छनौट गरी कहाँ र कहिले त्यसको प्रयोग गर्ने हो एकदम सोच विचारगरी प्रयोग गर्नुपर्ने हुन्छ ।

४ **पुष्ट पोषक (Feed -back)**:- माथि उल्लेख भए अनुरुपका उत्तम उत्प्रेरक तत्वहरुको प्रयोग भएपछि पनि कर्मचारीहरु वास्तवमा उत्प्रेरित भए कि भएका छैनन् पत्ता लगाई यदि नभएका भए अरु उपायहरुको प्रयोग गर्नुपर्ने हुन्छ ।

उत्प्रेरणाका साधनहरु एवं प्रविधिहरु (Tills and Techniques of Motivation)

१. **आर्थिक प्रविधिहरु (Financial techniques)**:- यहाँ आर्थिक प्रविधि भन्नाले मुख्य गरी मुद्रा वा पैसासंग सम्बन्धित छ । माथि भनिए झ्ं पैसा केवल बिनिमयको माध्यम ९ःभमष्um या भहअजबलनभ० मात्र होइन । यसले निम्न एवं उच्चस्तरीय धेरै किसिमका आवश्यकताहरु तत्काल पूरा गरिदिन्छ एकातिर भने अर्कातिर गरीव एवं विकासोन्मुख मुलुकमा त यो एक प्रकारको आकर्षाको बस्तु नै हुन जान्छ, जसले समाजमा मान-मर्यादार्,र् इज्जत-प्रतिष्ठा, सान-शौकत, रहन-सहन, फूर्ति, आदर आदि सबैमा बृद्धि गरिदिन्छ । आर्थिक अर्थात् मौद्रिक उत्प्रेरणाका साधनहरुमा मुख्य गरी तवल, भत्ता, बोनस, जीवन-बीमा, लाभांश, बिदाको रकम, शैक्षिक भत्ता, औषधीउपचार खर्च, निबृतिभरण आदि पर्दछन् । मुद्रा एक किसमको बढी प्रभावकारी उत्प्रेरणाको साधन हो जसको विकसित देशका व्यक्तिमा भन्दा कम विकसित देशका जनतामा तुलनात्मक रुपमा ठूलो प्रभाव रहेको देखिन्छ ।

२. **गैह्र-आर्थिक प्रविधिहरु (Non-financial techniques)**:- गैह्र-आर्थिक प्रविधि भन्नाले अमौद्रिक उत्प्रेरणाका प्रविधिहरु पर्छन् जसमा मुख्य गरी निम्नानुसार रहेको पाईन्छ :-

क, सेवा-सुरक्षा **(Job-security)**:- कर्मचारीहरुलाई सेवा-सुरक्षा प्रदान गरेर पनि उत्प्रेरणा प्रदान गर्न सकिन्छ । यसबाट कर्मचारीहरुको निरन्तर कार्य उपलब्धता भईरहन्छ चाहे त्यो संकट वा मन्दीको समयमा नै किन नहोस् । जव कर्मचारीको सेवा-सुरक्षा हुन्छ तब उनीहरुमा पनि उक्त संगठनको उन्नति प्रगति तर्फ समर्पित हुने भावना जागृत हुन्छ ।

ख, अधिकार प्रत्यायोजन **(Deleagation of authority)**:- कर्मचारीहरुलाई उत्प्रेरणा गर्ने तत्वहरु मध्ये एक मुख्य तत्वको रुपमा उपयुक्त मात्रामा अधिकार एवं उत्तरदायित्वको प्रत्योजनलाई लिईएको पाईन्छ । यसबाट कर्मचारीहरुले आफ्नो कार्यसम्पादन गर्दा बीच -बीचमा आई पर्ने समस्याहरु समयसापेक्ष रुपमा समाधान गरी आ-आफ्नो कार्य वातावरणमा नियन्त्रण कायम गर्न सक्दछन् । बढी उत्तरदायित्वले कर्मचारीको स्थिति सृदृढ गर्छ जसबाट उत्प्रेरणा प्राप्त हुन सक्छ ।

ग, कार्य सन्तुष्टि **(Jobsatisfaction)** :- उपयुक्त व्यक्तिलाई उपयुक्त काम दिन सकेको खण्डमा कर्मचारीहरुमा कार्य-सनतुष्टिको भावना जागृत हुन्छ जुन कुरा व्यवस्थापकले गर्नु पर्ने दायित्वभित्र पनि पर्दछ ।

घ, कार्य सम्पन्नता **(Job-enrichment)**:- यसमा कामको क्षेत्र, प्रकृति उत्तरदायित्व एवं चुनौनीहरुलाई अनुकूल रुपबाट सुधार गरिन्छ, जसले कर्मचारीहरुलाई कामप्रति बढी उत्प्रेरित गर्न सकोस् । यसमा कर्मचारीहरुलाई कुन स्तरको कति काम कहिलसम्म सम्पादन गरि सक्नुपर्छ भन्ने सम्बन्धमा विस्तृत जानकारी हुन्छ । ती सबै कुरालाई ध्यान दिई कार्य-योजना Work Plan तर्जुमा गर्ने, नीति, लक्ष्य निर्धारण गर्ने, कामको नियन्त्रण गर्ने तथा आवश्यक निर्णायक गर्ने स्वतन्त्रता स्वयं कर्मचारीहरुमा नै हुन्छ । यसको मुख्य तार्त्पर्य कर्मचारीहरुमा मनोबैज्ञानिक तवरबाट हौसला एवं विश्वासको भावना अभिबृद्धि गरी राम्रो, स्तरयुक्त काम छिटो-छरितो गर्न सक्षम हुन् भन्ने नै हो ।

ङ, सेवा चक्र तथा भरा (Job-rotation and lading):- कर्मचारीहरुलाई सधैभरि एउटै काम गर्दा दिग्दार र बोर (Monotonous and bore) हुने हुँदा काम गर्राईमा शिथिलता हुन नपाओस् भनी समय समयमा कर्मचारीहरुलाई दिएको कामको भार पनि कसैलाई धेरै र कसैलाई ज्यादै थोर पनि नहोस्, कर्मचारिको शारीरिक तथा मानसिक सक्षमताको आधारलाई समेत दृष्टि दिई सेवा एक स्थानबाट अर्को स्थानमा बदली गरि दिनुपर्ने हुन्छ । जसले गर्दा कर्मचारीलाई एक शाखाको काम मात्र जानकारी नभई संगठनको सबै क्षेत्रको कामको जानकारी हुन जान्छ जसबाट कर्मचारीमा ज्ञान, सीपको अभिबृद्धि पनि हुनजान्छ ।

च, सेवा-विस्तार (Job-enlargement):- यसमा हरेक कर्मचारीहरुलाई एक-एक काम दिनुको सट्टामा समूहलाई नै एक ठूलो काम जिम्मा दिइन्छ । यसमा सबै कर्मचारीहरुले सामाजिक सम्बन्ध स्थापित गरी कसरी त्यो कामलाई राम्रो एवं छिटो-छरितो रुपमा पूरा गर्न सकिन्छ भन्नेमा जोड दिन्छन् सेवा बितर भन्नेवित्तिकै कर्मचारीहरुलाई अलि बढी स्वतन्त्रता प्राप्त हुन्छ । उनीहरुले आफ्नो कामको योजना तर्जुमा गर्ने, संस्थाको नीतिहरु एवं लक्ष्य निर्धारणमा सहभागी हुने कामको मूल्याङ्कन एवं अनुगमन समेत गर्न सक्दछन् ।

छ, सहभागिता (Participation) :- व्यवस्थापकले संगठनको नीति लक्ष्य, निर्धारण गर्ने सन्दर्भमा बढीभन्दा बढी कर्मचारीहरुलाई सहभागी बनाएको खण्डमा कर्मचारीहरुमा पनि संगठनप्रति अपनत्वको भावना जाग्न गई काम गर्न बढी उत्प्रेरित हुन जान्छन् । आजभोलि यस किसिमको सहभागिता अभिबृद्धि गर्ने प्रविधिलाई बडो सफल उत्प्रेरक गर्ने तत्वको रुपमा लिईएको पाईन्छ ।

ज, प्रतिस्पर्धा (Competitions) :- व्यवस्थापकले कर्मचारीहरु बीचमा कम सम्बन्धी स्वस्थ्य प्रतिष्पर्धात्मक वातावरणको सृजना गर्नु पर्दछ । त्यति मात्र नभई कम समयमा राम्रो एवं स्तरयुक्त कार्य सम्पादन गर्ने कर्मचारीलाई सम्मान, आदर एवं पुरस्कार दिने व्यवस्था गरेमा सफल कर्मचारी त सन्तुष्ट हुनुका साथै अझ बढी उत्प्रेरित एकातर्फहुन्छन् भने अरु कर्मचारीहरु पनि सम्मान, आदर, कदर एवं पुरष्कृत हुने सोचाईले गर्दा कामप्रति बढी दत्तचित्त दिने हुन्छन् ।

झ, कार्य जीवन वा अवधिको स्तर (Quality of Working Life) :- संगठनमा काम गर्ने कर्मचारीहरुलाई राम्रो काम गर्ने वातावरण तयार गरी काम गर्न दिनुपर्छ । किनकि उनीहरुको जीवनमा त्यसको ठूलो प्रभाव रहन्छ । सधै आएर काम गर्नुपर्ने र काम गर्ने अवधि नै जीवनको एक ठूलो हिस्सा भएको हुँदा कर्मचारीहरुको वर्तमान एवं भविश्य त्यही संगठनसंग नै गाँसिएको हुन्छ । त्यसैले काम गर्ने वातावरण स्तरयुक्त हुनु नितान्त आवश्यक हुन्छ । कम से कम राम्रो काम गर्ने वातावरण हुन निम्न कुराहरु हुनु जरुरी मानिन्छ ।

- काम गराएपवात दिने सुविधा पर्याप्त हुनुपर्दछ ।
- काम गर्ने वातावरण स्वस्थ्य एवं सुरक्षित हुनु पर्छ ।
- घसेवामा बृति विकास (Career development) को अवसर, विश्रामको समय तथा पारिवारिक जीवन सञ्चालन गर्न पाउने हुनु पर्छ ।
- कर्मचारीलाई आफनो विकास गर्ने मौका दिनु, उसको आदरर्,र् इज्जत गर्नु, उसको योग्यताको अधिकार सुरक्षित हुनु र आफ्नै विरोधमा बोल्न कर वा बाध्य नगराउनु, नचाहेको काम गर्न जवरजस्ती नगर्ने जस्ता व्यवस्था सुरक्षित हुनु पर्छ ।
- सेवाको विकास, सुरक्षा र कर्मचारीको सीप, क्षमतामा अभिबृद्धि गर्ने मौकाबाट बञ्चित नगर्ने, आदि ।

ञ, सहयोग, समन्वय तथा सञ्चार (Co-operation, co-ordination and communication):- संगठनमा व्यवस्थापक तथा अधिनस्थ कर्मचारीहरु बीचमा र कर्मचारी- कर्मचारी बीचमा मनमोटाब, बैमनष्यता, टाढाको सम्बन्ध जस्तो हुन नदिई उक किसिमको सौहार्द्रता, सद्भावना, आपसी सहयोग एवं समन्वयको वातावरण सृजन ागर्न सकेको खण्डमा त्यहाँ कार्यरत कर्मचारीहरु बढी रुपमा काम प्रति उत्प्रेरित हुन्छन् । यसरी सहयोग, समझदारी र समन्वय कायम गर्न आपसमा छलफल, बिचारको आदान-प्रदानको माध्यमबाट हुन्छ जुन व्यवस्थापक तथा कर्मचारीहरु बीचमा र कर्मचारीर्-कर्मचारीहरु बीचमा पनि सुमधुर दोहोरो सञ्चार व्यव्स्था (Two-way communication system) को प्रभावकारी तवरबाट विकास एवं अवलम्बनबाट मात्र सम्भव हुन जान्छ । जसबाट समयमा सूचनाको आदान प्रदान हुनगई असमझदारी एवं मनमोटावको वातावरण अन्त्य हुन गई सहयोग एवं समन्वयको भावना संञ्चारित हुन्छ, जसले कर्मचारीमा उत्प्रेरणाको भावना जगाउँछ ।

ट, असल उत्प्रेरणा प्रणालीका लागि आवश्यक तत्वहरु (Essential Elements for Sound Motivation System) :-

- उत्प्रेरणा कर्मचारीको कार्य-प्रयास संग सम्बन्धित हुनुका साथै न्यायपूर्ण हुनुपर्दछ ।
- उत्प्रेरणा प्रणाली उत्पादक एवं उचित मापदण्डकामा आधारित हुनुपर्दछ । यो संस्थालाई केवल बित्तीय भार पार्ने किसिमको हुनुहुन्न ।
- उत्प्रेरणा दिने कार्य स्थायी प्रक्रियाको भएको हुँदा संस्थाका लक्ष्यहरु, उद्देश्यहरु एवं विचारधारा पूरापूर प्रतिबिम्बित गर्ने खालको हुनुको साथै सबै कर्मचारीले स्वीकार गर्ने हुनुपर्दछ ।

- उत्प्रेरणा-प्रणाली कठोर, यो लचिलो र स्वस्थ प्रतिस्पर्धामा आधारित हुनुपर्दछ ।
- यो एक निश्चित सिद्धान्तमा आधारित हुनुपर्दछ र कर्मचारीहरुलाई शारीरिक, मानसिक एवं सामाजिक सन्तुष्टि प्रदान गर्ने खालको हुनुपर्दछ ।
- संस्थामा कार्यरत कर्मचारीहरुलाई मानर्,र् इज्जत एवं कदरपर्ूवक व्यवहार गर्ने र उनीहरुको महत्व, क्षमता, कुशलता आदिलाई स्वीकार गर्ने ।
- राम्रो काम गर्ने वातावरण र उचित तलव, भत्ता र अन्य सुविधाको व्यवस्था गर्नुपर्छ ताकि कर्मचारीहरुमा निरुत्साहित भावना जाग्न नपाओस् ।
- संगठनलाई आवश्यक पर्ने सीप, क्षमता भएका व्यक्तिहरुको नियुक्ति गरिनु पर्छ र कार्यको विश्लेषण गरिनु पर्छ ।
- उच्च मनोवलका लागि पनि कर्मचारीहरुलाई राम्रो सुविधा र प्रभावकारी तालीमको व्यवस्था गरिनु पर्छ ।
- संगठन-संचालनको सफलता नै सञ्चार व्यवस्थामा निर्भर हुने हुँदा हाकिम कारिन्दा, सहकर्मीहरु बीचमा दोहोरो संचार-व्यवस्था (Two-way communication system) को विकास गरी आवश्यक सूचनाहरुको समयमा नै आदान-प्रदान गरी आपसी समझदारी, समन्वय एवं सद्भावनाको विकास तथा विस्तार गर्ने ।
- संगठनको कार्य सम्बन्धमा प्रभावकारी पृष्ठ-पोषण Feed Back का साथै उपयुक्त अनुगमन तथा मूल्यांकनको व्यवस्था गर्नुपर्छ ।

नेपालका अपनाईएका उत्प्रेरणाका तरिकाहरु (Adopted Methods for Motivation in Nepal) :

- राम्रो काम गरेकोमा कदर गर्नु, प्रशंसा-पत्र एवं पदक तथा विभूषण प्रदान गर्नु ।
- पदोन्नतिका साथै कर्मचारीको आफ्नो विकासका लागि यथोचित रुपमा मौका प्रदान गर्नु ।
- सेवा प्रवेश, सेवाकालिन स्देशी तालीमका साथै विदेशी तालीमको मौका प्रदान गर्नु ।
- कर्मचारीहरुलाई अध्ययनको मौका तथा अध्ययन विदाका साथै अन्य विदाहरुको सुविधा प्रदान गर्नु ।
- उपदान, पेन्सन, औषधी-उपचार खर्च, बीमा, संचयकोष आदिलाई कामप्रति उत्प्रेरित गर्ने कारकको रुपमा लिन सकिन्छ ।

डेमोलेशन (Demolation)

परिभाषा

लडाईको समयमा Explosive को सहायताबाट विभिन्न किसिमका भेटिएका बंकरहरु तेल राख्ने ट्याङ्करहरु, क्लोदिङ्गका स्टोरहरु, अब्स्ट्याकलहरु, दिवालहरु आदिलाई Charger बनाई बर्बाद गर्ने कारबाहीलाई नै Demolition भनिन्छ ।

उद्वेश्यः

Demolation को खास उद्वेश्य निम्न अप्रेशनमा निम्न हुनः

- **Withdrawal :-** रेल, रोड, पानीको पाईप ठूला-ठूला घर, विजुली तथा फौजी सामानहरु बर्बाद गर्नु ताकि शत्रुले यसबाट फाईदा उठाउन नसकोस् र उनीहरुको एडभान्समा धेरै समय लागोस् ।
- **Attack :-** शत्रुको बाटो र खबर पठाउने मार्ग, सैनिक कारखाना र अन्य जरुरी सामान बर्बाद गर्न
- **Assult :-** शत्रुको फिल्ड फोर्टिफिकेशन र अब्स्ट्याकल बर्बाद गर्न

प्रकारः यि दुई किसिमका छन्

❖ PrimilaryDemolition/HastyDemolition :-

❖ Primilary Demolition :-

- Demolation को तयारी हुनाका साथै छिटो भन्दा छिटो जिम्मेवार अधिकृतको आदेशमा अडाउँदछ ।
- यस्तो तार्गेटको प्रयोग आफ्नो फौजको लागि जरुरी हुदैन ।
- शत्रुको घुसपैठ हुनु अघि नै यो कार्य गरिन्छ ।
- तयारी गर्न सजिलो हुन्छ ।

❖ Reserve Demolition :-

- यसको प्लान हाई लेवलबाट भएको हुन्छ ।
- विथड्रलको दौरानमा आफ्नो फौजहरुले त्यस ठाउँलाई पार गरिसकेपछि मात्र डेमोलेशन गरिन्छ ।
- यो डेमोलेशन हाई र्फमेशनबाट कन्ट्रोल गरिएको हुन्छ ।
- यो Demolation लाई Long Standing Demolation सरह तयार पारिन्छ ।

Demolation को हालत :

❖ **Safe Position :**

- सबै Demolation Charge बाट बाहिर हुन्छ ।
- Electrical Circuit Disconnect हुन्छ ।

❖ **Armed Position :**

- सबै Demolation Charge बाट भित्र हुन्छ ।
- Electrical Circuit Disconnect हुन्छ ।

Demolation Safety Precaution :

Demolation बाट घाईते हुनुका कारणहरुः-

- जवानहरुमा बारुदको बारेमा पुरा ज्ञान नहुनु ।
- बारुदको साथ काम गर्दा लापरबाही गर्नाले ।
- कमाण्डरको आदेश बिना काम गर्नाले ।
- Safety Fuse को जल्ने रफ्तार चेक नगर्नाले ।
- जवानहरु आत्तिनाले ।

Charge बनाउँदा ख्याल राख्नुपर्ने कुराहरुः-

- Charge तयार गर्न सकेसम्म थोरै मानिस हुनुपर्दछ ।
- फायर गर्ने समयमा फायरर बाहेक अरु सबैलाई सुरक्षित स्थानमा राख्नु पर्दछ ।
- धेरै चार्ज फायर गर्नु छ भने १० सेकेण्ड समयको बिचमा गर्नु पर्दछ ।
- Sefety Fuse र डेटोनेटरलाई जमिन मुनी प्रयोग गर्नु हुदैन ।
- Electric Circuit को Continuity Check गर्ने समयमा जमिनमा Exploder Dynamo को Key Commander साथमा होस ।
- तालिमको समयमा सेफ्टी प्यूजको प्रयोग गर्दा १८० से.मि. भन्दा कम प्रयोग गर्नु हुदैन ।
- तालिम प्राप्त स.प्र.क.को लागि Sefety Fuse को लम्बाई ४५ से.मी. हुनु पर्दछ ।

Charge Fire गर्नु अघी ख्याल राख्नुपर्ने कुराहरुः-

- Sefety Fuse को जल्ने रफ्तार चेक गर्नु पर्दछ ।
- सेन्ट्री वा पालेलाई आ-आफ्नो पालो वा कामको बारेमा राम्रो संग जानकारी दिनु पर्दछ ।
- बाँकी जवानहरुलाई सुरक्षित ईलाकामा लैजानु पर्दछ
- सबै जवानले स्टिल हेलमेन्ट लगाउनु पर्दछ ।
- सेन्ट्रिलाई फायरिङ्ग कमाण्डरले उसको काम बारेमा राम्रोसंग सम्झाएको हुनु पर्दछ ।
- यदि १०० के.जी. चार्ज जमिन माथि लगाएको भएमा सेन्ट्रिको पोजिशन २५० मि.जमिन मुनी लगाएको भएका ५०० मि। टाढा हुनु पर्दछ ।

फायर गर्ने अर्डर दिनु भन्दा अघि ध्यान दिनुपर्ने कुराहरुः-

- सिठ्ठी बजाएर सेन्ट्रि चेक गर्ने ।
- सेन्ट्रिबाट एरिया सुरक्षित भएको सिग्नला आएपछि मात्र फायरको आदेश दिने ।
- सेफ्टी फ्यूजमा आगो दिने जवान आएपछि Exploder Dynamo मा ईलेक्ट्रिक केवल जोड्ने ।
- फायर हुने बेलामा फायर भएको चार्जको गिन्ती गर्नु पर्दछ ।
- फायर हुने बेलमा सबै जवानलाई माथि हेर्न लगाउने ।

चार्ज फायर भएपछि ख्याल राख्ने कुराहरुः-

- कमाण्डरले सबै चार्ज लगाएको स्थानमा निरीक्षण गर्ने ।
- पुरा एरिया क्लियर भएको एकिन गरी सेफको सिट्ठी बजाउने ।

चार्ज Miss भएमा गरिने कारबाहीः-

- पर्खनु पर्ने समय पर्खिसकेपछि मानिसहरु उक्त कारबाहीको लागि खटाउनु पर्दछ । आवश्यक नपरेसम्म चार्जलाई चलाउनु हुँदैन ।
- ईलेक्ट्रिबाट फायर गरेको भएमा १० मि. र सेफ्टी फ्यूजबाट फायर गरेको छ भने ३० मि. पर्खि सकेपछि मात्र त्यस स्थानमा जाने ।
- यदि : मिस फायर भएको चार्जलाई फायर गर्नु छ भने वा गर्ने हो भने सो चार्ज नजिकै अर्को चार्ज लगाएर मात्र बर्बाद गर्ने ।
- उक्त कारबाहि गरुन्जेल बाँकी जवानहरुलाई सुरक्षित ईलाकामा नै राख्नु पर्दछ ।
- यो कारबाही गर्दा समेसम्म थोरै मानिस हुनु पर्दछ ।

Demolition of Military and Industrial Target Military Target:

- Gun :
- Hummer द्वारा–Bridge Block लाई तोड्न साईटलाई तोड्न ।
- Ammunition बाट- सेल तथा Round लाई गनको बिच ब्लकको तर्फबाट र दोस्रो च्यगलम ब्यारल तर्फबाट : Muzzle भित्र छिराउने, डोरीले बिज ब्लकलाई बाध्ने, टाढा गएर डोरीलाई तान्ने, Ammunition पड्काउदा ब्यारल पनि भाचिन्छ।
- Explosive गनको ब्यारल भित्र केही बारुद राखी Fire गर्ने ।

Tank या लडाकु विमान :

Petrol Tank मा आगो लाउने, सबै गियरलाई भाच्ने, Engine माथी ९ KG Charge Fire गरेर ।

Vechicle :

- Petrol Tank मा आगो लाउने ।
- Fuel Supply System भाँचिदिने ।
- रेडियटरको पानी निकालेर Engine लाई Start गरेर Ceise गर्ने ।
- Carbonator Dynamo Bty भाँची दिने/बिगारी दिने ।
- Cylinde लाई Explosive द्वारा फायर गर्ने ।
- Tyre लाई Small Arms हतियारबाट फायर गर्ने ।

Explosive :

- Hight Explosive छ भने आगो लगाएर ।
- Low Explosive छ भने पानीमा डुबाउने ।

- Accessories लाई आगो लगाएर ।

Bomb :

धेरै नै गाह्रो Aircraft Bomb भएमा नोजलतर्फ खाल्डोमा राखी आगो लगाउने त्यसमा भएको Fuse निकाल्ने/सानो बमलाई TNT राखेर Fire गर्ने ।

Mine :

- पट्रोल, ईक्यूपमेन्ट, राशन स्टोर आगो लगाएर ।
- फ्यूज निकाली खाल्डोमा माईन राखी Explosive ले बर्बाद गर्ने ।
- एक पटकमा एउटा माईन मात्र बर्बाद गर्ने ।

डेमोलिसन एस्सेसरिजहरु

क. सेफ्टीफ्युज नं. १ मार्क II

डाया ५।४ मि।मि

प्याकिङ्ग १० मि.वाला २ पिस टिनको बाकसमा आउँछ, २५ टिन बाकस एक काठको बाकसमा आउँछ ।

जल्नेको रफ्तार ६० से.मि. पर मिनेट +- सेकेण्ड

रङ्ग कालो , सेतो, सुन्तला रङ्ग

प्रयोग आगो लैजाने साधनको रुपमा ।

ख. डेटोनेटिङ्ग कर्ड (कर्डेश) डेटकर्ड

रङ्ग . सेतो, चक्लेटी, हरियो, आदि

डाया . ५ मि.मि. लगभग

फाटनेको रफ्तार . ६००० देखि ८००० मिटर पर सेकेण्ड

प्याकिङ्ग . १५० मि। टिनको बाकस भित्र काठमा रोल भएको हुन्छ

प्रयोग . धमाकालाई लैजाने र डेटोनेटर र प्राईमरको काम गर्दछ ।

ग इग्नाईटर सेफ्टी फ्युज स्ट्राईकिङ्ग (आई.एस.एफ.)

बनावट . तामाको ट्युबमा सलाईको बारुद र एक्सप्लोसिभ ।

प्याकिङ्ग . २५ वटा सानो बाकसमा

प्रयोग . छिटो आगो दिनेमा

प्याकिङ्ग . २५ वटा सानो बाकसमा

प्रयोग . छिटो आगो दिनेमा

घ डेटोनेटर :

साईज . ४.५ से.मि. लम्वाई र ६.६ मि.मि. गोलाई

प्याकिङ्ग . १० वटा एउटा टिनको डिव्बामा

वजन . ०.१ ग्राम (हाई एक्सप्लोसिभ)

एक्सप्लोसिभको वजन . ०.९० ग्राम (हाई एक्सप्लोसिभ)

प्रयोग व्याट्री द्धारा विष्फोट भई धमकाको तरङ्ग पैदा गर्दै एक्सप्लोसिभ लाई विष्फोट गर्नको लागि ।

ङ No. 27 Detonatar :

- ✓ Dia - 6.6 mm
- ✓ Length – 4.5 cm
- ✓ Exp. – 0.1 grams (high Exp.) हुन्छ ।
- ✓ Packing – 10 to 15 in a tin box
- ✓ Use – आगोलाई धमकामा बदल्ने ।

च सि.ई.टि.एन.टी. (कम्पोजिशन एक्सप्लोसिभ/ट्राई-नाईट्रो टोलुन)

- ✓ लम्बाई . १२ से.मि.
- ✓ चौडाई . ८ से.मि.
- ✓ उचाई . ४ से.मि.
- ✓ वजन . ४५० ग्राम
- ✓ प्याकिङ्ग . एक काठको बाकसमा २० स्लाप आउछ ।
- ✓ प्रयोग . जि.सी.स्लाप जस्तै
- ✓ रङ्ग . सबै चार्जाहरु

छ पि.ई.के.-I (प्लोस्टिक एक्सप्लोसिभ किरकि)

- ✓ डाया . ४ से।मि।
- ✓ लम्बाई . १० से।मि।
- ✓ वजन . १०० ग्राम
- ✓ प्याकिङ्ग . एक बाकसमा ४ वट्टा आउँछ ।
- ✓ रङ्ग . पहेलो
- ✓ प्रयोग . सवै चार्जहरुमा

Method of Initation :

- ✓ आगो दिने साधान (सलाई)
- ✓ आगो लैजाने साधान (सेफ्टी फ्यूज)
- ✓ आगोलाई धामाकामा बदल्ने साधान (डेटोनेटर)
- ✓ धमाकालाई लैजाने साधान (डेर्टकर्ड)
- ✓ धमाका बढाउने साधान (जि.सी.स्लाब)

✓ मेन चार्ज ।

भर्वल अर्डर (Verbal Order)

Aim (उद्धेश्य) :-

मौखिक अप्रेशन आदेश बारेमा जानकारी गराउनु हो ।

कुनैपनि कारवाहीको सफलता उसलाई दिएको आदेशमा निर्भर गर्दछ । कुनैपनि कमाण्डरले आफ्नो योजना बनाएपछि उक्त योजना तामेल गर्नको लागी तल्लो तहका कमाण्डरहरुलाइ बताउन जरुरी हुन्छ । योजना अप्रेशन आदेशद्धारा दिइन्छ । जुन लिखित वा मौखिक दिन सकिन्छ । पत्ति र से.मु. तहमा आफ्नो आदेश साधारणतया मौखिक नै दिने गरिन्छ ।

मौखिक आदेश

कुनै पनि कारवाही गर्नुभन्दा अगाडी गणवाट गुल्म , गुल्मवाट से.मु.र से.मु. वाट पत्तिसम्म आदेश पुऱ्याइन्छ । तल्लो तहमा यस्तो आदेश मौखिक रुपमा दिइन्छ । हरेक तहमा तल्लो तहको कमाण्डरले माथिल्लो तहवाट दिएको आदेशवाट आफुलाइ लागु हुने कुराहरु मात्र आफ्नो आदेशमा समावेश गर्नुपर्दछ ।

Sequence Of Order (आदेशको तर्तिव)

आदेश सकेसम्म तोकिएको तर्तिववाट दिनुपर्दछ । जुन निम्न कारणहरुले गर्दा आवश्यक देखिन्छ ।

१. आदेश दिने कमाण्डरलाइ कुनैपनि कुराहरु छुटेको छैन भन्ने भरोसा हुन्छ ।
२. आदेश लिने व्यक्तिलाई कुन पछि के आदेश आंउछ भन्ने कुरा थाहा हुन्छ र उक्त आदेश लिन तयार भएर रहन्छ ।
३. यसले गर्दा कमाण्डरलाइ पनि कुनै हिचकिचावट विना पुरा भरोसाका साथ आदेश दिन मद्दत गर्दछ ।

आदेश सकभर छोटो र सरल हुनुपर्दछ । कुनैपनि कमाण्डरहरु आफुमाथिको कमाण्डरवाट ओ ग्रुपमा अर्डर लिन जानुछ भने जनाउ आदेश अनुसार अप्रेशनको खाका आफ्नो नोट वुकमा लेखेर लैजानुपर्दछ । क्माण्डरले ओ ग्रुपलाई राम्रोसंग वुझाउनको लागी जमिन नदेखिने भए कुनै प्रकारको मोडल तयार गर्नुपर्दछ । आदेश शुरु भएपछि विचविचमा सकसवाल गर्न दिनुहुदैन । कुनै सकसवाल भए आदेशको अन्त्यमा त्यस्को जवाफ दिनुपर्दछ ।

आदेश निम्न तर्तिवबाट दिईन्छ ।

(१) जमिन
(२) खबर
(३) ईरादा
(४) तरिका
(५) बन्दोवस्ती
(६) मिलाप

(७) सकसवाल

(१) जमिनः- स्याण्ड मोडल वा क्लोथ मोडलको प्रयोग गरी फौजलाई जमिनको परिचय गराई सकेपछि अप्रेशनसंग सम्बन्धित जमिनी निशानहरु सिलसिलाबद्ध तरिकाले फौजलाई बताउनुपर्दछ । जमिनी निशान आफ्नो पोजिशनबाट दुश्मन तर्फ र दुश्मनको पोजिशनबाट आफुतर्फ दुई तरिका बाट बताउन सकिन्छ । जमिनी निशान Clock Wise Direction अर्थात बाँयाबाट दाँया तर्फ र तत्पश्चात Anti Clock Wise Direction वा दाँयाबाट बाँयातर्फ गरि दुईपटक भन्नु राम्रो हुन्छ । आदेश शुरु गर्नुभन्दा अगाडी सबैले जमिनी निशानको वारेमा बुझेको हुनुपर्दछ ।

(२) खबरः- खबर कारणले गर्दा नै आफ्नो यूनिट वा सव यूनिटलाई कस्तो अप्रेशन आदेश दिने भन्ने कुरा सम्बन्धित हुन्छ ।

(क) दुश्मनकोः- दुश्मनको खबरमा आफ्नो अप्रेशनलाई असर गर्ने कुराहरुको खबर मात्र दिने गर्नुपर्दछ । जस्तैः-

(अ) इरादा

(आ) नफ्रि र हतियार

(इ) लोकेशन र फैलावट

(ई) क्षमता

(उ) मोराल आनीबानी

(ऊ) कमाण्डर आदी

(ख) आफ्नोः- आफ्नो खबरको से.मु.तहको आदेश दिनु छ भने दायाँ बायाँको से.मु. , गुल्म र मद्दत दिने हतियारको वारेमा खबर दिने र पत्ति तहको आदेश दिनु छ भने दायाँ बायाँको पत्ति , से.मु.र Supporting arms को बारेमा खवर दिनु पर्दछ ।

(३) इरादाः- इरादा आदेशको महत्वपुर्ण भाग हो । कमाण्डरले के गर्न चाहन्छु भन्ने कुरा तलका जवानहरुलाई प्रष्ट भयो भने त्यो काम गर्न तिनिहरुले कोशिश गर्दछन् । यदी त्यही कुरा नै प्रष्टै छैन भने काममा असफल हुने संभावना हुन्छ । त्यसैले पत्ति वा से.मु.ले के गर्दैछ भन्ने कुरा छोटो शब्दमा "ओ" ग्रुपलाई बताउनु पर्दछ । जस्तैः-हाम्रो नं.१ से.मु.ले मिति २०७०।०४।२४ गतेको २०:०० वजे भित्र GR.....केर्खा ईलाकामा एम्बुस थापि सक्ला ।

(४) तरिकाः- तरिकामा आफ्नो फौजलाई प्रष्ट र छोटकरीमा आफ्नो इरादा कसरी पूरा गर्ने भन्ने कुरा बताउनु पर्दछ । तरिकामा टोली जाने समय , जानेको बाटो, कुन ठांउमा FRV राख्ने, कुन कुन टोली रेकी गर्न जाने , रेकी गर्ने समय , कुन टोली कहां कहां बस्ने , के के काम गर्ने , सबै काम सकाएर कहां जम्मा हुने र कति बजे वेश फिर्ता हुने ईत्यादी कुराहरु यसमा ब्रिफिङ गरिन्छ ।

(५) वन्दोवस्तीः- से.मु. वा पत्तिको इक्यूमेन्टमा केही हेरफेर गर्नुपर्ने भएमा , लैजानु पर्ने सामानहरुको वारेमा केही कुरा भए यसमा सहायक कमाण्डरले (2 IC) बताउनु पर्दछ । जस्तैः-

क) खान र पानी

(ख) पोशाक र इक्यूमेन्ट

(ग) मेडिकल

(घ) गोलीगठ्ठा र सप्लाई

(ङ) यातायात

(६) मिलापः- यसमा निम्न कुराहरु समाबेश गर्नुपर्दछ ।

(क) से.मु.पतिको आदेशमा गुल्म र से.मु. हे.क्वा.को स्थान र पत्ति पतिको आदेशमा से.मु.हे.क्वा.को स्थान

(ख) आपसमा र माथिल्लो हे.क्वा सित रनर , सिठ्ठी, लाईट वा वायर लेस कुन साधनको मद्दतले मिलाप गर्ने हो बताउनु पर्दछ ।

(ग) विभिन्न कामको लागी अन्य ईशाराहरु जस्तैः- सफलताको ईशारा ।

(७) सकसवालः- आदेश लिने व्यक्तिले बुझेको नबुझेको एकिन गर्न र कुनै शंका भएमा हटाउन सकसवाल गरिन्छ । यसपछि समयमा एकरुपता ल्याउनको लागी घडि मिलाउन आवश्यक हुन्छ ।

आतंकवाद

परिचय

अक्सफोर्ड डिक्सनेरी अनुसार आतंकवाद भनेको तर्तिवार रुपमा डरत्रासको माध्यमबाट तरिकावद्ध राजनैतिक उद्देश्य तथा अन्य उद्देश्य हाँसिल वा संचालन गर्ने कारवाही हो । यो आतंकवाद कमजोरहरुको हतियार हो । विभिन्न व्यक्तिहरुको एउटा संगठित रुपमा डर त्रास देखाउने आकास्मिक प्रणाली हो । यसको उद्देश्य तारगेटको दिमागमा डर , त्रासपैदा गराउनु हुन्छ । यसमा मारिएको व्यक्तिको लास भन्दा लासको दर्शकमाथि परेको असर बढी महत्वको हुन्छ । तसर्थ आतंककारी क्रियाकलापको वास्तविक लक्ष्य क्षणिक शिकार बनाउनु नभई प्रत्यक्षदर्शी जनता र सरकारमाथि नै लक्षित हुन्छ ।

आतंकवादको रुप

क) व्यक्तिगत

ख) सामूहिक

ग) अन्तराष्ट्रिय

घ) अन्तर राज्य

कारबाहीको तरिका

क) हत्या

ख) बम फ्याँक्नु

ग) अपहरण

घ) रेड

ङ) एम्बुस

च) सावोटाज

छ) मनोवैज्ञानिक युद्ध र प्रोपोगाण्डा गर्नु

आतंकवादका प्रकार

विभिन्न आतंकवादको अध्ययन गर्दा आतंकवादलाई निम्न ३ तरिकाले वर्गिकरण गरिएको छः

(क) कटर पंथी

(ख) अपराधी

(ग) बहुलष्ठी

अपराधी

यस्तो प्रकारको आतंकारीले आतंक बढाउने अथवा फौलाउने आफ्नो बाद अपनाउने व्यक्तिगत वा संगठनको लागि जुन सुकै मुल्य पनि चुकाउन वा पैसा कमाउन गरिने बादलाई अपराधी आतंकवाद भनिन्छ ।

बहुलष्ठी

यस्तो प्रकारको आतंकवादको कुनै निश्चित कार्य हुदैन । गर्नु पर्ने काम कारवाही अदली बदली भईरहन्छ र नयाँ नयाँ विचारहरु निर्माण गर्ने भएकोले आफुलाई भगवानको अवतार सम्झिन्छ । उदाहरण जस्तै : डर , त्रास फौलाउँछ । प्रचार प्रसारमा बढी उतसुक्ता , थोरै हतियारले देश भरि आतंक फौलाउने स्रोतको कमि तर कार्य जारी गोप्य तरिकाले कारवाही शुरु, थोरै सदस्यमा पनि भर पर्ने ।

परिचित आतंककारी संगठनहरु

- अल्काईदा अफगानिस्तान
- ईसलाम रेजिस्टेन्स मुभमेन्ट – प्लेस टाईन (प्यालिस्टाईन)
- कुरिस्तान ओर्कस पार्टी – टर्को माफिया – लागु औषध ओसार पसार गर्ने आ.का.संगठन
- वार्वर खटसा ईन्टरनेशनल – भारत
- HAMAS
- हर्कट Mujahidin (HUM)
- Hizbullaz
- Liberation Tiger of Tamil Ealars (LTTE)
- Palestine Islamic Jihad (PIJ)
- Ac-aaids (AQ)
- ISIS
- ईगुप्सन ईसलामीक जिहड गेम्या ईस्लामिया – ईजिप्ट
- आरमेड ईस्लामिक ग्रुप अफ अलजेरिया – अलजेरिया
- रेड आर्मी – जपान, रेड ब्रिगेड – ईटाली

आतंकबादका उद्देश्य हरु

(१) तुरुन्तै प्राप्त गर्ने उदेश्य

(क) संसारमा तुरुन्त सबैलाई देखाउने वा तर्साउने

(ख) सरकार परिवर्तन गर्न बाध्य तुल्याउन

(ग) सरकार र फौजीलाई निरुत्साहित पर्न

(घ) सरकार प्रति आस्था घटाउने

(ङ) पैसा अन्य सामान (साधन) प्राप्त गर्न

(च) निर्वाचनमा बाधा पार्ने

(२) पछि सम्म प्राप्त गर्ने उदेश्यः

(क) पुर्णरुपमा सरकार परिवर्तन गर्ने

(ख) गुरिल्ला युद्ध शुरु गर्ने

(ग) राष्ट्रिय अन्तराष्ट्रिय र स्थानिय विचार आफु तिर ल्याउने

(घ) आफ्नो संगठन विश्वभरी समर्थन गराउने

आतंबवादको कार्वाही

(क) आतंककारीले आफ्नो गतिबिधीलाई छुपाउँछ ।

(ख) आतंककारीहरुले विशेष गरी हतियार जम्मा गर्ने खोजीमा हुन्छन् ।

(ग) आतंककारीहरुको तालीम साहनुभुति भएको देशमा चल्दछ ।

(घ) जनताको प्रतिक्रिया थाहा पाउने, छोड्ने तथा त्यस्ता जनता नै त्यसको सिकार बन्दछ ।

(ङ) तर एकपटक पानी जहाज वा ध्वस्त जहाजमा परेका सैन्य बलहरु समुद्र किनारमा आइसकेपछि उनीहरु सबै पहिलो महासन्धि अन्तर्गत पर्छन् ।

कर्फ्यु

१. परिचय

कुनै पनि ठाँउमा आन्दोलन वा हुल दंगा भई शान्ति भंग हुन जाने, धनजनको क्षति हुन जाने स्थिती देखिएमा परिस्थितीको बिचार गरी सिथतीलाई नियन्त्रणमा लिन प्रमुख जिल्ला अधिकारीले सुरक्षा फौजको सहयोगमा दंगा ग्रष्तर् इलाकामा सिमाना तोकी सो ठाँउमा निश्चित अवधि भरीको लागि कुनै व्यक्तिले भेला हुन जुलुश निकाल्न र तोकेको अरु कुनै काम गर्न नपाउने गरी आदेश जारी गर्दछ भने त्यसलाईनै निशधाज्ञा वा कर्फ्यू भनिन्छ । जुन लागु गर्दा कर्फ्यूर् लाग्ने क्षेत्र समयवाधि, पालना गर्नु पर्ने नियम बारे र्सबसाधारणमा प्रचार प्रसार गर्नु पर्दछ ।

२. कर्फ्यूको प्रकार

१. **कडा कर्फ्यू** :- दैनिक उपभोग्य बस्तु आपर्ुर्तिको लागि केही समय दिई उक्त बेला बाहेक अन्य बेला घर भित्र बस्नु पर्ने तथा यदि कसैले कर्फ्यूको उल्घन गरेमा सम्झाई बुझाई गर्दा पनि नमानेमा गोली हान्न सक्ने गरी कुनै क्षेत्रमा कर्फ्यू लगाईन्छ भने त्यसलाई कडा कर्फ्यू भनिन्छ ।

२. **नरम कर्फ्यू :-** २ वा २ भन्दा बढी व्यक्ति भेला हुन नदिने कुनै भेला हो हल्ला र जुलुस गर्न नपाईने तर दैनिक कार्य गर्न बाहिर हिडडुल गर्न पाईने र सुरक्षा फौजले कर्फ्यू लागेको क्षेत्रमा पहरा दिई लगाईएको कर्फ्यूलाई नरम कर्फ्यू भनिन्छ ।

३. कर्फ्यूको कारवाहीमा सशस्त्र प्रहरी बलको अन्य निकाय संगको समन्वय

कर्फ्यूको उदेश्य कर्फ्यूको उदेश्य भन्नाले सम्भावित दर्घटना एवं क्षतिलाई कमि ल्याउन वा नियन्त्रण गर्नु हो तर्सथ यसको सफलताको लागि राम्रो तयारी योजना एवं बिभिन्न निकायहरु बिच उचित समन्वय हुन अति जरुरी छ । जुन निम्न अनुसार छन् ।

१. प्र.जि.अ.ले आवश्यक ठहर्याएको स्थानमा कर्फ्यूको अवधिमा पालना गर्नु पर्ने नियम कर्फ्यूको एरियाबारे प्रशासन संगको समन्वयमा र्सवसाधारणलाई जानकारी गराउने तथा फौजको परिचालन ।

२. कर्फ्यूको आदेश उल्घंन गर्ने व्यक्तिलाई पक्राउ गरी उक्त व्यक्तिलाई प्र.जि.अ.समक्ष पेश गर्ने

३. स्थितीको मुल्याङकन गरी प्र.जि.अ.संग समन्वय गरी कर्फ्यूको समयवाधि घटाउने बढाउने वा हटाउने कार्य गर्ने ।

४. कर्फ्यूको अवधिमा सशस्त्र प्रहरी बल नेपाल प्रहरी तथा नेपाली सेनाको समेत समान सहभागिता हुने भएको हुंदा कारवाहीको प्रभावकारीताको लागि सयूक्त अप्रेशन हे.क्वा.को व्यवस्था गर्ने ।

५. सशस्त्र प्रहरी बलले सेनालाई कर्फ्यूको अवधिमा घेराउ गर्न, रोडव्लक थाप्न, चेक पोष्ट तथा मोवायल पट्रोलमा सहयोग गर्ने तथा प्रहरी संगको सहकार्यमा कर्फ्यूको प्रचार प्रसार गर्न, कर्फ्यू पास बितरण गर्न, कर्फ्यू उल्घन गर्नेलाई पक्राउ गर्न, तथा पक्राउ गरेको व्यक्तिलाई सम्वन्धित अधिकृत समक्ष बुझाउने कार्यमा सहयोग गर्न ।

६. कर्फ्यूको अवधिमा अन्य सम्मिलित संगको समन्वयमा आवस्यकिय सेवा जस्तै खानेपानि, बिजुली, दुरसन्चार, टेलिभिजन रेडियो, आकस्मीक बिरामीको लागि उचित व्यवस्था गर्ने ।

४. कर्फ्यूको समयमा प्राथमिकता दिनु पर्ने कुराहरु :-

१. कानुनी व्यवस्था कायम राख्नु ।

२. कर्फ्यूको समयमा आवश्यक सेवाहरुलाई कायम राख्नु टि.भि. रेडियो खानेपानि आदि ।

३. घाइते बिरामीको सुरक्षा र परिचालन सहयोग ।

४. पर्यटक र घरबार बिहिन व्यक्तिहरुको बस्न र तिनिहरुको आवतजावतमा बिशेष व्यवस्था

५. सार्वजनिक सम्पतिको बचाउ ।

६. सुरक्षाको भावना जागरण गर्नु ।

(VIP) विशिष्ट ब्यक्तिको सुरक्षा

परिचय, महत्व र हुन सक्ने खतराहरु

सशस्त्र प्रहरी ऐन २०५८ को परिच्छेद २ दफा ६ को उपदफा १ ञ मा "नेपाल सरकारले सुरक्षा दिनुपर्ने ठहर्याएको ब्यक्ति र तोकेको सस्था आदीको सुरक्षा गर्न" भन्ने उल्लेख भएको ।

परिचय

कुनै पनि बस्तु वा ब्यक्ति बचाउनको लागि उसलाई हुन सक्ने भय , धम्की तथा खतरा पत्ता लगाई त्यसको मुल्याङ्कन गरी विफल पार्ने जे जति उपायहरु अपनाईन्छ त्यसलाई नै सुरक्षा भनिन्छ ।

राष्ट्र निर्माण कार्यमा विशिष्ट योगदान दिए बापत सरकारद्धारा विशेष पद वा जिम्मेवारी दिईएको ब्यक्ति जसको अस्तित्वलाई राष्ट्र वा सरकारले मर्यादित एंवम सम्मानित तवरबाट महत्व दिएको ब्यक्ति नै विशिष्ट ब्यक्ति कहलिन्छ ।

विशिष्ट ब्यक्ति

१. राष्ट्र निर्माण कार्यमा अहम भूमिका खेल्दछ ।
२. राष्ट्रियताको लागि महत्वपूर्ण निति निर्माण तथा निर्णय लिन्छ ।
३. राष्ट्र तथा अन्तराष्ट्रिय क्षेत्रमा समेत प्रभावशाली भूमिका निर्वाह गर्दछ ।
४. राष्ट्रको सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक क्षेत्रमा गहन जिम्मेवारी बोकेको हुन्छ ।
५. राष्ट्रको अमुल्य निधि समान हुन्छ ।

विशिष्ट ब्यक्तिको कार्य गहनता र उत्तरदियित्वको दृष्टिकोणले गर्दा विशिष्ट ब्यक्तिको छवि राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा समेत त्यतिकै प्रभावशाली एंवम मर्यादित हुन्छ । अतः विशिष्ट ब्यक्ति स्वयम उसको सम्पति, परिवार, साथमा रशेका अन्य ब्यक्ति , विशिष्ट ब्यक्तिको ईच्छा , पद, मान-मर्यादा उपर औपचारिक अनौपचारिक कर्तब्य पालनाको सिलसिलामा कुनै प्रकारको बाधा-अड्चन, खतरा आउन नदिई उसको ब्यक्तिगत जिवनमा समेत कतैबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अनावश्यक हस्तक्षेप हुन नदिन सबै किसिमका खतराहरु समयमै निवारण गरी सुरक्षा प्रदान गरिने कार्यलाई विशिष्ट ब्यक्ति सुरक्षा भनिन्छ ।

विशिष्ट ब्यक्तिहरुलाई हुन सक्ने खतराहरु

- प्राकृतिक वा दैविक
- अप्राकृतिक

अपअरण, आक्रमण, हमला, तोडफोड, गाली बेईज्जति, विरोध, नारा-जुलुस, घेराउ, थुनछेक, प्रदर्शन आदी । बाढी, पहिरो, भुकम्प, आगलागी आदी ।

खतरालाई प्रभाव पार्ने तत्वहरु

<u>विशिष्ट ब्यक्ति</u>

- स्थायी ब्यवहार
- पुर्व निर्धारित कार्य
- सामान्य ब्यक्तिहरु संग भेटघाट
- खतराको प्रबाह नगर्ने
- सुरक्षात्मक सल्लाह नमान्ने ।

<u>सुरक्षा कर्मचारी</u>

- सुरक्षा कर्मचारीहरुको लापरबाही
- सुरक्षा ब्यवस्था, योजना, तयारी र खवरको निरन्तरताको कमी ।

<u>विशिष्ट ब्यक्तिलाई खतरा हुने कारणहरु</u>

- सैद्धान्तिक मत भेद ।
- कार्य, निति र निर्णाय प्रति असन्तफषका कारण ।
- सत्ता हत्याउने प्रयास (सत्ता प्राप्त गर्ने लालसा)
- शत्रु राष्टको षडयन्त्र ।
- ब्यक्तिगत वा पारिवारीक रिसईवी ।
- नाम वा ख्याति प्राप्त गगर्न ।
- मगज बिग्रेका वौलाह मानिसहरु ।
- अन्तराष्ट्रिय क्रान्तिकारी संगठन र बिदेशी अपराधिक समुहहरु ।
- आर्थिक प्रलोभन ।
- आफुलाई उपेक्षित महसुस गर्ने ब्यक्ति समुहबाट ।

<u>विशिष्ट ब्यक्तिलाई खतरा पुर्याेउन सक्ने ब्यक्तिहरु</u>

- विरोधि राजनैतिक पार्टीहरु ।
- आतंककारी ।
- पागल सन्की, मगज बिग्रेको ब्यक्तिहरु ।
- असन्तुष्ट ब्यक्ति वा कर्मचारीहरु ।
- अवसरबादीहरु ।
- ब्यक्तिगत रिसईवी भएका ब्यक्तिहरु ।
- नाम कमाउने ब्यक्तिहरु ।
- विशेशी एजेण्टहरु ।
- ध्वांशात्मक ब्यक्तिहरु ।

सुरक्षा चक्रको परिचय र प्रकार

विशिष्ट व्यक्तिलाई असरदार सुरक्षा प्रदान गर्नको लागि बनाईएको सुरक्षा घेरालाई सुरक्षा चक्र भनिन्छ ।सुरक्षाको केन्द्रिकृत चक्रभित्र भित्रि , मध्ये र बाहिरी चक्र पर्दछन । यदि कोहि व्यक्ति तोकिएको घेरा भित्र छिर्न चाहेमा उसलाई सबै घेरामा रोकी आवश्यक सोधपुछ पछि मात्र पठाउनु पर्ने वा नपर्ने सहि वा गलत मान्छे पत्ता लागई भित्र पठाउने वा फर्काउने गरिन्छ ।

सुरक्षा चक्र ३ प्रकारका हुन्छन

१. **भित्रि चक्र घेरा**

यो सुरक्षा तक्र विशिष्ट व्यक्तिको पोजिसनबाट धेरै नजिक रहेको हुन्छ । यो अति संबेदनशिल चक्र हो । यस अर्न्तगत सुरक्षा डिटेलका एजेन्टले सुरक्षा दिने कार्य गर्दछ । यसमा विशिष्ट व्यक्तिको स्टाफ, परिवारका सदस्य र सम्बन्धित सुरक्षा अधिकारीहरुले मात्र प्रबेश पाउछन ।

२. **मध्ये चक्र घेरा**

यो सुरक्षा चक्र सुरक्षाको वा डिफ्रेन्सको दोस्रो घेरा हो । यो भित्रि घेरा भन्दा ठिक बाहिर हुन्छ । यस अर्न्तगत फर्मेशन विनाको डिफेन्स का एजेन्टहरु र स्थानिय प्रहरी वा अन्य सुररुक्षा निकायका व्यक्तिहरुले सादा पोशाकमा सुरक्षा दिने कार्य गरेका कहुन्छन । यसमा डिउटिमा खटिएका व्यक्तिहरु Lead Car, Agent, Protective intelligence का Agent हरु EOD technicians, BD तथा अन्य सुरक्षा अधिकारीहरुको प्रवेश पाउछन ।

३. **बाहिरी घेरा**

सधैभरी यो सुरक्षा चक्र सुरक्षाको वा डिफेन्सको पहिलो घेरा हो । यो बिशिष्ट व्यक्तिको पोजिशन भन्दा सबै भन्दा टाढा हुन्छ । यस अर्न्तगत स्थानिय प्रहरी वा सुरक्षा कर्मीले सुरक्षा दिने कार्य गरेका हुन्छन । यसमा डिउटी बाहेकका सम्बन्धित व्यक्तिहरु र Pre-Posted Agent हरु र अन्य तोकिएको व्यक्तिहरुले प्रवेश पाउछन ।

सर्भिलेन्स (निग्रानी)

परिभाषाः

अपराध अनुसन्धान तथा आतंककारी नियन्त्रणको सिलसिलामा कुनै पनि संकित व्यक्ति ,सवारी साधन र ठाउँको बारेमा पूर्ण रुपमा जानकारी हुनु पर्दछ । जानकारी प्राप्त गर्नको लागि संकित व्यक्ति रहने स्थान, प्रयोग गर्ने सवारी साधनको बारेमा बिभिन्न किसिमको गतिबिधि पत्ता लगाउनु पर्ने हुंदा गोप्य रुपमा थाहा नदिईकन अवलोकन गर्नु पर्दछ । संकित व्यक्ति सवारी साधन तथा स्थानको बारेमा खबर संकलन गर्ने उद्धेश्यले उनिहरुले थाहा नपाईकन गोप्य तथा निरन्तर रुपमा गरीने अवलोकन कार्यलाई निग्रानी भनिन्छ ।

सर्भिलेन्सका उद्धेश्यहरु

- ❖ शंकित ब्यक्ति तथा साथी संगीको परिचय प्राप्त गर्न ।
- ❖ खबर प्राप्त गर्न ।
- ❖ खवरको श्रोतको सत्यता जाँच गर्न ।
- ❖ अपराध अनुसन्धान तथा आतंककारी नियन्त्रण गर्न ।
- ❖ साबुत प्रमाण संकलन गर्न ।
- ❖ फरार अपराधी पत्ता लगाउन ।
- ❖ अपराधि समुहलाई एकैसाथ पक्राउ गर्न ।

<u>बर्गिकरण</u>

- **प्रत्यक्ष निग्रानीः-** कुनै बस्तुको मद्वत बिना गरिने निग्रानी जस्तैः OP र LP, Close observation
- **अप्रत्यक्ष निग्रानीः-** कुनै बस्तुको मद्वतद्वारा गरिने निग्रानी जस्तैः CC Camera, Satellite.

<u>प्रकार</u>

१. Overt
२. Covert

<u>Covert सर्भिलेन्स निम्न ब्यक्तिबाट गरिन्छ ।</u>

- ❖ पर्याप्त साधनले सुसज्जिकत्हौसला भएका व्यक्ति ।
- ❖ स्थानिय जनता ।
- ❖ Covert Observation Post स्थापना गरेर ।
- ❖ फोटो खिच्नत सक्ने ।
- ❖ छोटो रेञ्जतमा सानो हतियारबाट दुरुस्त फायर गर्न सक्नेक ।
- ❖ स्थानिय भाषाको ज्ञान भएको ।
- ❖ हुलसंग मिल्न सक्ने ।

सर्भिलेन्सका सिद्धान्तहरु

- ❖ अरुको ध्यान आफुतिर आकर्षित गर्ने, अनावश्यक हर्कत नगर्ने ।
- ❖ कहिले पनि अरुको आँखामा नपर्ने ।
- ❖ अप्राकृतिक व्यवहार नगर्ने ।
- ❖ गोप्यता कायम राख्नु ।
- ❖ जोडि र सानो ग्रुपमा काम गर्नु ।

<u>निग्रानि गर्दा ध्यान दिनु पर्ने कुराहरु</u>

- ❖ व्यक्ति स्थान र सवारी साधनको बारेमा जानकारी हुनु पर्छ ।
- ❖ अनावश्यक हर्कत नगर्ने
- ❖ बसमा चढ्दा सबै भन्दा पछि र झर्दा सब भन्दा अघी झर्नु पर्छ ।

- ❖ खुद्रा पैसा साथमा बोक्ने ।
- ❖ खाना खादा छिटो खान सक्ने कुरा खाने ।
- ❖ मौसम अनुसार कपडा लगाउने ।
- ❖ इ्वाट्ट हेर्दा चिनीने पोशाक नलगाउने ।
- ❖ अनावश्यक कुरा नबोल्ने ।
- ❖ आँखा नधुउने ।
- ❖ देखिने गरी टिपोट नगर्ने ।
- ❖ जम्का भेट हुदा मोड, ढोका अगाडी नपर्ने
- ❖ आफ्नो काम विर्सिएर गफ नगर्ने ।
- ❖ आफू भन्दा जेष्ठ सदस्य भेटिएमा बास्ता नगर्ने ।
- ❖ निग्रानिकर्ताहरु अफिस वरीपरि हिडडुल नगर्ने ।

यदि कोहि कसैले आफुलाई उल्टो सर्भिलेन्स गरिरहेको भएमा निम्न तरिका अपनाउनु पर्दछ ।

- ❖ किनमेल गर्नु ।
- ❖ कागज खसाउनु ।
- ❖ घुम्ती सकिएपछि अचानक रोकिनु ।
- ❖ आफु पछाडिका ब्यक्तिहरुलाई निग्रानी गर्नु ।

पक्राउ सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनहरु

परिचय :-

छोटकरीमा भन्दा प्रचलित ऐन नियम अनुसार ब्यक्तिको ब्यक्तित्व स्वतन्त्रता माथिको रोकथाम - बन्देज) लाइ पक्राउ भनिन्छ । आजको प्रजातान्त्रिक नेपालमा सम्पूर्ण पक्षले संबिधान र प्रचलित ऐन नियमको पालना गर्नु पहिलो आवश्यक्ता हो । समाज प्रहरीको कर्म भूमि हो । हामी राज्य र जनताका सेवक हौं । अतः समाजमा शान्ति सुरक्षा र अमन चयन कायम राखी बिकास कार्यमा सहयोग पुर्याउनु अपराध अनुसन्धान रोकथाम र त्यसको नियन्त्रण गर्नु जस्ता गहन जिम्मेवारी राज्ले प्रहरी बिभागलाई सुम्पेको छ । प्रहरी उदेश्य प्राप्तीका लागि आफ्ना बिभिन्न तरीका मध्ये पक्राउ पनि एक महत्वपर्ुण्ा कार्य हो । यसलाई अपराध अनुसन्धानको मेरुडण्डको रुपमा पनि लिईन्छ । कानूनी मर्यादा पालन गराउनुका पक्राउको उल्लेखनिय भूमिका रहेको छ ।

उदेश्य :-

- प्रचलित ऐन नियमको पालना गराउनु ।
- अपराध अनृसन्धानमा सहयोग पुर्याउनु ।
- भबिश्यमा हुने संभाब्य खतराबाट बचाउनु ।

- शक्ति ब्यक्ति वा अभियुक्तलाई न्यायलयमा पेश गरी निजले गरेको अपराधको कार्य बापतको प्रचलित ऐन नियम बमोजिम दण्ड सजाय दिलाउनु ।
- शान्ति सुरक्षा अमन चयन कायम राख्नु ।
- आदेशको पालना गर्नु ।

पक्राउ सम्बन्धि कानूनको ब्यवस्था :-

क) प्रहरी ऐन २०१२ को दफा १७ मा ब्यवस्था भए अनुसार ब्यक्तिलाई प्रहरीले बिना वारेण्ट पक्राउ गर्न सक्ने छ ।

३ बर्षभन्दा बढी कैद हुने अपराध गरेको वा गर्न आंटिएको छ भन्ने थाह भएको ब्यक्ति ।

- कफ्र्यू लागेको बेला शंकित किसिमले हिंडडुल गर्ने ब्यक्ति ।
- रातमा मनासिब कारणबिना झयालढोका फोडने,सरसामान हातहतियार बोकी हिडडुल गर्ने ब्यक्ति
- फरार घोषित भएको पक्रनु पर्ने ब्यक्ति ।
- प्रहरी वा सेनाबाट भागेको ब्यक्ति ।
- कानून बमोजिम थुनिएको ठांउबाट भागेको वा भाग्न उद्योग गरेको ।

ख) मुलुकी ऐन अदालत बन्दोबस्ती ९४ मा :- कर्तब्य, ज्यान मार्ने उद्योग, डांका, गोबद्ध, खोटाटक,बरजस्ती करणी, जिउमास्ने बेच्ने, लागु औषध, राष्ट्र सेवकले नगद वा जिन्सी मसोट गरेको मुद्दा, आगो लगाएको मुद्दा र सरकारी सम्पत्ति भएको घरमा आगो लगाएको मुद्दा आदि वारेण्ट जारी गरी पक्राउ गर्नु पर्ने ब्यक्ति ।

ग) मुलुकी ऐन अ.व.न. ११६ मा ब्यवस्था भए अनुसार वारेण्ट जारी गरेर पक्रनुपर्ने मानिसलाई र हातहतियार खरखजाना सम्बन्धि अभियुक्तलाई घरभित्र पसी पक्रनु पर्दछ । जुनसुकै बखतमा भएपनि पक्रनु पर्ने मानिस भाग्न नपाउने गरी बाटो रोक्का गरी जनाउ दिंदै घरभित्र सम्म गई पक्रन हुन्छ । सो ठांउ सम्म जांदा पक्राउ हुन सकेन भने जनाउ दिदै सूर्योदय देखि सर्यूास्त सम्म घरभित्र पसेर पनि पक्राउ गर्न सक्छ ।

घ) अ.व.ः नं ११७ मा उल्लेख भए अनुसार स्वास्नी मानिसलाई पक्राउ गर्नु पर्दा महिला प्रहरी पठाउने । महिला प्रहरी नभए बिश्वासका दुई प्रहरी कर्मभारी पठाइबोलाई ल्याउने नआई अडिग लिएमा नाडीमा समाई ल्याउनु पर्दछ ।

ङ) कुटनैतिक सुबिधा प्राप्त ब्यक्तिलाई पक्राउ गर्न मिल्दैन । घट्ना सम्बन्धि सोधपुछ गर्नु पर्दा पनि नेपाल सरकारको सम्बन्धित कर्मचारीले कुटनैतिक प्रतिनिधिको मर्यादा राखी उचित सम्मान गर्नु पर्दछ ।

च) मानब अधिकारको अन्तराष्ट्रिय घोषणा १९४८ मा मानब अधिकार सम्बन्धि उल्लेख भए अनुसार बिना कारण कसैलाई पनि थुन्न नपाईने र कुनै कारणबस पक्राउ परेकालाइ जति सक्दो चांडो न्यायिक अदालत समक्ष कारण सहित उपस्थित गराउनु पर्ने ब्यवस्था छ ।

स.मु.ए.ऐन दफा १४ पक्राउ गर्ने :-

- यस ऐन बमोजिम कुनै अपराधको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारी त्यस्तो अपराधमा संलग्न रहेको छ भन्ने शंका गर्नु पर्ने मनासिब कारण भएको ब्यक्तिलाई पक्राउ गर्न सक्ने छ । र त्यस्तो पक्राउ गरिएको कारण सहितको सूचना नदिई थुनामा राखिने छैन ।
- कुनै अपराध भएको देख्ने ब्यक्तिले त्यस्तो अपराध गर्ने ब्यक्तिलाई पक्री नजिकको प्रहरी कार्यालयमा बुझाउन सक्ने छ ।
- उपदफा -१) बमोजिम बमोजिम कुनै ब्यक्तिलाई पक्राउ गर्नु पर्दा निजलाई पक्राउ गर्नु पर्ने कारण खोली सम्झाई आत्म र्समर्पण गर्ने आदेश दिनु पर्दछ । कुनै ब्यक्तिले आत्म र्समर्पण नगरी पक्राउबाट बच्ने वा भाग्ने उम्कने प्रयत्न गरेमा निजलाई पक्राउ प्रहरीले आवश्यक बल प्रयोग गर्न सक्ने छ ।
- कुनै महिलालाई पक्राउ गर्नु परेमा यथासम्भब महिला प्रहरीद्धारा पक्रन लगाउनु पर्दछ ।
- यस दफा बमोजिम पक्रिएको ब्यक्तिको तलासी लिंदा वा अन्य कुनै चिज वा खरखजाना हात हतियार पक्राउ गर्ने प्रहरी कर्मचारीले आफ्नो कब्जामा लिई त्यसको मुचुल्का खडा गरी राख्नु पर्दछ ।

दफा १५ तहकिातको लागि थुनामा राख्न सकिने अवधि र तत्सम्बन्धि कार्य प्रणाली :-

- यो दफा बमोजिम हुने भएमा बाहेक कुनै पनि ब्यक्तिलाई अपराधको तहकिकातको लागि २४ घण्ट भन्दा बढी थुनामा राख्नु हुदैन ।

स्पष्टीकरण :- थुनामा परेको ब्यक्तिलाई उप-दफा -२) बमोजिम अदालतमा उपस्थित गराउन प्रहरी कार्यालयमा पुर्याउन वा प्रहरी कार्यालयबाट अदालतमा पुर्याउन बाटोमा लाग्ने अवधिलाई यो दफा प्रयोजनको लागि थुनाको अवधिमा गणना गरिने छैन ।

- अनुसुची १ मा उल्लेखित कुनै अपराधको तहकिकातको सिलसिलामा पक्राउ गरिएको र थुनामा राखिएको ब्यक्तिको सम्बन्धमा २४ घण्टा भित्र तहकिकात पुरा नहुने भई निजलाई थुनामा राखी तहकिकात जारी राख्नु पर्ने देखिएमा तहकिकात गर्ने प्रहरी कर्मचारीले निजलाई अदालत समक्ष उपस्थित गर्राई अदालतबाट अनुमति लिएर मात्र थुनामा राख्नु पर्ने छ । सो बमोजिम अदालत संग अनुमति माग्दा थुनामा परेको ब्यक्ति उपरको अभियोग त्यसको आधार निजको बयान कागज भइ सकेको भए बयान कागजको ब्यहोरा स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने छ ।
- उप-दफा २ बमोजिम थुनामा राख्ने अनुमतिको लागि अदालतमा उपस्थित गर्राईएको ब्यक्तिले त्यसरी अदालतमा उपस्थित हुंदा आफ्नो शारीरिक जांचको लागि अदालत समक्ष निबेदन दिन सक्ने छ ।
- उप-दफा २ बमोजिम थुनामा राख्ने अनुमति मागेमा अदालतले सम्बन्धित कागजातहरु हेरी तहकिकात सन्तोषजनक रुपमा भए वा नभएको बिचार गरी सन्तोषजनक रुपमा तहकिकात मै रहेको देखिएमा एकै पटक वा पटक-पटक गरी बढीमा २५ दिन सम्म थुनामा राख्ने अनुमति दिन सक्नेछ ।

पक्राउ परेको ब्यक्तिको छुटकारा पकृया, तरिका :-

१) जमानतद्धारा

२) सम्बन्धित अदालतको आदेशद्धारा

जमानतद्धाराः-

स.मु.स.ऐन २०४९ को दफा २१ अनुसार मुद्दा चलाउदा अदालतले खोजेको बखत उपस्थित हुने गरी हाजिर लिई हिरासतमा राखी रहन आवश्यक नदेखिएमा सरकारी वकिलको सहमति लिई वा नलिई मानासिब कारणको प्रचार खडा गरी प्रहरीले हांजिर जमानीमा छाड्न सक्ने ।

जमानतद्धारा :-अ.ब. ११८ न.. पुर्वक्षका लागि थुनामा राख्न प्रस्तुत सबुत प्रमाण पर्याप्त नभएमा वा कानूनले राख्न नमिल्ने भएमा ।

पक्राउ गर्दा बल प्रयोग :-

बल प्रयोग :- स.मु.स. ऐन २०४९ को दफा १४ -३) :- अपराध अनुसन्धानको सिलसिलमा प्रचलित ऐन कानूनको पालना नगरी पक्राउ गर्नु पर्ने ब्यक्तिलाई पक्राउ गर्दा प्रहरीको भरमज्दुर कोसिस गर्नु पर्ने कानूनी ब्यवस्था छ । बल प्रयोग गर्दा तत्कालीन परिस्थितीलाई मध्य नजर राखी न्यूनत्तम बल प्रयोग गर्नु पर्दछ ।

गोलीको प्रयोग :- पक्राउ गर्दा आफ्नो आत्मा रक्षाको प्रश्न उठेमा आफ्नो साथमा रहेको हतियार तथा गोली प्रयोग गर्न सक्ने छ । गोलीको प्रयोग गर्दा सक्भर घुंडामुनी लाग्ने गरी हान्नु पर्दछ । जघन्य अपराधमा सजाय हुने खालका अपराधीको पक्राउ गर्दा आवश्यक्ता अनुसार प्रचलित ऐन नियमको कार्य बिधि पुर्याई गोली प्रयोग गरे हुन्छ ।

हतकडीको प्रयोग :- पक्राउ गर्दा ब्यक्तिको ब्यक्तिगत स्वतन्त्रतामा आवश्यक्ता भन्दा बढी रोक लगाउनु हुदैन । तर खतरनाक हुल हुज्जत गरी भाग्न कोसिस गर्ने अभियुक्त वा अपराधीलाईपक्राउ गरी डोरी वा हतकडी प्रयोग गर्न सकिन्छ । सामान्यतयाः बृद्ध, अशक्त,ब्यक्ति, केटाकेटी र स्वास्नी मानिसलाइ हतकडी प्रयोग गर्नु अनुचित देखिन्छ ।

ध्यान दिनु पर्ने कुराहरु :-

पक्राउ कार्य ज्यादै जोखिम पुर्ण कार्य हो । प्रहरीले प्रचलित ऐन नियमको पालना गरी सम्बन्धित ब्यक्तिलाई पक्राउ गर्नु पर्दछ । प्रहरीले पक्राउ गर्दा कानूनी कार्यबिधिको साथसाथै सुरक्षाको दृष्टिकोणले पनि ध्यान दिनु पर्दछ । अतः पक्राउ सम्बन्धि ध्यान दिनु पर्ने कुराहरु यस प्रकार छन :-

पक्राउ गर्नु अघि ध्यान दिनु पर्ने कुराहरु :- यो तयारीको चरण हो यस चरणमा छिटो भन्दा छिटो बढी सक्रियताका साथ काम गर्नु पर्दछ , जस्तै :-

१) आवश्यक्त अनुसार पक्राउ पुर्जी साथ पक्राउ गर्नेटोली खटाउनु पर्ने छ ।

२) पक्राउ सम्बन्धी योजना तर्जुमा गर्ने ।

३) आवश्यक साधन,श्रोत र प्रहरी शक्तिको छनौट,यसमा आवश्यक हातहतियार,खरखजाना, असवाव (डोरी) हतकडी, नक्शा, र्टच लाईट, लुगाफाटो आदिको ब्यवस्था गर्ने ।

४) पक्राउ गर्नु पर्ने सम्बन्धी जानकारी :- नामथर, वतन, हुलिया, कस्तो खालको अपराधी हो आदि जानकारी लिनु पर्दछ ।

५) पक्राउ गर्न जांदा हो हल्ला गर्नु हुदैन । गोपनियता अपनाउनु पर्ने छ ।

६) पक्राउ गर्ने टोली दस्तुर माफिकको पोषाक, प्रहरी हुनु पर्दछ । र आवश्यक्ता अनुसार सादा पोषाकमा पनि प्रहरी खटाउनु पर्दछ ।

७) सभब भए सम्म आवश्यकतानुसार नाकाबन्दी समेत गर्नु पर्दछ :

पक्राउ गर्दाको बेला ध्यान दिनु पर्ने कुराहरु :-

१) बास्तबिक पक्राउ गर्नु पर्ने ब्यक्तिको पहिचान गर्नु पर्दछ ।

२) पक्राउ योजना अनुसार घेरा बन्दी गर्नु पर्दछ । ताकी पक्राउ गर्नुपर्ने ब्यक्ति उम्केर नजाओस र निजले नराम्रो हर्कत गर्न नपाओस ।

३) आवश्यक्ता अनुसार पकंउ पुर्जी बुभाउने ।

४) पक्राउ गर्दा आवश्यक्ता प्रचलित ऐन नियमको साथसाथै अ.ब.नं. ११७ को पनि ख्याल गर्नु पर्दछ ।

५) सुरक्षा प्रवन्ध मिलाई सम्बन्धित कार्यालय राख्ने यस चरणमा पक्राउ परेको ब्यक्ति भाग्न, उम्कने नपाउने ब्यवस्थापन मिलाउनु पर्दछ र आवश्यक्ता अनुसार निजको प्रकृति हेरी हतकडी वा डोरीको प्रयोग गर्नु पर्दछ ।

६) पक्राउ गर्दा अनावश्यक हैरान दिनु हुदैन ।

७) प्रारम्भिक तलासी लिनु पर्दछ ।

पक्राउ पश्चातको कारबाही :-

१) सुरक्षाको दृष्टिकोणले आवश्यक ब्यवस्था मिलाई पक्राउ परेका ब्यक्तिको शरीरको पूर्ण तलास लिनु पर्दछ ।

२) सुरक्षा प्रवन्धका साथ निजलाई सम्बन्धित प्रहरी कार्यालयमा यथाशिघ्र छिटो साधनद्धारा पुर्याउनु पर्दछ ।

३) पक्राउ प्रतिबेदन सहित पक्राउ गर्न खटिएका कमाण्डरले पेश गर्नु पर्दछ ।

४) अनावश्यक हैरान दिनु हुदैन । सुरक्षा ब्यवस्था मिलाउने ।

५) कार्यालयमा बुझायपछि सम्बन्धित डिउटी अधिकृत तथा गार्ड कमाण्डरले आ-आफ्नो जिम्मेवारी तथा निजको खाने, सुत्ने, सुरक्षा प्रवन्ध मिलाउनु पर्दछ ।

६) आवश्यक सोधपुछ गर्नु पर्दछ ।

७) जिल्ला सरकारी वकिलको कार्यालयमा लगी बयान गराउनु पर्दछ ।

८) मुद्दा हेर्ने अदालत समक्ष्य बाटोको म्याद बाहेक पक्राउ भएको समय देखि २४ सै-घण्टा भित्र पेश गर्नु पर्दछ । पेश गर्दा अनुसन्धान कारबाही बांकी छ भने म्याद थपको लागि आवश्यक कारबाही उठाउनु पर्दछ ।

९) आवश्यक्ता अनुसार उपचारको ब्यवस्था मिलाउने ।

१०) पक्राउको जाहेर गर्ने ।

साक्षी र प्रमाण

Witness:

A person who sees an event happening, especially a crime or an accident:

कुनै अपराध वा दुर्घटना भैरहेको देख्ने व्यक्ति ।

Someone who gives information in a court of law about a particular person or event, usually when there has been a crime or an accident:

कुनै अपराध वा दुर्घटना संग सम्बन्धित निश्चित व्यक्ति वा घटना बारे कानूनी अदालतमा सुचना दिने व्यक्ति ।

Evidence:

Anything that helps to prove that something is or is not true:

कुनै कुरा साँचो हो वा होईन भन्ने प्रमाणित गर्न सहयोग पुर्याउने कुरालाई प्रमाण भनिन्छ ।

३८. साक्षी हुन सक्ने व्यक्ति: कलिलो उमेर, अति बृद्धावस्था वा शारीरिक वा मानसिक रोग वा अरू त्यस्तै कारणले गर्दा आफूलाई सोधिएको प्रश्न बुझ्न नसक्ने वा त्यसको युक्तियुक्त जवाफ दिन नसक्ने भनि अदालतले ठहराएको व्यक्ति बाहेक मतियार लगायत जुनसुकै व्यक्ति साक्षी हुन सक्नेछ ।

३९. बोल्न नसक्ने व्यक्तिको गवाही : बोल्न असमर्थ भएका व्यक्तिले अरूले बुझ्न सक्ने गरी लेखेर वा इशाराद्वारा गवाही दिन सक्नेछ ।

४०. पक्षको आमा, बाबु, इत्यादिलाई गवाही दिन कर नलाग्ने: यस ऐनका अन्य दफाहरूमा वा अन्य प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पक्षका बिरुद्ध गवाही दिन निजको आमा , बाबु, छोरा, छोरी, लोग्ने वा स्वास्नीलाई कर लाग्ने छैन ।

४१. लोग्नेस्वास्नीका बीचको कुरा प्रकट गर्न नहुने:कुनै लोग्नेले स्वास्नीलाई वा स्वास्नीले लोग्नेलाई आफ्नो दाम्पत्य सम्वन्ध कायम रहेको अवस्थामा व्यक्त गरेको कुनै करा प्रकट गर्न कर लाग्ने छैन र त्यस्तो लोग्ने र स्वास्नीका बीचमा परेको कुनै मुद्दामा वा त्यस्तो लोग्ने वा स्वास्नीले स्वास्नी वा लोग्नेका बिरुद्ध कुनै अपराध गरेको सिलसिलामा सरकार वादी भई चलेको कुनै फौज्दारी मुद्दामा बाहेक त्यस्तो कुरा व्यक्त गर्न लोग्ने वा स्वास्नीले अनुमति नदिएसम्म त्यस्तो कुरा प्रकट गर्न हुँदैन ।

४२. **न्यायाधीशको हैसियतले गरेको कुनै कार्य प्रकट गर्न कर नलाग्ने:** माथिल्लो तहको अदालतबाट अन्यथा आदेश भएमा बाहेक कुनै व्यक्तिले अदालतमा न्यायाधीशको हैसियतले गरेको कुनै कार्य वा थाहा पाएको कुनै कुराका सम्वन्धमा सोधिएको कुनै प्रश्नको जवाफ दिन निजलाई कर लाग्ने छैन ।

४३. **सरकारी कार्यालयमा रहेका अप्रकाशित सरकारी लिखतका कुरा प्रकट गर्न नहुने** : विभागीय प्रमुखले अनुमति दिएमा बाहेक कुनै व्यक्तिले सरकारी कार्यालयमा रहेका सरकारी कामकाज सम्बन्धी अप्रकाशित गोप्य लिखत पेश गर्न वा त्यसको कुनै कुरा प्रकट गर्न हुँदैन ।

४४. **सरकारी कर्मचारीलाई प्राप्त भएको जानकारी प्रकट गर्न कर नलाग्ने:** कुनै सरकारी कर्मचारीले पदीय विश्वासमा थाहा पाएको जानकारी प्रकट गर्दा जनहित बिरुद्ध हुन्छ भन्ने निजलाई लागेमा सो जानकारी प्रकट गर्न निजलाई कर लाग्ने छैन ।

४४ **प्रहरी कर्मचारीलाई अपराध घटेको कुराको जानकारीको स्रोत प्रकट गर्न कर नलाग्ने** : कुनै प्रहरी कर्मचारीलाई अपराध घटेको कुराको आफूलाई कुनै तवरले प्राप्त भएको जानकारीको श्रोत प्रकट गर्न कर लाग्ने छैन ।

४५. **कानून व्यवसायीले आफ्नो पक्षले दिएको जानकारी प्रकट गर्न नहुने**

(१) कानून व्यवसायीले आफूलाई नियुक्त गर्ने पक्षको लिखित अनुमति नलिई आफ्नो नियुक्तिको अवस्थामा वा सो गर्ने उद्देश्यले आफ्नो पक्ष वा निजको वारिसले दिएको कुनै जानकारी वा आफूलाई थाहा भएको कुनै लिखतको व्यहोरा वा आफूले दिएको कुनै सल्लाह प्रकट गर्न हुँदैन । तर (क) कुनै कानूनी काम गर्ने अभिप्रायले कुनै कानून व्यवसायीलाई दिएको कुनै जानकारी निजले प्रकट गर्न हुन्छ ।

(ख) कानून व्यवसायीको नियुक्ति भै सकेपछि कुनै अपराध भै निजले थाहा पाएमा सो कुरा निजले प्रकट गर्न हुन्छ ।

४६. **कुनै व्यक्ति र निजको व्यवसायिक कानूनी सल्लाहकारको बीचमा भएको कुरा प्रकट गर्न पक्षलाई कर नलाग्ने:** कुनै व्यक्ति र निजको व्यवसायिक कानूनी सल्लाहकारको बीचमा के कस्तो कुरा वा जानकारी आदान प्रदान भयो भनि प्रकट गर्न सो व्यक्तिलाई कर लगाइने छैन । तर निजले त्यस्तो कुनै जानकारी आफैं अदालतमा प्रकट गर्न चाहेमा त्यसलाई स्पष्ट गर्न अदालतले आवश्यक ठहराएको तत्सम्बन्धी अन्य कुनै कुरा निजले प्रकट गर्नु पर्नेछ ।

४७. **साक्षीले जवाफ दिन कर लाग्ने :** कुनै साक्षीले अदालतमा सोधिएको कुनै प्रश्नको जवाफ दिएमा सो जवाफले आफूलाई सजायको भागी बनाउन सक्छ भन्ने आधारमा त्यस्तो प्रश्नको जवाफ दिन इन्कार गर्न पाउने छैन । तर झुठा बके बापत कुनै कारवाई बाहेक जवाफ दिन कर लगाइएको यस्तो कुनै जवाफको आधारमा निजलाई पक्राउ गर्न वा निज उपर कुनै फौज्दारी कारवाई चलाउन हुँदैन र त्यस्तो जवाफ अरू कुनै फौज्दारी मुद्दामा प्रमाणमा लाग्ने छैन ।

४९. **साक्षी बकाउँदाको कार्यविधि**

(१) साक्षी बकाउँदा आफूले देखे , जाने वा सुनेको कुरा ईमान धर्म सम्झी साँचो बयान गरुँला भन्ने व्यहोराको शपथ लिन लगाई बकाउनु पर्छ ।

(२) साक्षी बकाउँदा मुद्दाका सबै पक्षहरूको रोहबरमा बकाउनु पर्छ । तर, अदालतद्वारा साक्षी बकाउन तोकिएको तारीख र समयमा कुनै पक्ष अदालतमा उपस्थित भएसम्मका पक्षको रोहबरमा साक्षी बकाउनु हुन्छ ।

(३) साक्षी बकाउँदा एउटा साक्षीले बकेको अर्को साक्षीले सुन्न नपाउने गरी बकाउनु पर्छ ।

(४) एक पटक बकाई सकेको साक्षीलाई कुनै मनासिब कारणबाट फेरी नबकाई नहुने देखिएमा अघि स्पष्ट नभएका कुराहरूका सम्वन्धमा मात्र ततिम्बा गरी बकाउनु हुन्छ ।

(५) साक्षीको बकपत्रमा मुद्दाका पक्षहरूको पनि सहिछाप गराउनु पर्छ । कुनै पक्षले सहिछाप नगरे न्यायाधीशले सो व्यहोरा जनाई आफ्नो सहिछाप गर्नु पर्छ ।

५१. साक्षीसँग अनुचित प्रश्न सोध्न अदालतले मनाही गर्न सक्ने : कुनै साक्षीलाई अनावश्यक रूपमा बेइज्जत गर्ने वा झिकाउने किसिमका प्रश्न सोध्न अदालतले मनाही गर्नेछ ।

५२. विशेषज्ञलाई साक्षी सरह बकाउने र जिरह गर्ने : हस्ताक्षर, ल्याप्चे, बिदेशी कानून, विज्ञान, रीति रिवाज, कला वा यस्तै अन्य विषय सम्वन्धी कुरा यकीन गर्नुपर्ने हुन आएमा अदालतले त्यस सम्वन्धमा विशेष दक्षता, अनुभव, वा तालीम प्राप्त व्यक्तिलाई साक्षी सरह उपस्थित गराई बकाउन हुन्छ । सो बमोजिम अदालतले कुनै विशेषज्ञलाई साक्षी सरह बकाएमा मुद्दाको पक्षलाई यस ऐन बमोजिम जिरह गर्ने मौका दिनु पर्छ ।

५३. अदालतले साक्षीसँग आवश्यक प्रश्न सोध्न सक्ने : अदालतले साक्षीसँग आवश्यक देखेमा जुनसुकै प्रश्न सोध्न सक्नेछ ।

सीमा सुरक्षामा स.प्र.बल्नेपालको तैनाथी भूमिका ,

वर्तमान समयमा विश्वको कुनै पनि राष्ट्रमा भएको आन्तरिक द्धन्द्ध तथा सशस्त्र संघर्षको नियन्त्रण प्रहरीको क्षमता भन्दा बाहिर तथा सेना प्रयोग गर्दा असहज हुने अवस्थामा परिचालन गर्न छुट्टै अर्धसैनिक प्रकृतीको (प्यारा मिलटरि) संगठनको आवश्यकता महशुस विश्वका विभिन्न राष्टहरुमा हाल अर्द सैनिक प्रकृतीका सशस्त्र प्रहरी वलहरु गठन भई यस्ता किसिमका सुरक्षा सयन्त्रको अत्याधिक प्रयोग हुदै गईरहेको छ । यसै र्सन्दर्भमा नेपालमा पनि विगतमा भएको आन्तरिक सशस्त्र द्धन्द्ध एवं मुलुकमा मौलाउदो अशान्ति, हत्या हिंसा जस्ता समस्याहरुको निराकरण गर्न तत्कालिन श्री ५ को सरकार मन्त्री परिषदको मिति २०५६ पौष १९ गतेको निर्णयअनुसार सशस्त्र प्रहरी वलको गठन भएको हो ।

सशस्त्र प्रहरी वललाई प्राप्त म्यान्डेट मध्ये सशस्त्र प्रहरी ऐन २०५८ को परिच्छेद २ दफा ६ उपदफा १ (छ) बमोजिम नेपाल राज्यको सिमा सुरक्षा गर्न भन्ने उल्लेख भए अनुसार नेपाल सरकारको मिति २०६४/०९/२७ गतेको निर्णयअनुसार सीमा सुरक्षा विभागको स्थापना भई सिमा सुरक्षा कार्यमा सशस्त्र प्रहरी वल तैनाथ हुदै आई रहेको छ । सिमा सुरक्षा विभाग मातहत राष्टको उत्तर र दक्षिण (चिन र भारत) तर्फो सिमानामा प्रत्यक्ष रुपमा हाल २१ सिमा सुरक्षा कार्यालयहरु १० राजष्प एवं भन्सार सुरक्षा वेशहरु र ७३ बि.ओ.पि.हरु वटा हरु (स्थायी ४८ र अस्थायी २५) स्थापित भई सिमा सुरक्षा सम्बनधी कार्य गर्दै आईरहेका छन् ।

भूमिका :

- सिमा इलाकामा हुने अवैध चोरी निकाशी पैठारी रोकथाम र नियन्त्रण गर्ने
- सिमा क्षेत्रमा घट्ने तथा घट्न सक्ने सामाजिक अपराधको रोकथाम तथा नियन्त्रण गर्न सहयोग पुर्याउने ।
- सीमाक्षेमा हुने वा हुन सक्ने विभिन्न अपराधीक क्रियाकलाप को रोकथाम तथा नियनत्रण गर्ने ।
- सीमा अतिक्रमण रोक्ने तथा सिमा इलाकामा रहेका सिमा स्तम्भहरुको अवस्था वारे अनुगमन र निरिक्षण गरी मासिक रुपमा क्षेत्रीय मुख्यालय तथा सिमा सुरक्षा विभागमा जानकारी गराउने ।
- अवैध हा.ह.गो.ग.वि.प.जस्ता संबेदनशिल वस्तहरुको नियन्त्रणमा विशेष निगरानी राखी नियन्त्रण गर्ने ।
- लागू पदार्थ जडीवुटी वनपैदावार तथा वन सम्पादा ऐतिहासिक सम्पदा वन्यजन्तुका आखेटोपहार लगायत प्रचलित कानुन ले अवैध ठहर्याएका वस्तुहरुको आयत निर्यातमा रोक लगाउने ।
- अवैध रुपमा निकासी पैठारी हुनसक्ने जनवा तथा चराचुरिङ्गका सम्बन्धमा क्वारेनर्टाईन कार्यालयलाई आवश्यक अनुसार सहयोग गर्ने ।
- आफ्नो जिम्मेवारी क्षेत्रमा प्राकृतीक प्रकोप आगलागीजस्ता घटना उद्धार कायए गर्ने र विभिन्न संगठित तथाजघन्य अपराधको रोकथाम गर्ने ।
- सीमा क्षेवाट आवतजावत गर्ने विदेशी नागरिकहरुको सम्बन्धमा अध्यागमन कार्यालयसंग अभिलेख माग गरी अध्यावधिक राख्ने ।
- अवैधरुपमा घुसपैठ गर्ने तथा गैरकानुनी रुपमा वसोवास गर्ने व्यक्तिहरुको पहिचान गरी त्यस्ता कार्यनियन्त्रण गर्ने ।
- मानव अधिकार तथा मानविय कानुनको पूर्ण पालना गर्ने ।
- चेलीवेटी वेचविखन जिउ मास्ने बेच्ने तथा अपहरण गरी बन्धक वनाउने जस्ता अपराधिक कार्य नियन्त्रणका लागि नेपाल प्रहरी तथा आवश्यक निकायहरुसंग समन्वय गरी काम गर्ने ।
- सीमावर्ती इलाकामा वसोवास गर्ने जनतालाई शान्ति सुरक्षाको प्रत्याभूति दिन पट्रोलिङ्ग गरी प्रतिकुल कार्य हुन नदिने ।

विपद् व्यवस्थापनमा सेपालको भूमाका ,बल.प्र.

सशस्त्र प्रहरी ऐन २०५८ द्धारा तोकिएको प्रमुख जिम्मेवारीहरु मध्ये विपद् प्रकोप उद्धार पनि एक प्रमुख कार्य भएकोले नेपाल अधिराज्यको कुनै पनि ठाउमा प्रकोप घट्ने खवर पाएमा वा प्रकोप घटेमा त्यसको रोकथामका साथै उद्धार गर्ने जिम्मेवारी सशस्त्र प्रहरी बलको पनि हुन आउंछ । जस अर्न्तर्गत निम्न कुराहरु पर्दछन ।

- प्रकोपको रोकथाम
- प्रभाव घटाउने उपाय
- जनधनको सुरक्षा

- उद्धार कार्य
- औषधी उपचार
- अस्थाई बसोवास
- अन्य सामजिक सेवाहरु

प्रकोप उद्धार कार्यमा सशस्त्र प्रहरी बलको सहयोग का क्षेत्रहरु :

क) प्रकोप घटे पश्चात तत्काल खोज तलास तथा उद्धार कार्यमा संलग्न हुने ।

ख) उद्धार कार्यको निम्ति हुदा जनशक्ति उपलब्ध गर्राई यथाशक्य चाडो राहत तथा उद्धार कार्यमा अन्य निकायहरु स"ग समन्वय गरी कार्य संचालन गर्ने ।

ग) क्षतीग्रस्त ईलाकाको अवलोकन तथा क्षतीको अनुमान गर्ने कार्यमा सहयोग पुर्याउने ।

घ) आपत्कालिन मिलाप व्यवस्थाको लागि तालिम प्राप्त जनशक्ति र साधन श्रोत समयमै उपलब्ध गराउने ।

ङ) आपत्कालिन औषधी उपचार सेवा उपलब्ध गराउने ।

च) प्रकोप ग्रस्त ईलाकामा जाने, सड्कमा यातायात अवरुद्ध भएमा त्यसलाई खुला गर्ने ।

छ) प्रकोपबाट ग्रस्त ईलाकाको जनधनको सुरक्षा गर्ने ।

ज) प्रकोप ग्रसित ईलाकाहरुमा सहयोग क्याम्प टोली जिवन धान्न नभईनहुने सेवाहरु जस्तैः खाना, पानी, औषधी उपचार र अस्थायी बसोबास आदी उपलब्ध गराउन मद्धत गर्ने ।

झ) उद्धार सामाग्री ओसार पसार भण्डारण तथा वितरण गर्ने कार्य गर्न अन्य निकायहरुलाई आवश्यक सहयोग गर्ने ।

प्रकोप ब्यवस्थापनमा सशस्त्र प्रहरी बल प्रभावकारी हुने कारणहरु :

क) सशस्त्र प्रहरी बलको सांगठनिक ढाचा र व्यवस्थापन

ख) तुरुन्त परिचालन हुन सक्ने क्षमता

ग) तालीम प्राप्त र शारिरीक रुपले तन्दुरुस्त जनशक्ति

घ) देशका अधिकांश स्थानमा सशस्त्र प्रहरी बलका युनिटहरुको स्थापना

ङ) उद्धार कार्यको लागि महत्वपर्ूण्ा श्रोत साधन, संचार,यातायात आदीको राम्रो प्रबन्ध

च) औषधी उपचार तथा डाक्टरको उपलव्धता

छ) अन्य बन्दोबस्ती दृष्टिकोणले समेत सुदृढ संगठन ।

सशस्त्र प्रहरी बल परिचालन प्रक्रिया :

केन्द्रिय प्रकोप उद्धार समिती (गृहमन्त्रालय) - सशस्त्र प्रहरी बल प्रधान कार्यालय

क्षेत्रीय प्रकोप उद्धार समिती (क्षेत्रीय प्रशासन कार्यालय) - बाहिनी

जिल्ला प्रकोप उद्धार समिती - गण/गुल्म/वेश क्याम्प

(जिल्ला प्रशासन कार्यालय)

स्थानीय प्रकोप उद्धार समिती - (,, ,, ,,)

प्रकोप उद्धार कार्य

सशस्त्र प्रहरी बलको सबै तहबाट प्रकोप उद्धार गर्नु पर्ूव प्रकोपको अवस्था र प्रकोप पश्चात गर्नु पर्ने काम तथा जिम्मेवारी भिन्दा भिन्दै हुन आएता पनि सिङ्गो सशस्त्र प्रहरी बलले सामान्यतया के-के गर्ने भन्ने कुरा तिन चरणमा उल्लेख गरिन्छ । जुन निम्नानुसार रहेका छन् ।

प्रकोप अगाडीको कारवाही :

क) प्रकोप उद्धार कार्यको निमित्त योजना तयार पार्ने ।

ख) तालीम सामाग्री, तत्सम्बन्धि निति निर्देशनको तयार गर्ने ।

ग) प्रकोप घटेका घटनाको आ-आफ्नो तहमा रेकर्ड राख्ने ।

घ) आ-आफ्नो युनिटले तह अनुसार प्रकोप समिती संग समन्वय राख्ने ।

ङ) आकस्मिक प्रकोप उद्धार कार्यको लागि आवश्यक न्युनतम उद्धार सामाग्री सहित फौज तयारी हालतमा राख्ने ।

च) तोकिएको सिलेबस अनुसार प्रकोप सम्बन्धि तालीम र रिहर्सल दैनिक संचालन गर्ने ।

छ) गण/गुल्महरुले योजना बनाई बाहिनीमा पठाउने ।

प्रकोप दौरानको उद्धार कार्य :

क) प्रकोप ग्रस्तर् इलाकामा मुल्याङ्कन टोली पठाउने ।

ख) सम्बन्धित फौजलाई स्ट्याण्ड वाईमा राख्ने ।

ग) ओभरअल कमाण्डरको नियुक्ति गर्ने ।

घ) प्रकोप उद्धार कार्यको लागि ओभरअल कमाण्डरको आदेश अनुसार फौज एवं उद्धार टोली परिचालन गर्ने ।

ङ) बाहिनी हे.क्वा.मा वा अन्य उपयुक्त स्थानमा कमाण्ड बेश खडा गरी कार्य सम्पादन गर्ने ।

च) उद्धार संग सम्बन्धित विवरणहरु र प्रगतिहरु संकलन गरी रेकर्ड गर्ने र माथिल्लो निकायमा प्रतिबेदन पठाउने ।

छ) खोज तलास तथा उद्धार कार्यलाई निरन्तर जारी राख्ने, प्राप्त सामान, लार्सर् इत्यादीको रेकर्ड राख्ने र प्रहरी प्रशासनलाई बुझाई दिने ।

ज) प्राथमिक उपचार केन्द्र खोली घाईते बिरामीको उपचार गर्ने र हुन नसक्नेलाई तुरुन्त रिफर गर्ने ।

झ) प्रकोप उद्धार समिती संग निरन्तर सर्म्पर्क राख्ने ।

प्रकोप उद्धार कार्य पश्चातको कारवाही :

क) प्रतिबेदन तयार गर्ने र उक्त प्रतिबेदन प्राप्त भए पछि सिकिएका पाठहरुको आधारमा

उद्धार कार्य योजनाको पुनरावलोकन गर्ने ।

ख) निर्देशानुसार फौज र सामाग्री फिर्ता गर्ने ।

ग) उद्धारमा खटीएका कमाण्डरले डि-ब्रिफिङ्ग गर्ने र सोको अभिलेख राख्ने ।

Psychological First Aid (PFA)

Humane, supportive & practical assistance to fellow human beings who recently suffered a serious stressor:

व्यक्तिको जीवनमा आईपर्ने विभिन्न घटना (प्राकृतिक प्रकोप तथा मानव सृजित घटना)बाट आईपर्ने मनोबैज्ञानिक समस्यालाई तत्काल न्यूनिकरण गर्न शुरुमा दिईने सहयोगलाई प्राथमिक मनोबैज्ञानिक सहयोग भनिन्छ ।

Inter-Agency Standing Committee (IASC) and the Sphere Project अनुसार, मनोवैज्ञानिक प्राथमिक सहयोग (PFA) ले पीडित तथा सहयोगको आवश्यकता भएका मानिसहरुलाई मानविय सहयोग प्रदान गर्ने कुराको वर्णन गर्दछ ।

PFA: First-Line Psychosocial Support

- PFA is important, first-line psychosocial support for people affected by crisis events – PFA, like medical "first aid", is not enough on its own
- Immediately after a crisis event, those who assist are often family members, neighbors, teachers, community members and first responders of various kinds (emergency medical teams, police, firefighters)
- Term "PFA" was first coined in the 1940s but its use has increased in modern-day crisis events.

PFA Action Principles (प्राथमिक मनोबैज्ञानिक सहयोगका सिद्धान्त)

- **Look:**

Observe for safety.
Observe for people with obvious urgent basic needs.
Observe for people with serious distress reactions.

- **Listen:**

Make contact with people who may need support.
Ask about people's needs and concerns.
Listen to people and help them feel calm.

- **Link (सम्बन्ध स्थापित गर्ने):**

Help people address basic needs and access services.
Help people cope with problems.
Give information.
Connect people with loved ones and social support.

Good Communication: Things to Say and Do

- Try to find a quiet place to talk and minimize outside distractions.
- Stay near the person but keep an appropriate distance depending on their age, gender and culture.
- Let them know you hear what they are saying, for example, nod your head and stay attentive
- Be patient and calm.

- Provide factual information IF you have it. Be honest about what you know and what you don't know. "I don't know but I will try to find out about that for you."
- Give information in a way the person can understand - keep it simple.
- Acknowledge how they are feeling, and any losses or important events they share with you, such as loss of home or death of a loved one. "I'm so sorry… "
- Respect privacy. Keep the person's story confidential, especially when they disclose very private events.
- Acknowledge the person's strengths and how they have helped themselves.

प्राथमिक मनोबैज्ञानिक सहयोग किन ?

- तत्कालिन आवश्यकताहरुको पहिचान गरि व्यवहारिक सहयोग प्रदान गर्न ।
- जति सक्दो चाँडो परिवार , साथीभाई , छरछिमेक लगायतका अन्य सामाजिक सहयोग संजालसँग जोड्न ।
- घटना पश्चाचत परेको मनोसामाजिक समस्या वा कठिनाईसँग सामना गर्नको लागि व्यक्तिलाई सहयोगी सूचनाहरु प्रदान गर्न ।
- समस्यामा रहेका व्यक्तिलाई पूर्ण रुपमा सामान्य जीवनमा फर्किनको लागि आवश्यक पर्ने सहयोगको पहिचान गरी सोही अनुसारको सहयोग प्राप्त गर्नको लागि सहयोग गर्न।

PFA कसका लागी हो?

- **PFA** दुःखी तथा पिडित व्यक्तिहरूका लागि हो जुन गम्भीर चोटपटक एवं जीवन-संकटको अवस्थामा रहेकाछन तथा जसलाई आपतकालीन चिकित्सा सेवाको आवश्यकता पर्दछ ।
- मानिस जो यति निराश छन् कि उनीहरू आफैले वा आफ्ना बच्चाहरूको हेरचाह गर्न सक्दैनन् ।
- मानिस जसले आफूलाई चोट पुर्याउन सक्दछन् ।
- मानिस जसले अरुलाई चोट पुर्याउन सक्दछन् ।
- यद्यपि, संकट वा घटनामा परेका सबै जनालाई **PFA** को आवश्यकता नपर्न वा नचाहिने सक्दछ।
- जो मानिसलाई **PFA** चाहिदैन सहयोग गर्न दबाब नदिनुहोस् , तर जसलाई यसको आवश्यक्ता छ सजिलैसंग उपलब्ध हुनुहोस् ।

प्राथमिक मनोबैज्ञानिक सहयोग कसले दिने?

- मनोविज्ञ तथा मनोचिकित्सक
- मनोसामाजिक परामर्शकर्ता /मनोसामाजिक कार्यकर्ता
- शिक्षकहरु
- प्रहरी
- समुदायका अगुवाहरु
- स्वास्थ्यकर्मीहरु वा रेडक्रसका कर्मचारीहरु
- संचारकर्मीहरु
- परम्परागत उपचारकर्मीहरु

PFA मा समावेश भएका विषयहरु

- व्यावहारिक हेरचाह र समर्थन प्रदान गर्दछ, तर जवरजस्ती गर्दैन ।
- आवश्यकता र सरोकारको आकलन;
- आधारभूत आवश्यकताहरू सम्बोधन गर्न मानिसहरूलाई मद्दत गर्दछ । (उदाहरणका लागि खाना र पानी, जानकारी);
- मान्छेका वेदनाहरु सुन्ने, तर कुरा गर्न दबाव दिदैन;
- मानिसहरूलाई सान्त्वना दिने र तिनीहरूलाई शान्त महसुस गर्न मद्दत गर्ने;
- मानिसहरूलाई जानकारी, सेवाहरू र सामाजिक सहयोग प्राप्त गर्न मद्दत गर्दैछ
- मानिसहरूलाई थप क्षति हुन बाट जोगाउँदछ।

PFA के होईन?

- यो केवल विज्ञहरुले मात्र गर्ने कार्य होईन।
- यो परामर्श होईन।
- यो "मनोवैज्ञानिक डिब्रीफिंग" होईन (Don't "debrief" by asking for details of what happened)
- यसमा घटनाको विस्तृत छलफललाई समावेश गरिदैन, उनीहरूलाई के भएको हो भनेर विश्लेषण गर्न वा समय र घटनाहरू क्रमबद्ध राख्न लगाईदैन।
- यदपि पीएफएमा व्यक्तिहरूका व्यथाहरू सुन्नका लागि उपलब्ध हुनु आवश्यक छ , यो मानिसहरूलाई तपाईंको भावना र घटनामा प्रतिक्रियाहरू बताउन दबाब दिने बारेमा होइन।

Rapport/Reflecting listening (RL) मनोबैज्ञानिक सम्बन्ध तथा सक्रिय सुनाई

सक्रिय सुनाईको महत्व

- विशिष्टकृत सिपका माध्यम द्धारा सुनाईलाई अझ प्रभावकारी बनाउन सकिन्छ।
- सक्रिय सुनाई भनेको सुन्नु र सुनेको कुरालाई बुझ्नु पनी हो ।
- यसले सकंटमा परेको व्यक्तिलाई बुझिएको छ भन्ने कुरालाई प्रदर्शित गर्दछ।
  - बुझाईले पिडितको भरोसामा असर गर्दछ ।
  - भरोसाले उनिहरुको सहकार्यमा ।

(Reflective listening:- Understanding - Trust - Compliance)

संवादको शुरुवात कसरी गर्ने

१. सकेसम्म चाँडो मनोबैज्ञानिक सम्बन्ध स्थापना गर्ने ।
२. सामान्यतया कसरी पीडितसँग सम्पर्क तथा मनोबैज्ञानिक सम्बन्ध स्थापित गर्ने भन्नेथ कुरा परिस्थितिमा निर्भर गर्दछ ।
   - आफ्नो परिचय दिनुहोस् ।
   - तपाईं के गरिरहनु भएको छ वर्णन गर्नुहोस् ।
   - प्रारम्भिक प्रश्नहरु सोध्नुहोस् ।
   - तपाईले पिडितलाई कसरी सहयोग गर्न सक्नुहुन्छ सोध्नुहोस्।

Attending skills

- S= Sitting Psn (भौतिक दुरी)
- O= Openness (खुल्लापन)
- L= leaning forward (अगाडि झुक्नु)
- E= Eye contact (नजरी मिलाप)
- R= Relaxed (सहजता)

सक्रिय सुनाईका तरिकाहरु

- Ask questions (प्रश्न सोध्ने)
- Summarize (संक्षेपिकरण गर्ने)
- Reflect (परावर्तन गर्ने)
- Clarify (स्पष्ट पार्ने)
- Encouragement (प्रोत्साहित गर्ने)
- React (प्रतिकृया जनाउने)

ध्यान राख्नु पर्ने कुराहरु

- 'उपस्थित' भईदिनुहोस्
- सुन्नुहोस्
- मन हलुका बनाउने कुराकानीलाई (catharsis) स्थान दिनुहोस् (मानिसहरूलाई उनीहरूको भावना र निराशा व्यक्त गर्न अनुमति दिनुहोस्
- जटिल समस्याको समाधान पूर्ण रुपमा लेखाजोखा नगरी सामान्य रुपमा सामाधान कोशिस नगर्नुहोस्
- उसको चिन्तालाई हलुका रुपमा लिई व्यक्तिलाई राम्रो महसुस गराउने प्रयास नगर्नुहोस्
- बहस नगर्नुहोस् ।

परामर्शका लागि सम्पर्क

TPO Nepal: टोल फ्री नम्बर १६६० ०१०, २००

मनोसामाजिक सेवा
कोरोना भाइरस लगायतका महामारी वा विपदको समयमा चिन्ता लाग्ने, उदास हुने, डर लाग्ने, झर्को लाग्ने, निन्द्रामा समस्या, खाना खान मन नलाग्ने जस्ता समस्याहरु देखिन सक्दछन् । यस कारणले दैनिक जीवनमा कठिनाई भै समस्या भएमा मनोसामाजिक मनोविमर्शकर्तासंग सहयोग लिन सक्नुहुन्छ ।
मनोसामाजिक सहयोगको आवश्यकता भएमा टिपिओ नेपालको
फैसा नलाग्ने नम्बर १६६००१०२००५
वा राष्ट्रिय महिला आयोगको निःशुल्क हटलाइन नम्बर
११४५
वा अन्य सेवा प्रदायकलाई सम्पर्क गरी मदत लिन सक्नुहुन्छ ।


हरेक दिन बिहान ८ बजे
देखि साझ ६ बजे सम्म !!
COVID-19 को
मनोसामाजिक
प्रभाव !!
यदि मनसँग सम्बन्धित समस्या भएमा मनोसामाजिक सहयोग तथा परामर्शका लागि यो नम्बरमा सम्पर्क गर्न सक्नुहुनेछ। NTC बाट यस नम्बरमा फोन गर्दा कुनै शुल्क लाग्दैन।